।।ॐ नमः शिवाय ।।

श्रीशिवमहापुराण कथामृतम्

अनुवादक तथा व्याख्याकार

आचार्य पं. विदुरप्रसाद दाहाल

॥ॐ नमः शिवाय॥

श्रीशिवमहापुराण कथामृतम्

अनुवादक तथा व्याख्याकार

आचार्य पं. विदुरप्रसाद दाहाल

वाल्मीकि विद्यापीठलाई
उपहार स्वरूप

२०८१।६।३१

इ: ७८२

श्रीराधागोलोक विहारिणे नमो नमः ॐ नमः शिवाय श्रीमते निम्बार्कमहामुनीन्द्राय नमः

श्रीशिवमहापुराण कथामृतम्

अनुवादक तथा व्याख्याकार

आचार्य पं. विदुरप्रसाद दाहाल

इतिहासपुराणाचार्य (संस्कृत)
स्नातकोत्तर (नेपाली)

प्रकाशक

भुवनेश्वरी दाहाल (भागवत दासी)

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
पुस्तकालय
२३८४/२९४५

श्रीशिवमहापुराण कथामृतम्

अनुवादक तथा व्याख्याकार

: आचार्य पं. विदुरप्रसाद दाहाल
रामधुनी नगरपालिका-३, सुनसरी, नेपाल
हाल सेवारत – भ्याली हिन्दू मन्दिर, लस एन्जलस,
क्यालिफोर्निया, अमेरिका
Valley Hindu Temple 18700 Roscoe Blvd, Northridge,
California, USA

Email : panditvidurji@yahoo.com

प्रकाशक : भुवनेश्वरी दाहाल (भागवत दासी)

आवरण : प्रमिला पोख्रेल, ९८४१७५६३४४

संस्करण : प्रथम संस्करण, २०८२ गुरुपूर्णिमा

प्रति : १०००।

सर्वाधिकार : लेखकमा

मूल्य : रु. १९९९/- ($25)

ले-आउट : सनातन प्रेस डेस्कटप,

मुद्रक : सनातन प्रेस, काठमाडौँ, ९८५११५६३४४

इमेल : presssanatan@gmail.com

पुस्तक प्राप्ति स्थान : १. श्रीगोलोक गोवर्धन गौशाला, शिव सतासीधाम, झापा।
२. धर्म दर्शन फाउन्डेशन, भ.म.नपा-१, देवघाट, चितवन।

Shree Shivamahapuran Kathamritam

Aacharya Pandit Vidur P. Dahal

यस पुस्तकको कुनै पनि अंश वा पुरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनः उत्पादन, फोटोकपी वा प्रकाशन गर्न पाइने छैन। कसैले त्यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारवाही गरिने छ।

समर्पण

प्रातःस्मरणीय गोलोकवासी
माता अरुन्धतादेवी
स्वम्
पिता भोजप्रसाद दाहालमा

श्रीशिवमहापुराण [illegible]

[illegible] तथा [illegible]

: आचार्य पं. [illegible]

[illegible]

Email : [illegible]

प्रकाशक : [illegible]

[illegible]

प्रति : [illegible]

[illegible] : [illegible]

मूल्य : रु. [illegible]

मुद्रक : [illegible]

ईमेल : pressanatan@gmail.com

[illegible]

Shree Shivmahapuran K[illegible]

Aacharya Pandit Vidur [illegible]

[illegible]





राष्ट्रदेव पशुपतिनाथ

Valley Hindu Temple

18700 Roscoe Blvd, Northridge, California, USA

श्रीगोलोक गोवर्धन गौशाला, सतासीधाम, झापामा स्थापित भगवान् शिवको प्रतिमा

'धर्मरत्न' सद्‌गुरुदेव स्वामी श्रीगोपालशरण देवाचार्यज्यूले आशीर्वाद दिनुहुँदै

भ्याली हिन्दू मन्दिर, लस एन्जलस, क्यालिफोर्नियामा
स्थापित शिवलिङ्गमा अर्चना गर्दै



धर्मपत्नी, सुपुत्री र सुपुत्रका साथमा अनुवादक

॥ श्रीराधागोलोकविहारिणे नमो नमः ॥

॥ श्री निम्बार्कमहामुनीन्द्राय नमो नमः॥

श्रीराधागोलोकविहारिणे नमः

'धर्मरत्न' सद्गुरुदेव
स्वामी श्रीगोपालशरण देवाचार्य

श्रीगुरुदेवाय नमः

मन्दिर श्रीराधागोलोकविहारीजी
श्रीगोलोकधाम आश्रम
मेन रोड़, बृजवासन,
नई दिल्ली-110061 (भारत)
फोन: 91-11-28063716

मन्दिर श्रीराधागोलोकविहारीजी
श्रीगोलोकधाम आश्रम
गोलोकधाम मार्ग, गौशाला नगर,
वृन्दावन -281121 मथुरा (भारत)
फोन: 0565-2442155

संस्थापक :

शरणेश्वर सेवा ट्रस्ट
दिल्ली

गोलोकधाम सेवा समिति
दिल्ली

गोलोकधाम होम्योपैथिक की डिस्पेंसरी
दिल्ली वृन्दावन

गोलोकधाम हरि गौशाला
दिल्ली वृन्दावन

शुभेच्छा

श्रीराधागोलोक विहारिणे नमो नमः
श्री निम्बार्क महामुनीन्द्राय नमः
'वन्देऽहं शरणेश्वरं, प्रियवरं, शान्तं, शिवं, शंकरम्'

देवाधिदेव महादेव श्रीशरणेश्वर गोपेश्वर भगवान् काशी-श्रीविश्वनाथ महाराज की असीम कृपा के फलस्वरूप सत्कर्म करने का सुयोग बनता है । विशिष्ट विद्वान् एवं साधारण सज्जन भक्तजनों के श्रीहृदय में भगवद्भक्ति एवं कथा श्रवण करने की तीव्र उत्कण्ठा जागृत करते हुए इस मानव जीवन को ईश्वरीय साधना एवं सत्कर्म के द्वारा हम सभी को उपयोगी सिद्ध करना चाहिए ।

श्री गुरु गोविन्द सेवापरायण, आचार्य पं. श्री विहारीशरण (विदुरप्रसाद जी) निम्बार्क सम्प्रदाय के सुपात्र हैं । संस्कृत, हिंदी, नेपाली और अंग्रेजी भाषा के ज्ञाता हैं । भारतीय संस्कृति के पुरातन ग्रन्थों की अध्ययन करने की रुचि, अन्य भाषाओं में अनुवाद करने की तीव्र उत्कण्ठा, सनातन धर्म की अति विशिष्ट प्रकाशन की सेवाएं, साकार रूप में करना, यह आपके स्वाभाविक गुण हैं । मेरी ईश्वर से प्रार्थना है कि आप सनातन धर्म के उन्नयन में तथा रूचिपर पूर्वीय वाङ्मय के विशिष्ट सद्ग्रन्थों की सेवा करते हुए दीर्घायु को प्राप्त करें ।

पूर्व में- श्रीदेवीभागवत महापुराण का हिन्दी भाषा में अनुवाद करके सर्वसुलभता का महान् कार्य आप ने किया है । अभि आराध्यदेव भगवान् शिव एवं हिमवत् भूमि की महिमा को सर्वजन तक पहुँचाने में यह 'श्रीशिवमहापुराण कथामृतम्' वरदान सिद्ध होगा । इस ग्रन्थ का प्रकाशन सेवा आप के उदार मन से सब को प्राप्त हो रहा है ।

ठाकुर श्रीराधागोलोक विहारीजी और श्रीशरणेशवर महादेव तथा श्रीगोलोकधाम के कृपापात्र वैष्णवता के प्रतिमूर्ति आचार्य जी को ऐसे उत्तम सत्कार्य और सेवा के लिए शुभाशिष एवं अति शीघ्र 'श्री गर्ग संहिता कथामृत' मातृभाषा में प्रकाशित हो, ऐसी मंगल कामनाओं के साथ-

'कल्याणं करोतु श्री कृष्णः'

शुभेच्छु
गोपाल शरणदेवाचार्य

ॐ
श्रीराधासर्वेश्वरो विजयते
जगद्गुरू श्रीनिम्वार्काचार्यो विजयतेतराम्
स्वस्तिश्रीमत्प्रचण्डचण्डरश्मिप्रतिभोद्भाषितदिङ्मण्डलानां
श्रीमन्निखिलमहिमण्डलाचार्यसत्सन्धानैकभावसन्निहितचक्षुष्क
सर्वतन्त्रस्वतन्त्रयतिपतिदिनेशराजराजेन्द्रसमभ्यर्चितचरणकमलसकलसामान्यजन
हृदयान्तःस्थलवासिनेपालराष्ट्रमणीनां वराहक्षेत्रान्तर्गतप्राचीनहरिद्वारचतराधामकुम्भनगरी
जगद्गुरूपीठपीठाधीश्वराणां वैदिकसनातनधर्मसंरक्षणैकदृढव्रतानाम्
अनन्तश्रीविभूषितजगद्गुरूबालसन्तमोहनशरणदेवाचार्यमहाराजश्री



नेपालराष्ट्रका प्रथम ऐतिहासिक जगद्गुरु अनन्त श्रीविभूषित श्रीबालसन्त मोहनशरण देवाचार्य महाराजश्रीबाट प्राप्त

शुभाशीर्वचन

निम्बार्क सम्प्रदाय सर्वप्राचीन सम्प्रदाय मात्र होइन, परोपकार, दया, सेवा र मानव मात्रको हितमा समर्पित सम्प्रदाय पनि हो । वैष्णवको सर्वोच्च लक्षण पनि यही नै हो ।

दयाधर्मेण संयुक्तस्तथा पापपराङ्मुखः ।
शंखचक्राङ्कितो यो वै स वै वैष्णव उच्यते ॥
शौचसत्यक्षान्तियुक्तो रागद्वेषविवर्जितः ।
वेदविद्याविचारज्ञो यः स वैष्णव उच्यते ॥
पुराणेषु रताः नित्यं यज्ञेषु चरतां सदा ।
ते नराः वैष्णवाः ज्ञेयाः सर्वधर्मेषु सम्मताः ॥ प.पु.उ.ख.अ.८२ श्लो.६,४, ८

अर्थात् वैष्णव भक्त विद्वान् त्यही मनुष्य हो जो दया करुणाले हृदय भरिएको छ । पापदेखि विमुख छ, शङ्खचक्र धारण गरेको छ, पुराणहरूको अर्थ लगाउन र व्याख्या गर्न लागिरहन्छ । यज्ञानुष्ठान आदि भगवत्सम्बन्धी कर्ममा समर्पित छ, यस्ता व्यक्तिलाई सम्पूर्ण धर्मशास्त्रहरूले एक स्वरमा सर्व सम्मत रूपमा वैष्णव भनेका छन् । यही शास्त्रीय वचनको मर्यादा पालन गर्दै आम नेपाली जनसमुदायलाई सरल ढङ्गबाट पुराण वाङ्मयको बोध गराउने पवित्र उद्देश्यका साथ निक्कै परिश्रम र मिहिनेत गरी सर्वसुलभ सर्वबोध्य सर्वज्ञेयको भावना साथ पहिला श्रीमद्देवीभागवतको टीका गर्नुभयो भने अहिले पुनः श्रीशिवमहापुराणको सरल नेपाली भाषानुवाद गरी कथाव्यासहरूलाई शिवपुराण सुबोध्य होस् र भक्त समुदायले पनि शिवपुराणको अर्थबोध गर्न सकुन् भन्ने उद्देश्य लिएर शिवपुराणको नेपाली भाषानुवाद गरेको सन्देश पाएर म अत्यन्तै गौरवान्वित भएको छु । नेपाल जननीको वात्सल्यमयी काखमा जन्म लिएर बाल्यकालेखि नै अध्यात्मवादको अनुसरण गर्दै श्रीचन्द्र संस्कृत विद्यालय धरान,

पिण्डेश्वर महाविद्यालय धरान त्यसपछि श्रीधाम वृन्दावनस्थित श्रीब्रह्मविद्यामन्दिर महाविद्यालय, श्रीनिम्बार्क संस्कृत महाविद्यालय आदिमा केही समय अध्ययन गरी त्यसपछि वाल्मीकि विद्यापीठ काठमाडौँबाट इतिहास र पुराणादिमा आचार्य तहसम्मको अध्ययन पूरा गरी हाल अमेरिकाको क्यालिफोर्निया राज्यमा रहेर सनातन वैदिक धर्मको सेवामा समर्पित वैष्णव विद्वान् आचार्यज्यूले नेपालीभाषी सम्पूर्ण वैदिक सनातन धर्मावलम्बी जिज्ञासु भक्तजनहरूको मनोभावलाई बुझी सरल ढङ्गबाट भाषानुवाद गरी शिवमहापुराण प्रकाशित गर्नुभएको छ । यो भाषानुवादित शिवमहापुराणलाई मैले तीन पक्षमा लिएको छु । सर्वप्रथम एक जना निष्ठावान् निम्बार्क सम्प्रदायका वैष्णव विद्वान्ले देखाएको भगवान् शिवप्रतिको सम्मान भाव यस ग्रन्थमा प्रकट भएको छ । दोस्रो शैव वैष्णवप्रतिको कुभावलाई समन्वय सिद्धान्तद्वारा निरस्त पार्ने प्रयास गर्नुभएको छ ।

> शिवपूजां प्रकुर्वाणो विष्णुनिन्दासुतत्परः ।
> रौरवेषु नरकेषु वसते नात्र संशयः ॥
> अहं विष्णुरहं रूद्रो ह्यहं ब्रह्मपितामहः
> सर्वभूतेषु सततं संवसामि पुनः पुनः ॥ प.पु.उ.ख.अ.८२ श्लो.२९,३०

अर्थात् सगुण साकार रूपमा जगत् निर्माणादि लीलामा अनेक रूप धारण गरे पनि तत्त्वतः तीनै देवता उनै परात्पर परब्रह्मका स्वरूप हुन् जो शिवभक्त भएर विष्णु निन्दा गर्दछ, त्यो मनुष्य रौरव नामको नरकमा पर्दछ । ब्रह्मा, विष्णु तथा शिव एकै रूप हुनुहुन्छ भेदाभाव रहित भएर आआफ्ना इष्टको आराधना गरौँ भन्ने समन्वय भाव यस ग्रन्थमा छताछुल्ल भएको देखिन्छ । तेस्रो एउटा वैष्णवले 'वैष्णवानां यथा शम्भुः', 'वन्दे मुकुन्दप्रियम्', 'रूद्राणां शङ्करश्चास्मि' आदि वैष्णवहरूका पनि महावैष्णव भगवान् शिवलाई उच्च सम्मान भाव व्यक्त गरेको कुरा प्रस्ट देखिन्छ । यसरी अन्य कुनै पनि वैष्णव सम्प्रदायले शिवको खुलेर प्रशंसा गर्दैनन् तर निम्बार्क सम्प्रदाय यस्तो सम्प्रदाय हो जुन सम्प्रदायले शिवको प्रशंसा नगरी रहनै सक्दैन । त्यति मात्र होइन सम्पूर्ण निम्बार्क सम्प्रदायका मन्दिरहरूमा शिव स्थापना नगरेको पाइँदैन चाहे निम्बार्कपीठ सलेमावाद होस्, चाहे गोलोकधाम आश्रम वृन्दावन दिल्ली होस्, चाहे नेपाल निम्बार्कपीठ केलादी होस्, चाहे श्री निम्बार्क सत्सङ्गाश्रम हुँगीघाट होस्, चाहे प्रथम जगद्गुरुपीठ चतराधाम होस् चाहे गोलोक गोवर्धन गौशाला आश्रम शताक्षीधाम होस्, विश्वमा छरिएर रहेका सम्पूर्ण निम्बार्काश्रमहरूमा शिवको विधिवत् पूजा आराधना गरिन्छ । यही प्राचीन वैष्णव परम्पराको अक्षुण्ण धारालाई जीवन्त राख्न पनि आचार्यज्यूले यस ग्रन्थको टीका गर्नुभएको हुन सक्दछ । चौथो पक्ष शिवमहापुराण त्यस्तो ग्रन्थ हो जसका समग्र संहिताहरूमा नेपाल गुन्जिरहेको छ । शिवमहापुराणमा जम्मा ७ संहिता छन्

१. विद्येश्वरसंहिता २. रूद्रसंहिता ३. शतरूद्रसंहिता ४. कोटिरूद्रसंहिता ५. उमासंहिता
६. कैलाससंहिता ७. वायवीयसंहिता

यी ७ संहितामध्ये दोस्रो रूद्रसंहितामा ५ खण्ड छन् ।

क. सृष्टिखण्ड ख. सतीखण्ड ग. पार्वतीखण्ड घ. कुमारखण्ड ङ. युद्धखण्ड

त्यसैगरी सातौं वायवीयसंहितामा पूर्वभाग र उत्तरभाग रहेका छन् ।

यी सातै संहिताहरूमा तीर्थमयी नेपाल आमाको सर्वत्र वर्णन गरिएको छ । सबै खण्डका श्लोक प्रस्तुत गर्न अनुकूल नहुने भएकाले कोटिरूद्रसंहिताका केही श्लोकहरू मात्र यहाँ प्रस्तुत गर्दछु ।

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ।
तत्कथां वर्णयिष्यामि केदारेश्वरवर्णने ॥
तदारान्मुक्तिनाथाख्यं शिवलिङ्गं महाद्भुतम् ।
दर्शनादर्चनात्तस्य भुक्तिर्मुक्तिश्च लभ्यते ॥ शि.पु.को.रू.सं. अ.११ श्लो. १८,१९,२०

नेपाल नाम गरेको देशमा समस्त कामना पूर्ण गर्ने भगवान् श्रीपशुपति ज्योतिर्लिङ्ग विराजमान हुनुहुन्छ । त्यो ज्योतिर्लिङ्ग केदारनाथको शिरोभाग हो । त्यो कथा केदारेश्वर ज्योतिर्लिङ्गको वर्णन गर्ने क्रममा पछि वर्णन गर्नेछु, उनै पशुपतिनाथको समीपमा आश्चर्यजनक लिङ्ग रूपमा मुक्तिनाथ पनि विराजमान हुनुहुन्छ । मुक्तिनाथ भगवान्को दर्शन एवं पूजनले भुक्ति, मुक्ति दुबै प्राप्त हुन्छ भनेर कोटिरूद्रसंहिताको ११ अध्यायको १८,१९,२० श्लोकमा नेपाल देशको पशुपतिनाथको र मुक्तिनाथको महत्त्वपूर्ण रूपमा वर्णन आएको छ । त्यसै गरी कोटिरूद्र संहिताको १९ अध्यायमा पनि स्पष्ट नेपालराष्ट्रको वर्णन गर्दै भनिएको छ ।

तद्रूपेण स्थितस्तत्र भक्तवत्सलनामभाक् ।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः ॥ शि.पु.को.सं.अ.२० श्लो.१५

भक्तवत्सल भगवान् शिव केदारनाथमा जस्ताको तस्तै शिरभन्दा तल्लो भाग रहनुभयो भने शिरोभाग नेपालमा गएर पशुपतिनाथका रूपमा प्रकट हुनुभयो । त्यसै गरी शिवमहापुराणकै कोटिरूद्रसंहिताको २० अध्यायमा भीमेश्वर ज्योतिर्लिङ्ग नेपालको महाकोशी नदीको तटमा भएको वर्णन गर्दै भन्नुहुन्छ–

देवाश्च पीडितास्तेन सशक्रा ऋषयस्तथा ।
अत्यन्तं दुःखमापन्ना लोकान्निःसारिता द्विजाः ॥
ते तथा विकलाः सर्वे सवासवसुरर्षयः ।
ब्रह्मविष्णू पुरोधाय शङ्करं शरणं ययुः ॥
स्तुत्वा स्तोत्रैरनेकैश्च शङ्करं लोकशङ्करम् ।
प्रसन्नं कृतवन्तस्ते महाकोश्यास्तटे शुभे ॥

कृत्वा च पार्थिवीं मूर्तिं पूजयित्वा विधानतः ।
तुष्टुवुर्विविधैः स्तोत्रैर्नमस्कारादिभिः क्रमात् ॥
एवं स्तुतस्तदा शम्भुर्देवानां स्तवनादिभिः ।
सुप्रसन्नतरो भूत्वा तान्सुरानिदमब्रवीत् ॥ शि.पु.को.सं.अ.२० श्लो.५१,५२,५३,५४,५५

यस अध्यायमा वर्णन गरे अनुसार विचार गर्दा भीम नामको राक्षसबाट पीडित देवताहरू आकुल व्यांकुल हुँदै ब्रह्मा विष्णुलाई अगाडि लगाएर कोशी नदीको तटमा पुगी पार्थिव शिवलिङ्ग बनाई आराधना गर्नुभयो । त्यसै लिङ्गबाट भगवान् शिव प्रकट भई भीम राक्षसको वध गर्नुभएको प्रसङ्ग छ । यस प्रसङ्गले स्पष्ट रूपमा नेपाल देशको कौशिकी नदीको र कौशिकी तटमा प्रकट हुनुभएका भीमेश्वर ज्योतिर्लिङ्गको वर्णन गरेको छ । त्यसै गरी कोटिरूद्रसंहिताको १ अध्यायको २७ श्लोकमा कौशिकी नदीकै तटमा नागेश्वर ज्योतिर्लिङ्ग भएको वर्णन गर्दै भन्नुभएको छ ।

नागेश्वरस्तु कौशिक्यास्तीरे तिष्ठति नित्यशः । शि.पु.को.सं.अ.२ श्लो.२७

कौशिकी नदीको तटमा नागेश्वर ज्योतिर्लिङ्ग नित्य विराजमान हुनुहुन्छ भनेर स्पष्ट उल्लेख गर्नुभएको छ । त्यसै अध्यायको ४ श्लोकमा नारीश्वरको वर्णन गर्दै भन्नुभएको छ ।

नारीश्वर इति ख्यातः कौशिक्याः स समीपगः । शि.पु.को.सं.अ.२ श्लो. ४ ।

कौशिकी नदीको समीपमा नारीश्वर नामले प्रख्यात शिवलिङ्ग विराजमान हुनुहुन्छ । त्यसैगरी त्यसै अध्यायको ५ श्लोकमा वटुकेश्वर लिङ्गको वर्णन गर्दै भन्नुभएको छ ।

वर्तते गण्डकीतीरे वटुकेश्वर एव सः । शि.पु.को.सं.अ.२ श्लो.५

अर्थात् पवित्र गण्डकी नदीको तटमा वटुकेश्वर महादेव विराजमान हुनुहुन्छ भनेर स्पष्ट रूपमा नेपालकै गण्डकी तटमा वटुकेश्वर विराजमान भएको प्रसङ्ग छ । त्यसै गरी कोटिरूद्रसंहिताकै ५ औँ अध्यायको पहिलो श्लोकमा नै पर्वत जिल्लामा अवस्थित कालाञ्जर पर्वतको स्मरण गर्दै भन्नुभएको छ ।

कालाञ्जरे गिरौ दिव्ये ॥ शि.पु.को.सं.अ.०५ श्लो. ०१

त्यसै गरी रूद्रसंहिताको ४१ अध्यायमा पनि नेपाल देशमा बग्ने गण्डकी नदी र शालग्राम भगवान्को वर्णन गर्दै भनिएको छ ।

भारते पुण्यरूपा सा गण्डकीति च विश्रुता ॥ शि.पु.को.सं.अ.४१ श्लो.४४

शङ्कर भगवान् भन्नुहुन्छ- हे वृन्दा जब तिम्रो शरीर छुट्नेछ, त्यसपछि तिमी यस पवित्र भारतवर्षमा गण्डकी नदीका रूपमा प्रकट भई हिमालयबाट प्रकट भएर विश्वविख्यात हुनेछ्यौ । त्यसैगरी अर्को श्लोकमा पनि वर्णन गर्दै भनिएको छ ।

हरिर्वै शैलरूपी च गण्डकीतीरसन्निधौ । शि.पु.को.सं.अ.४१ श्लो.४९

शालग्रामशिला सा हि तद्भेदादतिपुण्यदा । शि.पु.को.सं.अ.४१ श्लो.५१

वृन्दाका श्रापले हरि भगवान् पनि गण्डकीका तटमा नीलगिरि पर्वतका रूपमा विराजमान हुनुहुनेछ । त्यसै पर्वतराजबाट गण्डकीका साथ भगवान् शालग्राम समेत प्रकट भई लोकपूजित हुनुहुनेछ । उनै शालग्रामको उपासनाले नै विश्व पवित्र हुने कुराको वर्णन गर्दै शिवमहापुराणको विद्येश्वरसंहितामा वर्णन गर्दै भन्नुभएको छ ।

अग्राह्यं शिवनैवेद्यं पत्रं पुष्पं फलं जलम् ।
शालग्रामशिलासङ्गात् सर्वं याति पवित्रताम् ॥ शि.पु.वि.सं.अ.२२ श्लो.१९

जहाँ जहाँ शास्त्रहरूमा शिव नैवेद्य ग्रहण गर्ने प्रसङ्गहरू आएको छ, त्यो पत्र, पुष्प, फल, जल पनि शालग्राम शिलाको स्पर्शले मात्र पवित्र र ग्राह्य बताएको छ अर्थात् नेपाल देशमा बग्ने गण्डकी नदीमा उत्पन्न अर्चाविग्रह शालग्राम भगवान्को स्पर्शले मात्र सबै प्रसाद नैवेद्यहरू पवित्र मानिन्छन् । यस्तो विश्व पवित्र पार्ने गण्डकीनन्दन शालग्राम तुलसी र गण्डकी नदीको समेत महिमाले ओतप्रोत शिवमहापुराण राष्ट्रभक्त नेपालीहरूका लागि आदर्श ग्रन्थ नै हो भने वैष्णव जगत्का लागि पनि उत्ति नै महत्त्वपूर्ण छ । त्यसै गरी शिवभक्तहरूका लागि त मोक्षको सोपान नै हो शिवमहापुराण । यस्तो सर्वधर्म समन्वय र नेपाली राष्ट्रभक्तिलाई उजागर गर्ने ग्रन्थलाई सरल नेपाली भाषामा भाषानुवाद गरी सर्वजनहिताय सर्वजनसुखायका लागि इतिहासपुराणाचार्य, कर्मकाण्ड प्रवीण, प्रसिद्ध विद्वान् श्री विदुर दाहालले देखाउनुभएको त्याग, तपस्या र योगदान अत्यन्तै स्मरणीय छ । परमाराध्य गण्डकीनन्दन भगवान् श्रीसर्वेश्वर प्रभुको कृपाले यहाँको कीर्ति काव्य लोकप्रसिद्ध बन्न सकोस्, साथै यो ग्रन्थ सम्पूर्ण भक्तजनहरूका घर घर र हात हातमा पुगी अध्ययन गरी अध्यात्मको ज्योति सबैमा उदाउन सकोस् भन्ने कामना सहित यहाँका लेखनीहरू यस्तै सत्कार्यमा चिरकाल पर्यन्त अगाडि बढिरहून्, यहाँका कीर्तिहरूले नेपालराष्ट्र आलोकित बन्न सकोस् । स्वस्थ र सुदीर्घ जीवनका साथ अध्यात्मको क्षेत्रमा अगाडि बढिरहने दिव्य शक्ति प्राप्त भइरहोस् भन्ने शुभेच्छा, शुभकामना, शुभभावना साथ कलमलाई विश्राम दिन्छु । भवतु सर्व मङ्गलम् ॥

जगद्गुरु श्रीबालसन्त मोहनशरण देवाचार्य
चतराधाम, सुनसरी

गावो विश्वस्य मातरः



श्रीगोलोक गोवर्धन गोशाला

शिवसताक्षी नगरपालिका वाडं नं.११, सतासीधाम, झापा, नेपाल

इमेल: golokgovardhan@yahoo.com

सम्पर्क: ९८५२६३५३३३, ९८४४६६३६५२

वृद्ध, असाहय रोगी गोवंश संवर्धनका लागि सदैव तत्पर

"गोसेवा गरौं, गोवंश बजारमा नबेचौं । गोहत्याका पापले र गोरक्तको श्रापले आफुलाई नमुछौं"



प.सं.: २०...../०......

च.नं.:

साधुवाद

ठाकुर श्रीराधागोलोक विहारीजी महाराजको अनन्त कृपा तथा प्रातः स्मरणीय अनन्तश्री विभूषित श्रीसद्गुरूदेव भगवान्का शुभाशीषले एउटा साझा व्यवस्थाको अङ्गका रूपमा अध्ययन गर्दै हामीले आ–आफ्नो जीवनको मार्ग चयन गऱ्यौं । गुरूआश्रमको मर्यादित समय र हाम्रो किशोरावस्था गुरूआज्ञा र आशीर्वादको रेखाभित्र सेवा, समर्पण, मर्यादा र अनुशासनका परिधिभित्रै रमाउँदै गुरु आज्ञा गरियसी भन्दा न उस बेला न यस बेला हाम्रो भिन्न धार छैन ।

ब्रह्मचर्य आश्रम र गुरूकुलीय व्यवस्थाबाट सेवा, समर्पण र मर्यादाले खोलेका द्वारबाट बाहिरिएर जीवनको अर्को अध्याय गृहस्थ आश्रममा प्रवेश गर्दै प्रारम्भ भयो । सनातन धर्मको सेवा तथा वैष्णवताका प्रचारमा आ–आफ्ना प्रतिभा र योग्यता अनुसारको मार्गलाई भगवत्कृपा ठानेर गुरूदेवकै कृपा प्रसाद तथा शुभाशीषले मन्दिरमाला अन्तर्गत पूज्य श्रीगुरूदेवका सङ्कल्प तथा अभियानद्वारा विश्वमा निर्मित देवस्थान, तथा संस्कृति संरक्षण संवर्धनका केन्द्रहरूमा वैष्णवताको प्रचार प्रसारमा अधिकांश गुरूभाइहरूको दोस्रो अध्याय प्रारम्भ भयो । कोही कथा कर्मकाण्ड क्षेत्रमा, कोही विश्वविद्यालय आदिमा र कसैले गुरूचरणानुसरण गर्दै सेवाश्रम स्थापना गरी गौसेवा, साधुब्राह्मण सेवा, दीनदुःखी, वृद्धवृद्धा तथा परम्परा अनुसारकै मठ-पीठ स्थापना गरी सेवाकार्यलाई अगाडि बढाउन थाल्यौं ।

यसै शृङ्खलाका एक उद्भट प्रतिभा आचार्य विदुर दाहाल हुनुहुन्छ । सनातन धर्मका प्रचारमा अफ्रिकी देश केन्याबाट धर्मप्रचारको कार्य सम्हाल्दै अघि बढ्ने क्रममा हाल अमेरिकाको लस एन्जलसमा सेवाकार्यलाई निरन्तरता दिइरहनुभएका गुरूभाइ विदुरजीको जीवन विवाहपश्चात् अझै निखारिएर सेवापरायणमा अब्बल रहँदै आएको छ । माता भुवनेश्वरी दाहाल (बुना) को भगवद्भक्ति तथा गुरूगोविन्द सेवापरायणले यस दम्पतीलाई धर्मक्षेत्रबाट सामाजिक क्षेत्रमा पनि उत्तिकै प्रखर बनाएको छ ।

पश्चिमी देशमा रहेर पनि सनातन धर्म प्राच्य विद्या अध्ययन तथा प्रचार ग्रन्थलेखन एवं

भक्ति सङ्गीतमा पनि आचार्यजीको उत्ति नै लगाव रहेको देखिन्छ । श्रीमद्देवीभागवतलाई सरल हिन्दी भाषामा अनुवाद गरी साधारण भक्तले पनि पढ्न बुझ्न सक्ने गरिदिनुभएको छ।

आज उहाँले श्री शिव महापुराणका संस्कृत श्लोकहरूलाई सरल नेपाली भाषामा अनुवाद गरी सनातन धर्मका सेवामा अर्को एउटा अध्याय बढाउनुभएको छ । आशा छ, यस सरल ग्रन्थले शिवतत्त्व प्रकाश तथा वैदिक सनातन धर्म निष्ठतालाई अझै बल प्रदान गर्नेछ ।

आचार्यजीको यस प्रकारको सनातन धर्मप्रतिको कर्तव्यपरायणताले पश्चिमी जगत्का प्रभावले यता न उता भई कर्तव्यपथबाट विमुख हुँदै गरेका युवापिँढीलाई सनातन धर्मका धारामा अवश्यमेव जोड्ने छ ।

यहाँको सर्वविध समुन्नति एवं सुस्वास्थ तथा दीर्घायुका लागि जगज्जननी गौमाता तथा इष्टदेव भगवान्सँग प्रार्थना गर्दछु ।

आचार्य नन्दकिशोर भारद्वाज
संस्थापक
श्रीगोलोक गोवर्धन गौशाला
सतासीधाम, झापा

पान नं. : ६०९९२३६०५ कम्पनी दर्ता नं. २५४५९०/०७७/०७८

धर्म दर्शन फाउण्डेशन नेपाल

भरतपुर महानगरपालिका-१, देवघाटधाम, चितवन

च.नं.

प.सं. मिति :

शुभाशंसा

श्रुति स्मृति पुराणानामालयं करुणालयम् ।
नमामि भगवत्पादं शङ्करं लोक शङ्करम् ॥

विश्वको सबैभन्दा पुरानो र समृद्धशाली सभ्यता मानवका लागि पौरस्त्य सभ्यता हो । वेदरूपी कल्पवृक्षको पाकेको फल नै पुराण हो । वेद अनादि पुरुषका मुखबाट श्वास रूपमा प्रकट भएको अपौरुषेय निधि हो । जसबाट विश्व ब्रह्माण्डको निर्माण भएको हो ।

यस्य निःस्वसितं वेदाः यो वेदेभ्योऽखिलं जगत् ।

वेद अपौरुषेय र वैदिक भाषामा लिपिबद्ध भएकाले सर्वसाधारणको बोधको विषयभन्दा पर छ । वेदरूपी अगाध समुद्रमा सबैको गति नहुने भएकाले भगवान् विष्णुले महर्षि वेदव्यासको रूप लिएर वेदरूपी समुद्र मन्थन गरेर १८ पुराण इतिहास आदि अमूल्य रत्न प्रकट गर्नुभयो । पुराण नबनेका भए हामी ज्ञानविहीन र किंकर्तव्यविमूढ हुने थियौं । भगवान्‌को मुखबाटै वेद प्रकट भएझैं उनै वेदव्यासबाट १८ महापुराण पनि प्रकट भएका हुन् ।

खोटाङजस्तो अति दुर्गम जिल्लामा जन्मिई सुनसरी जिल्लामा बसोबास गर्दै आउनुभएका आचार्य विदुरप्रसाद दाहालको अध्ययन नेपालको धरानबाट सुरू भएको हो । धरान वृन्दावन हुँदै काठमाडौंमा अध्ययन सम्पन्न गरी काठमाडौंको डिएभी लगायत अन्य विद्यालयहरूमा अध्यापन गराउँदै उहाँ भाषाको सेवामा तल्लीन रहनुभयो । तत्पश्चात् विविध कारणले अफ्रिका महादेशअन्तर्गत केन्याको नैरोवीमा अवस्थित श्रीराम मन्दिरमा रही आफ्नो धर्म-संस्कृतिको प्रचारमा निरन्तर लाग्दै हाल आफ्नो जन्मभूमिबाट टाढा अमेरिका क्यालिफोर्नियाको लस एन्जल्समा अवस्थित प्रसिद्ध वैली हिन्दु मन्दिरमा रही विगत १७ वर्षदेखि निरन्तर आफ्नो देशको धर्मको पालना, प्रचारप्रसार र संरक्षणमा साधनारत हुनुहुन्छ । यही सिलसिलामा उहाँले विश्वका आधा दर्जनभन्दा धेरै देशहरूको भ्रमण सम्पन्न गरिसक्नु भएको छ ।

उहाँले विदेशको सङ्घर्षमय जीवनयापन र व्यस्तताका बावजुद अनेकौं व्यक्तिगत भौतिक सुख-सुविधाहरूको पर्वाह नगरी अनवरत रूपमा भावी सन्ततिहरूको कल्याणका लागि आफ्नो मातृधर्म, संस्कृतिको प्रचारप्रसारसँगै नेपालीबाहेक हिन्दी भाषामा 'देवी भागवत वचनामृत' कृति

प्रकाशित गर्नुभएको छ । यसबाहेक विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू पनि प्रकाशित प्रकाशित गर्नुभएको छ ।

शिवपुराणको महिमालाई नेपालका विद्वान् गुरूज्यूहरूका समक्ष कथावाचनका लागि र सामान्य जनमानसमा समेत २४ हजार श्लोकको शिवपुराणलाई सामान्य नेपाली जनमानसमा समेत अध्ययन गरेर शिवको सम्पूर्ण सारभाव, भक्ति, ज्ञान, वैराग्य समेत ओतप्रोत गराएर दृष्टान्त कथा, ऐतिहासिक वृत्तान्तको माध्यमले भगवान् शिवका सगुणस्वरूपका लीलाचरित्रको सङ्क्षिप्त व्याख्या गरी भारतवर्षमा भएका पवित्र क्षेत्र, पाशुपत क्षेत्र, श्रेष्ठ पर्वत, नदी, तीर्थ, देवदेवीका चरित्र, तलाउ, शिवका चरित्र र धर्म, विभिन्न विधि-निषेधका माध्यमले मनुष्यका कर्तव्याकर्तव्यको बोध गराउने, जीवात्मालाई बहिर्वृत्तिबाट अन्तर्मुख हुन अभिप्रेरित गर्ने तथा उदीयमान कथाव्यासहरूलाई समेत शिवको कथा-गाथा गाउन सरल सहज हुने गरी शिवपुराणको रहस्यलाई अमेरिकामा बसेर उजागर गर्नुहुने दार्शनिक, दूरदर्शी, शास्त्रचिन्तक पं. विदुर दाहालज्यूप्रति साधुवाद प्रकट गर्दछु ।

उहाँको यो ग्रन्थ कालजयी बनोस् । उहाँको लेखनीलाई सफलता मिलोस् । उहाँको भगवच्चिन्तन निरन्तर चलिरहोस् । यस्तै नयाँ नयाँ कृतिहरू प्रकाशित गरी भगवद्भण्डार भरिरहनुहोस्, हार्दिक शुभकामना !

पं. कुबेर सुवेदी
अध्यक्ष, नेपाल राष्ट्रिय कथाव्यास समिति
१८ महापुराण प्रवक्ता
धर्मदर्शन आश्रम, देवघाटधाम

दीनेश्वर शिवालय मन्दिर
रामधुनी न.पा. ३ सुनसरी
स्थाः २०७५

अध्यक्ष
पं देवीप्रसाद दाहाल

उपाध्यक्ष
नरेन्द्र प्रसाद दाहाल

सचिव
मुक्तिनाथ दाहाल

कोषाध्यक्ष
कोपिला काफ्ले (दाहाल)

सदस्यहरू
गणेश प्रसाद दाहाल
शम्भु प्रसाद दाहाल
दिपक कुमार दाहाल
फुदनलाल चौधरी
रेवतीरमण दाहाल
शकुन्तला दाहाल
चामुण्डेश्वर दाहाल

खोटाङ जिल्लाको सावाकटहरेमा दाहाल कुलवंशमा जन्मनुभई विद्यालय शिक्षा चन्द्र संस्कृत माध्यमिक विद्यालय धरानबाट पूरा गरी पिण्डेश्वर क्याम्पस, वाल्मीकि विद्यापीठबाट शास्त्री, आचार्य र केन्द्रीय क्याम्पस कीर्तिपुरबाट र स्नातकोत्तर उपाधि प्राप्त गरी अखिलकोटि ब्रह्माण्डनायक महाप्रभुको अनुकम्पाले प्रभु सेवामा समर्पित रही वृन्दावनधाम (भारत) लगायत तीर्थस्थलहरूमा हाल सेवारत रहनुभएका भगवद्भक्त आचार्य श्री विदुर दाहालले "श्री शिवमहापुराण कथामृत" पुस्तकाकार रूपमा प्रकाशन गर्न लाग्नुभएकोमा अत्यन्त गौरव अनुभूति भएको छ ।

सनातन धर्मको उन्नयन र विकासका लागि दीनेश्वर शिवालय मन्दिर तथा वैदिक कर्मकाण्ड पाठशाला भवन निर्माणमा प्रेरणासहित सहयोग पुऱ्याउनुहुने प्रभुका कृपापात्र आचार्य प्रवरले विदेशमा रहेर पनि समय निकालेर प्रस्तुत धार्मिक ग्रन्थ लेखन गरी प्रकाशन गर्नुभएकोमा हृदयदेखि नै धन्यवाद र शुभाशीष प्रदान गर्दछु ।

क्षमा, दया र करुणा समाजको विशेषतारूपी गहना भएझैँ भावी पुस्ताका लागि प्रस्तुत पुस्तक मार्गदर्शक काव्यका रूपमा रहने मैले विश्वास लिएको छु । शिव महाप्रभुको गुणानुवाद जनजन समक्ष पुऱ्याउनसके सुसंस्कारयुक्त विश्वको कल्पना साकार पार्न सकिनेछ । अतः प्रस्तुत ग्रन्थ विद्यार्थी, पाठक र शोधकर्ताका लागि मार्गदर्शक स्रोतको रूपमा स्थापित हुन सकोस् यही शुभकामना छ । साम्ब सदा शिवाय नमः

अध्यक्ष
पं देवीप्रसाद दाहाल

शुभकामनाका दुई शब्द

मेरा मित्र भइकन पनि गुरुवत्, गुरु भइकन पनि मित्रवत् पण्डित श्री विदुर प्रसाद दाहालज्यूले श्री शिवमहापुराण जस्तो महत्तम ग्रन्थलाई नेपालीमा अनुवाद गरी शिवकथाको दिव्य अमृतमय स्वाद सबैमाझ पस्कनुभएको छ । यस्तो भव्यतम ग्रन्थमा मजस्तो अकिञ्चनलाई भूमिकास्वरूप शुभकामनाका दुई शब्द लेख्ने सौभाग्य प्रदान गर्नुभएकोमा सर्वप्रथम गुरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

शिवमहापुराणमा शिवजीको महिमा, भक्तिपथ र धार्मिक विधिहरूको वर्णन गरिएको छ । चौबीस हजार श्लोक रहेको यो आफैँमा एक बृहत्तम ग्रन्थ हो । यसको स्वरूप वा तत्त्वबारे सार-सङ्क्षेपमा वर्णन गरी यसको महत्त्वलाई उजागर गर्न सकिन्न तथापि यसभित्र कुन कुन पक्षको विवेचना होला भन्ने जिज्ञासा समाधानका लागि मुख्य अंशहरूलाई बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ । शिव महापुराणभित्र निम्नलिखित पक्षहरू समाविष्ट छन्- शिवजीको उत्पत्ति र स्वभाव, शिव पार्वतीको कथा, शिवलिङ्गको महिमा, रूप र अवतार, शिवको माहात्म्य, कैलाश पर्वत र गङ्गाको उत्पत्ति, शिवरात्रि व्रत, शिव पूजाविधि र शिवमहापुराणको दर्शन । यसलाई पनि सङ्क्षेपीकृत गर्दा चार पक्ष मुख्य हुन आउँछन्- कथा, माहात्म्य, पूजाविधि र दर्शन ।

शिव सनातन परम्परामा आस्थाका प्रतीक हुन् । वेदादि शास्त्रहरूमा जे जति ज्ञानको विस्तार छ त्यो शिवमा पुगेर समाप्त हुन्छ । उनीभित्र जीवन र जगत्को सम्पूर्ण रहस्य लुकेको छ । यो धरतीमा जन्म लिइसकेपछि मानिसले गर्नुपर्ने आचरणको शिक्षा पनि शिवबाट पाउन सकिन्छ । शिव को हुन् ? कस्ता छन् ? उनीबाट सांसारिक मनुष्यले के शिक्षा लिने ? यस्ता मूलभूत प्रश्नको उत्तर मनुष्यले शिवबाट पाउन सक्छ । शिवको स्वरूपले मानव जगत्लाई गहन आध्यात्मिक सन्देश दिन्छ । यसका लागि शिवतत्त्वलाई प्रतीकात्मक रूपमा बुझ्ने चेष्टा गर्नुपर्दछ । जस्तै-

शिव त्रिभुवनका स्वामी भएर पनि भिक्षा पात्र लिएर हिँड्नुहुन्छ, भिखारी स्वरूप हुनुहुन्छ । यस ब्रह्माण्डमा रहेका सम्पूर्ण ऐश्वर्यका स्वामी हुनुहुन्छ तर अनलङ्कृत हुनुहुन्छ, नग्न स्वरूप हुनुहुन्छ । सदैव हिमपात हुने हिमालयमा बस्नुहुन्छ तर आवरणविहीन, वस्त्रविहीन हुनुहुन्छ । घाँटीमा बिसालु सर्पले फँणा फुलाइरहेको छ तर भयरहित एवं

निश्चिन्त हुनुहुन्छ । गृहस्थ भएर पनि सदा वैरागी साधु हुनुहुन्छ । उहाँ लौकिक जगत्मा रहेर पनि लौकिक जगत्को प्रभावबाट मुक्त अलौकिक हुनुहुन्छ । उहाँ मायास्वरूप देखिनुहुन्छ तर मायाबाट मुक्त हुनुहुन्छ । उहाँ विवाहित हुनुहुन्छ तर उहाँले कामदेवलाई नष्ट गर्नुभएको छ । उहाँ त्रिगुणातीत हुनुहुन्छ । उहाँ विपरीतका समन्वयकर्ता एवं विरोधका शमनकर्ता हुनुहुन्छ । शिवतत्त्वको चिन्तन गर्ने हो भने कुनै दर्शनशास्त्र वा गुरुको आवश्यकता पर्दैन किनकि शिव गुरुका पनि गुरु हुनुहुन्छ । शिव आदिगुरु हुनुहुन्छ, ज्ञानका सार हुनुहुन्छ । संसारको नश्वरता र आत्माको अमरताको आध्यात्मिक सार शिवको लीलाबाट सदैव प्रसारित भइरहेको छ । शिवले लोकको रक्षार्थ हलाहल विष पिउनुभयो र आफ्नो घाँटी जलाएर चराचर जगत्को रक्षा गर्नुभयो । गीतामा भगवान् कृष्णले दिनुभएको निष्काम कर्मको उपदेश शिवले सृष्टिको आदिकालमै आफ्नो कर्म र व्यवहारबाट दुनियाँलाई सिकाउनुभएको थियो । यस्ता शिवको महिमा वर्णन सामान्य साधना र साहसले सम्पन्न हुन सक्दैन । यसका लागि विशेष प्रज्ञापूर्ण अन्तश्चक्षुको आवश्यकता पर्दछ । विदुर गुरुले यो काम सरलताका साथ सम्पन्न गरेर आफ्नो प्रज्ञाकौशलका परिचय दिनुभएको छ ।

गुरुले यस ग्रन्थमा संस्कृतको गूढ अर्थलाई सरल र बोधगम्य नेपाली भाषामा प्रस्तुत गर्नुभएको छ । उहाँको भाषाशैली स्पष्ट, प्रवाहयुक्त र सन्दर्भानुकूल छ, जसले पाठकलाई मूल सन्देशसँग सजीव रूपमा जोड्न मद्दत गर्दछ । यस धार्मिक ग्रन्थलाई नेपाली भाषामा अनुवाद गर्नु भनेको केवल भाषान्तरण गर्नु मात्र होइन, यो एउटा संस्कृतिक अनुवाद पनि हो जहाँ भक्तिभाव र बौद्धिक चेतनालाई सन्तुलित ढङ्गले प्रस्तुत गर्नुपर्ने हुन्छ । गुरुले त्यस चुनौतीलाई कुशलतापूर्वक सामना गर्नुभएको छ ।

यो ग्रन्थ विशेषतः संस्कृतमा दखल नभएका तर शिवकथारूपी अमृतरस पान गर्ने इच्छा भएका नेपाली भक्त तथा शिवका उपासकहरूलाई लक्षित गरी तयार पारिएको हो तथापि यसबाट शिवकथा वाचन गर्ने व्यासाचार्यहरूले समेत प्रशस्त लाभ लिन सक्नेछन् किनकि यसमा आवश्यकता अनुसार सङ्क्षेप र विस्तारको उत्तम विधि अपनाई शिवकथाको स्वाद पस्किने चेष्टा गरिएको छ ।

विदुर गुरुसँग मेरो भेटघाट र मित्रता २०४९ सालमा धरानमा भएको हो र त्यसपछि 'लघ्वी पुरा वृद्धिमती च पश्चात्' भनेझैं आजपर्यन्त यो मैत्रीभाव कायम छ । धरानमा अध्ययनका क्रममा हामी अग्रज र अनुज भए पनि उहाँको सदैव मप्रति मैत्रीपूर्ण व्यवहार रह्यो । धरानपछि उहाँ थप अध्ययनका लागि भारत जानुभयो र त्यहाँ पुराण तथा धर्मशास्त्रको गहिरो अध्ययन गर्नुभयो । फर्केर आउँदा उहाँ एक कुशल पुराणवाचक तथा व्याख्याता भइसक्नुभएको थियो ।

वाल्मीकि विद्यापीठमा आचार्य र कीर्तिपुरमा स्नातकोत्तर अध्ययनका क्रममा पनि हामी पुनः सहपाठी रह्यौं । त्यसपछि आआफ्नो कार्यक्षेत्रमा प्रवेश गर्ने क्रममा उहाँले

धार्मिक प्रवचन र पूजापाठ मार्फत ईश्वरभक्तिको बाटो रोज्नुभयो । हाल उहाँ अमेरिकालाई कर्मक्षेत्र बनाई भगवत् सेवामा समर्पित हुनुहुन्छ । ईश्वरप्रति समर्पण भाव राखी निष्काम कर्ममा लिप्त रहने स्वभावका कारण उहाँले जुन आध्यात्मिक उचाइ हासिल गर्नुभएको छ, 'श्री शिवमहापुराण कथामृतम्' त्यसैको नतिजा स्वरूप तपाई हाम्रो हातमा आइपुगेको छ ।

विदुर गुरु एक भक्त, उपासक तथा प्रखर आध्यात्मिक चिन्तक हुनुहुन्छ । निष्ठापूर्ण दैनिकी, सात्त्विक जीवनशैली, निष्काम कर्मशीलता, गुरुप्रतिको अनन्य श्रद्धा र ईश्वरभक्ति उहाँका विशेषता हुन् । यिनै विशेषताले भरिएको साधनापूर्ण मस्तिष्कको उपज हो- 'श्री शिवमहापुराण कथामृतम्' । २४ हजार श्लोक भएको शिव महापुराणको व्याख्या गर्न सानोतिनो साधना पर्याप्त हुँदैन । यसका लागि बलियो आन्तरिक शक्ति र निष्कामकर्मप्रेरित भावना चाहिन्छ । गुरुभित्र रहेको यही शक्ति र भावनाले नै यस्तो गहन कार्यलाई पनि सजिलै सम्पन्न गरेको छ ।

विदुर गुरुले शिवमहापुराणको नेपाली अनुवादको भाषा सम्पादनका लागि मप्रति जुन विश्वास देखाउनुभयो त्यो मेरा लागि गौरवको विषय हो । यस्तो गहन कार्यको जिम्मेवारी मलाई सुम्पनु भएकामा म गुरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसमा शिवकथारूपी भक्तिमय धारा अजस्र रूपले प्रवाहित भएको छ र शिवभक्तहरूले यो ग्रन्थ पढेर शिवकथारूपी अमृतरस पान गर्न सक्नुहुनेछ । यस ग्रन्थमा भाषिक शुद्धि कायम गर्ने जिम्मेवारी वहन गर्ने क्रममा यस ग्रन्थसँग गहिरो रूपमा आबद्ध हुने अवसर र अनुभूति मेरा लागि एक आध्यात्मिक यात्राजस्तै रह्यो । भाषिक शुद्धता, प्रवाह र शैलीगत सन्तुलनका पक्षमा मैले जे जति काम गरेँ त्यसमा म सन्तुष्ट नै छु तर यसो भन्दाभन्दै पनि एउटा कुरा मैले विनम्रतापूर्वक स्वीकार गर्नैपर्ने हुन्छ, त्यो के भने- यहाँ जे जति भक्तिरसको स्वाद छ, कथारूपी अमृतको मिठास छ, त्यो गुरुको कथावाचनकौशलको उपज हो भने जे जति कसरमसर छन्, त्यो मेरो भाषिक सीमाको उपज हो ।

अन्त्यमा, विदुर गुरुको निष्ठापूर्ण दैनिकी र भगवद्भक्ति हिमालझैँ चुलिँदै जाओस् । नेपाली भक्तजनले उहाँको प्रतिभाबाट निःसृत भगवत् कथारूपी अमृतको पान गर्दै रहन पाउन् । हाम्रो समाजमा धार्मिक चेतना र सांस्कृतिक गौरव अझ सुदृढ बनाउन यस खालका दुर्लभ ग्रन्थहरूको नेपाली अनुवादमा उहाँको कलम अझै तिखारिँदै जाओस् र सबै भक्तजनहरू भक्तिरसधाराको स्वादमा निमग्न हुन पाउन् भन्ने शुभेच्छासँगै गुरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

यादवप्रसाद भण्डारी
उपप्राध्यापक

वागर्थाविव संपृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥

We are proud of our father because he is a testament to the power and mobility education provides; not only for the individual, but for society at large. He was born in rural Nepal and struggled tremendously to establish a better life. His original academic thought, lectures, and vast knowledge is humbly practiced. He began studying at a Gurukulam and completed postgraduate (Acharya) studies at Mahendra Sanskrit University. He inspires people to be independent thinkers and public servants.

We hope this ShivMahapuran Kathamritam will help the upcoming Hindu generations understand the moral dilemmas of daily life. In this book, there is a concentrated selection of Lord Shiva and Maa Parvati's life stories, deeds, and teachings. Through these stories, the reader is intended to heighten devotion, find inner peace, and remove obstacles. Furthermore, the ShivMahapuran delves into the specificities of Shiva worship; such as the inception of the Shiva Lingam, the story of the Samudra Manthan, the 100 Avatar incarnations of Lord Shiva, origin of Dwadash Jyotirlinga, and the importance of Mahashivratri. We are deeply humbled by my father's accomplishments, and we look forward to his future projects. May God Bless.

Diksha Dahal
Raman Dahal
Los Angeles, California, USA

आत्मनिवेदन

'सर्वम् शिवमयम् जगत्'

ईश्वरको कृपा र गुरुजनको आशीर्वादस्वरूप 'श्रीशिवमहापुराण कथामृतम्' तपाईंमाझ आइपुगेको छ । पुस्तकाकार रूपमा यो मेरो दोस्रो प्रयास हो । यसअघि पहिलो प्रयासका रूपमा 'देवी भागवत वचनामृत' सार्वजनिक भइसकेको छ । आफ्नो कर्म र जीविका नै भगवद्भक्ति र चिन्तनसँग सम्बन्धित भएर होला, पौराणिक कथाहरूको अध्ययन, प्रवचन र सङ्कीर्तन मेरा रूचिका विषय हुन् । यही रूचिले मलाई भगवद्भक्तिजन्य कार्यमा लाग्न निरन्तर प्रेरित गरिरहन्छ तर रूचि मात्र पर्याप्त हुँदैन, कुनै पनि काम गर्न आन्तरिक र बाह्य परिस्थिति अनुकूल हुनुपर्छ । मैले ग्रन्थलाई यस रूपमा पूर्ण गर्ने क्रममा देशकाल परिस्थितिजन्य सकसहरू सामना गर्नुपर्‍यो । अनेकौं उतारचढाव र व्यवधानहरू पार गर्दै अन्ततः भगवान् शिवको असीम कृपाले यस ग्रन्थलाई पूर्ण गर्न सफल भएको छु । मैले एक अनादि अनन्त शिवतत्त्वरूपी महासागरबाट मोती टिप्ने प्रयत्न गरेको छु । पाठकलाई शिवकथारूपी अमृतरस सहज एवं सरल भाषामा आश्वादन गराउने मेरो उद्देश्य हो । यस उद्देश्यमा म के कति सफल भएँ भन्ने कुरा यस पुस्तकको अध्ययनपश्चात् सम्बन्धित विद्वत्जन र शिवका उपासकहरूबाट प्राप्त हुने प्रतिक्रियाले भविष्यमा निर्धारण गर्नेछ । सत्यान्वेषणबाट प्राप्त प्रशंसा वा आलोचना म विनम्रतापूर्वक शिरोधार्य गर्नेछु ।

शिव अनादि सिद्ध परमेश्वर हुनुहुन्छ । पञ्चदेव उपासनामा प्रमुख हुनुहुन्छ । वेदले परमात्मा या ईश्वरीय तत्त्वलाई अव्यक्त अजन्मा सम्पूर्ण जगत्का कारण तथा सृष्टि एवं संहारकका रूपमा वर्णन गरेको पाइन्छ भने शिवलाई शान्त परात्पर, परमतत्त्व, प्रपञ्चातीत, स्वयम्भू आदि नामले स्तवन गरेको छ । शिवको अर्थ नैं कल्याण हो । त्यसैले देव-दानव, ऋषि, सिद्ध, गन्धर्व आदिले पनि निरन्तर शिवको उपासना आराधना गरी अभीष्ट कामना सिद्ध गरेको शास्त्रहरूमा वर्णन पाइन्छ । अझ भगवान् श्रीराम र श्रीकृष्णले त शिवकै आराधना गरी आफ्नो लक्ष्य सिद्ध गरेको वर्णन पाइन्छ ।

यो विश्व ब्रह्माण्ड नै भगवान्को विग्रह हो । त्यसैले कण कणमा भगवान् विराजमान् हुनुहुन्छ । यसको आदि, मध्य र अन्त्य तथा सृष्टिस्थितिलयको कारक तत्त्व पनि ईश्वर नै हो । यसलाई भिन्न भिन्न नाम तथा रूपले व्याख्या गरिए तापनि समष्टि रूपमा भने

कारक तत्त्व एक हो । यसैलाई साकार, निराकार या सूक्ष्म-स्थूलका रूपमा निरूपण गर्ने क्रममा शिवपुराण शिवजीको साकार एवं स्थूल विग्रह हो ।

शिव महापुराणलाई २४ हजार श्लोक, ४५७ अध्याय र सात संहितामा वेदव्यासजीले वर्णन गर्नुभएको छ । यसमा विद्येश्वर, रूद्र, उमा, कैलास, शतरूद्र, कोटिरूद्र एवं वायवीय संहिता गरी जम्मा सात संहिता रहेका छन् । त्यसमा पनि रूद्र संहितालाई पाँच खण्डमा र वायवीय संहितालाई दुई भागमा वर्णन गरिएको छ । संहिता प्रारम्भपूर्व सङ्क्षेपमा कथासार प्रस्तुत गरिएको हुनाले यहाँ मैले विस्तृतमा उल्लेख गर्न आवश्यक ठानिनँ ।

यो ग्रन्थ मेरो 'स्वान्तः सुखाय' को परिणति हो । त्यसबाहेक अर्को उद्देश्य छैन । आद्योपान्त मूल ग्रन्थलाई अध्ययन गरेपछि मनमा 'यसका मूल कथाहरूलाई सरल भाषामा सर्वजनहिताय सार्वजनिक गर्न प्रयास किन नगर्ने ?' भन्ने भित्री जिज्ञासा मेरो मनमा जाग्यो । दोस्रोपटक अध्ययन गर्ने क्रममा टिपोट गर्दै लगेँ र 'अनुरागस्तु फलेन सूच्यते' भनेझैँ मभित्रको अनुरागले फलरूपी यो ग्रन्थ तयार पार्ने हुटहुटी जगायो । यसको बीजारोपण अफ्रिकाको केन्याामा बस्दा नै भएको थियो । त्यसको करिब एक दशकपछि अमेरिका बसाइका क्रममा मात्र यसले पूर्णता पायो । यसको पूर्णताका पछाडि धेरै उत्प्रेरक व्यक्तित्त्वहरूबाट सहयोग पाएको छु जसलाई क्रमशः उल्लेख गर्नु आफ्नो परम कर्तव्य ठान्दछु ।

मैले वृन्दावनमा प्रातः स्मरणीय वन्दनीय सद्‌गुरूदेव निम्बार्क सम्प्रदायका संरक्षक एवं गोलोक धाम आश्रम दिल्ली- वृन्दावनका संस्थापक, अन्तर्राष्ट्रिय प्रचारक, धर्मरत्न गोलोकधाम पीठाधीश्वर स्वामी श्री गोपालशरण देवाचार्यज्यूको सान्निध्यमा रहेर अध्ययन एवं दीक्षित हुने सौभाग्य प्राप्त गरेँ । उहाँको स्नेहशील वात्सल्यमय आशीर्वाद एवं मार्गनिर्देशकै फलस्वरूप आज म यो अवस्थामा उभिन सफल भएको हुँ । त्यसैले सर्वप्रथम म मेरा पूजनीय सद्‌गुरुमा साष्टाङ्ग दण्डवत् अर्पण गर्न चाहन्छु । त्यसैगरी मेरो गृहस्थ जीवनकी सहधर्मिणी श्रीमती भुवनेश्वरी, सुपुत्री दीक्षा एवं सुपुत्र रमनको माया, साथ-सहयोग र हौसलाले मेरो गार्हस्थ्य निर्बाध निरन्तर अगाडि बढिरहनुको साथसाथै मेरो लेखन कार्यलाई अहोरात्र सहयोग पाइरहनाले नै यस्ता कार्य सम्पन्न हुनेमा कुनै दुईमत रहेन । त्यसैले मेरो गार्हस्थ्यरूपी रथ हाँक्ने यी पाङ्ग्राहरूप्रति म सदैव आभारी छु ।

भनिन्छ, 'मित्र सङ्ग्रहणे बलं सम्पद्यते' अर्थात् मित्र सङ्ग्रहले हरेक कार्यमा शक्ति प्राप्त हुन्छ । मलाई त्यस्तै भएको छ । स्वनामधन्य विद्वान्, विख्यात कथावाचक एवं अष्टादश पुराणकै प्रवक्ता पण्डित प्रवर श्री कुबेर सुवेदीज्यूसँग सम्पर्क भएपछि उहाँको प्रेरणा

र सम्पूर्ण कार्यका लागि सहयोग गर्ने वचनबद्धताबाट म ज्यादै उत्साहित भएको छु । उहाँले बेला बेला जिज्ञासा राखेर मभित्रको सुषुप्तिलाई जगाइरहनुभयो र मलाई हौसला प्रदान गरिरहनुभयो । यसका लागि म उहाँप्रति आभारी छु । त्यसैगरी मेरा सहपाठी गुरुभाइ, गोलोक गोवर्धन गौशाला, शताक्षीधामका परिकल्पनाकार तथा संरक्षक नन्दकिशोर भारद्वाजले मलाई सदैव घचघच्याइरहनुभयो र पुस्तक प्रकाशनका लागि निरन्तर सहयोग गर्नुभयो ।

प्रस्तुत ग्रन्थ प्रकाशनको सिलसिलामा सर्वाधिक महत्त्वपूर्ण कार्यको जिम्मा लिने मेरा बाल्यशखा सहपाठी मित्र श्री यादवप्रसाद भण्डारीप्रति हृदयदेखि नै आभारी छु जसको सहयोगविना यो कृति यस रूपमा आउन सम्भव नै थिएन । उहाँले आफ्नो व्यस्त समयतालिकालाई थाती राख्दै यस ग्रन्थमा भाषाको स्तरीयता र शुद्धता कायम राख्न धेरै परिश्रम गर्नुभयो र छपाइ पर्यन्तको सम्पूर्ण कार्य सम्हालेर यसलाई पूर्ण आकार प्रदान गर्नुभयो । उहाँप्रति यो ग्रन्थ सदैव ऋणी रहनेछ ।

अन्त्यमा, अनन्तश्रीविभूषितजगद्गरुबालसन्तमोहनशरणदेवाचार्यज्यूले विविध शास्त्र प्रमाणसहित शिवपुराण र नेपाल राष्ट्रको अन्योन्याश्रित सम्बन्धको तथ्यपरक विश्लेषण गरी गहन भूमिका लेखेर यस पुस्तकको गरिमालाई अझ माथि उठाइदिनुभएको छ । यस्तो बौद्धिक तथा अनुसन्धानमूलक भूमिकाका लागि म उहाँप्रति नतमस्तक छु । हालै स्थापित दीनेश्वर शिवालय मन्दिर, रामधुनी सुनसरीका समस्त पदाधिकारी गण एवं अध्यक्ष पं. देवीप्रसाद दाहालज्यूले शुभकामना दिइ यस पुस्तकको गरिमा बढाइदिनुभएकोमा हृदयदेखि नै आभार व्यक्त गर्दछु । यस शिवालयको परिकल्पना मात्र नभई भूमिदानदेखि संरक्षण सम्वर्द्धन र निर्माणको कार्य सम्हाल्दै मलाई ग्रन्थ प्रकाशनका लागि बेलाबेलामा मार्गनिर्देशन गर्नुहुने सहोदर जेष्ठ भ्राता नरेन्द्रप्रसाद दाहालज्यूप्रति नमन गर्दछु । साथै प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने देश तथा विदेशमा रहनुहुने मित्रहरू, अग्रज, अनुज तथा हितैषी जनहरूमा सम्झना तथा यथायोग्य अभिवादन टक्र्याउँछु ।

शुभम् भवतु ।

आचार्य पं. विदुर दाहाल
लस एन्जलस, अमेरिका
रामनवमी २०८२

विषयक्रम

श्रीशिवमहापुराण माहात्म्य १

देवराज ब्राह्मण मुक्ति वर्णन २
ब्राह्मणी चञ्चुला वैराग्य वर्णन ४
चञ्चुला ब्राह्मणी सद्गति वर्णन ६
विन्दुग ब्राह्मण सद्गति वर्णन ७
शिवपुराण श्रवणविधि वर्णन ९
श्रोताले पालना गर्नुपर्ने नियम (कर्तव्याकर्तव्य वर्णन) १२

प्रथम विद्येश्वर संहिता : कथासार १५

प्रयाग क्षेत्रमा मुनि-सूतजी संवाद १६
श्री शिव महापुराणको महिमा र संहिताहरूको भेद १८
साध्य-साधन एवं साधक तथा श्रवण कीर्तन एवं मननसम्बन्धी विवेचना २०
शिवलिङ्ग महिमा : लिङ्गपूजार्चना परिचय २१
'ब्राह्मण र विष्णुको घनघोर युद्ध, ज्योतिर्लिङ्गको उत्पत्ति, भैरव प्रकट, ब्रह्माको पाँचौं शिरच्छेदन, ब्रह्मा र केतकी पुष्पलाई श्राप एवं वरदान, शिवरात्रि निर्णय' २२
सर्गादि पञ्चकृत्य- ॐकार- पञ्चाक्षर महिमा वर्णन २६
शिवलिङ्ग स्थापन- पूजन- जप- क्षेत्र- दान आदिको वर्णन २८
सदाचार वर्णन ३१
अग्नियज्ञ, देवयज्ञ तथा ब्रह्मयज्ञ सम्बन्धी विचार ३२
पार्थिवलिङ्ग पूजा विधि ३६
षड्लिङ्गस्वरूप प्रणव एवं पञ्चाक्षर माहात्म्य ३८
बन्धन र मोक्ष विवेचना, शिवलिङ्ग पूजाविधान ३९
पार्थिव लिङ्ग निर्माणविधि एवं वेदमन्त्रद्वारा व्यास एवं समास पूजाविधि वर्णन ४१
कामनानुसार पार्थिवलिङ्ग सङ्ख्या ४६
शिवनैवेद्य तथा विल्वपत्र माहात्म्य ४८
भस्म, रुद्राक्ष माहात्म्य एवं उपसंहार ५०
द्वितीय-रुद्रसंहिता ५७
(क) सृष्टि खण्ड : कथासार ५७
निर्गुण शिव कसरी सगुण बन्छन् ? ५८
नारदको तपस्या, इन्द्रद्वारा कामदेव पठाई तपस्यामा हस्तक्षेप र नारदद्वारा कामदेवमाथि विजय एवं विष्णुद्वारा नारदलाई वानरमुख प्रदान ५९

ब्रह्मा-नारद संवाद ६६

ब्रह्मा-विष्णु एवं रुद्रको आयु निर्णय ७३

शिवपूजाविधि र यसको फल ७५

विस्तृत शिवलिङ्गार्चन विधि ७८

सृष्टिको व्यापक विस्तारः सूक्ष्म तत्त्वदेखि स्थूल तत्त्व पर्यन्त ८२

यज्ञदत्त पुत्र गुणनिधिको शिवकृपाले कुबेर पदप्राप्ति एवं सृष्टि खण्डको उपसंहार ८७

द्वितीय-रुद्रसंहिता **९२**

(ख) सती खण्ड : कथासार **९२**

सङ्क्षिप्त सतीचरित्र ९४

पितृगण, कामदेव, रति र सन्ध्यावर्णन ९५

वशिष्ठ-अरून्धती विवाह ९९

शिवको विवाहका लागि ब्रह्मालाई विष्णुको 'शिवा' आराधनाको उपदेश १०२

दक्षद्वारा तपस्या र देवी शिवाले वरदान दिनु १०४

दक्षद्वारा मैथुनसृष्टि, हर्यश्व र शबलाश्व पुत्र उत्पन्न, नारदजीद्वारा निवृत्ति मार्गको दीक्षा, दक्षद्वारा नारदलाई अस्थायी विचरणको श्राप १०६

दक्षका घरमा ६० कन्याको जन्म र विवाह, शिवा अवतार, दक्षद्वारा स्तुति एवं सतीको बाललीला १०७

सतीद्वारा द्वादश वर्षपर्यन्त शिवार्चन व्रत र तपस्या, देवता कैलासमा गएर शिवको स्तुति गर्नु १०९

शिवद्वारा सतीलाई वर प्रदान, सतीको वरण, ब्रह्मादिद्वारा दक्षको स्वागत, एवं सती-शिव विवाह ११२

शिव-सती विवाह, अग्नि परिक्रमा गर्दा ब्रह्माको वीर्य स्खलन, क्रोधित शिवलाई विष्णुद्वारा सान्त्वना, विवाह सम्पन्न, वेदीमा शिव-सतीको नित्यवास, सबैको बिदाइ ११४

शिवसतीको क्रीडा विहार, शिवद्वारा नवधाभक्ति विवेचन ११७

शिवले श्रीरामलाई नमस्कार गरेको देखेर सतीलाई मोह हुनु, शिवाज्ञाद्वारा सतीले सीता वेशमा श्रीरामको परीक्षा लिनु, शिवद्वारा सतीको मानसिक त्याग १२०

प्रयागमा मुनिहरूद्वारा महान् यज्ञारम्भ, यज्ञमा दक्षद्वारा शिवलाई श्राप, नन्दीद्वारा दक्ष एवं ब्राह्मणहरूलाई श्राप, शिवद्वारा नन्दीलाई शान्त गराउनु १२४

दक्षद्वारा महान् यज्ञारम्भ, दधीचिद्वारा शिवलाई बोलाउन अनुरोध १२७

सतीद्वारा देहत्याग, शिवगणद्वारा दक्षमाथि आक्रमण, ऋभुले दक्षलाई भगाउनु १३३

शिवको जटाबाट वीरभद्र र महाकाली प्रकट, दक्षयज्ञस्थल प्रस्थान, १३५

यज्ञरक्षार्थ विष्णुको प्रार्थना, विष्णुद्वारा शिवद्रोह सङ्कट निवारण गर्न असमर्थता व्यक्त, १३७

वीरभद्रसँग देवताहरूको युद्ध, देवताहरू पराजित एवं पलायन १३९

विष्णुको पराजयको कारण दधीचिको श्राप १४१

ब्रह्मादि देवताहरूद्वारा कैलास गमन, शिवस्तुति, यज्ञपूर्णताको वरदान १४५

दक्षद्वारा यज्ञलाई पूर्णता प्रदान, सतीखण्डको उपसंहार १४८

द्वितीय-रुद्रसंहिता १५०
(ग) पार्वती खण्ड : कथासार १५०

मेनाको पूर्वजन्म वृत्तान्त, सनकादिकद्वारा श्राप एवं वरदान, हिमालयसँग विवाह १५२
देवताहरूले हिमालयलाई उमा आराधनाको विधि बताएर स्वयं पनि स्तुति गर्नु, उमा प्रकट भएर अवतार लिने वचन दिनु १५४
मेनालाई शिवादेवीको दर्शन एवं वरदान तथा मेनाबाट मैनाक आदि एक सय पुत्रहरूको जन्म १५६
मेनाको घरमा पार्वतीको जन्म १५८
नवजात पुत्रीको नामकरण, बाल्यलीला, अध्ययन तथा नारदजीद्वारा हिमवान्लाई पुत्रीको विवाह शिवसँग गर्न सल्लाह १६०
शिवको पसिनाबाट मङ्गल ग्रहको उत्पत्ति, भूमिद्वारा दुग्धपान एवं भौम नामकरण १६२
शिव गङ्गावतरण क्षेत्रमा तपस्यार्थ आउनु, हिमालयद्वारा स्वागत १६३
शिवद्वारा पार्वतीको सेवा लिन अस्वीकार, शिव-पार्वती दार्शनिक संवाद १६५
तारकासुरको जन्म, तप, वरप्राप्ति देवताहरू ब्रह्माको शरणमा, ब्रह्माद्वारा आश्वासन १६७
इन्द्रले कामदेवलाई शिव मोहन गर्ने आज्ञा दिनु १७०
रुद्रको तृतीय नेत्रद्वारा कामदेव भस्म, रति विलाप, द्वापरमा प्रद्युम्न भएर जन्म लिने वरदान १७१
शिवको क्रोधाग्निलाई वडवानल नामकरण गरी ब्रह्माले समुद्रमा स्थापना गर्नु १७४
पार्वतीको उग्र तपस्या, शिवद्वारा पार्वतीसँग विवाह गर्न स्वीकार १७७
शिवाज्ञाले सप्तर्षिहरू पार्वतीको परीक्षार्थ तपस्थलीमा जानु १८०
शिव जटाधारी ब्राह्मण वेशमा परीक्षार्थ जानु, पार्वतीले रोषपूर्ण प्रत्युत्तर दिनु, शिव प्रकट हुनु र वरदान दिनु १८२
शिवको नट तथा वैष्णव ब्राह्मण अवतार १८८
मेनाको कोपभवनमा प्रवेश, शिवले अरुन्धतीसहित सप्तर्षिलाई पठाउनु र पार्वतीको विवाह शिवकै साथ गर्न सल्लाह दिनु १९१
सप्तर्षि-हिमवान् वार्ता, हिमवान्-मेनाले शिवसँग छोरीको विवाह गर्न तयार हुनु १९४
हिमालयले शिवलाई तिलक एवं लग्नपत्रिका पठाउनु, विश्वकर्माद्वारा दिव्य मण्डप एवं प्रासाद निर्माण १९७
शिवको तर्फबाट नारदजीद्वारा देवताहरूलाई निमन्त्रणा, ग्रहपूजन र जन्ती कैलासबाट प्रस्थान १९९
हिमवान्द्वारा जन्तीको स्वागत, नारदजीले जन्तीको परिचय गराउनु, शिव र उनका गण देखेर मेना मूर्च्छित हुनु २०२
मेनाद्वारा विलाप, शिवलाई कन्या नदिने निर्णय, पुनः शिव सुन्दर रूपमा प्रकट हुनु र सबै पुरवासी मोहित हुनु, मेनाद्वारा शिवको स्वागत, पार्वतीद्वारा कुलदेवीको अर्चना २०४
विवाह आरम्भ, कन्यादान गर्दा शिवगोत्र सोध्दा नारदजीले उत्तर दिनु २०७
शिव-शिवाको विवाह, अग्निपरिक्रमा गर्दा ब्रह्मा मोहित भएर, वीर्य स्खलन हुनु र त्यसैबाट बालखिल्य ऋषि उत्पन्न हुनु एवं कामदेवलाई जीवनदान २०९

हिमवान्‌द्वारा जन्तीलाई भोजन, चतुर्थी कर्म र सप्तर्षिले भनेपछि कन्याको बिदाइ गर्न तयार हुनु २१३

एक ब्राह्मण पत्नीद्वारा पार्वतीलाई पतिव्रता धर्मको उपदेश २१५

हिमालयद्वारा पार्वतीको बिदाइ, शिवद्वारा देवताहरूको बिदाइ एवं पार्वती खण्डको उपसंहार २१९

द्वितीय-रुद्रसंहिता २२१

(घ) कुमारखण्ड : कथासार २२१

शिवपार्वती विहार, कुमार कार्तिकेयको जन्म २२३

बालक कुमारको जातसंस्कार र चरित्रवर्णन २२७

कार्तिकेयको अन्वेषण, नन्दी कार्तिकेय संवाद २२८

शिवपार्वतीसहित देवताहरूद्वारा कुमारको अभिषेक तथा शस्त्रास्त्र, आभूषण आदि प्रदान २३०

तारकासुरका साथमा वीरभद्र र श्रीहरिको घनघोर युद्ध, ब्रह्माले कुमारलाई युद्ध गर्न पठाउनु, तारकासुरको वध, देवताद्वारा कुमारको स्तुति, र कैलास प्रस्थान २३४

बाणासुर र प्रलम्बासुरको वध एवं कुमारचरित्रको उपसंहार २३८

गणेश चरित्र वर्णन २३९

गणेशको जन्म, पार्वतीद्वारा द्वारपाल नियुक्त, शिवगण देवगणसँगको युद्ध र शिवद्वारा गणेशको शिरच्छेद, शिवज्ञाले हात्तीको शिरलाई गणेशको धडमा जोडेर जीवनदान दिनु, देवताहरुद्वारा गणेशको अग्रपूजा तथा शिवले गणेशलाई सर्वाध्यक्ष पदमा नियुक्त गर्नु एवं गणेश चतुर्थीको महत्त्व २३९

कार्तिकेय- गणेशमा विवाह विवाद, गणेशद्वारा माता-पिता र कुमारद्वारा पृथ्वीको परिक्रमा, गणेश विजयी, कुमार क्षुब्ध भएर क्रौञ्चपर्वत प्रस्थान एवं कुमार खण्डको उपसंहार २४९

द्वितीय-रुद्रसंहिता २५४

(ङ) युद्धखण्ड : कथासार २५४

त्रिपुरदहन चरित्र वर्णन (१ देखि १२ अध्याय पर्यन्त) २५७

तारकासुरका पुत्रहरू सन्तप्त देवगण ब्रह्मासमीप जानु २५९

विश्वकर्माद्वारा सर्वदेवमय रथ निर्माण एवं युद्ध वर्णन २६८

मय दानवलाई वितललोक प्रदान, विष्णुद्वारा अरिहन्‌लाई वरदान २७३

जलन्धर चरित्र वर्णन (१३ देखि २६ अध्यायपर्यन्त) २७५

जलन्धर-इन्द्र युद्ध, विष्णु-जलन्धर युद्ध २७७

शिवप्रेरित नारदजीद्वारा जलन्धरको समीप गई पार्वतीको रुपलावण्यको वर्णन गर्नु २८२

जलन्धर सेना र शिवगण बिच युद्ध, जलन्धरले शिवको वेश धारण गरी पार्वतीसमीप जानु पार्वतीले विष्णुलाई जलन्धर पत्नी वृन्दाको शील भङ्ग गर्ने आज्ञा दिनु २८५

वृन्दाद्वारा विष्णुलाई श्राप, शिवद्वारा जलन्धर वध, विष्णु वृन्दाको भस्मराशिमा निवास गर्नु, पार्वतीद्वारा बीज दिनु र धात्री, मालती तथा तुलसी वृक्षको उत्पत्ति हुनु २८९

(शङ्खचूड उपाख्यान २७-४१ अध्यायपर्यन्त) शङ्खचूडको जन्म, तपस्या र तुलसीसँग विवाह २९५

शङ्खचूडको असुरराज्याभिषेक, २९८
देवासुर-सङ्ग्राम, शिव-शङ्खचूड युद्धका क्रममा आकाशवाणी, विष्णुद्वारा शङ्खचूडको श्रीकृष्णकवच हरण र तुलसीको शीलहरण, शिवद्वारा शङ्खचूड वध, तुलसी, शालिग्राम र गण्डकी नदीको उत्पत्ति ३०५
अन्धकासुर चरित्र वर्णन (४२ देखि ४९ अध्यायपर्यन्त) ३११
शिवको पसिनाबाट अन्धकासुरको उत्पत्ति एवं हिरण्याक्षले पुत्रको रूपमा स्वीकार्नु, तथा वराहरूप विष्णुले हिरण्याक्षको वध गर्नु ३११
हिरण्यकशिपुको तपस्या, वरप्राप्ति एवं अत्याचार, नृसिंहद्वारा वध र प्रह्लादलाई राज्यप्रदान ३१४
अन्धकासुरको तपस्या, वरप्राप्ति, त्रिलोकविजय, मन्त्रीद्वारा शिवपरिवार परिचय, पार्वतीको सौन्दर्यप्रति मोहित, प्राप्तिका लागि देवासुर-सङ्ग्राम, शुक्राचार्यलाई शिवले निल्नु ३१७
शुक्राचार्य सय वर्षपछि शिवको लिङ्गबाट बाहिर आउनु, शुक्र नामकरण, शुक्राचार्यद्वारा मृत्युञ्जय मन्त्र जप र शिवाष्टोत्तरशतनामस्तोत्रद्वारा स्तुति, अन्धकासुरलाई वर प्रदान ३२४
शुक्राचार्यद्वारा शिवको तपस्या एवं मृतसञ्जीवनी विद्यादि वरप्राप्ति ३२९
वाणासुर चरित्र (अध्याय ५१ देखि ५६ पर्यन्त) बाणासुर जन्म, तपस्या र वरप्राप्ति, बाणापुत्री उषा अनिरुद्ध मिलन, श्रीकृष्ण-बाणासुर युद्ध, शिवद्वारा मध्यस्थता र गणपति पदमा सामेल ३३२
गजासुर चरित्र, शिवद्वारा गजासुरवध, चर्मधारण र कृत्तिवासा नामकरण ३४२
विदल र उत्पल दैत्यलाई शिवसङ्केत पाई पार्वतीद्वारा वध, कन्दुकेश्वर लिङ्ग स्थापना एवं युद्ध खण्ड र रुद्र संहिताको उपसंहार ३४६

तृतीय शतरुद्रसंहिता : कथासार **३४९**

शिवका सद्योजात, वामदेव, तत्पुरुष, अघोर, र ईशान पाँच अवतारको वर्णन ३५०
शिवका अष्टमूर्ति तथा अर्धनारीनर अवतार वर्णन ३५२
सप्तम वराहकल्पमा भएका शिवका अट्ठाइस अवतार वर्णन ३५३
नन्दीश्वर अवतार वर्णन ३५६
चवालिस कालभैरव अवतार, ब्रह्माको पाँचौं शिर हातको नङले छेदन ३५९
शिवको गृहपति अवतार, पिता विश्वानरको तपस्या, पुत्रप्राप्ति, गृहपतिद्वारा तपस्या ३६५
शिवका दश महाकाल र एकादश रुद्र अवतार वर्णन ३७३
शिवका दुर्वासा र हनुमान् अवतार वर्णन ३७६
शिवको महेश तथा वृषभ अवतार वर्णन ३८२
शिव दधीचि मुनिपुत्र पिप्पलाद भएर जन्मनु, दधीचिको अस्थिले वृत्रासुरको वध, दधीचि पत्नी सुवर्चाद्वारा देवताहरुलाई पशु हुने श्राप, पिप्पलादको जन्म, विवाह एवं शनि पीडा निवारण वर्णन ३८५
शिवको वैश्यनाथ र द्विजेश्वर अवतार वर्णन ३९०
शिवको यतिनाथ र हंश अवतार वर्णन ३९५

शिवको कृष्णदर्शन (कालो) वर्णको अवतार वर्णन ३९७
शिवको अवधूत अवतार, इन्द्रको मानमर्दन, वृहस्पतिको 'जीव' नामकरण ३९९
शिवको भिक्षुवर्यावतार कथा, राजकुमार र द्विजकुमारमाथि कृपा ४००
शिवको सुरेश्वर अवतार, उपमन्युलाई उत्तम वर प्रदान ४०३
शिवको जटिल ब्रह्मचारी, सुनर्तक नट, साधुवेश ब्राह्मण अवतार ४०५
शिवको अश्वत्थामा अवतार वर्णन ४०७
शिवको किरात अवतार वर्णन ४०८
शिवका द्वादश ज्योतिर्लिङ्ग अवतारको वर्णन एवं उपसंहार ४१५

चतुर्थ-कोटिरूद्र संहिता : कथासार ४१९

द्वादश ज्योतिर्लिङ्ग र यिनीहरूका उपलिङ्गको वर्णन ४२०
काशीसहित भारतको पूर्व दिशामा रहेका प्रमुख शिवलिङ्गहरूको वर्णन ४२१
अत्रीश्वरको उत्पत्ति शिव र गङ्गाजी अत्रिमुनिको तपोवनमा नित्य निवास ४२२
गोकर्ण क्षेत्रस्थित महाबल शिवलिङ्ग माहात्म्य वर्णन ४२६
चन्द्रभाल पशुपतिनाथ आदि शिवलिङ्ग परिचय एवं माहात्म्य वर्णन ४३०
ऋषिहरूले श्राप दिएको ज्योतिर्लिङ्गलाई पार्वतीद्वारा धारण एवं वटुकोत्पत्ति वर्णन ४३१
प्रथम सोमनाथ ज्योतिर्लिङ्ग उत्पत्ति र महिमा वर्णन ४३४
द्वितीय ज्योतिर्लिङ्ग मल्लिकार्जुन उत्पत्ति महिमा वर्णन ४३६
तृतीय ज्योतिर्लिङ्ग महाकालको उत्पत्ति माहात्म्य वर्णन ४३७
चतुर्थ ज्योतिर्लिङ्ग ॐकारेश्वर उत्पत्ति, महिमा वर्णन ४३९
पञ्चम ज्योतिर्लिङ्ग केदारेश्वर उत्पत्ति महिमा वर्णन ४४१
षष्ठम ज्योतिर्लिङ्ग भीमशङ्कर उत्पत्ति माहात्म्य वर्णन ४४२
सप्तम ज्योतिर्लिङ्ग विश्वेश्वर उत्पत्ति माहात्म्य, पञ्चकोशी वाराणसीको महत्त्व वर्णन ४४४
अष्टम ज्योतिर्लिङ्ग- त्र्यम्बकेश्वर उत्पत्ति माहात्म्य वर्णन ४४७
नवम ज्योतिर्लिङ्ग वैद्यनाथ उत्पत्ति तथा माहात्म्य वर्णन ४५३
दशम ज्योतिर्लिङ्ग नागेश्वर उत्पत्ति महिमा वर्णन ४५५
एकादश ज्योतिर्लिङ्ग 'रामेश्वर' उत्पत्ति महिमा वर्णन ४५७
द्वादश ज्योतिर्लिङ्ग घुश्मेश्वर उत्पत्ति महिमा वर्णन ४५८
शिवाराधनाले विष्णुलाई सुदर्शन चक्रको प्राप्ति तथा विष्णुद्वारा शिवसहस्रनामावलीले शिवको स्तुति ४६१
शिवलाई सन्तुष्ट गर्ने व्रतको वर्णन, शिवरात्रि व्रतको विधि र माहात्म्य ४६३
मुक्ति निरूपण, सगुण-निर्गुण देव र ज्ञान निरूपण तथा कोटिरुद्रसंहिता माहात्म्य एवं उपसंहार ४७०

पञ्चम-उमासंहिता : कथासार ४७५

पुत्रार्थी श्रीकृष्णद्वारा उपमन्यु ऋषिलाई गुरुस्थापना, शिवदीक्षा ग्रहण ४७६

शिवमायाद्वारा मोहित भएका महापुरुषहरूको वर्णन ४८१
पापी र पुण्यात्माहरूको यमलोक यात्रावर्णन ४८६
अट्ठाइस प्रमुख नरक कुण्ड तथा अन्य नरक कुण्डको वर्णन ४८७
पापको प्रकृति अनुसार नरक यातना वर्णन ४८९
यम मार्गमा सुविधा प्रदान गर्ने विविध दानहरूको महिमा वर्णन ४९१
वेद, पुराण श्रवण तथा स्वाध्यायको महिमा ४९५
ब्रह्माण्ड, नरक वर्णन तथा शिवस्मरणले पापको प्रायश्चित्त ४९७
खगोल तथा भूगोल वर्णन ४९८
देहोत्पत्ति, बाल्यावस्था, देहशुचि, स्त्रीस्वभाव वर्णन ५०७
मृत्यु निकट आउँदाका लक्षणहरू, काललाई परास्त गर्ने सूत्र, नवधा शब्दब्रह्म र तुङ्कारको अनुसन्धान ५१०
अमरत्व प्राप्तिका चार यौगिक साधना ५१४
छाया पुरुषको वर्णन ५१६
आदि सृष्टि वर्णन, स्वयम्भू मनुको सृष्टि ५१७
कश्यप ऋषिका सन्तानहरूको वर्णन ५२०
मरूतोत्पत्ति तथा भूतसर्ग वर्णन र उनीहरूको विस्तार ५२१
चौध मन्वन्तरहरूको वर्णन ५२२
वैवस्वत मन्वन्तर वर्णन ५२४
मनुवंश वर्णन ५२५
इक्ष्वाकु वंशवर्णन ५२६
सत्यव्रत, त्रिशङ्कु तथा सगर आदिको जन्म चरित्र ५२७
राजा सगरका दुई पत्नीबाट उत्पन्न पुत्रहरूको वंश वर्णन ५३०
व्यासपूजन विधि वर्णन ५३३
व्यासजीको जन्म, काशीमा व्यासेश्वर लिङ्गस्थापना, अठार पुराणको परिचय ५३४
भगवती उमा कालीको रूपमा अवतरणको प्रसङ्ग, समाधि र सुरथसमक्ष मेधा ऋषिले मधुकैटभ वध श्रवण गराउनु ५३९
सम्पूर्ण देवताहरूको तेजपुञ्जबाट महालक्ष्मी देवी प्रकट र उनीद्वारा महिषासुरको संहार ५४२
महासरस्वती प्रकट, शुम्भनिशुम्भसहित उनका सेनाहरूको संहार वर्णन ५४४
देवताहरूको गर्व नाश गर्न उमादेवी प्रकट ५४८
दुर्गमासुर वध ५५१
देवीको क्रियायोग मन्दिर निर्माण, पूजन महत्त्व, तिथि र पर्वहरूमा गरिने व्रतको फल एवम् उमासंहिताको उपसंहार ५५३
षष्ठम : कैलाससंहिता : कथासार ५५७

पार्वतीद्वारा शिवसँग दीक्षा ग्रहण ५५८
सन्यासाचार, सन्यासमण्डल, सन्यासपद्धति वर्णन ५६२
शिव ध्यानपूजा, शिव आवरणपूजा, प्रणवार्थ पद्धति वर्णन ५६३
वामदेवद्वारा स्वामी कार्तिकेयको स्तुति, प्रणवसम्बन्धी जिज्ञासा वर्णन ५६६
प्रणवको अर्थ, वर्णाश्रम धर्मवर्णन, ज्ञानमयी पूजावर्णन, सन्यास ग्रहणपूर्व गरिने नान्दीश्राद्ध र ब्रह्मयज्ञको वर्णन ५६७
शिवस्वरूप प्रणव अर्थ विवेचन ५७५
सृष्टि, स्थिति र संहारको कारक उपासना मूर्ति वर्णन ५७६
शिवबाटै जीव र जगत्‌को अभिन्नता प्रतिपादन ५७८
शिव अद्वैतज्ञान, अद्वैतस्वरुप वर्णन ५७९
सन्यासीहरूको शिष्यकरण विधि, योगपट्ट धारणविधि वर्णन ५८१
महावाक्यहरूको अर्थ, योगपट्ट क्षौर स्नान वर्णन ५८२
यतिको अन्त्येष्टि कर्म, दशाह, एकादशाह, द्वादशाह विधि र कैलास संहिताको उपसंहार ५८४
सप्तम- वायवीय संहिता ५८९
पूर्वभाग : कथासार ५८९
ब्रह्माद्वारा शिवमहिमा वर्णन र ऋषिहरूलाई नैमिषारण्यमा पठाउनु ५९३
नैमिषारण्यमा मुनिहरूद्वारा दीर्घसत्रारम्भ, समाप्तिको समयमा वायुदेवको आगमन ५९७
शिवतत्त्वज्ञान, महेश्वरको महत्ता, सर्वश्रेष्ठको प्रतिपादन ६०१
कालमहिमा वर्णन ६०३
तीन देवताहरूको आयु वर्णन ६०४
सृष्टि, पालन, संहार, कर्तृत्व वर्णन ६०६
ब्रह्माण्ड स्थिति वर्णन ६०७
ब्रह्माद्वारा सृष्टि विस्तार वर्णन ६०९
ब्रह्मा, विष्णु र रुद्रको उत्पत्ति वर्णन ६१५
ब्रह्माद्वारा अर्धनारीश्वर शिवको दिव्य स्तुति ६१६
मैथुन सृष्टिको विस्तार, मनु शतरुपा वंश वर्णन ६१८
शुम्भ-निशुम्भ वध ६२२
गौरी देवीले बाघलाई साथमै लैजानु, तपोवन र मातापितालाई प्रणाम गरेर महादेवसँग जानु, बाघलाई गणाध्यक्ष पदमा नियुक्त एवं सोमनन्दी नामले प्रतिष्ठित गर्नु ६२६
सम्पूर्ण जगत् कसरी अग्नि र सोम तथा वाणी र अर्थरूप छन् ? ६२८
शिवतत्त्व विषयक प्रश्न र समाधान ६३०
परमधर्म प्रतिपादन, पाशुपत ज्ञान र साधनहरूको वर्णन ६३२
उपमन्युकी आमाले दुधका लागि शिवाराधना गर्न प्रेरित गर्नु, उपमन्युद्वारा तपस्या र

वरदान दिन इन्द्रको रूप धारण गरेर शिव पुग्नु र वरदान दिनु एवं उपसंहार ६३८
सप्तम- वायवीय संहिता **६४३**
उत्तर भाग : कथासार **६४३**
उपमन्युद्वारा श्रीकृष्णलाई साम्बशिवव्रतको उपदेश तथा साम्ब नामको पुत्रप्राप्ति ६४४
पाशुपत ज्ञानको श्रेष्ठताको उपदेश ६४५
शिवशिवाको विभूतिहरूको वर्णन ६४८
शिवको यथार्थ स्वरुपको वर्णन ६५१
शक्तिको सर्वव्यापकता, शिव सेवा, भक्ति गर्नाले भुक्ति-मुक्ति प्राप्त हुने ६५३
शिवभक्ति वर्णन, शिवधर्म निरुपण, ज्ञानयोग र पूजार्चना महिमा ६५६
वर्णाश्रम र नारीधर्म वर्णन ६५८
पञ्चाक्षर मन्त्रको माहात्म्य, प्रत्येक अक्षरका ऋषि, छन्द, देवता आदिको वर्णन ६६१
गुरुबाट दीक्षित कसरी हुने ? जप, माला, स्थान, दिशा आदिको सविस्तार वर्णन ६६४
त्रिविध दीक्षा निरुपण, गुरु माहात्म्य, शिष्य परीक्षा ६६७
शिव दीक्षा, शिष्य संस्कार, षडध्व विचार, साधक संस्कार, मन्त्र माहात्म्य आचार्यद्वारा शिष्यलाई अभिषेक गर्ने विधि वर्णन ६७०
नित्य नैमित्तिक कर्म, न्यास विधि तथा मानसिक पूजार्चना ६७६
शास्त्रोक्त शिवपूजन विधि ६७९
पञ्चाक्षर मन्त्रको महिमा, अग्निसंस्कार विधि, भस्म ग्रहण एवम् यज्ञान्तकर्म ६८२
नित्य, नैमित्तिक विधि वर्णन ६८६
काम्यकर्म सम्बन्धी : पञ्चावरण पूजाविधि वर्णन ६८७
काम्यकर्म, विविध पूजा, शान्ति, हवनीय पदार्थहरूको विवेचन ६९३
पारलौकिक फल दिने पञ्चगन्धमय शिवपूजन ६९६
लिङ्गको कारणरूप, ब्रह्माविष्णु-मोह, लिङ्ग प्रतिष्ठा एवम् पूजाविधि ६९७
योग तथा अष्टाङ्गयोगको विवेचना एवम् यम, नियम आदिको निरुपण ७०१
योगमार्गका विघ्नहरू, पृथ्वीदेखि बुद्धिपर्यन्त ऐश्वर्य गुणहरूको वर्णन ७०४
ध्यानको महिमा, शिवयोगीको महत्त्व, शिवक्षेत्रमा मृत्यु भएमा तत्काल मोक्ष ७०८
वायुदेव अन्तर्ध्यान, सरस्वतीमा अवभृथ स्नान, काशीमा दिव्यतेजको दर्शन, ब्रह्माद्वारा सिद्धि प्राप्त भएको सूचना ७१०
मुनिहरूले सनत्कुमारसँग भेट गर्नु, नन्दीद्वारा पाशच्छेदन गर्नु र ज्ञानोपदेश दिनु तथा शिवमहापुराणको महिमा र ग्रन्थको उपसंहार ७११
विविध स्तोत्रावलीहरू **७१६**

श्री गणेशाय नमः । *श्री जगदम्बिकायै नमः ।* *श्री सरस्वत्यै नमः ।*

श्रीशिवमहापुराण माहात्म्य

अध्याय प्रथम

सूत शौनक संवाद

श्री शौनक उवाच- **हे हे सूत महाप्राज्ञ सर्व सिद्धान्तवित् प्रभो ।**
आख्याहि मे कथासारं पुराणानां विशेषतः ॥ १ ॥

शौनक ऋषि भन्नुहुन्छ- 'सबै सिद्धान्तका ज्ञाता, महाप्राज्ञ हे सूतजी प्रभु ! कृपया हामीलाई पुराणहरूको त्यस्तो अमृतरूपी सार बताइदिनुहोस् जसलाई पान गरी मानसिक विचलनबाट मुक्ति प्राप्त होस्, असुर प्रवृत्तिबाट छुटकारा प्राप्त होस् अनि निर्मल चित्तका साथ शिवलोकको प्राप्ति होस् ।'

सूत उवाच- **धन्यस्त्वं मुनिशार्दूल श्रवणप्रीतिलालसः ।**
अतो विचार्य सुधिया वच्मि शास्त्रं महोत्तमम् ॥ ६ ॥

शौनक ऋषिको यस्तो प्रेममय वचन सुनेर सूतजी प्रसन्न हुँदै भन्नुहुन्छ- 'हे मुनिशार्दूल शौनक, तपाईं धन्य हुनुहुन्छ । म तपाईंलाई विद्वान्हरूले निकै सोचविचारपूर्वक निर्माण गरेको महत्तम शास्त्रबारे बताउँछु । यो शास्त्र सबै सिद्धान्तले पूर्ण छ, भुक्तिमुक्ति प्रदायक छ र कर्णप्रिय पनि छ । एवं, कलिकालले ग्रस्त भएका प्राणीहरूका लागि अति उत्तम छ । कृपया सुन्नुहोस् ।'

शैवं पुराणं परमं शिवेनोक्तं पुरा मुने । ८ ।

यो शिवपुराण प्राचीन कालमा स्वयं भगवान् शिवले सनत्कुमारलाई, सनत्कुमारले व्यासजीलाई र व्यासजीले समस्त लोकको उद्धारका लागि सङ्क्षेपमा वर्णन गर्नुभएको हो । यो ग्रन्थ १८ पुराणमध्ये उत्तम ग्रन्थ हो । यसलाई पवित्र महिनामा ध्यानपूर्वक श्रवण, पठन एवं मनन गर्नाले संसारका दुखहरूबाट मुक्त भई शिवलोकको प्राप्ति हुन्छ ।

मुहूर्तं वा तदर्धं वा तदर्धं वा क्षणञ्च वा ।
ये शृण्वन्ति पुराणं तन्न तेषां दुर्गतिर्भवेत् ॥ २२ ॥

यस पुराणलाई ब्रह्ममुहूर्तमा वा त्यस अघिपछि पनि भक्तिपूर्वक जसले श्रवण गर्दछ त्यो

कहिल्यै दुर्गतिमा पर्दैन । अमृतपान गर्नाले पिउनेवाला व्यक्ति मात्र अमर बन्छ तर पवित्र शिवपुराण श्रवण गर्नाले सम्पूर्ण कुलसमेत अमर बन्दछ ।

चतुर्विंशतिसाहस्रो ग्रन्थोऽयं सप्तसंहितः ।
भक्तित्रिकसुसम्पूर्णः शृणुयात्तं परादरात् ॥ ३१ ॥

यो ग्रन्थ ७ संहिता (विद्येश्वर, रुद्र, शतरुद्र, कोटिरुद्र, उमा, कैलास, वायवीय), २४ हजार श्लोक तथा भक्ति, ज्ञान र वैराग्यका भावले ओतप्रोत छ । जसले यस ग्रन्थलाई जिज्ञासु एवं निर्मत्सर भई आदरभावका साथ पाठ वा श्रावण गर्दछ, त्यसले यसै जीवनमा मुक्ति प्राप्त गर्दछ । जसको घरमा यस ग्रन्थको पारायण हुन्छ, त्यो क्षेत्र तीर्थमय हुन्छ र गृहवासीहरूका सबै पाप-ताप-सन्ताप नष्ट भएर जान्छन् ।

गङ्गाद्या पुण्यनद्यश्च सप्तपुर्यो गया तथा ।
एतच्छिवपुराणस्य समतां यान्ति न क्वचित् ॥ ४१ ॥

गङ्गादि पवित्र नदीहरू तथा गयादि तीर्थस्थलहरू पनि शिवपुराणको समतामा कहिल्यै पुग्न सक्तैनन् । तसर्थ समस्त पवित्र नदीहरू तथा तीर्थस्थलहरूको भ्रमणबाट जुन पुण्य आर्जन हुन्छ त्यसै समान पुण्य आर्जन शिवपुराण श्रवणबाट हुन्छ ।

वन्दे शिवपुराणं हि सर्वदाऽहं प्रसन्नधीः ।
शिवः प्रसन्नतां यायाद् दद्यात् स्वपदयो रतिम् ॥ ५१ ॥

म सधैं प्रसन्न चित्तले यो शिवपुराणको वन्दना गर्दछु किनकि शिव प्रसन्न हुनुभयो भने उहाँले आफ्ना भक्तहरूलाई परम पद प्रदान गर्नुहुन्छ । यस ग्रन्थको सेवन गर्नाले चतुर्वर्ग फलप्राप्ति हुन्छ । इहलोक र परलोकमा सुख हुन्छ । त्रिविध तापहरूको नाश हुन्छ । यस ग्रन्थको श्रवण मात्रले पनि त्रिदेवहरूद्वारा वन्दनीय शिव सायुज्य प्राप्ति हुन्छ । यो ग्रन्थ स्वयं शिवको विग्रह रूप हो त्यसैले यस ग्रन्थको महिमा अपरम्पार छ ।

अध्याय द्वितीय

देवराज ब्राह्मण मुक्ति वर्णन

शौनक उवाच- **अन्यामपि कथां शम्भोर्वद प्रेमविवर्धिनीम् ॥ ४ ॥**

शौनक ऋषि प्रश्न गर्नुहुन्छ- 'हे सूतजी महाराज ! शिवकथा सुन्नाले कलियुगमा कस्ता कस्ता पापीहरू पापबाट मुक्त हुन्छन् ? कृपया यसप्रकारका अन्य कथाहरू पनि सुनाउनुहोस् ।'

सूत उवाच - **ये मानवाः पापकृतो दुराचाररताः खलाः ।**
कामादिनिरता नित्यं तेऽपि शुद्ध्यन्त्यनेन वै ॥ ५ ॥

सूतजी भन्नुहुन्छ- 'जो मनुष्य दुराचारी, पाखण्डी, कामी (हरदम कामवासनामा लिप्त भइरहने), दुष्ट, लोभी, मिथ्याभाषी, मातृपितृद्रोही, हिंस्रक तथा आफ्नो वर्णाश्रमबाट च्युत, छली, कपटी, क्रूरात्मा, निर्दयी, ब्राह्मणवृत्तिहर्ता, व्यभिचारी, देवधन-साधुधनहर्ता, महाव्यभिचारी छन् त्यस्ता मानिसहरूसमेत पवित्र शिवपुराणको श्रवण, चिन्तन, मनन एवं निदिध्यासन गर्नाले शुद्ध भई शिवलोकमा प्राप्त हुन्छन् ।

अत्रैवोदाहरन्तीमामितिहासं पुरातनम् ।
यस्य श्रवणमात्रेण पाप हानिर्भवत्यलम् ॥ १४ ॥

प्राचीन इतिहासबाट म एक उदाहरण सुनाउँछु जसको श्रवण मात्रले पनि सबै पापहरू नष्ट भएर जान्छन् ।

दुराचारी देवराज ब्राह्मण उपाख्यान

किराँत नगरमा एक अशिक्षित देवराज ब्राह्मण बस्दथ्यो । ऊ रस बेचेर आजीविका गर्थ्यो । पुराणश्रवण, देवदर्शन जस्ता धार्मिक कार्यबाट टाढा थियो । व्यापारवृत्तिको आश्रय लिएर विश्वासी मानिसहरूलाई नित्य ठग्दथ्यो । कतिलाई त कुटपिट गरेरै धन लुट्थ्यो । यसरी ऊ अधर्म एवं व्यभिचारद्वारा अल्प समयमै थुप्रै धनदौलत जम्मा गर्न सफल भयो ।

एकदैक तडागे स स्नातुं यातो महीसुरः ।
वेश्यां शोभावतीं नाम दृष्ट्वा तत्रासि विह्वलः ॥ १९ ॥

एक दिन तलाउमा स्नान गर्दा देवराजले शोभावती नाम गरेकी वेश्यालाई देख्यो । उसलाई देख्नेबित्तिकै ऊ कामवासनाले विह्वल भयो । कामवासनाबाट प्रेरित भई उसले वेश्यासँग मित्रता गर्‍यो र सँगै बस्ने, खाने, पिउने गर्न थाल्यो । यसबिचमा देवराजका मातापिता, पत्नी सबैले उसलाई यस दुष्कर्मबाट रोक्ने कोसिस गरे तर सफल हुन सकेनन् । ऊ वेश्याप्रति यति अनुरक्त भयो कि वेश्यागमनमा आफ्ना परिवार बाधक हुने ठानेर एक दिन मध्यरातमा सुतिरहेका मातापिता र पत्नीको हत्या गरी आफ्नो सम्पूर्ण धनसम्पत्ति त्यही वेश्यालाई सुम्पिदियो । त्यसपछि उसले स्वतन्त्रतापूर्वक सोही वेश्यासँग मदिरापान, अभक्ष भक्षण, एकै पात्रमा भोजन जस्ता नीच कर्महरू प्रतिदिन गर्न थाल्यो ।

क्दाचिद् दैवयोगेन प्रतिष्ठानमुपागतः ।
शिवालयं ददर्शोऽसौ तत्र साधुजनावृतम् ॥ २७ ॥

एक दिन घुम्दै फिर्दै जाँदा संयोगवश देवराज ब्राह्मण प्रतिष्ठानपुरको शिवालयमा पुग्यो । त्यहाँ पुगेपछि ज्वर रोगका कारण ऊ त्यहीँ रहन बाध्य भयो । एकातिर ज्वरको प्रकोपले उसको शरीर प्रतिदिन अशक्त हुँदै गयो भने अर्कातिर नित्य शिवपूजा, अर्चना, भजनकीर्तन, कथाश्रवण आदि पवित्र कार्यहरू इच्छा नहुँदा नहुँदै पनि गर्न ऊ बाध्य भयो । एक महिनापश्चात् उसको त्यहीँ देहान्त भयो । मृत्युपश्चात् यमदूतले उसलाई यमपुरी लिएर

गए । त्यति नै बेला रूद्राक्षधारी, भस्मधारी, श्वेतवस्त्रधारी शिव पनि उसलाई लिन यमपुरी पुगे । दुवैतर्फका दूतहरूमा विवाद हुन थाल्यो । कोलाहल सुनेर धर्मराज बाहिर आए । शिवदूतलाई देखेर प्रणाम तथा स्वागत गरी परिस्थितिलाई धर्मराजले ज्ञानचक्षुले निरीक्षण गरे । र, अन्त्यमा देवराजलाई कैलास जाने आज्ञा दिए । साथै, आफ्ना दूतलाई सम्फाउँदै भने, 'अब उप्रान्त शिवभक्तलाई यमलोक कहिल्यै नल्याउनू ।'

यता देवराज ब्राह्मण कैलास पुगेर शिवपार्वतीको दर्शन गरी सेवामा नियुक्त भए । यसबाट शिवशरणको शक्ति र प्रभावको आकलन गर्न सकिन्छ ।

मातृपितृवधूहन्ता वेश्यागामी च मद्यपः ।
देवराजो द्विजस्तत्र गत्वा मुक्तोऽभवत् क्षणात् ॥ ४० ॥

अध्याय तृतीय

ब्राह्मणी चञ्चुला वैराग्य वर्णन

शौनक उवाच- **अन्यामपि कथां शम्भोर्वद प्रेमविवर्द्धिनीम् ॥ १ ॥**

शौनक ऋषि भन्नुहुन्छ- हे सूतजी महाराज, शिव कथा स्वयं धन्य एवं रसवर्धक छ । यसलाई नसुनी को बस्न सक्छ र ? मभित्र यो रसवर्धक शिवकथा सुन्ने लालसा तीव्र रूपमा बढिरहेको छ । कृपया मलाई शिवप्रति प्रेमभाव बढाउने अन्य कथाहरू पनि सुनाउनुहोस् ।

सूत उवाच- **समुद्रनिकटे देशे ग्रामो वाष्कलसंज्ञकः**
वसन्ति यत्र पापिष्ठाः वेद धर्मोज्फिता जनाः ॥ ६ ॥

सूतजी भन्नुहुन्छ- समुद्रतटमा एक वाष्कल नामक गाउँ थियो । त्यहाँ वैदिक धर्मविरूद्ध आचरण गर्ने, पापी, दुष्ट, दुर्व्यसनमा संलग्न, कुटिल, शस्त्रधारी, मूर्ख, परस्त्रीगमन गर्ने, ज्ञान वैराग्यरहित, पशुबुद्धि भएका खल, शठ एवम् दुराचारी जनहरू बस्दथे ।

तत्रैको बिन्दुगो नाम विप्र आसीन्महाधमः ॥ ११ ॥

त्यही गाउँमा एक विन्दुग नाम गरेको ब्राह्मण आफ्नी पत्नी चञ्चुलाका साथमा बस्थ्यो । विन्दुग ब्राह्मण अधम थियो । ऊ सदैव सदाचारविहीन कार्य गर्दथ्यो । एक दिन उसले कामवासनाद्वारा पीडित भई वेश्यागमन गऱ्यो । त्यसपछि सधैं यही कार्यमा लिप्त हुन थाल्यो । उता चञ्चुला पनि यौवनावस्थामा पुगेपछि कामासक्त भइन् । पति परस्त्रीगामी भए पनि प्रारम्भमा उनी आफ्नो स्त्रीधर्मको पालना गर्दै बसिन् तर पछिसम्म यसलाई निरन्तरता

दिन सकिनन् जसको फलस्वरूप उनी पनि अन्ततोगत्वा परपुरूषसंसर्ग गर्दै रात बिताउन थालिन् ।

जारेण सङ्गताम् रात्रौ रेमे पापेन गुप्ततः । १६ ।

केही समय यसैगरी व्यतीत भयो । एक दिन विन्दुगले आफ्नी पत्नीको आचरणबारे थाहा पायो । त्यसपछि उसले पत्नीलाई गालीगलौज र कुटपिटसमेत गर्‍यो । पतिको पिटाइ असह्य भएपछि चञ्चुलाले यसरी जवाफ दिइन्-

भवान्प्रतिदिनं कामं रमते वेश्यया कुधीः ।
मां विहाय स्वपत्नीं च युवतीं पति सेविनीम् ॥ २२ ॥

यौवनसम्पन्न मलाई छाडेर जसरी तपाईंले अन्य स्त्रीहरूसँग संसर्ग गर्नुभयो त्यसैगरी मैले पनि परपुरूषसँग भोग गरी आफ्नो कामवासना तृप्त गरेकी हुँ । तपाईंले मलाई त्याग्न हुने, मैले किन नहुने ? यसमा मेरो के दोष ?

केही बेरको वादविवादपछि विन्दुगले आफ्नो कमजोरी स्वीकार गर्‍यो अनि श्रीमतीलाई भन्यो- अब उप्रान्त तिमी निर्भय भएर व्यभिचार गर । धन कमाएर ल्याऊ र मलाई देऊ । म त्यही धन वेश्यालाई दिन सकूँ ।

तद्धनं देहि सर्वं मे वेश्या संसक्तचेतसः ॥ २८ ॥

केही वर्ष यसै क्रमले व्यतीत भयो । एक दिन विन्दुगले संसार छोड्यो । आफ्नो निच कर्म अनुसार नरकमा पर्‍यो र यमदूतहरूद्वारा यातना पाई पिशाच योनि धारण गरी विन्ध्याचल पर्वतमा बस्न थाल्यो ।

विन्ध्येऽभवत् पिशाचो हि गिरौ पापी भयङ्करः ॥ ३३ ॥

यता चञ्चुला जवानीले साथ दिउन्जेल परपुरूषसँग संसर्गमा रहिन् । यौवन ढल्किँदै गएपछि एक दिन दैव संयोगले आफन्तहरूका साथमा ‘गोकर्ण’ तीर्थ गर्न तीर्थयात्रातर्फ लागिन् ।

एकदा दैवयोगेन सम्प्राप्ते पुण्यपर्वणि ।
सा नारी बन्धुभिः सार्द्धं गोकर्णं क्षेत्रमाययौ ॥ ३६ ॥

गोकर्ण क्षेत्रमा पुगेर शिवको दर्शन गरिन् र कथा श्रवण पनि गरिन् । शिवकथा श्रवणले उनको हृदय निर्मल भयो । कथा सुन्ने क्रममा उनले के ज्ञान पाइन् भने जो स्त्री परपुरूषसंसर्ग गर्दछे उसलाई मृत्युपश्चात् यमलोकमा सन्तप्त फलामसँग सम्भोग गराइन्छ ।

सन्तप्तलोहपरिघं क्षिपन्ति स्मरमन्दिरे । ३९ ।

यस्तो भयानक यातनाको वर्णन सुनेपछि चञ्चुलालाई आफ्नो जीवनमा गरेका कुकर्मप्रति घृणा जाग्यो अनि उनमा वैराग्य भावको उदय भयो । उनी आफूले गरेको कुकर्मको प्रायश्चित्त गर्ने सङ्कल्पमा पुगिन् । त्यसपछि तिनै कथावाचकको शरणमा परिन्, आफ्नो

विगत सुनाइन् । उनले कथावाचकसँग आफ्नो वास्तविकता बताइन्- म पतित स्त्री हुँ । म मेरा अतीतका सबै पापकर्महरूलाई पखाल्न चाहन्छु र यसै जीवनमा म आत्मिक शुद्धि प्राप्त गर्न चाहन्छु । हे पुण्यात्मा, मलाई शुद्धीकरणका सबै उपायहरू बताइदिनुहोस् । कृपया यस अभागिनीको उद्धार गरिदिनुहोस् ।

अध्याय चतुर्थ

चञ्चुला ब्राह्मणी सद्‌गति वर्णन

कथावाचक ब्राह्मण- हे चञ्चुला !

मा भैषी द्विजपत्नि त्वं शिवस्य शरणं व्रज ।
शिवानुग्रहतः सर्वं पापं सद्यो विनश्यति ॥ २ ॥

हे ब्राह्मणी, समयमै तिमीलाई ज्ञान भयो । अब नडराइकन शिवकथाको आश्रय लेऊ । यसले तिम्रो चित्तलाई शुद्ध गर्छ । कथा श्रवणगरेपछि मनन र निदिध्यासन गर ।

कथाश्रवणतः शम्भोर्मननाच्च ततो हृदा
निदिध्यासनतश्चैव चित्तशुद्धिर्भवत्यलम् ॥ १६ ॥

शिवकथा श्रवण गरेपछि दिव्य शक्ति र भक्ति प्राप्त हुनेछ जसको फलस्वरूप सम्पूर्ण पाप नष्ट हुनेछन् । तिम्रो चित्त निर्मल हुनेछ ।

चञ्चुला ब्राह्मणी- धन्य ब्राह्मणदेव, तपाईले शिवकथाप्रति मेरो चित्त आकर्षित गराइदिनुभयो । अब कृपया मलाई यो पवित्र शिवपुराण कथा सुनाइदिनुहोस् ।

कथावाचक ब्राह्मण- हे ब्राह्मणी, शिवकथा श्रवणको इच्छाले नै तिम्रा पापहरू पखालिँदै, क्रमशः कम हुँदै जानेछन् । तिम्रो दृढ इच्छाशक्ति देखेर म प्रसन्न भएँ । म तिमीलाई शिव कथा सुनाउनेछु । ध्यान दिएर सुन ।

शुभ मुहूर्तमा शिवकथा प्रारम्भ भयो । चञ्चुलाको चित्त निर्मल हुँदै गयो । उनी प्रतिदिन तीर्थजलमा स्नान, भस्मधारण, रुद्राक्ष परिधान, स्वल्पाहार र शिवध्यान नित्य गर्न थालिन् जसको फलस्वरूप भक्तित्रिक् (भक्ति, ज्ञान, वैराग्य) को उदय भयो र एक दिन उनले यो भौतिक देह त्याग गरिन् ।

अथ कालेन पूर्णेन भक्तित्रिकसमन्विता ।
समुत्ससर्ज देहं स्वमनायासेन चञ्चुला ॥ ३८ ॥

चञ्चुलाको पाञ्चभौतिक शरीर लिन शिवले आफ्ना गणलाई पठाउनुभयो । उनको मृतदेह दिव्य विमानमा राखेर शिवलोक पुऱ्याइयो । उनको शरीर दिव्य भएको थियो । शिवलोकमा

शिव परिवारका साथमा नीलवर्ण शिवपार्वतीको दर्शन गरेर चञ्चुला कृतकृत्य भइन् । अश्रुपूर्ण नेत्रले शिवपार्वतीलाई प्रणाम गरिन् । उनको कण्ठ अवरुद्ध भयो । बोल्न सकिनन् । अन्त्यमा पार्वतीले चञ्चुलालाई आफ्नो सहचारी सखी बनाइन् ।

पार्वत्या सा कृता प्रीत्या स्वसखी दिव्यरूपिणी ॥ ४९ ॥

अध्याय पञ्चम

विन्दुग ब्राह्मण सद्गति वर्णन

सूतजी भन्नुहुन्छ- हे ऋषि गण, एक दिन चञ्चुलाले अत्यन्त आर्त भावले पार्वतीको स्तुति गरिन् । पार्वतीले पनि प्रसन्न भएर भनिन्- चञ्चुला, तिमीले के याचना गर्न खोजेकी हौ ? निर्धक्क भएर भन ।

मम भर्ताधुना क्वास्ते नैव जानामि तद्गतिम् । ११ ।

चञ्चुलाले भनिन्- मेरा पति विन्दुग यद्यपि पापी एवं दुराचारी थिए तैपनि म उनको दर्शन गर्न चाहन्छु । उनी यस समय कहाँ र कुन अवस्थामा होलान् जान्न चाहन्छु । हे पार्वती, तपाईंको कृपा भयो भने यो असम्भव छैन । तपाईंसामु पतिदर्शनको याचना गर्दछु ।

पार्वतीले दिव्य दृष्टिले हेरिन् र चञ्चुलालाई भनिन्- तिम्रा पति यति बेला विन्ध्याचल पर्वतमा महापिशाच भएर बसेका छन् । योभन्दा पहिले उनले नर्कको यातना भोगेका थिए । अहिले केवल हावा खाएर बसेका छन् ।

पतिको दयनीय अवस्थाको वर्णन सुनेपछि चञ्चुला दुःखी हुँदै भन्छिन्- हे माता, दुष्ट कर्म गर्ने मेरा मूर्ख पतिको उद्धार गरिदिनुहोस् ।

समुद्धर पतिं मेऽद्य दुष्टकर्मकरं खलम् । १९ ।

पार्वतीले भन्नुभयो- यदि त्यस पिशाचले प्रेमपूर्वक शिवपुराण सुन्यो भने त्यसको मुक्ति सम्भव छ ।

श्रृणुयाद् यदि ते भर्ता पुण्यां शिवकथां पराम् । २२ ।

चञ्चुलाले भनिन्- हे माता, तपाई यस कार्यका लागि उपाय गरिदिनुहोस् ताकि मेरा पतिलाई मुक्ति मिलोस् ।

चञ्चुलाको बिन्ती सुनेपछि पार्वतीले शिवकथाप्रवीण तुम्बुरूलाई बोलाएर भनिन्- हे तुम्बुरू, तिमी चञ्चुलालाई लिएर विन्ध्यगिरि पर्वतमा जाऊ । त्यहाँ यिनका पति विन्दुग पिशाचयोनिमा

समय काटिरहेका छन् । उनलाई शिवकथा सुनाऊ । जब उनी निर्मल हुनेछन् त्यसपछि उनलाई आफैं साथ यहाँ लिएर आउनू ।

हे तुम्बुरो शिवप्रीत मम मानसकारकः ।
सहानया विन्ध्यशैलं भद्रं ते गच्छ सत्वरम् ॥ २७ ॥

पार्वतीको आज्ञालाई शिरोधार्य गरी तुम्बुरु चञ्चुलालाई साथमा राखेर केही गणहरूका साथ निर्दिष्ट विन्ध्यगिरि पर्वतमा पुगे । त्यहाँ पिशाचले आफ्नो भयङ्कर रूप देखाउन थाल्यो । कहिले रुने, कहिले हाँस्ने, कहिले विभिन्न आकृतिमा प्रस्तुत हुने आदि गर्न थाल्यो ।

यता विन्ध्यगिरिमा शिवकथा वर्णन हुन्छ रे भन्ने सुन्नासाथ देवर्षि, मुनि, देवताहरू जम्मा हुन थाले । कथाको भव्य तयारी हुन थाल्यो । तुम्बुरु आदि गणले विन्दुग पिशाचलाई पक्रेर पाशाले बाँधे अनि कथा प्रारम्भ भयो । शिवपुराणको सात संहिता पूरा हुनासाथ सबै श्रोतागण कृतार्थ भए । उता पिशाच विन्दुगका सबै पापहरू नष्ट भए । फलतः उसले दिव्य देह धारण गऱ्यो ।

स पिशाचो महापुण्यं श्रुत्वा शिवपुराणकम् ।
विधूय कलुषं सर्वं जहौ पैशाचिकं वपुः ॥ ५० ॥

विन्दुग साक्षात् शिवस्वरूपमा परिणत भयो । उसलाई देखेर सबै देवर्षिगण आश्चर्यचकित भए । शिवकथाको सबैले प्रशंसा गरे । अन्त्यमा तुम्बुरुका साथमा विन्दुग शिवलोक गयो । त्यहाँ शिवले विन्दुगलाई आफ्नो गणमा सामेल गराउनुभयो । उता चञ्चुलालाई पार्वतीले आफ्नी सखी बनाउनुभयो ।

सुसत्कृतो महेशेन पार्वत्या च स बिन्दुगः ।
स्वगणश्च कृतः प्रीत्या साऽभवद्गिरिजासखी ॥ ५७ ॥

उपसंहारः यो शिवपुराण निर्मल छ । यसले भक्ति, ज्ञान, वैराग्य प्रवर्द्धन गराउँछ र यो लोक तथा परलोक दुवैतिर यो कल्याणदायी छ । जसले यस पवित्र शिवपुराणलाई श्रद्धा र प्रेमपूर्वक श्रवण गर्दछ, उसले जीवित रहुन्जेल सांसारिक सुखभोग एवं ऐश्वर्य प्राप्त गर्छ र मृत्युपश्चात् शिवलोक प्राप्त गर्दछ ।

अध्याय षष्ठम

शिवपुराण श्रवणविधि वर्णन

शौनक उवाच- **श्रीमच्छिव पुराणस्य श्रवणस्य विधिं वद ।**
येन सर्वं लभेच्छ्रोता सम्पूर्णं फलमुत्तमम् ॥ २ ॥

हे सूतजी, हामीलाई शिवपुराण श्रवणको विधि बताउनुहोस् जुन सुनेर श्रोताहरूले उत्तम फल प्राप्त गर्दछन् ।

सूतजी भन्नुहुन्छ- हे शौनक ऋषि, शिव पुराण श्रवण गर्ने निश्चित विधि छन् जो म तपाईंलाई क्रमशः भन्छु । कृपया सुन्नुहोस् ।

१. शुभ मुहूर्त

शिवपुराण श्रवण गर्न सर्वप्रथम दैवज्ञ ज्योतिषीबाट शुभ मुहूर्त निकाल्नुपर्छ । यसो गर्नाले कथा विघ्नरहित रूपमा सम्पन्न हुन्छ ।

२. सूचना/प्रचारप्रसार

वार्ता प्रेष्या प्रयत्नेन देशे देशे च सा शुभा ।
भविष्यन्ति कथा शैवी आगन्तव्यं शुभार्थिभिः ॥ ५ ॥

जिज्ञासु, श्रद्धालु, हरिहर कथाबाट वञ्चित, वैष्णवभक्त, शिवभक्त, देवीभक्त, विद्वान्, विदुषी, साधु, विरक्त, सन्न्यासी सबैले समय मिलाएर शिवकथा श्रवण गर्न एकक्षण मात्र भए पनि आउनुपर्छ र आएका सबै अतिथिहरूलाई आदरपूर्वक स्वागत गरी यथायोग्य आसनमा बसाउनुपर्छ ।

३. कथास्थल

शिवालये च तीर्थे वा वने वापि गृहेऽथवा ॥ १२ ॥

शिवकथा श्रवण गर्नका लागि शिवालय, तीर्थ, वन वा घरमा कथास्थलको आयोजना गर्नुपर्छ । भूमि विशाल होस् । त्यसलाई उपयुक्त संशोधन गरी सुन्दर कदलीस्तम्भ रोपण गर्नुपर्छ । ध्वजापताकाले सुसज्जित गर्नुपर्छ । अत्यन्त सुन्दर, मनमोहक एवं दिव्य दुलहीभैँ कथास्थललाई शृङ्गार सजावट गरी आकर्षक बनाउनुपर्छ ।

४. व्यासासन

सङ्कल्प्यमासनं दिव्यं शङ्करस्य परात्मनः ॥ १७ ॥

एउटा शिवको उच्च आसन तयार पार्नुपर्छ । त्यसपछि पुराणवाचक व्यासको आसन बनाउनुपर्छ । पुराणवाचक पूर्वाभिमुख भए श्रोताहरू उत्तराभिमुख भएर बस्नुपर्छ । पुराणवाचक

र श्रोताहरू बस्दा एकअर्कालाई असुविधा वा व्यवधान नहोस् भन्ने कुरालाई विशेष ध्यान दिनुपर्छ ।

५. खर्चको प्रबन्ध

विवाहे यादृशं वित्तं तादृशं कार्यमेव हि ॥ १९ ॥

पुराणवाचनमा लाग्ने खर्चको उचित प्रबन्ध गर्नुपर्छ । जसरी विवाह गर्दा लाग्ने खर्चको अनुमानित हिसाबकिताब गरी प्रबन्ध गरिन्छ । त्यसैगरी पुराणवाचनमा लाग्ने खर्चको जोहो गर्नुपर्छ । यसो गर्दा भौतिक सम्पत्तिको लोभलालचबाट दूर रहनुपर्दछ । सांसारिक व्यवहारको चिन्ता लिनुहुँदैन ।

६. व्यासपूजा/पुस्तकपूजा

पुण्याभिलाषीले प्रतिदिन व्यास तथा पुस्तकको अवश्य पूजा गर्नुपर्दछ । बिनापूजा सुनिएको कथाबाट फलप्राप्ति हुँदैन । दरिद्र या दुर्बल जस्तो परिस्थिति भए पनि पुस्तकको पूजा गर्नुपर्छ तर कथा प्रारम्भ भइसकेपछि भने पुस्तकको पूजा गर्नुहुन्न । यसो गरियो भने कथामा विघ्नबाधा उत्पन्न हुन्छ ।

७. पुराणवाचकका विशेषता वा गुण

पुराणज्ञः शुचिर्दक्षः शान्तो विजितमत्सरः ।
साधुः कारुण्यवान् वाग्मी वदेत् पुण्यकथामिमाम् ॥ २७ ॥

कथावाचक पुराणज्ञ, पवित्र आचरण र शान्त स्वभाव भएको, रसज्ञ, संशयछेदक (शङ्का निवारण गर्न सक्ने), ईर्ष्यारहित, षट्रिपुविजयी, धीर, वाणीकुशल, दयावान्, देवभक्त हुनुपर्छ । यस्ता गुणसम्पन्न व्यक्तिलाई मात्र व्यासमा वरण गर्नुपर्दछ । सूर्योदयदेखि कथा प्रारम्भ गरी सूर्यास्तसम्म त्यसलाई निरन्तरता दिनुपर्दछ । मध्याह्नमा एक मुहूर्त (२४ मिनेट) विश्राम गर्नुपर्दछ । त्यही समयमा स्वल्पाहार एवं मलमूत्रविसर्जन गर्नुपर्दछ ।

८. उपवाचक

वक्तुः पार्श्वे सहायार्थमन्य स्थाप्यस्तथाविधः ।
पण्डितः संशयच्छेत्ता लोकबोधन तत्परः ॥ ३३ ॥

उपवाचक मुख्य वक्ताको छेउमा बस्नुपर्छ । पण्डित, संशयछेदक, लोकको भावना बुझ्ने तथा अन्य कार्यहरू गर्न तत्पर रहनुपर्छ ।

वक्ता तथा श्रोता दुवैले कथा सुरु हुनुभन्दा एक दिन पहिले क्षौर गर्नुपर्दछ । प्रतिदिन सङ्क्षेपमा सन्ध्याबन्धन गर्नुपर्दछ ।

१०. परिवेशको पवित्रता

कथावाचन र श्रवण गर्ने स्थान पवित्र हुनुपर्दछ । धूर्त, पाखण्डी, दुराचारी, वेद- ब्राह्मण-

देव निन्दक जहाँ बस्छन् त्यस्तो ठाउँमा कथावाचन कदापि गर्नुहुँदैन ।

११. पुराणवाचन स्थलमा अन्य गणपति, शिवपार्वती, नवग्रह, दिक्पाल, लक्ष्मीनारायण, सूर्य, सर्वतोभद्र आदिको स्थापन पूजन गर्नुपर्दछ । त्यसैगरी अन्य देवीदेवताहरूको समेत मानसिक पूजा गर्नुपर्दछ ।

१२. श्रोताहरूले पालना गर्नुपर्ने नियमहरू

कथा श्रवण गर्दा श्रोताहरूले निश्चित आचारसंहिता पालन गर्नुपर्दछ । मनलाई चञ्चल हुन दिनु हुँदैन । षड्‌रिपुमाथि विजय प्राप्त गर्नुपर्दछ । पाखण्डीपना, लोकचिन्ता, धनचिन्ता, गृहचिन्ता, सन्तानचिन्ता, तथा स्त्रीपुरुष चिन्ता त्याग्नुपर्दछ ।

१३. कथा श्रवण क्रममा विधिनिषेध (गर्न हुने र नहुने) का पक्षहरू

- कथा श्रवण गर्दा श्रोताहरू कथा प्रारम्भ भएपछि समाप्त नहुन्जेलसम्म एउटै आसनमा बस्नुपर्दछ । कथा प्रारम्भ भएपछि जो उठेर यत्रतत्र घुम्छ, अरूलाई कथा श्रवणमा विघ्नबाधा उत्पन्न गर्दछ त्यस्तो व्यक्ति अर्को जन्ममा स्त्रीपुत्रविहीन हुनेछ ।
- जो कथा श्रवण अवधिमा पानसुपारी, धूम्रपान, मदिरापान आदि सेवन गर्दछ, त्यस्तो व्यक्तिले मृत्युपश्चात् यमदूतको मलमूत्र खानुपर्नेछ ।
- जो उच्च आसनमा बसेर कथा सुन्छ त्यसले नरकका सबै यातना भोग गरी काग भएर जन्म लिन्छ ।
- जो व्यक्ति व्यास (पुराणवाचक) लाई अभिवादन नगरी कथा सुन्न बस्छ त्यसले नरक यातना भोग गरी अर्जुनवृक्ष भएर जन्मनुपर्छ ।
- कथावाचन भइरहेको बेला जो सुत्छ त्यो चरम नरक यातनामा पर्छ र पछि सर्प योनिमा प्राप्त हुन्छ ।
- जसले कथा या कथावाचकको निन्दा गर्छ त्यस्तो व्यक्ति नरक यात्रापछि कुकुर भएर जन्मन्छ ।
- जो कथा समयमा कसैको निन्दा या प्रशंसा गर्छ या पुराणग्रन्थको निन्दा गर्छ, या विघ्नबाधा उत्पन्न गर्छ त्यो नरक यातना भोग गरी गधा या सुँगुर भएर जन्मन्छ । तसर्थ कथा श्रावणमा विघ्नबाधा नहोस् भन्नेमा विशेष ध्यान पुऱ्याउनुपर्दछ ।

१३. ब्राह्मण वरण

शिवपुराण आयोजना गर्दा यदि कर्तामा सामर्थ्य छ भने पाँच जना ब्राह्मणलाई वरण गर्नुपर्दछ । नभए वाचक, उपवाचकका अतिरिक्त एक जना ब्रह्मणलाई वरण गर्नुपर्दछ ।

१४. प्रार्थना

पूजनका निश्चित विधिहरू हुन्छन् । यसमा शिवपूजनकै रीतिले शिवपुराण एवं कथाव्यासको

षोडशोपचारले पूजा गर्नुपर्दछ । त्यसपछि दीन बनेर प्रार्थना गर्नुपर्दछ अनि स्थिर चित्तका साथमा कथा श्रवण गर्नुपर्दछ ।

व्यास प्रार्थना **व्यासरूप ! प्रबोधाग्र्य ! शिवशास्त्र विशारद ।**
एतत्कथा प्रकाशेन मदज्ञानं विनाशय ॥ ६३ ॥

पुराण प्रार्थना **श्रीमच्छिव पुराणाख्य प्रत्यक्षस्त्वं महेश्वरः ।**
श्रवणार्थं स्वीकृतोऽसि सन्तुष्टो भव वै मयि ॥ ५७ ॥

शिव प्रार्थना **भवाब्धिमग्नं दीनं मां समुद्धर भवार्णवात् ।**
कर्मग्राहगृहीताङ्गं दासोऽहं तव शङ्कर ॥ ५९ ॥

यसरी पूजा-अर्चना-स्तुति गरेर दीन बनेर कथा श्रवण गर्नाले शिवसायुज्य प्राप्ति हुन्छ ।

अध्याय सप्तम

श्रोताले पालना गर्नुपर्ने नियम (कर्तव्याकर्तव्य वर्णन)

शौनक उवाच- **सर्वलोकहितार्थाय दयया नियमं वद । २ ।**

हे सूतजी मुनि ! कृपया लोककल्याणका खातिर कथा श्रवणको सबै नियम विस्तारपूर्वक भन्नुहोस् ।

सूतजी भन्नुहुन्छ- नियमपूर्वक कथा श्रवण गर्नाले वाञ्छित फल प्राप्त हुन्छ । श्रोता दीक्षित नभए पहिले दीक्षा लिनुपर्छ । कोही नभेटिए कथावाचक पण्डितबाटै दीक्षा ग्रहण गर्नुपर्छ किनकि पुराणवक्ता उत्तम गुरु हुन्छ ।

भोजन गर्ने नियम **ब्रह्मचर्यमधस्सुप्ति पत्रावल्याञ्च भोजनम् ।**
कथासमाप्तो भुक्तिं च कुर्यान्नित्यं कथाव्रती ॥ ५ ॥

श्रोताले ब्रह्मचर्यको पालन गर्नुपर्छ । भूमिमा सुत्नुपर्छ । पत्तलमा भोजन गर्नुपर्छ । कथा समाप्त भएपछि मात्र भोजन गर्नुपर्छ ।

नोपवासो वरश्च स्यात् कथाश्रवणविघ्नकृत् । ९ ।

उपवास बसेर कथा श्रवण गर्नु उत्तम हो तर शारीरिक स्वास्थ्यको प्रतिकूल हुने गरी वा कथा श्रवणमा विघ्न हुने गरी उपवास बस्नुचाहिँ वाञ्छनीय हुँदैन । यदि उपवास बस्न सकिँदैन भने फलाहार गरेर कथा श्रवण गर्नुपर्छ ।

अग्राह्य भोजन

कथाव्रतीले गरिष्ठ (पचाउन नसकिने), सबै खाले दाल, डढेको तथा वासी अन्न, राजमा, भटमास, मसुरो, कोदो, दूषित, दुर्गन्धयुक्त भोजन ग्रहण गर्नुहुँदैन । त्यसैगरी बैगुन, तरबुजो, चिचिन्डो, मुला, लौका, प्याज, लसुन, हिङ, गाजर, नरिवल, मादक पदार्थ धूम्रपान तथा मांसादि सेवन गर्नुहुँदैन ।

यसबाहेक कथाव्रती षड्रिपु (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य) विजयी एवं ब्राह्मण, साधु, सन्त, सज्जन, पतिव्रता आदिको निन्दा नगर्ने हुनुपर्छ ।

यस्ता व्यक्तिले नित्य कथा श्रवण गर्नुपर्छ–

सत्यं शौचं दयां मौनमार्जवं विनयं तथा ।
औदार्यं मनसश्चैव कुर्यान्नित्यं कथाव्रती ॥ १५ ॥

सत्यमा रहने, शौचमा रहने, दयावान्, मौन, विनयी, उदार मन भएका कथाव्रतीले नित्य कथा श्रवण गर्नुपर्छ । यसबाहेक दरिद्र, रोगी, पापी, भाग्यहीन, निःसन्तान, एक सन्तान, अल्पायु आदि सबैले कथा श्रवण गर्नाले सद्गति प्राप्त गर्दछन् ।

जसरी नियमपूर्वक कथा श्रवणमा भाग लिइन्छ, पारायण पनि त्यसैगरी भव्य रूपले गर्नुपर्दछ । आफ्नो आर्थिक सामर्थ्य अनुसार दान, भेटी, उपहार आदिले पुस्तक, पुराणवाचक तथा उपवाचकलाई सम्मान गर्नुपर्दछ ।

शिवपूजनवत् सम्यक् पुस्तकस्य पुरो मुने ।
पूजा कार्य सुविधिनां वक्तुश्च तदनन्तरम् ॥ २६ ॥

दान गर्नका लागि उत्तम सामग्री

पुस्तकका लागि उत्तम रेसमी वस्त्र, कथावाचकका लागि रत्नदान, वस्त्रदान, पात्रदान, कम्बलदान, मृगचर्मदान, चौकीदान, शय्यादान, भूमिदान, द्रव्य (रूपैयाँ) दान आदि गर्नुपर्छ । त्यसैगरी आफ्नो शक्ति एवं सामर्थ्य अनुसार उपवाचक एवं अन्य वरण गरिएका ब्राह्मणहरूलाई पनि दानमानले सम्मान गर्नुपर्दछ ।

पूर्णाहुति उत्सव

कथाव्रतीको वर्णाश्रम धर्मअनुसार पूर्णाहुति हर्षोल्लासका साथ गर्नुपर्दछ । कथाव्रती साधु, सन्न्यासी वा विरक्त भए शिव भगवान्ले रामचन्द्रलाई उपदेश दिएको 'शिवगीता' एवं 'शिवसहस्रनाम' पाठ गरी पूर्णाहुति गर्नुपर्दछ ।

गीता वाच्या शिवेनोक्ता रामचन्द्राय या मुने ॥ ३५ ॥

गृहस्थ भए रूद्र संहितामा उल्लिखित प्रत्येक मन्त्रले हवन गनुपर्छ या गायत्री मन्त्र वा षडाक्षरी मन्त्र 'ॐ नमः शिवाय' ले हवन गर्नुपर्छ ।

रुद्रसंहितया होमः प्रतिश्लोकेन वा मुने । ३७ ।

न्यूनाधिकता दोष परिहारका लागि समापन समयमा शिव सहस्रनामको पाठ गनुपर्छ ।

पठेच्च श्रृणुयाद्भक्त्या शिवनामसहस्रकम् । ३९ ।

त्यसैगरी समापनको अवसरमा सबैलाई भोजन गराउनुपर्छ ।

उपसंहार

सबै पुराणमा श्रेष्ठ एवं साक्षात् शिव विग्रह 'शिवपुराण' हो जसले शिव ध्यान, स्तुति, एवं कथा श्रवणको शरण लिन्छन् ती सबैको जीवन धन्य एवं सफल हुन्छ ।

ये जन्मभाजः खलु जीवलोके, ये वै सदा ध्यानरता शिवस्य
वाणी गुणान् स्तौति कथां शृणोति, श्रोत्रद्वयं ते भवमुत्तरन्ति ॥ ४९ ॥

जो सत्त्व-रज-तम भेदले संसारलाई धारण गर्दछन् । जो संसारको भित्रबाहिर आफ्नो महिमाले प्रकाशमान छन् । जो मन, वाणी, व्यवहार रूप धारण गर्दछन् तथा जो अनन्त आनन्दघन परमशिव हुन । म उनकै शरणमा जान्छु । यथा-

सकलगुणविभेदैर्नित्यमस्पष्टरूपं, जगति च बहिरन्तर्भासमानं महिम्ना ।
मनसि च बहिरन्तर्वाङ्मनोवृत्तिरूपं, परमशिवमनन्तानन्दसान्द्रं प्रपद्ये ॥ ५० ॥

इति माहात्म्य वर्णनम् ।
॥ कल्याणमस्तु ॥

अथ विद्येश्वर संहिता

कथासार

वेदव्यासप्रणित यस शिवमहापुराणमा ७ संहिता, ४५७ अध्याय, तथा २४२९९ श्लोकहरू छन् जसमा सूत-शौनक, व्यास-नारद, नन्दीश्वर-सनत्कुमार, ब्रह्मा-नारद, वायुदेव-ऋषिहरूका बिच मुख्य संवाद रहेको छ । शिवतत्त्वसम्बन्धी गहनतम अन्वेषण गरिएको यस ग्रन्थमा पुराण लक्षण सम्बन्धी सर्ग-प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरित आदि सबै विषयहरूको विस्तृत व्याख्या गरिएको छ । शिवतत्त्व जस्तो जटिल विषयलाई पनि सहज एवं सरस ढङ्गले उपर्युक्त देव-ऋषि संवादका माध्यमबाट बुझाउने कोसिस यस ग्रन्थमा गरिएको छ । यो ग्रन्थ ज्ञानविज्ञानले ओतप्रोत छ । यसमा विभिन्न विषयहरूको चर्चा यत्रतत्र गरिएको छ । सृष्टिको आदि कालदेखि चलिआएको तर ठोस निष्कर्षमा पुग्न नसकेको साकार निराकार सम्बन्धी तत्त्वको अन्वेषण सम्बन्धी विषयलाई यस ग्रन्थले समाधान गर्ने प्रयास गरेको छ ।

विद्येश्वर संहितामा कुल २५ अध्याय र १५४० श्लोक रहेका छन् । विद्या + ईश्वर शब्दको संयोजनबाट बनेको विद्येश्वर संहितामा नाम अनुसारकै व्याख्या गर्ने कोसिस गरिएको छ । आरम्भमा शिवपुराणको परिचय, ब्रह्मा-विष्णु-महेश्वर स्वरूप परिचय, शिवलिङ्ग साकार विग्रहको पूजा रहस्य, पञ्चाक्षर मन्त्रको महत्त्व, शिवलिङ्ग स्थापना एवं पूजाविधि वर्णन, मोक्षदायक पुण्यक्षेत्रको वर्णन, सदाचार-शौचाचार-स्नान-भस्मधारण-सन्ध्याबन्धन-प्रणवजप, गायत्रीजप आदिको वर्णन गरिएको छ ।

यसैगरी अग्नियज्ञ, देवयज्ञ, ब्रह्मयज्ञ सम्बन्धी चर्चासहित सप्तवारमा गर्नुपर्ने उपासना, तिथि, नक्षत्र, योग आदिमा गरिने विशेष विधि, देश-काल-पात्र अनुसार गर्नुपर्ने दान-जप-तप-होमको स्वरूप तथा षड्लिङ्गस्वरूप प्रणवको विशेषता, जपविधि एवं महिमाको सूक्ष्मतम विश्लेषण गरिएको छ ।

अन्त्यमा बन्धन मोक्षको विवेचन, पार्थिव लिङ्ग स्थापना-पूजनविधि-महिमा; शिव नैवेद्य सम्बन्धी निर्णय, त्रिपुण्ड्र एवं रूद्राक्ष धारण महिमा आदि विषयलाई महत्त्वका साथ वर्णन गरिएको छ ।

अध्याय प्रथम

प्रयाग क्षेत्रमा मुनि–सूतजी संवाद (प्रश्नोत्तर खण्ड)

मङ्गलाचरण

आद्यन्तमङ्गलमजातसमानभाव-
मार्यं तमीशमजरामरमात्मदेवम् ।
पञ्चाननं प्रबलपञ्चविनोदशीलम्
सम्भावये मनसि शङ्करमम्बिकेशम् ॥ १ ॥

जो सृष्टिको प्रारम्भ र अन्त्यमा मङ्गल स्वरूपमै रहन्छन्, जसको हृदयमा प्राणीमात्रका लागि समान भाव छ, जो आर्य (श्रेष्ठ) छ, जो जरामरणादिबाट मुक्त छ, जो आत्माराम (स्वयंप्रकाश) छ, जसका पाँचवटा मुख छन्, जसको ध्यान गर्नाले शब्दादि पाँच इन्द्रियजनित सन्ताप दूर हुन्छन्, त्यस्ता पार्वतीपति शङ्करलाई म हृदयबाटै ध्यान गर्दछु ।

ग्रन्थादौ ग्रन्थमध्ये च ग्रन्थान्ते मङ्गलाचरेत् ।

मनुष्यले पुण्य आर्जन गऱ्यो भने मेरो स्थान लिन्छ भनेर देवताहरूले सत्कार्यमा विघ्न उत्पन्न गराउँछन् । तसर्थ मङ्गलाचरण गर्नु आवश्यक छ । जीवनमा पतन हुनबाट जोगिनका लागि बाल्य, यौवन तथा वृद्धावस्थामा निरन्तर मङ्गलाचरण गर्नुपर्छ ।

धर्मक्षेत्रे महाक्षेत्रे गङ्गा कालिन्दि सङ्गमे ।
प्रयागे परमे पुण्ये ब्रह्मलोकस्य वर्त्मनि ॥ १ ॥

गङ्गा र यमुना नदीको बिच भागलाई ब्रह्मलोकको मार्ग भनिन्छ । यस क्षेत्रमा जप-तप गर्नाले अक्षय फल प्राप्ति हुन्छ । यही क्षेत्रमा प्रयाग पनि पर्दछ । त्यहीँ सत्यव्रत परायण साधु-सन्त-तपस्वीहरूको सत्र प्रारम्भ हुने कुरा सुनेर सबै क्षेत्रबाट सन्तहरू जम्मा हुने क्रममा व्यासशिष्य सूतजी पनि आउनुभयो । सूतजीको आदर-सत्कारपछि मुनिहरूले परमज्ञानी सूतजीलाई प्रश्न गर्न थाले ।

मुनिहरू सोध्न थाले- हे सर्वज्ञ सूतजी ! कृपया हामीलाई रहस्यमय कथा सुनाउनुहोस् । तपाईंको आगमन नै हाम्रो कल्याणको सूचक हो । हामीले तपाईंसँग कयौं शुभ-अशुभ कथा सुन्यौं तर त्यसले हामीलाई तृप्ति दिएन, तसर्थ तृप्तिदायक रहस्यमय कथा सुनाउनुहोस् ।

कलियुग वर्णन

प्राप्ते कलियुगे घोरे नराः पुण्य विवर्जिताः ।
दुराचाररता सर्वे सत्यवार्ता पराङ्मुखाः ॥ १२ ॥

कलियुग प्राप्त हुनासाथ मानिसहरू पापी, दुराचारी, असत्यभाषी, परनिन्दक, परद्रव्यापेक्षी तथा परस्त्रीगामी हुनेछन् । शरीरलाई नै आत्मा मान्ने, शठ, नास्तिक, पशुबुद्धि (पेट भर्न मात्र जान्ने) तथा मातृपितृद्रोही हुनेछन् ।

कलियुगमा ब्राह्मणको आचरण

विप्रा लोभग्रहग्रस्ता वेदविक्रयजीविनः ।
धनार्जनार्थमभ्यस्त विद्यामदविमोहिताः ॥ १५ ॥

कलियुगमा ब्राह्मणहरू लोभी, वेद बेचेर खाने, धन कमाउनमा व्यस्त रहने, विद्या आर्जन नगर्ने, निर्दयी, खराब आचरण गर्ने हुनेछन् ।

कलियुगमा क्षत्रियको आचरण

प्रजपालनसद्धर्मविहीना भोगतत्पराः ।
प्रजासंहारका दुष्टा जीवहिंसाकरा मुदाः ॥ २१ ॥

कलियुगमा क्षत्रियहरू प्रजापालन गर्ने सद्धर्मबाट च्युत, जतिबेलै भोगमा लिप्त रहने, प्रजाको संहार गर्ने, दुष्ट, जीवहिंसा गर्ने, गौ ब्राह्मणको जीविका हरण गर्ने, शरणमा परेकाहरूको रक्षा गर्न नसक्ने, स्त्रीरमणलाई नै पुरूषार्थ सम्फेर त्यसैमा मग्न रहने हुनेछन् ।

कलियुगमा वैश्यको आचरण-

कृपणा बद्धमुष्टयः । २३ ।

कलियुगमा वैश्यहरू संस्कारहीन, नीचमार्गी, धनपिपासु, गुरू-देवता-ब्राह्मणप्रति भक्तिभावनाहीन, दानहीन, मुट्ठी बाँधेका लोभी हुनेछन् ।

कलियुगमा शूद्रको आचरण-

कलियुगमा शूद्रहरूले ब्राह्मणको आचरण गर्नेछन् । उनीहरूले यज्ञ पूजादि गराउनेछन् । शूद्रहरू वेशभूषाधारी धर्मनष्टप्रवर्तक हुनेछन् ।

कलियुगमा स्त्रीको आचरण

स्त्रियश्च प्रायशो भ्रष्टा भर्त्रवज्ञानकारिकाः ।
श्वशुरद्रोहकारिण्यो निर्भया मलिनाशनाः ॥ ३२ ॥

कलियुगमा स्त्रीहरू चरित्रभ्रष्ट, पतिको आज्ञा नमान्ने, सासुससुरासँग द्रोह गर्ने, कसैको डर

नभएका, अभक्ष भक्षण गर्ने, निन्दित कर्ममा प्रवृत्त, कुटिल स्वभाव, कामुक, उपपति राख्ने, सन्तानहीन, मातापिताको सेवा नगर्ने, दुष्टमति, अहित विद्याको उपासना गर्ने तथा विविध रोगबाट आक्रान्त हुनेछन् ।

हे सूतजी ! कृपया भन्नुहोस् यी र यस्तै प्रवृत्तिमा संलग्न मनुष्यहरूले कसरी उत्तम गति प्राप्त गर्लान् ? यसको उपाय के होला ? तपाईं सर्वज्ञ हुनुहुन्छ । सबै सिद्धान्तहरूको साररस हामीलाई पान गराउनुहोस् ।

परोपकारसदृशो नास्ति धर्मो परः खलु । ३६ ।

यी प्रश्नहरू सुनेपछि सूतजी शिवको ध्यान गर्दै उत्तर दिन थाल्नुभयो ।

मनसा शङ्करं स्मृत्वा सूतः प्रोवाच तान् मुनीन् । ३८ ।

अध्याय द्वितीय

श्री शिवमहापुराणको महिमा र संहिताहरूको भेद

सूतजी भन्नुहुन्छ- हे मुनीश्वरहरू ! तपाईंहरूको प्रश्न अति उत्तम छ । तपाईंहरू धन्य हुनुहुन्छ । अब म वेदान्तसारको सर्वस्व, कलिकालबाट मुक्ति दिने, परमार्थदायक, शिवपुराण नामक ग्रन्थको आरम्भ गर्दछु । शिवपुराण नसुनुन्जेल अन्य शास्त्रहरू परस्पर विभाजित भइरहन्छन् ।

यावच्छिव पुराणं हि नोदेष्यति जगत्यहो । ६ ।
तावत्सर्वाणि शास्त्राणि विवदन्ते परस्परम् । ७ ।

श्री वेदव्यासजीले शिवपुराणलाई सर्वोत्कृष्ट महत्त्व दिनुभएको छ । यसको श्रवण कीर्तन गर्नाले भवसागरबाट पार भइन्छ । म यो सबै कथा त वर्णन गर्न सक्दिनँ, यसको केही माहात्म्य सुनाउँछु ।

तथापि तस्य माहात्म्यं वक्ष्ये किञ्चित्तु वोऽनघाः । १९ ।

शिवपुराणको एक वा आधा श्लोक मात्र पनि भक्तिपूर्वक पढ्नाले या सुन्नाले मनुष्य पापरहित हुन्छ । सावधानीपूर्वक सम्पूर्ण श्लोक पढ्नाले या सुन्नाले जीवनमुक्त हुन्छ । यो पुराण स्वयं शिवले उपनिषद्रूपी समुद्रलाई मन्थन गरी निकालेको नौनीरूपी अमृत हो । यसलाई एक महिना नित्य पढ्नाले ब्रह्महत्याजनित पापहरू नष्ट हुन्छन् । जो यस संहितालाई विल्ववनमा, शिवालयमा या भैरवको मूर्ति अगाडि पढ्छ उसका सबै मनोरथ पूर्ण भई अद्भुत लाभ प्राप्त हुन्छ ।

लिनु नहुने दान लिनाले, बोल्नु नहुने वचन बोल्नाले, वा गर्नु नहुने काम गर्नाले जुन पाप भएको हुन्छ यस ग्रन्थलाई पढ्नाले या सुन्नाले ती सबै पापबाट मुक्ति मिल्दछ । वेद वा शास्त्रको अध्ययन गरेर जुन फल प्राप्त गर्न दुर्लभ छ त्यो फल शिवपुराणको अध्ययन वा श्रवणबाट सम्भव हुन्छ ।

अधीतेषु च शास्त्रेषु वेदेषु व्याकृतेषु च ।
यत्फलं दुर्लभं लोके तत्फलं तस्य सम्भवेत् ॥ २६ ॥

संहिताको भेद (भिन्नता): प्राचीन र सम्प्रति

पहिले यो संहिता एक लाख श्लोक र द्वादश संहितामा विभक्त थियो । यसलाई व्यासजीले सङ्क्षेप गरी चौबीस हजार श्लोक तथा सात संहितामा सीमित गरेका छन् ।

व्यासेन तत्तु सङ्क्षिप्तं चतुर्विंशत्सहस्रकम् ।
शैव तत्र चतुर्थं वै पुराणं सप्तसंहिताम् ॥५६ ॥

शिवद्वारा रचित द्वादश संहिता र श्लोकसङ्ख्या अनि वेदव्यासरचित सप्तसंहिता र श्लोकसङ्ख्या यसप्रकार रहेका छन्-

	शिवरचित द्वादश संहिता र श्लोकसङ्ख्या	वेदव्यासरचित सप्तसंहिता र श्लोकसङ्ख्या
१.	विद्येश्वर संहिता १०००० श्लोक	२५ अध्याय, १,५४० श्लोक
२.	रूद्र संहिता १०००० श्लोक	१९७ अध्याय, १०,२७३ श्लोक
३.	विनायक संहिता १०००० श्लोक	
४.	उमा संहिता ८००० श्लोक	५१ अध्याय, २,६९४ श्लोक
५.	मातृ संहिता ८००० श्लोक	
६.	एकादश रूद्र संहिता १३००० श्लोक	
७.	कैलास संहिता ६००० श्लोक	२३ अध्याय, १,,२८६ श्लोक
८.	शतरूद्र संहिता ३००० श्लोक	४२ अध्याय, २,१८८ श्लोक
९.	कोटिरूद्र संहिता ४३ अध्याय, २१८८ श्लोक	अध्याय श्लोक
१०.	सहस्र कोटिरूद्र संहिता ११००० श्लोक	अध्याय श्लोक
११.	वायवीय संहिता १०००० श्लोक	७६ अध्याय, ४,१३० श्लोक
१२.	धर्म संहिता १२००० श्लोक	
कुल	एक लाख १०००० श्लोक	४५७ अध्याय, २४,२९९ श्लोक

वेदव्यास रचित एवं सम्प्रति प्राप्त यो चौथो भाग हो । यसमा रूद्र संहितालाई पाँच खण्डमा विभाजन गरिएको छ । यसमा सृष्टि-सती-पार्वती-कुमार र युद्धखण्डको वर्णन गरिएको छ

भने वायवीय संहिता पूर्व र उत्तर भाग गरी दुई खण्डमा उपलब्ध छ ।

शिवपुराण ग्रन्थ साक्षात् शिवको विग्रह स्वरूप हो । वेद-स्मृति-पुराण-इतिहास र अन्य सयौं शास्त्रहरूलाई यस पुराणसँग तुलना गर्न सकिँदैन ।

शैवं पुराणममलं शिवकीर्तितं तद्
व्यासेन शैव प्रवणेन च सङ्गृहीतम् ।
सङ्क्षेपतः सकलजीवगुणोपकारम्
तापत्रयघ्नमतुलं शिवदं शतां हि ॥ ६५ ॥

शिवपुराणलाई आदपूर्वक श्रवण गर्नाले परमगति प्राप्त हुन्छ । यो पुराण वेदको सार हो र यसमा सबै शास्त्रको ज्ञान लुकेको छ ।

शैवं पुराणतिलकं खलु सत्पुराणम्
वेदान्तवेदविलसत्परवस्तुगीतम् ।
यो वै पठेच्च श्रृणुयात् परमादरेण
शम्भुप्रियः स हि लभेत् परमां गतिं वै ॥६७॥

अध्याय तृतीय-चतुर्थ

साध्य-साधन एवं साधक तथा श्रवण कीर्तन एवं मननसम्बन्धी विवेचना

व्यासजी भन्नुहुन्छ- मुनिहरूको जिज्ञासायुक्त प्रश्न सुनेपछि सूतजीले शिवको ध्यान गरी शिवसंहिताको व्याख्यान सुरु गर्नुभयो ।

सूतजी भन्नुहुन्छ- हे ऋषिहरू, जब श्वेतवराह कल्पको आरम्भ मात्र भएको थियो । मुनिजनमा विवाद सुरु भयो कि सम्पूर्ण चराचर तत्त्वभन्दा माथि या पर को छ ? यो सृष्टिको रचयिता को हो ? विवादबाट कुनै निष्कर्ष निस्कन सकेन र सबै जना ब्रह्माको समीपमा गए र यही प्रश्न गरे । ब्रह्माले विवादित विषय सुनेपछि भन्नुभयो-

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह । १० ।

चराचरभन्दा पर शिव हुनुहुन्छ । जहाँ मन-वाणी पुग्दैन या नपुगी फर्किन्छ, जहाँ विष्णु, रुद्र र मेरो गति वा पहुँच छैन, जहाँ पञ्चमहाभूतको पहुँच छैन र जसको कारणले यो सम्पूर्ण सृष्टि-स्थिति-लय हुन्छ, जसलाई पराभक्तिद्वारा मात्र अनुभव या दर्शन गर्न सकिन्छ तिनै सर्वज्ञ, सर्वसाक्षी, देवाधिदेव जगदीश्वर महादेव हुन् र पराभक्तिजन्य साधनाबाट मात्र

उनलाई प्राप्त गर्न सकिन्छ ।

साधक- साधना गर्ने व्यक्ति (कर्ता)
साधन- जसद्वारा गरिन्छ (सेवा) निष्काम
साध्य- प्राप्त गर्न खोजेको तत्त्व (शिवतत्त्व)

साध्यं शिवपदप्राप्तिः साधनं तस्य सेवनम् ।
साधकस्तत्प्रसादाद्यो नित्यादिफलनिस्पृह ॥ १८ ॥

सेवा गर्दा निष्काम भावले गर्नुपर्दछ । कामनायुक्त सेवाले साध्यतत्त्वको प्राप्ति सम्भव छैन । साधना निरन्तर गरिरहनुपर्दछ । सर्वप्रथम शिवयोग प्राप्त गर्ने गुरुमुखद्वारा नित्य श्रवण-कीर्तन-मनन गर्नाले शिवयोगको प्राप्ति हुन्छ अनि साधना (निरन्तरको अभ्यास) पछि सबै व्याधि मेटिन्छन् र आनन्दको अनुभूति भई साध्य तत्त्वको प्राप्ति हुन्छ ।

श्रोत्रेण श्रवणं तस्य वचसा कीर्तनं तथा । २१ ।

कानले भगवान्को नाम, गुण र लीलाहरूको श्रवण गर्नु, वाणीद्वारा त्यसको कीर्तन र मनद्वारा त्यसकै चिन्तन गर्नु नै महान् साधना हो । अर्को शब्दमा यसलाई 'त्रिक् साधन' भनिन्छ ।

श्रवण- स्थिर आसनमा बसेर भगवान्का मङ्गलमय गाथाहरूको श्रवण गरी चित्तमा स्थिर गर्नु नै श्रवण भक्ति हो ।

कीर्तन- भगवान्को नाम निरन्तर जप गर्नु नै कीर्तन हो ।

मनन- भगवान्को नाम, रूप, गुण तथा लीलाहरूको निरन्तर स्मरण गर्दै भगवान्कै सम्मुख रहनु मनन हो ।

यो 'त्रिक् साधन' को उपदेश सर्वप्रथम नन्दीले तपस्यारत सनत्कुमारलाई र सनत्कुमारले व्यासलाई दिएका थिए । यो नै शिवप्राप्तिको सहज, सरल एवं वेदसम्मत उपाय हो ।

श्रवणं कीर्तनं शम्भो मननं वेदसम्मतम् । १९-४ ।

अध्याय पञ्चमः

शिवलिङ्ग महिमा : लिङ्गपूजार्चना परिचय

ऋषिहरू भन्नुहुन्छ- जो श्रवण-कीर्तन-मनन (त्रिक् साधना) गर्न सक्दैनन् उनीहरूका लागि के विकल्प छ ? कृपया हामीलाई बताउनुहोस् ।

ऋषिहरूको अनुरोध सुनेपछि सूतजी भन्नुहुन्छ-

श्रवणादित्रिकेऽशक्तो लिङ्गं वेरं च शाङ्करम् ।
संस्थाप्य नित्यमभ्यर्च्य तरेत् संसारसागरम् ॥ १ ॥

'त्रिक् साधना' गर्न नसक्नेहरूले शिवमूर्ति या शिवलिङ्गको नित्य पूजार्चना गर्नुपर्दछ । पञ्चोपचार, षोडशोपचार या राजोपचार विधिले नित्य शिवको पूजा गर्नुपर्दछ । स्थापित शिवालय वा तीर्थ या मठ वा धार्मिक क्षेत्रमा शिवको नित्य पूजा गर्नुपर्दछ । यदि त्यस्तो स्थान प्राप्त नभए स्वयं मण्डप वा गोपुर निर्माण गरी त्यसमा विधिपूर्वक शिवलिङ्ग स्थापना गरी नित्य शिव नामले पूजाअर्चना गर्नुपर्दछ । यस्तो कार्य गर्दा कृपणता प्रदर्शन गर्नुहुँदैन ।

मुनिहरू प्रश्न गर्नुहुन्छ- मूर्तिपूजाका बारेमा त हामीले सुनेका थियौं र हामीलाई थाहा पनि छ तर अहिले तपाईंले वर्णन गर्नुभएको लिङ्गपूजाका बारेमा कृपया हामीलाई स्पष्ट पारिदिनुहोस् ।

सूतजी भन्नुहुन्छ- शिवतत्त्वका सगुण-निर्गुण, साकार-निराकार दुवै स्वरूप छन् । शिवमूर्ति सगुण हो भने शिवलिङ्ग निर्गुण हो । त्यसैले शिवलाई ब्रह्म भनिन्छ ।

सकलाकलरूपत्वाद् ब्रह्मशब्दाभिधः परः । १२ ।

अन्य देवताहरूमा जीवत्व छ भने शिवमा ब्रह्मत्व र जीवत्व दुवै छ । यसको जीवन्त उदाहरण ज्योतिर्लिङ्गको प्रकट हो ।

ब्रह्मा र विष्णुको मोह हटाउन शिवको ज्योतिर्लिङ्ग प्रकट भएको थियो ।

अध्याय षष्ठम, सप्तम, अष्टम, नवमञ्च

'ब्राह्मण र विष्णुको घनघोर युद्ध, ज्योतिर्लिङ्गको उत्पत्ति, भैरव प्रकट, ब्रह्माको पाँचौं शिरच्छेदन, ब्रह्मा र केतकी पुष्पलाई श्राप एवं वरदान, शिवरात्रि निर्णय'

ज्योतिर्लिङ्गको प्रकटीकरण र ब्रह्मा-विष्णुको मोहभङ्ग सम्बन्धी विषय पहिले मन्दराचल पर्वतमा तपस्यारत शौनकादि ऋषिहरूलाई नन्दिकेश्वरले बताएका थिए जुन यसप्रकार छ-

नन्दिकेश्वर- एक समय क्षीरसागरमा शेषशय्यामा भगवान् विष्णु सुतिरहेका थिए । सेवकहरू सेवा गरिरहेका थिए । त्यही बेला ब्रह्मा आए र भने, 'पुत्र, उठ । तिमी को हौ ? म तिम्रो स्वामी आएको छु । हेर त ।'

उत्तिष्ठ वत्स मां पश्य तवनाथमिहागतम् । ६-३ ।

ब्रह्माको वाणीले विष्णु भित्रभित्र क्रुद्ध भए तर बाहिरबाट मुस्कुराउँदै भने, 'हे वत्स ! तिम्रो कल्याण होस् । यो आसनमा बस ।'

स्वस्ति ते स्वागतं वत्स तिष्ठ पीठमितो विश । ६-५ ।

विष्णुको प्रत्युत्तरले ब्रह्मा क्रुद्ध भएर भन्न थाले, 'हे पुत्र ! म तिम्रो रक्षक र संसारकै पितामह हुँ । तिमीलाई यस समय कालको प्रभावले घमन्ड भएको हो ।'

विष्णु- हे पुत्र ! तिमीलाई मोह भएको हो । मैले नै यो चराचर सृष्टिको रचना गर्दछु । तिमी त मेरै नाभिकमलबाट उत्पन्न भएका हौ । घमन्ड नगर ।

मन्नाभिकमलाज्जातः पुत्रस्त्वं भाषसे वृथा । ६-८ ।

यसपछि ब्रह्मा र विष्णुका बिचमा घनघोर युद्ध प्रारम्भ भयो ।

विवाद बढ्दै गयो । रजोगुण र तमोगुणको आधिक्यले दुवै एकअर्काप्रति ईर्ष्या, द्वेश, अभिमान तथा अहङ्कारले ग्रस्त भई एकअर्कालाई मार्न उद्यत भए । युद्धको आरम्भ भयो । हंस र गरूड वाहनमा बसेर दुवै शस्त्रास्त्र बर्साउन थाले । देवताहरू युद्ध हेर्नका लागि आकाशमा आए । असह्य बाण र अनेक शस्त्रास्त्रहरूको प्रहार हुन थाल्यो । ब्रह्माले पाशुपतास्त्र र विष्णुले माहेश्वरास्त्रको प्रयोग गरे ।

माहेश्वरास्त्रं मतिमान् सन्दधे ब्रह्मणोपरि । ६-१६ ।
अस्त्रं पाशुपतं घोरं सन्दधे विष्णुवक्षसि । ६-१७ ॥

दुवैले प्रयोग गरेका शस्त्रास्त्रले सम्पूर्ण धरती, आकाश, दिशा, समुद्र, पर्वत कम्पित हुन थाले । सबैतिर हाहाकार भयो । देवताहरू डराए । रक्षक नै भक्षक भनेझैँ पृथ्वीपालक नै संहारकका रूपमा उत्रिए । देवताहरूले कैलास जाने निर्णय गरे ।

जग्मु कैलासशिखरं यत्रास्ते चन्द्रशेखरः ॥ ६-२२ ॥

देवताहरू कैलास गए । शिवसमक्ष सबै वस्तुस्थितिको वर्णन गरे र युद्ध रोकेर त्रिलोकमा शान्ति स्थापना गर्नका लागि शिवसामु प्रार्थना गरे । शिवले देवताहरूलाई सान्त्वना दिँदै भने, 'हे देवताहरू ! तिमीहरू नडराओ । धैर्य गर । दुवैमा रजोगुणको आधिक्यका कारण यस्तो स्थिति सिर्जना भएको हो । म शीघ्र नै यी दुवैको अभिमान हटाउनेछु ।' शिवले तुरून्त आफ्ना गणलाई आज्ञा दिए । शिवसहित सबै गणहरू युद्धभूमिमा पुगे र प्रेक्षक बनेर युद्ध हेर्न थाले । युद्ध झन्झन् संहारक बन्दै गयो । त्यतिबेलै शिवले आफ्नो मायाको विस्तार गरी निराकार अनलस्तम्भ (ज्योतिर्लिङ्ग) स्वरूप युद्धभूमिकै बिचमा प्रकट गर्नुभयो । दुवैका शस्त्रास्त्र त्यही ज्योतिर्लिङ्गमै भस्मसात् भए । यो विचित्र अवस्था देखेर दुवैको अभिमान चूर्ण भयो ।

महानलस्तम्भविभीषणकृतिर्बभूवतन्मध्यतले स निष्कलः । ७-११ ।

त्यति नै बेला आकाशवाणी भयो- जसले यस ज्योतिर्लिङ्गको अन्तिम बिन्दु पत्ता लगाउन सक्छ ऊ नै श्रेष्ठ र मननीय हुनेछ । आकाशवाणी सुन्नासाथ विष्णु वराह रूप धारण गरी ज्योतिर्लिङ्गको अधोभाग र ब्रह्मा हंस रूप धारण गरी उपरि भागतिर अन्तिम बिन्दु पत्ता

लगाउन निस्के । हजार वर्ष बित्यो तर दुवैले ज्योतिर्लिङ्गको अधोभाग र उपरि भाग पत्ता लगाउन सकेनन् ।

विष्णु थकित भएर फर्किए । ब्रह्माले माथिबाट झर्दै गरेको केतकी पुष्प भेटे । ऊसँग मित्रता गरे । विष्णुका अगाडि असत्य बोल्ने वाचाबन्धन गरी साथमा लिएर फर्किए । दुवैले आ-आफ्ना कुरा राखे । विष्णुले अन्तिम बिन्दु प्राप्त गर्न नसकेको भनी असमर्थता व्यक्त गरे । तर ब्रह्माले उपरि भाग पत्ता लगाउन आफू समर्थ भएको दाबी गर्दै साक्षीका रूपमा केतकी पुष्पलाई अगाडि सारे । केतकीले पनि ब्रह्माको भनाइलाई समर्थन गर्दै यो कुरा सत्य भएको बताई ।

स्तम्भाग्रमेतत् समुदीक्षितं हरे तत्रैव साक्षी ननुकेतकं त्विदम् ।
तत्रोऽवदत्तत्र हि केतकं मृषा तथेति तद्धातृवचस्तदन्तिके ॥ ७-२७ ॥

विष्णुले ब्रह्मा र केतकीको वाक्यलाई सत्य मानेर मानसम्मान र पूजा गरे । ब्रह्मा गदगद भए र आफूले आफैंलाई सर्वोपरि घोषणा गरे ।

ज्योतिर्लिङ्गबाट शिवको प्रकटीकरण

ब्रह्मा हर्षित थिए । त्यतिबेलै ज्योतिर्लिङ्गबाट साक्षात् शिव प्रकट हुनुभयो । विष्णुले ज्योतिर्लिङ्ग पत्ता लगाउन नसकेको भनी असमर्थता व्यक्त गरेकोमा शिवले उनको सराहना गर्दै भन्नुभयो, 'तपाईंले सत्य वचन बोलेर धर्मको रक्षा गर्नुभयो त्यसैले आज उपरान्त त्रिलोकमा तपाईंको पूजा हुनेछ । तपाईंका मूर्तिहरूको स्थापना हुनेछ । तपाईंको उत्सव मनाइनेछ । किनकि, तपाईंले सत्यको पालना गर्नुभएको छ ।

इति देवः पुरा प्रीतः सत्येन हरये परम् ।
ददौ स्वसाम्यमत्यर्थं देवसङ्घे च पश्यति ॥ ७-३३ ॥

शिव आँखीभौंबाट भैरवको उत्पत्ति : ब्रह्माको पाँचौं शिरच्छेदन

ससर्जाथ महादेवः पुरुषं किञ्चिदद्भुतम् ।
भैरवाख्यं भ्रुवोर्मध्याद् ब्रह्मदर्पजिघांसया ॥ ८-१ ॥

शिवको आँखीभौंबाट विशालकाय भैरव प्रकट भए र उनले मैले के गर्नुपर्छ भनी शिवसँग आज्ञा मागे । शिवले असत्य बोलेका ब्रह्माको पाँचौं शिरच्छेदन गर्ने आज्ञा दिनुभयो । भैरवले पनि तुरुन्त रजोगुण तमोगुण मिश्रित ब्रह्माको पाँचौं शिरच्छेदन गरे । असत्यभाषी ब्रह्माको प्रायश्चित्त भयो । तुरुन्त शिवको शरणमा गएर भने ।

शिवद्वारा ब्रह्मालाई श्राप, यज्ञका लागि वरदान

शरणमा आएका ब्रह्मालाई शिवले श्राप दिंदै भन्नुभयो, 'तिमीले आफू महान् बन्न महत्त्वाकाङ्क्षी बनेर असत्यको सहारा लियौ त्यसैले तिम्रो मान, इज्जत सबै समाप्त भयो । आज उप्रान्त तिम्रो पूजा, उत्सव, स्थापना आदि कसैले गर्दैनन् । संसारमा कसैले तिम्रो मानसम्मान गर्ने

छैनन् ।'

ब्रह्माले भने, हे देवाधिदेव महादेव ! तपाईंले शिरच्छेदन गराएर मेरो प्रायश्चित्त गराइसक्नुभयो । मैले मेरो कर्मको दण्ड भोगिसकेँ । अब योभन्दा बढी दण्ड नदिनुहोस् । यदि कसैले पूजार्चना नै गरेन भने मेरो के नै अस्तित्व रहन्छ र ? कृपया मेरो रक्षा गर्नुहोस् ।

ब्रह्माको यस्तो दयापूर्ण याचना सुनेपछि आशुतोष भगवान् शिवले वरदान दिंदै भन्नुभयो,

वरं ददामि ते तत्र गृहाण दुर्लभं परम् ।
वैतानिकेषु गृह्येषु यज्ञेषु च भवान् गुरुः ॥ ८-१३ ॥

वैदिक तथा स्मृति यज्ञहरूमा तिमी नै गुरु (आचार्य) हुनेछौ । तिम्रो स्थापना नगरी गरिएको यज्ञ निष्फल मानिनेछ । शिवले यस्तो वरदान दिएपछि ब्रह्माले किञ्चित सन्तोष माने ।

शिवद्वारा केतकी पुष्पलाई श्राप र वरदान

शिवले क्रोधित हुँदै केतकीलाई भन्नुभयो-

रे रे केतक दुष्टस्त्वं शठ दूरमितो व्रज ।
ममापि प्रेम ते पुष्पे माभूत्पूजाष्वितः परम् ॥ ८-१५ ॥

रे रे केतक ! आजदेखि तँ मेरो पूजाबाट बहिष्कृत भइस् । यो सुन्नासाथ केतकी पनि शिवको शरणमा गई । त्यसपछि शिवले वरदान दिंदै भन्नुभयो, 'मेरो वाणी असत्य हुँदैन । त्यसैले म तिमीलाई पूजा अर्चनामा ग्रहण गर्दिनँ तर मेरा विष्णु आदि अन्य सबै सेवकले तिमीलाई स्वीकार गर्नेछन् र तिम्रो जन्म सफल हुनेछ ।

मदीयास्त्वां धरिष्यति जन्म ते सफलं ततः । ८-२० ।

शिवरात्रि निर्णय : अरुणाचल महिमा

त्यसपछि ब्रह्मा, विष्णु एवं अन्य देवताहरूले त्यो ज्योतिर्लिङ्गको विधिवत् पूजा एवम् अर्चना गरे । शिवसँग कृपा अनुग्रह बनाइराख्न अनुरोध गरे । शिवले पनि प्रसन्न भएर आशीर्वाद दिंदै भन्नुभयो-

दिनमेतत्ततः पुण्यं भविष्यति महत्तरम् ।
शिवरात्रिरिति ख्याता तिथिरेषा मम प्रिया ॥ ९-१० ॥

आज मेरो निर्गुण ज्योतिर्लिङ्गको तिमीहरूले पूजा गरी मेरो आत्मालाई सन्तुष्ट गर्‍यौ । आजको दिन शिवरात्रिको नामले भविष्यमा प्रसिद्ध हुनेछ । जसले जितेन्द्रिय रहेर चौबिस घण्टा निराहार बसी आजको दिन पूजा गर्नेछ त्यसले पूरै वर्षभरि पूजा गरेको फल प्राप्त गर्नेछ ।

त्यसैगरी ज्योतिर्लिङ्ग प्रकट भएको दिन मार्गशीर्ष महिनाको आर्द्रा नक्षत्रयुक्त दिन थियो । यस दिनमा जसले मेरो पूजा-अर्चना, व्रत-उपासना गर्नेछ त्यो मेरा लागि पुत्र कार्तिकेयभन्दा

पनि प्रिय हुनेछ ।

आर्द्रायां मार्गशीर्षे तु यः पश्येन्मामुमासखम् ।
मद्वेरमपि वा लिङ्गं स गुहादपि मे प्रियः ॥ ९-१६ ॥

यस युद्धभूमिमा मेरो ज्योतिर्लिङ्ग प्रकट हुँदा यो अग्नि पर्वतझैँ विशाल भयो र आज उपरान्त यो लिङ्ग यसै स्थानमा अविचल रूपमा रहनेछ र यसले अरुणाचल पर्वतका नामले प्रसिद्धि पाउनेछ ।

अनलाचलसङ्काशं यदिदं लिङ्गमुत्थितम् ।
अरुणाचलमित्येव तदिदं ख्यातिमेष्यति ॥ ९-२१ ॥

आज उप्रान्त यस पर्वतमा जसले जब तप, व्रत, हवन, दान, रथयात्रा, उत्सव गर्नेछ उसले करोडौं गुना फल प्राप्त गर्नेछ । त्यसपछि शिवले युद्धमा मरेकाहरूलाई अमृत वर्षा गरी जीवित गराउनुभयो । अनि फेरि उपदेश दिनुभयो ।

शिवद्वारा उपदेश

शिव भन्नुहुन्छ- मेरा सगुण र निर्गुण दुवै रूप छन् । सगुण मूर्ति हो भने निर्गुण लिङ्ग हो । लिङ्गको स्थापना, पूजन, अर्चना गर्नाले मेरो प्राप्ति हुनेछ । लिङ्ग मेरो आत्मा हो । लिङ्ग स्थापना, मूर्ति स्थापनाभन्दा ज्यादा श्रेयस्कर छ । लिङ्क्षेत्र पुण्यक्षेत्र हुनेछ जहाँ मेरो वास नित्य हुन्छ तर मूर्ति स्थापनाले मात्र पुण्यक्षेत्र हुँदैन ।

लिङ्गं प्राधान्यतः स्थाप्यं तथा वेरं तु गौणकम् ।
लिङ्गाभावे न तत्क्षेत्रं सर्वरमपि सर्वतः ॥ ९-४६ ॥

शिवलिङ्गको नित्य पूजा-अर्चना गर्नु सर्व श्रेयस्कर हुन्छ । यसबिना मुक्ति पनि सम्भव छैन ।

अध्याय दशमः

सर्गादि पञ्चकृत्य- ॐकार- पञ्चाक्षर महिमा वर्णन

ब्रह्माविष्णुरूवाच- **सर्गादिपञ्चकृत्यस्य लक्षणं ब्रूहि नौ प्रभो । १ ।**

ब्रह्मा र विष्णुले सोधे- हे प्रभु सदाशिव ! अब हामीलाई सर्गादि पाँच लक्षण बताउनुहोस् ।

शिव भन्नुहुन्छ- हुन त मेरो कृत्य तथा ज्ञान गोप्य हुन्छ । तथापि म तिमीहरूको जिज्ञासालाई पूरा गर्दछु ।

सृष्टिः स्थितिश्च संहारस्तिरोभावोऽप्यनुग्रहः ।
पञ्चैव मे जगत्कृत्यं नित्यसिद्धमजाच्युतौ ॥ २ ॥

१. सर्ग - संसारको उत्पत्तिको नाम नै सर्ग हो ।
२. स्थिति - संसारको प्रतिष्ठाको नाम नै स्थिति हो ।

३. संहार - संसारको नाश हुनु नै संहार हो ।
४. तिरोभाव - संसारको अस्तित्व नरहनु नै तिरोभाव हो ।
५. अनुग्रह - संसारबाट मुक्त हुनु नै अनुग्रह हो ।

यी पाँच कृत्य मेरा भक्तहरूले पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) मा देख्छन् । यथा-

१. पृथ्वी - यसमा सृष्टितत्त्व छ जो उत्पत्तिको कारक हो ।
२. जल - यसमा स्थितितत्त्व छ जो सबैको वृद्धि कारक हो ।
३. तेज - यसमा अग्नितत्त्व छ जो संहारको कारक हो ।
४. वायु - यसमा तिरोभाव छ जो सबैको लयकारक हो ।
५. आकाश - यसमा अनुग्रह छ जो सबैको कृपा र मोक्ष कारक हो ।

यी पाँच तत्त्वलाई म आफ्ना पाँच मुखले धारण गर्दछु ।

पञ्चकृत्यमिदं वोढुं ममास्ति मुखपञ्चकम् ।
चतुर्दिक्षु चतुर्वक्त्रं तन्मध्ये पञ्चमं मुखम् ॥ ९ ॥

यीमध्ये सृष्टि र स्थिति मैले तिमीहरूलाई दिएको छु । बाँकी संहार रुद्रलाई, तिरोभाव महेशलाई दिएको छु भने अनुग्रह मसँगै राखेको छु । यस स्वरूपलाई तिमीहरूले बिर्स्यौ र घनघोर युद्ध गर्‍यौ । अब पुनः त्यस ज्ञानलाई प्राप्त गर्न ॐकार जप र ध्यान गर ।

ॐकार एवं पञ्चाक्षर मन्त्रको प्रकटीकरण

शिव भन्नुहुन्छ- हे ब्रह्मा-विष्णु ! ॐकारको ध्यान र जप गर । यस कार्यले अहङ्कार नष्ट भई ज्ञानको प्राप्ति हुनेछ । यसको उत्पत्ति मेरो मुखबाट भएको हो ।

ॐकारो मन्मुखाज्जज्ञे प्रथमं मत्प्रबोधकः । १६ ।

ॐ मेरो आत्मा हो । मेरा पाँचै मुखबाट यसको उत्पत्ति भएको हो । 'अ' 'उ' 'म' विन्दु, नाद क्रमशः उत्तर-पश्चिम, दक्षिण-पूर्व एवं मध्यको मुखबाट निस्केर संयुक्त भई ॐ शब्द बनेको हो । ॐकार स्वयं शिवशक्तिस्वरूप हो । यसैबाट पञ्चाक्षर 'ॐ नमः शिवाय' मन्त्रको उत्पत्ति भएको हो ।

अकारादिक्रमेणैव नकारादि यथाक्रमम् । २१ ।

अर्थात् 'अ उ म' विन्दु नादबाट क्रमशः न, म, शि, वा, य को उत्पत्ति भएको हो । यही पञ्चाक्षर मन्त्रबाट पाँच मात्रा (स्वर) प्रकट भएको हो । फेरि यसैबाट शिरोमन्त्र, गायत्री, वेद मन्त्रहरूको र करोडौं मन्त्रहरूको उत्पत्ति भएको हो । त्यसैले यो पञ्चाक्षर मन्त्र सबै प्रकारका सिद्धि प्रदान गर्न सक्षम छ ।

यस मन्त्रको आर्द्रा नक्षत्रमा, चतुर्दशी तिथिमा, तीनवटै सन्ध्या समयमा शिवको पूजार्चना गर्दा अवश्य जप गर्नु । यसो गर्नाले मेरै स्वरूपलाई प्राप्त गर्न सकिन्छ । यसरी उपदेश

दिएर शिव त्यहीं अन्तर्ध्यान हुनुभयो ।

इति शास्य तथा शिष्यौ तत्रैवान्तर्हितः शिवः । ३९ ।

अध्याय एकादश-द्वादश

शिवलिङ्ग स्थापन- पूजन- जप- क्षेत्र- दान आदिको वर्णन

ऋषिहरूले सोधे- हे पुराणज्ञ सूतजी,

कथं लिङ्गं प्रतिष्ठाप्यं कथं वा तस्य लक्षणम् ।
कथं वा तत्समभ्यर्च्यं देशे काले च केन हि ॥ ११-१ ॥

शिवलिङ्गको प्रतिष्ठा, लक्षण, अर्चना कस्तो ठाउँ र समयमा गर्दा उपयुक्त हुन्छ । कृपया हामीलाई यो कुरा बताउनुहोस् ।

सूतजी भन्नुहुन्छ- कुनै तीर्थको तटमा शुभ ग्रह योग नक्षत्र हेरेर शिवलिङ्गको स्थापना गर्नु उत्तम मानिन्छ । मृत्तिकामय, पाषाणमय या धातुमय लिङ्ग होस् र चरलिङ्ग भए सानो र अचर भए ठूलो लिङ्ग स्थापना गर्नुपर्दछ ।

चरे विशिष्यते सूक्ष्मं स्थावरे स्थूलमेव हि ॥ ११-५ ॥

त्यसैगरी बाह्र अङ्गुल बराबरको लिङ्ग उत्तम हुन्छ । ज्यादा ठूलो हुँदा राम्रो तर साह्रै सानो नहोस् । नित्य पूजा हुन सकोस् । बाणलिङ्गबाहेक अन्य सबै पीठसहित निर्माण गर्नुपर्दछ । लिङ्ग स्थापना गर्ने ठाउँको मुनि नवरत्न राख्नुपर्दछ । मोती, माणिक, वैदुर्य, गोमेद, हीरा, मुगा, पद्मराग, पन्ना, नीलम यी नवरत्न हुन् ।

ढोका- पूर्व र पश्चिम दिशामा ढोका राख्नुपर्दछ । शक्ति सामर्थ्य भए पर्खाल र भूमिमा नवरत्न लगाउनुपर्दछ, नभए सुन्दर पत्थर लगाउनुपर्दछ । यसरी दिव्य प्रासाद बनेपछि विधिपूर्वक शिवलिङ्गको स्थापना गर्नुपर्दछ । 'सद्योजातं' आदि मन्त्रले पूजा गरी हवन गर्नुपर्दछ । मूर्ति पनि स्थापना गर्ने भए दुवै साथमै गर्नुपर्दछ । त्यसपछि षोडशोपचारले पूजा गर्नुपर्दछ जसमा आवाहन, आसन, अर्घ्य, पाद्य, आचमन, स्नान, अभ्यङ्ग (उद्वर्तन) वस्त्र, गन्ध, धूप, दीप, नीराजन, ताम्बूल, नमस्कार, नैवेद्य, विसर्जन र अर्घ्य अर्पण पर्दछन् । त्यसपछि अभिषेक, नैवेद्य, नमस्कार, तर्पण यथाशक्ति प्रत्येक दिन गर्नुपर्दछ । अथवा प्रतिदिन शिवदर्शन गर्नाले पनि कल्याण हुनेछ ।

लिङ्गदर्शनमात्रं वा नियमेन शिवप्रदम् । ११-३२ ।

जप विधि- ॐकार तथा पञ्चाक्षर मन्त्रको जप कुनै पनि समयमा गर्दा हुन्छ । प्रतिदिन दश

हजार ॐकार जप या प्रत्येक सन्ध्यामा एक हजार जप गर्नाले शिवपदको प्राप्ति हुन्छ । यही नियम पञ्चाक्षर मन्त्रको लागि पनि हो । समाधिमा मानसिक जप तथा अन्य सबै समयमा उपांशु (अर्काले नसुन्ने गरी गरिएको मन्त्रोच्चारण) जप गर्नुपर्दछ ।

समाधौ मानसं प्रोक्तमुपांशु सार्वकालिकम् । ११-३८ ।

ब्राह्मणले 'ॐ नमः शिवाय' अन्य वर्गले 'ॐ शिवाय नमः' भनी जप गर्नुपर्दछ । एक करोड जप गर्नाले साक्षात् सदाशिव समान भइन्छ । एउटा कामनालाई सिद्ध गर्न एक करोड मन्त्र जप गर्नुपर्दछ । जहाँ पुण्य नदीको किनार एवं शिवलिङ्ग स्थापित छ, त्यही स्थान शिवक्षेत्र हो । मनुष्यद्वारा स्थापना गरिएको शिवलिङ्गको एक सय हात वरिपरिको भूभाग शिवक्षेत्र हुन्छ भने ऋषिद्वारा स्थापित एक हजार एवं स्वयम्भू (आफैं प्रकट भएको) एक हजार धनुष (चार हजार हात) भूमिलाई शिवक्षेत्र मानिन्छ ।

लिङ्गाद्धस्तशतं पुण्यं क्षेत्रे मानुषके विदुः । ११-५५ ।
धनुष्प्रमाणंसाहस्रं पुण्य क्षेत्रे स्वयम्भुवि । ११-५६ ।

शिवक्षेत्रमा भएका जलाशय (कुवा, तलाउ, सरोवर, नदी) सबै शिवगङ्गा हुन्छन् र तिनीहरूमा स्नान, दान, तर्पण, जप गर्नाले अनन्त गुना फल प्राप्त हुन्छ । त्यसैगरी शिवक्षेत्रभित्र गरिएको शवदाह, दशाह, द्वादशाह, सपिण्डीकरण श्राद्ध, मासिक वा वार्षिक श्राद्ध अनन्त गुना फलदायक हुन्छ । त्यसैगरी पुण्यक्षेत्रमा कमसेकम एक-तीन-पाँच रात निवास गर्नाले सबै पाप नाश हुन्छन् । प्रातः कालीन उपासनालाई नित्य विधि सम्झेर गर्ने गर्नुपर्दछ भने मध्याह्न कालीन उपासनाले कामनाहरूको सिद्धि र सायं कालीन उपासना या रात्रिकालीन उपासना पनि शान्तिदायक हुन्छ ।

अभीष्ट सिद्धिका लागि शिवपूजा मध्यरात्रिमा गर्नु श्रेयस्कर हुन्छ । कलियुगका लागि त केवल नित्यकर्मले पनि फल सिद्धि हुन्छ ।

कलौ युगे विशेषेण फलसिद्धिस्तु कर्मणा । ११-६६ ।

भूलोकस्थित प्रमुख पुण्यक्षेत्रहरूको वर्णन

भूमण्डल पचास करोड योजनमा फैलिएको छ । यहाँका सबै पुण्य नदीहरूको किनार तीर्थक्षेत्र मानिन्छ । जहाँ स्नान, दान गर्नाले अनन्त गुना फल प्राप्त हुन्छ ।

तीर्थे क्षेत्रे सदा कार्यं स्नानदानजपादिकम् । १२-५ ।

पुण्य नदी र क्षेत्र त कयौं छन् तर सङ्क्षेपमा केही नदीहरूको वर्णन यहाँ गरिएको छ ।

गङ्गा- **हिमवद्गिरिजा गङ्गा पुण्या शतमुखा नदी । १२-१० ।**

यो नदी एक सय मुखयुक्त, काशी आदि अनेक पुण्यक्षेत्रद्वारा सेवित छ । यसको उपासनाले शिवपद प्राप्त हुन्छ । यसैगरी अन्य नदीहरू-

नदीको नाम	मुख सङ्ख्या	फल प्राप्ति
सरस्वती	६० मुख	ब्रह्म पद
शोणभद्रा	१० मुख	गणपति पद
रेवा/तमसा	१०-१२ मुख	शिव पद
नर्मदा	२४ मुख	विष्णु पद
गोदावरी	२१ मुख	शिव पद
कृष्णावेणी	१८ मुख	सबै खाले पाप नष्ट
तुङ्गभद्रा	१० मुख	ब्रह्मलोक
सुवर्ण मुखरी	१ मुख	पाप नष्ट

त्यसैगरी पम्पा, कन्या, श्वेत नदीको सेवनले इन्द्रलोकको प्राप्ति हुन्छ । कावेरीको उपासनाले सबै मनोरथ पूर्ण हुन्छ । यमुना, ताम्रपर्णी, वेगवती, मन्दाकिनी, अलकानन्दा, सरयू, गोमती, ताप्ती, कोशी, गण्डकी, त्रिवेणी आदि नदीहरू सबै पुण्यदायी हुन् भने बदरीकाश्रम, नैमिषारण्य, मुक्तिक्षेत्र, कुरुक्षेत्र, वराहक्षेत्र, श्रीशैल, हिमालय आदिको उपासना, त्यस क्षेत्रमा जप, तप, स्नान, दान गर्नाले अनन्त गुणा फल एवं तत्तत् लोकको प्राप्ति हुन्छ ।

त्यसैगरी जन्म दिन, पुण्य दिन, पूर्णिमा, औंसी, सङ्क्रान्ति, एकादशी, श्राद्ध दिन, तथा रामनवमी, कृष्ण जन्माष्टमी, शिवरात्रि, नवरात्रि, माघमास, कार्तिकमास, श्रावणमास एवं अन्य पर्व, काल तथा (सूर्य-चन्द्र) ग्रहण, आदि सबै करोडौं गुना फलदायी मानिएका छन् । यस्ता तिथि र पर्वहरूमा यथाशक्य जप, तप, दान आदि गर्नुपर्दछ ।

पुण्यक्षेत्रे कृतं पुण्यं बहुधा ऋद्धिमिच्छति ।
पुण्यक्षेत्रे कृतं पापं महदण्वपि जायते ॥ १२-३६ ॥

पुण्यक्षेत्र भनेको उपासना गर्ने ठाउँ हो । पूर्वजन्मकृत पापहरूको प्रक्षालन गर्ने ठाउँ हो । यस्ता क्षेत्रमा भुलेर पनि पाप गर्नुहुँदैन । सानो पाप पनि वज्रसमान हुन्छ । कल्पान्त पर्यन्त रहन्छ । त्यसैले कायिक, वाचिक, मानसिक कुनै पाप नहोस् भन्नेमा सचेत रहनुपर्दछ ।

मानसं वज्रलेपं तु कल्पकल्पानुगं तथा ॥ १२-३८ ॥

पापहरू के के छन् र ती कसरी नष्ट हुन्छन् ?

कायिक पाप	- शरीरद्वारा सेवा या तपस्याद्वारा नाश हुन्छ ।
वाचिक पाप	- जपद्वारा नाश हुन्छ ।
मानसिक पाप/धनमद	- दान गर्नाले नाश हुन्छ ।

दानाद्धनकृतं नश्येन्नान्यथा कल्पकोटिभिः । १२-४० ।

अध्याय त्रयोदशः

सदाचार वर्णन

ऋषिहरूद्वारा सदाचारको विषयमा श्रवण गर्ने इच्छा प्रकट भएपछि सूतजी भन्नुहुन्छ-

सदाचारयुतो विद्वान् ब्राह्मणो नाम नामतः ।
वेदाचारयुतो विप्रो ह्येतैरेकैकवान्द्विजः ॥ २ ॥

सबै वर्ण र सम्प्रदायले सदाचारको पालना गर्नुपर्दछ किनकि आचारको पालना गर्नु नै परम धर्म हो ।

१. शुद्ध श्रेष्ठ ब्राह्मण- वेदविहित नियमहरूलाई अक्षरशः पालना गर्ने शुद्ध श्रेष्ठ ब्राह्मण हुन्छ ।

२. क्षत्रिय ब्राह्मण- अलि अलि वेद पढेको र त्यसै अनुसार आचरण गर्दै राजसेवक भई जागिर खाने व्यक्ति क्षत्रिय ब्राह्मण हुन्छ ।

३. वैश्य ब्राह्मण- केही सत् आचरण गर्दै खेती तथा व्यापारबाट जीविकोपार्जन गर्ने वैश्य ब्राह्मण हुन्छ ।

४. शूद्र ब्राह्मण- केवल हलो जोतेर जीविकोपार्जन गर्ने शूद्र ब्राह्मण हुन्छ ।

५. चाण्डाल ब्राह्मण- असत्य, ईर्ष्या, कपटपूर्ण, परद्रोही, हिंस्रक एवं निन्दनीय कार्य गर्दै जीविकोपार्जन गर्ने ब्राह्मण कुलमै जन्मेर पनि चाण्डाल ब्राह्मण हुन्छ ।

६. क्षत्रिय- पृथ्वीको पालना गर्ने राजा हुन्छ भने बाँकी सबै क्षत्रिय हुन्छन् ।

७. वैश्य- धान्य आदि खरिद र बिक्री गर्ने वैश्य हुन्छ भने बाँकी सबै वणिक् हुन्छन् ।

८. शूद्र- तिनै वर्णहरूको सेवा गर्ने शूद्र हुन्छ । खेती गर्ने 'वृषल' हुन्छ भने बाँकी सबै 'दस्यु' मानिन्छन् ।

आचार सबै वर्णका लागि हो । बिहान उठ्नासाथ देवगुरु, ब्राह्मण एवं धरती मातालाई प्रणाम गर्नुपर्छ । त्यसपछि मलमूत्र त्याग, जलाशय आदिमा स्नान, देवता-पितृतर्पण, भस्मधारण, धौतवस्त्र धारण, गायत्री, इष्टदेव आदिको जप, त्रिकाल सन्ध्याबन्धन गर्नुपर्दछ ।

यी सबै कार्य गर्दा जितेन्द्रिय हुनु जरूरी छ । सर्वप्रथम प्राणायामद्वारा मूलाधारदेखि सहस्र दल पर्यन्त पूरक, कुम्भक, रेचक विधिले देहशुद्धि गर्नुपर्दछ अनि मात्र एकोऽहं (ब्रह्म र जीवको एकता) भएको भावना राखी जप गर्नुपर्दछ ।

ब्रह्मबुध्या तदैक्यं च सोऽहं भावनया जपेत् । ४१ ।

जपको महिमा सर्वोपरि छ । त्यसैले निरन्तर जप गर्ने अभ्यास गर्नुपर्दछ । धर्मबाट अर्थप्राप्ति, अर्थबाट भोग अनि भोगबाट वैराग्यको प्राप्ति हुन्छ । धनद्वारा निष्काम कर्म र शरीरद्वारा

तीर्थस्नान आदि कर्म गर्नाले धर्म आर्जन हुन्छ । निष्काम कर्म गर्नाले हृदयशुद्धि हुन्छ । हृदयशुद्धिपछि ज्ञान प्राप्त हुन्छ । सत्ययुगमा तप नै धर्म थियो भने कलियुगमा आएर द्रव्यकामना द्रव्योपार्जनमै धर्म सीमित भएको छ ।

निष्काम शुद्धिमाप्नोति शुद्ध्या ज्ञानं न संशयः ।
कृतादौ हि तपः श्लाघ्यं द्रव्यधर्म कलौ युगे ॥ ५४ ॥

सत्ययुगमा ध्यान गर्नाले ज्ञान पाइन्थ्यो भने त्रेतामा तपस्याले, द्वापरमा यज्ञ आदि कर्मले अनि कलियुगमा प्रतिमा पूजनले ज्ञान प्राप्ति हुन्छ । दान लिनेले पनि प्रायश्चित्त गर्नुपर्दछ । दानको प्रायश्चित्त तपस्याले हुन्छ । नगर्नाले रौरव नर्कमा परिन्छ ।

गृहीता हि गृहीतस्य दानाद्वै तपसा तथा ।
पापसंशोधनं कुर्यादन्यथा रौरवं व्रजेत् ॥ ७१ ॥

अनुचित धनको दान लिएको छ भने त्यसलाई समुद्रमा फालिदिनु पर्दछ ।

असत्प्रतिग्रहे सर्वं दुर्दानं सागरे क्षिपेत् । ७७ ।

दानको महिमा अनन्त छ । आफ्नो शक्ति अनुसार पात्रता विचार गरेर नित्य दान गर्नुपर्दछ ।

अध्याय चतुर्दश

अग्नि, देव तथा ब्रह्मयज्ञ सम्बन्धी विचार

ऋषिहरूले सोधे-

अग्नियज्ञं देवयज्ञं ब्रह्मयज्ञं तथैव च ।
गुरुपूजां ब्रह्मतृप्तिं क्रमेण ब्रूहि नः प्रभो ॥ १ ॥

सूतजी भन्नुहुन्छ-

१. अग्नियज्ञ

अग्निमा द्रव्ययुक्त हवन गर्नु नै अग्नियज्ञ हो । यो अनेक प्रकारको हुन्छ । जस्तैः समिधाजन्य अग्नि, विवाहपूर्व ब्रह्मचर्य अग्नि, जसले आफ्नो आत्मामा अग्निको आरोपण गरेका हुन्छन् या जो वानप्रस्थ धर्ममा लागेका छन् उनीहरूको अल्पाहार नै अग्निहोत्र हुन्छ । त्यसैगरी उपासनाजन्य अग्नि जसलाई अनुष्ठानात्मक अग्नि पनि भनिन्छ यस्तो अग्निलाई अनुष्ठान समाप्त नहुन्जेलसम्म सुरक्षित राख्नुपर्दछ, निभ्न दिनुहुँदैन ।

औपासनाग्निसन्धानं समारभ्य सुरक्षितम् । ५ ।

प्रातःकालको हवनले आयु वृद्धि हुन्छ भने सायंकालको हवनले सम्पदाको वृद्धि हुन्छ । त्यसैले आवश्यकता अनुसार अग्नियज्ञ निरन्तर गर्नुपर्दछ ।

२. ब्रह्म यज्ञ

वेद, वेदान्त, पुराण, षट्शास्त्र, न्याय, वैशेषिक, रामायण, महाभारत, आदि सद्ग्रन्थहरूको नित्य अध्ययन या श्रवण गर्नु नै ब्रह्मयज्ञ हो । यसले देवता प्रसन्न हुन्छन् र मनोवाञ्छित फल प्राप्त हुन्छ ।

ब्रह्मयज्ञं द्विजः कुर्याद् देवानां तृप्तयेऽसकृत् ।
ब्रह्मयज्ञ इति प्रोक्तो वेदस्याध्ययनं भवेत् ॥ १० ॥

३. देवयज्ञ

सप्तवारको पूजार्चना, उपासना र जप नै देवयज्ञ हो । लोक कल्याणार्थ सर्वप्रथम यी सातवारको सिर्जना शिवले गर्नुभएको हो । प्रत्येक वारका अलग अलग देवता हुन्छन् । त्यही अनुरूपको उपासना नै देवयज्ञ हुन्छ । यसमा पनि पाञ्चायन देवता प्रमुख छन् जो सूर्य, शिव, दुर्गा, गणेश, विष्णु हुन् ।

क) आइतवार - यस वारका स्वामी शिव हुन् । उपासनाले आरोग्य प्राप्ति हुन्छ ।
ख) सोमवार - यस वारका स्वामी दुर्गा देवी हुन् । उपासनाले सम्पत्ति प्राप्त हुन्छ ।
ग) मङ्गलवार - यसवारका स्वामी स्कन्द हुन् । उपासनाले रोग शान्त हुन्छ ।
घ) बुधवार - यस वारका स्वामी विष्णु हुन् । उपासनाले पुष्टि प्राप्त हुन्छ ।
ङ) बिहीवार - यस वारका स्वामी यम हुन् । उपासनाले आयु वृद्धि हुन्छ ।
च) शुक्रवार - यस वारका स्वामी ब्रह्मा हुन् । उपासनाले सुखभोगको प्राप्ति हुन्छ ।
छ) शनिवार - यस वारका स्वामी चन्द्र हुन् । उपासनाले मृत्युमाथि विजय प्राप्त हुन्छ ।

उपासना गर्दा मन्त्र, जप, होम, दान, तप यी पाँच कोणबाट गर्नुपर्दछ ।

देवानां प्रीतये पूजा पञ्चधैव प्रकल्पिता
तत्तन्मन्त्रजपो होमो दानं चैव तपस्तथा ॥ २३ ॥

यसरी पूजा गर्दा एक दिन, एक महिना, एक वर्ष, तीन वर्ष, पाँच वर्ष, सात वर्ष, नौ वर्ष या एघार वर्षसम्म नियमित गर्नुपर्दछ । परिवारसहित गर्न सकियो भने एकैपल्टमा सबैको कल्याण हुन्छ ।

तस्माद्वै देवयजनं सर्वाभीष्टफलप्रदम् । ४१ ।

जो नित्य पञ्चदेवको उपासना गर्दछ उसका सबै कामना पूर्ण हुन्छन् । पञ्चदेवमा यति शक्ति छ कि घरमा शान्ति, पुत्र, कलत्र, आयु, आरोग्यता, लक्ष्मी, यश, कीर्ति, पुष्टि, सुख आदि सबै प्राप्त हुन्छन् । त्यति मात्र हैन, यसले ज्ञान एवं गुरु भक्ति, गुरु स्थापना गर्ने

प्रेरणा जागृत हुन्छ जसले ब्रह्म तृप्ति गराउन मद्दत पुऱ्याउँछ । ब्राह्मण भए मन्त्रसहित र अन्य भए तन्त्रोक्त पद्धतिले उपासना गर्नुपर्दछ । उपासना नगरी फलको प्राप्ति हुँदैन । यो महिमा जसले पढ्दछ या सुन्दछ त्यसको पनि कल्याण हुन्छ ।

अध्याय पञ्चदशः

देश- काल- पात्र आदिको विवेचना

ऋषिहरूले सोधे-

देशादीन्क्रमशो ब्रूहि सूत ! सर्वार्थवित्तम । १ ।

अब हामीलाई पूजा, अर्चना र उपासनाको योग्य स्थान र समय एवम् पात्रसम्बन्धी विषयको निर्णय सुनाउनुहोस् ।

सूतजी भन्नुहुन्छ- जहाँ आफ्नो मन प्रफुल्लित भई रमाउँछ त्यही स्थान उपासनाका लागि सर्वोत्तम मानिन्छ ।

सर्वस्मादधिकं ज्ञेयं यत्र वा रोचते मनः । ६ ।

१. देश (स्थान) परिचय

निम्नलिखित स्थानहरू पहिलोभन्दा दोस्रो दश गुणाले उत्तम मानिएको छ

घरमा गरिएको उपासनाभन्दा गौशालामा गरिएको उपासनामा दश गुणा बढी फल प्राप्त हुन्छ । त्यसैगरी जलाशयको किनारमा, विल्व, तुलसी, पिपल, वटवृक्षका मुनि गरिएको उपासनाभन्दा देवमन्दिर, गुरूस्थान, नदीको किनार, सप्तगङ्गा (गङ्गा, गोदावरी, कावेरी, ताम्रपर्णी, सिन्धु, सरयु, रेवा यी सात गङ्गा हुन्) को किनारमा गरिएको उपासनामा दश गुणा बढी फल प्राप्ति हुन्छ । यसभन्दा १० गुणा ज्यादा फलप्राप्ति समुद्रको किनार, पर्वतको शिखरमा गरिएको उपासनामा प्राप्त हुन्छ । उपासनाको फल सत्ययुगमा पूर्णाङ्क प्राप्त हुन्थ्यो भने त्रेतामा तृतीयांश, द्वापरमा आधा अंश र कलियुगमा चौथाई एवं घोर कलियुगमा त्यसको पनि आधामात्र फल प्राप्त हुनेछ ।

२. काल समय परिचय

प्रसन्न आत्माले शुद्ध दिनको उपासना गर्दा समान फल मिल्दछ ।

शुद्धात्मनः शुद्धदिने पुण्यं समफलं विदुः । ८ ।

त्यसैगरी सङ्क्रान्तिमा योभन्दा दश गुणा ज्यादा फल मिल्छ भने उत्तरायण एवं दक्षिणायन प्रवेश दिनमा दश गुणा ज्यादा फल मिल्छ । योभन्दा दश गुणा ज्यादा फल चन्द्रसूर्य ग्रहणकालमा हुन्छ ।

३. पात्र परिचय

तपस्वी, ज्ञानी, योगी, यति यी सबै पूजायोग्य पात्र हुन् जुन ब्राह्मणले चौबिस लाख गायत्री जप गरिसकेको छ त्यो पनि पूजायोग्य हुन्छ ।

पतनात्त्रायत इति पात्रं शास्त्रे प्रयुज्यते । १५ ।

ब्राह्मण तीन प्रकारका हुन्छन्- तपस्वी, शास्त्रज्ञ, जाति ब्राह्मण । जाति ब्राह्मणभन्दा शास्त्रज्ञ र शास्त्रज्ञभन्दा तपस्वी ब्राह्मण श्रेष्ठ हुन्छ । जो ब्राह्मण जुन देवताको उपासना गर्दछ उसलाई दिएको दानबाट त्यही लोकको प्राप्ति दातालाई हुन्छ । जस्तो शिवभक्त भए कैलास, विष्णु भक्त भए वैकुण्ठ आदि ।

विष्णुभक्तस्य विप्रस्य दत्तं वैकुण्ठदं विदु । २४ ।

सप्तवार अनुसार/उद्देश्यले दिएको दान/वारका स्वामीको कृपापात्र हुन्छ । दान दिंदा प्रायः अन्न, वस्त्र, अलङ्कार, गाई, भूमि, तिल, सुवर्ण, चाँदी, घिउ, दुध, दही, मह, चिनी, नुन, ऋतु अनुसारको फल, साग अदि दिनुपर्दछ । कामना अनुसार पात्रताको चयन गरी दिएको दान श्रेयस्कर हुन्छ । जस्तैः

	कामना	भव	पात्र
१.	विद्या	ब्रह्म भाव राखेर	ब्राह्मणलाई दान दिने
२.	पुत्र	सरस्वती भाव राखेर	युवक ब्राह्मणलाई दान दिने
३.	बुद्धि	रूद्र भाव राखेर	कुमारी कन्यालाई दान दिने
४.	ज्ञान	विष्णु भाव राखेर	वृद्ध ब्राह्मणलाई दान दिने
५.	सुख भोग	लक्ष्मी भाव राखेर	युवती स्त्रीलाई दान दिने
६.	आत्मज्ञान	पार्वती भाव राखेर	वृद्ध ब्राह्मणीलाई दान दिने

जुनसुकै भावनाले जे दान गरे पनि धन शुद्ध हुनुपर्दछ । शुद्ध धनको दानले नै कामनाको पूर्ति हुन्छ ।

कुन दानबाट के फल प्राप्त हुन्छ ?

- पञ्चामृतको दान गर्नाले - कायिक, वाचिक, मानसिक शान्ति प्राप्त हुन्छ ।
- भूमि दान गर्नाले - इह एवं परलोकमा सम्मान मिल्छ ।
- तिल दान गर्नाले - मृत्युमाथि विजय प्राप्ति हुन्छ
- स्वर्ण दान गर्नाले - जठराग्नि वृद्धि, शक्ति प्राप्त हुन्छ
- घृत दान गर्नाले - शरीर पुष्टि
- वस्त्र दान गर्नाले - आयु वृद्धि
- धान्य दान गर्नाले - ऐश्वर्य वृद्धि
- नुन दान गर्नाले - षड्रसको प्राप्ति

- कन्यादान गर्नाले - कल्पान्त पर्यन्त सुखभोग प्राप्ति हुन्छ ।
- मोक्ष कामना गर्नेले इश्वरार्पण भावनाले दान गर्नुपर्दछ ।

ईश्वरार्पणबुध्या हि कृत्वा मोक्षफलं लभेत् । ६० ।

अध्याय षोडश

पार्थिवलिङ्ग पूजाविधि वर्णन

ऋषिहरूले सोधे-

पार्थिवप्रतिमापूजाविधानं ब्रूहि सत्तम ।
येन पूजा विधानेन सर्वाभीष्टमवाप्यते ॥ १ ॥

हे सूतजी ! कृपया अब हामीलाई पार्थिवलिङ्गको पूजाविधि सविस्तार सुनाउनुहोस् । सूतजी भन्नुहुन्छ- पार्थिवलिङ्गको पूजा गर्नाले तत्काल फल एवं धनधान्य, स्त्री, पुत्र प्राप्ति तथा अकाल मृत्युमाथि विजय प्राप्त हुन्छ ।

अपमृत्युहरं काल मृत्योश्चापि विनाशनम् । ३ ।
पुरुषाणां च नारीणामधिकारोऽत्र निश्चितम् । ५ ।

पार्थिवलिङ्गको पूजा गर्नाले सबै मनोरथ पूर्ण हुन्छ । यो लिङ्ग माटाले बनाइन्छ । माटामा सुगन्धी चूर्ण तथा दुध आदि मिसाएर यसलाई तयार गरिन्छ ।

माटो कहाँको लिने ?

नद्यां तडागे कूपे वा जलान्तर्मृदमाहरेत् । ५ ।

पवित्र नदी, तलाउ, सरोवर आदि स्थानबाट माटो ल्याई पार्थिवलिङ्ग बनाउनुपर्छ । लिङ्ग निर्माण गरिसकेपछि सर्वप्रथम गणेश, सूर्य, विष्णु एवं पार्वतीको पूजा गर्नुपर्छ । वा, त्यही माटोको नै आकार बनाएर यी देवताको पूजा गरिसकेपछि मात्र पार्थिवलिङ्गको षोडशोपचारले पूजा गर्नुपर्छ ।

नैवेद्य निर्णय

गृहं तु कुडवं ज्ञेयं मानुषे प्रस्थमिष्यते ।
दैवे प्रस्थत्रयं योग्यं स्वयम्भोः प्रस्थपञ्चकम् ॥ ११ ॥

शालि अन्न हुनुपर्छ । घरको शिवलाई एक कुडव (कुलर), मनुष्यद्वारा स्थापित शिवलाई एक प्रस्थ (दुवै हातमा जति आउँछ) देवताद्वरा स्थापितमा तीन प्रस्थ र स्वयम्भू लिङ्गमा पाँच प्रस्थ बराबरको नैवेद्य चढाउनुपर्छ । जति धेरै प्रस्थ नैवेद्य अर्पण गरिन्छ त्यति राम्रो हो । जस्तो कि १०-२०-३०-५०-१००-१००० प्रस्थ पर्यन्त चढाउन सकिन्छ ।

त्यसैगरी अभिषेक गर्नाले आत्मतृप्ति हुन्छ भने गन्ध धूप अर्पण गर्दा पुण्यप्राप्ति, नैवेद्यले आयु वृद्धि, दीपकले ज्ञानप्राप्ति, ताम्बूलले सुखप्राप्ति एवं नमस्कार, स्तुति, जपले सबै प्रकारको मनोरथको प्राप्ति हुन्छ ।

कुन महिना, तिथि, वार र नक्षत्रमा कसको पूजा गर्ने ?

१. गणेश- चैत्र, श्रावण, भाद्र महिनाको चतुर्थी तिथि एवं पौष महिनाको शतभिषा नक्षत्रमा गणेशको विशेष पूजा गर्नुपर्छ । त्यसैगरी प्रत्येक महिनाको कृष्णपक्षको चतुर्थी तिथिमा पनि पूजा गर्नुपर्छ ।

२. विष्णु- ज्येष्ठ र भाद्र महिनाको बुधवार एवं श्रवण नक्षत्रयुक्त द्वादशी या केवल द्वादशी तिथिमा विष्णुको पूजा गर्नुपर्छ ।

३. सूर्य- माघ महिनाको शुक्ल सप्तमीमा सूर्यको पूजा गर्नुपर्छ ।

४. शिव- सबै महिनाको कृष्ण पक्षको चतुर्दशी (शिवरात्रि) तथा आर्द्रा नक्षत्र एवं आइतवारका दिन शिवको पूजा गर्नुपर्छ ।

५. कार्तिकेय- षष्ठी तिथि कृतिका नक्षत्र एवं मङ्गलवार ।

६. सप्तवार- कार्तिक महिना सर्वोत्कृष्ट मानिन्छ ।

त्यसैगरी सबै देवताहरूको पूजा आफ्नो जन्म दिन, वार, नक्षत्र, र महिनामा उत्कृष्ट हुने भएकाले प्रतिवर्ष, मास या वारमा पूजा गर्नु श्रेयस्कर मानिन्छ ।

शिवलिङ्ग प्रकृति र पुरुषको संयोगले निर्माण भएको हुनाले र सम्पूर्ण जगत्को प्रतिनिधित्व यसले गर्ने हुनाले यसको पूजा गर्नाले पुनर्जन्म लिनुपर्दैन ।

योनिलिङ्गस्वरूपेण शिवो जन्मनिरूपकः ।
तस्माज्जन्मनिवृत्यर्थं जन्मपूजा शिवस्य हि ॥ ८६ ॥

शिवपूजा गर्नाले संसृति चक्रबाट मुक्ति मिल्दछ । जन्म हुनासाथ यो शरीर प्रतिक्षण जीर्ण हुने भएकाले शरीरलाई जीव भनिन्छ ।

जीर्यते जन्मकालाद्यत्तस्माज्जीव इति स्मृतः । ९९ ।

शिवलिङ्ग स्वयं शिव एवं शक्तिको संयुक्त स्वरूप हो ।

शिवशक्त्योश्च चिह्नस्य मेलनं लिङ्गमुच्यते । १०७ ।

शिव पिता हुन् भने शक्ति माता हुन् । शिव स्वयं लिङ्ग हुन् भने भग योनिस्वरूप हो त्यसैले लिङ्ग पूजाले यी दुवैलाई समेट्छ ।

षड्लिङ्ग पूजा

षड्लिङ्गपूजया नित्यं जीवन्मुक्तो न संशयः । ११४ ।

षड्लिङ्ग भनेको ॐकार हो । यसमा 'अ' ले गुरुको शरीर, 'उ' ले चरलिङ्ग, 'म' ले प्रतिष्ठित 'विन्दु' ले यन्त्र तथा 'नाद' ले स्वयम्भू जनाउँछ । त्यसैले 'ॐकार' लाई ध्वनिलिङ्ग भनिएको हो । (पूजार्यते अनेन इति) पूः को अर्थ भोग र फलसिद्धि हो । सकामीले भोग चाहन्छन् भने निष्कामीले मोक्ष चाहन्छन् । त्यसैले शिवपूजा, रुद्राक्ष, भस्मधारण, प्रणव एवं पञ्चाक्षरको नित्य उपासनाले मोक्षको द्वार खोलिदिन्छ ।

अध्याय सप्तदशः

षड्लिङ्गस्वरूप प्रणव एवं पञ्चाक्षर माहात्म्य वर्णन

प्रणव र पञ्चाक्षर मन्त्रको माहात्म्य विषयमा ऋषिहरूद्वारा जिज्ञासा राखेपछि सूतजीले भन्न थाल्नुभयो- हे ऋषिहरू, यसको सम्यक् उत्तर त शिवले मात्र दिन सक्नुहुन्छ, तैपनि म आफ्नो बुद्धिविवेक अनुसार भन्दछु, सुन्नुहोस् ।

प्रः प्रपञ्चो न नास्तीति युष्माकं प्रणवं विदुः ।
प्रकर्षेण नयेद्यस्मान्मोक्षं वः प्रणवं विदुः ॥ ५ ॥

प्रणव शब्दमा तीन अक्षर छन् । 'प्र' को अर्थ प्रपञ्च, 'न' (ण) को अर्थ नहुनु, र 'व' को अर्थ तिमीलाई हो । त्यसैगरी 'प्र'- प्रकर्षेण, न- नयेत, वः युष्मान् मोक्ष इति वा प्रणवः । अर्थात् प्रणव (ॐ कार)को जप गर्नाले प्रपञ्चबाट छुटकारा मिल्छ । शुद्धि हुन्छ र विषय आदिबाट मुक्ति प्राप्त हुन्छ ।

प्रणव पनि दुई प्रकारको हुन्छ- सूक्ष्म (ॐकार) र स्थूल (नमः शिवाय) । ह्रस्व उच्चारणले सकाम फल र दीर्घ उच्चारणले निवृत्ति फल दिन्छ ।

ह्रस्वमेव प्रवृत्तानां निवृत्तानां तु दीर्घकम् । १७ ।

विधिपूर्वक एक सय आठ करोड प्रणवको जप गरियो भने सबै प्रकारले मुक्ति प्राप्त हुन्छ । एउटा कामनाको पूर्तिका लागि एक करोड जप गर्नुपर्दछ ।

योगीका भेद

क) क्रियायोगी- शरीर या धनदौलतद्वारा सेवा/उपासना गर्ने सबै क्रियायोगी भित्र पर्दछन् ।

ख) तपयोगी- ईर्ष्या एवं परद्रोहरहित भएर इन्द्रियहरूमाथि विजय प्राप्त गरी उपासना गर्ने तपयोगी हुन्छन् ।

ग) जपयोगी- षड्रिपुमाथि विजय गर्दै शुद्धशान्त भएर जप या उपासना गर्ने जपयोगी हुन्छन् । यी क्रमशः उत्तरोत्तर श्रेष्ठ मानिन्छन् । विनाजपको तप हुँदैन ।

जप कहिले र कति गर्ने ?

गुरुबाट दीक्षा लिएर शुक्लपक्षको चतुर्दशीदेखि जप प्रारम्भ गरी कृष्णपक्षको चतुर्दशीका दिन पूर्ण गर्नुपर्दछ । अतल लोकबाट आरम्भ गरी सत्यलोकपर्यन्त एक एक लोकमाथि विजय पाउन पाँच पाँच लाख प्रणवको जप गर्नुपर्दछ । वेद मन्त्रको ऋचाअगाडि दुइटै दुवै सन्ध्यामा प्रणवको सर्वप्रथम जप गर्नुपर्दछ । जति जप गर्दै गइन्छ त्यति शिवसायुज्य प्राप्ति हुन्छ ।

पञ्चावरणलाई पार गर्न एक सय पाँच करोड जप गर्नुपर्दछ । पहिलो आवरण ईशान, दोस्रो अर्धनारीस्वरूप, तेस्रो अघोर, चौथो वामदेव र पाँचौं सद्योजात आवरण हुन्छन् ।

ईशानस्य परस्यैव प्रथमावरणं ततः । ११४ ।

पञ्चावरणभन्दा अगाडि पाँच मण्डप छन् । पहिलो माया मण्डप, दोस्रो नृत्य मण्डप, तेस्रो सोमस्कन्ध मण्डप, चौथो चन्द्रशेखर मण्डप, पाँचौं ध्यान एवं धर्म मण्डप रहेको छ । यसको अगाडि गर्भगृह छ । त्यसभन्दा अगाडि शिवलिङ्ग, त्यसभन्दा अगाडि नन्दीको स्थान छ । यसभन्दा अगाडि के छ भन्ने कुरा शिव कृपाले मात्र जानिन्छ ।

शिवस्य कृपया साक्षाच्छिवलोकस्य वैभवम् । १२० ।

प्रणवको ध्यान जप गर्नाले शिवभक्त भई शिव कृपा मिल्छ । त्यसैले प्रणवको निरन्तर ध्यान-जप गर्नुपर्दछ ।

अध्याय अष्टादश

बन्धन र मोक्ष विवेचना, शिवलिङ्ग पूजाविधान

ऋषिहरू सोध्नुहुन्छ-

बन्धमोक्ष स्वरूपं हि ब्रूहि सर्वार्थवित्तम । १ ।

हे सूतजी मुनि ! कृपया हामीलाई बन्धन र मोक्षका बिचको भेदबारे स्पष्ट पारिदिनुहोस् ।

सूतजी भन्नुहुन्छ- अष्टधा प्रकृतिबाट छुट्नु मोक्ष हो भने यसैमा बाँधिनु बन्धन हो ।

प्रकृत्याद्यष्टबन्धेन बद्धो जीवः स उच्यते । २ ।

बन्धन आगन्तुक हो भने मोक्ष स्वतःसिद्ध हो । यही अष्टधा प्रकृतिबाट शरीरको रचना हुन्छ । यी आठ तत्त्वमा प्रकृति- बुद्धि (महत्तत्त्व), अहङ्कार (त्रिगुणात्मिक) र पञ्चतन्मात्रा

पर्दछन् । शरीरबाट कर्म हुन्छ र कर्मकै आधारमा नयाँ शरीरको जन्म हुन्छ । यसरी बारम्बार जन्म र कर्म भइरहन्छ । शरीर तीन प्रकारको हुन्छ- स्थूल, सूक्ष्म र कारण ।

१. स्थूल शरीर- (जागृत अवस्था) यसले सचेत भएर सांसारिक कार्य गर्दछ ।
२. सूक्ष्म शरीर- (जागृत र स्वप्न अवस्था) यस शरीरले इन्द्रियको उपभोग गर्दछ ।
३. कारण शरीर- (सुषुप्त अवस्था) यस शरीरले आत्मानन्दको जीवको कर्मानुसारको उपभोग र अनुभूति गर्दछ ।

शिवद्वारा अष्टधा प्रकृतिको रचना भएको हो तर शिव स्वयं यसभन्दा भिन्न र अलग हुनुहुन्छ । त्यसैले शिवको उपासनाले मोक्ष मिल्छ । शिवको अर्थ हुन्छ-

शं नित्यं सुखमानन्दमिकार पुरुष स्मृतः ।
वकारः शक्तिरमृतं मेलनं शिव उच्यते ॥ ७६ ॥

'शं' नित्यसुख, 'इ' आनन्दसुख, 'व' शक्ति र अमृतस्वरूप- को योगले शिव शब्द बन्दछ । शिवकृपा प्राप्त नहुन्जेल पूजनादि कर्मले उपासना गरिरहनुपर्दछ ।

कृपा हुनासाथ जीव आत्माराम हुन्छ । जन्मदाता पिताले संसार देखाउँछन् भने परमपिता शिवले भवसागरबाटै मुक्ति दिलाउँछन् । त्यसैले मोक्षकामी व्यक्तिले प्रातःकालदेखि नसुतुन्जेलसम्म र जन्मदेखि मृत्युपर्यन्त अनवरत शिव उपासना गरिरहनुपर्दछ ।
लिङ्गका प्रकार एवं पूजनविधि

ऋषि- लिङ्गादौ शिवपूजाया विधानं ब्रूहि सुव्रत । २६ ।
सूतजी- लिङ्गानां च क्रमं वक्ष्ये यथावच्छृणुत द्विजाः । २६ ।

ऋषिहरू प्रश्न गर्नुहुन्छ-हे सूतजी मुनि ! हामीलाई लिङ्ग र शिवपूजाका विधानका बारेमा बताउनुहोस् ।

सूतजी भन्नुहुन्छ- शिव स्वयं परिपूर्ण, निस्पृह एवं सर्वज्ञ हुनुहुन्छ । सम्पूर्ण ब्रह्माण्ड नै शिवलिङ्ग हो र शिवलिङ्ग नै ब्रह्माण्ड हो । त्यसैले चराचर, स्थावर, जङ्गम सबै शिवमय छ ।

लिङ्ग पाँच किसिमका छन्-

क) स्वयम्भू लिङ्ग- आफैं प्रकट भएको लिङ्ग स्वयम्भू लिङ्ग हो । यसभित्र द्वादश ज्योतिर्लिङ्ग पर्दछन् ।
ख) विन्दु लिङ्ग- सुवर्णादि धातुले बनेको यन्त्रमा प्रणव या लिङ्ग बनाएर प्रतिष्ठित गरिएको लिङ्ग विन्दु लिङ्ग हो ।
ग) प्रतिष्ठित लिङ्ग- देवालय वा शिवालयभित्र प्रतिष्ठा गरी स्थापित गरिएका शिवलिङ्ग यसअन्तर्गत पर्दछन् ।
घ) चरलिङ्ग- घरघरमा नित्य पूजाका निम्ति स्थापना गराइएका शिवलिङ्गहरू यसअन्तर्गत पर्दछन् । यस्ता शिवलिङ्गलाई एक ठाउँबाट अर्को ठाउँमा लान-ल्याउन सकिन्छ ।

ङ) गुरुलिङ्ग- गुरुको सेवा नै गुरुलिङ्ग अर्चना हो ।

गुरु लिङ्गस्य पूजा तु गुरुसुश्रूषणं भवेत् । ८६ ।

गुरुले सदसत्को बाटो देखाउनुहुन्छ । अज्ञानरूपी अन्धकारलाई हटाएर ज्ञानरूपी शिवमार्ग देखाउनुहुन्छ । उपर्युक्त शिवलिङ्गहरूको नित्य उपासना गर्नाले साधकलाई शिवज्ञान प्राप्त हुन्छ । ज्ञान प्राप्त नहुन्जेल उपासना गरिरहनुपर्दछ । आफूसँग जस्तो स्थिति या परिवेश छ त्यसैअनुसार उपासना गर्नुपर्दछ ।

यथादेशं यथाकालं यथादेहं यथाधनम् ।
यथायोग्यं प्रकुर्वीत क्रियादीञ्छिव भक्तिमान् ॥ १५३ ॥

न्यायपूर्वक कमाएको धनले शिवक्षेत्रमा सेवा गर्नुपर्दछ । यस कार्यले परलोकको मार्ग सुदृढ गराउँछ । शुद्ध अन्नको सेवन गरी मौन व्रत धारण गर्दै नित्य शिव चिन्तन गर्नुपर्दछ । जन्म तथा मृत्यु शिवको माया हो भन्ने सम्झेर शिवार्पण गर्नुपर्दछ । अनुकुलता भए शिवलिङ्गकै समीप नित्य वास गर्नुपर्दछ ।

शिवभक्तो वसेन्नित्यं शिवलिङ्गं समाश्रितः । १५९ ।

अध्यायः एकोनविंशः विंशश्च

पार्थिव लिङ्ग निर्माणविधि एवं वेदमन्त्रद्धारा व्यास एवं समास पूजाविधि वर्णन

ऋषिहरूले पार्थिव महेश्वर लिङ्गको महिमा सविस्तार सुन्ने इच्छा राख्नुभयो । 'व्यासतो ब्रूहि तं पुनः ।' ऋषिहरूको जिज्ञासा सुनेपछि सूतजी भन्नुहुन्छ- पार्थिवलिङ्ग सबै लिङ्गभन्दा श्रेष्ठ र उत्कृष्ट लिङ्ग हो । यसको पूजा ब्रह्मा, विष्णु, प्रजापति, देव, असुर, मनुष्य गन्धर्व उरग, राक्षस सबैले गरी सिद्धि प्राप्त गरेका छन् । पार्थिव लिङ्गको पूजा कलियुगमा श्रेष्ठ मानिएको छ र पूजा गर्नाले असाध्य कार्य पनि सहज एवं सरलतापूर्वक सम्पन्न गर्न सकिन्छ ।

कृते रत्नमयं लिङ्गं त्रेतायां हेमसम्भवम् ।
द्वापरे पारदं श्रेष्ठं पार्थिवं तु कलौ युगे १९-७ ॥

महिमा- नदीहरूमा गङ्गा, मन्त्रहरूमा श्रेष्ठ ॐकार, वर्णहरूमा ब्राह्मण, नगरहरूमा काशी, व्रतहरूमा शिवरात्रि, देवीहरूमा शिवा श्रेष्ठ भएझैं सबै लिङ्गहरूमा पार्थिव लिङ्ग नै सर्वोत्कृष्ट हो ।

यथा नदीषु सर्वासु ज्येष्ठा श्रेष्ठा सुरापगाः ।
तथा सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते ॥ १० ॥

फलश्रुति- पार्थिव लिङ्गको दर्शन गर्नाले कल्याण हुन्छ

तस्य दर्शनमात्रेण भुक्तिर्मुक्तिश्च जायते । २२ ।

पार्थिव लिङ्गको आराधनाले आयुवृद्धि, सन्तुष्टि तथा उत्तम स्वास्थ्य प्राप्त हुन्छ र मनुष्यले धनवान्, कीर्तिवान्, ऐश्वर्यवान् भएर रुद्रसमान जीवन यापन गर्दछ ।

पार्थिवाराधनं पुण्यं धनमायुर्विवर्धनम् ।
तुष्टिदं पुष्टिदं श्रीदं कार्यसाधक सत्तमैः ॥ १७ ॥

कामनायुक्त पूजा गर्नाले शिवलोकमा अनन्तकाल पर्यन्त निवास गरी या राजा समान भएर जन्म लिन्छन् । निष्काम पूजा गर्नाले शिवसायुज्य प्राप्ति हुन्छ । अखण्डित पार्थिव लिङ्गको पूजा गर्नुपर्दछ ।

अखण्डे तु चरे पूजा सम्पूर्ण फलदायिनी ।
द्विखण्डे तु चरे पूजा महाहानिप्रदा स्मृता ॥ ३६ ॥

भस्म तथा रुद्राक्ष धारण गरेर पूजा गर्नुपर्दछ
पार्थिव लिङ्गको पूजा कहाँ गर्ने ?

नदी तीरे तडागे च पर्वते काननेऽपि च ।
शिवालये शुचौ देशे पार्थिवार्चा विधीयते ॥ २०-५ ॥

ब्राह्मण भए सेतो माटो, क्षत्रिय भए रातो माटो, वैश्य भए पहेँलो माटो र शूद्र भए कालो माटो लिनुपर्दछ ।

वैदिक पार्थिव पूजन विधि-

- 'नमः शिवाय' मन्त्रले प्रोक्षण गर्ने,
- 'भूरसि भूमिरस्यदितिरसि' मन्त्रले क्षेत्रसिद्धि गर्ने,
- आपो अस्मान् मातरः' मन्त्रले जलशुद्धि गर्ने,
- 'नमस्ते रुद्र मन्यव' मन्त्रले स्फटिकबन्ध गर्ने,
- 'नमः शम्भवाय च' मन्त्रले क्षेत्रशुद्धि एवं पञ्चामृतले प्रोक्षण गर्ने,
- 'नमोस्तु नीलग्रीवाय' मन्त्रले प्रतिष्ठा गर्ने,
- 'एतत्ते रुद्रावस तेन परो मूजवतोऽतीहि' मन्त्रले आसन दिने,
- 'मानो महान्तमुत मानो अर्भकं मान' मन्त्रले आवाहन गर्ने,
- 'याते रुद्रशिवा तनूरघोराऽपापकाशिनी' मन्त्रले आसनमा राख्ने,
- यामिषुं गिरिशन्त हस्ते विभर्ष्यस्तवे' मन्त्रले अङ्गन्यास गर्ने,
- 'अध्यवोचदधिवक्ता प्रथमो दैव्यो भिषक्' मन्त्रले अधिवास गर्ने,
- 'असौ यस्ताम्रो अरुण उतबभ्रूः सुमङ्गलम्' मन्त्रले इष्टदेव शिवको न्यास गर्ने,

- 'असौ योऽवसर्पति नीलग्रीवो विलोहितः' मन्त्रले उपसर्पण गर्ने,
- 'नमोऽस्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे' मन्त्रले पाद्य अर्पण गर्ने,
- 'तत्पुरुषाय विद्महे महादेवाय धीमहि' मन्त्रले अर्घ्य अर्पण गर्ने,
- 'त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्' मन्त्रले आचमन अर्पण गर्ने,
- 'पयः पृथिव्यां पय ओषधीषु' मन्त्रले दुग्धाभिषेक गर्ने,
- 'दधिक्राब्णो अकारिषं जिष्णोरश्वस्य वाजिनः' मन्त्रले दधिस्नान गर्ने,
- 'घृतं घृतपावानः पिवत वसां वसापावानः' मन्त्रले घृतस्नान गर्ने,
- 'मधुव्वाता ऋतायते मधुक्षरन्ति सिन्धवः' मन्त्रले महले स्नान गर्ने,
- 'अपाꣳ रसमुद्धयसꣳ सूर्ये सन्तꣳ समाहितम्' मन्त्रले चिनी शर्करा चढाउने, उपर्युक्त दुधदेखि चिनीसम्मका पदार्थलाई पञ्चामृत भनिन्छ ।) यसैगरी-

'मानस्तोके तनये मा न आयुषि मानो गोषु' मन्त्रले कटिबन्धन गर्ने,
'नमो धृष्णवे च प्रमृशाय च नमो निषङ्गिण' मन्त्रले उत्तरीय वस्त्र अर्पण गर्ने,
'याते हेतिर्मीर्दुष्टमहते बभूव ते धनुः' मन्त्रले अधोवस्त्र अर्पण गर्ने,
'नमो श्वभ्यः श्वपतिभ्यश्च वो नमो नमः' मन्त्रले गन्ध अर्पण गर्ने,
'नमस्तक्षभ्यो रथकारेभ्यश्च वो नमो नमः' मन्त्रले अक्षता अर्पण गर्ने,
'नमः पार्यायचावार्याय च नमः' मन्त्रले पुष्प अर्पण गर्ने,
'नमः कपर्दिने च व्युप्तकेशाय च नमः' मन्त्रले धूप अर्पण गर्ने,
'नमः आशवे चाजिराय च नमः' मन्त्रले दीप अर्पण गर्ने,
'नमस्तक्षभ्यो रथकारेभ्यश्च वो नमो नमः' मन्त्रले अक्षता अर्पण गर्ने,
'नमः ज्येष्ठाय च कनिष्ठाय च नमः' मन्त्रले नैवेद्य अर्पण गर्ने,
'इमा रुद्राय तवसे कपर्दिने क्षयद्वीराय प्रभरामहे' मन्त्रले फल अर्पण गर्ने,
'नमो ब्रज्याय च गोष्ठ्या च नमः' मन्त्रले अन्य सबै पदार्थ अर्पण गर्ने,
'हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्' मन्त्रले दक्षिणा अर्पण गर्ने,
'देवस्यत्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो' मन्त्रले अभिषेक गर्ने,
'एष ते रुद्रभागः सहस्वस्राम्बिकया तं जुषस्व' मन्त्रले शिवमुद्रा अर्पण गर्ने,
'यतो यतः समीहसे ततो नो अभयङ्कुरु' मन्त्रले अभयमुद्रा अर्पण गर्ने,
'इमा रुद्राय तवसे कपर्दिने क्षयद्वीराय' मन्त्रले पुष्पाञ्जलि अर्पण गर्ने,
'नमः सेनाभ्यः सेनानीभ्यश्च वो नमो नमः' मन्त्रले महामुद्रा प्रदर्शन गर्ने,
'नमः गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च' मन्त्रले धेनुमुद्रा अर्पण गर्ने,
'मानो महान्तमुतमानो अर्भकं मानः' मन्त्रले प्रदक्षिणा गर्ने,
'मानस्तोके तनये मान आयुषि मानोः' मन्त्रले साष्टाङ्ग प्राणायाम गर्ने,
त्यसपछि यथाशक्य पाठ एवं जप गर्ने अनि देवागातुविदो गातुं वित्वा गातुमितः मन्त्रले विसर्जन गर्ने ।

सङ्क्षिप्त वैदिक पार्थिव शिवलिङ्ग पूजाविधि

ऋचा सद्योजातमिति मृदाहरणमाचरेत् ।
वामदेवाय इति च जलप्रक्षेपमाचरेत् ॥ ३९ ॥

'सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः' मन्त्रले मृत्तिका लिने
'वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो' मन्त्रले जल प्रक्षेपण गर्ने
'अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः सर्वेभ्य' मन्त्रले लिङ्ग निर्माण गर्ने
'तत्पुरुषाय विद्महे महादेवाय धीमहि' मन्त्रले आवाहन गर्ने
'इशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपति' मन्त्रले प्राण प्रतिष्ठा गर्ने, त्यसपछि पञ्चाक्षर मन्त्र या गुरुले दिनुभएको शिवसम्बन्धी गुरुमन्त्रद्वारा षोडशोपचारले पूजाआजा गर्ने र अन्त्यमा यो मन्त्रले प्रार्थना गर्ने-

भवाय भवनाशाय महादेवाय धीमहि ।
उग्राय उग्रनाशाय शर्वाय शशिमौलिने ॥ ४३ ॥

शिवका आठ नामबाट पार्थिवलिङ्ग पूजा

जसले वैदिक मन्त्रद्वारा पूजा सम्पन्न गर्न सक्दैनन् उनीहरूले केवल शिवका आठ नामको उच्चारण गरेर पूजा सम्पन्न गर्न सक्छन् । यो सबैभन्दा सरल र सहज तरिका हो । शिवका आठ नाम हुन्-

हरो महेश्वरः शम्भुः शूलपाणिः पिनाकधृक् ।
शिवः पशुपतिश्चैव महादेव इति क्रमात् ॥ ४७ ॥

यी प्रत्येक नामको अगाडि 'प्रणव' र अन्त्यमा 'नमः' उच्चारण गर्ने-
ॐ हराय नमः- मृत्तिका ग्रहण, ॐ महेश्वराय नमः- जल प्रोक्षण, ॐ शूलपाणये नमः- प्राणप्रतिष्ठा, ॐ शम्भवे नमः- शिवको आवाहन, ॐ पिनाक्धृषे नमः- स्नान गराउने, ॐ शिवाय नमः- पूजा गर्ने, ॐ पशुपतये नमः- क्षमायाचना गर्ने, ॐ महादेवाय नमः- विसर्जन गर्ने,
कुनै एक विधिले पूजा सम्पन्न गरेपछि षडाक्षर मन्त्रले अङ्न्यास एवं करन्यास गर्नुपर्दछ । त्यसपछि ध्यान र प्रार्थना गर्नुपर्दछ ।

ध्यान

कैलास रूपी सिंहासनमाथि विराजमान, भक्तहरूद्वारा आनन्दपूर्वक पूजित एवं उनीहरूका समस्त दुःखकष्टलाई दावानलझैँ भस्म गर्ने, पार्वतीद्वारा आलिङ्गन गरिएका, विश्वभूषण शिवको म ध्यान गर्दछु । म उनै महेशको प्रतिदिन ध्यान गर्दछु जो चाँदीको पर्वत समान सुन्दर छन् । चन्द्रमालाई मुकुटमा धारण गरेका छन् । रत्नहरूको आभूषण धारण गर्नाले जसका अङ्ग अङ्गकान्ति उद्भासित भएका छन् । जसका चारवटै हात क्रमशः परशु,

मृगमुद्रा, वर एवं अभयमुद्राद्वारा सुशोभित भएका छन् । कमलासनमा बसेका, देवताहरूद्वारा चारैतर्फबाट उभिएर स्तुति गरिएका, वस्त्रको ठाउँमा व्याघ्रचर्म धारण गरेका, पाँच मुख तीन नेत्रद्वारा सुशोभित, विश्वका बीज, विश्वद्वारा वन्दनीय, शिवको ध्यान सदा गर्दछु । श्लोकमा उपर्युक्त भावको यसरी वर्णन गरिएको छ-

कैलासपीठासन मध्य संस्थं
भक्तैः सनन्दादिभिरर्च्यमानम् ।
भक्तार्तिदावानलमप्रमेयम्
ध्यायेदुमालिङ्गितविश्वभूषणम् ॥ ५१ ॥

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारूचन्द्रावतंसम्
रत्नाकल्पोज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम्
पद्मासीनं समन्तात्स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानम्
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥ ५२ ॥

प्रार्थना

स्तुति एवं ध्यान गरिसकेपछि दीन बनेर दीननाथको प्रार्थना गर्नुपर्छ । म तपाईको हुँ । मलाई तपाईंको भक्ति प्रदान गरी कृतार्थ तुल्याइदिनुहोस् । मैले जानेर वा नजानेर तपाईंको जे जस्तो पूजा-जप-तप गरेँ तपाईंको कृपाले त्यो सबै सफल होस् भनी फेरि निम्नलिखित श्लोक उच्चारण गर्ने-

अहं पापी महानद्य पावनश्च भवान्महान् ।
इति विज्ञाय गौरीश यदिच्छसि तथा कुरु ॥ ५८ ॥

त्यसपछि प्रदक्षिणा गरी हृदयमा शिवलाई सन्निवेश गर्नुपर्दछ ।

केही जान्नुपर्ने विधि

शिवको अर्ध प्रदक्षिणा गर्नुपर्दछ । 'आचारेन्दु' मा लेखिएको छ- शिव प्रदक्षिणी कुर्वन् सोमसूत्रं न लङ्घयेत् ।

अपवाद- यदि सोमसूत्रलाई तृण, काष्ठ, पत्र, पत्थर या इँटाले ढाकिएको छ भने नाघ्न सकिन्छ ।

अर्को प्रमाण- **एका चण्ड्या रवे सप्तः तिस्रः कार्या विनायके ।**
हरे चतस्रः कर्तव्याः शिवस्यार्ध प्रदक्षिणा ॥

अर्थात् दुर्गालाई एक, सूर्यलाई सात, गणेशलाई तीन, विष्णुलाई चार र शिवलाई आधा परिक्रमा गर्नुपर्दछ ।

१. पार्थिवलिङ्गको अभिषेक गर्दा पत्रपुष्पले ढाकेर गर्नुपर्दछ । त्यसो गर्दा माटो पग्लिनबाट

जोगिन्छ ।

२. पूजा अपूर्ण वा विधिविहीन भएमा विपरीत फल प्राप्त हुन्छ त्यसैले विद्वान् पण्डितबाट पूजा गराउनुपर्दछ ।

३. जुन वस्तु उपलब्ध छैन त्यस ठाउँमा 'असम्पन्नं मनसा सम्पादयेत्' अर्थात् 'आसनं मनसा परिकल्पयामि' भनेर अर्पण गर्नुपर्दछ ।

अर्को विकल्प- अक्षता, फूल या जलमध्ये एक वस्तु अनुपलब्ध अवस्थामा अर्पण गनुपर्दछ । यथा-

तत्र द्रव्यं तु सङ्कल्प्य पुष्पैर्वापि समर्चयेत् ।
अर्चनेषु विहीनं यत् तत्तोयेन प्रकल्पयेत् ॥

अर्को विकल्प- केवल नैवेद्य, या चन्दन या फूल मात्रै भए पनि चढाउनू ।

आचारेन्दु- **केवल नैवेद्य समर्पणेनैव पूजासिद्धिरिति ।**
गन्धपुष्प समर्पणेन पूजा सिद्धिरित्यपि ॥

अध्याय एकविंश

कामनानुसार पार्थिवलिङ्ग सङ्ख्या वर्णन

ऋषि- **कामनाभेदमाश्रित्य सङ्ख्यां ब्रूहि विधानतः । २ ।**

कुन कामनाका लागि कति पार्थिवेश्वरको पूजा गर्नु भनेर ऋषिले सोधेपछि सूतजी भन्नुहुन्छ-

विद्यार्थी पुरूषः प्रीत्या सहस्रमित पार्थिवम् । ७ ।

आफ्नो कामना अनुसार यसप्रकार पूजा गर्नू-

विद्यार्थीले एक हजार पार्थिवलिङ्गको पूजा गर्नु, त्यसैगरी- धनार्थीले पाँच सय, पुत्रेच्छा हुनेले पन्ध्र सय, वस्त्रको इच्छा गर्नेले पाँच सय, मोक्षार्थीले एक करोड, पृथ्वीप्राप्ति- एक हजार, दयार्थी- तीन हजार, तीर्थप्राप्ति- दुई हजार, मित्रार्थी- तीन हजार, वशीकरणार्थी- आठ सय, मारणप्रयोग- सात सय, मोहन प्रयोग- आठ सय, उच्चाटन- एक हजार, राजभय- पाँच सय, चौरादिभय- दुई सय, बन्धनमुक्ति- पन्ध्र सय, स्तम्भन भेदन- पन्ध्र सय, डाकिनीभय- पाँच सय, दरिद्रतामुक्ति- पाँच हजार, सर्वत्रसिद्धि- दश हजार, राजभयमुक्ति- दश हजार, दण्डमुक्ति- दश हजार, डाकिनीभूत मुक्ति- सात हजार, पुत्रहीन- पचपन्न हजार, सन्तानप्राप्ति- दश हजार, देवैश्वर्य- दश हजार, अतुलनीय सम्पत्ति- दश लाख, साक्षात् शिव- एक करोड (पूजा गर्नु)

कोटिमेकां तु लिङ्गानां यः करोति नरो भुवि ।
शिव एव भवेत्सोऽपि नात्र कार्या विचारणाः ॥ २१ ॥

कलियुगमा शिवलिङ्गार्चन श्रेष्ठफलप्रद मानिएको छ । लिङ्गार्चनले जीवनपर्यन्त सुख र अन्तमा मोक्ष प्रदान गर्छ । एकातर्फ सम्पूर्ण दानादि वस्तु अर्कोतर्फ केवल लिङ्गार्चन मात्रै हुँदा पनि शिवलिङ्गार्चन नै श्रेष्ठ मानिएको छ । यथा-

एकतः सर्वदानानि व्रतानि विविधानि च ।
तीर्थानि नियमा यज्ञा लिङ्गार्चा चैकतः स्मृता ॥ २४ ॥

शिवलिङ्गार्चन सबै वर्ण, सबै जातिले गर्नुपर्छ । महिलाहरूले पनि भक्तिपूर्वक पूजार्चना गनुपर्छ । यथा-

किं बहूक्तेन मुनयः स्त्रीणामपि तथान्यतः ।
अधिकारोऽस्ति सर्वेषां शिवलिङ्गार्चने द्विजाः ॥ ४० ॥

शिवका आठ मूर्तिका नाम

पृथ्वी, जल, अग्नि, वायु, आकाश, सूर्य, चन्द्रमा र यजमान शिवका आठ मूर्ति हुन् । पार्थिवलिङ्गार्चन पश्चात् उपर्युक्त त्रिभुवनमयी आठ मूर्तिलाई सम्झेर पूजा गर्नुपर्छ । त्यसै गरी यी आठ मूर्तिहरूकै साथमा शर्व, भव, रूद्र, उग्र, भीम, ईश्वर, महादेव र पशुपति यी नामले अर्चना गर्नुपर्छ । त्यसपछि शिवका निम्नलिखित दश नामले चन्दन, अक्षता पुष्प र विल्वपत्रद्वारा पूजा गनुपर्छ- ईशान, नन्दी, चण्ड, महाकाल, भृङ्गी, वृष, स्कन्ध, कपर्दीश्वर, सोम र शुक्र यी दश नाम हुन् । शिवका यी दश नाम ईशानदेखि क्रमशः दशै दिशामा विराजित हुन्छन् । त्यस्तै शिवसम्मुख वीरभद्र र पछाडि कीर्तिमुख रहन्छन् । यिनको पनि पूजा गर्नुपर्दछ । त्यसपछि एकादश रूद्रको पूजा गर्ने, पञ्चाक्षर मन्त्रको जप एवं शतरूद्रीय स्तोत्रको पाठ या अन्य स्तोत्रको पाठ गर्नुपर्छ । त्यसपछि प्रदक्षिणा, नमस्कार र विसर्जन गर्नुपर्छ ।

ज्ञातव्य

१. द्विजले पूजा गर्दा वैदिक विधानले गर्नुपर्छ ।
२. शिवार्चन गर्दा उत्तर फर्केर गनुपर्छ । यथा-

शिवार्चनं सदाप्येवं शुचिः कुर्यादुदङ्मुखः । ५३ ।

३. विना भस्म, त्रिपुण्ड्र, रूद्राक्ष एवं विल्वपत्र शिवार्चन नगर्नू । भस्म उपलब्ध छैन भने मृत्तिकाको तिलक लगाउनुपर्छ । यथा-

विनाभस्म त्रिपुण्ड्रेन विना रूद्राक्षमालया ।
विल्वपत्रं विना नैव पूजयेच्छङ्करं बुधः ॥ ५५ ॥

अध्याय द्वाविंश

शिवनैवेद्य तथा विल्वपत्र माहात्म्य वर्णन

ऋषि- अग्राह्यं शिवनैवेद्यमिति पूर्वं श्रुतं वचः । १ ।

शिवलाई चढाएको नैवेद्य ग्रहण गर्नु हुन्छ कि हुँदैन ? हुँदैन भन्ने हामीलें सुनेका थियौं । कृपया हामीलाई विल्वपत्रको महत्त्व पनि बताइदिनुहोस् ।

सूतजी- शिवभक्त, शिवप्रति आस्थावान् वा शिवलाई इष्टदेव मान्ने सबैले शिवलाई चढाइएको नैवेद्य ग्रहण गर्नु हुन्छ । किनभने-

दृष्ट्वापि शिवनैवेद्यं यान्ति पापानि दूरतः ।
भुक्ते तु शिवनैवेद्ये पुण्यान्यायान्ति कोटिशः ॥ ४ ॥

नैवेद्य हेर्दा नै सबै पाप परै भाग्छन् झन् खाँदा त करोडौं पुण्य स्वतः प्राप्त हुन्छ । शिवलाई स्मरण गर्दै शिवनैवेद्य ग्रहण गनुपर्दछ ।

न यस्य शिवनैवेद्ये ग्रहणेच्छा प्रजायते ।
स पापिष्ठः गरिष्ठः स्यान्नरकं यात्यपि ध्रुवम् ॥ ९ ॥

शिवदीक्षा लिएकाहरूले कुनै पनि शिवलिङ्गमा चढाएको नैवेद्य लिन सक्छन् । लिनु पनि पर्छ । यथा-

सर्वेषामपि लिङ्गानां नैवेद्यं भक्षयेच्छुभम् । ११ ।

शिवदीक्षा नलिएकाहरूका लागि नैवेद्य ग्रहण

प्रायः सबै शिवलिङ्गहरूमा चढाएको प्रसाद शिवदीक्षाविहीन नै छ भने पनि ग्रहणीय मानिन्छ । जस्तो कि शालग्राम क्षेत्रमा उत्पत्ति भएका शिवलिङ्ग, स्वयम्भू लिङ्ग, देवताहरूद्धारा स्थापित शिवलिङ्ग, रसलिङ्ग, पाषाणलिङ्ग, रजतलिङ्ग, सुवर्णलिङ्ग, काश्मीरको स्फटिक लिङ्ग, रत्नलिङ्ग, सबै ज्योतिर्लिङ्ग, बाणलिङ्ग, लौहलिङ्ग, सिद्धलिङ्ग र शिवको फोटो वा मूर्तिमा चढाएको प्रसाद ग्रहणीय हुन्छ । यी लिङ्गहरूमा चढाएको प्रसाद ग्रहण गर्दा चान्द्रायण व्रत गरेसमान फल प्राप्त हुन्छ । यथा-

चान्द्रायणसमं प्रोक्तं शम्भोर्नैवेद्यभक्षणम् । १४ ।

कस्ता शिवलिङ्गमा चढाएको प्रसाद ग्रहण नगर्ने ?

जुन शिवलिङ्गमा चण्डको अधिकार हुन्छ त्यस्तो ठाउँको नैवेद्य 'शिवदीक्षाविहीन' ले लिनुहुँदैन । यथा-

चण्डाधिकारो यत्रास्ति तद्भोक्तव्यं न मानवैः ।
चण्डाधिकारो नो यत्र भोक्तव्यं तच्च भक्तितः ॥ १६ ॥

चण्डबाटै चाण्डाल भएको हो । यिनीहरू श्मसानवासी हुन्छन् । त्यसैले श्मसान आदि क्षेत्रमा स्थापित शिवलिङ्गको प्रसाद ग्रहण गर्नुहुँदैन । त्यसैगरी जहाँ तान्त्रिक पद्धतिले नित्य पूजा-अर्चना, मारण-मोचन, उच्चाटन-वशीकरण-मोहन आदि विद्याको प्रयोग गरिन्छ त्यस्ता शिवलिङ्गको प्रसाद ग्रहण गर्नुहुँदैन ।

निर्णयसिन्धुमा भनिएको छ- जहाँ पाञ्चायन देवताहरूका साथमा शिवलिङ्गको पूजा हुन्छ या शालिग्राम भगवान्को स्पर्श गराइएको छ भने त्यस्तो ठाउँमा चढाइएको प्रसाद ग्रहण गर्नु हुन्छ ।

अग्राह्यं शिवनैवेद्यं पत्रं पुष्पं फलं जलम् ।
शालग्रामशिलासङ्गात्सर्वं याति पवित्रताम् ॥ १९ ॥

शिवलिङ्गमाथि नै चढाइएको प्रसाद नलिनु तर शिवलिङ्गको परैबाट भोग लगाइएको छ भने लिनु हुन्छ । यथा-

लिङ्गोपरि च यद् द्रव्यं तदग्राह्यं मुनीश्वराः ।
सुपवित्रं च तज्ज्ञेयं यल्लिङ्गस्पर्श बाह्यतः ॥ २० ॥

शिवलिङ्गलाई स्नान गराएर त्यसको जल पिउनाले त्रिविध ताप नष्ट हुन्छन् । त्यस्तो जल गर्भिणी आमाले पिउँदा सुयोग्य सन्तानको जन्म हुन्छ ।

विल्वपत्र सम्बन्धी जानकारी

महादेवस्वरूपोऽयं विल्वो देवैरपि स्तुतः । २२ ।

विल्वपत्र साक्षात् महादेवस्वरूप भएकाले यसलाई देवताहरूले पनि स्तुति गरेका छन् । विल्ववृक्षको फेदमा संसारका सबै पुण्य तीर्थहरूको बास रहेको हुन्छ । यथा-

पुण्य तीर्थानि यावन्ति लोकेषु प्रथितान्यपि ।
तानि सर्वाणि तीर्थानि विल्वमूले वसन्ति हि ॥ २३ ॥

विल्वमूलमा शिवपूजा, जप, तर्पण, दान आदि पुण्य कर्म गर्दा साक्षात् शिवसायुज्य प्राप्ति हुन्छ । यस वृक्षको गन्धाक्षताले पूजा गर्नाले शिवलोकको प्राप्ति हुन्छ । यस वृक्षको फेदमा शिवभक्तलाई भोजन गराउँदा करोडौं गुणा फल मिल्छ । यसको महिमा अनन्त छ ।

पूजा प्रवृत्ति र निवृत्ति गरी दुई प्रकारको हुन्छ । प्रवृत्तिले सांसारिक सुख र निवृत्तिले मोक्ष प्राप्ति हुन्छ । पूजा गरिसकेपछि शिवलिङ्गलाई शिरमा धारण गर्नुपर्छ । यथा-

पूजां कृत्वा तथा लिङ्गं शिरसा धारयेत्सदा । ३६ ।

अध्याय त्रयोविंश, चतुर्विंश पञ्चविंशश्च

भस्म एवं रूद्राक्ष माहात्म्य वर्णन

ऋषिहरूले भस्म तथा रुद्राक्षको महत्त्व सम्बन्धी विषयमा जिज्ञासा राखेपछि सूतजी भन्नुहुन्छ-

शिवनाम विभूतिश्च तथा रुद्राक्ष एव च ।
एतत्त्रयं महापुण्यं त्रिवेणी सदृशं स्मृतम् ॥ १० ॥

शिवनाम, विभूति र रुद्राक्ष यी तीनको संयोग महान् पुण्यदायी त्रिवेणी सदृश मानिएको छ । शिवनामलाई गङ्गा, विभूतिलाई यमुना र रुद्राक्षलाई सरस्वती भनिएको छ । जसको शरीरमा यी तीन हुन्छन् ती सबै दर्शनीय एवं सर्वपाप विनाशक हुन्छन् ।

१. शिवनाम महिमा

शिवनाममा पापहरूको पहाडलाई जलाउने सामर्थ्य छ । यो दावाग्नि हो । त्यही व्यक्ति वैदिक, पुण्यात्मा, धन्य एवं विद्वान् हुन्छ जसले शिवनामको आश्रय लिन्छ । त्यति त पाप छैनन् जति शिवनाममा शक्ति छ । यथा-

पातकानि विनश्यन्ति यावन्ति शिवनामतः ।
भुवि तावन्ति पापानि क्रियन्ते न नरैर्मुने ॥ २७ ॥

ब्रह्महत्यादि जनित सबै पाप शिवनामले भस्मीभूत हुन्छन् । पापरूपी दावानलद्वारा पीडित व्यक्तिहरू शिवनामरूपी अमृतद्वारा पार तर्छन् । पापलाई नाश गर्ने शिवनाम मात्र समर्थ छ । यसको आश्रय नलिइकन शान्ति पनि पाइँदैन ।

जसले पूर्वजन्ममा शिवभक्ति गरेको छ, उसलाई यस जन्ममा शिवको भक्ति मिल्छ । शिवनाममा जसको अखण्ड भक्ति छ, उही मोक्षको अधिकारी हुन्छ । यथा-

यो नित्य भस्मपूताङ्ग शिवनामजपादरः ।
स तरत्यैव संसारमघोरमपि शौनकः ॥ २३-३८ ॥

वेदको सार शिवनाम हो । जपको सार शिवनाम हो । ग्रन्थहरूको सार शिवनाम हो । भक्तिको सार शिवनाम हो तथा मोक्षप्राप्तिको सार शिवनाम हो । त्यसैले भनिएको छ-

शिवनाम प्रभावेण लेभे सद्गतिमुत्तमाम् । २३-४३ ।

२. भस्म महिमा वर्णन

भस्म दुई प्रकारका छन्- स्वलप र महाभस्म । श्रौत-स्मार्त र लौकिक गरी महाभस्म

तीन प्रकारका हुन्छन् भने स्वलप भस्म अनेक किसिमका हुन्छन् । श्रौत र स्मार्त भस्म ब्राह्मणहरूका लागि हो भने लौकिक भस्म बाँकी सबैका लागि हो ।

क) उत्तम भस्म

गोबरलाई जलाएर बनाएको भस्म सबैभन्दा उत्तम हुन्छ । त्यसमा पनि गाईको गोबर राम्रो मानिन्छ ।

ख) मध्यम भस्म

अग्निहोत्रको भस्म, दावानलको भस्म, गार्हपत्यको भस्म, आवाहनीयको भस्म र ब्राह्मणका घरको पाकशालाको भस्म- यी भस्महरू मध्यम कोटिका मानिएका छन् । ब्राह्मणले मन्त्रसहित र ब्राह्मणेतरले मन्त्ररहित भस्म धारण गर्नुपर्छ । यथा-

धारणं मन्त्रतः प्रोक्तं द्विजानां मुनिपुङ्गवैः ।
केवलं धारणं ज्ञेयमन्येषां मन्त्रवर्जितम् ॥ २४-५ ॥

भस्म नलगाउनेहरू सबै वर्णाश्रम धर्मबाट बहिष्कृत मानिएका छन् । त्यस्तालाई महापातकी, शिवपूजा एवं शिवज्ञानबाट वञ्चित, सत्कर्मबाट वञ्चित एवं मोक्षबाट पनि वञ्चित मानिएको छ । यथा-

तेषां नास्ति विनिर्मुक्तिः संसाराज्जन्मकोटिभिः । २४-१४ ॥

ब्राह्मण र क्षत्रियले भस्म लगाउँदा- 'मानस्तोके तनये मान आयुषि' मन्त्रले, वैश्यले लगाउँदा त्र्यम्बकं यजामहे मन्त्रले तथा शूद्र एवं स्त्रीहरूले लगाउँदा षडाक्षर मन्त्रको उच्चारण गर्दै भस्म धारण गर्नुपर्दछ । भस्म रुद्राक्ष धारण नगर्ने घरको अन्नजल ग्रहण गर्नुहुँदैन । ग्रहण गरे पाप लाग्छ । भस्मरहित ललाट, शिवालयरहित ग्राम र शिवाश्रयरहित विद्यालाई 'धिक्कार' भनिएको छ ।

जसले भस्म एवं शिवको निन्दा गर्छ ती सबै मनुष्य भएर पनि वर्णसङ्कर, सुँगुर, असुर, गधा, कुक्कुर, स्याल एवं किराकै समान हुन् र उनीहरूको जन्म नरक यात्राका लागि भएको हो ।

ये निन्दन्ति महेश्वरं त्रिजगतामाधारभूतं हरम्
ये निन्दन्ति त्रिपुण्ड्रधारणकरं दोषस्तु तद्दर्शने ।
ते वै सङ्करसूकरासुरवराश्वक्रोष्टुकीटोपमा
जाता एव भवन्ति पापपरमास्ते नारकाः केवलम् ॥ २४- ४६ ॥

त्रिपुण्ड्र धारण गर्दा कस्ता पाप नष्ट हुन्छन् ?

त्रिपुण्ड्र धारण गर्नाले स्त्रीहत्या, गौहत्या, वीरहत्या, अश्वहत्या आदि पापहरूबाट मुक्ति मिल्छ । त्यसैगरी परधन, परस्त्रीगमन, परनिन्दा, परपीडन, अर्काको खेत बगैंचा हडप्ने,

अर्काको घरमा आगो लगाउने, अग्रहणीय दान लिने, मासु, चर्म, रस र नुनको व्यापार गर्नेहरू तथा अभोग्या स्त्रीगमन (वेश्या, चाण्डाल, शूद्र, नृत्याङ्गना, माझीकी स्त्री, रजस्वला स्त्री, कन्या एवं विधवा स्त्री) आदि पापबाट समेत मुक्ति मिल्छ । त्यसैगरी कुरा लाउने, चाकडी चाप्लुसी गर्ने, झुटो साक्षी बक्ने, धोका दिनेहरू पनि मुक्त हुन्छन् तर शिवधन लिने र शिव तथा शिवभक्तलाई निन्दा गर्ने जस्ता पापहरू प्रायश्चित्त गर्दा पनि नष्ट हुँदैनन् । कहाँसम्म भनूँ ? यथा-

रुद्राक्षं यत्र गात्रेषु ललाटे तु त्रिपुण्ड्रकम् ।
स चाण्डालोऽपि सम्पूज्यो सर्ववर्णोत्तमोत्तमः ॥ २४-६२ ॥

जसको कण्ठमा रुद्राक्ष र ललाटमा त्रिपुण्ड्र हुन्छ, त्यो चाण्डाल भए तापनि पूज्य हुन्छ । भस्मधारीले हजार पूर्वज र हजार जन्म लिनेलाई पवित्र गर्दछ । भस्मधारी मरणोपरान्त सम्पूर्ण लोकको सुखभोग गरी शिवलोक पुग्दछ ।

श्राद्धे, यज्ञे, जपे, होमे, वैश्वदेवे सुरार्चने ।
धृत त्रिपुण्ड्रः पूतात्मा मृत्युं जयति मानवः ॥ २४- ७५ ॥

त्रिपुण्ड्र तर्जनी, अनामिका र मध्यमा यी तीन औंलाले निधारमा लगाउनु पर्दछ । यी 'अ' 'उ' 'म' स्वरूप हुन् । यी क्रमशः गार्हपत्य, दक्षिणाग्नि र आवहनीय अग्नि हुन् । यी सत्त्व-रज-तम तीन गुण हुन् । यी क्रिया, इच्छा र ज्ञानशक्ति हुन् । यी महादेव, महेश्वर र शिवदेवता हुन् । यी ऋक् यजु सामदेव स्वरूप हुन् ।

निधारका अतिरिक्त शरीरका ३२-१६-८-५ ठाउँमा भस्म लगाउनु पर्दछ । यिनीहरूका देवता र मन्त्र पनि भिन्नभिन्न छन् । पाँच ठाउँमा लगाउँदा शिर, दुवै हात (बाहु), हृदय र नाभिमा लगाउनुपर्दछ । मन्त्र याद नभए वा भन्न नसके 'षडक्षर' उच्चारण गर्दै लगाउनु पर्दछ । यथा-

त्रिनेत्रं त्रिगुणाधारं त्रिदेवजनकं शिवम् ।
स्मरन्नमः शिवायेति ललाटेषु त्रिपुण्ड्रकम् ॥ २४-११४ ॥

३. रुद्राक्ष महिमा

सूतजी भन्नुहुन्छ- रुद्राक्ष महिमा साक्षात् शिवले माता पार्वतीलाई सुनाउनुभएको थियो । त्यही प्रसङ्ग म तपाईहरूलाई सुनाउँछु । कृपया सुन्नुहोस् ।

शिव- महेश्वरी शिवे ! मैले पहिले संसारको उपकारार्थ दिव्य एक हजार वर्ष पर्यन्त तपस्या गरेको थिएँ । अन्त्यमा मैले नेत्र खोल्नासाथ आँसुका थोपा झरे । त्यही अश्रुविन्दु नै रुद्राक्ष (शुभाक्ष) वृक्ष बन्न पुग्यो । यथा-

पुटाभ्यां चारुचक्षुर्भ्यां पतिता जलविन्दवः ।
तत्राश्रुविन्दुतो जाता वृक्षा रुद्राक्षसंज्ञकाः ॥ २५-७ ॥

देवीभागवत अनुसार- त्रिपुर दहनार्थ शिवले एक अमोघ अस्त्रको आविष्कार गर्नुभयो र त्यसलाई गम्भीर भएर हेर्न थाल्नुभयो । जसको फलस्वरूप आँखाबाट अश्रुप्रवाह भयो र त्यहीँ रुद्राक्ष वृक्षको उत्पत्ति भयो ।

रुद्राक्षको रङ एवं आकार- रुद्राक्ष मूलतः चार रङको हुन्छ जुन चार वर्णका लागि विभाजन गरिएको हो । श्वेत, रक्त, पीत एवं कृष्ण रङका रुद्राक्ष क्रमशः ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र वर्णका लागि हुन् । अमला आकारको रुद्राक्ष उत्तम कोटिको मानिन्छ । बयरको दाना आकारको रुद्राक्ष मध्यम कोटिको तथा चनाको दाना आकारको रुद्राक्ष निम्न कोटिको मानिन्छ । तर विद्वान्हरू भन्छन्- जति सानो आकारको रुद्राक्ष हुन्छ त्यति उत्तम फलदायक हुन्छ । यथा-

यथा यथा लघुः स्याद्वै तथाधिक फलप्रदः । २५- १८ ।

रुद्राक्ष धारण गर्नाले पाप नष्ट हुन्छ । सम-स्निग्ध-दृढ-स्थूल, काँडादार एवं सुन्दर मनोहर आकृति भएको रुद्राक्षले नै भुक्तिमुक्ति दिन्छ ।

अग्राह्य रुद्राक्ष- किराले खाएको, छिन्नभिन्न भएको, काँडादार नभएको, गोलो नभएको तथा चोट लागेको रुद्राक्ष दोषयुक्त एवं अग्राह्य हुन्छन् ।

कति दाना रुद्राक्ष धारण गर्नुपर्छ ?

एकदेखि एघार सय दानासम्म रुद्राक्ष धारण गर्न सकिन्छ । ११००-५५०-३६०-१०८-५४-२७-११-५-१ दाना धारण गर्नुपर्छ । शरीरको शिखा, घाँटी, बाहु, कान, कम्मर, कुइनो, हात र शिर भागमा विशेषतः रुद्राक्ष धारण गर्नुपर्छ । यज्ञोपवीत जस्तो बनाएर धारण गर्दा पनि हुन्छ ।

एकैकं कर्णयोः षट् षट् बाह्यो षोडश षोडश । २५-३८ ।

'ईशान' मन्त्रले शिरमा, 'तत्पुरुष' मन्त्रले कानमा, 'अघोर' मन्त्रले हृदयमा, 'बीज' मन्त्रले हातमा, 'वामदेव' मन्त्रले पेटमा र सद्योजातः मन्त्रले बाँकी अन्य अङ्गमा रुद्राक्ष धारण गनुपर्दछ ।

रूद्राक्ष धारण गरेपछि के गर्नुहुँदैन ?

मद्यं मांसं तु लशुनं पलाण्डु शिग्रुमेव च ।
श्लेष्मान्तकं विड्वराहं भक्षणे वर्जयेत्ततः ॥ २५-४३ ॥

अर्थात्- मद्य, मांस, लसुन, पिँडालु, प्याज, सजिउन र लिसोदा आदि सेवन/भक्षण गर्नुहुँदैन ।

रुद्राक्षधारी शिवलोक जान्छ । यमराजको भय हुँदैन । यिनीहरू वन्दनीय एवं पूजनीय हुन्छन् । अल्प एवं अकाल मृत्यु हुँदैन । रुद्राक्षमालाले जप गर्दा करोडौं गुणा फल मिल्छ

भने धारण गर्दा दश करोड गुणा फल मिल्छ । त्यसैले सबै वर्णले नित्य रुद्राक्ष धारण गर्नुपर्छ ।

एकदेखि चौधमुखी रुद्राक्ष धारणा

एकमुखी रुद्राक्ष- **एकवक्त्रः शिवः साक्षाद्भुक्तिमुक्तिफलप्रदः । २५-६४ ।**

एकमुखी रुद्राक्ष साक्षात् शिवस्वरूप हो । यसले ब्रह्महत्यादि पापहरूलाई नष्ट गर्दै भुक्तिमुक्ति प्रदान गर्छ ।

दुईमुखी रुद्राक्ष- यो शिवपार्वती स्वरूप हो । यसबाट गोहत्याजनित पाप नाश हुनाका साथै समस्त कामनाको पूर्ति हुन्छ ।

तीनमुखी रुद्राक्ष- विद्या सर्वा प्रतिष्ठिताः । यसबाट सम्पूर्ण विद्या प्राप्ति तथा सबै साधना सिद्ध फल प्राप्ति हुन्छ ।

चारमुखी रुद्राक्ष- **चतुर्वक्त्रः स्वयं ब्रह्मा नरहत्यां व्यपोहति । २५-२८ ।**

चारमुखी रुद्राक्ष साक्षात् ब्रह्मा स्वरूप हुन्छ । यसको दर्शन एवं स्पर्शनले धर्मार्थकाममोक्ष फल दिन्छ ।

पाँचमुखी रुद्राक्ष- **पञ्चवक्त्रः स्वयं रुद्रः कालाग्निर्नामतः प्रभुः । २५-६९ ।**

पाँचमुखी रुद्राक्ष साक्षात् रुद्रस्वरूप हुन्छ । यसबाट अगम्यागमन, अभक्षाभक्षण, पापनाश, कामनापूर्ति एवं मोक्ष प्राप्ति हुन्छ ।

छमुखी रुद्राक्ष- **षड्वक्त्र कार्तिकेयस्तु धारणाद् दक्षिणे भुजे । २५-७१ ।**

यो साक्षात् कार्तिकेय स्वरूप हो । यसलाई दक्षिण भुजामा धारण गर्नाले ब्रह्महत्याजनित पाप नाश हुनाका साथै सबै कामनाको सिद्धि हुन्छ ।

सातमुखी रुद्राक्ष- **सप्तवक्त्रो महेशानि ह्यनङ्गो नाम नामतः । २५-७२ ।**

यो साक्षात् अनङ्ग स्वरूप हो । यसलाई धारण गर्नाले दरिद्र पनि सम्पन्न हुन्छ । घरमा सदैव लक्ष्मीको वास हुन्छ ।

आठमुखी रुद्राक्ष- **रूद्राक्षष्चाष्टवक्त्रश्च वसुमूर्तिश्च भैरवः । २५-७३ ।**

यो वसुमूर्ति भैरव स्वरूप हुन्छ । यसलाई धारण गर्नाले दीर्घायु भोग गरी शिवसायुज्य प्राप्ति हुन्छ ।

नौमुखी रुद्राक्ष- **भैरवो नववक्त्रश्च कपिलश्च मुनिः स्मृतः ।**
दुर्गा वा तदधिष्ठात्री नवरूपा महेश्वरी ॥ २५-७४ ॥

यो साक्षात् भैरव, कपिल, नवदुर्गा स्वरूप हो । यसलाई देव्रे हातमा धारण गर्नाले सर्वेश्वर प्राप्ति हुन्छ ।

दशमुखी रूद्राक्ष- **दशवक्त्रो महेशानि स्वयं देवो जनार्दनः । २५-७६ ।**

यो साक्षात् जनार्दन स्वरूप हो । यसलाई धारण गर्नाले सम्पूर्ण कामनाको पूर्ति हुन्छ ।

एघारमुखी रूद्राक्ष- **स रुद्रो धारणात्तस्य सर्वत्र विजयी भवेत् । २५-७७ ।**

यो साक्षात् रूद्रस्वरूप हो । यसलाई धारण गर्नाले सर्वत्र विजय प्राप्त हुन्छ ।

बाह्रमुखी रूद्राक्ष- यो द्वादशादित्य स्वरूप हो । यसलाई शिरमा धारण गर्नाले महिमामय स्वरूप प्राप्त हुन्छ ।

तेह्रमुखी रूद्राक्ष- यो विश्वदेव स्वरूप हो । यसलाई धारण गर्नाले सम्पूर्ण कामनाको पूर्ति, सौभाग्यप्राप्ति एवं घरमा सदैव मङ्गल प्राप्त हुन्छ ।

चौधमुखी रूद्राक्ष- **चतुर्दशमुखो यो हि रुद्राक्षः परमः शिवः ।**
धारयेन्मूर्ध्नि तं भक्त्या सर्वपापं प्रणश्यति ॥ २५-८० ॥

यो परम शिवस्वरूप हो । यसलाई धारण गर्नाले सबै पाप नाश भई शिवसायुज्य प्राप्ति हुन्छ ।

भनिन्छ- एकमुखी र चौधमुखी रूद्राक्ष प्रायः पाइँदैन । भाग्यशालीले मात्रै यो प्राप्त गर्छन् । यसलाई घरमा राख्न सकियो भने सर्वसौभाग्य, ऐश्वर्य, विजय, उच्च ज्ञान र मानले कुल नै सुसम्पन्न हुन्छ ।

एकदेखि चौधमुखी रुद्राक्ष मन्त्र

मन्त्रद्वारा पूजन, जप एवं धारण गर्नुपर्छ । रूद्राक्षका मुख अनुसार अलग अलग मन्त्र हुन्छन् । विना मन्त्र धारण गर्दा निष्फल एवं नरकवास हुन्छ । यथा-

विना मन्त्रेण यो धत्ते रुद्राक्षं भुवि मानवः ।
स याति नरकं घोरं यावदिन्द्राश्चतुर्दशः ॥ २५-८३ ॥

मन्त्रहरू यसप्रकार छन्- एकमुखी रूद्राक्षः ॐ ह्रीं नमः । दुईमुखी रूद्राक्षः ॐ नमः । तीनमुखी रूद्राक्षः ॐ क्लीं नमः । चारमुखी रूद्राक्षः ॐ ह्रीं नमः । पाँचमुखी रूद्राक्षः ॐ ह्रीं नमः । छमुखी रूद्राक्षः ॐ ह्रां ह्रुं नमः । सातमुखी रूद्राक्षः ॐ हुँ नमः । आठमुखी रूद्राक्षः ॐ हुँ नमः । नौमुखी रूद्राक्षः ॐ ह्राँ हुँ नमः । दशमुखी रूद्राक्षः ॐ ह्रीं नमः । एघारमुखी रूद्राक्षः ॐ ह्राँ हुँ नमः । बाह्रमुखी रूद्राक्षः ॐ क्रौं क्षौं रौं नमः । तेह्रमुखी रूद्राक्षः ॐ ह्राँ हुँ नमः । चौधमुखी रूद्राक्षः ॐ नमः ।

रूद्राक्ष देखेपछि शत्रु वा कृत्रिम अभिचार वा द्वेश भावना राख्ने पनि निर्मल मन हुन पुग्छन् । भूत- प्रेत- पिशाच- डाकिनी- शाकिनी आदि परै भाग्छन् ।

जति शक्ति रूद्राक्षमा छ त्यति शक्ति त कसैले प्रयोग गर्न सक्तैन । यो स्वयं शक्ति एवं ऐश्वर्यसम्पन्न छ, त्यसैले यसको अहर्निश सेवन गर्नु श्रेयस्कर छ ।

उपसंहार

यसरी भस्म एवं रुद्राक्ष धारण एवं पञ्चाक्षर मन्त्रको नित्य जप गर्नाले सम्पूर्ण देवताद्वारा वन्दनीय एवं पूजनीय भई अन्त्यमा शिवलोकको प्राप्ति हुन्छ । यी भुक्तिमुक्ति प्रदायक हुन् । यो बिना शिवपूजा अग्राह्य त हुन्छ नै साथमा कुनै साधनाको सिद्धि पनि हुँदैन । यस महिमालाई पढ्दा या सुन्दा मात्रै पनि सबै कामनाको पूर्ति हुन्छ ।

यसरी शिव उपासनाबारे विभिन्न कोणबाट महिमा वर्णन गरी १५४० श्लोकहरू रहेको विद्येश्वर (विद्या+ईश्वर) संहिता पूर्ण हुन्छ ।
भगवान् शिवले सबैको कल्याण गरून् ।

करचरणकृतं वा कायजं कर्मजं वा ……………………।
त्वमेव माता च पिता त्वमेव……………………।
कायेन वाचा मनसैन्द्रियैर्वा……………………।

* * *



अथ द्वितीय रुद्र संहिता

द्वितीय रुद्र संहिता शिवमहापुराणको सबैभन्दा ठुलो संहिता हो । यसमा सृष्टि खण्ड, सती खण्ड, पार्वती खण्ड, कुमार खण्ड र युद्ध खण्ड गरी जम्मा पाँच खण्ड छन् । यी पाँचवटै खण्डमा जम्मा एक सय सन्तानब्बे अध्याय र दश हजार दुई सय त्रिहत्तर श्लोक छन् । प्रत्येक खण्डमा नाम अनुसारको कथाक्रम वर्णन गरिएको छ । सबै खण्डका कथा रोचक एवं ज्ञानवर्द्धक छन् ।

प्रथम सृष्टि खण्ड

कथासार

यस सृष्टि खण्डमा कुल बिस अध्याय र एक हजार दुई सय बाइस श्लोक छन् । सृष्टि विषयलाई विशेष महत्त्वका साथ वर्णन गरिएको हुनाले यसको नाम सृष्टि खण्ड भएको हो । आरम्भमा निर्गुण शिवले सगुण भएर कसरी सृष्टि गर्छन् ? भन्ने जिज्ञासालई समाधान गरिएको छ । तत्पश्चात् नारदजीद्वारा तप गरी कामदेवमाथि विजय प्राप्त गर्नु, विष्णुद्वारा नारदजीको कामविजयी घमन्डलाई हटाउन मायाद्वारा मोहित गर्नु, नारद शीलनिधि कन्याप्रति मोहित हुनु, नारदले वानर मुख प्राप्त गर्नु र नारदद्वारा शिव एवं विष्णु तथा उनीहरूका गणलाई श्राप दिई तीर्थाटनमा निस्कनु जस्ता सन्दर्भको रोचक वर्णन गरिएको छ ।

अगाडि सृष्टिसम्बन्धी वर्णनमा निर्गुण निराकार ब्रह्माबाट सगुण सदाशिवको प्रकटीकरण, शक्तिस्वरूपा अम्बिकाको प्रकटीकरण, यी दुवैबाट काशी अनन्दवनको प्रादुर्भाव, शिवको वामाङ्गबाट विष्णुको उत्पत्ति एवं प्राकृत तत्त्वको प्रकटीकरण सम्बन्धी चर्चा गरिएको छ ।

त्यसैगरी पच्चिस तत्त्वद्वारा यो सम्पूर्ण जगत् व्याप्त भएको र ब्रह्माण्ड नामकरण भएको कुरालाई स्पष्ट गरिएको छ । शिवको इच्छानुसार विष्णुको नाभिकमलबाट ब्रह्माको प्रादुर्भाव हुनु, ब्रह्मा र विष्णुका बिच विवाद हुँदा शिव स्वयं ज्योतिर्लिङ्गको रूपमा प्रकट भई दुवैको मोह अभिमानलाई हटाउनु र शब्दमय शरीरको दर्शन गराई उपदेश दिनु जस्ता सन्दर्भहरू यस खण्डमा वर्णित छन् ।

त्यसैगरी शिवार्चन सम्बन्धी विशेष जलधारा एवं विभिन्न पुष्पार्चन विधिको वर्णन गरी शिवको श्रेष्ठता र शिवपूजनका अनिवार्यतालाई स्पष्ट पारिएको छ । यसै क्रममा ब्रह्माद्वारा सृष्टि विस्तारका क्रममा स्वयम्भू मनु र शतरूपाको प्राकट्य, ऋषि एवं दक्षकन्याहरूका सन्तान वर्णन एवं शती र शिवका महत्ताको प्रतिपादन गरिएको छ । शिवद्वारा कुबेरसँग मित्रता, गुणनिधि चरित्र, पद्मकल्पमा 'वैश्रवण' र मेघवाहन कल्पमा 'यज्ञदत्त'द्वारा अलकाधिपति भएर सम्हालेको जस्ता विषयको वर्णन गरी यस सृष्टि खण्डलाई समापन गरिएको छ ।

प्रकृति र पुरुषद्वारा यो सम्पूर्ण जगत् बनेको छ र शिवशिवा यसका प्रणेता हुन् । शरीर शिव हो भने प्राण (शक्ति) शिवा हुन् । शरीर प्राणविहीन हुँदा 'शव'मा परिणत हुन्छ ।

अध्याय प्रथम

प्रश्नाध्यायः निर्गुण शिव कसरी सगुण बन्छन् ?

प्रथम तीन श्लोकद्वारा मङ्गलाचरण

विश्वोद्भवस्थितिलयादिषु हेतुमेकं
गौरीपति विदिततत्त्वमनन्तकीर्तिम् ।
मायाश्रयं विगतमायमचिन्त्यरूपं
बोधस्वरूपममलं हि शिवं नमामि ॥ १ ॥

वन्दे शिवं तं प्रकृतेरनादि,
प्रशान्तमेकं पुरुषोत्तमं हि ।
स्वमायया कृत्स्नमिदं हि सृष्ट्वा
नमोवदन्तर्बहिरस्थितो यः ॥ २ ॥

वन्देन्तरस्थं निजगूढरूपं,
शिवं स्वतः स्रष्टुमिदं विचष्टे ।
जगन्ति नित्यं परितो भ्रमन्ति,
यत्सन्निधौ चुम्बकलोहवत्तम् ॥ ३ ॥

व्यासजीको मङ्गलाचरण

जगतः पितरं शम्भुं जगतो मातरं शिवाम् ।
तत्पुत्रञ्च गणाधीशं नत्वैतद्वर्णयामहे ॥ ४ ॥

एक समय नैमिषारण्य निवासी ऋषिहरूले पुराणज्ञ सूतजीलाई सम्बोधन गर्दै सोधे- 'तपाईले भर्खरै विद्येश्वर संहितामा अनेक ज्ञानवर्द्धक रोचक प्रसङ्ग सुनाउनुभयो । हाम्रो मनमा एउटा जिज्ञासा छ । शिव त स्वयं निर्गुण हुनुहुन्छ । उहाँ कसरी सगुण बन्नुहुन्छ ? तपाई त्रिकालज्ञ हुनुहुन्छ । कृपया अब हामीलाई शिवपार्वतीका सम्पूर्ण दिव्य रसमय चरित्रबारे सुनाउनुहोस् ।'

अगुणो गुणतां याति कथं लोके महेश्वरः । १२ ।

शिव सृष्टिपूर्व, सृष्टिमध्य र सृष्टिअन्त्यमा कसरी रहन्छन् ? शिवबाटै कसरी ब्रह्मा, विष्णु र महेशको उत्पत्ति हुन्छ ? उमाको उत्पत्ति एवं उमा महेश्वरको गृहस्थी जीवनका रहस्यमय

प्रसङ्गहरू पनि सुनाउनुहोस् ।

तद्‌गार्हस्थ्यं विशेषेण तथा लीला परा अपि । १९ ।

सूतजी भन्नुहुन्छ- हे शौनकादि ऋषिहरू, तपाईहरूले उत्तम प्रश्न गर्नुभयो । म स्वयं कृतकृत्य भएँ । शिवकथाले गङ्गाको स्पर्शले झैँ वक्ता, श्रोता र प्रश्नकर्ता तीनै जनाको कल्याण गर्छ । यथा-

सदाशिवकथाप्रश्नः पुरुषांस्त्रीन्पुनाति हि ।
वक्तारं पृच्छकं श्रोतृञ्जाह्नवी सलिलं यथा ॥ २२ ।

तपाईहरूले प्रश्न गरेझैँ यही प्रश्न एकपल्ट शिवभक्त विष्णुद्वारा प्रेरित भएर नारदले आफ्ना पिताश्री ब्रह्मालाई सोधेका थिए । उनीहरूका बिचको संवाद म तपाईहरूलाई सुनाउँछु । कृपया ध्यानपूर्वक सुन्नुहोस् ।

अध्यायः द्वितीय, तृतीय, चतुर्थ, पञ्चम

उपर्युक्त अध्यायहरूमा वर्णित कथाहरू 'नारदोपाख्यान'सँग सम्बन्धित छन् । नारद देवर्षि भएर पनि मोहमा फस्न पुगेको, कामदेवलाई विजय गरेपछि पनि कामासक्त भएको, विष्णुद्वारा नारदलाई वानरमुख प्रदान गरी लज्जित तुल्याएको र प्रत्युत्तरमा नारदले रुद्रगण तथा विष्णुलाई श्राप दिएर तीर्थाटन गर्न निस्किएको जस्ता प्रसङ्गहरू यी अध्यायमा वर्णित छन् ।

नारदको तपस्या, इन्द्रद्वारा कामदेव पठाई तपस्यामा हस्तक्षेप र नारदद्वारा कामदेवमाथि विजय प्राप्त गरेको विषयको वर्णन रहेको छ ।

सूतजी भन्नुहुन्छ- **एकस्मिन् समये विप्रः नारदो मुनिसत्तमः ।**
ब्रह्मपुत्रो विनीतात्मा तपोर्थं मन आदधे ॥ २-१ ॥

एक समय नारदजी विनीत बनेर हिमालय पर्वतकै समीप एउटा गुफामा तपस्या गर्न थाले । नजिकै प्रवाहित देवगङ्गाको सुमधुर कलकल ध्वनि प्रतिध्वनित भइरहेको थियो । नारदजी मौनव्रती एवं संयमित बनेर प्राणायामद्वारा 'अहं ब्रह्मास्मि' को सन्धानमा लागे । यसै क्षेत्रमा शिव तपस्यारत हुँदा कामदेवलाई भस्म गरेका थिए । त्यसैले यस क्षेत्रमा कामदेव चाहेर पनि आफ्नो प्रभाव देखाउन सक्तैनथे ।

नारदजीको तपस्याको बलले इन्द्र सशङ्कित हुन पुगे । उनलाई आफ्नो आसन नारदजीले तपस्याको बलले खोस्ने हुन् कि भनी डर लाग्न थाल्यो । त्यसैले इन्द्रले नारदजीको तपस्या भङ्ग गर्नका लागि कामदेवलाई स्मरण गरे ।

सस्मार स स्मरं शक्रश्चेतसा देवनायकः । २-८ ।

इन्द्रले देवनायकलाई आज्ञा दिँदै भने- हे मित्र, जसरी पनि नारदको तपस्या भङ्ग गर र त्यसका लागि आफ्ना सबै कलाहरूको प्रयोग गर । यथा-

रचयामास तत्राशु स्वकलाः सकला अपि । २-१५ ।

इन्द्रको आज्ञानुसार कामदेवले पनि वसन्तादिलाई लिएर नारदजीको तपस्थलीमा पुग्यो र एकपछि अर्को गर्दै आफ्ना सम्पूर्ण कलाहरू नारदजीको तपस्या भङ्ग गर्न प्रयोग गर्दै गयो तर उसका सबै प्रयासहरू विफल भए किनभने त्यो क्षेत्रमा शिवले पहिले नै कामदेवलाई भस्म गरेका थिए । अन्ततोगत्वा कामदेव लज्जित भएर स्वर्ग फर्कियो अनि सारा वृत्तान्त इन्द्रलाई भन्यो ।

यता नारदजीलाई अभिमान भयो कि मैले कामदेवमाथि विजय प्राप्त गरेँ त्यसैले मेरो तपस्या सफल भयो । यथा-

कामाज्जयं निजं मत्वा गर्वितोऽभून्मुनीश्वरः । २-२७ ।

कामदेवविजयी नारदद्वारा ब्रह्मा, विष्णु र शिवसँग भेटघाट

शिवमायाद्वारा मोहित भएका नारद सबैभन्दा पहिले शिवलाई यो समाचार सुनाउन आतुर हुँदै कैलास पुगे र आफूले कामदेवमाथि तपस्याद्वरा विजय प्राप्त गरेको कुरा खुसी हुँदै सुनाए ।

अन्तर्यामी शिवले नारदका सबै वृत्तान्त सुनेपछि उनलाई सचेत गराउँदै भने-

हे तात नारद प्राज्ञ धन्यस्त्वं श्रृणु मद्‌वचः ।
वाच्यमेवं न कुत्रापि हरेरग्रे विशेषतः ॥ २-३२ ॥

तिमीले मेरा अगाडि त आत्मप्रशंसा गऱ्यौ तर यो कुरा अब कसैसँग नगर्नू, विशेष रूपले मायावी विष्णुसँग त गर्दै नगर्नू । त्यसै पनि आफूले गरेका जप, तप, दान, तीर्थ आदि कसैसँग भनियो भने आर्जित पुण्य क्षय हुन्छ । आत्मप्रशंसा सबैभन्दा निकृष्ट मानिन्छ । त्यसमाथि तिमीजस्ता देवर्षि सन्तको जीवन नै तपस्थली हो तसर्थ यस्ता साना उपलब्धिलाई सर्वत्र सुनाउँदै हिँड्नु उचित हुँदैन । यथा नीति वचन-

आयुर्वित्तं गृहच्छिद्रं मन्त्र मैथुन भेषजम् ।
तपः दानापमानं च नव गोप्यानि यत्नतः ॥

त्यसपछि शिवमायाद्वारा मोहित भएका नारद आफ्ना पिता ब्रह्मालाई यो सुखद समाचार सुनाउन ब्रह्मलोक पुगे र सार वृत्तान्त सुनाए । ब्रह्माले आफ्नो पुत्रको काम विजयी कार्यको प्रशंसा गर्दै धन्यवाद दिँदै शिवले भनेझैँ मायावी विष्णुका सामुन्ने चाहिँ कुनै हालतमा नसुनाउनू भन्ने उपदेश दिए ।

त्यसपछि नारद झन् बढी शिवमायाबाट मोहित भए । शिव एवं ब्रह्माको उपदेशले केही परिवर्तन गर्न सकेन र सिधै वैकुण्ठाधिपति मायावी विष्णुलाई भेट्न पुगे ।

विष्णुले आदरपूर्वक नारदको स्वागत गरे, कुशलक्षेम सोधे अनि आगमनको कारण पनि । अनि त नारदले पूर्वोक्त कामविजय सम्बन्धी आत्मप्रशंसालाई सरस वाणीमा प्रस्तुत गरे । विष्णुले सबै वृत्तान्त सुनेपछि स्याबासी दिंदै भने-

नैष्ठिको ब्रह्मचारी त्वं ज्ञानवैराग्यवान्सदा ।
कथं काम विकारी स्याज्जन्मनाविकृतः सुधीः ॥ २-५२ ॥

हे नारद ! तिमी त जन्मदेखि नै नैष्ठिक ब्रह्मचारी हौ । तिमीजस्ता ज्ञानविज्ञानले सुसम्पन्न व्यक्तिलाई कसरी तुच्छ कामदेवले विचलित गराउन सक्छ र ? जसको हृदयमा त्रिदेवको वास हुन्छ उसलाई काममोहले सताउन कहाँ सक्छ र ? तिमी धन्य एवं महान् छौ । विष्णुका प्रशंसायुक्त वाणी सुनेर नारद प्रसन्न भए अनि विष्णुसँग बिदा लिएर त्यहाँबाट फर्के ।

विष्णुद्वारा माया विस्तार : नारदजी मायाजालमा पर्नु

नारदजी जुन मार्गमा गइरहेका थिए विष्णुले त्यही मार्गको अगाडि 'शतयोजन' विस्तार सुरम्य मायावी नगर निर्माण गरे । यथा-

मुनिमार्गस्य मध्ये तु विरेचे नगरं महत् । ३-५ ।

त्यो मायावी नगरको राजा 'शीलनिधि' थियो । ऊ आफ्नी सुन्दरी छोरीको स्वयंवरको तयारीमा व्यस्त थियो । स्वयंवरमा भाग लिनका लागि चारै दिशाहरूबाट राजकुमारहरू आएका थिए । राजमहल स्वयंवरको तयारी स्वयं दिव्य एवं अलङ्कृत त थियो नै राजकुमार हरूको उपस्थितिले खचाखच भरिएको पनि थियो । नारदजीलाई देख्नासाथ शीलनिधि राजा र परं सुन्दरी राजकुमारी दुवैले स्वागत गरी सुरम्य आसनमा बसाए । रूपवती राजकुमारीलाई देख्नेबित्तिकै नारदजी मोहित बने । यत्तिकैमा राजा शीलनिधिले नारदजीलाई छोरीको भविष्य हेरिदिन अनुरोध गरे ।

शीलनिधि- हे मुनिवर ! तपाई स्वयं त्रिकालदर्शी हुनुहुन्छ । स्वयंवरको समयमा तपाईंको आगमन हुनु नै मेरो पुण्यकर्मजनित अहोभाग्य हो । त्यसैले कृपा गरी यसको भविष्य तथा हुनेवाला वरबारे बताइदिनुहोस् । यथा-

अस्या भाग्यं वद मुने सर्वजातकमादरात् ।
कीदृशं तनयेयं मे वरमाप्स्यति तद्वद ॥ ३-१५ ॥

एकातिर नारदजी पहिले नै मोहित भएका थिए । अर्कोतिर राजाले कस्तो वर पाउँछे भनेर सोधे । यस्तो प्रश्न गरेपछि नारद विचलित भए तर तुरुन्तै आफूलाई सम्हाल्दै उत्तर दिन थाले ।

नारद- हे राजन ! तपाईंकी राजकुमारी स्वयं लक्ष्मी सदृश छिन् । त्यसैले यिनको वर पनि पराक्रमी एवं कामजयी हुनु उपयुक्त हुन्छ । यथा-

सर्वेश्वरोऽजितो वीरो गिरीशसदृशो विभुः ।
अस्या पतिर्ध्रुवं भावी कामजित्सुर सत्तमः ॥ ३-१८ ॥

आफ्नो विचार व्यक्त गरेपछि नारदजी त्यहाँबाट निस्के । बाटामा सोच्दै गए- यी कन्यालाई कसरी आफ्नी बनाऊँ ? नारी स्वयं सुन्दरताका प्रतिमूर्ति हुन्छन् तर म त्यति सुन्दर छैन । यथा-

सौन्दर्यं सर्वनारीणां प्रियं भवति सर्वथा । ३-२१ ।

सुन्दर रूप प्राप्त गर्न नारद विष्णुकहाँ जानु

हरिको रूप माग्न नारद वैकुण्ठ गए । काम भावनाले विह्वल भएका नारदले एकान्त पारेर विष्णुलाई सबै वृत्तान्त सुनाए ।

विष्णुलोकं जगामाशु नारदः स्मरविह्वलः । ३-२२ ।

म जसरी भए पनि ती कन्यालाई प्राप्त गर्न चाहन्छु तर म त्यति सुन्दर छैन । हे विष्णु ! तपाईंले आफ्नो सुन्दरता मलाई दिएर मेरो गृहस्थी जीवन प्रारम्भ गराइदिनुहोस् ।

यदि दास्यसि रूपं मे तदा तां प्राप्नुयां ध्रुवम् ।
त्वद्रूपं सा विना कण्ठे जयमाला न धास्यति ॥ ३-२८ ॥

यदि मलाई तपाईंको रूप दिनुभयो भने मैले तिनीलाई प्राप्त गर्न सक्छु । तपाईंको रूपविना तिनले मलाई जयमाला पहिर्‍याउने छैनन् । तिनी जगत्मोहिनी छिन्, तिनलाई पाउन मैले जगत्मोहन बन्नै पर्छ ।

कामविजयी नारदले कामातुर भई याचना गर्न थालेपछि विष्णुले पनि 'तथास्तु' भनेर आशीर्वाद दिँदै भने- 'हे नारद ! तिमीलाई मैले मेरो रूप प्रदान गरेँ । जाऊ, तिम्रो कल्याण होस् ।'

'हरि' शब्दका अनेक अर्थमध्ये एउटा अर्थ 'वानर' पनि हो । त्यसैले विष्णुले नारदलाई त्यही वानर रूप प्रदान गरे ।

नारद वानरको अनुहार लिएर स्वयंवरस्थलमा पुगे

नारद बाँदरको मुखाकृति लिएर राजाहरूका बिचमा स्वयंवर मण्डपमा बसे । नारदको यो कुरूप मुखाकृति केवल पाँच जनाले देख्न सक्थे- नारद स्वयं, विष्णु, राजकुमारी र नारदको सुरक्षामा खटिएका दुईजना शिवगण ।

यता नारद भने आफूले हरि (साक्षात् विष्णु भगवान्) को रूप पाएको ठानेर प्रसन्न मुद्रामा

थिए । सुन्दरी राजकुमारीले आफूलाई नै वरमाला पहिऱ्याउनेछिन् भन्नेमा उनी सम्पूर्ण रूपले विश्वस्त थिए । उनले विष्णुलाई धन्यवाद दिँदै मनमनै भने- आजदेखि मेरो गृहस्थी जीवन प्रारम्भ हुनेछ । यो कुराको सम्झना मात्रले पनि उनलाई अपार आनन्दको अनुभूति भइरहेको थियो । स्वयंवरको कार्यक्रम आरम्भ भयो । त्यति बेलासम्म विष्णु पनि राजकुमारको वेशमा आएर राजकुमारहरूका बिचमा स्वयंवर पङ्क्तिमा बसिसकेका थिए । राजकुमारी हातमा जयमाला लिएर स्वयंवर मण्डपमा प्रवेश गरिन् । नारद बस्दा खुम्चेको आफ्नो पहिरन मिलाउन थाले । उनी किञ्चित शङ्कोच मानिरहेका थिए । अलिअलि लज्जाबोध गरिरहेका थिए । यत्तिकैमा राजकुमारी नारदको सामुन्ने आइन् । नारद प्रसन्नचित्तका साथ थोरै अगाडि झुके । राजकुमारीले बाँदरमुखे नारदलाई देखिन् । हत्तपत्त उनीबाट आफ्नो दृष्टि हटाइन् अनि रिसाउँदै अगि बढिन् । यथा-

वानरास्यं विष्णु तनुं मुनिं दृष्ट्वा चुकोप सा ।
दृष्टिं निवार्य च ततः प्रस्थिताऽप्रीतमानसा ॥ ३-४७ ॥

पङ्क्तिको अगाडि विष्णु बसेका थिए । राजकुमारीले विष्णुकै गलामा जयमाला पहिऱ्याइदिइन् । राजकुमारीलाई लिएर विष्णु अन्तर्ध्यान भए । यस रहस्यका जानकार नारदको सुरक्षार्थ खटिएका ब्राह्मण वेशधारी दुईजना शिवगण मात्र थिए ।

राजकुमारी प्राप्त गरेर सुखी गृहस्थी जीवन बिताउने सपना साँचेका नारद आफ्नो अभिलाषा पूरा नभएपछि क्रुद्ध भए । क्रोधित नारदको सामुन्ने पुगेर ब्राह्मण वेशधारी शिवगणले भने-

हे नारद ! मुने त्वं हि वृथा मदन मोहितः ।
तल्लिप्सुः स्वमुखं पश्य वानरस्येव गर्हितम् ॥ ३-५४ ॥

हे नारद ! तपाईं बित्थैमा कामातुर हुनुभयो । यस्तो रूप लिएर राजकुमारी पाइन्छ ? पहिले आफ्नो अनुहार त हेर्नुहोस् । तपाईंले बाँदरको रूप पाउनुभएको छ । नारदले तत्काले पानीमा गएर आफ्नो मुख हेरे । आफूलाई बाँदरको रूपमा पाएपछि उनी अत्यन्तै क्रोधित बने र तत्काले विष्णुलाई श्राप दिए ।

नारदद्वारा शिवगण ब्राह्मण र विष्णुलाई श्राप

नारदले पहिले शिवगणलाई श्राप दिँदै भने- तिमीहरूले ब्राह्मण वेश धारण गरी म ब्राह्मणमाथि नै उपहास गऱ्यौ अतः तिमीहरू ब्राह्मण कुलमा जन्म लिएर राक्षसी कर्म गर्ने हुनेछौ । जातिले ब्राह्मण भएर पनि आचारभ्रष्ट कर्म गर्नेछौ ।

युवां ममोपहासं वै चक्रतुर्ब्राह्मणस्य वै ।
भवेतां राक्षसौ विप्रवीर्यजौ वै तदाकृती ॥ ३-५७ ॥

शिवगणहरूलाई श्राप दिएपछि नारद विष्णु भएको ठाउँमा पुगे र क्रोधित हुँदै भने- तिमी

दुष्ट हौ, कपटी हौ । अर्काको उत्साह र उत्कर्ष सहन सकेनौ । समुद्रमन्थनको समयमा मोहिनी रूपले दानवहरूलाई धोका दियौ । तिमी धोकेबाज हौ । यदि त्यस बेला शिवले विष नपिइदिएको भए तिम्रो मायाजाल त्यसै दिन समाप्त हुन्थ्यो । आजसम्म तिमीले कुनै शक्तिशाली तेजस्वी पुरुषको सामना गर्नुपरेको थिएन र निडर भएर हिंडेका हौ तर अब म तिमीलाई छोड्दिनँ । आफूले गरेको कपटी व्यवहारको फल तिमीले पूरा भोग्नेछौ । म तिमीलाई श्राप दिन्छु । सुन-

स्त्रीकृते व्याकुलं विष्णो ! मामकार्षीर्विमोहकः ।
अन्वकार्षीः स्वरूपेण येन कापट्यकार्यकृत् ॥ ४-१५ ॥
तद्रूपेण मनुष्यत्वं भवं तद्दुःखभुग्घरे ।
यन्मुखं कृतवान्मे त्वं ते भवन्तु सहायिने ॥ ४-१६ ॥
त्वं स्त्रीवियोगजं दुःखं लभस्व परदुःखदः ।
मनुष्यगतिकः प्रायो भवज्ञान विमोहितः ॥ ४-१७ ॥

आज म जसरी स्त्रीवियोगी बनेँ, त्यसैगरी तिमी पनि स्त्री वियोगी बनेर जङ्गलमा भौंतारिँदै हिंड्नेछौ । आज जसरी मलाई बाँदर बनायौ, त्यही बाँदर नै तिम्रो सहायता गर्न पुगोस् । बाँदरविना तिम्रो कार्य सफल नहोस् ।

नारदको यही श्रापकै कारण विष्णुले रामावतार ग्रहण गर्नुपर्‍यो र स्त्रीवियोगमा तड्पिनु पर्‍यो । बाँदर रूप हनुमान्ले सहायता गरेपछि मात्र कार्य सफल भयो ।

विष्णुद्वारा मायाजाल हटाउनु

नारदले श्राप दिइसकेपछि विष्णुले आफ्नो मायावी जाल हटाएर नारदको श्रापलाई स्वीकार गरे । मायाको पर्दा हटेपछि नारद होसमा आए- जोस एवं क्रोधमा भनेका कुराहरूप्रति लज्जित हुँदै क्षमायाचना गर्न थाले । म शिवमाया (शाम्भवी) बाट मोहित भएर नै गल्ती गरेँ, मलाई क्षमा दिनुहोस् भनेर रुँदै विष्णुको चरणमा परे ।

विष्णुद्वारा नारदलाई उपदेश

न खेदं कुरु मे भक्त वरस्त्वं नात्र संशयः । ४-२७ ।

विष्णुले नारदप्रति दयालु बनी सहानुभूतिपूर्वक भने, 'हे नारद, दुःख नमान । शिवले तिम्रो कल्याण गर्नेछन् । यसको प्रायश्चित्तका लागि शिवार्चन गर । शिवनामको जप गर । शिवक्षेत्राटन गर । यसैले तिम्रो कल्याण हुनेछ । जो शिवको शरणमा जान्छ, उसलाई सबै क्षेत्रबाट कल्याणै कल्याण हुन्छ । यथा-

स वैदिकः स पुण्यात्मा स धन्यः स बुधो मुने ।
यः सदा कायवाक्चित्तैः शरणं याति शङ्करम् ॥ ४-४७ ॥

संसारमूलभूतानां पातकानां महामुने।
शिवनामकुठारेण विनाशो जायते ध्रुवम् ॥ ४-५२ ॥

काशी (आनन्दवन) जाऊ । भगवान् विश्वेश्वरको पूजार्चना गर । नित्य स्तुति एवं जप गर । त्यसपछि तिमी पुनः आफ्नो स्वरूपमा आउनेछौ । त्यसपछि आफ्नो पिता ब्रह्मासँग गएर सत्सङ्ग गर जसले तिमीभित्र भएका सबै अवगुणहरूलाई निकालिदिनेछ ।

नारदद्वारा तीर्याटन, श्रापित शिवगणलाई उपदेश

विष्णुको उपदेशलाई शिरोधार्य गरेर नारदले शिवतीर्थ क्षेत्रहरूमा विचरण गर्दै शिवनाम जप, तप, पूजा, अर्चना गरी प्रायश्चित्त गर्न थाले । भूमण्डलस्थित मोक्षदायी प्रायः शिवलिङ्गको दर्शन एवं पूजा गरे । एक दिन काशीक्षेत्रमा पूर्वश्रापित शिवगण भेटिए । नारदलाई देख्नासाथ उनीसँग क्षमा मागे र श्रापबाट उद्धार हुने उपाय पनि सोधे । त्यसपछि नारदले उपदेशसहित उद्धारको उपाय बताए ।

नारद- तिमीहरू शिवगण हौ । सबैका वन्दनीय पनि हौ, तर तिमीहरूले अकारण उपहास गऱ्यौ तसर्थ मैले श्राप दिएँ । यसलाई तिमीहरूले भोग्नु त पर्छ नै, तैपनि तिमीहरूको उद्धार भने हुनेछ । तिमीहरू मुनिवर 'विश्रवा' को वीर्यबाट जन्म लिएर 'कुम्भकर्ण' र 'रावण' नामले राक्षसराजको पदवी प्राप्त गर्नेछौ र प्रसिद्ध पनि हुनेछौ । आफ्नो बल र पराक्रमले त्रिलोकमाथि नै विजय प्राप्त गर्नेछौ । सम्पूर्ण ब्रह्माण्डको राजा भएर पनि शिवभक्त र जितेन्द्रिय हुनेछौ र शिवकै अर्को रूप विष्णुको हातबाट मृत्यु पाएर फेरि आफ्नो पदमा प्रतिष्ठित हुनेछौ । यथा-

सर्वब्रह्माण्डराजानौ शिवभक्तौ जितेन्द्रियौ ।
शिवापरतनोर्मृत्युं प्राप्यं स्वं पदमाप्स्यथः ॥ ५-१४ ॥

नारद आफ्ना पिता ब्रह्माकहाँ जानु

यसरी तीर्थटान, शिवपूजन आदि कार्यले नारदको हृदय शुद्ध बन्यो, प्रायश्चित्त भयो । त्यसपछि पिताश्री ब्रह्माकहाँ गए अनि क्रमशः भक्ति- ज्ञान- वैराग्य- तीर्थ- व्रत- दान- जप- तपसम्बन्धी अनेकानेक प्रश्न सोध्न थाले । शिवार्चन, शिवतत्त्व र शिवको सगुण निर्गुण आदि स्वरूपबारे प्रश्न गरे जो यसै संहिताको प्रारम्भमा ऋषिहरूले पनि सोधेका थिए । यथा-

निर्गुणोऽपि शिवस्तात सगुणः शङ्करः कथम् ।
शिवतत्त्वं न जानामि मोहितः शिवमायया ॥ ५-२५ ॥
ब्रह्मा विष्णुर्महेशश्च त्रयोदेवाः शिवांशजा ।
महेशस्तत्र पूणांशः स्वयमेव शिवः परः ॥ ५-३० ॥

त्यसैगरी शिवले सगुण भएर बिताएको गृहस्थ जीवनको विशेष चरित्र, उमा जन्मदेखि

गृहस्थ पर्यन्तका सबै प्रसङ्गहरू एक एक गरेर सुनाउन अनुरोध गरे । त्यसैगरी सृष्टि विषय र शिवतत्त्व विषय सम्बन्धी जिज्ञासा पनि राखे ।

(उपर्युक्त सबै प्रश्नहरूका उत्तर अगाडिका अध्यायहरूमा प्रस्तुत गरिएको छ)

अध्याय षष्ठ-सप्तम-अष्टम-नवमञ्च

ब्रह्मा-नारद संवाद

(यसअघि प्रस्तुत कथा सूत-शौनक संवादका क्रममा आएको थियो भने यसपछि वर्णित कथा पिता-पुत्र (ब्रह्मा-नारद) संवादका क्रममा आएको छ ।)

नारदजी प्रश्न गर्नुहुन्छ- हे ब्रह्मा, तपाईं सर्वज्ञाता हुनुहुन्छ । कृपया मलाई पच्चिस तत्त्वद्वारा ब्रह्माण्ड निर्माण- महाप्रलय- ब्रह्मा-विष्णु उत्पत्ति- ज्योतिलिङ्ग उत्पत्ति- ॐकारको महत्त्व- ब्रह्मा विष्णुको गर्वनाश- शिवद्वारा वरप्रदान आदिबारे सविस्तार वर्णन गर्नुहोस् ।

ब्रह्मा- **भो ब्रह्मन्साधु पृष्टोऽहं त्वयाविबुधसत्तम ।**
लोकोपकारिणा नित्यं लोकानां हितकाम्यया ॥ ६-१ ॥

ब्रह्माले नारदका जिज्ञासायुक्त प्रश्नहरू सुनेर सर्वप्रथम धन्यवाद दिए । लोकहित, पापनाशक, कल्याणदायी शिवतत्त्व सम्बन्धी प्रसङ्ग ब्रह्मा सुनाउन थाले-

महाप्रलय वर्णन- ब्रह्माण्डको शून्य अवस्थालाई नै महाप्रलय भनिएको हो । त्यस अवस्थामा सर्वत्र अन्धकार मात्र हुन्छ । यस समयमा न सूर्य, न चन्द्रमा, न ग्रहगण, न पृथ्वी, न वायु न अग्नि, न शब्दादिगण न जल केही हुँदैन । यस्तो अवस्थालाई योगीजन 'तत्सद्ब्रह्म' मानेर आफ्नो हृदयाकाशमा धारण गरी चिन्तन गर्दछन् । 'सत्' तत्त्व मात्र शेष रहेको हुन्छ, जुन तत्त्वलाई न मनले न वाणीले न नाम तथा न रूपरङ्गले नै छुट्याउन सकिन्छ, त्यसैले यसको नाम 'शून्य' भनिएको हो । त्यही शून्य तत्त्वलाई नै श्रुति-स्मृति ग्रन्थहरूले अनेक नाम दिएका छन् । जस्तो कि-

सत्यं ज्ञानमनन्तं च परानन्दं परं महः । ६-११ ।

शून्य तत्त्वलाई सत्य- ज्ञानस्वरूप- अनन्त- परमानन्दमय- परम- ज्योतिस्वरूप- अप्रमेय- आधाररहित- निर्विकार- निराकार- निर्गुण- योगीगम्य- सर्वव्यापी- सबैको एक मात्र कारण- निर्विकल्प- निरारम्भ- मायाशून्य- उपद्रवरहित- अद्वितीय- अनादि- अनन्त- शून्य तथा चिन्मय- आदि नामहरूले चिनाउने कोसिस गरिएको छ । यो सृष्टि पूर्वको अवस्था हो । सबै तत्त्व यस बेला विलय हुन्छन् र शून्य अवस्थामा रहन्छन् । जब त्यही 'सत्य' 'शून्य' 'स्वरूप' एकबाट अनेक (एकोऽहं बहुस्यामः) बन्ने इच्छा गर्छ तब अविनाशी माया प्रकृतिको सृष्टि

गर्न पुग्छ ।

पुरुष (शिव) बाट प्रकृति (माया) प्रकट

महाप्रलय पश्चात् जब एकबाट अनेक हुने इच्छा हुन्छ या सृष्टिलाई व्यापक बनाउने इच्छा हुन्छ, तब अविनाशी सदाशिव, अविनाशी माया (प्रकृति) लाई आफ्नो अंशबाट प्रकट गर्दछन् । यथा-

प्रधानं प्रकृतिं तां च मायां गुणवतीं पराम् । ६-२० ।

त्यसलाई पराशक्तिको प्रधान, प्रकृति, गुणवती, माया एवं बुद्धितत्त्वको जननी भनेर पुकारिएको छ, जो विकाररहित हुन्छ । त्यही शक्तिलाई 'अम्बिका' भनिएको छ । त्यही शक्तिलाई प्रकृति, सर्वेश्वरी, त्रिदेवजननी, नित्या एवं मूल कारण भनिएको छ । त्यही शक्ति सदाशिवकी अर्धाङ्गिनी, नित्य संयोगकारिणी एवं अष्टभुजाधारिणीका रूपमा सदा शिवलोक (काशी) मा नित्य शिवका साथ निवास गर्छिन् जो प्रलयकालमा पनि यथावत् रहन्छ । यथा-

मुने प्रलयकालेऽपि न तत्क्षेत्रं कदाचन ।
विमुक्तं हि शिवाभ्यां यदविमुक्तं ततो विदुः ॥ ६-३० ॥

काशीलाई अविमुक्त क्षेत्र भनिएको छ । 'काश्यांमरणात् मुक्तिः ।

अतः वैराग्यधारण गरी अन्तिम समयमा काशी क्षेत्रमा वास गर्नू ।

यस काशीलाई 'आनन्दवन', 'अविमुक्त' नामले पनि जानिन्छ र प्रलय हुँदा पनि यो यथावत् सुरक्षित रहन्छ । यहाँ 'शिव-शिवा' नित्य निवास गर्छन् ।

प्रकृति र पुरूष (शिव-शिवा) बाट विष्णु प्रकट

काशीमा रहँदा जब शिव-शिवालाई सृष्टिलाई अझ व्यापक बनाउने इच्छा जागृत भयो तब अन्य कुनै शक्तिसम्पन्न पुरुष जसले हाम्रो अनुग्रहलाई पालन गर्दै सृष्टिको विस्तार गरोस्, पालन गरोस् र संवरण पनि गरोस् । यस्तो महापुरुषको परिकल्पना गर्दै सर्वव्यापक भगवान् सदाशिवले पराशक्तिको दशौं अङ्ग (योनि) मा सुधाररूपी आसवको प्रयोग गरे । यथा-

सव्ये व्यापारयञ्चक्रे दशमेऽङ्गे सुधासवम् । ६-३७ ।

यसरी दशौं ङ्गमा नियोग गरिसकेपछि चतुर्भुजधारी विष्णु प्रकट भए । यथा-

ततः पुमानाविरासीदेकस्त्रैलोक्यसुन्दरः ।

शान्तः सत्त्वगुणोद्रिक्तो गाम्भीर्यामितसागरः ॥ ६-३८ ॥

विष्णु स्वयं त्र्यैलोक्य सुन्दर, शान्त, सत्त्वगुणले युक्त, गाम्भीर्यमा समुद्रझैँ क्षमाशील, इन्द्रनीलमणिझैँ कान्तियुक्त कमलनयनयुक्त, अपराजित भुजायुक्त थिए ।

शिवद्वारा विष्णुको नामकरण र तप गर्न आज्ञा

जब विष्णुले आफ्नो नाम र गर्नुपर्ने कामका बारेमा सोधे, त्यसपछि, शिवले भने-

विष्ण्विति व्यापकत्वात्ते नाम ख्यातं भविष्यति ।
बहून्यन्यानि नामानि भक्त सौख्य कराणि ह ॥ ६-४३ ॥

सर्वव्यापक भएकाले तिम्रो नाम 'विष्णु' हुनेछ । यसका अतिरिक्त अन्य धेरै नाम हुनेछन् जो भक्तहरूलाई सुख र आनन्द दिनेछन् । अब तिमी स्थिर चित्तका साथ तप गर किनकि तप नै सबै कार्यको साधन हो । यति भनेपछि शिवले श्वास मार्गबाट सम्पूर्ण वेदको ज्ञान दिए ।

इत्युक्त्वा श्वासमार्गेण ददौ च निगमं ततः । ६-४४ ।

त्यसैले वेद प्रकट भएको सम्बन्धी ज्ञानमा- 'यस्य निश्वासितं वेदाः' भनेर भगवान्को श्वास-प्रश्वासबाट वेद निस्किएको भनिएको छ । यसरी सदाशिवले श्रीविष्णुलाई नामाकरण सहित ज्ञानोपदेश दिइसकेपछि- अन्तर्ध्यान भए र नित्य काशीमा बस्न थाले । यसपछिको सम्पूर्ण सृष्टि-स्थिति-लयको कार्य विष्णुले सम्हाल्न थाले ।

विष्णुद्वारा तपस्या, श्रमजलबाट सागरको उत्पत्ति, त्यहीँ निवास

शिव अन्तर्ध्यान भएपछि विष्णु तपस्या गर्न थाले ।

दिव्यं द्वादश साहस्रं वर्षं तप्त्वापि चाच्युतः । ६-४६ ।

विष्णुले बाह्र हजार वर्ष तपस्या गरे तर शिवको दर्शन भएन । अब के गरूँ ? भन्दै सोच्दै गर्दा आकाशवाणी भयो-

तपः पुनः प्रकर्तव्यं संशयस्यापनुत्तये । ६-४८ ।

फेरि पनि तपस्याकै आज्ञा सुनेपछि पुनः अझ कठिंन तपस्या गर्न थाले जसको फलस्वरूप एकातिर ब्रह्मज्ञान प्राप्त हुँदै गयो भने अर्कातिर शरीरबाट श्रमजल निस्किन थाल्यो । त्यही श्रमजल विशालक्षेत्रलाई ओगट्दै फैलियो र महासागरको रूपमा परिणत भयो । थकित भएका विष्णु त्यसैमा शयन गर्न पुगे । त्यसैले उनको नाम 'नारायण' भयो । यथा-

नारायणेतिनामापि तस्यासीच्छ्रुतिसम्मतम् । ६-५४ ।

भागवत- **'आपो नार इति प्रोक्ताः' आपो वै नरसूनव ।**
अयनं तस्य तो पूर्व तेन नारायणः स्मृतः

नार (जल) अयन (सुत्नु-बस्नु) नारायण ।

यही नारायणका 'महाविराट्', 'महाविष्णु' आदि नाम भए भने यिनै महापुरूषबाटै चौबिस तत्त्वको सिर्जना भयो ।

महाविष्णुबाट चौबिस तत्त्वको सृष्टि

शिवाज्ञालाई शिरोधार्य गर्दै महाविष्णुले त्यति बेला प्रकृति र पुरुषको अतिरिक्त केही नभएको अवस्थामा विस्तार गर्न थाले । यस क्रममा माया प्रकृतिबाट महत्तत्त्व, महत्तत्त्वबाट तीन गुण (सत्त्व, रज, तम), तीन गुणबाट अहङ्कार (सत्त्व-रज-तम) पैदा गरे । फेरि त्यसबाट पञ्चतन्मात्रा-अर्थात् सात्त्विक अहङ्कारबाट 'मन' राजसी अहङ्कारबाट पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय एवं तामसी अहङ्कारबाट पञ्च तन्मात्रा (शब्द, रूप, रस, गन्ध, स्पर्श) त्यसपछि पञ्चतन्मात्राबाट पञ्चमहाभूत (पृथ्वी-अप-तेज-वायु-आकाश) प्रकट भए । यी सबैलाई मेल गराउँदा चौबिस तत्त्व बन्न पुगे र यिनै चौबिस तत्त्वको मेल नै ब्रह्माण्ड भयो र शिवको इच्छाले त्यस ब्रह्मरूप जलमा नै शयन गर्न पुगे । यथा-

तत्तदैकीकृतं तत्त्वं चतुर्विंशतिसङ्ख्यकम् ।
शिवेच्छया गृहीत्वा स सुष्वाप ब्रह्मरूपके ॥ ६-५९ ॥

चौबिस तत्त्वको संयोगले बनेको अण्डस्वरूप नै ब्रह्माण्ड हो र नारायण त्यही ब्रह्माण्डभित्र चेतनशक्तिका रूपमा प्रवेश गरेपछि त्यो अण्ड क्रियाशील हुन पुग्यो जसमा माथि र तल सात सात लोक अवस्थित छन् ।

नारायणको नाभिकमलबाट ब्रह्मा प्रकट

सुप्ते नारायणे देवे नाभो पङ्कजमुत्तमम् ।
आविर्बभूव सहसा बृहद्वै शङ्करेच्छया ॥ ७-१ ॥

नारायण सुतेपछि शिवेच्छा अनुसार उनको नाभिकमलबाट एउटा बृहत् कमल नालमाथि उठ्दै गयो र त्यस कमल दलमा शिवको दाहिने अङ्गबाट म (ब्रह्मा) प्रकट भए र त्यसैमा मलाई राखियो । यथा-

दक्षिणाङ्गान्निजन्मा वै साम्बः शम्भुरजीजनत् ।
तन्नाभिपङ्कजादाविर्भावयामास लीलया ॥ ७-४ ॥

मेरा चार मुख थिए । रातो वर्ण थियो । म ज्ञानहीन थिएँ । म कहाँ र कसरी आएँ ? मेरा पितामाता को हुन् ? आदि सोच्न थालेँ । यथा-

कोऽहं वा कुत आयातः किं कार्यं तु मदीयकम् ।
कस्य पुत्रोऽहमुत्पन्नः केनैव निर्मितोऽधुना ॥ ७-८ ॥

यसरी सोच्दै धेरै समय बित्यो अनि त्यही कमलनाल नै मेरो आधारस्थल भएकाले म त्यसैभित्र प्रविष्ट गरेँ । आफू उत्पत्ति भएको स्थानको खोजी गर्न गहिराइसम्म पुगेँ । एक सय वर्ष बित्यो तर अन्तिम विन्दु (आधार स्थल) थाहा पाउन सकिनँ ।

नाले नाले गतस्तत्र वर्षाणां शतकं मुने । ७-११ ।

त्यसपछि म फर्केर आएँ । माथि आउँदा कमल थिएन । झन् किंकर्तव्यविमूढ बन्न पुगेँ । त्यति बेला 'तप' गर भन्ने आकाशवाणी भयो । यथा-

तदा वाणी समुत्पन्ना तपेति परमा शुभा । ७-१५ ।

त्यसपछि बाह्र वर्षसम्म निरन्तर तपस्या गरेँ । तपस्याबाट आँखा खोल्दा अगाडि चतुर्भुजधारी विष्णुलाई देखेँ । म शिवमायाद्वारा मोहित थिएँ, त्यसैले प्रश्न गरेँ-

ब्रह्मा र विष्णुको विवाद- ज्योतिर्लिङ्ग प्रकट

मैले शेषशायी विष्णुलाई सोधेँ- तिमी को हौ ? कहाँबाट यहाँ आयौ ? उत्तर नदिएपछि मलाई रिस उठ्यो अनि हातले घुस्सा दिएँ । मैले हिर्काएपछि उनी निद्राबाट उठे ।

तदा हस्त प्रहारेण तीव्रेण सुदृढेन तु ।
प्रबुद्ध्योत्थाय शयनात्समासीनः क्षणं वशी ॥ ७-२४ ॥

विष्णु- हे वत्स पितामह ! तिमीलाई स्वागत छ । तिमी निर्भय बन, म तिम्रो हित (कल्याण) गर्नेछु । भन, के समस्या आयो ?

स्वागतं स्वागतं वत्स । पितामह महाद्युते ।
निर्भयो भव दास्येऽहं सर्वान्कामान्न संशयः ॥ ७-२६ ॥

ब्रह्मा- हे विष्णु ! कुन कारणले मलाई वत्स भन्छौ ? म नै संसारको निर्माता हुँ । म नै सबैको आधार हुँ । वेदले मलाई 'स्वयम्भू' भनेको छ । असत्य किन बोल्छौ ?

विष्णु- तिमी मेरो अङ्गबाट प्रकट भएका हौ त्यसैले तिमी वत्स हौ । म देवताहरूको ईश्वर हुँ । म नै कर्ता-हर्ता-भर्ता हुँ ।

कर्ता हर्ता च भर्ता च न मयास्ति समो विभुः ।
अहमेव परं ब्रह्म परं तत्त्वं पितामहः ॥ ७-३१ ॥

मैले नै चौबिस तत्त्वको आविष्कार गरी संसार बनाएको हुँ । त्यसैले हे ब्रह्मा ! मेरो शरणमा आऊ । म तिम्रो रक्षा गर्नेछु ।

शरणं व्रज मे विधे ।
अहं त्वां सर्वदुःखेम्यो रक्षिष्यामि न संशय ॥ ७-४३ ॥

वाक्युद्धले धैर्य छोड्दै गयो । शिवमायाले मोहित हुँदै गए । रजोगुणको वृद्धि हुँदै गयो र घनघोर युद्धारम्भ भयो । ब्रह्मा र विष्णु एकअर्कालाई मृत्युको सङ्घारमा पुर्‍याउन चाहन्थे । सर्वत्र हाहाकार मच्चियो । त्राहि त्राहिको ध्वनि नभमण्डलमा व्याप्त भयो । अनि युद्ध शान्त गर्न शिव ज्योर्तिमय लिङ्गको रूपमा दुवैको बिचमा प्रकट हुनुभयो ।

एतस्मिन्नन्तरे लिङ्गमच्चावयोः पुरः । ७-४७ ।

त्यसपछि त्यो ज्योतिर्लिङ्गको अन्तिम विन्दु पत्ता लगाउन म हंश रूप लिएर माथितिर गएँ र विष्णु श्वेतवराह रूप लिई ज्योतिर्लिङ्गको तलतिर गए । विष्णुले श्वेतवराह रूप लिएकाले अहिले चलिरहेको कल्पको नाम नै श्वेतवराह कल्प भयो, जसलाई काल गणनामा लिइएको छ । यथा-

तदा प्रभृतिलोकेषु श्वेतवाराहसंज्ञकः । ७-५९ ।

हामीले ज्योतिर्लिङ्गको अन्तिम विन्दु पत्ता लगाउन सकेनौं र पूर्वस्थानमा फर्कियौं अनि दीन बनेर प्रार्थना गर्‍यौं ।

जानीवो नही ते रूपं योऽसि योऽसि महाप्रभो ।
नमोऽस्तु ते महेशान ! रूपं दर्शय नौ त्वरम् ॥ ७-५९ ॥

ब्रह्मा- विष्णुको गर्वनाश- ॐकारसहित शब्दमय शिव प्रकट

ज्योतिर्लिङ्गको विन्दु पत्ता नलगाएकाले दुवैको 'म' र 'मेरो' भन्ने भावको गर्वनाश भयो किनकि शिव स्वयं गर्वनाशी हुन् ।

गर्विणां गर्वहर्ता च सर्वेषां प्रभुरव्ययः । ८-२ ।

त्यसपछि त्यही ज्योतिर्लिङ्गमा ॐकार नादमय शब्द प्रकट भयो । यथा-

तदा समभवत्तत्र नादो वै शब्दलक्षणः ।
ओमोमिति सुरश्रेष्ठात्सुव्यक्तः प्लुतलक्षणः ॥ ८-३ ॥

हामीले त्यो लिङ्गको दाहिनेतिर 'अ'कार, उत्तरतिर 'उ'कार, बिचमा 'म्'कार र अन्तमा नाद 'ॐ' लाई देख्यौं । 'अ'कारबाट ब्रह्मा, 'उ'कारबाट विष्णु र 'म'कारबाट महेश प्रकट भए । त्यसपछि त्यही ज्योतिर्लिङ्गबाटै स्वरवर्ण प्रकट हुन थाले ।

स्वरवर्ण र व्यञ्जनवर्ण स्वरूप विग्रह

शब्दमय शिवको विग्रह कस्तो थियो भने- 'अ' शिवको शिर थियो, 'आ' माया, 'इ' दाहिने नेत्र, 'ई' बायाँ नेत्र, 'उ' दाहिने कान, 'ऊ' बायाँ कान, 'ऋ' दाहिने कपोल, 'ऋ' बायाँ कपोल, 'ऌ-ॡ' दुवै नासापुट, 'ए-ऐ' दुवै ओठ, 'ओ-औ' दुवै दन्तपङ्क्ति, 'अं' तालु र 'अः' जिह्वा थियो ।

यसैगरी शिवको व्यञ्जन वर्णको विग्रहमा- क-ख-ग-घ-ङ दाहिने हात, च-छ-ज-झ-ञ- बायाँ हात, ट-ठ-ड-ढ-ण- दाहिने चरण, त-थ-द-ध-न- बायाँ चरण, प- उदर, फ- दायाँ फसली, ब- बायाँ फसली, भ-स्कन्ध, म हृदय, य, व, र, ल, श, ष, स- यी सात धातु बने, 'ह' नाभि, क्ष-नासिका । यसरी निर्गुण शिव शब्दमय रूपमा सगुण बने ।

एवं शब्दमयं रूपमगुणस्य गुणात्मनः । ८-४० ।

फेरि त्यही ज्योर्तिमय लिङ्गमै पञ्चाक्षर (नमः शिवाय) रूद्रगायत्री, गायत्री मन्त्र, मृत्युञ्जय मन्त्र, चिन्तामणि मन्त्र दक्षिणामूर्ति मन्त्र प्रकट भएको देख्यौं ।

चिन्तामणि मन्त्र- **अग्निः संवर्तकादित्यावनिलौ षष्ठ विन्दुमत् ।**
चिन्तामणिरिति ख्यातं बीजं सर्वसमृद्धिदम् ॥

दक्षिणामूर्तिमन्त्र- ॐ नमो भगवते दक्षिणामूर्तये मध्यं मेद्यां प्रयच्छ स्वाहा । महावाक्य : तत्त्वमसि ।

यी मन्त्रहरूको जप गर्नाले 'तत्त्वमसि', 'सोऽहम्', 'अहं ब्रह्मास्मि' आदि स्वरूपमा पुगिन्छ । यसरी सर्वाङ्ग शब्दमय शिवलाई देखेर हामीले स्तुति गऱ्यौं ।

ब्रह्मा-विष्णुद्वारा शिवको स्तुति, शिव प्रकट र वर प्रदान

हामीले दीन भएर दीनानाथको स्तुति गऱ्यौं, हाम्रो प्रार्थनाबाट पग्लेर शिव प्रकट हुनुभयो ।

प्रादुर्बभूव सुप्रीतः सवामः करुणानिधिः । ९-१ ।

भगवान् भोलेनाथ पाँच मुख, तीन नेत्र, शिरमा चन्द्रमा, जटाधारी, गौरवर्ण, विशालाक्ष, भस्माङ्ग, दश भुजा, नीलकण्ठ, सर्वाङ्ग आभूषणले भूषित थिए । हामी छवि हेरेर कृतकृत्य भयौं । त्यसपछि शान्त भएर विष्णुले सोधे-

विष्णु - **कथं च तुष्यसे देव मया पूज्यः कथं प्रभो ।**
कथं ध्यानं प्रकर्तव्यं कथं व्रजसि वश्यताम् ॥ ९-८ ॥

तपाईंको पूजा- ध्यान कसरी गर्ने ? के गर्दा तपाईं खुसी हुनुहुन्छ ? अब उप्रान्त हामीले के गर्ने ? कृपया हामीलाई आज्ञा दिनुहोस् ।

शिव- म तिमीहरू दुवैबाट प्रसन्न छु । दुःख, सङ्कट आइपरेमा मेरो पार्थिव लिङ्गको पूजा गर्नू ।

मम लिङ्गं सदा पूज्यं ध्येयं चैतादृशं मम । ९-१३ ।

तिमीहरू मेरा दायाँ र बायाँ भुजाबाट प्रकट भएका हौ र मेरो अर्को अंश रूद्र ब्रह्माको भृकुटीबाट प्रकट भएको हो । तिमीहरू सबै मिलेर सृष्टि-पालन र संहारको कार्यमा संलग्न हुनू ।

ब्रह्मन्सृष्टिं कुरु त्वं हि मदाज्ञापरिपालकः ।
वत्स वत्स हरे त्वं च पालयैवं चराचरम् ॥ ९-२० ॥

रूद्र शान्ति मेरै स्वरुप हो, यसमा भेद नसोच्नू । म निर्गुण हुँ- ऊ सगुण स्वरूप हो ।

अतो भेदो न विज्ञेयः शिवे रुद्रे कदाचन । ९-३४ ।

त्यसैगरी प्रकृतिशक्ति उमादेवीबाट क्रमशः महालक्ष्मी, महासरस्वती, महाकाली प्रकट भएर तिमीहरूलाई सहायता गर्नेछन् । यिनीहरूलाई आफ्नी शक्तिस्वरूपिणीको रूपमा स्वीकार गरेर आआफ्नो कार्य गर्नू । ब्रह्माले जब सृष्टि विस्तार गर्नेछन् तब विष्णुले ती सृजना भएकाको रक्षा गरी सहायता गर्नू । यथा-

ब्रह्मणा निर्मिते लोके यदा दुःखं प्रजायते ।
तदा त्वं सर्वदुःखानां नाशाय तत्परो भव ॥ १०-२ ॥

अध्याय दशम

ब्रह्मा-विष्णु एवं रुद्रको आयु निर्णय

आयुर्बलं श्रृणुष्वाद्य त्रिदेवानां विशेषतः ।
सन्देहोऽत्र न कर्तव्यो ब्रह्मविष्णुहरात्मनाम् ॥ १०-१५ ॥

ब्रह्मा नारदलाई यी प्रसङ्गहरू वर्णन गरिरहेका छन् । शिवले उपदेश दिने क्रममा त्रिदेवको आयु प्रमाणलाई यसरी वर्णन गरे ।

कुनै पनि पदार्थलाई टुक्र्याउँदै जाँदा जब अन्तिम अवस्थामा पुग्छ त्यसपछि टुक्र्याउन सकिँदैन, त्यसलाई नै परमाणु भनिन्छ । २ परमाणु बराबर १ अणु हुन्छ । ३ अणु बराबर १ त्रसेरणु हुन्छ । ३ त्रसरेणु बराबर १ त्रुटि हुन्छ । १०० त्रुटि बराबर १ वेद्य हुन्छ । ३ वेद्य बराबर १ लव हुन्छ । ३ लव बराबर १ निमेष हुन्छ । ३ निमेष बराबर १ क्षण हुन्छ । ५ क्षण बराबर १ काष्ठा हुन्छ । १५ काष्ठा बराबर १ लघु हुन्छ । १५ लघु बराबर १ नाडिका हुन्छ । २ नाडिका बराबर १ मुहूर्त हुन्छ । ३० मुहूर्त बराबर १ अहोरात्र हुन्छ । त्यसैगरी ६ उच्छ्वास र ६ निश्वास बराबर १ पल हुन्छ । ६० पलको १ घडी, ६० घडीको १ अहोरात्र (दिन-रात) हुन्छ । यथा-

षड्भिरुच्छ्वासनिःश्वासैः पलमेकं प्रवर्तितम् ।
घटी षष्टिपला प्रोक्ता सा षष्ट्या च दिनं निशा ॥ १०-२३ ॥

यो एक अहोरात्रमा श्वास लिने र छोड्ने प्रक्रिया सामान्यतया २१६०० (एक्काइस हजार ६ सय) पटक हुन्छ । १५ अहोरात्रको १ पक्ष, २ पक्षको १ महिना, २ महिनाको १ ऋतु, ३ ऋतुको १ अयन, २ अयनको १ संवत्सर, १०० संवत्सर मनुष्यको परमायु मानिएको छ ।

संवत्सरशतं नृणां परमायु निरूपितम् ।

मनुष्यको एक महिना पितृको एक दिन हुन्छ- शुक्लपक्ष दिन, कृष्णपक्ष रात गरेर । मनुष्यको एक वर्ष देवताको एक दिन हुन्छ- उत्तरायण दिन, दक्षिणायन रात गरेर । देवताको १०० वर्ष त्रिदेवको दिव्य एक दिन हुन्छ । यस्तै दिव्य १०० दिन एक वर्ष हुन्छ ।

सत्ययुग - ४००० दिव्य वर्ष - सन्ध्या ४०० । ४०० सन्ध्यांश- ४,८०० दिव्य वर्ष
त्रेतायुग - ३००० दिव्य वर्ष - ३०० ३०० ३,६०० दिव्य वर्ष
द्वापरयुग - २००० दिव्य वर्ष - २०० २०० २,४०० दिव्य वर्ष
कलियुग - १००० दिव्य वर्ष - १०० १०० १,२०० दिव्य वर्ष

कलियुगको १,२०० दिव्य वर्ष मनुष्य प्रमाणले ४३२००० (चार लाख बत्तीस हजार) वर्ष हुन्छ । कलिको दुई गुना द्वापरयुग, तीन गुना त्रेतायुग, चौगुना सत्ययुगको समय हुन्छ ।

ब्रह्माको आयु- दिव्य १०० वर्ष ब्रह्माको एक दिन हुन्छ, यति नै समयको रात्रि हुन्छ । यस अवधिमा ४ युगको समय बित्छ, यसैलाई एक कल्प भनिन्छ । एक कल्पको समयावधिमा १४ मनुले राज्य गर्छन्- यसैलाई मन्वन्तर भनिन्छ । यही क्रमले दिव्य १०० वर्षको अवधिलाई ब्रह्माको आयु मानिएको छ ।

चतुर्युगसहस्राणि ब्रह्मणो दिनमुच्यते ।
रात्रिश्च तावती तस्य मानमेतत्क्रमेण ह ॥ १०-१६ ॥

यो दिव्य वर्षको ५० वर्ष अर्थात् आधा भागलाई परार्द्ध भनिन्छ । अहिले पहिलो परार्द्ध बितिसकेको छ र ब्रह्माको द्वितीय परार्द्धको समय चलिरहेको छ ।

विष्णु र शिवको आयु- ब्रह्माको एक वर्ष विष्णुको एक दिन हुन्छ, त्यति नै समय रात हुन्छ- यस क्रमले १०० वर्ष विष्णुको परमायु मानिएको छ । यथा-

ब्रह्मणो वर्षमात्रेण दिनं वैष्णवमुच्यते ।
सोऽपि वर्षशतं यावदात्ममानेन जीवति ॥ १०-१८ ॥

विष्णुको एक वर्ष- रूद्रको एक दिन हुन्छ, त्यति नै समयको रात हुन्छ- यसै क्रमले १०० वर्ष आयु पर्यन्त रूद्रको आयु हुन्छ ।

वैष्णवेन तु वर्षेण दिनं रौद्रं भवेद् ध्रुवम् । १०-१९ ।

त्यसपछि शिवले त्रिदेवमा भेद गर्नाले नरकवासी हुने बताउँदै धर्म, अर्थ, ज्ञान, भक्ति विषयहरूमा उपदेश दिएर अन्तर्ध्यान हुनुभयो ।

अध्याय एकादश

शिवपूजाविधि र यसको फल

नारदले शिवलिङ्ग पूजाविधि सोधेपछि ब्रह्मा भन्न थाल्नुभयो ।

ब्रह्मा- श्रृणु नारद ! वक्ष्यामि सङ्क्षेपाल्लिङ्ग पूजनम् । १० ।
लिङ्गवेदिर्महादेवी लिङ्गं साक्षान्महेश्वरः ।
लयनाल्लिङ्गमित्युक्तं तत्रैव निखिलं जगत् ॥ १०-३८ ॥

लिङ्गवेदी साक्षात् भगवती महादेवी हुन् । लिङ्ग स्वयं महादेव एवं लय (प्रलय) कारक भएकाले यसलाई लिङ्ग भनिएको हो । जबसम्म शिवलिङ्गार्चन हुँदैन तबसम्म दरिद्रता, रोग, शत्रुकष्ट, चारै प्रकारको पापले सताउँछ, शिवार्चन हुनासाथ यी सबै नष्ट हुन्छन् । त्यसैले चारै वर्ण, चारै आश्रम सबैले अवश्य शिवार्चन गर्नु श्रेयस्कर हुन्छ । अब क्रमशः शिवपूजा विधिको प्रक्रिया वर्णन गरिन्छ ।

नित्यकर्म- प्रातःकाल उठेर गुरु-शिव-देवता-मुनि एवं सबै तीर्थहरूलाई स्मरण गर्ने, त्यसपछि पृथ्वीमातालाई प्रणाम गर्ने, दक्षिण दिशामा मलमूत्र त्याग, माटोले अङ्ग संशोधन, दतिउन र कुल्ला गर्ने, वर्णानुसार १२, ११, १०, ९ औंला लामो दतिउन ब्राह्मणादिले लिनुपर्छ । षष्ठी-अमावश्या-नवमी-व्रतदिन-सूर्यास्तकाल-रविवार र श्राद्धको दिन दतिउन गर्नुहुँदैन, केवल कुल्ला मात्र गर्नुपर्दछ । यथा-

षष्ट्याद्यामश्च नवमी व्रतमस्तं रवेर्दिनम् ।
तथा श्राद्धदिनं तात निषिद्धं दन्तधावने ॥ २७ ॥

त्यसपछि तीर्थ-तलाउ-नदी-वापी-कुवा आदिमा सङ्कल्पपूर्वक स्नान गर्ने, धौतवस्त्र धारण गर्ने, सध्याबन्धन गर्ने अनि विधिवत् शिवको पूजन प्रारम्भ गर्नुपर्छ ।

शिव नित्यपूजन विधि

प्रथमं च गणाधीशं द्वारपालान्स्तथैव च । (३२)

सर्वप्रथम गणेश-द्वारपाल-दिक्पालको पूजा गर्ने, त्यसपछि अष्टदल बनाएर त्यसमा शिवलाई स्थापना गर्ने, अनि प्राणायाम, आचमन-ध्यान र न्यास गर्ने । विधिपूर्वक १ कलश स्थापना गरी पूजा गर्ने, अनि पाद्य-आचमन-चन्दन-अक्षत-पुष्प तयारी गरेर पूजारम्भ गर्ने । त्यसपछि क्रमशः अष्टदलको पूर्वमा अणिमा, दक्षिणमा लघिमा, पश्चिममा महिमा, उत्तरमा प्राप्ति, आग्नेयमा प्राकाम्य, नैऋत्यमा ईशित्व, वायव्यमा वशित्व, ईशानमा सर्वज्ञत्वको पूजा गर्नुपर्दछ ।

लघिमा दक्षिणं चैव महिमा पश्चिमं तथा । ४६ ।

त्यसपछि चारै दिशामा सोम- सूर्य- पावक- धर्म- अव्यक्तादिको पूजा गर्ने अनि आवाहन- आसन- पाद्य- अर्ध्य- आचमन- पञ्चगव्य- पञ्चामृत- उखुको रस- मह- घिउ- दीप- नैवेद्य- निराजन- नमस्कार- स्तोत्रपाठ- अर्ध्य दिएर अनि क्षमायाचनाको यो मन्त्र भन्ने । यथा-

अज्ञानाद्यदिवा ज्ञानाज्जपपूजादिकं मया ।

कृतं तदस्तु सफलं कृपया तव शङ्करः ॥ ७४ ॥

त्यसपछि मार्जन-नमस्कार- ब्राह्मणबाट आशीर्वाद लिने-

शिवे भक्तिः शिवे भक्तिः शिवे भक्तिर्भवे भवे ।
अन्यथा शरणं नास्ति त्वमेव शरणं मम ॥ ७८ ॥

यसरी प्रतिदिन पूजा गर्नाले सबै कष्टलाई नाश गर्दै शुक्ल-पक्षको चन्द्रमा जसरी कल्याण बढ्दै जान्छ ।

कल्याणं जायते तस्य शुक्ल पक्षे यथा शशी । ८४ ।

अध्याय द्वादश

शिवपूजार्चना उपदेश

(विश्वकर्मानिर्मित भिन्न भिन्न शिवलिङ्ग विष्णुद्वारा देवताहरूलाई प्रदान र ब्रह्माद्वारा शिवपूजार्चना उपदेश)

ब्रह्मा- एक समय देवताहरूको अनुरोधमा हामी शेषशायी विष्णुलाई भेट्न क्षीरसागर गयौं । प्रणाम अभिवादन भयो । देवताहरूले विष्णुलाई सोधे- नित्यपूजन कसको गर्नु ?

नित्यं सेवातु कस्यैव कार्या दुःखापहारिणी । ९ ।

विष्णु- हे देवताहरू हो ! यसको उत्तर त शिवले आफ्नो ज्योर्तिलिङ्ग स्वरूप देखाएर पुष्टि गरिसकेका छन् । त्यसैले निःसन्देह नित्य पूजा शिवको गर्नु उपयुक्त हुन्छ ।

तस्मात्सदा पूजनीयो लिङ्गमूर्तिधरो हरः । १७ ।

शिवपूजा गर्नाले समस्त दुःखबाट निवृत्ति, धनधान्यको वृद्धि, सुयोग्य सन्ततिवृद्धि, तुष्टि एवं पुष्टि प्राप्त हुन्छ ।

देवता- त्यसो भए हामीलाई शिवलिङ्ग दिनुहोस् । विष्णुले तुरुन्त विश्वकर्मालाई स्मरण गरे

र लिङ्ग निर्माण गर्ने आज्ञा दिए । विश्वकर्माले भिन्न भिन्न धातुबाट लिङ्ग निर्माण गरे ।

विश्वकर्माद्वारा शिवलिङ्ग निर्माण र देवताहरूलाई प्रदान

पद्मरागमयं शक्रो हैमं विश्रवसः सुतः ।
पीतं मणिमयं धर्मो वरुणः श्यामलं शिवम् ॥ ३१ ॥

पद्मराग मणिमय लिङ्ग बनाएर इन्द्रलाई दिइयो । विश्रवापुत्र (कुबेर) लाई सुवर्णमय लिङ्ग, पुषराज मणिमय लिङ्ग धर्मराजलाई तथा श्याम वर्णमय लिङ्ग वरुणलाई प्रदान गरियो । यसै गरी -

धातुलिङ्ग	प्रदान	धातुलिङ्ग	प्रदान
इन्द्रनीलमणि -	विष्णुलाई	सुवर्णमयलिङ्ग-	ब्रह्मालाई
चाँदी निर्मित लिङ्ग-	विश्वेदेव र वसु	पित्तल निर्मित -	अश्विनीकुमार
स्फटिक निर्मित -	लक्ष्मीलाई	ताम्र निर्मित -	आदित्यलाई
मोतीनिर्मित -	चन्द्रमालाई	हीरा निर्मित -	अग्निदेवलाई
माटो निर्मित -	ब्राह्मण- ब्राह्मणपत्नीलाई	चन्दन निर्मित -	मयदानवलाई

मृण्मयं चैव विप्रेन्द्रा विप्रपत्न्यस्तथैव च । ३४ ।

प्रबालमणि निर्मित -	नागलाई	नौनीनिर्मित -	भगवतीलाई
भस्मनिर्मित -	योगीलाई	दधिनिर्मित -	यक्षलाई
पिठोनिर्मित -	छायालाई	पारानिर्मित -	बाणासुरलाई ।

यसरी प्रायः सबैले भिन्न भिन्न धातु निर्मित शिवलिङ्ग प्राप्त गरेपछि मैले सबैलाई लिङ्गार्चन सम्बन्धी ज्ञान दिन थालेँ ।

ब्रह्माद्वारा देवतालाई लिङ्गार्चन उपदेश

मानुषं जन्म सम्प्राप्य दुर्लभं सर्वजन्तुषु ।
तत्रापि सत्कुले देवा दुष्प्राप्यं च मुनीश्वराः ॥ ४२ ॥

मनुष्य जन्म पाउनु नै दुर्लभ छ । त्यसमाथि पनि सत्कुल एवं सदाचार पाउनु झनै दुर्लभ हुन्छ । जुन जाति या वर्णको जुन विधि बताइएको छ, त्यसको अतिक्रमण/उल्लङ्घन गर्नुहुँदैन । तपयज्ञभन्दा जपयज्ञ श्रेष्ठ हो, तर जपयज्ञभन्दा पनि ध्यानयज्ञ श्रेष्ठ हो । त्यसैले ध्यानयज्ञलाई प्रश्रय दिएर जीवनको कल्याण गर्नुपर्दछ ।

ध्यानयज्ञात्परं नास्ति ध्यानं ज्ञानस्य साधनम् । ४६ ।

लिङ्ग दुई प्रकारका हुन्छन्- १. बाह्य (स्थूल) २. आभ्यन्तर (सूक्ष्म) । कर्मयोगी स्थूलको उपासक हुन्छन् भने ध्यानयोगी सूक्ष्मको । जबसम्म निर्गुणतत्त्व प्राप्त हुँदैन, तबसम्म ध्यानयोगीले सगुण विग्रह (लिङ्ग/प्रतिमा) आदिको उपासना गरिरहनु पर्दछ ।

जबसम्म शरीरमा पाप रहन्छ, सिद्धि प्राप्त हुँदैन । ज्ञानको प्राप्ति भक्तिले हुन्छ, भक्तिको प्राप्ति सत्कर्म-इष्देवपूजन-सद्गुरुकृपा-सज्जनहरूसँग नित्य सहवास (सत्सङ्ग) द्वारा हुन्छ । यथा-

भक्तेर्मूलं तु सत्कर्म स्वेष्टदेवादिपूजनम् ।
तन्मूलं सद्गुरुः प्रोक्तस्तन्मूलं सङ्गतिः सताम् ॥ ७४ ॥

जबसम्म गृहस्थ धर्ममा आबद्ध हुन्छौ- तबसम्म पञ्चायतन देवता या केवल शिवको उपासना गरिरहनु पर्दछ । पञ्चायतनको उपासना गर्नाले शिव प्रसन्न हुन्छन्- जो वृक्षका मूल हुन् । मूलमा सिञ्चन गर्नाले स्वतः शाखा-प्रशाखा तृप्त हुन्छन् ।

विना पूजनदानादि पातकं न च दूरतः । ६९ ।

अध्याय त्रयोदश

विस्तृत स्वं सर्वोत्तम शिवलिङ्गार्चन विधि वर्णन

ब्रह्मा- हे देवताहरू हो ! अब, विस्तृत नित्यकर्म सहित शिवार्चन विधि वर्णन गर्दछु, सुन ।

प्रातःकाल ब्रह्ममुहूर्तमा उठेर सर्वप्रथम शिवपार्वती एवं गुरूको ध्यान गर्नुपर्दछ । हे महादेव ! ब्रह्माण्डको मङ्गल गर्नुहोस् । तपाई मेरो हृदयमा बस्नुहुन्छ, विश्वको मङ्गल गर्नुहोस् । म धर्म जान्दछु तर मेरो प्रवृत्ति त्यता हुँदैन, म अधर्म पनि जान्दछु तर त्यताबाट मेरो निवृत्ति पनि हुँदैन । त्यसैले मेरो हृदयमा बसेर जस्तो प्रेरणा दिनुहुन्छ, त्यसै गर्नेछु । यथा-

जानामि धर्मं न च मे प्रवृत्तिः
जानाम्यधर्मं न च मे निवृत्तिः ।
त्वया महादेव हृदि स्थितेन
यथा नियुक्तोऽस्मि तथा करोमि ॥ ४ ॥

त्यसपछि गुरूको ध्यान गर्नुपर्दछ । अनि दक्षिण दिशामा गएर मलमूत्र त्याग गर्नुपर्दछ ।

बहिर्गच्छेद्दक्षिणाशां त्यागार्थं मलमूत्रयोः । ५ ।

त्यसपछि दतिउन गर्नुपर्दछ । सूर्योदयभन्दा पूर्व देहशुद्धि गरिसक्नुपर्दछ । सकिन्छ भने आइतबार-श्राद्ध-सङ्क्रान्ति-ग्रहण-महादान-उपवास आदि दिनहरूमा तीर्थमा गएर स्नान गर्नुपर्दछ । जुठो परेको बेला या बारेको बेला तेल लगाउनु र तातो पानीले स्नान गर्नुहुँदैन । त्यसैगरी प्रतिपदा-श्राद्धतिथि-ग्रहण र उपवासको दिन तेलले मालिस गर्नुहुँदैन ।

उच्छिष्ट वस्त्र त्याग- पूजन-अर्चना-जप-होम गर्दा रातमा सुत्दा लगाएको, भोजन गर्दा लगाएको, मलमूत्र त्याग गर्दा लगाएको वस्त्र नधोइकन प्रयोग गर्नु हुँदैन ।

तर्पण- स्नान गरिसकेपछि देव-ऋषि-पितृको यथाशक्ति तर्पण गर्नुपर्दछ ।

आसन- मृगचर्म या कुशासनमा बसेर आचमन-भस्मधारण रूद्राक्षधारण र पूजार्चना गर्नुपर्दछ ।

पूजार्चना- गोबरले लिपेको भूमिमा पूजा गर्नुपर्दछ । सर्वप्रथम गणेशको पूजा गर्नुपर्छ अनि कार्तिकेय- पार्वती- द्वारपाल- नन्दीको पूजा गरेपछि प्रधानदेव शिवको पूजा गर्नुपर्दछ । आचमन- प्राणायाम- मुद्रा प्रर्दशन- गरेपछि दियो बालेर पद्मासन या भद्रासनमा बसेर शिवको पूजा गर्नुपर्दछ । पूजा गर्दा सर्वप्रथम ध्यान- आवाहन- आसन- अर्घ्य- पाद्य- आचमन- चन्दन- जलधारा- दुग्धधारा- दधिधारा- घृतधारा- उखुको रसधारा- गङ्गाजल आदिले गर्नुपर्दछ ।

आरतीः- आरती गर्दा क्रमशः तीन-पाँच-सात-नौ-एघारवटा बाती राखिएको दियोले गर्नुपर्दछ । यसमा पनि पाँचवटा बाती भएको दियो प्रमुख मानिएको छ । चरणमा चारपटक, नाभिमा दुईपटक, मुखमा एकपटक, सम्पूर्ण अङ्गमा सातपटक 'ॐ' आकारले आरती गर्नुपर्दछ । यथा-

पादयोश्च चतुर्वारं द्विःकृत्वो नाभिमण्डले ।
एककृत्वो मुखे सप्तकृत्व सर्वाङ्ग एव हि ॥ (७१) ॥

त्यसपछि स्तोत्रपाठ- प्रदक्षिणा- साष्टाङ्गप्रणाम-पुष्पाञ्जली- क्षमाप्रार्थना-विसर्जन गर्नुपर्दछ ।

विसर्जनमन्त्र- **स्वस्थानं गच्छ देवेश परिवारयुतः प्रभो ।**
पूजाकाले पुनर्नाथ त्वयागन्तव्यमादरात् ॥ (८१) ॥

यसरी पूजार्चना गर्नाले भुक्तिमुक्ति प्राप्त हुन्छ ।

ज्ञातव्य- स्थापित शिवलिङ्गको आवाहन र विसर्जन हुँदैन ।

अध्याय चतुर्दश

पुष्पविशेष, धान्य विशेष, धारा विशेष शिवलिङ्गार्चन वर्णन

ऋषिहरू सूतजीलाई र नारदजी ब्रह्मालाई प्रश्न गर्छन्-

कैः पुष्पैः पूजितः शम्भुः किं किं यच्छति वै फलम् ? (१)

ब्रह्मा- हे नारद !

कमलैर्विल्वपत्रैश्च शतपत्रैस्तथा पुनः ।
शङ्खपुष्पैस्तथा देवं लक्ष्मीकामोऽर्चयेच्छिवम् ॥ ४ ॥

शिवलाई कमल- विल्वपत्र- शतपत्र- शङ्खपुष्पमध्ये कुनै एक या एकभन्दा बढी यी पत्रपुष्पले अर्चना गर्दा मनोकामना पूर्ण हुन्छ । यी पुष्पहरू सबै शिवका प्रिय हुन् । कुन कामनाका लागि- कति पुष्प चढाउने- तल उल्लेख गरिएको छ ।

कामना	**पार्थिव लिङ्ग सङ्ख्या**	**पुष्प सङ्ख्या**
धनप्राप्ति	एक लाख लिङ्ग	एक लाख पुष्प
राज्यप्राप्ति	दश करोड	एक लाख पुष्प
कारागृहबाट मुक्ति	एक लाख पार्थिव लिङ्ग	एक लाख पुष्प
रोगबाट मुक्ति	पचास हजार	एक लाख पुष्प
कन्या/वरप्राप्ति	पच्चिस हजार	एक लाख पुष्प
विद्याप्राप्ति	साढे बाह्र हजार	एक लाख पुष्प
वाणीमा प्रखरता	साढे बाह्र हजार	एक लाख पुष्प
उच्चाटनका लागि	साढे बाह्र हजार	एक लाख पुष्प
मारणका लागि	एक लाख	एक लाख पुष्प
मोहनका लागि	पचास हजार	एक लाख पुष्प
सामन्त राजाहरूमाथि विजय	एक करोड	एक लाख पुष्प
यशप्राप्ति	एक करोड	एक लाख पुष्प
वाहनप्राप्ति	एक हजार	एक लाख पुष्प
मुक्तिकामना	पाँच करोड	एक लाख पुष्प
ज्ञानप्राप्ति	एक करोड	एक लाख पुष्प

मृत्युञ्जय मन्त्र जपको फल- एक लाख जप गर्दा शरीरशुद्धि, दुई लाख जप गर्दा पूर्वजन्मको स्मरण एवं उत्तम कुलमा जन्म हुने, तीन लाख जप गर्नाले कामनापूर्ति, चार लाख जप गर्नाले स्वप्नमा शिवको दर्शन, र पाँच लाख जप गर्नाले साक्षात् शिवको दर्शन एवं समस्त कामनाहरूको पूर्ति हुन्छ ।

पुष्प विशेष अर्चना फल

प्रत्येक कामनाका लागि उल्लिखित पुष्पपत्र एक लाखभन्दा कम हुनुहुँदैन । कमसेकम एक लाख हुनुपर्दछ ।

कामना	**पुष्प विशेष**	**कामना**	**पुष्प विशेष**
मुक्ति -	कुश	दीर्घायु -	दुबो
पुत्रप्राप्ति -	धतुरोको फूल	यश प्राप्ति -	अगस्त्यको फूल

आयुः कामो भवेद्यो वै दुर्वाभिः पूजनञ्चरेत् ।
पुत्रकामो भवेद्यो वै धतूरकुसुमैश्चरेत् ॥ २६ ॥

भक्तिमुक्ति - तुलसी पत्र

प्रतापका लागि - मन्दार

पुत्र प्राप्ति - अडहुल पुष्प

रोग उच्चाटन - कनेर पुष्प

भुक्तिमुक्ति फलं तस्य तुलस्या पूजयेद्यदि । २८ ।

आभूषण प्राप्ति - गुलदुपहरिया
विष्णु प्रिय - आलस पुष्प
सुन्दर वर /कन्या - मल्लिका पुष्प
वस्त्र सम्पत्ति - कनेर पुष्प
सुख सम्पत्ति - पारिजात पुष्प

वाहन सुख - चमेली पुष्प
मुक्तिका लागि - शमीपत्र
धन धान्य - जुही पुष्प
मन निर्मल - मेउली/सिमाली पुष्प
सर्वकामनापूर्ति - विल्वपत्र

विल्वपत्रैस्तथा लक्षै सर्वकामानवाप्नुयात् । ३३ ।

अग्राह्य पुष्प- चम्पा र केतकी पुष्पबाहेक ऋतु अनुसार उपलब्ध पुष्पले शिवार्चन गर्नुपर्दछ ।

चम्पकं केतकं हित्वा त्वन्यत्सर्वं समर्पयेत् । ३६ ।

शत्रुपीडाबाट उन्मुक्तिका लागि रायोको फूलले अर्चना गर्नुपर्दछ ।

धान्य विशेष शिवार्चन

यसको पनि सङ्ख्या एक लाखभन्दा कम हुनुहुँदैन ।

कामना	धान्य विशेष	कामना	धान्य विशेष
धनप्राप्ति -	चामलद्वारा अर्चना	महापापनाश -	तिलले अर्चना
स्वर्ग कामार्थी -	जौले अर्चना	सन्तान वृद्धि -	गहुँले अर्चना
सुख प्राप्ति -	मुगीले अर्चना	धर्मार्थकामवृद्धि -	कागुनोले अर्चना
शत्रुपीडा परास्त -	रायोको दानाले अर्चना	शत्रुपीडा निवरण -	सर्स्यु/मरिचदाना

मरीचिसम्भवा पूजा शत्रोर्नाशकरी स्मृता । ५७

धारा विशेष अभिषेक

कुनै पनि विशेष अभिषेक गर्दा कमसेकम दश हजार मन्त्र पाठ गर्नुपर्दछ । यसमा षडङ्ग रूद्रीपाठ- शतरूद्री पाठ- एकादश रूद्री पाठ- पुरुष सूक्तपाठ- रूद्रसूक्त पाठ- महामृत्युञ्जय मन्त्रपाठ- गायत्री मन्त्रपाठ- या ॐ नमः शिवाय (षडक्षर मन्त्रपाठ) मध्ये कुनै पनि स्तोत्र-मन्त्र पाठ गर्दा हुन्छ ।

कामना	धारा विशेष	कामना	धारा विशेष
सन्तानवृद्धि -	दुग्ध धारा	वंश विस्तार -	घृत धारा
प्रखर .वृद्धि -	चिनी मिश्रित दुग्धधारा	शान्ति प्राप्ति -	जलधारा
यमभय विनाश -	मधुधारा	सर्वानन्द प्राप्ति -	ईक्षुरस धारा
शत्रु पीडा -	सर्स्यू तेलधारा	भुक्तिमुक्ति प्राप्ति -	गङ्गाजल धारा

सार्षपेनैव तैलेन शत्रुनाशो भवेद् ध्रुवम् ।

धारा गङ्गाजलस्यैव भुक्तिमुक्ति फलप्रदा ॥ ७९ ॥

अन्य नियम- पूजार्चना गर्दा भस्मधारण, रुद्राक्षधारण, षोडशोपचार पूजन, ब्राह्मण भोजन गराउनु पर्दछ । नियम-शुद्धि- मन्त्रको साथ पूजार्चना गर्नाले मात्र फल मिल्छ । (शिवं भूत्वा शिवं यजेत्)

यसरी उपासना गर्नाले शिवसायुज्य प्राप्त गरी महाप्रलयको समयमा मोक्ष प्राप्त हुन्छ ।

अध्याय पञ्चदश-षोडश

सृष्टिको व्यापक विस्तारः सूक्ष्म तत्त्वदेखि स्थूल तत्त्व पर्यन्त

(यी दुई अध्यायमा ब्रह्माले शिवकृपाद्वारा सम्पूर्ण चराचर स्थावर जङ्गमसहित ब्रह्माण्डको रचना गरेको प्रसङ्ग उल्लेख छ ।)

नारदले भन्नुभयो, 'हे पिता ! तपाईंले शिवार्चन सम्बन्धी व्यापक प्रसङ्ग रोचक ढङ्गले सम्झाउनुभयो । अब सृष्टि सम्बन्धी विषय पनि त्यसरी नै जान्ने इच्छा छ ।'

सृष्टेश्चैव प्रकारं च कथय त्वं विशेषतः । १५-३ ।

ब्रह्मा- हे नारद तिमीले उत्तम प्रश्न सोध्यौ । तिमीलाई धन्यवाद छ । शिव अन्तर्ध्यान भएपछि हामीले हंश-वराह रूप धारण गरी ब्रह्माण्ड रक्षा गर्न थाल्यौं । जुन दिन विष्णुले वराहरूप धारण गर्नुभयो त्यही दिनदेखि यो कल्पको नाम पनि 'वराहकल्प' रहन गयो ।

तद्दिनं प्रति कल्पोऽसौ कल्पो वाराहसंज्ञकः । १५-१६ ।

यता सृष्टिको विस्तार गर्ने दायित्व मलाई सुम्पिएर शिव कैलासमा र विष्णु वैकुण्ठमा बस्न थाले, तर उनीहरूले मलाई सहायता दिने वचन दिएका थिए । मैले पनि पूर्व सृष्टि गरेको जल हातमा लिएँ ।

पूर्व सृष्टं जलं यच्च तत्राञ्जलिमुदाक्षिपम् । १५-२३ ।

त्यही जलमा विष्णु अण्ड रूपले चौबिस तत्त्वसहित प्रवेश गरे । त्यसैले उनको नाम महाविराट- महाविष्णुले प्रसिद्ध भयो ।

अतोऽण्डमभवत्तत्र चतुर्विंशति संज्ञकम् ।
विराड्रूपमभूद्विप्र जलरूपमपश्यतः ॥ १५-२४ ॥

अण्ड अचेतन अवस्थामा थियो । मैले शिवको ध्यान गरी विष्णुलाई प्रार्थना गरें- 'अण्डं चैतन्यमावह' । त्यसपछि विष्णु सहस्ररूप धारण गरी चैतन्य बनेर प्रवेश गरे । यथा-

सहस्रशीर्षा पुरुषः सहस्राक्ष सहस्रपात् ।
सभूमिं सर्वतः स्पृत्त्वा तदण्डं व्याप्तवानिति ॥ १५-३२ ॥

यो अण्ड समस्त खगोल- भूगोल स्वरूपको थियो । पाताल लोकदेखि सप्तलोक पर्यन्त थियो । कैलास र वैकुण्ठ योभन्दा माथि भएकाले ब्रह्माण्डको प्रलय हुँदा यी दुवै लोक यथावत् रहन्छन् । व्यापक ब्रह्माण्डको सृष्टि भएको देखेर म अत्यन्त प्रसन्न भएँ अनि सृष्टि विस्तार गर्न थालेँ ।

ब्रह्माद्वारा सृष्टिको विस्तार

सर्वप्रथम मैले दश प्रकारको सृष्टि व्यापक ब्रह्माण्ड प्राप्त भएपछि गरेँ जसलाई सङ्क्षेपमा भन्नुपर्दा तीन प्रकारको हुन्छ -

(१) प्राकृत सृष्टि (२) वैकृत सृष्टि (३) उभयात्मक सृष्टि ।

(१) प्राकृत सृष्टि- यसभित्र चार प्रकारका सृष्टि पर्दछन् ।

(क) ब्राह्म सृष्टि- महत्तत्त्वको आविर्भाव नै ब्राह्म सृष्टि हो । गीतामा यसैलाई 'बुद्धितत्त्व' भनिएको छ ।

(ख) भूत सृष्टि- पञ्चमहाभूत (पृथ्वी-अप-तेज-वायु-आकाश) को सृष्टि

(ग) वैकारिक सृष्टि- यसमा एकादश इन्द्रिय पर्दछन् (ज्ञानेन्द्रिय + कर्मेन्द्रिय) मनसहित एघार इन्द्रिय ।

(घ) अहङ्कार सृष्टि- यसमा सत्त्व-रज-तम र अहङ्कार पर्दछन् ।

(२) वैकृत सृष्टि- यसभित्र पाँच प्रकारका सृष्टि पर्दछन् ।

(क) मुख्य सृष्टि- यसमा पाँच अविद्या (तामिश्र-अन्धतामिस्र-तम-मोह-महामोह) पर्दछन् । यथा-

अविद्या पञ्चकस्तात बुद्धिपूर्वस्तमोपमः । १५-३८ ।

(ख) तिर्यक् सृष्टि- यसमा पशुपक्षी पर्दछन् । वायुभैँ तेर्सो उड्ने या हिंड्ने हुनाले तिर्यक् भनिएको हो ।

(ग) ऊर्ध्वस्रोत (देवसृष्टि)- यसमा ऊर्ध्वलोकमा बस्ने देवताहरू पर्दछन् ।

(घ) अर्वाक्स्रोत (मानव सृष्टि)- यसमा पृथ्वीलोकमा बस्ने मनुष्य पर्दछन् ।

(ङ) अनुग्रह सृष्टि- यसमा सिद्धि-शान्ति-विपर्यय तुष्टि आदिको सृष्टि पर्दछन् ।

(३) उभयात्मक सृष्टि- यो एक प्रकारको छ, जसलाई कौमार सृष्टि या सनकादि सृष्टि पनि भनिन्छ । यो प्राकृत र वैकृत दुवै हुने भएकाले उभयात्मक भनिएको हो । यी पाँच जना छन्, सदैव पाँच वर्षका छन् र महावैराग्ययुक्त छन् ।

महावैराग्यसम्पन्ना अभवन्पञ्च सुव्रताः । १५-४९ ।

यसरी सर्वप्रथम दश प्रकारको सृष्टि भयो । त्यसपछि मैले सनकादिहरूलाई सृष्टिको

विस्तारका लागि आज्ञा दिएँ तर उनीहरूले सिधै अस्वीकार गरे, त्यसपछि मलाई क्रोध आयो र मेरो भ्रूमध्य भागबाट क्रोधको प्रतीक 'रूद्र' प्रकट भए ।

ब्रह्माको भ्रूमध्यबाट रूद्रदेव प्रकट

सनकादिहरूले हामी अखण्ड ब्रह्मचारी व्रतको पालना गर्दै तप गर्छौं, सृष्टि विस्तारका लागि नउक्साउनु भनेपछि ब्रह्मालाई क्रोध आयो र भ्रूमध्य (अविमुक्त) भागबाट पूर्णांश अर्धनारीश्वर 'रूद्र' प्रकट भए ।

अर्धनारीश्वरो भूत्वा पूर्णांश सकलेश्वरः । १५-५६ ।

त्यसपछि ब्रह्माले सृष्टि विस्तारको आज्ञा दिए । आज्ञालाई शिरोधार्य गर्दै रूद्रले आफ्नै सदृश भूतप्रेत-पिशाच गणहरूको सृष्टि गरे ।

ससर्जस्वात्मनस्तुल्यान् रुद्रो रुद्रगणान्बहून् । १५-५९ ।

भूत गणको व्यापक सृष्टि देखेपछि ब्रह्माले रोके अनि भने- जन्ममृत्युको आधीन प्रजाको सृष्टि गर ।

रूद्रले ब्रह्माको आज्ञालाई अस्वीकार गर्दै भने, 'म त्यस्ता प्रजाको सृष्टि गर्न सक्तिनँ तर जन्ममृत्यु आधीन प्रजाहरूको उद्धार भने गर्दछु । त्यस्ता प्रजा त तिमी आफैँ सृष्टि गर । मेरो मायाले तिमीलाई रोक्नेछैन । यथा-

त्वमेव सृज दुःखाढ्याः प्रजाः सर्वाः प्रजापते । १५-६४ ।

ब्रह्माको शरीर अङ्गहरूबाट सृष्टि विस्तार

रूद्रदेवले ब्रह्माको इच्छानुसार सृष्टि विस्तारलाई नमानेपछि आफ्नै शरीरबाट दश ऋषि प्रकट गरे । यथा-

मरीचिरत्र्यङ्गिरसौ पुलस्त्यः पुलहः क्रतुः ।
भृगुवशिष्ठो दक्षश्च दशमस्तत्र नारदः ॥ १६-६ ।

मनबाट मरीचि, नेत्रबाट अत्रि, हृदयबाट भृगु, शिरबाट अङ्गिरा, व्यानवायुबाट पुलह, उदानवायुबाट पुलस्त्य, समानवायुबाट वशिष्ठ, अपानवायुबाट क्रतु, प्राणवायुबाट दक्ष, काखबाट नारद, छायाबाट कर्दम र सङ्कल्पबाट धर्मको प्रादुर्भाव भयो ।

अन्य सृष्टि विस्तार

त्यसपछि मेरै (ब्रह्मा) शरीर अवयवबाट सम्पूर्ण सुर-असुरहरूको सृष्टि भयो । जो यसप्रकार छन्- पीठबाट अधर्म, हृदयबाट काम, रौबाट क्रोध, तल्लो ओठबाट लोभ, मुखबाट सरस्वती, लिङ्गबाट समुद्र, गुदाबाट राक्षसाधिपति निऋति, चार मुखबाट चारवेद, चार उपवेदबाट इतिहास, पुराण, आगम, छन्द आदि ।

त्यसैगरी ४ मुखबाटै धर्मका ४ पाउ (विद्या-तप-दान-सत्य), ४ आश्रम (ब्रह्मचर्य-गृहस्थ-वानप्रस्थ-सन्न्यास), ॐकार रोमकूप-उष्णिक् छन्द, त्वचा-गायत्री, मांस-त्रिष्टुप्, स्नायु-

अनुष्टुप्, अस्थि-जगति, मज्जा-पङ्क्ति, प्राण-वृहति, जीवत्व-स्पर्शवर्ण (क– म पर्यन्त) देहत्व-स्वरवर्ण (अ- अः पर्यन्त), इन्द्रिय-ऊष्मवर्ण (श, स, ष, ह), बल-अन्तस्थ (य, र, ल, व) क्रीडा-सप्तस्वर (निषादः ऋषभ-गान्धार,-षडज-मध्यम-धैवत, पञ्चम) तथा सारेगमपधनीसा सप्त स्वर प्रकट भए ।

मैथुन सृष्टिको विस्तार

ब्रह्माले यत्रो सृष्टि गर्दा पनि आत्मसन्तुष्टि भएन, सृष्टिले व्यापकता पाएजस्तो लागेन, त्यसपछि आफ्नै शरीरलाई नै दुई भागमा विभाजन गर्ने सोच बनाए । यथा-

द्विधाकृत्वात्मनो देहं द्विरूपश्चाभवं मुने ।
अर्धेन नारी पुरुषश्चार्धेन सन्ततो मुने ॥ १६-१० ॥

त्यसपछि ब्रह्माले शिवको ध्यान गर्न थाले । त्यसबेला ब्रह्माको शरीरबाट अर्धनारी स्वरूप प्रकट भयो, जो पुरुषाकार थियो त्यो 'स्वयम्भू' र जो स्त्री आकार थियो त्यो 'शतरूपा' नामले त्रिलोकमा प्रसिद्ध भयो ।

स्वायम्भुवो मनुस्तत्र पुरुषः परसाधनम् ।
शतरूपाभिधानारी योगिनी सा तपस्विनी ॥ १६-१२ ॥

ब्रह्माले यी दुवैको विवाह गराइदिए र सृष्टिविस्तारको आशीर्वाद दिए । यसपछि मात्र 'मैथुन-सृष्टि' प्रारम्भ भयो । प्रजाको वृद्धि हुने सङ्केत पाएपछि ब्रह्माले अलिकति सन्तोष महसुस गरे । स्वयम्भू मनुका सन्तान सम्पूर्ण मानव जाति भए । यिनका दुई छोरा- प्रियव्रत र उत्तानपाद र तीन छोरी-आकूति-देवहुति-प्रसूति भए ।

आकूतिं रुचये प्रादात्कर्दमाय तु मध्यमाम् ।
ददौ प्रसूतिं दक्षायोत्तानपादानुजां सुताम् ॥ १६-१६ ॥

आकूतिको विवाह रुचिसँग भयो, प्रसूतिको विवाह दक्षप्रजापतिका साथ भयो भने देवहुतिको विवाह कर्दम ऋषिसँग भयो । अगाडि गएर यिनीहरूकै सन्तानले चराचर व्याप्त भयो ।

(१) आकूति-रुचि- यिनीहरूबाट जुम्ल्याहा यज्ञ र दक्षिणा जन्मे । उनीहरूबाट १२ पुत्र उत्पन्न भए ।

(२) देवहुति-कर्दम- यिनीहरूबाट नौ छोरी र एक छोरा जन्मे । छोराको नाम कपिल भगवान् हो भने छोरीहरूको नाम र उनीहरूका पतिहरू यसप्रकार छन्-

(१) कला-मरीचि (२) श्रद्धा-अङ्गिरा (३) हविर्भू-पुलस्त्य (४) गति-पुलह (५) क्रिया-क्रतु (६) ऊर्जा(अरुन्धती)-वशिष्ठ (७) चिति(शान्ता)-अथर्वा (८) ख्याति-भृगु (९) अनसूया-अत्रि । अनसूयाबाट दत्तात्रेय उत्पन्न भए ।

(३) प्रसूति-दक्ष प्रजापति- यिनीहरूबाट छोरीहरू जन्मे । कतै १६ कन्या, कतै २४ कन्या त कतै ६० कन्या उल्लेख भएको पाइन्छ । भागवतमा १६ कन्या उल्लेख छ भने शिवपुराणमा

२४ र ६० दुवै सङ्ख्या उल्लेख गरिएको छ । त्यसको समाधान कल्पभेद भनेर पुष्टि गरिएको छ । यथा-

कल्प भेदेन दक्षस्य षष्टि कन्याः प्रकीर्तिताः । १६-२६ ।

६० कन्याको विस्तार- १० कन्याको धर्मका साथ विवाह भयो । २७ कन्याको चन्द्रमाका साथमा, १३ कन्याको कथ्यपजीवका साथमा भयो भने, ४ कन्याको तार्क्ष्य (गरूड) का साथमा विवाह भयो । बाँकी ६ कन्याको भृगु-अङ्गिरा एवं कृशाश्वका साथ २-२ का दरले विवाह भयो । यिनै कन्याहरूबाट उत्पन्न भएका सन्तानहरू पाताल लोकदेखि सत्यलोक पर्यन्त स्थावर र जङ्गमका रूपमा व्याप्त भए ।

दक्षकन्या प्रसूतैश्च व्याप्तमेवं चराचरम् ।
पातालतलमारभ्य सत्यलोकावधि ध्रुवम् ॥ १६-३२ ॥

सतीदेवीको सङ्क्षिप्त परिचय

साक्षात् शिवको शक्ति एवं नित्य संयोजिका शिवाले शिवको आज्ञालाई शिरोधार्य गर्दै दक्ष प्रजापतिका घरमा जन्म लिइन् र शिवसँगै विवाह गरिन् । यिनको जन्म तपस्याका लागि थियो ।

तपोऽर्थं निर्मिता पूर्व शम्भुना सर्वविष्णुना । १६-३४ ।

सती स्वयं सत्य स्वरूपिणी र नित्य शिवकै साथ बस्ने शक्ति हुन् । यी तिनै सती हुन् जसले आफ्नो देह पिताजीको यज्ञमा छोडेर पर्वतपुत्री पार्वतीका रूपमा जन्म लिइन् र तपस्या गरी शिवलाई प्राप्त गरिन् ।

पुनश्च पार्वती जाता देवप्रार्थनया शिवा ।
तपः कृत्वा सुविपुलं पुनः शिवमुपागता ॥ १६-४२ ॥

शिवाका कर्मानुसार अनेक नाम प्रसिद्ध भए- जो यसप्रकार छन्- कालिका-चण्डिका-भद्रा-चामुण्डा-विजया-जया-जयन्ती-भद्रकाली-दुर्गा-भगवती-कामाख्या-कामदा-अम्बा-मृडानी-सर्वमाला- यी सबै नाम भुक्ति-मुक्ति दिन सक्षम छन् ।

यसरी सृष्टि विस्तारको प्रसङ्ग वर्णन भयो । शिव साक्षात् परब्रह्म हुन् । गुण भेदले शिव नै सधैं कैलासमा निवास गर्छन् । पञ्चमुख शिवको पूर्णावतार हो र ब्रह्माण्डको समाप्ति हुँदा पनि कैलास-धामको समाप्ति हुँदैन ।

ब्रह्माण्डस्य तथा नाशे तस्य नाशोऽस्ति वै नहि । १६-५०

अध्याय सप्तदश, अष्टादश, एकोनविंश, विंशश्च

यज्ञदत्त पुत्र गुणनिधिको शिवकृपाले कुबेर पदप्राप्ति, शिव कैलास पर्वतमा नित्य वास एवं सृष्टि खण्डको उपसंहार

(यी चार अध्यायमा यज्ञदत्त पुत्र गुणनिधिको चरित्रवर्णन गरिएको छ जसले दुष्ट एवं व्यभिचारयुक्त कर्म गरेर अन्तमा शिवरात्रिको दिन अन्जानमा शिवपूजा गर्नाले अर्को जन्ममा कलिङ्ग देशको राजा भएर जन्म लिएको थियो । त्यसपछि तेस्रो जन्ममा अलकापुरीको राजा कुबेर पदको प्राप्त गरी कैलासमा नित्य वास गरेको थियो । यस विषयको वर्णनका अतिरिक्त सृष्टि खण्डको उपसंहार गर्दै यो खण्ड पूरा गरिएको छ ।)

नारदजी भन्नुहुन्छ- हे पिताश्री !

कदा गतो हि कैलासं शङ्करो भक्तवत्सल :।
क्वा वा सखित्वं तस्यासीत् कुबेरेण महात्मना ॥ १७-२ ॥

अब मलाई शिवले कैलासमा गएर नित्य बस्न थालेको, कुबेरसँगको मित्रता गाँसेको आदि अद्भुत चरित्र सुन्ने इच्छा छ ।
ब्रह्मा- हे पुत्र ! तिम्रो प्रश्नको उत्तर सुन ।
यज्ञदत्त पुत्र गुणनिधि चरित्र

आसीत्काम्पिल्य नगरे सोमयाजीकुलोद्भवः
दीक्षितो यज्ञदत्ताख्यो यज्ञविद्या विशारदः ॥ १७-५ ॥

काम्पिल्य नगरमा वेद वेदाङ्गका ज्ञाता, राजाहरूद्वारा सम्मानित, यशस्वी, दीक्षित 'यज्ञदत्त' ब्राह्मण बस्तथे । यज्ञदत्त ब्राह्मणको 'गुणनिधि' नामक एक मात्र पुत्र थियो । आठ वर्षमा यज्ञोपवीत संस्कार गरेपछि वेदाध्ययन गर्न पठाइयो । तर दैवयोग नै भनौं बालक क्रमशः नराम्रो लतमा आकर्षित हुँदै गयो, फलस्वरूप शास्त्र अध्ययनलाई किनारा लगाउँदै, जुवा-तास-पाखण्ड-उद्दण्ड मच्चाउँदै नट तथा भाण्डहरूसँग सङ्गत बढाउँदै गयो । यो सबै कुकृत्य, कुलत आमालाई थाहा थियो तर बुबा अनभिज्ञ थिए ।

सोह्र वर्ष पुगेपछि गुणनिधिको केशान्त संस्कारसहित गुह्यसूत्र अनुसार विवाह गराइदिए । तर ऊ कुलतबाट फर्किनुको साटो झन् झन् फस्दै गयो । आमा छोरालाई मायालु पाराले सम्झाउँथिन्, 'छोरा ! बुबाले थाहा पाउनुभयो भने अनर्थ हुनेछ । यी सबै दुश्चरित्र, कुकृत्यलाई छोडिदे....।' आमा सम्झाएर थाकिसकिन् तर उसलाई आमाका मायालु वचनमा कुनै रुचि थिएन । फलतः मृगया, मद्यपान, षड्यन्त्र, चोरी, असत्यभाषण, जुवा-तास,

वेश्यागमन आदि कुकर्ममा फँस्दै गयो । आमालाई धम्की दिँदै घरको धन उडाउँदै गयो । आमा पनि एक्लो पुत्र सोचेर केही भन्ने हिम्मत गर्दिनथिन् । पतिलाई पनि यस कुराको केही सुइँको दिइनन् ।

एक दिन पिता यज्ञदत्तले आफ्नो औंठी कुनै जुवाडेले लगाएको देख्यो । वार्तालाप गर्दै जाँदा अरू पनि सुवर्ण-चाँदी-वस्त्र आदि आफ्नो पुत्रले बेचेको थाहा पायो । त्यसपछि तत्काल घर आएर पत्नीसँग झगडा गऱ्यो, अनि अन्त्यमा पत्नी र पुत्रलाई त्यागिदियो । केही समयपश्चात् अर्कै श्रोत्रीय कन्यासँग विवाह गऱ्यो ।

श्रोत्रियस्य सुतां प्राप्य पाणिञ्जग्राह दीक्षितः ।

सनातन नीतिले पनि यसलाई अनुमोदन गरेको छ कि कुपुत्रभन्दा त अपुत्र नै उचित हो ।

अपुत्रत्वं वरं नृणां कुपुत्रात्कुलपांसनात् ।
त्यजेदेकं कुलस्यार्थे नीतिरेषा सनातनी ॥ १७-६० ॥

गुणनिधिको गृहत्याग, शिवनैवेद्य चोरी, भक्तद्वारा कुटपिट र मृत्यु, कैलास गमन

पिताले त्यागेपछि, गुणनिधिले पनि घर छोड्यो । विगतको कुकर्म सम्झँदै समय कटाउन थाल्यो । एक दिन सन्ध्याकाल उपस्थित हुँदै थियो, त्यस दिन दिनभर केही खान पनि पाएको थिएन, भोकै थियो, क्षुधाले सताउन थाल्यो । त्यस दिन 'शिवरात्रि पर्व' थियो । त्यस दिन कुनै शिवभक्त परिकरसहित पूजार्चना एवं नैवेद्य सामग्री लिएर शिवालयतर्फ गइरहेको देख्यो । गुणनिधि पनि उनीहरूकै पछि लाग्यो । भक्तालु शिवमन्दिरमा पसेर पूजार्चना गर्न थाले । गुणनिधि लुकेर प्रतीक्षारत भयो । यद्यपि भोकले तड्पिरहेको थियो । सबै सुतेपछि नैवेद्य खान्छु- यही ध्येय लिएर समयको पर्खाइमा बस्यो । निकै रात बितेपछि सबै निदाए । त्यसपछि गुणनिधि बिस्तारै मन्दिरभित्र गयो, दियोको प्रकाश मधुरो थियो । शिवलाई चढाएको प्रसाद राम्ररी देख्न सकेन । अनि आफूले ओढेको बर्को च्यात्यो । दियोमा सल्कायो । अब भने प्रसाद राम्ररी देख्यो । यथेष्ट नैवेद्य उठायो र बाहिर निस्कनै लागेको थियो- चरणले सुतिरहेको एक भक्तलाई स्पर्श गऱ्यो । भक्त तुरुन्तै उठेर कराउन थाल्यो ।

कोऽयं कोऽयं त्वरापन्नो गृह्यतां गृह्यतामसौ ।
इति चुक्रोश स जनो गिरा भयमहोच्चया ॥ १८-१९ ॥

भक्तहरू ब्युँझे । गुणनिधिलाई समाते र 'चोर' भन्दै पिट्न थाले । दैव संयोग आँखा फुटाइदिए, मरणासन्न अवस्था पुगेपछि छोडिदिए । केही दिनपछि गुणनिधिको देहान्त भयो ।

यमदूत र शिवदूतमा विवाद

गुणनिधिको प्राणान्त हुनासाथ यमदूत र शिवदूत उसलाई आफ्नो लोक लैजान उपस्थित भए । दुवैतिरका दूतहरूले पापपुण्यका विचार राखे । अन्तमा शिवदूतले भने, 'यो पापी

हुँदाहुँदै पनि शिवरात्रिको दिन निराहार व्रत गऱ्यो । कीर्तन सुन्यो । शिवनैवेद्य ग्रहण गऱ्यो । ज्योति जगायो । यी सबै पुण्यकार्यले उसका सबै पाप खरानी भए । त्यसैले यो शिवलोकको अधिकारी भएको हो ।’ यति भनी शिवदूतले गुणनिधिलाई कैलासमा लिएर गए । शिव-शिवाको सान्निध्य सेवा लाभ पाएर गुणनिधि कृतकृत्य भयो र सानन्द जीवन शिवमय भएर व्यतीत गर्न थाल्यो ।

अर्को जन्ममा त्यही गुणनिधि कलिङ्ग देशको राजा ‘अरिन्दम’ को सुपुत्र ‘दम’ नामले प्रसिद्ध भयो । पिताको शेषपछि राज्यभार सम्हाल्दै पूर्वजन्मको प्रतापले सर्वत्र शिवालय स्थापना गऱ्यो । दीपदानको लागि प्रचार गऱ्यो । शिवकृपाले उसको यश-कीर्ति फैलिँदै गयो । दीपदानको महिमाले स्वयं ‘दीपशिखा’ स्वरूप अलकाधिपति (कुबेर) भएर अर्को जन्ममा जन्म लिन पुग्यो ।

स दीप वासना योगाद् बहून्दीपान्प्रदीप्य वै ।
अलकायाः पतिरभूद्रत्नदीपशिखाश्रयः ॥ १८-६१ ॥

गुणनिधिको कठोर तपस्या, शिवद्वारा कुबेरको पदवीमा नियुक्ति

नारद- गुणनिधिले कसरी कुबेर पद पायो ?
ब्रह्मा- ‘मेघवाहन’ कल्पको समयमा काशीनगरमा गुणनिधिले कठोर तपस्या गरी अलकाधिपति कुबेर पदवी प्राप्त गरेको हो । दश हजार वर्ष यसले तपस्या गऱ्यो । शरीरमा केवल छाला र हड्डी मात्र अवशेष रह्यो ।

तावत्तताप स तपस्त्वगस्थिपरिशेषितम् । १९-८ ।

शिव प्रसन्न भए । पार्वतीसहित शिव तपस्थलीमा पुगे । उसलाई जागृत गराए र इच्छित वर माग्न आग्रह गरे । शिवको आवाज सुनेर गुणनिधिले बिस्तारै आँखा खोल्यो, शिवको साथमा सर्वाङ्ग सुन्दरी, त्रिलोकमोहनी, माँ जगदम्बिका, शिवालाई घोरिएर हेऱ्यो र मनमा तर्क गर्न लाग्यो- यी को हुन् ?

शम्भोः समीपे का योषिदेषा सर्वाङ्गसुन्दरी ।
अनया किं तपस्तप्तं ममापि तपसोऽधिकम् ॥ १९-१७ ॥

शिवाले मोहित गुणनिधिको देब्रे आँखा उडाइदिइन्, दाहिने आँखा पनि फुटाउनै लाग्दा शिवले रोके । अन्तमा शिवले वर दिँदै भने-

वरान्ददामि ते वत्स । तपसानेन तोषितः ।
निधीनामथ नाथस्त्वं गुह्यकानां भवेश्वरः ॥ १९-२४ ॥

आजदेखि तिमी गुह्यकहरूका स्वामी भएर अलकापुरीमा बस । तिम्रो एउटा मात्र नेत्र रहनेछ । शिवासँग क्षमा माग । तिम्रो नाम शिवालाई ईष्याले हेरेको हुनाले कु + बेर’ हुनेछ ।

वेश्यागमन आदि कुकर्ममा फँस्दै गयो । आमालाई धम्की दिँदै घरको धन उडाउँदै गयो । आमा पनि एक्लो पुत्र सोचेर केही भन्ने हिम्मत गर्दिनथिन् । पतिलाई पनि यस कुराको केही सुइँको दिइनन् ।

एक दिन पिता यज्ञदत्तले आफ्नो औंठी कुनै जुवाडेले लगाएको देख्यो । वार्तालाप गर्दै जाँदा अरू पनि सुवर्ण-चाँदी-वस्त्र आदि आफ्नो पुत्रले बेचेको थाहा पायो । त्यसपछि तत्काल घर आएर पत्नीसँग झगडा गऱ्यो, अनि अन्त्यमा पत्नी र पुत्रलाई त्यागिदियो । केही समयपश्चात् अर्कै श्रोत्रीय कन्यासँग विवाह गऱ्यो ।

श्रोत्रियस्य सुतां प्राप्य पाणिग्जग्राह दीक्षितः ।

सनातन नीतिले पनि यसलाई अनुमोदन गरेको छ कि कुपुत्रभन्दा त अपुत्र नै उचित हो ।

अपुत्रत्वं वरं नृणां कुपुत्रात्कुलपांसनात् ।
त्यजेदेकं कुलस्यार्थे नीतिरेषा सनातनी ॥ १७-६० ॥

गुणनिधिको गृहत्याग, शिवनैवेद्य चोरी, भक्तद्वारा कुटपिट र मृत्यु, कैलास गमन

पिताले त्यागेपछि, गुणनिधिले पनि घर छोड्यो । विगतको कुकर्म सम्झँदै समय कटाउन थाल्यो । एक दिन सन्ध्याकाल उपस्थित हुँदै थियो, त्यस दिन दिनभर केही खान पनि पाएको थिएन, भोकै थियो, क्षुधाले सताउन थाल्यो । त्यस दिन 'शिवरात्रि पर्व' थियो । त्यस दिन कुनै शिवभक्त परिकरसहित पूजार्चना एवं नैवेद्य सामग्री लिएर शिवालयतर्फ गइरहेको देख्यो । गुणनिधि पनि उनीहरूकै पछि लाग्यो । भक्तालु शिवमन्दिरमा पसेर पूजार्चना गर्न थाले । गुणनिधि लुकेर प्रतीक्षारत भयो । यद्यपि भोकले तड्पिरहेको थियो । सबै सुतेपछि नैवेद्य खान्छु- यही ध्येय लिएर समयको पर्खाइमा बस्यो । निकै रात बितेपछि सबै निदाए । त्यसपछि गुणनिधि बिस्तारै मन्दिरभित्र गयो, दियोको प्रकाश मधुरो थियो । शिवलाई चढाएको प्रसाद राम्ररी देख्न सकेन । अनि आफूले ओढेको बर्को च्यात्यो । दियोमा सल्कायो । अब भने प्रसाद राम्ररी देख्यो । यथेष्ट नैवेद्य उठायो र बाहिर निस्कनै लागेको थियो- चरणले सुतिरहेको एक भक्तलाई स्पर्श गऱ्यो । भक्त तुरुन्तै उठेर कराउन थाल्यो ।

कोऽयं कोऽयं त्वरापन्नो गृह्यतां गृह्यतामसौ ।
इति चुक्रोश स जनो गिरा भयमहोच्चया ॥ १८-१९ ॥

भक्तहरू ब्युँझे । गुणनिधिलाई समाते र 'चोर' भन्दै पिट्न थाले । दैव संयोग आँखा फुटाइदिए, मरणासन्न अवस्था पुगेपछि छोडिदिए । केही दिनपछि गुणनिधिको देहान्त भयो ।

यमदूत र शिवदूतमा विवाद

गुणनिधिको प्राणान्त हुनासाथ यमदूत र शिवदूत उसलाई आफ्नो लोक लैजान उपस्थित भए । दुवैतिरका दूतहरूले पापपुण्यका विचार राखे । अन्तमा शिवदूतले भने, 'यो पापी

हुँदाहुँदै पनि शिवरात्रिको दिन निराहार व्रत गऱ्यो । कीर्तन सुन्यो । शिवनैवेद्य ग्रहण गऱ्यो । ज्योति जगायो । यी सबै पुण्यकार्यले उसका सबै पाप खरानी भए । त्यसैले यो शिवलोकको अधिकारी भएको हो ।' यति भनी शिवदूतले गुणनिधिलाई कैलासमा लिएर गए । शिव-शिवाको सान्निध्य सेवा लाभ पाएर गुणनिधि कृतकृत्य भयो र सानन्द जीवन शिवमय भएर व्यतीत गर्न थाल्यो ।

अर्को जन्ममा त्यही गुणनिधि कलिङ्ग देशको राजा 'अरिन्दम' को सुपुत्र 'दम' नामले प्रसिद्ध भयो । पिताको शेषपछि राज्यभार सम्हाल्दै पूर्वजन्मको प्रतापले सर्वत्र शिवालय स्थापना गऱ्यो । दीपदानको लागि प्रचार गऱ्यो । शिवकृपाले उसको यश-कीर्ति फैलिँदै गयो । दीपदानको महिमाले स्वयं 'दीपशिखा' स्वरूप अलकाधिपति (कुबेर) भएर अर्को जन्ममा जन्म लिन पुग्यो ।

स दीप वासना योगाद् बहून्दीपान्प्रदीप्य वै ।
अलकायाः पतिरभूद्रत्नदीपशिखाश्रयः ॥ १८-६१ ॥

गुणनिधिको कठोर तपस्या, शिवद्वारा कुबेरको पदवीमा नियुक्ति

नारद- गुणनिधिले कसरी कुबेर पद पायो ?

ब्रह्मा- 'मेघवाहन' कल्पको समयमा काशीनगरमा गुणनिधिले कठोर तपस्या गरी अलकाधिपति कुबेर पदवी प्राप्त गरेको हो । दश हजार वर्ष यसले तपस्या गऱ्यो । शरीरमा केवल छाला र हड्डी मात्र अवशेष रह्यो ।

तावत्ततप स तपस्त्वगस्थिपरिशेषितम् । १९-८ ।

शिव प्रसन्न भए । पार्वतीसहित शिव तपस्थलीमा पुगे । उसलाई जागृत गराए र इच्छित वर माग्न आग्रह गरे । शिवको आवाज सुनेर गुणनिधिले बिस्तारै आँखा खोल्यो, शिवको साथमा सर्वाङ्ग सुन्दरी, त्रिलोकमोहनी, माँ जगदम्बिका, शिवालाई घोरिएर हेऱ्यो र मनमा तर्क गर्न लाग्यो- यी को हुन् ?

शम्भोः समीपे का योषिदेषा सर्वाङ्गसुन्दरी ।
अनया किं तपस्तप्तं ममापि तपसोऽधिकम् ॥ १९-१७ ॥

शिवाले मोहित गुणनिधिको देब्रे आँखा उडाइदिइन्, दाहिने आँखा पनि फुटाउनै लाग्दा शिवले रोके । अन्तमा शिवले वर दिँदै भने-

वरान्ददामि ते वत्स । तपसानेन तोषितः ।
निधीनामथ नाथस्त्वं गुह्यकानां भवेश्वरः ॥ १९-२४ ॥

आजदेखि तिमी गुह्यकहरूका स्वामी भएर अलकापुरीमा बस । तिम्रो एउटा मात्र नेत्र रहनेछ । शिवासँग क्षमा माग । तिम्रो नाम शिवालाई ईर्ष्याले हेरेको हुनाले कु + बेर' हुनेछ ।

कुबेरो भव नाम्ना त्वं मम रूपेर्ष्यया सुतः । १९-३१ ।

यसरी पार्वतीले दण्ड दिए पनि शिवले कृपा गरी अलकाधिपति नियुक्त गरी मित्रता गरे ।

कैलासमा शिवको नित्यवास

कैलास धाम अलकापुरीसँगै छ । कुबेरको तपस्याले प्रसन्न भएर शिवको अंश 'रूद्र' स्वरूप कैलासमा नित्य बस्न थाले । कैलासमा नित्य वास गर्नुभन्दा पहिले शिवले आफ्नो डमरू बजाए- जसको ध्वनि त्रिलोकमा गुञ्जित भयो । ब्रह्मा-विष्णु-देवता-आगम-निगम सबै मूर्तरूप धारण गरी कैलासमा पुगे ।

तच्छ्रुत्वा विष्णु ब्रह्माद्या सुराश्च मुनयस्तथा ।
आगमा निगमा मूर्ताः सिद्धा जग्मुश्च तत्र वै ॥ २०-८ ॥

डमरूको नाद सुनेर सबै मूर्तरूप कैलास पुगे- जसमा सिद्धगण, सुरगण, असुरगण, गणेश्वरगण, केकराक्षगण, विकृतगण, विशाखगण, परियात्रकगण, सर्वान्तकगण, दुन्दुर्भिगण, जालंकगण, समद, विकृतानन, कपाली, सुन्दार, कण्डुक, कुण्डक, विष्टाम्भ, चन्द्रतापन, महाकेश यी सबै गण करोडौंको सङ्ख्यामा उपस्थित भए ।

त्यसैगरी डमरूको नाद सुनेर कुण्डीवाह, शुभपर्वतक, कालक, महाकालक, अग्निक, अभिमुख, आदित्यमूर्धा, धनावह, सन्नाह, कुमुद, अमोघ, कोकिल, सुमन्त्रक, काकपाद, सन्तानक, महाबल, मधुपिङ्ग, पूर्णमद, नील, पिङ्गल, चतुर्वक्त्र, सर्वेश, काष्ठागुढ, सुकेश, वृषभ, चैत्र, नकुलीश, लोकान्तक, दैत्यान्तक, भृङ्गी, रिटी, अशनि, भानुक, सनातन, नन्दीश्वर यी पनि जटाजूट, मुकुट बाजुबन्दयुक्त करोडौंका सङ्ख्यामा उपस्थित भए ।

त्यसैगरी डमरूको नाद सुनेर अणिमा-महिमादि अष्टसिद्धि, नवनिधि, मूर्तिमान् स्वरूपमा उपस्थित भए । कुबेर पनि सपरिवार उपस्थित भई शिव तथा शिवगणहरूलाई स्वागत गरे । शिवाज्ञा पाएर 'विश्वकर्मा' ले पनि शीघ्र भव्य भवनहरूको निर्माण गरे ।

विश्वकर्मा ततो गत्वा तत्र नानाविधां मुने । २०-३६ ।

शुभमुहूर्तमा शिव परिवार एवं परिकर सहित विश्वकर्मा निर्मित भव्य महलमा प्रवेश गरे । मुनिजन तथा सिद्धजनले भक्तिभावपूर्वक शिवको अभिषेक गरे । आकाशबाट पुष्पवृष्टि भयो । अप्सरा नाचगानमै तल्लीन भए । 'जय' र 'नमः' शब्दघोष सर्वत्र फैलियो ।

जय शब्दो नमः शब्दस्तत्रासीत्सर्वसंस्कृतः । २०-४२ ।

उपस्थित सबैले शिवलाई स्तुति-वन्दना, पूजार्चना प्रणामादि गरे । शिवले पनि सबैको सत्कार स्वीकार गर्दै यथायोग्य वर एवं आशीर्वाद दिँदै बिदा गरे । सबै अति प्रसन्न मुद्रामा बिदाइ लिँदै स्वस्थान क्षेत्रमा गए ।

शिवद्वारा ध्यान-योग-विहार

सबैलाई बिदाइ गरेपछि शिवले आफ्नो गण/परिकरका साथमा कैलास पर्वतमा विहार गरे । कहिले ध्यानावस्था, कहिले निदिध्यासन, कहिले चिन्तन, कहिले मनन, कहिले योगासन, कहिले भ्रमण गर्दै आत्मामा आत्मतत्त्वको एकाकार गर्न थाले ।

यसरी नै शिवले कैलासमा लामो कालखण्ड व्यतीत गरे । कालान्तरमा शिवकी नित्य संयोगिका शक्तिले दक्ष प्रजापतिको घरमा 'सती' नामले अवतार लिइन् । वार्धक्य अवस्था प्राप्त भएपछि शिवसँगै विवाह गरिन् । त्यसपछि शिव-शिवा नित्य सानन्द कैलासमा रहन थाले ।

यिनै प्रसङ्गहरूको सङ्क्षेपमा चर्चा गरी यो 'रुद्र-संहिता' को पाँच खण्ड मध्येको पहिलो 'सृष्टिखण्ड' को कथालाई विराम दिइएको छ । यसको भक्तिभावपूर्वक पठनपाठन, श्रवण-मनन गर्नाले संसारमा रहुन्जेल सुख- आनन्द प्राप्त गरी अन्त्यमा मोक्ष प्राप्त हुन्छ ।

इमां कथां पठेद्यस्तु श्रृणुयाद्वा समाहितः ।
इह भुक्तिं समासाद्य लभेन्मुक्तिं परत्र सः ॥ २०-६२ ॥

समाप्तोऽयं सृष्टि खण्डः

करचरणकृतं वा... कायेनवाचा.... ॐ नमः शिवाय..



रुद्र संहिता
द्वितीय सती खण्ड

कथासार

यस खण्डमा कुल ४३ अध्याय छन् । मूलतः सतीदेवीको आविर्भावदेखि तीरोधान पर्यन्तको प्रसङ्गलाई ज्ञानवर्द्धक ढङ्गले प्रस्तुत गरिएकाले यसको नाम 'सतीखण्ड' भएको हो । यद्यपि सती शिवकी शक्ति एवं वामाङ्गी हुन्, तथापि लोककल्याणार्थ दक्षको घरमा अवतार लिएर लीला गरेकी हुन् ।

सतीखण्डको आरम्भमा सङ्क्षेपमा सती चरित्र वर्णन गरिएको छ, त्यसपछि ब्रह्माद्वारा सृष्टि विस्तार गर्ने क्रममा 'सन्ध्या' कामदेव आदिको आविर्भाव, कामदेव र रतिको विवाह, सन्ध्याले अर्को जन्ममा मेधातिथि पुत्री अरून्धती भएर जन्म लिई वशिष्ठसँग विवाह गरेको रोचक प्रसङ्ग उल्लेख गरिएको छ । त्यसै गरी अविवाहित शिवको विवाह कसरी सम्भव होला ? भन्ने विषयमा ब्रह्मा-विष्णु आदिको विमर्श र दक्षलाई 'शिवा' को आराधना गरी पुत्रीका रूपमा अवतरण गर्न वर माग्न सुझाव दिएपछि दक्षले मैथुन सृष्टिको विस्तार गरी १० हजार हर्यश्व र १ हजार शबलाश्व पुत्र उत्पन्न गरेको तर नारदले निवृत्तिमार्गको दीक्षा दिंदा दक्षले नारदलाई कहीँ पनि स्थिर भएर नबस्नु भनी श्राप दिएको र अगाडि दक्षले ६० कन्या पैदा गरेको उल्लेख गरिएको छ ।

दक्षले सुयोग्य वरहरूसँग आफ्ना ६० कन्याहरूको विवाह गरी त्रिलोकमा प्रजा विस्तार गरेको र यसै क्रममा दक्षका घरमा सतीको रूपमा शिवाको अवतार भएको प्रसङ्ग उल्लेख गरिएको छ । सतीको सङ्क्षेपमा बालचरित्र वर्णन गर्ने क्रममा १२ वर्ष पर्यन्त सतीले शिवार्चन व्रत गरेको र शिव प्रसन्न भई सतीसँग विवाह गर्न तत्पर भएको प्रसङ्ग वर्णन गरिएको छ ।

शिव-सतीको विवाह धुमधामसँग आयोजना गरी तयारी गरिएको, ब्रह्मा मूल पुरोहित र उनका मरीचि आदि पुत्रहरू सहायक भई विवाह गराउँदा, ब्रह्मा सतीका चरणलाई देखेर कामुक भई चार थोपा वीर्य स्खलित भएको र यस वीर्यले प्रलयकारक बादल संवर्त-आवर्त-पुष्कर-द्रोण नामले प्रसिद्धि पाएको, ब्रह्माले रूद्रशिर भई प्रायश्चित्त गरेको, यज्ञमण्डपमा

शिव-शिवा एवं ब्रह्माको नित्यवास आदि प्रसङ्ग ज्ञानवर्द्धक ढङ्गले वर्णन गरिएको छ ।

विवाह पश्चात् शिवसतीको कैलास गिरिकन्दरा-वन-उपवन आदिमा लामो समयसम्म विहार-क्रीडा वर्णनका साथै शिवद्वारा सतीलाई नवधा भक्तिको उपदेश दिइएको छ । त्यसै गरी दण्डकारण्यमा शिवद्वारा श्रीरामलाई प्रणाम गरेको देखेर, सतीलाई सन्देह हुनु र श्रीरामको परीक्षा गर्नु । यस प्रसङ्ग पश्चात् शिवले सतीलाई मानसिक त्याग गरेको हुनाले यज्ञमा सतीको देह उत्सर्ग हुँदा पनि शिव उदासीन भएका हुन् ।

त्यसपछि मुनिहरूद्वारा प्रयाग क्षेत्रमा महान् यज्ञको आयोजना, दक्षद्वारा शिवको अपमान, नन्दीद्वारा दक्ष एवं ब्राह्मणलाई श्राप, केही समय पश्चात् दक्षद्वारा हरिद्वार क्षेत्रमा विशाल यज्ञारम्भ, शिव र सतीबाहेक सबैलाई निमन्त्रणा, दधीचिले दक्षसमक्ष शिवलाई निमन्त्रणा पठाउन अनुरोध, दक्षले विरोध गरेपछि दधीचि सहित शिवभक्तहरू दक्षलाई श्राप दिँदै यज्ञ बहिष्कार गरेको प्रसङ्ग वर्णन गरिएको छ ।

त्यसपछि सखीगणद्वारा सतीलाई आफ्ना पिता दक्षले विशाल यज्ञ गरेको थाहा भएपछि शिवलाई लिएर जान उत्सुक, शिवले जान इन्कार गरेपछि ६० हजार शिवगण सहित सती दक्षयज्ञमा सम्मिलित, दक्षद्वारा सतीको तिरस्कार, सतीद्वारा ओजस्वी वाणीले शिवमाहात्म्यको वर्णन र योगाग्निद्वारा देहत्याग, शिवगणद्वारा दक्षमाथि आक्रमण, ऋभुद्वारा यज्ञरक्षा, पश्चात् शिवजटाबाट वीरभद्र-महाकाली प्रकट, दक्षयज्ञ विध्वंश, मृत्युञ्जय मन्त्रबलले दधीचि अवध्य, ब्रह्मादि देवताद्वारा शिवप्रार्थना, दक्षयज्ञको पूर्णताको कामना, शिवद्वारा उपदेश सहित दक्षयज्ञको पूर्णाहुति एवं सतीखण्डको उपसंहार गर्दै यस खण्डलाई विराम दिइएको छ ।

विशेष रूपले दक्षले भगवतीको तपस्या गरी पुत्री हुन अनुरोध गरेका हुनाले सतीको आविर्भाव दक्षको घरमा भएको हो । दक्षका ६० पुत्रीहरूमा सतीको नाम समावेश छैन त्यसैले दक्षको तपस्यालाई परिपूर्ति गर्न सती ६० कन्याभन्दा पछि प्रकट भई शिव आराधना गरी विवाह गरेकी हुन् । यिनै सती यज्ञमा देह उत्सर्ग गरी अर्को जन्ममा हिमालय पर्वतपुत्री पार्वती नामले प्रसिद्ध भई शिवाराधना गरी शिवसँग विवाह गरेकी हुन् ।

यस खण्डमा पनि सूत-शौनक एवं ब्रह्मा-नारदको संवाद नै प्रमुख रूपमा अभिव्यक्त भएको छ ।

अध्याय प्रथम

सङ्क्षिप्त सतीचरित्र

नारदजी भन्नुहुन्छ- हे पिताश्री ब्रह्मा ! अब मलाई सतीचरित्र वर्णन गर्नुहोस् । शिवको गृहस्थ आश्रमको वर्णन गर्नुहोस् । पहिले सती दक्षपुत्री थिइन् पछि कसरी पर्वतपुत्री भइन् ?

कथं सती पार्वती सा पुनः शिवमुपागता
कथमेकशरीरेण द्वयोरप्यात्मजा मता ॥ ७ ॥

यही संवाद सूतजीले शौनकादि ऋषिहरूलाई पनि सुनाइरहेका छन् ।
ब्रह्मा- हे पुत्र नारद ! अब म सतीचरित्रको आख्यान सुनाउँछु, सुन । पहिले म आफैँ आफ्नी छोरी सन्ध्यासँग मोहित हुन पुगेको थिएँ । रुद्रले मलाई धिक्कारेका थिए ।

पुराऽहं स्वसुतां दृष्ट्वां सन्ध्याह्वां तनयैः सह ।
अभवं विकृतस्तात कामबाण प्रपीडितः ॥ १० ॥

रुद्रले धिक्कारेपछि म झन् आहत भएँ । पछि मेरो पुत्र दक्षले शक्तिको उपासना गरी सतीलाई जन्म दियो । त्यही सतीले तपस्या गरी रुद्रलाई मायाजालमा फसाई । पछि दक्षलाई अभिमान आयो कि मेरी छोरीले निर्गुण शिवलाई वशमा पारी । यही घमन्डले मत्त भएर दक्षले विशाल यज्ञ गऱ्यो र 'शिव-सती' बाहेक सबैलाई बोलायो ।'

सतीले आफ्नो पिताको घरमा यज्ञ हुँदै गरेको थाहा पाएपछि यज्ञमा भाग लिन पुगिन् । यज्ञमा रुद्रभाग नदेखेपछि, शिवमहिमा सर्वोपरि भएको र यस्तो विशाल यज्ञमा रुद्रको स्थान नदिइएकाले आफ्नो पतिको अपमान भएको भन्ने दृढ सङ्कल्प सहित ठहर गर्दै, सतीले देह त्याग गरिन् । शिव यो अप्रिय घटना सुन्नासाथ क्रोधमा आए । त्यसपछि

जटामुत्कृत्य महती वीरभद्रमजीजनत् । २९ ।

शिवले जटाबाट वीरभद्र प्रकट गरी, यज्ञ विध्वंश गर्न पठाए । वीरभद्रले दक्ष यज्ञमा गएर यज्ञ विध्वंश गरे, दक्षको शिरच्छेद गरे । पछि देवताहरूको प्रार्थनाले दक्ष (यजमान) को शिर बोका (अजा) को टाउकोले योग गरी यज्ञ पूरा गरे ।

उता सतीको देहबाट ज्वाला निस्कियो र पर्वतमा गएर स्थिर भयो र त्यो 'ज्वालापर्वत' को नामले आज पनि प्रसिद्ध छ । यथा-

सती देहसमुत्पन्ना ज्वाला लोकसुखावहा ।
पतिता पर्वते तत्र पूजिता सुखदायिनी ॥ ४१ ॥
ज्वालामुखीति विख्याता सर्वकाम फलप्रदा ।
बभूव परमा देवी दर्शनात्पापहारिणी ॥ ४२ ॥

तिनै सतीले अर्को जन्ममा हिमालय पुत्री पार्वती भएर जन्म लिइन् । शिवको कठोर तपस्या गरेर शिवलाई प्राप्त गरिन् । यस आख्यानलाई पढ्नाले सुन्नाले सम्पूर्ण कामना पूर्ण हुन्छ ।

अध्याय द्वितीय, तृतीय, चतुर्थ पञ्चम

पितृगण, कामदेव, रति र सन्ध्यावर्णन

(ब्रह्माको मनबाट सन्ध्या र कामदेव प्रकट, कामदेवको नामकरण, ब्रह्माजी सन्ध्याद्वारा मोहित, लज्जित ब्रह्माको शरीरबाट पसिना निस्कनु र ती सबै पितृगण हुनु, ब्रह्माद्वारा कामदेवलाई भस्म हुने श्राप, कामदेव-रतिको विवाह, सन्ध्याद्वारा तपस्या)

नारदजी भन्नुहुन्छ- हे पिताश्री ! तपाईंले अत्यन्त सङ्क्षेपमा 'सती-चरित्र' वर्णन गर्नुभयो । म त सविस्तार सुन्न चाहन्छु । सतीजन्म, तपस्या, शिवप्राप्ति, देहत्याग, पार्वती भएर जन्म लिएको आदि सबै वृत्तान्त सविस्तार सुनाउनुहोस् ।

ब्रह्मा- अति उत्तम ! त्यसो भए म 'सतीचरित्र' सविस्तार वर्णन गर्दछु, सुन ।

अहं तत्कथयिष्यामि कथामेतां पुरातनीम् ।
शिवाशिवयशोयुक्तां सर्वकाम फलप्रदाम् ॥ २-११ ॥

सृष्टिको विस्तार गर्ने इच्छा भएपछि शिवबाटै दायाँ भागबाट विष्णु र बायाँ भागबाट म एवं मेरो भ्रुमण्डलबाट रूद्र उत्पन्न भयौं र सृष्टि-स्थिति-लयको कार्यभार सम्हाल्न थाल्यौं । यस क्रममा मलाई प्रजा सर्गको विस्तार गर्ने कार्य सुम्पिइएको थियो ।

मलाई दिएको जिम्मेवारी सम्हाल्दै मैले सृष्टि विस्तार गर्न सोच्दै मात्र थिएँ मेरो मनबाट अत्यन्त मनोहर कान्तीयुक्त नारी उत्पन्न भई जो दिनमा क्षीण हुन्थिन् अनि सायङ्कालमा रूप-सौन्दर्य व्यापक हुन्थिन् । त्यसैले तिनको नाम 'सन्ध्या' राखियो । सन्ध्याको रूप लावण्य हेरेर म स्वयं मोहित हुन पुगेँ । मरीचि आदि मेरा पुत्रहरूले सम्झाए, म लज्जित भएँ । शिवले थाहा पाउनासाथ आकाशवाणीद्वारा धिक्कारे । आफ्नै छोरीमाथि नै मोहित हुने ? जबकि आमा-बहिनी-देवरानी-छोरी- यी सबै पूजनीय वन्दनीय हुन्, कुदृष्टि कदापि नगर्नू ।

यथा माता च भगिनी भ्रातृपत्नी तथा सुता ।
एताः कुदृष्ट्या द्रष्टव्या न कदापि विपश्चिता ॥ ३-४० ॥

ब्रह्माको पसिनाबाट पितृगणको उत्पत्ति

शिवले धिक्कारेपछि म अत्यन्त लज्जित भएँ । लज्जाकै कारण मेरो शरीर पसिनाले भिज्यो र पसिना चुहुन थाल्यो । यसैबाट पितृगणहरू उत्पन्न भए ।

अग्निष्वात्ताः पितृगणा जाताः पितृगणास्ततः । ४८ ।

यी पितृगण ६४ हजार अग्निष्वात्ता र ८६ हजार बर्हिषद् नामले विख्यात भए ।

कामदेव प्रकट र नामकरण

त्यसपछि म शान्त भएर फेरि सृष्टि कार्यमा संलग्न भएँ । यसपटक मनबाट अत्यन्त सुन्दर त्रिभुवन मोहन, सुन्दर पुरुष प्रकट भयो, जसलाई देख्नासाथ उद्दीपन हुने भएकाले 'कामदेव' नाम राखियो ।

एवं चिन्तयतो मे हि ब्रह्मणो मुनिसत्तम ।
मानसः पुरुषो मञ्जुराविर्भूतो महाद्भुतः ॥ २-२३ ॥

कामदेवको अद्भुत सौन्दर्य स्वरूप देखेर मेरा दक्ष आदि पुत्रहरूसहित म पनि मोहित हुन पुगेँ । त्यसपछि उसले सोध्यो ।

कामदेव- हे पिताश्री ! मलाई किन सृष्टि गरेको ? मैले गर्नुपर्ने कार्य के हो ? मेरो नाम के हो ? मेरी पत्नी को हुन् ? मेरो वासस्थान कहाँ हो ? आज्ञा दिनुहोस् ।

ब्रह्मा- हे सर्वाङ्ग सुन्दर ! तिमी आफ्नो पाँच पुष्पबाणले सम्पूर्ण स्त्री-पुरुषलाई मोहित गर्दै सनातन सृष्टि गर । यही तिम्रो काम हो । तिम्रा सामुन्ने चराचर तीनै लोकका देव-ऋषि-मुनि-तपस्वी-मनुष्य-जीव आदि कोही पनि टिक्न नसकुन्, त्यसमा हामी (ब्रह्मा-विष्णु-महेश) समेत तिम्रो वशमा हुनेछौं । तिम्रो कामानुसार नाम पनि अनेक हुनेछन् ।

हे पुरुष, तिमीले ब्रह्माको चित्तलाई पनि मथ्यौ त्यसैले तिम्रो एउटा नाम 'मन्मथ' हुनेछ । मदमत्त कार्य गर्नाले अर्को नाम 'मदन' हुनेछ । त्यसै गरी म नै सर्वेसर्वा हुँ भनी घमन्ड राख्नाले अर्को नाम 'कन्दर्प' पनि हुनेछ । त्यसैगरी मेरी मानसी कन्या सन्ध्यासँग तिम्रो विवाह हुनेछ ।

कामदेवले आफ्नो नाम र पत्नी प्राप्त गर्नासाथ तुरुन्त आफ्नो पाँच बाण- 'हर्षण-रोचन-मोहन-शोषण-मारण' को प्रयोग गऱ्यो ।

हर्षणं रोचनाख्यं च मोहनं शोषणं तथा ।
मारणं चेति प्रोक्तानि मुनेर्मोहकराण्यपि ॥ ३-१२ ॥

कामदेवको अस्त्र छुट्नासाथ ब्रह्मादि मोहित भए । यी सबैमा कामको सञ्चार हुन थाल्यो । 'सन्ध्या' मा पनि काम भावना विकसित भयो । ऊ पनि ऋषिहरू- मरीचि, दक्ष, अत्रि, वशिष्ठ आदिलाई कटाक्ष गर्न थाली । फलतः यी सबै विकारयुक्त भए ।

विकारयुक्त भएकै कारण ब्रह्मा मोहित भई लज्जित हुन पुगे । दक्ष प्रजापति विकारयुक्त हुँदा उसको शरीरबाट पसिना निस्क्यो अनि त्रिलोक सुन्दरी कन्या उत्पन्न भई जसलाई कामदेवले विवाह गरे । सबैलाई रमणमा प्रवृत्त गराउने सामर्थ्य ती कन्यामा रहेकाले उनको नाम 'रति' रह्यो । यसै गरी ब्रह्मापुत्र-क्रतु-पुलस्त्य-अङ्गिरस-मरीचि आदि ऋषिहरूद्वारा पनि सोमपा, आज्यपा, हविष्मान्, कव्यवाट आदि असङ्ख्य पितर उत्पन्न भए ।

ब्रह्माले कामदेवलाई भस्म हुने श्राप दिनु

ब्रह्मा पहिलेदेखि नै लज्जित भएका थिए । कामदेवकै कारण आफू मोहित हुन पुगेँ भन्ने सोचेर शीघ्र नै शिवद्वारा भस्म हुने श्राप दिए ।

भवनेत्राग्निनिर्दग्धः कन्दर्पो दर्पमोहितः ।
भविष्यति महादेवे कृत्वा कर्म सुदुष्करम् ॥ ३-६४ ॥

शिवको नेत्रद्वारा तेरो भस्म होस् । यस्तो कठोर श्राप सुनेपछि कामदेवले बाण चलाउन बन्द गर्‍यो र प्रकट भएर उपस्थित ब्रह्मादि एवं दक्षादिलाई भन्यो ।

कामदेव- हे पिता ब्रह्मा ! तपाईले मलाई कठोर श्राप दिनु भो जबकि तपाईले सुम्पिएको कार्यलाई नै मैले परीक्षा/प्रयोग गरेको थिएँ । यसमा मेरो के दोष ?

ब्रह्मा- तिमीले मेरी छोरी सन्ध्यालाई कामवासनाले हेर्‍यौ । त्यसैले क्रोधमा आएर श्राप दिएको हुँ, जसका कारण हामी सबै लज्जित भएका थियौं ।

आत्मजा मम सन्ध्येयं यस्मादेतत्सकामतः । ३-७३ ।

अब म शान्त भइसकेँ । त्यसैले तिम्रो अस्तित्व त्रिलोकमा यथावत् रहोस् । तिमीलाई वरदान दिन्छु । शिवले तिमीलाई भस्म गरे पनि शीघ्र नै पुनर्जन्म प्राप्त गर्नेछौ । शिवकै विवाहका लागि सहायक भई आफ्नो पूर्ण रूप प्राप्त गर्नेछौ । यथा-

यदा करिष्यति हरोऽञ्जसा दारपरिग्रहम् ।
तदा स एव भवतः शरीरं प्रापयिष्यसि ॥ ३-७६ ॥

कामदेव-रति विवाह

ब्रह्माले आशीर्वाद दिनासाथ कामदेव खुसी भयो । यता दक्षले पनि आफ्नी छोरी 'रति' कामदेवसँग विवाह गरिदिन स्वीकृति दियो । त्यसपछि त कामदेव अत्यन्त प्रसन्न भयो । रतिसँग कामदेवको विवाह भयो । दुवै प्रसन्न भए ।

रति कस्ती थिइन् ?

द्वादशाभरणैर्युक्तां शृङ्गारै षोडशैर्युताम् ।
मोहिनीं सर्वलोकानां भासयन्तीं दिशो दशः ॥ ४-२८ ॥

सोह्र शृङ्गार, द्वादश आभूषणयुक्त रति दशै दिशालाई प्रकाशित गर्ने त्रिलोक मोहनी कमनीय रूप लावण्यले भरिएकी थिइन् । एक अर्कालाई पाएर अति प्रसन्न भए । यिनीहरूको शोभा विष्णु लक्ष्मीझैँ सुशोभित हुन पुग्यो ।

इति रतिपतिरुच्चैर्मोहयुक्तो रतिं तां,
हृदुपरि जगृहे वै योगदर्शीव विद्याम् ।
रतिरपि पतिमग्र्यं प्राप्य सा चापि रेजे,
हरिमिव कमला वै पूर्णचन्द्रोपमास्या ॥ ४-३४ ॥

सन्ध्याद्वारा तपस्या

नारद भन्नुहुन्छ- सन्ध्या कुत्र गता सा च ब्रह्मपुत्री पितृप्रसूः । ५-४ ।

(अब, सन्ध्यादेवीको विषयमा भन्नुहोस् ।)

ब्रह्मा- सन्ध्याले तपस्या गरिन् र शरीर छोडिन् । अर्को जन्ममा मेधातिथिको यज्ञबाट प्रकट भइन् । अरुन्धती नाम रह्यो । फेरि शिवको तपस्या गरिन् र वशिष्ठसँग विवाह गरिन् ।

सन्ध्याको सङ्क्षिप्त चरित्र नारदजीलाई चित्त बुझेन र विस्तारपूर्वक वर्णन गर्न अनुरोध गरेपछि ब्रह्मा भन्न थाले-

ब्रह्मा- सन्ध्याले सोचिन्, मेरै कारण पिता (ब्रह्मा) र भाइहरू (दक्षादि) मोहित हुन पुगे, शिवले गाली गरे । कामदेवले भस्म हुने श्राप पायो । म स्वयं पापिनी हुँ त्यसैले तपस्या गरेर प्रायश्चित्त गर्दछु र मर्यादा स्थापित गर्नेछु कि- 'जन्मँदै कोही प्राणी मोहित नहोऊन्' र वेदोक्त मार्गद्वारा यो शरीर जलाउँछु ।

मया येन शरीरेण तातेषु सहजेषु च ।
उद्भावितः कामभावो न तत्सुकृतसाधनम् ॥ ५-३२ ॥

यही विचार गरेर सन्ध्याले 'चन्द्रभाग पर्वत' मा गएर तपस्या गर्ने निर्णय गरिन् र त्यही शैलमा गइन् ।

वशिष्ठद्वारा सन्ध्यालाई दीक्षा र उपदेश दिनु

सन्ध्याको दृढ निश्चय देखेर ब्रह्माले आफ्नो पुत्र वशिष्ठलाई बोलाएर भने, 'सन्ध्याको तपस्थलीमा गएर उनलाई दीक्षा देऊ ताकि उसको तपस्याको उद्देश्य पूर्ण होस् ।'

वशिष्ठ पुत्र गच्छ त्वं सन्ध्यां जातां मनस्विनीम् ।
तपसे धृतकामां च दीक्षस्वैनां यथाविधिः ॥ ५-३६ ॥

त्यसपछि वशिष्ठ पिताको आज्ञालाई शिरोधार्य गर्दै सन्ध्याको तपस्यास्थली चन्द्रभाग पर्वतमा गए । दुवैमा परस्पर वातचित भयो । अन्तमा वशिष्ठले दीक्षा एवं उपदेश दिन प्रारम्भ गरे ।

मन्त्र-

ॐ नमः शङ्करायेति ओमित्यन्तेन सन्ततम् ।
मौनं तपः समारम्भं तन्मै निगदतः श्रृणुः ॥ ५-६३ ॥

ॐ नमः शङ्कराय । ॐ यो मन्त्र हो । यसको नित्य जप गर । साथमा संयम-सदाचार-अल्पाहार एवं नित्य शिवको भजन गर । शिव नै धर्मार्थकाममोक्षदाता हुन् । नित्य स्नान-ध्यान-जप-पूजा गर । यसैबाट तिम्रो सम्पूर्ण इच्छा पूर्ण हुनेछ ।

सर्वाभीष्टप्रदा देवि सत्यं सत्यं न संशयः । ५-६६ ।

शिव प्रसन्न भएपछि अवश्य नै अभीष्ट फल प्रदान गर्नेछन् । यसरी दीक्षा र उपदेश दिएर सन्ध्यासँग वशिष्ठले बिदा लिए र त्यहीँ अन्तर्ध्यान भए ।

अध्याय षष्ठम, सप्तम

वशिष्ठ-अरुन्धती विवाह वर्णन

(सन्ध्याको तपस्थलीमा शिव प्रकट एवं वरदान, मेधातिथि ऋषिको यज्ञमा सन्ध्याको आत्माहुति, त्यही सन्ध्या यज्ञकुण्डबाट प्रकट, अरुन्धती नामकरण र वशिष्ठ ऋषिका साथ विवाह)

ब्रह्मा- हे पुत्र नारद ! तपस्याको विधि जानेपछि सन्ध्याले चन्द्रभाग पर्वतमा अवस्थित बृहल्लोहित सरोवरको तटमा तापसी वेशमा तपस्या आरम्भ गरिन् ।

ततः सानन्दमनसो वेषं कृत्वा तु यादृशम् ।
तपश्चर्तुं समारेभे बृहल्लोहिततीरगाः ॥ ६-३ ॥

सन्ध्याले चारयुग पर्यन्त कठोर तपस्या गरिन् । शिव प्रसन्न भए र तपस्थलीमा पुगे । शिवलाई अगाडि देखेर सन्ध्या सोच्न थालिन्, 'म के वर मागूँ ? कसरी शिवको स्तुति गरूँ ? यही चिन्ताले नेत्र बन्द गरिन् । यस्तो अवस्था देखेपछि अन्तर्यामी शिव स्वयं उनको हृदयमा प्रवेश गरे र दिव्य ज्ञान-चक्षु-वाणी प्रदान गरे ।

दिव्य ज्ञानं ददौ तस्यै वाचं दिव्ये च चक्षुर्षी
दिव्यज्ञानं दिव्यचक्षुर्दिव्यां वाचमवाप सा ॥ ६-१० ॥

सन्ध्याद्वारा शिवको दिव्य स्तुति

दिव्यज्ञान प्राप्त भएपछि सन्ध्याले १५ श्लोकले शिवको दिव्य स्तुति गरिन् जसमा दीनता

एवं अज्ञानता प्रकट गर्दै तपाईं नै निराकार-साकार रूप हुनुहुन्छ, तपाईं नै स्थूल-सूक्ष्म रूप, निर्मल, योगीगम्य, सर्वसाक्षी, चराचर नियन्ता, व्यक्ताव्यक्त रूप, अकारण-कारणस्वरूप, सर्वदिशुव्यापक, जसको आदि अन्त छैन, जसको नियन्त्रणमा सृष्टि-स्थिति-लय हुन्छ, त्यस्तो तपाईंलाई कोटि वन्दना र म अनाथमाथि कृपा बनाइराख्न अनुरोध पनि गर्दछु । केही श्लोक हामी पनि पाठ गरौं ।

प्रथम- निराकार ज्ञानगम्यं परं यन्नैव स्थूलं, नापि सूक्ष्मं न चोच्चम् ।
अन्तश्चिन्त्यं योगिमितस्य रूपं, तस्मै तुभ्यं लोककर्त्रे नमोऽस्तु ॥ ६-१२ ॥
नमो नमः कारणकारणाय दिव्यामृतज्ञान विभूतिदाय
समस्तलोकान्तरभूतिदाय, प्रकाशरूपाय परात्पराय ॥ ६-२० ॥

अन्तिम श्लोक- नमस्तुभ्यं महेशान नमस्तुभ्यं तपोमयः ।
प्रसीद शम्भो देवेश भूयो भूयो नमोस्तुते ॥ ६-२६ ॥

स्त्रोत्रद्वारा शिव प्रसन्न भए र वर माग्न अनुरोध गरे ।

शिव- प्रीतोऽस्मि तपसा भद्रे भवत्या परमेण वै ।
स्तवेन च शुभप्राज्ञे वरं वरय साम्प्रतम् ॥ ६-३० ॥

सन्ध्या- यदि तपाईं प्रसन्न हुनुहुन्छ र म वर माग्न योग्य छु भने मलाई २ वटा वर दिनुहोस् ।

(१) जन्म हुनासाथ कुनै पनि प्राणी कामासक्त नहोस् ।

(२) मलाई योग्य पति प्रदान गर्नुहोस्, जो सुन्दर होस् र पतिबाहेक जो पुरुष मलाई काम दृष्टिले हेर्छन् ती सबै नपुंसक होऊन् ।

यो द्रक्ष्यति सकामो मां पुरुषस्तस्य पौरूषम् ।
गमिष्यति तदानाशं स च क्लीबो भविष्यति ॥ ६-३८ ॥

शिव- तथास्तु ! शरीरधारीका ४ अवस्था हुन्छन्- शैशव-कौमार-यौवन-वृद्ध । यसमध्ये तेस्रो अवस्थामा प्राप्त भएपछि मात्र कामासक्त हुनेछन् । यो मान्यता आजैदेखि लागु हुनेछ ।

तपसा तव मर्यादा जगति स्थापिता मया ।
उत्पन्नमात्रा न यथा सकामाः स्युः शरीरिणः ॥ ६-४४ ॥

त्यसैगरी तिम्रा पति महर्षि हुनेछन् । तिमीहरू दुवै सात कल्पसम्म जीवित रहनेछौ । तिमीले पूर्व प्रतिज्ञा गरेकी थियौ कि आफ्नो शरीरलाई अग्निमा समर्पित गर्छु । त्यसको उपाय पनि बताउँछु । सुन-

यो चन्द्रभाग पर्वतको तल चन्द्रभाग नदीको किनारमा 'तापसाश्रम' छ, त्यहाँ मेधातिथि यति बेला 'ज्योतिष्टोम' नामको यज्ञ गरिरहेका छन् । त्यहीं जाऊ र जसको चिन्तन गर्दै यज्ञमा

आत्माहुति दिन्छौ, उनै तिम्रो पति हुनेछन् । मेरो कृपाले तिमीलाई कसैले देख्ने छैनन् ।

यस्ते वरो वाञ्छनीयः स्वामी मनसि कश्चन ।
तं निधाय निजस्वान्ते त्यज बन्हौ वपुः स्वकम् ॥ ६-५३ ॥

यो 'ज्योतिष्टोम' यज्ञ १२ वर्षमा पूरा हुनेवाला हो र निकट समयमा पूरा हुँदै छ, त्यसैले बिलम्ब नगरी शीघ्र जाऊ । त्यस यज्ञमा प्रविष्ट हुनासाथ सुन्दर, दिव्य कन्याका रूपमा तिम्रो जन्म हुनेछ । 'मेधातिथि' तिम्रा पिता हुनेछन् । उनी समान तपस्वी यो भूमण्डलमा न भए, न हुने नै छन् ।

तपसा तत्समो नास्ति न भूतो न भविष्यति । ६-६० ।

चन्द्रभाग नदी र पर्वतको नामकरण सम्बन्धमा

दक्षले आफ्नो २७ कन्या चन्द्रमासँग विवाह गरिदिए तर चन्द्रमाले रोहिणीसँग मात्र अत्यन्त प्रेम गरे । बाँकी कन्यालाई त्यति ध्यान दिएनन् । क्रोधी दक्षले चन्द्रमालाई श्राप दियो । त्यही श्रापबाट मुक्त हुन ब्रह्माले यो नदीको सृष्टि गरे र यस क्षेत्रको पर्वत शृङ्खला पनि चन्द्रभाग पर्वतका नामले प्रसिद्ध भयो । यो पवित्र स्थान हो । यहाँ गरेको जप-तप-होम-ध्यान-पूजा अर्चना सबै अक्षयदायी हुन्छ र सिद्धि प्राप्त हुन्छ । जाऊ सन्ध्या देवी, तिम्रो कल्याण होस् । यसरी वरदान र उपदेश दिएर शिव त्यहीँ अन्तर्ध्यान भए ।

सन्ध्याको यज्ञमा आत्माहुति, अरुन्धतीको रूपमा प्रकट, मुनिश्रेष्ठ वशिष्ठका साथ विवाह

तत्पश्चात् सन्ध्या मेधातिथिको यज्ञशालामा गइन् । शङ्कर भगवान्का कृपाले उनलाई कसैले देखेनन् । सन्ध्याले त्यस तेजस्वी ब्रह्मचारीको स्मरण गरिन् जसले पूर्वकालमा तपस्याको विधि बताएको थियो । पूर्वकालमा वशिष्ठले ब्रह्मचारीको वेश धारण गरी सन्ध्यालाई दीक्षा दिएका थिए ।

सन्ध्या हर्षका साथ अग्निमा प्रवेश गरिन् । उनको पुरोडाशमय शरीर तुरून्त दग्ध भयो । गन्ध सबैतिर फैलियो । अग्निले शङ्करका आज्ञाले उसको शरीर जलाएर शुद्ध गरी सूर्यमण्डलमा पुऱ्याए । सूर्यले पनि त्यसलाई दुई भागमा विभक्त गरी आफ्नो रथमा स्थापित गरे । सन्ध्याको शरीरको माथिल्लो भाग प्रातः सन्ध्या भयो र शेषभाग सायं सन्ध्या भयो । त्यसैले प्रातः सन्ध्या दैवप्रिय र सायं सन्ध्या पितृप्रिय हुन पुग्यो ।

सा सायमभवत् सन्ध्या पितृप्रीतिप्रदा सदा । ७-१० ।
प्रातः सन्ध्या तदोदेति देवानां प्रीतिकारिणी । ७-११ ।

यज्ञको समाप्तिको अवसरमा शिवकृपाले त्यही सन्ध्या अग्निज्वालामा कन्याको रूपमा मेधातिथिलाई प्राप्त भइन् । सन्ध्याले कुनै पनि कारणले धर्मको विरोध गरिनन्, त्यसैले उनको नाम अरून्धती' भयो ।

न रुणद्धि यतो धर्म सा कस्मादीप कारणात् ।
अरुन्धतीति तस्यास्तु नाम चक्रे महामुनिः ॥ ७-१६ ॥

अरुन्धती जब वार्धक्य अवस्थाकी भइन्, तब ब्रह्मा-विष्णु-महेश मिलेर वशिष्ठका साथ विवाह गराइदिए ।

तद्विवाहे महोत्साहो बभूव सुखवर्धनः ।
सर्वे सुराश्च मुनयः सुखमापुः परं मुने ॥ ७-२२ ॥

मुनिश्रेष्ठ वशिष्ठलाई पाएर अरुन्धती अत्यन्त शोभायुक्त भइन् । यिनले महान् पतिव्रता नारीका रूपमा आफ्नो मर्यादा स्थापना गरिन् । यिनका शक्ति आदि श्रेष्ठ पुत्र उत्पन्न भए ।

यसरी ब्रह्माका मानसी-कन्या सन्ध्या र मानसी-कुमार कामदेवको वर्णन भयो । यस चरित्रको पठन या श्रवणले सम्पूर्ण कामना पूर्ण भई, अन्तमा मोक्षाधिकारी भइन्छ ।

पवित्रं परमं दिव्यं सर्वकामफलप्रदम् । ७-२६ ।

अध्याय-अष्टम, नवम, दशम

शिवको विवाहका लागि ब्रह्मालाई विष्णुको 'शिवा' आराधनाको उपदेश

ब्रह्मा- हे पुत्र नारद ! आफ्नी पुत्री सन्ध्याप्रति काम वासनाले मोहित हुँदा शिवले मलाई उपहास गरेका थिए । त्यसैको बदला लिन म पनि शिवलाई मोहित गराएर विवाह गराई छाड्छु भन्ने मेरो अन्तःकरणदेखि इच्छा जागृत भयो, त्यसैले दक्षादि पुत्र, रति कामदेवका बिचमा मैले भनैं, 'हामीले यस्तो प्रयत्न गरौं जसले गर्दा शिव कमनीय स्त्रीको पाणिग्रहण गरून् ।'

यथा गृह्णातु कान्तां स सुखी स्यां दुःखवर्जितः । ८-१५ ।

त्यसपछि कामदेवलाई भने, 'तिमी शिवलाई मोहमा फसाऊ ।'

जगद्धिताय वत्स त्वं मोहयस्व पिनाकिनम् ।
यथाशु सुमनः शम्भुः कुर्याद्दारप्रतिग्रहम् ॥ ८-२७ ॥

त्यसपछि मेरै निश्वासबाट असङ्ख्य पुष्पद्वारा विभूषित, वसन्तको प्रादुर्भाव भयो । यसकै साथ 'मलयानिल', मारणगण पनि उत्पत्ति भए जो कामदेवका सहायक भए । त्यसपछि यी सबै लिएर कामदेव शिवका समीप गयो । एकपछि अर्को बाण छोड्दै गयो तर सबै प्रयत्नहरू विफल हुँदै गए । निराकार शिवलाई मोहमा फसाउन असमर्थ भयो । वसन्तले सबै वृक्षलाई फूलले भरिदियो ।

वसन्तोऽपि प्रभावं स्वं चकार हरमोहनम् ।
सर्वे वृक्षा एकदैव प्रफुल्ला अभवन्मुने ॥ ९-३ ॥

कामदेवका सबै प्रयत्नहरू असफल भएपछि ब्रह्मा चिन्तायुक्त भए ।

ब्रह्माद्वारा विष्णुस्मरण एवं स्तुति

कामदेवको असफलता ब्रह्माको चिन्ताको कारण बन्यो । विष्णुलाई स्मरण गरे । उपस्थित भएका विष्णुले सोधे-

विष्णु- **किमर्थं स्मरणं मेऽद्य कृतं च क्रियते नुतिः । १०-१२ ।**

के समस्या आयो र मलाई स्मरण गर्‍यौ ?

ब्रह्मा- मैले अहिलेसम्मको घटना सारसङ्क्षेपमा बताएँ । जबसम्म शिव मोहमा फसेर विवाह गर्दैनन् तबसम्म मलाई शान्ति हुनेवाला छैन । बस यसका लागि तपाईंको स्मरण गरेको हुँ । उपाय बताएर कार्य सम्पन्न बनाइदिनुहोस् ।

विष्णुद्वारा ब्रह्मालाई उपाय र उपदेश

विष्णुले पहिले त ब्रह्मालाई फट्कार्दै भने,

जडतां त्यज मन्दात्मन् कुरु त्वं नेदृशीं मतिम् । १०-३१ ।

शिव सबैका कर्ताहर्ता हुन् । उनीबाटै हामी प्रकट भएका हौं । उनी परब्रह्म र निर्गुण हुन् ।

शिवः सर्वस्वकर्ता हि भर्ताहर्ता परात्परः ।
परब्रह्म परेशश्च निर्गुणो नित्य एव च ॥ १०-३५ ॥

त्यसैले शिवसँग द्वेष नगरी, शरणमा जाऊ । साथमा शिवाको उपासना पनि गर । शिवका स्वरूप 'रूद्र' जो तिम्रो भ्रुकुटीबाट प्रकट भएका हुन्- उनी अहिले कैलासमा तपस्यारत छन्, उनी शिवका पूर्णावतार हुन् । शिवाले अवतार लिएर उनको तपस्या गरिन् भने विवाह सम्भव छ । यस कार्यका लागि दक्षादिबाट सहायता माग्नु, अनि मात्र काम बन्नेछ ।

जसरी शिवबाट हामी तीन प्रकट भएका हौं, त्यसै गरी शिवा (उमा) का पनि तीन रूप छन्- ती मध्ये लक्ष्मी र सरस्वती प्रकट भइसकेका छन्, केवल तेस्रो रूप सतीले मात्र अवतार लिएकी छैनन्, उसैका लागि प्रयत्न गर, अवतरण भएपछि रूद्रकी पत्नी हुनेछिन् ।

पूर्णरूपा सतीनाम रुद्रपत्नी भविष्यति । १०-५७ ।

यस कार्यका लागि पुत्र दक्षलाई आज्ञा देऊ कि शिवाको प्रसन्नताका लागि तपस्या गरोस् । यदि यी कार्यहरू भएको खण्डमा तिम्रो इच्छा पूर्ण हुनेछ । यसरी विष्णुले उपदेश दिएपछि- ब्रह्मा प्रसन्न भए । विष्णु पनि बिदा भएर आफ्नो लोक गए ।

अध्याय एकादश, द्वादश

दक्षद्वारा तपस्या र देवी शिवाले वरदान दिनु

ब्रह्मा- हे पुत्र नारद !

विष्णुको उपदेशले म प्रसन्न भएँ । तुरुन्त दक्षलाई शिवको आराधनाका लागि आज्ञा दिएँ, ऊ पनि प्रसन्न भएर क्षीरसागरको तटमा तपस्या गर्न थाल्यो । म पनि नित्य शिवाको आराधना गर्न थालेँ ।

स्तौमि देवीं जगद्धात्रीं दुर्गां शम्भुप्रियां सदा । ११-३ ।

केही समय व्यतीत भएपछि देवी प्रसन्न भइन् र सिंहारूढको रूपमा प्रकट भइन् । देवीको भव्य दर्शन गरेर म कृतकृत्य भएँ अनि स्तुति गर्न थालेँ ।

ब्रह्माद्वारा ७ श्लोकले भगवतीको स्तुति

हे शिवा ! तिमी नै चराचरकी स्वामिनी हौ । प्रवृत्ति-निवृत्ति स्वरूपिणी हौ, शक्तिप्रदायिनी, योगीद्वारा प्राप्य, सृष्टि-स्थिति-लय स्वरूपिणी हौ, सत्त्व-रज-तम रहित त्रिगुणातीत स्वरूपिणी हौ, सम्पूर्ण ज्ञानदायिनी हौ, सदैव शिवको पत्नी भएर बस्ने गर्दछौ.. आदि । केही श्लोक-

नमो नमस्ते जगतः प्रवृत्ति निवृत्ति रूपे स्थितिसर्गरूपे ।
चराचराणां भवती सुशक्तिः सनातनी सर्व विमोहनीति ॥ ११-१० ॥
अशेषजगतां बीजे ! ज्ञेयज्ञानस्वरूपिणी ।
जगद्धिताय सततं शिवपत्नि नमोऽस्तुते ॥ ११-१६ ॥

शिवा- हे विधे ! मलाई किन याद गर्‍यौ ? के समस्या आयो ?

ब्रह्मा- तपाईं कैलासवासी रूद्रलाई मोहित गरेर पत्नी बन्नुहोस् । उनी अविवाहित छन् । निर्विकल्प समाधिमा बसेका छन् । मेरो पुत्र दक्ष अहिले क्षीरसागरको किनारमा तपस्यारत छ । उसैको घरमा पुत्री भएर जन्म लिनुहोस् ।

तस्मात् त्वमेव रूपेण भवस्य भवमोहिनी ।
सुता भूत्वा च दक्षस्य रूद्र पत्नी शिवे भव ॥ ११-२४ ॥

शिवा- यद्यपि तपाईंले कठिन वर माग्नुभयो, तथापि मबाहेक शिवलाई कसैले मोहित गर्न सक्तैन । त्यसैले तिम्रो इच्छानुसार सती रूपमा अवतार लिएर शिवको वशवर्तिनी हुनेछु, जसरी लक्ष्मी विष्णुकी वशवर्तिनी छिन् ।

सतीमूर्तिमहं धृत्वा तस्यैव वशवर्तिनी ।
भविष्यामि महाभागा लक्ष्मीविष्णोर्यथाप्रिया ॥ ११-४६ ॥

दक्षको तपस्या वर्णन

क्षीरसागरको किनारमा ब्रह्माको आज्ञालाई शिरोधार्य गर्दै दक्षले कठोर तपस्या आरम्भ गऱ्यो । कहिले उपवास, कहिले जल, कहिले हावा त कहिले सुकेको पात ग्रहण गर्दै तीन हजार दिव्य वर्ष पर्यन्त तपस्या गऱ्यो ।

दिव्यंवर्षेण दक्षस्तु सहस्राणां त्रयं समाः ।
तपश्चचार नियतः संयतात्मा दृढव्रतः ॥ १२-६ ॥

शिवा प्रसन्न भइन् र प्रत्यक्ष दर्शन दिन क्षीरसागरको तटमा पुगिन् ।

ततः प्रत्यक्षतो दृष्ट्वा जगदम्बां जगन्मयीम् । १२-१० ।

शिवाद्वारा दक्षलाई वरदान

भगवतीको साक्षात्कार पाएर दक्ष भावविभोर भयो । दिव्यवाणीले स्तुति गायो ।

प्रसीद भगवत्याद्ये प्रसीद शिवरूपिणि ।
प्रसीद भक्तवरदे जगन्माये नमोऽस्तुते ॥ १२-१४ ॥

देवी- वरं वृणीष्व स्वाभीष्टं नादेयं विद्यते तव ॥ १२-१६ ॥

जे वर माग्नु छ माग । तिम्रो तपस्याबाट म सन्तुष्ट छु । मेरा लागि दिन नसक्ने केही छैन ।

दक्ष- हे देवी ! मेरो घरमा तपाईं पुत्री भएर जन्म लिई रुद्रलाई मोहित गरी, उनकी धर्मपत्नी बनिदिनुहोस् । तपाईंको यो कार्यबाट सारा जगत्को नै कल्याण हुनेछ । यसमा मेरो स्वार्थ छैन, ब्रह्मा-विष्णु-महेशको प्रेरणाले मैले तप गरेको हुँ ।

स्वार्थं न केवलं मेऽस्ति सर्वेषां जगतामपि ।
ब्रह्मविष्णुशिवानां च ब्रह्मणा प्रेरितो ह्यहम् ॥ १२-२३ ॥

देवी- तिम्रो अभिप्राय मैले बुझेँ । म त सदाशिवको जन्मजन्मकी दासी हुँ ।

अहं तस्य सदा दासी प्रिया जन्मनि जन्मनि । १२-२९ ।

तर मेरो एउटा सर्त छ। यदि मप्रति तिम्रो आदर कम भएमा, तिम्रो कारणले म अपमानित भएमा म त्यतिबेलै शरीर त्याग्नेछु ।

यदा भवान् मयि पुनर्भवेन्मन्दादरस्तदा ।
देहं त्यज्ये निजं सत्यं स्वात्मन्यस्म्यथवेतरम् ॥ १२-३४ ।

यति भनेर शिवा अन्तर्ध्यान भइन् । दक्ष पनि आफ्नो तपस्या सफल भएको ठान्दै आफ्नो स्थान फर्कियो ।

अध्याय त्रयोदश

ब्रह्माको आज्ञाले दक्षद्वारा मैथुनसृष्टि, दश हजार हर्यश्व र एक हजार शबलाश्व पुत्र उत्पन्न, नारदजीद्वारा निवृत्ति मार्गको दीक्षा, दक्षद्वारा नारदलाई अस्थायी विचरणको श्राप

नारद प्रश्न गर्नुहुन्छ- दक्षे गृहं गते प्रीत्या किमभूत्तदनन्तरम् । १ ।

तपस्याबाट घर फर्केपछि दक्षले के गरे ?

ब्रह्मा- दक्ष घर फर्केपछि मानसी सृष्टि सुरु गऱ्यो तर यसले प्रजाको वृद्धि भएन । त्यसपछि मैले मैथुन-सृष्टि विस्तारका लागि 'पञ्चजन पुत्री असिक्नीसँग विवाह गरी सन्तान उत्पत्ति गर्ने आज्ञा दिएँ ।

या च पञ्चजनस्याङ्गसुता रम्या प्रजापतेः ।
असिक्नी नाम पत्नीत्वे प्रजेश ! प्रतिगृह्यताम् ॥ ७ ॥

पञ्चजन- संह्लाद + कृतिकाको पुत्र, यसैको हड्डीले पाञ्चजन्य शङ्ख बन्यो, यो त्यो शङ्खमा बस्तथ्यो । यो त्यही शङ्ख हो जो भगवान् विष्णुको आयुध बन्यो । पाञ्चजन्यं ऋषिकेशो देवदत्तं धनञ्जयः । (गीता, १/१५)

असिक्नी- विष्णु पुराण अनुसार असिक्नी पञ्चजन र विरणीकी पुत्री हुन् जसको दक्षसँग विवाह भयो । दक्षले पिताको आज्ञालाई शिरोधार्य गर्दै विरणी पुत्री असिक्नीका साथ विवाह गऱ्यो । त्यसपछि प्रजा सृष्टि विस्तार गर्न थाल्यो । सबैभन्दा पहिले १० हजार हर्यश्व संज्ञक पुत्र पैदा गऱ्यो ।

हर्यश्व संज्ञानयुतं दक्षः पुत्रानजीजनत् । १० ।

दक्षले प्रजा सृष्टि विस्तारको आज्ञा दियो । तर उनीहरूले पहिले तपस्या गर्ने विचार व्यक्त गरे र पश्चिम सिन्धु नदीको किनारमा अवस्थित नारायण सरोवरमा पुगे । जललाई स्पर्श गर्नासाथ निर्मल बुद्धियुक्त भए ।

धर्मे पारमहंसे च विनिर्धतमलाशयाः । १४ ।

त्यहीँ नारद भेटिए र पृथ्वीको अन्तिम बिन्दु पत्ता नलगाई तिमीहरू कसरी सृष्टि विस्तार गर्छौ ? भनेर सबैलाई निवृत्तिमार्गको दीक्षा दिए ।

त्यसपछि ब्रह्माले दक्षलाई फेरि पुत्र उत्पन्न गर्ने आज्ञा दिए । दोस्रोपल्ट दक्षले एक हजार शबलाश्व संज्ञक पुत्र उत्पन्न गऱ्यो । यिनीहरू पनि पूर्ववत् तपस्यार्थ नारायण सरोवरमै गए । जलस्पर्शले निर्मल भए । नारदजी यसपल्ट पनि भेटिए र पूर्ववत् प्रश्न गरी दीक्षा दिए ।

बारम्बार पुत्रहरूले निवृत्तिमार्गको आश्रय लिएपछि दक्षलाई अत्यन्त क्षोभ भयो । यसको पछाडि नारदको हात थियो । त्यसैले दक्षले नारदलाई श्राप दियो ।

दक्षद्वारा नारदलाई श्राप

हे नीच नारद ! तिमीले यो के गऱ्यौ ?

किं कृतं तेऽधमश्रेष्ठः साधूनां साधुलिङ्गतः ।
भिक्षोर्मार्गोऽर्भकानां वै दर्शितो साधुकारि नः ॥ ३४ ॥

तिमी निर्दयी हौ, शठ हौ । यी बालक अहिले देव-ऋषि-पितृ ऋणबाट मुक्त भएका पनि थिएनन् । तिमीले भिक्षाटन मार्गमा लगायौ । तिमी झुठो विष्णुपार्षद बनेर हिँड्छौ । तिमीले गरेको यो कुकृत्यको त प्रायश्चित्त गर्नैपर्छ । त्यसैले म तिमीलाई श्राप दिन्छु ।

विभवेद् भ्रमतस्तेऽतः पदं लोकेषु न स्थिरम् । ३८ ।

कुनै पनि लोकमा भ्रमण गर्दा तिम्रो चरण स्थिर हुने छैन । स्थायी बसोबास हुनेछैन । घरगृहस्थी हुनेछैन । आदि...
ब्रह्मज्ञानी नारदले श्रापलाई स्वीकार गरे । शक्ति हुँदाहुँदै पनि दक्षलाई प्रतिश्राप दिएनन् । यही साधुको लक्षण हो ।

अध्याय चतुर्दश

दक्षका घरमा ६० कन्याको जन्म र विवाह, शिवा अवतार, दक्षद्वारा स्तुति एवं सतीको बाललीला

ब्रह्मा- दक्षको कोपलाई शान्त गर्न म स्वयं गएँ । उसलाई सम्झाएँ अनि फेरि प्रजा सृष्टि विस्तार गर्न लगाएँ । त्यसपछि भाग्यको खेल सम्झिँदै दक्षले असिक्नीको गर्भबाट ६० कन्या उत्पन्न गऱ्यो ।

ततः प्रजापतिर्दक्षोऽनुनीतो मे निजस्त्रियाम् ।
जनयामास दुहितृः सुभगाः षष्टिसम्मिताः ॥ ४ ॥

यी कन्याहरूमध्ये दक्षले धर्मलाई १० कन्या, कश्यपलाई १३ कन्या, चन्द्रमालाई २७ कन्या,

भूत-अङ्गिरा- कृशाश्वलाई- २, २ कन्या, तार्क्ष्यलाई ४ कन्या गरी सबैको विवाह गरिदिए । यिनीहरूको वंश विस्तार नै चराचरमा स्थित प्राणीहरू हुन् । संसारका विस्तारक हुन् ।

सतीको अवतार

कोही सतीलाई दक्षकी ज्येष्ठ कन्या मान्छन् भने कोही माइली त कोही कनिष्ठ कन्या मान्दछन् । कल्पभेदका हिसाबले सबै तर्क सत्य हुन् ।

त्यसपछि दक्षले भगवती जगदम्बाको आराधना गर्न थाल्यो । साथमा असिक्नी पनि गर्न थालिन् । शिवा सन्तुष्ट भएपछि दक्षको हृदयमा बसिन् । उत्तम मुहूर्तमा दक्षले त्यो तेजलाई पत्नीमा संवरण गर्‍यो । त्यसपछि सबै गर्भाधान, पुंसवन आदि संस्कार क्रमशः हुँदै गए ।

समाचार सुनेपछि विष्णु आदि देवताहरूले दक्षको घरमा एकत्रित भएर शिवाको स्तुति एवं प्रार्थना गरे । सबैले साधुवादसहित दक्ष-असिक्नीको प्रशंसा गरे । ९ महिना बितेपछि शुभ ग्रह-नक्षत्र-योग-करण-कालको समय उपस्थित भयो अनि माताको सामुन्ने सतीदेवी प्रकट भइन् ।

आविर्बभूव पुरतो मातुः सद्यस्तदा मुने ।
मुहूर्ते सुखदे चन्द्रग्रहतारानुकूलके ॥ २३ ॥

सती माताको ! जगदम्बा माताको ! शिवा माताको ! उमादेवीको ! जय ! जय ‼

साक्षात् जगदम्बाको स्वरूप प्रत्यक्ष देखेपछि दक्ष कृतकृत्य एवं भावविभोर हुन पुग्यो । दीन बनेर स्तुति गर्न थाल्यो ।

महेशानि नमस्तुभ्यं जगदम्बे सनातनि ।
कृपां कुरु महादेवि सत्ये सत्यस्वरूपिणि ॥ २८ ॥

यसरी ९ श्लोकद्वारा नवदुर्गा भगवतीको प्रतीक दक्षले यसप्रकार स्तुति गर्‍यो- तपाईं नै शिवा-शान्ता-महामाया-योगनिद्रा-जगन्मयी-महेश्वरी हुनुहुन्छ । ब्रह्मा-विष्णु-महेशलाई कार्य सुम्पेर पालन गर्नुहुन्छ । सत्त्व-रज-तमभन्दा माथि रहेर भुक्ति-मुक्ति, विद्या-अविद्या प्रदान गर्नहुन्छ । तपाईंलाई कोटि-कोटि नमन छ ।

देवी- 'हे प्रजापति ! तिमीले मेरो आराधना गरी प्राप्त मलाई प्राप्त गर्‍यौ । तिम्रो कामना पूर्ण भयो । अब तप गर' भन्दै स्वयं शैशव भाव प्राप्त गरी रून थालिन् ।

आस्थाय शैशव भावं जनन्यन्ते रुरोद सा । ४० ।

त्यसपछि बालिकाको रोदन सुनेर दासदासी एकत्रित भए । दक्षले जात संस्कार गर्‍यो । बालिका बढ्न लगी । सर्वत्र मङ्गलसूचक लक्षणहरू देखिन थाले । वृक्षहरू फलयुक्त भए, नदीमा जलपूर्ण भइन्, पृथ्वी शस्यशालिनी भइन्, यज्ञकुण्ड प्रदीप्त भयो । जन्म समयमा आकाशबाट पुष्पवृष्टि भयो, स्वर्गमा नगडा आदि बजेका थिए ।

तदोमेति नाम चक्रे तस्या दक्षस्तदाज्ञया । ४९ ।

शिशुको नाम उमा राखियो । उमाको दर्शन गर्नाले सबैका दुःख क्लेश नष्ट हुन्थे । बाल्यावस्थाको स्वरूपमा उमाले पनि मातापितालाई सन्तोष प्रदान गर्दै बढ्न थालिन् ।

तोषयामास पितरौ नित्यं नित्यं मुहुर्मुहुः । ५९ ।

अध्याय- पञ्चदश, षोडश

सतीद्धारा द्धादश वर्षपर्यन्त शिवार्चन व्रत र तपस्या, देवता कैलासमा गएर शिवको स्तुति गर्नु

ब्रह्मा- सती बाल्यावस्था पार गरी यौवनावस्थामा प्रवेश गरिन् ।

बाल्यं व्यतीत्य सा प्राप किञ्चिद्यौवनतां सती
अतीव तपसाङ्गेन सर्वाङ्गेषु मनोहरा ॥ १५-९ ॥

यता दक्षलाई चिन्ता बढ्न थाल्यो- कन्याको विवाह कसरी शिवसँग गराऊँ ? पिताको मनोभाव देखेर सतीले मातापितासँग आज्ञा मागिन् र शिवार्चन, व्रत एवं तपस्या प्रारम्भ गरिन् । यो व्रत जम्मा १२ वर्षपर्यन्त चल्यो ।

कुन महिना, कुन तिथिमा, कुन सामग्रीले शिवार्चन गरिन् ?

महिना	**तिथि**	**सामग्री/अर्पण**
आश्विन	प्रतिपदा, षष्ठी, एकादशी-	सक्खर, भात, नुन
कार्तिक	चतुर्दशी	मालपुवा र खीर
मार्गशीर्ष	कृष्णाष्टमी	जौ, तील र चामल
पौष	शुक्ल- सप्तमी	रात्रि जागरण, प्रातः खिचडी भोग
माघ	पूर्णिमा	रात्रि जागरण, भिजेका वस्त्र
फाल्गुण	कृष्ण- चतुर्दशी (शिवरात्रि)	रात्रि जागरण, विल्वपत्र अर्चना
चैत्र	शुक्ल- चतुर्दशी	पलाश र दौनाको फूलले अर्चना
वैशाख	शुक्ल- तृतीया (अक्षयतृतीया)	तिल, जौ, चामल पूरै महिना अर्चना
ज्येष्ठ	पूर्णिमा	निराहार, वृहति फूल र वस्त्र
आषाढ	शुक्ल- चतुर्दशी	काला वस्त्र, वृहतिको फूलले अर्चना
श्रावण शुक्ल-	अष्टमी, चतुर्दशी	यज्ञोपवीत र वस्त्रले अर्चना
भाद्रपद कृष्ण-	त्रयोदशी	अनेक फूल र फलद्वारा शिवार्चन

सर्वमासे सर्वदिने शिवार्चनरता सती ।
दृढव्रताभवद्देवी स्वेच्छाधृतनराकृतिः ॥ १५-२७ ॥

यसरी सतीदेवीले नियमपूर्वक नन्दाव्रत सम्पन्न गरिन् । उनको हृदय निर्मल हुँदै गयो र शिवका प्रति प्रेम दृढ हुँदै गयो ।

यादृशं भावना यस्य सिद्धिर्भवति तादृशि ॥

सतीको तपस्या-व्रत-अर्चना हेर्न विष्णु आदि देवता, मुनिजन पनि गए । उनीहरू अनन्य भावद्वारा सतीले गरेको शिवाराधना देखेर प्रसन्न भए र अनन्त आशीर्वाद दिए ।

देवताहरू कैलासमा गएर शिवस्तुति गर्नु

तत्पश्चात् देवताहरू आफ्ना पत्नीहरूसहित शिवलाई स्तुति गरी मनाउन कैलास गए । ३१ श्लोकले शिवको प्रार्थना गरे । उनीहरूले चराचर नियन्ता, त्रिगुणतीत, शरणगत रक्षक, त्रिनेत्र, पञ्चमुख, कैवल्यदाता, आत्मा प्रदीपक, वेदशास्त्रका ज्ञाता, मोक्षदाता, अव्यक्ताव्यक्त, अकारणकारण, अरूपारुप, अस्वरूपास्वरूप, सृष्टि-स्थिति-लयस्वरूप, आदि भावहरूद्वारा शिवको स्तुति गरे । केही श्लोकहरू यसप्रकार छन्-

नमो भगवते तुभ्यं यत एतच्चराचरम् ।
पुरुषाय महेशाय परेशाय महात्मने ॥ १५-३६ ॥
तस्मै नमः परेशाय तुभ्यमाश्चर्यकर्मणे ।
नमो गिरां विदूराय ब्रह्मणे परमात्मने ॥ १५-४४ ॥
नमः आत्मप्रदीपाय निर्माण सुखसम्पदे ।
ज्ञानात्मने नमस्तेऽस्तु व्यापकायेश्वराय च ॥ १५-४६ ॥
न त्वं देवोऽसुरो मर्त्यो न तिर्यङ् न द्विजः प्रभो ।
न स्त्री न षण्ढो न पुमान्सदसन्न च किञ्चन ॥ १५-६१ ॥
तं दुरत्ययमाहात्म्यं त्वां नताः स्मो महाप्रभुम् । १५-६६ ।

यसरी स्तुति गरेपछि देवताहरू मौन भएर उभिए । शिवले सबैलाई स्वागत गरे अनि सोधे, 'हे हरे ! हे विधे ! हे देवताहरू हो ! हे महर्षिहरू हो ! तपाईहरूको आगमनको कारण बताउनुहोस् ! के कार्य गर्नुपर्ने भो ?'

निजागमन हेतुं हि कथयध्वं सुतत्त्वतः । १६-३ ।

देवताद्वारा रुद्रलाई सतीका साथ विवाह गर्न अनुरोध, रुद्रद्वारा स्वीकृति

ब्रह्मा- शिवले प्रश्न गरेपछि देवताहरूको प्रतिनिधित्व गर्दै ब्रह्माले भने, 'हे सदाशिव ! तपाईं त्रिकालज्ञ एवं अन्तर्यामी हुनुहुन्छ तैपनि हाम्रो उपस्थिति र प्रार्थना विषयमा भन्दछु, सुन्नुहोस् । सृष्टि-स्थिति-लयलाई व्यवस्थित गर्न अनेकौं असुरहरूको वध गर्नुपर्ने हुन्छ, जसमा केही मेरो हातबाट, केही विष्णुको हातबाट, केही तपाईंको हातबाट र केही तपाईंको पुत्रको हातबाट मारिनेछन् । त्यसै गरी हामी विवाहित छौं, तपाईं पनि कुनै कमनीय स्त्रीसँग विवाह गरी सबैलाई आनन्द दिनुहोस् ।

तस्माद्विश्वहितार्थाय सुराणां सुखहेतवे ।
परिगृह्णीष्व भार्यार्थे रामामेकां सुशोभनाम् ॥ १६-१९ ॥

शिव- तपाईंहरूको कुरा ठिक हो, तर म तपस्यार्थी, विरक्ती, योगी, निवृत्तिमार्गमा लागेको, आत्मारमण, निरञ्जन, अवधूत, कामनाशून्य, अपवित्र, अमङ्गलवेशधारी छु । यस्तालाई कामिनीको के प्रयोजन ?

यो निवृत्तिसुमार्गस्थः स्वात्मारामो निरञ्जनः ।
अवधूततनुर्ज्ञानी स्वद्रष्टा कामवर्जितः ॥ १६-३१ ॥
अविकारी ह्यभोगी च सदाशुचिरमङ्गलः ।
तस्य प्रयोजनं लोके कामिन्या किं वदाधुना ॥ १६-३२ ॥

त्यसैले विवाह गर्न म इच्छुक छैन, त्यसै पनि विवाह बन्धनको कारण हो र यसबाट म टाढै रहन चाहन्छु । यदि लोकहितका लागि अनुरोध हो भने मेरा केही सर्त छन् ।

पहिलो सर्त- म जस्तो रूप या अवस्थामा हुनेछु, त्यस्तै रूप या अवस्थामा हुनुपर्नेछ । जस्तो योगी हुँदा योगिनी, भोगी हुँदा भोगिनी, कामी हुँदा कामिनी आदि....

दोस्रो सर्त- यदि त्यस स्त्रीले मप्रति किञ्चित अविश्वास गरी भने म त्यही समयमा उसलाई त्यागिदिनेछु ।

अविश्वासो मदुक्ते चेन्मया त्यक्ता भविष्यति । १६-४४

यसप्रकारकी कन्या कहाँ पाइएला र ? मेरो कर्म र वेश अनुसार अनुकूल भएर सहायता दिने कन्या भए म विवाह गर्न तत्पर छु ।

ब्रह्मा- शिवका भावना र सर्त सुनेपछि ब्रह्मा र विष्णु किञ्चित प्रसन्न भए र भने, 'तपाईंको सोच अनुसारकी स्त्री सती नामले दक्षका घरमा जन्मिसकेकी छिन् ।'

दक्षस्य तनया याऽभूत्सती नाम्ना तु सा विभो । १६-४९ ।

तपाईंलाई नै पति पाउने दृढ इच्छा राखी तपस्या गरिरहेकी छिन् । उनलाई वर दिएर विवाह गर्नुहोस् । यही हामी सबैको इच्छा छ र यसले त्रिलोकमा मङ्गल पनि हुनेछ ।

मङ्गलं परमं भूयात् त्रिलोकेषु सुखावहम् । १६-५३ ।

अन्त्यमा शिवले परिस्थिति एवं पूर्वलीला स्मरण गरी देवताहरूको प्रस्तावलाई अनुमोदन गरे । देवताहरू प्रसन्न चित्त लिएर आ-आफ्ना स्थानमा प्रस्थान गरे ।

अध्याय–सप्तदश, अष्टादश

शिवद्वारा सतीलाई वर प्रदान, सतीको वरण, ब्रह्मादिद्वारा दक्षको स्वागत, एवं सती–शिव विवाह

ब्रह्मा- हे नारद ! सतीले आश्विन शुक्ल अष्टमीको व्रत समापन गरेर नवमीको दिन शिवचिन्तन गर्दै ध्यानमग्न भइरहँदा शिव प्रत्यक्ष दर्शन दिन पुगे ।

तस्यास्तु ध्यानमग्नायाः प्रत्यक्षमभवद्धरः । १७-३ ।

सर्वाङ्ग सुन्दर, गौरवर्ण, पञ्चवक्त्र, त्रिलोचन, ललाटमा चन्द्रमा, त्रिशूल, मृगचर्म, भस्माङ्ग, कोटिचन्द्रमा समान सुन्दर शिवलाई हेरेर सती अलिकति सङ्कोचित भइन् । त्यसपछि आफूलाई सम्हाल्दै चरणवन्दना गरिन्, नतमस्तक भइन् ।

शिव- **वरं वरय सन्दास्ये यत्तवाऽभिमतं भवेत् । १७-९ ।**

हे सती ! तिम्रो व्रत एवं तपस्याबाट म प्रसन्न भएँ । जे वर माग्नु छ माग ।
सती सङ्कोचले केही बोल्न सकिनन् । अन्तमा भनिन्, 'तपाईंलाई जे वर दिन इच्छा छ, दिनुहोस् ।

यथेष्टं देहि वरद वरमित्यनिवारकम् । १७-१४ ।

शिव- सती लज्जावश आफ्नो इच्छा व्यक्त गर्न सकिरहेकी छैनन् भन्ने सोचेर शिवले पत्नी हुने वरदान दिए ।

भव त्वं मम भार्येति प्राह तां भक्तवत्सलः । १७-१५ ।

शिवको मुखारविन्दबाट यस्तो वचन सुनेर सती अत्यन्त रोमाञ्चित भइन्, आफ्नो व्रत एवं तपस्या सार्थक भएको सम्झिन्, र प्रार्थना गर्दै भनिन्-

सती- **देवदेव महादेव विवाहविधिना प्रभो ।**
पितुर्मे गोचरीकृत्य मां गृहाण जगत्पते ॥ १७-२२ ॥

पिताजीसँग मेरो हात मागेर विवाह विधिले पाणिग्रहण गर्नुहोला । यही मेरो इच्छा छ ।

शिव- हे दाक्षायणी ! (दक्षस्य अपत्यं स्त्री इति दाक्षायणी) तिमीले भने अनुसार नै हुनेछ । निश्चिन्त होऊ ।

त्यसपछि शिव आफ्नो धाम कैलास आए । सती पनि आफ्ना पिता दक्षको घर पुगिन् । मातापितालाई शिवले वरदान दिएको सम्पूर्ण वृत्तान्त सुनाइन । दक्ष-असिम्नी अति प्रसन्न भए ।

उता शिव कैलास पुगेर मलाई (ब्रह्मा) याद गरे । याद गर्नासाथ म पनि शिवका सम्मुख उपस्थित भएँ । शिवले दक्षको घरमा 'वाग्दान'का लागि मलाई पठाए ।

ब्रह्मा शिवाज्ञा प्राप्त भएपछि दक्षको घर गए । दक्षले स्वागत गऱ्यो । शिवको दूत भएर सतीको हात माग्न आएको भन्ने जानकारी प्राप्त भएपछि दक्ष प्रसन्न भयो । त्यसपछि विधिपूर्वक 'वाग्दान' को विधि सम्पन्न भयो ।

शिव-सती विवाह

अथ चैत्रसिते पक्षे नक्षत्रे भगदैवते ।
त्रयोदश्यां दिने भानौ निर्गच्छत्स महेश्वरः ॥ १८-२० ॥

चैत्र महिना, शुक्लपक्ष त्रयोदशी तिथि, पूर्वफाल्गुणी नक्षत्र, रविवारको दिन शिव-सतीको विवाह भयो । यस दिन बिहानै शिवका जन्ती दक्षको घरका लागि प्रस्थान गरे । जन्तीमा ब्रह्मा-विष्णु-देवता-ऋषि-मुनि-शिवगण सपरिवार आ-आफ्नो वाहन, आयुध एवं आभूषणले अलङ्कृत भएर गए ।

गजगोव्याघ्रसर्पाश्च जटा चन्द्रकला तथा । १८-२३ ।

दक्षले पनि आफन्तहरूका साथ सम्पूर्ण जन्तीमा आएका अतिथिहरूलाई यथायोग्य स्वागत एवं सम्मान गऱ्यो । जन्तीहरू खुसी भए । यथा स्थानमा सबै विराजमान भए । शिवले ब्रह्मालाई भने, 'तपाईंले नै हाम्रो विवाह गराइदिनुहोस् ।' आज्ञा पाएर ब्रह्मा आफ्ना पुत्रहरू मरीचि आदि लिएर विवाहमण्डपमा प्रवेश गरे । अत्यन्त हर्षबढाइँका साथ 'गृह्यसूक्त' विधिले विवाहको विधि आरम्भ भयो ।

ततः शुभे मुहूर्ते हि लग्ने ग्रहबलान्विते ।
सतीं निजसुतां दक्षो ददौ हर्षेण शम्भवे ॥ १८-३३ ॥

शिवले विवाह-विधिद्वारा दक्षकन्याको पाणीग्रहण गरे ।

उद्वाहविधिना सोऽपि पाणिं जग्राह हर्षितः । १८-३४ ।

त्यस समयमा अनेक स्तुति, मङ्गलगान, नृत्य, गीत आदि गर्दै महान् उत्सव मनाइयो । देवता, मुनि, ऋषि सबै आनन्दित भए । दक्ष पनि सतीको कन्यादान शिवका साथ गर्न पाउँदा अत्यन्त कृतकृत्य भयो । 'शिव-शिवा' पनि प्रसन्न भए जसका कारण सम्पूर्ण जगत् नै मङ्गलै मङ्गलको निकेतन भयो ।

अध्याय एकोनविंश-विंश

शिव-सती विवाह, अग्नि परिक्रमा गर्दा ब्रह्माको वीर्य स्खलन, क्रोधित शिवलाई विष्णुद्धारा सान्त्वना, विवाह सम्पन्न, वेदीमा शिव-सतीको नित्यवास, सबैको बिदाइ ।

ब्रह्मा- हे नारद ! शिव-सतीको विवाहमा कन्यादानको कार्य सम्पन्न भयो । दक्षले अनेक सामग्री दाइजोको रूपमा दियो । ब्राह्मणहरूको पनि सम्मान गऱ्यो । यसै बिचमा उपदेश र आशीर्वाद दिँदै विष्णुले भने-

विष्णु- हे देवाधिदेव महादेव ! तपाईं संसारको पिता र सतीदेवी माता हुनुहुन्छ । सज्जनहरूको कल्याण र दुष्टजनहरूको विनाशका लागि तपाईंहरूले यो लीला गर्नुभएको हो । अब निःसन्देह संसारको कल्याण हुनेछ । अन्तमा एउटा प्रार्थना गर्दछु जसले माता सतीलाई हेरेर या गुणानुवाद सुनेर प्राप्त गर्ने इच्छा गर्दछ, त्यसलाई अवश्य वध गर्नुहोला ।

य एनां साभिलाषो वै दृष्ट्वाश्रुत्वाथवा भवेत् ।
तं हन्याः सर्वभूतेश विज्ञप्तिरिति मे प्रभो ॥ १९-७ ॥

अग्नि परिक्रमा र ब्रह्माको वीर्य पतन

शिव र सती अग्निको परिक्रमा गर्न थाले । सबैले पुष्पवृष्टि गर्न थाले । आचार्य ब्रह्मा सतीका चरण देखेर मोहित हुन पुगे । त्यसपछि वदनमण्डलको पनि दर्शन गर्न उत्सुक भए । शिवका डरले दर्शन गर्ने आँट गरेनन् । त्यसपछि अग्निमा काँचा दाउरा थपेर धुँवा बनाए र पनि राम्ररी सतीको मुखमण्डल हेर्न सकेनन् । त्यसै बेला ब्रह्माको वीर्य पतन भयो । वीर्य जम्मा ४ थोपा झऱ्यो जो पछि प्रलयकारी बादल भयो ।

मम रेतः प्रचस्कन्द ततस्तद्वीक्षणाद् द्रुतम् ।
चतुर्विन्दुमितं भूमौ तुषारचयसन्निभम् ॥ १९-२८ ॥

ब्रह्माले वीर्यलाई हत्तपत्त ढाके तर शिवलाई ब्रह्माको यो सारा कर्तुत थाहा भयो, अनि त शिवको क्रोध आचार्य ब्रह्मामाथि खनियो ।

ब्रह्मामाथि शिवको क्रोध

शिव- हे पापी यज्ञाचार्य ब्रह्मा ! तिमीले यो नीच कार्य किन गऱ्यौ ? कामुक भएर किन हेऱ्यौ ? मलाई थाहा हुँदैन भन्ने सोचेका हौ । संसारमा कुनै पनि कार्य मबाट कसैले लुकाउन सक्तैन । त्यसपछि त विष्णुले भनेको कुरालाई स्मरण गरी शिवले शूल उठाए र ब्रह्माको वध गर्न उद्यत भए ।

इयेष हन्तुं ब्रह्माणं शूलमुद्यम्य शङ्करः । १९-३४ ।

स्थिति भयावह भयो । मरीचि आदि पुत्र, देवता, मुनि, ऋषि, जन्ती आदि दक्षका आफन्तहरू सबै आश्चर्यान्वित हुन पुगे, हाहाकार हुन थाल्यो । सबैले शिवक्रोधलाई शान्त पार्न स्तुति गर्न थाले ।

ब्रह्माणं रक्ष रक्षेश कृपां कुरु महेश्वरः ! १९-३७ ।

विष्णुद्वारा शिवक्रोध शमन

स्तुति गर्दा पनि शिवको ब्रह्माण्ड संहारक क्रोध शान्त नभएपछि विष्णु अगाडि गएर सम्झाउन थाले-

विष्णु- हे सदाशिव ! हामी तीनै जना एकै हौं । ब्रह्मालाई वध गरेपछि प्रजा सृष्टि कसले गर्छ ? तपाईं शान्त हुनुहोस् । ब्रह्मालाई माफी दिनुहोस् । प्रतिज्ञाको पालन त अरूका लागि गरिन्छ, जबकि हामी तीन यहाँ एक हौं र छौं ।

न ब्रह्मा भवतो भिन्नो न त्वं तस्मात्सदाशिव ।
न वाहं भवतो भिन्नो न मत्वं परमेश्वरः ॥ १९-६८ ॥

जसोतसो गरेर विष्णुले शिवलाई सम्झाए । शिवको क्रोध बिस्तारै शान्त भयो । मुस्किलले ब्रह्माको ज्यान जोगियो ।

ब्रह्मा वृषभध्वज (रूद्रशिर) हुनु, वीर्य बादलमा परिणत

शिव शान्त भएको देखेर पुनः देवताहरूले स्तुति गर्न थाले र अन्त्यमा पुंनः ब्रह्मालाई माफ गरिदिनुहोस् भने ।

शिवले भने- हे ब्रह्मा ! हे आचार्य । तपाईं आफ्नो हात आफ्नै शिरमा राख्नुहोस् । यही नै तपाईंको लागि प्रायश्चित्त हुनेछ ।

स्वशीर्षं स्पृश हस्तेन मदाज्ञां कुर्वसंशयम् । २०-७ ।

ब्रह्माले शिरमा हात राख्नेबित्तिकै 'वृषभध्वज' भए । सबैका अगाडि यो विकृत रूप भएपछि ब्रह्मालाई लज्जा र हीनताबोध भयो । अधोमुख भए ।

ततो लज्जापरीताङ्ग स्मितश्चाहमधोमुखः । २०-२० ।

ब्रह्मा- हे प्रभो ! मलाई क्षमा दिनुहोस् । यो पापबाट बचाउनुहोस् ।

शिव- हे ब्रह्मा ! तिमी यही वृषभध्वज (रूद्रशिर) शरीरले मेरो तपस्या गर । यही नामले भूमण्डलमा विचरण गर र तेजस्वी ब्राह्मणहरूको कार्य सिद्ध गर । तिम्रो यो रूप हेरेर मनुष्यादि प्रश्न गर्नेछन् कि ब्रह्माको शिरमा रूद्रको शिर कसरी स्थापित भयो ? त्यति बेला तिम्रो कर्तुत थाहा पाएर धिक्कार्दै जानेछन् । जति धिक्कार्नेछन् र जति तिम्रो यस

निन्दनीय स्वरूपको प्रचार हुँदै जान्छ या फैलिँदै जान्छ, त्यति तिम्रो प्रायश्चित्त हुँदै जान्छ र पाप कट्दै जान्छ ।

यथा यथा जनश्चैतत्कृत्यं ते कीर्तयिष्यति ।
तथा तथा विशुद्धिस्ते पापस्यास्य भविष्यति ॥ २०-१९ ॥

त्यतिमात्र हैन, मनुष्यले परस्त्रीप्रति कामुक भएर हेर्नेछैनन् । तिम्रो यो चार थोपा वीर्य पतन भएको छ यी चार थोपा प्रलयङ्कारी बादल हुनेछन् र यिनीहरूको नाम- संवर्त-आवर्त-पुष्कर द्रोण हुनेछ ।

संवर्तकस्तथाऽऽवर्त्तः पुष्करो द्रोण एव च ।
एते चतुर्विधास्तात महामेघा लयङ्कराः ॥ २०-२४ ॥

यज्ञवेदीमा शिव-सतीको नित्य वास

तत्पश्चात् सबै निर्भय एवं शान्त भए । ब्रह्माले विवाहको शेष विधि सम्पन्न गरे । देवताहरूले शिव-सतीमाथि पुष्पवृष्टि गरे । अप्सराहरू नृत्यगान गर्न थाले । सबैले 'जय' शब्द उच्चारण गर्दै शिव-सतीलाई बधाई दिए । महान् उत्सव सम्पन्न भयो ।

शिव- विवाह सम्पन्न भयो । शिवले सबैलाई धन्यवाद दिए । त्यसपछि ब्रह्मालाई भने- तपाईंले हाम्रो विवाह गराइदिनुभयो, अब तपाईंलाई के 'दक्षिणा' दिऊँ ? जे माग्नु छ माग । म प्रसन्न छु र अदेय केही छैन ।

प्रसन्नोऽस्मि त्वमाचार्यो दद्यां ते दक्षिणां च काम् । २०-३२ ।

ब्रह्मा- यदि तपाईं प्रसन्न हुनुहुन्छ र मलाई दक्षिणा दिन चाहनुहुन्छ भने तपाईं यस वेदीमा नित्य वास गर्नुहोस् । त्यसैगरी आज चैत्र शुक्ल त्रयोदशीको दिन हो र यस दिन जसले तपाईंको दर्शन गर्नेछन् ती सबै पापबाट मुक्त होऊन् चाहे ती महापापी या बन्ध्या-कानी-कुरूप-दुर्भगा- नै किन नहोउन् ।

वर्द्धतां विपुलं पुण्यं रोगा नश्यन्तु सर्वशः । २०-३९ ।

शिव- तथास्तु ! तत्पश्चात् शिव-सतीका एक अंश त्यही वेदीमा नित्य वास हुन गयो । यहीँदेखि ब्रह्मा-शिव-सतीको यज्ञमा नित्य वास हुँदै आएको हो ।

शिव-सतीको बिदाइ र कैलासगमन

त्यसपछि बिदाइको कार्य सुरु भयो । दक्षले शिव-सतीसहित जन्तीहरूलाई यथोचित सम्मान सहित बिदाइ गर्न थाल्यो । सबै आ-आफ्नो वाहनमा सुसज्जित भए । शिव-सतीको बिदाइमा नाचगान भयो । जय, नमः शब्दले आकाश गुन्जियो । शिव-सती वृषभारूढ भए । विष्णु आदि देवताहरू पनि स्वधामतर्फ प्रस्थान गरे । विवाह तथा यज्ञारम्भको समयमा यो

आख्यान सुन्नाले कार्य निर्विघ्नतापूर्वक सम्पन्न हुन्छ ।

विवाहसमये यज्ञे प्रारम्भे वा श्रृणोति यः ।
तस्याविघ्नं भवेत्सर्वं कर्म वैवाहिकं च यत् ॥ २०-५९ ॥
कन्या च सुखसौभाग्य शीलाचारगुणान्विता ।
साध्वी स्यात्पुत्रिणी प्रीत्या श्रुत्वाख्यानमिदं शुभम् ॥ २०-६१ ॥

अध्याय एकविंश, द्वाविंश, त्रयोविंश

शिवसतीको क्रीडा विहार वर्णन, शिवद्वारा नवधाभक्ति विवेचन

(यी अध्यायहरूमा शिव-सतीका कैलास एवं हिमालय पर्वत गुफा-कन्दराहरूमा क्रीडा-विहार वर्णन र नवधा भक्ति विषयक सतीका प्रश्नहरूको उत्तर शिवले दिनुभएको छ ।)

ब्रह्मा- हे नारद ! शिव-सती कैलासमा पुगेपछि अनेकानेक तरिकाले विहार गर्न थाले । कहिले गिरिकन्दरामा, कहिले वनमा, कहिले बगैंचामा, कहिले गुफामा, आलम्बन, उद्दीपक-शृङ्गारक आदि भावका साथ विहार गर्दथे । एकअर्काविना न कतै जान्थे, न केही गर्थे, न कतै बस्थे, न कते घुम्थे ।

तया विना स्म नो नाति नास्थितो नस्म चेष्टते ।
तया विना क्षणमपि शर्म लेभे न शङ्करः ॥ २१-२७ ॥

कुञ्ज-पर्वत-नदीको किनार आदिमा आलाप-हास्य-विनोद-सम्भाषण आदि क्रियाहरू गर्दै शिव-सतीले गृहस्थी जीवनको देव वर्षमान अनुसार २५ वर्ष बिताए ।

इति हिमगिरिकुञ्ज प्रस्थ भागे दरीषु,
प्रतिदिनमभिरेमे दक्षपुत्र्या महेशः ।
क्रतुभुजपरिमाणैः क्रीडतस्तस्य जाता,
दश दश च सुरर्षे वत्सराः पञ्च चान्ये ॥ २१-४७ ॥

तपपश्चात् सतीदेवीको इच्छानुसार हिमालयमा सुन्दर भवन निर्माण गरी विहार गर्न थाले । भवनको शोभा अपूर्व थियो । भवनको चारैतिर भव्य कुञ्जवाटिका-सरोवर आदि सम्पन्न थिए । साथमा भ्रमर, कोइली, सारस-राजहंस आदि पक्षीहरूको कलरव ध्वनि नित्य गुञ्जायमान हुन्थ्यो । यी सबै ध्वनिहरूले क्रीडा-विहारका लागि उद्दीप्त गराउँथे ।

यस क्षेत्रमा किन्नर-सिद्ध-गुह्यक-अप्सरा-विद्याधर आदि नित्य निवास गर्दथे । शिव-सतीले यस क्षेत्रमा देव वर्षमान अनुसार १० हजार वर्ष व्यतीत गरे ।

तस्मिन् स्वर्गसमे स्थाने दिव्यमानेन शङ्करः ।

दशवर्षसहस्राणि रेमे सत्या समं मुदा ॥ २२-६५ ॥

यसरी सुदीर्घ कालसम्म क्रीडा-विहार गरेपछि सती कामबाट विरक्त भइन् । शिवले पनि सम्पूर्ण समय सतीकै साथ बिताए । यस बिचमा न तपस्या, न ब्रह्मचिन्तन, न समाधि नै हुन सक्यो ।

सतीद्वारा ज्ञान, भक्ति आदि विषयक प्रश्न

एक दिन सुखासनमा बसेका शिवलाई सतीले सोधिन्-

सती- ज्ञातुमिच्छामि देवेश परं तत्त्वं सुखावहम् ।
येन संसारदुःखाद्वै तरेज्जीवोऽञ्जसा हरः ॥ २३-८ ॥
यत्कृत्वा विषयी जीवः स लभेत्परमं पदम् ।
संसारी न भवेन्नाथ तत्त्वं वद कृपां कुरू ॥ ३३-९ ॥

अब, मलाई संसार बन्धनबाट मुक्त हुने ज्ञान-भक्तिमार्गका विषयमा भन्नुहोस् । म आफैँ महाभागा हुँ कि तपाईं जस्तो स्वामीको कामिनी बन्न सकेँ । तपाई निराकार-साकार दुवै स्वरूपले संसारको व्यवस्था गर्दै आउनुभएको छ ।

शिव- हे दक्षनन्दिनी महेश्वरी ! अब म तिमीलाई परमतत्त्व विषयमा वर्णन गर्दछु, सुन । परमतत्त्वको ज्ञान प्राप्त भएपछि वासनाबद्ध जीव मुक्त हुन सक्छ । विज्ञान भनेको त्यो वस्तु हो, जो उदय भएपछि 'म ब्रह्म हुँ' भन्ने दृढ निश्चय हुन्छ । त्यसैले विज्ञानी पुरूषको बुद्धि पनि सर्वथा शुद्ध रहन्छ । त्यही विज्ञानकी माता मेरो भक्ति हो ।

तन्माता मम भक्तिश्च भुक्तिमुक्तिफलप्रदा । २३-१५ ।

भक्ति र ज्ञानमा केही भेद छैन । मेरो कृपाले नै भक्ति सुलभ हुन्छ । भक्तिको विरोध गरेर ज्ञान प्राप्त हुँदैन । म स्वयं भक्तिको आधीनमा हुन्छु । भक्तिकै कारण नीच जातिमा जान्छु ।

नीचानां जातिहीनानां यामि देवी न संशयः । २३-१७ ।

नवधा भक्ति विवेचन

श्रवणं कीर्तनं चैव स्मरणं सेवनं तथा । २३-२२ ।
दास्यं तथार्चनं देवि वन्दनां मम सर्वदा
सख्यमात्मार्पणं चेति नवाङ्गानि विदुर्बुधाः ॥ २३-२२ ॥

श्रवण-कीर्तन-स्मरण-सेवन-दास्य-अर्चना-वन्दना-सख्य-आत्मनिवेदन- यी भक्तिका नौ अङ्ग हुन् । यी नवधा भक्तिको विवेचना क्रमशः सुन्नुहोस् ।

१. **श्रवण-** स्थिरासनमा बसेर तनमन आदिद्वारा कथा श्रवण गर्नु श्रवण हो ।

२. **कीर्तन-** हृदयाकाशबाट मेरो दिव्य जन्म कर्मको चिन्तन गर्दै वाणीले उच्चस्वरले उच्चारण गर्नु कीर्तन भक्ति हो ।

३. **स्मरण-** सधैं र सर्वत्र व्यापक मलाई सम्झेर संसारमा निरन्तर निर्भय रहनु स्मरण भक्ति हो ।

४. **सेवन-** अरूणोदयदेखि प्रतिक्षण सेव्यको अनुकूलतालाई ध्यान राख्दै हृदय र इन्द्रियहरूद्वारा निरन्तर सेवा गर्नु सेवन हो ।

५. **दास्य-** आफूलाई प्रभुको किङ्कर सम्झेर दासत्व भावले स्वामीको भक्ति गर्नु दास्य भक्ति हो ।

६. **अर्चना-** धन वैभव अनुसार शास्त्रीय विधिले प्रभुलाई सदा पाद्य आदि सोह्र उपचारले पूजा गर्नु अर्चना भक्ति हो ।

७. **वन्दना-** मनले ध्यान, वाणीले वन्दनात्मक मन्त्रहरूको उच्चारण गर्दै आठ अङ्गद्वारा भूमिमा स्पर्श गर्दै इष्टदेवलाई नमस्कार गर्नु वन्दना भक्ति हो ।

८. **सख्य-** ईश्वरले मङ्गल या अमङ्गल जेसुकै गरून्, त्यो सबै मेरो मङ्गलका लागि हो भन्ने दृढ विश्वास गर्नु सख्य भक्ति हो ।

९. **आत्मसमर्पण-** आफ्नो निर्वाहका लागि समेत केही बाँकी नराखी आफूसँग भएको सबै थोक भगवान्को खुसीका लागि अर्पण गर्नु आत्मसमर्पण भक्ति हो ।

कृत्वा देहादिकं तस्य प्रीत्यै सर्वं तदर्पणम् ।
निर्वाहाय च शून्यत्वं यत्तदात्मसमर्पणम् ॥ २३-३३ ॥

भक्ति ज्ञान र वैराग्यको जननी हुन् र मुक्ति यसको दासी हुन् ।

ज्ञानवैराग्यजननी मुक्तिदासी विराजते । २३-३६ ।

नवधा भक्तिका उपासक को को हुन् ? एउटै श्लोकमा पुराणान्तर-

श्री विष्णो श्रवणे परीक्षितोऽभवद् वैयासकि कीर्तने,
प्रह्लादः स्मरणे तदङ्घ्रभजने लक्ष्मी पृथुः पूजने ।
अक्रूरस्त्वभिवन्दनो कपिपति दास्येऽथ सख्येऽर्जुनः
सर्वस्वात्म निवेदने बलिरभूत् कृष्णाप्तिरेषां फलम् ॥

अर्थात्- श्रवणमा परीक्षित, कीर्तनमा शुकदेव, स्मरणमा प्रह्लाद, चरणसेवामा लक्ष्मी, पूजन (अर्चना) मा पृथु, अभिवादनमा अक्रूर, दास्यमा हनुमान्, सखामा अर्जुन समर्पणमा बलिराजा ।

कलियुगमा प्रायः ज्ञान र वैराग्यका ग्राहक छैनन्, भए पनि कमै छन् । यी दुवै वृद्ध, उत्साहशून्य र जर्जर भएका छन् तर भक्ति प्रत्यक्ष फल दिने भएकाले ग्राहक पनि प्रशस्त छन् । भगवान् पनि भक्तकै अधीनमा रहन्छन् ।

त्रैलोक्ये भक्तिसदृशः पन्था नास्ति सुखावहः ।
चतुर्युगेषु देवेशि कलौ तु सुविशेषतः ॥ २३-३८ ॥

भक्तको म रक्षक हुँ । भक्त रक्षार्थ नै रावणलाई त्यागैं । भक्तकै रक्षार्थ मेरा नेत्रले काल दहन

गरेका हुन् । सूर्यमाथि क्रोध गरेर शूल प्रहार गरी भगाएको पनि भक्त रक्षार्थ नै थियो ।

किं बहूक्तेन देवेशि भक्ताधीन सदा ह्यहम् । २३-४६ ।

त्यसपछि सतीले अनेक शास्त्र विषयक प्रश्न गरिन् र शिवले क्रमशः यन्त्रशास्त्र, इतिहास, वर्णाश्रम, राजधर्म, स्त्रीधर्म, वैद्यशास्त्र, ज्योतिषशास्त्र, सामुद्रिक शास्त्र आदि शास्त्रहरूका माहात्म्यसहित विशद वर्णन गर्दै कैलास हिमालयमा नित्य निवास गर्दै रहे ।

चिक्रीडाते बहुविधं कैलासे हिमवद् गिरौ ।
अन्यस्थलेषु च तदा परब्रह्म स्वरूपिणौ ॥ २३-५६ ॥

अध्याय चतुर्विंश, पञ्चविंश

शिवले श्रीरामलाई नमस्कार गरेको देखेर सतीलाई मोह हुनु, शिवाज्ञाद्धारा सतीले सीता वेशमा श्रीरामको परीक्षा लिनु, शिवद्धारा सतीको मानसिक त्याग

नारदजी- हे पिता ब्रह्मा ! कृपया शिव सतीका अरू चरित्र पनि सुनाउनुहोस् ।

किमकार्ष्टां हि तत्स्थौ वै चरितं दम्पती शिवौ । २४-२ ।

ब्रह्मा- तिमीले ठिक प्रश्न गर्‍यौ । कतिपय विद्वान् भन्छन्- 'शिव र सतीको वियोग भयो । सतीले आफ्नो देह त्याग गरी 'पार्वती' भएर जन्म लिइन् र तपस्या गरी पुनः शिवलाई प्राप्त गरिन् । तर यी दुवै वाणी र अर्थ समानभैँ हुन् । यिनीहरूको वियोग त असम्भव छ तर यस घटनालाई भने ईश्वरको लीला सम्भनुपर्छ ।

वागार्थाविव सम्पृक्तौ शक्तीशौ सर्वदा चितौ ।
कथं घटेत च तयोर्वियोगस्तत्त्वतो मुने ॥ २४-५ ॥

नारद- हे पिताजी ! यस लीलालाई विस्तारपूर्वक श्रवण गराउनुहोस् ।

ब्रह्मा- एक समयको कुरा हो, लीला विशारद भगवान् शिवले सतीलाई लिएर नन्दीमा वसी पृथ्वीको भ्रमण गरिरहेका थिए । यसै क्रममा 'दण्डकारण्य' क्षेत्रमा पुगे । त्यहाँ श्रीराम-लक्ष्मणले सीतान्वेषण गर्दै हा सीते ! भन्दै बिलौना गरेको सुने ।

आगत्य दण्डकारण्यं पर्यटन् सागराम्बराम् ।
तत्र रामं ददर्शासौ लक्ष्मणेनान्वितं हरः ॥ २४-२२ ॥

उनीहरू विरहव्यथाले दुःखी थिए । तापसी वेशमा थिए । शिव आफ्नो रूपमा त्यहाँ प्रकट

त भएनन् तर तापसी वेशी दुवैलाई शिवले प्रणाम गरे । यो देखेपछि सतीलाई शङ्का भयो र सोधिन् ।

सती- हे परब्रह्म परमेश्वर ! तपाई त सबैको वन्दनीय हुनुहुन्छ । फेरि तपाईंले यिनीहरूलाई वन्दना किन गर्नुभयो ? स्वामी भएर सेवकलाई नमस्कार गर्नु उचित होइन त !

त्वं प्रणम्यो हि सर्वेषां सेव्यो ध्येयश्च सर्वदा । २४-३१ ।

यी को हुन् ? यिनीहरूलाई किन वन्दना गर्नुभयो ? मेरो यो शङ्कालाई समाधान गरिदिनुहोस् ।

शिव- हे दाक्षायणी ! यिनीहरू सूर्य वंशमा उत्पन्न अयोध्यापति राजा दशरथका सुपुत्र राम र लक्ष्मण हुन् । यिनीहरू अहिले सीताको अन्वेषण गरिरहेका छन् । मेरै वरदानको कारण मैले यिनीहरूलाई वन्दना गरेको हुँ । यिनी विष्णुका अवतार हुन् र साधुहरूको रक्षा गर्न अवतरित भएका हुन् ।

अवतीर्णः क्षितौ साधुरक्षणाय भवाय नः ।
वरदानप्रभावात्तु प्रणामं चैवमादरात् ॥ २४-३७ ॥
सूर्यवंशोद्भवौ देवि प्राज्ञौ दशरथात्मजौ ।
रामलक्ष्मण नामानौ भ्रातरौ वीर सम्मतौ ॥ २४-३८ ॥

यति भनेपछि पनि सतीलाई विश्वास भएन । अनि अन्तमा शिवले भने-

स्वयं रामपरीक्षां हि कुरू तत्र स्वया धिया ।
विनश्यति यथा मोहस्तत्कुरू त्वं सति प्रिये ॥ २४-४४ ॥

शिवले आफैँ आफ्नो बुद्धि विवेकले परीक्षा गर भनेपछि सती चुप भइन् । 'तिमीले परीक्षा नसकुन्जेल म यही वटवृक्ष मुनि पर्खिरहन्छु, जाऊ ।' यति भनेर शिव त्यहीँ बसे ।

सती- शिवको उत्तरले सती मोहमा परिन् । किंकर्तव्यविमूढ भइन् र अन्तमा परीक्षा गर्ने निश्चय गरिन् । तर परीक्षा कसरी गर्ने होला भनी सोचंमा परिन् । अन्तमा सीता बनेर जाने विचारमा पुगिन् ।

सीतारूपमहं धृत्वा गच्छेयं रामसन्निधौ ।
यदि रामो हरिः सर्व विज्ञास्यति न चान्यथा ॥ २४-४६ ॥

यदि राम स्वयं हरि नै हुन् भने त मलाई चिनिहाल्नेछन्, होइनन् भने चिन्नेछैनन् । यही विचार गरी सती सीता रूपमा रामका अगाडि उपस्थित भइन् ।

रामले आफ्नी धर्मपत्नीको वेशमा देख्नासाथ मुस्कुराउँदै सतीलाई सोधे-

त्यक्त्वा स्वरूपं कस्मात्ते धृतं रूपमिदं सती ।

ब्रूहि तत्कारणं देवि कृपां कृत्वा ममोपरि ॥ २४-५० ॥

हे सती देवी ! हे माता ! तपाईंले आफ्नो रूप छोडेर किन सीताको रूप धारण गर्नुभयो ? के कारणले यसो गरेको ? शिव कहाँ हुनुहुन्छ ?

रामले यसरी सोधेपछि सती लज्जित भइन् । केही बेर बोल्न सकिनन् । त्यसपछि भन्न थालिन्, 'तपाईंको चतुर्भुज नदेखिकन स्वामी शिवले तपाईंलाई नमस्कार गर्नुभयो । यो दृश्य मेरा लागि अपाच्य जस्तै थियो । म शिवमायाबाट मोहित भएँ । त्यसैले तपाईंको परीक्षा गर्न आएकी थिएँ, अब मोह रहेन । तर पनि अझै मेरो मनमा एउटा सन्देह छ, 'तपाईं शिवद्वारा प्रणामयोग्य कसरी हुनुभयो ?' यो शङ्कालाई निवारण गरिदिनुभए कृतकृत्य हुने थिएँ ।

श्रीरामद्वारा सतीको मनको सन्देह हटाइदिनु

एकदा हि पुरा देवि शम्भुः परमसूतिकृत् ।
विश्वकर्माणमाहूय स्वलोके परतः परे ॥ २५-१ ॥

प्राचीन कालमा शिवले आफ्नै धाममा विश्वकर्मालाई बोलाए । आफ्नो गौशालामा सुन्दर रमणीय विशाल भवन बनाए । त्यस भवनमा एउटा दिव्य सिंहासन र त्यसमाथि छत्र पनि बनाए । त्यसपछि शिवले इन्द्रादि देवगण-सिद्ध-गन्धर्व-नाग-मुनि-अप्सरा-पुत्रहरूसहित ब्रह्मा-वेद-आगम आदिलाई आमन्त्रण गरे । उनीहरू सपरिवार उपस्थित भए ।

यसै गरी शिवले विशेष आदरसहित वैकुण्ठबाट श्रीहरिलाई बोलाए । वीणा, मृदङ्ग, गीत, नृत्य आदिको ध्वनिले कैलास गुञ्जायमान भयो । त्यसपछि शिवले विष्णुलाई दिव्य सिंहासनमा विराजमान गराए । समस्त तीर्थहरूको पवित्र जलले श्रीहरिको अभिषेक गरे । यस अवसरमा ऋषिहरूले पवित्र वेदमन्त्रहरूको उच्चारण गरिरहे । अभिषेक पश्चात् श्रीहरिलाई दिव्याभूषणले अलङ्कृत गरियो । त्यसपछि शिवले आफ्नो सम्पूर्ण ऐश्वर्य प्रदान गरे र भने-

महेश्वर- अतः प्रभृति लोकेश मन्निदेशादयं हरिः ।
मम वन्द्यः स्वयं विष्णुर्जातः सर्व श्रुणोति हि ॥ २५-१५ ॥

आजदेखि मेरो आज्ञानुसार यी विष्णु स्वयं मेरा पनि वन्दनीय भए । वेदले मेरो आज्ञानुसार मलाई जसरी नै श्रीहरिको पनि वर्णन गरोस् ।

त्यसपछि सर्वप्रथम शिवले श्रीहरिलाई वन्दना गरे अनि क्रमशः उपस्थित सबैले वन्दना गरे । अन्त्यमा शिवले वरदान दिँदै भने-

शिवद्वारा श्रीहरिलाई वरदान

हे विष्णु ! आजदेखि तिमी मेरो आज्ञाले सम्पूर्ण लोकहरूको कर्ता-पालक-संहारक भयौ । धर्म-अर्थ-कामको दाता भयौ । दुष्टहरूलाई दण्ड दिने अधिकारले सम्पन्न भयौ । पराक्रम

सम्पन्न, जगत्पूज्य भयौ । युद्धभूमिमा सधैं विजयी भएर लोककल्याण गर ।

त्वं कर्ता सर्वलोकानां भर्ता हर्ता मदाज्ञया ।
दाता धर्मार्थकामानां शास्ता दुर्णयकारिणाम् ॥ २५-२० ॥

त्यसै गरी मसँग भएका यी तीनवटा शक्ति पनि ग्रहण गर, यी शक्तिहरूले तिम्रो कार्यक्षमतालाई सहयोग गर्नेछन् । यी तीन शक्ति यसप्रकार छन्-

शक्तित्रयं गृहाण त्वमिच्छादिप्रापितं मया ।
नानालीलाप्रभावत्वं स्वतन्त्रत्वं भवत्रये ॥ २५-२२ ॥

(१) इच्छा सिद्धि (२) लीला प्रकट गर्ने शक्ति (३) तीनै लोकमा स्वतन्त्र । तिम्रा भक्तहरूलाई म नित्य उत्तम मोक्ष प्रदान गर्नेछु । त्यसै गरी माया शक्ति पनि ग्रहण गर, यसलाई देवताहरू पनि निवारण गर्न सक्ने छैनन् ।

गोलोक धाम नामकरण

यस स्थानले आज उप्रान्त गोलोक धामको नामले प्रसिद्धि पाउनेछ र तिमीले यसै स्थानबाट नाना अवतार धारण गर्दै संसारको नित्य व्यवस्थापन गर्नू ।

मम लोके तदेवं वै स्थानं च परमर्द्धिमत् ।
गोलोक इति विख्यातं भविष्यति महोज्ज्वलम् ॥ २५-२८ ॥
भविष्यन्ति हरे ये तेऽवतारा भुवि रक्षकाः । २९ ।

पृथ्वीमा तिम्रो अवतार हुँदा मेरा भक्तले साथ दिनेछन् । तिम्रो अवतार कालमा सहायता प्रदान गरी रक्षा गर्नेछन्, जसले गर्दा तिम्रो कीर्ति र यश निरन्तर वृद्धि भइरहनेछ । म पनि दर्शन गर्नेछु । उनीहरू मेरो वरदानले प्रसन्न रहनेछन् ।

राम- हे सती माता ! यसरी शिवले श्रीहरिलाई वरदान दिनुभएको थियो, त्यसैले शिवले मलाई प्रणाम गर्नुभएको हो किनकि म श्रीहरिकै अवतार हुँ ।

शिवबाट वरदान पाएपछि लक्ष्मीपति गोप वेश धारण गरी, गोप-गोपी तथा गाईहरूको अधिपति भएर त्यहीँ बस्न थाले । शिवाज्ञालाई शिरोधार्य गर्दै त्यहीँ अनेक अवतार धारण गर्दै पृथ्वीको रक्षा गर्दछन् ।

यति बेला तिनै श्रीहरि चार भाइहरूका रूपमा अवतीर्ण भएका छन्, जसमध्ये म सबैभन्दा जेठो हुँ ।

रामोऽहं तत्र भरतो लक्ष्मणः शत्रुघ्नेति च । २५-३३ ।

अहिले हामी पिताको आज्ञापालन गर्दै वनमा आएका छौं । मेरा साथमा लक्ष्मण र सीता आएका छन् । यहाँ कुनै निशाचरले मेरी श्रीमतीलाई अपहरण गऱ्यो, त्यसैले हामी

विरहव्यथाले व्यथित भएका छौं । तपाईंको दर्शनले हामीलाई मङ्गल सूचना दिएको छ । अब, हाम्रो कार्य शीघ्र नै सिद्ध हुनेछ । तपाईंको अनुग्रहले निशाचरहरूको वध र सीतान्वेषणको कार्य पूर्ण हुनेछ । हामी निश्चिन्त भयौं ।

सीताप्राप्तिवरं देवि भविष्यति न संशयः । २५-३७ ।

शिवद्वारा सतीको मानसिक त्याग

त्यसपछि सती सीताको वेश त्याग गरी सतीकै रूपमा शिव भएको ठाउँमा फर्किइन् । सन्देह त हट्यो तर आफ्नो कर्मप्रति खेद, मनमा शोक र पश्चात्तापले देहकान्ति कम भयो । उनले विवाहको समयमा शिवले गरेको प्रतिज्ञा स्मरण गरिन् । उनले भनेका थिए, 'तिम्रो मप्रति जुन दिन विश्वास हुनेछैन, त्यही बेला म त्यागिदिनेछु ।' यी यावत् प्रसङ्गहरू सतीको मानसपटलमा तीव्र रूपले मडारिन पुगे ।

शिवले सोधे- **तत्परीक्षा कृता कथम् । ४५ ।**

तिमीले रामको परीक्षा किन लियौ ? सतीले उत्तर दिन सकिनन्, अधोमुख गरिरहिन् । मनमनै शिवलाई प्रणाम गरिन् । अन्तर्यामी शिवले पूर्वसङ्कल्पको स्मरण गर्दै मनबाट सतीलाई त्यागिदिए । यसलाई आकाशवाणीले पनि समर्थन गर्‍यो ।

त्यसपछि शिव-सती कैलास फर्किए । सती आफूले गरेको कार्यप्रति व्याकुल भइरहिन्, तर पनि शिवले अनेक कथा-लीला गरिरहे । उनी कहिले ध्यान त कहिले योगमा बस्तथे ।

यी दुवैको मनमा यो घटना आइरहन्थ्यो । तर पनि यी दुवै शब्द र अर्थझैँ समान हुन्-यिनीहरूको कहिल्यै वियोग हुँदैन ।

वागार्थाविव सम्पृक्तौ सदा खलु सतीशिवौ ।
तयोर्वियोगोऽसम्भाव्य सम्भवेदिच्छया तयोः ॥ २५-६१ ॥

अध्याय षड्विंश

प्रयागमा मुनिहरूद्वारा महान् यज्ञारम्भ, यज्ञमा दक्षद्वारा शिवलाई श्राप, नन्दीद्वारा दक्ष एवं ब्राह्मणहरूलाई श्राप, शिवद्वारा नन्दीलाई शान्त गराउनु

ब्रह्मा भन्नुहुन्छ- हे नारद ।

पुराऽभवच्च सर्वेषामध्वरो विधिना महान् ।
प्रयागे समवेतानां मुनिनां च महात्मनाम् ॥ २६-१ ॥

पूर्वकालमा मुनिहरूद्वारा प्रयागमा महान् यज्ञ सत्रको आयोजना भएको थियो । यस यज्ञको

उद्देश्य थियो- सर्वलोकहित । त्यस यज्ञमा सनकादि सिद्धगण, देवर्षि-प्रजापति-देवता, आगम-निगम- म (ब्रह्मा)- तथा स्वामी रूद्रदेव आदि सबै उपस्थित थिए ।

यसै बिचमा दक्ष पनि आयो । उन दिन दक्षलाई ब्रह्माले समस्त ब्रह्माण्डको अधिपतिमा नियुक्त गरेका थिए । उसलाई देखेर उपस्थित सबैले प्रणाम गरे, यद्यपि ऊ ज्ञानशून्य थियो, त्यसैले ऊ त्रिलोकको अधिपति भएपछि झन् अहङ्कारी एवं मदयुक्त भएको थियो । ब्रह्मा र शिवबाहेक सबैले दक्षलाई प्रणाम गरे, आफ्नो आसनबाट उठेर सत्कार गरे ।

दक्षले सोच्यो- 'ब्रह्मा त पिताश्री भएकाले मैले नै प्रणाम गरैँ तर शिवले त मलाई प्रणाम गर्नु पर्दथ्यो, ऊ त मेरो ज्वाइँ हो ।' यही सोचेर ऊ भित्रभित्रै अप्रसन्न भयो । उसलाई एकाएक क्रोध आयो र बड्बडाउन थाल्यो ।

दक्षद्वारा शिवप्रति कटुवचनसहित श्राप

यहाँ दक्षले तीन श्लोकमा उपजाति छन्दमा कटुवचनको प्रयोग गरी शिवलाई अनादर गर्‍यो । यथा-

एते हि सर्वे च सुरासुरा भृशं,
नमन्ति मां विप्रवरास्तथार्षयः ।
कथं ह्यसौ दुर्जनवन्महामना,
त्वभूत्तु यः प्रेतपिशाच संवृत्तः ॥ १४ ॥
श्मशानवासी निरपत्रपो ह्ययं,
कथं प्रणामं न करोति मेऽधुना ।
लुप्तक्रियो भूतपिशाचसेवितो,
मत्तोऽविद्यो नीतिविदुषकः सदा ॥ १५ ॥
पाखण्डिनो दुर्जन पापशीला
दृष्ट्वा द्विजं प्रोद्धतनिन्दकाश्च ।
वध्वां सदासक्तरतिप्रवीण
स्तस्मादमुं शप्तुमहं प्रवृत्तः ॥ १६ ॥

सबैले मलाई प्रणाम गरे, केवल दुर्जन यो शिवले मात्र गरेन । किन गरोस् ? यो त भूतप्रेत-पिशाचका साथमा रहन्छ । श्मशनवासी, निर्लज्ज, वेदोक्तकर्म रहित, नीतिवञ्चित पाखण्डी, दुर्जन, पापशीलहरूले मात्र यसको अनुसरण गर्छन् । स्त्री आशक्त मात्र यस्तो कार्य गर्दछन् । त्यसैले आज म यो विशाल सभामा यसलाई श्राप दिन्छु ।

रुद्रो ह्ययं यज्ञ वहिष्कृतो मे वर्णेष्वतीतोऽथ विवर्णरूपः ।
देवैर्नभागं लभतां सहैव श्मशानवासी कुलजन्महीनः ॥ १८ ॥

म यस रूद्रलाई यज्ञबाट वहिष्कृत गर्दछु । यो चारै वर्णबाट बाहिर छ । विवर्णरूप

श्मशानवासी तथा कुलजन्महीन छ । आजबाट यसलाई देवताहरूसँगको भाग नमिलोस् ।

भृगु आदि ऋषिहरूले दक्षको कुरालाई अनुमोदन गरे किनकि यिनीहरू शिवमायाबाट मोहित थिए र भावी लीला (सतीको देह विसर्जन) हुनु थियो । त्यसैले दक्षले गाली गर्दा पनि शिव मौन रहे । सामर्थ्य हुँदाहुँदै पनि प्रत्युत्तर दिएनन् । तर नन्दीलाई असह्य भयो ।

नन्दीद्वारा दक्ष एवं ब्राह्मणलाई श्राप

दक्षका कटुवचनले असह्य भएका नन्दी उठेर यसरी गर्जना गर्दै भन्न थाले ।

रे रे शठ महामूढ दक्ष दुष्टमते त्वया ।
यज्ञबाह्यो हिमे स्वामी महेशो हि कृतः कथम् ॥ २१ ॥

अरे मूढ दक्ष ! मेरा स्वामीलाई यज्ञबाट किन बहिष्कृत गऱ्यौ ? जसको स्मरण गर्नाले यज्ञ-तीर्थ-व्रत-तपस्या सफल हुन्छ । हे ब्राह्मण ! तिमीले शिवको उपहास गऱ्यौ, त्यसैले आज म श्राप दिन्छु ।

(१) हे दक्ष ! तँ आत्मज्ञान शून्य, पशुसमान बन् । जुन मुखले तैंले शिवको अवज्ञा गरिस् त्यो मुख बाख्राको हुनेछ ।

(२) हे अधम ब्राह्मणहरू ! तिमीहरू वेदको तत्त्वज्ञान शून्य बन । कामक्रोध लोभले ग्रसित भएर निर्लज्ज भिक्षु बन । शूद्र आदिको यज्ञ गरेर दरिद्र बन । सधैं दान लिनमा नै तल्लीन बन । दूषित दान लिनाले नरकगामी बन । त्यसमध्ये केही ब्रह्मराक्षस बन । कर्मकाण्डले युक्त भएर- सधैं स्वर्ग कामनारत बन ।

वेदवादरता यूयं वेदतत्त्वबर्हिमुखाः ।
कामात्मनः स्वर्गपराः क्रोधलोभमदान्विताः ॥ ३३ ॥
दरिद्रा वै भविष्यन्ति प्रतिग्रहरताः सदा ॥ ३५ ॥

शिवद्वारा नन्दीको क्रोध शमन

क्रोधमा आएर नन्दीले श्राप दिएपछि, हाहाकार मच्चियो, अन्तमा शिवले नन्दीलाई शान्त गराउँदै भने- हे नन्दी ! तिमी त ज्ञानी हौ, तिमीमा यो अज्ञानीपन कसरी आयो ? श्राप दिएर राम्रो गरेनौ । तिमीले क्रोध गर्नु उचित थिएन, व्यर्थमा ब्राह्मण कुललाई श्राप दियौ । वास्तवमा मलाई न कसैको श्राप लाग्छ, न पापले छुन सक्छ । तिमीले उत्तेजित हुनु जरूरी थिएन । वास्तवमा म नै यज्ञ हुँ ।

यज्ञोऽहं यज्ञकर्माहं यज्ञाङ्गानि च सर्वशः
यज्ञात्मा यज्ञनिरतो यज्ञबाह्योऽहमेव च ॥ ४७ ॥

त्यसैले तिमी प्रपञ्चरहित क्रोधबाट शून्य होऊ ।

ब्रह्मा- त्यसपछि नन्दी शान्त भए, शिव आफ्ना गणहरूका साथ गन्तव्यतिर लागे । दक्ष पनि शिवद्रोहको भावना मनमा राखेर फर्कियो । यो रोष-क्रोधको भावना नित्य बढ्दै गयो ।

यता यज्ञको पूर्णाहुति भयो, उपस्थित सबै आ-आफ्नो गन्तव्यतिर लागे । दक्षको दुष्टबुद्धि र शिवको शान्त भावना यथावत् रह्यो ।

श्रद्धां विहायैव स मूढबुद्धिर्निन्दापरोऽभूच्छिवपूजकानाम् ॥ ५३ ॥

अध्याय सप्तविंश

दक्षद्वारा महान् यज्ञारम्भ, दधीचिद्वारा शिवलाई बोलाउन अनुरोध, दक्षद्वारा विरोध, शिवभक्तद्वारा यज्ञ बहिष्कार

ब्रह्मा- एकदा तु मुने तेन यज्ञः प्रारम्भितो महान् ।
तत्राहूतास्तदा सर्वे दीक्षितेन सुरर्षयः ॥ १ ॥

एकपल्ट दक्षले यज्ञको दीक्षा लिएर विशाल यज्ञारम्भ गऱ्यो । उस यज्ञमा जानीबुझीकन शिवलाई दक्षले निमन्त्रणा पठाएन । बाँकी समस्त देवर्षि, ब्रह्मर्षि, महर्षि, देवगण, ऋषिगण, लोकपालगण, ब्रह्मा, विष्णु सबैलाई बोलाएको थियो । ऋषिहरूमा आगस्त्य, कश्यप, अत्रि, वामदेव, भृगु, दधीचि, व्यास, भरद्वाज, गौतम, पैल, पराशर, गर्ग, भार्गव, ककुष, सित, सुमन्तु, त्रिक्-कङ्कु, वैशम्पायन आदि उपस्थित थिए । दक्षले सबैलाई स्वागत सत्कार गर्दै विश्वकर्मा निर्मित भवनमा विश्राम गराएको थियो । यो यज्ञ हरिद्वारको कनखल क्षेत्रमा आयोजना गरिएको थियो ।

वर्तमाने महायज्ञे तीर्थे कनखले तदा । १२ ।

दक्षले भृगु आदिलाई ऋत्विजमा वरण गरेको थियो भने, सबै देवतासहित विष्णुलाई यज्ञ अधिष्ठानमा, वेदत्रयी ज्ञाता मलाई (ब्रह्मा) ब्रह्मा स्थानमा वरण गरेको थियो भने दिक्पालगणलाई द्वारपालमा नियुक्त गरेको थियो । त्यसै गरी अग्निले पनि हजारौं रूप धारण गरेको थियो ताकि हवनीय पदार्थ सहज ढङ्गले ग्रहण गर्न सकोस् ।

८८ हजार ऋत्विज एकैपल्ट अग्निमा आहुति दिन्थे । ६४ हजार उद्गाता, सामवेदका मन्त्र पाठ, ६४, ६४ हजार अध्वर्यु र होता थिए ।

अष्टाशीतिसहस्राणि जुह्वति सह ऋत्विजः ।
उद्गातारश्चतुःषष्टिसहस्राणि सुरर्षयः ॥ १७ ॥

यज्ञमा नारदादि सप्तर्षि अलग-अलग गाथा गान गर्दथे । गन्धर्व, विद्याधर, सिद्ध, आदित्य, नागलोकवासी, सेनासहित राजाहरू, अष्टवसु, गणदेवता, यज्ञरक्षक आदि सबैलाई दक्षले बोलाएको थियो ।

त्यसपछि दक्षले यज्ञ दीक्षा लिएर स्वस्तिवाचन गरी यज्ञमण्डपमा सुशोभित भयो । सबै आ-आफ्नो कार्यमा संलग्न भए । यज्ञको कार्यारम्भ भयो । केवल शिव-सती मात्र त्यस यज्ञमा अनुपस्थित थिए ।

शिवभक्त दधीचिद्वारा शिवलाई बोलाउन अनुरोध

शिवभक्त दधीचिले यज्ञमा शिवलाई देखेनन्, त्यसपछि अत्तालिँदै सबैलाई सम्बोधन गर्दै भने, 'यस यज्ञ महोत्सवमा 'शिव-सती' किन अनुपस्थित भए ? उनकै कृपा एवं करुणाले अमङ्गल पनि मङ्गल रूपमा परिणत हुन्छ ।'

अमङ्गलान्येव च मङ्गलानि भवन्ति येनाधिगतानि दक्ष ।
त्रिपञ्चकेनप्यथ मङ्गलानि भवन्ति सद्यः परतः पराणि ॥ २९ ॥

त्रिनेत्र- पञ्चमुख शिवद्वारा मात्र यो यज्ञ मङ्गलमय र पूर्णता प्राप्त हुनेछ । अतः हे दक्ष ! तुरुन्त शिव-सतीलाई बोलाउने तयारी गर ।

समागते शङ्करेऽत्र पावनो हि भवेन्मखः ।

दक्षद्वारा शिवलाई बोलाउन अस्वीकार

दधीचिको कुरा सुनेपछि दुष्टबुद्धि दक्षले हाँस्तै भन्यो-

मूलं विष्णुर्देवतानां यत्र धर्मः सनातनः ।
समानीतो मया सम्यक् किमूनं यज्ञकर्मणि ॥ ३७ ॥

देवताहरूका मूल विष्णु हुन्, सनातन धर्म उनैमा स्थिर छ, यज्ञनारायण नै उनी छन् । सम्पूर्ण वेद, यज्ञ तथा विविध सत्कर्म विष्णुमै स्थित छन् । त्यसैगरी लोकपिता ब्रह्मादेखि लिएर सबै देवता, शास्त्र, उपनिषद्, देवगण, इन्द्र, लोकपाल, ऋषिगण, मुनिगण यहाँ उपस्थित छन् । यसमा शिवलाई बोलाएर के गराउनु ? मैले त ब्रह्माले भनेकाले आफ्नी कन्याको विवाह शिवका साथ गरेको हुँ ।

अत्रैव च किमस्माकं रुद्रेणापि प्रयोजनम् ।
कन्या दत्ता मया विप्र ब्रह्मणानोदितेन हि ॥ ४२ ॥

त्यति मात्र होइन, शिवको कुलै छैन । मातापिता को हुन् थाहा छैन । सधैं भूत-प्रेत-पिशाच आदिका साथ बस्छन्, उनीहरूकै अविनाशी स्वामी हुन् । उनी स्वाभिमानी, अहङ्कारी, मूर्ख, स्तब्ध एवं मौन बस्न रूचाउँछन् । त्यसैले यस यज्ञमा उनको केही कामै नभएर नबोलाएको

हो । फेरि पनि यही प्रसङ्गलाई उठाउनु कुनै तर्कसङ्गत छैन । तपाईहरू यति धेरै जना हुनुहुन्छ, सबै मिलेर मेरो यस महान् यज्ञको कार्य भव्य रूपमा सम्पन्न गराउनुहोस् ।

सर्वैर्भवद्भिः कर्तव्यो यज्ञो मे सफलो महान् । ४५ ।

दधीचिसहित शिवभक्तहरूद्वारा यज्ञाचार्य-कर्ता दक्षलाई श्राप दिँदै यज्ञ बहिष्कार

दक्षको रोषपूर्ण अभिव्यक्ति तथा शिवनिन्दा सुनिसकेपछि शिवभक्त सबै क्रोधमा आए । दधीचिलाई असह्य भयो र भने-

अयज्ञोऽयं महाजातो विना तेन शिवेन हि ।
विनाशोऽपि विशेषेण ह्यत्र ते हि भविष्यति ॥ ४७ ॥

शिवविनाको यो यज्ञ 'अयज्ञ' मानिनेछ । हे दक्ष ! यस यज्ञले तेरो उन्नति र कल्याण होइन अवनति र विनाश हुनेछ । यसै गरी अन्य शिवभक्तहरूले पनि दधीचिको कुरालाई अनुमोदन गर्दै यज्ञमण्डपबाट बाहिरिए । शिवभक्तहरूको बहिर्गमन पश्चात् दक्षले भन्यो-

दक्ष- **एतच्छुभतरं जातं सम्मतं मे हि सर्वथा । ५२ ।**

'म जस्तो चाहन्थेँ त्यस्तै भयो । यिनीहरू सबै दुराचारी, नष्टबुद्धि, मूर्ख, वैदिक कर्म निषिद्ध थिए । यज्ञ छोडेर गए, राम्रो भयो । तपाईहरू सबै वेदज्ञ हुनुहुन्छ, विष्णु स्वयं यज्ञको अधिष्ठाता हुनुहुन्छ । त्यसैले तपाईहरू सबै मिलेर मेरो यो यज्ञलाई भव्य रूपमा सफल बनाउनुहोस् ।

यज्ञं मे सफलं विप्राः सुराः कुर्वन्तु माचिरम् । ५४ ।

अध्याय अष्टाविंश एकोनत्रिंश

दक्ष यज्ञमा जान सतीद्वारा शिवलाई अनुरोध, सती ६० हजार शिवगण सहित प्रस्थान, दक्षद्वारा सतीलाई तिरस्कार, सतीद्वारा यज्ञमा शिवमाहात्म्य वर्णन

ब्रह्मा- **यदा ययुर्दक्षमखमुत्सवेन सुरर्षयः ।**
तस्मिन्नेवान्तरे देवी पर्वते गन्धमादने ॥ २८-१ ॥

गन्धमादन पर्वत- यो इलावृत र भद्राश्व खण्डको बिचमा अवस्थित छ । आकाशगङ्गा यसैमा झर्दछिन् । नरनारायण यसै पर्वतमा निवास गर्छन् । (भागवत वि. पु.)

सती आफ्ना सखीहरूका साथ यसै गन्धमादन पर्वतमा क्रीडा गरिरहेकी थिइन् । देवताहरू आ-आफ्ना परिवारसहित दक्षयज्ञमा भाग लिन गइरहेका थिए । सतीले आफ्नी सखी

विजयालाई अनुरोध गरिन्, 'यिनीहरू कहाँ गएका हुन् ? पत्ता लगाऊ ।' विजयाले सोध्नासाथ सबै यथार्थ थाहा भयो र सतीलाई भनिन् ।

कथितं तेन तत्सर्वं दक्षयज्ञोत्सवादिकम् । २८-७ ।

आफ्नै पिताले यत्रो विशाल यज्ञ गरिरहेका छन्, हामीलाई थाहा नै छैन । उनी तुरुन्त पार्षद्हरूले घेरिएका स्वामी समक्ष गइन् र पिताको घरमा भइरहेको यज्ञको चर्चा गरिन् ।

सती- **पितुर्मम महान् यज्ञो भवतीति मया श्रुतम् ।**
तत्रोत्सवो महानस्ति समावेताः सुरर्षयः ॥ २८-१९ ॥

पिताको घरमा विशाल यज्ञ भइरहेको छ अरे । त्यहाँ सबै भेला भइरहेका छन् अरे । तपाईलाई यज्ञमा जान किन रुचि उत्पन्न भएन ? यद्यपि हामीलाई निमन्त्रणा आएको छैन, तर पनि हामी जाँदा केही फरक पर्दैन । त्यसै पनि गुरु-मातापिताको घरमा नबोलाई पनि जान सकिन्छ ।

शिव- देवी ! तिम्रा पिता दक्ष मसँग विशेष द्रोह गर्दछन् । जो प्रमुख देवता र ऋषि अभिमानी, मूढ र ज्ञानशून्य छन् । तिनीहरू नै तिम्रा पिताको यज्ञमा गएका छन् या जाँदै छन् । न बोलाइकन अरूको घरमा जानु हुँदैन ।

अनाहूताश्च ये देवि गच्छन्ति परमन्दिरम् ।
अवमानं प्राप्नुवन्ति मरणादधिकं तथा ॥ २८-२६ ॥

त्यसैले हामी दुवै दक्षको यज्ञमा जानु उचित छैन । यो मेरो सत्यवाणी हो ।

सती- (रोषपूर्ण भावसहित) हे शम्भो ! तपाई सबैको ईश्वर हुनुहुन्छ । देवहरूका पनि देव महादेव हुनुहुन्छ । तपाईको उपस्थितिबाटै यज्ञ सुसम्पन्न हुन्छ, तर पिताले बोलाउनुभएन । त्यसैले उनको अभिप्राय के रहेछ ? किन नबोलाएको हो ? यी सबैको जानकारी राख्नु मेरा लागि जरूरी नै भयो । त्यसैले तपाई नगए पनि मलाई जाने अनुमति प्रदान गर्नुहोस् ।

तत्सर्वं ज्ञातुमिच्छामि भव भावं दुरात्मनः ।
अनुज्ञां देहि मे नाथ तत्र गन्तुं महेश्वर ॥ २८-३३ ॥

शिव- (सती यज्ञमा जानलाई उत्सुक भएको देखेर) 'यदि तिम्रो यज्ञमा जाने दृढता बनेको हो भने विलम्ब नगर । मेरो आज्ञाले शीघ्र जाऊ । साथमा नन्दीमा बसेर राजोपचार ढङ्गले महारानी भएर जाऊ ।' शिवले पार्वतीलाई साथमा ६० हजार रूद्रगणलाई पनि लिएर जाने आज्ञा दिए ।

महाराजोपचाराणि दत्तानि परमात्मना ।
सुच्छत्रचामरादीनि सद्वस्त्राभरणानि च ॥ २८-३९ ॥

त्यसपछि सती राजोपचारले अलङ्कृत भइन् । ६० हजार रूद्रगण सुसज्जित भए । भगवती सती पिताश्री दक्षको यज्ञमा भाग लिन निक्लिइन् । सतीको यो यात्रा अन्तिम थियो । विवाहपश्चात् आजसम्म पतिविहीन भएर कतैको यात्रा गरेकी थिइनन् । गणहरू नाच्न र गाउन थाले । कैलासमै महान् उत्सव भयो । बिस्तारै यात्रा हरिद्वारको लागि बढ्यो । गणहरू शिव-सतीको जयजयकार गर्दै अगाडि बढे ।

यज्ञशालामा शिवको भाग नदेखेपछि सतीद्वारा रोष प्रकट

सती यज्ञशालामा पुगिन् । यज्ञ महान् प्रकाशले उद्दीप्त थियो । देव-असुर-मुनीन्द्र सबै आ-आफ्नो कार्यमा व्यस्त थिए । सर्वत्र भव्य सजावट थियो । सतीलाई देखेर किञ्चित सङ्कोच हुँदै आमा (असिक्नी) र बहिनीहरूले स्वागत गरे । पिता दक्षले देखेर पनि नदेखेझैँ उपेक्षा गरे ।

ना करोदादरं दक्षो दृष्ट्वा तामपि किञ्चन । २९-५ ।

त्यसपछि बिस्तारै सतीले यज्ञमण्डपको सिंहावलोकन गरिन् । शिव भाग कतै देखिनन् । बाँकी सबै देवताहरूको यथोचित भागको व्यवस्था गरिएको थियो । यस्तो अप्रिय स्वरूप देखेपछि सती क्रोधयुक्त भइन् ।

न शम्भुभागमकरोत् क्रोधं दुर्विषहं सती । २९-७ ।

क्रोधले यस्तो विकराल रूप लियो कि आफूसहित ब्रह्माण्ड नै दग्ध गराउलिन् झैँ, अपमानित सती अन्तमा भन्न थालिन् ।

सती- (रोषपूर्ण गर्जनका साथ)

हे पिता ! हे सभासद्हरू हो ! हे यज्ञकर्ताहरू हो ! तपाईंहरूले परम मङ्गलकारी शिवलाई यज्ञमा किन स्थान नदिएको ? उनलाई यज्ञमा किन नबोलाएको ? उनीद्वारा नै यो जगत् पवित्र हुन्छ । उनी स्वयं यज्ञ र यज्ञका अङ्ग हुन् ।

यज्ञो यज्ञविदां श्रेष्ठो यज्ञाङ्गो यज्ञ दक्षिणः ।
यज्ञकर्ता च यः शम्भुस्तं विना च कथं मखः ॥ २९-१० ॥

शिवविना यज्ञ कसरी पूर्ण र सिद्ध हुन्छ ? यज्ञमा प्रयोग हुने द्रव्य, हव्य, कव्य, मन्त्र शिवकै स्वरूप हुन् । उनीविना यो यज्ञ कसरी प्रारम्भ गऱ्यौ ? निश्चय पनि तिमीहरूको बुद्धि भ्रष्ट भएको हो । हे विष्णु ! हे ब्रह्मा ! हे इन्द्र ! हे देवताहरू हो ! जसको वाणीबाटै साङ्गोपाङ्ग वेद तथा शास्त्र निस्कन्छन् त्यस्ता स्वामीरहित यज्ञमा आएर कसरी बस्न सक्यौ ?

सर्वे वेदाश्च सम्भूता साङ्गाः शास्त्राणि वाग्यतः (२९-२६)

दक्षद्वारा सतीका अगाडि शिवको निन्दा

यसरी सतीले यज्ञशालामा सबैलाई हप्काइन् । विष्णु आदि देवताहरू मौन रहे, तर दक्षलाई असह्य भयो । उसले यज्ञसभामा आफ्नी पुत्रीलाई ढाढस दिँदै भन्न थाल्यो-

तव किं बहुनोक्तेन कार्य नास्तीह साम्प्रतम् ।
गच्छ वा तिष्ठ वा भद्रे कस्मात्त्वं हि समागता ॥ २९-३० ॥

तिमी यहाँ किन आएकी हौ ? तिमीलाई कसले बोलायो ? तिम्रो स्वामी अमङ्गलकारक, अकुलीन, भूत-प्रेत-पिशाचहरूको राजा, कुवेशधारी हो, त्यसैले मैले नबोलाएको हो । अब, क्रोधलाई त्याग गरी शान्त होऊ । आफ्नो भाग लेऊ र बस ।

सार्वजनिक सभामा आफ्नै पतिबारे आफ्नै जन्मदाता पिताको मुखबाट यस्तो अति निकृष्ट वाणी सुनेपछि सती झनै क्रोधित हुन पुगिन् । सभामा बस्ने त कुरै भएन, शिवका समीप जान पनि भित्रैदेखि उचित लागेन ।

सतीद्वारा प्राण त्यागको निश्चय, शिवमाहात्म्य वर्णन

शिवनिन्दा गर्ने मात्र होइन, सुन्नेवाला पनि सूर्यचन्द्रको अस्तित्व पर्यन्त नरकवासी हुन्छ । त्यसैले म यो शरीरलाई अग्निमा अर्पण गरी त्याग गर्दछु । आफ्नै स्वामीको अनादर गरेको सुनिसकेपछि जीवित रहेर के लाभ ?

यो निन्दति महादेवं निन्द्यमानं श्रृणोति वा ।
तावुभौ नरकं यातौ यावच्चन्द्रदिवाकरौ ॥ २९-३८ ॥
तस्मात्त्यज्याम्यहं देहं प्रवेक्ष्यामि हुताशनम् । २१-३९ ।

यज्ञस्थलमा आएपछि र स्वामीको निन्दा सुनेपछि सतीलाई पश्चात्ताप भयो । स्वामीले भनेका वचनहरूलाई स्मरण गरिन् । त्यसपछि कुपित हुँदै निडर भएर शिवमाहात्म्य वर्णन गर्न थालिन् ।

सती- हे पिताश्री ! हे तात ! तपाईले शिवनिन्दा गरेर ठूलो पाप गर्नुभयो । यसको प्रायश्चित्त शीघ्र नै भोग्नुपर्ला । उनका न कोही शत्रु या मित्र नै छन्, उनी त निर्विकारी हुन् । दुष्ट प्रवृत्तिका व्यक्तिहरू नै महापुरुषहरूको निन्दा गर्दछन् । 'शिव' दुई अक्षरमै कति तागत छ ।

शिवेति द्व्यक्षरं यस्य नृणां नाम गिरेरितम् ।
सकृत्प्रसङ्गात्सकलमघमाशु निहन्ति तत् ॥ २९-४७ ॥

तिमी नामले शिव कामले अशिव गरिरहेका छौ । शिवमा त न प्रवृत्ति छ न निवृत्ति छ । न रागी न विरागी नै प्रवेश गर्न सक्छ । महापुरुषको निन्दा गर्नेहरूको जीवन नै धिक्कार्न योग्य हुन्छ र त्यस्तालाई त्यागिदिनाले शान्ति मिल्छ ।

किं बहूक्तेन वचसा दुष्टस्त्वं सर्वथा कुधीः ।
त्वदुद्भवेन देहेन न मे किञ्चित्प्रयोजनम् ॥ २९-५८ ॥

उनी सदा तपाईंकै गोत्रले मलाई 'दाक्षायणी' भनेर बोलाउँथे, अब यो देह उनको अगाडि लानु मेरा लागि सबैभन्दा ठूलो पाप हुनेछ । यति मात्र भन्छु, शिवनिन्दाको दण्ड अवश्य नै भोग्नु पर्नेछ ।

अध्याय–त्रिंश, एकत्रिंश

सतीद्वारा देहत्याग, शिवगणद्वारा दक्षमाथि आक्रमण, ऋभुले दक्षलाई भगाउनु, आकाशवाणी हुनु, देवताहरू चिन्तित

ब्रह्मा- हे नारद ! सती मौन भइन् । शान्तचित्त भइन् । शिवको स्मरण गर्दै यज्ञशालाको उत्तर दिशा गइन् र योगासनमा बसिन् । जल आचमन गरिन् र पतिको चिन्तन गर्दै प्राणायामद्वारा सम्पूर्ण शरीरमा योगमार्ग अनुसार वायु र अग्निलाई धारण गरिन् । त्यसबेला पतिको चरणबाहेक उनले केही देखिनन् ।

ततः स्वभर्तुश्चरणं चिन्तयन्ती न चापरम् । ३०-७ ।

त्यसपछि शनैः शनैः उनको निष्पाप शरीर उनकै इच्छानुसार तत्काल ढल्यो र योगाग्निद्वारा जलेर भस्म भयो ।

भस्मसादभवत्सद्यो मुनिश्रेष्ठ तदिच्छया । ३०-८ ।

उपस्थित देवताहरूमा हाहाकार हुन थाल्यो । सबैले दुष्ट दक्षलाई दोष दिन थाले, ' प्राणत्यागको स्थितिमा पुग्नुभन्दा पहिले नै रोक्नु पर्दथ्यो, अनर्थ भयो । सती त्यसै पनि सम्मानकी अधिकारिणी थिइन् । हाय ! अब के हुन्छ ?'

शिवगणद्वारा दक्षमाथि आक्रमण

६० हजार शिवगण उस समय क्रोधयुक्त एवं व्याकुल भएर प्राणनाशक शस्त्रहरूद्वारा आफ्नै मस्तक, मुख, भुजा आदि अङ्गमाथि आघात गर्न थाले । यस क्रममा २० हजार गणहरू त सतीसँगै आत्मदाह गर्न पुगे । बाँकी बचेका प्रमथगण दक्षलाई मार्न झम्टिए ।

गणा नाशावशिष्टा ये शङ्करस्य महात्मनः ।
दक्षं तं क्रोधितं हन्तु मुदतिष्ठन्नुदायुधः ॥ ३०-२२ ।

ऋभुहरूद्वारा शिवगणलाई भगाउनु

शिवगण यजमान (दक्ष) माथि आक्रमणमा उत्रिएपछि यज्ञाचार्य भृगुले पनि यज्ञरक्षार्थ

"अपहता असुराः रक्षांसि वेदिषद् _ ।" यस यजुमन्त्रले दक्षिणाग्निमा आहुति दिन थाले, जसको फलस्वरूप ऋभुसंज्ञक वीर हजारौंको सङ्ख्यामा उत्पन्न भए ।

ऋभवो नाम प्रबला वीरास्तत्र सहस्रशः । ३०-२४ ।

ऋभुहरूको हातमा जल्दै गरेका दाउरा थिए । अतुलनीय ऊर्जा शरीरमा देखिन्थ्यो । दुवैतिरबाट रोमहर्षण तुमुल युद्धारम्भ भयो । अन्तमा प्रमथगण पलायन भए । यो युद्ध सबैले हेरिरहे, कोही रोक्न अगाडि आउन नै सकेनन् । अब अगाडि के हुने हो ? यस आपत्तिलाई कसरी सामना गर्ने हो ? यस्तो सोच एवं चिन्ताले देवता उद्विग्न हुन पुगे ।

आकाशवाणीद्वारा दक्षको भर्त्सना

यसको तुरुन्त पछाडि आकाशवाणी भयो, आकाशवाणीले दक्षको तिरस्कार एवं निन्दा, भर्त्सना गऱ्यो । त्यसै गरी यज्ञशालाबाट सबैलाई हट्न पनि निर्देशन दियो-

रे रे दक्ष दुराचार दम्भाचारपरायण ।
किं कृतं ते महामूढ कर्म चानर्थकारकम् ॥ ३१-२ ॥

अरे दक्ष ! तैंले दधीचिको कुरा सुनिनस्, सबै ब्राह्मणलाई श्राप दिएर यज्ञ बहिष्कार गरे । अब तिम्रो अमङ्गल नै हुनेछ । तँलाई व्यर्थ अभिमान र घमन्ड आयो, जसको नतिजा तुरुन्त भोग्नेछस् । जगत् मङ्गलकारिणी देवी सती तिम्रा घरमा पुत्री बनेर आइन्, उनलाई तैंले आदर दिइन्स्, उनी शिवको वामाङ्गमा नित्य वास गर्नेवाली, भुक्तिमुक्ति प्रदायिनी, संसारकी माता थिइन् । उनका तैंले अनादर गरिस् ।

सा सत्येव जगद्धात्री जगद्रक्षणकारिणी ।
अनादिशक्तिः कल्पान्ते जगत्संहारकारिणी ॥ ३१-११ ॥

रे दक्ष ! तैंले शिवलाई चिन्न सकिनस् । उनी सम्पूर्ण विद्याका स्रोत, मन्त्रका स्रोत, जगत्पालक, देवताहरूका देव 'महादेव' हुन् । उनलाई तैंले न त स्थान दिइस् न बोलाइस्, न भाग दिइस् । यही तेरो अहम् र घमन्ड नै तेरो विनाशको कारक हुनेछ । तेरो सहायता कसैले गर्न सक्ने छैनन् ।

करिष्यति सहायं तं न ते पश्यामि सर्वथा । ३१-२८ ।

त्यसैले जति पनि यज्ञशालामा देवताहरू छौ, सबै यहाँबाट भाग । अब, यो यज्ञ शीघ्र नै भस्म हुनेछ । यदि भागेनौ भने सबै खरानी हुनेछौ ।

निर्गच्छन्त्वमराः स्वोकमेतदध्वरमण्डपात् ।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा ॥ ३१-३२ ॥

यति भनेपछि आकाशवाणी रोकियो, सबै आश्चर्यमा पुगे ।

अध्याय, द्वात्रिंश, त्रयस्त्रिंश, चतुस्त्रिंश

शिवको जटाबाट वीरभद्र र महाकाली प्रकट, दक्षयज्ञस्थल प्रस्थान, दक्ष र देवताहरूलाई अपशकुन

ब्रह्मा- हे नारद ! आकाशवाणी रोकिएपछि पराजित शिवगण कैलास फर्किए र दक्ष र यज्ञाचार्य भृगुको कर्तुत सुनाए । शिव क्रोधमा आए- नारदलाई स्मरण गरे- उनले पनि शिव समक्ष सम्पूर्ण यज्ञको इतिवृत्त सुनाए । त्यसपछि शिवलाई यथार्थताको ज्ञान भयो । क्रोध यति आयो कि मानौं ब्रह्माण्ड नै दग्ध गरे । आफूलाई सम्हाल्दै एउटा केश जटाबाट निकालेर शिलामाथि हिर्काए । जटा दुई भागमा विभाजित भयो अनि वीरभद्र र महाकाली प्रकट भए ।

उत्पाट्यैकां जटां रूद्रो लोकसंहारकारकः ।
आस्फालयामास रूषा पर्वतस्य तदोपरि ॥ ३२-२० ॥
तोदनाच्च द्विधा भूता सा जटा च मुने प्रभो ॥ ३२-२१ ॥

दुवैले क्षणभरमै विशालकाय रूप लिँदै ब्रह्माण्ड नै निल्ने स्वरूपमा उपस्थित भए । वीरभद्रका २ हजार भुजा, प्रलयाग्नि समान श्वासबाट १०० प्रकारका ज्वर, १३ प्रकारका सन्निपात प्रकट भए भने महाकाली करोडौं भूतगणद्वारा आवृत्त, जगतै जलाउने भैँ तेजले देदीप्यमान भएर उपस्थित भइन् । अन्त्यमा पर्वताकार वीरभद्रले प्रणाम गर्दै सोध्यो- मेरा लागि के आज्ञा छ ? के गर्नुपर्‍यो ?

वीरभद्र- **किं कर्तव्यं मया कार्यं शीघ्रमाज्ञापय प्रभो । ३२-२८ ।**

के आधा क्षणमा नै समुद्रलाई सुकाउनुपर्ने हो ? या त्यति नै समयमा पर्वतहरूलई पिठो बनाउनुपर्ने हो ? या ब्रह्माण्डलाई नै खरानी बनाइदिऊँ ? या देवता मुनिहरूलाई खरानी बनाइदिऊँ ? या सम्पूर्ण लोकहरूलाई नै उलटपुलट गरिदिऊँ ? तपाईंको कृपाले म कुनै पनि कार्य विनायत्नले क्षणभरमै गर्न सक्छु । मेरो दाहिने अङ्ग स्फुरण भइरहेको छ, लाग्दै छ यो सबै शुभसङ्केत हो । के गरूँ ?

शिव- हे वीरभद्र ! तिम्रो जय होस् ।

ब्रह्मापुत्र दक्ष हिजोआज मेरो विरोध गरिरहेको छ । ऊ यतिबेला यज्ञ गरिरहेको छ । तिमीले उसको यज्ञ ध्वंश गर्नुपर्नेछ ।

तन्मखं भस्मसात्कृत्वा सयागपरिवारकम् ।
पुनरायाहि मत्स्थानं सत्वरं गणसत्तम ॥ ३२-४८ ॥

यस यज्ञमा तिम्रो सामुन्ने विरोध गर्दै जोजो आउँछन् ती कसैलाई नछोड्नू, चाहे ती गन्धर्व-यक्ष- किन्नर- ब्रह्मा-विष्णु- इन्द्र-यम- लोकपाल नै किन नहोऊन्, उनीहरूलाई त्यहीँ हरि ॐ गर्नू । महर्षि दधीचिको आज्ञालाई नटेरीकन जो त्यहाँ बसिरहेका छन्, उनीहरूलाई जलाइदिनू । सबैलाई समाप्त गरेपछि मात्र पानी पिउनू ।

प्रज्वाल्य वीर दक्षं तु सलीलं सलिलं पिब । ३२-५८ ।

वीरभद्र र महाकाली प्रमथ गणसहित दक्ष यज्ञ विध्वंशार्थ प्रस्थान

त्यसपछि शिवबाट आज्ञा लिएर वीरभद्र र महाकाली दक्षको यज्ञ विध्वंश गर्न आ-आफ्ना करोडौं गणसहित प्रस्थान गरे । प्रमथगण पनि शिवकै वेशभूषा धारण गरी प्रलयाग्निझैँ देखिन्थे । ती गणहरूमा मुख्य रूपमा शङ्कुकर्ण, केकराक्ष, विकृत, विशाख, परियात्रिक, सर्वाकक, वीरविकृतानन, ज्वालकेश, समद, दुद्रभ, कपालीश, सन्दारक, कोटिकुड, विष्टम्भ, सन्नाद, पिप्पल, आवेशान, चन्द्रतापन, महावेश, कुण्डी, पर्वतक, काल, कालक, महाकाल, अग्निकृत, अग्निमुख, आदित्यमूर्धा, धनावह, सन्नाह, कुमुद, अमोघ, कोकिल, काष्ठगूढ, सुकेशी, वृषभ, सुमन्त्रक थिए । यी सबै आ-आफ्ना गणसहित शस्त्रास्त्रयुक्त थिए ।

त्यसैगरी महाकाली पनि यज्ञ विध्वंश सहायतार्थ असङ्ख्य गणका साथ प्रस्थान गरिन् । महाकालीका गणमा, काली, कात्यायनी, ईशानी, चामुण्डा, मुण्डमर्दिनी, भद्रकाली, भद्रा, त्वरिता, वैष्णवी, डाकिनी, शाकिनी, भूत-प्रेत, पिशाच, गुह्यक, कुष्माण्ड, पर्पट, चटक, ब्रह्मराक्षस, भैरव, क्षेत्रपाल, चौसट्ठी योगिनी सामेल थिए ।

मार्गमा सबैले जयजयकार गर्दै, भेरी, शङ्ख, सिङ आदि बजाउँदै, धर्तीलाई कम्पायमान तथा आकाशलाई गुञ्जायमान गराउँदै हिंडे जसले गर्दा यात्रा सुखद, मङ्गलमय एवं शकुनले उद्भावित भयो ।

वीरभद्रस्य यात्रायां सबलस्य महामुने ।
शकुनान्यभवंस्तत्र भूरीणि सुखदानि च ॥ ३३- ३९ ॥

दक्ष र देवताहरूमा अपशकुनको दर्शन, सबै भयभीत हुनु

यताबाट सेना, वीरभद्र, प्रमथगण, महाकाली तथा उनका गण निस्किए, उता अपशकुन हुन थाल्यो । दक्षका देब्रे आँखा-भुजा-तिघ्रा फर्फराउन थाले । यज्ञस्थलको भूमि कम्पायमान हुन थाल्यो ।

भूकम्प समभूत्तत्र दक्षयागस्थले तदा । ३४-४ ।

आकाशमा दिनमा नै नक्षत्र-तारा देखिन थाले । दिशाहरू मलीन, सूर्यको किरण तेजहीन, बिजुली एवं अग्निझैँ ताराहरू टुटफुट हुँदै झर्न थाले । नक्षत्रहरूको गति उल्टो र तल भयो । गिद्धहरू दक्षको शिर छोएर उड्न थाले तथा पखेटाको छायाले यज्ञमण्डप ढाकियो ।

स्याल, उल्लु, कुकुर रून थाले ।

धुलोको वर्षासहित तेज हावा बहन थाल्यो, दक्षादिहरूले रगत वमन गर्न थाले । रूँदै चिच्याउँदैको आवाजसहित आँसुको वर्षा हुन थाल्यो । रगतको वर्षा हुन थाल्यो । दिशाहरू अन्धकारमय भए । चारैतिर आगाको ज्वाला देखिन थाल्यो ।

यसरी अनेकानेक उत्पातसूचक दृश्य देखिन थालेपछि दक्ष, देवता सबै डराएर काँप्न थाले । कहिले मूर्छित भएर लड्थे त होस आएपछि उठ्थे । अन्त्यमा दक्ष यज्ञका अधिष्ठाता विष्णुको शरणामा गयो ।

अगच्छच्छरणं विष्णोः स्वप्रभोरिन्दिरापते । ३४-२५ ।

अध्याय पञ्चत्रिंश

यज्ञरक्षार्थ विष्णुको प्रार्थना, विष्णुद्वारा शिवद्रोह सङ्कट निवारण गर्न अस्समर्थता व्यक्त, वीरभद्रको आगमन

ब्रह्मा- हे नारद ! त्यसपछि दक्ष विष्णुको शरणमा गयो । यज्ञ एवं स्वगात्र रक्षार्थ प्रार्थना गर्‍यो ।

दक्ष-

देव देव हरे विष्णो दीनबन्धो कृपानिधे ।
मम रक्षा विधातव्या भवता साध्वरस्य च ॥ १ ॥

तपाईं नै यज्ञको रक्षक, कर्म, एवं स्वरूप हुनुहुन्छ । अब यस्तो कृपा गर्नुहोस्, जसले यज्ञ, यजमान एवं यज्ञाचार्य सुरक्षित होऊन् ।

विष्णु- (दक्षलाई सभ्काउँदे भन्न थाले) तिमीले अज्ञानी भएर शिवको अपमान गर्‍यौ । यसले कार्यमा मात्र असफलता होइन कि क्षणक्षणमा विपत्ति समेत निम्त्याउँछ ।

अवज्ञा हि कृता दक्षः त्वया तत्त्वमजानता ।
विफलं केवलं नैव विपत्तिश्च पदे पदे ॥ ७ ॥

त्यति मात्र होइन, जहाँ पूजनीयको पूजन हुँदैन, त्यहाँ दरिद्रता, भय र मरण नै हुन्छ ।

अपूज्या यत्र पूज्यन्ते पूजनीयो न पूज्यते ।
त्रीणि तत्र भविष्यन्ति दारिद्र्यं मरणं भयम् ॥ ९ ॥

त्यसैले तिमीले शिवको सम्मान गर्नुपर्दथ्यो । तिम्रो यो दुर्नीतिको कारण हामी पनि शक्ति एवं प्रभावहीनताको सिकार भयौं । उनको अपमान नै यो महान् विपत्तिको कारण हो ।

विष्णुको प्रत्युत्तरले दक्ष भन् चिन्तित हुन पुग्यो । मुखको कान्ति, लावण्य, स्फूर्ति सबै फिका

भयो । किंकर्तव्यविमूढ भयो । आफूलाई सहाराहीन पायो ।

प्रमथगण सहित वीरभद्रको यज्ञस्थलमा आगमन

सिंहनादका साथ वीरभद्र यज्ञस्थलमा आयो । धुलाले आकाश एवं दिशाहरू ढाकिए, साते द्वीप, पर्वत, वनसहित पृथ्वी कम्पयमान भइन् । समुद्र ज्वारभाटाले व्याप्त भयो । विनाशकारी विकराल रूप देखेर दक्ष रक्त वमन गर्दै फेरि स्वगात्ररक्षार्थ विष्णु शरणापन्न भयो र भन्न थाल्यो ।

दक्ष- **भवद्‌बलेनैव मया यज्ञः प्रारम्भितो महान् ।**
विष्णो त्वं कर्मणा साक्षी यज्ञानां प्रतिपालकः ॥ २० ॥

तपाईंकै बलले मैले यज्ञारम्भ गरेको हुँ । अब यसको सिद्धि पनि तपाईंकै हातमा छ । तपाईं सबैको स्वामी र यज्ञको रक्षक हुनुहुन्छ, त्यसैले यो विपत्तिको समयमा तपाईंबाहेक कसले रक्षा गर्न सक्छ ?

विष्णु- **मया रक्षा विधातव्या तव यज्ञस्य दक्ष वै । २४ ।**

म तिम्रो यज्ञको रक्षा गर्नेछु, यो मेरो सत्य प्रतिज्ञा हो । किनकि म धर्मको रक्षा गर्दछु । तर तिमी पनि आफ्नो क्रूरबुद्धि त्यागिदेऊ । शिवविना कोही पनि कर्मको फल दिन सक्तैन । यो वीरभद्र शिवको क्रोधाग्निको स्वरूप हो । यो एक्लै सम्पूर्ण लोकलाई भस्म बनाउन सक्छ । मेरो सुदर्शन चक्र पनि काम आउँदैन, किनकि म पनि तिम्रो कारण शिवद्रोही भएको छु । मैले शपथको उल्लङ्घन गरिसकेँ-

शपथोल्लङ्घनादेव शिवद्रोही यतोऽस्म्यहम् । ३७ ।

आज तिम्रै कारणले हामीहरू पनि नासिँदै छौं । शिवद्रोहीलाई तीनै लोकमा कसैले बचाउन सक्तैन । हामी पलायन भयौं भने पनि वीरभद्रले 'कर्षक शस्त्र' को प्रयोग गरेर हामीलाई तानेर ल्याउनेछ । उसको शस्त्र तीनै लोकमा पुग्न सक्छ ।

शार्वो नाकर्षकः शस्त्रैरस्मानाकर्षयिष्यति । ४९ ।

ब्रह्माको पाँचौं शिर शिवका इसाराले कालभैरवले केवल नङले खिचेको थियो । त्यसैले यो वीरभद्र विनाश गर्न आएको हो, विनाश नगरी फर्किंदैन । त्यति बेलासम्ममा वीरभद्र पनि आइपुग्यो ।

वीरभद्रेण सहितं ददृशुश्च सुरादयः । ५४ ।

विष्णुको कुरा सुनेर इन्द्रले त उपहास गर्दै हातमा वज्र उठायो अनि युद्धका लागि तयार भयो । अन्य देवताहरू पनि आ-आफ्नो शस्त्रास्त्र र वाहनमा सुसज्जित भएर युद्ध गर्न तयार भए ।

इन्द्रोऽपि प्रहसन् विष्णुमात्मवादरतं तदा ।
वज्रपाणिः सुरै सार्धं यौद्धुकामोऽभवत्तदा ॥ ३६-१ ।

अध्याय षटत्रिंश सप्तत्रिंश

वीरभद्रसँग देवताहरूको युद्ध, देवताहरू पराजित स्वं पलायन, यज्ञ विध्वंश गरेर वीरभद्र कैलास फर्किनु

ब्रह्मा- हे नारद ! वीरभद्रका गणहरूसँग देवता युद्ध गर्न तयार भए । इन्द्र ऐरावत हात्तीमा, अग्नि भेडामा, यमराज महिषमा, निर्ऋति प्रेतमा, वरुण गोहीमा, वायु मृगमा, कुबेर पुष्पक विमानमा सवार भएर युद्धका लागि तयार भए । यसै गरी अन्य देवसमूह, यक्षगण, चारण, गुह्यक, लोकपाल सबै युद्ध गर्नका लागि जुटे ।

निर्ययुस्त्वरितं तत्र युद्धं कर्तुं समुद्यताः । ३६-७ ।

त्यस युद्धमा शङ्ख-भेरी-दुन्दुभि-पटह-डिण्डिम आदि बाजा बज्न थाले । शिवमायाले मोहित भएर सबै पराजित हुन थाले । यता भृगुले मन्त्रबलले उच्चाटनको प्रयोग गरे जसका कारण केही क्षणका लागि शिवगण भागे । तुरुन्त वीरभद्रले यो देखेर भूत-प्रेत-पिशाचहरूलाई आक्रामक हुन आज्ञा दियो र स्वयं साँढेमा सवार भई त्रिशूलले देवताहरूलाई लतार्न थाल्यो ।

महात्रिशूलमादाय पातयामास निर्जरान् । ३६-१५ ।

युद्ध विकराल हुँदै गयो । देवता त्राहि-त्राहि हुँदै युद्धभूमि छोड्न थाले, कतिपय स्वर्गतिर भागे । कोही गुरु वृहस्पतिका शरणमा गए, जसमा इन्द्र र लोकपाल थिए र पराजय गर्ने विषयमा सोधे अनि वृहस्पतिले भने-

वृहस्पति- यस विषयमा विष्णुले पहिले नै भनेका थिए- शिव नै सर्वोपरि हुन्, जसको अनादर भयो । अब रोक्न मुस्किल छ । यिनीहरू यज्ञ विघ्नार्थ आएका हुन्, त्यही गरेरै छोड्छन्, यही सत्य हो ।

एते रुद्रसहायाश्च गणाः परमकोपनाः ।
आगता यज्ञविघ्नार्थं तं करिष्यन्त्यसंशयम् ॥ ३६-३१ ॥

वृहस्पतिका कुरा सुनेर देवता चकित भए । त्यही समयमा वीरभद्र आयो र देवताहरूलाई ललकार्न थाल्यो । ऋषि घोर सङ्कट देखेर विष्णुको शरणमा गए । विष्णुले आश्वासन दिए र वीरभद्रसँग युद्ध गर्न तत्पर भए ।

विष्णु- हे वीरभद्र ! म शिवको सेवक हुँ । यहाँ मेरो भक्त दक्षले बोलायो । भक्तपराधीन भएकाले भक्तको निमन्त्रणालाई स्वीकार गरेर आएको हुँ तर यो भक्त शिवद्रोही होला भन्ने सोचेको थिइनँ । त्यसैले अब युद्ध गर्नुको विकल्प छैन, जे होला होला ।

विष्णु-वीरभद्र युद्ध, देवताहरूको पलायन

त्यसपछि युद्धारम्भ भयो । अन्तमा वीरभद्रले विष्णुको चक्र स्तम्भित गरिदियो । शार्ङ्ग धनुषलाई तीन टुक्रा पारिदियो । त्यसपछि विष्णु अन्तर्ध्यान भए । देवताहरू पनि युद्धस्थलबाट पलायन भएर आ-आफ्ना स्थानतिर लागे ।

ज्ञात्वा च तत्सर्वमिदं भविष्यं,
सतीकृतं दुष्प्रसहं परेषाम् ।
गताः स्वलोकं स्वगणान्वितास्तु,
स्मृत्वा शिवं सर्वपतिं स्वतन्त्रम् ॥ ३७-४२ ॥

देवताहरू सबै भागेको देखेर यज्ञाग्निदेव मृगको रूप धारण गरेर आकाशमार्गबाट भागिरहेको वीरभद्रले देख्यो र तुरुन्तै पक्रेर शिरच्छेदन गऱ्यो ।

तं तदा मृगरूपेण धावन्तं गगनं प्रति ।
वीरभद्रः समादाय विशिरस्कमथाकरोत् ॥ ३७-४६ ॥

यज्ञ विध्वंश, दक्षको शिरच्छेदन, शिवगण कैलास फर्किनु

त्यसपछि वीरभद्रका सेनाले कयौं मुनि र देवताहरूको अङ्गभङ्ग गरे । मणिभद्रले भृगुको दारी र जुँगा उखेलिदिए । चण्डले पुषाको दाँत उखेलिदिए, किनकि दक्षले शिवनिन्दा गर्दा दाँत देखाएर हाँसेको थियो, नन्दीले भगदेवताको आँखा फोरिदिए । यसले पनि गाली गर्दा आँखाले इसारा गरिरहेको थियो । अन्य यज्ञस्थित स्वाहा-स्वधा-दक्षिणा आदिको पनि अपमान र तिरस्कार भयो ।

यता दक्ष भित्र लुकेको थाहा पाएर वीरभद्रले पत्ता लगाएर केशमा पक्रेर लक्षारपछार गर्दै बाहिर ल्यायो । तलवारले शिरच्छेद गर्न लागेको थियो, तर शस्त्रास्त्रले अभेद्य भन्ने थाहा हुनासाथ हातले नै शिर बटारेर चुँडायो अनि यज्ञकुण्डमा फालिदियो ।

अभेद्यं तच्छिरो मत्वा शस्त्रास्त्रैश्च तु सर्वशः ।
करेण त्रोटयामास पद्भ्यामाक्रम्यचोरसि ॥ ३७-६० ॥

शिवगणले यज्ञकुण्ड दुर्गन्धित पारे । यज्ञस्तम्भ तोरण पहिले नै अग्निमा स्वाहा भएको थियो । वीरभद्रको जयजयकार भयो । आकाशबाट पुष्पवृष्टि भयो । उसले पनि गर्जनका साथ अट्टहास गऱ्यो जुन त्रिलोकमै गुञ्जायमान भयो । त्यसपछि वीरभद्र शिवगणसहित कैलास फर्किए ।

कैलासं स ययौ वीरः कृतकार्यस्ततः परम् । ३७-६७ ।

अध्याय अष्टत्रिंशत्, एकोनचत्वारिंशत्

विष्णुको पराजयको कारण दधीचिको श्राप, क्षुव र दधीचिको विवाद, मृत्युञ्जयमन्त्र व्याख्या, विष्णु दधीचि युद्ध, क्षुवद्धारा युद्धविराम

नारद- शिवं विहाय दक्षस्य सुरैर्यज्ञं हरिर्गतः
हेतुना केन तद् ब्रूहि यत्रावज्ञाभवत्ततः ॥ ३८-२ ॥

शिवविहीन यज्ञमा विष्णुले किन भाग लिए ? किन मूर्खझैँ शिवगणसँग युद्ध गरे ? के उनी शिवको पराक्रम जान्दैनथे ?

ब्रह्मा- हे नारद ! तिमीले सोधेको प्रश्न एकदम सही हो, सुन । विष्णुले पूर्वकालमा क्षुव राजालाई सहायता गरेकाले दधीचिले श्राप दिएका थिए, तर विष्णुले यो प्रसङ्ग बिर्सिएका थिए । त्यसैले यज्ञमा गए र पराजित हुन पुगे ।

क्षुव राजा र दधीचि ऋषिको विवाद

प्राचीन कालमा क्षुव नामका राजा प्रतापी थिए । यिनी वाल्मीकि रामायण अनुसार पृथ्वीका पहिला राजा, महाभारतको अश्वमेध पर्व अनुसार इक्ष्वाकु वंशका पूर्व पुरुष थिए ।

क्षुव दधीचिका परम मित्र थिए, दुवै तपस्वी-मेधावी र ओजस्वी थिए । कारणवश दुवैमा श्रेष्ठताका विषयमा विवादारम्भ भयो ।

क्षुव- सर्वदेवमयो राजा श्रुतिः प्राहेति तत्परा । ३८-१३ ।

म त राजा हुँ, राजा सबैका वन्दनीय-पूजनीय एवं सबै देवताहरूका स्वरूप हुन्छन्, यस कुरालाई श्रुतिले पनि मानेको छ । त्यसैले म सर्वथा तपाईंको पूजनीय हुँ । मेरो अनादर नगर्नुहोस् । आदि. ।

यही विवादले दधीचिलाई क्रोध आयो । उनले क्षुवमाथि मुक्का प्रहार गरे । क्षुवलाई पनि क्रोध आयो 'वज्र' उठाएर शिरच्छेदन गरे ।

वज्रेण तं च चिच्छेद दधीचिं ताडितः क्षुवः । ३८-१७ ।

पृथ्वीमा ढल्नै लाग्दा दधीचिले शुक्राचार्यको स्मरण गरे । योगी शुक्राचार्य तुरुन्त उपस्थित भएर दधीचिको अङ्गलाई जोडेर पूर्ववत् गराए । त्यसपछि मृत्युञ्जय मन्त्रको उपदेश दिए । मन्त्र यस्तो छ-

महामृत्युञ्जय मन्त्रको व्याख्या

पौराणिक मन्त्र-
त्र्यम्बकं यजामहे च त्रैलोक्यं पितरं प्रभुम् ।
त्रिमण्डलस्य पितरं त्रिगुणस्य महेश्वरम् ॥ ३८-२२ ॥
त्रिदेवस्य महादेवः सुगन्धीं पुष्टिवर्द्धनम् ॥ ३८-२४ ॥
बन्ध मोक्ष करो यस्मादुर्वारुकमिव प्रभुः ॥ ३८-२९ ॥

वैदिक मन्त्र- ॐ त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् । उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात् ॥

त्र्यम्बकं यजामहे- हामी भगवान् त्र्यम्बकको यजन (आराधना) गर्दछौं । त्र्यम्बकको अर्थ हुन्छ तीनै लोकका पिता सदाशिव । सूर्य-सोम-अग्निका पिता । सत्त्व-रज-तम तीनै गुण स्वरूप, आत्मतत्त्व- विद्यातत्त्व- शिवतत्त्व स्वरूप, आवाहनीय, गार्हपत्य दक्षिणाग्नि तीनै अग्नि स्वरूप, पृथ्वी-जल-तेल स्वरूप, त्रिदिव, त्रिभुज, त्रिधाभूत स्वरूप, ब्रह्मा-विष्णु-रुद्र तीनै देवताका महान् ईश्वर महादेव ।

सुगन्धिं पुष्टिवर्धनम्- जसरी फूलहरूमा उत्तम गन्ध निस्केर व्यापक हुन्छ, त्यसरी नै भगवान् शिव सम्पूर्ण चराचर भूतमा, गुणमा, कृत्यमा, इन्द्रियमा, अन्यान्य देवमा, गणमा, आत्मामा व्याप्त हुन्छन् । शिवद्वारा नै महत्तत्त्वदेखि लिएर सर्वत्र पोषण हुन्छ, त्यसैले शिव पुष्टिवर्धन हुन् ।

उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात्- जसरी खरबुजा आदि लतास्थित फल पाकेपछि लहरोबाट छुट्टिन्छ, मुक्त हुन्छ । त्यसैगरी मृत्युरूप संसारबाट (आवागमन संसारबाट) म मुक्त हुन सकूँ र मेरो मोक्ष होस् । शिव नै आत्मास्वरूप हुन्, अमृतस्वरूप हुन्, जसलाई आफ्ना पुण्यकर्मद्वारा, तपस्याद्वारा, स्वाध्यायद्वारा, योगद्वारा, ध्यानादिद्वारा आराधना गर्नाले नूतन जीवन प्राप्त हुन्छ । अर्थात् मृत्युरूप बन्धनबाट मुक्त भई अमृतरूप बन्धनमा बाँधिन सकूँ ।

शुक्राचार्य- हे दधीचि !

मृतसञ्जीवनीमन्त्रो मम सर्वोत्तमः स्मृतः ।
एवं जपपरः प्रीत्या नियमेन शिवं स्मरन् ॥ ३८-३० ॥

यो मृत्युञ्जय मन्त्र हो, यसलाई नित्य जप-तप-ध्यान गर । यसो गर्नाले मृत्युको भय हुँदैन । जप गर्नुभन्दा पहिले ध्यान गर्नू-

मृत्युञ्जय ध्यान मन्त्र

हस्ताम्भोज युगस्थकुम्भयुगलादुद्धृत्य तोयं शिरः
सिञ्चन्तं करयोर्युगेन दधतं स्वाङ्के सकुम्भौ करौ ।
अक्षस्रङ्मृगहस्तमम्बुजगतं मूर्धस्तचन्द्रस्रवत्,
पीयूषार्द्रतनुं भजे सगिरिजं त्र्यक्षं च मृत्युञ्जयम् ॥ ३८-३४ ॥

अर्थात्- जो दुवै हातको कुम्भ जलले शिरबाट गिराउँछन्, दुईवटा हातमा कुम्भ जल गोदीमा छन्, बाँकी दुई हातमा रूद्राक्ष र मृगमुद्रा धारण गर्छन्, जो कमलासनमा छन् र शिरबाट चन्द्रमाको अमृतविन्दु सम्पूर्ण शरीरमा झरिरहेको छ, जसको साथमा गिरिजानन्दिनी उमा विराजमान छिन्, उनै मृत्युञ्जयको म ध्यान गर्दछु ।

दधीचिद्वारा मृत्युञ्जय उपासना र वरप्राप्ति

यसरी शुक्राचार्यबाट मन्त्रदीक्षा लिएर दधीचि तपस्यार्थ जङ्गलमा गए । नियमहरूको पालना गर्दै लामो समयसम्म तपाराधना गरे । शिव प्रसन्न भएर दर्शन दिन पुगे । प्रणाम अभिवादनपछि स्तुति गाए । तव शिवले भने-

शिव- च्यवनकुमार दधीचि ! वर माग । म प्रसन्न छु ।

दधीचि- हे देवाधिदेव महादेव ! मलाई तीनवटा वर दिनुहोस् ।

देव देव महादेव मह्यं देहि वरत्रयम् ।
वज्रास्थित्वमवध्यत्वमदीनत्वं हि सर्वतः ॥ ३८-४३ ॥

(१) मेरो हड्डी वज्र होस् (२) कसैले मलाई मार्न नसकोस् (३) मलाई दीनता नआओस् ।

शिव- तथास्तु ! वर प्राप्तिपश्चात् दधीचि 'क्षुव' कहाँ पुगे । ठुलो सभामा वामपादद्वारा क्षुवको शिरमा लात्तीले हिर्काए । क्षुवले पनि प्रत्युत्तरमा वज्र प्रहार गरे तर दधीचिलाई केही भएन, किनकि मृत्युञ्जय मन्त्र तथा शिवकृपाको फल थियो । क्षुव आश्चर्यचकित भए । त्यसपछि अपमानित क्षुव विष्णुको शरणमा भए । पूजा आराधना गरी विष्णुलाई प्रसन्न गराए । विष्णुले प्रत्यक्ष दर्शन दिए । क्षुवले आफ्नो सारा वृत्तान्त बताए । अन्तमा क्षुवको परिस्थितिलाई मध्यनजर गर्दै विष्णुले भने-

विष्णु- हे राजन ! दधीचि शिवभक्त हुन् । शिवबाट अवध्यको वर प्राप्त गरेका छन् । उनी अवध्य छँदै छन्, तापनि तिम्रो कल्याणार्थ म साथ दिनेछु ।

विष्णु ब्राह्मण वेशमा दधीचिकहाँ जानु, दधीचिद्वारा प्रस्ताव अस्वीकार

त्यसपछि विष्णु ब्राह्मण वेश धारण गरी दधीचिकहाँ गए र दधीचिसँग एउटा वर मागे । दधीचिले दिव्य दृष्टिले हेर्नासाथ विष्णु नै ब्राह्मणको रूपमा आएको थाहा भयो । अनि 'छद्म वेश' त्यागेर आफ्नो रूपमा आउन अनुरोध गरे । अन्त्यमा के वर माग्नु छ ? भनी सोधे ।

विष्णु- तपाई कृपा गरी मेरो भक्त राजा क्षुवलाई 'म तिमीसँग डराउँछु' भनिदिनुहोस् ।

बिभेमीति सकृद्वक्तुमर्हसि त्वं नमस्तव । ३९-१२ ।

दधीचि- शिवभक्त दधीचिले विष्णुको प्रस्ताव ठाडै अस्वीकार गरे । त्यसपछि युद्ध नै विकल्प

रह्यो ।

विष्णु- दधीचि युद्ध, क्षुवद्वारा युद्ध रोक्नु

जब साम-दाम-भेद आदि सबै नीतिहरू असफल भए, त्यसपछि विष्णु युद्ध गर्न तयार भए । दधीचिलाई मार्न विष्णुले अनेकानेक शस्त्रास्त्रको प्रयोग गरे तर अवध्य दधीचिलाई शस्त्रास्त्रले केही असर नै गरेन । फेरि मायावी विष्णुले हजारौं देवताहरूको सृष्टि गरे । दधीचिले शिवस्मरण गरी हातमा कुश लिएर मायावी देवताहरूका लागि वज्रास्थिको सृष्टि गरे ।

ससर्ज सर्वदेवेभ्यो वज्रास्थिः सर्वतो वशी । ३९-२३ ।

स्थिति भयावह भयो । क्षुव युद्धस्थलमा गए । युद्ध रोक्नका लागि दुवैलाई प्रार्थना गरे र दधीचिलाई भने, 'हे मुनिशार्दूल ! कृपया प्रसन्न हुनुहोस् ।'

प्रसीद मुनिशार्दूल शिवभक्तशिरोमणे ।
प्रसीद परमेशान दुर्लक्ष्यो दुर्जनैः सदा ॥ ३९-४५ ॥

युद्ध त रोकियो तर दधीचि विष्णु आदि देवताहरूसँग क्रोधित भएका थिए, त्यसैले श्राप दिए ।

दधीचिद्वारा विष्णु आदि देवताहरूलाई श्राप

रुद्रकोपाग्निना देवाः सदेवेन्द्रा मुनीश्वराः ।
ध्वस्ता भवन्तु देवेन विष्णुना च समं गणैः ॥ ३९-४८ ॥

हे देवताहरू हो ! हे मुनीश्वरहरू हो ! हे विष्णु ! तिमीहरू रुद्रकोपद्वारा आफ्ना गणसहित पराजित एवं ध्वस्त भइहाल ।

यही कारण थियो, दक्षको यज्ञमा शिवगणद्वारा विष्णु आदि सबै देवता पराजित भएका थिए । यस ठाउँमा आज तीर्थस्थल भएको छ । यसलाई 'स्थानेश्वर' नामले चिनिन्छ । यस ठाउँको भ्रमण गर्नाले शिवसायुज्य प्राप्ति हुन्छ ।

ब्रह्मा- यस चरित्रको पठन र श्रवण गर्नाले सङ्ग्राममा सदा विजय प्राप्त हुन्छ । ब्राह्मणको तेज सर्वोपरि हुन्छ भन्ने उदाहरण यस प्रसङ्गले दिएको छ ।

त्यसपछि देवताहरू आफ्नो लोक, दधीचि आफ्नो आश्रम र क्षुव आफ्नो राजधानी फर्किए ।

अध्याय चत्वारिंशत्, एकचत्वारिंशत्, द्विचत्वारिशत्

ब्रह्मादि देवताहरूद्वारा कैलास गमन, शिवस्तुति, यज्ञपूर्णताको वरदान एवं दक्षद्वारा शिवस्तुति

नारद- वीरेण वीरभद्रेण दक्षयज्ञं विनाश्य वै ।
कैलासादौ गते तात ! किमभूत्तद्वदाधुना ॥ ४०-१ ॥

हे विधाता ! वीरभद्र कैलास फर्केपछि के भयो ? सुनाउनुहोस् ।

ब्रह्मा- यज्ञस्थलमा अङ्गभङ्गसहित पराजित भएका देवता, मुनिहरू मलाई भेट्न र यज्ञ कसरी पूर्ण गर्ने भनेर परामर्श गर्न आए । त्यसपछि हामी सबै विष्णु भए ठाउँ गयौं । विष्णुले कैलास गएर क्षमायाचना गर्नु नै उचित छ र म पनि साथमा जान्छु भने सहमति दिए ।

चलिष्येऽहमपि ब्रह्मन् सर्वैः सार्द्धं शिवालयम् ।
क्षमापयामि गिरीशं कृतागश्च शिवे ध्रुवम् ॥ ४०-२० ॥

विष्णु, ब्रह्मादि देवताद्वारा कैलास गमन

त्यसपछि विष्णु-ब्रह्मा, देवताहरू, मुनिजन, प्रजापति सबै शिवसँग क्षमा माग्न कैलास गए । कैलास हिमालय पर्वत अनुपम, अवर्णनीय थियो । त्यहाँ मणिमय शृङ्खला, लता-वृक्ष-कुञ्ज- वाटिकाहरू अनुपम शोभायुक्त थिए । लता वृक्षहरू पुष्प फलादिद्वारा सुशोभित थिए । त्यसमा अनेक प्रजातिका मृग- पक्षी- सिंह आदि प्राणीहरू विजातीयतामा पनि परस्पर प्रेमले विचरण गरिरहेका देखिन्थे । विष्णुपदी गङ्गा- अलकानन्दा, मन्दाकिनी अदि पवित्र नदीहरूको कलरव ध्वनिले गुञ्जायमान हिमालय शृङखला द्वितीय स्वर्गभैँ शोभासम्पन्न थियो । यस्तो मनोरम शोभायुक्त हिमालयमा अवस्थित एउटा वटवृक्षमुनि विष्णु-ब्रह्मादि देवताहरूले योगासनारूढ शिवको दर्शन गरे ।

मुमुक्षुशरणे तस्मिन् महायोगमये वटे ।
आसीनं ददृशुः सर्वे शिवं विष्ण्वादयः सुराः ॥ ४०-३७ ॥

सनक, सनन्दन, गुह्यक, कुबेर आदि सेवकहरू शिवका छेउमा स्तुति गर्दै उभिएका थिए । पत्नी वियोगी महायोगी शिव ध्यानमुद्रामा बसेका थिए । देवताहरूले शिर भुकाएर प्रणाम-अभिवादन-चरणस्पर्श गरे र हातजोडी विनम्र भावले स्तुति गर्न थाले ।

देवताहरूद्वारा शिवस्तुति

यस एकचत्वारिशत् अध्यायमा देवताहरूले ५१ श्लोकले शिवको स्तुति गरेका छन् । यसमा

शिवका नाम-गुण-लीलाहरूको स्मरण गरिएको छ । यसको सार यसप्रकार छ- 'तपाईं नै मायापति हुनुहुन्छ । तपाई नै सृष्टि-स्थिति-लयकारक हुनुहुन्छ । तपाई नै मङ्गल प्रदान गर्ने, परमेश्वर, परात्पर, सर्वव्यापी विश्वमूर्ति हुनुहुन्छ । तपाई शरणागत वत्सल, त्र्यम्बक, भानु-भैरव-विष्णु-क्षेत्र-मृत्युञ्जय हुनुहुन्छ । शोक पनि तपाईंकै रूप हो, त्रिगुण र गुणात्मा तपाई नै हो । चन्द्र-सूर्य-अग्नि तपाईंकै नेत्र हुन् । सबैका कारणभूत, धर्ममर्यादास्वरूप तपाईंलाई बारम्बार नमस्कार छ ।'

सर्वकर्म फलानां हि सदा दाता त्वमेव हि । ४१-८ ।
नमो रुद्राय शान्ताय ब्रह्मणे परमात्मने । ४१-११ ।

तपाई निर्विकार, प्रकाशपूर्ण, चिदानन्द स्वरूप, परब्रह्म परमात्मा हुनुहुन्छ । तपाई नै ब्रह्मा, विष्णु, इन्द्र, चन्द्रादि समस्त देवता तथा मुनि उत्पन्नकारक हुनुहुन्छ । आफ्नो शरीरलाई आठ भागमा विभक्त गरेर संसारलाई पोषण गर्नुहुन्छ त्यसैले 'अष्टमूर्ति' तपाईंलाई भनिन्छ । तपाई नै सबैको आदिकारण करुणामय ईश्वर हुनुहुन्छ । तपाईंकै भयले वायु बहन्छ, अग्निले जलाउँछ, सूर्यले तपाउँछ, मृत्यु सबैतिर दौडिन्छ । त्यसैले हाम्रो रक्षा गर्नुहोस् ।

रक्षिताः सततं नाथ त्वयैव करूणानिधे । ४१-४७ ।

अन्त्यमा देवताले प्रार्थना गरे- हे प्रभो ! कृपा गरी दक्षयज्ञलाई पूर्ण गरिदिनुहोस् र दक्षको उद्धार गर्नुहोस् । अङ्गभङ्ग भएका देवता र मुनिहरूलाई ठिक गरिदिनुहोस् । उनीहरूलाई आरोग्यता प्राप्त होस् । यज्ञ पूर्ण भएपछि पनि जो शेष रहन्छ त्यो सम्पूर्ण तपाईंको भाग होस् । तपाईंकै भागद्वारा नै यज्ञ पूर्ण होस्, अन्यथा नहोस् ।

पूर्णभागोऽस्तु ते नाथाऽवशिष्टेऽध्वर कर्मणि ।
रुद्रभागेन यज्ञस्ते कल्पितो नान्यथा क्वचित् ॥ ४१-५१ ॥

शिव प्रसन्न तथा यज्ञपूर्णको वरदान

देवताहरूको स्तुतिद्वारा शिव प्रसन्न भए र वरदान दिँदै भने, 'यद्यपि दक्षका यज्ञ विध्वंश मैले गरेको थिइनँ, तथापि यज्ञ शीघ्र पूर्ण हुनेछ । दक्ष स्वयं विनाकारण अरूसँग द्वेष राख्दछ । अरूसँग जस्तो व्यवहार गरिन्छ, त्यही आफ्नो लागि फलित हुन्छ ।

परेषां क्लेदनं कर्म न कार्यं तत् कदाचन ।
परं द्वेष्टि परेषां यदात्मनस्तद्भविष्यति ॥ ४२-६ ॥

दक्षको शिर अग्निमा जलेकाले त्यस स्थानमा बोकाको शिर जडान गरिनेछ ।

दक्षस्य यज्ञशीर्ष्णो हि भवत्वजमुखं शिरः । ४२-७ ।

बाँकी भगको आँखा, पूषाको दाँत, भृगुको दाह्री सबै ठिक हुनेछ । अन्यान्य अङ्गभङ्ग देवताहरूलाई अश्विनीकुमारले उपचार गर्नेछन् ।

शिवसहित देवताहरू यज्ञस्थलमा जानु

त्यसपछि देवताहरूले शिवलाई दक्षयज्ञमा जान अनुरोध गरे, शिवले सहर्ष स्वीकार गरी कनखलको यात्रारम्भ गरे ।

ययौ कनखलं शम्भुर्यज्ञवाटं प्रजापतेः । ४२-१४ ।

सबै प्रसन्न भए । यज्ञस्थल पूर्णरूपले विध्वंश थियो । कतिपय देवताले प्राण त्याग गरेका थिए । त्यसपछि शिवाज्ञाले बोकाको शिर मगाइयो र दक्षको शरीरमा शिवले बोकाको शिर जोडिदिए र शुभदृष्टि प्रदान गरे । दक्ष जीवित भयो ।

बस्तस्य सन्दधुः शम्भो कायेनारं सुशासनात् ।
सन्धीयमाने शिरसि शम्भु सद्दृष्टिवीक्षितः ॥ ४२-२६ ॥

त्यसपछि सबै देवताहरूका अङ्ग ठिक गरिदिए । जीवित दक्षको शरीर निर्मल तथा अन्तःकरण पवित्र भयो । सुतेर उठेको झैँ स्फूर्ति उसमा आयो । स्तुति गर्न खोज्यो तर पुत्री सतीको मृत्यु र आफूले गरेको विद्वेषले सङ्कोचित भयो ।

दक्षद्वारा दश श्लोकले शिवको स्तुति

केही क्षणपछि दक्ष भावविभोर भयो । शिवलाई साष्टाङ्ग प्रणाम गऱ्यो । त्यसपछि दश श्लोकले प्रार्थना गऱ्यो । नौ श्लोक नवधा भक्ति एवं एक श्लोक स्वयं उसका स्वामी शिव हुन् । प्रथम श्लोक-

नमामि देवं वरदं वरेण्यं,
महेश्वरं ज्ञाननिधिं सनातनम् ।
नमामि देवाधिपतीश्वरं हरं,
सदा सुखाढ्यं जगदेकबान्धवम् ॥ ४२-३२ ॥

तपाईले मलाई दण्ड दिएर मेरो अभिमान र घमन्डलाई नाश गरिदिनुभयो । म मूर्ख हुँ, मलाई तत्त्वज्ञान थिएन । आज मलाई ज्ञान भयो- तपाई नै सर्वश्रेष्ठ हुनुहुन्छ । तपाईद्वारा नै चराचरको उत्पत्ति-स्थिति एवं लय हुन्छ । म जस्तो निकृष्ट दुष्टमाथि कृपा गरी कृतार्थ गर्नुभयो, म धन्य हुँ । अन्तिम श्लोक-

स भवान् भगवाञ्छम्भो दीनबन्धो परात्परः ।
स्वकृतेन महार्हेण सन्तुष्टो भक्तवत्सलः ॥ ४२-४१ ॥

त्यसपछि सबैले शिवको पृथक् पृथक् स्तुति गरे । जसमा म (ब्रह्मा), विष्णु, देवता, सिद्ध, ऋषि, प्रजापति, उपदेव, नाग, सदस्य, ब्राह्मण आदि थिए । सबैको स्तुतिबाट देवाधिदेव महादेव प्रसन्न भए ।

अध्याय त्रिचत्वारिंशत्

शिवद्वारा उपदेश, दक्षद्वारा यज्ञलाई पूर्णता प्रदान, सतीखण्डको उपसंहार

ब्रह्मा- हे नारद ! स्तुतिका कार्य सम्पन्न भएपछि, महादेवले सबैतिर कृपादृष्टिले हेरे र दक्षलाई उपदेश दिंदै भन्न थाले-

शिवको उपदेश- हे प्रजापति दक्ष ! म प्रसन्न छु । म नै सबैको ईश्वर र स्वतन्त्र हुँ, तर पनि म सदा भक्ताधीन रहन्छु । चार प्रकारका पुण्यात्माले मेरो भजन गर्दछन् । त्यसमा चौथो भक्त सर्वोत्कृष्ट हो ।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनः सदा ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी चैव चतुर्थकः ॥ ४ ॥

यी चार- आर्त, जिज्ञासु, अर्थार्थी र ज्ञानी हुन् । ज्ञानी भक्तको स्थान सर्वोपरि हुन्छ । म आत्मज्ञ हुँ । वेद-वेदान्तका विद्वान् ज्ञानद्वारा मलाई जान्दछन् । जसको बुद्धि मन्द छ, कर्मको आधीन छ, उनीहरूले मलाई कहिल्यै प्राप्त गर्न सक्तैनन् ।

म नै जगत्को कारणरूप ब्रह्मा विष्णु हुँ । जगत्को सृष्टि, पालन र संहारार्थ यी रूपलाई धारण गर्दछु । हामी तीनै जना एक हौं । जो यसमा भेदबुद्धि राख्छ, त्यो तारा, चन्द्रको अस्तित्व पर्यन्त नरकवासी हुन्छ ।

यः करोति त्रिदेवेषु भेदबुद्धिं नराधमः ।
नरके स बसेन्नूनं यावदाचन्द्रतारकम् ॥ १७ ॥

यदि विष्णुको भक्त भएर मेरो निन्दा या मेरो भक्त भएर विष्णुको निन्दा गर्दछ, तिनीहरू पनि उपर्युक्त रूपले नै नरकगामी हुनेछन् । विष्णुको भक्तिविना मेरो भक्ति प्राप्त हुँदैन ।

विष्णुभक्तिं विना मे न भक्तिः क्वापि प्रजायते । १९ ।

दक्षद्वारा यज्ञको पूर्णाहुति

शिवको उपदेश सुनेर सबै हर्षित हुन पुगे । शिवाज्ञा लिएर दक्षले यज्ञको शेष कार्य विधिवत् सुसम्पन्न गऱ्यो ।

ददौ भागान्सुरेभ्यो हि पूर्णभागं शिवाय सः ।
दानं ददौ द्विजेभ्यश्च प्राप्तः शम्भोरनुग्रहः ॥ २६ ॥

देवताहरूको भाग र शिवलाई पूर्णभाग अर्पण गऱ्यो । त्यसपछि ब्राह्मण-ऋत्विज्-देवता-ऋषि

सबैलाई यथाशक्ति दक्षले दान-मानले सम्मान गऱ्यो । सबैलाई प्रसन्न तुल्यायो ।

त्यसपछि दक्षसँग बिदा भएर देव-ऋषि-मुनि आ-आफ्नो गन्तव्यतिर प्रस्थान गरे । ब्रह्मा-विष्णु- महेश पनि आफ्ना गण र पार्षदहरूसँग आ-आफ्नो लोकतिर प्रस्थान गरे ।

एवं दक्षमखः पूर्णोऽभवत्तत्र मुनीश्वरः । २८ ।

सतीखण्डको उपसंहार

शिव आफ्नो निवास कैलास पर्वतमा आए । आफ्नी प्रिया सतीको स्मरण गरे । आफ्नो प्रधान गणलाई सतीको कथा सुनाए ।

यसरी दक्षकन्या सतीले यज्ञमा आफ्नो शरीर त्यागेर फेरि हिमालयकी पत्नी मेनाको गर्भबाट जन्म लिइन् र तपस्या गरी पुनः शिवलाई प्राप्त गरिन् ।

इत्थं दाक्षायणी हित्वा निजदेहं सती पुनः
जज्ञे हिमवतः पत्न्यां मेनायामिति विश्रुतम् ॥ ३९ ॥

यो 'सती-चरित्र' श्रवण गर्नाले सबै खाले कामनाहरू पूर्ण हुन्छन्, इहलोकमा सुखभोग र परत्र मोक्ष प्राप्त हुन्छ । यो कथा स्वयं पवित्र छ र अरूलाई पनि पवित्र गराउँछ । यसको सेवन गर्नाले स्वर्ग-सुयश-दीर्घायु-पुत्र-पौत्र प्राप्ति हुन्छ । जो पवित्र मनले भक्ति र श्रद्धाका साथ यस चरित्रको सुन्छ या भक्त पुरुषहरूलाई सुनाउँछ, ती दुवै सर्वश्रेष्ठ गति प्राप्त गर्छन् । उनीहरूको इहलोक र परलोक दुवै सुखदायी हुन्छ । अन्तिम श्लोक-

यः पठेत्पाठयेद्वापि समाख्यानमिदं शुभम् ।
सोऽपि भुक्त्वाऽखिलान् भोगानन्ते मोक्षमवाप्नुयात् ॥ ४४ ॥

‼ समाप्तोऽयं सतीखण्डः ॥

करचरणकृतं वा... कायेन वाचा....... । ॐ नमः शिवाय ।

रुद्रसंहिता

तृतीय पार्वतीखण्ड

(यस पार्वतीखण्डमा कुल ५५ अध्याय छन् । मूलतः पार्वतीको जन्म, बाल्यकाल, तपस्या र शिवसँग भएको विवाहको मुख्य रूपमा वर्णन गरिएकाले यस चरित्रको नाम 'पार्वतीखण्ड' राखिएको हो ।)

कथासार

ब्रह्मा र नारदको मुख्य संवाद रहेको यस पार्वतीखण्डमा कुल पचपन्न अध्याय छन् । आरम्भमा हिमालयको स्थावर र जङ्गम दुई रूपको वर्णन गर्दै जङ्गम रूपको मेनासँग विवाह भएको प्रसङ्ग वर्णित छ । यसै क्रममा पितृहरूको मानसिक कन्या नै सनकादिकहरूको श्राप र वरदानको रूपमा 'मेना' भएर जन्मिएको प्रसङ्ग उल्लेख छ । त्यसपछि देवताहरूले हिमालयलाई उमा आराधना गर्न प्रेरणा दिँदै स्वयं पनि आराधना गरी उमाको दर्शन गरेको तथा अवतार ग्रहण गर्न स्विकारेको रोचक प्रसङ्ग उल्लेख छ ।

हिमालय-मेनालाई शिवाको दर्शन, अवतार लिन स्वीकार, एक सय पुत्रसहित जन्म लिने प्रसङ्गमा 'मैनाक' पुत्रको जन्म, जो ज्येष्ठ र श्रेष्ठ भएको र अगाडि ११ पुत्र जन्मेपछि शिवाको अवतार 'पार्वती' को रूपमा जन्म, नामकरण, बाल्यलीला, विद्याध्ययन तथा नारदद्वारा पार्वतीको हस्तरेखा हेरी शिवसँग विवाह गर्न सुझाव दिएको प्रसङ्गको चर्चा गरिएको छ ।

सती वियोगबाट समाधिस्थ भएका शिवको लामो समयपश्चात् समाधि पूर्ण हुँदा ललाटबाट पसिनाको थोपा पृथ्वीमा झर्नु र तुरून्त चार भुजायुक्त, लालवर्ण भएको बालकको प्रार्दुभाव हुनु, स्त्रीवेशमा पृथ्वीले स्तनपान गराउनु, र शिवले पृथ्वीलाई नै बालक सुम्पिनु, बालकको नाम 'भौम' राखिनु र पछि भौम ग्रहपदको अधिपति हुनु जस्ता रोचक प्रसङ्गहरू उल्लेख गरिएको छ ।

त्यसैगरी शिवले गङ्गावतरण क्षेत्रमा तपस्या गर्दा हिमालयले स्वागत गर्नु, त्यस क्षेत्रको रक्षा गर्नु, पार्वतीलाई सेवा गर्न पठाउनु, शिवले पहिले अस्वीकार गरेको र पछि पार्वतीको दार्शनिक उपदेशले स्वीकार गरेको रोचक ज्ञानवर्द्धक प्रसङ्ग उल्लेख छ ।

तारकासुर जन्म प्रसङ्गमा उनका पिता वज्राङ्गको जन्म कश्यप पत्नी दितिबाट भएको प्रसङ्ग वर्णित छ । वज्राङ्ग हिरण्याक्ष, हिरण्यकशिपु एवं उनान्चास मरुद्गणपछि जन्मिएको

थियो । त्यसैले यिनीहरूको यो भाइ थियो, यिनकी पत्नी 'वराङ्गी' थिइन् र देवतालाई परास्त गर्ने पुत्र कामनाका रूपमा तारकासुरको जन्म, कठोर तपस्या र शिव वीर्यबाट उत्पन्न कार्तिकेयद्वारा मृत्युको वर पाएको थियो ।

त्यसपछि इन्द्रले कामदेवलाई शिवलाई मोहित गर्न पठाउनु, शिवको तृतीय नेत्रले उसलाई भस्म गर्नु, त्यसपछि पनि क्रोधाग्नि शान्त नभएर सर्वत्र फैलिएपछि, ब्रह्माले त्यसलाई स्तम्भित गरी वडवा (घोडा) को रूपमा परिणत गरी समुद्रलाई सुम्पिनु जस्ता प्रसङ्गको वर्णन गरिएको छ । शिवको उक्त क्रोधाग्नि ज्वारभाटाको रूपमा आज पनि समुद्रमा देखिन्छ ।

कामदेव भस्म भएपछि पार्वतीको उग्रतपस्या प्रारम्भ हुन्छ, जसको परीक्षा सप्तर्षिले र स्वयं जटाधारी ब्राह्मणको वेशमा शिवले गरेको रोचक प्रसङ्ग उल्लेख छ । शिव पार्वतीको तपस्याबाट सन्तुष्ट भई विवाह गर्न मन्जुर भएको र विवाहको विधिवत् तयारीको सविस्तार वर्णन गरिएको छ । यस क्रममा शिवको नटावतार, वैष्णव ब्राह्मण अवतार लिएर शिवनिन्दा गर्दा मेना कुपित भई शिवसँग छोरीको विवाह नगर्ने निर्णयमा पुग्नु, अरुन्धतीसहित सप्तर्षिले सम्झाएपछि मात्र विवाह गर्ने निर्णय लिएको उल्लेख गरिएको छ । यसै क्रममा सप्तर्षिद्वारा अनरण्य र पद्मा-पिप्पलाद् प्रसङ्गको कथा वर्णन गरिएको छ ।

त्यसपछि विवाहको तयारीका क्रममा हिमालयद्वारा शिवलाई लग्नपत्रिका पठाउनु, विश्वकर्माद्वारा विवाह मण्डपसहित जन्तीहरूलाई बस्ने दिव्य महलहरू निर्माण गर्नु, उता शिवले नारदमार्फत सबै देवताहरूलाई निमन्त्रणा दिनु र जन्तीका लागि सबै देवताहरू कैलासमा एकत्रित हुनु, मङ्गलाचार ग्रहपूजन पश्चात् शिवसहित सबै जन्तीहरू कैलासबाट निस्कनु र हिमालयपुरी पुग्नु, हिमवान्ले सबैको स्वागत गर्नु, वरराजा शिवले मेनाको अभिमान चूर्ण गर्नु, शिवले देवताहरूलाई अघि लगाई आफू आफ्ना गणसँगै पछि पछि आउनु, हिमालय र मेनाले भूत-प्रेत, डाकिनी, शाकिनीहरूका बिचमा अमङ्गल वेशमा शिवलाई देख्नु, मेना मूर्च्छित हुनु विलाप गर्नु, विवाह नगर्ने पुनः अडान लिनु, अन्त्यमा शिव सुन्दर रूपमा आएपछि मात्र शान्त भई वरको स्वागत गर्नु जस्ता प्रसङ्ग यस खण्डमा उल्लेख गरिएको छ ।

त्यसपछि विवाह आरम्भ हुन्छ । कन्यादानका क्रममा शिवको गोत्र सोध्दा नारदजीले सबै गोत्रका प्रवर्तक पुष्टि गर्नु, अग्नि परिक्रमा गर्दा पार्वतीको नखचरणलाई हेरेर आचार्य ब्रह्माको वीर्य स्खलित हुनु, वीर्य बालखिल्य ऋषिमा परिणत हुनु, ब्रह्माको कर्तुतप्रति शिव क्रोधित हुनु तर उपस्थित देवताद्वारा शिवलाई शान्त गराई विवाहको कार्य पूर्ण गरिनु जस्ता सन्दर्भ यस खण्डमा आएका छन् । त्यसपछि चतुर्थीकर्मको प्रसङ्गमा मेनाको प्रेरणाले ब्राह्मणपत्नीद्वारा पार्वतीलाई पतिव्रता धर्मको उपदेश तथा शिवद्वारा देवताहरूको बिदाइ एवं पार्वती-खण्डको उपसंहार गर्दै यस खण्डको समापन गरिएको छ ।

पार्वती खण्ड

अध्याय प्रथम, द्वितीय

मेनाको पूर्वजन्म वृत्तान्त, सनकादिकद्वारा श्राप एवं वरदान, हिमालयसँग विवाह

नारदजी- दाक्षायणी सती देवी त्यक्त देह पितुर्मखे ।
कथं गिरिसुता ब्रह्मन् बभूव जगदम्बिका ॥ १-१ ॥

पिताको यज्ञमा देह त्याग गरी सती कसरी हिमालयकी पुत्री भइन् ? कसरी शिवसँग विवाह गर्न पुगिन् ? कृपया सविस्तार सुनाउनुहोस् ।

ब्रह्मा- हे नारद ! पहिले तिमी पार्वतीकी आमा मेनाको जन्म वृत्तान्त सुन । उत्तर दिशामा हिमवान् नामको पर्वतराज छ, जो महातेजस्वी र समृद्धशाली छ । यिनका दुई रूप छन्- स्थावर र जङ्गम । स्थावर रूप हिमालय पूर्व तथा पश्चिम समुद्रपर्यन्त फैलिएको छ । यो भूमण्डलको मापन गर्न उभिएको कुनै मापदण्ड जस्तो छ । यो पर्वत शृङ्खलामा नाना प्रजातिका वृक्ष-लता, सिंह-व्याघ्र, देव-ऋषि-सिद्ध-मुनि आदिद्वारा सेवित शिवको तपस्थली, अनेक धातुहरूको खजाना र हिउँले ढाकिएको सुन्दर आकृतियुक्त पर्वतमाला छ ।

अस्त्युत्तरस्यां दिशि वै गिरीशो हिमवान्महान् ।
पर्वतो हि मुनिश्रेष्ठः महातेजाः समृद्धिभाक् ॥ १-१४ ॥
पूर्वापरौतोयनिधी सुविगाह्य स्थितो हियः
नानारत्नकरो रम्यो मानदण्ड इव क्षितेः ॥ १-१६ ॥

मेना हिमवान् विवाह

एक समय हिमवान्ले देवताहरूसमक्ष देव-ऋषि-पितृ ऋणबाट मुक्तिका लागि विवाह गर्ने इच्छा व्यक्त गरे । देवताहरू पनि तुरुन्त पितृहरूका समक्ष गए र उनीहरूकी मानसी कन्या मेनाको हात मागे ।

मेना नाम सुता या वो ज्येष्ठा मङ्गलरूपिणी ।
तां विवाह्य च सुप्रीत्या हिमाख्येन महीभृता ॥ १-२४ ॥

देवताहरूको प्रार्थनालाई पितृहरूले परामर्श गरे र स्वीकृति दिए । अन्त्यमा हिमवान्सँग मेनाको विवाह भव्य रूपमा सुसम्पन्न भयो ।

नारदजी- हे पिताश्री ! मेनाको उत्पत्ति सम्बन्धमा सनकादिले श्राप दिएको भन्ने सुनेको थिएँ, के यो सत्य हो ? कृपया सन्देह निवारण गर्नुहोस् ।

विधे प्राज्ञ वदेदानीं मेनोत्पत्तिं समादरात् ।
अपि शापं समाचक्ष्व कुरु सन्देहभञ्जनम् ॥ २-१ ॥

पितृकन्या मेना-धन्या-कलावतीलाई सनकादिकद्वारा श्राप र वरदान

ब्रह्मा- हे नारदजी ! दक्षका ६० कन्यामध्ये स्वधा नामकी कन्याको विवाह पितृहरूका साथ भयो र उनीहरूका घरमा तीन कन्याको जन्म भयो, जसको नाम मेना, धन्या र कलावती थियो । यी तीनै कन्या पितृहरूका मानस सृष्टि थिए, त्यसैले यी अयोनिजा थिए तर लोकव्यवहारार्थ स्वधाकी पुत्री भनिन्थ्यो । यी तीनवटी जगत् वन्दनीया लोकमाता हुन् र तीनै लोकमा आवागमन गर्ने गर्थे । एकपल्ट यी कन्या विष्णु दर्शनार्थ श्वेतद्वीप गए ।

श्वेतद्वीपं विष्णुलोकं जग्मुर्दर्शनहेतवे ।
कृत्वा प्रणामं विष्णोश्च संस्तुतिं भक्तिसंयुताः ॥ २-१० ॥

विष्णुलाई प्रणाम गरे । त्यस समय सन्तहरूको समाज एकत्र थियो, त्यसैबेला सनकादि आए, विष्णुलाई वन्दना गरे । श्वेतद्वीपवासीले उठेर सनकादिलाई प्रणाम गरे तर यी तीनै कन्याले गरेनन् । यस्तो देखेपछि मर्यादा रक्षार्थ सनकादिले श्राप दिँदै भने-

सनकादिद्वारा श्राप

अभ्युत्थानं कृतं नो यो नमस्कारोऽपि गर्विताः ।
नरस्त्रियः सम्भवन्तु तिस्रोऽप्यज्ञानमोहिताः ॥ २-२१ ॥

(१) नरहरूका स्त्री बन (२) स्वर्गबाट टाढा बस । यी दुई श्राप तीनै कन्यालाई दिए । श्राप सुन्नासाथ तीनै जना आहत भए र मुनिहरूका चरणमा परी उद्धारका लागि अनुरोध गरे । उनीहरूले पुनः स्वर्ग प्राप्तिका लागि अनुनय विनय गरे ।

अनुग्रहं कुरुष्वात्र लभेम स्वर्गतिं पुनः । २-२५ ।

सनकादिद्वारा वरदान- 'हे पितर कन्याहरू हो । तिमीहरूले आफूले गरेको गल्ती महसुस गर्‍यौ, त्यसैले तिमीहरूको कल्याणका लागि हामी वरदान दिन्छौं ।' यति भनी सनकादिद्वारा सबै कन्याहरूलाई क्रमशः यसप्रकार वरदान प्राप्त भयो-

(१) मेनालाई विष्णुकी अंशभूत हिमालयकी पत्नी भएर रहने, उनका घरमा पार्वतीले जन्म लिने र पार्वतीकै कृपाले अन्त्यमा कैलास पद प्राप्त गर्ने वरदान प्राप्त भयो । यथा-

विष्णोरंशस्य शैलस्य हिमाधारस्य कामिनी ।
ज्येष्ठा भवतु तत्कन्या भविष्यत्येव पार्वती ॥ २-२८ ॥

(२) **धन्या**लाई जनक राजाकी पत्नी भई सीतालाई पुत्रीका रूपमा प्राप्त गर्ने वरदान प्राप्त भयो । यथा-

धन्या प्रिया द्वितीया तु योगिनी जनकस्य च ।
तस्याः कन्या महालक्ष्मीर्नाम्ना सीता भविष्यति ॥ २-२९ ॥

(३) **कलावती**लाई वैश्य वृषभानको पत्नी भएर राधालाई जन्म दिने तथा उनकै कृपाले गोलोक धाम प्राप्त गर्ने वरदान प्राप्त भयो । यथा-

वृषभानस्य वैश्यस्य कनिष्ठा च कलावती ।
भविष्यति प्रिया राधा तत्सुता द्वापरान्ततः ॥ २-३० ॥

यसरी पितृहरूकी मानसी तीनै कन्यालाई सनकादि ऋषिकुमारले वरदान दिए । वरदान प्राप्त गरी उनीहरू आफ्नो गन्तव्यतिर लागे, सनकादिहरू पनि अन्तर्ध्यान भए ।

मेना पुत्री पार्वती साक्षात् जगदम्बिका थिइन् र कठोर तपस्या गरी अन्त्यमा शिवलाई प्राप्त गरिन् ।

अध्याय तृतीय, चतुर्थ

देवताहरूले हिमालयलाई उमा आराधनाको विधि बताएर स्वयं पनि स्तुति गर्नु, उमा प्रकट भएर अवतार लिन वचन दिनु

ब्रह्मा- हे नारद ! मेना-हिमवान्को विवाह हुँदा तीनै लोकमा उत्सव भयो । हिमालय पनि प्रसन्न भए, दुवै सानन्द गृहस्थी जीवन यापन गर्न थाले ।

केही समयपछि विष्णु आदि सबै देवता, मुनिगण हिमालयलाई भेट्न गए । देवताहरूलाई देखेर हिमवान् अत्यन्त हर्षित-रोमाञ्चित-प्रफुल्लित भए, प्रेमाश्रुधाराले आप्लावित भए र प्रणाम निवेदन गरी तीन श्लोकले विनम्र भएर प्रार्थना गरे ।

हिमालय- **अद्य मे सफलं जन्म सफलं सुमहत्तपः ।**
अद्य मे सफलं ज्ञानमद्य मे सफलाः क्रियाः ॥ ३-१४ ॥

तपाईंहरूको आगमनले मेरो जीवन, कुल, परिवार धन्य भयो । म के सेवा गरूँ ? आज्ञा होस् ।

देवता- महाप्राज्ञ हिमालय ! हामी जुन कामका लागि आएका छौं, त्यो बताउँछौं, सुन-

या पुरा जगदम्बोमा दक्षकन्याभवद् गिरे ।
पितृतोऽनादरं प्राप्य संस्मृत्य स्वपणां सती ॥ ३-१९ ॥

सबैलाई थाहा भएकै कुरा हो कि रूद्रपत्नी सतीले शरीर छोडेर आफ्नो स्वरूपमा प्रतिष्ठित हुन पुगिन् । तिनै सतीले तपाईंको घरमा जन्म लिने हो भने त्रिलोककै कल्याण हुने थियो, त्यसैले हामी यहाँ आएका हौं ।

हिमालय- यो त सारै सौभाग्यको कुरो सुनाउनुभयो । यसका लागि मैले के गर्नुपर्छ ? त्यो पनि बताउनुहोस् ।

त्यसपछि देवताहरूले आदरसहित उमालाई प्रसन्न गर्ने विधि सविस्तार बताए । हिमालय प्रसन्न भए । देवताहरू पनि हिमालयसँग बिदा भएर सदाशिव पत्नी उमाको शरणमा गए ।

देवताहरूद्वारा उमाको स्तुति

देवताहरू चाहन्थे, हिमालयको घरमा छिटोभन्दा छिटो उमाको जन्म होस् । त्यसैले सुन्दर स्थानमा गए, अनि तेह्र श्लोकद्वारा उमाको स्तुति गरे । यी श्लोकमा उमालाई चराचरकी स्वामिनी, शान्त, श्री, पुष्टि, धृति, तुष्टि, कान्ति, श्रद्धा, गायत्री, सावित्री, सरस्वती, महालक्ष्मी, महाकाली, निद्रा, अव्यक्त, प्रकृति तथा महत्तत्त्व स्वरूपिणीका रूपमा पुकारिएको छ । केही श्लोक यसप्रकार छन्-

देव्युमे जगतामम्ब शिवलोकनिवासिनी ।
सदा शिवप्रिये दुर्गे त्वां नमामि महेश्वरी ॥ ३-२६ ॥
संसारसागरकरालभवाङ्गदुःख,
निस्तारकारितरणिं च निवीतिहीनाम् ।
अष्टाङ्गयोगपरिपालनकेलिदक्षां,
विन्ध्यागवासनिरतां प्रणमाम तां वै ॥ ३-३७ ॥

अन्त्यमा देवताहरूले भगवतीलाई दर्शनातुर भएर भने-

सुप्रेममनसः सर्वे तस्थुस्ते दर्शनेप्सवः । ३-३९ ।

भगवती उमा प्रसन्न भएर देवताहरूका सामु प्रकट

देवताहरूको भावपूर्ण स्तुतिले भगवती उमा प्रसन्न भइन् र दिव्यरत्नमय रथमा करोडौं सूर्यसमान जाजल्यमय अङ्ग आभूषणयुक्त स्वरूपमा प्रकट भइन् । देवीको दिव्य साक्षात् स्वरूप देखेर देवताहरू नतमस्तक भए, अनि स्वस्थ भएर ११ (एघार) श्लोकले स्तुति गरे-

शिवे शर्वाणि कल्याणि जगदम्ब महेश्वरि ।
त्वां नताः सर्वथा देवा वयं सर्वार्तिनाशिनीम् ॥ ४-९ ॥

हे भगवती जगदम्बे ! हामी तपाईंको स्तुति गर्न जान्दैनौं किनकि तपाईंको महिमा वेदशास्त्र तथा मन-वाणीभन्दा बाहिर छ । हामी तपाईंका शरणमा यसकारण आएका छौं कि सनत्कुमारको वचनलाई सत्यता प्रदान गर्दै भूतलमा अवतीर्ण भई रूद्रपत्नी हुनुहोस् ।

तपाईंको अवतरणले देवताहरूको मनोरथ पूर्ण हुनेछ ।

अवतीर्य क्षितौ देवि रुद्रपत्नी पुनर्भव ।
सर्वे भवन्तु सुखिनो दुःखं नश्यन्तु कृत्स्नशः ॥ ४-१९ ॥

देवीद्वारा अवतार लिने वचन दिनु

हे हरे ! हे विधे ! हे देवताहरू हो ! म तिमीहरूदेखि प्रसन्न छु । तिमीहरू आ-आफ्ना स्थानमा जाओ । म शीघ्र नै मेनाको घरमा जन्म लिएर रुद्रपत्नी हुनेछु ।

अवतीर्य सुता भूत्वा मेनाया दास्य उत्सुखम् ।
हरपत्नी भविष्यामि सुगुप्तं मतमात्मनः ॥ ४-२९ ॥

मेरै वियोगका कारण अहिले स्वामी दिगम्बर-अलौकिक वेश धारण गरी योगी भएका छन् । उनले मेरो शरीरको हड्डीको माला लगाउँदा पनि शान्ति प्राप्त गर्न सकेका छैनन् । त्यसैले रुद्रको सन्तापको सन्तोषार्थ पनि म अवतार लिनेछु र लौकिक जीवनको आश्रय लिएर हिमालय पत्नी मेनाकी पुत्री हुनेछु तथा देवताहरूको कार्य पूर्ण गर्नेछु ।

अतश्चावतरिष्यामि रुद्रसन्तोषहेतवे ।
देवकार्यं करिष्यामि सत्यं सत्यं न संशयः ॥ ४-४४ ॥

यसरी देवीले देवताहरूलाई आश्वासन दिएर त्यहीं अन्तर्ध्यान भइन् । देवताहरू पनि प्रसन्न भएर आ-आफ्ना स्थानतर्फ फर्किए ।

अध्याय पञ्चम

मेनालाई शिवादेवीको दर्शन एवं वरदान तथा मेनाबाट मैनाक आदि एक सय पुत्रहरूको जन्म

ब्रह्मा- 'हे नारद ! यता देवताहरूले दिएको देवी-आराधनाको विधि अनुसार हिमालय-मेनाले संयमित भएर तपस्या गर्न थाले ।'

अहर्निशं शिवां शम्भुं चिन्तयन्तौ च दम्पती ।
हर्यादौ मेनका चापि तेपाते परमन्तपः ॥ ४ ॥

मेनाले शिवसहित शिवाको कठोर जप-तप-पूजा-अर्चना गर्न थालिन् । चैत्र महिनाको अष्टमीदेखि प्रारम्भ गरी प्रत्येक महिनाको अष्टमीको व्रत र नवमीमा पारायण गर्दथिन् । निराहार कहिले त कहिले फलाहार, कहिले जल, कहिले हावा पिएर पनि व्रत गर्दथिन् । तपको प्रभावले उनको शरीर नै देदीप्यमान हुँदै गयो । यसरी सत्ताइस वर्ष व्यतीत भएपछि

भगवतीको दर्शन प्राप्त गरिन् ।

सप्तविंशतिवर्षान्ते जगन्माता जगन्मयी ।
आविर्बभूव सा देवी सन्तुष्टा तत्सुभक्तितः ॥ १२ ॥

दिव्य तेजोमण्डलको बिचमा साक्षात् भगवती उमाको दर्शनले अत्यन्त प्रसन्नता, रोमाञ्च तथा हर्षातिरेकले मेनाका आँखाबाट अश्रुविन्दु झरे । भगवतीले भक्तको भक्तवत्सलता देखेर अँगालो मारिन् जसले मेनालाई दिव्यज्ञानको सञ्चार भयो ।

मेनाद्वारा १० श्लोकले भगवतीको स्तुति

मेनाका गदगद वाणीले स्तुति गरिएका निम्नलिखित श्लोकहरूमा भगवतीको रूप, लीला र माधुर्यको वर्णन छ, जसमा चराचरको उत्पत्ति, पालन र संहारस्वरूप, नित्यानित्य, व्यक्ताव्यक्त, अजन्माजन्म स्वरूप, ब्रह्मशक्ति, इच्छाशक्ति, क्रियाशक्ति, आधारशक्ति, दाहिका, शीतलता, आल्हादिका, सञ्चारिका आदि शक्तिहरूकी पुञ्ज एवं भक्तको इच्छा पूर्ण गर्ने स्वरूपिणी हौ भनेर स्तुति गरिएको छ ।

महामायां जगद्धात्रीं चण्डिकां लोकधारिणीम् ।
प्रणमामि महादेवीं सर्वकामार्थदायिनीम् ॥ २१ ॥

उमाद्वारा मेनालाई वरदान- स्तुतिबाट प्रसन्न भएर अन्त्यमा भगवतीले भनिन्, 'जे अभीष्ट वर माग्न चाहन्छौ माग । तिम्रा लागि कुनै पनि अदेय वस्तु छैन । निसङ्कोच भएर माग ।

यदिच्छसि ध्रुवं दास्ये नादेयं विद्यते मम । ३१ ।

मेना- हे माता ! तपाईं मेरो जपतपबाट प्रसन्न हुनुहुन्छ भने, मलाई दुईवटा वर दिनुहोस्- १. मेरा शक्तिशाली एक सय पुत्र होऊन् । २. तपाईं नै पुत्री भएर मेरो घरमा आउनुहोस् ।

प्रथमं शतपुत्रा मे भवन्तु जगदम्बिके ।
पश्चात्तथैका तनया स्वरूपगुणशालिनी ॥ ३४ ॥

उमा- 'तथास्तु ! तिम्रा सय पुत्रमध्ये ज्येष्ठ पुत्र सबैभन्दा शक्तिशाली हुनेछ भने अन्य पुत्रहरू पनि बलशाली हुनेछन् । त्यसैगरी म स्वयं तिम्री पुत्री भएर जन्म लिनेछु र लोकव्यवहार गर्दै रुद्रपत्नी हुनेछु ।' त्यसपछि देवी अन्तर्ध्यान भइन् । यता मेना पनि प्रसन्न भएर घर फर्किन् र हिमालयलाई सारा वृत्तान्त सुनाइन् ।

समय आएपछि मेनाले प्रथम पुत्रलाई जन्म दिइन् जसको नाम 'मैनाक' राखियो । यिनले समुद्रसँग मित्रता गाँसेका थिए र यो पर्वत नागबन्धुहरूको निवासस्थल भयो ।

असूत सा नागबन्धूपभोग्यं सुतमुत्तमम् ।
समुद्रबद्धसत्सख्यं मैनाकाभिधमद्भुतम् ॥ ४६ ॥

यिनै मैनाक सबै पर्वत पुत्रहरूमा ज्येष्ठ र श्रेष्ठ भए । यिनको जन्म समयमा दिव्य उत्सव मनाइएको थियो । त्यसपछि क्रमशः उनान्सय पुत्र जन्मिए, जो सबै प्रसिद्ध पर्वतमालाका नामले परिचित भए, जहाँ जप-तप-निवास गर्नाले भुक्तिमुक्ति प्राप्त हुन्छ । त्यसपछि त झन् मेना-हिमालय गम्भीर भएर शिव-शिवाको आराधना गर्न थाले ।

अध्याय षष्ठम

मेनाको घरमा भगवती पार्वतीको जन्म

ब्रह्मा-

ततः सा चण्डिका योगात्त्यक्तदेहा पुरा पितुः । २ ।
पूर्णांशाच्छैलचित्ते सा विवेशाय महेश्वरी । ३ ।

हे नारद ! देवकार्य सिद्ध गर्नका लागि भगवती उमा पूर्ण अंशयुक्त भएर हिमवान्को चित्तमा प्रवेश गरिन् । जसको कारण हिमवान् अत्यन्त तेजस्वी एवं जाज्वल्यवान् भए र कल्याणकारी समयमा मेनाको उदरमा शिवाको त्यो परिपूर्ण अंशको आधान गरे ।

जगत्वन्द्या देवी गर्भमा आएपछि मेना पनि तेजोमण्डलको बिचमा झैँ शोभायुक्त भइन् । वृक्ष, लता एवं चन्द्रको शोभा पनि उनका अगाडि मन्द हुन थाल्यो । अङ्गअङ्गमा क्रान्ति, पुष्टि, श्री स्पष्ट देखिन थाल्यो ।

देवताहरूद्वारा गर्भस्थ शिवाको स्तुति

विष्णु आदि देवताहरूलाई थाहा हुनासाथ सबै एकत्रित भएर हिमवान्को घर गए, अनि भावपूर्ण स्तोत्रद्वारा गर्भस्थ शिवाको स्तुति गर्न थाले । यहाँ देवताहरूले पाँच श्लोकले स्तुति गरेका छन् ।

दुर्गे जय जय प्राज्ञे जगदम्ब महेश्वरि ।
सत्यव्रते सत्यपरे त्रिसत्ये सत्यरूपिणि ॥ १९ ॥
सत्यस्थे सत्यसुप्रीते सत्ययोने च सत्यतः ।
सत्यवक्त्रे सत्यनेत्रे प्रपन्नाः शरणं च ते ॥ २० ॥

तपाईंविना त्रिलोकमा शोभा छैन । शीघ्र अवतरित भएर देवकार्य सम्पन्न गर्नुहोस् । हामी तपाईंको शरणमा छौं । तपाईंका कृपाले नै हामी सनाथ हुनेछौं । यसरी स्तुति गरेर देवताहरू आ-आफ्ना धाममा फर्किए । यता शिवाको अवतरणको समय भयो ।

भगवतीको जन्म समयमा प्रकृति वर्णन

नवम महिना बित्यो । समय पनि देवीको प्रतीक्षारत थियो । सर्वत्र शान्त एवं सौम्यावस्था

उपस्थित भयो ।

तदा सुसमयश्चासीच्छान्तभग्रहतारकः ।
नभः प्रसन्नतां यातं प्रकाशः सर्वदिक्षु हि ॥ २६ ॥

नक्षत्र-ग्रह-ताराहरू सबै शान्त थिए । आकाश स्वच्छ थियो । सबै दिशा, विदिशा प्रकाशित थिए । वन, ग्राम, समुद्रसहित सम्पूर्ण भूतलमा मङ्गलमय स्वरूप प्रस्फुटित भएको थियो । तलाउ, नदी, कुवाहरूमा कमल फुलिरहेका थिए । शीतल, मन्द, सुगन्धित हावा प्रवाहित भइरहेको थियो । सज्जनहरू प्रसन्न र दुष्टहरू दुःखी थिए । देवताहरू आकाशमा आएर दुन्दुभि बजाउन थाले । गन्धर्व गाउन थाले, पुष्पवृष्टि गर्न थाले, अप्सराहरू नाच्न थाले । अनि...

वसन्त ऋतु, चैत्र महिना, शुक्ल पक्ष, नवमी तिथि, मृगशिरा नक्षत्र, अर्धरात्रिको समय उपस्थित भयो । सुगन्धित हावा प्रवाहित भयो । शान्त अग्नि प्रज्वलित हुन थाल्यो । बादल आकाशमा गर्जिन थाल्यो । शीतविन्दुयुक्त मन्दमन्द वर्षा हुन थाल्यो । शिव प्रसन्न भए । अनि भगवती आफ्नै स्वरूपमा मेनाको अगाडि प्रकट भइन् । आकाशबाट पुष्पवृष्टि हुन थाल्यो ।

तस्मिन्नवसरे देवी पूर्वशक्तिः शिवा सती ।
आर्विबभूव पुरतो मेनाया निजरूपतः ॥ ३१ ॥
वसन्तर्तौ मधौ मासे नवम्यां मृगधिष्ण्यके ।
अर्धरात्रे समुत्पन्ना गङ्गेव शशिमण्डलात् ॥ ३२ ॥
जगदम्बा माताको जय !!! पार्वती माताको जय !!!

देवताहरू एकत्रित भएर देवीको भव्य स्तुति गरे । यता नीलकमलकै समान देवीको मनोहर छवि देखेर मेना भावविभोर भइन् । दर्शन मात्रले सम्पूर्ण ज्ञान प्राप्त भयो । हर्षातिरेक भएर मेनाले ३ तीन श्लोकद्वारा स्तुति गरिन् ।

मेनाद्वारा भगवतीको स्तुति- हे जगदम्बा । तपाईंले ठुलो कृपा गर्नुभयो । म अकिञ्चनको घरमा आउनुभयो, म धन्य भएँ । तपाईं नै सम्पूर्ण शक्तिहरूकी आधारशक्ति र तीनै लोककी जननी हुनुहुन्छ । अबदेखि मैले ध्यान गर्दा यही रूपमा मलाई दर्शन दिने गर्नुहोस् । यति बेला भने पुत्री भएर लीला गर्नुहोस् ।

कृपां कुरु महेशानि मम ध्यानस्थिता भव ।
एतद्रूपेण प्रत्यक्षं रूपं देही सुतासमम् ॥ ४६ ॥

देवी- हे मेना । तिमीले मेरो पूजा-व्रत-तप र सेवा गर्‍यौ, म प्रसन्न भएर तिम्रो सामु यो रूपमा प्रकट भएकी हुँ । सामान्य बालिका भएर प्रकट भएको भए तिमीले मेरो यो रूप देख्न पाउने थिइनौ । अब म सामान्य रूपमा परिणत भई पृथ्वीमा लीला, देवताहरूलाई

सहयोग र शिवपत्नी भएर सज्जनहरूको उद्धार गर्नेछु ।

देवकार्यं करिष्यामि लीलां कृत्वाद्भुतां क्षितौ ।
शम्भुपत्नी भविष्यामि तारयिष्यामि सज्जनान् ॥ ५३ ॥

यति भनेर भगवती शान्त भइन् र हेर्दाहेर्दै नवजात पुत्रीका रूपमा परिवर्तित भइन् ।

अध्याय सप्तम, अष्टम

नवजात पुत्रीको नामकरण, बाल्यलीला, अध्ययन तथा नारदजीद्वारा हिमवान्‌लाई पुत्रीको विवाह शिवसँग गर्न सल्लाह

ब्रह्मा-
ततो मेनापुरः सा वै सुता भूत्वा महाद्युतिः ।
चकार रोदनं तत्र लौकिकीं गतिमाश्रिता ॥ ७-१ ॥

हे नारद ! लौकिक गतिको आश्रय लिएर अन्त:पुरमा कन्या रून थाली । अन्त:पुरका स्त्रीहरू हर्षले गदगद भए । नीलकमल सदृश तेजस्विनी कन्यालाई देखेर हिमालय अतिशय आनन्द विभोर भए । दान-मान-उत्सव सहित जातकर्म संस्कार सुसम्पन्न भयो ।

अथो शुभमुहूर्तेऽस्मिन् हिमवान्मुनिभिः सह ।
नामकरोत्सुतायास्तु कालीत्यादि सुखप्रदम् ॥ ७-११ ॥

हिमवान्‌ले मुनिहरूका साथ आफ्नी कन्याको नाम काली राखे । कुलोचित नामले बन्धुबाधव उनलाई पार्वती भन्न थाले । पछि उनको नाम उमा राखियो । नामकरण संस्कारको ठुलो उत्सव सम्पन्न भयो एवं दान-मान-सम्मानले द्विज-भिक्षुक-याचकहरूलाई सम्मानित गरियो ।

पार्वतीले आफ्नो बाल्यकाल सखीहरूका साथ गङ्गाको तटमा, बालुवाको साथमा, बगैंचाहरूमा कन्दुकको साथमा सबैलाई आनन्दित गराउँदै बिताउन थालिन् । उनी बालुवामा शिवलिङ्ग निर्माण एवं बालसुलभताजन्य केली गर्दै खेल्ने गर्थिन् ।

अथ देवी शिवा सा चोपदेशसमये मुने ।
पपाठ विद्याः सुप्रीत्या यतचित्ता च सद्गुरोः ॥ ७-२३ ॥

विद्याध्ययन श्रेष्ठ गुरूको सान्निध्यमा हुन थाल्यो । पूर्वजन्मको संस्कारले सम्पूर्ण विद्या एकपल्ट सुन्दै पुगिहाल्थ्यो । अल्प समयमा नै पार्वतीले सम्पूर्ण विद्या अध्ययन गरिन् ।

नारद-हिमालय संवाद

एकपल्ट शिवको प्रेरणाले तिमी (नारद) हिमालयको घर गयौ । हिमालयले तिमीलाई भव्य स्वागत सत्कार गरे । अन्त्यमा भावविभोर भएर आफ्नी कन्याको भविष्यको विषयमा उत्सुक हुँदै प्रश्न गरे ।

हिमालय- **मत्सुताजातकं ब्रूहि गुणदोष समुद्भवम् ।**
कस्य प्रिया भाग्यवती भविष्यति सुता मम ॥ ८-५ ॥

तपाई सर्वज्ञ हुनुहुन्छ । पुत्रीको कुण्डली हेरेर गुण-दोषसहित कसकी प्रिया हुनेछिन्, बताइदिनुहोस् ।

नारद- नारदले पार्वतीको हस्तरेखा हेरे । त्यसपछि भन्न थाले, 'हे शैलराज-मेना ! तपाईंहरूकी पुत्री सर्वगुण सम्पन्ना, चन्द्रकला समान, समस्त शुभलक्षणयुक्त, पतिका लागि अत्यन्त सुखदायिनी, मातापिताको कीर्ति-यशलाई बढाउने, त्रिलोककै नारीहरूमा सर्वश्रेष्ठ, सज्जनहरूकी संरक्षिका, दुष्टहरूका लागि विनाशकारिणी आदि विलक्षण प्रतिभा सम्पन्न हुनेछिन् ।

तर एउटा हस्तरेखाले के देखाउँछ भने यिनका पतिचाहिँ योगी, अगुणी, दिगम्बर, कामवासना शून्य, मातापिताविहीन हुनेछन् ।

योगी नग्नोऽगुणोऽकामी मातृताතविवर्जितः ।
अमानोऽशिववेशश्च पतिरस्याः किलेदृशः ॥ ८-११ ॥

नारदजीले अन्तिममा भनेको कुराले मेना-हिमालय दुवै अत्यन्त दुःखी भए तर पार्वती भने अत्यन्त प्रसन्न भइन् किनकि त्यस्तो लक्षणयुक्त त शिव मात्रै छन् । नारदको वाक्य असत्य हुँदैन, त्यसैले पार्वती त शिवचरणमा ध्यानमग्न भइन् । उता हिमाचल भने मनमनै दुःखी भएर फेरि सोधे-

हिमालय- त्यसो भए कन्यालाई त्यस्तो कामनाशून्य वरप्राप्तिको योगबाट बचाउन के उपाय गर्नु उचित हुन्छ ? कृपया बताइदिनुहोस् ।

नारद- हातको रेखा ब्रह्माको लिपि हो । यो त असत्य हुँदैन । परिस्थिति अनुसार सामना गर्नु उचित हुन्छ ।

कररेखा ब्रह्मलिपिर्न मृषा भवति ध्रुवम् । ८-१७ ।

मैले जस्तो वरको निरूपण गरेँ, त्यस्तो लक्षण भगवान् शङ्करमा निहित छ । उनीसँग भएका सबै कुलक्षणहरू पनि सद्गुण समान हुन्छन् । त्यसैले आफ्नी कन्याको हात त शिवलाई सुम्पिनु उचित हुन्छ ।

तस्माच्छिवाय कन्या स्वां शिवां देहि विवेकतः । ८-२१ ।

शिव सबैका ईश्वर, सेव्य, निर्विकार, सामर्थ्यशाली, आशुतोष एवं अविनाशी हुन् । विशेष रूपले उनी तपस्याद्वारा प्रसन्न हुन्छन् । शिवाले तपस्या गरिन् भने सबै काम ठिक हुनेछ । तपस्याले नै उनलाई वशमा पार्न सकिन्छ ।

शम्भोश्चित्तं वशे चैषा करिष्यति तपस्विनी । ८-२६ ।

यो जोडी उच्च कोटिको हुनेछ । तपाईंकी कन्यालाई प्राप्त गरेर नै शिव अर्धनारीश्वर हुनेछन् । तपाईंले आफ्नी कन्या शिवलाई दिएर सनाथ त हुनुहुन्छ नै, साथमा देवकार्य पनि सम्पन्न गर्नुहुनेछ । यो गोप्य रहस्य थियो, मैले बताइदिएँ । यसलाई अन्यत्र प्रकाशित नगर्नुहोला ।

हिमालय- हे ज्ञानी नारद ! शिव त निर्विकार एवं निर्गुण हुनुहुन्छ, उहाँले कसरी सगुण रूपवाली हाम्री कन्या वरण गर्नेछन् ? यो सन्देहले मलाई सताइरहेको छ ।

न त्वामृतेऽन्यां वरये दाक्षायणि सति प्रिये ।
भार्यार्थं न ग्रहीष्यामि सत्यमेतद् ब्रवीमि ते ॥ ८-४२ ॥

नारद- (सम्झाउँदै) पूर्वकालमा सतीसमक्ष उनले एउटा प्रतिज्ञा गरेका थिए, 'म तिमीबाहेक अन्य कन्याको पाणिग्रहण गर्नेछैनँ ।' हे शैलराज ! त्यही सती नै तिम्रो घर पुत्री बनेर आएकी हुन् । शिवको प्रतिज्ञानुसार पनि यिनै कन्यासँग मात्र पाणिग्रहण गर्नेछन् । तपाई निश्चिन्त हुनुहोस् ।

नारदले यति भनेपछि हिमालयको शङ्का निवारण भयो । उनी प्रसन्न भए ।

हर्षयन् गिरिराजं च मेनकां तनयैः सह । ८-५३ ।

अध्याय नवम, दशम

शिवको पसिनाबाट मङ्गल ग्रहको उत्पत्ति, भूमिद्वारा दुग्धपान, भौम नामकरण

पार्वती र हिमावान् दुवैलाई तपस्वी ब्राह्मणले ब्रह्ममुर्हूतको स्वप्नमा शिव आराधना सम्बन्धी उपदेश दिएको प्रसङ्ग वर्णन गरेपछि-

ब्रह्मा- दक्षयज्ञमा आफ्नी पत्नी सतीको वियोगले शिव अत्यन्त आहत भए, त्यसैले उनले दिगम्बर वेश धारण गरी सम्पूर्ण लोकमा उन्मत्त भएर भ्रमण गरे । कतै पनि शान्ति मिलेन र अन्तमा समाधिमा लीन भए ।

समाधाय मनो यत्नात् समाधिं दुःखनाशनम् ।
इत्थं चिरतरं स्थाणुस्तस्थौ ध्वस्त गुणत्रयः ॥ १०-११ ॥

यसरी सुदीर्घ कालपर्यन्त समाधिमा बसेपछि, एक दिन बिस्तारै नेत्र खोले । त्यति बेला ललाटबाट पसिनाको विन्दु पृथ्वीमा झर्‍यो । तुरुन्त त्यो पसिनाको विन्दुले शिशुको रूप धारण गर्‍यो ।

प्रभोर्ललाटदेशात्तु यत्पृषच्छ्रमसम्भवम् ।
पपात धरणौ तत्र स बभूव शिशुर्द्रुतम् ॥ १०-४४ ॥

त्यो बालक चार भुजा, लालवर्ण एवं दिव्यकान्तियुक्त थियो, तर पनि लोकाचार परायण भएर शिवको अगाडि रून थाल्यो । यो देखेर पृथ्वी सुन्दर स्त्री वेशमा डराउँदै प्रकट भइन्, बालकलाई उठाएर स्तनपान गराउन थालिन् । यो देखेर शिव किञ्चित मुस्कुराउँदै पृथ्वीलाई भन्न थाले ।

शिव- हे धरणी ! तिमी धन्य छौ । मेरो पुत्रको प्रेमपूर्वक पालन गर । यद्यपि यो बालक मेरो श्रमजलबाट उत्पन्न भएको हो, तथापि तिम्रो पुत्रको रूपमा प्रसिद्धि पाउनेछ । यो सधैं त्रिविध तापरहित, अत्यन्त गुणवान् र भूमि प्रदान गर्नेवाला हुनेछ र मलाई पनि सुख दिनेछ ।

असौ बालः कुदाता हि भविष्यति गुणी तव ।
ममापि सुखदाता हि गृहाणैनं यथारुचि ॥ १०-२३ ॥

शिवाज्ञा पाएर पृथ्वीले त्यो बालकलाई आफ्नो लोकमा लगिन् र भरणपोषण गर्न थालिन् । उसको नाम भौम राखियो । युवावस्था प्राप्त हुनासाथ ऊ काशी गयो र दीर्घकाल पर्यन्त शङ्करजीको सेवा गर्‍यो । पछि विश्वनाथको आशीर्वादले ग्रहको पदवी प्राप्त गरी दिव्यलोकको अधिपति भयो, जो शुक्रलोकभन्दा माथि आज पनि विद्यमान छ ।

विश्वेश्वरप्रसादेन ग्रहत्वं प्राप्य भूमिजः ।
दिव्यं लोकं जगामाशु शुक्रलोकात्परं वरम् ॥ १०-२७ ॥

अध्याय एकादश

शिव गङ्गावतरण क्षेत्रमा तपस्यार्थ आउनु, हिमालयद्धारा स्वागत एवं त्यस क्षेत्रको सम्पूर्ण सुरक्षाको जिम्मा लिनु

ब्रह्मा- हे नारद !

वर्धमाना गिरेः पुत्री स शक्तिर्लोकपूजिता ।
अष्टवर्षा यदा जाता हिमालयगृहे सती ॥ १ ॥

पार्वती आठ वर्षकी भइन् । शिवले पार्वतीको जन्म समाचार थाहा पाएर लौकिक गतिको

आश्रय लिई मनलाई एकाग्र गरी तपस्या गर्ने विचार गरे । नन्दी आदि शान्त पार्षदहरूलाई साथमा लिएर हिमालयको उत्तम शिखरस्थित 'गङ्गावतरण' नामको तीर्थमा आए, जुन स्थानमा गङ्गाजी सबैभन्दा पहिले भूतलमा अवतीर्ण भएकी थिइन् ।

शिवले त्यही 'गङ्गावतरण' स्थानमा जितेन्द्रिय भएर तपस्याको आरम्भ गरे । उनी आलस्यरहित, चेतन, ज्ञानशून्य, नित्य, ज्योर्तिमय, निरामय, जगन्मय, चिदानन्दस्वरूप, द्वैतहीन, आश्रयरहित, आफ्नो आत्मभूत परमात्माको एकाग्रभावले चिन्तन गर्न थाले ।

चेतो ज्ञानभवं नित्यं ज्योतिरूपं निरामयम् ।
जगन्मयं चिदानन्दं द्वैतहीनं निराश्रयम् ॥ ७ ॥

केही पार्षद शिवलाई साथ दिँदै ध्यानमग्न भए, कोही सेवापरायण भए । कोही द्वारपाल भए ।

हिमालयद्वारा शिवको स्वागत

शिवका समीपमा गई दीन भएर हिमालयले प्रार्थना-पूजा-अर्चना गरे र भन्न थाले, 'तपाईंले मलाई सनाथ गराइदिनुभयो । मेरो सौभाग्यको उदय भयो । मेरो जन्म र जीवन दुवै सफल भयो । मेरा लागि जो उचित छ, निःसङ्कोच आज्ञा दिनुहोस् ।

अद्य मे सफलं जन्म सफलं जीवनं मम ।
अद्य मे सफलं सर्व यदत्र त्वं समागतः ॥ २२ ॥

गिरिराजको स्तुति सुनेर शिवले किञ्चित आँखा खोले । सेवकगण सहित हिमालयको करबद्धाञ्जली देखेर भने-

महेश्वर-
निर्विघ्नं मे तपश्चात्र हेतुना येन शैलप ।
सर्वथा हि गिरिश्रेष्ठ सुयत्नं कुरु साम्प्रतम् ॥ ३० ॥

हे शैलराज ! म तिम्रो शिखरको एकान्तमा तपस्या गर्न आएको हुँ । तिमी यस्तो व्यवस्था गर कि कोही पनि मेरा निकट नआऊन् । तिमी स्वयं महात्मा हौ, तपस्याको घाम हौ । मुनिहरू, देवताहरू, राक्षसहरूको आश्रयदाता हौ । मेरो तपस्यामा कसैले विघ्न नगरून्, त्यस्तो प्रबन्ध गरिदेऊ ।

हिमालय- हे जगन्नाथ ! तपाईं निश्चिन्त रहनुहोस्, तपाईंको तपस्यामा कुनै प्रकारको बाधाविघ्न उपस्थित हुनेछैन, म त तपाईंको सेवा गरी महान् सुख सौभाग्य प्राप्त गरूँला ।

त्यसपछि हिमालय घर आए । पत्नी र पुत्रीलाई सबै कुरा अवगत गराए । सेवकगण पार्षद सबैलाई बोलाएर आज्ञा दिए- आज उप्रान्त यो गङ्गावतरण क्षेत्रमा जो जान्छ या शिव तपस्यामा विघ्न उपस्थित गराउनेछ, त्यो अवश्य नै दण्डनीय हुनेछ ।

अद्य प्रभृति नो यातु कोऽपि गङ्गावतारणम् ।
मच्छासनेन मत्प्रस्थं सत्यमेतद्ब्रवीम्यहम् ॥ ४० ॥

अध्याय द्वादश, त्रयोदश

शिवद्वारा पार्वतीको सेवा लिन अस्वीकार, शिव-पार्वती दार्शनिक संवाद, पछि सेवा गराउन स्वीकार

ब्रह्माजी- हे नारदजी, त्यसपछि शैलराजले पुत्री पार्वतीलाई लिएर शिवजी सेवार्थ तपस्थलीमा गए । ध्यानस्थ शिवसँग प्रार्थना गरे- हे शिव ! तपाईं ध्यानबाट आँखा खोलेर हामीलाई हेर्नुहोस् । म प्रतिदिन आफ्नी कन्याको साथ लागेर तपाईंको दर्शन र सेवा गर्न आउनेछु ।

प्रत्यहं चागमिष्यामि दर्शनार्थं तव प्रभो ।
अनया सुतया स्वामिन्निदेशं दातुमर्हसि ॥ १२-२२ ॥

अर्को पनि एउटा प्रस्ताव छ- मेरी पुत्री आफ्ना सखीहरूका साथ तपाईंको सेवा गर्न चाहन्छे । यदि तपाईंको आज्ञा भए यिनको इच्छा पनि पूर्ण गरिदिनुहोस् ।

शिवजी- हे गिरिराज, तिमी आफ्नी कन्यालाई घरमै राखेर मेरो दर्शन गर्न आउने गर अन्यथा नआऊ ।

आगन्तव्यं त्वया नित्यं दर्शनार्थं ममाचल ।
कुमारी सदने स्थाप्य नान्यथा मम दर्शनम् ॥ १२-२४ ॥

तिमीलाई थाहै छ, म तपस्वी योगी हुँ । युवती यस कार्यका लागि बाधक हुन्छे । वेदज्ञ विद्वान्ले पनि नारीलाई मायारूपिणी भनेका छन् । म यसै पनि यहाँ तपस्याका लागि आएको हुँ । स्त्री सङ्गबाट मनमा विषयवासना उत्पन्न हुन्छ र वैराग्य नष्ट हुन्छ । विनावैराग्यले तपस्या भ्रष्ट हुन्छ ।

अतस्तपस्विना शैल न कार्या स्त्रीषु सङ्गति ।
महाविषयमूलं सा ज्ञानवैराग्यनाशिनी ॥ १२-३३ ॥

यता पार्वती शिव र हिमालयको कुरा सुनिरहेकी थिइन् । उनको निरामय, निस्पृह, निष्ठुर वचन सुनेर हिमालयले त केही उत्तर दिन सकेनन् तर पार्वतीलाई भने असह्य भयो र भन्न थालिन् ।

शिव-पार्वतीको दार्शनिक वार्तालाप

पार्वती- हे योगी, तपाईंले गिरिराजसँग तपस्वी भएर जे भन्नुभयो, अब त्यसको उत्तर म दिन्छु ।

तपः सक्त्यान्वितः शम्भो करोषि विपुलं तपः ।
सा शक्ति प्रकृतिर्ज्ञेया सर्वेसामपि कर्मणाम् ॥ १३-२ ॥

तपाईं स्वयं तपशक्तिले सम्पन्न भएर तपस्या गर्नुहुन्छ । शक्ति सबै कर्महरूकी जननी हुन् र यसलाई प्रकृति भनिन्छ । प्रकृतिबाटै सबैको सृष्टि, पालन र संहार हुन्छ । प्रकृतिविना तपाईंको अस्तित्व एवं तप वा तपजन्य फल केही रहँदैन । तपाईं सबैको अर्चनीय, वन्दनीय, चिन्तनीयको मूल कारण नै प्रकृति हो । त्यसैले जे गरिरहनुभएको छ, त्यो सबै प्रकृतिभित्र नै छ ।

शिव- तपसा परमेणैव प्रकृतिं नासायाम्यहम् ।
प्रकृत्या रहितः शम्भुरहं तिष्ठामि तत्त्वतः । १३-७ ।

अर्थात्, म उत्कृष्ट तपस्याद्वारा नै प्रकृतिको नाश गर्दछु । सत्पुरूषले प्रकृतिको सङ्ग्रह पनि गर्नुहुँदैन ।

पार्वती- हे योगिन्, तपाईंले जे भन्नुभयो के त्यो वाणी प्रकृति होइन ? जे गरिन्छ, सुनिन्छ, देखिन्छ, के त्यो प्रकृति होइन र ?

यच्छृणोषि यदश्नासि यस यत्पश्यसि करोषि यत् ।
तत्सर्वं प्रकृते कार्यं मिथ्यावादो निरर्थकः ॥ १३-१३ ॥

यदि तपाईं प्रकृतिभन्दा बाहिर भए तपस्या किन गर्नुहुन्छ ? प्रकृतिले तपाईंलाई निलेको छ । तपाईंले आफ्नो स्वरूपलाई चिन्न सक्नुभएको छैन । तपाईंले तपस्या गर्नु नै किन आवश्यक पऱ्यो ?

ज्यादा के भनूँ ? म प्रकृति हुँ । तपाईं पुरूष हुनुहुन्छ । मेरै अनुग्रहले तपाईं सगुण र साकार मानिनु भएको हो ।

सा चाहं पुरुषोऽसि त्वं सत्यं सत्यं न संशयः ।
मदनुग्रहतस्त्वं हि सगुणो रूपवान्मतः ॥ १३-१८ ॥

यदि तपाईंलाई प्रकृतिभन्दा बाहिर छु भन्ने लाग्छ भने तपाईंको समीपमा कोही होस् या नहोस्, केही फरक पर्नेछैन, डराउनु पर्नेछैन ।

शिवद्वारा सेवा गराउन सहमति

शिव- हे सुन्दरभाषिणी ! साङ्ख्य मतलाई अवलम्बन गर्ने भए प्रतिदिन मेरो सेवा गर तर सेवा शास्त्रनिषिद्ध हुनुहुँदैन ।

प्रत्यहं कुरु मे सेवामनिषिद्धां सुभाषिणि । १३-२३ ।

शिवाज्ञा प्राप्त भएपछि हिमवान् पुत्री पार्वतीसहित प्रतिदिन शिव दर्शनार्थ आउन थाले । पार्वती कहिलेकाहीँ पिताविना पनि सखीहरूका साथ आएर भक्तियुक्त सेवा गर्थिन् ।

पित्रा विनापि सा काली सखीभ्यां सह नित्यशः ।
जगाम शङ्कराभ्याशं सेवायै भक्तितत्परा ॥ १३-३२ ॥

यसरी पार्वती प्रतिदिन सेवार्थ जान्थिन्, चरण धुन्थिन्, षोडशोपचारले पूजन-अर्चना-वन्दना-ध्यान-चिन्तन गरेर फर्किन्थिन् । यसै बिचमा इन्द्रादि देवताहरूले तारकासुरको अत्याचारबाट पीडित भएर शिवका समीपमा कामदेवलाई पठाए, तर उसलाई शिवले तुरुन्तै भस्म गरिदिए । कामदेव भस्म भएपछि पार्वतीलाई असह्य भयो । त्यसपछि कठोर तपस्या गरिन् जसको फलस्वरूप शिव द्रवीभूत भए अनि मात्र पाणिग्रहण गरे ।

अध्याय चतुर्दश, पञ्चदश, षोडश

पिता वज्राङ्ग र पुत्र तारकासुरको जन्म, तप, वरप्राप्ति, भयभीत देवता ब्रह्माको शरणमा, ब्रह्माद्वारा आश्वासन प्रदान

नारदजी- कः तारकासुरो ब्रह्मन् येन देवाः प्रपीडिताः ।
कस्य पुत्रस्य वै ब्रूहि तत्कथां च शिवाश्रयम् ॥ १४-२ ॥

हे पिताश्री ! अब मलाई तारकासुरको विषयमा भन्नुहोस् । यो कसको पुत्र थियो ? देवताहरूलाई किन सतायो ?

ब्रह्मा- (शिवस्मरण गर्दै भन्न थाले) हे नारद !

मम पुत्रो मरीचिर्यः कश्यपस्तस्य चात्मजः । १४-८ ।

मेरो पुत्र मरीच हो, उसको पुत्र कश्यप भयो । कश्यपले दक्षप्रजापतिका १३ कन्यासँग विवाह गऱ्यो । ज्येष्ठ पत्नीको नाम दिति थियो । दितिले सर्वप्रथम हिरण्याक्ष-हिरण्यकशिपुलाई जन्म दिइन् जसलाई वराह र नृसिंहले वध गरे । त्यसपछि दिति दुःखी भएर पयोव्रतद्वारा तपस्या गरिन् । समयमै गर्भ रहयो तर 'इन्द्र' गर्भमै प्रवेश गरी, गर्भस्थ शिशुलाई पहिले ७ (सात) टुक्रा पाऱ्यो । जीवितै देखेपछि पुनः ७×७ (सात×सात)= ४९ (उनान्चास) टुक्रा पाऱ्यो, जसको फलस्वरूप ४९ उनान्चास मरूद्‌गण प्रकट भए ।

दितिलाई फेरि पश्चात्ताप भयो, उनी कश्यपको शरणमा गइन् । यसपल्ट कश्यपले १० (दश) हजार वर्षपर्यन्त तपस्या गर्न भने । दितिले तप पूर्ण गरिन्, अनि महान् पराक्रमी पुत्र प्राप्त गरिन् जसको नाम 'वज्राङ्ग' राखियो । यसैको पुत्र तारकासुर थियो ।

वज्राङ्ग नामा सोऽभूद्वै दितिपुत्रोऽमरोपमः ।
नामतुल्यतनुर्वीरः सुप्रताप्युद्भवाद् बलीः ॥ १४-१८ ॥

वज्राङ्ग सात्त्विक एवं शिवभक्त थियो । उसमा दैत्यकुलमा जन्मेर पनि राक्षसी भाव थिएन ।

माता दितिले इन्द्रसहित देवताहरूलाई पराजित गर भनी आज्ञा दिइन् । माताको आज्ञा पाउनासाथ वज्राङ्गले तुरुन्त इन्द्रलाई दण्ड दियो र देवताहरूलाई पनि कष्ट दियो । त्यसपछि ब्रह्माको शरणापन्न भएर तत्त्वज्ञान एवं निर्विकार सम्बन्धी याचना गऱ्यो । वज्राङ्गको स्वभावलाई देखेर ब्रह्माले 'वराङ्गी' नामकी कन्या सृष्टि गरी उनलाई प्रदान गरे ।

वराङ्गी नाम तां दत्वा तस्मै दिति सुताय वै । १४-२७ ।

पत्नी पाएपछि वज्राङ्ग त त्यस्तै नै रह्यो तर वराङ्गीको मनमा राक्षसीपना थियो । उनी कामातुर भएर पतिको सेवा गर्न थालिन् । वज्राङ्ग प्रसन्न भए र पत्नीलाई सोधे-

किमिच्छसि प्रिये ब्रूहि किं ते मनसि वर्तते । १४-३१ ।

वराङ्गी- यदि तपाईं प्रसन्न हुनुहुन्छ भने त्रैलोक्य विजयी महाबली एक पुत्र दिनुहोस्, जसले इन्द्रलाई दुःख दिन सकोस् ।

वज्राङ्गलाई धर्मसङ्कट- पत्नीको माग सुनेपछि वज्राङ्ग धर्मसङ्कटमा परे । इच्छा पूरा गर्दा देवता-मुनिहरू दुःखी हुने, नगर्दा आफू नरक जानुपर्ने ।

वज्राङ्ग इत्थं बभ्राम स मुने धर्मसङ्कटे ।
बलाबलं द्वयोस्तत्र विचिचिन्तं च बुद्धितः ॥ १४-३७ ॥

अन्त्यमा शिवलाई स्मरण गरी पत्नीलाई 'तथास्तु' भनिदिए र स्वयं यम-नियमको पालना गर्दै तपस्या गर्न थाले । लामो समय तपस्या गरेपछि ब्रह्मा वर दिन गए र वर माग्न भने ।

वज्राङ्ग- हे पितामह ब्रह्मा ! मेरो तपस्याबाट तपाईं सन्तुष्ट हुनुहुन्छ भने, मेरी आमा (दिति) लाई सुख दिने र पत्नीको इच्छा अनुरूपको महान् पराक्रमी श्रेष्ठ पुत्र प्रदान गर्नुहोस् ।

ब्रह्मा- तथास्तु ! भन्दै आफ्नो धाम फर्किए ।

तारकासुरको जन्म, तप, वर एवं राज्यप्राप्ति वर्णन

ब्रह्मा- **अथं सा गर्भमाधत्त वराङ्गी तत्पुरादरात् ।**
स ववर्द्धाम्यन्तरे हि बहुवर्षैः सुतेजसा ॥

वराङ्गीले गर्भधारण गरिन्, समय पूरा भएपछि दसै दिशालाई प्रकाशित गर्नेवाला पुत्र पैदा भयो । पुत्र पैदा हुनासाथ अनेक उत्पात हुन थाले । भूतल, अन्तरिक्ष एवं स्वर्गमा अनर्थकारी उपद्रव हुन थाले । आकाशमा धूमकेतु, पहाडसहित पृथ्वीमा भूचलन (भूकम्प) आयो । नदी तथा समुद्र चलायमान भए । आँधीबेरीसहित धुलो उडेर आकाश ढाकियो । राहुकेतुले बारम्बार चन्द्रसूर्यमाथि आक्रमण गरे । आकाशमा सूर्य, मङ्गल, शनि ग्रह प्रकोपित भए ।

त्यतिमात्र होइन, पशु भाग्न थाले । पक्षी उड्न थाले । गाई स्तनबाट रगत बहाउन थाले, बादलले पिप बर्साउन थाल्यो । देवताहरू रुन थाले, आँधीविना नै रूख ढल्न थाले । आकाशमा परस्पर गृहयुद्ध हुन थाल्यो । मानिसहरू यी सबै उत्पात देखेर प्रलयको आशङ्का गर्न थाले ।

अथ प्रजापतिर्नामाकरोत्तस्यासुरस्य वै ।
तारकेति विचार्यैव कश्यपो हि महौजसः ॥ १५-१८ ॥

नवजात शिशुको नाम 'तारक' राखियो । तारकासुर पत्थरझैँ दृढ हुँदै गयो र पर्वतराजझैँ बढ्न थाल्यो । त्यसपछि आफ्नी मातासँग आज्ञा लियो र देवताहरूमाथि विजय प्राप्त गर्न सकूँ भनी गुरूसँग आज्ञा लिएर मधुवनमा तपस्या गर्न थाल्यो ।

तारकासुरको तपस्या वर्णन

ऊर्ध्वबाहुश्चैकपादो रवि पश्यन्स चक्षुषा ।
शतवर्षं तपश्चक्रे दृढचित्तो दृढव्रतः ॥ १५-२३ ॥

एक सय वर्ष जमिनमा उभिएर, एक सय वर्ष एउटा खुट्टाले उभिएर तथा हात माथि उठाएर, आफ्नो दृष्टि सूर्यतिर स्थिर गरेर, एक सय वर्ष अङ्गुष्ठले भुइँमा टेकेर, एक सय वर्ष जल मात्र पिएर, एक सय वर्ष वायु मात्र पिएर, एक सय वर्ष पानीमा उभिएर, एक सय वर्ष अग्निमा उभिएर, एक सय वर्ष अधोमुख गरेर, एक सय वर्ष हातको सहाराले उभिएर, एक सय वर्ष रूखमा पाउ अल्झाएर अधोमुख भई, यज्ञाग्निको धुँवा पान गरेर तारकासुरले तपस्या गऱ्यो ।

यसरी जम्मा दश हजार वर्ष पर्यन्त तपस्या गऱ्यो । अन्त्यमा उसको शिरबाट भयङ्कर तेज निस्क्यो र तीनै लोकलाई दग्ध गराउन थाल्यो । देव-ऋषि-मुनि-मानव सबै भयभीत भए र ब्रह्माको शरणमा गए । ब्रह्माले आश्वासन दिए ।

ब्रह्माद्वारा तारकासुरलाई वरदान, देवताहरूलाई आश्वासन

ब्रह्मा तारकासुरको तपस्थलीमा गए, उसलाई उठाए र वर माग्न भने, 'तिमीले कठोर तप गऱ्यौ, त्यसैले अदेय वर छैन । माग, के माग्छौ ?

तारकासुर- हे ब्रह्मा ! मलाई दुईवटा वर दिनुहोस् ।

(१) सम्पूर्ण लोकमा म जस्तो बलवान् कोही नहोस् ।
(२) शिव वीर्यबाट उत्पन्न कार्तिकेय सेनापति भएर युद्ध गर्दा मेरो मृत्यु होस् ।

शिववीर्यसमुत्पन्नः पुत्रः सेनापतिर्यदा
भूत्वा शस्त्रं क्षिपेन्मह्यं तदा मे मरणं भवेत् ॥ १५-४१ ॥

ब्रह्मा- तथास्तु ! भनेर आफ्नो गन्तव्यमा फर्किए ।

यता, तारकासुर वर प्राप्त गरेपछि शोणितपुर आयो । दैत्यगुरु शुक्राचार्यले तीनै लोकको अधिपति पदमा अभिषिक्त गरे । देवताहरूले आफ्नो अमूल्य वस्तु, निधि, खजाना सबै उपहार स्वरूप अर्पण गरे, तर उसले देवताहरूलाई हटाएर दैत्यहरूलाई नियुक्त गऱ्यो । शक्तिहीन देवताहरू अनाथ भएर पुनः ब्रह्माकै शरणमा गए र तारकासुरको अन्त्य कसरी

गर्ने भन्ने विषयमा परामर्श गर्न थाले ।

ब्रह्माद्वारा देवताहरूलाई आश्वासन

ब्रह्मा- हे देवताहरू हो ! तिमीहरू धैर्य गर । तारकासुरलाई शिवपुत्रले मात्र वध गर्न सक्नेछ । अहिले दक्षपुत्री सती मेनाको घर पार्वती भएर जन्मिसकेकी छिन् । उनका साथ शिवको विवाह भएपछि काम बन्नेछ ।

शिव ऊर्ध्वरेता (वीर्यलाई तपस्याका बलले माथितिर लान सफल) हुन् । पार्वतीले मात्र यसलाई शान्त गराउन सक्छिन् । अहिले पार्वती उनकै सेवामा संलग्न छिन्, त्यसैले सेवामा सहायक बन ।

त्यसपछि ब्रह्मा स्वर्गमा गए र तारकासुरलाई भने, हे तारक ! तँलाई मैले स्वर्गको राज्य दिएको थिइनँ, त्यसैले यसलाई छोडेर पृथ्वीको राज्य भोग गर । स्वर्ग हाम्रो तेजको सारतत्त्व हो ।

ब्रह्माको आज्ञाले तारकासुर शोणितपुरमा आएर राज्य गर्न थाल्यो । देवताहरूले आफ्नो स्थान पाए र कसरी शिवपुत्र प्राप्त हुन्छ भन्ने विषयमा परामर्श गर्न थाले ।

अध्याय सप्तदश

इन्द्रले कामलाई शिव मोहन गर्ने आज्ञा दिनु

ब्रह्मा- हे नारद ! त्यसपछि इन्द्रले कामदेवको स्मरण गरे । कामदेव उपस्थित भयो । आज्ञार्थ याचना गऱ्यो ।

कामदेव-

किं कार्यं ते समुत्पन्नं स्मृतोऽहं केन हेतुना ।
तत्त्वं कथय देवेश तत्कर्तुं समुपागतः ॥ ४ ॥

इन्द्र- हे मित्र ! कालवशात् ममाथि दुःख आइपरेको छ । तिमीबाहेक यो समस्या कसैले समाधान गर्न सक्तैन । त्यसै पनि दाताको दुर्भिक्षमा, शूरवीरको रणभूमिमा, मित्रको आपत्तिमा, स्त्रीको पतिको असमर्थतामा परीक्षा हुन्छ ।

दातुः परीक्षा दुर्भिक्षे रणे शूरस्य जायते ।
आपत्काले तु मित्रस्याशक्तौ स्त्रीणां कुलस्य हि ॥ १२ ॥

हे मित्र ! तिमीलाई थाहा नै छ, यतिबेला तारकासुरको बिगबिगी छ । उसलाई शिवपुत्रले मात्र वध गर्न सक्छ । ब्रह्माले यस्तै वर दिएका छन् । अहिले, शिव सतीवियोगले प्रताडित भएर समाधिमा बसेका छन् । खुसीको कुरोचाहिँ के छ भने, सतीले हिमालयको घरमा

पार्वती भएर जन्म लिइसकेकी छिन् र तिनै पार्वती आफ्ना सखीहरूका साथ शिवको सेवामा छिन् । त्यसैले, तिमीले शिवलाई मोहित गराई पार्वतीको पाणिग्रहण गर्न सफल बनाउनु छ । यति काम भएपछि सम्पूर्ण देवता-ऋषि-मुनिहरूको कार्य सम्पन्न हुनेछ र तिम्रो यश पनि संसारमा फैलिनेछ ।

इन्द्रको आज्ञा पाएपछि कामदेव प्रसन्न भयो । म यो कार्य अवश्य सम्पन्न गर्नेछु भन्दै इन्द्रसँग बिदा लियो । त्यसपछि आफ्नी पत्नी रति र गण वसन्तादिलाई लिएर कामदेव, शिवको तपस्थलीमा पुग्यो ।

यत्र योगीश्वरः साक्षात्तप्यते परमं तपः ।
जगाम तत्र सुप्रीतः सदारः सवसन्तकः ॥ ४३ ॥

अध्याय अष्टादश, एकोनविंश

रुद्रको तृतीय नेत्रद्वारा कामदेव भस्म, रति विलाप, द्वापरमा प्रद्युम्न भएर जन्म लिने वरदान, रति शम्बर नगरमा जानु

ब्रह्मा- तत्र गत्वा स्मरो गर्वी शिवमायाविमोहितः ।
मोहकः स मधोश्चादौ धर्म विस्तारयन्स्थितः ॥ १८-१ ॥

हे नारद ! शिवमाया मोहित कामदेव शिवको तपस्यारत क्षेत्रमा पुग्यो । कामदेवका गणहरूले आ-आफ्नो कार्य गर्न थाले । वसन्त ऋतुले पुग्नेबित्तिकै आफ्नो पराक्रम वृक्ष-लता-कुञ्जमा फैलायो । अपुष्पित पुष्प पुष्पित भए, सुगन्धित वायु प्रवाहित हुन थाल्यो, कोइली, मयूर, भ्रमरा, सारस, सुगा आदि पक्षीहरू गुञ्जन गर्न थाले । चन्द्रमाले आफ्नो षोडशकला फैलायो । मानौं त्रिलोकको सुन्दर कमनीयता त्यहाँ फैलाएझैँ भयो त्यसैले मुनि, मुनीन्द्र, ऋषि, तपस्वी, मानव सबै मोहित हुन पुगे ।

महायोगी शिव पनि असमयमा देखापरेको विपरीत परिवेशबाट केही मात्रामा विचलित भए तर धैर्यधारण गरी पुनः तपस्यामा लागे ।

सखीहरूका साथ पार्वतीको आगमन- यसै बिचमा सखीहरूका साथ पार्वती शिवसेवार्थ पुगिन् । कामदेवले उनीमाथि यस्तो कमनीय शृङ्गार गरिदियो कि उनको तुलना गर्ने कुनै वस्तु या चिज नै रहेन । उनी अतुलनीय रूपवती भएकी थिइन् ।

पृथिव्यां यादृशं लोकैः सौन्दर्यं वर्ण्यते महत् ।
तत्तत्सर्वाधिकं तस्यां पार्वत्यामस्ति निश्चितम् ॥ १८-२२ ।

पार्वतीको शृङ्गार रसयुक्त हाउभाउ देखेर शिव झनै मोहित हुँदै गए । पार्वती यो देखेर लज्जाशील हुँदै नतमस्तक भइन् । शिव पार्वतीभित्रै सृष्टिको सम्पूर्ण सौन्दर्य देख्न थाले । यिनी परैबाट हेर्दा त यस्ती कामिनी छिन् झन् आलिङ्गन नै गर्दा त कस्तो होला ? भन्ने सोच्दै शिवले हात बढाए । कामदेवले उचित अवसर ठानेर पाँचै बाण एकै साथ छोडिदियो तर पार्वती त्यतिन्जेलसम्ममा अलग भइसकेकी थिइन् । यतिकैमा शिव तुरुन्तै सतर्क भए । स्वज्ञान प्राप्त गरे ।

शिवको तृतीय नेत्राग्नि प्रकट, कामदेव भस्म

शिवले सोचे, 'मलाई किन विकार उत्पन्न भयो ?'

किमु विघ्नाः समुत्पन्नाः कुर्वतस्तपमुत्तमम् ।
केन मे विकृतं चित्तं कृतमत्र कुकर्मिणा ॥ १९-४ ॥

क्रोधित भएर चारैतिर नजर घुमाए । तुरुन्त नै आफ्नै छेउमा उभिएको मूर्ख कामदेवलाई देखे । उसले बाण छोडिसकेको थियो तर आफ्नो प्रभाव नदेखाइकन शान्त भइसकेको थियो । त्यसैले भयभीत हुँदै काँपिरहेको थियो ।

कामदेव डराएर इन्द्रादि देवताहरूलाई स्मरण गऱ्यो । देवताहरू एकत्रित भए । क्रोधित शिवलाई मनाउन देवताहरू 'क्षम्यताम्..... क्षम्यताम्'..... भन्न थाले । हे शूलपाणि ! हे रुद्र ! शान्त हुनुहोस् । क्षमा दिनुहोस् भन्दै सबै देवताहरू हात जोडेर स्तुति गर्न थाले ।

यत्तिकैमा शिवको तृतीय नेत्रबाट करोडौं वह्निशिखा समान जाज्वल्यमान् अग्नि निस्कियो, तुरुन्त नै अग्निज्वालाले कामदेवलाई भस्म गऱ्यो ।

तृतीयात्तस्यनेत्राद्वै निस्ससार ततो महान् । १९-१४ ।
भस्मसात्कृतवान्साधो मदनं तावदेव हि । १९-१७ ।

कामदेव भस्म भयो । पार्वतीको आभा पहेँलो भयो । उनी डराउँदै घर फर्किन् । रति मूर्च्छित भइन् । चेतना आएपछि कातर स्वरले विलाप गर्न थालिन् ।

रतिको विलाप- **किं करोमि क्व गच्छामि किं कृतं दैवतैरिह ।**
मत्स्वामिनं समाहूय नाशयामासुरुद्धतम् ॥ १९-२२ ॥

म कहाँ जाऊँ ? के गरूँ ? देवताहरूले आफ्नो स्वार्थ पूरा गर्न मेरा पतिको वध गरे । हा प्राणनाथ ! हा प्रिये ! अब कसरी बाँचूँ ? यसरी विलाप गर्दै रति पृथ्वीमा लडिन्, बेहोस भइन् ।

देवता- हे रति ! धैर्य गर । कामदेवको भस्म सुरक्षित राख । हामी उसलाई जीवित गरिदिन्छौं । सबैले आ-आफ्नो कर्मानुसार फल भोग्छन्, यसमा हाम्रो के दोष ?

रतिको विलापले जड, वृक्ष, लता आदिसमेत दुःखी भए । देश-काल-वातावरण, प्रकृति,

जीवजगत् सबै दुःखी भए ।

देवताद्वारा शिव प्रार्थना, कामदेव-रतिलाई वरदान

त्यसपछि देवताहरू शिवसमीप गए अनि प्रार्थना गर्न थाले, 'हे शरणागतवत्सल ! कामदेवले जे गऱ्यो त्यो हाम्रो प्रेरणाले गरेको थियो किनकि हामी तारकासुरदेखि पीडित छौं । यसमा उसको दोष थिएन । कृपया तपाईं प्रसन्न हुनुहोस् । रतिको उद्धार गर्नुहोस् । दया गर्नुहोस् ! कृपा गर्नुहोस् !

रतिरेकाकिनी देव विलापं दुःखिता सती । १९-३३ ।
तस्मात्त्वया च कर्तव्यं रत्याश्शोकापनोदनम् । १९-३५ ।

शिव- हे देवताहरू हो ! हे ऋषिहरू हो ! जे भयो, सो बित्यो । त्यो फेरि पूर्वरूपमा आउँदैन । त्यसैले कामदेव त्यति बेलासम्म 'अनङ्ग' (शरीररहित) रहनेछ, जबसम्म रूक्मिणीपति श्रीकृष्णको धरतीमा अवतार हुनेछैन । रूक्मिणीको गर्भबाट प्रद्युम्न (कामदेव) को जन्म हुनेछ । जन्मिएपछि प्रद्युम्नलाई शम्बरासुरले हरण गर्नेछ र समुद्रमा फाल्नेछ । प्रद्युम्नलाई माछाले निल्नेछ । माझीले माछाको पेटमा बालक देखेपछि राजा शम्बरासुरलाई सुम्पिनेछ । यसरी पुनः शम्बरासुरकै घरमा उसको लालनपालन हुनेछ । अन्त्यमा, त्यही शम्बरासुरकी पुत्री रतिसँग प्रद्युम्नको विवाह भई कामदेव र रतिले जीवन पाउनेछन् । शम्बरासुरको वधको कारण पनि प्रद्युम्न नै हुनेछन् । त्यसैले रतिले पनि अहिले त्यहीँ जानु उचित हुनेछ र समयको प्रतीक्षा गर्नुपर्नेछ ।

यावच्चावतरेत्कृष्णो धरण्यां रूक्मिणीपतिः ।
द्वारकायां यदा स्थित्वा पुत्रानुत्पादयिष्यति ॥ १९-३८ ॥
प्रद्युम्नं नाम तस्यैव भविष्यति न संशयः ।
जातमात्रं तु तं पुत्रं शम्बरः संहरिष्यति ॥ १९-४० ॥
तावच्च नगरं तस्य रते स्थेयं यथासुखम् । १९-४२ ।

त्यति बेलासम्मका लागि म सबैको हृदयमा कामदेवलाई जीवित गरिदिन्छु । ऊ मेरो गण भएर विहार गर्नेछ । यति भनेर शिव अन्तर्ध्यान भए । देवता पनि आ-आफ्ना गन्तव्यतर्फ प्रस्थान गरे । रति पनि शम्बर नगरतिर लागिन् र समयको प्रतीक्षा गर्न थालिन् ।

अध्याय विंश, एकविंश

शिवको क्रोधाग्निलाई वडवा (अश्व) नल नामकरण गरी ब्रह्माले समुद्रमा स्थापना गर्नु, नारदजीले पार्वतीलाई पञ्चाक्षर मन्त्रदीक्षा दिनु

ब्रह्मा- यदा भस्म चकाराशु तृतीयनयनानलः ।
शम्भोः कामं प्रजज्वाल सर्वतो विफलस्तदा ॥ २०-२ ॥

हे नारद ! कामदेवलाई भस्म गरेपछि शिवको क्रोधाग्नि सबैतिर फैलियो । दिशा, विदिशा, पर्वत, कन्दरा, आकाश, धर्ती हुँदै लोक-लोकान्तरसम्म क्रोधाग्नि पुग्यो । चर अचर सबै भयभीत भए । देवताहरू त्राहि ! त्राहि ! भन्दै ब्रह्माको शरणमा पुगे र शान्त गराउन अनुरोध गरे ।

त्यसपछि ब्रह्माले शिवस्मरण गरी त्यो क्रोधाग्निलाई पहिले स्तम्भित गरे, फेरि त्यसलाई वडवा (घोडा) को रूपमा परिणत गरेर त्यसलाई लिएर समुद्रको छेउमा पुगे ।

तं वाडवतनुमहं समादाय शिवेच्छया ।
सागरं समगां लोक हिताय जगतां पति ॥ २०-८ ॥

यता क्रोधाग्नि घोडा रूपमा परिणत हुनासाथ सर्वत्र शान्ति छायो । समुद्रले घोडासहित ब्रह्मालाई देखेर विनम्र भई स्वागत-सम्मान एवं प्रार्थना गर्‍यो ।

ब्रह्माले समुद्रको स्वागत स्वीकार गरे । त्यसपछि क्रोधाग्निलाई आफ्नै साथमा राख्न आज्ञा दिए । समुद्रले सहर्ष स्वीकार गर्‍यो । त्यस बेलादेखि समुद्रमा शिवको क्रोध ज्वारभाटा, बडवानल देखिन थालेको हो ।

नारदजी- मदन दहन भएपछि पार्वतीले के गरिन् ?

किं चकार ततो देवी पार्वती कुधरात्मजा । २१-३ ।

ब्रह्मा- शिवविरहले प्रताडित पार्वती त्यति बेला घर आइन् तर मातापिता- भ्राता- सखीजन- सुहृद्जन- सबैले अनेक उपायद्वारा सम्झाउँदा पनि पार्वतीको दशा व्यथित नै रह्यो । उनले सुत्दा, जाग्दा, खाँदा, पिउँदा, नुहाउँदा, धुँदा, हिँड्दा, डुल्दा कुनै पनि बेला सुखको अनुभव गर्न सकिनन् । आफ्नो जन्मलाई धिक्कार्दै, बारम्बार शिव ! शिव ! मात्रै भन्थिन् ।

धिक्स्वरूपं मदीयं च तथा जन्म च कर्म च ।
सुखं न लेभे किञ्चिद्वाब्रवीच्छिव शिवेति च ॥ २१-१६ ॥

एक दिन इन्द्रको प्रेरणाले लोक पर्यटन गर्दै तिमी (नारद) त्यहाँ गयौ र हिमालय-मेनालाई शिवाराधनाको शिक्षा दियौ, पार्वतीलाई शिवको तप गर्न प्रेरित गऱ्यौ । तपले असाध्य वस्तु पनि प्राप्त हुन्छ । यस्तो तप गर कि शिव स्वयं हठपूर्वक तिम्रो वशमा आउन् र तिमीलाई सहधर्मिणी स्वीकार गरून् ।

पार्वती- हे नारद ! मलाई तपस्यार्थ शिवमन्त्र-दीक्षा दिनुहोस् ।

रुद्रस्याराधनार्थाय मन्त्रं देहि मुने हि मे ।
न सिध्यन्ति क्रिया कापि सर्वेषां सद्गुरुं विना ॥ २१-३१ ॥

जिज्ञासु शिष्या पाएर नारदजीले तुरुन्त 'पञ्चाक्षर' मन्त्र (ॐ नमः शिवाय) दीक्षा दिएर यसको विधि पनि सविस्तार बताए । यो मन्त्रको प्रभाव अतुलनीय छ, अभीष्ट प्राप्ति हुन्छ । यस घडीमा वियोगी होइन दृढ भएर, कातर होइन संयमित भएर तप गर्नू, अनि मात्र सबै कामना पूर्ण हुनेछन् ।

तपस्यैव फलं सर्वैः प्राप्यते नान्यथा क्वचित् । २१-३९ ।

अध्याय द्वाविंश

पार्वतीको कठोर तपस्या

ब्रह्मा- **तप साध्यं हरं मेने तपोऽर्थं मन आदधे । १ ।**

पार्वतीले तपस्यार्थ मनमा सङ्कल्प गरिन् । आफ्ना सखी जया-विजयालाई मातापिताको अनुमति लिन पठाइन् । पिताले त स्वीकृति दिए तर स्नेहको कारण माताले बाहिर गएर तपस्या गर्न निषेध गरिन् । तपस्यार्थ बाहिर (उ) नजाऊ (मा) भनिएकाले 'उमा' नाम भयो ।

मेना- हे पुत्री ! तपस्या नै गर्न चाहन्छौ भने घरमै गर । सबै देव-तीर्थ-हिमालय (घर) मा नै छन् ।

कुत्र यासि तपः कर्तुं देवाः सन्ति गृहे मम ।
तीर्थानि च समस्तानि क्षेत्राणि विविधानि च ॥ २० ॥

तिम्रो शरीर पनि कोमल छ, तपस्यार्थ परिपक्व भएको छैन ।

शरीरं कोमलं वत्से तपस्तु कठिनं महत् ।
एतस्मात्तु त्वया कार्यं तपोऽत्र न बहिर्व्रज ॥ २२ ॥

त्यसै पनि कुनै इच्छापूर्तिका लागि स्त्रीले वनमा गएर आजसम्म तपस्या गरेको सुनिएको छैन । त्यसैले घरमा नै तपस्या गर ।

कालिदासले 'कुमारसम्भवम्' मा भनेका छन्-

मनीषिता सन्ति गृहेषु देवता क्व च तपस्ते क्व च तावकं वपुः
पदं सहेत भ्रमरस्य हेलनं शिरीष पुष्पं न पुनः पतत्रिणः ॥

मेनाले विरोध गरेपछि पार्वतीको धैर्य टुट्यो । यो देखेर मेनाले अन्त्यमा तपस्यार्थ जान अनुमति प्रदान गरिन् ।

पार्वतीद्वारा मृगचर्म-वल्कल धारण

माताद्वारा पनि तपस्यार्थ स्वीकृति प्राप्त गरेपछि पार्वतीले आफ्नो वस्त्र त्यागिन् र कटि प्रदेशमा मुञ्जकी मेखला बाँधिन् । वल्कल धारण गरिन् । मृगचर्म, कमण्डलु, रूद्राक्ष र जटाजूटले सुशोभित भइन् र सखीहरूलाई साथमा लिएर 'गङ्गावतरण' (गङ्गोत्री) क्षेत्रमै तपस्यार्थ गइन् । यसै क्षेत्रमा शिवले कामदेवलाई भस्म गरेका थिए । गौरीद्वारा तपस्या गरेकाले त्यो शिखरको नाम नै 'गौरी शिखर' रहृयो । कामदेवलाई भस्म गरेपछि शिवले यो स्थानलाई त्यागिदिएका थिए । त्यहीँ भव्य वेदी निर्माण गरी, वृक्षहरूलाई साक्षी राखी पार्वतीले मुनिहरूभन्दा पनि कठोर तप गर्न थालिन् ।

पार्वतीको तप वर्णन

शिवले यही क्षेत्रमा साठी हजार वर्षपर्यन्त तपस्या गरेका थिए भने पार्वतीले तीन हजार वर्ष तपस्या गरेकी थिइन् । पार्वतीले मनसहित सबै इन्द्रियहरूलाई वशमा राखेर नित्य 'पञ्चाक्षर' मन्त्रको जप गर्दै वेदीमा बसेर तपस्या गर्न थालिन् ।

ग्रीष्मे च परितो वन्हिं प्रज्वलन्तं दिवानिशम् ।
कृत्वा तस्थौ च तन्मध्ये सततं जपती मनुम् ॥ ४० ॥

वर्षायाममा शिलामा बसेर, शीतकालमा आकण्ठमग्न जल र हिउँको चट्टानमा बसेर तपस्या गर्थिन् । आँधी, सर्दी, वर्षा, गर्मी आदिको पर्वाह नगरी केवल मन्त्रजप र शिवचिन्तनको ध्येय मात्र गर्थिन् । सुरूवाती दिनमा फल खाएर, अलिपछि वनस्पतिका पात खाएर र पछि त्यो पनि त्याग गर्नाले उनको नाम नै 'अपर्णा' हुन पुग्यो ।

आहारे त्यक्तपर्णाभूद्यस्माद्धिभवतः सुता । ४९ ।

पार्वतीको तपोभूत त्यस क्षेत्रमा विपरीत स्वभाव भएका पशुपन्छी पनि विरोधी देखिँदैनथे । समस्त दोषलाई त्याग गरी मानौं सबै आसपमा मित्रताको व्यवहार गर्दथे । त्यस क्षेत्रका वृक्षहरू सधैं फलले पूर्ण हुन्थे । पुष्प सधैं पुष्पित, सदावहार प्रकृतिको छटा देखिन्थ्यो । तपस्याको सिद्धि एवं सहायक प्रकृति एवं वातावरण निरन्तर झल्किन्थ्यो ।

अध्याय त्रयोविंश, चतुर्विंश

पार्वतीको उग्र तपस्या, शिवद्धारा पार्वतीसँग विवाह गर्न स्वीकार

ब्रह्मा-

एवं तपस्यां पार्वत्यां शिवप्राप्तौ मुनीश्वरः ।
चिरकालो व्यतीताय प्रादुर्भूतो हरो न हि ॥ २३-१ ॥

हे नारद ! पार्वतीको लामो समयको तपस्याले पनि शिव प्रसन्न भएनन् । दर्शन दिन गएनन् । त्यसपछि हिमालय, मेना, मेरू, मन्दराचल र मैनाकले तपस्थलीमा पुगेर तपस्या गर्न छोडी घर फर्किन अनुरोध गरे ।

पार्वती- तपाईंहरूको सल्लाह उचित हो तर म पनि शिवप्राप्ति नहुन्जेल कठोर तपस्या निरन्तर गरिरहनेछु । मैले पहिले नै भनेकी थिएँ, कामदेवलाई जसले भस्म गरेको छ उसलाई म आफ्नो तपस्याको बलले घुँडा टेकाएर बोलाउनेछु । त्यति बेलासम्मका लागि सबैले साथ दिनुहोस् । बाधक नबनिदिनुहोस् ।

दग्धो हि मदनो येन येन दग्धं गिरेर्वनम् ।
तमानयिष्ये चात्रैव तपसा केवलेन हि ॥ २३-१४ ॥

पार्वतीको उग्र तपस्यारम्भ- आफन्तलाई बिदा गरेपछि पार्वतीले झन् झन् कठोर र उग्र तपस्या आरम्भ गरिन् । चराचरलाई कष्ट हुन थाल्यो । त्रिलोक नै दग्ध हुन थाल्यो । देवता, असुर, यक्ष, किन्नर, चारण, सिद्ध, गुह्यक, साध्य, मुनि, विद्याधर, नाग, प्रजापति सबै कष्टमय जीवन यापन गर्न थाले तर यसको कारण कसैलाई थाहा हुन सकेन ।

कष्टात् कष्टतरं प्राप्ताः कारणं न विदुः स्म तत् । २३-२१ ।

त्यसपछि देवताहरू गुरु वृहस्पतिको शरणमा गए । उनले ब्रह्माको शरणमा लगे । उनले फेरि विष्णुको शरणमा लगे र पार्वतीको कठोर तपस्याले सन्तप्त भई रक्षार्थ प्रणाम गर्दै प्रार्थना गर्न थाले ।

त्राहि त्राहि महाविष्णो तप्तान्नः शरणागतान् ।
तपसोग्रेण पार्वत्यास्तपन्त्या परमेण हि ॥ २३-२९ ॥

शरणापन्न देवताहरूलाई आश्वासन दिँदै भने, आत्तिनु पर्दैन । हामी सबै मिलेर शिव भए ठाउँ जानुपर्छ, उनलाई प्रार्थना गर्नुपर्छ । त्यसपछि गिरिजानन्दिनीको अभिलाषा शिवले पूरा गर्नेछन् ।

देवता- विष्णुको आश्वासनलाई देवताहरूले अस्वीकार गर्दै भने, 'कामदेवझैँ हामीलाई पनि भस्म गरिदिनेछन् त्यसैले अर्कै उपाय गर्नुहोस् ।'

यथा दग्धः पुरा तेन मदनो दुरतिक्रमः ।
तथैव क्रोधयुक्तो नः स धक्ष्यति न संशयः ॥ २३-३७ ॥

विष्णु- (देवताहरूलाई सम्झाउँदै) हे देवताहरू हो, तिमीहरू नडराओ । शिव भक्तवत्सल हुन् र शरणागतको रक्षा गर्नेछन् । कामदेवको र हाम्रो प्रयोजन दुवैको अन्तर छ । त्यसैले हामी उहीँ गएर समस्याको समाधान गर्नु उचित हुन्छ ।

देवताहरूद्वारा शिवसमीप गएर रक्षार्थ स्तुति

त्यसपछि देवताहरू पिनाकधारी शिवसमीप जान तयार भए । मार्गमा पार्वतीको तपस्थली थियो । उग्र तपस्यारत पार्वतीलाई हृदयदेखि नै सादर प्रणाम गरे ।

पार्वत्या सुतपो दृष्ट्वा तेजसा व्यापृतास्तदा ।
प्रणेमुस्तां जगद्धात्रीं तेजोरूपां तपः स्थिताम् ॥ २३-४४ ॥

त्यसपछि उनीहरू योगमा लीन वृषभध्वज समीप पुगे । नतमस्तक भएर उपनिषद्हरूमा उल्लिखित अनेकानेक सूक्तहरूले स्तुति गर्न थाले ।

देवता-
नमो रुद्राय देवाय मदनान्तकराय च ।
स्तुत्याय भूरिभासाय त्रिनेत्राय नमो नमः ॥ २४-१ ॥

यसरी ध्यानावस्थित शिवलाई देवताहरूले प्रशंसायुक्त वाणीद्वारा स्तुति एवं प्रार्थना गरे । तपाईंविना हामी अपूर्ण छौं । तपाईं नै चराचरको स्वामी हुनुहुन्छ । हामी तपाईंको शरणापन्न छौं । हाम्रो रक्षा गर्नुहोस् । शिव ध्यानमै रहे । आँखा खोलेनन्, तर कृपालु नन्दीश्वरले देवताहरूको भावनाले भावुक भएर शिवलाई प्रार्थना गरे ।

नन्दिकेश्वर-
विष्ण्वादयः सुरगणा मुनिसिद्धसङ्घा
स्त्वां द्रष्टुमेव सुरवर्य विशेषयन्ति ।
कार्यार्थिनोऽसुरवरैः परिभर्त्स्यमानाः
सम्यक् पराभव पदं परमं प्रपन्नाः ॥ २४-६ ॥

'हे प्रभो ! तपाईं देवताहरूको रक्षा गर्नुहोस् । यिनीहरू शरणागत छन् ।' नन्दीको वाणी सुनेर शिवले बिस्तारै बिस्तारै आँखा खोले र भने- देवता म भएको ठाउँमा किन आएका हुन् ? कारण भन । त्यसपछि विष्णुले आगमनको अभिप्राय बताउन थाले ।

विष्णु- हे प्रभो ! तारकासुरले देवताहरूलाई अत्यन्त कष्ट दिइरहेको छ । त्यही निवेदन गर्न आएका हौं । तपाईंको पुत्रले मात्र उसलाई वध गर्न सक्छ । त्यसैले शीघ्र गिरिजासँग विवाह गरी सन्तान उत्पादन गर्नुहोस् ।

तस्मात्त्वया गिरिजा देव शम्भो
ग्रहीतव्या पाणिना दक्षिणेन ।

पाणीग्रहेणैव महानुभावां
दत्तां गिरीन्द्रेण च तां कुरुष्व ॥ २४-१६ ॥

गिरिजा अहिले तपस्यारत छिन्, तपाईंलाई पति रूपमा वरण गर्न इच्छुक छिन्, त्यसैले उनका समीप गएर अभीष्ट वर प्रदान गर्नुहोस् ।

शिव- हे देवताहरू हो ! त्रिलोकमा सबै निष्कामी भएर तपस्या गरून् भन्ने अभिप्रायले मैले नै कामदेवलाई भस्म गरेँ । अब, अहिले गिरिजालाई वरण गर्नासाथ सम्पूर्ण जगत् सकामी हुनेछ । कामले नरकको यात्रा गराउँछ । कामबाट क्रोध, क्रोधबाट सम्मोह उत्पन्न हुन्छ । त्यसपछि तपस्या कसरी सम्भव हुन्छ ?

कामो हि नरकायैव तस्मात् क्रोधोऽभिजायते ।
क्रोधाद् भवति सम्मोहो मोहाच्च भ्रंशते तपः ॥ २४-२७ ॥

त्यसैले तिमीहरू पनि कामलाई त्याग गरी, अभीष्ट प्राप्तिका लागि तपस्या गर । त्यसै पनि स्त्रीको संसर्ग एक जेलखाना हो, त्यसबाट निस्कन मुस्किल हुन्छ ।

महानिगडसंज्ञो हि विवाहो दृढबन्धनः । २४-६० ।

फलामले बाँधेको काठ बरू छुट्टिन्छ तर स्त्रीबन्धनमा बाँधिएको मान्छे छुट्टिन मुस्किल हुन्छ ।

लोहदारुमयैः पाशैर्दृढं बद्धोऽपि मुच्यते ।
स्त्र्यादिपाशसुसम्बद्धो मुच्यते न कदाचन ॥ २४-६२ ॥

विषयासक्त मनको स्वप्नमा पनि मुक्ति हुँदैन, त्यसैले सुखेच्छा राख्नेले विषयवासनाबाट टाढै रहनुपर्छ ।

विष्णु- हे प्रभो ! तपाईं सबै जान्नुहुन्छ । तपाईंविना देवताहरूको कल्याण हुनेछैन । एकातिर तारकासुरको बिगबिगी, अर्कोतिर पार्वतीको तपले विश्व ब्रह्माण्ड सन्तप्त भइरहेको छ । तपाईंले पार्वतीलाई दर्शन नदिउन्जेल झन् झन् कठोर मार्ग अवलम्बन गर्नेछिन् । त्यसैले हामी शरणमा छौं, कल्याण गर्नुहोस् ।

शिव- हे देवताहरूको हो ! तिमीहरूको यही इच्छा हो भने म त भक्ताधीन हुँ । भक्तहरूको उद्धार गर्नु नै मेरो कार्य हुँदै आएको हो । समुद्रमन्थनमा विषपान, गृहपति बनेर विश्वानरको कष्ट दूर आदि भक्ताधीन भएर नै गरेको हुँ ।

यद्यपि मलाई विवाहमा रुचि छैन, तथापि पुत्रोत्पादनका लागि गिरिजासँग विवाह गर्नेछु । निर्भय भएर जाओ । यो कार्य शीघ्र हुनेछ ।

नास्ति यद्यपि मे कश्चिद्विहारकरणे रुचिः ।
विवाहयिष्ये गिरिजां पुत्रोत्पादन हेतवे ॥ २४-७५ ॥

अध्याय पञ्चविंश

शिवाज्ञाले सप्तर्षिहरू पार्वतीको परीक्षार्थ तपस्थलीमा जानु

ब्रह्मा- हे नारद ! देवताहरू गएपछि, पार्वतीको तपस्या हेर्न शिव ध्यानस्थ भए ।

तत्तपः सुपरीक्षार्थं समाधिस्थोऽभवद्भवः । ३ ।

पार्वतीको तपस्या देखेपछि योगेश्वर विस्मयमा परे । तुरुन्त वशिष्ठादि सप्तर्षिलाई स्मरण गरे । सप्तर्षि उपस्थित भएर स्मरणको कारण सोधे । तब शिव भन्नुहुन्छ-

शिव- हे सप्तर्षिहरू हो । यति बेला गिरिजानन्दिनी मलाई पति प्राप्त गर्ने अभिलाषा सहित तपस्यारत छिन् । त्यसैले उनको परीक्षा गर । तपस्या कत्तिको दृढ छ ? विश्वास कत्तिको पक्का छ ? बुझ ।

तत्र गच्छत यूयं मच्छासनान्मुनिसत्तमाः ।
परीक्षां दृढतायास्तत्कुरुत प्रेमचेतसः । १६ ॥

शिवाज्ञा पाएपछि सप्तर्षि तपस्थली पुगे । तपस्या उग्र-कठोर थियो । तपपूत तेजले, ज्योतिको कान्तिले तपस्थली नै प्रकाशित भइरहेको थियो । प्रणाम गरे र सोध्न थाले ।

सप्तर्षि- **शृणु शैलसुते देवि किमर्थं तप्यते तपः ।**
इच्छसि त्वं सुरं कं च किं फलं तद्वदाधुना ॥ २१ ॥

पार्वती- हे सप्तर्षिहरू हो ! तपाईंहरूलाई भन्न पनि मलाई लज्जा भइरहेको छ । देवर्षि नारदजीले दिएको सल्लाह एवं मन्त्रदीक्षा अनुसार शिवलाई पति रूपमा पाउन तपस्या गरिरहेकी छु ।

रुद्रः पतिर्भवेन्मे हि विधायेति मनोरथम् । २६ ।

मेरो मनरूपी पक्षी विनापखेटा आकाशमा उडिरहेको छ । करुणानिधान शिवले नै मेरो आशा पूर्ण गर्नेछन् ।

सप्तर्षिद्वारा कटुवचनले पार्वतीको परीक्षा

पार्वतीको कुरा सुनेर सप्तर्षि हाँसे, अनि छलयुक्त, मिथ्या, कटु उद्गारसहित सोध्न थाले ।

सप्तर्षि- तिमी जस्ती विदुषीले पनि क्रूर कटुवादी नारदको सल्लाह मान्यौ ? नारदले कसको कल्याण गरेका छन् ?

नारदः कूटवादी च परचित्त प्रमन्थकः ।
तस्य वार्ता श्रवणतो हानिर्भवति सर्वथा ॥ ३० ॥

नारदको कुरा मान्नु भनेको हानि नै हानि हुन्छ । नारदले कहाँ कसरी कसलाई बिगारे, हामी एक एक गरी भन्छौं, सुन-

(१) दक्षका दश हजार 'हर्यश्व' र एक हजार 'शबलाश्व' पुत्रहरू पिताको घरै फर्केनन् । नारदको सल्लाह मान्नाले भिखारी बने ।

(२) विद्याधर चित्रकेतुलाई यस्तो उपदेश दिए कि घरै उजाडियो ।

(३) प्रह्लादलाई चेला बनाएर आफ्नै पिताको अनेकानेक प्रताडना बेहोर्नुपर्‍यो ।

नारदको कुरा जजसले माने उनीहरू सबैले आफ्नो घर छोडिदिनुपर्‍यो । उनी सुन्दर छन् तर छली-कपटी छन् । हामी त उनकै साथमा रहन्छौं, त्यसैले हामीलाई सबै थाहा छ । तपाईं स्वयं विदुषी हुनुहुन्छ, उनको कुरा सुनेर बहकिनु उचित होइन ।

शिवको दोष- अब रह्यो शिवको कुरा, जसको निमित्त तिमी तपस्या गरिरहेकी छ्यौ, उनी सधैं उदासीन, निर्विकार एवं कामका शत्रु हुन् । त्यति मात्र कहाँ हो र ?

अमङ्गलवपुर्धारी निर्लज्जोऽसदनोऽकुली ।
कुवेशी प्रेतभूतादिसङ्गी नग्नो हि शूलभृत् ॥ ४६ ॥

न उनको घर छ न द्वार, कुन कुलमा उत्पन्न भएका हुन् थाहा नै छैन । नग्न, कुवेशी, भूतप्रेत आदि त साथी छन् । धूर्त नारदले तिमीलाई मोह गराएर व्यर्थ तपस्या गराए । तिमी नै विचार गर न ! यस्तो वर पाएर के सुख पाइन्छ ? पहिले सतीले पनि त विवाह गरेकी थिइन्, गृहस्थी चल्नै सकेन ।

एक्लै बस्ने, शान्त, सङ्गरहित र अद्वितीयसँग स्त्रीको निर्वाह कसरी हुन्छ ? अहिलेसम्म पनि केही बिग्रिएको छैन, तिमी घर जाऊ, तिम्रो विवाह हामी वैकुण्ठनाथ विष्णुसँग गराइदिनेछौं । उनी यस क्षेत्रमा कुशल छन् । आफ्नो हठ त्याग ।

इतीदृशं त्यज हठं सुखिता भव पार्वती । ५४ ।

यति निन्दा सुनेपछि जगदम्बा हाँसिन् र ज्ञान विशारद मुनिहरूलाई उत्तर दिंदै भन्न थालिन्-

पार्वती- हे मुनीश्वर ! तपाईहरूले भनेका सबै वाणी यथार्थ होलान् त्यसमा मैले केही टिप्पणी गर्नु छैन तर मेरो हठ यथावत् रहनेछ । मेरो शरीर नै पर्वतबाट उत्पन्न भएको हो, यसैबाट अन्दाज लगाउनु कि म कति कठोर छु ।

रह्यो देवर्षि नारदजीको कुरा, उनले मलाई जे उपदेश र मन्त्रदीक्षा दिए, ती मेरा लागि परम हितकारी छन् । वेदवेत्ताहरू भन्छन्, गुरुको वाणी सर्वथा सत्य हुन्छ, आज्ञा मान्नाले इह- परलोक सुध्रिन्छ, नमान्नाले बिग्रिन्छ ।

गुरुणां वचनं सत्यमिति येषां दृढा मतिः ।
तेषामिहामुत्र सुखं परमं नासुखं क्वचित् ॥ ५९ ॥

मेरो घर बसोस् या उजाड होस्, त्यसमा तपाईंहरूलाई केको चिन्ता ? शिव अवधूत, निर्गुण, निर्विकार हुन् किनभने उनी अजन्मा, मायातीत, गुणातीत, अलक्ष्यलिङ्ग हुन् ।

अझै स्पष्ट रूपले भनूँ कि, यदि शिवले मसँग विवाह गरेनन् भने म कुमारी नै रहनेछु तर अन्य कसैसँग विवाह गर्नेछैनँ । अग्निले शीतलता देओस्, चाहे सूर्य पश्चिमबाट झुल्कियून्, मेरू पर्वत नै विचलित होस्, कमल चाहे पर्वतको शिलामा उम्रियोस्, मेरो प्रतिज्ञा या हठ यथावत् रहनेछ ।

उदयति यदि भानुः पश्चिमे दिग्विभागे
प्रचलति यदि मेरुः शीततां याति वन्हिः
विकसति यदि पद्मं पर्वताग्रे शिलायां,
नहि चलति हठो मे सत्यमेतद् ब्रवीमि ॥ ७१ ॥

यति भनेपछि पार्वतीले बोल्न छोडिन् र ध्यानमा लीन भइन् । उता सप्तर्षिले जगदम्बालाई हृदयदेखि आशीर्वाद दिँदै शिवसमीप आए, सारा वृत्तान्त सुनाए अनि बिदा भई आ-आफ्नो स्थानतिर प्रस्थान गरे ।

अध्याय षड्विंश, सप्तविंश, अष्टाविंश, एकोनत्रिंश

शिव जटाधारी ब्राह्मण वेशमा पार्वतीको तपस्थली परीक्षार्थ जानु, सखी र पार्वतीसँग वार्तालाप, ब्राह्मणले शिवनिन्दा गर्दा, पार्वतीले रोषपूर्ण प्रत्युत्तर दिनु, शिव प्रकट हुनु र वरदान दिनु

(यी चार अध्यायमा शिवले ब्राह्मण वेशमा पार्वतीको स्वयं परीक्षा गरेका छन् । 'शिवपार्वती' को यो दिव्य संवाद आफैँमा ओजपूर्ण छ । शिवतत्त्वलाई स्पष्ट बुझ्न यो कथा संवादले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । अन्त्यमा शिवले आफ्नो स्वरूप देखाएर पार्वतीको तपस्या पूर्ण गरेका छन् ।)

ब्रह्मा- हे नारद ! सप्तर्षिले पार्वतीको तपस्या वर्णन सुनाएपछि शिवले स्वयं परीक्षा गर्ने निश्चय गरे अनि जटाधारी वृद्ध, तपस्वी ब्राह्मणको वेशमा पार्वतीले तपस्या गरेको ‘गङ्गावतरण’ क्षेत्रमा गए । सखीहरूले चारैतर्फबाट घेरिएकी पार्वती द्वितीय चन्द्रमाझैँ सुशोभित थिइन् । स्वागत सत्कारपछि पार्वतीले सोधिन्-

पार्वती- ब्रह्मचारी स्वरूपेण कस्त्वं हि कुत आगतः ।
इदं वनं भासयसे वद वेद विदां वर ॥ ८ ॥

तपाईं को हुनुहुन्छ ? यहाँ किन आउनुभयो ?

ब्राह्मणवेशी शिव- म इच्छानुसार विचरण गर्ने वृद्ध ब्राह्मण हुँ । तिमीचाहिँ को हौ ? कसकी पुत्री हौ ? मातापिता कहाँ छन् ? यो निर्जन वनमा केका लागि तप गरिरहेकी छ्यौ ? या कोही तपस्वीकी सहधर्मिणी हौ ? तिमी न बालिका न त वृद्धा नै हौ, सुन्दरी तरुणी देखिन्छ्यौ । तिम्रो नाम के हो ? पतिविना किन तपस्या गरिरहेकी छ्यौ ? कतै वेदमाता गायत्री, लक्ष्मी या सरस्वती त होइनौ ?

कथं पतिं विना तीक्ष्णं तपश्चरसि वै वने । २६-११ ।

पार्वती- म हिमाचलपुत्री पार्वती हुँ । पूर्वजन्ममा म प्रजापति दक्षकी पुत्री सती थिएँ । त्यति बेला मेरा पति शिव थिए । यसपालि पनि उनैलाई पति रूपमा वरण गर्न पाऊँ भनी तप गरिरहेकी छु । यसपल्ट पनि उनी प्राप्त भइसक्नै लागेका थिए तर कामदेवलाई भस्म गरेर अन्तर्ध्यान भए । उनकै विरहाग्निमा तड्पिरहेकी थिएँ, नारदजी भेटिए । उनैले दीक्षा दिए । तप गर्ने विधि सिकाए । त्यसपछि म तपस्यारत छु । अहिलेसम्म शिव मिलेका छैनन्, अब पनि शिव प्राप्त भएनन् भने म अग्निमा प्रवेश गर्नेछु, त्यसपछि पनि जहाँ जन्म लिनेछु, त्यहाँ पनि शिवलाई नै वरण गर्नेछु ।

यत्र यत्र जनुर्लप्स्ये वरिष्यामि शिवं वरम् । २६-२० ।

यति भनिसकेपछि ब्राह्मणले रोक्दारोक्दै पनि अग्निमा प्रवेश गरिन् तर अग्नि देव शीतल चन्दन सदृश भएर जलाउन सकेनन् । त्यो देखेर ब्राह्मणले अचम्म मान्दै पुनः सोधे-

ब्राह्मण- अहो भद्रे ! तिमीलाई त अग्निले पनि जलाउन सकेन । यसको मतलब तिम्रो तपस्या सफल भयो । अब, आफ्नो अभिलाषा के हो ? भन । त्यसपछि पार्वतीले आफ्नी प्रिय सखी विजयालाई प्रेरित गरिन्, उनले पार्वतीको इच्छालाई यथार्थ रूपमा भन्न थालिन्-

विजया सखी- सखीले पनि तिनै कुरा दोहोऱ्याइन् । पर्वतराज पुत्री शिवलाई वर पाउन यति कठोर तपस्या गरिरहेकी छिन् अहिलेसम्म उनको मनोरथ पूर्ण हुन सकेको छैन ।

**मत्सखी नादरादेशात्तपस्तपति दारुणम् ।
मनोरथं कुतस्तस्या न फलष्यति तापस ॥ २६-४० ॥**

अब, अगाडि के सोध्न चाहनुहुन्छ ?

ब्राह्मणवेशी शिव- सखीहरूको कुरा त परिहास जस्तो हुन्छ, जबसम्म आफैँ भन्दिनन्, कहाँ विश्वास हुन्छ र ?

पार्वती- (आफ्नो कुरा आफैँ राख्दै) हे जटाधारी विप्रवर ! मेरी सखीले जे भनिन्, त्यो सत्य हो । मन, वचन र कर्मले मैले शिवलाई वरण गरिसकेकी छु । त्यो प्राप्त नगरून्जेल म तपस्यालाई रोक्न सक्दिनँ । यही मेरो प्रण हो । यसमा म दृढ छु ।

मनसा वचसा साक्षात्कर्मणा पतिभावतः ।
सत्यं ब्रवीमि नोऽसत्यं वृतो वै शङ्करो मया ॥ २७-२ ॥

यति भनेपछि पार्वती मौन भइन् ।

जटाधारी ब्राह्मणरूपी शिवद्वारा शिवनिन्दा गर्दै मनबाट हटाउन अनुरोध

हे देवी ! म पनि शिवलाई सम्मान गर्छु तर तिम्रो रूपलावण्य देखेर शिवको यथार्थ कुरा भन्न गइरहेको छु । यसले तिमीलाई हित-अहितको ज्ञान हुनेछ । मनलाई कठोर बनाएर सुन-

वृषध्वजो महादेवो भस्मदिग्धो जटाधरः ।
व्याघ्रचर्माम्बरधरः संवीतो गजकृत्तिना ॥ २७-१२ ॥
कपालधारी सर्पौघैः सर्वगात्रेषु वेष्टितः ।
विषदिग्धोऽभक्ष्यभक्षो विरूपाक्षो विभीषणः ॥ २७-१३ ॥

शिव भस्म एवं जटाधारी फक्कड जोगी हुन् । धोतीका ठाउँमा बाघको छाला, उपरि वस्त्रको ठाउँमा हात्तीको छाला, भिख माग्नका लागि खोपडी, झुन्डका झुन्ड सर्पहरू सम्पूर्ण शरीरमा सल्बलाइरहेका हुन्छन् । विष, भाङ, धतुरो जस्ता नसालु पदार्थ सेवन गरी मस्त रहन्छन् । अभक्ष्याभक्षी तथा हेर्दै डरलाग्दा देखिन्छन् ।

त्यति मात्र कहाँ हो र ? उनको जन्म कहिले, कहाँ र कोबाट भएको हो ? आजसम्म कसैलाई थाहा छैन । गृहस्थदेखि सधैं टाढा रहन्छन् । नग्न भएर घुम्छन् । साथीसङ्गी भनेका भूत-प्रेत-पिशाच छन् । दश हात, पाँच मुख, तीन नेत्र यस्तो विचित्र आकृतिले सधैं कुरूप देखिन्छन् । दक्षले पनि यज्ञमा कुरूप सोचेरै बोलाएको थिएन । तैपनि तिमीले उनलाई नै पति किन वरण गर्न खोजेकी हौ ? थाहा छैन ।

तिमी त स्त्रीहरूकी रत्न हौ । तिम्रा पिता पर्वतहरूका राजा हुन् । किन सुयोग्य वरलाई खोज्दिनौ ? सुवर्णको असर्फी त्यागेर किन काँच लिन चाहन्छ्यौ ? चन्दनलाई छोडेर किन फोहोर लेपन गर्न चाहन्छ्यौ ? सूर्यको तेजलाई छोडेर किन जुनकिरीको चमक लिन खोज्छ्यौ ? मुलायम सुन्दर वस्त्रलाई छोडेर किन छाला ढाक्ने इच्छा गर्छ्यौ ? घरमा बस्न छोडेर किन वनमा धुनीसँग रमाउन चाहन्छ्यौ ? मलाई त तिमीहरूको सम्बन्ध परस्पर विरूद्ध लाग्छ ।

कहाँ तिमी कमलनयनी, कहाँ उनी त्रिनेत्रधारी, त्यो पनि भद्दा ! कहाँ तिमी चन्द्रमुखी, कहाँ

उनी पञ्चमुखी ! कहाँ तिम्रो शिरमा दिव्य वेणी, उनको अङ्गमा चित्ताको भस्म !

क्व दुकूलं त्वदीयं वै शाङ्करं क्व गजाजिनम् ।
क्व भूषणानि दिव्यानि क्व सर्पाः शङ्करस्य च ॥ २७-२७ ॥

कहाँ तिम्रो अङ्गमा सुन्दर वस्त्र, कहाँ उनीसँग हात्तीको छाला ! कहाँ तिम्रा दिव्य आभूषण, कहाँ उनको सर्पहरूको आभूषण !

यदि उनीसँग पर्याप्त धनदौलत हुन्थ्यो भने त दिगम्बर (नाङ्गै) भएर किन बस्थे ? सवारी साधनको नाममा बुढो साँढे छ । उनी विद्यावान्-ज्ञानवान् छन् कि छैनन्, थाहा छैन । पिशाच-भूत-प्रेत उनका सहायकगण छन्, विष त उनको कण्ठमै देखिन्छ । सधैं एक्लै घुम्न रूचाउँछन्, विरक्तिएका स्वरूपमा जहिल्यै देखिन्छन् । त्यसैले शिवका साथ तिमी मेल खाँदिनौ । आफ्नो मनलाई सम्फाऊ । यस्तो परस्पर विरोधी हुँदाहुँदै देख्दादेख्दै किन आफ्नो मनलाई उनैसँग जोड्न चाहन्छ्यौ । आफ्नो द्विविधायुक्त मनलाई संयमित गर । या जे चाहन्छ्यौ त्यही गर, मलाई केही भन्नु छैन ।

पार्वतीद्वारा शिवतत्त्वको व्याख्या, शिव प्रकट एवं वरदान

पार्वती- हे जटाधारी ब्राह्मण ! अहिलेसम्म त मैले कोही ज्ञानी महात्मा सम्फिएकी थिएँ, तर अब मलाई सबै ज्ञान भयो । म तिमीलाई शिवतत्त्व बताउँछु । जसलाई शिवतत्त्व थाहा छ, उसले न त कहिल्यै शिवनिन्दा गर्छ, न त सुन्छ ।

शिवतत्त्वमतो वच्मि सुविचार्य यथार्हतः । २८-५ ।

वास्तवमा निर्गुणको कुनै जाति-वेश-वर्ण नै हुँदैन । जब सगुण हुन्छ अनि मात्र यी परिवेशले सन्निहित हुन्छ । कहिलेकाहीँ महेश्वर आफ्नो लीलाशक्तिले प्रेरित भएर सगुण हुँदा तथाकथित अद्भुत वेश धारण गर्छन् । वास्तवमा उनी परब्रह्म हुन् । जो सम्पूर्ण चराचरको स्वरूप हो, उसलाई जाति-वर्ण-वेशले के फरक पार्छ र ?

सदाशिव सबै विद्याको आधार हुन् । उनले आफ्नो उच्छ्वासबाट वेद निकालेर विष्णुलाई प्रदान गरेका हुन् । प्रकृति उनीबाटै प्रकट भएकी हुन् । शिव शरणमा गएको जीवले मृत्युलाई पनि जित्छ, त्यसैले उनी 'मृत्युञ्जय' हुन् । शिवसेवाविहीन व्यक्ति सात जन्मसम्म दरिद्र हुन्छ ।

सप्तजन्मदरिद्रः स्यात्सेवेद्यो यदि शङ्करम् । २८-१६ ।

अष्टसिद्धि जसको सेवाका लागि लालायित रहन्छन् । सम्पूर्ण यश-कीर्ति-लक्ष्मी- विद्या जसको सेवार्चनाद्वारा प्राप्त हुन्छ । यस्ता शिवको जो निन्दा गर्छ, उसको जन्मभर कमाएको पुण्य नष्ट हुन्छ ।

शिवनिन्दां करोतीहि तत्त्वमज्ञाय यः पुमान् ।
आजन्मसञ्चितं पुण्यं भस्मीभवति तस्य तत् ॥ २८-२५ ॥

शिवनाम लिने व्यक्तिलाई देख्ता मात्रै पनि सबै पाप नष्ट हुन्छन् । शिवद्रोहीलाई देख्नासाथ वस्त्रसहित स्नान गरेर मात्र प्रायश्चित्त हुन्छ । तिमी ब्राह्मण हौ, अवध्य हौ, त्यसैले त्याग गर्नु नै उचित हुन्छ ।

ब्राह्मणत्वादवध्यश्चेत्त्याज्योऽदृश्यश्च सर्वथा । २८-३९ ।

शिव प्रकट एवं वरदान

यता जटाजूट तपस्वी ब्राह्मण केही भन्न खोज्दै थिए, तर पार्वती झन् क्रोधित भइन्, सखीहरूले उनलाई संयमित हुन आग्रह गरे । पार्वतीले त्यस स्थानलाई छोडेर अन्यत्र जानलाई चरण उचालिन् । त्यसपछि शिव साक्षात् प्रकट भए । पार्वतीको हात पक्रे ।

शिव- **कुत्र यास्यसि मां हित्वा न त्वं त्याज्या मया पुनः**
प्रसन्नोऽस्मि वरं ब्रूहि नादेयं विद्यते तव ॥ २८-४३ ॥

तिमी त मेरी सनातन पत्नी हौ र रहनेछ्यौ । आज तिम्रो कठोर तपस्या र दृढ सङ्कल्पले म प्रसन्न भएको छु । आजदेखि म तिम्रो तपस्याले किनेको दास हुँ ।

अद्यप्रभृति ते दासः तपोभिः क्रीत एव ते । २८-४४ ।

मैले अनेक प्रकारले तिम्रो परीक्षा गरेँ, सबैमा तिमी उत्तीर्ण भयौ । त्रिलोकमै न तिमीजस्ती तपस्विनी छन् न हुनेछन् । हे प्रिये ! तिम्रो इच्छा पूर्ण होस्, अब मेरी पत्नी भएर मेरै साथ हिँड ।

एहि प्रिये मत्सकाशं पत्नी त्वं मे वरस्तव ।
त्वया साकं द्रुतं यास्ये स्वगृहं पर्वतोत्तमम् ॥ २८-४८ ॥

साक्षात् शिवको दर्शन पाएपछि तथा शिवका यस्ता प्रेमपूर्ण वचन सुनेपछि पार्वतीको तपस्याजनित सबै कष्ट हट्दै गयो, थकावट दूर हुँदै गयो । उनी हर्षित भइन् । लाजले शिर निहुर्‍याइरहिन् । साथमै जान अनुरोध गरेपछि प्रफुल्लित, हर्षित, मुग्ध एवं आनन्दको अनुभव गर्दै भनिन्-

शिवशिवा संवाद, पार्वतीको अनुरोध स्वीकार गर्नु

पार्वती- हे नाथ ! हे देवेश्वर । तपाईं मेरो स्वामी हुनुहुन्छ, यदि तपाईं प्रसन्न हुनुहुन्छ भने-

यदि प्रसन्नो देवेश करोषि च कृपां यदि ।
पतिर्भव ममेशान मम वाक्यं कुरु प्रभो ॥ २९-७ ॥

तपाईंको आज्ञा लिएर सर्वप्रथम म पिताको घर जान्छु । तपाईं मेरा मातापिताकहाँ याचक बनेर मेरो याचना गर्नुहुनेछ । त्यसपछि शास्त्रोक्त विधिले, धुमधामसँग मेरो पाणिग्रहण गर्नुहुनेछ । पछिल्लो जन्ममा राम्ररी ग्रहपूजा भएको थिएन, यसपल्ट त्रुटि हुन दिनुहुने छैन । मेरा पिता, ज्ञातीजन एवं देवताहरूलाई पनि थाहा होस् कि मेरो तपस्या सार्थक भयो । मलाई लुकेर विवाह गर्नुछैन ।

शिव- पार्वतीको वाणीले शिव प्रसन्न भए र भन्न थाले, 'यद्यपि म स्वतन्त्र हुँ तर तिमीले मलाई परतन्त्र बनायौ । ब्रह्मादि सबै अनित्य हुन् । समस्त कर्महरूको कारण स्वरूप प्रकृति एवं महामाया तिमी हौ । यी ग्रह, उपग्रह, ऋतु आदि सबै शिवका सामु केही होइनन् ।

के ग्रहाः के ऋतुगुणाः के वान्येऽपि त्वया ग्रहाः ।
किमुक्तं चाधुना देवि शिवार्थं वरवर्णिनि ॥ २९-२२ ॥

हामी दुवै निर्गुण हुँदाहुँदै पनि भक्तवशात्, लोककल्याणार्थ सगुण हुन्छौं । हामी नित्य अविनाशी हौं तर पनि अवतरित भएर लोककल्याण गर्दै आएका छौं । मेरो पनि वाक्य सुन- महान् गुणवान् व्यक्ति यदि कसैको अगाडि हात फैलाउनु पर्‍यो भने तुरुन्त लघुतामा प्राप्त हुन्छ । त्यसैले म हिमालयको सान्निध्यमा भिक्षु बनेर जान इच्छुक छैनँ ।

हिमालयं न गच्छेयं जनकं तव शैलजे ।
ततस्त्वां भिक्षुको भूत्वा नयाचेयं कथञ्चन ॥ २९-२६ ॥

यस विषयमा तिम्रो के अभिप्राय छ ? बताऊ ।

पार्वती- हे प्रभो ! ममाथि दया गर्नुहोस् । म हजुरकी जन्म जन्मकी दासी हुँ । म पनि यही चाहन्छु कि मेरा पिता दाता बनून् । तपाईं यस्तो लीला गर्नुहोस् ताकि हामी दुवैका सर्त पनि रहुन् र जसलाई गान (याद) गरेर मनुष्य अनायास नै भवसागर पार होउन् ।

विस्तारय यशो लोके कृत्वा लीलां महाद्भुताम् ।
यत्सुगीय जना नाथाञ्जसोत्तीर्णा भवाम्बुधिम् ॥ २९-३६ ।

तपाईं लीलाविहारी हुनुहुन्छ, यसलाई पनि आफ्नो एक लीला नै सम्झिएर क्षमा गर्नुहोस् । यसबाट लोकमा तपाईंको यश नै विस्तार हुनेछ र म पनि तपस्याको पूर्ण सफलता सम्झिनेछु । यति भनेर शिवा मौन रहिन् । शिवले शिवाको आशय बुझे र भन्न थाले ।

शिव- तथास्तु ! भनेर हाँस्तै अन्तर्ध्यान भए । कैलास पुगेर शिवले आफ्ना गणहरूलाई सम्पूर्ण वृत्तान्त सुनाए । सबै प्रसन्न भए र महान् उत्सव गर्न थाले ।

अध्याय- त्रिंश, एकत्रिंश

शिवको नट तथा वैष्णव ब्राह्मण अवतार

शिवले नट लीला अवतार गरी पार्वतीलाई भिक्षा माग्नु, मातापिताले इन्कार गर्नु, शिवले वैष्णव ब्राह्मण वेशमा शिवनिन्दा गर्नु र विवाह नगर्न सल्लाह दिनु

(१) नट अवतार (२) वैष्णव ब्राह्मण अवतार

(यी दुई अध्यायमा शिवले दुई भिन्न अवतार लिएर हिमवान्को घर गई लीला गरेका छन् । पहिलो नट अवतारमा पार्वतीलाई नै भिक्षा मागेको र नदिने भनेपछि अन्तर्ध्यान भएका छन् भने दोस्रो वैष्णव ब्राह्मण वेशमा शिवनिन्दा गरी परीक्षा लिएका छन् ।)

हिमालयवासीद्वारा पार्वतीको भव्य स्वागत

ब्रह्मा- पार्वत्यपि सखीयुक्ता रूपं कृत्वा तु सार्थकम् ।
जगाम स्वपितुर्गेहं महादेवेति वादिनी ॥ ३०-४ ॥

हे नारद ! पार्वती सखीहरूसहित तपस्थलीबाट महादेवको नाम जप्तै घर फर्किन् । उनको अपूर्व स्वागत भयो, उनको स्वागत गर्न स्वयं हिमाचल रथारूढ भएर निस्के । साथमा पुरोहित, पुरवासी, सखीहरू, ज्ञानीजन, मैनाक आदि भाइ सबैले सम्मान गर्दै घर लगे । मेना-पर्वतराजले पार्वतीलाई अङ्कमाल गरी मस्तक चुमे, सबै आनन्दमय, हर्षयुक्त भए, अपूर्व भव्य उत्सव भयो ।

पार्वतीको आगमन हुँदा ब्राह्मणहरूले स्वस्तिवाचन, मङ्गलपाठ गरे । सखीहरूले जयजयकार सहित पुष्पवृष्टि तथा नृत्य गरे ग्रामवासीले पार्वतीको पूजार्चना गरे । देवताहरूले आकाशबाट पुष्पवृष्टि गरे । गिरिजाले ब्राह्मण तथा बन्दीजनलाई धन र मानले सम्मान गरे । त्यसपछि हिमवान् गङ्गास्नान गर्न निस्के ।

नट वेशमा शिवको आगमन

एतस्मिन्नन्तरे शम्भुः सुलीलो भक्तवत्सलः ।
सुनर्तकनटो भूत्वा मेनकासन्निधिं ययौ ॥ ३०-२६ ॥

त्यति बेला नै शम्भु सुयोग्य नट वेशमा मेनकाको समीप गए । उनले लाल वस्त्र, हातमा डमरु र सिङ धारण गरेका थिए । उनले सुन्दर नृत्य गरे र गीत गाए । नटराजको लीला हेर्न सबै नगरवासी मेनाको घरमा एकत्रित भए । पार्वतीले साक्षात् शिवको दर्शन गरिन्, कृतकृत्य भइन् । मेनाले सुवर्ण थालीमा अनेक सुन्दर रत्नहरू सजाएर उनलाई दिन लिएर आइन् । तर नटराजले त्यस भेटलाई अस्वीकार गर्दै पार्वतीको हात मागे-

तानि न स्वीचकारासौ भिक्षां याचे शिवां च ताम् । ३०-३८ ।

नटराज नाचिरहेका थिए । मेना क्रोधित भइन्, किंकर्तव्यविमूढ भइन् । त्यही बेला पर्वतराज पनि गङ्गास्नान गरी उपस्थित भए । मेनाले नटराजको विषयमा जे भयो सबै ज्ञान गराइन्, पर्वतराज पनि नटराजको अभिप्रायदेखि कुपित भए ।

पर्वतराजले नटराजलाई बाहिर लैजान सेवकहरूलाई आज्ञा दिए तर उनी विशालकाय, तेजोमय हुनाले कसैले पनि स्पर्श गर्न सकेनन् । त्यसपछि लीलाविशारद नटराजले अनेकानेक लीला गर्न थाले । कहिले चतुर्भुजधारी विष्णु, कहिले चतुर्मुख ब्रह्मा, कहिले सूर्य त कहिले रूद्र, कहिले निराकार, निरञ्जन, इच्छारहित, रूपविहीन देखे ।

शैलो ददर्श तं तत्र विष्णुरूपधरं द्रुतम् । ३०-४४ ।
ततो ददर्श तं तात रूद्ररूपं महादभ्दुतम् । ३०-४८ ।
एवं बहूनि रूपाणि तस्य तत्र ददर्श सः । ३०-५० ।

अन्त्यमा नटराजले फेरि पनि शिवाको हात मागे, तर शिवमायाले मोहित पर्वतराजले उनको प्रार्थना अस्वीकार गरे । अन्य वस्तु दिन खोजे, तर कुनै वस्तु, सामग्रीहरू शिवले स्विकारेनन् । त्यसपछि देख्दा देख्दै त्यहीँ अन्तर्ध्यान भए ।

भिक्षु किञ्चिन्न जग्राह तत्रैवान्तर्दधे ततः । ३०-५२ ।

अन्तर्ध्यान भएपछि मात्र सबैलाई थाहा भयो, उनी त साक्षात् शिव थिए । पार्वतीको प्रार्थना अनुसार याचक बनेर गएका थिए, तर शिवमायाले मोहित मेना-हिमालयले केही थाहा पाउन नै सकेनन् । अन्त्यमा, पश्चात्तापबाहेक केही हात लागेन ।

देवताहरूको अनुरोधले शिव वैष्णव-ब्राह्मणको रूपमा हिमवान्‌को घर जानु

ब्रह्मा- हे नारद ! भगवान् शिवप्रति मेना र हिमवान्‌को अनन्य भक्ति देखेर इन्द्रादि देवताहरू वृहस्पतिको सम्मति लिएर शिवकहाँ गए । प्रणामपछि स्तुति गर्न थाले ।

देवता- **देवदेव महादेव करूणाकर शङ्करः ।**
वयं त्वां शरणापन्नाः कृपां कुरु नमोऽस्तुते ॥ ३१-२६ ॥

हे प्रभो ! तपाई भक्तवत्सल दीनबन्धु हुनुहुन्छ । यति बेला मेना र हिमवान् तपाईंको अनन्य भावले चिन्तन गरिरहेका छन् । तपाईंले उद्धार गर्नुहोस् । यही निवेदन गर्न तपाईंको सन्निध्यमा आएका हौं ।

शिव- मुस्कुराउँदै तथास्तु ! भन्दै देवताहरूलाई बिदाइ गरे ।

शिवको वैष्णव ब्राह्मण वेश- त्यसपछि लीलाविशारद शिवले सुन्दर वैष्णव ब्राह्मण वेशमा दण्ड, क्षत्र, उज्ज्वल, तिलक, स्फटिकमाला हातमा, कण्ठमा शालिग्राम धारण गरी हरिनाम सङ्कीर्तन गर्दै, साधु सन्न्यासी वेशमा एकपल्ट पुनः परीक्षा लिने हेतुले हिमवान्‌को घर

गए । हिमवान्‌ले परम तपस्वी विरक्तवेशी ब्राह्मणलाई आदर सत्कार गरे र सभामा बसाए । कुशलक्षेम सोधे । अनि-

हिमवान्- को भवानिति ? तपाईं को हो ? तपाईंको परिचय ?

ब्राह्मणवेशी शिव- म उत्तम वैष्णव ब्राह्मण हुँ र ज्योतिष विद्याको आश्रय लिएर भूतलमा भ्रमण गर्दछु । मनको समान मेरो गति छ । सबैतिर म जान सक्छु । ममाथि गुरुकृपा छ ।

मया ज्ञातं हराय त्वं स्वसुतां दातुमिच्छसि ।
इमां पद्मसमां दिव्यां वररूपां सुलक्षणाम् ॥ ३१-४३ ॥

वैष्णव ब्राह्मणद्वारा शिवनिन्दा

मैले सुनेँ कि तिमी आफ्नी लक्ष्मीझैँ सुन्दरी, दिव्य सुलक्षणयुक्त पुत्रीको हात एक आश्रयरहित, असङ्ग, कुरुप, गुणहीन वर महादेवलाई दिँदै छौ अरे । ती रुद्र त श्मशानवासी हुन् र शरीरमा सर्प लपेटेर हिँड्छन् ।

कपडाको ठाउँमा बाघ र हात्तीको छाला हुन्छ । आभूषणको ठाउँमा सर्प छ । उनको कुल-घरान, गोत्र, मातापिता केही कसैलाई थाहा छैन । तीनवटा आँखा, पाँचवटा मुख र दशवटा हात भएका, हेर्दै विचित्र, कुपात्र, कुशील, भस्मधारी, क्रोधी रहन्छन् । विषयवासना एवं मायाप्रेम विषयमा अनभिज्ञ नै छन् । सधैं योगासनमा बसी समाधिस्थ हुन रुचाउँछन् । जटाबन्धन, भिक्षुक, कुमार्गपरायण, वैदिक मार्गविहीन, अविवेकी छन् ।

सर्वाश्रयाय भ्रमिणे नागहाराय भिक्षवे ।
कुमार्गनिरतायाथ वेदाध्वत्यागिने हठात् ॥ ३१-४७ ॥

यस्ता अयोग्य वरलाई आफ्नी पुत्री दिन खोज्दै छौ ? यो मङ्गलसूचक होइन । तिमी त नारायणको कुलमा उत्पन्न, ज्ञानीहरूमा श्रेष्ठ तथा रत्नहरूको खानी हौ । रुद्र त भाइबन्धुविहीन र सर्वथा निर्धन छन् ।

अब एउटा काम गर । अहिले नै केही बिग्रेको छैन । तिमी आफ्ना आफन्त, बन्धुजन, पण्डित, पुरोहित र सबैलाई यस बारेमा विचार-विमर्श गराऊ । तर यस विषयमा आफ्नी पुत्री पार्वतीलाई भने नसोध्नू, किनकि उनलाई शिवको गुणदोष सम्बन्धी केही जानकारी छैन ।

सर्वान्पृच्छ प्रयत्नेन पण्डितान्पार्वतीं विना । ३१-५१ ।

यति आगो सल्काएर वैष्णववेशी शिव ब्राह्मणले हिमवान्‌को आतिथ्य ब्रह्मभोज ग्रहण गरे, अनि बिदा भएर आफ्नो गन्तव्यतिर प्रस्थान गरे ।

अध्याय द्वात्रिंश, त्रयस्त्रिंश

मेनाको कोपभवनमा प्रवेश, शिवले अरुन्धतीसहित सप्तर्षिलाई पठाउनु, पार्वतीको विवाह शिवकै साथ गर्न सल्लाह दिनु

ब्रह्मा- हे नारद ! वैष्णववेशी शिव ब्राह्मणको ज्योतिष विद्याको असर सबैभन्दा ज्यादा मेनालाई पऱ्यो । दुःखी हुँदै पतिलाई भनिन्-

मेना- गिरिराज ! मेरो मन खिन्न तथा विरक्त भयो । त्यसैले-

तस्मै रुद्राय शैलेश न दास्यामि सुतामहम् ।
कुरूपशीलनाम्ने हि सुलक्षणयुतां निजाम् ॥ ३२-४ ॥

कुनै पनि हालतमा आफ्नी पुत्री कुरूप शीलवाला वरलाई म दिन्नँ । मेरो यो कुरालाई स्वीकार गरेनौ भने म निःसन्देह प्राण त्याग गर्नेछु, घर छोडिदिनेछु । विषपान गर्नेछु । पार्वतीलाई लिएर वनमा जानेछु । महासागरमा डुब्नेछु तर रुद्रलाई मेरी पुत्री दिन्नँ । यति भनेर मेना कोपभवनमा गइन् ।

यता अन्तर्यामी शिवलाई हिमालयको घरमा महाभारत सुरु भयो भन्ने पत्ता लाग्यो । त्यसपछि शिवले तुरुन्त अरुन्धतीसहित सप्तर्षिलाई स्मरण गरी बोलाए र मेनाको घर गएर सम्झाउने आज्ञा दिए ।

सप्तर्षिहरू हिमवान्को घर जानु र सम्झाउनु

शिवाज्ञा पाउनासाथ अरुन्धतीसहित सप्तर्षि आकाश मार्गबाट हिमवान्को घर पुगे । हिमवान्‌ले उत्साहपूर्वक स्वागत गर्दै भने-

हिमवान्- **धन्योऽहं कृतकृत्योऽहं सफलं जीवितं मम ।**
लोकेषु दर्शनीयोऽहं बहुतीर्थसमो मतः ॥ ३२-६३ ॥

आज मेरो जीवन सफल भयो । हामी जस्ता दीनका घरमा तपाईंहरूका पावन चरण परे । तपाईंहरूको के सेवा गरूँ ? मलाई सेवक सम्झेर निःसङ्कोच आज्ञा दिनुहोस् ।

सप्तर्षि- हामी जे भन्न आएका हौं, त्यो सुन्नुहोस् । हे शैलराज ! शिवशिवा जगत्का मातापिता हुन् ।

जगत्पिता शिवः प्रोक्तो जगन्माता शिवा मता ।
तस्माद्देया त्वया कन्या शङ्कराय महात्मने ॥ ३३-१ ॥

तिमीले महात्मा शङ्करलाई आफ्नी कन्या देऊ । यसो गर्नाले तिम्रो जन्म सफल हुनेछ । तिमी जगद्गुरुका पनि गुरु हुनेछौ ।

हिमवान्- तपाईहरूको कुरा सत्य हो । मैले सुरुमै यही इच्छा रोखको पनि थिएँ । तर एक वैष्णव ब्राह्मण आएर शिवको विषयमा विरोधाभासयुक्त कुरा गरेर गयो । हेर्दा साधु थियो, मिठो शैलीमा भन्यो । म ज्योतिषी पनि हुँ भन्थ्यो-

शिवमुद्दिश्य सुप्रीत्या विपरीतं वचोऽब्रवीत् । ३३-५ ।

त्यसपछि शिवा माता पनि कोपभवनमा गएकी छिन् । म पनि किंकर्तव्यविमूढ भएर ज्ञानशून्य भएको छु । मेरो पनि महेश्वरलाई कन्या दिने इच्छा छैन ।

मेनालाई सम्झाउन अरुन्धती कोपभवनमा जानु

त्यसपछि सप्तर्षिले अरुन्धतीलाई कोपभवनमा पठाए । शोकमग्न मेनालाई सम्झाउँदै अरुन्धती भन्न थालिन्-

अरुन्धती- **उत्तिष्ठ मेनके साध्वि त्वद्गृहेऽहमरुन्धती**
आगता मुनयश्चापि सप्तायाताः कृपालवः ॥ ३३-१३ ॥

अरुन्धतीको स्वर सुनेर मेना प्रसन्न भएर उठिन् । चरणवन्दना गरेर भन्न थालिन्-

मेना- अहो ! आज हामीलाई कुन पुण्यको फल प्राप्त भएको हो ? हाम्रो घरमा ब्रह्माकी पुत्रवधू वशिष्ठ पत्नी आइन् ? के कति कारणले हामीलाई दर्शन दिनुभयो ?

किमर्थमागता देवि तन्मे ब्रूहि विशेषतः । ३३-१६ ।

त्यसपछि अरुन्धतीले मेनालाई अनेक तरिकाले सम्झाइन्, बुझाइन् अनि साथ लिएर सप्तर्षिगण भएको ठाउँमा गइन् । त्यसपछि वार्तालापमा निपुण सप्तर्षि शैलराजलाई भन्न थाले-

सप्तर्षिगण- हे शैलेन्द्र ! हाम्रो शुभवचनलाई ध्यानपूर्वक सुन । तिमीले पार्वतीको विवाह शिवसँग गरेर श्वसुर हुने सौभाग्य प्राप्त गर । स्वयं ब्रह्माले तारकासुरको विनाशका लागि वीरपुत्र प्राप्त गर्न शिवसँग यो प्रार्थना गरेका थिए र शिवले यसलाई स्विकारेका छन् । त्यसैगरी तिम्री कन्याले पनि शिवसँग विवाह गर्ने, शिवले पनि पार्वतीसँग पाणिग्रहण गर्ने वाचा गरिसकेका छन् । यिनै दुई कारणले नै आफ्नी कन्या शिवलाई प्रदान गर ।

हेतुद्वयेन योगीन्द्रो विवाहं च करिष्यति । ३३-२२ ।

हिमालय- हे सप्तर्षिगण ! शिवसँग कुनै राजोचित सामग्री छैन । उनको न घर छ, न ऐश्वर्य छ न स्वजन या बन्धुबान्धव नै छन् । यस्ता वैरागी योगीलाई म कन्या दिन इच्छुक छैनँ । त्यसै पनि जो पिता भएर कामना या मोहले या भयले या लोभले कुनै अयोग्य वरलाई आफ्नी कन्या दिन्छ भने उसले नरकमा जानुपर्दछ ।

वरायाननुरूपाय पिता कन्यां ददाति चेत् ।
कामान्मोहाद्भयाल्लोभात्स नष्टो नरकं व्रजेत् ॥ ३३-२६ ॥

त्यसैले, हे वेद विधाता ब्रह्मापुत्रहरू हो ! म स्वेच्छाले आफ्नी छोरीको विवाह गर्न चाहन्छु, कुनै करकाप वा डर र लोभले होइन ।

सप्तर्षि गणमध्ये वशिष्ठले भने-

हे शैलराज ! म सत्य भन्छु, सुन्दाखेरि तितो लागे पनि परिणाम भने सुखदायी हुन्छ । शिवलाई देवताहरूका स्वामी भएकाले महादेव भनिन्छ । उनीसँग बाहिरी सम्पत्ति नभए पनि सम्पत्तिको मालिक स्वयं कुबेर उनकै दास हुन् ।

को वेद शङ्करो दुःखी कुबेरो यस्य किङ्करः । ३३-३७ ।

गृहस्थ व्यक्ति राज्य र सम्पत्तिले भरिपूर्ण भएको वरलाई आफ्नी कन्या दिन्छन्, किनकि कुनै दीनदुःखीलाई कन्या दिंदा कन्याघातीको पाप लाग्छ ।

गृही ददाति स्वसुतां राज्य सम्पत्तिशालिने ।
कन्यकां दुःखिने दत्वा कन्याघाती भवेत्पिता ॥ ३३-३६ ॥

तर, तपाईंकी कन्या त शिवकी जन्म-जन्मकी पत्नी हुन् ।

शिव शिवस्य पत्नीयं शैल जन्मनि जन्मनि । ३३-४६ ।

शिवबाटै विष्णु-ब्रह्माको उत्पत्ति भएको हो र शिवाबाटै महालक्ष्मी-महासरस्वतीको उत्पत्ति भएको हो । यिनीहरू प्रकृति र पुरुष हुन् र सदा रहन्छन् ।

यदि तपाईंले विवाह गरिदिनुभएन भने शिवा आफैँ शिवका साथ जानेछिन्, जसले गर्दा लोकमा तपाईंकै अपयश हुनेछ । शिव स्वयं तपस्थलीमा आएर तपाईंकी कन्यालाई वचन दिइसकेका छन् ।

शिवकै आज्ञानुसार हामी तपाईंको समक्ष आएका हौं । अरुन्धतीसहित हामीलाई उनैले पठाएका हुन् । एकका लागि आफ्नो सम्पत्ति, तप, बल र ऐश्वर्यको नाश गर्नु हुँदैन । कुल रक्षाका लागि एकको त्याग गर्नु नै सनातन धर्म हो ।

एकार्थे नहि शैलेश नश्याः सर्वा हि सम्पदः ।
एकं त्यजेत्कुलस्यार्थे श्रुतिरेषा सनातनी ॥ ३३-५८ ॥

'अनरण्य' राजाले 'पिप्पलाद' ब्राह्मणलाई आफ्नी कन्या दान दिएर सम्पूर्ण वंशको रक्षा गरेका थिए । पछि उनी पनि शिवकृपाले, धर्मराजको कृपाले वैभवशाली भएका थिए ।

त्यसैले तपाईंकी कन्या शिवलाई दिनु नै उचित एवं श्रेयस्कर हुन्छ । बाँकी तपाईं सोच्नुहोला ।

अध्याय चतुःत्रिंश, पञ्चत्रिंश, षट्त्रिंश

सप्तर्षि–हिमवान् वार्ता प्रसङ्गमा अनरण्य एवं पद्मा–पिप्पलाद चरित्रवर्णन, हिमवान्–मेना शिवसँग छोरीको विवाह गर्न तयार

ब्रह्मा- हे नारद ! सप्तर्षिले हिमवान्लाई सम्झाउने क्रममा 'अनरण्य' राजाको प्रसङ्ग उठाएपछि हिमवान्ले उनको कथा सुन्ने इच्छा व्यक्त गरे । त्यसपछि वशिष्ठले यसरी भन्न थाले ।

वशिष्ठ- **मनोर्वंशोद्भवो राजा सोऽनरण्य नृपेश्वरः ।**
इन्द्रसावर्णि संज्ञस्य चतुर्दशमितस्य हि ॥ ३४-१ ।

चौध मनु इन्द्रसावर्णिको वंशमा 'अनरण्य' नामका राजा भए । यिनले एक सय अश्वमेध यज्ञ गरे । यी शिवभक्त तथा सातै द्वीपका राजा थिए । यिनका एक सय पुत्र तथा लक्ष्मीझैँ सुन्दर 'पदमा' नामकी एक कन्या थिइन् । राजा अनरण्य एकमात्र कन्या पद्मालाई पुत्रहरूभन्दा ज्यादा स्नेह गर्दथे । कन्या घरमा बिस्तारै बढ्दै गइन्, विवाहयोग्य भइन् । राजा सुयोग्य वरको खोजी गर्न थाले ।

एकपटक महर्षि पिप्पलादले कामशास्त्र कुशल एक गन्धर्वले रतिक्रीडा गर्दै गरेको देखे । यो दृश्यले महर्षिभित्रको सुषुप्त कामवासना जागृत हुन पुग्यो । तपस्या छोडेर विवाह गर्ने निश्चय गरे । संयोगवश एक दिन पुष्पभद्रा नदीमा स्नान गर्न जाँदा राजपुत्री पद्मालाई देखे ।

एकदा पुष्पभद्रायां स्नातुं गच्छन्मुनीश्वरः ।
ददर्श पद्मां युवतीं पद्मामिव मनोरमाम् ॥ ३४-१२ ॥

राजकन्या पद्माको सौन्दर्यले महर्षि झनै कामान्ध हुन पुगे र राजा अनरण्यसँग कन्याको हात मागे । राजा धर्मसङ्कटमा परे । वृद्ध, तपस्वी मुनिलाई आफ्नी प्राणभन्दा प्यारी कन्या कसरी दिनु ? त्यसैले केही उत्तर नै दिएनन् । राजाको अनुत्तरित संज्ञाले मुनि क्रोधित भए र गर्जना गरे ।

अन्यथा भस्मसात्सर्वं करिष्यामि क्षणेन च । ३४-१९ ।

राजा झनै शोकमा परे । रानीहरू रुन थाले । पुत्र तथा बान्धव ज्ञातीजन सबै दुःखी भए । त्यसपछि राजाले आफ्ना पुरोहित, गुरु, ब्राह्मण, विद्वान्हरूसँग परामर्श गरे । अन्त्यमा सबैले आफ्नो अभिप्राय राजालाई यसरी भने-

सत्पात्रं ब्राह्मणादन्यं न पश्यावो जगत्त्रये ।
सुतां दत्वा च मुनये रक्ष स्वां सर्वसम्पदम् ॥ ३४-२९ ॥

हे राजन् ! सत्पात्र ब्राह्मणलाई कन्या दिएर आफ्नो सम्पूर्ण सम्पत्तिको रक्षा गर्नुहोस् ।

एकलाई त्यागेर अन्यको रक्षा हुन्छ भने त्यही गर्नु उचित हुन्छ ।

विद्वान्‌हरूको सल्लाह सहमतिले राजाले अन्ततोगत्वा महर्षि पिप्पलाद मुनिलाई कन्यादान गरिदिए । मुनि पनि खुसी हुँदै राजालाई आशीर्वाद दिएर कन्याका साथ आफ्नो आश्रममा गए ।

यता राजा अनरण्य दुःखी भएर शिवाराधनार्थ तपस्या गर्न वनमा गए । तपस्याले शरीर जीर्ण भयो र अन्त्यमा उनलाई शिवलोकको प्राप्ति भयो । रानीले पनि शोकाकुल भएर, समय आएपछि आफ्नो देह उत्सर्जन गरिन् । राजाका ज्येष्ठ सुपुत्र कीर्तिमान् त्यसपछि राजा भए र प्रजाको पालन गर्न थाले ।

नृपस्य कीर्तिमान्नाम्ना ज्येष्ठ पुत्रोऽथ धार्मिकः ।
पुत्रवत्पालयामास प्रजा राज्यं चकार ह ॥ ३४-३७ ॥

पद्मा-पिप्पलाद चरित्र वर्णन

हिमालय- हे वशिष्ठ ! राजा अनरण्यले पुत्री पद्माको विवाह पिप्पलादसँग गरेपछि उनीहरूको गृहस्थी जीवन कस्तो रह्यो ?

वशिष्ठ- **पिप्पलादो मुनिवरो वयसा जर्जरोऽधिकः ।**
गत्वा निजाश्रमं नार्यानरण्यसुतया तया ॥ ३५-५ ॥

वयोवृद्ध पिप्पलाद आफ्नो आश्रममा भार्या पद्माका साथ सानन्द रहन थाले । पद्ममा पनि मन, वचन र कर्मले आफ्नो स्वामीको सेवा गर्न थालिन् । केही समय व्यतीत भयो । एक दिन पद्ममा स्नानार्थ सुरनदी (गङ्गा) गइरहेकी थिइन्, नररूपमा धर्मराजलाई देखिन् ।

ददर्श पथि धर्मस्य मायया नृपरूपधृक् । ३५-८ ।

धर्मराज नररूपमा साक्षात् द्वितीय कामदेवझैँ थिए । उनले पद्मालाई सोधे, 'तिमी को हौ ?' पद्माले आफ्नो यथार्थ विवरण बताइन् । त्यसपछि नररूपी धर्मराजले भने, 'वृद्ध मुनिलाई छोडिदेऊ, मसँग विवाह गर । म कामशास्त्रको विशारद छु । आदि—

सहस्रसुन्दरीकान्तं कामशास्त्रविशारदम् ।
किङ्करं कुरू मां कान्ते सम्परित्यज्य तं पतिम् ॥ ३५-१५ ॥

यसरी आफू सबै प्रकारले कुशल भएको भन्दै पद्माको हात समाउन अगाडि बढ्दा, पतिव्रता पद्मा क्रोधित भएर श्राप दिँदै भन्न थालिन्-

पद्मा- **गच्छ दूरं गच्छ दूरं पापिष्ठस्त्वं नराधिपः ।**
मां चेत्पश्यसि कामेन सद्यो नष्टो भविष्यसि ॥ ३५-१८ ॥

'म तेरी आमा हुँ । तैँले मलाई कामाशक्त भएर हेरिस्, त्यसैले मेरो श्रापले तँ विनाश हुनेछस् । म पतिव्रता स्त्री हुँ । पतिव्रता नारीप्रति तेरो कुदृष्टिले गर्दा पतन हुनेछस् । जति

पनि पुण्यार्जन गरेको छस्, सबै नाश हुनेछ ।’

पद्मा त्यसपछि मौन भइन् । नररूप धर्मराज आफ्नो रूपमा प्रकट भएर भने, ‘म पनि परस्त्रीलाई माताकै समान सम्मान गर्दछु । यो मेरो परीक्षा थियो ।’

धर्मराज- **मातार्जानीहि मां धर्म ज्ञानिनां च गुरोर्गुरुम् ।**
परस्त्रीमातृबुद्धिं च कुर्वन्तं सततं सती ॥ ३५-२३ ॥

पद्मा- साक्षात् धर्मराजलाई प्रत्यक्ष देखेर पद्मा सङ्कुचित भई क्षमा मागिन् । अनि धर्मराजले वर दिँदै भने-

धर्मराजद्वारा पद्मालाई वरदान

धर्मराज- हे पतिव्रते पद्मा ! तिमी धन्य छौ । तिम्रो पतिलाई यौवन प्राप्त हुनेछ ।

युवा भवतु ते भर्ता रतिशूरश्च धार्मिकः ।
रूपवान् गुणवान्वाग्मी सन्ततस्थिर यौवन ॥ ३५-४६ ॥

त्यतिमात्र होइन, तिम्रा चिरञ्जीवी बलशाली दश पुत्र हुनेछन् । तिम्रा स्वामी मार्कण्डेयजस्तो चिरञ्जीवी, कुबेरजस्तो धनवान्, इन्द्रजस्तो ऐश्वर्यवान्, विष्णुजस्तो शिवभक्त, कपिल मुनिजस्तो सिद्ध, वृहस्पतिजस्तो बुद्धिमान्, ब्रह्माजस्तो समता प्राप्त गर्नेछन् । तिमी जीवनभरि सौभाग्यवती रहनेछ्यौ ।

यसरी आशीर्वाद प्राप्त गरी साध्वी पद्मा अत्यन्त प्रफुल्लित भइन् र सम्पूर्ण जीवन त्यसरी नै बिताइन् ।

वशिष्ठ- त्यसैले हे हिमालय ! आफ्नो जिद्दी छोड । कन्याको विवाह शिवसँग गरिदेऊ । एक सप्ताहपछि शुभयोग आउँदै छ । लग्नका स्वामी लग्नमा स्थित हुनेछन् । चन्द्रमा बुधका साथ रहनेछन् । रोहिणी नक्षत्र, सोमवार, मार्गशीर्ष महिनामा विवाह गरिदेऊ ।

मुदिते रोहिणीयुक्ते विशुद्धे चन्द्रतारके ।
मार्गमासे चन्द्रवारे सर्वदोषविवर्जिते ॥ ३५-६० ॥
कन्यां प्रदाय गिरिजां कृती त्वं भव पर्वत । ३५-६१ ।

हिमालय-मेनाद्वारा शिव-शिवाको विवाह गर्ने निर्णय

ब्रह्मा- हे नारद ! वशिष्ठको कुरा सुनेपछि हिमवान्ले सबै आफन्तहरूसँग परामर्श गरे । सबैको राय सल्लाह लिए र आफ्नो अभिमत यसरी सप्तर्षिलाई भने-

हिमवान्- **अयं भागो मया तस्मै दातव्यमिति निश्चितम् । ३६-१४ ।**

आजदेखि मेरी कन्या शिवकी भइन्, मैले कन्या दिएँ ।

सप्तर्षि- हे गिरिराज ! भगवान् शङ्कर याचक, तिमी दाता र पार्वती देवी भिक्षा, योभन्दा उत्तम के हुन सक्छ ?

शङ्करो भिक्षुकस्तेऽथ स्वयं दाता भवान् गिरे ।
भैक्ष्यश्च पार्वती देवी किमतः परमुत्तमम् ॥ ३६-१५ ॥

त्यसपछि सप्तर्षिले हिमवान्लाई आशीर्वाद दिए र बिदा भई कैलासतर्फ लागे । हिमवान्ले पनि लोकाचार अनुसार हल्दी र कुमकुमले आफ्नो दाह्रीजुँगा मार्जन गरे ।

हरिद्राकुङ्कुमैः शैलश्मश्रूणि प्रत्यमार्जयेत् । ३६-२१ ।

यता सप्तर्षि कैलास पुगेर शिवलाई 'वाग्दान विधि' को कार्य सम्पन्न भएको जानकारी दिए । शिव प्रसन्न भए र भने-

शिव- हे ऋषिहरू हो । मैले त न विवाह सुनेको नै छु, न देखेकै छु, त्यसैले सम्पूर्ण कार्य तिमीहरूको साथले उत्तम विधिले सुसम्पन्न होस् यही मेरो इच्छा छ ।

विवाहो हि महाभागा न दृष्टो न श्रुतो मया ।
यथा पुरा भवद्भिश्तद्विधिः प्रोच्यो विशेषतः ॥ ३६-२९ ॥

सप्तर्षि- हे प्रभो ! तपाईंले सबैभन्दा पहिले विष्णु, ब्रह्मा, इन्द्र, ऋषि, यक्ष, गन्धर्व, किन्नर, सिद्ध, विद्याधर, अप्सरा आदि परिवार एवं पार्षदसहित निमन्त्रणा गर्नुहोस् । उनीहरू सबै मिलेर तपाईंको सम्पूर्ण कार्य सहज रूपले सम्पन्न गर्नेछन् । यसमा संशय लिनु पर्दैन । त्यसपछि सप्तर्षिगण शिवसँग बिदा भई आफ्नो गन्तव्यतिर प्रस्थान गरे ।

अध्याय सप्तत्रिंश, अष्टत्रिंश

हिमालयले शिवलाई तिलक एवं लग्नपत्रिका पठाउनु, पर्वत तथा नदीहरुको आगमन, विश्वकर्माद्वारा दिव्य मण्डप एवं देवताहरुका लागि प्रासाद निर्माण

ब्रह्मा- हे नारद ! सप्तर्षिगण गएपछि हिमालयले सबै आफन्त, भाइबन्धुलाई आमन्त्रित गरी पुरोहित गर्गाचार्यद्वारा लग्नपत्रिका लेखाए ।

तदाज्ञप्तस्ततः प्रीत्या हिमवाँल्लग्नपत्रिकाम् ।
लेखयामास सुप्रीत्या गर्गेण स्वपुरोधसा ॥ ३७-४ ॥

त्यसपछि आत्मीयजनका साथमा लग्नपत्रिका एवं माङ्गलिक सामग्री लिएर कैलास गए, तिलक लगाए र लग्नपत्रिका हातमा दिए । शिवले सबैलाई मान, सम्मान गरी बिदाइ गरे ।

त्यसपछि हिमवान्ले विवाहोचित सामग्री एकत्रित गर्न थाले । जसमा चामल, गुड, सक्खर, पीठो, दुध, दही, घिउ, मिठाई, नमकिन, मक्खन, पक्वान्न, स्वादिष्ट रस, अनेक व्यञ्जन

आदि थिए । सुक्खा पदार्थहरूको पर्वत र द्रवयुक्त पदार्थको पोखरी नै बन्यो ।

त्यसैगरी अनेक रत्न, सुवर्ण, रजत, काँस्य, मणिमाणिक्य, दिव्य आभूषण, दिव्यवस्त्र, दिव्य अलङ्कार आदि एकत्रित गरे । पर्वतराजका स्त्रीहरूले घरको शृङ्गार गर्न थाले । नगरवासीहरूले नगरको शृङ्गार एवं ब्राह्मण पत्नीहरूले लोकाचार अनुष्ठान गर्न थाले ।

बन्धु बान्धव पर्वत, नदीको उपहारसहित आगमन

यता हिमालयको घरमा सबै बन्धुबान्धव परिवारसहित उपहार लिएर आउने क्रम जारी भयो । यसमा सुमेरू, मन्दराचल, अस्ताचल, उदयाचल, मलय, दुर्दर, निषद्य, गन्धमान, करवीर, महेन्दु, परियात्र, क्रौच, शैल, नील, त्रिकूट, चित्रकूट, बेङ्कट, गोकामुख, विन्ध्य, नारद, कालञ्जर, कैलास, यिनीहरू परिवार र उपहारसहित दिव्यमूर्तिमान् भएर उपस्थित भए ।

नद्यः सर्वा समायाता नानालङ्कारसंयुताः । ३७-४३ ।

शिव-शिवाको विवाहमा भाग लिन नदनदीहरू पनि दिव्य मूर्तिमान् भएर अनेकानेक उपहार सामग्रीसहित हिमालयको घरमा उपस्थित भए । जसमा गोदावरी, यमुना, सरस्वती, वेणी, गङ्गा, नर्मदा सरयू आदि प्रमुख थिए ।

यी सबैको आगमन तथा वन्दनावार, चँदुवा, ध्वजपताकाले सुशोभित हिमालय साक्षात् अपूर्व शोभा हुन थाल्यो । हिमालय स्वयं बेहुलीभैँ सिँगारिएकी थिइन्, जसले गर्दा सूर्यको प्रकाश नै देख्न सकिँदैनथ्यो । हिमवान्ले आगन्तुकहरूको स्वागत-सत्कार गर्दै सबैलाई बस्ने व्यवस्था गरेका थिए ।

हिमवान्ले एकातिर आगन्तुकको स्वागत गरे, अर्कोतिर नगरलाई पूर्णरूपले चित्रविचित्र ढङ्गले सजाउन थाले । सडकहरूमा सफाइका साथै अत्तर-सुगन्धहरू छर्किन लगाए । प्रत्येक ढोका, चौबाटो, दोबाटो, चोक, गल्ली आदिमा अनेक तोरण, चदुँवा, सुन्दर केराका स्तम्भ, अनेक प्रकारको पुष्पहरूले सजाउन लगाए । चारैतिर मङ्गलसूचक शुभद्रव्य राखिएको थियो । यी सबैले अतुलनीय, अनुपम शोभा बढाएका थिए ।

विश्वकर्माद्वारा दिव्यमण्डप एवं प्रासादहरूको निर्माण

त्यसपछि हिमवान्ले विश्वकर्मालाई बोलाएर मण्डप, वेदी तथा देवताहरूलाई बस्ने दिव्य प्रासाद निर्माण गर्न लगाए ।

आहूय विश्वकर्माणं कारयामास सादरम् ।
मण्डपं च सुविस्तीर्णं वेदिकादि मनोहरम् ॥ ३८-६ ॥

मण्डपवेदीको शोभा अपूर्व थियो । शिव प्रेरित विश्वकर्माको सम्पूर्ण कुशलता यसमा न्यौछावर थियो । दश हजार योजन विस्तारमा बनाएको यस मण्डपमा सबै कृत्रिम हुँदाहुँदै पनि सजीवभैँ प्रतीत हुन्थ्यो । जल स्थलजस्तो र स्थल जलजस्तो देखिन्थ्यो । यस मण्डपमा

कतै कृत्रिम सिंह, हात्ती, घोडा, मयूर, सारस आदि पशुपक्षी थिए भने कतै बनावटी स्त्रीहरू नृत्यगान अवस्थामा थिए । द्वारपालको दृश्य पनि यस्तै थियो । द्वारमा महालक्ष्मीको कृत्रिम प्रतिमा थियो तर साक्षात् वैकुण्ठलक्ष्मीझैँ प्रतीत हुन्थ्यो । कतै घोडसवार, कतै हात्तीसवार, कतै रथसवार त कतै पैदलसवार अलङ्कृत थिए जो कृत्रिम हुँदाहुँदै पनि सजीवझैँ लाग्दथे । प्रमुख द्वारमा स्फटिकमणिले द्वितीय नन्दीझैँ बनाइएको थियो ।

महाद्वारि स्थितो नन्दी कृत्रिमश्च कृतो मुने ।
शुद्धस्फटिकसङ्काशो यथा नन्दी तथैव सः ॥ ३८-१८ ॥

त्यसैगरी तपोधन ऋषि, मुनि, देवता, उपदेवता, सिद्ध आदिका चित्र पनि मनमोहक रूपले बनाइएका थिए । शिवको कृपा एवं आशीर्वादले नै विश्वकर्माले आफ्नो कुशलताको सजीव प्रयोग गराउन सकेको थियो ।

त्यसैगरी हिमवान्ले देवताहरूलाई बस्नका लागि प्रासाद निर्माण गराए । यी प्रासादको बनावट तत् देवताको लोककै प्रतिविम्ब स्वरूपका थिए, जस्तो कि विष्णुका लागि वैकुण्ठ लोक, ब्रह्माका लागि ब्रह्मलोक, इन्द्रलोक, वरुणलोक, कुबेरका लागि अलकापुरी, यक्षलोक, नागलोक, सिद्धलोक, आदि प्रतिविम्बित थिए । सबै भवनहरू उत्कृष्ट कलाकृतिले सजिएका थिए । पार्षद एवं परिवारसहित बस्न सक्ने गरी बनाएका थिए ।

अन्येषाममराणां च सर्वेषां क्रमशस्तथा ।
सदनानि विचित्राणि रचितानि च तेन वै ॥ ३८-३५ ॥

शिवका लागि त साक्षात् द्वितीय कैलासझैँ सुशोभित थियो । यसरी विवाहका लागि गर्नुपर्ने सबै तयारी, जुटाउनुपर्ने सामग्री सबै जुटाइसकेपछि, हिमाचल परिवार, परिजन, परिकरसहित जन्तीको शुभाभगमनको प्रतीक्षा गर्न थाले ।

अध्याय- एकोनचत्वारिंशत्, चत्वारिंशत्

शिवको तर्फबाट नारदजीद्वारा देवताहरूलाई निमन्त्रणा, मङ्गलाचार, ग्रहपूजन र जन्ती कैलासबाट प्रस्थान

ब्रह्मा- शिवले लग्नपत्रिका पाएपछि नारदको स्मरण गरे । नारदको उपस्थितिमा शिवले सबै देवता, उपदेवता, सिद्ध, मुनि, यक्ष, नाग, गुह्यक, किन्नर आदि सबैलाई निमन्त्रणा दिन पठाए ।

विष्णुप्रभृतिदेवांश्च मुनीन् सिद्धानपि ध्रुवम् ।
त्वं निमन्त्रय मद्वाण्या मुनेऽन्यानपि सर्वतः ॥ ३९-२१ ॥

शिवाज्ञा पाएर नारदजी सर्वत्र मनोवेगले गए, शिव-शिवाको विवाहको निमन्त्रणा दिए, कैलास फर्किएर त्यहीँ प्रतीक्षा गर्न थाले । शिवगण चारै दिशामा उत्सव मनाइरहेका थिए ।

देवताहरूको कैलास आगमन- नारदजीले मनोवेगद्वारा निमन्त्रणा दिएका सबै देवता, लोकपाल, दिक्पाल, मुनि, नाग, सिद्ध, उपदेवता, सप्तमातृका, षोडशमातृका, चतुःषष्टयोगिनी आदि आ-आफ्नो परिवार पार्षदसहित जन्तीमा सामेल हुन कैलासमा एकत्रित भए । यी सबैका आ-आफ्ना वाहन, आभूषण, सेवकगण साथमा थिए । चण्डिका देवी स्वयं शिवकी बहिनी बनेर प्रेतासनमा बसेर आइन् । शिवले सबैलाई स्वागत गरे ।

अथोत्सवो महानासीत्कैलासे परमोऽद्‌भुतः
नृत्यादिकं तदा चक्रुर्यथायोग्यं सुरस्त्रियः ॥ ३९-३३

सप्तमातृका (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, ऐन्द्री र चामुण्डा) ले दुलहा शिवको शृङ्गार गर्न थाले । यिनीहरूले शिवलाई स्वाभाविक वेशभूषाले नै अलङ्कृत गरे, जसमा मुण्डमाला, सर्पाभूषण, भस्म, मृगचर्म, व्याघ्रचर्म, गजचर्म नै प्रयोग गरे ।

मङ्गलाचार ग्रहपूजनादि- त्यसपछि भगवान् विष्णुले शिवलाई गृहसूत्र विधिले सबै कार्य गर्न अनुरोध गरे, किनकि यही विवाहपद्धति नै भविष्यमा लोकमा प्रतिष्ठित गर्न चाहन्थे । शिवले विष्णुको प्रस्ताव स्विकारेपछि मुनि एवं सिद्धगणहरूले मङ्गलाचरण, ग्रहपूजन, नान्दीमुखश्राद्ध, मण्डपस्थापन आदि विधि सम्पन्न गरे । यी सबै विधि गराउने ऋषिमुनिहरू चाहिँ कश्यप, अत्रि, वशिष्ठ, गौतम, वृहस्पति, कव्य, जमदग्नि, पराशर, मार्कण्डेय, शिलापाक, अरुणपाल, अकृतश्रम, अगस्त्य, च्यवन, गर्ग, शिलाद, दधीचि, उपमन्यु, भरद्वाज, अकृतवर्ण, पिप्पलाद, कुशिक, कौत्स, व्यास आदि प्रमुख थिए ।

यसरी लोक शिक्षार्थ माङ्गलिक कार्य सम्पन्न भएपछि सम्पूर्ण समागत देवता, शिवगण, मातृकागणका बिचमा वृषभारूढ भएर महादेव विवाहार्थ हिमालयतर्फ प्रस्थान गर्न कैलासको मूलद्वारबाहिर उपस्थित भए ।

निस्ससार मुदा तस्मात्कैलासात्पर्वतोत्तमात् ।
बहिः कैलासकुधराच्छम्भुस्तस्थौ मुदान्वितः ॥ ३९-६० ॥

शिवको विवाहमा सामेल भएका जन्तीको वर्णन

ब्रह्मा- **अथ शम्भुः समाहूय नन्द्यादीन् सकलान्गणान् ।**
आज्ञापयामास मुदा गन्तुं स्वेन च तत्र वै ॥ ४०-१ ॥

हे नारद ! त्यसपछि शिवले नन्दी आदि गणहरूलाई बोलाएर केही गण मात्र कैलासको रक्षार्थ बस्न र बाँकी सबै जन्ती भएर सामेल हुन आज्ञा दिए । आज्ञा पाएपछि सबै गण वस्त्राभूषणले सुसज्जित भई जन्तीमा सामेल भए । यी सबै शिरमा मुकुट, सहस्र हातयुक्त,

शिरमा चन्द्रमा, कण्ठमा नीलचिह्न, त्रिनेत्रयुक्त, रुद्राक्ष, भस्म, हार, कुण्डल, केयूर आदिले विभूषित-अलङ्कृत थिए ।

जन्तीमा सामेल भएका प्रमुख गणहरूमा- शङ्खकर्ण, केकराक्ष, विकृत, विशाख, पारिजात, विकृतानन, दुन्दुभ, कपाल, सन्दारक, कन्दुक, कुण्डक, विष्टम्भ, पिपल, सनादक, आवेशान, कुण्ड, पर्वतक, चन्द्रतापन, कालक, काल, महाकाल, अग्निक, अग्निमुख, आदित्यमूर्द्धा, धनावह, सुनाह, कुमुद, अमोघ, कोकिल, सुमन्त्र, काकपादोदर, सन्तानक, मधुपिङ्ग, कोकिल, पूर्णभद्र, नील, चतुर्वक्त्र, करण, अहिरोमक, यज्वाक्ष, शतमन्यु, मेघमन्यु, काष्ठ गूढ, विरूपाक्ष, सुकेश, वृषभ, सनातन, कालकेतु, षण्मुख, चैत्र, स्वयम्प्रभु, लकुलीश, लोकान्तक, दीप्तात्मा, दैत्यान्तक, भृङ्गिरिटि, अशनि, देवदेवप्रिय, भानुक, प्रमथ, वीरभद्र, नन्दी, भैरव आदि थिए ।

जन्तीमा विष्णु आदि देवता आ-आफ्नो वाहन तथा आभूषणमा गण एवं पार्षदसहित सुसज्जित भएर सामेल भए । रुद्रकी भगिनी चण्डी प्रेतासनमा बसेर सर्पाभूषण एवं सुवर्ण कलश लिएर जन्तीको अगुवाई गर्दै बढिन् ।

रुद्रस्य भगिनी भूत्वा चण्डी सूत्सवसंयुता ।
प्रेतासनसमारूढा सर्पाभरणभूषिता ॥ ४०-३५ ॥

डमरूको डिण्डिम, भेरीको गडगडाहट, शङ्खको गम्भीर नाद, दुन्दुभिको नाद आदिले तीनै लोक गुञ्जायमान हुँदै जन्ती अघि बढ्दा मङ्गलको वृद्धि र अमङ्गलको नाश भएको थियो ।

जन्तीमा वेद, शास्त्र, पुराण, आगम, निगम, सनकादि, ऋषि, प्रजापति आदि सबै मूर्तिमान् भई सामेल भएका थिए । त्यसैगरी शाकिनी, डाकिनी, यातुधान, वेताल, ब्रह्मराक्षस, भूत, प्रेत, पिशाच, तुम्बुरू, नारद, हाहाहूहू, गन्धर्व आदि आ-आफ्ना पेसागत कला कौशल प्रदर्शित गर्दै सामेल भएका थिए । यसरी नै सम्पूर्ण जगन्माता, देवमाता, देवकन्या, गायत्री, सावित्री, लक्ष्मी आदि सबै महादेवको जन्तीमा सामेल भएका थिए ।

एभिः समेतैः सकलैर्महर्षिभिः,
बभौ महेशो बहुशोऽत्यलङ्कृताः ।
हिमालयाह्वस्य धरस्य संव्रजन्,
पाणिग्रहार्थं सदनं शिवायाः ॥ ४०-५६ ॥

अध्याय एकचत्वारिंशत्, द्विचत्वारिंशत्, त्रिचत्वारिंशत्

हिमवान्द्वारा जन्तीको स्वागत, मेनालाई नारदजीले जन्तीको परिचय गराउनु, वरराजा शिव र उनका गण देखेर मेना मूर्च्छित हुनु

ब्रह्मा- भगवान् शिवले नारदजीलाई हिमवान्को घर पठाए ताकि उनीहरूलाई व्यवस्थापन गर्न सजिलो होस् । आज्ञा पाएर नारदजी हिमवान्को घर पुगे, अभिवादन एवं स्वागत भयो । हिमालयको अपूर्व विलक्षण सजावट देखेर नारदजी दङ्ग परे ।

कृत्रिमं रचितं तत्र विस्मितो विश्वकर्मणा । ४१-३ ।

नारदजीले शिवका जन्तीलाई स्वागत गर्न हिमवान्लाई सूचना दिए । हिमवान् पनि मैनाक आदिलाई साथमा लिएर शिवका जन्तीलाई स्वागत गर्न पुगे । स्वागत स्थलमा हिमवान्ले सबैलाई क्रमशः वन्दना, अभिवादन, पूजन, अर्चना गर्दै गए ।

यता मेनालाई कौतुहल थियो कि मेरी पुत्रीले भगीरथ तपस्या गरी शिवलाई प्राप्त गरेकी हुन् । ती शिव कस्तो रूपमा आउँदै छन् ? त्यसैले नारदजीलाई जन्तीको परिचय गराउन अनुरोध गरिन् । त्यसपछि मेना-नारद दुवै भवनको उच्च स्थानमा गएर जन्तीको परिचय लिन थालिन् ।

निरीक्षिष्यामि प्रथमं मुने तं गिरिजापतिम् ।
कीदृशं शिवरूपं हि यदर्थे तप उत्तमम् ॥ ४३-१ ॥

शिव एवं शिवगणका विकृत रूप

उता शिवलाई थाहा भयो कि मेनाभित्र अहङ्कार आयो । उनले त्यो अभिमान र अहङ्कार हटाउने निश्चय गरे । त्यसैले शिवले सबै देवगण, ऋषिगण आदिलाई अगाडि जान आज्ञा दिए र आफू भने आफ्नो गणका साथ सबैभन्दा पछाडि रहे । आज पनि यही प्रथाको अनुसरण लोकमा गरिन्छ, वरराजा र नायक पछि आउँछन् ।

यता नारदजीले मेनालाई सबै जन्तीहरूको क्रमशः परिचय दिन थाले । सबै एकसेएक श्रेष्ठ एवं सुन्दर वस्त्रालङ्कारले युक्त, उत्तम वाहनादिका साथ प्रवेश गर्दै थिए ।

सबैभन्दा पहिले ध्वजापताका फहराउँदै वसु आदि गन्धर्वले प्रवेश गरे, त्यसपछि मणिग्रीव आदि यक्ष, यमराज, निर्ऋति, वरुण, वायु, कुबेर, ईशान, देवराज इन्द्र, चन्द्रमा, सूर्य, भृगु आदि मुनिवर, ब्रह्मा एवं विष्णुले प्रवेश गरे । यी प्रत्येक दलका स्वामी देख्नासाथ मेना सोध्थिन्, 'के यिनै हुन् शिव ?' नारदजी उत्तर दिन्थे, 'यी त शिवका सेवक हुन् ।' त्यसपछि मेना झनै उत्सुक हुँदै गइन् । सेवकगण नै यति सुन्दर छन् भने यिनका स्वामी कति सुन्दर होलान् ? आज म धन्य भएँ, पार्वतीलाई जन्म दिनाले कत्रो सौभाग्य प्राप्त गरेँ ?

मेरी पुत्रीले आज भुवनपति सुन्दर वरसँग विवाह गर्नेछिन् । आदि —

धन्याऽहं सर्वथा जाता पार्वत्या जन्मनाधुना ।
धन्यो गिरीश्वरोऽप्यथ सर्वं धन्यतमं मम ॥ ४३-४२ ॥
ये ये दृष्टा मया देवा नायकाः सुप्रभान्विताः ।
एतेषां यः पतिः सोऽत्र पतिरस्या भविष्यति ॥ ४३-४३ ॥

यसरी मेना गदगद एवं प्रफुल्लित भइरहेकी थिइन्, त्यति बेला नै वरराजा शिव आफ्ना गण भूत, प्रेत, पिशाच, डाकिनी, शाकिनी आदिका साथ पदार्पण गरे । यिनलाई देख्नासाथ नारदले मेनालाई इसारा गर्दै भने, 'तपाईका हुनेवाला ज्वाइँ यिनै हुन् ।

अयं स शङ्करः साक्षाद् दृश्यतां सुन्दरि त्वया । ४३-४८ ।

यी गणहरूका अङ्ग प्रत्यङ्ग सबै विचित्र थिए । कसैका मुख टेढा, कसैका कुरूप, कोही विकराल, शरीर, त कोही वौना एवं दाह्रीजुँगाले भरिएका थिए । कोही लङ्गडे थिए त कोही दृष्टिविहीन थिए । कसैले दण्ड, कसैले पाश, कसैले मुद्गर लिएका थिए । कतिपयले आफ्नो वाहनलाई विपरीत दिशामा लँदै थिए । कोही सिङ, कोही डमरु त कोही गोमुख बजाउँदै थिए । त्यसैगरी कसैका मुखै थिएनन्, कसैका मुख पछाडि भागमा त कसैका अनेक मुख थिए ।

कसैका हात थिएनन्, कसैका उल्टो दिशामा हात देखिन्थे, कसैका ज्यादा हात थिए । कसैका शिरै थिएनन्, कसैका विचित्र शिर थिए भने कसैका अनेकानेक शिर थिए । कसैका कान नै थिएनन् त कसैका अनेक कान थिए । यसरी नाना रूपमा वेशभूषा पनि तदनुरूप धारण गरेका असङ्ख्य गण थिए ।

यिनै गणहरूका बिचमा भगवान् शङ्कर निर्गुण हुँदाहुँदै पनि गुणवान् देखिन्थे । वृषभमा बसेका, पाँच मुखयुक्त तथा प्रत्येक मुखमा तीन-तीन नेत्रले शोभायमान थिए । सम्पूर्ण अङ्गमा विभूति, मस्तकमा जटाजूट एवं चन्द्रमाको मुकुट धारण गरेका थिए । त्यसैगरी दश हातमध्ये एकमा कपाल, एकमा पिनाक धनुष, अर्कोमा त्रिशूल, अभयमुद्रा, डमरु लिएका, बाघाम्बरको बर्को, आँखा भयानक र विकराल, हात्तीको छाला, मृगको छालाको वस्त्र धारण गरेका शिवको अकल्पनीय, अशोचनीय रूप देखेर मेनाको होसहवास उड्यो । उनी भयविह्वल भइन् । हावाझैँ शरीर जमिनमा ढल्यो र बेहोस भइन् ।

सा पपात द्रुतं भूमौ मेना दुःखभरा सती ।
किमिदं विकृतं दृष्ट्वा वञ्चिताऽहं दुराग्रहे ॥ ४३-६३ ॥

यो सबै शिवले आफ्नो मायाले मेनाको गर्वनाशका लागि मोहित गराएका थिए । मूर्च्छित मेनालाई सखीहरूले बिस्तारै बिस्तारै होसमा ल्याए ।

अध्याय चतुश्चत्वारिंशत्, पञ्चचत्वारिंशत्, षट्चत्वारिंशत्

मेनाद्वारा विलाप, शिवलाई कन्या नदिने निर्णय, देवताले सम्झाउँदा सुन्दर रूपमा आएपछि मात्र दिने वचन, शिव सुन्दर रूपमा प्रकट हुनु र सबै पुरवासी मोहित हुनु, मेनाद्वारा शिवको स्वागत, पार्वतीद्वारा कुलदेवीको अर्चना

ब्रह्मा- हे नारद ! मेना चेतन अवस्थामा फर्किइन्, र विलाप गर्न थालिन् ।

> **किं करोमि क्व गच्छामि को मे दुःखं व्यपोहताम् ।**
> **कुलादिकं विनष्टं मे विहितं जीवितं मम ॥ ४४-६ ॥**

नारदलाई धिक्कारिन्, किनकि उनले नै पार्वतीलाई फकाएर शिवको तपस्या गर्न लगाएका थिए । वशिष्ठ एवं अरुन्धती तथा सप्तर्षिगणलाई नै धिक्कारिन्, किनकि उनीहरूले मोहित गरी फँसाएर विवाह गर्न उक्साएका थिए ।

त्यसपछि मेना आफ्नी पुत्री पार्वतीमाथि क्रोधित हुँदै भन्न थालिन्, 'अरे दुष्ट पुत्री ! तिमीले कुन कर्म गर्‍यौ, जो मेरा लागि दुःखदायक सिद्ध बनायौ ? तिमीले सुवर्ण दिएर काँच लियौ, चन्दन छोडेर फोहोर उठायौ । हंसलाई उडाएर पिँजडामा काग राख्यौ । गङ्गाजल फ्याँकेर कुवाको पानी पियौ । चामल छोडेर भुस खायौ । सिंहको आश्रय छोडेर स्यालको सेवन गर्‍यौ । घरमा राखेको मङ्गलमय यशरूपी विभूतिलाई हटाएर चिताको अमङ्गलमयी खरानी आफ्नो पछ्यौरीमा बाँध्यौ ।

अरे ! म बन्ध्या किन भइनँ ? या जन्म लिनासाथ किन मरिनँ ? या राक्षस आदिले किन अपहरण गरेनन् ?

> **बन्ध्याहं न कथं जाता गर्भो न गलितः कथम्**
> **अथो न वा मृता चाहं पुत्रिका न मृता कथम् ॥ ४४-२० ॥**

यसरी मेनाले पूर्वापर प्रसङ्गको स्मरण गर्दै विलाप गरिरहिन् । आफैँलाई धिक्कार्दै, अन्त्यमा बेहोस भइन् । त्यति बेला सबै देवता शिवप्रेरित भएर उपस्थित भए, अनि सम्झाउन थाले ।

देवताहरूले मेनालाई सम्झाउनु- केही बेरपछि मेना होसमा आइन्, चारैतर्फ देवतालाई देखिन् । दुःखी मेनालाई क्रमशः सबैले सम्झाउन थाले, मनाउन थाले । यस क्रममा सबैभन्दा पहिले नारदजीले सम्झाए । त्यसपछि सप्तर्षिगण, त्यसपछि इन्द्रादि देवताहरूले, त्यसपछि ब्रह्माले सम्झाए, अनि आफ्नै पति हिमवान्ले पनि सम्झाए । सबैको सारांश भाव यही थियो कि शिव चराचरका स्वामी हुन्, अरूप-रूपाय हुन्, सबैभन्दा श्रेष्ठ एवं सबैका पूजनीय वन्दनीय हुन् । तिम्रो अवतार पनि 'पितरकन्या' को रूपमा देवकार्यार्थ भएको हो, त्यसैले आफ्नी पुत्रीको विवाह शिवका साथमा गरेर जीवन सफल बनाऊ ।

मेनाले सबैका कुरा सुन्दै अस्वीकार गर्दै गइन् । शिवलाई आफ्नी कन्या नदिने अठोट यथावत् राखिन् । त्यसपछि पुत्री पार्वतीले सम्झाउँदै भनिन् र आफ्नो अठोट पनि व्यक्त गरिन् कि शिवका अतिरिक्त कसैसँग म विवाह गर्दिनँ । मेरो पनि यो पहिलो र अन्तिम निर्णय हो ।

अन्त्यमा भगवान् विष्णुले मेनालाई राम्ररी सम्झाए । त्यसपछि मेना अलिक शान्त भइन् र आफ्नो अठोटलाई कम गर्दै राय व्यक्त गरिन् कि सुन्दर शृङ्गार गरेर राम्रो बनेर शिव आए भने मात्र कन्या दिनेछु, अन्यथा कुनै हालतमा पनि दिनेछैन ।

यदि रम्यतनुः सः स्यात्तदा देया मया सुता ।
नान्यथा कोटिशो यत्नैर्वच्मि सत्यं दृढं वचः ॥ ४४-१०१ ॥

धन्य छ शिवमाया जो सबैलाई मोहमा फसाउँछ ।

शिव करोडौं कामदेव समान सुन्दर वरको रूपमा आउनु

मेनाको आशय बुझेपछि विष्णुले तुरुन्त नारदलाई प्रेरित गरे कि शिवलाई सुन्दर रूपमा उपस्थित गराउनू । त्यसपछि नारद शिवसमीप गए र सारा वृत्तान्त बताए । शिवले पनि सुन्दर लावण्य रूपमा आफूलाई बदले र अगाडि बढ्दै गए ।

स्वरूपमुत्तमं दिव्यं कृपालुत्वं च दर्शितम् ।
तद् दृष्ट्वा सुन्दरं शम्भुं स्वरूपं मन्मथाधिकम् ॥ ४५-३ ॥

करोडौं कामदेव र सूर्यसमान कान्तियुक्त, ललित, लावण्य मनोहर, गौरवर्ण, द्युतिमान् एवं चन्द्रलेखाले अलङ्कृत शिवको रूप त्यस समय थियो । विष्णु आदि देवता उनको सेवा गरिरहेका थिए । सूर्यदेवले छाता, चन्द्रदेवले मुकुट, दुई छेउमा गङ्गायमुना चम्मर हल्लाइरहेका थिए । अष्ट सिद्धिहरू अगाडि नाचिरहेका थिए । शिवको वाहनलाई पनि अभूतपूर्व सुन्दर शृङ्गार गरी सजाइएको थियो । यो सम्पूर्ण अद्‌भुत दृश्य देखेर मेनाले चित्र-लिखितझैँ अवाक् भई हेरिरहिन् अनि भन्न थालिन्-

मेना- हे महेश्वर ! मेरी पुत्री धन्य छिन्, जसले कठोर तपस्या गर्नाले तपाईं मेरा घर आउनुभयो । तपाईंको पूर्वरूप देखेर म हडबडाएकी, डराएकी थिएँ, त्यसैले तपाईंको निन्दा गरैं । क्षमा गरिदिनुहोस् । तपाईं प्रसन्न हुनुहोस् ।

मया कृता पूरा या वै शिवनिन्दा दुरत्यया ।
तां क्षमस्व शिवस्वामिन् सुप्रसन्नो भवाधुना ॥ ४५-२३ ॥

मेनाले यसरी क्षमायाचना गरिन् । लज्जित भइन् । प्रणाम गरिन्, र उनको रूपको छवि आफ्नो हृदयमा धारण गरिन् । त्यसैगरी पुरवासी स्त्रीहरू पनि शिवको रूप देखेर मोहित हुँदै भन्न थाले-

पुरवासी स्त्री- आज हाम्रो जीवन तथा नेत्र सफल भयो ।

नेत्राणि सफलान्यासन् हिमवत्पुरवासिनाम् ।
यो योऽपश्यत्तदो रूपं तस्य वै सार्थकं जनुः ॥ ४५-३५ ॥

शिव-शिवाको जोडी साक्षात् लक्ष्मीनारायण, ब्रह्मासावित्रीसदृश हुनेछ । त्यसपछि सबैले चन्दन, अक्षता, पुष्प, लावा, शिवमाथि बर्साए (जन्ती पर्सिए) । महान् उत्सव भयो । मेना-हिमवान्ले आफ्नो जीवन धन्य भयो भन्दै भाग्यको सराहना गरे ।

मेनाद्धारा मूलद्धारमा भगवान् शिवलाई स्वागत

भगवान् शिव पनि प्रसन्नचित्त भएर आफ्ना समस्त गण र देवताहरूका साथ हिमवान्को मूल द्वारमा पुगे । मेनाले आरती सजाएर द्वारमा स्वागत गर्न थालिन् ।

नीराजनं चकारासौ प्रफुल्लवदना सती ।
अवलोकपरा तत्र मेना जामातरं मुदा ॥ ४६-१३ ॥

आज मेनालाई लाग्यो कि आफ्नी पुत्रीले जस्तो शिवको वर्णन पहिले गरेकी थिई, त्यो रूप लावण्यभन्दा पनि अधिक सौन्दर्य शिवको अङ्गकान्तिमा देखिन् । पुरवासी स्त्री तथा सखीहरूले पनि वरराजाको मनोहर रूपको मुरीमुरी प्रशंसा गरे ।

त्यसपछि महान् उत्सव भयो । गन्धर्व गाउन थाले । अप्सरा नृत्य गर्न थाले । सुमधुर तालले वाद्यवादन बज्न थाले । त्यसपछि विश्वकर्मा निर्मित प्रासादहरूमा सबै जन्तीहरूलाई पठाइयो । देवताहरूका लागि तयार पारिएका अलग-अलग प्रासादहरू सम्पूर्ण सुविधाले युक्त थिए ।

पार्वतीद्वारा कुलदेवीको पूजार्चना

यसै बिचमा पर्वतनन्दिनी गिरिजा सखीहरूद्वारा वेष्टित भई कुलदेवीको पूजार्चना गर्न महलबाट बाहिर निस्किइन् ।

एतस्मिन्नन्तरे दुर्गां शैलान्तः पुरचारिकाः ।
बहिर्जग्मुः समादाय पूजितं कुलदेवताम् ॥ ४६-२३ ॥

पार्वतीको सौन्दर्य कसैसँग तुलनायोग्य थिएन । पार्वतीको शरीर करोडौं रति या करोडौं चन्द्रमाको कान्तिसमान दिव्याभूषणले सजिएको थियो । देवताहरूले पार्वतीको रूप-लावण्य, कान्ति-आभालाई चित्रलिखितझैँ हेररिहे । शिव-शिवाको यो दिव्य जोडी त्रिलोकमै अनुपम थियो ।

पार्वतीले आफ्नी कुलदेवी अम्बिकादेवीको ब्राह्मणद्वारा विधिवत् पूजार्चना गरिन् र रमणीय महलमा पुनः फर्किइन् ।

यसरी गिरिराजले बनाएको जनवास (प्रासाद) मा सबै जन्ती सुखपूर्वक निवास गर्दै शिवको सेवा तथा शुभविवाहको प्रतीक्षा गर्न थाले ।

तत्र सर्वे सुखं तस्थुः सेवन्तः शङ्करं यथा ।
सम्मानिता गिरीशेन नानाविधसुसम्पदा ॥ ४६-३६ ॥

अध्याय सप्तचत्वारिंशत्, अष्टचत्वारिंशत्

विवाह आरम्भ, कन्यादान गर्दा शिवगोत्र सोध्दा नारदजीले उत्तर दिनु, शिवाको अभिषेक

ब्रह्मा- ततः शैलवरः सोऽपि प्रीत्या दुर्गोपवीतकम् ।
कारयामास सोत्साहं वेदमन्त्रै शिवस्य च ॥ ४७-१ ॥

हे नारद ! वैदिक मन्त्रद्वारा हिमालयले शिव-शिवाको उपस्नान गराए । सबै वैदिक तथा लौकिक आचरण हुन थाले । ब्रह्मा र विष्णुले शिवद्वारा ल्याएको वस्त्रालङ्कार पर्वतराजको घरमा गएर पार्वतीको हातमा दिए । ब्राह्मण पत्नीहरूले पार्वतीलाई स्नान गराए र तिनै वस्त्रालङ्कार पहिर्‍याइदिए । त्यसपछि कुलपुरोहित गर्गाचार्यजीले हिमालयलाई भने, ' कन्यादानको समय भयो, जन्तीलाई बोलाउनुपर्‍यो ।'

पाणिग्रहार्थं शम्भुं चानय त्वं निजमन्दिरम् । ४७-१४ ।

त्यसपछि जन्तीलाई हिमालयको घर आँगनमा बोलाइयो, जहाँ विश्वकर्माद्वारा निर्मित भव्य विवाह मण्डप थियो ।

वरराजसहित जन्तीहरूको विवाह मण्डपमा आगमन

वरराज शिवले वृषभमा आरूढ भई जन्तीहरूलाई लिएर विवाहस्थलमा पदार्पण गरे । पर्वतराजले वरलाई वृषभबाट उतारे र मण्डपमा लिएर गए । यसबेला महान् उत्सव भयो । आकाशबाट पुष्पवृष्टि भयो । बाजागाजा बज्न थाले । नृत्योत्सव भव्य भयो ।

ततः शङ्खाश्च भेर्यश्च पटहानकगोमुखाः । ४७-३३ ।
सम्पूजितस्तदा शम्भुः प्रविष्टो यज्ञमण्डपम् ॥ ४७-३६ ॥

यज्ञमण्डपमा ब्रह्मादि देवताहरूका लागि आसन अलग-अलग थियो । सबैजना आ-आफ्नो आसनमा विराजमान भए । मधुपर्क, पाद्य, अर्घ्य आदिद्वारा हिमालयले सबैको स्वागत गर्दै गए । त्यसपछि वृहस्पति आदि विद्वान् तथा कुलपुरोहित गर्गाचार्यले वरवधूको पूजा गरे । पार्वतीको हातबाट पुण्याहवाचन गराए र वरराज रूद्रदेवको पूजा गरे । वरकन्याको पूजापछि दुवै जना अत्यन्त सुशोभित भए ।

पुरवासी स्त्री- आज हाम्रो जीवन तथा नेत्र सफल भयो ।

नेत्राणि सफलान्यासन् हिमवत्पुरवासिनाम् ।
यो योऽपश्यत्तदो रूपं तस्य वै सार्थकं जनुः ॥ ४५-३५ ॥

शिव-शिवाको जोडी साक्षात् लक्ष्मीनारायण, ब्रह्मासावित्रीसदृश हुनेछ । त्यसपछि सबैले चन्दन, अक्षता, पुष्प, लावा, शिवमाथि बर्साए (जन्ती पर्सिए) । महान् उत्सव भयो । मेना-हिमवान्ले आफ्नो जीवन धन्य भयो भन्दै भाग्यको सराहना गरे ।

मेनाद्वारा मूलद्वारमा भगवान् शिवलाई स्वागत

भगवान् शिव पनि प्रसन्नचित्त भएर आफ्ना समस्त गण र देवताहरूका साथ हिमवान्को मूल द्वारमा पुगे । मेनाले आरती सजाएर द्वारमा स्वागत गर्न थालिन् ।

नीराजनं चकारासौ प्रफुल्लवदना सती ।
अवलोकपरा तत्र मेना जामातरं मुदा ॥ ४६-१३ ॥

आज मेनालाई लाग्यो कि आफ्नी पुत्रीले जस्तो शिवको वर्णन पहिले गरेकी थिई, त्यो रूप लावण्यभन्दा पनि अधिक सौन्दर्य शिवको अङ्गकान्तिमा देखिन् । पुरवासी स्त्री तथा सखीहरूले पनि वरराजाको मनोहर रूपको मुरीमुरी प्रशंसा गरे ।

त्यसपछि महान् उत्सव भयो । गन्धर्व गाउन थाले । अप्सरा नृत्य गर्न थाले । सुमधुर तालले वाद्यवादन बज्न थाले । त्यसपछि विश्वकर्मा निर्मित प्रासादहरूमा सबै जन्तीहरूलाई पठाइयो । देवताहरूका लागि तयार पारिएका अलग-अलग प्रासादहरू सम्पूर्ण सुविधाले युक्त थिए ।

पार्वतीद्वारा कुलदेवीको पूजार्चना

यसै बिचमा पर्वतनन्दिनी गिरिजा सखीहरूद्वारा वेष्टित भई कुलदेवीको पूजार्चना गर्न महलबाट बाहिर निस्किइन् ।

एतस्मिन्नन्तरे दुर्गा शैलान्तः पुरचारिकाः ।
बहिर्जग्मुः समादाय पूजितं कुलदेवताम् ॥ ४६-२३ ॥

पार्वतीको सौन्दर्य कसैसँग तुलनायोग्य थिएन । पार्वतीको शरीर करोडौं रति या करोडौं चन्द्रमाको कान्तिसमान दिव्याभूषणले सजिएको थियो । देवताहरूले पार्वतीको रूप-लावण्य, कान्ति-आभालाई चित्रलिखितझैँ हेरिरहे । शिव-शिवाको यो दिव्य जोडी त्रिलोकमै अनुपम थियो ।

पार्वतीले आफ्नी कुलदेवी अम्बिकादेवीको ब्राह्मणद्वारा विधिवत् पूजार्चना गरिन् र रमणीय महलमा पुनः फर्किइन् ।

यसरी गिरिराजले बनाएको जनवास (प्रासाद) मा सबै जन्ती सुखपूर्वक निवास गर्दै शिवको सेवा तथा शुभविवाहको प्रतीक्षा गर्न थाले ।

तत्र सर्वे सुखं तस्थुः सेवन्तः शङ्करं यथा ।
सम्मानिता गिरीशेन नानाविधसुसम्पदा ॥ ४६-३६ ॥

अध्याय सप्तचत्वारिंशत्, अष्टचत्वारिंशत्

विवाह आरम्भ, कन्यादान गर्दा शिवगोत्र सोध्दा नारदजीले उत्तर दिनु, शिवाको अभिषेक

ब्रह्मा- ततः शैलवरः सोऽपि प्रीत्या दुर्गोपवीतकम् ।
कारयामास सोत्साहं वेदमन्त्रै शिवस्य च ॥ ४७-१ ॥

हे नारद ! वैदिक मन्त्रद्वारा हिमालयले शिव-शिवाको उपस्नान गराए । सबै वैदिक तथा लौकिक आचरण हुन थाले । ब्रह्मा र विष्णुले शिवद्वारा ल्याएको वस्त्रालङ्कार पर्वतराजको घरमा गएर पार्वतीको हातमा दिए । ब्राह्मण पत्नीहरूले पार्वतीलाई स्नान गराए र तिनै वस्त्रालङ्कार पहिन्याइदिए । त्यसपछि कुलपुरोहित गर्गाचार्यजीले हिमालयलाई भने, ‘ कन्यादानको समय भयो, जन्तीलाई बोलाउनुपर्‍यो ।’

पाणिग्रहार्थं शम्भुं चानय त्वं निजमन्दिरम् । ४७-१४ ।

त्यसपछि जन्तीलाई हिमालयको घर आँगनमा बोलाइयो, जहाँ विश्वकर्माद्वारा निर्मित भव्य विवाह मण्डप थियो ।

वरराजसहित जन्तीहरूको विवाह मण्डपमा आगमन

वरराज शिवले वृषभमा आरूढ भई जन्तीहरूलाई लिएर विवाहस्थलमा पदार्पण गरे । पर्वतराजले वरलाई वृषभबाट उतारे र मण्डपमा लिएर गए । यसबेला महान् उत्सव भयो । आकाशबाट पुष्पवृष्टि भयो । बाजागाजा बज्न थाले । नृत्योत्सव भव्य भयो ।

ततः शङ्खाश्च भेर्यश्च पटहानकगोमुखाः । ४७-३३ ।
सम्पूजितस्तदा शम्भुः प्रविष्टो यज्ञमण्डपम् ॥ ४७-३६ ॥

यज्ञमण्डपमा ब्रह्मादि देवताहरूका लागि आसन अलग-अलग थियो । सबैजना आ-आफ्नो आसनमा विराजमान भए । मधुपर्क, पाद्य, अर्घ्य आदिद्वारा हिमालयले सबैको स्वागत गर्दै गए । त्यसपछि वृहस्पति आदि विद्वान् तथा कुलपुरोहित गर्गाचार्यले वरवधूको पूजा गरे । पार्वतीको हातबाट पुण्याहवाचन गराए र वरराज रुद्रदेवको पूजा गरे । वरकन्याको पूजापछि दुवै जना अत्यन्त सुशोभित भए ।

एवं परस्परं तौ वै पार्वतीपरमेश्वरौ ।
अर्चयन्तौ तदानीं च शुशुभाते जगन्मयौ ॥ ४७-५३ ॥

कन्यादानको कार्य आरम्भ- कन्यादानको समय आयो । मेना सुवर्ण कलश लिएर हिमालयको दाहिने भागमा बसिन् । त्यसपछि वरको पूजा भयो, वरण गरियो । हिमालयले शिवलाई कुलगोत्र विषयमा सोधे-

स्वगोत्रं कथ्यतां शम्भोः प्रवरश्च कुलं तथा ।
नाम वेदं तथा शाखां माकार्षीः समयात्ययम् ॥ ४८-७ ॥

शिव निरुत्तर भए किनकि उनी गोत्र-कुलभन्दा पनि माथि छन्, त्यसैले शिवको प्रेरणाले नारदजी भन्न थाले ।

नारदजीद्वारा शिवको कुल गोत्र वर्णन- हे हिमवान् । तपाईंले मूर्खतापूर्वक यस्तो प्रश्न गर्नुभयो । ब्रह्मा विष्णु पनि यिनका कुल-गोत्र जान्दैनन् । शिवको एक दिनमा नै करोडौं ब्रह्माको लय हुन्छ । सबैका आदिबीज, आधारस्वरूप नै शिव हुन् ।

अस्य गोत्रं कुलं नाम नैव जानन्ति पर्वत ।
ब्रह्मा विष्णुदयोऽपीह परेषां का कथा स्मृता ॥ ४८-१६ ॥
यस्यैक दिवसे शैल ब्रह्मकोटिर्लयं गता ॥ ४८-१७ ॥

आज पार्वतीको तपोबलका कारणले तपाईंले निर्गुणब्रह्मको साकार दर्शन गर्न पाइरहनुभएको छ, जो भिक्षुक बनेर तपाईं समक्ष आएका छन् । यिनको कुनै रूप-गुण छैन । यिनी सम्पूर्ण तत्त्वभन्दा पर छन्- अर्थात् स्वतन्त्र रहन्छन् ।

अरूपोऽयं परब्रह्म निर्गुणः प्रकृतेः परः ।
निराकारो निर्विकारो मायाधीशः परात्परः ॥ ४८-१८ ॥

ब्रह्मा विष्णुले यिनको ज्योतिर्लिङ्गको वास्तविक स्वरूप पत्ता लगाउन माथि र तल जाँदा पनि थाहा पाउन नसकी त्यसै फर्किएका थिए । यिनी यस्ता अगम्य, अगोचर हुन् । अहिले तपाईं बहिर्मुखी भएर शिवलाई हेरिरहनुभएको छ, त्यसैले तपाईंले यस्तो प्रश्न गर्नुभयो । वास्तवमा शिव स्वरूपबारे कोही पनि राम्ररी जान्दैनन् । शिवले जब-जब सगुण बन्ने इच्छा गरे, तब-तब केवल नाद मात्र प्रकट भयो । त्यसैले शिव भनेको नाद र नाद भनेको शिव हो ।

सगुणस्य महेशस्य लीलया रूपधारिणः ।
गोत्रं कुलं विजानीहि नादमेव हि केवलम् ॥ ४८-२७ ॥
शिवो नादमयः सत्यं नादः शिवमयस्तथा ।
उभयोरन्तरं नास्ति नादस्य च शिवस्य च ॥ ४८-२८ ॥

नारदजीको वाणीलाई सबैले स्वागत गरे, स्विकारे र साधुवाद दिए । हिमालय पनि प्रसन्न भए, उनलाई आत्मप्रबोधन भयो र कन्यादान गर्दै यो मन्त्र उच्चारण गरे ।

हिमालय- इमां कन्यां तुभ्यमहं ददामि परमेश्वर ।
भार्यार्थं परिगृह्णीष्व प्रसीद सकलेश्वर ॥ ४८-३८ ॥

र, आफ्नी कन्याको हात शिवका हातमा दिए । त्यसपछि लोकाचारको आश्रय लिँदे शिवले पृथ्वीको स्पर्श गरे, अनि कामस्तुतिको यो मन्त्र भने-

शिव- ॐ कोऽदात् कस्मादात् कामोदात् कामायादात्
कामो दाता कामप्रतिग्रहीता कामै तत्ते ॥

कन्यादानको कार्य सम्पन्न भएपछि सर्वत्र शिव-शिवाको जयजयकार भयो । पृष्पवृष्टि भयो । अप्सराहरू नाच्न थाले । श्रेष्ठ गन्धर्व गाउन थाले । दिव्य वाद्यवादन बज्न थाले । सबै प्रसन्न भए । त्यसपछि हिमालयले कन्यादानको साङ्गतार्थ यथायोग्य उत्तम द्रव्य-आभूषण, गौ-वाजि-हय समर्पित गरे ।

हिमालयस्तुष्टमनाः पार्वतीशिवप्रीतये ।
नानाविधानि द्रव्याणि ददौ तत्र मुनीश्वर ॥ ४८-४९ ॥

त्यसपछि हिमालयको आज्ञानुसार पार्वतीको शिरमा मुनिहरूले शान्ति कलशको अमृत जलले अभिषेक गरे ।

शिरोऽभिषेकं चक्रुस्ते शिवायाः परमोत्सवाः । ४८-५५ ।

अध्याय एकोनपञ्चाशत्, पञ्चाशत्, एकपञ्चाशत्

शिव-शिवाको विवाह, अग्निपरिक्रमा गर्दा ब्रह्मा मोहित, वीर्य स्खलन, बालखिल्य ऋषि उत्पन्न, देवपत्नीद्वारा वरकन्याको परिहास, कामदेवलाई जीवनदान

ब्रह्मा- होमं चकार तत्रैवमङ्के संस्थाप्य पार्वतीम् ।
ऋग्यजुस्साममन्त्रैश्चाहुतिं वन्हौ ददौ शिवः ॥ ४९-१ ॥

हे नारद ! मेरै आज्ञाले गर्गादि ब्राह्मणले विवाह यज्ञ प्रारम्भ गरे, किनकि (ब्रह्मा शिव-विवाहका आचार्य थिए) तीनै वेदहरूका मन्त्रले यज्ञाहुति भयो । लाजा आहुति पार्वतीको भाइ मैनाकले दिए ।

लाजाञ्जलिं ददौ कालीभ्राता मैनाकसंज्ञकः । ४९-२ ।

त्यसपछि अग्नि परिक्रमाको कार्यारम्भ भयो ।

ब्रह्मा मोहित र वीर्य स्खलन

वर-कन्या अग्निको परिक्रमा गर्न थाले । परिक्रमा गर्दा पार्वतीले आफ्नो सारीलाई माथि गरिन् । त्यति बेला नै आचार्य ब्रह्माले पार्वतीको चरणनख देखे र मोहित भए । बारम्बार देख्नाले ब्रह्माको वीर्य पतन भयो ।

अपश्यं चरणे देव्या नखेन्दु च मनोहरम् ।
मदनेन समाविष्टोऽतीव क्षुभितमानसः ॥ ४९-६ ॥

ब्रह्माको यस्तो घृणित कार्य शिवलाई तुरून्त थाहा भयो र क्रोधमा आएर मार्न झम्टे । 'हन्तुमिच्छैत्तदा' । सर्वत्र हाहाकार भयो । विष्णु आदि देवता शिवको क्रोध शान्त गर्न प्रार्थना एवं स्तुति गर्न थाले ।

देवताद्वारा ब्रह्मा बचाउका लागि स्तुति

देवताहरूले उन्नाइस श्लोकले शिवको स्तुति गरे । यी श्लोकमा शिवको गुणको प्रशंसा गरिएको छ जसको सार यसप्रकार छ- तपाई नै निराकार, निर्गुण, जगदीश, सत्य, आनन्द, विकाररहित, लोकहित गर्ने रक्षक, पालक हुनुहुन्छ । तपाईंको दर्शन गर्नाले दृढभक्ति प्राप्त हुन्छ । तपाईंकै शरीर नै यो ब्रह्माण्ड हो, जहाँ विराट पुरुषको कल्पना गरी मुनिजन सदा ध्यानरत हुन्छन् । तपाई नै पञ्चशिर, दशभुजा एवं त्रिनेत्रधारी हुनुहुन्छ । ब्रह्माले गरेको अपराधलाई क्षमा गरिदिनुहोस् ।

देवदेव जगद्व्यापिन् परमेश सदाशिव ।
जगदीश जगन्नाथ सम्प्रसीद जगन्मय ॥ ४९-१२ ॥

यसरी देवताहरूको आर्त स्तुतिले शिव प्रसन्न भए र ब्रह्मालाई अभयदान दिए । शिवद्वारा अभयदान पाएपछि ब्रह्मा विवाहको अगाडिका विधि गर्न तत्पर भए ।

ब्रह्माको वीर्यबाट बालखिल्य ऋषिको उत्पत्ति

यता ब्रह्माको अमोघ वीर्य असङ्ख्यक कणमा परिणत हुँदा बालखिल्य ऋषि भए जो साठी हजारको सङ्ख्यामा छन् ।

ऋषयो बहवो जाता बालखिल्याः सहस्रशः । ४९-३५ ।

नारदजीले यी ऋषिहरूलाई मन्त्रदीक्षा दिए । गन्धमादन पर्वतमा गएर यिनीहरू पनि तपस्या गर्न थाले । पछि यी सबै सूर्यदेवका शिष्य बने र आज पनि सूर्यदेवसँगै अगाडि पछाडि मन्त्रोच्चारण गर्दै हिंड्छन् ।

विवाहको शेष कार्य सम्पन्न- शिवबाट अभयदान प्राप्त गरेपछि ब्रह्माले आफ्नो कुकर्मको स्मरण गर्दै क्षमायाचना गरे । त्यसपछि विवाहको शेषकार्य सम्पन्न गर्न थाले । यस क्रममा सर्वप्रथम वरकन्याको अभिषेक गरे । त्यसपछि ध्रुवतारा दर्शन, हृदयालम्भन, आशिर्वचन, स्वस्तिवाचन अनि सिउँदोमा सिन्दूरदान गरे ।

शिवाशिरसि सिन्दूरं ददौ शम्भुर्द्विजाज्ञया । ५०-४ ।

त्यसपछि संस्रवप्राशन (यज्ञावशिष्ट घिउ यजमानले खाने), अनि शिवले ब्रह्मालाई पूर्णपात्रको दान गरे ।

ब्रह्मणे पूर्णपात्रं मे ददौ लोककृते प्रभुः । ५०-७ ।

त्यसपछि गौदान गरे । ब्राह्मणहरूलाई दान-दक्षिणा वस्त्राभूषण प्रदान गरे । एक सय सुवर्णमुद्रा प्रत्येक ब्राह्मणले पाए ।

ततः शतसुवर्णं च विप्रेभ्यः स ददौ पृथक् । ५०-९ ।

यी प्रत्येक माङ्गलिक कार्यहरूमा महान् उत्सव मनाइएको थियो । जयजयकार भएको थियो । ब्रह्मादि देवताहरूले शिव-शिवालाई आशीर्वाद दिए ।

देवपत्नीद्वारा वरकन्याको परिहास

यसपछि वर-कन्यालाई कौतुकागारमा लगेर लोकाचार सम्पन्न भयो । अनि केलिगृहमा पुऱ्याइयो । त्यस केलिगृहमा प्रायः सबै देवपत्नी, देवकन्या, नागकन्या, मुनिकन्या आदि असङ्ख्य स्त्रीहरूको उपस्थिति थियो । यिनीहरूले नै शृङ्गारपरक वाक्यको प्रयोग गरी हाँसोठट्टा गर्दै नव दम्पतीलाई जिस्क्याए, परिहास गरे । यहाँ उपस्थित देवपत्नीहरू यसप्रकार थिए ।

सरस्वती च लक्ष्मीश्च सावित्री जान्हवी तथा ।
अदितिश्च शची चैव लोपमुद्राप्यरुन्धती ॥ ५०-२२ ॥
अहिल्या तुलसी स्वाहा रोहिणी च वसुन्धरा ।
शतरूपा च संज्ञा च रतिरेताः सुरस्त्रियः ॥ ५०-२३ ॥

यी प्रायः देवपत्नीहरूले नव दम्पतीलाई यसरी जिस्क्याए ।

लक्ष्मी- अब लज्जालाई त्यागेर सतीलाई छातीमा राख ।

सावित्री- अबदेखि सतीलाई भोजन गराएर मात्र भोजन गर्नू ।

सरस्वती- **प्राप्ता सती महादेवाधुना प्राणाधिका मुदा ।**
दृष्ट्वा प्रियास्यं चन्द्राभं सन्तापं त्यज कामुक ॥ ५०-२६ ॥

हे कामुक ! सतीलाई हेरेर आफ्नो दुःख बिर्स ।

गङ्गा- अबदेखि सुवर्णको काइँयोले सतीको कपाल बाटिदिनू ।

अदिति- जसका लागि विलाप गर्दै भौंतारिएका थियौ, अब यिनीसँग सानन्द भोगविलास गर ।

यसरी रतिजन्य उद्दीपक भावले सबै देवपत्नीहरूले शिवलाई प्रबोधन गराए । अनन्त कालसम्म अखण्ड सौभाग्यवती होऊ भन्दै आशीर्वाद दिए । अन्त्यमा शिवले भने-

शिव- **देव्यो न ब्रूत वचनमेवम्भूतं ममान्तिकम् ।**
जगतां मातरः साध्व्य पुत्रे चपलता कथम् ॥ ५०-४३ ॥

हे माताहरू हो ! तपाईंहरू त संसारकै माता हुनुहुन्छ । तपाईंहरूको पुत्रमा चपलता कसरी सम्भव छ ? यसरी शिवको उत्तर सुनेर सबै देवपत्नीहरू शान्त भए । त्यसपछि सबैले

मिष्ठान्न भोजन गरे । कपूर मिश्रित पानको सेवन गरे ।

रतिको प्रार्थना, शिवद्वारा कामदेवलाई जीवनदान

अनुकूल अवसर देखेर रतिले दीनवत्सल शिवसँग प्रार्थना गरिन्

रति- गृहीत्वा पार्वतीं प्राप्तं सौभाग्यमतिदुर्लभम् ।
किमर्थं प्राणनाथो मे निस्स्वार्थं भस्मसात्कृतः ॥ ५१-२ ॥

हे भगवान् ! तपाईंले पार्वतीको पाणिग्रहण गरी परम सौभाग्य प्राप्त गर्नुभयो । तपाईंले यस विवाहोत्सवमा सबैलाई खुसी पार्नुभयो, केवल म मात्र पतिविना दुःखी छु । मेरा प्राणनाथलाई तपाईंले अकारण भस्म गरिदिनुभयो । अब उनलाई जीवनदान दिएर मलाई पनि सनाथ गरिदिनुहोस् । तपाईंले भनेको कुरालाई सत्य गर्नुहोस् । मेरा स्वामी जीवित भएपछि मात्र तपाईंको विहार परिपूर्ण हुनेछ ।

जीविते मम नाथे हि पार्वत्या प्रियया सह ।
सुविहार प्रपूर्णश्च भविष्यति न संशयः ॥ ५१-८ ॥

यति भनेपछि रतिले कामदेवको दग्ध शरीरको भस्म बाँधेको पोको शिवका सान्निध्यमा राखेर हा नाथ ! भन्दै रून थालिन् । रतिको रोदनले सबै माताहरू (देवपत्नी) दुःखी भए र शिवसँग प्रार्थना गरे, 'हे नाथ ! दयासागर ! दीनबन्धो ! यिनका स्वामीलाई जीवनदान दिएर कृपा गर्नुहोस् ।'

यसरी रतिसहित देवमाताहरूले शिवको प्रार्थना गरेपछि भक्तवत्सल शिवले तत्क्षण नै रतिमाथि कृपा गरे । भस्म पोटलिकामाथि कृपादृष्टि दिए । शिवको दृष्टि पर्नासाथ कामदेव आफ्नो पूर्व रूपमा समुपस्थित हुन पुग्यो ।

कृपादृष्टिं चकाराशु करुणासागरः प्रभुः ।
सुधादृष्ट्या शूलभृतो भस्मतो निर्गतः स्मरः ॥ ५१-१३ ॥

रति सनाथ भइन् । सबै प्रसन्न भए । त्यसपछि रति-कामदेवले शिवको गुणानुवादसहित स्तुति गरे । शिव पनि प्रसन्न भएर वर माग्न अनुरोध गरे ।

कामदेव- हे प्रभो ! यदि तपाईं प्रसन्न हुनुहुन्छ भने मेरा लागि आनन्ददायक बन्नुहोस् । पूर्वकालमा मैले गरेको अपराधका लागि क्षमा दिनुहोस् । स्वजनप्रति परम स्नेह तथा आफ्नो चरणको भक्ति दिनुहोस् ।

शिव- तथास्तु ! अब तिमी भयलाई त्याग गरी, नित्य विष्णुको साथमा बस ।

त्यसपछि कामदेव बाहिर आए । सबै देवताहरूले उनलाई आशीर्वाद दिए र कामदेव त्यसपछि विष्णुसँगै बस्न थाले ।

यता शिव-शिवा पनि जनसमुदाय (जनवास) सामुन्ने आए । ब्रह्मा, विष्णु र मुनिहरूले

प्रणाम गरे, देवताहरूले स्तुति गाए । वेदध्वनि र जयजयकार शब्द गुञ्जायमान भयो । चार प्रकारका बाजा बज्न थाले । गन्धर्व गाउन थाले, अप्सराहरू नाच्न थाले ॥

चार प्रकारका बाजा सम्बन्धमा- (१) तार- यसमा तारको प्रयोग गरी बजाइन्छ, जस्तैः वीणा, सितार आदि ।

(२) आनद्ध- यसमा छाला मोडेर तयार गरिन्छ, जस्तैः ढोल, मृदङ्ग ।
(३) सुषिर- यसमा हावा भरेर आवाज निकालिन्छ, यथा, वंशी, शङ्ख, हारमुनियम ।
(४) घन- यसमा काँस आदिलाई पिटेर आवाज निकालिन्छ, जस्तैः झ्याँझ, झ्याम्टा, छेना आदि पर्दछन् ।

संसारमा प्रचलित सबै प्राचीन-अर्वाचीन वाद्य यिनै अन्तर्गत आउँछन् ।

जय शब्दो नमः शब्दः साधुशब्दो बभूव ह ।
वाद्यानि वादयामासुर्जनाश्चतुर्विधानि च ॥ ५१-३२ ॥

जनवासमा देवताहरूद्वारा शिवको स्तुति

एकातिर वाद्यवादनको सुमधुर ध्वनि, अर्कोतिर वेदमन्त्रोच्चारण, कतै जयजयकारको ध्वनि त कतै देवताद्वारा स्तुति । यथा-

जय शम्भोऽखिलाधार जय नाम महेश्वरः ।
जय रुद्र महादेव जय विश्वम्भर प्रभो ॥ ५१-३६ ॥
जय कालीपते स्वामिन् जयानन्द प्रवर्धक ।
जय त्र्यम्बक सर्वेश जय मायापते विभो ॥ ५१-३७ ॥
जय निर्गुण निष्काम कारणातीत सर्वग ।
जय लीलाखिलाधार धृतरूप नमोऽस्तुते ॥ ५१-३८ ॥

यसरी महान् उत्सवसँगै शिवाज्ञा पाएर सबै आ-आफ्नो विश्रामगृहतिर लागे । शिव-शिवा पनि प्रमुदित मुद्रामा आफ्ना स्थानतिर प्रवेश गरे ।

अध्याय द्विपञ्चाशत्, त्रिपञ्चाशत्

हिमवानद्वारा जन्तीलाई भोजन, चतुर्थी कर्म, सप्तर्षिले भनेपछि कन्याको बिदाइ गर्न तयार

ब्रह्मा- हे नारद ! त्यसपछि गिरिराजले जन्तीलाई भोजन गराउन आफ्नो घरको आँगनलाई सुन्दर ढङ्गले सजाए ।

प्राङ्गणं रचयामास भोजनार्थं विचक्षणः ।
मार्जनं लेपनं सम्यक् कारयामास तस्य सः ॥ ५२-१ ॥

जन्तीहरूका लागि उत्तम परिकारले युक्त, षड्रसयुक्त भोजनको व्यवस्था गरिएको थियो। रुचि अनुसार सबैले आनन्दसँग भोजन गरे र देवताहरू विश्वकर्मा निर्मित आ-आफ्नो प्रासादमा गएर विश्राम गरे। यसै क्रममा शिवको लागि विश्वकर्माले अति दिव्य एवं भव्य भवन निर्माण गरेका थिए, जहाँ समस्त कलाकौशल न्यौछावर गरिएको थियो। त्यसमा सबै कृत्रिम लोक थिए। अनेक प्रकारको सुगन्धित सुवास त्यस भवनमा थियो। त्यही भवनको फूलहरूले सजाएको सुवर्णमय शय्यामा शिवले लीलापूर्वक शयन गरे।

प्रातःकाल उत्साही पुरुषले अनेक प्रकारका मङ्गल ध्वनियुक्त बाजा बजाउन थाले। सुमधुर ध्वनिको गुञ्जनले सबै आ-आफ्नो स्थानबाट जागे, र प्रातःकालीन कार्यपश्चात् सुन्दर वेशभूषा धारण गरी जनवासमा एकत्रित भए। शिवलाई उठाउन धर्मलाई पठाइएको थियो। उनी पनि लोकाचारको अनुसरण गर्दै दिव्य वेशभूषाका साथ उपस्थित भए।

शिवको दर्शनले सबै आनन्दित भए, सबैले वन्दना गरे, जयजयकारको ध्वनि, वेदध्वनि, मङ्गलध्वनिले जनवासको माहौल नै अति दिव्य हुन पुग्यो। यो सिलसिला प्रतिदिन हुन्थ्यो, जसले गर्दा सबै आनन्दित रहन्थे।

विवाहको चतुर्थी कर्म

ब्रह्मा-

अथ विष्ण्वादयो देवाः मुनयश्च तपोधनाः
कृत्वावश्यककर्माणि यात्रां सन्तेनिरे गिरेः ॥ ५३-१ ॥

त्यसपछि विष्णु आदि देवता तथा ऋषिहरू कैलास फर्किने विचार गर्न थाले तर हिमवान्ले सबैलाई दानमानले सम्मान गर्दै गए, स्वादिष्ट भोजनले सन्तुष्ट गराउँदै गए। यसरी नै दोस्रो-तेस्रो दिन बित्यो र चौथो दिन उपस्थित भयो।

चतुर्थे दिवसे प्राप्ते चतुर्थीकर्म शुद्धितः।
बभूव विधिवद्येन विना खण्डित एव सः ॥ ५३-२१ ॥

चौथो दिन, लोकाचारको आश्रय लिँदै शिव-शिवाको चतुर्थीकर्म सुसम्पन्न भयो, जसको विना विवाह अपूर्ण मानिन्छ। त्यस दिन पनि अनेक उत्सव भए। सबैलाई दानमानले सम्मान गरियो।

पाँचौं दिन, सबै देवताहरूले अत्यन्त स्नेहका साथ शैलराजलाई निवेदन गरे कि अब हामी फर्किन चाहन्छौं।

विज्ञप्तिं चक्रिरे शैलं यात्रार्थमतिप्रेमतः ५३-२३।

यो सुन्नासाथ गिरिराजले हात जोडेर बिन्ती गरे, 'हे देवगण! तपाईहरू अझैँ केही दिन यहीं निवास गरी ममाथि दया गर्नुहोस्। यसरी देवता फर्किन खोज्छन्, हिमवान् बिन्ती गर्दै रोक्छन्। यो प्रक्रिया निकै दिन चल्यो र एक दिन सप्तर्षिले सम्झाए-

सप्तर्षिद्वारा कन्या बिदाइ गर्न निवेदन

देवताहरूले अनुरोध गर्दा हिमालयले रोक्दै जान्थे, त्यसैले एक दिन सप्तर्षिलाई बिदा माग्न पठाइयो । सप्तर्षिले हिमालय- मेनालाई अनेक तरहले सम्भाए र कन्या बिदाइ गर्न तयार गराए । बिदाइपूर्व मेनाले शिवलाई भनिन्-

मेना- कृपानिधे ! कृपां कृत्वा शिवां सम्पालयिष्यसि ।
सहस्रदोषं पार्वत्या आशुतोषः क्षमिष्यसि ॥ ५३-३० ॥

हे आशुतोष ! हे कृपानिधे ! पार्वतीका हजारौं दोष भए पनि उसलाई क्षमा दिएर पालन गर्नुहोला । यी कन्याले जन्म जन्मान्तरदेखि तपाईंकै चरणारविन्दको निरन्तर भक्ति गर्दै आएकी हुन् र गरिरहनेछिन् । यिनले सुत्दा, उठ्दा सधैं तपाईंकै चिन्तन गरिरहिन् । तपाईंको भक्तिगाथा सुन्दा हर्षले आँसु भार्थिन् र निन्दा सुन्दा मूर्च्छित भई मौन रहन्थिन् ।

यसरी शिवलाई मेनाले आफ्नी छोरीको स्थिति अवगत गराइन् । त्यसपछि बिदाइ गर्न इच्छुक भइन् र रून थालिन् । केही समयपछि शान्त भइन् र पुनः मूर्च्छित भइन् । कारुणिक अवस्था सृजना भयो । शिवले सम्भाउँदै आश्वासन दिए । त्यसपछि जन्तीहरू हिमालयको घरबाट बाहिर निस्केर बगैंचामा शिव-शिवाको प्रतीक्षा गर्न थाले ।

हिमाचलपुरीबाह्योपवने हर्षिताः सुराः ।
सेश्वराः सोत्सवास्तस्थु पर्यैषन्त शिवागमम् ॥ ५३-३६ ॥

त्यस समय महान् उत्सव भयो । वाद्यवादन, नृत्य, गीत, जयजयकार ध्वनिले आकाश गुन्जियो ।

अध्याय चतुःपञ्चाशत्

मेनाको इच्छानुसार एक ब्राह्मण पत्नीद्वारा पार्वतीलाई पतिव्रता धर्मको उपदेश

पतिव्रता धर्म विचार

ब्रह्मा- अथ सप्तर्षयस्ते च प्रोचुर्हिमगिरीश्वरम् ।
कारय स्वात्मजादेव्याः यात्रामद्योचितां गिरे ॥ १ ॥

त्यसपछि सप्तर्षिले हिमालयलाई भने, 'अब कन्या बिदाइको उचित प्रबन्ध गर्नुहोस् । यो सुनेपछि हिमालय-मेना दुःखी भए र सम्हालिँदै पार्वतीलाई राजोचित आभूषण, वस्त्र एवं दिव्य शृङ्गार गरे । लोकाचारविधि पनि सम्पन्न गरे । त्यसपछि मेनाको मनोभाव अनुसार

एक साध्वी ब्राह्मणीले पार्वतीलाई पतिव्रता धर्मसम्बन्धी ज्ञान दिन थालिन् ।

पतिव्रता धर्मको उपदेश

ब्राह्मण पत्नी- हे गिरिराज किशोरी ! यो धर्म तथा यशलाई बढाउने र इह तथा परलोकमा आनन्द दिने वाक्य भन्दछु, सुन-

धन्या पतिव्रता नारी नान्या पूज्या विशेषतः ।
पावनी सर्वलोकानां सर्वपापौघनाशिनी ॥ ९ ॥

जो पतिलाई परमेश्वरकै समान भाव राखेर सेवा गर्छन्, ती यस लोकमा सम्पूर्ण भोगलाई भोगेर अन्तमा कल्याणमयी गति प्राप्त गर्छन् । सावित्री, लोपमुद्रा, अरुन्धती, शतरूपा, शाण्डिल्या, अनसूया, लक्ष्मी, स्वधा, सती, संज्ञा, सुमति, श्रद्धा, मेना, स्वाहा, आदि सबैले पतिव्रता धर्मको पालन राम्ररी गरेर लोकमा नाम स्थापित गरेका छन् । यस्ता पतिव्रता धर्म पालन गर्ने नारी अरू पनि छन् । त्यसैले तिमीले पनि श्रेष्ठ पतिव्रता धर्मको पालन गर्दै शङ्करको सेवा गर्नुपर्दछ ।

वेद तथा अन्य शास्त्रहरूमा पतिव्रता धर्मसम्बन्धी विशद वर्णन गरिएको छ । अब त्यसलाई सुन । पतिले भोजन गरेपछि मात्र भोजन गर्ने र पति सुतेपछि मात्र सुत्ने र पति उठ्नुभन्दा पहिले नै उठ्ने गर्नू । पतिको अगाडि कहिल्यै भुक्किएर पनि छलकपट नगर्नू । वस्त्राभूषण शृङ्गार गरेर मात्र पतिका सामु उपस्थित हुनुपर्दछ । पति परदेश गएका छन् भने शृङ्गार गर्नुहुँदैन । पतिको नाम कहिल्यै लिनुहुँदैन । कर्कशयुक्त वाणीको प्रयोग गर्नुहुँदैन । प्रत्युत्तर दिनुहुँदैन ।

पत्युर्नाम न गृह्णीयात् कदाचन पतिव्रता । १९ ॥

पतिको आवाज सुनेपछि तत्काल सबै काम छोडेर सम्मुख हुनुपर्दछ । एक्लै या दैलोमा परपुरुषको साथ कहिल्यै नबस्नू । तीर्थ, व्रत, उपवास, पूजा पतिको आज्ञा लिएर मात्र गर्नुपर्दछ । मेला-उत्सव आदिमा पतिकै साथमा मात्र जानुपर्दछ, नत्र जानुहुँदैन । पतिको चरणमा नै सबै तीर्थ हुन्छन् ।

तीर्थार्थिनी तु या नारी पतिपादोदकं पिबेत् ।
तस्मिन्सर्वाणि तीर्थानि क्षेत्राणि च न संशयः ॥ २५ ॥

पतिव्रता नारीले पतिको उच्छिष्ट अन्न आदिलाई परमप्रिय मानेर ग्रहण गर्नुपर्दछ । देवता, पितर, अतिथि, सेवक, गौ, भिक्षु आदिलाई अन्नभाग नदिइकन भोजन गर्नुहुँदैन । घरका सामानलाई सुव्यवस्थित, सुसज्जित पारेर राख्नुपर्दछ । खर्चलाई बढावा दिनुहुँदैन । पति रोगी, बुढो, नपुंसक, सुखी या दुःखी, जस्तो होस्, कहिल्यै उल्लङ्घन गर्नुहुँदैन । रजश्वलाको तीन रात्रिपर्यन्त पतिलाई अनुहार देखाउनुहुँदैन, स्नानपछि मात्र पतिको दर्शन गर्नुपर्दछ । यदि पति परदेशमा छन् भने उनको ध्यान गरी स्नानपश्चात् सूर्यनारायणको दर्शन गर्नुपर्दछ ।

स्त्री धर्मिणी त्रिरात्रं च स्वमुखं नैव दर्शयेत् । ३२ ।

पतिको आयुवृद्धिका लागि सिन्दूर, गाजल, बेसार, रोली, आभूषण धारण र कपाल बाट्नुपर्दछ । यीविना पतिको दर्शन गर्नुहुँदैन । पतिव्रता नारीले नीच जातिकी स्त्री, भाग्यहीन, कुलटा, सन्यासिनी आदिलाई आफ्नो प्रिय सखी बनाउनुहुँदैन । नाङ्गी भएर नुहाउनुहुँदैन । ओखली, ढिकी, जाँतो, मुसल, कुचो, सिलौटो र द्वारको सङ्घारमा कहिल्यै बस्नुहुँदैन । मैथुन कालको समयबाहेक पतिको सामुन्ने यौनजन्य धृष्टता गर्नुहुँदैन । पतिको हर्षमा हर्ष, विषादमा विषादको व्यवहार गर्नुपर्दछ । सम्पत्ति, विपत्ति दुवै अवस्थामा समान रहनुपर्दछ । घरमा केही वस्तु नहुँदा, त्यसैलाई आधार बनाएर पतिसँग कलह गर्नुहुँदैन । पति त्रिदेवमै श्रेष्ठ र शिव (कल्याण) स्वरूप हुन्छन् ।

विधेर्विष्णोर्हराद्वापि पतिरेकोऽधिको मतः ।
पतिव्रताया देवेशि स्वपतिश्शिव एव च ॥ ४३ ॥

पतिव्रता पतिभन्दा उच्च आसनमा बस्नुहुँदैन, दुष्ट पुरुषको नजिक जानुहुँदैन । पतिसँग कायर वचन बोल्नुहुँदैन, कसैको निन्दा या स्तुति गर्नुहुँदैन । झगडालाई टाढैबाट त्याग्नुपर्दछ । गुरुजनहरूको अगाडि उच्च स्वरले बोल्नु र हाँस्नु हुँदैन । पिता, भाइ, पुत्र यी सबैले सीमित सुख दिन्छन् तर पतिले मात्र असीमित सुख दिन्छन् । त्यसैले पति नै गुरु, देवता, धर्म, तीर्थ, व्रत सबै हुन् ।

भर्ता देवो गुरुर्भर्ता धर्मतीर्थव्रतानि च ।
तस्मात्सर्वं परित्यज्य पतिमेकं समर्चयेत् ॥ ५१ ॥

पतिव्रता धर्म पालन नगर्दा नरकगामी भइन्छ

पतिको आज्ञा विपरीत या उल्लङ्घन गरी व्रत, तीर्थ, उपवास गर्नाले पतिको आयु क्षय हुन्छ र अन्तमा नरक जानुपर्दछ । पतिलाई कठोर वचनले, कर्कशावाणीले प्रत्युत्तर दिनाले नरक यातना भोगेर कुकुर या स्यालको योनिमा जन्म लिनुपर्दछ । पतिलाई त्यागेर स्वच्छन्द विचरण या व्यभिचार गर्नाले नरक यातनापछि उल्लुको योनिमा जन्मिनुपर्दछ । परपुरुषलाई कटाक्ष गर्नाले या पतिलाई भोजन नगराइकन भोजन गर्नाले नरक यातनापछि सुँगुरको योनिमा जन्मिनुपर्दछ । पतिसँग 'तँ-तँ र म-म' गर्नाले नरक यातनापछि बहिरो भई जन्म लिनुपर्दछ । पतिलाई छल या धोका दिई या लुकेर परपुरुषसँग व्यभिचार गर्नाले नरक यातनापछि अपाङ्ग, कुरूप या आकर्षणविहीन शरीरका रूपमा जन्मनुपर्दछ । त्यसैले, येन केन प्रकारेण पतिको अनुकुल रहनु नै श्रेयस्कर हुन्छ ।

पतिव्रता नारी त्रिलोकमै सर्वश्रेष्ठ

संसारमा ती मातापिता र पति धन्य छन् जसको घरमा पतिव्रता नारीले बास गरेकी छे । पतिव्रता नारीको पुण्यले मातापिता र पतिको तीन तीन पिँढीसम्म स्वर्गको सुख र बास पाउँछन्, आफू र आफ्नो कुललाई तार्दछिन् ।

पितृवंश्या मातृवंश्या पतिर्वंश्यास्त्रयस्त्रयः ।
पतिव्रतायाः पुण्येन स्वर्गे सौख्यानि भुञ्जते ॥ ५९ ।

पतिव्रता नारीको चरण जहाँ जहाँ पृथ्वीले स्पर्श गर्ने सौभाग्य पाउँछ, त्यहाँको भूमि पापहारिणी र पावन हुन्छ ।

पतिव्रतायाश्चरणो यत्र यत्र स्पृशेद्भुवम् ।
तत्र तत्र भवेत्सा हि पापहन्त्री सुपावनी । ६१ ॥

जल, सूर्य, चन्द्र, वायु पनि आफूलाई पवित्र गराउन पतिव्रता नारीको स्पर्श गर्न लालायित हुन्छन् । भार्या नै गृहस्थ आश्रमको मूल हो, यसैबाट सुख-धर्म र सुयोग्य सन्तानको अभिवृद्धि हुनेछ ।

भार्या मूलं गृहस्थस्य भार्या मूलं सुखस्य च ।
भार्या धर्मफलावाप्त्यै भार्या सन्तानवृद्धये ॥ ६४ ॥

भार्याहीन पुरुष देव-पितृ-अतिथि-यज्ञ गर्नबाट वञ्चित हुन्छ । भार्याबाटै इह र परलोक दुवैतिर विजय प्राप्त हुन्छ । पतिव्रता नारी भएको घर नै गृहस्थ हो ।

गृहस्थः स हि विज्ञेयो यस्य गेहे पतिव्रता । ६७ ।

जसरी गङ्गास्नान गर्नाले शरीर पवित्र हुन्छ, त्यसैगरी पतिव्रता नारीको दर्शन गर्नाले मात्र शरीर पवित्र हुन्छ ।

यथा गङ्गावगाहेन शरीरं पावनं भवेत् ।
तथा पतिव्रतां दृष्ट्वा सकलं पावनं भवेत् ॥ ६८ ॥

पति प्रणव र नारी ऋचा हुन् । पति तप र पत्नी क्षमा हुन् र नारी सत्कर्म हुन् भने पति त्यसको फल हो ।

पतिव्रता नारीका भेद

हे गिरिराजकुमारी ! पतिव्रता नारी पनि चार प्रकारका हुन्छन् ।

(१) **उत्तमा-** स्वप्नमा पनि पतिबाहेक अन्यलाई नदेख्नु उत्तम कोटिकी पतिव्रता नारीको लक्षण हो ।

(२) **मध्यमा-** परपुरुषलाई पवित्र भावले हेर्नु, पिता-भाइ-पुत्रझैँ व्यवहार गर्नु मध्यम पतिव्रता हो ।

(३) **निकृष्टा-** मनले आफ्नो धर्मको विचार गर्दै, सदाचारमा स्थित रहनु निकृष्टा पतिव्रताको लक्षण हो ।

(४) **अति निकृष्टा-** पति या कुलको मर्यादामा कलङ्क नलागोस् भन्ने विचार राखी व्यभिचारबाट बच्ने प्रयत्न गर्नु अति निकृष्टा पतिव्रताको लक्षण हो ।

उपसंहार

हे गिरिराज किशोरी ! गृहस्थ जीवनको यस्तो शास्त्रीय मर्यादालाई प्रयत्नपूर्वक पालना

गर्दै पतिको सेवा गर्नू । हुनत तिमी साक्षात् जगदम्बिका महेश्वरी हौ र तिम्रा श्रीमान् साक्षात् भगवान् भोलेनाथ हुन् । तिम्रो चिन्तन मात्र गर्नाले स्त्रीहरू पतिव्रता हुन्छन् । तिम्रा अगाडि यी सबै कुरा भन्नुको प्रयोजन थिएन तर पनि लोकाचारको आश्रय लिई सतीधर्मको व्यापकता होस् भन्ने हेतुले मात्र उपदेश दिएकी हुँ ।

त्वदग्रे कथनेनानेन किं देवी प्रयोजनम् ।
तथापि कथितं मेऽद्य जगदाचारतः विशे ॥ ८२ ॥

यति भनेपछि साध्वी ब्राह्मण पत्नीले शिवादेवीलाई शिर झुकाएर प्रणाम गरिन् । उपदेश सुनेपछि पार्वती पनि अत्यन्त आनन्दित भइन् ।

अध्याय पञ्चपञ्चाशत्

हिमालयद्धारा पार्वतीको बिदाइ, शिवद्धारा देवताको बिदाइ, पार्वती खण्डको उपसंहार

ब्रह्मा- हे नारद ! शिव-शिवाको बिदाइको समय आयो । जन्ती बाहिर प्रतीक्षारत थिए । मुहूर्त बिदाइको निक्लिरहेको थियो । सबै विरह र शोकले स्तब्ध एवं रोइरहेका थिए । सबैले सुधबुध बिर्सिएका थिए । स्वयं शिवले पनि आफूलाई रोक्न सकेनन्, उनी पनि रुन थाले ।

स्वयं रुरोद योगिशो गच्छन्कोऽन्यः परः प्रभुः ॥ ५ ॥

त्यसपछि ज्ञानश्रेष्ठ पुरोहित तथा विद्वान् ब्राह्मणहरूले हिमालय परिवारलाई अध्यात्म विद्याको उपदेश दिएर सम्झाए र पनि रुने क्रम रोकिएको थिएन । उता पार्वतीले मातापिता-गुरूलाई रुँदै प्रणाम गरिन् ।

ननाम पार्वती भक्त्या मातरं पितरं गुरुम् ।
महामाया भवाचाराद्रुरुदोच्चैर्मुहुर्मुहुः ॥ ९ ॥

अन्त्यमा हिमालयले आफूलाई सम्हाल्दै पालकी मगाएर शिवालाई बसाए । त्यसबेला सबैले आशीर्वाद दिए । त्यसपछि अनेक शुभसामग्री, द्रव्य, आभूषण, रत्न आदि पनि पार्वतीलाई उपहारको रूपमा अर्पण गरियो । पार्वतीले पनि सबैसँग आशीर्वाद लिँदै प्रणाम एवं वन्दना गर्दै यात्रा आरम्भ गरिन् । हिमालय परिवार पनि पालकीको पछिपछि गए । देवताहरू प्रतीक्षारत बगैंचामा पालकी पुग्यो । दुवैतिरका परिवारको मिलन भयो । त्यसपछि हिमालय परिवार खिन्न मन लिएर फर्किए । जन्ती अगाडि बढ्यो ।

जन्ती कैलास धाममा पुग्नु

यता शिव-शिवालाई लिएर जन्तीहरू शिवको नित्यधाम कैलास पुगे । शिवले आवश्यक कार्य गरिसकेपछि जन्तीलाई षड्रसयुक्त भोजन गराए ।

शिवः सम्भृतसम्भारो नाना वस्तु मनोहरम् ।
भोजयामास देवांश्च नारायणपुरोगमान् ॥ २३ ॥

त्यसपछि सबै देवताहरूले शिव-शिवासँग बिदा मागे । शिवले पनि ब्रह्मा-विष्णुलाई प्रणाम गरेर आशीर्वाद लिए र अन्य देवताहरूलाई भने आशीर्वाद दिएर बिदा गरे ।

देवताहरूले शिव-शिवाको अलौकिक दिव्य एवं भव्य विवाहोत्सवको स्मरण गर्दै आआफ्नो धामतिर लागे ।

पार्वती खण्डको उपसंहार

इदमाख्यानमाख्यातमद्भुतं मङ्गलायनम् ।
सर्वविघ्नप्रशमनं सर्वव्याधि विनाशनम् ॥ ३३ ॥

यस चरित्रको सेवनले शोकनाश हुन्छ । हर्ष, आयु, धन, यश र कीर्ति बढ्छ । यो आख्यान सुन्दा या सुनाउँदा, पढ्दा या पढाउँदा शिवलोकको प्राप्ति हुन्छ । यो आख्यानले यश तथा स्वर्गफल, दीर्घायु, सन्तानवृद्धि र सबै खाले मनोकामनालाई परिपूर्ति गर्दछ ।

अपमृत्युप्रशमनं महाशान्तिकरं शुभम् ।
सर्वदुःस्वप्नशमनं बुद्धिप्रज्ञादिसाधनम् ॥ ३५ ॥

देवप्रतिष्ठाको समयमा र शिवको सबै खाले कार्यको आरम्भमा पाठ गर्नाले सम्पूर्ण मनोरथ पूर्ण भई, सबै कार्य विघ्नरहित सम्पन्न हुन्छन् ।

सिध्यन्ति सर्वकार्याणि सत्यं सत्यं न संशयः । ३८ ।

‼ समाप्तोऽयं पार्वतीखण्डः ‼

करचरणकृतं वा – कायेनवाचा – ॐ नमः शिवाय ॥

◆

रुद्र संहिता

चतुर्थ कुमारखण्ड

यस कुमार खण्डमा कुल बिस अध्याय छन् । शिव-वीर्यबाट उत्पन्न अयोनिज कुमारको बाल्य, यौवनको वर्णनसँगै तारकासुरको वध गरी आफ्नो जीवन देवकार्यार्थ समर्पित गरेको सन्दर्भको वर्णन गरिएकाले यस खण्डको नाम कुमारखण्ड भएको हो । यसमा आरम्भदेखि अन्त्यसम्म कुमारकै इतिवृत्तसँग जोडिएर कथानक प्रवाहित भएको छ ।

कथासार

आरम्भमा शिवपार्वतीले निर्जन स्थानमा रतिवर्द्धक शय्या बनाएर देवमान प्रमाणले एक हजार वर्षपर्यन्त लीला गरेको कथा प्रसङ्गबाट कथानक अगाडि बढ्छ । जुन उद्देश्यका लागि शिवपार्वतीको विवाह भएको थियो त्यस अनुसारको फल प्राप्त नभएपछि देवता चिन्तित भई विष्णु शरणमा जानु र विष्णुले शिवपार्वती हाल रतिक्रीडारत अवस्थामा रहेको हुनाले यस्तो अवस्थामा गएर रतिभङ्ग गर्नु उचित हुँदैन, दुर्वासा, वृहस्पति, चन्द्रमा, हरिश्चन्द्र आदिको रतिभङ्ग गर्दा के कस्ता अप्ठ्यारो परिस्थितिको सामना गर्नु पर्‍यो भन्ने उदाहरण दिँदै एक हजार वर्ष पुगेपछि शिवको अमोघ वीर्य पतन भई स्कन्धको जन्म हुनेछ भन्ने आश्वासन दिँदै त्यति बेलासम्म धैर्य धारण गरी प्रतीक्षा गर्न सुझाव दिएका छन् ।

त्यसपछि कुमारको जन्म प्रसङ्गमा शिवको अमोघ वीर्य पृथ्वीमा पतन हुनासाथ अग्निदेवले परेवाको रूप धारण गरी वीर्यपान गर्नु जसले गर्दा सबै देवताहरूले गर्भधारण गर्नु, उता पार्वतीले यो कुकृत्य थाहा पाएपछि आफू बन्ध्या भएकाले सबै देवाङ्गनाहरू बन्ध्या हुने श्राप दिनु, देवताहरू शिवको शरणमा गई गर्भस्थ पीडाको अवगत गराउनु, शिवले सबैलाई उल्टी (वमन) गर्ने आदेश दिनु, सबैले वमन गरेपछि सुवर्णाकार पर्वतको आकार लिनु र देवताहरू शान्त हुनु । उता अग्निको पीडा दूर नभएपछि पार्वतीले सर्वभक्षीको थप श्रापले पीडित भई शिवको बारम्बार स्तुति गर्नु । अन्त्यमा, शिव प्रसन्न भई कुनै स्त्रीको गर्भमा स्थापित गर्न सल्लाह दिनु तर पार्वतीबाहेक उनको वीर्य कसले धारण गर्न सक्छ ? भन्दा नारदजीको प्रेरणाले माघ महिनामा प्रयागराजमा गङ्गा स्नान गर्न आएका सप्तर्षि पत्नीहरूलाई उपयुक्त अवसर पारेर स्थापित गर्न सल्लाह दिनु । सल्लाह अनुसार अग्निदेव प्रयागमा स्नान गर्न आएका सप्तर्षिका पत्नीमध्ये अरून्धतीलाई छोडी बाँकी कीर्तिका आदि जाडाले काँपिरहेको अवस्थामा अग्नि समीप जाँदा वीर्य उनीहरूको रोमकूपको माध्यमबाट स्थापित गर्न सफल भई अग्निदेव शान्त हुनु ।

यता कीर्तिकाहरूले गर्भधारण गरेको थाहा पाएपछि आफ्नो स्वामीहरूले त्यागिदिए त्यसपछि कीर्तिकाहरूले शिवको वीर्यलाई हिमालयको शिखरमा छोडे, हिमालयले पनि सहन नसकेर गङ्गाजीमा छोडे, गङ्गाजीले पनि सहन नसकेर आफ्नो तरङ्गको सहाराले किनारा लगाउँदा सरकण्डको बिचमा छोडे, त्यहीँ त्यो वीर्यबाट बालकको जन्म भयो । जन्म हुनासाथ त्रिलोकमै शान्तिको अनुभव सबैलाई भयो, पार्वतीको स्तनबाट अचानक दुध बग्न थाल्यो ।

त्यसपछि कुमारकै आशीर्वादले क्षत्रिय गाधीपुत्र विश्वामित्रलाई ब्रह्मर्षि पदवी दिँदै जातकर्म संस्कार गराउनु, श्वेतमुनिले शक्ति एवं शस्त्र प्रदान गर्नु, सप्तर्षि पत्नीमध्ये षट्पत्नीले दुग्ध पान गराउने इच्छा एकैपल्ट राख्दा षड्मुख रूप धारण गरी इच्छापूर्ति गर्नाले 'षड्मुख' नाम रहनु आदि रोचक एवं ज्ञानवर्द्धक प्रसङ्ग वर्णन गरिएको छ । त्यसपछि कुमारको खोजी गर्दै जाँदा नन्दी एवं शिवगणले कीर्तिकाद्वारा पालनपोषण गर्दै गर्दाको अवस्थाबाट शिवपार्वतीसमक्ष लिएर आउनु, उनको अभिषेक तथा देवताहरूद्वारा शस्त्रास्त्र एवं आभूषणादि प्रदान गरी कुमारलाई अगाडि राखी तारकासुरसँग युद्धार्थ जानु, सबै देवता तारकासुरसँग पराजित भएपछि कुमारले अनुपम शक्तिद्वारा तारकासुरलाई वध गर्न सफल हुनु, उनका अन्य सहायक गण तथा प्रलाम्वासुरको पनि वध गरी, देवताहरूको आफ्नो स्वार्थ पूरा हुनु, उनीहरू प्रसन्न भई शिव-शिवा एवं कुमारको स्तुति वन्दना गरी आ-आफ्नो लोकमा निर्भय भई कार्य सम्पादन पूर्ववत् गर्नु आदि प्रसङ्ग उल्लेख गरिएको छ ।

यस खण्डको उत्तरार्द्धमा भने गणेश चरित्र वर्णित छ । जसमा पार्वतीले स्नान गर्दा निस्किएको मयलबाट गणेशको उत्पत्ति हुनु र द्वारपालको रूपमा गणेशलाई स्थापित गराउनु, शिव द्वारबाट भित्र प्रविष्ट हुन खोज्दा गणेशले रोक्नु त्यसपछि शिवगण र देवताहरूसँग गणेशले युद्ध गर्नु र सबैलाई पराजित गर्नु, अन्त्यमा त्रिशूलको सहाराले शिवले गणेशको शिरच्छेद गर्नु, यो देखेर पार्वती कुपित भई प्रलय मच्चाउनु, देवता र ऋषिहरूले पार्वतीको स्तुति गर्नु, शिवद्वारा हात्तीको शिर जोडेर गणेशलाई जीवनदान दिनु, प्रथम पूजनदेखि गणहरूको अध्यक्ष पदमा नियुक्त गर्नु र त्रिलोकमा शान्ति स्थापना गराउनु ।

त्यसपछि कार्तिकेय-गणेशको विवाहको प्रसङ्गमा पृथ्वी परिक्रमाको आदेश शिव-शिवाद्वारा पाउनु, कार्तिकेय आफ्नो वाहन मयूरमा सवार भई पृथ्वी परिक्रमाको लागि निस्कनु, गणेशले त्यही शिवपार्वतीको परिक्रमा लगाउनु प्रजापति विश्वरूपकी पुत्री सिद्धिबुद्धिका साथमा गणेशको विवाह हुनु र 'क्षेम र लाभ' नामका दुई पुत्रको उत्पत्ति हुनु आदि प्रसङ्ग उल्लेख गरिएको छ । यता कुमार पृथ्वी परिक्रमा सकेर फर्किदा सारा वृत्तान्त थाहा भई क्षुब्ध हुनु, मेहनत नै नगरिकन गणेशलाई सर्वश्रेष्ठ बनाएकोमा कुमार दुःखी हुनु र मातापितासँग कुपित हुँदै कैलास दरबार सधैंका लागि परित्याग गरी क्रौञ्च पर्वतमा गएर निवास गर्नु, शिव-शिवा कुमारलाई भेट्न जाँदा आफू टाढै रहन चाहेको भन्दै तीन योजन

अगाडि जानु, शिवले रोकेपछि मात्र त्यहीँ स्थिर हुनु, यता शिव-शिवा पनि एक अंशको रूपमा त्यही क्रौञ्च पर्वतमा मल्लिकार्जुनको नामले निवास गर्नु र अमावश्याको दिन शिव र पूर्णिमाको दिन पार्वती गएर कुमारको दर्शन गर्ने परम्परा स्थापित गराउनु (जो आज पनि यथावत् छ) सम्मको वर्णन गरिएको छ । त्यसपछि कुमार खण्डको महिमा विषयमा वर्णन गर्दै यस खण्डको समापन गरिएको छ ।

अध्याय प्रथम, द्वितीय

शिवपार्वती विहार, कुमार कार्तिकेयको जन्म

वन्दे वन्दनतुष्टमानसमतिप्रेमप्रियं प्रेमदं
पूर्णं पूर्णकरं प्रपूर्णनिखिलैश्वर्यैकवासं शिवम् ।
सत्यं सत्यमयं त्रिसत्यविभवं सत्यप्रियं सत्यदं
विष्णुब्रह्मनुतं स्वकीयकृपयोपात्ताकृतिं शङ्करम् ॥ १-१ ॥

यो मङ्गलाचरणको श्लोक हो । ब्रह्माविष्णुद्वारा वन्दनीय, त्रिकालमा सदा सत्यकै प्रदायक, स्वेच्छापूर्वक शरीर धारण गर्ने, सम्पूर्ण ऐश्वर्यको एक मात्र आधार स्वरूप, प्रेमप्रिय, प्रेमप्रदायक, भक्ताभिलाषा पूर्ण गर्ने, आनन्दमय स्वरूप शङ्करलाई म वन्दना गर्दछु ।

नारदजी- अब मलाई कार्तिकेयको जन्म, चरित्र तथा तारकासुरको वध विषयमा सुनाउनुहोस्, किनकि यसैका लागि शिवपार्वतीले विवाह गरेका थिए ।

ब्रह्मा- **श्रूयतां कथयाम्यद्य कथां पापप्रणाशिनीम् ।**
गुहजन्मकथां दिव्यां तारकासुरसद्वधम् ॥ १-६ ॥

हे नारद ! विवाहपश्चात् शिव-शिवा कैलास आए । गणहरूले उत्सव मनाए । देवताहरू बिदा लिएर आ-आफ्नो धाम फर्किए । त्यसपछि शिवले पार्वतीलाई लिएर निर्जन स्थानमा गए, दिव्य रतिवर्धक शय्या निर्माण गरेर देवमान प्रमाणले एक हजार वर्षपर्यन्त रमण गरे ।

शय्यां रतिकरीं कृत्वा पुष्पचन्दनचर्चिताम् ।
स रेमे तत्र भगवान् शम्भुर्गिरिजया सह ॥ १-१४ ॥
सहस्रवर्षपर्यन्तं देवमानेन मानदः । १-१५ ।

यता देवताहरू चिन्तित हुँदै गए, अंहिलेसम्म शिवपार्वतीको कुनै सन्तान भएको छैन । त्यसपछि देवताले ब्रह्मालाई अगाडि लाएर विष्णुको शरणमा पुगे र सम्पूर्ण वृत्तान्त निवेदन गरे । त्यसपछि विष्णुले सबैलाई आश्वासन दिँदै भने -

विष्णुद्वारा सान्त्वना- हे देवताहरू हो ! यसमा कुनै चिन्ता लिनु पर्दैन । एक हजार वर्ष पूरा भएपछि शिव विरत हुनेछन् । त्यसै पनि स्त्री-पुरुषको रतिभङ्ग गर्नु महान् अपराध हो, त्यहीमाथि उनी त साक्षात् शिव हुन् । उनको रति प्रसङ्ग कसले भङ्ग गर्न सक्छ ? रतिकालमा बाधा पुऱ्याउँदा जन्म जन्मान्तरसम्म कष्ट आइलाग्छ, ज्ञानभ्रष्ट, कीर्तिनष्ट र लाखौं वर्षपर्यन्त कालसूत्र नरकमा जानुपर्दछ ।

स्त्रीपुंसोरतिविच्छेदमुपायेन करोति यः ।
तस्य स्त्रीपुत्रयोर्भेदो भवेज्जन्मनि जन्मनि ॥ १-२९ ॥

केही उदाहरण यस्ता छन्-

(१) रम्भा-इन्द्र- यिनीहरूलाई सहवास कालमा दुर्वासाले अलग गराएका थिए, जसको परिणामस्वरूप उनले स्त्री वियोग सहनुपऱ्यो र अर्को विवाह गर्नुपऱ्यो ।

(२) धृताची-कामदेव- यिनीहरूको रतिकालमा वृहस्पतिले अवरोध गरेका थिए, जसको फलस्वरूप ६ महिनाभित्र चन्द्रमाले वृहस्पतिकी पत्नी नै भगाए । त्यसपछि युद्ध गर्नुपऱ्यो र गर्भवती पत्नी तारा फर्काउन सफल भए ।

(३) गौतम-मोहिनी- यिनीहरूको रतिकालमा चन्द्रमाले अवरोध गरेका थिए, जसको फलस्वरूप चन्द्रमाले स्त्री वियोगको कष्ट सहनुपऱ्यो ।

(४) हालिक-वृषली- यिनीहरूको रतिकालमा हरिश्चन्द्रले बेहोस गराएका थिए, जसको फलस्वरूप विश्वामित्रको प्रताडनाले स्त्री-पुत्र-राज्यबाटै अलग हुनुपरेको थियो ।

त्यसैले, हे देवताहरू हो ! केही समय प्रतीक्षा गर । एक हजार वर्ष पूरा हुनासाथ शिवको वीर्यपतन हुन्छ र त्यसैबाट 'स्कन्ध' नामको पुत्र पैदा हुनेछ र तारकासुरको वध गर्नेछ ।

त्यसपछि देवता, ब्रह्मा, विष्णु कैलास शिवको शरणमा गए तर शिव आफ्नो स्थानमा थिएनन् । गणहरूले बताएअनुसार निर्जन स्थानमा गएर शिवको प्रार्थना गर्दै रून थाले ।

रुरोदाति हरिस्तत्र तारकार्तैर्मुनीश्वर । १-६२ ।
दुःखकोलाहलस्तत्र बभूव त्रिदिवौकसाम् ॥ १-६३ ॥

कार्तिकेयको जन्म

देवताहरूको कोलाहल सुनेर शिव पार्वतीदेखि डराउँदै बाहिर आए ।

तदाकर्ण्य महादेवो योगज्ञानविशारदः ।
त्यक्तकामो न तत्याज सम्भोगं पार्वतीभयात् ॥ २-१ ॥

शिवलाई देख्नासाथ देवताहरूले तारकासुरबाट पीडित व्यथासहित स्तुति गरे । शिव प्रसन्न भएर भने-

शिव- **शिरस्तः स्खलितं वीर्यं को ग्रहिष्यति मेऽधुना । २-९ ।**

हे देवताहरू हो ! मेरो वीर्यलाई धारण कसले गर्छ ? यति भन्नासाथ शिवको अमोघ वीर्य पृथ्वीमा पतन भयो । देवताहरूले तुरून्त अग्निदेवलाई प्रेरित गरे । अग्निले पनि परेवाको रूप धारण गरी चुच्चाले वीर्य निल्यो ।

अग्निर्भूत्वा कपोतो हि प्रेरितः सर्वनिर्जरैः ।
अभक्षच्छाम्भवं वीर्यं चञ्च्वा तु निखिलं तदा ॥ २-१० ॥

पार्वती कुपित, देवताहरूलाई श्राप

यति घटना घटिसकेपछि पार्वती पनि भित्रबाट बाहिर निस्किइन्, सम्पूर्ण वृत्तान्त उनलाई थाहा भयो । त्यसपछि क्रोधमा आएर भन्न थालिन्, अरे स्वार्थी देवताहरू हो ! तिमीहरूले आफ्नो स्वार्थ पूरा गर्न हाम्रो विहारमा विघ्न गर्‍यौ र मलाई बन्ध्या बनायौ । त्यसैले आजदेखि सबै देवाङ्गनाहरू बन्ध्या हुनेछन् र मेरो विरोध गर्ने देवताले पनि दुःख पाउनेछन् ।

अद्यप्रभृति देवानां बन्ध्या भार्या भवन्त्विति ।
देवाश्च दुःखिनः सन्तु निखिला मद्विरोधिनः ॥ २-१८ ॥

त्यसपछि अग्निदेवलाई भनिन्, 'हे अग्नि ! तैंले शिवको वीर्य भक्षण गरिस्, त्यसैले आजदेखि तँ सर्वभक्षी भएस् र यसका लागि सधैं पीडित बनिरहेस् ।'

सर्वभक्षी भव शुचे पीडितात्मेति नित्यशः । २-२० ।

त्यसपछि हवन गर्दा अग्निसहित सबै देवताहरूको गर्भाधान भयो, किनभने अग्निमा दिएको आहुति नै देवताले ग्रहण गर्छन्, यही वेदको वचन हो ।

पेटमा गर्भ रहेपछि विष्णु आदि देवताहरूलाई कष्ट हुन थाल्यो, उनीहरू सबै शिवको शरणमा गएर सम्पूर्ण व्यथा व्यक्त गरे र निवारणका लागि उपाय सोधे -

सगर्भाश्च वयं जाता दह्यमानाश्च रेतसा । २-३० ।

देवताहरूको समस्या सुनेपछि शिवले भने, 'मेरो वीर्यलाई वमन गर ।'

एतद्वमत मद्वीर्यं द्रुतमेवाखिलाः सुराः । २-३७ ।

शिवाज्ञा पाउनासाथ देवताहरूले वमन गरे । हेर्दाहेर्दै त्यो वीर्य एकत्र भयो र स्वर्णमय पर्वताकार भयो ।

तच्छम्भुरेतःस्वर्णाभं पर्वताकारमद्भुतम् । २-३९ ।

देवताहरूले शान्ति प्राप्त गरे तर अग्निदेव अझै कष्टमै थिए, र शिवलाई बारम्बार स्तुति गर्दै आफूले गरेको अपराधको क्षमा याचना गरिरहे, त्यसपछि शिव प्रसन्न भएर भने-

शिव- कस्याश्चित्सुस्त्रियां योनौ मद्रेतस्त्यज यत्नतः ।
भविष्यसि सुखी त्वं हि निर्दाहात्मा विशेषतः ॥ २-४८ ॥

हे अग्नि ! तिमीले ज्यादा पाप गरेका थियौ, त्यसैले तिमीलाई ज्यादा पीडा अनुभव भएको हो । अब म प्रसन्न छु । अब, तिमी यो वीर्यलाई कुनै स्त्रीको योनिमा स्थापित गर, अनि पूर्ण शान्ति प्राप्त गर्नेछौ ।

अग्नि- हे भोलेनाथ ! तपाईंको यो अमोघ वीर्यलाई पार्वतीबाहेक कसले धारण गर्न सक्छ र ?

शिवप्रेरित नारदले अग्निलाई भने- शिवले नारदजीलाई अग्निको समस्यालाई समाधान गर्न प्रेरित गरे । त्यसपछि नारदले भने-

नारद- हे सबैलाई जलाउने अग्निदेव ! म शिवेच्छाले उपाय बताउँदै छु, त्यो उपाय नै श्रेयस्कर हुनेछ । माघ महिनामा प्रयागमा जो स्त्री स्नान गर्न आउँछिन्, उनीहरूकै शरीरमा यो वीर्य स्थापित गरिदेऊ ।

तपोमासस्नानकर्त्र्यः स्त्रियो याः स्युः प्रगे शुचे ।
तद्देहेषु स्थापय त्वं शिवरेतस्त्विदं महत् ॥ २-५४ ॥

त्यति बेला माघ महिना नै थियो । नारदको उपायलाई कार्यरूपमा परिणत गर्न अग्निदेव प्रयाग गए । माघ महिनामा नियमले प्रातःकाल स्नान गर्न सप्तर्षि पत्नी आए । यीमध्ये अरुन्धतीबाहेक बाँकी ६ स्त्रीहरू जाडाले काँप्तै आगाको छेउमा गए । वशिष्ठ पत्नी अरुन्धतीले यिनीहरूलाई नजान आग्रह पनि गरिन्, तर शिवमायाले मोहित भएर आगाको छेउमा गए । अग्निले तुरुन्त यी माताहरूको रोमकूपको मार्गद्वारा शिववीर्य स्थापित गरे र स्वयं दाहरहित भए ।

तद्रेतःकणिका सद्यस्तद्देहान् विविशुर्मुने ।
रोमद्वाराऽखिला वन्हिरभूद्दाहविवर्जित ॥ २-५९ ॥

यता ६ स्त्रीहरू गर्भवती भए । उनीहरूलाई उनका पतिहरूले त्यागिदिए । यिनीहरू क्रोधित भए र त्यो गर्भस्थ वीर्यलाई हिमालयमा छोडे र दाहरहित भए । हिमालयले पनि त्यो वीर्यलाई सहन नसकेर तुरुन्त गङ्गामा फ्याँकिदिए । गङ्गाले पनि त्यो वीर्यलाई आफ्नो तरङ्गले सरकण्डको वनमा त्यागिदिइन् । त्यहीँ एक तेजस्वी बालक प्रकट भयो । त्यो दिन माघ महिनाको शुक्ल पक्षको षष्ठी तिथि थियो ।

पतितं तत्र तेद्रेतो द्रुतं बालो बभूव ह ।
सुन्दरः सुभगः श्रीमांस्तेजस्वी प्रीतिवर्द्धनः ॥ २-६७ ॥
मार्गमासे सिते पक्षे तिथौ षष्ठ्यां मुनीश्वर ।
प्रादुर्भावोऽभवत्तस्य शिवपुत्रस्य भूतले ॥ २-६८ ॥

स्कन्ध भगवान्को जय ‼ शिवपार्वतीपुत्रको जय ‼

शिवपुत्र जन्मनासाथ, अकस्मात् शिवपार्वतीलाई अत्यन्त आनन्द भयो । पार्वतीको स्तनबाट दुध बग्न थाल्यो । तिनै लोकमा आनन्द छायो । आकाशमा नगरा बज्न थाले । बालकमाथि फूलको वर्षा हुन थाल्यो । देवता, ऋषि सबैलाई अकस्मात् आनन्दको अनुभूति भयो ।

अध्याय तृतीय

बालक कुमारको जात, संस्कार र चरित्रवर्णन

त्यसपछि के भयो ? भनी नारदले प्रश्न गरेपछि ब्रह्मा भन्न थाले-

ब्रह्मा- **तस्मिन्नवसरे तात विश्वामित्रः प्रतापवान् ।**
प्रेरितो विधिना तत्रागच्छत्प्रीतो यदृच्छया ॥ २ ॥

त्यति बेला विधिप्रेरित विश्वामित्र पुगे । उनलाई देख्नासाथ कुमारले सविधि जातकर्म संस्कार गर्न अनुरोध गरे ।

विश्वामित्र- हे बालक ! म ब्राह्मण हैन । म क्षत्रिय गाधिको पुत्र तथा ब्राह्मणको सेवक हुँ । मलाई विश्वामित्र भन्दछन् ।

कुमार- **अद्यारभ्य पुरोधास्त्वं भव मे प्रीतिमावहन् । ७ ।**

हे मुनि ! आजदेखि तिमी मेरो पुरोहित भयौ । तिमीलाई म वरदान दिन्छु, आजदेखि तिमी 'ब्रह्मर्षि' कहलिनेछौ ।

विश्वामित्र वरान्मे त्वं ब्रह्मर्षिर्नात्र संशयः । १२ ।

यो गुप्त कुरा कसैलाई नभन्नू । वशिष्ठादिले तिम्रो प्रशंसा गर्नेछन् ।

विश्वामित्र- (चकित हुँदै) तिमी को हौ ? तिम्रो परिचय के हो ?

कुमार- शिवको पुत्र भनी आफ्नो परिचय कुमारले दिए ।

त्यसपछि विश्वामित्रले सविधि कुमारको जातकर्म संस्कार गरे । कुमारले पनि विश्वामित्रलाई असली ज्ञान प्रदान गरे ।

श्वेतमुनिद्वारा कुमारलाई शस्त्रास्त्र प्रदान

तस्मिन्नवसरे तात श्वेतनामा च सम्प्रति । १८ ।

श्वेतमुनि घुम्दै त्यति बेला त्यहीं पुगे । सुन्दर बालक देखेर मोहित भए, परिचय पाएपछि झन् खुसी हुन पुगे र शस्त्रास्त्र प्रदान गरे । शस्त्रास्त्र लिएर कुमार क्रौञ्चपर्वततिर लागे । कुमारका चरण पर्वतमा टेक्नासाथ क्रौञ्च पर्वत धराशायी हुन पुग्यो ।

त्यति बेला नै दश वीर राक्षस आए, कुमारसँग युद्ध गर्न थाले । सर्वत्र हाहाकार हुन पुग्यो । पर्वतशिखर सहित भूमि कम्पन हुन थाल्यो । त्र्यैलोक्य नै काँप्यो । अन्तमा कुमारको शस्त्र प्रहारले दशै जना राक्षस जमिनमा लडे र मृत्यु प्राप्त गरे ।

इन्द्र-कुमार युद्ध- त्यही समयमा इन्द्र पनि आए । दुवैबिच युद्ध प्रारम्भ भयो । अन्त्यमा इन्द्रले बालकको दायाँ भागमा वज्र प्रहार गरे, जसबाट 'शाख' नामक योद्धा प्रकट भए भने बायाँ भागमा प्रहार गर्दा 'विशाख' र हृदयमा प्रहार गर्दा 'नैगम' नामका महान् योद्धा उत्पन्न भए । त्यसपछि कुमार स्कन्धसहित ती चारै जना इन्द्रमाथि जाइलागे, यो देखेर इन्द्र डराए र बालककै शरणापन्न हुन पुगे ।

कुमारका कार्तिकेय, षण्मुख र गुह नामकरण सम्बन्धमा

तस्मिन्नवसरे तत्र कृतिकाख्याश्च षट् स्त्रियः ।
स्नातुं समागता बालं ददृशुस्तं महाप्रभुम् ॥ २९ ॥

बालक निर्भय भएर खेलिरहेको थियो । कृतिकादि ६ स्त्रीहरू स्नानार्थ गइरहेका थिए । उनीहरूले सुन्दर बालक देखे । ६ जना स्त्रीहरू नै बालकलाई काखमा लिएर स्तनपान गर्न लालायित भएर दौडिए । उनीहरूमा विवाद भयो । त्यो देखेर कुमारले ६ मुख धारण गरे र एकैपल्ट स्तनपान गरे, विवाद साम्य भयो ।

तद् वादशमनार्थं स षण्मुखानि चकार ह । ३१ ।

त्यसपछि कुमारको लालनपालन ६ स्त्री कृतिकाहरूले गरे । कृतिकाहरूद्वारा पालन गर्नाले 'कार्तिकेय' तथा ६ मुख धारण गरेकाले 'षण्मुख' नामले लोकमा प्रसिद्धि पायो ।

त्यसैगरी एक दिन कुमारले देवसभामा गएर सुन्दर चरित्र देखाए । सबै देवताहरूले परिचय मागे, तर उनले परिचय गोप्य राखे, त्यसैले उनको नाम 'गुह' रह्यो ।

अध्याय चतुर्थ

कार्तिकेयको अन्वेषण, नन्दी कार्तिकेय संवाद

ब्रह्मा- कार्तिकेय कुमार लामो समयसम्म अदृश्य रहे । एक दिन पार्वतीले शिवलाई सोधिन्- ' त्यो अमोघ वीर्यको के भयो ? जो मेरो पेटमा नगइकन भूमिमा झरेको थियो ।'

पार्वती- **भूमौ निपातितं वीर्यं नोदरे मम ते विभो ।**
कुत्र यातं च तद्देव केन देवेन निह्नुतम् ॥ ६ ॥

पार्वतीको कुरा सुनेर शिवले तुरुन्त सबै देवता- मुनिहरूलाई बोलाएर अमोघ वीर्यको विषयमा

सोधे । प्रत्युत्तर दिँदै सबैले यस्तो कार्य गर्ने अवश्य दण्डनीय, नरकवासी, अपूजनीय हुने बताउँदै क्रमशः सबैले स्पष्टीकरण दिन थाले ।

पृथ्वी- त्यो वीर्य धारण गर्न असमर्थ थिएँ, त्यसैले अग्निलाई दिएँ ।

अग्नि- म पनि असमर्थ थिएँ, त्यसैले परेवा बनी ग्रहण गरेँ र पर्वतमा छोडेँ ।

पर्वत- म पनि असमर्थ थिएँ, त्यसैले गङ्गामा छोडेँ ।

गङ्गा- म पनि असमर्थ थिएँ, त्यसैले सरखण्ड वनमा लगेर छोडेँ ।

वायु- सरखण्ड वनमा छोड्नासाथ त्यो सुन्दर बालक हुन पुग्यो ।

सूर्य- बालक रुँदै थियो, त्यति बेलासम्ममा म अस्ताचलमा पुगिसकेको थिएँ ।

चन्द्रमा- रुँदै गरेको बालकलाई ६ कृतिकाहरूले आफ्नो घर बदरीकाश्रम लगे ।

जल- तिनै कृतिकाहरूले बालकलाई पालनपोषण गर्दै छन् ।

सन्ध्या- कृतिकाहरूले बालकको नाम 'कार्तिकेय' राखेका छन् ।

दिन- कृतिकाहरूले सुन्दर वस्त्र, आभूषण एवं स्वादिष्ट भोजन गराउँदै पालनपोषण गरिरहेका छन् । कार्तिकेय पनि सन्तुष्ट छन् ।

सबैका कुरा सुनेपछि, शिव अत्यन्त प्रसन्न भए । देवताहरूले पनि हर्ष प्रकट गरे । शिवले ब्राह्मणहरूलाई धनमानले सम्मान गरे ।

नन्दी आदि शिवगण, कार्तिकेयलाई लिन कृतिकाहरूको ठाउँमा जानु

त्यसपछि शिवले कुमारलाई फर्काएर ल्याउन नन्दी आदि गणहरूलाई कृतिकाहरूको वासस्थान बदरीकाश्रम पठाए ।

दूतान् प्रस्थापयामास स्वपुत्रो यत्र तान् गणान् । ३६ ।

गणहरू पनि कृतिकाहरूको वासस्थान पुगे, चारैतिरबाट घेराबन्दी गरे । यिनीहरू असङ्ख्य थिए र विकृत अवयवले युक्त थिए । शिवगणलाई देखेर कृतिकाहरू डराए र कुमारलाई गएर भने-

कृतिकाहरू- **वत्स सैन्यान्यसङ्ख्यानि वेष्टयामासुरालयम् ।**
किं कर्तव्यं क्व गन्तव्यं महाभयमुपस्थितम् ॥ ४२ ॥

हे वत्स ! चारैतिरबाट सेनाहरूले घेरेका छन् । महान् भय उपस्थित भएको छ । के गर्ने ? कहाँ जाने ?

कुमार- हे माताहरू हो ! म हुँदाहुँदै डराउनु पर्दैन, म सम्हाल्नेछु ।

यता नन्दीलाई गणहरूले अगाडि सारे, उता कृतिकाहरूले कुमारलाई अगाडि सारे । त्यसपछि दुवैमा संवाद हुन थाल्यो ।

नन्दी- हे कृतिकाहरू हो ! कैलासमा सभा भयो, धर्मराजले तपाईंको आश्रयमा कुमार छन् भन्ने बताए अनि शिवाज्ञा पाएर हामी उनलाई लिन यहाँ आएका हौं ।

भ्रातः प्रवृत्तिं शृणु मे मातरश्च शुभावहाम् ।
प्रेरितोऽहं महेशेन संहर्त्रा शङ्करेण च ॥ ४५ ॥

त्यसैले हे भ्राता ! हामीसँग फर्केर जगत् वन्दनीय मातापितालाई प्रसन्न गराऊ । तिमीलाई देवताहरूले अभिषेक गर्नेछन्, नाना शस्त्रास्त्र प्रदान गर्नेछन् जुन उद्देश्यका लागि तिम्रो जन्म भएको हो । तारकासुर आदिको वध तिमीले गर्नेछौ र तीनै लोकलाई शान्ति प्रदान गर्नेछौ ।

कुमार- भ्रातः सर्वं विजानासि ज्ञानं त्रैकालिकं च यत् ।
ज्ञानी त्वं का प्रशंसा ते यतो मृत्युञ्जयाश्रितः ॥ ६१ ॥

हे भ्रात ! तिमी त मृत्युञ्जय भगवान्‌को आश्रयमा रहेकाले त्रिकालज्ञ छौ । यी कृतिकाहरू प्रकृतिका कला हुन् । यी योगिनी हुन् । यिनीहरूकै उपकारले एवं स्तनपान गरी म प्रतिदिन बढिरहेको छु । म यिनीहरूको पोष्य पुत्र हुँ र यी स्त्रीहरू मेरा अंशस्वरूप हुन् । मेरो जन्म गिरिराज कन्याबाट भएको होइन, उनी त केवल धर्ममाता हुन् ।

शिवले तिमीहरूलाई पठाएका हुन्, तिमी पनि शिवपुत्र समान छौ, त्यसैले शिवाज्ञा पालन गर्दै म तिमीहरूसँग अवश्य आउनेछु र देवकुलको पनि दर्शन गर्नेछु ।

आगच्छामि त्वया सार्द्धं द्रक्ष्यामि देवताकुलम् । ६६ ।

कुमारले यति भनेपछि आफ्ना पोष्य माताहरूसँग अनुमति लिएर शिवगण, नन्दी आदिसँगै कैलास जान तयार भए ।

अध्याय पञ्चम

शिवपार्वतीसहित देवताहरूद्वारा कुमारको अभिषेक तथा शस्त्रास्त्र, आभूषण आदि प्रदान

ब्रह्मा- हे नारद ! यता पार्वतीले पठाएको रथ तयार थियो । विश्वकर्माले आफ्नो सम्पूर्ण शक्ति लगाएर त्यो मनोमय रथ तयार गरेका थिए । सुन्दर कालीगढले युक्त सो रथको चारैतिर पार्षदहरूले घेरेका थिए । कर्तिकेय यस रथमा आरूढ हुनै आँटेका थिए, कृतिकाहरू आएर व्याकुल हुँदै भन्न थाले-

कृतिकाहरू- विहायास्मान् कृपासिन्धो गच्छसि त्वं हि निर्दयः ।
नायं धर्मो मातृवर्गान् पालितो यत् सुतस्त्यजेत् ॥ ५ ॥

हामीले मातृधर्म सम्झेर तिमीलाई पालन गऱ्यौं, अब हामी अनाथ भयौं, कहाँ जाऔं, के गरौं ?

भन्दै कुमारलाई छातीमा लगाएर मूर्च्छित भए ।

स्थिति भयावह भयो । कुमारलाई पठाउन कृतिकाहरू चाँहदैनथे । त्यसपछि कुमारले आध्यात्मिक ज्ञानको उपदेश दिए, अनेक प्रकारले सम्झाए र अन्त्यमा बिदा लिएर, मनोमय वेगले चल्ने रथमा चढेर कैलास पुगे ।

यता गङ्गापुत्र कुमारलाई देखेर विष्णु आदि उपस्थित सबै देवताहरू प्रसन्न भए । मङ्गलगान, उत्सव र रम्भादिद्वारा नृत्य आदि गर्दै महान् उत्सव भयो । पार्वतीले राजमार्गलाई पहिले नै सजाएकी थिइन् । सर्वत्र उत्सव मनाइरहेका थिए ।

पार्वती मङ्गलं चक्रे राजमार्गं मनोहराम् ।
उत्सवः सुमहानासीत् देवानां तुष्टचेतसाम् ॥ १८ ॥

कार्तिकेय कुमार रथबाट उत्रिए र शिवपार्वतीलाई प्रणाम गरे । प्रेमाधिक्यका कारण पार्वतीको स्तनबाट दुध बग्न थाल्यो, जगदम्बाले कुमारलाई दुग्ध पान गराइन् । त्यसपछि कुमारलाई शिवले रत्नमय सिंहासनमा बसाए ।

अथ शम्भुर्जगन्नाथो हृष्टो लौकिकवृत्तवान् ।
रत्नसिंहासने रम्ये वासयामास कार्तिकम् ॥ ३८ ॥

त्यसपछि शिवले वेद अभिमन्त्रित रत्नजडित घडाको जलले प्रसन्न हुँदै स्नान (अभिषेक) गरे । कार्तिकेय पनि प्रसन्न भए । त्यस समयमा पनि महान् उत्सव भयो ।

देवताहरूद्वारा कुमारलाई आभूषण एवं शस्त्रास्त्र प्रदान

अभिषेक पश्चात् उपस्थित देवताहरूले आ-आफ्नो तर्फबाट आभूषण एवं शस्त्रास्त्र प्रदान गर्न थाले ।

विष्णु- किरीट, मुकुट, बाजुबन्द, चक्र एवं वैजयन्ती माला प्रदान गरे ।

शिव- शूल, पिनाक, परशु, शक्ति, पाशुपतशर, संहारास्त्र र परम विद्या आदि आफ्नो पुत्रलाई प्रदान गरे ।

ब्रह्मा- यज्ञोपवीत, चारै वेद, गायत्री, कमण्डलु, ब्रह्मास्त्र, र शत्रुनाश गर्ने विद्या प्रदान गरे ।

इन्द्र- गजराज ऐरावत र वज्र प्रदान गरे ।
वरुण- श्वेतछत्र, पाश, र रत्नमाला प्रदान गरे ।
सूर्य- मनोमय वेगवाला रथ र कवच प्रदान गरे ।

यमराजले- दण्ड, **क्षीरसमुद्रले-** अमृतकलश, **अग्निले-** महाशक्ति, **निऋतिले-** आफ्नो शस्त्र, **कामदेवले-** कामास्त्र, गदा र आफ्नो विद्या दिए । **ईशानले-** शूल, **वायुले-** वायव्यास्त्र, **कुबेरले-** गदा, **क्षीरसागरले-** अमूल्य रत्न तथा नुपूर, हिमालयले- दिव्याभूषण र रत्न प्रदान गरे ।

गरुडले- 'चित्रवर्हण' नामको पुत्र दिए, **अरुणले-** 'ताम्रचूर्ण' नामको कुखुरो दिए । **लक्ष्मीले-** दिव्य सम्पत्ति र हार, **सावित्रीले-** सम्पूर्ण सिद्ध विद्या दिइन् । **पार्वतीले-** परमैश्वर्य एवं चिरजीवित्व प्रदान गरिन् ।

पार्वती सस्मिता हृष्टा परमैश्वर्यमुत्तमम् ।
ददौ तस्मै महाप्रीत्या चिरञ्जीवित्वमेव च ॥ ५० ॥

यसैगरी, जोजो त्यहाँ उपस्थित थिए, सबैले केही न केही उपहार दिए । सर्वाभरणभूषित कुमारलाई देखेर शिवपार्वती अत्यन्त प्रसन्न भए र शिवले देवताहरूलाई भने-

सर्वथाहं प्रसन्नोऽस्मि वरान् वृणुत ऐच्छिकान् । ५५ ।

देवताहरूको प्रतिनिधित्व गर्दै, शिवसँग वर माग्दै ब्रह्माले भने-

ब्रह्मा- हे प्रभो ! तपाईं प्रसन्न हुनुहुन्छ भने- कुमारको जन्म नै तारकासुरको वधका लागि भएको हो, त्यसैले त्यही कार्य सम्पादन सहज रूपले हुन सकोस्, त्यस्तो आज्ञा एवं अवसर प्रदान गर्नुहोस् ।

आज्ञां देहि कुमाराय स तं हन्यात् सुखाय नः । ५८ ।

शिव- ले तथास्तु ! भनी वर दिए । शिवाज्ञा पाएर देवताहरू प्रसन्न भए । कुमारलाई देवताहरूले आशीर्वाद स्वरूप सर्वतीर्थजलले अभिषेक गरे ।

कार्तिकस्याभिषेकं हि सर्वतीर्थजलैः सुरैः । ६३ ।

त्यसपछि विष्णुले कुमारलाई ब्रह्माण्ड अधिपतिको तिलक गरे, देवताहरूले स्तुति गरे । महान् उत्सव भयो । सबै प्रसन्न भए ।

ब्रह्माण्डाधिपति त्वं हि ददौ तस्मै मुदा हरिः ।
चकार तिलकं तस्य समानर्च सुरैस्सह ॥ ६५ ॥

अध्याय षष्ठम, सप्तम

कुमार चरित्र प्रसङ्गमा नारद ब्राह्मणको 'अजमेध' यज्ञलाई सहायता तथा कुमार-तारकासुर युद्धारम्भ

ब्रह्मा- हे नारद ! विष्णुद्वारा तिलक गरी कुमारलाई ब्रह्माण्डको अधिपति बनाएपछि कुमार पनि अति प्रसन्न भए अनि देवताहरूलाई अनेक भक्तिदायिनी कथा सुनाए । यसै बिचमा नारद नामक ब्राह्मण आए र सहायता मागे ।

गणेश चरित्र फलश्रुति उपसंहार

जो मनुष्य जितेन्द्रिय बनेर यो मङ्गलमय आख्यानलाई पढ्छ, सुन्छ या सुनाउँछ, ती सबै गणेशका कृपाभाजन भई मङ्गलमय जीवन यापन गर्दछन् र दिव्य धामका अधिकारी हुन पुग्छन् । त्यति मात्र होइन-

अपुत्रो लभते पुत्रं निर्धनो लभते धनम् ।
भार्यार्थी लभते भार्यां प्रजार्थी लभते प्रजाम् ॥ १८-७६ ॥
आरोग्यं लभते रोगी सौभाग्यं दुर्भगो लभेत् ।
नष्टपुत्रं नष्टधनं प्रोषिता च पतिं लभेत् ॥ १७-७७ ॥

शोकमा भएको शोकमुक्त हुन्छ । यो गणेश चरित्र ग्रन्थ जसको घरमा हुन्छ, त्यहाँ सदैव मङ्गल नै मङ्गल हुन्छ ।

जो यात्राको अवसरमा या नयाँ कार्यारम्भको समयमा या पुण्य पर्वहरूमा यसको श्रवण-मनन गर्नाले कुनै प्रकारको विघ्न उपस्थित हुँदैन । गणेश हामी सबैका वन्दनीय र पूजनीय देवता हुन् । यिनी विघ्नकर्ता र विघ्नहर्ता दुवै हुन् । भक्ति र श्रद्धाले उपासना गर्दा अनन्त आशीर्वाद पाइन्छ ।

अध्याय एकोनविंश, विंश

कार्तिकेय- गणेशमा विवाह विवाद, पृथ्वी परिक्रमाको आदेश, गणेशद्वारा माता-पिता र कुमारद्वारा पृथ्वीको परिक्रमा, गणेश विजयी, कुमार क्षुग्ध भएर क्रौञ्चपर्वत प्रस्थान- कुमार खण्डको उपसंहार

ब्रह्मा- हे नारद ! शिवपार्वती आफ्ना दुवै पुत्रलाई देखेर सधैं आनन्दमग्न रहन्थे । दुवै सुखवर्धक थिए ।

षण्मुखे च गणेशे च पित्रोस्तदधिकं सदा ।
स्नेहो व्यवर्द्धत महान् शुक्लपक्षे यथा शशी ॥ १९-७ ॥

हेर्दाहेर्दै दुवै पुत्र विवाहयोग्य भए । यस विषयमा शिवपार्वती पनि दुवै पुत्रसँग बेला बेलामा चर्चा पनि गर्दथे । फलस्वरूप दुवै पुत्र विवाहका लागि अनुरक्त पनि भए र आफ्नो विवाह पहिले होस् भन्दै दुवै अडिग भए । यसरी कुमार-गणेशमा विवाद बढ्दै गयो ।

अहं च परिणेष्यामि ह्यहं चैव पुनः पुनः ।
परस्परं च नित्यं वै विवादे तत्परावुभौ ॥ १९-१२ ॥

पुत्रहरूको विवादलाई साम्य गर्न एक दिन शिव-शिवाले दुवैलाई बोलाएर भने-

पृथ्वी परिक्रमा गर्न आदेश दिनु

हे पुत्र कुमार ! हे पुत्र गणेश ! हामीले एउटा नियम (सर्त) राखेका छौं, किनकि तिमीहरू हाम्रा लागि समान स्नेही हौ, हामीले भेद गर्नु ठिक होइन । त्यसैले तिमीहरूमध्ये जसले यो पृथ्वीको परिक्रमा गरी पहिले फर्किन्छ, उसैको विवाह हुनेछ ।

यश्यैव पृथिवीं सर्वां क्रान्त्वा पूर्वमुपाव्रजेत् ।
तस्यैव प्रथमं कार्यो विवाह शुभलक्षणः ॥ १९-१८ ॥

मातापिताको आज्ञा सुनेपछि कार्तिकेयले प्रणाम गरे अनि आफ्नो वाहन मयूरमा बसेर सप्तसमुद्रले वेष्टित, सप्तद्वीपयुक्त समस्त पृथ्वीलाई परिक्रमा गर्न निस्के । यता गणेश भने सोचमा परे । यदि परिक्रमा गर्न निस्किहालेँ भने पनि मेरो वाहन मुसो आधा कोशको परिक्रमापछि हिँड्न नसक्ला, फलस्वरूप मैले हार नै बेहोर्नुपर्छ, त्यसैले मातापिताकै सातपटक प्रदक्षिणा गर्छु । जे हुन्छ, हुन्छ ।

गणेशद्वारा मातापिताको परिक्रमा गर्नु

त्यसपछि गणेशले मातापितालाई उच्च-आसनमा बसाए, विधिवत् पूजा गरे, अनि हात जोडेर सातपटक परिक्रमा गरे ।

ते नाथ पूजितौ तौ च प्रक्रान्तौ च पुनः पुनः ।
एवं च कृतवान् सप्त प्रणामास्तु तथैव सः ॥ १९-२६ ॥

अगाध बुद्धिका सागर गणेशले प्रदक्षिणा गरेपछि अन्त्यमा विनयान्वित भएर भने, 'अब मेरो विवाह गराइदिनुहोस् ।'

शीघ्रं चैवात्र कर्तव्यो विवाहः शोभनो मम । १९-२८ ।

गणेशले गरेको याचना सुनेर, शिवशिवाले चकित भएर भने-

शिवशिवा- हे पुत्र ! हाम्रो सर्त अनुसार सप्तद्वीप यो पृथ्वीको परिक्रमा गरेर त आऊ । कुमार गयो, तिमी पनि जाऊ र ऊभन्दा पहिले फर्किएर आऊ, अनि मात्र तिम्रो विवाह पहिले हुनेछ ।

प्रकामेत भवान्सम्यक् पृथिवी च सकाननाम् ।
कुमारो गतवांस्तत्र त्वं गच्छ पुर आव्रज ॥ १९-३० ॥

मातापिताको वचन सुनेर गणेशलाई क्रोध पनि आयो, तर आफूलाई संयमित बनाउँदै, नीतियुक्त वचन भन्न थाले ।

गणेशद्वारा वेदधर्म र नीतियुक्त वचन

हे माताजी ! हे पिताजी ! मैले आफ्नो बुद्धि र विवेकले तपाईहरूको पूजा-अर्चना गरी सात परिक्रमा गरैँ, त्यसैले मेरो सप्तसमुद्र पर्यन्त पृथ्वीको परिक्रमा भयो । यही नै कुरा

वेद तथा धर्ममा उल्लिखित छ । अब तपाईंहरू नै बताउनुहोस् कि- शास्त्रको कुरा सत्य हो या असत्य ? जो पुत्र मातापिताको पूजा गरी प्रदक्षिणा गर्दछ, उसले पृथ्वी परिक्रमा जनित फल प्राप्त गर्दछ ।

पित्रोश्च पूजनं कृत्वा प्रक्रान्ति च करोति यः ।
तस्य वै पृथिवी जन्यं फलं भवति निश्चितम् ॥ १९-३९ ॥

जो मातापितालाई घरमै छोडेर तीर्थयात्रा गर्न जान्छ, उसले मातापिताको हत्याजनित पाप भोग्नुपर्दछ । पुत्रका लागि मातापिताको चरण सरोज नै महान् तीर्थ हो ।

अपहाय गृहे यो वै पितरौ तीर्थमाव्रजेत् ।
तस्य पापं तथा प्रोक्तं हनने च तयोर्यथा ॥ १९-४० ॥

अन्य तीर्थ त टाढा गएपछि मात्र प्राप्त हुन्छ भने यो त घरमै प्राप्त, त्यो पनि नित्य पाइन्छ । पुत्रका लागि मातापिता र स्त्रीका लागि पति, यी दुवै पवित्र तीर्थ घरमै उपलब्ध छन् ।

पुत्रस्य च स्त्रियाश्चैव तीर्थे गेहे सुशोभनम् । १९-४२ ।

मैले तपाईंहरूको पूजा गरी सातपटक परिक्रमा गरैं, यसो गर्नाले अप्राप्त पनि प्राप्त भयो । तपाईंहरू स्वयं साक्षात् धर्मरूप हुनुहुन्छ, अब विचार गरेर निर्णय गर्नुहोस् । एकातर्फ वेदवाक्य र अर्कोतर्फ तपाईंहरूको आज्ञा, जुन सही हो त्यही गर्नुहोस् ।

द्वयो श्रेष्ठतमं मध्ये यत्स्यात्सम्यग्विचार्य तत् ।
कर्तव्यं च प्रयत्नेन पितरौ धर्मरूपिणौ ॥ १९-४६ ॥

विश्वरूप पुत्री सिद्धिबुद्धिका साथ गणेशको विवाह

गणेशको गम्भीर र शास्त्रीय वचन सुनेपछि मातापिता उनको आत्मबल, दूरदृष्टि, शास्त्रीय वचन र विशाल बुद्धिप्रति नतमस्तक भए, किनकि बुद्धि तीक्ष्ण हुनु नै सर्वोपरि गुण मानिएको छ ।

बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ।
कूपे सिंहो मदोन्मत्तः शशकेन निपातितः ॥ १९-५२ ॥

'हे पुत्र गणेश ! तिमीले शास्त्रसम्मत आफ्नो अभिमत राख्यौ । तिम्रो कुरा ठिक हो । अब तिम्रो इच्छानुरूप हामी विवाह गरिदिनेछौं ।' मातापिताको यस्तो अनुकूल वचनले गणेश प्रसन्न भए ।

यता प्रजापति विश्वरूप पनि यही प्रतीक्षामा थिए, तुरुन्त नै आफ्ना सुयोग्य कन्यालाई गणेशसँग विवाहार्थ प्रस्ताव राखे ।

विश्वरूपप्रजेशस्य दिव्यरूपे सुते उभे ।
सिद्धिर्बुद्धिरिति ख्याते शुभे सर्वाङ्गशोभने ॥ २०-२ ॥

शिवपार्वतीले पनि विश्वरूपको प्रस्तावलाई सहर्ष स्वीकार गरे, अनि सिद्धिबुद्धिको साथमा

गणेशको विवाह धूमधामसँग सुसम्पन्न भयो । विवाहमा सबै देवताहरूले प्रसन्न भई भाग लिए । विश्वकर्माले विवाह गराए । दुई जना पत्नी पाएपछि गणेश पनि प्रसन्न भए । केही समयको अन्तरालमा उनीहरूबाट क्रमशः 'क्षेम' र 'लाभ' नामक पुत्र उत्पन्न भए ।

सिद्धेर्गणेशपत्न्यास्तु क्षेमनामा सुतोऽभवत् ।
बुद्धेर्लाभाभिधः पुत्रो ह्यासीत्परमशोभनः ॥ २०-८ ॥

कुमारलाई नारदजीले भड्काउनु, अविवाहित नै रहेर सधैंका लागि कुमार क्रौञ्चपवर्तमा निवास गर्नु

यता कुमार पनि पृथ्वीको परिक्रमा गरी फर्किए । नारदजीले कुमारको समीप गई सबै वृत्तान्त सुनाए, किनकि नारद कलह उत्पन्न गर्ने काममा सिपालु मानिन्छन् ।

नारद- हे कुमार ! तिमीलाई घरबाट निकालेर तिम्रा मातापिताले गणेशको विवाह गरिदिए । तिमीलाई धोका दिए, छलकपट गरे । यदि मातापिताले नै यसरी धोका दिन्छन् भने संसारमा कसको विश्वास गर्नु ?

दद्याद्यदि गरं माता विक्रीणीयात्पिता यदि ।
राजा हरति सर्वस्वं कस्मै किं च ब्रवीतु वै ॥ २०-१९ ॥

हे कुमार ! यो व्यवहार त मलाई पटक्कै ठिक लागेन, सत्य त सत्य नै हुन्छ । तिमीलाई जे राम्रो र उचित लाग्छ, त्यही गर तर जे भयो तिम्रो अनुपस्थितिमा, त्यो मैले बताएँ ।

निवेदिता च सा तेऽद्य यथेच्छसि तथा कुरु । २०-२१ ।

नारदले आगो सल्काइदिए । कुमार क्रोधले तिलमिलाए, त्यसपछि मातापितालाई दण्डवत् गरेर तुरुन्तै क्रौञ्च पर्वततिर प्रस्थान गरे, मातापिताले रोक्ने कोसिस गरे, तर उनी रोकिएनन् ।

स्कन्दोऽपि पितरं नत्वा कोपाग्निज्वलितस्तदा ।
जगाम पर्वतं क्रौञ्चं पितृभ्यां वारितोऽपि सन् ॥ २०-२३ ॥

कुमार अविवाहित नै रहेर नित्य त्यहीँ बस्न थाले । आफ्नो कुमारपनलाई सुरक्षित राखेकाले उनको 'कुमार' नाम त्रिलोकमा प्रसिद्ध भयो । आज पनि कार्तिक पूर्णिमाको दिन मुनीश्वर कार्तिकेय कुमारको दर्शन गर्न सबै देवता-ऋषि-तीर्थ यहाँ जाने गर्छन् ।

कार्तिक्यां च सदा देवा ऋषयश्च सतीर्थकाः
दर्शनार्थं कुमारस्य गच्छन्ति च मुनीश्वराः ॥ २०-२९ ॥

शिवपार्वती मल्लिकार्जुन नामले क्रौञ्च पर्वतमा नित्य वास

यता पुत्रवियोगले पार्वती बेचैन भइन्, शिवसँग अनुरोध गरिन् । शिवपार्वती क्रौञ्च पर्वत गए र एक अंशले त्यहीँ निवास गर्न थाले । मातापिता आएको देखेर कुमार पनि आफू पहिले बसेको ठाउँबाट तीन योजन पर गएर बस्न थाले । त्यसपछि शिवपार्वतीले पुत्रको

नजिक जानु उपयुक्त ठानेनन् । जुन शिवपार्वतीको स्वरूप त्यहाँ छ, त्यसलाई मल्लिकार्जुन ज्योतिर्लिङ्गको नामले जानिन्छ ।

मल्लिकार्जुन नामासीज्ज्योतिर्लिङ्गं सुखावहम् ।
अद्यापि दृश्यते तत्र शिवाया सहितश्शिवः ॥ २०-३२ ॥

देवता तथा मुनिहरूले कुमारलाई टाढा जान रोके पनि उनी रोकिएनन्, त्यसैले तीन योजन पर गएर बस्न थालेका हुन् ।

योजनत्रयमुत्सृज्य स्थितः स्थाने च कार्तिकः । २०-३५ ।

मातापिता पुत्रलाई टाढा राख्न चाहँदैनथे, तर कुमार आफैँ टाढिएपछि उनीहरूको केही सीप चलेन । त्यसैले शिवपार्वती औंसी र पूर्णिमाको दिन अलग-अलग कुमारको दर्शन गर्न आज पनि जान्छन् र अन्य दिनमा मल्लिकार्जुनकै रूपमा तीन योजन पर बस्तछन् ।

अमावश्या दिने शम्भुः स्वयं गच्छति तत्र ह ।
पूर्णमासीदिने तत्र पार्वती गच्छति ध्रुवम् ॥ २०-३७ ॥

कुमार खण्डको उपसंहार

ब्रह्मा- कुमार र गणेशको जन्म र चरित्र सङ्क्षेपमा वर्णन गरियो । यो आख्यान सुन्दा या सुनाउँदा, सबै पापबाट मुक्त भइन्छ र सबै कामनाको पूर्ति हुन्छ ।

ब्राह्मणो ब्रह्मवर्चस्वी क्षत्रियो विजयी भवेत् ।
वैश्यो धन समृद्धस्स्याच्छुद्रस्सत्तमतामियात् ॥ २०-४१ ॥

रोगीले सुनेमा रोगमुक्त, भीति भयमुक्त, भूतप्रेत आदिबाट मुक्त भई शिवपार्वतीको अविचल भक्ति तथा अन्त्यमा शिवलोकमा नित्य वास पाउँछ । त्यति मात्र होइन-

एतदाख्यानमनघं यशस्यं सुखवर्द्धनम् ।
आयुष्यं स्वर्गमतुलं पुत्र पौत्रादि कारकम् ॥ २०-४३ ॥

‼ समाप्तोऽयं कुमारखण्डः ‼

कायेनवाचा - ॥ करचरण कृतं वा - ॥ ॐ नमः शिवाय ॥

॥ ॐ ॥

रुद्रसंहिता
पञ्चम युद्धखण्डः

कथासार

रुद्र संहिताको यो युद्धखण्ड अन्तिम हो । यसमा कुल उनान्साठी अध्याय छन् । खास गरी शिवले अत्यन्त पराक्रमी महान् बलशाली राक्षसहरूलाई युद्धमा परास्त गरी त्रिलोकमा शान्ति स्थापना गरेको कथानक यस खण्डमा उल्लेख गरिएको हुनाले यस खण्डको नाम 'युद्धखण्ड' रहन गएको हो । यस खण्डमा सनत्कुमार र व्यासजीबिचको संवाद रहेको छ । यो सम्पूर्ण कथा वीर रसले भरिएको छ । साम, दाम, दण्ड, भेद सम्बन्धी कूटनीति र युद्धबारे चासो राख्ने इच्छुक जनका लागि यो खण्ड अत्यन्त शिक्षाप्रद हुनाका साथै केकस्ता दाउपेच गर्नाले शत्रुमाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने कला पनि यस खण्डले सिकाएको छ । प्रायः राक्षसहरू शिवका उपासक भई तप गर्ने, ब्रह्मा या शिव गएर वरदान दिने, वरदान प्राप्त गरेपछि देवगणमाथि आक्रमण गर्ने, देवता पुनः घुमिफिरी शिवसँग आएर आफ्नो रक्षाका लागि अनुरोध गर्ने र शिवद्वारा या अन्य कुनै प्रत्यक्ष या परोक्ष उपायद्वारा तिनीहरूको वध गरी त्रिलोकमा शान्ति स्थापना गरेका प्रसङ्गका कथाहरू यस खण्डमा समेटिएका छन् । यस प्रकारका रोमाञ्चक वर्णनले पनि यो खण्ड रोचक छ र अनुकूल परिस्थितिका शत्रुमाथि कसरी विजय प्राप्त गर्ने ? भन्ने कला यस खण्डमा यत्रतत्र वर्णन गरिएको छ ।

यस खण्डमा मुख्य रूपले यी पाँच चरित्रको वर्णन गरिएको छ- त्रिपुरासुर, जलन्धर, शङ्खचूड, अन्धकासुर र बाणासुर । यी सबैका उत्पत्ति, विकास र अवसानका प्रसङ्ग अत्यन्त रोचक छन्, मननयोग्य छन् । त्यसै गरी शुक्राचार्यले शिवको पेटमा एक सय वर्ष तपस्या गरी मृतसञ्जीवनी मन्त्रको जप गरेको र शिवको लिङ्गमार्गबाट बाहिर आएको प्रसङ्गका साथै शिवपार्वतीले आफ्नो पुत्र रूपमा स्वीकार गरी अजरअमर बनाई दैत्यकुलमा पठाएको प्रसङ्ग पनि अत्यन्त ज्ञानवर्द्धक तथा रोमाञ्चकारी छ ।

आरम्भमा तारकासुरका तीन पुत्र- तारकाक्ष, विद्युन्माली र कमलाक्षले आफ्नो पिताको कुमारले वध गरेपछि देवताप्रति प्रतिशोधको भावना राखी सुमेरु पर्वतमा कठोर तपस्या गरेर ब्रह्मालाई खुसी पारे । ब्रह्माले उनीहरूलाई शिवको हातबाट मात्र मृत्यु हुने वर दिए, र उनीहरूका लागि मय दानवले सुरक्षित तीनवटा नगर निर्माण गरिदिए । तीनै जना एक एकवटा नगरमा रही शिव उपासना गर्दै सम्पूर्ण देवतालाई वशमा राखे ।

देवताहरू आफ्नो स्थानच्युत भएपछि पुनः शिवशरण गए । शिवले विष्णुलाई मायावी शरीर धारण गर्न प्रेरित गर्दै पाखण्ड (वेद विपरीत) धर्मको प्रचार त्रिपुरमा गराए । विष्णुले यस क्रममा 'अरिहन्' रूपमा प्रकट भई मायाशास्त्रको विस्तार त्रिपुरमा गराए । यसमा नारदजीले तीनै तारकासुर पुत्रलाई अरिहन्सँग दीक्षा ग्रहण गर्न प्रेरित गरे, जसको फलस्वरूप यी पथभ्रष्ट (वेदधर्मरहित) हुन पुगे । त्यसपछि विश्वकर्माद्वारा सर्ववेदमय रथको निर्माण भयो र त्यसैमा शिव पशुपतिको रूपमा रथारुढ भए । त्रिपुर दहनका लागि पिनाक-धनुषले सय हजार वर्षपर्यन्त साधना गरे । पिनाकको टुप्पामा अग्निदेव थिए भने शिवको औंलामा गणेशले विघ्न गरिरहेका थिए । भद्रकालीले गणेशको पूजा गरेपछि पाशुपतास्त्र सन्धान गरी पिनाक धनुषले प्रहार गरेर एकैपल्ट तीनवटै नगरलाई भस्म गर्न सफल भए ।

त्यसपछि विष्णुले अरिहन्लाई मरुभूमिमा बस्नु र कलियुग प्रारम्भ भएपछि आफ्नो धर्मप्रचार पुनः गर्नु भन्ने आज्ञा दिए । त्यसैगरी त्रिपुरको निर्माण गर्ने शिल्पी मयदानवलाई वितल लोकको अधिपति बनाए । पुराणमा वर्णित तिनै अरिहन् नै वर्तमानमा जैन धर्मका आचार्य मानिन्छन् ।

द्वादश अध्याय पर्यन्त त्रिपुरासुरको कथा वर्णनपश्चात् त्रयोदशदेखि षड्विंश अध्यायसम्म जलन्धरको चरित्र वर्णन गरिएको छ । जलन्धरको उत्पत्ति शिवको नेत्राग्निबाट भएको हो । इन्द्रलाई भस्म गर्ने क्रममा शिवको नेत्रबाट अग्नि प्रकट भयो । गुरु वृहस्पतिले यस अग्निको प्रकोपबाट इन्द्रको रक्षा गरे । शिवको क्रोधाग्नि क्षारसमुद्रमा फ्याँकियो । त्यो अग्नि बालक हुन पुग्यो र ब्रह्माले जलभित्रबाट उत्पत्ति भएको हुनाले जलन्धर नामकरण गरेर भविष्य पनि बताए । जलन्धरको विवाह कालनेमिपुत्री वृन्दासँग भयो । ऊ त्रिलोकको अधिपति भयो । पछि नारदजीले जलन्धरलाई पार्वतीको रूपलावण्यको वर्णन गरी उनलाई प्राप्त गर्न प्रेरित गरे । यही कारणले नै जलन्धरको अन्त्य भयो । जबसम्म वृन्दाको सतीत्व जीवित थियो तबसम्म जलन्धर अवध्य हुने भएकाले विष्णुले वृन्दाको सतीत्व भङ्ग गर्न सफल भए, अनि मात्र शिवले जलन्धरको वध गरे । उता शीलभङ्ग भएकी वृन्दाले विष्णुलाई श्राप दिंदै अग्निमा प्रवेश गरी भस्म भइन्, त्यही भस्ममा पार्वतीले बीज राखिन् जसबाट धात्री, मालती र तुलसी वृक्षको उत्पत्ति भयो ।

जलन्धर चरित्रपछि शङ्खचूड चरित्र वर्णन गरिएको छ जो सप्तविंशतिदेखि एकचत्वारिंशत् अध्यायपर्यन्त छ । शङ्खचूडको पिता दम्भ कृष्णभक्त थियो । पुष्कर क्षेत्रमा एक लाख वर्षपर्यन्त तपस्या गरी ब्रह्माद्वारा वर प्राप्त गर्ने क्रममा शङ्खचूडपुत्र जो राधाद्वारा श्रापित 'सुदामा' गोप नै थियो । शङ्खचूडले पनि जैगीषव्य मुनिसँग दीक्षा लिएर पुष्कर क्षेत्रमा तपस्या गर्‍यो । ब्रह्माले वर दिने क्रममा समस्त देवगणलाई परास्त गर्ने, 'श्रीकृष्ण कवच' र धर्मध्वजपुत्री तुलसीसँग विवाह गर्न आज्ञा दिए । पछि विष्णुले शङ्खचूडको 'श्रीकृष्ण कवच' हरण गरी तुलसीको शील हरण गरे किनकि यी दुवै जबसम्म

रहन्थे तबसम्म ऊ अवध्य थियो । त्यसपछि शिवले शङ्खचूडको वध गर्न सफल भएको वर्णन उक्त अध्यायहरूमा गरिएको छ ।

अध्याय बयालिसदेखि उनान्चाससम्म अन्धकासुरको चरित्रको वर्णन गरिएको छ । शिवपार्वतीको काशीपुरीमा नर्म क्रीडा क्रममा पार्वतीले शिवको नेत्र बन्द गरिन् त्यति बेला नै शिवको ललाटबाट मदजल प्रवाहित भयो र त्यही एकत्रित हुँदा अन्धकासुर प्रकट भयो । जन्म लिँदा शिवको नेत्र बन्द भएकाले यो बालक पनि नेत्रहीन भयो । हिरण्याक्ष पुत्रप्राप्ति कामनाले तपस्यारत थियो र शिवले वरदान दिने क्रममा अन्धकलाई दिए । वराहरूप विष्णुले हिरण्याक्षको वध गरेपछि त्रिलोकको अधिपति यही अन्धकासुर भयो । यसै क्रममा हिरण्यकशिपुलाई समाप्त गर्न नृसिंह भगवान्‌को प्रकट भएको सन्दर्भ पनि यी अध्यायहरूमा वर्णन गरिएको छ । अन्धकासुरलाई मन्त्रीहरूले ब्रह्माण्ड नायिका जगदम्बा पार्वतीको रूप लावण्यको चर्चा गरेपछि उनलाई प्राप्त गर्न लालायित भयो । यसै क्रममा महासङ्ग्राम भयो । घायल दैत्यलाई शुक्राचार्यले शिलाजित खुवाउँदै जीवित गरे । नन्दीले शुक्राचार्यलाई अपहरण गरी शिवसमीप लगे । शिवले शुक्राचार्यलाई निले । एक सय वर्ष शिवको पेटमा मृत सञ्जीवनी मन्त्रको जप गरी शिवको लिङ्गमार्गबाट शुक्राचार्य बाहिर आए । शिवले उसलाई अजर अमर हुने आशीर्वाद दिए र दैत्यहरूको सहायता गर्न आज्ञा दिए । यता अन्धकासुरको केही गर्दा पनि मृत्यु हुन सकेन र अन्त्यमा शिवले आफ्नै प्रमुख गणमा नियुक्त गरे ।

त्यसपछि बाणासुरचरित्र एकाउन्नदेखि छप्पन्न अध्यायसम्म वर्णन गरिएको छ । यो हिरण्यकशिपुको वंशमा उत्पन्न भई परं शिवभक्त थियो । यसका एक हजार हात थिए । श्रीकृष्णको साथमा यसको भयङ्कर युद्ध भएको थियो । बाणासुरपुत्री उषाले स्वप्नमा देखिएका श्रीकृष्णका पौत्र अनिरुद्धलाई चित्रलेखाद्वारा अपहरण गराई, आफ्ना पिताको राजधानी शोणितपुरको राजमहलमा नजरबन्द गरी राखेकी थिइन्, त्यसैले यिनीहरूको युद्ध भएको थियो । पछि बाणासुर र श्रीकृष्णको शिवले मिलापत्र गराए र बाणासुरलाई आफ्नो प्रधान गणमा सामेल गरे ।

त्यसपछि गजासुर चरित्र, दुन्दुभि निर्ह्राद चरित्र, विदल एवं उत्पल दानव चरित्रको वर्णन गरी यस युद्ध खण्डको उपसंहार गरिएको छ । उपर्युक्त चरित्रहरूको वर्णनका क्रममा अनेकानेक महान् बलशाली, पराक्रमी दैत्यकुलोत्पन्न वीरहरूको पनि वर्णन गरिएको छ । सबै चरित्रहरूको उत्पत्तिको कारण, उनीहरूको विकास र समापनको वर्णन अत्यन्तै ओजस्वी र वीर रसले भरिपूर्ण छ । यो कथा सुन्नाले या सुनाउनाले सङ्ग्राममा विजय प्राप्त हुन्छ ।

अध्याय प्रथम

१ देखि १२ अध्याय पर्यन्त त्रिपुरदहन चरित्र वर्णन

तारकासुरका तीन पुत्र- तारकाक्ष, विद्युन्माली र कमलाक्षको तपस्या, ब्रह्माद्वारा वर प्रदान, मय दानवद्वारा उनीहरूका लागि तीन नगर निर्माण र ती तीनै नगरहरूको अपूर्व शोभा वर्णन

नारदजी- हे पिताश्री ! तपाईंले शिवको गृहस्थ जीवन वर्णन गरी सुनाउनुभयो । अब शिवले दुष्टजनलाई कसरी व्यवस्थापन गरी त्रिलोकमा शान्ति स्थापना गरे ? सुन्ने इच्छा छ । कृपया सबैभन्दा पहिले त्रिपुरदहनको कथा सुनाउनुहोस् ।

शङ्करो हि यथा रुद्रो जघान विहरन् खलान् । २ ।

ब्रह्मा- यस विषयमा व्यासजीले सनत्कुमारलाई सोधेका थिए । उनीहरूबिचको संवाद म तिमीलाई सुनाउँछु । सुन-

॥ यस खण्डमा सनत्कुमार र व्यासको संवाद छ ॥

सनत्कुमार- **श्रृणु व्यास महाप्राज्ञ चरित्रं शशिमौलिनः ।**
यथा ददाह त्रिपुरं बाणेनैकेन विश्वहृत् ॥ ६ ॥

हे व्यासजी ! एउटै बाणले, शिवले त्रिपुरदहन गरेको कथा सुनाउँछु, सुन्नुहोस् । शिवपुत्र स्कन्धले तारकासुरको वध गरेपछि उनका तीन पुत्र तारकाक्ष, विद्युन्माली र कमलाक्षले प्रतिशोधको भावना राखी ब्रह्मालाई लक्ष्य गरी सुमेरु पर्वतको गुफामा अत्यन्त कठोर तप गर्न थाले । यी यसै पनि बलशाली थिए, तप गरेर झन् शक्तिशाली हुन चाहन्थे । सत्यवादी, जितेन्द्रिय र संयमी भएर तप गर्न थाले ।

वसन्ते सर्वकामांश्च गीतवादित्रनिस्स्वनम् ।
विहाय सोत्सवं तेपुस्त्रयस्ते तारकात्मजाः ॥ ११ ॥

तपस्या कस्तो थियो ? ग्रीष्म ऋतुमा पञ्चाग्निमा हवन, वर्षा ऋतुमा वर्षाको सहन, शरद् ऋतुमा केही नखाइकन, हेमन्त ऋतुमा आकण्ठमग्न जलमा बसेर शरीर पत्थर जस्तै हुँदै गयो । त्यसपछि एक सय वर्ष एउटा मात्र खुट्टाले उभिएर, एक हजार वर्ष दूषित हावा पिएर, एक हजार वर्ष अधोमुख गरेर, एक सय वर्ष एउटा हातले जमीनमा टेकेर तप गरे । त्यसपछि तपस्याको प्रभाले त्रिलोक नै अवरुद्ध हुन थाल्यो । सबै प्राणी स्तब्ध हुन पुगे ।

सर्वत्र त्राहि-त्राहि हुन थाल्यो । त्यसपछि ब्रह्मा तपस्थलीमा गए । कमण्डलुको जलले अभिषेचन गरेर उनीहरूलाई जगाए, अनि सोधे-

ब्रह्मा- **प्रसन्नोऽस्मि महादैत्या युष्माकं तपसा मुने ।**
सर्वं दास्यामि युष्मभ्यं वरं ब्रूत यदीप्सितम् ॥ २७ ॥

ब्रह्माको वचन सुनेर दैत्य प्रसन्न भए र वर माग्दै भने, 'हामीलाई अजर-अमर बनाइदिनुहोस् ।

दैत्यहरू- **यदि प्रसन्नो देवेश यदि देयो वरस्त्वया ।**
अवध्यत्वं च सर्वेषां सर्वभूतेषु देहि नः ॥ ३० ॥

बुढो या रोगी भएर हाम्रो मृत्यु नहोस्, त्रिलोकका कुनै पनि प्राणीको हातबाट हाम्रो मृत्यु नहोस् । शत्रुमाथि हामी विजयी बनौं ।

ब्रह्मा- हे दैत्यकुमारहरू हो ! मृत्यु त सबैले वरण गर्नु नै पर्छ । त्यसैले अर्को वर माग । म आफैँ त अजर-अमर छैन ।

अन्यं वरं वृणीध्वं वै यादृशो वो हि रोचते । ३६ ।

शिवबाहेक सबै मृत्युको वशमा छन् ।

दैत्यहरू- त्यसो हो भने, हाम्रा लागि कुनै सुरक्षित स्थान छैन । यस्तो ठाउँ होस् जहाँ शत्रु प्रवेश गर्न नसकून् । हाम्रा लागि एक-एक नगर बनाइदिनुहोस् ।

पुराणि त्रीणि नो देहि निर्भयात्यद्भुतानि हि ।
सर्वसम्पत्समृद्धान्य प्रधृष्याणि दिवौकसाम् ॥ ४४ ॥

यी तीनवटै नगरमा सबै प्रकारको सम्पत्ति, सुविधा होस्, देवताले आक्रमण गर्न नसकून् । यसमा पनि तारकाक्षका लागि सुवर्णमय, कमलाक्षका लागि रजतमय र विद्युन्मालीका लागि लौहमय क्रमशः स्वर्ग, आकाश र धर्तीमा अवस्थित होऊन् ।

स्वर्गे व्योम्नि च भूमौ च क्रमाज्ज्ञेयानि तानि वै । ५८ ।

यी पुरको निर्माण सूर्य अभिजित नक्षत्रमा, चन्द्रमा पुष्य नक्षत्रमा र आकाशमा पुष्करावर्त भएको बेलामा होस् । त्यसैगरी यी पुरहरूको वध एक बाणले सर्वदेवमय रथमा बसेर, एउटै भेदनमा शिवले मात्र गर्न सकून् । त्यसै पनि एउटा मात्र बाणले, एकैपल्ट तीनवटा नगरलाई भेदन गर्न असम्भव नै हुन्छ । यही वर हामीलाई प्रदान गर्नुहोस् ।

ब्रह्मा- यी सबै वृत्तान्त सुनेपछि, ब्रह्माले शिवको ध्यान गरे अनि तथास्तु भनिदिए । त्यसपछि मय दानवलाई नगर बनाउन आज्ञा दिएर अन्तर्ध्यान भए ।

आज्ञां ददौ मयस्यापि कुरू त्वं नगरत्रयम् । ५५ ।

मय दानवले एक हजार वर्ष लगाएर यी तीन नगरको निर्माण गऱ्यो र तारकासुरका पुत्रहरूलाई सुम्पियो ।

मय दानवसहित तारकाक्ष, कमलाक्ष, विद्युन्माली यी नगरमा बस्न थाले । यी नगर मनमोहक थिए । कतै कल्पवृक्ष त कतै मणिजडित झरना । कतै पद्मराग मणिजडित सूर्यबिम्बझैँ प्रतीत हुन्थे । कतै अनेकौं विमान, विशाल प्रासादयुक्त, राजमहलयुक्त थिए । यी नगर गन्धर्व-सिद्ध-चारण तथा स्वर्गीय सुन्दरी स्त्रीहरूले व्याप्त थिए । प्रत्येक घरमा शिवमन्दिर, अग्निशाला, शिवभक्त शास्त्रज्ञ पण्डित थिए ।

रूद्रालयैः प्रतिगृहमग्निहोत्रैः प्रतिष्ठितैः ।
द्विजोत्तमैः शास्त्रविज्ञैः शिवभक्तिरतैः सदा ॥ ६४ ॥

यसै गरी यी नगरहरू वावडी-कुवा-तलाव-नदी-नद-सरितायुक्त स्वर्गीय वृक्षहरूले सुशोभित बगैंचाहरू, मदोन्मत्त हात्ती, घोडा, रथ, पालकीहरूले व्याप्त थिए । खेलका मैदान, वेदाध्ययनशाला आदि पनि यी नगरमा यत्रतत्र थिए ।

यी नगरमा पापी-पाखण्डीहरूको प्रवेश थिएन, केवल धर्मात्मा, सच्चरित्रवान् पुण्यात्मा मात्र रहन्थे । पतिव्रता स्त्री, युद्धकौशल वीर, श्रौत-स्मार्तको रहस्य जान्ने ब्राह्मण, स्वधर्मतत्पर मनुष्य, ब्रह्मा-शिव उपासना सामग्रीहरू र वेद पुराण जस्ता शास्त्रमा उल्लिखित शिवप्रिय वस्तु मात्र यी नगरमा मौजुद थिए ।

शास्त्रवेदपुराणेषु ये ये धर्माः प्रकीर्तिताः ।
शिवप्रिया सदा देवास्ते धर्मा तत्र सर्वतः ॥ ७५ ॥

यस्तो दिव्यकान्तियुक्त भव्य नगरमा बसेर तारकासुरका तीनवटै पुत्र र मयदानव शिवोपासना गर्दै राज्य गर्दथे । यसरी नै यिनीहरू निर्भय र निर्विघ्नतापूर्वक यी नगरहरूमा लामो समय रहे ।

ततो महान् गतः कालो वसतां पुण्यकर्मणाम् ।
यथासुखं यथाजोषं सत् राज्यं कुर्वतां मुने ॥ ७८ ॥

अध्याय द्वितीय, तृतीय, चतुर्थ, पञ्चम

तारकपुत्रद्वारा सन्तप्त देवगण ब्रह्मासमीप जानु, ब्रह्माले शिवसमीप पठाउनु, शिवले विष्णुसमीप पठाउनु । विष्णुले मायावी रूपमा मोहित तुल्याई दैत्यलाई आचरणच्युत गराउनु

व्यासजीले त्यसपछि के भयो ? भनेर प्रश्न गरेपछि, सनत्कुमार भन्छन्-

सनत्कुमार- **अथ तत्प्रभया दग्धा देवा हीन्द्रादयस्तथा ।**
सम्मन्त्र्य दुःखिताः सर्वे ब्रह्माणं शरणं ययुः ॥ २-३ ॥

त्रिपुरनगरमा बस्ने दैत्यहरूको तेजोमय प्रभावको कारण इन्द्रादि देवगण जल्न थाले, त्यसैले मन्त्रणा गरी ब्रह्माको शरणमा गएर भने, 'हे सृष्टिकर्ता ! त्रिपुरदहन गरी हामीलाई शान्ति प्रदान गर्नुहोस् ।'

ब्रह्मा- हे देवगण ! तिमीहरू भयभीत नहोओ । उनीहरू मैले नै वर दिएर बलशाली भएका हुन् । ती नगरहरूमा प्रतिदिन पुण्यको अभिवृद्धि भइरहेको छ, त्यसैले शिवलाई प्रसन्न गर, उनले नै यो कार्य गर्न सक्नेछन् ।

शिवं च प्रार्थयध्वं वै सर्वे देवाः सवासवाः ।
सर्वाधीशः प्रसन्नश्चेत्स वः कार्यं करिष्यति ॥ २-१० ॥

ब्रह्माको आज्ञा पाएर देवता शिवको शरणमा गए अनि भावविभोर भई लामो स्तुति गरे ।

देवताहरूद्वारा शिवको प्रार्थना

नमो हिरण्यगर्भाय सर्वसृष्टिविधायिने ।
नमः स्थितिकृते तुभ्यं विष्णवे प्रभविष्णवे ॥ २-१३ ॥

यी श्लोकहरूमा भनिएको छ, 'तपाईं विकाररहित, भविष्य र भूतको आत्मस्वरूप, दैत्यनाशक, सर्वास्त्रधारक हुनुहुन्छ । तपाईं महेश्वर, रुद्र, नीलकण्ठ, परमात्मा, गिरिजापति हुनुहुन्छ । तपाईं नै अनेक रूप, एक रूप, अरूप-रूप, गौ-ब्राह्मण, देव-ऋषि-मुनि रक्षक, धर्मरूप, सत्त्वरूप, सत्त्वात्मरूप, वेदगम्य हुनुहुन्छ ।

सत्यप्रियाय सत्याय सत्यगम्याय ते नमः ।
नमस्ते मायिने तुभ्यं मायाधीशाय वै नमः ॥ २-३० ॥

तपाईं नै तपस्याजनित फल दिनुहुन्छ, त्यसैले तपस्वरूप हुनुहुन्छ । तपाईं देवतामा इन्द्र, ग्रहमा सूर्य, लोकमा सत्यलोक, नदीमा देवगङ्गा, वर्णमा श्वेतवर्ण, सरोवरमा मानसरोवर, पहाडमा हिमालय, गाईमा कामधेनु, समुद्रमा क्षार समुद्र, धातुमा सुवर्ण, वर्णमा ब्राह्मण, मनुष्यमा राजा, मुक्तिक्षेत्रमा काशी, तीर्थमा प्रयागराज, पत्थरमा स्फटिक, फूलमा कमल, कविमा भार्गव, पक्षीमा शरभ, हिंस्रक प्राणीमा सिंह, पत्थरमा शालिग्राम, व्यापकमा आकाश, आत्माहरूमा परमात्मा, इन्द्रियमा मन, दानमा अभयदान, पवित्रतामा जल, जीवितहरूमा अमृत, लाभमा पुत्रलाभ, वेगमा वायु, नित्यकर्ममा सन्ध्योपासना, यज्ञमा अश्वमेध, युगमा सत्ययुग, नक्षत्रमा पुष्य, तिथिमा अमावश्या योगमा व्यतिपात, लतामा सोमवल्ली, बुद्धिमा धर्मबुद्धि, मित्रमा स्त्री, पवित्र साधनामा प्राणायाम हुनुहुन्छ ।

सर्वर्तुषु वसन्तस्त्वं सर्वपर्वसु सङ्क्रमः ।
कुशोऽसि तृणजातीनां स्थूलवृक्षेषु वै वटः ॥ २-४७ ॥

तपाईं नै ज्योतिर्लिङ्गमा विश्वेश्वर, आश्रममा सन्न्यास, रुद्रमा नीललोहित, देवतामा वासुदेव,

वानरमा हनुमान्, यज्ञमा जपयज्ञ, शस्त्रधारीमा राम, गन्धर्वमा चित्रवसु, अष्टवसुमा पावक, महिनामा अधिक महिना, व्रतमा चतुर्दशी, हात्तीमा ऐरावत, सिद्धमा कपिलमुनि, नागमा अनन्त, विनाश गर्नेमा काल, दैत्यमा बलि हुनुहुन्छ ।

किं वहूक्तेन देवेश सर्वं विष्टभ्य वै जगत् ।
एकांशेन स्थितस्त्वं हि बहिःस्थोऽन्वित एव च ॥ २-५४ ॥

यसरी स्तुति गरेपछि अन्तमा देवताहरूले आफ्नो समस्या राखे ।

हे महादेव ! तारकासुरका तीनवटै पुत्र मिलेर हामीलाई सताए, देवगणलाई पराजित गरे, तीनै लोकमा आफ्नो वर्चस्व राखेका छन्, सबै सिद्ध मुनिजनलाई परास्त गरी सिद्धस्थानलाई भत्काइदिए, उनीहरू स्वयं युद्धभाग ग्रहण गर्छन् । ऋषिहरूले निषेध गर्दा पनि अधर्म फैलाउँदै छन् । उनीहरू अवध्य हुँदै सर्वत्र विध्वंश गर्दै गइरहेका छन् ।

अवध्याः सर्वभूतानां नियतं तारकात्मजाः । २-६१ ।

सम्पूर्ण प्राणीहरू उनीहरूकै इच्छानुसार कार्य गर्न बाध्य भएका छन् । तपाईं नै हाम्रो हितैषी हुनुहुन्छ, त्यसैले यस्तो कार्य गर्नुहोस्, जसले संसारको हित र रक्षा हुन सकोस् ।

देवताहरूलाई शिवले विष्णुसमीप पठाउनु

यसरी देवताहरूले स्तुति गरेपछि शिव प्रसन्न भए र भन्न थाले-

शिव- **अयं वै त्रिपुराध्यक्षः पुण्यवान्वर्ततेऽधुना ।**
यत्र पुण्यं प्रवर्तेत न हन्तव्यो बुधैः क्वचित् ॥ ३-१ ।

हे देवताहरू हो ! यी त्रिपुर नगरका स्वामी यति बेला पुण्यात्मा भएका छन् । पुण्य गर्नेलाई वध गर्नुहुँदैन । तारक पुत्र पुण्यवान् भएर मयदानव निर्मित विशेष पुरमा बसेका छन्, त्यसैले वध गर्न सहज छैन, त्यसमाथि ब्रह्माले वर पनि त्यस्तै दिएका छन् । म जानी-जानी कसरी मित्रद्रोह गरूँ ? मित्रद्रोह गर्नु पाप हो । ब्रह्महत्यादिको पापको प्रायश्चित्त शास्त्रले बताएको छ, तर कृतघ्नको कुनै उपाय बताएको छैन ।

ब्रह्मघ्ने च सुरापे च स्तेये भग्नव्रते तथा ।
निष्कृतिर्विहिता सद्भिः कृतघ्ने नास्ति निष्कृतिः ॥ ३-५ ॥

ती दैत्य मेरा भक्त हुन्, म कसरी वध गर्न सक्छु ? जबसम्म उनीहरू मेरो भक्ति गरिरहन्छन्, तबसम्म म उनीहरूको वध गर्न सक्तिनँ ।

तावत्ते नैव हन्तव्या यावद्भक्तिकृतश्च मे । ३-७ ।

त्यसैले, हे देवताहरू हो ! तिमीहरू विष्णुको शरणमा जाओ, यस समस्याको निवेदन गर, जसले तिमीहरूको काम बनोस् ।

शिवाज्ञा पाएर देवता विष्णुको शरणमा गए, विष्णुद्वारा प्रयत्न प्रारम्भ

त्यसपछि ब्रह्मालाई साथमा लिएर देवता वैकुण्ठधाम प्रस्थान गरे र विष्णुलाई प्रणाम गरी सारा वृत्तान्त बताए, अनि विष्णु भन्न थाले-

विष्णु- **इदं सत्यं वचश्चैव यत्र धर्मः सनातनः ।**
तत्र दुःखं न जायेत सूर्ये दृष्टे यथा तमः ॥

जहाँ सनातन धर्मको अनुसरण हुन्छ, त्यहाँ दुःख दिन मिल्दैन, यो कुरो ध्रुव सत्य हो र सबैलाई पालन गर्नुपर्छ ।

देवता- हे प्रभो ! के गर्दा दुःख हट्छ र हामीहरू सुखपूर्वक रहन सक्छौं ? त्रिपुर जीवित रहुन्जेल हामी कसरी धर्म गर्नु ? त्यसैले या त त्रिपुरको वध गर्नुहोस् या त अकालमै देवताहरूको नाश गर्नुहोस् । देवताहरूको प्रार्थना सुनेपछि विष्णु किंकर्तव्यविमूढ भए ।

शिवले गर्न नसकेको कार्य म कसरी गर्न सक्छु ? त्यही माथि उनीहरू शिवभक्त छन् । यसरी सोचिरहेका थिए, विष्णुले एकाएक 'अक्षय यज्ञ' को स्मरण गरे ।

ततो यज्ञाः स्मृतास्तेन देवकार्यार्थमक्षयाः । ३-२१ ।

विष्णुले स्मरण गर्नासाथ यज्ञनारायण उपस्थित भए, प्रणाम गरे, अनि आज्ञा मागे, 'मैले के गर्नुपर्‍यो ?'

विष्णु- हे देवताहरू हो ! तिमीहरू यिनै यज्ञद्वारा परमेश्वरको यजन गर ।

अनेनैव सदा देवा यजध्वं परमेश्वरम् ।
पुरत्रयविनाशाय जगत्त्रयविभूतये ॥ ३-२५ ॥

त्यसपछि देवताहरूले यज्ञेश विष्णुको स्तुति गरी यजन गर्न थाले, जसको फलस्वरूप यज्ञकुण्डबाट हजारौं प्राणी जो विशाल काय भएका, शूल-शक्ति-गदा आदि आयुधले सुसज्जित भएर प्रकट भए । यिनीहरू साक्षात् कालाग्नि रुद्र तथा काल सूर्य समान थिए ।

कालाग्निरुद्रसदृशान्कालसूर्योपमाँस्तदा । ३-३० ।

विष्णु खुसी भए, सन्तोष महसुस गरे, साक्षात् काल सदृश असङ्ख्य बलशाली योद्धालाई देखेर, अनि तुरुन्त त्रिपुर दहनको आज्ञा दिए ।

गच्छन्तु त्रिपुरं सद्यः सर्वे हि बलवत्तराः ।
गत्वा दग्ध्वा च भित्वा च भङ्क्त्वा दैत्यपुरत्रयम् ॥ ३-३२ ॥

विष्णुको आज्ञा पाएर सबै बलशाली योद्धा त्रिपुरलाई भस्म गर्न निक्ले । तर उनीहरू त्रिपुरमा प्रवेश गर्नासाथ पुतलीभैँ भस्म हुँदै गए । शेष जो बचेका थिए विष्णुसमीप आएर

सम्पूर्ण वृत्तान्त सुनाए । विष्णु चिन्तित भए, देवता पनि खिन्न हुन पुगे ।

अवशिष्टाश्च ये केचित्पलायनपरायणाः । ३-३६ ।

चिन्तित विष्णुले श्रुतिखण्डन धर्मप्रचार गर्ने उपाय सोच्नु

बलशाली योद्धाहरूको विनाशले सबै जना चिन्तित हुन पुगे । जबसम्म यी दैत्यहरू वेदोचित आचार, शिवपूजार्चना, उपासना गर्नेछन्, तबसम्म यिनीहरू अवध्य हुनेछन्, किनकि शिवार्चनाले सम्पूर्ण भोग-सम्पत्ति आफ्नो वशमा हुन्छ ।

रुद्राभ्यर्चनतो देवाः सर्वकामा भवन्ति हि ।
नानोपभोगसम्पत्तिर्वश्यतां याति वै भुवि ॥ ३-४३ ॥

त्यसैले यिनीहरूको धर्ममा मायाद्वारा विमोहित गरी वेदोचित धर्मका विमुख गरेपछि मात्र यिनीहरूलाई वध गर्न सकिन्छ । यिनीहरू वेदविहीन, शिवपञ्चायतनबाट विमुख भएर पथभ्रष्ट भएपछि शिवले भस्म गर्नेछन् । यसरी विष्णुले अर्को उपाय सोचे र देवताहरूलाई आश्वासन दिँदै भने- तिमीहरू शान्त होओ, अब म यिनीहरूलाई मोहित गरी वेद विमुख गराउँछु, अहिले आ-आफ्नो स्थानमा जाऊ र उचित दिनको प्रतीक्षा गर ।

तान्रुद्राद्विमुखान्नूनं करिष्यामि सुयत्नतः ।
स्वभक्तिरहितान् ज्ञात्वा तान्करिष्यामि भस्मसात् ॥ ३-५२ ॥

विष्णुले 'अरिहन्' माया पुरूष प्रकट गरी कर्मपरक पाखण्ड धर्मको शिक्षा दिएर दीक्षित गर्नु

त्यसपछि मायावी विष्णुले आफ्नो शरीरबाट मायापुरूष प्रकट गरे ।

असृजच्च महातेजा पुरूषं स्वात्मसम्भवम् ।
एकं मायामयं तेषां धर्म विघ्नार्थमच्युतः ॥ ४-१ ॥

त्यो मायापुरूष मुण्डित शिर, मैल वस्त्र धारण, काँधमा झोला, हातमा कुचो, र वस्त्र, मुखबाट 'धर्म' उच्चारण गर्दै, पाइला पाइलामा लड्खडाउँदै- विष्णुसमीप हात जोडेर सोध्न थाल्यो ।

मायावी पुरूष- **पूज्यार्हन्नच्युतं ब्रूहि किं करोमि तदादिश ।**
कानि नामानि मे देव स्थानं वापि वद प्रभो ॥ ४-५ ॥

हे विष्णु ! मेरा लागि के आज्ञा छ ? मेरा के-के नाम हुनेछन् ? मेरो स्थान कहाँ हो ? मलाई किन पैदा गरेको ? बताउनुहोस् । यसरी सोधेपछि, विष्णुले बताउन थाले ।

विष्णु- हे महाप्राज्ञ ! तिमी मेरो अङ्गबाट उत्पन्न भएका हौ, त्यसैले तिमी मेरो रूप हौ, मैले किन उत्पन्न गरेको हो त्यो बताउँछु, सुन । तिमी मेरो कार्य गर्न सक्छौ किनकि तिमी मेरो अंशबाट उत्पन्न भएका हौ । तिम्रो नाम 'अरिहन्' हुनेछ । अन्य पनि शुभनाम हुनेछन्

र तिमीले गर्नुपर्ने कार्य बताउँछु, सुन ।

मायिन्मायामयं शास्त्रं तत्षोडशसहस्रकम् ।
श्रौतस्मार्तविरुद्धं च वर्णाश्रमविवर्जितम् ॥ ४-१० ॥
अपभ्रंशमयं शास्त्रं कर्मवादमयं तथा ।
रचयेति प्रयत्नेन तद्विस्तारो भविष्यति ॥ ४-११ ॥

हे मायावी ! तिमी सोह्र हजार श्लोकको एउटा शास्त्र बनाऊ, जो श्रुति-स्मृति-वर्णाश्रम धर्मको विरुद्ध होस्, अपभ्रंश भाषामा लेखिएको होस् र कर्मवादपरक होस् । म तिमीलाई शास्त्र निर्माणको शक्ति दिन्छु र अनेक प्रकारको माया पनि तिम्रो आधीन गराइदिन्छु । यो शास्त्र पछि गएर प्रचार हुनेछ ।

यति भनेपछि विष्णुले माया शास्त्र पढाउन थाले- जसमा स्वर्ग-नर्क सबै यहीँ छन् । फेरि भने- अब तिमी त्रिपुरवासी दैत्यलाई मोहित गर, उनीहरूलाई दीक्षित गरी तामस धर्मको प्रचार गरी श्रौत-स्मृतिविहीन गर । मेरो आज्ञाले तिमीलाई दोष लाग्नेछैन ।

मोहनीया इमे दैत्याः सर्वे त्रिपुरवासिनः ।
मदाज्ञया न दोषस्ते भविष्यति महामते ॥ ४-१६ ॥

त्यसपछि तिमी आफ्नो शास्त्रसहित मरूस्थलीमा रहनु र कलियुग प्रारम्भ भएपछि आफ्नो धर्म र शास्त्रको शिष्य-प्रशिष्यमा प्रचार गर्नु, मेरो आज्ञाले तिमीलाई कतै व्यवधान हुनेछैन र अन्तमा मेरै स्वरूपमा लय हुनेछौ । यति भनेर विष्णु अन्तर्ध्यान भए ।

ततश्चैव पुनर्गत्वा मरूस्थल्यां त्वया विभो ।
स्थातव्यं च स्वधर्मेण कलिर्यावत्समाव्रजेत् ॥ ४-२० ॥

'अरिहन्' द्वारा मायाशास्त्रको रचना, चार शिष्यलाई पढाउनु, र त्रिपुरमा प्रवेश गरी मोहित गर्ने कोसिस गर्नु

त्यसपछि अरिहन्ले मायाशास्त्रको रचना गरे, आफूसदृश चार शिष्यलाई पढाए । चार शिष्य यसप्रकार थिए- ऋषि, यति, कीर्य र उपाध्याय । यी चारै जनालाई गुरूको पदवी पनि दिए ।

चत्वारो मुण्डिनस्तेऽथ धर्म पाखण्डमाश्रिताः ।
यथा गुरुस्तथा यूयं भविष्यथ मदाज्ञया ॥ ४-२८ ॥

ती शिष्यले हातमा भिक्षापात्र, मुखमा पट्टी, मलीन वस्त्रधारण, हातमा वस्त्रनिर्मित कुचो धारण गरेका थिए । जीवहिंसा भयले बिस्तारै बिस्तारै हिंड्ने गर्दथे ।

ऋषिर्यतिस्तथाकीर्य उपाध्याय इति स्वयम् ।
इमान्यपितु नामानि प्रसिद्धानि भवन्तु वः ॥ ४-३४ ॥

त्यसपछि अरिहन् आफू जस्तै चारै शिष्य लिएर ऋषिवेशमा त्रिपुर नगरमा प्रवेश गरे । आफ्नो माया फैलाए, तर नगरवासीको नित्य शिवार्चनको प्रभावले मायाले मूर्त रूप लिन सकेन । अनेक कोसिस गरे । सबै विफल भएपछि उदासीन भएर विष्णुलाई सम्झे । विष्णुले शिवलाई स्मरण गरे र आज्ञा पाएर अन्तमा नारदलाई स्मरण गरे ।

स्मरण गर्नासाथ नारदजी विष्णुको सम्मुख उपस्थित भए । विष्णुले नारदजीलाई आज्ञा दिँदै भने, 'हे नारद ! म शिवाज्ञाले तिमीलाई त्रिपुरमा जान अनुरोध गर्दछु । त्यहाँ शिष्यसहित एक ऋषि पुगिसकेका छन् । ती नगरलाई मोहित गर्नु छ, त्यसैले यस कार्यका लागि सहायक बन ।

नारदजीको सहायताले अरिहन्द्वारा त्रिपुर दैत्यलाई दीक्षित गर्नु

विष्णुद्वारा आज्ञा पाएपछि नारद त्रिपुरमा पुगे, मायावी ऋषिलाई भेटे, विधिवत् रूपले दीक्षा लिए र दैत्य समीप गए । कुशल-क्षेम प्रश्नोत्तरपछि, नारदजीले दैत्यहरूलाई भने-

नारद- **कश्चित्समागतश्चात्र यति धर्मपरायणः ।**
सर्वविद्याप्रकृष्टो हि वेद विद्यापरान्वितः ॥ ४-४९ ॥

तपाईंहरूको नगरमा कोही धर्मपरायण, सबै विद्याका ज्ञाता, तथा पराविद्या वेदमा निपुण ऋषि आएका छन् । मैले धेरै धर्म देखेको छु तर यस्तो धर्म भने कतै देखेको थिइनँ । तिनको सनातन धर्मबाट प्रभावित भएर मैले त दीक्षा ग्रहण गरेँ । यदि तपाईंहरूको पनि मन भए दीक्षा लिँदा हुन्छ ।

तद्धर्मस्य महाराज ग्राह्या दीक्षा त्वया पुनः । ४-५१ ।

नारदजीको कुरा सुनेर दैत्य मोहित भए । नारदजीले पनि दीक्षा लिनु भनेको सामान्य होइन, पक्कै पनि ती महापुरुष नै हुनुपर्छ, जो हाम्रो कल्याण गर्न आएका हुन् भन्ने सोचेर दीक्षित हुने अभिलाषा बोकेर अरिहन्को समीप गए, र याचना गर्दै भने-

त्रिपुराधिप- **दीक्षा देया त्वया मध्यं निर्मलाशय भो ऋषे ।**
अहं शिष्यो भविष्यामि सत्यं सत्यं न संशयः ॥ ४-५५ ॥

अरिहन्- मेरो आज्ञालाई सर्वदा पालन गर्ने भए मात्र दीक्षा दिनेछु ।

तदा देया मया दीक्षा नान्यथा कोटियत्नतः । ४-५७ ।

त्रिपुराधिप- तपाईंको आज्ञालाई कहिल्यै उल्लङ्घन गर्नेछैन ।

यथाज्ञां दास्यसि त्वं हि तत्तथैव न चान्यथा ।
त्वदाज्ञां नोल्लङ्घयिष्ये सत्यं सत्यं न संशयः ॥ ४-५९ ॥

यसरी दैत्यले वचनबद्ध गरेपछि अरिहन् खुसी भए । मनमा सोचे, 'यसै कार्यका लागि त

म यहाँ आएको हुँ ।' त्यसपछि मुखबाट वस्त्र हटाए अनि विधिवत् दीक्षा दिए । त्रिपुरले दीक्षा ग्रहण गरेपछि सबै त्रिपुरवासी नै स्वतः दीक्षित भए ।

दैत्यराजे दीक्षिते च तस्मिन्ससहजे मुने ।
सर्वे च दीक्षिता जातास्तत्र त्रिपुरवासिनः ॥ ४-६३ ॥

अरिहन्ले त्रिपुराधीशलाई कर्मवादपरक पाखण्ड धर्मको शिक्षा दिनु र वेद-स्मृति ग्रन्थबाट विमुख गराउनु

त्रिपुराधीश दीक्षित भएपछि गुरु अरिहन्ले कर्मवादको शिक्षा पढाउन थाले । कर्ता र कर्मरहित यो संसार अनादि कालदेखि चल्दै आएको छ, जो स्वयं प्रकट भएर नष्ट हुन्छ । ब्रह्मादेखि कीटपर्यन्त जो शरीरधारी छन्, तिनीहरूमा आत्मा नै ईश्वर हो, अर्को छैन । ब्रह्मा-विष्णु-महेश यी सबै शरीरधारीका नाम हुन्- जस्तो तिम्रो र मेरो नाम छ । जसरी हाम्रो शरीर नष्ट हुन्छ, त्यसरी नै ब्रह्मादेखि कीटपर्यन्तको नष्ट हुन्छ । सबै देहधारीमा, आहार-निद्रा-भय-मैथुन आदि समान हुन्छ ।

आहारो मैथुनं निद्रा भयं सर्वत्र यत्समम् । ५-८ ।

कसैका सयकडौं घोडा भएर पनि उपयोगमा केवल एउटा मात्र आउँछ । जुन निद्रा पलङ्मा सुतेर आउँछ, त्यही निद्रा जमीनमा सुत्दा पनि आउँछ । बुद्धि-विवेकले विचार गर्दा सबै शरीरधारी समान छन्, त्यसैले जीवमाथि दया गर्नुपर्छ । जीवलाई रक्षा गर्नु नै त्रिलोकको रक्षा हो र वध गर्नु नै त्रिलोकलाई वध गर्नु हो । त्यसैले-

अहिंसा परमो धर्मः पापमात्मप्रपीडनम् । ५-१८ ।

कुनै आत्मालाई दुःख दिनु नै पाप हो । पराधीन नरहनु नै मुक्ति हो । इच्छित पदार्थको भोग गर्नु नै स्वर्ग हो । हिंसा गर्नाले नरकगामी र अहिंसाले स्वर्गको प्राप्ति हुन्छ । दान पनि अनेक छन् तर अभय दान समान अरू केही दान छैनन् ।

भीतेभ्यश्चाभयं देयं व्याधितेभ्यस्तथौषधम् ।
देया विद्यार्थिनां विद्या देयमन्नं क्षुधातुरे ॥ ५-२३ ॥

धेरै धन कमाएर द्वादशायतनको पूजा गर्नुपर्छ ।

द्वादशायतन पूजा- बौद्ध धर्मानुसार पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, मन र बुद्धि, यिनीहरूको पूजा अर्थात् यिनीहरूको सन्तुष्टिका लागि मात्र धनको व्यय गर्नु नै द्वादशायतन पूजा हो । प्रत्येक प्राणीको स्वर्ग र नर्क यहीँ छ । सुख नै स्वर्ग हो भने दुःख नै नरक हो ।

इहैव स्वर्ग नरकौ प्राणिनां नान्यतः क्वचित् ।
सुखं स्वर्गः समाख्यातौ दुःखं नरकमेव हि ॥ ५-२८ ॥

सुखभोग गर्दागर्दै जसको मृत्यु हुन्छ, त्यसैले मोक्ष पाउँछ । कसैको हिंसा गर्नुहुँदैन र त्यसप्रति प्रवृत्ति पनि गर्नुहुँदैन । अग्निष्टोम-अश्वमेध आदि यज्ञमा पशुवलि गरी हवन गर्नाले स्वर्गको प्राप्ति हुँदैन । यो त केवल भ्रम मात्र हो ।

वृक्षांश्छित्वा पशून् हत्वा कृत्वा रूधिरकर्दमम् ।
दग्ध्वा वन्हौ तिलाज्यादि चित्रं स्वर्गोऽभिलष्यते ॥ ५-३३ ॥

जुन वस्तु आफ्नो शरीरसँग प्रत्यक्ष सम्बन्ध राख्छ, त्यसमा नै विश्वास गर्नुपर्छ, अर्कोमा हैन । आनन्द नै ब्रह्मको रूप हो । अनेक देवताहरूको कल्पना गर्नु नै असत्य हो । जबसम्म शरीर स्वस्थ छ, बुढेसकाल लागेको छैन, तबसम्म नै सुखोपभोग गर्नुपर्छ । अस्वस्थ र इन्द्रियहरू असमर्थ भएपछि या वृद्धावस्थामा सुखोपभोग सम्भव हुँदैन ।

अस्वस्थेन्द्रियवैकल्ये वार्द्धक्ये तु कुतः सुखम् । ५-३८ ।

सुखार्थी याचकले आफ्नो शरीर पनि न्यौछावर गर्न पछि पर्नुहुँदैन । जो याचकको मनलाई प्रसन्न गर्न उद्यत हुँदैन, त्यो यस पृथ्वीको भार हो- नकि समुद्र, वन, पर्वत । यो शरीर कुकुर-काग-कृमिहरूको आहार हो, भस्म भएपछि समाप्त हुन्छ, यही वेद वाक्य हो ।

भस्मान्तं तच्छरीरं च वेदे सत्यं प्रपठ्यते । ५-४१ ।

लोकमा जो जातिभेद भनिएको छ, त्यो पनि सबै असत्य हो । कोही मनुष्य उत्तम र कोही अधम हुँदैन जो यस्तो सोच्दछन्- त्यो केवल भ्रम मात्र हो । प्राचीन पुरुष भन्दछन्- ब्रह्माको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, उरूबाट वैश्य र पाउबाट शूद्र उत्पन्न भए- यो पनि युक्तिसङ्गत छैन, किनकि एउटै व्यक्तिबाट जन्मेका या प्रकट भएका मानिसहरू कसरी चार वर्णमा विभक्त हुन पुगे ?

मुखवाहूरूसञ्जातं चातुर्वर्ण्यं सहोदितम् ।
कल्पनेयं कृता पूर्वैर्न घटेत विचारतः ॥ ५-४६ ॥

यदि एउटै शरीरबाट चार पुत्र प्रकट भए भने उनीहरू कसरी अलग-अलग वर्णका हुन पुगे ? त्यसैले वर्णविभाग पनि सन्देहात्मक छ । मनुष्यमा कुनै भेद छैन, सबै समान छन् ।

त्रिपुरमा पाखण्ड धर्मको प्रचार, सबै आचारभ्रष्ट हुँदै जानु

यसरी अरिहन्‌ले युक्तिपूर्वक आफ्नो मायाशास्त्र त्रिपुराधीशलाई पढाए । मायाशास्त्र बिस्तारै त्रिपुरमा फैलिन थाल्यो । क्रमशः त्रिपुरवासीहरू वेदविमुख हुँदै गए । नगरमा देवधर्म-श्राद्धधर्म- यज्ञ- व्रत- तीर्थश्राद्ध- वर्णधर्म- स्त्रीधर्म- राजधर्म आदि क्रमशः खण्डित हुँदै गयो । शिवपूजा-लिङ्गार्चन-विष्णु-सूर्य-गणेश आदिको उपासना पनि क्रमशः खण्डित हुँदै गयो । स्नान-दान-जप-तप-व्रत आदि पनि भ्रष्ट हुँदै गयो । कहाँसम्म भनौं -

म यहाँ आएको हुँ ।' त्यसपछि मुखबाट वस्त्र हटाए अनि विधिवत् दीक्षा दिए । त्रिपुरले दीक्षा ग्रहण गरेपछि सबै त्रिपुरवासी नै स्वतः दीक्षित भए ।

दैत्यराजे दीक्षिते च तस्मिन्ससहजे मुने ।
सर्वे च दीक्षिता जातास्तत्र त्रिपुरवासिनः ॥ ४-६३ ॥

अरिहन्‌ले त्रिपुराधीशलाई कर्मवादपरक पाखण्ड धर्मको शिक्षा दिनु र वेद-स्मृति ग्रन्थबाट विमुख गराउनु

त्रिपुराधीश दीक्षित भएपछि गुरु अरिहन्‌ले कर्मवादको शिक्षा पढाउन थाले । कर्ता र कर्मरहित यो संसार अनादि कालदेखि चल्दै आएको छ, जो स्वयं प्रकट भएर नष्ट हुन्छ । ब्रह्मादेखि कीटपर्यन्त जो शरीरधारी छन्, तिनीहरूमा आत्मा नै ईश्वर हो, अर्को छैन । ब्रह्मा-विष्णु-महेश यी सबै शरीरधारीका नाम हुन्- जस्तो तिम्रो र मेरो नाम छ । जसरी हाम्रो शरीर नष्ट हुन्छ, त्यसरी नै ब्रह्मादेखि कीटपर्यन्तको नष्ट हुन्छ । सबै देहधारीमा, आहार-निद्रा-भय-मैथुन आदि समान हुन्छ ।

आहारो मैथुनं निद्रा भयं सर्वत्र यत्समम् । ५-८ ।

कसैका सयकडौं घोडा भएर पनि उपयोगमा केवल एउटा मात्र आउँछ । जुन निद्रा पलङ्गमा सुतेर आउँछ, त्यही निद्रा जमीनमा सुत्दा पनि आउँछ । बुद्धि-विवेकले विचार गर्दा सबै शरीरधारी समान छन्, त्यसैले जीवमाथि दया गर्नुपर्छ । जीवलाई रक्षा गर्नु नै त्रिलोकको रक्षा हो र वध गर्नु नै त्रिलोकलाई वध गर्नु हो । त्यसैले-

अहिंसा परमो धर्मः पापमात्मप्रपीडनम् । ५-१८ ।

कुनै आत्मालाई दुःख दिनु नै पाप हो । पराधीन नरहनु नै मुक्ति हो । इच्छित पदार्थको भोग गर्नु नै स्वर्ग हो । हिंसा गर्नाले नरकगामी र अहिंसाले स्वर्गको प्राप्ति हुन्छ । दान पनि अनेक छन् तर अभय दान समान अरू केही दान छैनन् ।

भीतेभ्यश्चाभयं देयं व्याधितेभ्यस्तथौषधम् ।
देया विद्यार्थिनां विद्या देयमन्नं क्षुधातुरे ॥ ५-२३ ॥

धेरै धन कमाएर द्वादशायतनको पूजा गर्नुपर्छ ।

द्वादशायतन पूजा- बौद्ध धर्मानुसार पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, मन र बुद्धि, यिनीहरूको पूजा अर्थात् यिनीहरूको सन्तुष्टिका लागि मात्र धनको व्यय गर्नु नै द्वादशायतन पूजा हो । प्रत्येक प्राणीको स्वर्ग र नर्क यहीं छ । सुख नै स्वर्ग हो भने दुःख नै नरक हो ।

इहैव स्वर्ग नरकौ प्राणिनां नान्यतः क्वचित् ।
सुखं स्वर्गः समाख्यातौ दुःखं नरकमेव हि ॥ ५-२८ ॥

सुखभोग गर्दागर्दै जसको मृत्यु हुन्छ, त्यसैले मोक्ष पाउँछ । कसैको हिंसा गर्नुहुँदैन र त्यसप्रति प्रवृत्ति पनि गर्नुहुँदैन । अग्निष्टोम-अश्वमेध आदि यज्ञमा पशुवलि गरी हवन गर्नाले स्वर्गको प्राप्ति हुँदैन । यो त केवल भ्रम मात्र हो ।

वृक्षांश्छित्वा पशून् हत्वा कृत्वा रूधिरकर्दमम् ।
दग्ध्वा वन्हौ तिलाज्यादि चित्रं स्वर्गोऽभिलष्यते ॥ ५-३३ ॥

जुन वस्तु आफ्नो शरीरसँग प्रत्यक्ष सम्बन्ध राख्छ, त्यसमा नै विश्वास गर्नुपर्छ, अर्कोमा हैन । आनन्द नै ब्रह्मको रूप हो । अनेक देवताहरूको कल्पना गर्नु नै असत्य हो । जबसम्म शरीर स्वस्थ छ, बुढेसकाल लागेको छैन, तबसम्म नै सुखोपभोग गर्नुपर्छ । अस्वस्थ र इन्द्रियहरू असमर्थ भएपछि या वृद्धावस्थामा सुखोपभोग सम्भव हुँदैन ।

अस्वस्थेन्द्रियवैकल्ये वार्द्धक्ये तु कुतः सुखम् । ५-३८ ।

सुखार्थी याचकले आफ्नो शरीर पनि न्यौछावर गर्न पछि पर्नुहुँदैन । जो याचकको मनलाई प्रसन्न गर्न उद्यत हुँदैन, त्यो यस पृथ्वीको भार हो- नकि समुद्र, वन, पर्वत । यो शरीर कुकुर-काग-कृमिहरूको आहार हो, भस्म भएपछि समाप्त हुन्छ, यही वेद वाक्य हो ।

भस्मान्तं तच्छरीरं च वेदे सत्यं प्रपठ्यते । ५-४१ ।

लोकमा जो जातिभेद भनिएको छ, त्यो पनि सबै असत्य हो । कोही मनुष्य उत्तम र कोही अधम हुँदैन जो यस्तो सोच्दछन्- त्यो केवल भ्रम मात्र हो । प्राचीन पुरूष भन्दछन्- ब्रह्माको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, उरूबाट वैश्य र पाउबाट शूद्र उत्पन्न भए- यो पनि युक्तिसङ्गत छैन, किनकि एउटै व्यक्तिबाट जन्मेका या प्रकट भएका मानिसहरू कसरी चार वर्णमा विभक्त हुन पुगे ?

मुखवाहूरूसञ्जातं चातुर्वर्ण्यं सहोदितम् ।
कल्पनेयं कृता पूर्वैर्न घटेत विचारतः ॥ ५-४६ ॥

यदि एउटै शरीरबाट चार पुत्र प्रकट भए भने उनीहरू कसरी अलग-अलग वर्णका हुन पुगे ? त्यसैले वर्णविभाग पनि सन्देहात्मक छ । मनुष्यमा कुनै भेद छैन, सबै समान छन् ।

त्रिपुरमा पाखण्ड धर्मको प्रचार, सबै आचारभ्रष्ट हुँदै जानु

यसरी अरिहन्ले युक्तिपूर्वक आफ्नो मायाशास्त्र त्रिपुराधीशलाई पढाए । मायाशास्त्र बिस्तारै त्रिपुरमा फैलिन थाल्यो । क्रमशः त्रिपुरवासीहरू वेदविमुख हुँदै गए । नगरमा देवधर्म-श्राद्धधर्म- यज्ञ- व्रत- तीर्थश्राद्ध- वर्णधर्म- स्त्रीधर्म- राजधर्म आदि क्रमशः खण्डित हुँदै गयो । शिवपूजा-लिङ्गार्चन-विष्णु-सूर्य-गणेश आदिको उपासना पनि क्रमशः खण्डित हुँदै गयो । स्नान-दान-जप-तप-व्रत आदि पनि भ्रष्ट हुँदै गयो । कहाँसम्म भनौं -

किं बहूक्तेन विप्रेन्द्र त्रिपुरे तेन मायिना ।
वेदधर्माश्च ये केचित्ते सर्वे दूरतः कृताः ॥ ५-५४ ॥

त्यसपछि त क्रमशः त्रिपुरमा स्त्रीहरूले पतिको सेवा गर्न छोडिदिए । पुरुष पनि परस्त्री र पतिव्रता पनि परपुरुषका वशमा हुन थाले । रनिवासका स्त्रीहरू पनि खुल्ला रूपले नगरवासीहरूको सम्पर्कमा आउन थाले । सबै धर्म विमुख भई आनन्द मान्न थाले । नगरवासी पञ्चायतनको पूजा छोड्दै देहपूजातर्फ उन्मुख हुन थाले । देवपूजालाई छोडी देहपूजाको प्रशंसा गर्न थाले । आचार भ्रष्ट भएको देखी लक्ष्मीले नगर छोडिदिइन्, जसको फलस्वरूप त्रिपुरमा दरिद्रता प्रविष्ट हुन पुग्यो ।

अलक्ष्मीश्च स्वयं तस्य नियोगान्त्रिपुरं गताः । ५-५९ ।

दैत्यहरू मोहित भएको देखेर नारद पनि धन्य भए, तर विष्णुकृपाले उनी विकारयुक्त भएनन् । यसरी शिवेच्छानुसार मय दानवसहित दैत्यराज त्रिपुराधीश शक्तिहीन हुँदै गए ।

अध्याय षष्ठ, सप्तम, अष्टम, नवम, दशम

त्रिपुरदहन

देवगण शिवसमीप गएर त्रिपुरदहनका लागि स्तुति-मन्त्रजप गर्नु, विश्वकर्माद्वारा सर्वदेवमय रथ निर्माण, रथारूढ र त्रिपुरदाह

सनत्कुमार- त्रिपुरे च तथाभूते दैत्ये त्यक्तशिवार्चने ।
स्त्रीधर्मे निखिले नष्टे दुराचारे व्यवस्थिते ॥ ६-२ ॥

हे व्यासजी ! त्रिपुरवासी आचारभ्रष्ट भएपछि विष्णु-ब्रह्मा देवगण सबै कैलास गए, शिवको स्तुति गरे र त्रिपुर दहनार्थ उद्यत हुन आग्रह गरे, तर शिव उदासीन नै रहे, देवगण खिन्न भए । त्यसपछि विष्णुले शिवमन्त्र जप गर्न आज्ञा दिए । मन्त्र यस्तो थियो-

ॐ नमः शिवाय शुभं कुरुकुरु शिवाय नमः । ७-२६ ।

विष्णुसहित सबै देवगण मन्त्र जप गर्न थाले । विष्णुले भने, 'एक करोड मन्त्र जप पुगेपछि शिवले कार्य गर्नेछन् ।

कोटिमेकं तथा जप्त्वा शिवः कार्यं करिष्यति । ७-२७ ।

जपयज्ञको प्रभावले शिव प्रसन्न भए । वृषभारूढ भएर प्रकट भए अनि इच्छित वर माग्न प्रेरित गरे ।

शिव- हे हरे हे विधे देवा मुनयश्च शुभव्रताः ।
प्रसन्नोऽस्मि वरं ब्रूत जपेनानेन चेप्सितम् ॥ ७-३२ ॥

देवता- हे देवेश ! जगदीश्वर ! शङ्कर ! तपाई प्रसन्न हुनुहुन्छ भने देवगणको व्याकुलता बुझेर त्रिपुरदहन गर्नुहोस् ।

सुरान् विज्ञाय विकलान् हन्यन्तां त्रिपुराणि च । ७-३३ ।

शिव- हे देवगण ! मैले त्रिपुरको वध गर्नुपर्छ भने तिमीहरू यस्तो दिव्य रथ, सारथि, धनुष र बाण तयार गर जसमा सबै देवताहरूको स्वरूप होस्, अनि मात्र त्रिपुरदहन सम्भव हुनेछ । अनि, जुन मन्त्र तिमीहरूले जप गर्‍यौ, यो मन्त्र महापुण्यदायी छ । जो यसको जप गर्छ, सुन्छ, उसको सबै प्रकारले म कल्याण गर्नेछु ।

अयं मन्त्रो महापुण्यो मत्प्रीतिजनकः प्रिय ।
धन्यो यशस्य आयुष्यः स्वर्गकामार्थिनां नृणाम् ॥ ७-४० ॥

शिव प्रसन्न भएपछि सबै देवगण प्रफुल्लित भए । ब्रह्मा र विष्णुले विश्वकर्मालाई आज्ञा दिएर सर्वदेवमय रथ निर्माण गराए ।

सर्वदेवमयं दिव्यं रथं परमशोभनम् ।
रचयामास विश्वार्थे विश्वकर्मा तदाज्ञया ॥ ७-४४ ॥

सर्वदेवमय रथको वर्णन

सर्वदेवमय रथ चराचर ब्रह्माण्डकै प्रतिविम्ब स्वरूप थियो । जसको-

रथाङ्गं दक्षिणं सूर्यस्तद्वामं सोम एव च ।
दक्षिणं द्वादशारं हि षोडशारं तथोत्तरम् ॥ ८-६ ॥

रथको दायाँ भागमा बाह्र (द्वादशादित्य) आरेका साथ सूर्यदेव र बायाँ भागमा सोह्र (षोडशकलात्मक) आरेका साथमा चन्द्रमा सुशोभित थिए । यो रथको पाङ्ग्राका नेमि छ ऋतु थिए । पुष्कर, अन्तरिक्ष, रथनीड मन्दर थियो । उदय र अस्ताचल रथको कुवर (जहाँ जुवा बाँधिन्छ) थियो । महामेरु, अधिष्ठान, र अन्थ पर्वत रथका केशर थिए । रथको वेग संवत्सर र उत्तरायण-दक्षिणायन पाङ्ग्राको सङ्गमस्थल थियो ।

यसैगरी सर्वदेवमय रथको मुहूर्त बन्धन, शम्या (जुवाको किलो) कला, काष्ठा नासिका र अक्षदण्ड क्षण थियो । अनुकर्ष (तलतिरको काठ) ईषा, अनुलव (जुवाको बिच) डन्डा, वरूथ (फलामको पर्दा) द्युलोक थियो । यसै गरी सर्वदेवमय रथको दुईवटा ध्वजा स्वर्ग र मोक्ष थिए । रथको दुवै शिरा भ्रम र कामधेनु थिए । व्यक्त दण्ड थियो, नड्वल रथको बुद्धि । अहङ्कार कोण र पञ्चमहाभूत रथका बल थिए ।

इन्द्रियाणि च तस्यैव भूषणानि समन्ततः ।
श्रद्धा च गतिरस्यैव रथस्य मुनिसत्तमः ॥ ८-१५ ।

रथको अलङ्कार नै षडङ्ग थिए । पुराण-न्याय, मीमांशा, धर्मशास्त्र रथका आभूषण थिए । वर नै बलको स्थानमा थियो । घण्टा मन्त्ररूप, वर्णाश्रम चार चरण, हजार फणयुक्त अनन्त नाग रथको बन्धन र दिशा-विदिशा रथका चरण थिए । रथलाई ढाक्न समुद्र, आवह आदि सप्तवायु रथको सुवर्णमय सात सिँढी बने । लोकालोक पर्वत यस रथका उपसोपान थिए, बाहिरको स्थान मानस बने ।

सारथिर्भगवान्ब्रह्मा देवाः रश्मिधराः स्मृताः । ८-२४ ।

ब्रह्मा रथको सारथी बने । देवता लगाम समात्ने बने । प्रतोद (चाबुक) ॐकार थियो । अकार रथको छत्र, मन्दराचल दण्डधारी थियो । पर्वतराज सुमेरु रथको धनुष, डोरी शेषनाग बने । सरस्वती रथको घण्टा बनिन् । बाण विष्णु बने । अग्निदेव बाणको अग्रभागको शल्य बने । चार वेद रथका घोडा बने ।

हयास्तस्य तथा प्रोक्ताश्चत्वारो निगमा मुने । ८-२७ ।

शेष ज्योति रथको भूषण बने । विष रथको सेना बनी । कति भनूँ ? त्यो रथमा ब्रह्मण्डमा जुनजुन पदार्थ थिए सबै नै सुशोभित थिए ।

ब्रह्माण्डे चैव यत्किञ्चिद्वस्तु तद्वै रथे स्मृतम् । ८-२९ ।

गङ्गादि नदीहरू रथको दुई छेउमा उभिएर चँवर डोलायमान गर्ने बने । यस्तो दिव्यरथ विश्वकर्माले त्रिपुरवधार्थ शिवका लागि बनाएको थियो । विश्वकर्मालाई ब्रह्मा-विष्णुको आशीर्वाद थियो । त्यसैले सर्ववेदमय प्रतिबिम्ब स्वरूप दिव्यरथ तयार हुन सम्भव भयो ।

शिव सर्ववेदमय रथारूढ

सर्वदेवमय रथ तयार भयो । वेदरूपी घोडालाई जोताएर ब्रह्माले शिवलाई रथ समर्पित गरे । सबै देवगणले शिवको प्रार्थना गरे र शिव खुसी हुँदै रथारूढ भए ।

सर्वदेवमय शम्भुरारूरोह महाप्रभुः । ९-३ ।

त्यस समयमा देवता-ऋषि-गन्धर्व-पन्नग सबैले शिवको स्तुति गर्न थाले । अप्सराहरू नाच्न थाले, गन्धर्व गाउन थाले ।

शिव रथारूढ हुनासाथ घोडा पृथ्वीमा लडे । पृथ्वी कम्पायमान भइन् । पहाड हल्लिन थाले । शेषनागले भार सहन गर्न सकेनन्, काँप्न थाले । मुस्किलले सारथि ब्रह्माले वेदमय घोडाका लगाम सम्हाले र हाँक्न थाले । रथ बिस्तारै अगाडि बढ्यो ।

शिव पशुपति बन्नु

त्यही बेला शिवले देवगणलाई भने, 'मलाई 'पशुपति' बनाओ, अनि मात्र असुर वध गर्न सक्छु ।

पशूनामाधिपत्यं मे दध्वं हन्मि ततोऽसुरान् । ९-१३ ।

पशुत्वको अलग-अलग कल्पना गरेपछि मात्र यी दैत्यश्रेष्ठलाई मार्न सकिनेछ, नत्र मुस्किल छ । मलाई पशुपति बनाउँदा केही हानि हुनेछैन । जसले मलाई पशुभावले स्मरण गर्नेछन्, ती सबैले मोक्ष पाउनेछन् ।

यो वै पाशुपतं दिव्यं चरिष्यति स मोक्ष्यति । ९-१८ ।

जो पाशुपत व्रत गर्नेछन्, ती सबै पशुताबाट मुक्त हुनेछन् । तिमीहरू पनि यस व्रतलाई बाह्र, छ या तीन वर्षसम्म निरन्तर गर ।

त्यसपछि शिवाज्ञालाई सबैले स्वीकार गर्दै देवता-असुर पशु भए र शिव पशुपाश विमोचक पशुपति हुन पुगे ।

रुद्रः पशुपतिश्चैव पशुपाश विमोचकः । ९-२३ ।

यहीँबाट शिवको 'पशुपति' नाम लोकमा प्रसिद्ध भयो ।

रथारूढ शिव त्रिपुरमा पुग्नु

त्यसपछि सर्वदेवमय रथ द्रुतगतिले आकाशमार्गद्वारा अगाडि बढ्यो । देवताहरू पनि आ-आफ्ना रथ वाहनका साथ पछाडि लागे । अन्य शिवगण जसले हल-मुशल-शाल-भुशुण्डी-पत्थर आदि आयुध बोकेका थिए तिनीहरू पनि पछिपछि गए । ती गणहरूको सङ्ख्या करोडौंमा थियो, जसमा प्रमुख गण-केश-महाकेश-महाज्वर-सोमबली-सवर्ण-सोमप-सनक-सोमधूक्-सूर्यवर्चा-सूर्याक्ष-सूरि-सूरसुन्दर-प्रस्कन्द-कुन्दर-चण्ड-कम्पन आदि अनेक महान् पराक्रमी बलशाली थिए । शिव एक्लै समर्थवान् हुँदाहुँदै पनि यी सबै गणहरूलाई साथमा लैजानुको तात्पर्य यही थियो कि

(१) दुःष्टको संहार गरी आफ्नो सुयशको विस्तार गर्नु ।
(२) दृष्टहरूलाई विश्वास होस् कि सबै देवताहरूमा शिव प्रधान हुन् ।

सर्वेष्वपि च देवेषु यस्मान्नान्यो विशिष्यते । ९-४४ ।

गणेश पूजन र त्रिपुरदहन

त्यसपछि त्रिपुरदहनका लागि शिव शीर्षस्थानमा गएर आफ्नो पिनाक धनुषको सन्धान गरे । धनुषलाई समातेर दृष्टिमा दृष्टि राखेर शिवले एक हजार वर्ष स्थित रहे तर लक्ष्यलाई निर्णय गर्न सकेनन्, किनकि औंलामा बसेर गणेशले विघ्न गरिरहेका थिए ।

ततोऽङ्गुष्ठे गणाध्यक्षः स तु दत्यनिशं स्थितः ।
न लक्ष्यं विविशुस्तानि पुराण्यस्य त्रिशूलिनः ॥ १०-४ ॥

त्यति बेला नै आकाशवाणी भयो, 'गणेश नै तपाईंको लक्ष्यभेदनमा बाधा गरिरहेका छन्,

उनको पूजन गर । त्यसपछि शिवले सहयात्री भद्रकालीलाई बोलाएर विधिवत् गणेशको पूजन गराए, अब भने सन्धान लक्ष्यतर्फ स्थिर भयो ।

त्यति मात्र होइन, तीनवटै नगर आपसमा गाभिए, शुभमुहूर्त उपस्थित भयो । शिवले बाण सन्धान गरे, पाशुपतास्त्रको ध्यान गरे अनि करोडौं सूर्यको तेज समान कठोर बाण छोडे । विष्णुमय त्यो बाणले त्रिपुरलाई तुरुन्त एकैपल्टमा नै भस्म गऱ्यो ।

आत्मनो नाम विश्राव्य समाभाष्य महासुरान् ।
मार्तण्डकोटिवपुषं काण्डमुग्रो मुमोच ह ॥ १०-२६ ॥
ददाह त्रिपुरस्थांस्तान्दैत्यांस्त्रीन्विमलापहः ।
स आशुगो विष्णुमयो वन्हिशल्यो महाज्वलन् ॥ १०-२७ ॥
ततः पुराणि दग्धानि चतुर्जलधि मेखलाम् ।
गतानि युगपद्भूमिं त्रीणि दग्धानि भस्मसात् ॥ २०-२८ ।

मयदानव त्रिपुरबाट जीवित निस्कनु

त्रिपुर दहन हुनासाथ सबै खरानी पर्वताकार भयो । जो जस्तो अवस्थामा थिए, त्यस्तै नै खरानी भए । शिवपूजा निन्दा-विरोध गर्नाले तारकासुरका तीनवटै पुत्र खरानी भए । त्यसैले शिवशरण नै रक्षाको उपाय हो ।

विपत्कालेऽपि सद्भक्तं महेशशरणागतम् । १०-४० ।

केवल मयदानव त्रिपुरबाट जीवित निस्क्यो, किनकि ऊ देवताहरूको विरोधी थिएन । त्यसैले शिवको तेजले उसको रक्षा भयो ।

वर्जयित्वा मयं दैत्यं विश्वकर्माणमव्ययम् । १०-३९ ।

विश्वकर्मा र मय- यहाँ उल्लेख भएका यी दुवै नाम एक नै प्रतीति भएका छन्, तर पुराण अनुसार यी दुवै भिन्न शिल्पी हुन् । विश्वकर्मा देवशिल्पी हुन् भने मय दानवशिल्पी हुन् ।

त्रिपुरको दार्शनिक अर्थ

ब्रह्माको आज्ञाले मय-दानवले तारकासुरका तीनवटै पुत्रका लागि स्वर्ग, अन्तरिक्ष र भूमिमा तीन पुर बनाएका थिए । दर्शनशास्त्रमा त्रिपुरलाई तीन प्रकारको शरीर मानिएको छ । (१) स्थूल शरीर (२) सूक्ष्म शरीर (३) कारण शरीर । यसमा 'मन' मयको स्वरूप हो भने प्राप्तव्य लक्ष्य शिव हुन् । जब शिवकृपाले उपर्युक्त तीनवटै शरीरलाई ज्ञानाग्निद्वारा भस्म गर्दछ, तब मानवले मोक्षपदको प्राप्ति गर्दछ । यही नै त्रिपुरदहनको आध्यात्मिक र दार्शनिक दृष्टिकोण हो भनी बुझ्नुपर्दछ ।

पुराणान्तर- (रुद्राक्ष वृक्षको उत्पत्ति) त्रिपुरदहनका लागि शिवले हजार वर्षसम्म बाणको

सन्धान गरे । उनले एक लक्ष्य सन्धान गर्दा आँखाबाट (एकोहोरो हेर्दा) अश्रुविन्दु पृथ्वीमा झऱ्यो र त्यही नै विशाल रुद्राक्ष वृक्षको रूपमा प्रकट भयो । विज्ञ पाठकले अनुसन्धान गर्नुहोला ।

अध्याय एकादश, द्वादश

देवताद्वारा शिवस्तुति तथा शिवद्वारा देवतालाई वरदान र मय दानवलाई वितललोक प्रदान, विष्णुद्वारा अरिहन्‌लाई वरदान

व्यासजी- किमकार्षुस्ततो देवा दग्धे च त्रिपुरेऽखिलाः ।
मयः कुत्र गतोऽदग्धो यतयः कुत्र ते गताः ॥ ११-२ ।

त्यसपछि देवताले के गरे ? मयदानव र अरिहन् कहाँ गए ?

सनत्कुमार- हे व्यासजी ! जुन बेला शिवले त्रिपुरदहन गरे, त्यो बेला उनको प्रलयकालाग्नि समान तेजोमय स्वरूप थियो । रौद्र रूप थियो । त्यस रूपबाट दसै दिशा प्रज्वलित भइरहेका थिए । यस्तो भयावह स्थितिले देवताहरू भयभीत थिए । त्यसपछि ब्रह्मा-विष्णुले विनीत भएर त्रिपुरान्तक शिवको भव्य स्तुति गाए, जसमा रक्षा, अनपायिनी भक्ति, त्रिलोकको रक्षा, भयापन्नहरूलाई आश्रयको माग गरे ।

प्रसीद जगतां नाथ प्रसीद परमेश्वर । ११-१३ ।

शिवद्वारा देवताहरूलाई वरदान

देवताहरूले स्तुति गरे । शिव प्रसन्न भएर वर माग्न भने । देवताहरूले भने, 'यदि तपाईं प्रसन्न हुनुहुन्छ भने हामीलाई तपाईंको दास बनाउनुहोस् र हामीमाथि दुःख या सङ्कट आउँदा समस्याको निवारण गर्नुहोस् ।

यदा दुःखं तु देवानां सम्भवद्देवसत्तमः ।
तदा त्वं प्रकटो भूत्वा दुःखं नाशय सर्वदा ॥ ११-३८ ॥

शिव- तथास्तु ! मेरो तर्फबाट त्यस्तै नै हुनेछ ।

शिवद्वारा मयदानवलाई वरदान

शिवलाई प्रसन्न मुद्रामा देखेपछि मयदानव पनि शिवसमीप आयो । स्तुति गऱ्यो र भन्यो-

मय- न जानामि स्तुतिं कर्तुं स्तुतिप्रिय महेश्वरः ।
प्रसन्नो भव सर्वेश पाहि

मां शरणागतम् ॥ १२-९ ।

शिव- (कृपा गर्दै) हे दानव श्रेष्ठ ! तिमी सदैव देवप्रिय रहू । तिमीभित्र असुर भाव कहिल्यै उत्पन्न नहोस् । अब तिमी सपरिवार वितल लोक जाऊ । त्यहाँ तिमीलाई कहिल्यै कसैबाट पनि भय हुनेछैन ।

गच्छ त्वं वितलं लोकं रमणीयं दिवोऽपि हि ।
कदापि नासुरो भावो भविष्यति मदाज्ञया ॥ १२-१८ ॥

विष्णुद्वारा मुण्डी अरिहन्लाई वरदान

त्यसपछि मुण्डी साधु आए । उनले सबैको सामुन्ने शिवभक्तलाई पथभ्रष्ट गरेका थिए । उनले अपराधबाट जोगिने र शान्ति प्राप्त गर्ने उपायबारे सोधे ।

विष्णु- हे मुण्डी साधु ! तिमी नडराऊ । यो जुन घटना भयो, यसमा शिवको नै इच्छा थियो, त्यसैले तिमीले नरकादिको वास भोग्नुपर्ने छैन । आजदेखि तिमीहरू कलियुगको प्रारम्भ नहुन्जेल मरुभूमिमा गुप्त रूपले रहनू । कलियुग प्रारम्भ भएसँगै तिमीले बनाएको मायाशास्त्रको प्रचार प्रारम्भ गर्नू । कलियुगी प्राणी यस मतलाई सम्मानपूर्वक ग्रहण/स्वीकार गर्नेछन् र उनीहरू नरकगामी हुनेछन् ।

आगते च कलौ यूयं स्वमतं स्थापयिष्यथ ।
कलौ तु मोहिता मूढाः सङ्ग्रहीष्यन्ति वो मतम् ॥ १२-३२ ॥
कुगतिर्भविता ब्रूमः सत्यं नैवात्र संशयः । १२-३० ।

यसपछि शिव परिवारसहित अन्तर्ध्यान भए । देवता पनि शिव-गुणानुवाद स्मरण गर्दै आफ्नो धाम फर्किए ।

फलश्रुति- यो त्रिपुरदहनको उत्तम चरित्र यश, आयु, धनधान्य, स्वर्ग तथा मोक्षदायी छ ।

धन्यं यशस्यमायुष्यं धनधान्यप्रवर्द्धकम् ।
स्वर्गदं मोक्षदं चापि किं भूयः श्रोतुमिच्छसि ॥ १२-४० ॥

अध्याय त्रयोदश, चतुर्दश

जलन्धर चरित्र वर्णन (१३ देखि २६ अध्यायपर्यन्त)

शिवद्वारा इन्द्र भस्म, वृहस्पतिको प्रार्थनाले पुनर्जीवन प्रदान, शिवको नेत्राग्नि समुद्रमा फ्याँकेकाले जलन्धरको उत्पत्ति, वृन्दासँग विवाह

व्यासजी- भो ब्रह्मन्भगवन्पूर्वं श्रुतं मे ब्रह्मपुत्रकः ।
जलन्धरं महादैत्यमवधीच्छङ्करः प्रभुः ॥ १३-१ ।

अब मलाई शिवको नेत्राग्निबाट उत्पन्न भएको र शिवले नै उसलाई वध गरेको जलन्धर दैत्यको चरित्र सुनाउनुहोस् ।

सनत्कुमार- (शिवको ध्यान गर्दै प्रसङ्ग वर्णन गर्न लागे)

एकदा जीवशक्रौ च भक्त्या परमया मुने ।
दर्शनं कर्तुमीशस्य कैलासं जग्मतुर्भृशम् ॥ १३-४ ॥

एकपटक गुरु वृहस्पति र चेला इन्द्र शिवको दर्शन गर्न कैलास गए । शिवले यी दुवैलाई आउँदै गरेको देखेर ज्ञानको परीक्षा लिन दिगम्बर वेशमा मार्गलाई रोकेर बसे । इन्द्रले शिवलाई चिनेनन् र प्रश्न गरे- तिमी को हौ ?

इन्द्र- **कस्त्वं भो कुत आयातः किं नाम वद तत्त्वतः । १३-१० ।**

दिगम्बरवेशी शिव मौन रहे । इन्द्र बारबार सोध्दै जान्थे, तर उनी मौन नै रहे । जतिपटक सोधे पनि दिगम्बरले केही उत्तर नै दिएनन् । त्यसपछि इन्द्र क्रोधमा आए अनि हातमा वज्र लिएर वध गर्न झम्टे ।

रे मया पृच्छ्यमानोऽपि नोत्तरं दत्तवानसि ।
अतस्त्वां हन्मि वज्रेण कस्ते त्रातास्ति दुर्मते ॥ १३-१५ ॥

यस्तो देखेपछि दिगम्बरधारी शिवले इन्द्रको त्यो अमोघ अस्त्रलाई रोकिदिए ।

चकार स्तम्भनं तस्य वज्रपातस्य शङ्करः । १३-१७ ।

त्यसपछि शिवको विकराल आँखाबाट क्रोधाग्नि यस्तो निस्कियो- जसले गर्दा इन्द्र जल्न थाले ।

वृहस्पतिले यो घटना देखेपछि- यी त साक्षात् शिव हुन् भन्ने थाहा पाए र आफ्नो चेला इन्द्रलाई बचाउन शिवलाई प्रणाम गरी स्तुति गर्न थाले । यहाँ गुरु वृहस्पतिले पन्ध्र श्लोकले शिवको स्तुति गरेका छन्, जुन यसप्रकार छ-

वृहस्पति- **नमो देवाधिदेवाय महादेवाय चात्मने ।**
महेश्वराय प्रभवे त्र्यम्बकाय कपर्दिने ॥ १३-२२ ।

हे शिव ! तपाईं नै सृष्टि-स्थिति-लयकारक हुनुहुन्छ । सर्वव्यापक, निराकार-साकार, यज्ञस्वरूप- कालस्वरूप, ज्योतिस्वरूप, प्रकृतिभन्दा माथि, योग-भोग-मोक्षदाता हुनुहुन्छ । तपाईंको ध्यान गर्नाले मनुष्य भूलोकमा अपूर्व सुखभोग गरी अन्तमा तपाईंकै समीप आइपुग्छन् । तपाईंको नेत्राग्नि तेजलाई कतै अन्यत्र स्थापित गरी भक्तको रक्षा गर्नुहोस् ।

क्षेप्तुमन्यत्र देवेश स्वतेजोऽत्युग्रमर्हसि ।
उद्धर्तः सर्वभक्तानां समुद्धर पुरन्दरम् ॥ १३-४६ ॥

शिवद्वारा वृहस्पतिलाई 'जीव' नाम प्रदान, क्रोधाग्निलाई क्षार समुद्रमा फ्याँक्नु

वृहस्पतिको स्तुतिले शिव प्रसन्न भए । इन्द्रको जीवन बचाउन गरेको प्रार्थना भएकाले शिवले उनको नाम जीव राखे ।

इन्द्रस्य जीवदानेन जीवेति त्वं प्रथां व्रज । १३-४८ ।

यहीँबाट वृहस्पतिको एउटा नाम- 'जीव' प्रसिद्ध भयो ।

उता जो नेत्राग्नि क्रोध थियो, जुन शिवको भालनेत्रबाट निस्केको थियो, त्यसलाई क्षार समुद्रमा फ्यालियो ।

भालनेत्रात्समुद्भूतं प्राक्षिपल्लवणाम्भसि । १३-५० ।

त्यसपछि दिगम्बर शिव अन्तर्ध्यान भए । गुरु र चेला पनि ज्यान बचाएर भयमुक्त हुँदै आफ्नो स्थानमा फर्किए ।

जलन्धरको उत्पत्ति- ब्रह्माद्वारा नामकरण र भविष्यकथन

शिवको क्रोधाग्नि लवण समुद्रमा फ्याँक्नासाथ बालक रूपमा प्रकट भयो र गङ्गासागर तथा समुद्रको सङ्गम स्थलमा बसेर त्यो बालक उच्च स्वरले रुन थाल्यो, जसले पृथ्वीसहित स्वर्गादि लोक प्रकम्पित हुन पुगे ।

बालस्य रोदनेनैव सर्वेलोकाश्च तत्रसूः ।
भुवनं निखिलं तात रोदनात्तच्छिशोर्विभो ॥ १४-७ ॥

देवता, लोकपाल, ऋषि, मुनि, मानव सबै डराए । देवता ब्रह्माको शरणमा गए । ब्रह्मा पनि त्रिलोकमा भय उत्पन्न गर्नेवाला नवजात शिशुलाई हेर्न समुद्रतटमा पुगे । बालक समुद्रको काखमा थियो, ब्रह्मालाई देखेर समुद्रले त्यो बालकलाई ब्रह्माको काखमा राखिदिए ।

ब्रह्माले सोधे- **जलराशे द्रुतं ब्रूहि कस्यायं शिशुरद्भुतः । १४-१६ ।**

हे जलराशे ! यो अद्भुत शिशु कसको हो ?

समुद्र- हे ब्रह्मा ! म यस बालकको सम्बन्धमा केही जान्दिनँ । यो बालक गङ्गासागरको तटमा सहसा प्रकट भएको हो । अब, तपाईं नै यस बालकको जातकर्म गर्नुहोस् र जातकको भविष्य पनि बताउनुहोस् । त्यति बेला नै बालकले ब्रह्माको घाँटी जोडले दबायो । जसको कारण ब्रह्माको आँखाबाट अश्रुविन्दु पतन भयो, र त्यो अश्रुविन्दु बालकले धारण गऱ्यो । ब्रह्माले मुस्किलले आफ्नो घाँटी बचाउन सफल भए, अनि भने-

ब्रह्मा- **नेत्राभ्यां विधृतं यस्मादनेनैव जलं मम ।**
तस्माज्जलन्धरेतीह ख्यातो नाम्ना भवत्वसौ ॥ १४-२४ ॥

यसले मेरो अश्रुविन्दुलाई धारण गऱ्यो, त्यसैले यसको नाम 'जलन्धर' भयो । यो अहिले नै तरुण छ, सबै शास्त्रको ज्ञाता पनि छ । यो बालक भविष्यमा महापराक्रमी, धीर र

युद्धकुशल हुनेछ । यसलाई युद्धमा कसैले पनि दबाउन सक्तैनन् । हे समुद्र ! यो बालक युद्धमा तिम्रो स्वभावझैँ गम्भीर हुनेछ, जस्तो स्वामी कार्तिकेय छन् ।

त्यसैगरी यो बालक दैत्यकुलको स्वामी हुनेछ, विष्णुलाई पनि पराजित गर्नेछ । रुद्रका अतिरिक्त यसलाई कसैले वध गर्न सक्ने छैनन् । यो जहाँबाट उत्पत्ति भएको हो, त्यही गएर विलय हुनेछ । अर्थात् शिवबाट उत्पत्ति र शिवद्वारा नै वध गरी शिवमै विलय हुनेछ ।

अवध्यः सर्वभूतानां विना रुद्रं भविष्यति ।
यत एष समुद्भूतस्तत्रेदानीं गमिष्यति ॥ १४-२८ ॥

त्यसैगरी यो बालककी स्त्री पवित्र, पतिव्रता, सौभाग्यशालिनी, सर्वाङ्गसुन्दरी, रमणीय, मधुरभाषिणी र उत्तम चरित्रवती हुनेछिन् ।

जलन्धरको राज्याभिषेक तथा कालनेमिपुत्री वृन्दासँग विवाह

त्यसपछि दैत्यगुरु शुक्राचार्यलाई बोलाएर जलन्धरको विधिवत् राज्याभिषेक भयो । पातालदेखि भूमण्डल पर्यन्त सबै वीर बलशाली असुरहरू जलन्धरको शरणापन्न भए । समुद्र पनि आफ्नो पुत्रलाई हेरेर दिन-प्रतिदिन प्रसन्न हुँदै गए । त्यसपछि समुद्रले असुर कालनेमिलाई बोलाएर आफ्नो पुत्र जलन्धरका लागि कन्या वृन्दाको हात मागे ।

अथाम्बुधिः समाहूय कालनेमिं महासुरम् ।
वृन्दाभिधां सुतां तस्य तद्भार्यार्थमयाचत ॥ १४-३३ ॥

याचना सुन्नासाथ कालनेमि प्रसन्न भयो । तुरुन्त प्रस्तावलाई अनुमोदन गऱ्यो र 'ब्रह्मविवाह' विधिले आफ्नी कन्याको कन्यादान गऱ्यो ।

ददौ ब्रह्मविधानेन स्वसुतां प्राणवल्लभाम् । १४-३५ ।

जलन्धर-वृन्दाको विवाहको समयमा महान् उत्सव भयो । नद-नदी र असुरहरूको प्रसन्नताको सीमा नाघेको थियो । त्यसपछि दैत्याचार्य शुक्राचार्यको निर्देशनमा जलन्धरले राज्य गर्न थाल्यो । मनोहारिणी पत्नी वृन्दालाई प्राप्त गरेर आफूलाई भाग्यशाली मान्न लाग्यो ।

सम्प्राप्य भार्यामतिसुन्दरीं वशी
चकार राज्यं हि कवि प्रभावात् । १४-४० ।

अध्याय पञ्चदश, षोडश, सप्तदश

जलन्धर-इन्द्र युद्ध, विष्णु-जलन्धर युद्ध

शिरविहीन राहुको जन्म इतिहास, जलन्धर-इन्द्र युद्ध, पराजित देवताद्वारा स्वर्ग परित्याग, विष्णु-जलन्धर युद्ध, लक्ष्मी-विष्णु जलन्धरको घरमा बस्नु

सनत्कुमार- एकदा वारिधिसुतो वृन्दापतिरुदारधीः ।
सभार्यः संस्थितो वीरोऽसुरैः सर्वैः समन्वितः ॥ १५-१ ॥

एक दिन सिन्धुपुत्र-वृन्दापति वीर जलन्धर आफ्नी पत्नी एवं असुरहरूका साथमा बसिरहेको थियो, त्यसै समयमा दसै दिशालाई प्रकाशित गर्दै दैत्यगुरु शुक्राचार्य आए । उनका प्रणाम-अभिवादन पश्चात् सामुन्ने बसेका शिरविहीन राहुको विषयमा जलन्धरले शुक्राचार्यसँग जिज्ञासासहित सोधे ।

जलन्धर- केनेदं विहितं राहोः शिरश्छेदनकं प्रभो । १५-७ ।

शुक्राचार्य- हे असुराधिप ! यसको लामो कथा छ । सङ्क्षेपमा भन्छु, सुन । प्राचीन समयको कुरा हो । हिरण्यकशिपुको प्रपौत्र, विरोचनको पुत्र, महावीर धर्मात्मा राजा बलि भए । जब उनले सबै देवताहरूलाई परास्त गरे, तब उनीहरू इन्द्रादिसहित विष्णुको शरणमा गए, विष्णुले आफ्नो कार्य सिद्ध गर्न देवताहरूको असुरहरूसँग सन्धि गराए । त्यसपछि तिम्रो पिता समुद्रको मन्थन गरे । मन्थन गर्दा जे जे अमूल्य रत्न निस्किए, ती सबै देवताहरूले लिए । अमृत पनि उनीहरूले नै पान गरे । त्यही अमृतपानकै क्रममा देवपङ्क्तिमा बसेका राहुले अमृत पियो भनेर विष्णुले शिरच्छेदन गरे ।

अमृतार्थे समुद्रस्य मन्थनं देवकारितम् ।
रत्नोपहरणं चैव दैत्यानां च पराभवम् ॥ १५-१८ ॥

सम्पूर्ण घटना सुनेपछि जलन्धर अत्यन्त कुपित भयो । आफ्ना पिताश्री समुद्रको सबै बहुमूल्य रत्न देवताहरूले लगेको थाहा हुनासाथ देवताहरूलाई वध गर्न उद्यत भयो । तुरुन्त आफ्नो दूत 'घस्मर' लाई बोलायो र स्वर्ग जान आज्ञा दिंदै भन्यो, 'समुद्रमत्थनबाट प्राप्त भएका सबै रत्नहरू फिर्ता गर्न' भन्यो । घस्मर पनि स्वामीको आज्ञा पाएर तुरुन्त स्वर्गमा गयो र सबै देवताहरूलाई सम्बोधन गर्दै भन्यो- 'हे देवताहरू हो ! म प्रतापी दैत्यराज जलन्धरको दूत हुँ । मेरा स्वामीले जुन उद्देश्यले मलाई पठाएका हुन्, सुन ।'

कस्मात्त्वया मम पिता मथितः सागरोऽद्रिणा ।
नीतानि सर्वरत्नानि पितुर्मे देवताधम ॥ १५-२७ ॥

समुद्रमन्थनबाट प्राप्त भएका सबै रत्नहरू फिर्ता देऊ, नत्र भारी सङ्कटको सामना गर ।

इन्द्र पहिले त अलिकति डरायो, अनि भन्न थाल्यो, 'हे दूत ! मेरै डरले समुद्रले मेरा शत्रु पर्वतहरूलाई लुकाएर बचाएको थियो । त्यसैले मैले तिनै रत्नहरूलाई लिएको हुँ । अर्को कुरा- जो मसँग दुस्मनी गर्छ, त्यसको परिणाम सर्वनाश हुन्छ । जाऊ, आफ्नो स्वामीलाई यी सबै वृत्तान्त बताइदेऊ ।

घस्मर, त्यसपछि फर्केर जलन्धरको समीप आयो र सारा वृत्तान्त सुनायो । जसको कारण

जलन्धर रिसले आगो भयो । उसका ओठ फर्फराउन थाले ।

जलन्धरद्वारा स्वर्गमाथि आक्रमण, देवताहरूको पराजय

त्यसपछि जलन्धरले युद्ध गर्ने निर्णय गऱ्यो । असुर सेनालाई एकत्रित गऱ्यो । सेनाहरूले पनि शस्त्रास्त्रले सुसज्जित भई, कवच धारण गरी तयार भए । जलन्धरको आज्ञा पाएपछि स्वर्गमाथि आक्रमण गरे । उता देवताहरू पनि शस्त्रास्त्रले सुसज्जित भई प्रतिकारका लागि रणभूमिमा एकत्रित भए, अनि युद्धारम्भ भयो ।

ततः समभवद्युद्धं देव दानवसेनयोः । १५-४४ ।

दैत्य सेनाका जो जो घायल या मृत्यु प्राप्त गर्थे ती सबैलाई शुक्राचार्यले 'मृतसञ्जीवनी' पिलाएर फेरि युद्ध गर्न फर्काउन थाले । उता देवसेनालाई पनि द्रोणाचल पर्वतदेखि दिव्य औषधि ल्याउँदै अङ्गिरा ऋषिले पिलाउन थाले । यसरी दुवैतर्फबाट युद्ध लामो समयसम्म भइरह्यो, तर निष्कर्षमा पुगेन । यस्तो देखेपछि शुक्राचार्यले जलन्धरसँग भने-

जयमिच्छसि चेत्तात श्रृणु मे वचनं शुभम् ।
ततः सोऽरं भुजाभ्यां त्वं द्रोणमब्धावुपाहरः ॥ १५-५३ ॥

आफ्नो भुजाले द्रोणाचललाई उखेलेर समुद्रमा फ्यालिदेऊ, नत्रभने विजय प्राप्त गर्न असम्भव छ । गुरुवाक्य सुन्नासाथ, जलन्धर तुरुन्त द्रोणाचल पर्वतसमीप गयो । आफ्नो भुजाले द्रोणाचल पर्वतलाई उठायो र समुद्रमा फ्याँकिदियो ।

भुजाभ्यां तरसा दैत्यो नीत्वा द्रोणं च तं तदा ।
प्रक्षिपत्सागरे तूर्णं चित्रं न हरतेजसि ॥ १५-५५ ।

त्यसपछि घनघोर युद्ध भयो । घायल देवताहरूलाई बचाउन वृहस्पति द्रोणाचल समीप गए । द्रोण पर्वतको अपहरण भएको थाहा पाएपछि वृहस्पति तुरुन्त देवसेना समीप आए र भने- सबै पलायन होओ ।

वृहस्पति- पलायध्वं सुराः सर्वे द्रोणोनास्ति गिरिर्महान् ।
जलन्धरो महादैत्यो नायं जेतुं क्षमो यतः ॥ १५-५९ ॥

यो जलन्धरको जन्म रुद्रांशबाट भएको हो । त्यसैले यसको वध रुद्रले मात्र गर्न सक्छन् । द्रोणाचल पर्वत पनि यिनीहरूले अपहरण गरी समुद्रमा फ्याँकेका छन्, त्यसैले युद्ध गर्न छोडिदेओ र यहाँबाट भाग । वृहस्पतिको यस्तो उक्ति सुनेपछि देवताहरूले युद्धमा जित्ने आशा त्यागे र पलायन भए । त्यसपछि दैत्यराज जलन्धरले आफ्ना असुर सेनाहरूका साथ अमरावतीमा प्रवेश गऱ्यो ।

शङ्खभेरीजयरवैः प्रविवेशामरावतीम् । १५-६४ ।

देवताहरूद्वारा विष्णुको स्तुति, विष्णु जलन्धर युद्ध

देवताहरू भागेर सुमेरु पर्वतको कन्दरामा लुके । यता दैत्यहरूले अमरावती कब्जा गरी देवतहरूको खोजीमा निस्के । यो थाहा पाएपछि देवता विष्णुको शरणापन्न भए र उनको स्तुति गर्न थाले ।

तुष्टुवुस्ते सुरा नत्वा सप्रजापतयोऽखिलाः । १६-२ ।

देवताहरूद्वारा विष्णुको स्तुति- यहाँ देवताहरूले कुल उन्नाइस श्लोकले स्तुति गरे, जसमा चौबिस अवतारको स्मरण गर्दै, प्रत्येक सङ्कटावस्थामा तपाईंले निवारण गर्दै धर्म र शान्तिको स्थापना गर्नु भएको हो भन्ने भाव व्यक्त थियो ।

मत्स्यावतारमा वेद रक्षा तथा सत्यव्रतलाई राज्य प्रदान गर्नुभयो । कच्छप अवतारमा समुद्रमन्थनमा सहायता गर्नुभयो । वराह अवतारमा पृथ्वीको उद्धार, वामनावतारमा बलिको आधिपत्य युक्तिपूर्वक लिई देवताको रक्षा, परशुराम अवतारमा अभिमानी क्षत्रियहरूको उद्धार, रामावतारमा रावणको उद्धार, कृष्णावतारमा कंशादिको उद्धार, बुद्ध-कल्की-कपिल-व्यास आदि अवतारमा तत्तत् कार्य सम्पादन गरी त्रिलोकको रक्षा गर्दै शान्ति दिलाउनुभो ।

रामाय लोकरामाय मर्यादापुरुषाय ते ।
रावणान्तरकरायाशु सीतायाः पतये नमः ॥ १६-९ ॥

देवताहरूको स्तुतिले विष्णु प्रसन्न भए । देवताहरूलाई आश्वासन दिंदै तिमीहरू नडराओ, म जलन्धरका साथ युद्ध गर्नेछु, भन्दै आफ्ना आयुध ग्रहण गरी गरूडारूढ भए । त्यति बेला नै लक्ष्मीले भनिन्-

लक्ष्मी- हे नाथ । जलन्धर मेरो भाइ हो । उसलाई तपाईं कसरी वध गर्न सक्नुहुन्छ ? हामी दुवैका पिता समुद्र हुन् ।

तत्कथं ते मम भ्राता युद्धे वध्यः कृपानिधे । १६-२६ ।

विष्णु- देवताहरूले मलाई विश्वास गरी शरणापन्न भएका छन्, त्यसैले युद्ध गर्न त मैले जानैपर्छ, तर जलन्धर शिव अंशबाट प्रकट भएको र ब्रह्माले पनि शिवबाट मात्रै मृत्यु हुनेछ भनी वरदान दिएको हुनाले मेरो हातबाट मृत्यु हुनेछैन । तिमी चिन्ता नगर ।

रुद्रांशसम्भवत्वाच्च ब्रह्मणो वचनादपि ।
प्रीत्या च तव नैवायं मम वध्यो जलन्धरः ॥ १६-२८ ॥

यसरी लक्ष्मीलाई आश्वासन दिएर विष्णु जलन्धरको समीप पुगे । गरूडको पखेटाको हावाले दैत्यहरू चक्करमा परे । जलन्धरले एकाएक आँधीपीडित दैत्यहरूलाई स्थिर गर्‍यो, र असङ्ख्य दैत्यलाई युद्ध गर्न पठायो । देवताहरू पनि विष्णुको सहायता प्राप्त गरेकाले निर्भय भई युद्धमा डटे ।

युद्धारम्भ भयो । दुवैतर्फबाट शस्त्रास्त्रको क्षेपण हुन थाल्यो । दुवैतर्फका योद्धाहरू विजयाकाङ्क्षी भएर लडिरहे । यो युद्ध निकै भयङ्कर थियो ।

इत्थं सुराणां दैत्यानां सङ्ग्रामः समभून्महान् ।
अत्युल्बणो मुनीनां हि सिद्धानां भयकारकः ॥ १६-४४ ॥

दैत्यहरूका शस्त्रप्रहारले देवता घायल भएर पलायन हुन थाले । विष्णु यो देखेर स्वयं युद्धभूमिमा गए र शार्ङ्गधनुषको टङ्कार गरी छोडे, जसका कारण असङ्ख्य दैत्यहरूका शिर काटिए । गरूडले आफ्ना पखेटा चलाएर हावा प्रवाहित गरे, जसका कारण दैत्यहरू त्यसरी नै घुम्न थाले जसरी वायुवेगले आकाशको बादल घुम्दछ ।

भयावह परिस्थिति उत्पन्न भएपछि जलन्धर क्रोधमा आयो र यसरी गर्जना गर्‍यो, जसको शब्दले सबैका कान बहिरा भए अनि बाण पनि यसरी छोड्यो, जसले गर्दा सम्पूर्ण आकाश बाणले ढाकियो ।

विष्णु-जलन्धर युद्ध- त्यसपछि दैत्य जलन्धर र विष्णुका बिचमा घनघोर युद्धारम्भ भयो । जलन्धरले आफ्नो मायावी अस्त्रको प्रयोग गर्न थाल्यो । विष्णुले एक एक गर्दै सबै परास्त गर्दै गए । त्यसपछि विष्णुले पनि मायावी अस्त्रको प्रयोग गरे । जलन्धरले पनि प्रत्येक अस्त्रको सामना गर्‍यो । जलन्धरको अतुलनीय बलशाली वीरता देखेर विष्णु आश्चर्यमा परे र भने-

विष्णुद्वारा जलन्धरलाई वरप्रदान

विष्णु- हे जलन्धर । मैले आजसम्म तिमीजस्तो वीर देखेको थिइनँ । तिम्रो युद्धकौशलबाट म प्रभावित भएं । म प्रसन्न छु र जे इच्छा छ वर माग । अदेय केही छैन ।

वरं वरय दैत्येन्द्र प्रीतोऽस्मि तव विक्रमात् ।
अदेयमपि ते दद्मि यत्ते मनसि वर्तते ॥ १७-३९ ॥

जलन्धर- हे विष्णु ! यदि तपाई प्रसन्न हुनुहुन्छ भने मेरी बहिनी (लक्ष्मी), गणसहित मेरो घरमा प्रसन्न पूर्वक निवास गर्नुहोस् ।

मद्भगिन्या मया सार्द्धं मद्गेहे सगणो वस । १७-४१ ।

विष्णु र लक्ष्मी जलन्धरको घरमा निवास गर्नु

त्यसपछि वचनबद्धताका कारण विष्णु-लक्ष्मी गणसहित जलन्धरको घरमा बस्न थाले । देवताहरू खिन्न भएर गुफाहरूमा लुकेर बस्न बाध्य भए । दैत्य जलन्धरले सबै विभागहरूमा आफ्ना सहकर्मीहरू नियुक्त गर्‍यो र धर्मपूर्वक त्रिलोकको शासन गर्न थाल्यो । जलन्धरका राज्यमा कोही रोगी, दीनदुःखी थिएनन् । सबै सुखी, प्रसन्न र आनन्दित थिए । जलन्धरको शासन धर्मराज्यको ज्वलन्त उदाहरण थियो ।

न कश्चिद् व्याधितो नैव दुःखितो न कृशस्तथा ।
न दीनो दृश्यते तस्मिन् धर्माद्राज्यं प्रशासति ॥ १७-५० ॥

अध्याय अष्टादश, एकोनविंश

शिवप्रेरित नारदजीद्वारा जलन्धरको समीप गई पार्वतीको रुपलावण्यको वर्णन गर्नु, जलन्धर कामान्ध भई शिवसमीप दूत पठाउनु

सनत्कुमार- जलन्धरले धर्मपूर्वक राज्य गर्न थाल्यो । सबैतिर प्रसन्नता थियो, तर देवताहरू आफ्नो अधिकारबाट पदच्युत भएका कारण दुःखी थिए, त्यसैले उपायका लागि शिवको शरणमा गए ।

दुःखितास्ते सुराः सर्वे शिवं शरणमाययुः । १८-२ ।

अन्तर्यामी शिवले देवताहरूको दुःखी अवस्थालाई मध्यनजर गर्दै नारदजीको स्मरण गरे । देवतालाई आश्वासन दिएर पठाए । नारदजी शिवसमीप गए । शिवाज्ञा एवं आशय बुझेर जलन्धरको राजसभामा गए । जलन्धरले नारदजीको स्वागत गर्‍यो र आगमनको कारण सोध्यो ।

जलन्धर- कुत आगम्यते ब्रह्मन् किञ्च दृष्टं त्वया क्वचित् ।
यदर्थमिह आयातस्तदाज्ञापय मां मुने ॥ १८-२२ ॥

नारद- हे दैत्यराज ! मेरो आउनुको कारण के हो भने म कैलास गएको थिएँ । त्यहाँको विशाल सम्पदा, वैभव देखेर चकित हुँदै गर्दा, तिम्रो पनि वैभव एवं सम्पदाको स्मरण आयो, त्यसैले हेर्न आएको हुँ ।

तद्विलोकनकामोऽहं त्वत्सान्निध्यमिहागतः । १८-३० ।

नारदजीको वचन सुनेर जलन्धर प्रसन्न भयो । त्यसपछि उसले देवताहरूलाई पराजित गरी लिएको एक-एक खजाना नारदजीलाई देखायो । अपूर्व वैभव, सम्पदा, कल्पवृक्षदेखि लिएर त्रिलोकमै स्थित उत्तम रत्नहरू देखाउँदै गयो । यी सबैलाई हेरेपछि नारदजी भन्न थाले-

नारदजी- हे दानवराज ! तिम्रो धनसम्पत्ति, वैभव देखेर म अत्यन्त प्रसन्न भएँ । यति धेरै सम्पत्ति त मैले आजसम्म देखेकै थिइनँ । यत्रो धनसम्पदा हुँदाहुँदै पनि, तिमीसँग स्त्रीको कमी रहेछ । स्त्रीविहीन प्रभुता-सम्पदा-वैभव सबै सारहीन, शोभाविहीन हुन्छ, त्यसैले जाया रत्न प्राप्त गर्न कोसिस गर ।

यस्य गेहे सुरत्नानि सर्वाणि हि जलन्धर ।

जायारत्नं न चेत्तानि न शोभन्ते वृथा ध्रुवम् ॥ १८-४० ॥

नारदको मुखबाट स्त्रीरत्नको सर्वश्रेष्ठताबारे सुन्नासाथ जलन्धर कामातुर भयो, अनि सोध्यो-

जलन्धर- जायारत्नवरं कुत्र वर्तते तद्वदाधुना । १८-४२ ।

ब्रह्माण्डमा जहाँ होस्, म त्यसलाई ल्याउनेछु, यस्मा सन्देह छैन ।

नारद- (शिवको स्मरण गरे) अनि पार्वतीको रूपलावण्य वर्णन गर्न थाले । हे दैत्यराज ! कैलासमा एउटा दिगम्बर योगी बस्छ, जसको नाम शम्भु हो । उसकी पत्नी पार्वती सम्पूर्ण रूपलक्षणयुक्त, सर्वाङ्ग सुन्दरी छिन् ।

तस्य भार्या सुरम्या हि सर्वलक्षणलक्षिता ।
सर्वाङ्गसुन्दरीनाम्ना पार्वतीति मनोहरा ॥ १८-४५ ॥

तिमीलाई के लुकाउनु ? रूपसौन्दर्यमा, लावण्यमा, कान्तिमा, माधुर्यमा पार्वती समान स्त्री त्रिलोकमा आजसम्म मैले देखेसुनेको छैन । ब्रह्मा त उनको सौन्दर्य देखेर पग्लिएका थिए । यसरी नारदजीले जलन्धरको हृदयमा पार्वतीमाथि प्रेम र आकर्षणको आगो सल्काइदिए र बिदा भए ।

जलन्धरले राहुलाई दूत बनाएर, शिवसमीप पार्वतीको हात माग्न पठाउनु

त्यसपछि कामज्वरले पीडित जलन्धरले दूत सैहिकेय (राहु) लाई बोलायो, अनि भन्यो-

भो भो दूतवरश्रेष्ठ सर्वकार्यप्रसाधक ।
सैहिकेय महाप्राज्ञ कैलासं गच्छ पर्वतम् ॥ १९-५ ॥

हे सैहिकेय ! मेरो दूत बनेर कैलास पर्वतमा जाऊ । त्यहाँ जितेन्द्रिय, विरक्त, भस्मधारी, तपस्वी, जटाजूटधारी शम्भु नामका एक योगी बस्तछन् । उनलाई निर्भय भएर भन्नू, 'हे योगी ! तपाईं वनमा बस्नुहुन्छ, भूत-प्रेत-पिशाच आदिद्वारा सेवित हुनुहुन्छ । तपाईंलाई 'पार्वती' जो सर्वाङ्ग सुन्दरी छिन्- ती स्त्रीरत्न राखेर के गर्नुहुन्छ ? तिनी त हाम्रा स्वामी, जो त्रिलोकमा सर्वश्रेष्ठ हुनुहुन्छ, जोसँग अतुलनीय वैभव छ, जसको घरमा विष्णुलक्ष्मी बस्तछन्, आँगनमा ब्रह्मा बस्छन्, जसलाई खुसी पार्न देवताहरूले आफ्नो अमूल्य वस्तु दिएका छन्- त्यस्ता जलन्धरलाई स्त्री दिएर उनको कृपापात्र बन्नुहोस् ।' यति भनेर ती स्त्रीरत्नलाई सम्मानपूर्वक लिएर आउनू ।

जलन्धरको आज्ञा पाएपछि राहु कैलास गयो र स्वामीले जे सन्देश भनेका थिए, त्यसैगरी सबै वृत्तान्त भन्यो ।

राहु- हे शम्भो ! तपाईं भिक्षुक, श्मशानवासी, हड्डीहरूको मुण्डमालाधारी, दिगम्बर हुनुहुन्छ । स्त्रीरत्नको के काम ? त्यसैले स्त्रीरत्न दिएर सनाथ हुनुहोस् ।

स्वस्त्रीरत्नं देहि मह्यं राज्ञः सुखकराः प्रजाः । १९-२९ ।

शिवको कोप ललाटबाट निस्कियो र कीर्तिमुखको जन्म

जलन्धरको सन्देश राहुको मुखबाट सुनेपछि शिव अतिशय क्रोधित हुनुभयो । त्यही क्रोधको ज्वाला शिवको भ्रूमध्यबाट वज्र समान गर्जनेवाला एउटा पुरूष पैदा भयो ।

वदत्येवं तथा राहौ भ्रूमध्याच्छूलपाणिनः ।
अभवत्पुरूषो रौद्रः तीव्राशनि समस्वनः ॥

त्यो पुरूष सिंहसमान थियो । लपलपाउने जिब्रो, ज्वालायुक्त नयन, स्थूल काय, हात र चरण लामा भएको थियो । ऊ तुरून्तै 'राहु' दूतलाई भक्षण गर्न झम्टियो । आफूमाथि सङ्कट आइपरेपछि ज्यान बचाउन राहु भाग्न थाल्यो । उसले पनि राहुलाई पछ्यायो र अन्त्यमा समात्यो अनि भक्षण गर्न लाग्यो । यो देखेपछि दूत राहु शिवको शरणापन्न भयो र भन्यो-

राहु- **देवदेव महेशान पाहि मां शरणागतम् ।**
सुरासुरैस्सदा वन्द्यः परमैश्वर्यवान् प्रभुः ॥ १९-३४ ॥

हे महादेव ! तपाईं देव र दानवहरूको प्रणम्य हुनुहुन्छ । यो तपाईंको महाभयङ्कर सेवक म ब्राह्मणलाई भक्षण गर्न तयार छ, यसबाट मलाई बचाउनुहोस् ।

राहुको आर्तनाद स्वीकार गरेर, महादेवले त्यो पुरूषसँग भने-

महादेव- **प्रभुं च ब्राह्मणं दूतं राह्वाख्यं शरणागतम् ।**
शरण्या रक्षणीया हि न दण्ड्या गणसत्तम ॥ १९-३८ ॥

हे गणश्रेष्ठ ! यो राहु एक त दूत बनेर आएको हो, दोस्रो यो ब्राह्मण हो, तेस्रो शरणागतको आश्रय लियो, त्यसैले यो सर्वथा अवध्य छ तसर्थ यसलाई छोडिदेऊ ।

महादेवको आज्ञाले त्यो पुरूषले राहुलाई छोडिदियो, तर भोकले ऊ विक्षिप्त भइरहेको थियो र आहारार्थ महादेवसँग याचना गऱ्यो ।

पुरूष- **क्षुधा मां बाधते स्वामिन्क्षुत्क्षामश्चास्मि सर्वथा ।**
किं भक्ष्यं मम देवेशः तदाज्ञापय मां प्रभो ॥ १९-४२ ॥

हे प्रभो ! म अत्यन्त भोको छु । के खाऊँ ? आज्ञा दिनुहोस् ।

महादेव- यदि तिमीलाई भोकले अत्यन्त सताएको छ भने आफ्नै हात र चरणको मांस भक्षण गर ।

सम्भक्षयात्मनश्शीघ्रं मांसं त्वं हस्तपादयोः । १९-४४ ।

त्यसपछि त्यो पुरूषले शिवाज्ञालाई शिरोधार्य गर्दै आफ्ना हात र चरणको मांस भक्षण गर्न थाल्यो । अन्त्यमा उसको केवल शिर मात्र रह्यो, अनि शिवले वरदान दिंदै भने-

महादेव- हे आज्ञापालक ! तिमी धन्य हौ । आजदेखि तिमी मेरो द्वारपाल वन र तिम्रो नाम

'कीर्तिमुख' हुनेछ । तिमी महापराक्रमी हुनेछौ ।

त्वं कीर्तिमुख संज्ञो हि भव मद्द्वारकः सदा ।
महागणो महावीरः सर्वदुष्टभयङ्करः ॥ १९-४८ ॥

त्यति मात्र होइन, आजदेखि मेरो पूजाभन्दा पहिले मेरा भक्तगणले तिम्रो पूजा गर्नेछन् । यदि पूजा गरेनन् भने उनीहरूको पूजा निष्फल मानिनेछ ।

पूजनीयो विशेषेण स गणशिवपूजने ।
नार्चयन्तीह ये पूर्वं तेषामर्चा वृथा भवेत् ॥ १९-५१ ॥

अध्याय विंश, एकविंश, द्वाविंश

जलन्धर सेना र शिवगण बिच युद्ध, जलन्धरले शिवको वेश धारण गरी पार्वतीसमीप जानु, उता पार्वतीले विष्णुलाई जलन्धर पत्नी वृन्दाको शील भङ्ग गर्ने आज्ञा दिनु

सनत्कुमार- हे व्यासजी ! त्यसपछि, राहुको गर्व चूर भयो । थकित भयो र जलन्धर समीप फर्किएर सम्पूर्ण वृत्तान्त सुनायो । दूत राहुको कुरा सुनेर जलन्धर क्रोधित हुन पुग्यो र तुरुन्त युद्धार्थ आफ्ना सैन्यबललाई आदेश दियो । सैन्यगण पनि तयार भए अनि आफ्ना सैन्य कालकेय-मौर्य-धौम्र-कालनेमि-शुम्भ-निशुम्भ-दौहृद-कालक आदि गण र गुरु शुक्राचार्य एवं दूत राहुलाई अगाडि राखेर युद्ध गर्न कैलासतर्फ प्रस्थान गऱ्यो । प्रस्थानको समयमा अनेक अपशकुन भए । जलन्धरको मुकुट भूमिमा झऱ्यो ।

जातापशकुना भूरि महानिद्राविसूचकाः । २०-१३ ।

यता देवताहरूलाई थाहा भयो कि असुराधिपति जलन्धर असङ्ख्य सेना लिएर कैलासमाथि आक्रमण गर्न निस्कियो । उनीहरू तुरुन्त शिवसमीप पुगेर भन्न थाले-

देवता- हे महादेव ! हामी तपाईंको शरणमा आएका छौं । सिन्धुपुत्र जलन्धरले हाम्रो स्थान लिएको छ । विष्णु-लक्ष्मीसहित कयौं देवगणलाई उसले बन्धक बनाएको छ । हामीलाई उसबाट रक्षा गर्नुहोस् । शीघ्र उसलाई वध गरी त्रिलोकको रक्षा गर्नुहोस् । अहिले ऊ तपाईंसँग युद्ध गर्न आइरहेको छ ।

स आयाति त्वया कर्तुं रणं सिन्धुसुतो बली । २०-२१ ।

देवताहरूको कुरा सुनेर शिव किञ्चित् स्तब्ध भए र तुरुन्त विष्णुलाई बोलाएर सोधे ।

शिव- जलन्धर कथं विष्णो सङ्गरे न हतस्त्वया ।
तद् गृहं चापि यातोऽसि त्यक्त्वा वैकुण्ठमात्मनः ॥ २०-२६ ॥

हे विष्णु ! तिमीले जलन्धरलाई किन वध नगरेको ? उल्टै उसको घरमा गएर किन बसेको ? मैले त तिमीलाई दुष्टहरूको विनाश र साधुहरूको रक्षार्थ नियुक्त गरेको थिएँ ।

मया नियोजितस्त्वं हि साधुसंरक्षणाय च । २०-२७ ।

विष्णु- हे महादेव ! जलन्धरलाई मैले वध नगर्नुको एउटा कारण ऊ तपाईंको अंशबाट उत्पन्न भएकाले हो । अर्को कारण ऊ मेरो सालो पर्‍यो । तेस्रो कारणचाहिँ ब्रह्माले तपाईंकै हातबाट मृत्यु हुने वरदान दिनुभएको थियो । त्यसैले तपाईं नै उसलाई संहार गर्नुहोस् ।

त्वमेव जहि दावनम् । २०-२९ ।

उसको घरमा म बस्नुको कारणचाहिँ अर्कै छ । उसको रणकौशल देखेर वरदानका लागि प्रेरित गरेँ । उसले मेरो घरमा लक्ष्मीसहित आएर वास गरिदिनुहोस् भनी वरदान माग्यो, त्यसैले आफ्नी धर्मपत्नी लक्ष्मी एवं गणहरूको साथमा बस्नु परेको हो ।

त्यसपछि महादेव प्रसन्न भए । सबै देवतालाई आश्वासन दिँदै भने, 'म जलन्धरको वध गर्नेछु । तिमीहरू निर्भय भएर आफ्ना स्थानहरूमा जाओ ।

जलन्धरं महादैत्यं हनिष्यामि न संशयः । २०-३५ ।

देवताहरू गए । त्यति नै बेला जलन्धर असङ्ख्य सैन्यबल साथमा लिई कैलास पुग्यो र भयङ्कर गर्जना गर्‍यो ।

शिवगण र जलन्धर सेनाबिच युद्धारम्भ

दैत्यहरूको कोलाहले शिव क्रोधित भए । नन्दी आदि गणलाई युद्धका लागि आज्ञा दिए । त्यसपछि नन्दी, गणेश, कार्तिकेय, प्रमथगण युद्धार्थ कैलासबाट तल झरे । वीरहरूलाई उत्साह दिन आकशमा भेरी, मृदङ्ग, शङ्खको आवाज गुन्जियो । हात्ती, घोडा, पैदल सेनाहरूको बिच युद्धारम्भ भयो । क्षणभरमा नै रक्तको नदी प्रवाह हुन थाल्यो । काग, गिद्ध, स्याल आदि मांसलाई कोपर्दै खान थाले । कयौं सेनाको संहार भयो ।

यता मृत्यु प्राप्त दैत्य सेनालाई शुक्राचार्यले मृतसञ्जीवनी पिलाएर पुनर्जीवन दिँदै युद्धभूमिमा पठाउँदै गए । यसरी देत्य सेनाले शिवसेनालाई संहार गर्दै गए । शुक्राचार्यको कूटनीतिक पहलको सूचना शिवलाई तुरुन्त अवगत गराइयो । शिव क्रोधमा आए र उनको मुखबाट 'भयङ्कर कृत्या' उत्पन्न भई ।

अथ रुद्रमुखात्कृत्या बभूवातीव भीषणा ।

तालजङ्घा दरीवक्त्रा स्तनापीडितभूरुहा ॥ २०-५२ ॥

कृत्या भयङ्कर थिई । त्यसका तिघ्रा तालवृक्षभैँ थिए । मुख गुफाभैँ थियो भने स्तनले नै वृक्षलाई ढाल्न सक्थी । त्यो कृत्या शिवाज्ञा पाएर क्षणभरमा नै युद्धभूमिमा पुगी । दैत्यहरूलाई पक्रिँदै खान थाली । दैत्य सेना त्राहि त्राहि भन्दै भाग्न थाले । त्यसपछि कृत्या शुक्राचार्य समीप गई । विशालाकार रूपमा परिणत भई, अनि दैत्यगुरु शुक्राचार्यलाई आफ्नो योनिमा लुकाएर आकाशमार्गबाट अन्तर्ध्यान भई ।

भार्गवं स्वभगे धृत्वा जगामान्तर्हिता नभः । २०-५५ ।

त्यसपछि दैत्यसेना युद्धबाट पलायन हुन थाले । यस्तो अवस्था देखेर तुरुन्त शुम्भ, निशुम्भ, कालनेमी आदि युद्धभूमिमा गए अनि चौतर्फी अन्धाधुन्ध बाणको वर्षा गर्न थाले जसका कारण शिवसेना व्याकुल भएर रणभूमिबाट भाग्न थाले । उनीहरूलाई सान्त्वना दिँदै नन्दी, गणेश, कार्तिकेय आदि महान् योद्धा रणभूमिमा गए र असुरहरूको संहार गर्न थाले ।

नन्दिनं कालनेमिश्च शुम्भो लम्बोदरं तथा ।
निशुम्भः षण्मुखं देवमभ्यधावत शङ्कितः ॥ २१-२ ।

यी महान् योद्धाहरूको युद्ध लामो समयसम्म अनेकानेक शस्त्रास्त्रको प्रयोग गर्दै चलिरह्यो । अन्त्यमा दैत्य सेनाधिपति क्रमशः शिथिल हुँदै गए । यो देखेर जलन्धर स्वयं रणभूमिमा आयो । जलन्धरले बाणको वर्षा गर्न थाल्यो । पृथ्वी र आकाश बाणले ढाकिदियो । जलन्धरका वेगशाली दारुण शस्त्रले क्रमशः नन्दी, गणेश, कार्तिकेय, वीरभद्र आदि घायल हुँदै गए । त्यसपछि युद्धबाट पलायन भएर शिवसमीप गए र सम्पूर्ण वृत्तान्त वर्णन गरे । शिवले तुरुन्त आफ्ना गणलाई अभयदान दिँदै उत्साह बढाए ।

तच्छ्रुत्वा भगवान् रुद्रो महालीलाकरः प्रभुः ।
अभयं दत्तवांस्तेभ्यो महोत्साहं प्रवर्द्धयन् ॥ २१-५६ ॥

यसरी गणलाई आश्वासन र अभयदान दिएपछि स्वयं वृषभारूढ भए र जलन्धरसँग युद्ध गर्न निस्किए ।

अथ वीरगणै रुद्रो रौद्ररूपो महाप्रभुः ।
अभ्यगाद् वृषभारूढः सङ्ग्रामं प्रहसन्निव ॥ २२-१ ॥

शिव र जलन्धरबिच घनघोर युद्ध

शिव युद्धार्थ निस्किएको थाहा भएपछि पलायन भएका शिवगण पनि सिंहनाद गर्दै रणक्षेत्रमा सामेल भए । शिवगणको उत्साह तथा भीषण युद्धकौशलले दैत्यसेना क्रमशः शिथिल हुँदै पलायन हुन थाले । आफ्ना सैन्यदलको पलायन र कायरता देखेर जलन्धरले वीरोचित वाणीमा सम्बोधन गर्दै भन्यो-

जलन्धर- हे गण ! तिमीहरू माताको मलको समान हौ । डराएर भागिरहेका छौ । युद्धभूमिमा मृत्यु पाउनु भनेको त वीरहरूको सान हो । आज या सय वर्षपछि मृत्यु त सबैको निश्चित छ ।

मृत्युर्जन्मवतां वीरा देहेन सह जायते ।
अद्य वाब्दशतान्ते वा मृत्युर्वै प्राणिनां ध्रुवः ॥ २२-२० ॥

युद्धमा मृत्यु भएकाहरू सूर्यमण्डललाई भेदन गरी परमपद प्राप्त गर्दछन् । तिनीहरू परमज्ञानी र सन्न्यासी हुन्छन् । समझदारले कहिल्यै पनि मृत्युको भय लिनुहुँदैन । त्यसैले वीर भएर वीरोचित युद्ध गर । यसैले नै इह-परलोक दुवैको कल्याण गर्दछ ।

त्यसपछि जलन्धरले शिवमाथि एकैपल्ट असङ्ख्य बाणको वर्षा गर्‍यो, तर शिवले आफू नजिक आउनुपूर्व नै त्यसलाई नष्ट गरिदिए । त्यसपछि शिवले एकैसाथ सात बाण छोडे, जसले घोडा, ध्वज, छत्र र धनुष काटिदियो । गदा उठायो त्यो पनि शिवले काटिदिए । त्यसपछि जलन्धरले मुष्टिका (मुठी) बाँधेर झम्टियो । त्यसलाई पनि कोश पर पुर्‍याइदिए । त्यसपछि उसले गान्धर्वी मायाजाल फैलायो ।

ततो जलन्धरो दैत्यो रुद्रं मत्वा बलाधिकम् ।
ससर्ज मायां गान्धर्वीमद्भुतां रुद्रमोहिनीम् ॥ २२-३३ ॥

मायाको प्रभावले असङ्ख्य गन्धर्व र अप्सरा उत्पन्न भएर नाच्नगाउन लागे । अनेकानेक वाद्यवादन बज्न थाले । शिव मोहित भएर स्तब्ध हुन पुगे ।

शिववेशमा जलन्धर पार्वतीको समीप जानु

शिव मोहित भएको थाहा पाएपछि जलन्धरले शुम्भनिशुम्भ आदिलाई युद्धभूमिमा तैनाथ गर्‍यो, अनि कामातुर भएर पार्वतीको समीप पुग्यो ।

कामतस्स जगामाशु यत्र गौरी स्थिताऽभवत् । २२-३७ ।

जलन्धरले स्वयं शिववेश अपनायो । दश हात, पाँच मुख, तीन नेत्र, जटाजूट, भस्म एवं रुद्राक्षधारण गरी वृषभारूढ भएर पार्वतीसमीप गयो । पार्वती पनि आफ्ना पति आएको देखेर सखीहरूका साथ उसको नजिक आइन् । पार्वतीको रूपलावण्य, सौन्दर्य, कान्तिलाई देखेर जलन्धर मन्त्रमुग्ध भयो र तुरुन्त वीर्य स्खलित भयो, अनि स्वयं जडवत् भयो ।

यावद्ददर्श चार्वङ्गी पार्वती दनुजेश्वरः ।
तावत्स वीर्यं मुमुचे जडाङ्गश्चाभवत्तदा ॥ २२-४१ ॥

पार्वतीलाई थाहा भयो, यो दैत्य मेरो सतीत्व नष्ट गर्न आएको हो । उनी तुरुन्त अदृश्य

भइन् र उत्तर मानसरोवरमा गइन् । उता दैत्य जलन्धरले पार्वतीलाई नदेखेपछि सिधै युद्धभूमिमा फर्कियो र युद्ध गर्न थाल्यो ।

पार्वतीद्वारा विष्णुलाई जलन्धरपत्नी वृन्दाको शीलभङ्ग गर्ने आदेश

पार्वतीले तुरुन्त विष्णुको स्मरण गरिन् । स्मरण गर्नासाथ विष्णु हात जोडेर जगदम्बाको अगाडि उभिएर आज्ञाको प्रतीक्षा गर्न थाले । तब-

पार्वती- हे विष्णु ! जलन्धरले ममाथि के गऱ्यो भन्ने तिमीलाई सबै थाहा नै छ । यो मार्ग स्वयं उसले नै हामीलाई सिकायो । त्यसैले मेरो आज्ञाले तिमी पनि उसकी पत्नीको शील भङ्ग गर ।

तेनैव दर्शितः पन्था बुध्यस्व त्वं तथैव हि ।
तत्स्त्रीपातिव्रतं धर्मं भ्रष्टं कुरु मदाज्ञया ॥ २२-५० ॥

त्यसै पनि जबसम्म उसकी पत्नी पतिव्रता रहनेछिन्, तबसम्म जलन्धर दैत्यको मृत्यु पनि असम्भव छ । त्यसैले शीघ्र यो कार्य गरी दैत्य वधको सहायक बन र त्रिलोकमा शान्ति स्थापना गर ।

विष्णु- जो आज्ञा ! भन्दै जलन्धरको नगरतिर प्रस्थान गरे ।

अध्याय- त्रयोविंश, चतुर्विंश, पञ्चविंश, षड्विंश

विष्णुद्वारा वृन्दालाई छल्नु, वृन्दाद्वारा विष्णुलाई श्राप, शिवद्वारा जलन्धर वध, तथा विष्णु वृन्दाको भस्मराशिमा निवास गर्नु, पार्वतीद्वारा बीज दिनु र धात्री, मालती तथा तुलसी वृक्षको उत्पत्ति हुनु

सनत्कुमार- हे व्यासजी ! पार्वतीको आज्ञा शिरोधार्य गर्दै मायावी श्रेष्ठ विष्णु तुरुन्त जलन्धरको नगरमा पुगे र आफ्नो मायाको विस्तार गर्न थाले । उता वृन्दालाई रातमा दुःस्वप्न भयो । सपनामा शरीरमा तेल लगाएका, दिगम्बर (नाङ्गा), कालो रङको फूलको माला लगाएका, आफ्ना श्रीमान् भैंसीमा बसेर, गिद्ध र स्यालहरूका साथमा दक्षिण दिशातर्फ यात्रा गरिरहेका थिए । त्यसैगरी आफ्नो नगर समुद्रले डुबाएको थियो । वृन्दाले यो स्वप्न बिहानीपखमा देखेकी थिइन् ।

स्वप्नबाट ब्युँझेपछि वृन्दा बेचैन भइन् । उनी गोपुर, अट्टालिका कतैतिर पनि स्थिर हुन सकिनन् । त्यसपछि दुईवटी सखीलाई लिएर बगैंचामा आइन् । त्यहाँ पनि बेचैन हुँदै एकपछि अर्को बगैंचामा घुमिरहिन् । त्यति बेला नै दुईवटा राक्षसलाई देखिन् ।

भ्रमती सा ततो बाला ददर्शातीव भीषणौ ।

राक्षसौ सिंहवदनौ दृष्ट्वा दशनभासुरौ ॥ २३-१२ ॥

वृन्दाको अगाडि विष्णुको माया विस्तार

ती राक्षसदेखि डराएर वृन्दा दौडिरहेकी थिइन् । त्यति नै बेला एक तपस्वी शिष्यहरूका साथमा आफूतिर आइरहेको देखिन् । भयले व्याकुल भएकी वृन्दाले आफ्नो रक्षाको भिक्षा माग्दै त्यो तपस्वीलाई अँगालो हालिन् ।

ततस्तत्कण्ठमासाद्य निजां बाहुलतां भयात् ।
मुने मां रक्ष शरणमागताऽस्मीत्यभाषत ॥ २३-१४ ॥

वृन्दाको आर्तनाद सुनेर तपस्वीवेशी (विष्णुले) हुङ्कार गरे, मायावी राक्षस अदृश्य भए । वृन्दा झनै आश्चर्यमा परिन्, र युद्धमा गएका आफ्ना श्रीमान् जलन्धरको अवस्थाका विषयमा जिज्ञासायुक्त भएर सोधिन् ।

वृन्दा- **जलन्धरो हि मद्भर्ता रुद्रं योद्धुं गतः प्रभो ।**
स तत्रास्ते कथं युद्धे तन्मे कथय सुव्रत ॥ २३-२० ॥

वृन्दाको वचन सुनेपछि मायावी तपस्वी विष्णुले आकाशतिर हेरे । त्यति नै बेला दुईवटा बाँदर आए र उनीहरूलाई नै आँखाको इसाराले जलन्धरको स्थिति बुझ्न पठाए । वानरहरू पनि तुरुन्त नै आकाशमार्गबाट गए र क्षणभरमा नै समुद्रपुत्र जलन्धरको कबन्ध, शिर तथा दुवै हात लिएर आए । आफ्ना श्रीमान्को मृत्यु भएको देखेर वृन्दा अत्यन्त शोकमा परिन् अनि मूर्च्छित भइन् ।

शिरः कबन्धं हस्तौ तौ दृष्ट्वाऽब्धितनयस्य सा ।
पपात मूर्च्छिता भूमौ भर्तृव्यसनदुःखिता ॥ २३-२४ ॥

निकै बेरसम्म मूर्च्छित वृन्दा, होसमा आइन् । आफूलाई सम्हाल्दै तपस्वीसँग फेरि याचना गरिन् ।

वृन्दा- हे तपस्वी ! मेरा स्वामीलाई बचाइदेऊ । जीवनदान देऊ ।

विललाप विचित्रं सा हृदयेन विदूयता । २३-२९ ।

तपस्वी- हे वाला ! यिनलाई रुद्रले वध गरेका हुन् । त्यसैले यिनी जीवित हुन सक्तैनन् ।

नायं जीवयितुं शक्तो रुद्रेण निहतो युधि । २३-३४ ।

तर पनि तिम्रो शोक, भय र शरणागत अवस्था देखेर म यिनलाई आफ्नो तपस्याको बलले जीवनदान दिन्छु ।

त्यति भनेपछि विष्णुले मृत जलन्धरको अङ्गलाई जीवित गरिदिए र तपस्वी वेशबाट अन्तर्ध्यान भए । अर्थात् स्वयं विष्णु नै जलन्धर भई उपस्थित भए । आफ्ना श्रीमान् पाएपछि

वृन्दा अत्यन्त खुसी भइन् । दुवैले एकअर्कालाई आलिङ्गन चुम्बन गरे । दुवै प्रसन्न भए । त्यसपछि कयौं दिनपर्यन्त उनीहरू त्यही वनमा रमण गरिरहे ।

रेमे तद्वनमध्यस्था तद्युक्ता बहुवासरान् । २३-३९ ।

एक दिन वृन्दाले रतिकालको अन्त्यमा आफ्ना श्रीमान्को स्थानमा विष्णुलाई पाइन् ।

कदाचित्सुरतस्यान्ते दृष्ट्वा विष्णुं तमेव हि । २३-४० ।

त्यसपछि वृन्दाले भर्त्सना गर्दै श्राप दिन थालिन् ।

वृन्दाद्वारा विष्णुलाई श्राप र अग्निमा प्रवेश

हे महाधम विष्णु ! मेरो श्रापलाई ग्रहण गर । तिमीले मलाई जसरी मायाजालद्वारा छल गर्‍यौ । मेरो पतिव्रता धर्म भङ्ग गर्‍यौ त्यसलाई तिमीले पनि भोग्नुपर्नेछ । जब तिमी रामावतार लिएर पृथ्वीमा अवतरण गर्नेछौ तब-

(१) तिमीले जो राक्षसको रूप लिई मलाई डरायौ । उनैले तिम्री स्त्रीको हरण गर्नेछन् (रावण-कुम्भकर्ण)

(२) जुन बाँदरलाई मेरा श्रीमान्को हालखबर लिन पठाएका थियौ, त्यही बाँदर तिम्री पत्नीको खोजी गर्नमा सहायक बनोस् (हनुमान्-सुग्रीव)

यौ त्वया मायया ख्यातौ स्वकीयौ दर्शितौ मम ।
तावैव राक्षसौ भूत्वा भार्यां तव हरिष्यतः ॥ २३-४४ ॥
त्वं चापि भार्यादुःखार्तो वने कपिसहायवान् ।
भ्रम सर्पेश्वरेणायं यस्ते शिष्यत्वमागतः ॥ २३-४५ ॥

यति श्राप दिएर वृन्दा विष्णु आदिले रोक्न खोज्दा पनि अग्निमा प्रवेश गरिन् । वृन्दाको तेज पार्वतीमा विलय भयो र मुक्त भइन् । विष्णु वृन्दालाई सम्झेर विह्वल भए अनि त्यही भस्म शरीरमा लगाए तर पनि उनलाई शान्ति मिलेन ।

शिव-जलन्धर घनघोर युद्ध तथा जलन्धर वध

जलन्धर रणभूमिमा आइसकेको थियो । गान्धर्वी माया पनि हटिसकेको थियो । शिव पनि चैतन्य भए । यति नै बेला जलन्धर आफ्नो विकराल रूपलाई फैलाएर शिवसमीप आयो र बाणको वर्षा गर्न थाल्यो । उता शिव पनि जलन्धरका बाणलाई बिच बाटामा नै नष्ट गर्दै बाणको वर्षा गर्न लागे । शिवको अवध्य रूप देखेपछि जलन्धरले आफ्नो मायालाई विस्तार गर्‍यो र पार्वतीलाई प्रकट गर्‍यो अनि रथमा बाँधेर रणभूमिमा आयो । मायावी पार्वती विह्वल हुँदै रोइरहेकी थिइन् ।

रथोपरि गतां बद्धां रुदन्तीं पार्वतीं शिवः । २४-७ ।

आफ्नी श्रीमती शत्रुको वशमा देखेर लौकिक गतिको आश्रय लिई शिव अधोमुख, शिथिल, दुःखी, चिन्तित मुद्रामा स्थित भए । अनुकूल अवसर पाएर जलन्धरले तुरुन्त नै तीन बाण छोड्यो, जो शिर-छाती र पेटमा प्रहार भयो । यी बाणले शिव गम्भीर आहत भए अनि आफ्नो रौद्ररूप धारण गरे जसको अगाडि कोही पनि टिक्न सक्दैन ।

रौद्ररूपधरो जातो ज्वालामालातिभीषणः ।
न शेकुः प्रमुखे स्थातुं भेजिरे ते दिशो दशः ॥ २४-११ ॥

शिवको प्रलयङ्कारी रूपलाई देखेर सबै असुर दसै दिशामा भाग्न थाले । जलन्धरको मायावी शक्ति पनि अदृश्य भयो । युद्धभूमिमा हाहाकार हुन थाल्यो । शुम्भ-निशुम्भ भाग्दै गर्दा शिवले भने-

शिव- हे शुम्भ-निशुम्भ ! तिमीहरू रणभूमिबाट भागिरहेका छौ । युद्धबाट पलायन हुनेलाई वध गर्नुहुँदैन । त्यसैले म तिमीहरूको वध गर्दिनँ, तर पार्वतीले तिमीहरूको वध गर्नेछिन् ।

पराङ्मुखो न हन्तव्य इति वध्यौ न मे युवाम् ।
मम युद्धादतिक्रान्तौ गौर्य्या वध्यौ भविष्यतः ॥ २४-१७ ॥

त्यसपछि शिवले जलन्धरको रथको पाङ्ग्रालाई आफ्नो खुट्टाको औंलाले उचालेर समुद्रमा फ्याँकिदिए र जोरले गर्जना गरे । यता जलन्धरले पनि असङ्ख्य बाणले आकाश ढाकिदियो र गर्जना गर्दै शिवलाई झम्टियो ।

शिव- हे जलन्धर ! मैले तेरो रथको पाङ्ग्रालाई समुद्रमा फ्याँकेको छु, लिएर आइज अनि युद्ध गर् । नत्र भने पलायन भई यहाँबाट भाग् ।

जलन्धर- हे शङ्कर ! म रथको नेमिका साथ युद्ध गर्नेछु । म एक्लै इन्द्रसहित चराचरलाई वध गर्न सक्षम छु । मेरो प्रभावले विष्णु मेरो घरमा बस्छन् । ब्रह्मा मुनिहरूसहित मेरो उपसाना गर्छन् । देवताहरू आज्ञार्थ ढोकामा प्रतीक्षारत उभिन्छन् ।

ब्रह्मा बलिष्ठः स्थाने मे मुनिभिः सुरपुङ्गवैः । २४-४२ ।

मैले आफ्नो लुतो कन्याउन गिरीन्द्र, मन्दर, श्रीमान्, नीलपर्वत, सुमेरु पर्वत आदिलाई मसलेको छु । हिमालय पर्वतलाई आफ्नो भुजाले समात्दा गङ्गालाई रोकिदिएको थिएँ । वडवाग्निलाई हातले समातेर मुख बन्द गरेको थिएँ, जसको कारण सम्पूर्ण जगत् जलमय भएको थियो । ऐरावत आदि हात्तीलाई मैले समुद्रमा फ्याँकिदिएको थिएँ । इन्द्रलाई फ्याँकैं । विष्णुलाई नागपाशले बाँधेको थिएँ । उर्वशी आदि अप्सरालाई कारागारमा बन्द गरैं ।

उर्वश्याद्या मयानीता नार्यः कारागृहान्तरम् । २४-४० ।

हे रुद्र ! तिमीबाहेक त्रिलोक जान्दछन् कि म कत्तिको बलशाली छु । आज तिमीलाई पनि मेरो पराक्रम थाहा हुनेछ । अब उप्रान्त मसँग भुलेर पनि युद्ध गर्ने दुष्प्रयास नगर्नू ।

जलन्धरले यसरी कटुवचन बोलेपछि शिवले सुदर्शन चक्र उठाए जो आफ्नै चरणनखले बनाएका थिए ।

सुदर्शनाख्यं यच्चक्रं पादाङ्गुष्ठविनिर्मितम् ।
जग्राह तत्करे रूद्रस्तेन हन्तुं समुद्यतः ॥ २४-४५ ॥

अतीव ज्वाज्वल्यमान, करोडौं सूर्य समान सुदर्शन चक्रलाई शिवले हातमा लिँदा उनी साक्षात् प्रलयङ्कारी अग्निझैँ देखिए । चारै दिशालाई प्रकाशित गर्दै त्यो चक्र जलन्धरको शरीरमाथि प्रहार गरे, जसले शिरच्छेदन भएर शरीर दुई भागमा विभाजित भयो र सदाका लागि धर्तीमा ढल्यो ।

जहार तच्छिरो वेगान्महदायतलोचनम् ।
द्विधा पपात तद्देहो ह्यञ्जनाद्रिरिवाचलः ॥ २४-४७ ।

रगतले पृथ्वी रङ्गियो । जलन्धरको रगत र मांस शिवको आज्ञाले महारौरव नरकमा परिणत भयो र जलन्धरको तेज निस्केर शिवमा विलय भयो । जहाँबाट पैदा भएको थियो, त्यहीँ विलय भयो । आकाशबाट शिवमाथि पुष्पवृष्टि भयो । त्रिलोकमा शान्ति भयो । देवाङ्गनाहरू नाच्न लागे । किन्नरहरू गाउन थाले । दिशाहरू प्रसन्न भए । शीतल मन्द हावा प्रवाहित हुन थाल्यो । अग्नि शान्त भए । आकाश स्वच्छ एवं चन्द्रमा शीतल भए । सम्पूर्ण प्रकृतिजगत् साम्यावस्थामा प्राप्त भए ।

दिशः प्रसेदुः सर्वाश्च हते वृन्दापतौ मुने ।
ववुः पुण्याः सुखस्पर्शाःवायवस्त्रिविधा अपि ॥ २४-५६ ॥

देवताहरूद्वारा शिवलीला स्मरण गर्दै स्तुति

यहाँ चराचरका स्वामी, भक्तवत्सल, निर्गुण, निराकार, भक्तरक्षक, सद्गति प्रदायक आदि विशेषणसहित कुल एकतीस श्लोकमा शिवको स्तुति गरिएको छ ।

देवदेव महादेव शरणागतवत्सल ।
साधु सौख्यप्रदस्त्वं हि सर्वदा भक्तदुःखहा ॥ २५-२ ॥

शिवको प्रार्थना गर्ने क्रममा देवताहरूले भने, 'प्राचीन कालमा कलावती, मदयन्ती, सौमिनी, विभर्षण राजा, महाराज चन्द्रसेन, श्रीकर, सत्यरथ, धर्मगुप्त, शुचिव्रत ब्राह्मण, महाराज चित्रवर्मा, राजपुत्र चन्द्राङ्गद, मन्दर, शम्वर, पिङ्गला, महानन्दा वेश्या, शारदा, वेश्यागामी विन्दुग, विन्दुगपत्नी चञ्चुला आदि कयौं भक्तहरूले तपाईंको शरणमा आएर सद्गति प्राप्त गरे ।'

देवताहरूको स्तुतिले शिव प्रसन्न भए । देवताहरूलाई अभीष्ट वरदान दिएर अन्तर्ध्यान भए । देवताहरू पनि शत्रुवधले प्रसन्न भए र आ-आफ्नो धाम फर्किए ।

इदं परममाख्यानं जलन्धर विमर्दनम् ।

आफ्नी श्रीमती शत्रुको वशमा देखेर लौकिक गतिको आश्रय लिई शिव अधोमुख, शिथिल, दुःखी, चिन्तित मुद्रामा स्थित भए । अनुकूल अवसर पाएर जलन्धरले तुरुन्त नै तीन बाण छोड्यो, जो शिर-छाती र पेटमा प्रहार भयो । यी बाणले शिव गम्भीर आहत भए अनि आफ्नो रौद्ररूप धारण गरे जसको अगाडि कोही पनि टिक्न सक्दैन ।

रौद्ररूपधरो जातो ज्वालामालातिभीषणः ।
न शेकुः प्रमुखे स्थातुं भेजिरे ते दिशो दशः ॥ २४-११ ॥

शिवको प्रलयङ्कारी रूपलाई देखेर सबै असुर दसै दिशामा भाग्न थाले । जलन्धरको मायावी शक्ति पनि अदृश्य भयो । युद्धभूमिमा हाहाकार हुन थाल्यो । शुम्भ-निशुम्भ भाग्दै गर्दा शिवले भने-

शिव- हे शुम्भ-निशुम्भ ! तिमीहरू रणभूमिबाट भागिरहेका छौ । युद्धबाट पलायन हुनेलाई वध गर्नुहुँदैन । त्यसैले म तिमीहरूको वध गर्दिनँ, तर पार्वतीले तिमीहरूको वध गर्नेछिन् ।

पराङ्मुखो न हन्तव्य इति वध्यौ न मे युवाम् ।
मम युद्धादतिक्रान्तौ गौर्य्या वध्यौ भविष्यतः ॥ २४-१७ ॥

त्यसपछि शिवले जलन्धरको रथको पाङ्ग्रालाई आफ्नो खुट्टाको औंलाले उचालेर समुद्रमा फ्याँकिदिए र जोरले गर्जना गरे । यता जलन्धरले पनि असङ्ख्य बाणले आकाश ढाकिदियो र गर्जना गर्दै शिवलाई झम्टियो ।

शिव- हे जलन्धर ! मैले तेरो रथको पाङ्ग्रालाई समुद्रमा फ्याँकेको छु, लिएर आइज अनि युद्ध गर् । नत्र भने पलायन भई यहाँबाट भाग् ।

जलन्धर- हे शङ्कर ! म रथको नेमिका साथ युद्ध गर्नेछु । म एक्लै इन्द्रसहित चराचरलाई वध गर्न सक्षम छु । मेरो प्रभावले विष्णु मेरो घरमा बस्छन् । ब्रह्मा मुनिहरूसहित मेरो उपसाना गर्छन् । देवताहरू आज्ञार्थ ढोकामा प्रतीक्षारत उभिन्छन् ।

ब्रह्मा बलिष्ठः स्थाने मे मुनिभिः सुरपुङ्गवैः । २४-४२ ।

मैले आफ्नो लुतो कन्याउन गिरीन्द्र, मन्दर, श्रीमान्, नीलपर्वत, सुमेरु पर्वत आदिलाई मसलेको छु । हिमालय पवर्तलाई आफ्नो भुजाले समात्दा गङ्गालाई रोकिदिएको थिएँ । वडवाग्निलाई हातले समातेर मुख बन्द गरेको थिएँ, जसको कारण सम्पूर्ण जगत् जलमय भएको थियो । ऐरावत आदि हात्तीलाई मैले समुद्रमा फ्याँकिदिएको थिएँ । इन्द्रलाई फ्याँकेँ । विष्णुलाई नागपाशले बाँधेको थिएँ । उर्वशी आदि अप्सरालाई कारागारमा बन्द गरेँ ।

उर्वश्याद्या मयानीता नार्यः कारागृहान्तरम् । २४-४० ।

हे रुद्र ! तिमीबाहेक त्रिलोक जान्दछन् कि म कत्तिको बलशाली छु । आज तिमीलाई पनि मेरो पराक्रम थाहा हुनेछ । अब उप्रान्त मसँग भुलेर पनि युद्ध गर्ने दुष्प्रयास नगर्नू ।

जलन्धरले यसरी कटुवचन बोलेपछि शिवले सुदर्शन चक्र उठाए जो आफ्नै चरणनखले बनाएका थिए ।

सुदर्शनाख्यं यच्चक्रं पादाङ्गुष्ठविनिर्मितम् ।
जग्राह तत्करे रुद्रस्तेन हन्तुं समुद्यतः ॥ २४-४५ ॥

अतीव ज्वाज्वल्यमान, करोडौं सूर्य समान सुदर्शन चक्रलाई शिवले हातमा लिँदा उनी साक्षात् प्रलयङ्कारी अग्निझैँ देखिए । चारै दिशालाई प्रकाशित गर्दै त्यो चक्र जलन्धरको शरीरमाथि प्रहार गरे, जसले शिरच्छेदन भएर शरीर दुई भागमा विभाजित भयो र सदाका लागि धर्तीमा ढल्यो ।

जहार तच्छिरो वेगान्महदायतलोचनम् ।
द्विधा पपात तद्देहो ह्यञ्जनाद्रिरिवाचलः ॥ २४-४७ ।

रगतले पृथ्वी रङ्गियो । जलन्धरको रगत र मांस शिवको आज्ञाले महारौरव नरकमा परिणत भयो र जलन्धरको तेज निस्केर शिवमा विलय भयो । जहाँबाट पैदा भएको थियो, त्यहीँ विलय भयो । आकाशबाट शिवमाथि पुष्पवृष्टि भयो । त्रिलोकमा शान्ति भयो । देवाङ्गनाहरू नाच्न लागे । किन्नरहरू गाउन थाले । दिशाहरू प्रसन्न भए । शीतल मन्द हावा प्रवाहित हुन थाल्यो । अग्नि शान्त भए । आकाश स्वच्छ एवं चन्द्रमा शीतल भए । सम्पूर्ण प्रकृतिजगत् साम्यावस्थामा प्राप्त भए ।

दिशः प्रसेदुः सर्वाश्च हते वृन्दापतौ मुने ।
ववुः पुण्याः सुखस्पर्शाःवायवस्त्रिविधा अपि ॥ २४-५६ ॥

देवताहरूद्वारा शिवलीला स्मरण गर्दै स्तुति

यहाँ चराचरका स्वामी, भक्तवत्सल, निर्गुण, निराकार, भक्तरक्षक, सद्गति प्रदायक आदि विशेषणसहित कुल एकतीस श्लोकमा शिवको स्तुति गरिएको छ ।

देवदेव महादेव शरणागतवत्सल ।
साधु सौख्यप्रदस्त्वं हि सर्वदा भक्तदुःखहा ॥ २५-२ ॥

शिवको प्रार्थना गर्ने क्रममा देवताहरूले भने, 'प्राचीन कालमा कलावती, मदयन्ती, सौमिनी, विभर्षण राजा, महाराज चन्द्रसेन, श्रीकर, सत्यरथ, धर्मगुप्त, शुचिव्रत ब्राह्मण, महाराज चित्रवर्मा, राजपुत्र चन्द्राङ्गद, मन्दर, शम्वर, पिङ्गला, महानन्दा वेश्या, शारदा, वेश्यागामी विन्दुग, विन्दुगपत्नी चञ्चुला आदि कयौं भक्तहरूले तपाईको शरणमा आएर सद्गति प्राप्त गरे ।'

देवताहरूको स्तुतिले शिव प्रसन्न भए । देवताहरूलाई अभीष्ट वरदान दिएर अन्तर्ध्यान भए । देवताहरू पनि शत्रुवधले प्रसन्न भए र आ-आफ्नो धाम फर्किए ।

इदं परममाख्यानं जलन्धर विमर्दनम् ।

महेशचरितं पुण्यं महाघौघ विनाशनम् ॥ २५-३५ ॥

जलन्धर वध उपाख्यान पढ्नाले, सुन्नाले, सुनाउनाले सबै पाप नष्ट भई परम सौख्य प्राप्त हुन्छ ।

विष्णु वृन्दाको भस्मराशिमा निवास, पार्वतीले बीज दिनु र त्यस बीजबाट धात्री, मालती र तुलसी वृक्षको उत्पत्ति हुनु

देवताहरू जब आफ्नो लोकमा फर्किए, अनि थाहा भयो कि विष्णु त वृन्दाको भस्मराशिमा नै समाहित भएका छन् । देवताहरू चिन्तित भए अनि शिवसमीप गएर सारा वृत्तान्त निवेदन गरे । शिवले आफू यो कार्य गर्न असमर्थता व्यक्त गरी पार्वतीको शरणमा जान आज्ञा दिए । त्यसपछि देवताहरू पार्वतीको शरणमा गए र एघार श्लोकले देवीको स्तुति गरे ।

देवता- हे जगन्माता !

यदुद्भवाः सत्त्वरजस्तमोगुणाः सर्गस्थितिध्वंसविधानकारकाः ।
यदिच्छया विश्वमिदं भवाभवौ तनोति मूलप्रकृतिं नताः स्म ताम् ॥ २६-२१ ॥

देवताहरूलाई जब जब सङ्कट आपदा आइपऱ्यो, तब तब तपाईंले हामीलाई सहयता प्रदान गर्दै आउनुभएको छ । हामी तपाईंका सेवक हौं । अहिले तपाईंको आज्ञालाई शिरोधार्य गर्दै विष्णुले वृन्दाको पतिव्रता भङ्ग गरे जसका कारण उनी मोहित भएर वृन्दाको भस्मराशिमा बसेका छन् । अब उनलाई उद्धार गर्नुहोस् ।

कृपां कुरू महादेवी हरिं बोधय बोधय ।
यथा स्वलोकं पायात्स सुचित्तः सुरकार्यकृत् ॥ २६-३१ ॥

देवी- (प्रसन्न भएर देवताहरूलाई भनिन्) हे देवताहरू हो ! तिमीहरू लक्ष्मी-गौरी र ब्रह्मालाई भन कि जुन बीज म दिंदै छु त्यो लगेर विष्णुको स्थानमा छोडिदिनू, यसैबाट कार्य सिद्ध हुनेछ ।

इमानि तत्र बीजानि विष्णुर्यत्रावतिष्ठति ।
निर्वपध्वं ततः कार्यं भवतां सिद्धिमेष्यति ॥ २६-४२ ॥

देवीको आज्ञालाई देवताहरूले त्यसै नै गरे, त्यहाँबाट तीन वनस्पति धात्री, मालती र तुलसी वृक्षको उत्पत्ति भयो ।

निक्षिप्तेभ्यश्च बीजेम्यो वनस्पत्यस्त्रयोऽभवन् ।
धात्री च मालती चैव तुलसी च मुनीश्वराः ॥ २६-४६ ॥

ब्रह्माको शक्तिबीजबाट धात्री, लक्ष्मीको बीजबाट मालती र गौरीको बीजबाट तुलसी यी क्रमशः तम, सत्त्व तथा रजोगुणवर्द्धक हुन पुगे । यी स्त्री रूपिणी वनस्पतिलाई देखेर विष्णु उठे । सबै विष्णुसँग मोहित भए । त्यसमा पनि धात्री (अमला) र तुलसी विष्णुका प्रिय

भए । गणेशबाहेक तुलसी सबै देवताहरूका प्रिय मानिन्छन् । कार्तिक महिनामा तुलसीको अर्चना गर्नाले देवता खुसी रहन्छन् ।

कार्तिके मासि विप्रेन्द्र धात्री च तुलसी सदा ।
सर्वदेवप्रिया ज्ञेया विष्णोश्चैव विशेषतः ॥ २६-५३ ॥
तत्रापि तुलसी धन्याऽतीव श्रेष्ठा महामुने ।
त्यक्त्वा गणेशं सर्वेषां प्रीतिदा सर्वकामदा ॥ २६-५४ ॥

त्यसपछि विष्णु आफ्नो वैकुण्ठधाम आएर पूर्ववत् कार्य गर्न थाले ।

उपसंहार- विप्राणां ब्रह्मविद्यादं क्षत्रियाणां जयप्रदम् ।
वैश्यानां सर्वधनदं शूद्राणां सुखदं त्विदम् ॥ २६-६० ॥

यो जलन्धरवध उपाख्यानको उपासनाले सङ्ग्राममा विजय, सुदृढ शिवभक्ति तथा इहलोक र परलोक सुध्रिएर परमगति प्राप्त हुन्छ ।

अध्याय सप्तविंश अष्टाविंश

(शङ्खचूड उपाख्यान अध्याय २७-४१ पर्यन्त)

शङ्खचूडको जन्म, तपस्या र तुलसीसँग विवाह

सनत्कुमार- हे व्यास ! अब, शिवले गरेका अन्य चरित्र सुन्नुहोस् । देवताहरूका लागि काँडासमान शङ्खचूड दैत्यलाई शिवले आफ्नो त्रिशूलले युद्धभूमिमा वध गरेका थिए । यो पवित्र भक्तिवर्द्धक कथालाई सुन ।

ब्रह्माका पुत्र मरीच र उनका पुत्र कश्यप भए । कश्यपले दक्षप्रजापतिका १३ कन्यासँग विवाह गरे । त्यसमध्ये दनु नामकी पत्नीबाट विप्रचित्ति लगायत अनेक बलशाली पुत्र उत्पन्न भए । विप्रचित्तिको पुत्र दम्भ भयो र यही दम्भको पुत्र शङ्खचूड भयो । दम्भका कुनै सन्तान भएनन् अनि उसले शुक्राचार्यलाई गुरु बनाएर कृष्ण मन्त्र लियो किनकि दम्भ विष्णुभक्त थियो र पुष्कर क्षेत्रमा गएर एक लाख वर्षपर्यन्त पुत्रप्राप्तिको कामना राखी तपस्या गऱ्यो ।

तपश्चकार परमं पुष्करे लक्षवर्षकम् ।
कृष्णमन्त्रं जजापैव दृढं बद्ध्वासनं चिरम् ॥ २७-१२ ॥

दम्भको तपस्याले त्रिलोकमा तेज फैलियो । देवता कष्ट पाउन थाले र ब्रह्माको शरणमा गए । ब्रह्माले उनीहरूलाई विष्णुसमीप लगे र सारा वृत्तान्त अवगत गराए ।

विष्णु- हे अमरगण ! तिमीहरू स्वस्थ होओ । त्रिलोकमा कुनै भय उत्पन्न भएको छैन ।

मेरो भक्त दम्भ पुत्रकामना राखेर तपस्या गरिरहेको छ । म अहिले उसलाई वरदान दिएर शान्त गर्नेछु । तिमीहरू आआफ्ना स्थानमा जाओ ।

दानवो दम्भनामा हि मद्भक्तः कुरुते तपः ।
पुत्रार्थी शमयिष्यामि तमहं वरदानतः ॥ २७-२२ ॥

देवताहरूलाई आश्वासन दिएर विष्णु पुष्कर क्षेत्रमा गए । दम्भ तपस्यारत थियो । विष्णुले उसलाई जागृत गराए र वरदानार्थ प्रेरित गरे ।

दम्भ- आफू अगाडि विष्णुलाई देखेर प्रणाम गर्‍यो र आफ्नो अभीष्ट वर माग्दै भन्यो-

रमानाथ त्रिलोकेश कृपां कुरु ममोपरि ।
स्वभक्तं तनयं देहि महाबलपराक्रमम् ॥ २७-२७ ॥

मलाई देवताले पराजित गर्न नसक्ने पुत्र दिनुहोस् ।

विष्णु- तथास्तु ! भन्दै अन्तर्ध्यान भए ।

दम्भले पनि सबै दिशाहरूमा वन्दना गर्‍यो र घर फर्कियो । समय आएपछि राधाले श्राप दिएकी सुदामा गोप दम्भकी पत्नीको गर्भमा आयो ।

सुदामा नाम गोपो यो कृष्णस्य पार्षदाग्रणीः ।
तस्या गर्भे विवेशासौ राधाशप्तश्च यन्मुने ॥ २७-३२ ॥

गर्भमा आउनासाथ पत्नी दसै दिशालाई प्रकाशित गर्न थालिन् । अतुलनीय तेज र कान्ति गर्भस्थ शिशुमा थियो । समय आएपछि बालकको जन्म भयो । दम्भले त्यस समयमा ठुलो उत्सव गर्‍यो र बालकको नाम शङ्खचूड राख्यो ।

नाम चक्रे पिता तस्य शङ्खचूडेति सद्दिने ।
पितुर्गेहे स ववृधे शुक्लपक्षे यथा शशी ॥ २७-३४ ॥

शङ्खचूड अत्यन्त तेजस्वी थियो । उसले बाल्यकालमा सबै विद्या सिक्यो । सबैको प्रेमपात्र बन्दै गयो । कुलकै उद्धार गर्ने तेज शङ्खचूडको शरीरमा देखिन्थ्यो ।

ब्रह्मालाई खुसी पार्न शङ्खचूडद्वारा पुष्कर क्षेत्रमा तपस्यारम्भ

ततश्च शङ्खचूडोऽसौ जैगीषव्योपदेशतः ।
तपश्चकार सुप्रीत्या ब्रह्मणः पुष्करे चिरम् ॥ २८-१ ॥

सर्वप्रथम आफू बलशाली बन्नका लागि शङ्खचूडले जैगीषव्य मुनिसँग दीक्षा लियो र पुष्कर क्षेत्रमा गयो अनि तपस्या प्रारम्भ गर्‍यो । तपस्याको प्रभावले त्रिलोक नै सन्तप्त हुन थाल्यो । त्यसपछि ब्रह्मा शङ्खचूडको तपस्थलीमा गए र वरदानका लागि प्रेरित गरे ।

शङ्खचूड- आफ्ना अगाडि लोकपिता ब्रह्मालाई देखेपछि शङ्खचूडले स्तुति वन्दना गऱ्यो र वरदान माग्दै भन्यो, 'म समस्त देवताहरूलाई जित्न सकूँ ।'

ब्रह्मा- तथास्तु ! भन्दै कृष्णकवच पनि दिए । यो कवच धारण गरेर युद्ध गर्दा कसैले पनि वध गर्न सक्तैनथ्यो । शङ्खचूडलाई भने, 'धर्मध्वजपुत्री तुलसीसँग विवाह गर्नु, जो अहिले बदरीकाश्रममा तपस्यारत छिन् ।'

बदरीं सम्प्रयाहि त्वं तुलस्या सह तत्र वै ।
विवाहं कुरु तत्रैव सा तपस्यति कामतः ॥ २८-७ ॥

यसरी वरदान, कृष्ण कवच र तुलसीसँग विवाह गर्न आज्ञा दिएर ब्रह्मा अन्तर्ध्यान भए । शङ्खचूडले पनि सबै दिशालाई वन्दना गऱ्यो । श्रीकृष्ण कवच धारण गऱ्यो र ब्रह्माले भनेझैँ बदरीकाश्रमतिर लाग्यो, जहाँ तुलसी सुयोग्य वरार्थ तपस्यारत थिइन् । तुलसीको सु-दिव्य अङ्गकान्ति, रूपलावण्य देखेर शङ्खचूड मोहित भयो र सोध्न थाल्यो ।

शङ्खचूड र तुलसीको गन्धर्व विवाह

शङ्खचूड- का त्वं कस्य सुता त्वं हि किं करोषि स्थितात्र किम् ।
मौनी भूता किङ्करं मां सम्भावितुमिहार्हसि ॥ २८-१४ ॥

तिमी को हौ ? यो निर्जन वनमा किन तपस्या गरिरहेकी छ्यौ ?

तुलसी- धर्मध्वजसुताऽहं च तपस्यामि तपस्विनी । २८-१६ ।

तिमी चाहिँ को हौ ? यहाँबाट सुखपूर्वक फर्क । नारी जातिलाई विश्वास गर्नुहुँदैन । ब्रह्मादि समेतलाई फसाउँछन्, भरोसा गर्नुहुँदैन । नारी भनेका विषसमान, निन्दनीय दोषलाई उत्पन्न गर्ने मायास्वरूप हुन्छन् र विचारवान् पुरुष नरीदेखि टाढै रहन्छन् ।

शङ्खचूड- त्यसपछि शङ्खचूडले यथार्थ कुरा राखे । म ब्रह्माको आज्ञानुसार पाणिग्रहण गर्न आएको हुँ । म पूर्वजन्ममा श्रीकृष्णको प्रिय सखा सुदामा गोप थिएँ । राधाको श्रापले दैत्यकुलमा मैले जन्म लिनुपऱ्यो । त्यसैले मैले दम्भ दैत्यको पुत्र भएर जन्म लिएको हुँ । मेरो नाम शङ्खचूड हो । श्रीकृष्णको कृपाले पूर्वजन्मको स्मृति मसँग यथावत् छ । म तिमीसँग गन्धर्व विवाह गर्न चाहन्छु ।

गान्धर्वेण विवाहेन त्वां ग्रहीष्यामि शोभने । २८-२१ ।

तुलसी- तपाईंको सत्यवचनले म हारेँ र तपाईंले जित्नुभयो ।

त्वयाहमधुना सत्त्वविचारेण पराजिता ।
स धन्यः पुरुषो लोके न स्त्रिया यः पराजितः ॥ २८-२६ ॥

जसको मनलाई स्त्रीहरूले हराइदिन्छन् । उनीहरू मृत्युपश्चात् मात्र शुद्ध हुन्छन् । जो

स्त्रीको वशमा छ, उसले गरेको जप-तप-होम-पूजा सबै व्यर्थ मानिएको छ । जन्म, मरण र सूतकमा ब्राह्मण दश रात्रिमा शुद्ध हुन्छ । क्षत्रिय बाह्र रात्रिमा शुद्ध हुन्छ । वैश्य पन्ध्र रात्रि र शूद्र एक महिनामा शुद्ध हुन्छ, तर स्त्रीको वशमा रहेको पुरुष चितादाहले मात्र शुद्ध हुन्छ ।

शुध्येद्विप्रो दशाहेन जातके मृतसूतके ।
क्षत्रियो द्वादशाहेन वैश्यः पञ्चदशाहतः ॥ २८-२८ ॥
शूद्रो मासेन शुध्येत्तु हीति वेदानुशासनम् । २८-२९ ।

ब्रह्माको आगमन र शङ्खचूड-तुलसीको गन्धर्व विवाह

यसरी शङ्खचूड-तुलसी वार्तालाप गरिरहेका थिए । त्यही समयमा लोकपिता ब्रह्मा आइपुगे र दुवैलाई सम्बोधन गर्दै भने-

ब्रह्मा- हे शङ्खचूड- तुलसी ! अब पनि के विषयमा चर्चा गर्नु रह्यो र ? गन्धर्वविधिले विवाह गर । तिमी पुरुषरत्न हौ भने यिनी स्त्रीरत्न हुन् । हे तुलसी ! यस्तो गुणवान् पुरुषसँग केको परीक्षा लिन चाहन्छ्यौ ? तिमीहरू दुवै अन्तमा श्रीकृष्णको धाम गोलोक प्राप्त गर्नेछौ ।

अनेन सार्धं सुचिरं विहारं कुरु सर्वदा ।
अन्ते प्राप्यति गोलोके श्रीकृष्ण पुनरेव सः ॥ २८-३८ ॥

त्यसपछि ब्रह्माको आज्ञानुसार दुवैले गन्धर्व विवाह गरेर पिताको घर गई सानन्द रहन थाले ।

अध्याय एकोनत्रिंश, त्रिंश, एकत्रिंश

शङ्खचूडलाई असुरराज्याभिषेक, तीनै लोकमाथि विजय, देवता पराजित भएर ब्रह्मा, विष्णु हुँदै शिवको शरणमा जानु, शिवद्वारा देवताहरूलाई उपदेश दिएर शङ्खचूडको वधार्थ उद्यत हुनु

सनत्कुमार- हे व्यासजी ।

यता शङ्खचूड धर्मपत्नी तुलसीलाई लिएर घर गयो । दानव प्रसन्न भए । गुरु शुक्राचार्यलाई अगाडि राखेर उनकै सम्मतिअनुसार शङ्खचूडलाई असुराधिपतिको रूपमा अभिषेक गरियो ।

राज्याभिषेकमासाद्य स रेजेऽसुरराट् तदा । २९-१ ।

शङ्खचूडले दानवराज पदवी प्राप्त गरेपछि सर्वप्रथम ठूलो असुर सेना लिएर स्वर्गमा चढाइ गऱ्यो । देवसेना र दानवसेना बिच महासङ्ग्राम भयो । अन्ततोगत्वा ब्रह्माको वरदानले शङ्खचूड विजयी भयो, देवताहरू पलायन भए र पहाडहरूको गुफामा गएर लुके,

शङ्खचूड स्वयं इन्द्र भएर राज्य गर्न थाल्यो ।

त्रैलोक्यं स्ववशं चक्रे यज्ञभागांश्च कृत्स्नशः ।
स्वयमिन्द्रो बभूवापि शासितं निखिलं जगत् ॥ २९-२० ॥

शङ्खचूडले देवताहरूको अधिकार कब्जा गऱ्यो र प्रजापालन प्रेमपूर्वक गर्न थाल्यो । उसको शासन कालमा अकाल, दुर्भिक्ष कहिल्यै भएन । विनाखनजोत नै पृथ्वीले अन्न, फलफूल दिन्थिन्, वृक्षमा सधैं फल लटरम्म हुन्थे । नदीहरूमा पानी सधैं पूर्ण रहन्थ्यो । चारै वर्ण, सम्प्रदाय सबै आ-आफ्नो कार्यमा निरन्तर संलग्न रहन्थे । सबै प्रसन्न थिए, आँधीव्याधि कतै थिएन । प्रजा निर्भय र खुसी थिए ।

तस्य राज्ये न दुर्भिक्षं न मारी नाशुभग्रहाः ।
आधयो व्याधयो नैव सुखिन्यश्च प्रजाः सदा ॥ २९-२५ ॥

केवल देवताहरू दुःखी थिए, बाँकी सबै चराचर प्रसन्न थिए । कयौं वर्षपर्यन्त यसरी नै शङ्खचूडले राज्य गऱ्यो । देवताहरू अधिकारविहीन भएकाले निराश, चिन्तित र उदास थिए । त्यसैले उनीहरूले मुनिहरूलाई साथमा लिएर ब्रह्माको शरणमा गए । ब्रह्माले उनीहरूलाई आश्वासन दिंदै विष्णुको समीप लिएर गए । विष्णुले ब्रह्मासहित देवगण आएको देखेर कारण सोधे-

विष्णु- किमर्थमागतोऽसि त्वं वैकुण्ठं योगिदुर्लभम् । २९-४१ ।

देवता- हे प्रभु ! तपाईं नै हाम्रो पालक र रक्षक हुनुहुन्छ । हामी तपाईंको शरणमा छौं । शङ्खचूडले गरेको अत्याचार तपाईंलाई थाहा नै छ । हामी अधिकारविहीन भएका छौं । कन्दराहरूमा हाम्रो निवास छ, सधैं डराएर, लुकेर बसेका छौं । जसरी हुन्छ हामीलाई हाम्रो अधिकार दिलाइदिनुहोस् ।

विष्णुद्वारा देवताहरूलाई शङ्खचूड वधको उपाय बताउनु

शङ्खचूडस्य वृत्तान्तं सर्वं जानामि पद्मजः ।
मद्भक्तस्य च गोपस्य महातेजस्विनः पुरा ॥ २९-४५ ॥

विष्णु- हे ब्रह्मा ! शङ्खचूडको विषयमा म सम्पूर्ण इतिवृत्त जान्दछु । ऊ मेरो भक्त हो । राधाको श्रापले गर्दा दैत्यकुलमा जन्म लिनुपरेको हो र शिवको शूलद्वारा उसको वध हुनेछ । यो वरदान श्रीकृष्णले उनलाई दिएका छन् ।

रुद्रशूलेन तन्मृत्युः कृष्णेन विहितः पुरा ।
ततः स्वदेहमुत्सृज्य पार्षदः स भविष्यति ॥ २९-५६ ॥

त्यसैले, तिमीहरू शिवको शरणमा जाओ । उनले नै शङ्खचूडको कल्याण गर्नेछन् । यस कार्यका लागि म पनि साथमा जान्छु । त्यसपछि विष्णु, ब्रह्मा देवगणसहित शिवसँग विमर्श

गर्न अलौकिक दिव्य कैलास धामको यात्राका लागि निस्किए ।

कैलासगमन, शिवद्वारा शङ्खचूड वध गर्ने आश्वासन दिनु

शिवलोकं महादिव्यं निराधारमभौतिकम् । ३०-१ ।

कैलासमा पुगेर ब्रह्मा, विष्णु एवं देवताहरूले शिवको दिव्यदर्शन एवं स्तुति गरे । त्यसपछि आफ्नो अभिप्राय बताए र शङ्खचूडलाई वध गर्न निवेदन गरे । यसै बिचमा श्रीकृष्ण-राधा पनि त्यहाँ पुगे र आफ्नो प्रिय भक्त सुदामालाई उद्धार गर्न प्रार्थना गरे । सबैको याचना सुनेर सान्त्वना दिँदै शिवले भने-

शिव- **हे हरे हे विधे देवा स्वस्थानं गच्छत ध्रुवम् ।**
शङ्खचूडं वधिष्यामि सगणं नात्र संशय ॥ ३१-५३ ॥

सुदामा अभिमानले भरिएको थियो । त्यसैले मेरै प्रेरणाले उसले यो दैत्ययोनिको श्राप पाएको हो । अहिले उसले देवताहरूको अधिकार लिएर सताएको हुनाले उसको वध गरी, तिमीहरूको अधिकार अवश्य दिलाउनेछु । साथै ऊ निर्मल भएर पुनः गोलोक धाममा पूर्ववत् श्रीकृष्णको सखा भएर नै रहनेछ ।

शिवको मुखारविन्दबाट अमृततुल्य वचन सुनेर ब्रह्मादि देवता अत्यन्त प्रसन्न भए । अब भने शङ्खचूड मर्ने पक्का भयो भन्ने सोच्दै आ-आफ्ना दिव्य धामतर्फ फर्किए र समयको प्रतीक्षा गर्न थाले ।

अध्याय द्वात्रिंश, त्रयस्त्रिंश, चतुस्त्रिंश, पञ्चत्रिंश

शिवले चित्ररथ (पुष्पदन्त) लाई दूतमा नियुक्त गरी शङ्खचूडकहाँ पठाउनु, शिवगण सेनासहित युद्धार्थ प्रस्थान, शङ्खचूडले पनि पुत्रलाई राज्य सुम्पी पत्नी तुलसीलाई आश्वासन दिएर गणहरूका साथमा युद्धार्थ प्रस्थान, दुवैतर्फबाट दूतलाई पठाउनु

सनत्कुमार- हे व्यासजी ! त्यसपछि दुष्टहरूका विनाशक सज्जनहरूका रक्षक शिवले देवताहरूको इच्छानुसार शङ्खचूडलाई वध गर्ने निश्चय गरे । यस कार्यको थालनी गर्ने क्रममा शिवले गन्धर्वका स्वामी प्रिय चित्ररथ जसको अर्को नाम पुष्पदन्त थियो, दूत बनाएर शङ्खचूड समीप पठाए ।

दूतं कृत्वा चित्ररथं गन्धर्वेश्वरमीप्सितम् । ३२-२ ।

शिवाज्ञालाई शिरोधार्य गर्दै पुष्पदन्त शीघ्र शङ्खचूड समीप गए, द्वारपाललाई आफू शिवले पठाएको दूत भनेर महलभित्र प्रवेश गरे । महलको दिव्यता एवं भव्यता अवर्णनीय थियो ।

शङ्खचूड रत्नसिंहासनासीन थिए । सय करोड सैन्य शस्त्रसहित र तीन करोड सैन्य विनाशस्त्रले चारै तिरबाट पहरा दिइरहेका थिए । पुष्पदन्तले आफ्नो परिचय दिए र आगमनको कारण बताउँदै शिवको सन्देश यसरी बताउन थाले ।

पुष्पदन्त- हे दैत्यराज, शिवको सन्देश यस्तो छ-

राज्यं देहि च देवानामधिकारं हि साम्प्रतम् ।
नो चेत्कुरु रणं सार्द्धं परेण च मया सताम् ॥ ३२-११ ॥

देवताहरूको अधिकार (राज्य) वापस गरिदेऊ । होइन भने युद्ध गर्न तयार होऊ । म शरणागतवत्सल र दुष्टसंहारक हुँ । तिमी अर्काको अधिकार फिर्ता गर्छौ कि युद्ध गर्न तयार छौ ? सोचेर, विचार गरेर एउटा निर्णय देऊ-

राज्यं दास्यसि किं वा त्वं करिष्यसि रणं च किम् । ३२-१४ ।

शिवदूतको कुरा सुनेर शङ्खचूड क्रोधले आक्रान्त भयो र वीरोचित वाणीले उत्तर दिँदै भन्यो ।

शङ्खचूड- **राज्यं दास्येन देवेभ्यो वीरभोग्या वसुन्धरा ।**
रणं दास्यामि ते रुद्र देवानां पक्षपातिने ॥ ३२-१८ ॥

हे दूत ! यो वसुन्धरा वीरहरूको हो । युद्धद्वारा नै यसको उचित निर्णय हुनेछ । सदियौंदेखि वीरले नै यसको उपभोग गर्दै आएका छन् । त्यसैले तिमी गएर यही सन्देश सुनाइदेऊ । म भोलि बिहान युद्ध गर्न शिवसमीप आउनेछु ।

पुष्पदन्त- हे शङ्खचूड ! म तिमीसँग तिम्रै हितको कुरा भन्दछु । त्यसलाई सुनेर मनन गर अनि मात्र निर्णय लेऊ । शिवसँग असङ्ख्य गण छन् । उनका समीप तिमी उभिन पनि सक्तैनौ । शिवलाई अरू देवताझैँ सामान्य नसम्झ । उनी त सबै देवहरूका पनि देव महादेव हुन् । त्यसैले देवताहरूको राज्य फिर्ता गरी स्वयं पातलमा जाऊ र परिवारसहित सानन्द जीवन व्यतीत गर । यसैमा तिम्रो भलाइ छ ।

स त्वं देहि च देवानामधिकाराणि सर्वशः ।
त्वमरं गच्छ पातालं यदि जीवितुमिच्छसि ॥ ३२-२३ ॥

त्यतिमात्र होइन, शिव त सबैका स्वामी, सगुण-निर्गुण हुन् । उनी सज्जनहरूका संरक्षक र दुष्टजनका संहारक हुन । सबै देवगण, ऋषि, मुनि, यक्ष, नाग, किन्नर उनका आज्ञापालक छन्, उनको भ्रूभङ्ग मात्रले नै सम्पूर्ण प्रलय हुन्छ । विचारपूर्वक निर्णय लेऊ ।

यस्य भ्रूभङ्गमात्रेण सर्वेषां प्रलयो भवेत् । ३२-२६ ।

शङ्खचूड- हे दूत ! मैले विचार गरेर नै भनेको हुँ । स्वतः राज्य त म दिन्नँ । युद्धले नै यसको निर्णय गर्नेछ । सम्पूर्ण जगत् त्यसै पनि कालको अधीन छ । जे हुनेछ समयले नै बताउनेछ । यही कुरा गएर भनिदेऊ । ज्यादा बोलेर के फाइदा !

कालाधीनं जगत्सर्वं विज्ञेयं सचराचरम् ।
कालाद्भवति सर्वं हि विनश्यति च कालतः ॥ ३२-३३ ।

शिव गणहरूका साथ युद्धार्थ प्रस्थान

शिवदूत पुष्पदन्त फर्किए र जस्तो वार्तालाप शङ्खचूडसँग भएको थियो, सबै वर्णन गरी शिवलाई अवगत गराए । त्यसपछि शिव क्रोधमा आए अनि वीरभद्रादि सबै गणहरूलाई युद्धमा जानका लागि तयार हुन आज्ञा दिए ।

शिवाज्ञा पाएर वीरभद्र, नन्दी, क्षेत्रपाल, अष्टभैरव, स्कन्ध, गणेश आदि आ-आफ्ना शस्त्रास्त्र, वाहन सुसज्जित गरी निस्किए । त्यसैगरी महाकाल, सुभद्रक, विशालाक्ष, बाण, पिङ्गाक्ष, विकम्पन, विरूप, विकृति, मणिभद्र, वाष्कल, कपिल, दीर्घद्रष्ट, विकर, ताम्रलोचन, कालङ्कर, बलिभद्र, कालजिह्व, कुटिचर, बलोन्मत, दुर्जय, दुर्गम आदि करोडौं सङ्ख्यायुक्त गण पछि लागे ।

किं बहूक्तेन देवर्षे सर्वलोकनिवासिनः ।
ययुः शिवगणाः सर्वे युद्धार्थं दानवैः सह ॥ ३३-३२ ॥

त्यसैगरी भद्रकाली, योगिनी, शाकिनी, डाकिनी, भूतप्रेत, पिशाच, कुष्माण्ड, बह्मराक्षस, वेताल, राक्षस, यक्ष, किन्नर आदि आ-आफ्ना गणसहित युद्धार्थ निक्ले ।

यसरी नै वैष्णवास्त्र, वारणास्त्र, वायव्यास्त्र, नारायणास्त्र, गन्धर्वास्त्र, ब्रह्मास्त्र, गरुडास्त्र, पर्जन्यास्त्र, पाशुपतास्त्र, जृम्भणाशस्त्र, पर्वतास्त्र, महेश्वरास्त्र, सम्मोहनास्त्र, दिव्यसमर्थास्त्र, नागपाश, यमदण्ड, कालदण्ड, मुशल, वज्र, खड्ग, ढाल, तलवार, त्रिशूल, शक्ति, धनुष आदि अनेक दिव्य शस्त्रास्त्र पनि शिव सहायतार्थ युद्धाका लागि निस्किए ।

यी सबै गण र शस्त्रास्त्रसहित शिव वृषभारूढ भएर तीनै लोकलाई देदीप्यमान गराउँदै युद्धार्थ निस्किए र चन्द्रभागा नदीको किनारमा रहेको वटवृक्षमुनि शिवगणसहित युद्धको प्रतीक्षा गर्दै बसे ।

चन्द्रभागानदीतीरे वटमूले मनोहरे ।
तत्र तस्थौ महादेवो देव निस्तारहेतवे ॥ ३३-४९ ॥

शङ्खचूड-तुलसी वार्ता, पुत्रको राज्याभिषेक तथा युद्धार्थ सेनासहित प्रस्थान

शिवदूत (पुष्पदन्त) गएपछि शङ्खचूड घरभित्र गयो । पत्नी तुलसीलाई सम्पूर्ण वृत्तान्त बताएर युद्धार्थ आज्ञा माग्यो । रात्रिभर दुवैले अनेक प्रकारले क्रीडा गरे । ब्रह्म मुहूर्तमा उठेर दान गऱ्यो ।

ब्राह्मे मुहूर्ते चोत्थाय प्रातः कृत्यं विधाय च ।
नित्यकार्यं च कृत्वादौ ददौ दानमनन्तकम् ॥ ३४-७ ॥

ब्रह्म मुहूर्तमा उठेर नित्यकर्म गरेपछि अनन्त दान गर्‍यो । आफ्नो पुत्रलाई असुरपदको राज्याभिषेक गर्‍यो । सम्पत्ति पुत्र तथा पत्नीलाई सुम्पियो । रोइरहेकी आफ्नी पत्नीलाई सम्झायो । त्यसपछि सेनापतिलाई बोलाएर शिवसँग युद्ध गर्नका लागि आफ्ना सेनाहरूलाई सुसज्जित हुन आज्ञा दियो । सबै रणकुशल सेनाले परिवेष्टित भएर शङ्खचूड तीन लाख सेनासहित निस्कियो ।

त्रिलक्षाक्षौहिणीयुक्तो माङ्गल्यं च चकार ह । ३४-१८ ।

शङ्खचूड पनि पुष्पभद्रा नदीको किनारामा पुग्यो, जो सिद्धक्षेत्र र स्वयं कपिलमुनिले तपस्या गरेको पवित्र क्षेत्र हो ।

पुष्पभद्रानदीतिरे यत्राक्षयवट शुभः ।
सिद्धाश्रमे च सिद्धानां सिद्धिक्षेत्रं सुसिद्धिदम् ॥ ३४-२० ॥
कपिलस्य तपःस्थानं पुण्यक्षेत्रे च भारते ।
तत्र गत्वा शङ्खचूडः शिवसेनां ददर्श ह ॥ ३४-२५ ॥

पुष्पभद्रा नदीको किनारमा अवस्थित अक्षयवट मुनि शङ्खचूड र उसका तीन लाख शस्त्रास्त्रले सुसज्जित सेना रोकिए र युद्धको प्रतीक्षा गर्न थाले ।

शङ्खचूडको दूत र शिवको वार्तालाप

त्यसपछि दानवराज शङ्खचूडले विद्वान् एवं तार्किक दानवलाई दूत बनाएर शिवसमीप पठायो । दूतले शिव-भद्रकाली-स्कन्ध-गणेश आदिको भलीभाँती दर्शन गर्‍यो । प्रणाम गर्‍यो र विनम्र भावले परिचय दिँदै भन्यो-

शङ्खचूड दूत- **शङ्खचूडस्य दूतोऽहं त्वत्सकाशमिहागतः ।**
वर्तते ते किमिच्छाऽद्य तत्त्वं ब्रूहि महेश्वरः ॥ ३५-११ ॥

हे शिव ! म शङ्खचूडको दूत हुँ । तपाईंको के इच्छा छ भन्नुहोस् ।

शिव- हे दूत ! तिम्रा स्वामी कृष्णका सखा थिए र राधाको श्रापले दानवयोनिमा आउनुपरेको हो । उनी कश्यपवंशी हुन् र देवता पनि कश्यपवंशी नै हुन् । दुवै भाइ-भाइ हुन् । त्यसैले जातिद्रोह-भ्रातृद्रोह गर्नु उचित होइन । आफ्नो अधिकार क्षेत्रको राज्यभोग गर्दै उनी खुसी रहुन्, र देवता पनि आफ्नो राज्य प्राप्त गरी खुसी रहुन् । त्यसैले देवताका राज्य फिर्ता गरी युद्धविराम गरौं ।

देहि राज्यं च देवानां मत्प्रीतिं रक्ष दानव । ३५-२१ ।

त्यसै पनि ज्ञातिजन, मातृजनमा द्रोह गर्नु ब्रह्महत्यादि पापभन्दा सोह्र गुणा भयङ्कर मानिएको छ ।

यानि कानि च पापानि ब्रह्महत्यादिकानि च ।
ज्ञातिद्रोहज पापस्य कलां नार्हन्ति षोडशीम् ॥ ३५-२३ ॥

यही सन्देश आफ्नो स्वामीलाई गएर सुनाइदेऊ ।

शङ्खचूड दूत- हे देव ! तपाईंले भनेका कुरा ठिक हुन् । मातृद्रोह-जातिद्रोह गर्नु महापाप हो तापनि म केही कुरा तपाईंलाई भन्न चाहन्छु । (तर्कयुक्तवाणी प्रयोग गर्दै) तपाईंले भनेको जातिद्रोह गर्नु महापाप हो । यो केवल असुरका लागि मात्र बनेको नियम हो वा देवताहरूका लागि पनि हो ? देवताहरूले पटक-पटक दानवहरूमाथि कस्तो व्यवहार गर्दै आएका छन् ? सुन्नुहोस् र उचित निर्णय दिनुहोस् । केही उदाहरण दिन्छु-

(१) प्रलयकालमा विष्णुले मधुकैटभको शिर किन काटे ?
(२) तपाईंले देवताहरूको पक्ष लिएर त्रिपुरासुरलाई किन भस्म गर्नुभयो ? उनको के गल्ती थियो ?
(३) वामनले बलिको सर्वस्व हरण गरेर किन पाताल पठाए ?
(४) सुतल आदि लोकमा सुरक्षार्थ गदाधरलाई किन नियुक्त गरिएको ?
(५) हिरण्याक्ष- हिरण्यकशिपुलाई देवताहरूले किन वध गरे ?
(६) शुम्भादि असुरहरूलाई देवताहरूले किन वध गरे ?
(७) समुद्र मन्थनबाट निस्केको अमृत देवताहरूले मात्र किन पान गरेको ? कष्ट हामीले उठायौं, फल देवताहरूले मात्र पाए । किन ?

क्लेशभाजो वयं तत्र ते सर्वे फलभोगिनः । ३५-३३ ।

यी केही उदाहरण मात्र हुन् । यस्ता अनगिन्ती प्रसङ्गहरू छन् जहाँ दानवले राम्रो काम गर्दागर्दै देवताहरूमा ईर्ष्या उत्पन्न भई दानवहरूको संहार हुँदै आएको छ । खैर, यी सबै देवदानव बिचको आपसी मामला हो । तपाईं त दुवैको स्वामी, पूजनीय, वन्दनीय हुनुहुन्छ । तपाईंले त सही र गलतको पहिचान गरी रक्षा गर्नु पर्दैन ? तपाईं स्वयं युद्ध गर्न किन तम्सिएर आउनुभएको हो ? उत्तर दिनुहोस् ।

शिव- हे दूत ! तिमीले तर्कसङ्गत कुरा राख्यौ । तिम्रा जिज्ञासा जायज छन् । तर म भक्त पराधीन हुँ । म कसैको पक्ष लिन्नँ । तिमीले उठाएका उपर्युक्त सबै प्रसङ्गमा भक्तले पुकारेका कारण ती घटना घटेका हुन् । हामी स्वतन्त्र छैनौं, भक्ताधीन छौं ।

वयं भक्तापराधीना न स्वतन्त्राः कदापि हि ।
तदिच्छया तत्कर्माणो न कस्यापि च पक्षिणः ॥ ३५-४० ॥

अहिले पनि देवताहरूको प्रार्थनाले म युद्ध गर्न आएको हुँ । यसमा के लाज ? के पक्षविपक्ष ? देवताहरूले दीन भावले पुकारे र त्यसकै खातिर उनीहरूको कल्याण गर्न आएको हुँ । देवकार्य गरेरै जान्छु । यति भनी शिव मौन भए । दूत फर्कियो र स्वामीलाई सबै बतायो ।

अध्याय षट्त्रिंश, सप्तत्रिंश, अष्टत्रिंश, एकोनचत्वारिंशत् चत्वारिंशत्, एकचत्वारिंशत्

देवासुर-सङ्ग्राम, शिव-शङ्खचूड युद्धका क्रममा आकाशवाणी, विष्णुद्वारा शङ्खचूडको श्रीकृष्णकवच हरण र तुलसीको शीलहरण, शिवद्वारा शङ्खचूड वध, तुलसी, शालिग्राम र गण्डकी नदीको उत्पत्ति

सनत्कुमार- हे व्यासजी ! शङ्खचूडको दूत फर्किएर सम्पूर्ण शिव सन्देश सुनायो । दूतको वचन सुनेपछि शङ्खचूड क्रोधयुक्त भयो । तुरुन्त आफ्ना सेनालाई युद्धार्थ आज्ञा दियो । दानवसेना आउँदै गरेको देखेर शिवले पनि आफ्नो सेनालाई युद्ध गर्न आज्ञा दिए ।

शिवः स्वसैन्यं देवांश्च प्रेरयामास सत्वरः । ३६-४ ।

इन्द्र र वृषपर्वा, भाष्कर र विप्रचिति, दम्भ र विष्णु, कालासुर र काल, गोकर्ण र हुतासन, कालकेय र कुबेर, यम र विश्वकर्मा, भयङ्कर र मृत्यु, कालाम्बिक र वरुण, चञ्चल र वायु, धृतपृष्ठ र बुध, रक्ताक्ष र शीन, रत्नसार र जयन्त, वर्चस र अष्टवसु, दीप्तिमान् र अश्विनीकुमार, धुम्र र नलकुवर, धुरन्धर र धर्म, गणकाक्ष र मङ्गल, शोभाकर र वैश्वान, पिपिट र कामदेव परस्पर युद्ध गर्न थाले ।

वटमूले तदा शम्भुस्तस्थौ काल्याः सुतेन च । ३६-१८ ।

परस्पर योद्धाहरूको मर्मस्थानमा शस्त्रास्त्रको प्रहारले कयौंका अङ्ग छिन्नभिन्न भए । रथ पनि टुक्राटुक्रा भए । घोडाहरू काटिए । शस्त्र तोडिँदै गए । आभूषण आदि छरिँदै गए, रक्तले युद्धभूमि रंगियो, आकाशमा गिद्ध, काग, चील आदि घुम्न थाले । यसरी भयावह युद्ध लामो समयसम्म चलिरह्यो ।

एवं चिरतरं कालं देवदानवयोर्महत् ।
वभूव युद्धं विकटं करालं वीरहर्षदम् ॥ ३६-३५ ॥

देवसेना पराजित भएपछि स्कन्ध र भद्रकाली युद्धभूमिमा प्रवेश

अन्ततोगत्वा दैत्यहरूले देवसेनालाई पराजित गरे । देवता रणभूमिबाट पलायन हुँदै शिवशरणमा आए र रक्षार्थ याचना गर्न थाले ।

तदा देवगणाः सर्वे दानवैश्च पराजिताः । ३७- १ ।

भयभीत देवगणलाई सान्त्वना र उत्साह दिँदै शिवले तुरुन्त तारकासुर विनाशक स्कन्ध

र भद्रकालीलाई युद्धार्थ आज्ञा दिए । यी दुवै रणभूमिमा पुगेर बाणको वर्षा गर्न थाले । भद्रकालीले असङ्ख्य राक्षसलाई एकैपल्ट पक्रिँदै निल्न थालिन् । प्रतिकूल स्थिति सिर्जना भएपछि दानवहरू पलायन हुन थाले ।

यसै बिचमा शङ्खचूडले पलायित आफ्ना सेनालाई साहस प्रदान गर्दै युद्धभूमिमा प्रवेश गर्‍यो । त्यसपछि शङ्खचूडले आफूसँग भएको मायावी शक्तिको विस्तार गर्दै पर्वत-सर्प-वृक्ष आदिको वर्षा गर्न थाल्यो ।

पर्वतानां च सर्पाणां नागानां शाखिनां तथा ।
राजा चकार वृष्टिं च दुर्निवार्यां भयङ्करीम् ॥ ३७-२२ ॥

शङ्खचूडको विनाशकारी आक्रमणले सबै डराएर युद्धभूमिबाट पलायन हुँदै गए । केवल स्कन्ध रणभूमिमा डटिरहे । शङ्खचूडले तुरुन्त स्कन्धका शस्त्रास्त्र पनि काटिदियो र मूर्च्छित गराइदियो । क्षणभरमा नै स्कन्ध ब्युँझिए, अनि पर्जन्यास्त्र, आग्नेयास्त्र, आदि अस्त्रहरूको प्रयोग गर्दै शङ्खचूडसँग लामो समयसम्म डटिरहे । अन्तमा शङ्खचूडले स्कन्धको छातीमा शक्ति प्रहार गर्‍यो जसको कारण कार्तिकेय मूर्च्छित र गम्भीर घायल भए । भद्रकालीले तुरुन्त उनलाई उठाएर शिवसमीप लगिन् ।

चिक्षेप शक्तिं सूर्याभां दानवेन्द्रस्य वक्षसि ।
तत्प्रहारेण सम्प्राप मूर्च्छां दीर्घतमेन च ॥ ३७-३३ ॥

भद्रकालीको प्रलयङ्कारी रूप

त्यसपछि महाकालीले विकराल रूप धारण गरी मद्यपानादि भक्षण गरी समरभूमिमा प्रवेश गरिन् । उनका सामुन्ने जो आउँछ सबैलाई भक्षण गर्न थालिन् । लाखौं दानवसेनालाई झुण्डका झुण्डसहित निल्दै गइन् । कहिले सिंहनाद, कहिले अट्टाट्टहास गर्दै करोडौं योगिनीलाई साथमा लिएर, नाच्दै दानवसेनालाई संहार गर्दै गइन् । आफू अगाडि शङ्खचूडलाई देखेर भद्रकालीले क्रमशः आग्नेयास्त्र, नारायणास्त्र, वैष्णवास्त्र, ब्रह्मास्त्र, माहेश्वरास्त्र आदि प्रक्षेपण गरिन्, तर शङ्खचूडले यी सबै अस्त्रहरूलाई निवारण गर्दै गयो । अन्तमा पाशुपतास्त्र उठाइन् र शङ्खचूडमाथि प्रहार गर्न नै आँटेकी थिइन्, आकाशवाणीले रोक्यो ।

आकाशवाणी- **मृत्युः पाशुपतान्नास्त्यमोघादपि चण्डिके ।**
शङ्खचूडस्य वीरस्योपायमन्यं विचारय ॥ ३८-१८ ॥

जब आकाशवाणीले पाशुपतास्त्रले मर्दन र अर्को नै उपाय सोच भनेपछि कालीले अस्त्र प्रहार गरिनन् तर दानवहरूलाई भक्षण गरिरहिन् । यो देखेर शङ्खचूडले पनि अनेकानेक अस्त्र प्रहार गर्न थाल्यो । कालीले कतिपयलाई भक्षण गरिन् त कतिपय अस्त्रलाई टुक्राटुक्रा पार्दै गइन् ।

त्यसपछि कालीले शङ्खचूडलाई निल्नका लागि आफ्नो मुख विशाल बनाएर दौडिन् तर शङ्खचूड अदृश्य भयो र फेरि आकाशवाणी भयो कि शङ्खचूड तिम्रो हातबाट मर्नेछैन ।

आकाशवाणी- **अवध्योऽयं शङ्खचूडस्तव देवीति निश्चयम् । ३८-३५ ।**

आकाशवाणी सुनेपछि काली किञ्चित निराश भइन्, तर पनि कयौं दानवलाई भक्षण गरिन् अनि शिवसमीप गएर सम्पूर्ण रणभूमिको वृत्तान्त सुनाइन् ।

भुक्त्वा पीत्वा भद्रकाली शङ्करान्तिकमाययौ । ३८-३७ ।

शिव-शङ्खचूडबिच घनघोर युद्ध

त्यसपछि शिव स्वयं वृषभारूढ भए । क्षेत्रपाल, भैरव, वीरभद्र, नन्दी आदिलाई साथमा लिएर रणभूमिमा प्रवेश गरे । शिवलाई रणक्षेत्रमा देखेर शङ्खचूड रथबाट ओर्लियो र साष्टाङ्गप्रणाम गऱ्यो ।

शङ्खचूडः शिवं दृष्ट्वा विमानादवरूह्य सः ।
ननाम परया भक्त्या शिरसा दण्डवद् भुवि ॥ ३९-६ ।

त्यसपछि शङ्खचूड र शिवबिच एक सय वर्षपर्यन्त युद्ध भयो । जीत र हार कसैको भएन । निर्णय हुन सकेन, केवल अनेकानेक शस्त्रास्त्रको प्रक्षेपण मात्र भइरह्यो । अन्ततोगत्वा शिवले शूल उठाए र शङ्खचूडको छातीमा वेधन गरे, जसको फलस्वरूप अर्को पुरूष प्रकट भयो, तर शङ्खचूड जीवित नै रह्यो र अर्को प्रकट भएको पुरूषले शिवलाई ललकाऱ्यो ।

त्रिशूलभिन्नहृदयान्निष्क्रान्तः पुरुषः परः ।
तिष्ठतिष्ठेति चोवाच शङ्खचूडस्य वीर्यवान् ॥ ३९-३९ ॥

शिवले तुरून्त उसको शिरच्छेदन गरे र उसको शरीरको रगतलाई कालीले पान गरिन् । शिवले यस बिचमा लगभग सबै दानवहरूको संहार गरे, तर शङ्खचूडलाई सकेनन् ।

यता शङ्खचूडले देख्यो कि प्रायः सबै आफ्ना प्रमुख सेनाहरूको संहार भइसक्यो । ऊ विवश भयो र वार कि पारको नीति अपनायो र एकपछि अर्को गर्दै सबै दिव्यास्त्र प्रयोग गऱ्यो तर शिवले ती सबैलाई ध्वस्त पार्दै गए । त्यसपछि शङ्खचूडले माया विस्तार गर्दै जलमय, पर्वतमय, अग्निमय, वृक्ष, सरीसृप आदि अनेक शस्त्रास्त्रले आक्रमण गऱ्यो । शिवले ती सबैलाई माहेश्वरास्त्रद्वारा निवारण गरे ।

माहेश्वरं महादिव्यं सर्वमायाविनाशनम् । ४०-६ ।

विष्णुद्वारा शङ्खचूडको कवचहरण र तुलसीको शीलभङ्ग

अन्त्यमा शिवले शङ्खचूडलाई वध गर्ने निश्चय गरे र अमोघ त्रिशूल उठाए । सन्धान गरेर शङ्खचूडमाथि प्रहार गर्न लाग्दा आकाशवाणीले रोक्यो र भन्यो-

आकाशवाणी- हे देवाधिदेव ! जबसम्म शङ्खचूडको शरीरमा श्रीकृष्ण कवच र तुलसीको

शील सुरक्षित रहनेछ तबसमम यसको वध हुनेछैन । ब्रह्माले यही वर दिएका छन् र पहिले यसको उपाय गर, अनि मात्र कार्यसिद्धि हुनेछ ।

यावदस्य करेऽत्युग्रं कवचं परमं हरेः ।
यावत्सतीत्वमत्स्येवं सत्या अप्यस्य योषितः ॥ ४०-१२ ॥

आकाशवाणी सुनेपछि शिवले विष्णुको स्मरण गरे र उपर्युक्त दुवै कार्य सम्पादनका लागि प्रेरित गरे । त्यसपछि शिवाज्ञा शिरोधार्य गर्दै विष्णुले वृद्धब्राह्मण भिक्षुक रूप धारण गरी रणभूमिमा गए र शङ्खचूडसँग भिक्षाको रूपमा कवच मागे ।

वृद्धब्राह्मण विष्णु- हे दानवराज ! तपाईं त्रिलोकमा दानी मानिनुहुन्छ अरे । देवगण तपाईंका वशमा छन् अरे । म यदृच्छया भिक्षाटन गर्ने साधारण अकिञ्चन ब्राह्मण हुँ र एउटा वस्तु माग्न तपाईंको समीप आएको छु । पहिले दिन्छु भनेर वचनबद्ध हुनुहोस्, अनि मात्र याचना गर्नेछु ।

शङ्खचूड- हे ब्राह्मण देवता ! म तिम्रो याचकत्वदेखि प्रभावित भएँ । जे माग्नु छ माग । म दिन तयार छु ।

वृद्धब्राह्मण विष्णु- **देहि भिक्षां दानवेन्द्र मह्यं प्राप्ताय साम्प्रतम् ।**
कवचार्थी जनश्चाहमित्युवाचेति सच्छलात् ॥ ४०-१६ ॥

पहिले नै वचनबद्ध तुल्याएकाले शङ्खचूडले आफ्नो सर्वजयी श्रीकृष्ण कवच उतारेर दियो । मायावी विष्णुले कवच लिएर अन्तर्ध्यान भए अनि कवच धारण गरी तुलसीसमीप गए । तुलसी आफ्ना स्वामी देखेर अत्यन्त प्रसन्न भइन्, स्वामीको स्वागत गरिन् अनि घरभित्र लगिन् । युद्धको सम्पूर्ण वृत्तान्त सोधिन् । मिष्ठान्न भोजन गराइन् र रात्रिको समयमा आनन्दवर्द्धक अनेक वार्तालाप गरेर दुवै जना एकैसाथ सुते, जसको फलस्वरूप मायावी विष्णुले सहजतापूर्वक तुलसीको शील भङ्ग गरिदिए ।

गत्वा तत्र हरिस्तस्या योनौ मायाविशारदः ।
वीर्याधानं चकाराशु देवकार्यार्थमीश्वरः ॥ ४०-२१ ॥

शिवद्वारा शङ्खचूडको वध

शङ्खचूड एकातिर कवचविहीन भयो भने अर्कातिर उसकी पत्नी तुलसीको शीलभङ्ग भयो । यही बेला शिवले 'अमोघ विजय' नामक त्रिशूल उठाए, जुन करोडौं सूर्यकान्तिसमान तेजस्वी थियो । आकाशमा घुमाएर शङ्खचूडमाथि प्रहार गरे, जसको आहतले शङ्खचूड सधैंका लागि खरानी भयो ।

विभ्रमद् व्योम्नि तच्छूलं शङ्खचूडोपरि क्षणात् ।
चकार भस्म तच्छीघ्रं निपत्य शिवशासनात् ॥ ४०-२८ ॥

शङ्खचूडको वध हुनासाथ शिवमाथि आकाशबाट पुष्पवृष्टि भयो । स्वर्गमा दुन्दुभि बाजा

बज्न थाले । गन्धर्व गाउन थाले । अप्सराहरू नाच्न थाले । देवगण प्रसन्न भए । सबैतिर जयजयकारको ध्वनि गुञ्जायमान भयो । सर्वत्र खुसियालीको वर्षा भयो । यता शङ्खचूड श्रापमुक्त भएर आफ्नो पूर्वरूपमा गयो र उसको शरीरको हड्डीबाट शङ्ख बन्यो ।

अस्थिभिः शङ्खचूडस्य शङ्खजातिर्बभूव ह ।
प्रशस्तं शङ्खतोयं च सर्वेषां शङ्करं विना ॥ ४०-३३ ॥

शङ्खजल शिवबाहेक सबै देवताहरूको प्रिय मानिन्छ । खासगरी विष्णु-लक्ष्मीको अधिक प्रिय हो । शङ्खजलले अभिषेक गर्नाले, यसलाई बजाउनाले, पूजामा प्रयोग गर्नाले लक्ष्मीको सदैव असीम कृपा र भूतप्रेत आदिको शमन हुन्छ ।

उपसंहार

शङ्खचूड उपाख्यान आनन्ददायक, सर्वदुःखनाशक, लक्ष्मीवर्द्धक एवं सबै खाले कामनाहरूको परिपूर्ति गर्ने चरित्र हो । यसलाई जो सुन्छ या सुनाउँछ वा पढ्छ या पढाउँछ उनीहरू सबै यस लोकमा धनधान्य, सुत, सौख्य प्राप्त गरी अन्तमा शिवलोकवासी हुन्छन् ।

धन्यं यशस्यमायुष्यं सर्वविघ्ननिवारणम् ।
भुक्तिदं मुक्तिदं चैव सर्वकामफलप्रदम् ॥ ४०-३९ ॥

यो उत्तम कथानक सबै खाले उपद्रवहरूको नाश गर्ने, उत्तम ज्ञान प्रदायक र शिवभक्तिवर्द्धक छ । यसको उपासनाले ब्राह्मण ब्रह्मतेजी, क्षत्रिय युद्धविजयी, वैश्य धनवान् र शूद्र आफ्नो कुलमा श्रेष्ठ पदवी ग्रहण गर्दछ ।

तुलसीका श्रापले विष्णु शालिग्राम हुनु, तुलसीको शरीर गण्डकी नदी हुनु, एक रूपले तुलसी वृक्ष हुनु आदि वर्णन

व्यासजीले तुलसीले कसरी विष्णुलाई श्राप दिइन् भनेर सोधेपछि-

सनत्कुमार- हे व्यासजी ! ब्राह्मणवेशमा विष्णुले शङ्खचूडको श्रीकृष्णकवच हरण गरेपछि त्यही कवच धारण गरी शङ्खचूडको रूपमा तुलसीसमीप गए । तुलसीले आफ्ना श्रीमान् युद्धमा विजयी भएर आएको देखेर स्वागत गरिन् । भोजन गराइन्, अनि रात्रिकालीन विश्राम समयमा रतिजन्य आनन्दमा व्यतिक्रम पाइन् । विपरीत स्थिति पाएपछि पतिको वेशमा अन्य पुरुष भन्ने निश्चय भयो । त्यसपछि तुलसीले क्रोधमा आएर सोधिन्-

को वा त्वं वद मामाशु भक्ताहं मायया त्वया ।
दूरीकृतं मत्सतीत्वमथ त्वां वै शपाम्यहम् ॥ ४१-३० ॥

तिमी को हौ ? तिमीले छलले मेरो सतीत्व नष्ट गरेछौ । म पनि श्राप दिन्छु । तुलसीको वचन सुनेर विष्णु भयभीत हुन पुगे अनि आफ्नो चतुर्भुजधारी मनोहर रूपमा प्रकट भए । तर पतिव्रता धर्म नष्ट भइसकेकाले तुलसी कुपित भएकी थिइन्, त्यसैले श्राप दिँदै भनिन्-

तुलसी- हे विष्णु ! तिमीभित्र दया रहेनछ । तिम्रो मन पाषाणझैँ कठोर रहेछ । तिमीले मेरो शील भङ्ग गरी मेरो पतिको वध गर्‍यौ । त्यसैले तिमी पत्थरकै समान दयाहीन हौ, र मेरो श्रापले पत्थर नै वन ।

पाषाणसदृशस्त्वं च दयाहीनो यतः खलः ।
तस्मात्पाषाणरूपस्त्वं मच्छापेन भवाधुना ॥ ४१-३४ ॥

शिवप्रकट, तुलसीलाई वरदान

तुलसी विष्णुलाई श्राप दिएर अत्यन्त भावविह्वल हुँदै रोइन् । विलाप गरिन् । विषम स्थितिलाई साम्य पार्न विष्णुले शिवको स्मरण गरेपछि शिव प्रकट भए ।

ततः प्रादुर्बभूवाथ शङ्करो भक्तवत्सलः । ४१-३८ ।

विष्णुले प्रणाम गरे । शिवको स्तुति गरे अनि शिवले पनि दुवैलाई सम्झाउँदै भने-

शिव- **मा रोदीस्तुलसि त्वं हि भुङ्क्ते कर्मफलं जनः ।**
सुखदुःखो न कोऽप्यस्ति संसारे कर्मसागरे ॥ ४१-४० ॥

हे तुलसी ! तिमीले विष्णु वरप्राप्तिका लागि पहिले तपस्या गरेकी थियौ । अब यो शरीर छोडेर प्राप्त गर्नेछौ । यो तिम्रो शरीर (गण्ड) पानीको रूपमा परिणत भएर बग्नेछ, जसको नाम गण्डकी हुनेछ र भारत वर्षमा पवित्र नदीको रूपमा उपासना गरिनेछ ।

तवेयं तनुरूत्सृष्टा नदीरूपा भवेदिह ।
भारते पुण्यरूपा सा गण्डकीति च विश्रुता ॥ ४१-४४ ॥

त्यसैगरी मेरो वरदानले तिमी वृक्षहरूकी अधिष्ठातृ तुलसी वृक्ष बन जो पुष्पहरूमा श्रेष्ठ हुनेछ । त्यति मात्र होइन, तिमीविना पूजा-जप-तप-सङ्कल्प-यज्ञ- अपूर्ण नै मानिनेछ ।

भव त्वं तुलसीवृक्षो वरा पुष्पेषु सुन्दरि । ४१-४६ ।

तिमीले भर्खरै विष्णुलाई पाषाण हुने श्राप दिएकी थियौ । विष्णुले त्यसलाई स्वीकार गरी तिम्रै शरीरबाट बनेको गण्डकी नदीमा रहनेछन् ।

हरिर्वै शैलरूपी च गण्डकीतीरसन्निधौ ।
सङ्करिष्यत्यधिष्ठानं भारते तव शापतः ॥ ४१-४९ ॥

यसरी वैकुण्ठदेखि मर्त्यलोक पर्यन्त तुलसी-विष्णुको नित्य संयोग बनिरहनेछ, जस्तो तिमीहरू दुवै पूर्वरूपमा थियौ । तुलसीपत्रलाई शालिग्राम र शङ्खबाट कहिल्यै वियोग गराउनु हुँदैन । जसले गर्छ त्यो व्यक्ति स्त्री-वियोगी, रोगी र भार्याहीन हुनेछ ।

तुलसीपत्रविच्छेदं शालग्रामे करोति यः ।
तस्य जन्मान्तरे भद्रेः स्त्रीविच्छेदो भविष्यति ॥ ४१-५३ ॥
तुलसीपत्रविच्छेदं शङ्खं हित्वा करोति यः ।

भार्याहीनो भवेत्सोऽपि रोगी स्यात्सप्तजन्मसु ॥ ४१-५४ ॥

शङ्ख-तुलसी-शालिग्राम जसले साथमा राख्छ, ती सबै जन्मजन्मान्तरसम्म महाज्ञानी, लक्ष्मीवान्, ऐश्वर्यवान् भइरहन्छन् ।

यति भनेपछि शिव अन्तर्ध्यान भए । तुलसीले पनि तुरुन्त शरीर छोडिन् । एक रूपले वैकुण्ठमा विष्णुसँग, अर्को रूपले तुलसीवृक्ष भयो भने शरीर जलमय भएर बग्न थाल्यो । यता विष्णु पनि एक रूपले वैकुण्ठमा र अर्को रूपले गण्डकी नदीमा पत्थर भएर रहन थाले । तिनै पत्थरलाई जलीय जीवहरूले कोतर्नाले अनेक आकार निरन्तर बनाउँछन्, जो विष्णुका आयुध स्वरूप शङ्खचक्र-गदा-पद्म र अवतार स्वरूप बन्ने गर्छन्, जसलाई लक्ष्मीनारायण, वामन, नृसिंह, राम, कृष्ण, दामोदर आदि नामकरण गरी भक्तजन उपासना गर्छन् ।

कुर्वन्ति तत्र कीटाश्च छिद्रं बहुविधं मुने । ४१-६१ ।

पुराणान्तर, प्रसिद्ध कथन

जुन स्थानमा विष्णु र तुलसीले शरीर छोडे र पत्थर एवं नदी बन्यो, त्यो क्षेत्रलाई मुक्तिक्षेत्रको नामले प्रसिद्ध तीर्थको रूपमा मानिन्छ । हजारौं भक्तजन यस क्षेत्रको यात्रा गरी अभीष्ट कामना पूरा गर्ने गर्छन् ।

उपसंहार-

आख्यानमिदमाख्यातं विष्णुमाहात्म्यमिश्रितम् ।
भुक्तिमुक्तिप्रदं पुण्यं किं भूयः श्रोतुमिच्छसि ॥ ४१-६४ ॥

यो विष्णुको आख्यान सुन्नाले, सुनाउनाले भुक्तिमुक्ति प्राप्त हुन्छ ।

अध्याय द्विचत्वारिंशत्

अन्धकासुर चरित्र वर्णन (अध्याय ४२-४९)

हिरण्याक्ष-हिरण्यकशिपु चरित्र पनि वर्णन

शिवको पसिनाबाट अन्धकासुरको उत्पत्ति, हिरण्याक्षले उसलाई पुत्रको रूपमा पाउनु, तथा वराहरूप विष्णुले हिरण्याक्षको वध गर्नु

(हिरण्याक्ष चरित्र)

व्यासजी- को ह्यन्धको वै भगवन्मुनीश कस्यान्वये वीर्यवतः पृथिव्याम् ।
जातो महात्मा बलवान् प्रधानः किमात्मकः कस्य सुतोऽन्धकस्य ॥ ४२-१ ॥

हे मुनिवर ! अन्धकासुर को थियो ? कसको पुत्र थियो ? शिवले किन यसलाई गणाध्यक्ष

पदमा नियुक्त गरे ? यो देवद्रोही थियो तर कसरी यस्तो गति प्राप्त गर्न सफल भयो ?

सनत्कुमार- (शिवको ध्यान गर्दै सुनाउन थाले)

हे पराशरनन्दन व्यासजी ! एक समयको कुरा हो- देवताहरूका सम्राट शिवलाई विहार गर्ने इच्छा भयो । पार्वती तथा गणहरूका साथमा कैलासबाट काशीनगरीमा आए । काशीलाई राजधानी बनाए र भैरवलाई राजधानीको रक्षकमा नियुक्त गरे । एक दिन शिव विहार गर्दै मन्दराचल पर्वतको पूर्व दिशामा बसेका थिए । त्यही समय पार्वतीले नर्मक्रीडा गर्दै शिवको नेत्र बन्द गरिदिइन् र सर्वत्र अन्धकार फैलियो । शिवको नेत्र बन्द गर्नाले चराचर जगत् अँध्यारो हुन पुग्यो ।

हरस्य नेत्रेषु निमीलितेषु क्षणेन जातः सुमहान्धकारः । ४२-१७ ।

त्यति मात्र होइन शिवको ललाटस्थित अग्नि सन्तप्त भए । त्यहाँबाट मदजल प्रकट भयो । उक्त जलको धेरै थोपा झर्‍यो । त्यो एकत्र भयो र त्यसबाट एक विकराल जीव प्रकट भयो ।

शम्भोर्ललाटे क्षणवन्हितप्तो विनिर्गतो भूरि जलस्य विन्दुः ।
गर्भो बभूवाथ करालवक्त्रो भयङ्करः क्रोधपरः कृतघ्नः ॥ ४२-१८ ॥

यो बालक अन्धो थियो । कुरूप, जटाधारी, कालो रङको, मनुष्यभन्दा फरक, क्रोधी र कृतघ्न थियो । यस्तो विरूप बालकलाई देखेर गिरिजा तर्सिइन्, डराइन् अनि शिवले भने-

शिव- हे प्रिये ! तिमीले नै मेरो नेत्र बन्द गर्‍यौ । त्यसैको फलस्वरूप यस्तो बालक उत्पन्न भयो । अब किन डराउँछ्यौ ? यति सुन्नासाथ गौरीले नेत्रबाट हात हटाइन्, सर्वत्र पुनः प्रकाश छायो, तर त्यो बालक अन्धकारबाट उत्पन्न भएको हुनाले नेत्रहीन नै रह्यो ।

जाते प्रकाशे सति घोर रूपो, जातोऽन्धकारादपि नेत्रहीनः । ४२-२२ ।

पार्वती- हे प्रभो ! यो हाम्रो सामुन्ने प्रकट भएको प्राणी को हो ? यो हेर्दै भयङ्कर छ । कुन कार्यका लागि यसको सृष्टि भएको हो, कसको पुत्र हो यो ?

वदस्व सत्यं मम किं निमित्तं, सृष्टोऽथ वा केन च कस्य पुत्रः । ४२-२३ ।

शिव- हे प्रिये ! तिमीले मेरो नेत्र बन्द गरेपछि, मेरै ललाटको पसिनाबाट यसको जन्म भएको हो । त्यसैले यो हाम्रो पुत्र हो, यसमा सन्देह नै छैन । यसका नेत्र छैनन्, त्यसैले यसको नाम अन्धक हुनेछ । अब यसलाई तिमीले सखीहरूसँग मिलेर यथायोग्य रक्षा गर ।

हिरण्याक्षले अन्धकलाई पुत्र रूपमा प्राप्त गर्नु

यसै समयमा शिवलाई प्रसन्न गरी, पुत्रकामनाले हिरण्याक्ष कठोर तपस्या गरिरहेको थियो । आफ्नो भाइ हिरण्यकशिपुका प्रह्लाद आदि पुत्र थिए । आफ्नो वंश रक्षा गर्ने सन्तान जन्मिएको थिएन, त्यसैले पत्नीको प्रेरणाले ऊ यस्तो कठोर तपस्यामा संलग्न थियो ।

हिरण्याक्षको तपस्याबाट शिव प्रसन्न भए, अनि वरदानार्थ तपस्थलीमा गएर भने-

शिव- **प्रब्रूहि कामं वरदो भवोऽहं यदिच्छसि त्वं सकलं ददामि । ४२-३१ ।**

शिवको वाणी सुनेर हिरण्याक्ष अत्यन्त प्रसन्न भयो । बिस्तारै-बिस्तारै उसले नेत्र खोल्यो । सामुन्ने वृषभारूढ महेशलाई देखेर भावविभोर भयो । चरणवन्दना गऱ्यो, स्तुति गऱ्यो र वर माग्दै भन्यो-

हिरण्याक्ष- **पुत्रस्तु मे चन्द्रललाट नास्ति सुवीर्यवान्दैत्य कुलानुरूपी ।**
तदर्थमेतद् व्रतमास्थितोऽहं तं देहि देवेश सुवीर्यवन्तम् ॥ ४२-३३ ॥

हे चन्द्रशेखर ! मेरो भाग्यमा पुत्र छैन । वंश नष्ट हुँदै छ । मेरा भाइका प्रह्लाद आदि पाँच पुत्र छन्, त्यसैले मैले पुत्र प्राप्तिका लागि तपस्या गरेको हुँ । मेरो कुललाई सुशोभित गर्ने बलशाली पुत्र दिनुहोस् । विद्वान् भन्छन्- पुत्रविना सद्‌गति हुँदैन, अपुत्रको तेज पशुमा जान्छ ।

ऊर्ध्वं गतिः पुत्रवतां नित्का मनीषिभिर्धर्मभृतां वरिष्ठैः ।
सर्वाणि भूतानि तदर्थमेव मतः प्रवर्तेत पशून् स्वतेजः ॥ ४२-३६ ॥

त्यसैले मनुष्य देवताहरूको उपासना गरेर सन्तान प्राप्त गर्न चाहन्छन् ।

शिव- हे दैत्यरज ! यद्यपि तिम्रो वीर्यबाट पुत्रोत्पत्ति हुने थिएन तथापि म तिमीलाई एक पुत्र दिन्छु जो तिमीझैँ पराक्रमी र अजेय छ र उसको नाम अन्धक हो । यसलाई पुत्र रूपमा स्वीकार गरी आफ्ना इच्छाहरूलाई पूर्ण गर ।

यति भनेपछि शिवले अन्धक हिरण्याक्षलाई प्रदान गरे । हिरण्याक्ष पुत्र पाएर प्रसन्न भयो । आफ्नो तपस्या सार्थक भएको अनुभव गऱ्यो ।

वराहरूप विष्णुद्वारा हिरण्याक्षको वध

शिवबाट पुत्र प्राप्त गरेपछि दैत्यराज हिरण्याक्ष प्रसन्न भयो । शिवको स्तुति गऱ्यो । प्रदक्षिणा गऱ्यो र फर्केर आफ्नो राज्यमा आयो । त्यसपछि प्रचण्ड प्रतापी पराक्रमी दैत्य हिरण्याक्षले स्वर्गादिमा आक्रमण गऱ्यो । देवताहरूलाई परास्त गऱ्यो । सम्पूर्ण पृथ्वीलाई जित्यो र जितेको पृथ्वीलाई उठाएर आफ्नो देश पातालमा लग्यो ।

इमां धरित्रीमनयत्स्वदेशं दैत्यो विजित्वा त्रिदशानशेषान् । ४२-४२ ।

त्यसपछि देव-ऋषि-मुनिहरूले अनन्त पराक्रमी विष्णुको आराधना गरे । विष्णुले यज्ञमय विकराल वराह शरीर धारण गरी पाताल लोकमा प्रवेश गरे । त्यहाँ उनले ढाड र थुतुनोको प्रहारले सयकडौं दैत्यहरूको संहार गरे । वज्रसदृश पाद प्रहारले निशाचरलाई पिसे । त्यसपछि आफ्नो अमोघ शक्तिसम्पन्न सुदर्शन चक्रको प्रहारले हिरण्याक्षको शिरच्छेदन गरी सधैंका लागि संसारबाट बिदा गराइदिए ।

मार्तण्डकोटिप्रतिमेन पश्चात् सुदर्शनेनाद्भुत चण्डतेजाः ।
हिरण्य नेत्रस्य शिरो ज्वलन्तं चिच्छेद दैत्याश्च ददाह दुष्टान् ॥ ४२-४५ ॥

हिरण्याक्षको वध भएपछि इन्द्रले उसको पुत्र अन्धकलाई असुरहरूको राजा बनाए ।

ततः प्रहृष्टो दितिजेन्द्रराजस्तमन्धकं तत्र स चाभ्यषिञ्चत् । ४२-४६ ।

त्यसपछि वराह भगवान्ले पाताल लोकबाट पृथ्वीको उद्धार गरी पूर्ववत् स्थापना गर्दै रक्षाको भार देवतालाई सुम्पिए । देवता, ऋषिमुनि र सिद्धहरूले वराह भगवान्को स्तुति वन्दना गरे । अप्सरा नाच्न थाले । गन्धर्व गाउन थाले । हिरण्याक्षको वधले त्रिलोकमा शान्ति छायो ।

हिरण्यनेत्रेऽथ हतेऽसुरेशे वराहरूपेण सुरेण सद्यः ।
देवाः समस्ता मुनयश्च सर्वे परे च जीवाः सुखिनो बभूवुः ॥ ४२-४९ ॥

अध्याय त्रिचत्वारिंशत्

हिरण्यकशिपु चरित्र

हिरण्यकशिपुको तपस्या, ब्रह्माद्वारा वरदान र हिरण्यकशिपुको अत्याचार, नृसिंहद्वारा उसको वध र प्रह्लादलाई राज्यप्राप्ति

व्यासजी- किमकार्षीत्ततस्तस्य ज्येष्ठभ्राता महासुरः । १ ।

हिरण्याक्षको मृत्युपश्चात् उसको ज्येष्ठ भ्राताले के गऱ्यो ?

सनत्कुमार- श्रीहरि वराहले आफ्नो भाइको वध गरेपछि हिरण्यकशिपु शोक र क्रोधयुक्त भयो । संहारप्रेमी असुरलाई पूजास्थलको विनाश गर्ने आज्ञा दियो, जसको फलस्वरूप पूजास्थल र देवलोक तहसनहस भयो । देवताहरू डराएर अदृश्य रूपमा पृथ्वीमा विचरण गर्न थाले ।

उता भाइलाई जलाञ्जली दिएर उसकी श्रीमतीलाई सान्त्वना दियो । त्यसपछि सोच्यो, विष्णु त पराक्रमी छन् । उनीसँग सहज रूपले बदला लिन सम्भव छैन । त्यसैले सर्वप्रथम आफू स्वयं अजरअमर बनूँ, अनि युद्ध गर्न उचित हुन्छ । यही भाव राखेर मन्दराचल पर्वतमा गएर तपस्या आरम्भ गऱ्यो ।

स तेपे मन्दरद्रोण्यां तपः परमदारुणम् ।
ऊर्ध्वबाहुर्नभोदृष्टिः पादाङ्गुष्ठाश्रितावनिः ॥ १० ॥

चरणाङ्गुष्ठले टेकेर, दुवै हात माथि उठाएर, दृष्टि पनि आकाशतिर हेरेर, अनवरत रूपमा हिरण्यकशिपुले छयानब्बे हजार वर्षपर्यन्त तपस्या गऱ्यो । त्यसपछि उसको शिरको ब्रह्मरन्ध्रबाट दिशा-विदिशालाई प्रज्वलित गर्दै धुँवा निस्कन थाल्यो ।

तस्य मूर्ध्नः समुद्भूतः सधूमोऽग्निस्तपोमयः । १२ ।

देवताहरू निस्तेज एवं विकृत मुखाकृतियुक्त बने । उनीहरू स्वर्ग छोडेर ब्रह्मलोक गए । ब्रह्मलोकं ययुः सुराः । ब्रह्मालाई सबै वृत्तान्त बताए । विषम परिस्थितिलाई देखेर ब्रह्माले देवताहरूलाई आश्वासन दिए, अनि भृगु, दक्ष आदिलाई साथमा लिएर हिरण्यकशिपुको तपस्थली गए । उसको शरीर जीर्णशीर्ण भएको थियो । कमण्डलुबाट जल निकाले अनि अभिषिञ्चित गरे, र वर माग्न भने-

वरं हि दातुं तमुवाच धाता, वरं वृणीष्वेति पितामहोऽपि । १५ ।

विधाता ब्रह्माको आवाज सुनेर हिरण्यकशिपु प्रसन्न भयो । बिस्तारै नेत्र खोल्यो । चरणमा दण्डण्वत् गऱ्यो । स्तुति गऱ्यो ।

हिरण्यकशिपु- (ब्रह्मासँग वरको याचना गर्दै)

मृत्योर्भयं मे भगवन् प्रजेश पितामहाभून्न कदापि देव ।
शस्त्रास्त्रपाशाशनिशुष्कवृक्ष गिरीन्द्रतोयाग्निरिपुप्रहारैः ॥ १६ ॥
देवैश्च दैत्यैर्मुनिभिश्च सिद्धैः स्वत्सृष्ट जीवैर्बहुवाक्यतः किम् ।
स्वर्गे धरण्यां दिवसे निशायां नैवोर्ध्वतो नाप्यधतः प्रजेशः ॥ १७ ॥

म मृत्युदेखि डराउँछु । त्यसैले मेरो मृत्यु न स्वर्गमा न पृथ्वीमा, न दिनमा, न राती, न माथि न तल, न शस्त्रले न अस्त्रले होस् । पाश, वज्र, शुष्क वृक्ष, पर्वत, जल, अग्नि, देव, दानव, मुनि, मानव, ऋषि र शत्रुको आक्रमणले पनि नहोस् । अर्थात् तपाईंद्वारा सृष्टि गरिएका कुनै जीव वा निर्जीव पदार्थद्वारा मेरो मृत्यु नहोस् । यति नै वर माग्छु ।

ब्रह्मा- हिरण्यकशिपुको कठोर तपले ब्रह्मा पहिले नै प्रसन्न थिए, विष्णुलाई प्रणाम गरे अनि तथास्तु भनिदिए । ब्रह्मवाक्य सुनेपछि हिरण्यकशिपु खुसी भयो, ब्रह्माले उसलाई असुरहरूको राजाको रूपमा अभिषेक पनि गरे ।

राज्याभिषिक्तः प्रपितामहेन त्रैलोक्य नाशाय मतिं चकार । २० ॥

दानवहरूको राजा बनेपछि हिरण्यकशिपुले त्रिलोकमाथि कब्जा गर्ने सोच बनायो र आफ्ना सैन्यबल सहित स्वर्गादि लोकमा आक्रमण गऱ्यो र सबैलाई पराजित गऱ्यो । देवताहरू पलायन भएर विष्णुको शरणमा गए । हिरण्यकशिपुको अत्याचारबारे अवगत गराए । विष्णुले पनि देवगणको प्रार्थना सुनेर आश्वासन दिँदै भने-

विष्णु- **श्रुत्वा तदीयं सकलं हि दुःखं तुष्टो रमेशः प्रददौ वरांस्तु ।**
दैत्यं हनिष्ये प्रसभं सुरेशाः प्रयात धामानि निजानि तुष्टाः ॥ २३ ॥

विष्णुद्वारा आश्वासन पाएपछि देवताहरू आफ्नो धाममा गए । यता हिरण्यकशिपुको देवताहरूमाथि अत्याचार बढ्दै गयो । त्रिलोकमा उसको एकाधिकार लामो समयसम्म चलि

नै रह्यो । अनि, विष्णुले नृसिंह अवतार धारण गरी हिरण्यकशिपुको नगरमा गए ।

आश्रित्य रूपं जटिलं करालं द्रष्टायुधं तीक्ष्णनखं सुनासम् ।
सैंहं च नारं सुविदारितास्यं मार्तण्डकोटि प्रतिमं सुघोरम् ॥ २६ ॥

प्रलयकालीन अग्निसमान, सिंह र मनुष्यको मिश्रण भएको शरीर, तीक्ष्ण नङले युक्त, खुल्ला मुख, अत्यन्त तेजस्वी आभाले युक्त, भयावह प्रकृति स्वरूपका नृसिंह भगवान् सूर्यास्तको समयमा हिरण्यकशिपुको नगरमा प्रवेश गरे ।

नगर रक्षक, द्वारपाल आदिले खोजतलासी गर्ने क्रममा हिरण्यकशिपुको नगरभित्र प्रवेश गरे । प्रवेश गर्ने क्रममा हिरण्यकशिपुका सेनाले रोक्न खोजेपछि नृसिंह भगवान्ले कयौँलाई यमपुर पठाउँदै राजभवनतिर अगाडि बढिरहे । यस क्रममा कयौँ बलशाली योद्धा, वीर, नगर रक्षक असुरहरूको संहार भयो । यो देखेर हिरण्यकशिपुका कनिष्ठ पुत्र प्रह्लादले पितालाई भने-

प्रह्लाद- हे पिताजी ! यो मृगेन्द्र सम्पूर्ण संसारको शक्ति सञ्चय गरेर आएको जस्तो देखिन्छ । त्यसैले तपाईंले युद्धको बाटो छोडेर यिनको शरणमा जानु उचित हुनेछ । यिनलाई म साधारण स्वरूप देखिरहेको छैन ।

निवृत्य युद्धाच्छरणं प्रयाहि पश्यामि सिंहस्य करालमूर्तिम् । ३० ।

हे पिताजी ! मलाई लाग्छ- यिनीभन्दा ठुलो त्रिलोकमा अर्को कोही योद्धा छैन होला । तपाईं यिनका अगाडि शरणापन्न भएर राज्य गर्नुहोस् । यसैमा हामी सबैको कल्याण हुनेछ ।

पुत्रको कायरतापूर्ण वाणी सुनेर पिता भन्न थाले-

हिरण्यकशिपु- हे पुत्र ! तिमी डरायौ । सानै छौ, त्यसैले यस्तो हुनु स्वाभाविक पनि हो । पुत्रलाई यसरी सान्त्वना दिएपछि हिरण्यकशिपुले आफ्ना महावीर सैनिकलाई नृसिंहलाई पक्रिने आदेश दिए । वीर पनि पक्रिन दौडे तर दुर्भाग्यवश ती सबै पुतलीझैँ नष्ट र भस्म हुँदै गए । त्यसपछि स्वयं हिरण्यकशिपु युद्ध गर्न तयार भई नृसिंहको सामुन्ने उभियो । आफ्ना शस्त्रास्त्र (शक्ति, ऋष्टि, पाश, अङ्कुश, पावक आदि) प्रयोग गरी युद्ध गरे । यी सबैको प्रयोग गर्दै युद्ध गर्दा ब्रह्माको एक दिन बित्यो ।

संयुध्यतोरेव तयोर्जगाम ब्राह्मं दिनं व्यास हि शस्त्रपाण्योः । ३५ ।

अन्त्यमा सबै खाले शस्त्रको प्रयोग पूर्ण भयो, अनि त्रिशूलद्वारा युद्ध भयो तर विजयी कोही भएनन् । दुवै विजयाकाङ्क्षी थिए । विजयको आश गरेर लडि नै रहे । तत्पश्चात् सन्ध्याकाल उपस्थित भयो, नृसिंह भगवान्ले उचित समयको आगमन देखेर हिरण्यकशिपुलाई आफ्नो जङ्घामा राखे अनि नखायुधले वक्षस्थल विदीर्ण गरी हिरण्यकशिपुलाई सधैंका लागि संसारबाट बिदा गरिदिए ।

ततो गृहीतः स मृगाधिपेन भुजैरनेकैर्गिरिसारवद्भिः ।
निधाय जानौ स भुजान्तरेषु नखाङ्कुरैर्दानव मर्मभिद्भिः ॥ ३८ ॥

देवगण प्रसन्न भए । नृसिंह भगवान्को जयजयकार गरे । आकाशबाट पुष्पवृष्टि भयो । अप्सराहरू नाच्न, गन्धर्वगण गाउन थाले । त्रिलोकमै शान्ति र आनन्द भयो । प्रह्लादले नृसिंह भगवान्को स्तुति गाए । अन्तमा नृसिंह भगवान्ले प्रह्लादलाई राज्याभिषेक गरे अनि आफ्नो धाम प्रस्थान गरे ।

तस्मिन्हते देवरिपौ प्रसन्नः प्रह्लादमामन्त्र्य कृतप्रणामम् ।
राज्येऽभिषिच्याद्भुतवीर्यविष्णुस्ततः प्रयातो गतिमप्रतर्क्याम् ॥ ४० ॥

त्यसपछि देवताहरू पनि नृसिंह भगवान्को छविलाई आफ्नो हृदयमा धारण गरी आ–आफ्नो धाम प्रस्थान गरे ।

अगाडि अन्धकासुरको प्रभाव, शिवसँगको युद्ध, र शिवको कृपा वरदानले शिवगणका स्वामी भएको आदि प्रसङ्ग उल्लेख छ ।

अध्याय– चतुश्चत्वारिंशत्, पञ्चचत्वारिंशत्, षट्चत्वारिंशत्

अन्धकासुरको तपस्या, वरप्राप्ति, त्रिलोकविजय, मन्त्रीद्वारा शिवपरिवार परिचय, पार्वतीको सौन्दर्यप्रति मोहित, प्राप्तिका लागि देवासुर–सङ्ग्राम, शुक्राचार्यलाई शिवले निल्नु

सनत्कुमार– हे व्यासजी । एक समयको कुरा हो, हिरण्याक्षपुत्र अन्धक आफ्ना प्रह्लादादि भाइहरूका साथमा खेलिरहेको थियो । कुरै कुरामा भाइहरूले अन्धकलाई भने, 'अरे अन्धे ! राज्यको तिमीलाई के मतलब ? हिरण्याक्ष त मूर्ख थियो । उसले घोर तपस्या गरेर शिवलाई प्रसन्न गरेर पनि तिमी जस्तो कुरूप, कलिप्रिय, नेत्रहीन प्राप्त गर्‍यो । तिमी त्यसै पनि राज्य सञ्चालन गर्न योग्य नै छैनौ । विचार गर, अर्को वंशमा उत्पन्न सन्तान कसरी राजा हुन सक्छ ? यसको अधिकारी त हामी हौं ।

आफ्ना भाइहरूको उपालम्भनले अन्धक दीन भयो, बेचैन भयो, किंकर्तव्यविमूढ भयो । रात्रिमा निदाउन सकेन । त्यसपछि रातमा नै घनघोर जङ्गलमा गयो । स्थिर चित्त भएर

तपस्या गर्न थाल्यो ।

वर्षायुतं तत्र तपश्चकार जजाप जाप्यं विधृतैकपादः ।
आहारहीनो नियमोर्ध्वबाहुः कर्तुं न शक्यं हि सुरासुरैर्यत् ॥ ४४-५ ॥

अन्धकले दशहजार वर्षपर्यन्त एक चरणले उभिएर, निराहार रहेर तपस्या गऱ्यो । शरीर शुष्क भयो, अनि आगो बालेर तेज शस्त्रले आफ्नो शरीरको मांस काट्दै हवन गर्न थाल्यो । केवल हड्डी मात्र रह्यो, अनि आत्मदाह गर्ने निश्चयमा पुग्यो, दुर्गन्ध सर्वत्र फैलियो ।

ब्रह्माद्वारा अन्धकलाई वरदान

त्यसपछि देवताहरू अन्धकको तपस्याबाट बिरामी पर्न थाले । दुर्गन्धित वायु प्रवाहित हुनाले श्वासप्रश्वासमा सबैलाई समस्या उत्पन्न भयो । त्यसपछि देवगण ब्रह्माको शरणमा गएर निवेदन गरे । ब्रह्मा मुनिहरूलाई लिएर अन्धकको तपस्थलीमा पुगे र आत्मदाह जस्तो घृणित कार्य गर्न रोके र वरदान माग्न प्रेरित गरे ।

अन्धक- ब्रह्मालाई सर्वप्रथम प्रणाम गऱ्यो, स्तुति गऱ्यो, अनि चारवटा वर माग्यो ।

अन्धस्य दिव्यं हि तथास्तु चक्षुरिन्द्रादयो मे करदा भवन्तु ।
मृत्युस्तु माऽभून्मम देवदैत्य गन्धर्वयक्षोरगमानुषेभ्यः ॥ ४४-११ ॥

(१) निष्ठुर प्रह्लादादि भाइहरू मेरो राज्य फिर्ता गरी मेरा नोकर बनुन् ।
(२) मलाई दिव्यदृष्टि प्राप्त होस्, म देख्न सकूँ (नेत्र प्राप्त होस्)
(३) इन्द्रादि देवता मलाई कर दिने गरून्- म स्वामी बनूँ ।
(४) म अजरअमर बनूँ- मेरो मृत्यु नहोस् ।

ब्रह्मा- हे दानव ! अन्य वर दिन तयार छु, तर तिम्रो विनाश (मृत्यु) को उपाय बताऊ । अजरअमर त कोही हुँदैन । जन्मेपछि मृत्यु साथमा नै रहन्छ ।

अन्धक- ठिक छ ! जब म आफैँ जन्म दिने माताप्रति कामभावले मोहित हुनेछु अनि मात्र मेरो विनाश होस् ।

ब्रह्मा- (शिवको ध्यान गरे) अनि तथास्तु ! भनिदिए ।

अन्धक- हे पितामह ! मेरो शरीरमा केवल हड्डी मात्र शेष छ । मलाई स्पर्श गरी बलिष्ठ बनाइदिनुहोस् ।

ब्रह्माले यो पनि कार्य गरिदिए । ब्रह्माले करस्पर्श गर्नासाथ अन्धक बलिष्ठ भएर उभियो । ब्रह्मालाई प्रणाम गऱ्यो र आफ्नो नगर प्रस्थान गऱ्यो । ब्रह्मा पनि वर दिएर स्वधाम प्रस्थान गरे ।

अन्धकद्वारा त्रिलोक विजय

नेत्र तथा बलिष्ठ शरीर प्राप्त गरी अन्धक आफ्नो नगरमा प्रवेश गऱ्यो । प्रह्लादादि भाइहरूले वर प्राप्त गरी आएको भन्ने जानेर अनुकूल हुने निर्णय गरी अन्धकको भव्य स्वागत गरे । सम्पूर्ण राज्यभार पनि सुम्पिए र स्वयं अन्धकको वशवर्ती भए ।

तमागतं लब्धवरं च मत्वा भृत्या बभूवुर्वशगास्तु तस्य । ४४-२३ ।

त्यसपछि अन्धकले बलशाली दैत्यहरूलाई साथमा लिएर स्वर्गादि लोकमा आक्रमण गऱ्यो । एक-एक गरी इन्द्रादि देवताहरूलाई जितेर कर दिन बाध्य बनाउँदै लग्यो । त्यति मात्र होइन, स्वर्ग, पृथ्वी, रसातल जहाँ-जहाँ सुन्दरी स्त्रीहरू थिए, धनदौलत थियो, सबैको उपयोग र उपभोग गर्दै भिन्न-भिन्न पर्वत, गुफा, कन्दरा, सुन्दर उद्यानहरूमा रमण गर्दै आफ्नो आयु व्यतीत गर्न थाल्यो । त्यति मात्र होइन धनमदले वेद-ब्राह्मण, गुरु आदिको अनादर एवं नाश गर्दै गयो । यसरी अन्धकले दश हजार वर्ष व्यतीत गऱ्यो ।

एकपल्ट अन्धक मदिरापान गरी स्त्रीसँग रमण गर्दै मदहोसको अवस्थामा मन्दराचल पर्वतमा गयो । त्यो ठाउँ उसलाई अत्यन्त राम्रो लाग्यो । त्यहाँको शोभा अनुपम थियो । ऊ मन्त्रमुग्ध भयो र दिव्य महल बनाएर बस्न थाल्यो ।

क्रीडार्थमासाद्य च तं गिरीन्द्रं मतिं स वासाय चकार मोहात् । ४४-३५ ।

एक दिन अन्धकका तीन जना मन्त्री (दुर्योधन, वैधस र हस्ती) ले एक सुन्दर स्त्री (पार्वती) देखे र उसको सौन्दर्य वर्णनोत्सुक भएर अन्धकको समीप आएर भने-

मन्त्रीहरू- हे दैत्यराज ! यो मन्दराचल पर्वतको एउटा गुफाभित्र हामी यदृच्छया घुम्दै जाँदै गर्दा आश्चर्य देख्यौं । त्यहाँ एक ध्यानस्थ विरूप योगी बसेर तपस्या गरिरहेका थिए तर त्यस योगीको छेउमा भने त्रिलोकमै आजसम्म कहीं कतै नदेखिएकी अत्यन्त सुन्दरी युवती सम्पूर्ण गुफालाई नै प्रकाशित गर्दै बसेकी थिइन्, जो सम्पूर्ण रूपले तपाईंका लागि योग्या र भोग्या छिन् ।

गुहान्तरे ध्याननिमीलिताक्षो दैत्येन्द्र कश्चिन्मुनिरत्र दृष्टः ।
नारी शुभा पार्श्वगता हि तस्य दृष्ट्वा च काचिद्भुवि रत्नभूता ॥ ४४-४३ ॥

त्यो योगी हेर्दै विचित्रको छ । कपालमाला जटाधारी, भस्मधारी, हातमा त्रिशूल, शिरमा चन्द्रकला, कम्मरमा गजचर्म, सर्पले बेरिएको, अक्षमाला धारण गरेको छ । वेशभूषा विचित्रको भए पनि योगी तेजस्वी देखिन्छ र समीपमा बाँदर मुख जस्तो बुढो सेतो साँढे पनि छ । त्यो योगी जस्तो भए पनि त्यसको साथमा बसेकी नारी भने आजसम्म सायद तपाईंले पनि त्यस्ती सुन्दरी देख्नुभएको छैन होला । तपाईं त्यसै पनि उत्तम वस्तुलाई मात्र उपभोग गर्नुहुन्छ । ती नारीलाई एकपल्ट कोसिस गरी हेर्नुहोस् त ।

योग्या हि द्रष्टुं भवतश्च सम्यगानाय्य दैत्येन्द्र सुरत्नभोक्तुः । ४४-४५ ।

पार्वतीप्रति मोहित भएर अन्धकासुरले दूत पठाउनु

मन्त्रीहरूले योगीसमीप बसेकी स्त्रीको रूप-सौन्दर्यको वर्णन गर्दै जाँदा अन्धक कामान्ध हुँदै गयो । त्यसपछि मन्त्रीहरूलाई नै दूत बनाएर पठायो । दूतहरू पनि योगीराजको समीप गएर दैत्यराजको आशय भन्न थाले ।

दूत (मन्त्रीहरू)- हे योगीराज ! हामी अन्धकासुरका मन्त्री हौं । उनी त्रिलोक विजयी दैत्यराज हुन् र हिजोआज यही मन्दराचलमा बसेका छन् । हामी अहिले दूत बनेर आएका छौं र सन्देश दिंदै छौं ।

त्वं कस्य पुत्रोऽसि किमर्थमत्र सुखोपविष्टो मुनिवर्य धीमन् ।
कस्येयमीदृक्तरुणी सुरूपा देया शुभा दैत्यपतेर्मुनीन्द्रः ॥ ४४-५० ॥

तिमी कसका पुत्र हौ ? किन मुनिवेशमा बसेका हौ ? यी कन्या को हुन् ? तिम्रो वैराग्ययुक्त शरीर धारण र यी कोमलाङ्गी सुन्दरी दुवैको मेल उपयुक्त छैन । त्यसैले यी युवती दैत्यराजलाई दिएर सुखी होऊ । त्यसै पनि तपस्या गर्दा स्त्रीरत्न राख्नु विघ्नकारक नै हुन्छ ।

प्रयच्छ नारीं मम सान्त्वपूर्वं स्त्रिया तपः किं कुरुषे विमूढ । ४४-५४ ।

दैत्यराजको आज्ञा जे थियो त्यो हामीले बतायौं । उनको आज्ञा उल्लङ्घन गर्नु भनेको मृत्यु स्विकार्नु हो त्यसैले अल्पायुमा मृत्यु स्विकार्नुभन्दा त खुसी-खुसी नै यिनलाई दिएर उनको कृपापात्र बन । उनले तिम्रो रक्षा गर्नेछन् ।

योगी (शिव)- हे अधम ! मेरो नाम रूद्र हो । म नै यस चराचरको स्वामी हुँ । मेरो समीपमा रहेकी स्त्री सर्वत्र व्याप्त सिद्धिस्वरूपा मेरी पत्नी हुन् । म यहाँ पाशुपतव्रतको अनुष्ठान गरिरहेको छु । तिमीहरूले जे गर्नु छ गर ।

एतद् व्रतं पाशुपतं चरामि न मातरं त्वज्ञतमो विरूपः । ४४-५८ ।

तपस्वीको उत्तरले मन्त्रीगण क्रोधित भए । आफ्नो स्वामीको समीप गएर सम्पूर्ण वृत्तान्त सुनाउँदै भने-

मन्त्रीगण- हे दैत्यराज ! तपस्वीले हामीलाई युद्ध गर्न चुनौती दियो । हामीलाई ललकार्‍यो । विनायुद्ध त्यसले युवती दिनेछैन । तपाईंले त त्रिलोकको नै विजय गरिसक्नुभएको छ । त्यो त एक्लो तपस्वी छ । क्षणभरमा नै विजय गर्नुहुनेछ ।

मन्त्रीहरूको कुरा सुनेर अन्धकासुर क्रोधले काँप्न थाल्यो ।

ततः स तेषां वचनं निशम्य जज्वाल रोषेण स मन्दबुद्धिः । ४४-७० ।

त्यसपछि कामातुर भएर आफ्ना परिचरहरूका साथ मदिरा पान गरी मदोन्मत्त अन्धकासुर

योगीसमीप गयो ।

अन्धकासुरका सेना र शिवगणका बिच सङ्ग्राम

अन्धकासुर गुफानजिक पुग्नासाथ नन्दी आदि शिवगणसँग युद्ध हुन गयो । क्षणभरमा नै रगतको नदी बग्न थाल्यो । दुवैतर्फका सेना विजयोत्सुक भएर लडिरहे । अन्तमा शिवगणद्वारा अन्धकासुर गणहरूलाई परास्त गरी भगाए । त्यसपछि शिवले पार्वतीसँग अनुमति लिएर पाशुपत व्रतको अनुष्ठान गर्न घनघोर जङ्गलभित्र प्रवेश गरे भने गुफाको रक्षा गर्न नन्दी आदि नियुक्त भए ।

पार्वती शिवको प्रतीक्षा गर्न थालिन् । यसै बिचमा अन्धकासुर पुनः युद्ध गर्न विशाल सेनासहित आयो । नन्दी आदि गण युद्ध गर्न थाले । पार्वती भयभीत थिइन् । भोजनादि त्याग गरी पाँच सय पाँच दिनपर्यन्त अखण्ड युद्ध भइरह्यो ।

अत्यद्‌भुतं तत्र चकार युद्धं हित्वा तदा भोजनपाननिद्राः ।
रात्रिं दिवं पञ्चशतानि पञ्च क्रुद्धः ससैन्ये सह वीरकेण ॥ ४५-१८ ॥

वरदानले उन्मत्त अन्धकासुरले सबै खाले शस्त्रास्त्रको प्रयोग गऱ्यो । कयौं शिवगणलाई घायल गऱ्यो । कयौंलाई मारिदियो । शस्त्रले गुफालाई ढाकिदियो । गुफा बन्द भयो । सर्वत्र हाहाकार भयो ।

पार्वतीद्वारा ब्रह्मा-विष्णु आदिलाई स्मरण गर्नु

भयभीत पार्वतीले विषम परिस्थितिमाथि विचार गरी ब्रह्मादिलाई स्मरण गरिन् ।

भयेन संस्मार पितामहं तु देवी सखीभिः सहिता च विष्णुम् । ४५-२३ ।

स्मरण गर्नासाथ सबै देवताहरूका शक्ति आफ्ना गण, शस्त्रास्त्रसहित उपस्थित भए, जसमा ब्राह्मी, वैष्णवी, ऐन्द्री, कौमारी, याम्यी, वारुणी, ऐशानी आदि हजारौं सङ्ख्यामा थिए । पार्वती प्रसन्न भइन् । सबै शक्तिहरू पार्वतीसँग आज्ञा लिएर अन्धकासुरसँग युद्ध गर्न निक्ले ।

ब्राह्मी ततो दण्डकरा विरुद्धाः गौरी तदा क्रोधपरीतचेताः ।
नारायणी शङ्खगदासुचक्रः धनुर्धराः पूरितबाहुदण्डाः ॥ ४५-३० ॥

त्यसपछि दुवैतर्फबाट युद्धारम्भ भयो । दुवैमा विजय हुने लालसा बढ्दै गयो । देवशक्ति प्राप्त गरेपछि पार्वतीले पनि प्रलयङ्करभैँ युद्ध गर्न थालिन् । भयङ्कर युद्ध भयो ।

अत्यद्‌भुतं तत्र चकार युद्धं गौरी तदानीं सहिता सखीभिः । ४५-३९ ।

यसै बिचमा शिव पनि कठोर पाशुपत व्रतको अनुष्ठान पूर्ण गरी फर्किए । दानव सेना देवशक्तिसँग युद्ध गरिरहेका थिए ।

त्यसपछि अन्धकासुरले विधसन नामक दैत्यलाई अगाडि सार्‍यो, जो देवताद्वारा अवध्य थियो तथा सम्पूर्ण देवताहरूलाई निल्न सक्थ्यो । उसले रणभूमिमा प्रवेश गर्नासाथ आफ्नो पराक्रम देखाउन थाल्यो । देवता र देवशक्ति सबै शिथिल हुँदै गए, तर विधसन भने उन्मुक्त भएर विचरण गरिरहेको थियो ।

विधसन दैत्यद्वारा ब्रह्मा-विष्णु आदिलाई निल्नु

विधसनले देख्यो कि देवताहरू पराजित हुने लक्षण छैन । डटेर युद्ध गरिरहेका छन् । योगिनी शक्तिहरू पनि पूर्ण रूपले साथ दिइरहेका छन् र असङ्ख्य दैत्यसेनाको वध भइ नै रहेको छ । अनि विधसनले सबैलाई निल्ने विचार गर्‍यो । त्यसपछि ब्रह्मा, विष्णु, इन्द्र, सूर्य, चन्द्र, यम, वरुण, वायु, कुबेर सबैलाई निल्न थाल्यो । यो समाचार नन्दीले तुरुन्त शिवलाई गएर बतायो । (शिखरिणी छन्द)

निगीर्णं ते सेन्यं विधसदितिजेनाद्य भगवन्
निगीर्णोऽसौ विष्णुस्त्रिभुवनगुरुर्दैत्यदलनः ।
निगीर्णौ चन्द्रार्कौ द्रुहिणमघवानौ च वरदौ
निगीर्णास्ते सर्वे यमवरुणवाताश्च धनदः ॥ ४६-१३ ॥

त्यति मात्र होइन, युद्धमा घायल भएका दैत्यहरूलाई शुक्राचार्यले मृतसञ्जीवनी खुवाउँदै तन्दुरुस्त बनाउँदै युद्ध गर्न पठाउँदै गए । अब भने, शिवगण भयभीत भएर शिवसमीप गए । शिव पनि आफ्ना गणलाई सान्त्वना दिँदै रौद्र रूप धारण गरी रणभूमिमा प्रवेश गरे । शिवको अट्टहासले समुद्र, पृथ्वी, पर्वत डगमगायो । कतिपय वृक्षहरू उखेलिए । कयौं दैत्य सेना डरले पलायन भए ।

विधसन दैत्यले देवतालाई निल्नुको कारण ?

विष्णुले हिरण्यकशिपुलाई वध गर्न नृसिंह अवतार लिए । वध गरे तर नङ्ग्रा र मुखले तृप्ति पाएन । अझै त्रिलोकलाई नै खाने र नङ्ग्र्याउने झैँ गरी मुख बाइरहे । यसो गरेको वशिष्ठ आदि मुनिहरूलई उचित लागेन र लामो समयसम्म दैत्यहरूसँग युद्ध गरिरहनुपरोस् भनी श्राप दिए । त्यसपछि श्रापको उद्धार कसरी हुन्छ ? भनेर जिज्ञासा राख्दा जब विधसन दैत्यका साथमा युद्ध गर्दा निल्नेछ, अनि मात्र मुक्त हुनेछ भनेकाले विधसनले देवताहरूको श्रापमुक्तिका लागि निलेको हो ।

शिवद्वारा शुक्राचार्यलाई निल्नु

यता शिवले युद्धमा घायल भएका आफ्ना गणलाई शिलाजित खुवाउँदै युद्धमा खटाइरहे । उता मुनिहरूले योगशक्ति मन्त्रद्वारा विधसनले निलेका देवताहरूलाई बाहिर निकाले । देवशक्ति मजबुत भयो ।

ततो निष्क्रान्तोऽसौ विघसवदनाद्वीरकमुनि
गृहीत्वा तत्सर्वे स्वबलमतुलं विष्णुसहिताः ॥ ४६-२५ ॥

यसै बिचमा नन्दीले शुक्राचार्यलाई पक्रेर शिवसमीप लगे । शिवले क्रोधमा आएर शुक्राचार्यलाई निले ।

तदा वध्वाऽनीतः पशुरिव गणै भूतपतये
निगीर्णस्तेनासौ त्रिपुररिपुणा दानवगुरुः ॥ ४६-२६ ॥

त्यसपछि दैत्यसेना क्रमशः कमजोर हुँदै गए । अनि देवताहरूले क्षणभरमा नै दानवहरूको दर्प चूर गरिदिए । ज्यान बचाउँदै सबै जीवित दानवहरू पाताल पलायन भए । अन्धकासुर मात्र रणभूमिमा रह्यो । आफ्नो मायावी शक्तिको सहाराले युद्ध गरि नै रह्यो । कहिले वृक्ष, कहिले पर्वत, कहिले सर्प, कहिले नग्न राक्षसी, कहिले वज्र, कहिले आफू जस्तै सैकडौं अन्धक गण बनेर युद्ध गरि नै रह्यो । शिवले अन्धकको मायावी शक्तिलाई परास्त गर्दै गए । वरदानले मदोन्मत्त अन्धकासुर जर्जर, शिथिल एवं अङ्गभङ्ग भइसक्दा पनि मरेन, युद्ध गरिरह्यो ।

न वध्यो देवानां वरशतमनोन्माद विविशः
प्रभूतैः शस्त्रास्त्रैः सपदि दितिजो जर्जरतनुः ॥ ४६-३२ ॥

अन्ततोगत्वा त्रिपुरारिले आफ्नो अमोघ शित्रूलले अन्धकासुरको शरीरमा घोपे, जसबाट रगत बग्न थाल्यो । त्यही रगतबाट असङ्ख्य दैत्य पैदा भए ।

शिवको कानबाट विकराल देवीको रूपमा विष्णु प्रकट

अन्धकासुरको उग्र रूप देखेपछि विष्णु योगशक्तिको आश्रय लिएर शिवको कानबाट उग्रदेवीको रूपमा प्रकट भए ।

करालं संशुष्कं बहुभुजलताक्रान्तकुपितो
विनिष्क्रान्तः कर्णाद्गणशिरसि शम्भोश्च भगवान् ॥ ४६-३५ ॥

ती देवीको मुख विकराल थियो । उनी अनेक भुजायुक्त, क्रोधयुक्त तथा त्रिलोकलाई नै भक्षण गर्न सक्ने शक्ति भएकी थिइन् । ती देवीलाई देवताहरूले स्तुति गरे । त्यसपछि शिवाज्ञानुसार अन्धकको जति रगत बगेको थियो त्यो सबै पिउन थालिन् र क्षणभरमै सम्पूर्ण अन्धक गणलाई नै भक्षण गरिन् ।

त्यसपछि अन्धक मात्रै रणभूमिमा रह्यो तर पनि लडि नै रह्यो । अनि शिवले रौद्ररूप धारण गरी त्रिशूलले वक्षस्थलमा घोपे र स्तम्भझैँ आकाशमा झुन्ड्याइदिए ।

रणे शान्तः पश्चात्प्रमथपतिना भिन्नहृदय
स्त्रिशूले सम्प्रीतो नभसि विधृतः स्थाणु सदृशः ॥ ४६-३८ ॥

त्यसपछि सूर्यदेवले आफ्नो किरणद्वारा अन्धकको शरीर सुकाइदिए । वरुणदेवले पानीद्वारा भिजाइदिए । पवनदेवले शरीर सडाउन थाल्यो तर पनि अन्धकको प्राण गएन ।

अन्धकद्वारा शिवशरण, गणपति पदको वरदान

देवता खिन्न हुँदै गए । शिव पनि किंकर्तव्यविमूढ भए । उता अन्धकले भने शिवको भावपूर्वक शरणागति लियो । स्तुति गायो, जसले गर्दा शिव प्रसन्न भएर आफ्नो गणको अङ्ग बनाए ।

तदा तुष्टः शम्भुः परमकरुणावारिधिरसौ ।
ददौ तस्मै प्रीत्या गणपतिपदं तेन विनुतः ॥ ४६-३९ ॥

अन्धकले गणपति पद प्राप्त गरेपछि युद्ध समाप्त भयो । देवताहरूले शिवको जयजयकार गर्दै स्तुति गरे र आज्ञा लिएर आ-आफ्नो धाम गए । अन्धक पनि गणपति पद प्राप्त गरेपछि प्रसन्न भयो, अनि शिवसँगै सबै कैलास धाम गए ।

अध्याय सप्तचत्वारिंशत्, अष्टचत्वारिंशत्, एकोनपञ्चाशत्

शुक्राचार्यलाई शिवले निल्नु, एक सय वर्षपछि शिवको लिङ्गबाट बाहिर आउनु, शुक्र नामकरण, शुक्राचार्यद्वारा मृत्युञ्जय मन्त्र जप र शिवाष्टोत्तरशतनामस्तोत्रद्वारा स्तुति, अन्धकासुरलाई वर प्रदान

व्यासजी- हे मुनिहरू ! तपाईंले शुक्राचार्यलाई शिवले निलेको सङ्क्षेपमा वर्णन गर्नुभयो, तर यो कथा अत्यन्तै रोचक छ । त्यसैले यसलाई सविस्तार सुनाउनुहोस् । त्यसैगरी शिवको जठराग्निमा बसेर शुक्राचार्यले के गरे ? त्यो पनि वर्णन गर्नुहोस् ।

किं चकार महायोगी जठरस्थः पिनाकिनः ।
न ददाह कथं शम्भोः शुक्रं तं जठरानलः ॥ ४७-२ ॥

त्यसैगरी शुक्राचार्यले मृत्युसञ्जीवनी मन्त्र पनि शिवबाट प्राप्त गरेका थिए भन्ने सुनेको छु । यो कसरी सम्भव भयो ? यो सम्पूर्ण कथा सविस्तार वर्णन गर्नुहोस् ।

सनत्कुमार- (शिवलाई ध्यान गरेर भन्न थाले) हे व्यासजी ! अन्धकासुरसँग युद्ध गर्दा जब शिवगणले दैत्यगणलाई तहसनहस गर्दै विजयोन्मुख हुन लागे, तब अन्धकासुर अतालिँदै शुक्राचार्यको शरणमा गयो । मृतसञ्जीवनी विद्याले असुरलाई जीवित गर्न प्रार्थना गर्‍यो । तपाईं हाम्रो गुरु हुनुहुन्छ र तपाईंको कृपाले नै हामी विजयी हुन सक्छौं । यही चाहना पनि राख्छौं ।

भगवंस्त्वामुपाश्रित्य गुरोर्भावं वहामहे ।
पराजिता भवामो नो सर्वदा जयशालिनः ॥ ४७–१५ ॥

तपाईंले कणधूम पिएर तपस्या गरी मृतसञ्जीवनी मन्त्र प्राप्त गर्नुभएको थियो । अब त्यसको प्रयोग गर्ने समय आएको छ र प्रयोग गर्नुहोस् ।

यः पीत्वा कणधूमं वै सहस्रं शरदां पुरा ।
त्वया प्राप्त वरा विद्या तस्याः कालोऽयमागतः ॥ ४७-२२ ॥

अन्धकासुरको याचना सुनेर भृगुनन्दन शुक्राचार्य सोचमा परे, किनकि शिवबाट प्राप्त विद्याको प्रयोग कसरी शिवगणमाथि नै गरे ? फेरि शरणागतको त रक्षा गर्नु नै उचित हो भन्ने निष्कर्षमा पुगेर अन्तमा युद्धक्षेत्रमा गए । अनि प्रत्येक दैत्यलाई त्यस विद्याको प्रयोग गर्न थाले ।

शुक्राचार्यले मृतसञ्जीवनी विद्याको प्रयोग गर्नासाथ दैत्यहरू बलशाली हुन पुगे । मदोन्मत्त भएर रणक्षेत्रमा शिवगणलाई ललकार्न थाले । कयौं शिवगणले वीरगति प्राप्त गरे । शिवले तुरुन्त नन्दीलाई आज्ञा दिए, 'जसरी चीलले पक्षीहरूलाई पक्रिन्छ त्यसरी नै शुक्राचार्यलाई पक्रेर ल्याऊ ।'

नन्दीन्प्रयाहि त्वरितोऽति मात्रं, द्विजेन्द्रवर्यं दितिनन्दनानाम् ।
मध्यात्समुद्धृत्य तथानयाशु श्येनो यथा लावकमण्डजातम् ॥ ४७-४६ ॥

नन्दीद्वारा शुक्राचार्यको अपहरण, शिवले शुक्राचार्यलाई निल्नु

शिवाज्ञा प्राप्त गर्नासाथ नन्दी तुरुन्त नै दैत्य सेनालाई चिर्दै शुक्राचार्यसमीप पुगे । चारैतिर असङ्ख्य सैनिक शस्त्रास्त्रका साथ उभिएर उनको रक्षा गरिरहेका थिए । ती सबैलाई नन्दीले परास्त गरे, अनि शुक्राचार्यको टुप्पी पक्रेर अपहरण गरे । दैत्यहरू नन्दीलाई वध गर्न पछि दौडे, तर नन्दीले आफ्नो मुखबाट जल-पवन-अग्नि-पर्वत आदिको वर्षा गरी ती सबैलाई परास्त गरेर शीघ्र नै उनलाई लिएर शिवसमीप पुगे ।

तं भार्गवं प्राप्य गणाधिराजो, मुखाग्निना शस्त्र शतानि दग्ध्वा ।
आयातप्रवृद्धेऽसुरदेवयुद्धे, भवस्य पार्श्वे व्यथितारिपक्षः ॥ ४७-५१ ॥

नन्दीले यिनै हुन् शुक्राचार्य भनेर परिचय गराउनासाथ शिवले उनलाई नसोधिकन उपहारमा प्राप्त गरेको फलझैँ शुक्राचार्यलाई मुखमा राखेर निलिदिए । दानवहरूको समूहमा हाहाकार भयो ।

जग्राह शुक्रं स च देवदेवो यथोपहारं शुचिना प्रदत्तम् ।
न किञ्चिदुक्त्वा स हि भूतगोप्ता चिक्षेप वक्त्रे फलवत्कवीन्द्रम् ॥ ४७-५२ ॥

दुःखी दैत्यगणलाई अन्धकासुरबाट वीरोचित वाणीद्वारा प्रेरणा

शिवले शुक्राचार्यलाई निलेपछि दैत्यगणमा विजय हुने आशा टुट्यो । सुँढरहित गजराज, सिङरहित साँढे, शिररहित देवता, वेदाध्ययनरहित ब्राह्मण, पतिरहित पत्नी, पखेटारहित पक्षी, व्रतरहित शास्त्रज्ञान जसरी कान्तिहीन हुन्छ त्यस्तै हालत दैत्य समूहको भयो । त्यसपछि अन्धकासुरले वीरोचित वाणीले सम्झाउँदै भन्न थाल्यो ।

अन्धकासुर- हे वीरहरू हो ! म जान्दछु कि शुक्राचार्यको अनुपस्थितिमा हाम्रो सबै थोक हरण भयो ।

धैर्यं वीर्यं गतिः कीर्तिः सत्त्वं तेजः पराक्रमः ।
युगपन्नो हृतं सर्वमेकस्मिन् भार्गवे हृते ॥ ४८-९ ॥

हामीलाई सबै धिक्कार छ । हामीले कुलश्रेष्ठ रक्षक, कुलपूज्य गुरूलाई आपत्ति कालमा बचाउन सकेनौं । त्यसैले हामीले नै गुरुचरणको स्मरण गरी शत्रुहरूसँग युद्ध गर्नु श्रेयस्कर हुन्छ । हामीले आफ्ना गुरूका लागि भए पनि शेष आयुपर्यन्त शत्रुसँग युद्ध गर्नुपर्छ । रणभूमिमा आफ्ना स्वामीलाई छोडेर पलायन हुनाले मृत्युपश्चात् अन्धतमिश्र नरकमा जानुपर्दछ । अपयशले इह-परलोक दुवैतिर हानि नै पुऱ्याउँछ । जो युद्धरूपी तीर्थमा स्नान गर्छ, उसले सबै थोक प्राप्त गर्दछ ।

किं दानैः किं तपोभिश्च किं तीर्थ परिमज्जनैः ।
धरातीर्थे यदि स्नानं पुनर्भवमलापहे ॥ ४८-१९ ॥

त्यसै पनि जय-पराजय दैवको हातमा हुन्छ भने युद्धबाट किन विमुख हुने ? जन्म भएपछि आज होस् या भोलि मृत्यु पनि अवश्यम्भावी हुन्छ । त्यसैले मृत्युसँग किन डराउने ?

अन्धकगण र शिवगणको बिचमा लोमहर्षण युद्ध

यसरी अन्धकासुरले वीरोचित वाणीले आफ्ना वीरहरूलाई सम्झाएपछि दैत्यगण रणक्षेत्रमा पुनः रणभेरीको विगुल फुक्दै प्रवेश गरे र शिवगणसँग पुनः उत्साहजनक ढङ्गले प्रस्तुत भए । यस क्रममा वाण, तरबार, पत्थर, भुशुण्डी, मिन्दिपाल, शक्ति, भाला, फर्सा, पदिृश, शूल, लकुट, मुसल आदि अनेकानेक शस्त्रास्त्रद्वारा प्रहार भयो । रगतको नदी बग्न थाल्यो । हात्तीघोडाको चिच्याहटले धर्ती तथा आकाश गुन्जियो । काग-स्याल-गिद्ध आदि मांसभक्षी पक्षी आकाशमा उड्न थाले । अन्तमा नन्दी आदि गणले दैत्यगणलाई परास्त गरे ।

अथ ते प्रमथा वीरा नन्दीप्रभृतयस्तदा ।
बलेन जघ्नुरसुरान्सर्वान्प्रापुर्जयं मुने ॥ ४८-२८ ॥

अन्धक मरणासन्न अवस्थामा पुग्यो भने बाँकी दैत्यगणलाई शिवगणले परास्त गरी विजय प्राप्त गरे ।

एक सय वर्षपछि शुक्र शिवको लिङ्गमार्गबाट बाहिरिए

शिवको पेटमा पुगेका शुक्राचार्यले ब्रह्माण्डको दर्शन गरे ।

सप्तलोकान् सपातालान् रूद्रदेहे व्यलोकयत् ।
ब्रह्मनारायणेन्द्राणां सादित्याप्सरसां तथा ॥ ४८-३७ ॥

त्यहाँ उनले अन्धक र शिवगणको बिचको युद्ध पनि देखे । कताबाट निस्किनु भन्दै शुक्राचार्यले पेटभित्रै छिद्र खोजिरहे तर कहीँ कतै छिद्र भेटिएन । 'न तस्य ददृशे रन्ध्रं ।' त्यसपछि शुक्र शिवको शरणमा गए र शिवद्वारा प्राप्त मृतसञ्जीवनी मन्त्रको जप गर्न थाले ।

मृतसञ्जीवनी मन्त्रको पूर्ण पाठ

ॐ नमस्ते देवेशाय सुरासुरनमस्कृताय भूतभव्यमहादेवाय हरितपिङ्गललोचनाय बलाय बुद्धिरूपिणे वैयाघ्रवसनच्छदायारणेयाय त्रैलोक्यप्रभवे ईश्वराय हराय हरिनेत्राय युगान्तरकरणायानलाय गणेशाय लोकपालाय महाभुजाय महाहस्ताय शूलिने महाद्रंष्ट्रिणे कालाय महेश्वराय अव्ययाय कालरूपिणे नीलग्रीवाय महोदराय गणाध्यक्षाय सर्वात्मने सर्वभावनाय सर्वगाय मृत्युहन्त्रे पारियात्रसुव्रताय ब्रह्मचारिणे वेदान्तगाय तपोऽन्तगाय पशुपतये व्यङ्गाय शूलपाणये वृषकेतवे हरये जटिने शिखण्डिने लकुटिने महायशसे भूतेश्वराय गुहावासिने वीणापणवतालवते अमराय दर्शनीयाय बालसूर्यनिभाय श्मशानवासिने भगवते उमापतये अरिन्दमाय भगस्याक्षिपातिने पूष्णोर्दशननाशाय क्रूरकर्तकाय पाशहस्ताय प्रलयकालाय उल्कामुखायाग्निकेतवे मुनये दीप्ताय विशाम्पतये उन्नयते जनकाय चतुर्थकाय लोकसत्तमाय वामदेवाय वाग्दाक्षिण्याय वामतो भिक्षवे भिक्षुरूपिणे जटिने स्वयं जटिलाय शक्रहस्तप्रतिस्तम्भकाय वसूनां स्तम्भकाय क्रतवे क्रतुकराय कालाय मेधाविने मधुकराय चलाय वानस्पत्याय वाजसनेति समाश्रमपूजिताय जगद्धात्रे जगत्कर्त्रे पुरुषाय शाश्वताय ध्रुवाय धर्माध्यक्षाय त्रिवर्त्मने भूत-भावनाय त्रिनेत्राय बहुरूपाय सूर्यायुतसमप्रभाय देवाय सर्वतूर्यनिनादिने सर्ववाधाविमोचनाय बन्धनाय सर्वधारिणे धर्मोत्तमाय पुष्पदन्तायाविभागाय मुखाय सर्वहराय हिरण्यश्रवसे द्वारिणे भीमाय भीमपराक्रमाय ॐ नमो नमः ॥ ४९-१ ॥

यसै मन्त्रलाई शुक्राचार्यले शिवको पेटमा एक सय वर्षसम्म निरन्तर जप गरे । शिव प्रसन्न भएपछि लिङ्गमार्गबाट बाहिर निस्कने सौभाग्य प्राप्त गरे ।

इमं मन्त्रवरं जप्त्वा शुक्रो जठरपञ्जरात् ।
निष्क्रान्तो लिङ्गमार्गेण शम्भोः शुक्रमिवोत्कटम् ॥ ४९-१ ॥

बाहिर निस्केपछि शुक्राचार्यले शिवलाई प्रणाम गरे अनि स्तुति गर्दै भने, 'तपाई नै सर्वशक्तिमान्, अष्टमूर्ति, अनेकमूर्ति, अन्तर्यामी, देव-दानवहरूका संरक्षक शुभचिन्तक, भक्तवत्सल, प्राणदाता हुनुहुन्छ । तपाईको स्तुति म कसरी गरूँ ?'

यसरी स्तुति गरेपछि शिव प्रसन्न भए र शिव-शिवाले शुक्राचार्यलाई पुत्र रूपमा स्वीकार गरी अजरामरत्व प्रदान गरे ।

अजरश्चामर श्रीमान् द्वितीय इव शङ्करः । ४९-३ ।

अन्तमा शिवले शुक्राचार्यलाई पुनः दैत्य समूहमा नै जान आज्ञा दिए । दैत्य समूहमा पुगेर शुक्राचार्य मेघ समूहमा जसरी चन्द्रमा सुशोभित हुन्छन्, त्यसरी नै सुशोभित भए ।

अन्धकासुरद्वारा शिवाष्टोत्तरशतनामको जप ध्यान, शिवद्वारा गणपति पद प्रदान

शुक्राचार्य दानव समूहमा पुगे । दानवराज अन्धक भने शिवको ध्यान गर्दै त्रिशूलमा झुन्डिएको थियो । सूर्यको किरणले शरीर सुकेको, वर्षा र हावाले जीर्णशीर्ण भएको थियो तर पनि जीवित थियो ।

त्रिशूलमा झुन्डिएको अन्धकले शिवको शरण लियो र शिवको अष्टोत्तरशतनामको ध्यान गर्दै, जप गर्दै तपस्या गऱ्यो । ती एक सय आठमध्ये केही नाम यसप्रकार छन्- महादेव, विरूपाक्ष, चन्द्रशेखर, अमृत, शाश्वत, स्थाणु, नीलकण्ठ, पिनाकी, वृषभाक्ष, महाज्ञेय, पुरुष, कामद, कामारि, कामदहन, कामरूप, जटाजूटधारी, गूढव्रत, गुप्तमन्त्र, गम्भीर, भावगोचर, अणिमादिको आधार स्वरूप, त्रैलोक्यैश्वर्यदायक, वीर, वीरनाशक, घोर, विरूप, उन्मत्त, भैरव, महेश्वर, विरूप, गिरीश, भीम, कपाली, त्रिपुरदहन आदि ।

विरूपं गिरीशं भीमं स्रग्विणं रक्तवाससम् ।
योगिनं कालदहनं त्रिपुरघ्नं कपालिनम् ॥ ४९-७॥

यसरी अन्धकले चीर कालपर्यन्त शिवको नाम लिएर ध्यान गऱ्यो । फलस्वरूप शिव प्रसन्न भए । दिव्य अमृत वर्षा गरी त्रिशूलबाट तल ओराले र वर माग्न भने-

शिव

भो भो दैत्येन्द्र तुष्टोऽस्मि यमेन नियमेन च ।
शौर्येण तव धैर्येण वरं वरय सुव्रत ॥ ४९-२१ ॥

अन्धकासुर- हे प्रभु ! यदि तपाई प्रसन्न भएर वर दिन आउनुभएको हो भने मैले अज्ञानतावश एवं मूर्खतावश जे जति कर्म गरेँ, ती सबैलाई क्षमा दिनुहोस् । मैले कामवशवर्ती भएर माता पार्वतीमाथि कुदृष्टि राखेँ, त्यसलाई क्षमा दिनुहोस् । तपाईका जति गण छन् ती सबैले मलाई सहधर्मी, मित्रको रूपमा देखुन् । त्यसैगरी दैत्यकुलोचित धर्म नष्ट भएर देवकुलोचित धर्म मलाई प्राप्त होस्, तथा म तपाईका गणहरूका साथ सधैं रहन पाऊँ ।

इयं देवी जगन्माता परितुष्टा ममोपरि ।
क्रोधं विहाय सकलं प्रसन्ना मां निरीक्षताम् ॥ ४९-३० ॥
निवसेयं गणैः सार्द्धं शान्तात्मा योगचिन्तकः । ४९-३३ ।

यति भनेपछि दैत्यराज अन्धक मौन भयो । शिवपार्वतीले अन्धकप्रति कृपादृष्टि प्रदान गरे । उसलाई आफ्नो जन्मसम्बन्धी विषयको ज्ञान भयो जो शिवपार्वतीबाटै उत्पन्न भएको थियो । ऊ कृतकृत्य भयो । शिवले अन्धकलाई आफ्नो गणमा सामेल गराए ।

उपसंहार

अन्धकले शिवको गणपति पद प्राप्त गरेपछि युद्ध समाप्त भयो । देवताहरूले शिवको जयजयकार गरे । स्तुति गरेर आज्ञा लिएर स्वधाम फर्किए । यो मृत्युञ्जय मन्त्र र अन्धकासुर जन्म तथा वरप्राप्ति सम्बन्धी आख्यान पढ्नाले सम्पूर्ण कामनाको परिपूर्ति भई शिवलोकको प्राप्ति हुनेछ ।

एतद्वः सर्वमाख्यातमन्धकस्य पुरातनम् ।
गाणपत्यं महादेव प्रसादात्परसौख्यदम् ॥ ४९-४१ ॥
मृत्युञ्जयश्च कथितो मन्त्रो मृत्युविनाशनः ।
पठितव्य प्रयत्नेन सर्वकामफलप्रदः ॥ ४९-४२ ॥

अध्याय पञ्चाशत्

शुक्राचार्यद्वारा तपस्या, शिवद्वारा मृतसञ्जीवनी विद्यादि वरप्रदान

सनत्कुमार- हे व्यासजी ! अब म शुक्राचार्यले कसरी मृतसञ्जीवनी विद्या प्राप्त गरे ? यस विषयमा सविस्तार वर्णन गर्दछु ।

प्राचीन समयको कुरा हो- भृगुनन्दन शुक्राचार्यले वाराणसी नगरमा गएर शिवलिङ्ग स्थापना गरी पाँच हजार वर्षपर्यन्त पूजाअर्चना गरे । त्यहाँ उनले सुरम्य कुवा पनि बनाए ।

स्थापयामास तत्रैव लिङ्गं शम्भो परात्मनः ।
कूपं चकार सद्रम्यं वेदव्यास तदग्रतः ॥ ३ ॥

त्यो लिङ्गमा शुक्राचार्यले प्रतिदिन पञ्चामृतले स्नान, चन्दन तथा यक्षकर्दम (एक प्रकारको सुगन्धित गन्ध), सुगन्धित उबटन अर्पण गरी अभिषेक गर्दथे, तथा अनेक पुष्पादिद्वारा अर्चना गर्दथे ।

त्यसैगरी सुवर्णचम्पक, धत्तूर, कनेर, कुशेशय, मातली, कर्णिकार, कदम्ब, बकुल, कमल, मल्लिका, शतपत्री, सिन्धुवार, किंशुक, बन्धूक, पुन्नाग, केशर, नागकेशर, नवमल्लिका, चिविलिककुन्द, मुचुकुन्द, कन्दार, विल्वपत्र, दौना, मरूबक, वृक, ग्रन्थिपर्ण, दमनक, कोमल आम्रपल्लव, तुलसी, देवगन्धारी, वृहत्पत्री, कुशपत्र, नन्धावर्त, अगस्त्यपुष्प, साल, देवदारू, कचनार, कुरबक, दूर्वा, कुरूटक आदि पुष्पलता र पातद्वारा पूजार्चना गर्दथे । त्यसपछि स्तुति, नाचगान, सहस्रनामावली पाठ गर्दथे ।

अध्याय एकपञ्चाशत्, द्विपञ्चाशत्, त्रिपञ्चाशत्, चतुष्पञ्चाशत्, पञ्चपञ्चाशत्, षट्पञ्चाशच्च

बाणासुर चरित्र (अध्याय ५१-५६ पर्यन्त)

बाणासुर जन्म, तपस्या र वरप्राप्ति, बाणापुत्री उषा अनिरुद्ध (श्रीकृष्ण प्रपौत्र) मिलन, श्रीकृष्ण-बाणासुर युद्ध, शिवद्वारा मध्यस्थता र गणपति पदमा सामेल

व्यास- इदानीं श्रोतुमिच्छामि चरितं शशिमौलिनः ।
गाणपत्यं ददौ प्रीत्या यथा बाणासुराय हि ॥ ५१-१ ॥

हे मुनिवर ! अब मलाई बाणासुरले कसरी गणपति पद प्राप्त गर्‍यो ? यस विषयमा सविस्तार सुनाउनुहोस् ।

सनत्कुमार- (शिवको ध्यान गर्दै) बाणासुर हिरण्यकशिपुको वंशमा उत्पन्न, एक हजार हातयुक्त महापराक्रमी थियो । शोणितपुर यसको राजधानी थियो । यो शिवभक्त थियो र श्रीकृष्णसँग युद्ध गर्दा नौ सय छयानब्बे हात काटिएका थिए । केवल चारवटा मात्र हात शेष रहेका थिए । यस क्रममा शिव र श्रीकृष्णको बिचमा पनि युद्ध भएको थियो ।

हिरण्यकशिपुका चार पुत्र थिए- ह्लाद, अनुह्लाद, संह्लाद र प्रह्लाद । प्रह्लाद विष्णुभक्त भए जसका कारण विष्णुले नृसिंह अवतार ग्रहण गरी हिरण्यकशिपुको वध गरे । प्रह्लादको पुत्र महादानी विरोचन भए, जसले ब्राह्मणवेशमा आएका इन्द्रलाई आफ्नो शिर काटेर दिएका थिए ।

शक्राय स्वशिरो योऽदाद्याचमानाय विप्रतः । ५१-१३ ।

विरोचनको पुत्र बलि भए । यिनले पनि वामन रूपमा आएका विष्णुलाई सर्वस्व दान गरेका थिए । बलिको औरस पुत्र बाणासुर भयो, जो महान् शिवभक्त थियो ।

तस्यौरस सुतो बाणः शिवभक्तो बभूव ह ।
शोणिताख्ये पुरे स्थित्वा स राज्यमकरोत्पुरा ॥ ५१-१५ ॥

यो बाणासुर पनि महादानी, बुद्धिमान्, सत्यप्रतिज्ञ थियो । देवताहरू यसको राज्यमा सेवकझैँ रहन्थे । कुनै प्रजा दुःखी थिएनन्, केवल देवता दुःखी थिए किनकि देवताको अधिकार खोसिएको थियो ।

बाणासुरद्वारा शिवताण्डव नृत्य, शिवद्वारा वरदान

ताण्डवेन हि नृत्येनातोषयत्तं महेश्वरम् । ५१-१८ ।

बाणासुरले आफ्ना सहस्र बाहुद्वारा ताण्डव नृत्य गरेर शिवलाई प्रसन्न गरेको थियो । शिवले वर माग्न भनेपछि-

बाणासुर- हे प्रभु ! यदि तपाईं प्रसन्न हुनुहुन्छ भने मेरो राजधानीको स्वामी भएर रक्षा गर्दै यहीँ बस्नुहोस् ।

मद्रक्षको भव सदा मदुपस्थः पुराधिपः ।
सर्वथा प्रीतिकृन्मे हि ससुतः सगणः प्रभो ॥ ५१-२४ ॥

त्यसपछि शिवले बाणासुरको याचनालाई स्वीकार गर्दै आफ्ना गणहरूका साथ शोणितपुरमा बस्न थाले । लामो समय बितेपछि एक दिन शिव, बाणासुर, देवता, असुर सबै एकत्रित भएर त्यो नगरको नदीको तटमा आनन्द लिँदै क्रीडा गरे, जसमा गन्धर्व तथा अप्सराहरूले नाचगान गरे । मुनिजनले पूजा एवं जप गरे । ऋषिजनले हवन गरे । शिवलीलाको अपूर्व आनन्द लिन सिद्धगण आए । सबै ऋतु प्रसन्न भएर एकैसाथ प्रकट भए । सबै पक्षीहरू आएर कलरव गर्न थाले । प्रकृतिदेवी वासन्ती छटाहरूले ओतप्रोत भइन् । कामदेव पनि दलबलसहित उपयुक्त अवसर देखेर उपस्थित भए, जसले गर्दा शिव काममोहित भए, र नन्दीलाई षोडश शृङ्गार गरी गौरीलाई बोलाउन कैलास जान भने-

शिव- **वामामानय गौरीं त्वं कैलासात्कृतमण्डनाम् । ५१-३६ ।**

शिवाज्ञा पाउनासाथ नन्दी पनि मनोवेगले कैलास गएर माता पार्वतीलाई निमन्त्रणा दिए ।

द्रष्टुमिच्छति देवी त्वां देवदेवो महेश्वरः । ५१-३८ ।

पार्वतीले पनि म शीघ्र आउनेछु, तिमी गएर भनिदेऊ भनी शृङ्गार गर्न थालिन् । नन्दी फर्किएर सन्देश दिए, तर शिव कामातुर भएर क्षणभर पनि प्रतीक्षा गर्न कठिन हुँदै गयो । फेरि दोस्रोपटक शिवले पार्वतीलाई बोलाउन नन्दीलाई पठाए ।

यता कामार्त शिवको अवस्थालाई ध्यान दिँदै अप्सराहरूले विचार विमर्श गरे, 'शिव उत्कट कामातुर भएका छन् । हामी नै पार्वतीको वेशमा जाऔँ । यस स्थितिमा अवश्य नै वरण गर्नेछन् ।'

अयं पिनाकी कामारिः वृणुयाद्यां नितम्बिनीम् । ५१-४५ ।

त्यति नै बेला कुष्माण्डपुत्री चित्रलेखाले भनिन्, 'म गौरीको वेशमा शिवसमीप जान सक्छु । शिवलाई त विष्णुले पहिले नै मोहिनी रूप धारण गरी मोहित तुल्याएका थिए । उनलाई मोहमा फसाउन गाह्रो छैन ।'

यदधान्मोहिनीरूपं केशवो मोहनेच्छया ।
पुरा तद्वैष्णवं योगमाश्रित्य परमार्थतः ॥ ५१-४९ ॥

त्यसपछि उर्वशी, घृताची, विश्वाची, रम्भा, मेनका, सहजन्या, पुञ्जिकास्थली आदि अप्सराहरूले काली, चण्डिका, सावित्री, गायत्री, जया, विजया रूप धारण गरे ।

उता दिव्य योग निपुण बाणासुरपुत्री उषाले अत्यन्त सुन्दर पार्वतीको रूप धारण गरी शिवसमीप गइरहेकी थिइन्, त्यति नै बेला पार्वती कैलासबाट आइपुगिन् । सम्पूर्ण वस्तुस्थितिलाई हेरेर श्राप दिँदै उषालाई भनिन्-

पार्वती- हे उषे ! तैंले मेरो रूप धारण गरी शिवसमक्ष रतिक्रीडा गर्न जान लागेकी रहिछेस् । त्यसैले तँलाई यही कार्तिक महिनामा ऋतुधर्म हुनेछ र वैशाख शुक्लपक्षको द्वादशी तिथिको अर्धरात्रिमा अन्तःपुरमा सुतिरहेको अवस्थामा स्वप्नमा जुन पुरुषसँग सहवास गर्नेछेस्, त्यही तेरो पति हुनेछ ।

यतो मम स्वरूपं वै धृतमूषे सखि त्वया ।
सकामत्वेन समये सम्प्राप्ते सति मानिनी ॥ ५१-५७ ॥
कृतोपवासां त्वां भोक्ता सुप्तामन्तःपुरे नरः । ५१-५९ ॥
स ते भर्ता कृतो देवैस्तेन सार्द्धं रमिष्यसि ॥ ५१-५९ ॥

यति भनेर पार्वती शिवसमीप गइन् । उषा लज्जित भएर पार्वतीको वाणीलाई स्वीकार गर्दै समयको प्रतीक्षा गर्न थालिन् । कामार्त शिवले पार्वतीलाई प्राप्त गरी अत्यन्त आनन्दित भई रमण गरे । त्यसपछि सबै गणका साथ शिव अन्तर्ध्यान भए ।

बाणासुरलाई आफ्नो वीरताप्रति घमन्ड, शिवद्वारा श्राप

एकचोटि शिवलाई प्रसन्न मुद्रामा देखेर शिवमायाले मोहित, कालपाशले सन्निहित भएर बाणासुरले शिवलाई भन्यो, हे महादेव ! तपाईंको कृपाले म बलवान् छु, तर मेरो अगाडि तपाईंभन्दा बलवान् अरू कोही छैनन् । मेरा यी एक हजार हात युद्ध गर्न नपाएर चिलाइरहन्छन् । मैले यी हातको केही प्रयोजन देखिनँ । मलाई यी हातहरू केवल भार मात्र भए ।

बाणासुर- हे देव किमनेनापि सहस्रेण करोम्यहम् ।
त्रैलोक्यां प्रतियोद्धारं नलभे त्वद्गते समम् ॥ ५२-६ ॥

मैले सबै देवता तथा यक्ष, गन्धर्व, नाग, सुर, असुर, दिक्पाल सबैको नाडी छामिसकेँ । कसैमा हिम्मत छैन कि मसँग युद्ध गरून् । उनीहरू सबै मेरा दासदासी बनेर बसेका छन् । त्यसैले मलाई अब त्यो युद्धको सङ्केत या सूचना दिनुहोस् जुन युद्धबाट मेरा यी हातको चिलाइ मरोस् । या शत्रुहरूद्वारा मेरा हात भरून् ।

पतन्तु शत्रुहस्ताद्वा पानयन्तु सहस्रधा ।
एतन्मनोरथं मे हि पूर्णं कुरु महेश्वरः ॥ ५२-११ ॥

शिव- अरे घमन्डी दैत्यकुलाधम ! तिमी बलिको पुत्र तथा मेरा भक्त हौ । तिमीले यस्तो कुरा भन्नु उचित थिएन । तिम्रो यो अहङ्कारको शीघ्र नै शमन हुनेछ । म जस्तै बलशालीका साथ तिम्रो अचानक युद्ध हुनेछ र शस्त्रास्त्रद्वारा यी हात केराको स्तम्भ काटेझैँ काटिएर भूमिमा झर्नेछन् । समयको प्रतीक्षा गर ।

दर्पस्यास्य प्रशमनं लप्स्यसे चाशु दारुणम् ।
छिन्ना भूमौ पतिष्यन्ति शस्त्रास्त्रैः कदलीकृता ॥ ५२-१५ ॥

जुन समयमा तिमी शास्त्रागारमा प्रवेश गर्दा शस्त्रहरूलाई देखेर डराउनेछौ । त्यही बेला नै तिम्रो कल्याण हुनेछ भन्ने जान्नू । अहिले भने गएर मेरो आराधना गर ।

साम्प्रतं गच्छ तद्वेश्म यतस्तद्विद्यते शिव ॥ ५२-१८ ॥

त्यसैगरी जुन समयमा तिम्रो ध्वजा झर्नेछ, त्यही समय नै तिम्रो अन्तिम समय आएको भन्ने जान्नू ।

स्वप्नमा उषाको अनिरुद्धसँग मिलन

यता समय बित्तै गयो । वैशाख महिना आयो । पार्वतीले भने अनुसार उषाको स्वप्नमा अनिरुद्धसँग मिलन भयो, अनि व्याकुल बनिन् ।

सुप्ता चान्तःपुरे गुप्ते स्त्रीभावमुपलम्भिता ।
कृष्णात्मजात्मजेनाथ रूदन्ती सा ह्यनाथवत् ॥ ५२-२८ ॥

उषा कामातुर बनिन् । सखी चित्रलेखालाई स्वप्नील पुरुष ल्याउन अनुरोध गरिन् । तर त्यो पुरुष को हो ? उनलाई कसरी थाहा हुनु ? त्यसैले सबै देव-दैत्य-गन्धर्व-सिद्ध-नाग-यक्ष आदिको चित्र वस्त्रपटमा उतार्दै उषालाई देखाउन थालिन् ।

इत्युक्त्वा वस्त्रपुटके देवान्दैत्यांश्च दानवान् ।
गन्धर्वसिद्ध नागांश्च यक्षादींश्च तथालिखत् ॥ ५२-४० ॥

त्यसपछि मनुष्यमा वृष्णीवंशीय यादव, शूरसेन, बलराम, कृष्ण र नरश्रेष्ठ प्रद्युम्नको चित्र बनाइन् । यी सबैलाई बनाउँदा उनलाई केही असर गरेन, तर जब प्रद्युम्नपुत्र अनिरुद्धको चित्र बनाइन्, अनि भने उषा लज्जित भएर अधोमुख भइन् ।

अनिरुद्धं विलिखितं प्राद्युम्निं वीक्ष्य लज्जिता ।
आसीदवाङ्मुखी चोषा हृदये हर्षपूरिता ॥ ५२-४२ ॥

चित्रलेखाले उषाको भावना थाहा पाइन् र चित्तचोर युवकको पनि । त्यसपछि आफ्नो

योगशक्तिको आश्रय लिएर द्वारिका पुगिन् । सुतिरहेको अनिरूद्धलाई कालो वस्त्रले आच्छादित गरी तामस योगबलद्वारा खाटैसहित उठाएर शोणितपुर जहाँ उषाको अन्तःपुर थियो, पुऱ्याइन् ।

ततः खट्वां समारूढमन्धकारपटेन सा ।
आच्छादयित्वा योगेन तामसेन च माधवम् ॥ ५२-५४ ॥
सम्प्राप्ता शोणितपुरं यत्र सा बाणनन्दिनी । ५२-५५ ।

अभीष्ट व्यक्तिलाई प्राप्त गरी कामातुर उषाले पागलझैँ व्यवहार गर्न थालिन् । अलिअलि डर पनि भयो, तर अन्तःपुरमा सुरक्षित नै छौं भन्ने सोचेर दुवैले सानन्द रमण गर्न थाले । यो क्रम कयौं दिनसम्म चलिरह्यो । एक दिन द्वारपालले उषाको साथमा कोही परपुरूष भएको आशङ्का गऱ्यो, जति बेला यी दुवै क्रीडारत थिए ।

यावत्क्रीडितुमारब्धं तावज्ज्ञातं च तत्क्षणात् । ५२-५७ ।

द्वारपालले आफ्नो धर्मानुसार तुरून्त बाणासुरलाई सूचना दियो । बाणासुर पनि क्रोधमा आयो र उषाको अन्तःपुरमा सेना पठायो ।

बाणासुर तथा बाणसेनासँग अनिरुद्धको युद्ध

सबैभन्दा पहिले बाणासुर किंकर्तव्यविमूढ भयो, अनि दश हजार सेनालाई आदेश दियो । आज्ञा पाएर वीरहरूले उषाको अन्तःपुर घेराउ गरे । वीरोचित वाणीद्वारा ललकार्न थाले । कोलाहल सुनेर अनिरुद्ध भवनबाट बाहिर आए र एक-एक गरी सबै वीरहरूलाई यमलोक पठाए अनि पुनः अन्तःपुरभित्र गए ।

तेन तान्किङ्करान् हत्वा पुनश्चान्तःपुरं ययौ । ५३-१० ।

यो प्रक्रिया चलिरह्यो र लगभग अनिरूद्धले एक लाख सेनाको संहार गरे । त्यसपछि बाणासुरले युद्ध कुशल कुष्माण्डलाई पठायो । अनिरूद्धले उसलाई पनि पराजित गरे । अनि त स्वयं बाणासुर नै जाइलाग्यो । अनिरूद्धले उसलाई पनि रथ-घोडा-शस्त्रविहीन तुल्याइदिए ।

अनिरुद्धलाई नागपाशले बाँध्नु

प्रायः सबै उपाय शिथिल हुँदै गएपछि बाणासुरले मायावी शक्तिको सहारा लियो र अनिरूद्धलाई छल गरी नागपाशले बाँध्यो ।

अदृश्यमानस्तु तदा कूटयोधः स दानवः ।
छद्मना नागपाशैस्तं बबन्ध स महाबलः ॥ ५३-१८ ॥

त्यसपछि बाणासुरले आफ्नो मन्त्री कुष्माण्डलाई भन्यो, 'यस पुरूषको शीघ्र शिर काटिदेऊ ।

हाम्रो पवित्र कुललाई यसले दूषित गरेको छ । यसका सबै अङ्ग काटेर टुक्रा टुक्रा गरी राक्षसलाई खान देऊ वा कुवामा हालेर मारिदेऊ । जुनसुकै उपायद्वारा यसलाई मार ।

किं बहूक्त्या सूतपुत्र ! मारणीयो हि सर्वथा । ५३-२३ ।

कुष्माण्ड मन्त्री- हे स्वामी ! यसलाई मृत्यु दिन उचित हुँदैन । त्यसो गर्नाले आत्माको हनन हुन्छ । यो विष्णुसमान पराक्रमी छ । दैत्यरूपी सर्पले डसेको हुनाले हामी सबैलाई तृणझैँ सम्झिन्छ । यो स्वयं श्रीकृष्णको प्रपौत्र हो ।

अयं तु दृश्यते देव तुल्यो विष्णोः पराक्रमैः ।
अस्मांस्तृणोपमान् वेत्ति दंष्टोऽपि भुजगैर्बलात् ॥ ५३-२६ ॥

दैत्यराज बाणासुरलाई यति भनेर कुष्माण्ड अनिरूद्धसमीप गयो र उनलाई सोध्न थाल्यो-

कोऽसि कस्यासि रे वीर सत्यं वद ममाग्रतः । ५३-३० ।

तिमी यहाँ कसरी आयौ ? अब जे भयो भयो, त्यसलाई भुलिदेऊ र दैत्यराजको शरणमा जाऊ । दीन बनेर स्तुति गर । त्यसो गर्‍यौ भने तिम्रो अपराधलाई क्षमा गरी नागपाशबाट छुटाइदिनेछन् । नत्र भने यसै गरी बस्नुपर्नेछ ।

अनिरूद्ध- कुष्माण्डको कायरतापूर्ण वचन सुनेर अनिरूद्धले वीरोचित वाणीले यसरी प्रत्युत्तर दिन थाले-

रे रे दैत्याधमसखे करपिण्डोपजीवक ।
निशाचर दुराचार शत्रुधर्मं न वेत्सि भोः ॥ ५३-३३ ॥

शरणागति, दीनता, या भाग्नु जस्ता निन्दनीय कार्य वीरहरूका लागि शोभा दिँदैन । यी त मरणभन्दा पनि अधिक कष्टदायक हुन् । वीर क्षत्रिय त युद्धमा मृत्यु पाउनु कल्याणदायक मान्दछन्, न कि हात जोडेर क्षमा याचना गर्न । यसै बेला आकाशवाणी भयो ।

आकाशवाणी- **भो भो बाण महावीर न क्रोधुं कर्तुमर्हसि ।**
बलिपुत्रोऽसि सुमते शिवभक्त विचार्यताम् ॥ ५३-३८ ॥

हे बाणासुर ! क्रोधलाई त्यागेर शिव शरणापन्न होऊ । उनी नै सबैका स्वामी एवं सबैका कल्याणदायक हुन् । उनी नै सगुण-निर्गुण दुवै हुन् । शिवले सबैको घमन्डलाई ध्वस्त पारिदिन्छन् । तिम्रो पनि घमन्ड नाश गर्नेछन् ।

नाशयिष्यति ते गर्वमिदानीं भक्तवत्सलः । ५३-४३ ।

आकाशवाणी सुनेर बाणासुरले अनिरूद्धलाई वध त गरेन तर नागपाश पनि छुटाइदिएन । त्यसपछि अनिरूद्ध भगवती दुर्गाको शरणमा गए । दीन बनेर प्रार्थना गरे ।

नागपाशबाट मुक्त हुन अनिरूद्धले दुर्गाको शरण लिनु

अनिरूद्ध- शरण्ये देवि बद्धोऽस्मि दह्यमानस्तु पन्नगैः ।
आगच्छ मे कुरु त्राणं यशोदे चण्डरोषिणि ॥ ५३-४७ ॥

'हे भगवती दुर्गे ! तपाईं नै सृष्टि-स्थिति-संहारकारिणी हुनुहुन्छ । म नागपाशले बाँधिएको छु । तपाईंबाहेक मेरो कोही रक्षक छैन । कृपया मलाई रक्षा गर्नुहोस् ।' यसरी स्तुति गरेपछि ज्येष्ठ कृष्ण चतुर्दशीको अर्धरात्रिमा कालीले दर्शन दिइन् र भयानक नागलाई भस्म गरी अनिरूद्धलाई छुटाइन् । अन्तःपुरमा प्रवेश गराइन्, र दुर्गादेवी अन्तर्ध्यान भइन् । यता बाणासुरपुत्री उषाले आफ्नो पति प्राप्त गरिन् । उनी आनन्दविभोर भइन् र पूर्ववत् सुखी भएर बस्न थालिन् ।

पूर्ववद्विजहारासौ तथा स्वप्रियया सुखी । ५३-५४ ।

त्यसपछि वर्षाको चतुर्मास प्रारम्भ भयो र सानन्द व्यतीत गरे ।

श्रीकृष्ण-बाणासुरबिच घनघोर युद्ध

यता द्वारिकामा अनिरुद्धको अपहरणपछि खैलाबैला मच्चियो । स्त्रीहरू रून थाले । नारदजीले सारा वृत्तान्त द्वारिकावासीलाई भने र अनिरूद्ध सुरक्षित रहेको समेत अवगत गराए । यादव सबै दुःखी भएको देखेर श्रीकृष्णले अन्तमा गरूडलाई बोलाएर युद्धार्थ तुरून्त शोणितपुर प्रस्थान गरे । साथमा बाह्र अक्षौहिणी सेना, बलराम, प्रद्युम्न, युयुधान, साम्ब, नन्द-उपनन्द, भद्र आदि पनि श्रीकृष्णसँगै युद्ध सहायतार्थ शोणितपुर प्रस्थान गरे । त्यहाँ पुगेर उनीहरूले बाणासुरको नगर चारैतिरबाट घेरे ।

यता शत्रुपक्षले आफ्नो नगरलाई घेराबन्दी गरेको समाचार सुन्नासाथ बाणासुर पनि महारथी, पराक्रमी, वीर सेनाहरूको साथ लिएर महलबाट निस्क्यो । उता शिव पनि आफ्नो भक्त बाणासुरको रक्षार्थ प्रमथगणका साथ पुगे ।

आसीत्सुतुमुलं युद्धमद्भुतं लोमहर्षणम् । ५४-१० ।

युद्धारम्भ भयो । शिवको अनुकम्पाले बाणासुरले अत्यन्त उत्साहका साथ यदुवंशीसँग युद्ध गर्‍यो । सबै खाले शस्त्रास्त्र प्रहार हुन थाले । आकाशमा देव-मुनि-सिद्ध-चारण-गन्धर्व-अप्सराहरू युद्ध हेरिरहेका थिए । ब्रह्मास्त्र, वायव्यास्त्र, पर्वतास्त्र, आग्नेयस्त्र आदि प्रहार भए ।

ब्रह्मास्त्रस्य च ब्रह्मास्त्रं वायव्यस्य च पार्वतम् ।
आग्नेयस्य च पार्जन्यं नैजं नारायणस्य च ॥ ५४-२४ ॥

यसरी नै शिव र श्रीकृष्ण लडिरहे । अन्ततोगत्वा प्रमथ गणले श्रीकृष्णका सेनाहरूलाई भगाए । यो देखेर श्रीकृष्णले तुरून्त शीतलज्वरको आवाहन गरेर छोडे ।

स्वं ज्वरं शीतलाख्यं हि व्यसृजद् वारुणं मुने । ५४-२६ ।

त्यो ज्वर तुरुन्तै चारैतिर फैलियो । यो देखेर शिवले पनि शीतल ज्वर छोडे । त्यसपछि वैष्णव-शैवज्वर दुवै आपसमा लडिरहे । अन्त्यमा शिवज्वरले वैष्णवज्वरलाई परास्त गऱ्यो । त्यसपछि वैष्णवज्वर शिवसमीप शरणापन्न भयो । शिवले उसलाई अभयदान दिए ।

शीतज्वर प्रसन्नोऽहं व्येतु ते मज्ज्वराद्भयम् । ५४-३१ ।

दुवै ज्वर शान्त भए तर युद्ध भने रोकिएन । महावीर प्रद्युम्नलाई स्कन्धले घाइते तुल्याए जसको कारण उनी रणभूमि छोडेर गए । कुष्माण्डले बलभद्रलाई परास्त गरे । उता आपत्ति काल उपस्थित देखेर गरूडले हजारौं शरीर धारण गरी समुद्रको जल पिएर बादलझैँ युद्धस्थलमाथि वर्षा गरे जसको कारण कयौं प्रमथगण हतोत्साही हुन पुगे, र पनि श्रीकृष्ण सेना पराजित भइ नै रहे । त्यसपछि श्रीकृष्णले सारथिलाई शिवसमीप रथ लान भने र शिवसमीप पुगेर स्तुति गर्न थाले ।

श्रीकृष्णद्वारा शिवको स्तुति

श्रीकृष्णले शिवको चौध श्लोकमार्फत स्तुति गरेका छन् । उनले शिवलाई चराचरका स्वामी, सगुणनिर्गुण-स्वरूप, भक्तरक्षक, भक्त-प्रतिपालक, सर्वेश्वर, सर्वकर्म-साक्षी, खलनिग्रहकारक भन्दै आफू शरणापन्न भएको र आफ्नो रक्षा गर्न अनुरोध गरेका छन् । पहिलो श्लोक यस्तो छ-

देवदेव महादेव शरणागतवत्सल ।
नमामि त्वाऽनन्तशक्तिं सर्वात्मानं परेश्वरम् ॥ ५४-४३ ॥

तपाईको वचनलाई सत्य साबित गर्नकै लागि तपाईको भक्तको हात काट्न म आएको हुँ जुन वचन तपाईंले बाणासुरलाई दिनुभएको थियो । त्यसैले तपाई युद्धभूमिबाट हट्नुहोस् जसले गर्दा म उसको गर्वनाश गर्न सकूँ ।

निवर्तस्व रणाद्देव त्वच्छापो न वृथा भवेत् ।
आज्ञां देहि प्रभो मे त्वं बाणस्य भुजकृन्तने ॥ ५४-५६ ॥

यसरी स्तुति गरेपछि शिव प्रसन्न भए र श्रीकृष्णलाई भने-

शिव- हे तात ! तिमीले सत्य भन्यौ । म भक्ताधीन भएर रणभूमिबाट पलायन भइनँ । अब तिमीले ममाथि जृम्भणास्त्र प्रहार गर, जसको कारण म हाइ गर्न थाल्नेछु र त्यही बेला तिमीले आफ्नो कार्य गर्नू-

अतस्त्वं जृम्भणास्त्रेण मां जृम्भय मदाज्ञया ।
ततस्त्वं कुरू कार्यं स्वं यथेष्टं च सुखी भव ॥ ५४-६० ॥

नागपाशबाट मुक्त हुन अनिरुद्धले दुर्गाको शरण लिनु

अनिरूद्ध- शरण्ये देवि बद्धोऽस्मि दह्यमानस्तु पन्नगैः ।
आगच्छ मे कुरु त्राणं यशोदे चण्डरोषिणि ॥ ५३-४७ ॥

'हे भगवती दुर्गे ! तपाईं नै सृष्टि-स्थिति-संहारकारिणी हुनुहुन्छ । म नागपाशले बाँधिएको छु । तपाईंबाहेक मेरो कोही रक्षक छैन । कृपया मलाई रक्षा गर्नुहोस् ।' यसरी स्तुति गरेपछि ज्येष्ठ कृष्ण चतुर्दशीको अर्धरात्रिमा कालीले दर्शन दिइन् र भयानक नागलाई भस्म गरी अनिरुद्धलाई छुटाइन् । अन्तःपुरमा प्रवेश गराइन्, र दुर्गादेवी अन्तर्ध्यान भइन् । यता बाणासुरपुत्री उषाले आफ्नो पति प्राप्त गरिन् । उनी आनन्दविभोर भइन् र पूर्ववत् सुखी भएर बस्न थालिन् ।

पूर्ववद्विजहारासौ तथा स्वप्रियया सुखी । ५३-५४ ।

त्यसपछि वर्षाको चतुर्मास प्रारम्भ भयो र सानन्द व्यतीत गरे ।

श्रीकृष्ण-बाणासुरबिच घनघोर युद्ध

यता द्वारिकामा अनिरुद्धको अपहरणपछि खैलाबैला मच्चियो । स्त्रीहरू रून थाले । नारदजीले सारा वृत्तान्त द्वारिकावासीलाई भने र अनिरुद्ध सुरक्षित रहेको समेत अवगत गराए । यादव सबै दुःखी भएको देखेर श्रीकृष्णले अन्तमा गरुडलाई बोलाएर युद्धार्थ तुरुन्त शोणितपुर प्रस्थान गरे । साथमा बाह्र अक्षौहिणी सेना, बलराम, प्रद्युम्न, युयुधान, साम्ब, नन्द-उपनन्द, भद्र आदि पनि श्रीकृष्णसँगै युद्ध सहायतार्थ शोणितपुर प्रस्थान गरे । त्यहाँ पुगेर उनीहरूले बाणासुरको नगर चारैतिरबाट घेरे ।

यता शत्रुपक्षले आफ्नो नगरलाई घेराबन्दी गरेको समाचार सुन्नासाथ बाणासुर पनि महारथी, पराक्रमी, वीर सेनाहरूको साथ लिएर महलबाट निस्क्यो । उता शिव पनि आफ्नो भक्त बाणासुरको रक्षार्थ प्रमथगणका साथ पुगे ।

आसीत्सुतुमुलं युद्धमद्भुतं लोमहर्षणम् । ५४-१० ।

युद्धारम्भ भयो । शिवको अनुकम्पाले बाणासुरले अत्यन्त उत्साहका साथ यदुवंशीसँग युद्ध गर्‍यो । सबै खाले शस्त्रास्त्र प्रहार हुन थाले । आकाशमा देव-मुनि-सिद्ध-चारण-गन्धर्व-अप्सराहरू युद्ध हेरिरहेका थिए । ब्रह्मास्त्र, वायव्यास्त्र, पर्वतास्त्र, आग्नेयस्त्र आदि प्रहार भए ।

ब्रह्मास्त्रस्य च ब्रह्मास्त्रं वायव्यस्य च पार्वतम् ।
आग्नेयस्य च पार्जन्यं नैजं नारायणस्य च ॥ ५४-२४ ॥

यसरी नै शिव र श्रीकृष्ण लडिरहे । अन्ततोगत्वा प्रमथ गणले श्रीकृष्णका सेनाहरूलाई भगाए । यो देखेर श्रीकृष्णले तुरुन्त शीतलज्वरको आवाहन गरेर छोडे ।

स्वं ज्वरं शीतलाख्यं हि व्यसृजद् वारुणं मुने । ५४-२६ ।

त्यो ज्वर तुरुन्तै चारैतिर फैलियो । यो देखेर शिवले पनि शीतल ज्वर छोडे । त्यसपछि वैष्णव-शैवज्वर दुवै आपसमा लडिरहे । अन्त्यमा शिवज्वरले वैष्णवज्वरलाई परास्त गऱ्यो । त्यसपछि वैष्णवज्वर शिवसमीप शरणापन्न भयो । शिवले उसलाई अभयदान दिए ।

शीतज्वर प्रसन्नोऽहं व्येतु ते मज्ज्वराद्भयम् । ५४-३१ ।

दुवै ज्वर शान्त भए तर युद्ध भने रोकिएन । महावीर प्रद्युम्नलाई स्कन्धले घाइते तुल्याए जसको कारण उनी रणभूमि छोडेर गए । कुष्माण्डले बलभद्रलाई परास्त गरे । उता आपत्ति काल उपस्थित देखेर गरूडले हजारौं शरीर धारण गरी समुद्रको जल पिएर बादलझैँ युद्धस्थलमाथि वर्षा गरे जसको कारण कयौं प्रमथगण हतोत्साही हुन पुगे, र पनि श्रीकृष्ण सेना पराजित भइ नै रहे । त्यसपछि श्रीकृष्णले सारथिलाई शिवसमीप रथ लान भने र शिवसमीप पुगेर स्तुति गर्न थाले ।

श्रीकृष्णद्वारा शिवको स्तुति

श्रीकृष्णले शिवको चौध श्लोकमार्फत स्तुति गरेका छन् । उनले शिवलाई चराचरका स्वामी, सगुणनिर्गुण-स्वरूप, भक्तरक्षक, भक्त-प्रतिपालक, सर्वेश्वर, सर्वकर्म-साक्षी, खलनिग्रहकारक भन्दै आफू शरणापन्न भएको र आफ्नो रक्षा गर्न अनुरोध गरेका छन् । पहिलो श्लोक यस्तो छ-

देवदेव महादेव शरणागतवत्सल ।
नमामि त्वाऽनन्तशक्तिं सर्वात्मानं परेश्वरम् ॥ ५४-४३ ॥

तपाईंको वचनलाई सत्य साबित गर्नकै लागि तपाईंको भक्तको हात काट्न म आएको हुँ जुन वचन तपाईंले बाणासुरलाई दिनुभएको थियो । त्यसैले तपाई युद्धभूमिबाट हट्नुहोस् जसले गर्दा म उसको गर्वनाश गर्न सकूँ ।

निवर्तस्व रणाद्देव त्वच्छ्रापो न वृथा भवेत् ।
आज्ञां देहि प्रभो मे त्वं बाणस्य भुजकृन्तने ॥ ५४-५६ ॥

यसरी स्तुति गरेपछि शिव प्रसन्न भए र श्रीकृष्णलाई भने-

शिव- हे तात ! तिमीले सत्य भन्यौ । म भक्ताधीन भएर रणभूमिबाट पलायन भइनँ । अब तिमीले ममाथि जृम्भणास्त्र प्रहार गर, जसको कारण म हाइ गर्न थाल्नेछु र त्यही बेला तिमीले आफ्नो कार्य गर्नू-

अतस्त्वं जृम्भणास्त्रेण मां जृम्भय मदाज्ञया ।
ततस्त्वं कुरू कार्य स्वं यथेष्टं च सुखी भव ॥ ५४-६० ॥

श्रीकृष्णद्वारा शिवमाथि जृम्भणास्त्र प्रहार र बाणासुरका ९९६ वटा हात काट्नु

शिवाज्ञा प्राप्त भएपछि श्रीकृष्णले तुरुन्त जृम्भणास्त्रको सन्धान गरेर छोडे । शिव जम्भाई लिन थाले र निदाए । यो देखेर बाणासुर रणभूमिमा आयो ।

शयिते लीलया रुद्रे सपुत्रे सगणे सति ।
बाणो विनिर्गतो युद्धं कर्तुं कृष्णेन दैत्यराट् ॥ ५५-५ ॥

महाबली बाणासुरले सेनासहित साथ लिएर यदुवंशको संहार गर्न थाल्यो । सबै खाले शस्त्रास्त्रको प्रयोग गऱ्यो र अन्तमा थकित भयो । अनि शिवाज्ञा अनुसार श्रीकृष्णले सुदर्शनचक्रलाई बाणासुरका हातहरू काट्नका लागि आज्ञा दिए । केवल चार हातमात्र राखेर ९९६ वटा हात काटिदिए ।

ततः सुदर्शनेनाशु कृष्णो बाणभुजान्बहून् ।
चिच्छेद भगवान् शम्भुः शासनात्परवीरहा ॥ ५५-३० ॥
अवशिष्टा भुजास्तस्य चत्वारोऽतीव सुन्दराः । ५५-३१ ।

त्यसपछि श्रीकृष्ण बाणासुरको शिरच्छेद गर्न उद्यत भए । यो स्थिति देखेर शिव तुरुन्त अगाडि आइपुगे र कृष्णलाई रोक्दै भने-

शिव- हे कृष्ण ! तिमीले बाणासुरलाई जति सजाय दिनु थियो दिइसक्यौ । अब आफ्नो सुदर्शन चक्र फिर्ता गर जो मैले तिमीलाई दिएको थिएँ । बाणासुरलाई मैले अभय वरदान दिएको छु । त्यसैले मेरो वचन सत्य हुनेछ । यसलाई एक हजार हातको जुन अभिमान थियो त्यो अभिमान चूर्ण गर्ने काम तिमीले गऱ्यौ । अब तिमी निर्भय हुँदै द्वारिकातर्फ फर्क ।

बाण श्रीकृष्ण सन्धि- त्यसपछि शिवले बाणासुरलाई पनि सम्झाए । बाणासुरले बदला लिने भावना त्यागिदियो अनि सुपुत्री उषा, सखी चित्रलेखा र दासदासी अमूल्य रत्नहरूसहित अनिरुद्धलाई प्रदान गऱ्यो । अत्यन्त सौहार्द विनयान्वित भएर श्रीकृष्णको बिदाइ गऱ्यो । श्रीकृष्ण यदुवंशीहरूका साथ द्वारिका फर्किए र उत्सव मनाए ।

द्वारकां च पुरीं प्राप्तः समुत्सवसमन्वितः । ५५-४७ ।

शिवद्वारा बाणासुरलाई आफ्नो गणमा सामेल गर्नु

यता एकातिर युद्ध शान्त भयो, तर बाणासुर अशान्त थियो । आफ्नै मूर्खताको कारण ऊ दुःखी थियो । हात काटिएकाले रक्तले लतपत भएको थियो । यस्तो अवस्थामा नन्दीले सम्झाउँदै भने-

नन्दी- हे शिवभक्त बाण । पश्चात्तापलाई छोडेर शिवको शरणमा जाऊ । तिम्रो कल्याण हुनेछ । जे जे भयो त्यो सबै शिवकै इच्छाले भएको हो । उनको स्मरण गर्दै उत्सव गर ।

मन आधे समाधाय कुरु नित्यं महोत्सवम् । ५६-६ ।

नन्दीले सम्झाएको बाणले मान्यो । शिवस्थानमा गयो र दीन भई रुन थाल्यो । घमन्डरहित, व्याकुल भएर स्तुति गर्न थाल्यो ।

गत्वा तत्र प्रभुं नत्वा रुरोदातीव विह्वलः ।
गतगर्वव्रजो बाणः प्रेमाकुलितमानसः ॥ ५६-८ ॥

मुखले अनेक बाजा बजाउँदै, शिर हल्लाउँदै, आँखीभौंलाई नचाउँदै अनेक प्रकारका मुद्राद्वारा ताण्डव नृत्य गर्न थाल्यो । भूमि रगतको धाराले सिञ्चित भयो, र पनि आफ्नो हाउभाउ छोडेन, अनि मात्र शिव प्रसन्न भएर वरदान माग्न प्रेरित गरे ।

शिव- बाण तात बलेः पुत्र सन्तुष्टो नर्तनेन ते ।
वरं गृहाण दैत्येन्द्र यत्ते मनसि वर्तते ॥ ५६-१५ ॥

बाण- शिव प्रसन्न भएकाले ऊ पनि प्रसन्न भयो, र वर माग्दै भन्यो ।

(१) मेरा शरीरका घाउ ठिक होउन् (२) मलाई तपाईंको अक्षय गणपतित्व पद प्राप्त होस् । (३) उषापुत्रलाई शोणितपुरको राज्य मिलोस् । (४) मेरो दैत्यभाव नष्ट होस् । (५) मैले बाहुयुद्धमा गरेका सबै धूर्तताहरूका लागि क्षमा प्राप्त होस् ।

यसरी वरदान मागेपछि बाणासुरले तपाईं नै संसारको उत्पत्ति, पालक र संहारक स्वरूप हुनुहुन्छ । तपाईंको शरीर नै सम्पूर्ण ब्रह्माण्ड हो । चारै वर्णको उत्पत्ति पनि तपाईंकै शरीरबाट भएको हो भनी ९ श्लोकले शिवको स्तुति गर्‍यो ।

ब्राह्मणं ते मुखं प्राहुर्बाहुं क्षत्रियमेव च ।
उरूजं वैश्यमाहुस्ते पादजं शूद्रमेव च ॥ ५६-२७ ॥

तपाईं नै सबैको उपासनायोग्य हुनुहुन्छ । तपाईंकै कृपाले मनुष्यलाई भुक्ति-मुक्ति मिल्दछ । तपाईंलाई त्याग्नु भनेको आफूले आफ्नो आत्मालाई त्याग्नु हो, त्यसैले नै ब्रह्मा-विष्णु आदि देवता मुनि, मानव, सिद्ध आदि तपाईंकै शरणमा छन् ।

बाणासुरलाई वरप्रदान एवं उपसंहार

बाणासुरले यसरी वर मागे र स्तुति गर्नाले शिव प्रसन्न भए अनि सबै वरदान प्रदान गर्दै 'तस्थातु ।' भन्दै त्यहीं अन्तर्ध्यान भए ।

सर्वं लभिष्यसीत्युक्त्वा तत्रैवान्तरधीयत । ५६-३२ ।

यसरी शिवको कृपाले बलिपुत्र बाणासुर महाकालत्वको पद प्राप्त गर्न सफल भयो । शिवगणको प्रमुख भयो ।

बाणासुर चरित्र पढ्नाले, मनन गर्नाले, सङ्ग्राममा विजय, सुदृढ शिवभक्ति तथा भुक्तिमुक्ति मिल्दछ । विद्या, धन, यश र ऐश्वर्य प्राप्त हुन्छ ।

कथितमिह वरिष्ठं श्रोत्ररम्यैर्वचोभिः
सकल भुवनमध्ये क्रीडमानस्य नित्यम् । ५६-३४ ।

अध्याय सप्तपञ्चाशत्

गजासुर चरित्र, शिवद्वारा गजासुरवध, चर्मधारण र कृत्तिवासा नामकरण

सनत्कुमार- हे व्यासजी ! अब गजासुर चरित्र सुन्नुहोस् ।

यो गजासुर महिषासुरको पुत्र थियो । शिवले यसलाई त्रिशूलले मारेका थिए र उसको प्रार्थनानुसार चर्म धारण गरे जसको कारण शिवको नाम 'कृत्तिवासा' भयो, र कृत्तिवाशेश्वर लिङ्गको पनि स्थापना भयो ।

दानवे निहते देव्या समरे महिषासुरे ।
पितुर्वधं हि संस्मृत्य कृतं देव्या सुरार्थनात् ॥ ३ ॥

जब देवताद्वारा प्रेरित भएर भगवती देवीले आफ्ना पिता महिषासुरको वध गरिन्, तब गजासुर क्रोधमा आयो । देवताप्रति द्वेषभावना लिएर ब्रह्मालाई लक्ष्य गरी, अजर-अमर बन्नका लागि तपस्या गर्न वनमा गयो । 'काम-विकारयुक्त पुरुष या स्त्रीद्वारा मेरो वध नहोस्' यही भावना राखी तपस्या गर्न थाल्यो ।

अवध्योऽहं भविष्यामि स्त्रीपुंसैः कामनिर्जितैः । ५ ।

गजासुरले हिमालयको गुफामा माथि हात फैलाएर आकाशतिरै दृष्टि गरी खुट्टाको बुढी औंलाले पृथ्वीमा उभिएर लामो समयसम्म तपस्या गर्‍यो । उसको शिरबाट चारै दिशालाई सन्तप्त गराउँदै तेज निस्कन थाल्यो ।

तस्य मूर्ध्नः समुद्‌भूतः सधूमोऽग्निस्तपोमयः । ८ ।

गजासुरको तेजले ब्रह्माण्ड सन्तप्त भयो । देवता ब्रह्माको शरणमा गए । सम्पूर्ण वृत्तान्त बताए । ब्रह्माले सबैलाई सान्त्वना दिए र भृगु आदि मुनिहरूका साथमा गजासुरको तपस्थली पुगे । उसलाई उठाए, र वर माग्न भने-

ब्रह्मा- **उत्तिष्ठोत्तिष्ठ दैत्येन्द्र तपः सिद्धोऽसि माहिषे ।**
प्राप्तोऽहं वरदस्तात वरं वृणु यथेप्सितम् ॥ १५ ॥

गजासुर- ब्रह्माको वचन सुनेर महिषपुत्र प्रसन्न भयो । प्रणाम गर्‍यो, र वर माग्दै भन्यो, 'काम विजयी, निष्कामी या कामाशक्त स्त्री-पुरूष कसैको हातबाट मेरो मृत्यु नहोस् । मलाई शक्तिशाली महाबली बनाइदिनुहोस् । देवताहरूलाई जितेर उनीहरूको सम्पत्ति भोग गर्न सकूँ ।

महाबलो महावीर्योऽजेयो देवादिभिः सदा । १८ ।

ब्रह्मा- तथास्तु ! भन्दै अन्तर्ध्यान भए ।

वर प्राप्त गरी गजासुर घर गयो । दैत्य कुलको अधिपति बन्यो । त्यसपछि क्रमशः तीनै लोक, दसै दिशा, इन्द्रादि देवता, मनुष्य, गन्धर्व, गरूड, सर्प आदिलाई पराजय गरी विश्वकर्मा निर्मित इन्द्रको भवनमा बस्न थाल्यो । देवताहरूलाई आफ्नो चरण पूजन गराउँथ्यो । ऐश्वर्यको मदले क्रमशः विपरीत आचरण गर्दै, अप्सराहरूका साथ रमण गर्दै, मदिरा पान-मांस भक्षण गर्दै, धर्मात्मा, ब्राह्मण, तपस्वी, ऋषिमुनि आदिलाई सताउन थाल्यो ।

यसै क्रममा एक दिन गजासुर मदोन्मत्त भएर शिवको राजधानी पुग्यो ।

एकस्मिन्समये तात ! दानवोऽसौ महाबलः ।
अगच्छद्राजधानीं वै शङ्करस्य गजासुरः ॥ २९ ॥

गजासुर पुग्नासाथ महान् कोलाहल मच्चियो । ऊ प्रमथगणलाई लछारपछार गर्दै अगाडि बढ्यो । यस्तो परिस्थिति देखेर देवताहरू भयभीत हुँदै शिवसमीप गए अनि प्रार्थना गर्न थाले ।

देवता- हे महादेव ! तपाईंको नगरमा गजासुर दैत्य आइपुगेको छ । तपाईंका भक्तलाई कष्ट दिइरहेको छ । उसलाई शीघ्र उद्धार गर्नुहोस् । उसको पाउ जहाँ राख्छ, त्यसको भारले पृथ्वी डगमगाउन थाल्छ ।

यत्र यत्र धरायां चं चरणं प्रमिणोति हि ।
अचलां सचलां तत्र करोति निज भारतः ॥ ३५ ॥

उसको महान् वेगले शिखरसहित वृक्ष ढल्दछन् । भुजाको आघातले पहाड चूर्ण हुन्छन् । जसको मुकुटको स्पर्शले आकाशको बादल तितरबितर हुन्छ । उसको कपालको स्पर्शले उत्पन्न नीलोपना आज पनि आकाशमा व्याप्त छ । उसले सास फेर्दा नदी र समुद्रमा महान् लहर उठ्दछ ।

गजासुरले आफ्नो माया विस्तार गर्दा आफ्नो शरीरलाई नौ हजार योजनसम्म लामो र चौडा बनाउन सक्छ । जता जान्छ, मलाई कामी स्त्री-पुरुषले मार्न सक्तैनन् भन्छ । हे काशीरक्षक ! भक्तहरूको रक्षा गर्नुहोस् ।

रक्षस्व भक्तान्देवेश काशीरक्षणतत्पर । ४२ ।

शिव-गजासुर सङ्ग्राम

देवताहरूको प्रार्थना सुनेर देवतालाई आश्वासन दिंदै शिव शस्त्रास्त्र एवं वाहनले सुसज्जित भएर युद्धका लागि निस्किए । यता गजासुर पनि प्रसन्न भयो । युद्धका लागि तयार भयो । आकाशमा वीरोचित बाजा बज्न थाले । गर्जना गर्दै शस्त्रास्त्रले सुसज्जित भएर दुवैका बिचमा भीषण युद्ध प्रारम्भ भयो । पहाडहरू एक आपसमा टक्कराउँदा जस्तो आवाज आउँछ त्यस्तै आवाज आउन थाल्यो । देवता आकाशमा प्रेक्षक बनेर बसे । अन्तमा, शिवले आफ्नो अमोघ त्रिशूलले यसरी वेधन गरे कि गजासुर मरणासन्न अवस्थामा पुग्यो । त्यसपछि गजासुरलाई थाहा भयो कि यी कुनै साधारण योद्धा हैनन्, तुरुन्तै शिवशरणापन्न भयो र स्तुति गऱ्यो ।

गजासुर- **देवदेव महादेव तव भक्तोऽस्मि सर्वथा ।**
तव हस्ते मम वधो महाश्रेयस्करो मतः ॥ ५१ ॥

हे कामारि ! तपाईंको हातबाट मर्नु मेरो लागि सौभाग्य हो । मृत्यु त सबैले भोग्नै पर्छ तर तपाईंको हातबाट मर्नु भनेको महान् पुण्यदायी हो । त्यसैले तपाईं निःशकङ्ोच भएर मेरो वध गर्नुहोस् ।

गजासुरको स्तुतिले शिव प्रसन्न भए । साधुवाद दिंदै भने, 'जे इच्छा छ, वर माग ।'

गजासुर- **यदि प्रसन्नो दिग्वासस्तदा नित्यं वसान मे ।**
इमां कृत्तिं महेशान त्वत्त्रिशूलाग्निपाविताम् ॥ ५८ ॥

यदि तपाईं प्रसन्न हुनुहुन्छ भने तपाईंको त्रिशूलको अग्निले पवित्र बनाएको मेरो छालालाई सधैं धारण गर्नुहोस् । यो छाला तपाईंको प्रमाण होस् । यो छालाबाट कहिल्यै दुर्गन्ध आउनेछैन । यो सधैं कोमल, शोभायमान तथा निर्मल रहनेछ । यो मेरो 'कृत्ति' (छाला) पुण्यवती हुँदैनथ्यो भने तपाईंको स्पर्श नै हुने थिएन, र अन्त्यमा आजबाट तपाईंको नाम 'कृत्तिवास' पनि लोकमा प्रसिद्ध होस् ।

शिव- तथास्तु ! तेरो यो पावन शरीर यो काशीक्षेत्रमा मेरो लिङ्ग हुनेछ र यसको नाम 'कृत्तिवासेश्वर' हुनेछ । जो मुक्तिदायक, महापातक विनाशक र लिङ्ग-शिरोमणि हुनेछ ।

इदं पुण्यं शरीरं ते मल्लिङ्गं मुक्तिदायकम् ।
कृत्तिवासेश्वरः नाम महापातक नाशनम् ॥ ६६ ॥

यति वरदान दिएर शिवले गजासुरको कृत्ति (चर्म) लिएर धारण गरे । शरीर लिङ्ग बन्यो । त्यस समयमा महान् उत्सव भयो । ब्रह्मा-विष्णु आदि देवता तथा काशीवासी सबैले अत्यन्त प्रसन्न भएर शिवको स्तुति एवं जयजयकार गरे ।

महिषासुर पुत्रको मृत्युले त्रिलोकमा शान्ति छायो । सर्वत्र शिवँको स्तुति भयो । गजासुरले पनि शिवको अङ्गसँगको सुख सधैंका लागि प्राप्त गऱ्यो ।

उपसंहार- यो आख्यान सुन्दा या सुनाउँदा इह-पर दुवै लोकमा कल्याण प्राप्त हुन्छ ।

स्वर्ग्यं यशस्यमायुष्यं धनधान्यप्रवर्द्धनम् ।
य इदं श्रृणुयात्प्रीत्या श्रावयेद्वा शुचिव्रतः ॥ ७२ ॥

अध्याय अष्टपञ्चाशत्

दुन्दुभिनिर्ह्राद नामको दैत्यद्वारा व्याघ्र रूपमा शिवभक्तमाथि आक्रमण र शिवद्वारा उसको वध

सनत्कुमार- हे व्यासजी ! अब म दुन्दुभिनिर्ह्राद दैत्यलाई शिवले कसरी वध गरेका थिए भन्ने प्रसङ्ग सुनाउँछु ।

यो 'दुन्दुभिनिर्ह्राद' प्रह्लादको मामा थियो । जब दितिपुत्र हिरण्याक्ष, हिरण्यकशिपुलाई विष्णुले वध गरे त्यस बेला यसले दितिलाई सान्त्वना दियो र देवताहरूलाई कसरी जित्न र उनीहरूसँग कसरी बदला लिन सकिन्छ भनी सोच्न थाल्यो ।

किं बलाश्च किमाहारा किमाधारा हि निर्जराः ।
मया कथं सुजेयाः स्युरित्युपायमचिन्तयत् ॥ ६ ॥

देवताहरूको बल के हो ? के खान्छन् ? यिनीहरूको आधार के हो ? कसरी यिनीहरूलाई म जित्न सक्छु ? यसरी लामो समयसम्म सोचिरह्यो ।

अन्ततोगत्वा, ब्राह्मणलाई वध गऱ्यो भने देवताहरूलाई परास्त गर्न सकिन्छ भन्ने निर्णयमा पुग्यो । किनकि ब्राह्मण नै यज्ञादि गरेर देवताहरूको पोषण गर्दछन् ।

ब्राह्मणा यदि नष्टाः स्युर्वेदा नष्टास्ततः स्वयम् । ११ ।

ब्राह्मण नष्ट हुनासाथ वेद एवं देवता नष्ट हुनेछन् । यही सोचेर त्यो मायावी निर्ह्राद सबैभन्दा पहिले काशीक्षेत्रका ब्राह्मणलाई नष्ट गरी अन्य क्षेत्रमा जाने निर्णय गऱ्यो किनकि सबैभन्दा ज्यादा ब्राह्मणहरू शिवक्षेत्र काशीमा बस्तछन् ।

यत्र यत्र हि तीर्थेषु यत्र यत्राश्रमेषु च ।
सन्ति सर्वेऽग्रजन्मानस्ते मयाद्याः समन्ततः ॥ १७ ॥

त्यसपछि त्यो दैत्य काशीक्षेत्रमा गयो । दिउँसो वनचर या जलचर वेशमा जो ब्राह्मण

समिधा या स्नान गर्न आउँथे, उनीहरूलाई भक्षण गर्दथ्यो । र, रात्रिमा सुतिरहेका ब्राह्मणलाई व्याघ्रवेशमा गई भक्षण गर्दथ्यो । यस क्रममा उसले कयौं ब्राह्मणको संहार गऱ्यो तर कसैलाई पनि यस कार्यबारे थाहा हुन पाएन ।

शिवद्वारा निर्ह्लाद दैत्य वध

एकदा शिवरात्रौ तु भक्तस्त्वेको निजोटजे ।
सपर्या देवदेवस्य कृत्वा ध्यानास्थितोऽभवत् ॥ २४ ॥

एक समय, शिवरात्रिको अवसरमा एक भक्तले आफ्नो पर्णकुटीमा शिवको पूजार्चना गरी 'शिवकवच' पाठ गरी ध्यानमा बस्यो । यता निर्ह्लाद व्याघ्रवेशमा त्यहाँ आयो र खानका लागि झम्टियो ।

व्याघ्ररूपं समास्थाय तमादातुं मतिं दधे । २५ ।

त्यति नै बेला शिव पनि त्यही लिङ्गबाट प्रकट भए र त्यो व्याघ्ररूप दैत्यलाई मुष्टि प्रहारद्वारा वध गरे ।

त्यसपछि मुनिहरूले प्रार्थना गरे । शिव एक अंशले त्यही ठाउँमा रहे जो 'व्याघ्रेश्वर लिङ्ग' को नामले प्रसिद्ध भयो र आशीर्वाद दिँदै भने, 'जसले यस लिङ्गको दर्शन, पूजार्चना गर्नेछन् ती सबैका सम्पूर्ण उपद्रवलाई म शमन गर्नेछु ।'

यो चरित्र सुन्नाले या सुनाउनाले सबै ताप-पाप नष्ट भई भुक्ति-मुक्ति प्राप्त हुन्छ । पुत्र-पौत्रको अभिवृद्धि र शिवकृपा प्राप्त हुनेछ ।

इदं चरित्रं परमं व्याघ्रेश्वरसमुद्भवम् ।
श्रृणुयाच्छ्रावयेद्वापि पठेद्वा पाठयेत्तथा ॥ ४७ ॥

अध्याय नवपञ्चाशत्

विदल र उत्पल दैत्यलाई शिवसङ्केत पाई पार्वतीद्वारा वध, कन्दुकेश्वर लिङ्ग स्थापना, युद्ध खण्ड र रुद्र संहिताको उपसंहार

सनत्कुमार- हे व्यासजी !

विदल र उत्पल दुवै दैत्यलाई ब्रह्माले स्त्रीको हातबाट मात्र मृत्यु हुने वरदान दिएका थिए । कुनै पुरुषले यिनलाई वध गर्न सक्तैनथ्यो । त्यसैले शिवको सङ्केतले पार्वतीले कन्दुक प्रहार गरी यी दुवैको वध गरिन् ।

आस्तां पुरा महादैत्यो विदलोत्पलसञ्ज्ञकौ ।
अपुंवध्यौ महावीरौ सुदृप्तौ वरतो विधेः ॥ २ ॥

यी दुवै दैत्यले देवताहरूलाई जितेर आफ्नो वशमा गरेका थिए । देवता दुःखी भएर ब्रह्माको शरणमा गए । ब्रह्माले पनि समय आएपछि शिवले यिनीहरूलाई समाप्त गर्नेछन् भनेर सम्झाए । त्यसपछि देवता आफ्नो धाम गए ।

एक समय देवर्षि नारदजीद्वारा पार्वतीको सौन्दर्य प्रशंसा सुनेर यी दैत्य मोहित भए र पार्वतीलाई अपहरण गर्ने उपाय सोच्न थाले ।

अथ नारददेवर्षिः शिवप्रेरणया तदा ।
गत्वा तदीयभवनं शिवासौन्दर्यमुज्जगौ ॥ ८ ॥

त्यसपछि यी दुवै दैत्य शिवको राजधानी काशी पुगे । शाम्वरी मायाको आश्रय लिएर अन्तरिक्षमा विचरण गर्न थाले । यता अन्तर्यामी शिव पार्वतीलाई लिएर बगैंचामा निस्के । पार्वती सखीहरूसँग कन्दुक क्रीडा गर्न थालिन् ।

कन्दुकको अगाडि-पछाडि दौडिनाले पार्वतीको शरीरबाट पसिना बग्यो । कन्दुक पक्रिने र छोड्नाले हात लालिमायुक्त भयो । केशपाशबाट शृङ्गार गरेको माला झरेर जमिनमा छरियो । लगाएको वस्त्र पनि पवनको वेगले यताउता हुन गयो । यी सबै क्रियाकलाप देखेर शिवमायाले मोहित भई यी दुवै दैत्य झनै कामपीडित हुँदै गए र अन्तरिक्षबाट उत्रेर दूत बनी पार्वतीसमीप पुगे ।

जगज्जननी त्रिपुरसुन्दरीको रूप लावण्य नजिकबाट देखेपछि यी दुवै दैत्य झनै मोहित हुन पुगे किनभने आजसम्म यिनीहरूले यस्ती दिव्य नारी कतै देखेका थिएनन् । त्यसपछि दैत्यहरू देवी पार्वतीलाई अपहरण गर्न तयार भए । त्यही समयमा शिवले शिवालाई सङ्केत गरी भने, 'यी दुवै दैत्य हुन्, गण होइनन् ।'

त्यति सङ्केत पाउनासाथ पार्वतीले त्यही खेलिरहेको कन्दुकले यसरी हिर्काइन् कि ती दुवै दैत्यको इहलीला त्यहीं समाप्त भयो ।

ततो विज्ञाय संज्ञां तां सर्वाङ्गार्द्धशरीरिणी ।
तेनैव कन्दुकेनाथ युगपन्निर्जघान तौ ॥ २४ ॥

कन्दुकको आहतले ती दुवै दैत्य यसरी लडे कि जसरी दुवै पर्वत शिखर आपसमा टक्कर खाएर या हावाको झोक्काले ताडका वृक्षको फल झरेझैं झरे । त्यसपछि त्यो कन्दुक त्यहीं लिङ्ग रूपमा परिणत भयो जो कन्दुकेश्वर नामले विख्यात हुन गयो ।

ततः परिणतिं यातो लिङ्गरूपेण कन्दुकः ।

। कन्दुकेश्वरसंज्ञं च तल्लिङ्गमभवत्तदा ॥ २७ ॥

दैत्यहरूको संहारले देवता प्रसन्न भए । शिव-शिवाको स्तुति गरे र आशीर्वाद लिएर स्वस्थान प्रस्थान गरे । यता कन्दुकेश्वर लिङ्ग दुष्ट विनाशक नामले विख्यात भयो । यो कथानक भुक्तिमुक्तिदायक एवं दुःख शमनकारी छ ।

इदमाख्यानमतुलं श्रृणुयाद्यो मुदान्वितः ।
श्रावयेद्वा पठेद्यश्च तस्य दुःखभयं कुतः ॥ ३४ ॥

रूद्रसंहिता र यस युद्धखण्डको उपसंहार

ब्रह्मा- हे नारदजी । यसरी सनत्कुमार र व्यासजी बिचको संवादले भरिएको यो युद्धखण्डको वर्णन गरी शिव-शिवाको अभूतपूर्व चरित्र सुनाएर सनत्कुमार व्यासजीसँग बिदा लिई आकाशमार्गबाट काशी क्षेत्रतिर प्रस्थान गरे । व्यासजीले पनि सनत्कुमारलाई यथोचित पूजार्चना, परिक्रमा, दण्डवत् प्रणाम गरेर बिदा भए ।

युद्धखण्डमिदं प्रोक्तं मया ते मुनिसत्तम ।
रौद्रीयसंहितामध्ये सर्वकामफलप्रदम् ॥ ३८ ॥

यो रूद्रसंहिताको युद्धखण्ड जो मैले सङ्क्षेपमा वर्णन गरेँ, जो सबै कामनाको फलदायक छ । यसको पारायण गर्नाले भुक्तिमुक्ति र शत्रुमाथि विजय प्राप्त हुन्छ ।

इमां यश्च पठेन्नित्यं शत्रुबाधानिवारिकाम् ।
सर्वान्कामानवाप्नोति ततो मुक्तिं लभेत ना ॥ ४० ॥

सूतजी- हे शौनकादि ऋषिहरू हो । यो ब्रह्मा नारदको उपाख्यान रूद्रसंहिता मैले तपाईंहरूको बिचमा सुनाएँ जो भुक्तिमुक्ति प्रदायनी छ । अब अगाडि के सुन्न चाहन्छौ ?

ब्रह्मनारदसंवादः सम्पूर्णः कथितो मया ।
शिव सर्वप्रधानो हि किं भूयः श्रोतुमिच्छसि ॥ ४२ ॥

॥ समाप्तोऽयं युद्धखण्डः ॥

। समाप्तोऽयं द्वितीयं रूद्रसंहिता ॥

कायेनवाचा ... करचरणकृतं वा ... ॐ नमः शिवाय ...

अथ तृतीय शतरुद्रसंहिता

कथासार

यस शतरूद्रसंहितामा कुल बयालिस अध्याय, दुई हजार एक सय अठासी श्लोक तथा महादेव सदाशिवका प्रमुख एक सय अवतारको वर्णन गरिएकाले यस संहिताको नाम शतरूद्रीय संहिता पर्न गएको हो । यस संहितामा सनत्कुमार प्रश्नकर्ता छन् भने नन्दीश्वर उत्तर दिँदै जान्छन् । प्रत्येक अवतारको प्रयोजन र विशेष महत्त्व रहेको छ । सृष्टि एवं सृष्टि विस्तारको क्रममा शिवले देवताहरूलाई सहायता गर्ने क्रममा विभिन्न परिस्थितिमा यी अवतारहरूको जरूरत परेको देखिन्छ, जसको प्रयोजन पनि देव-ऋषि-मुनि-मानवको कल्याण नै रहेको छ । समस्त चराचरका मालिक, उत्पत्ति, स्थिति र संहारक भएकाले पनि शिवको भूमिका प्रायः सबै खाले व्यवस्थापनमा अपरिहार्य नै हुन्छ र त्यही कार्यभार सुसम्पन्न गर्न पनि शिवले यी अवतारहरूमा प्रकट हुनुपरेको हो । कतिपय अवतारको वर्णन घनीभूत रूपमा प्रस्तुत गरी विशेष ज्ञान प्रवाह गर्न खोजिएको छ भने कतिपय अवतार केवल सङ्ख्या गणनार्थ मात्र उल्लेख गरिएको छ । वस्तुतः ज्ञानको खोजी एवं विवेकलाई मजबुत बनाउन यथायोग्य प्रयास गरिएको छ । शिव स्वयं निराकार निर्गुण चिन्तनप्रिय रहँदा रहँदै पनि सगुण एवं साकार रूपमा प्रकट भई लोकशिक्षा दिनु मुख्य ध्येय हो भन्ने यस संहिताभित्रको वर्णनले स्पष्ट पार्न खोजेको छ ।

आरम्भमा शिवका सद्योजात-वामदेव-तत्पुरूष- अघोर एवं ईशान अवतारको वर्णनबाट सुरु गरी कमशः शिवको अष्टमूर्ति तथा अर्धनारीश्वर अवतारको वर्णन गर्दै सप्तम वराहकल्पमा हुने शिवका अट्ठाइस अवतारको वर्णन गरिएको छ । त्यसपछि नन्दी, कालभैरव, वीरभद्र, शरभ, गृहपति, यक्षेश्वर, महाकाल, एकादशरूद्र, दुर्वासा, हनुमान्, महेश, वृषभ, पिप्पलाद, वैश्यनाथ, द्विजदेश्वर, यतिनाथ, कृष्णदर्शन, अवधूत, भिक्षुवर्य, सुरेश्वर, जटिलब्रह्मचारी, नट, साधुवेशी ब्राह्मण, अश्वत्थामा, किरात एवं द्वादश ज्योतिर्लिङ्गहरूको अवतार वर्णन यस संहितामा गरिएको छ ।

उपर्युक्त अवतारमा पनि नन्दीश्वर, कालभैरव, गृहपति, दुर्वासा, हनुमान् र किरातेश्वर अवतारको विशेष रूपमा वर्णन गरिएको छ जुन ज्ञानवर्द्धक एवं रोचक छ । यी अवतारहरूमा पनि कतिपय अवतारको विस्तृत चर्चा पूर्वकथा प्रसङ्गमा उल्लेख भइसकेको पनि छ । यस अर्थमा यहाँ उल्लेख हुनु पुनरावृत्तिझैँ प्रतीत भए पनि फरक स्थानमा फरक ढङ्गले प्रस्तुति हुँदा सम्बन्धित कथानक अझ पोसिलो र दरिलो भएको मान्नु उपयुक्त हुन्छ । स्पष्ट रूपमा भन्नुपर्दा शतरूद्रीय संहिताको नाम चरितार्थ गर्न पनि यस्ता पूर्वापर प्रसङ्ग जोडिन आएका हुन् जो कथानकका परिपोषक नै हुन् ।

अध्याय प्रथम

शिवका सद्योजात, वामदेव, तत्पुरुष, अघोर, र ईशान पाँच अवतारको वर्णन

मङ्गलाचरण-

वन्दे महानन्दमनन्तलीलं महेश्वरं सर्वविभूं महान्तम् ।
गौरीप्रियं कार्तिकविघ्नराज समुद्भवं शङ्करमादिदेवम् ॥ १ ॥

अत्यन्त आनन्द प्रदान गर्ने, अनन्त लीला रच्ने, सर्वव्यापक महेश्वर, गौरीप्रिय, महान्, कार्तिक र गणेशका जन्मदाता, आदिदेव शिवलाई नमस्कार गर्दछु ।

शौनकजीद्वारा शिवको अवतार विषयमा जिज्ञासा राखेपछि सूतजीले शिवको ध्यान गरी, सनत्कुमार-नन्दीबिचको संवाद भन्न थाले ।

यस संहितामा सनत्कुमार प्रश्नकर्ता र नन्दीश्वर उत्तर दिन्छन् ।

आउनुहोस्, शिवका १०० अवतार सम्बन्धी जानकारी ग्रहण गरौं । त्यसैले यस संहिताको नाम शतरूद्रीय भएको हो ।

सनत्कुमारले सोधेपछि शिवका प्रथम पाँच अवतारको प्रसङ्ग नन्दीश्वर वर्णन गर्न थाले-

नन्दीश्वर- हे सनत्कुमार ! यद्यपि अलग-अलग कल्पमा शिवका असङ्ख्य अवतार भएका छन् । तैपनि म आफ्नो बुद्धि अनुसार ती सबैको वर्णन गर्ने कोसिस गर्दछु ।

(१) सद्योजात- एकोनविंशकः कल्पो विज्ञेयः श्वेतलोहितः ।
सद्योजातावतारस्तु प्रथमः परिकीर्तितः ॥ ५ ॥

उन्नाइसौं श्वेतलोहित कल्पमा ब्रह्मा सृष्टि विस्तार गर्न असक्षम भए । परब्रह्मको ध्यान गरे । शिखाबाट श्वेतलोहित कुमार उत्पन्न भयो । ब्रह्माले उसलाई शिवका 'सद्योजात' स्वरूप सम्झेर स्तुति गरे । उनीबाट सुनन्द, नन्दन, विश्वनन्दन र उपनन्दन चार शिष्य उत्पन्न भए । ब्रह्मालाई सद्योजातले ज्ञान र सृष्टि रचना गर्ने शक्ति प्रदान गरे ।

यिनी नासिका, लिङ्ग, गन्ध र भूमि तत्त्वको अधिष्ठाता र 'श्वेतवर्ण' को रूपमा प्रतिष्ठित भए ।

(२) वामदेव- ततो विंशतिमः कल्पो रक्तो नाम प्रकीर्तितः ।
ब्रह्मा यत्र महातेजा रक्तवर्णमधारयत् ॥ १२ ॥

बिसौं कल्प रक्त नामक थियो । यस समयमा ब्रह्माले रक्त वस्त्रले पुत्र प्राप्तिको इच्छा गरी

परब्रह्मको ध्यान गरे, जसको फलस्वरूप रक्त नेत्र, माला, वस्त्र, आभूषणयुक्त पुत्र प्राप्त भयो, जो शिवको 'वामदेव' संज्ञक अवतार थियो । यिनीबाट पनि चार शिष्य उत्पन्न भए, जो विरज, विवाह, विशोक, विश्वभावन नामक थिए । वामदेवले ब्रह्मालाई ज्ञान एवं सृष्टि विस्तार गर्ने शक्ति प्रदान गरे ।

यिनी जिब्रो, गुदा, रस तथा जलका अधिष्ठाता मानिन्छन् ।

(३) तत्पुरूष- एकविंशतिमः कल्पः पीतवासा इति स्मृतः ।
ब्रह्मा यत्र महाभागः पीतवासा बभूव ह ॥ १७ ॥

इक्काइसौं कल्प 'पीतवासा' थियो । ब्रह्माले पीताम्बर धारण गरी परब्रह्मको चिन्तन गरेपछि शिवको तत्पुरुष अवतार भयो । यिनले ज्ञान र सृष्टि विस्तारको शक्ति ब्रह्मालाई प्रदान गरे । यिनी योगमार्गको प्रवर्तक भएकाले अनेक पीताम्बरधारी शिष्य भए ।

यिनी छाला, हात, स्पर्श र वायुका अधिष्ठाता मानिन्छन् ।

(४) अघोर- बाइसौं कल्प 'शिव' नामक थियो । ब्रह्माले ध्यान गरी चिन्तन गरेपछि शिवको अघोर अवतार भयो, जो यसप्रकार थिए-

कृष्णवर्णं महावीर्यं दीप्यमानं स्वतेजसा । २४ ।

यिनको वस्त्र, रङ, आभूषण सबै कालो थियो । यिनका कृष्ण, कृष्णशिख, कृष्णमुख, कृष्णकण्ठधारी शिष्य भए । यिनले ब्रह्मालाई ज्ञान र सृष्टि विस्तारको शक्ति दिएर सक्षम गराए ।

यिनी शरीर, रस, रूप र अग्निका अधिष्ठाता भए ।

(५) ईशान- अथान्यो ब्रह्मणः कल्पः प्रावर्तत मुनीश्वराः ।
विश्वरूप इति ख्यातो नामतः परमाद्भुतः ॥ ३१ ॥

तेइसौं कल्प 'ब्रह्मा' नामक थियो । ब्रह्मालाई ज्ञान एवं सृष्टि विस्तार गर्न शिवले विश्वरूप ईशान अवतार धारण गरे । यिनी शुद्ध स्फटिक मणिजस्तै गौरवर्ण र सबै अभूषणले विभूषित थिए । यिनका जटी, मुण्डी, शिखण्डी र अर्धमुण्ड नामक चार शिष्य भए । यिनी पाँचवटै अवतारमध्ये श्रेष्ठ मानिन्छन् ।

यिनी श्रोत्रेन्द्रिय, वाक् इन्द्रिय, विभू र आकाशमा अधिष्ठाता मानिए । यी पाँचै अवतार पञ्चतत्त्व पृथ्वी, अप, तेज, वायु र आकाशको प्रतिनिधित्व र मन, बुद्धि, चित्त, अहङ्कार र आत्मा (क्षेत्रज्ञ) का स्वरूप मानिन्छन् ।

शिवका यी पाँचै अवतार कल्याणदायक छन् । यिनीहरूका अवतारका विषयमा पढ्नाले, सुन्नाले परमगति पाइन्छ ।

अध्याय द्वितीय, तृतीय

शिवका अष्टमूर्ति तथा अर्धनारीनर अवतार वर्णन

नन्दीश्वर- हे सनत्कुमार ! शिवका अष्टमूर्ति अवतार जो अष्टधा प्रकृतिका प्रतीक मानिन्छन्-

शर्वो भवस्तथा रुद्रः उग्रो भीमः पशोः पतिः ।
ईशानश्च महादेवो मूर्तयश्चाष्ट विश्रुताः ॥ २-३ ॥

यी शिवका आठ मूर्तिहरू हुन् । अष्टधाप्रकृति यसमा नै अधिष्ठित छ । (१) शर्व- पृथ्वीतत्त्व (२) भव- जलतत्त्व (३) रुद्र- अग्नितत्त्व (४) उग्र- वायुतत्त्व (५) भीम- आकाशतत्त्व (६) पशुपति- क्षेत्रज्ञ (आत्मा) तत्त्व (७) ईशान- सूर्यतत्त्व (८) महादेव- चन्द्रमा तत्त्व । यसरी पृथ्वी, अप, तेज, वायु, आकाश, सूर्य, चन्द्र र आत्मा तत्त्वहरूको संयोजन नै प्रकृतिमण्डल हो । यिनै आठ तत्त्वले नै ब्रह्माण्ड निर्माण भएको छ त्यसैले यो विश्वलाई शिवमय भनिएको छ ।

व्यपिकेतरमूर्तीनां विश्वं तस्माच्छिवात्मकम् । २-१२ ।

जसरी वृक्षको मूलमा सिञ्चन गर्नाले शाखा पुष्पित हुन्छ, त्यसरी नै शिवको पूजनले विश्व परिपुष्ट हुन्छ ।

शाखा पुष्यन्ति वृक्षस्य वृक्षमूलस्य सेचनात् ।
तद्वदस्य वपुर्विश्वं पुष्यते च शिवार्चनात् ॥ २-१३ ॥

त्यसैले अष्टमूर्ति शिवको उपासना गरेर मनुष्य कल्याणको भागी हुनुपर्दछ ।

अर्धनारीनर अवतार

श्रृणु तात महाप्राज्ञ विधिकामप्रपूरकम् ।
अर्ध नारीनराख्यं हि शिवरूपमनुत्तमम् ॥ ३-१ ॥

जब ब्रह्माको सृष्टि विस्तार हुन सकेन उनी दुःखी भए । केही उपाय सुझेन, अनि आकाशवाणी भयो, 'मैथुन सृष्टिको विस्तार गर ।' (सृष्टिं मिथुनजां कुरु ।)

यसभन्दा पूर्व शिवद्वारा स्त्री प्रकट भएको थिएन । शिवकृपाविना यो पनि सम्भव थिएन । त्यसैले ब्रह्माले शिवारूपिणी शक्ति र शिव दुवै संयुक्त परमेश्वरको हृदयदेखि नै ध्यान गरी कठिन तपस्या गर्न थाले । ब्रह्माको तपस्याबाट प्रसन्न भएर केही समयपछि शिव अर्धनारीनर रूपमा प्रकट भए ।

अर्द्धनारीनरोभूत्वा ततो ब्रह्मान्तिकं हरः । ३-८ ।

त्यसपछि आफ्नो शक्तिलाई पृथक् गरेर ब्रह्मालाई भने, 'वर माग ।' ब्रह्मा कृतकृत्य भए

अनि शिव-शिवाको स्तुति गरे । अन्त्यमा शिवलाई भने-

ब्रह्मा- हे शिवा ! मलाई दुईवटा वर दिनुहोस्-

(१) नारी जातिको सृष्टि विस्तार गर्ने क्षमता, र
(२) मेरो पुत्र दक्षको घरमा तपाईं अंश रूपले पाल्नुहोस् ।

शिवे नारीकुलं स्रष्टुं शक्तिं देहि नमोऽस्तुते ।
दक्षस्य मम पुत्रस्य पुत्री भव भवाम्बिके ॥ ३-२० ॥

ब्रह्माको याचना सुनेपछि अर्धनारीनर 'तथास्तु' भन्दै अन्तर्ध्यान भए । यसरी ब्रह्माले शक्ति प्राप्त गरी त्यही समयदेखि नारी-पुरुष दुवैको सृष्टि गर्न सक्षम भए जो अनवरत रूपमा चलिआएको छ र ब्रह्माण्ड व्याप्त भएको छ । ब्रह्मा पनि आनन्दित हुन पुगे ।

तदाप्रभृति लोकेऽस्मिन् स्त्रिया भागः प्रकल्पितः ।
आनन्दं प्राप स विधिः सृष्टिर्जाता च मैथुनी ॥ ३-२९ ॥

यो आख्यान भुक्तिमुक्ति प्रदायक छ । यसलाई सुन्ने र सुनाउने दुवैको कल्याण हुनेछ । यहाँसम्ममा १४ वटा शिवको अवतार वर्णन भयो ।

अध्याय चतुर्थ, पञ्चम

सप्तम वराहकल्पमा भएका शिवका अट्ठाइस अवतार वर्णन

(यी अध्यायमा व्यासजीले विभिन्न नामले अवतार लिँदा शिवले पनि चार अलग शिष्यसहित अवतार लिएर वेद विस्तारका लागि सहायता गरेको उल्लेख गरिएको छ, यो सप्तम वराहकल्पको अहिले अट्ठाइसौं द्वापर युग चलिरहेको छ र कृष्णद्वैपायन व्यासले वेदको विस्तार गरेका छन् जसमा शिवको योगात्मा अवतार रहेको छ । अब क्रमशः प्रथमदेखि अट्ठाइस अवतार र शिष्यको वर्णन गरिन्छ ।)

नन्दीश्वर- हे सनत्कुमार ! एक समय शिवले ब्रह्मालाई वराहकल्पको सातौं मन्वन्तरमा प्रकट भएका अट्ठाइस अवतार र उनीहरूका शिष्यको समेत वर्णन गरेका थिए, त्यो सुनाउँछु । सुन-

शिव- हे ब्रह्मा !

सप्तमे चैव वाराहे कल्पे मन्वन्तराभिधे ।
कल्पेश्वरोऽथ भगवान्सर्वलोकप्रकाशनः ॥ ४-२ ॥
भविष्यामि शिवायुक्त श्वेतो नाम महामुनिः । ४-६ ।

सप्तम वराहकल्पको पहिलो द्वापरको समयमा स्वयं प्रभु नै व्यास हुनेछन् र म शिव-शिवाका साथ श्वेत नामक महामुनिको रूपमा प्रकट हुनेछु । त्यस समयमा हिमालय पर्वतको छागल शिखरमा मेरा चार शिष्य उत्पन्न हुनेछन् जसको नाम क्रमशः श्वेत, श्वेतशिख, श्वेताश्व र श्वेतलोहित हुनेछ । उनीहरू ध्यानयोगको आश्रय लिएर जन्म, जरा र मृत्युरहित परब्रह्मको समाधिमा समाहित हुनेछन्, किनकि ध्यानद्वारा नै मेरो दर्शन सम्भव छ, अन्यबाट छैन ।

(२) सुतार अवतार **द्वितीये द्वापरे व्यासः सत्यो नाम प्रजापतिः ।**
यदा तदा भविष्यामि सुतारो नामतः कलौ ॥ ४-११ ॥

वराहकल्पकै दोस्रो द्वापरमा सत्य नामका व्यास हुनेछन् र म सुतार नामले अवतार लिनेछु । त्यस युगमा वेद-ब्राह्मण-हितार्थ दुन्दुभि, शतरूप, हृषिक र केतुमान् मेरा शिष्य हुनेछन् ।

(३) दमन अवतार **तृतीये द्वापरे चैव यदा व्यासस्तु भार्गवः**
तदाप्यहं भविष्यामि दमनस्तु युगान्तिके ॥ ४-१४ ॥

तृतीय द्वापरमा भार्गव नामका व्यास हुनेछन् र म दमन अवतार लिनेछु । त्यस समयमा मेरा शिष्य विशोक, विशेष, विपाप र पापनाशन हुनेछन् र निवृत्तिमार्गको प्रचार गर्नेछन् ।

(४) सुहोत्र अवतार **चतुर्थे द्वापरे चैव व्यासस्तु सविता स्मृतः ।**
तदा योगी भविष्यामि सुहोत्रो नाम नामतः ॥ ४-१७ ॥

चतुर्थ द्वापरमा 'अङ्गिरा' व्यास हुनेछन् । 'सुहोत्र' नामले मेरो अवतार हुनेछ र मेरा शिष्य सुमुख, दुर्मुख, दुर्दम र दुरतिक्रम हुनेछन् र योगमार्गको प्रचार गर्नेछन् ।

(५) कङ्क अवतार **पञ्चमे द्वापरे चैव व्यासस्तु सविता स्मृतः ।**
तदाप्यहं भविष्यामि कङ्को नाम महातपः ॥ ४-२० ॥

पाँचौं द्वापरमा 'सविता' व्यास हुनेछन् । 'कङ्क' मेरो अवतार हुनेछ । मेरा शिष्य सनक, सनातन, सनन्दन र सनत्कुमार हुनेछन् जसले धर्मप्रचारमा सहायता गर्नेछन् ।

अन्य अवतार यसप्रकार हुनेछन्-

द्वापर नाम	व्यास नाम	शिव अवतार नाम	शिव शिष्य नाम प्रत्येक अवतारमा चार शिष्य
६. छैटौं	मृत्यु	लोकाक्षि	सुधामा, विरज, सञ्जय, विजय
७. सातौं	शतक्रतु	जैगीषव्य	सारस्वत, योगीश, मेघवाह, सुवाहन
८. आठौं	वशिष्ठ	दधिवाहन	कपिल, आसुरि, पञ्चशिख, शाल्वल
९. नवौं	सारस्वत	ऋषभ	पराशर, गर्ग, भार्गव, गिरीश
१०. दशौं	त्रिधामा	भृगु	बलबन्धु, नरमित्र, केतुशृङ्ग, तपोधन

११. एघारौं	त्रिवृत	कलि	लम्बोदर, लम्बाक्ष, केशलम्ब, प्रलम्बक
१२. बाह्रौं	शततेज	ऋत्रि	सर्वज्ञ, समबुद्धि, साध्य, शर्व
१३. तेह्रौं	नारायण	बलि	सुधामा, काश्यप, वशिष्ठ, विरज
१४. चौधौं	रक्ष	गौतम	अत्रि, दवशद, श्रवण, श्रविष्कट
१५. पन्ध्रौं	त्र्यारूणि	वेदशिरा	कुणि, कुणिवाहु, कुशरीर, कुनेत्र
१६. सोह्रौं	देव	गोकर्ण	काश्यप, उशना, च्यवन, वृहस्पति
१७. सत्रौं	देवकृतञ्जय	गुहावासी	उतथ्य, वामदेव, महायोग, महाबल
१८. अठारौं	ऋतञ्जय	शिखण्डी	वाजश्रवा, रूचिक, स्ववास्य, यतीश्वर
१९. उन्नाइसौं	भरद्वाज	जटिमाली	हिरण्य, कौशल्य, लोकाक्षि, प्रधिमि
२०. बिसौं	गौतम	अट्टाहास	सुमन्तु, वर्वरिक, कबन्ध, कुशिकन्धर
२१. एक्काइसौं	वाचश्रवा	दारूक	प्लक्ष, दार्भायणि, केतुमान, गौतम
२२. बाइसौं	सुसायण	लाङ्गलीभीम	भल्लवी, मधु, पिङ्ग, श्वेतकेतु
२३. तेइसौं	तृणविन्दु	श्वेत	उशिक, बृहदश्व, देवल, कवि
२४. चौबिसौं	यक्ष	शूलयोगी	शालिहोत्र, अग्निवेश, युवनाश्व, शरद्वसु
२५. पच्चिसौं	शक्ति	दण्डी मुनीश्वर	छगल, कुण्डकर्ण, कुभाण्ड, प्रवाहक
२६. छब्बिसौं	पराशर	सहिष्णु	उलूक, विधुत, शम्बक, आश्वलायन
२७. सत्ताइसौं	जातुकर्ण्य	सोम शर्मा	अक्षपाद, कुमार, उलूक, वत्स
२८. अट्ठाइसौं	द्वैपायन	योगात्मा	कुशि, गर्ग, मित्र, पौरूष्य

यी अट्ठाइस व्यास जो प्रत्येक द्वापरमा हुनेछन् र कलिको आगमन हुनासाथ उनै व्यासको धर्मप्रचारक भएर मेरो अवतार हुनेछ र शिष्यसँग मिलेर धर्मको प्रचार हुनेछ ।

व्यासाश्चैवाष्टविंशत्का द्वापरे द्वापरे विभो ।
योगेश्वरावतारश्च प्रारम्भे च कलौ कलौ ॥ ५-५२ ॥

यी अट्ठाइस अवतार र प्रत्येकका चार शिष्यहरूको योग गर्दा कुल एक सय बाह्र (११२) हुनेछन् । यी सबै शिष्य भस्मधारी, रूद्राक्षधारी, त्रिपुण्ड्रधारी हुनेछन् र शैव मार्गको अनुसरण गर्दै वेद, देव तथा ब्राह्मणको रक्षा गर्दै धर्मको प्रचार गर्नेछन् । यी सबै शिष्य वेद-वेदाङ्गमा पारङ्गत, ध्यानी र जितेन्द्रिय हुनेछन् ।

यसरी मैले (शिवले) अट्ठाइस युगको प्रारम्भ मनुदेखि लिएर कृष्णद्वैपायन कृष्णावतार पर्यन्तका सबै अवतारको लक्षण वर्णन गरेँ ।

यहाँसम्म शिवको बयालिस अवतार वर्णन भयो ।

अध्याय षष्ठम, सप्तम

नन्दीश्वर अवतार वर्णन

सनत्कुमारले नन्दीलाई नै नन्दीश्वरको अवतारबारे जिज्ञासा राखेपछि आफ्नो अवतार, तपस्या, वरप्राप्ति र विवाह आदिको वर्णन गर्न थाले ।

नन्दीश्वर- हे सनत्कुमार !

मेरा पिताजी शिलाद मुनि हुन् । उनीबाट म अयोनिज महादेवको अंशका रूपमा अवतीर्ण भएको हुँ । मेरा पिताजी शिलाद मुनिले इन्द्रलाई लक्ष्य गरी परमशक्तिशाली अयोनिज पुत्रकामनाले तपस्या गरे ।

शक्रमुद्दिश्य स मुनिस्तपस्तेपे सदुःसहम् । ६-५ ।

इन्द्र प्रसन्न भए । वर प्रदान गर्ने उद्देश्यले शिलादको तपस्थली पुगे र वर माग्न प्रेरित गरे । अनि शिलादले भने-

शिलाद- हे इन्द्र ! तपाईं मलाई वर दिन चाहनुहुन्छ भने-

अयोनिजं मृत्युहीनं पुत्रमिच्छामि सुव्रतम् । ६-९ ।

इन्द्र- 'हे मुनि ! तपाईंले त कठोर वर माग्नुभयो । यस्तो अयोनिज पुत्र, मृत्युहीन सन्तान त केवल शिवले मात्र प्रदान गर्न सक्छन्, अरूले सक्तैनन् । त्यसैले तपाईं उनकै आराधना गर्नुहोस् ।' यति भनी इन्द्र बिदा भए ।

अयोनिजं मृत्युहीनं पुत्रं दातुं न शक्नुमः । ६-१५ ।
आराधयन्महादेवं तत्पुत्र विनिकाम्यया ॥ ६-१८ ॥

त्यसपछि शिलाद मुनिले महादेवलाई लक्ष्य गरी एक हजार दिव्य वर्षपर्यन्त तपस्या गरे । उनको शरीर वल्मिकले ढाकियो । रक्त पिउने जीवहरू र किराहरूले केवल हड्डी मात्र शेष राखे । शरीर जीर्ण भयो ।

अस्थिशेषोऽभवत्पश्चाच्छिलादो मुनिसत्तमः । ६-२१ ।

शिलाद मुनिको लामो समयको कठोर तपस्याबाट शिव प्रसन्न भए र वर दिनका लागि तपस्थली पुगेर वर माग्न प्रेरित गरे, तर उनी यस्तो जीर्ण एवं समाधिमा थिए कि उनलाई थाहा नै भएन । त्यसपछि शिवले हातले स्पर्श गरे, जसको फलस्वरूप हृष्टपुष्ट शरीर भयो । समीपमा उमासहित शिवलाई देखेर आनन्दविभोर भए, स्तुति गाए अनि वर माग्दै भने-

शिलाद- महेश यदि तुष्टोऽसि यदि वा वरदश्च मे ।
इच्छामि त्वत्समं पुत्रं मृत्युहीनमयोनिजम् ॥ ६-३१ ॥

शिव- तिमीले कठोर तपस्या गरेर मलाई प्रसन्न गर्‍यौ । म जस्तै पुत्र त म मात्र हुन सक्छु, त्यसैले म नै अयोनिज पुत्र नन्दी बनेर तिम्रो घरमा जन्मनेछु । अहिले भने तिमी घर जाऊ ।

तव पुत्रो भविष्यामि नन्दी नाम्ना त्वयोनिजः ।
पिता भविष्यसि मम पितुर्वै जगतां मुने ॥ ६-३४ ॥

त्यसपछि शिलाद आफ्नो आश्रम आए । कालान्तरमा यज्ञार्थ भूमिमा हलो जोत्दै गर्दा शिव स्वयं प्रलय कालाग्निसदृश पुत्र भएर प्रकट भए ।

ततः क्षणादहं शम्भोस्तनुजस्तस्य चाज्ञया ।
स जातः पूर्वमेवाहं युगान्ताग्निसमप्रभः ॥ ६-३८ ॥

म प्रकट हुनासाथ पुष्करावर्त आदि मेघ वर्षा गर्न थाले । आकाशमा किन्नर, गन्धर्व, सिद्ध, साध्यगण गाउन थाले । देवता तथा ऋषिहरूले फूलको वर्षा गरे । अप्सरा नाच्न थाले । ब्रह्मा-विष्णु-महेश आ-आफ्ना परिवारसहित उपस्थित भए । महान् उत्सव मनाए । सबैले आशीर्वाद दिएर स्वधाम फर्किए ।

म शिवझैँ त्रिनेत्र, चतुर्भुजधारी, जटाजूट र मुकुट लगाएको अवस्थामा प्रकट भएको थिएँ । मेरा पिताजीले मेरो नाम नन्दी (सबैलाई आनन्द प्रदान गर्ने) नामकरण गरे ।

त्वयाऽहं नन्दितो यस्मान्नन्दी नाम्ना सुरेश्वरः ।
तस्मात्त्वां देवमानन्दं नमामि जगदीश्वरम् ॥ ६-४५ ॥

नामकरण हुनासाथ म साधारण मनुष्य बालकको रूपमा परिणत भएँ । मेरो जातकर्म आदि संस्कार सुसम्पन्न भयो । पाँच वर्षको अवधिभित्रै मलाई पिताजीले साङ्गोपाङ्ग वेद तथा सबै शास्त्रहरू पढाउनुभयो ।

मित्रावरुण मुनिद्वारा मलाई अल्पायुको भविष्यवाणी गर्नु

जब म सात वर्षको भएँ, त्यति बेला मित्रावरुण मुनि हाम्रो आश्रममा आए । पिताजीले उनीहरूको स्वागत गर्नुभयो । अन्तर्यामी मलाई बारम्बार हेर्दै उनीहरूले भने, 'यो बालक सबै शास्त्रहरूमा पारङ्गत छ, तर यसको आयु भने एक वर्षभन्दा ज्यादा छैन ।

तात नन्दी त्वमल्पायुः सर्वशास्त्रार्थ पारगः ।
न दृष्टमेव चापश्यं ह्यायुर्वर्षादतः परम् ॥ ६-५३ ॥

यसरी मित्रावरुण मुनिले भनेपछि पिताजी अत्यन्त दुःखी हुनुभयो शोकमा पर्नुभयो त्यसपछि पिता शिलाद मुनिलाई सान्त्वना दिँदै तपस्याका लागि आज्ञा मागेँ, अनि मृत्युञ्जय महादेवको आराधना गर्न जङ्गलतिर प्रस्थान गरेँ ।

नन्दीको तपस्या, शिवद्वारा वरदान

त्यसपछि जङ्गलको एकान्त स्थानमा गएर शिवलाई लक्ष्य गरी मैले तपस्या आरम्भ गरैं ।

अतपं तपमुग्रं सन्मुनिनामपि दुष्करम् । ७-१ ।

दीर्घकाल पर्यन्त तपस्या गरैं । समाधिमा बसैं अनि वरदान दिन शिव-शिवा तपस्थलीमा आए र वर माग्न मलाई प्रेरित गरे ।

शिव- शैलादे वरदोऽहं ते तपसाऽनेन तोषितः । ७-५ ।

नन्दी- सर्वप्रथम मैले शिव-शिवालाई साष्टाङ्ग प्रणाम गरैं । वृद्धावस्था, अल्पायु, रोग-शोक नाशका लागि प्रार्थना गरैं । अश्रुप्रवाहित नेत्रले बारम्बार शिर झुकाएर वन्दना गरैं । दीन भएर दीननाथसँग आशीर्वादको याचना गरैं । अनि-

शिव- त्यसपछि शिवले मलाई अङ्कमाल गर्नुभयो । मेरो तपस्याजनित श्रम शान्त भयो अनि भन्न थाल्नुभयो, 'ती दुई जो मुनि वेशमा (मित्रावरुण) ब्राह्मण आएका थिए, जसले तिमीलाई अल्पायु भनेका थिए, ती दुवैलाई मैले नै पठाएको थिएँ । तिमीलाई मृत्युको भय कहाँ छ र ? तिमी त निःसन्देह मेरै समान छौ र हौ पनि । तिमी त मसँगै बस्ने गणाधिपति हौ, मेरो बलबुद्धिको समान हौ ।

मद्‌बलः पार्श्वगो नित्यं ममेष्टो भवितानिशम् ।
न जरा जन्म मृत्युर्वै मत्प्रसादाद्भविष्यति ॥ ७-१२ ॥

शिवजटाबाट पाँच नदी प्रकट, नन्दीलाई गणाध्यक्षमा अभिषेक

त्यसपछि शिवासहित शिवगणसँग सम्मति लिएर शिवले नन्दीलाई गणाध्यक्ष पदमा नियुक्त गर्न आफ्नो जटाको केशलाई निकाले अनि पवित्र नदी बन्न आज्ञा दिए जसबाट पाँच पवित्र नदी बने जो जटोदका, त्रिस्रोता, वृषभध्वनि, स्वर्णोदका र जम्बू नदीका नामले विख्यात भए । यिनै पवित्र नदीको जलले नन्दीलाई अभिषेक गरेर गणहरूका स्वामीको पदमा नियुक्त गर्दै गणहरूलाई शिवले भने-

नन्दीश्वरोऽयं पुत्रो मे सर्वेषामीश्वरेश्वरः ।
प्रियो गणाग्रणीः सर्वैः क्रियतां वचनं मम ॥ ७-३१ ॥

शिवद्वारा अभिषेक गरेपछि मलाई क्रमशः ब्रह्मा-विष्णु-देवगण- शिवगण सबैले अभिषेक गरे । स्तुति गाए । जयजयकार गरे । गीत गाए । नृत्य गरे । महान् उत्सव मनाए । त्यसपछि समय आएपछि मरुत्पुत्री सुयशासँग मेरो विवाह भयो ।

मरूतां च सुता देवीं सुयशास्तु मनोहरा ।
पत्नी सा मेऽभवद्दिव्या मनोनयननन्दिनी ॥ ७-४१ ॥

शिवद्वारा नन्दीलाई वरदान

हे गणेश्वर ! हे नन्दीश ! तिमी पत्नीसहित मेरो कुरा सुन । तिमी आफ्ना पिता-पितामहसहित अजेय हुनेछौ । सदा पूज्य र महाबली हुनेछौ । जहाँ म रहनेछु, त्यहाँ तिमी रहनेछौ, र जहाँ तिमी रहनेछौ, त्यहाँ म रहनेछु ।

> **अजेय सर्वजेता च सदा पूज्यो महाबलः ।**
> **अहं यत्र भवांस्तत्र यत्र त्वं तत्र चाप्यहम् ॥ ७-५१ ॥**

हे नन्दीपत्नी सुयशा ! तिमी पनि त्रिनेत्रयुक्त र जन्ममरणबाट मुक्त हुनेछौ । साथै पुत्र-पौत्रवान् भएर अखण्ड सौभाग्यवती रहनेछौ । त्यसपछि देवताहरूले पनि आशीर्वाद दिँदै 'नन्दी-सुयशा' को कीर्ति गाए, प्रशंसा गरे ।

उपसंहार

> **य इदं नन्दिनो जन्म वरदानं तथा मम ।**
> **अभिषेकं विवाहश्च श्रृणुयाच्छ्रवयेत्तथा ॥ ७-६२ ॥**

नन्दी चरित्र सुन्ने सुनाउने दुवैको कल्याण हुनेछ ।

अध्याय अष्टम, नवम

चवालिस कालभैरव अवतार, ब्रह्माको पाँचौं शिर हातको नङले छेदन, भैरवलाई ब्रह्महत्या लाग्नु, काशीको कपालमोचनी तीर्थमा निवृत्ति

नन्दीश्वर- **सनत्कुमार सर्वज्ञः श्रृणुत्वं भैरवीं कथाम् ।**
यस्या श्रवणमात्रेण शैवी भक्ति दृढा भवेत् ॥ ८-१ ॥

हे सनत्कुमार ! अब शिवको कालभैरव अवतार सुन । एकपल्ट ऋषिहरूले परम अविनाशी तत्त्व के हो भनी जिज्ञासा भावले ब्रह्मा-विष्णु आदि देवताहरूका बिचमा सोधे । त्यसपछि ब्रह्मा र विष्णुका बिचमा श्रेष्ठताको दोहोरी चल्यो । उनीहरूले आफैंलाई सर्वश्रेष्ठ दाबी गरे । आफ्नो श्रेष्ठताबारे दुवैले तर्क दिए । यसको प्रमाणका लागि मूर्तिमान् वेदलाई सोधे, तर चारै वेदले पृथक्-पृथक् ढङ्गले शिवतत्त्व अविनाशी भएको पुष्टि गरे । ॐकारले पनि शिवतत्त्व नै अविनाशी भनेर पुष्टि गरे । त्यसपछि त ब्रह्माको पाँचौं क्रोधमय शिर क्रोधले प्रलयाग्निझैं हुन पुग्यो ।

त्यसै अवसरमा शिवले दुवैको बिचमा ज्योतिर्लिङ्ग प्रकट गरे । त्यसैभित्रबाट हेर्दाहेर्दै नीललोहित शिव लिङ्गबाट बाहिर आए, अनि ब्रह्माले शिवमायाद्वारा मोहित भएर भने-

ब्रह्मा- हे रुद्र ! तिमीलाई त मैले आफ्नो भ्रूमध्य भागबाट प्रकट गरेको हुँ । त्यसपछि तिमी रुन थाल्यौ । त्यसैले मैले तिम्रो नाम 'रुद्र' राखेको थिएँ । हे पुत्र ! मेरो शरणमा आऊ । म तिम्रो रक्षा गर्दछु ।

रोदनाद् रुद्रनामापि योजितोऽसि मया पुरा ।
मामेव शरणं याहि पुत्र रक्षां करोमि ते ॥ ८-४३ ॥

ब्रह्माको यस्तो गर्वयुक्त वचनले शिव कुपित भए । क्रोधित शिवले 'भैरव'लाई प्रकट गरे-

स कोपतः समुत्पाद्य पुरुषं भैरवं क्वचित् । ८-४५ ।

ऊ रूपरङ्ले कालो थियो । त्यसैले उसको नाम 'कालभैरव' राखियो । ऊ काललाई पनि जित्ने भएकाले यो नाम राखिएको हो ।

त्वत्तो भेष्यति कालोऽपि ततस्त्वं कालभैरवः । ८-४७ ।

त्यति मात्र होइन यिनमा सम्पूर्ण विश्वलाई भक्षण गर्ने शक्ति थियो ।

शिवद्वारा कालभैरवलाई वरदान र ब्रह्माको गर्वनाश गर्न आज्ञा

हे कालभैरव ! तिम्रो नाम पापभक्षण पनि हुनेछ, किनकि तिमी भक्तहरूको पापलाई तत्काल भक्षण गर्नेछौ । तिमी कुपित हुँदा दुष्टहरूको नाश गर्नेछौ । त्यसैले तिम्रो अर्को नाम 'आमर्दक' पनि हुनेछ । काशी नगरी सदैव तिम्रो स्वामित्वमा रहनेछ । काशीका पापीजनलाई तिमीले नै दण्ड दिनेछौ । यति बेलाचाहिँ तिमीले यो घमन्डी ब्रह्मालाई दण्ड दिएर यसको अहङ्कार नष्ट गर ।

प्राक् च पङ्कजजन्मासौ शास्यते कालभैरव । ८-४६ ।

वरदान एवं शिवाज्ञा पाएपछि कालभैरवले तुरुन्त देब्रे हातको औंलाको नङको अघिल्लो भागले ब्रह्माको पाँचौं शिरछेदन गरे, किनकि यही शिरले नै अहङ्कारयुक्त वाणी भनेको थियो ।

वामाङ्गुलिनखाग्रेण चकर्त च विधेशिरः । ८-५२ ।

ब्रह्माको शिरच्छेद हुनासाथ विष्णु भयभीत भए, अनि शतरुद्रीय मन्त्रले शिवको आराधना गर्न थाले । उता ब्रह्माको क्रोध पनि साम्य भयो । दर्प चूर भयो । अपमानित भए, त्यसैले उनले पनि शतरुद्रीय मन्त्र पाठ गर्न थाले ।

ब्रह्माको गर्वनाश तथा स्तुति गर्नाले शिव प्रसन्न भएर दुवैलाई अभयदान दिए र अन्तमा कालभैरवलाई सम्बोधन गर्दै भने-

शिव- हे कालभैरव ! तिमीले यी ब्रह्मा-विष्णुलाई सदैव सम्मान गर्नु । संसारलाई देखाउनका लागि ब्रह्महत्यानाशक व्रत गर । यो ब्रह्माको पाँचौं खप्पर हातमा राखेर भिक्षाटन गर ।

त्वया मान्यो विष्णुरसौ तथा शतधृति स्वयम् ।
कपालं वैधसं वापि नीललोहित धारयः ॥ ८-६१ ॥

शिवले कालभैरवलाई यस्तो आज्ञा दिएर एक भयानक वेश भएकी ब्रह्महत्या कन्या प्रकट गरे अनि कालभैरवलाई उक्त कन्यामाथि आक्रमण गर्ने आज्ञा दिएर भने, 'वाराणसीमा गएर तिमीहरू दुवै मुक्त हुनेछौ ।'

वाराणसी यदा गच्छेत्तन्मुक्तो भव तत्क्षणात् । ८-६५ ।

त्यसपछि शिव अन्तर्ध्यान भए ।

कालभैरवलाई ब्रह्महत्या लाग्नु, काशीमा पुगेपछि शान्त हुनु

शिवाज्ञालाई शिरोधार्य गरी कालभैरवले ब्रह्माको शिरच्छेद गरेको खप्पर हातमा लिएर तीर्थाटन गर्न थाले । यसलाई शैव धर्मावलम्बीहरू 'कापालिक व्रत' भन्दछन् । लगभग सबै तीर्थहरूको भ्रमण पूरा भयो, तर भैरव ब्रह्महत्या दोषबाट मुक्त हुन सकेनन् ।

त्यसपछि कालभैरव त्रिलोकको भ्रमण गर्न निस्के । यसै क्रममा वैकुण्ठधाम पुगे । विष्णु-लक्ष्मीले स्वागत सत्कार गरे । लक्ष्मीले भिक्षा दिइन्, अनि प्रसन्न भएर भैरवले विष्णुलाई वर दिँदै भने-

एवं भवतु ते तात यत्वयोक्तं महामते ।
सर्वेषामपि देवानां वरदस्त्वं भविष्यसि ॥ ९-५३ ॥

तपाईं सबै देवताहरूलाई वर दिने हुनुहोस् ।

विष्णु- म पनि सधैं तपाईंको मन तथा वाणीले दर्शन गरिरहूँ ।

कालभैरव- 'तथास्तु ! भन्दै बिदा लिई निस्किए ।

त्यसपछि कापालिक भैरव आविमुक्त क्षेत्र काशीमा पुगे । काशीमा प्रवेश गर्नासाथ एकाएक ब्रह्माको खप्पर हातबाट झर्‍यो र ब्रह्महत्या पनि हाहाकार गर्दै पातालमा प्रवेश गरी-

क्षेत्रे प्रविष्टमात्रेऽथ भैरवे भीषणाकृतौ ।
हाहेत्युक्त्वा ब्रह्महत्या पातालं चाविशत्तदा ॥ ९-५५ ॥
कपालं ब्रह्मणः सद्यो भैरवस्य कराम्बुजात् ।
पपात भुवि तत्तीर्थमभूत्कापाल मोचनम् ॥ ९-५६ ॥

जहाँ त्यो ब्रह्म शिर झर्‍यो, त्यो कपालमोचन तीर्थ नामले प्रसिद्ध भयो । वाराणसीको यात्रा गर्दा यस क्षेत्रको दर्शन गर्नाले सबै पाप भस्म हुन्छन् । यस तीर्थमा स्नान-दान-जप-तप-तर्पण आदि गर्नाले ब्रह्महत्या जनित सबै पाप नष्ट हुन्छन् ।

उपसंहार

यो महेश्वरको भैरवावतार मार्गशीर्ष महिनाको कृष्णाष्टमी मङ्गलवारको दिन भएको थियो । यस दिनमा व्रत-जागरण, प्रार्थना, कालभैरवको सम्मुख गर्नाले इह-परलोक कल्याण हुनेछ । त्यसैगरी विश्वेश्वरको भक्त भएर भैरवलाई पूजा नगर्दा सदैव दुःख पाइन्छ । जसले काशीमा रहेर उपवास बसेर पनि भैरवको पूजा गर्दैन उसका पाप शुक्लपक्षको चन्द्रमाझैँ बढ्छन् ।

श्रुत्वाख्यानमिदं पुण्यं ब्रह्महत्यापनोदकम् ।
भैरवोत्पत्तिसंज्ञं च सर्वपापैः प्रमुच्यते ॥ ९-७१ ॥

बन्धन, कारागार या कुनै विपत्तिसँग लडाइँ गर्दै गरेको मनुष्यले यो कथा सुन्नाले या सुनाउनाले सङ्कटबाट मुक्ति पाउनेछ ।

अध्याय दशम, एकादश, द्वादश

शिवका वीरभद्र तथा शरभ अवतार वर्णन क्रममा नृसिंह चरित्र तथा नृसिंहको चर्म शिवद्वारा धारण

नन्दीश्वर- हे सनत्कुमार !

(४५) वीरभद्र अवतार

विध्वंशी दक्षयज्ञस्य वीरभद्राह्वयः प्रभोः ।
अवतारश्च विज्ञेयः शिवस्य परमात्मनः ॥ १०-१ ॥

वीरभद्र स्वयं शिवका अवतार हुन् । दक्षयज्ञ विध्वंश र दण्ड दिन शिवले आफ्नो जटाबाट वीरभद्रलाई प्रकट गरेका थिए । 'सती-चरित्र' वर्णनमा यसको विस्तृत वर्णन गरिसकिएको छ ।

(४६) शरभ अवतार

यो शिवको पक्षी (शरभ) अवतार नृसिंहको क्रोध र घमन्ड नाश गर्न भएको हो । यसको विस्तारपूर्वक वर्णन यहाँ गरिन्छ ।

दिति-कश्यपको गर्भबाट श्रापित जयविजय, हिरण्याक्ष र हिरण्यकशिपुको रूपमा जन्मे । वराहले हिरण्याक्षको वध गरे र नृसिंहले हिरण्यकशिपुलाई वध गर्न, सायङ्कालको समयमा, सभामण्डपको स्तम्भबाट भक्त प्रह्लादको वचनको रक्षा गर्न प्रकट भए ।

सभास्तम्भात्तदा विष्णुरभूदाविर्भुतं मुने ।
सन्ध्यायां क्रोधमापन्नो नृसिंहवपुषा ततः ॥ १०-१७ ॥

हरिको क्रोधमूर्ति नृसिंहले हिरण्यकशिपुको वध गरे, तर उनको क्रोध शान्त भएन । उनको सान्निध्यमा जान सबै डराए । उनको क्रोधयुक्त गर्जन यति भयावह थियो कि त्रिलोकलाई नै भस्म गर्नेछन् । गर्जन यस्तो कहालीलाग्दो थियो कि पृथ्वी-आकाश-पर्वत-नदी सबै डोलायमान हुन्थे । लक्ष्मीसमेत समीप जान डराइन्, तर अन्त्यमा प्रह्लाद गए र प्रार्थना गरे । नृसिंह केही शान्त त भए तर क्रोध यथावत् रह्यो । त्यसपछि देवताहरू शिवको शरणमा गए ।

दुःखं प्राप्तास्ततो देवाः शङ्करं शरणं ययुः । १०-३० ।

देवताहरूले नृसिंहको क्रोधको ज्वाला शान्त गर्न शिवसँग प्रार्थना गरे । शिवले भयभीत देवताहरूलाई आश्वासन दिए र आफ्ना महाबली-वीरभद्र-भैरव-नन्दी आदिलाई आज्ञा दिए । शिवाज्ञा पाएर यिनीहरू पनि आफ्ना गणहरूलाई लिएर नृसिंहको समीप गए । शान्त हुन प्रार्थना गरे, तर नृसिंहले उनीहरूलाई उल्टै जहाँबाट आएका हौ त्यहीँ जाओ भने ।

नृसिंह- **आगतोऽसि यतस्तत्र गच्छ त्वं मा हितं वद ।**
इदानीं संहरिष्यामि जगदेतच्चराचरम् ॥ ११-२७ ॥

म सबैको संहारक हुँ । जति चराचरमा तेज छ, त्यो मेरै रूप हो । यो सम्पूर्ण संसार मेरै रूप हो । म काल हुँ, अब म विनाश गर्न गइरहेको छु । मलाई कसैले रोक्न सक्तैन । सबै देवता मेरो कृपाले बाँचिरहेका छन् । ब्रह्मा जो सृष्टि गर्छन्, उनी पनि मेरो नाभिकमलबाट उत्पन्न भएका हुन्, मैले नै उनलाई शक्ति दिएको हुँ ।

वीरभद्र- (क्रोध-अहङ्कार-घमन्डयुक्त नृसिंहको वचन सुनेपछि)

किन्नजानासि विश्वेशं संहर्तारं पिनाकिनम् ।
असद्वादो विवादश्च विनाशस्त्वयि केवलः ॥ ११-३७ ॥

वीरभद्रले शिव नै सर्वश्रेष्ठ हुन् भन्ने कुरामा जोड दिँदै नृसिंहलाई भने, 'अब तिम्रो विनाश हुन मात्र बाँकी रह्यो । त्यसको दक्षिणा पनि शिवले छिट्टै दिनेछन्, प्रतीक्षा गर । अनि अगाडि भने-

तिम्रो नाभिबाट उत्पन्न ब्रह्माको पाँचौं शिर शिवले आफ्नो मुण्डमालामा धारण गरेका छन् । तिम्रो कूर्म रूपधारी जलेको कपाल पनि शिवको मुण्डमालामा सामेल छ । तिम्रो वराहरूपी ढाड शिवगणले उखेलेका थिए । दक्षयज्ञ विध्वंशमा शिवभक्त दधीचिले तिमीलाई पराजित गरेका थिए, जसको कारण तिमी यज्ञस्थल छोडेर भागेका थियौ । तिमी न स्रष्टा हौ न स्वतन्त्र हौ, मूर्ख भने अवश्य हौ ।

न त्वं स्रष्टा न संहर्ता भर्तापि न नृसिंहकः ।
परतन्त्रो विमूढात्मा न स्वतन्त्रो हि कुत्रचित् ॥ ११-४७ ॥

यदि तिमी काल हौ भने शिव महाकाल हुन् ।

कालोऽसि त्वं महाकालः कालकालो महेश्वरः । ११-५९ ।

केवल शिव नै समस्त लोकका स्वामी र शासक हुन् । यो सबै विचार गरी आफ्नो तेजलाई समाप्त गर । होइन भने महाभैरवरूपी शिवक्रोधको महावज्र मृत्युसमान तिमीमाथि जाइलाग्नेछ । त्यसका लागि तयार होऊ ।

नो चेदिदानीं क्रोधस्य महाभैरव रूपिणः ।
वज्राशनिरिव स्थाणोस्त्वयि मृत्युः पतिष्यति ॥ ११-६३ ॥

नृसिंह क्रोधले व्याकुल हुनु र शिवको शरभ अवतार

वीरभद्रको वीरोचित वाणीले नृसिंह क्रोधाग्निले व्याकुल भए र शिवगणमाथि जाइलागे । त्यति बेला नै शिवले पृथ्वीदेखि आकाशपर्यन्त व्याप्त तेज प्रकट गरे, जो न हिरण्यमय, न सूर्यमय, न अग्निमय नै थियो । बिस्तारै त्यो तेजबाट पखेटा, चुच्चो, सहस्रभूजा, जटाजूट, अर्धचन्द्रधारी, तेज दन्त, वज्रसदृश नख, नीलकण्ठ, महाबाहु, चारवटा चरणयुक्त, झट्ट हेर्दा पक्षी जस्तो प्रकट भए ।

सहस्रबाहुर्जटिलश्चन्द्रार्द्धकृतशेखरः ।
समृद्धोग्रशरीरेण पक्षाभ्यां चञ्चुना द्विजः । १२-८ ।

शरभको तेजअगाडि नृसिंहको तेज यसरी विलय भयो कि जसरी सूर्यको अगाडि जूनकिरीको तेज विलीन हुन्छ । तुरून्त उनलाई पक्रेर हात बाँधिदिए र पखेटाले प्रहार गरी बेहोस गराइदिए । देवताहरूले शरभको स्तुति गरे । ब्रह्मा तथा ऋषिगणले प्रणाम गरे ।

लामो समयपछि नृसिंहलाई होस आयो र शरभेश्वर शिवको आठ सय नामले स्तुति गरे ।

नाम्ना अष्टशतेनैव स्तुत्वा तं मृडमेव च ।
पुनश्च प्रार्थयामास नृसिंहः शरभेश्वरम् ॥ १२-१९ ॥

अन्तमा नृसिंहले भने, 'जब जब मलाई यसरी दुर्बुद्धि आउनेछ, तब तब तपाईंले यसरी नै मलाई सचेत गराउनुहोला । मेरो अहङ्कारलाई नाश गरिदिनुभो । म धन्य भएँ ।'

उता देवताहरूले पनि शरभको स्तुति गरे । शिवले सबैलाई सान्त्वना दिए अनि शरभरूपी शिव अन्तर्ध्यान भए ।

त्यसपछि महाबली वीरभद्रले नृसिंहको शरीरलाई लिएर पर्वतमा गए । त्यही दिनदेखि शिवले नृसिंहको चर्म धारण गरेका छन् र उनको मुखमण्डल मुण्डमालामा राखेका छन् ।

नृसिंहकृत्तिवसनस्तदाप्रभृति शङ्करः ।
तद्वक्त्रं मुण्डमालाया नायकत्वेन कल्पितम् ॥ १२-३६ ॥

उपसंहार- यो कथानक धन-यश-आयु-आरोग्यवर्द्धक, विघ्ननाशक, मङ्गलप्रदायक, अपमृत्यु, शत्रुनाशक एवं बुद्धिवर्द्धक छ । यसले नवधाभक्ति बढाउँछ र अन्तःकरण शुद्ध गर्छ । यो चरित्र सबै उत्सव, अष्टमी, चर्तुदशी, शिवप्रतिष्ठा जस्ता समारोहमा सुन्दा-सुनाउँदा शिवसायुज्य प्राप्ति हुन्छ ।

त्यति मात्र होइन, चौरभय, व्याघ्रभय, सिंहभय, मनुष्यभय, राजभय, दस्युभय क्षणहरूमा तथा उल्कापात, भूकम्प, उत्पात, अतिवृष्टि र अनावृष्टिमा सुन्दा सुनाउँदा कल्याणदायक हुन्छ ।

उल्कापाते महावाते विनावृष्ट्यतिवृष्टिषु ।
पठेद्यः प्रयतो विद्वान् शिवभक्तो दृढव्रतः ॥ १२-४५ ॥

निष्काम भावले सेवन गर्नाले रुद्रानुचरको प्राप्ति हुनेछ ।

अध्याय त्रयोदश, चतुर्दश, पञ्चदश

शिवको गृहपति अवतार, पिता विश्वानरको तपस्या, पुत्रप्राप्ति, गृहपतिद्वारा तपस्या, शिवद्वारा दिक्पाल पदमा नियुक्ति

(४७) गृहपति अवतार

नन्दीश्वर- हे सनत्कुमार !

शिवको गृहपति अवतार विश्वानर मुनि र शुचिष्मती पत्नीको गर्भबाट भएको हो । नारदजीद्वारा नौ वर्षको मात्र आयु छ भनी भविष्यवाणी गरेपछि गृहपतिले काशीमा तपस्या गरे । शिवलाई प्राप्त गरे र उनले दिक्पाल पदमा नियुक्त गरी देवताद्वारा पूजनीय वन्दनीय बनाए । अब यही प्रसङ्गलाई सविस्तार वर्णन गरिन्छ ।

नर्मदायास्तटे रम्ये पुरे नर्मपुरे पुरा ।
शाण्डिल्यगोत्रः शुचिमान्ब्रह्मतेजोनिधिर्वशी ॥ १३-३ ॥

यी विश्वानर मुनि नर्मदा नदीको तटमा अवस्थित नर्मपुरमा रहन्थे । यिनी पुण्यात्मा शिवभक्त थिए । शाण्डिल्य गोत्रमा उत्पन्न यिनी नित्य ब्रह्मयज्ञ गर्दथे । उचित समय उपस्थित भएपछि शुचिष्मती नामकी योग्य कन्यासँग यिनको विवाह भयो । वैवाहिक जीवनमा प्रवेश गरेपछि झन् प्रतिदिन अग्निहोत्र, पञ्चयज्ञ तथा षट्कर्ममा तत्पर भएर देवता, पितर र अतिथिहरूको सेवा पूजा गर्दथे ।

विवाह भएको लामो समय व्यतीत भयो । एक दिन पत्नी शुचिष्मतीले शिवसदृश पुत्रको याचना गरिन् ।

महेशसदृशं पुत्रं देहि नान्यं वरं वृणे । १३-१४ ।

विश्वानर मुनिद्वारा काशीमा वीरेश शिवलिङ्गको आराधना

पत्नीको याचनालाई आत्मसात् गर्दै विश्वानर मुनि काशीनाथ, विश्वेश्वरको नगरी वाराणसीमा तपस्या गर्न आए । यहाँ आएर मणिकर्णिका तीर्थमा स्नान गरे । विश्वनाथ-कालभैरव-अन्नपूर्णा आदि सबैको दर्शन गरे, सबै तीर्थमा स्नान गरे । त्यसपछि शीघ्र प्रसन्न हुने 'वीरेश' नामको शिवलिङ्गको त्रिकाल पूजा गर्न थाले, इन्द्रियलाई संयमित गर्दै उनले एक वर्षपर्यन्त यसरी तपस्या गरे-

विश्वानर मुनिले गरेको एक वर्षको तपस्या वर्णन

एकाहारोऽभवन्मासं मासं नक्ताशनोऽभवत् ।
अयाचिताशनो मासं मासं त्यक्ताशनः पुनः ॥ १३-३२ ॥

पहिलो महिनामा एकाहार, दोस्रो महिनामा रात्रिमा भोजन, तेस्रो महिनामा कसैसँग केही नमागिकन जे भेटिन्छ त्यही खाएर (अयाचितव्रत), चौथो महिना सबै खाले भोजन त्यागेर, पाँचौं महिना दुग्धपान गरेर, छैटौं महिनामा शाकाहारी भएर, सातौं महिनामा एक मुठी तिल खाएर, आठौं महिनामा जल पिएर, नवौं महिनामा पञ्चगव्यको सेवन गरेर, दशौं महिनामा चान्द्रायण व्रत गरेर, एघारौं महिनामा कुशाग्र-जल पिएर, बाह्रौं महिनामा वायु पिएर तपस्या गरे ।

चान्द्रायण व्रत- यो व्रत गर्दा अमावश्याको दिन निराहार रहनुपर्छ । त्यसको भोलिपल्टदेखि मयूरको अण्डा बराबरको अन्न प्रतिदिन चन्द्रमाको कला अनुसार बढाउँदै लानुपर्दछ र पूर्णिमादेखि चन्द्रमाको आकार अनुसार घटाउँदै लैजानुपर्दछ । अर्थात् शुक्ल पक्षमा अन्नको वृद्धि हुन्छ भने कृष्ण पक्षमा कम हुँदै जान्छ । यसरी अन्न ग्रहण गर्दै एक महिनासम्म राखिने व्रत चान्द्रायण हो ।

बालक शिवको दर्शन- जब तेह्रौं महिना प्रारम्भ भयो । विश्वानर मुनि प्रतिदिनझैं गङ्गाजीमा स्नान गरी फर्किए । 'वीरेश' लिङ्गको समीप एक आठ वर्षको बालकलाई खेलिरहेको देखे । बालक यति सुन्दर र तेजयुक्त थियो कि जो साक्षात् शिवको बाल्य स्वरूपको थियो । उसलाई देखेर विश्वानर मुनिले आठ श्लोकयुक्त अभिलाषाष्टक स्तोत्र पाठ गरे ।

विश्वानर मुनिद्वारा अभिलाषाष्टक स्तुति

यो अभिलाषाष्टक स्तोत्र सबै मनोरथलाई पूर्ण गर्ने स्तोत्र हो । बन्ध्या र अपुत्रले पुत्र प्राप्त गर्छन्, धनधान्य र यश बढ्छ र एक वर्ष नित्य पाठ गर्नाले सम्पूर्ण इच्छा पूर्ण हुन्छन् ।

यी आठ श्लोकमा भनिएको छ- ब्रह्मतत्त्व एक छ, जो तपाईं हो । तपाईं रूपरहित भएर पनि अनेक रूप हुनुहुन्छ । तपाईं सबैको कर्ता र विनाशकारक हुनुहुन्छ । डोरीमा सर्प, सिपीमा चाँदी, मृग मरीचिकामा जलप्रवाह, यस्तो मायामय संसारको रचयिताको शरणमा

म छु । जस्तै पानीमा शीतलता, अग्निमा दाहकता, सूर्यमा ताप, चन्द्रमामा अमृत, फूलमा सुगन्ध, दुधमा घिउ छ त्यसरी नै तपाईं सबैमा व्याप्त हुनुहुन्छ । तपाईं विनाकानले नै सुन्नुहुन्छ । विनानाकले सुगन्ध लिनुहुन्छ । विनाचरण नै हिँड्नुहुन्छ । विनाआँखाले देख्नुहुन्छ । विनाजिब्राले नै रस ग्रहण गर्नुहुन्छ । तपाईंलाई स्वयं वेद, ब्रह्मा, विष्णु, देवता, योगी, भक्त पनि जान्न, चिन्न सक्तैनन् । तपाईंको न गोत्र, न शरीर, न नाश, न रूप, न शील, न देह, छ र पनि तपाई सबैको स्वामी हुनुहुन्छ । तपाईंद्वारा नै सबै छन् र तपाई सबैमा हुनुहुन्छ । तपाईं बालक, युवा, वृद्ध हुनुहुन्छ । तपाईंलाई बारम्बार नमस्कार गर्दछु ।

अभिलाषाष्टक स्तोत्र पूर्ण पाठ (उपजाति छन्द)

विश्वानरोवाच (१३, ४२-४९)

एकं ब्रह्मैवाद्वितीयं समस्तं, सत्यं सत्यं नेह नानास्ति किञ्चित् ।
एको रुद्रो न द्वितीयोऽवतस्थे तस्मादेकं त्वां प्रपद्ये महेशम् ॥ ४२ ॥
कर्ता हर्ता त्वं हि सर्वस्य शम्भो नानारूपेष्वेकरूपोऽप्यरूपः ।
यद्वत्प्रत्यग्धर्म एकोऽप्यनेकस्तस्मान्नान्यं त्वां विनेशं प्रपद्ये ॥ ४३ ॥
रज्जौ सर्पः शुक्तिकायां च रौप्यं, नैरः पूरस्तन्मृगाख्ये मरीचौ ।
यद्यत्सद्वद्विष्वगेव प्रपञ्चो यस्मिन् ज्ञाते तं प्रपद्ये महेशम् ॥ ४४ ॥
तोये शैत्यं दाहकत्वं च वन्हौ, तापो भानौ शीतभानौ प्रसादः ।
पुष्पे गन्धो दुग्धमध्येऽपि सर्पिर्यत्तच्छम्भो त्वं ततस्त्वां प्रपद्ये ॥ ४५ ॥
शब्दं गृह्णास्यश्रवास्त्वं हि जिघ्रस्यघ्राणस्त्वं व्यङ्घ्रिरायासि दूरात् ।
व्यक्षः पश्येस्त्वं रसज्ञोऽप्यजिह्वः कस्त्वां सम्यग्वेत्त्यतस्त्वां प्रपद्ये ॥ ४६ ॥
नो वेद त्वामीश साक्षाद्धि वेदो नो वा विष्णुर्नो विधाताखिलस्य ।
नो योगीन्द्रा नेन्द्रमुख्याश्च देवा भक्तो वेद त्वामतस्त्वां प्रपद्ये ॥ ४७ ॥
नो ते गोत्रं नेश जन्मापि नाख्या नो वा रूपं नैव शीलं न देशः ।
इत्थम्भूतोऽपीश्वरस्त्वं त्रिलोक्याः सर्वान्कामान्पूरयेस्त्वं भजे त्वाम् ॥ ४८ ॥
त्वत्तः सर्वं त्वं हि सर्व स्मरारे त्वं गौरीशस्त्वं च नग्नोऽतिशान्तः ।
त्वं वै वृद्धस्त्वं युवा त्वं च बालस्तवं यत्किं नान्यतस्त्वां नतोऽहम् ॥ ४९ ॥

शिव प्रसन्न, पुत्र रूपमा आउने वर दिनु

यसरी विश्वानर मुनिले गरेको अभिलाषाष्टक स्तोत्र तथा एक वर्षसम्मको व्रतबाट प्रसन्न भएर शिवले वर माग्न प्रेरित गरे । विश्वानरले तपाईं अन्तर्यामी, सर्वज्ञ हुनुहुन्छ, म केही माग्दिनँ । मेरा सबै इच्छा आफैं बुझेर पूरा गरिदिनुहोस् भनेपछि बालक शिवले मुस्कुराउँदै वर दिँदै भने, 'हे मुनिवर ! म प्रसन्न छु । तिम्री पत्नी शुचिष्मतीले जुन इच्छा राखेकी छिन् त्यो शीघ्र पूर्ण हुनेछ । म स्वयं तिम्रो पुत्र भएर आउनेछु र मेरो नाम गृहपति हुनेछ ।

तव पुत्रत्वमेष्यामि शुचिष्मत्यां महामते ।
ख्यातो गृहपतिर्नाम्ना शुचिः सर्वामरप्रियः ॥ १४-५७ ॥

त्यति मात्र होइन, यो अभिलाषाष्टक स्तोत्र सन्तानप्रदायक छ र एक वर्षपर्यन्त पाठ गर्नाले इच्छापूर्ति हुन्छ र धनधान्यलाई समेत बढाउने हुनेछ ।

स्त्रिया वा पुरुषेणापि नियमाल्लिङ्गसन्निधौ ।
अब्दं जप्तमिदं स्तोत्रं पुत्रदं नात्र संशयः ॥ ११-६३ ॥

गृहपतिको अवतारमा त्रिदेव, देवता, ऋषिमुनि, मानव, देवाङ्गना, जडचेतन सबैको आगमन

विश्वानर वरप्राप्तिपश्चात् घरमा आए । श्रीमतीलाई सबै वृत्तान्त बताए । दुवैले नियमपूर्वक शिवाराधना गर्दै गए । केही समयपछि गर्भाधान संस्कार भयो । गृहसूत्र वर्णनविधि अनुसार पुरुषत्वको प्राप्तिका लागि पुंसवन संस्कार गरे । आठ महिनामा सीमान्त संस्कार भयो । त्यसपछि शुभलग्न, केन्द्रमा गुरु, शुभग्रहयुक्त समय आएपछि शुचिष्मतीको गर्भबाट अरिष्टनाशक बालक पैदा भयो ।

केन्द्रे गुरौ शुभे लग्ने सुग्रहेषु युगेषु च ।
तनयो नाम तस्यां तु शुचिष्मत्यां बभूव ह ॥ १४-६ ॥

बालकले जन्म लिनासाथ त्रिलोकमै सुगन्धित वायु प्रवाहित हुन थाल्यो । सरिता स्वच्छ र नदीहरू शान्त एवं निर्मल भए । देवताहरूले आकाशबाट पुष्पवृष्टि गर्न थाले । दुन्दुभिहरूको ध्वनि गुन्जियो । सबै दिशा प्रसन्न भए । अन्धकार हट्यो । धुलो मैलो हटेर धर्ती सफा भयो । प्राणीहरूमा सत्त्वगुणको अभिवृद्धि भयो । अमृतको वर्षा हुन थाल्यो ।

त्यति मात्र होइन हजारौं देवाङ्गना, रम्भादि अप्सरा, विद्याधारी, किन्नर मङ्गलद्रव्य लिएर उपस्थित भए । गन्धर्व, नाग र यक्षका स्त्रीहरू मङ्गलाचार गाउँदै उपस्थित भए ।

गायन्त्यो मङ्गलं गीतं तत्राजग्मुरनेकशः । १४-१३ ।

यसैगरी पत्नीसहित मरीच, अत्रि, अङ्गिरा, पुलह, पुलस्त्य, क्रतु, वशिष्ठ, कश्यप, अगस्त्य, विभाण्ड, माण्डवीपुत्र, लोमश, रोमचरण, भरद्वाज, गौतम, भुगु, गालव, गर्ग, जातुकर्ण्य, पराशर, आपस्तम्ब, याज्ञवल्क्य, दक्ष, वाल्मीकि, मुद्गल, शतापत, लिखित, शिलाद, शङ्ख, उञ्भूक्, भरत, जमदग्नि, सवर्त, मतङ्ग, अंशुमान, व्यास, कात्यायन, कुत्स, शौनक, सुश्रूत, शुक, ऋष्यशृङ्ग, दुर्वासा, शुचि, नारद, तुम्बुरु, उत्तङ्क, वामदेव, पवन, असित, देवल, शाङ्कायन, हारित, विश्वामित्र, भार्गव, मृकुण्ड, पर्वत, दारुक, धौम्य, उपमन्यु, वत्स्य आदि आशीर्वाद दिन उपस्थित भए ।

यसैगरी वृहस्पतिसहित ब्रह्मा-विष्णु-नन्दीका साथ शिवपत्नी एवं परिचरसहित उपस्थित भए । पातालवासी नागरत्न लिएर समुद्र नन्दीहरूका साथ, हजारौं जड, चेतन मूर्तिमान्

भएर गृहपतिको जन्मावसरमा उपस्थित भए ।

आज विश्वानरको आश्रम धन्य भयो । सर्वत्र मङ्गलध्वनि, मङ्गलस्तोत्र, मन्त्रपाठ, जयजयकार आदि ध्वनिले धर्ती एवं आकाश गुन्जियो । महान् उन्सव भयो ।

ब्रह्माले एघारौं दिनमा बालकको जातसंस्कार गरे । बालकको नाम गृहपति राखे ।

जातकर्म स्वयं तस्य कृतवान्विधिरानतः ।
श्रुतिं विचार्य तद्रूपं नाम्ना गृहपतिस्त्वयम् ॥ १४-२४ ॥

त्यति बेला चारै वेदले आशीर्वाद दिए । आएका सबै ऋषिमुनि र देवदेवीहरूले बालकलाई आशीर्वाद दिए । आज विश्वानरले शिव आराधना गरी साक्षात् शिवलाई पुत्र रूपमा प्राप्त गरे भन्दै सबैले प्रशंसा गरे र सबै आ-आफ्नो धाम प्रस्थान गरे ।

पुत्र महिमा

पुत्रबाट मातापिताको सद्गति हुन्छ । पुत्ररहित घरको पूजा व्यर्थ हुन्छ । पुत्रविहीन पुरूष अपवित्र हुन्छ । पुत्रसमान लाभ र सुख अर्को छैन । पुत्रभन्दा ठूलो यस लोक र परलोकमा अर्को मित्र छैन ।

अपुत्रस्य गृहं शून्यमपुत्रस्यार्चनं वृथा ।
अपुत्रस्य तपश्छिन्नं नो पवित्रत्यपुत्रतः ॥ १४-३२ ॥
न पुत्रात् परमो लाभो न पुत्रात्परमं सुखम् ।
न पुत्रात् परमं मित्रं परत्रेह च कुत्रचित् ॥ १४-३३ ॥

अन्य संस्कार- कर्मकाण्डी विश्वानरले गृहसूत्र अनुसार गृहपतिको चौथो महिनामा निष्क्रमण संस्कार, छैटौं महिनामा अन्नप्राशन, एक वर्षमा चूडाकरण, श्रवण नक्षत्रमा कर्णवेध, पाँच वर्षमा यज्ञोपवीत संस्कार आदि विधिवत् संस्कार सुसम्पन्न गरे । त्यसपछि एक वर्षपर्यन्त अङ्ग-पदक्रमसहित वेदाध्ययन गराए । जब नवौं वर्षमा प्रवेश गरे मातापिताको सेवा गर्न थाले । त्यही बेला देवर्षि नारद आए ।

भविष्यकथन गर्दै नारदले गृहपतिलाई अल्पायु भन्नु-

ततोऽथ नवमे वर्षे पित्रोः शुश्रूषणेरतम् ।
विश्वानरं गृहपति द्रष्टुमायाच्च नारदः ॥ १४-३८ ॥

विश्वानरले नारदजीको स्वागत अभिवादन गरे । कुशलक्षेम सोधे । त्यसपछि नारदजीले गृहपतिलाई राम्ररी हेरेर भने, 'यो बालक मेधावी छ, सर्वलक्षण सम्पन्न छ । यसमा निर्मल कलाहरू मौजुद् छन्, तर बाह्रौं महिना लागेपछि, एक वर्ष अरू पुगेपछि यसलाई बिजुली र अग्निको प्रकोप छ । भाग्य प्रतिकूल भएपछि गुण पनि दोषको रूपमा परिणत हुनेछ ।

शङ्केस्य द्वादशे मासि प्रत्यूहो विद्युदग्नितः ।

गुणोऽपि दोषतां याति वक्रभूते विधातरि ॥ १४-४७ ॥

यति भनेर नारदजी बिदा भए । विश्वानर शुचिष्मती शोकाकुल भए ।

गृहपतिद्वारा काशीमा कठोर तप प्रारम्भ

त्यसपछि शोकाकुल मातापितालाई गृहपतिले सम्झाए । शिव आराधना गरी मृत्युमाथि विजय प्राप्त गर्न आशीर्वाद मागे । मृत्युञ्जयको आराधना गर्न काशी नगरमा आए । काशीस्थित विश्वेश्वर, मणिकर्णिका, अन्नपूर्णा, कालभैरव आदिको दर्शन गरी शिवलिङ्ग स्थापना गरे र शुभ दिनमा सेवाराधना प्रारम्भ गरे ।

ततः शुभेऽह्नि संस्थाप्य लिङ्गः सर्व हितप्रदम् । १५-२९ ।

प्रतिदिन गङ्गाजलले लिङ्गको स्नान, नीलकमल पुष्पले अर्चना, तथा धूपदीपनैवेद्यले सेवा गर्न थाले । त्यसपछि पन्ध्र दिनमा एकचोटि कन्दमूल खाएर तीन महिनासम्म, त्यसपछि एक महिनामा एकचोटि कन्दमूल खाएर तीन महिनासम्म तपस्या गरे । त्यसपछि वृक्षबाट झरेका पात ६ महिनासम्म खाएर ६ महिना वायु मात्र पिएर, अनि ६ महिना पानीको थोपा पिएर तपस्या गरे ।

शीर्णपर्णाशनैर्धीरः षण्मासं सम्बभूव सः ।
षण्मासं वायुभक्षोऽभूत्षण्मासं जलबिन्दुभुक् ॥ १५-३३ ॥

यसरी गृहपतिको तप-पूजाले निरन्तरता पाइरह्यो । नारदजीले भनेको बाह्रै महिना त कटिसकेको थियो, तर बाह्र वर्षको समय उपस्थित भयो ।

जन्मतो द्वादशे वर्षे तद्वचो नारदेरितम् । १५-३५ ।

यही वचनलाई सत्य साबित गर्न इन्द्र वरदान दिन उपस्थित भए ।

गृहपतिद्वारा इन्द्रसँग वर माग्न अस्वीकार

इन्द्र प्रकट भएर भने, 'हे मुनिकुमार ! म इन्द्र हुँ । तिम्रो तपस्याले प्रसन्न भएर वरदान दिनका लागि आएको हुँ । वर माग ।

गृहपति- हे इन्द्र ! म शिवसँग वर माग्नेछु । तिमीसँग माग्दिनँ । मैले त्यसै पनि शिवको आराधना गरेको हुँ, तिम्रो होइन ।

नाहं वृणे वरं त्वत्तः शङ्करो वरदोऽस्तिमे । १५-३८ ।

इन्द्र- हे बालक ! म र शिवमा भिन्नता छैन । म देवराज हुँ, देव-देव हुँ । बालहठ छोडेर शीघ्र जे इच्छा छ, वर माग ।

गृहपति- हे अहिल्यापति ! असाधु ! पहाडहरूका शत्रु इन्द्र ! तिमी आफ्नो समय व्यर्थै खेर फालिरहेका छौ । मैले भनिसकेँ शिवका अतिरिक्त कसैसँग वर माग्दिनँ ।

यसरी गृहपतिले इन्द्रलाई ठाडै अस्वीकार गरेपछि क्रोधमा आएर बिजुलीको ज्वालासदृश घोर वज्र उठाएर बालकलाई तर्साए । गृहपतिलाई तत्काल नारदले भनेको वाक्य सम्झना भयो । उनी डरले मूर्च्छित हुन पुगे ।

स्मरन्नारदवाक्यं च मुमूर्च्छ भयविह्वलः । १५-४२ ।

शिव प्रकट, गृहपतिलाई दिक्पाल पदवी प्रदान

त्यसपछि आशुतोष गौरीपति शिव प्रकट भए । बालकलाई स्पर्श गरी जागृत गराए । सामुन्ने अङ्ग- आभूषणले सुसज्जित भोलेनाथलाई देखेर गृहपति कृतकृत्य भए । साष्टाङ्ग प्रणाम- अभिवादन तथा स्तुति गरे । सजल नेत्रले अभिवादन गरे, अनि

शिव- हे मुनिकुमार ! तिमी डरायौ । इन्द्रलाई मैले नै तिम्रो परीक्षा गर्न पठाएको थिएँ । अब, म तिमीलाई उत्तम वरद्वारा आभूषित गर्दछु ।

वरं ददामि ते भद्र त्वमग्निपदभाग्भव ।
सर्वेषामेव देवानां वरदस्त्वं भविष्यसि ॥ १५-५२ ॥

अर्थात् तिमी 'अग्नि' नामले देवताहरूलाई वर दिने होऊ । सबै प्राणीहरूको शरीरमा अग्नि रूपले रहू । धर्मराज र इन्द्रको बिचमा दिशाको स्वामी (आग्नेय) भएर राज्य भोग गर । यो लिङ्ग जसमा तिमीले पूजा गर्‍यौ, तिम्रै नामले 'अग्नीश्वर' प्रसिद्ध हुनेछ । जो कोही यसको पूजा गर्नेछन्, उनीहरूलाई बिजुली र अग्निको भय हुनेछैन, र अन्तमा अग्निलोक जानेछन् । यसरी वरदान दिएपछि गृहपतिका स्वजनहरूलाई बोलाएर शिवले दिक्पाल पदमा अभिषेक गरे र त्यही लिङ्गमा विलय भए

दिक्पतित्वेऽभिषिच्याग्निं तत्र लिङ्गे शिवोऽविशत् । १५-५७ ।

उपसंहार

गृहपति स्वयं शिव हुन् । जो पञ्चाग्निमा तपस्या गर्दछन्, जो अग्निहोत्री छन्, जो अग्निकुण्ड बनाउँछन्, जो शीतकालमा काष्ठादिको व्यवस्था गर्दछन्, जसले अनाथ मृतकको श्रद्धाले अग्निसंस्कार गर्दछन्- ती सबै अग्निलोकमा निवास गर्न पाउँछन् । अपवित्र पदार्थ अग्निको स्पर्श हुनासाथ पवित्र हुन्छ, त्यसैले अग्निलाई 'पावक' भनेर सम्बोधन गरिन्छ ।

पावनानि भवन्त्येव तस्माद्यः पावकः स्मृतः । १५-६५ ।

अग्निदेव अन्तर्यामी हुन् जो प्राणीको उदरमा पुगेको मासलाई पचाइदिन्छन् तर प्राणीको मांसपेशीलाई पचाउँदैनन् । अग्नि साक्षात् शिवको तृतीय नेत्र हुन् । यिनी प्रकाशको कारक, सबै प्राणीमा रहने स्वरूप हुन् । देवताहरू पनि अग्निद्वारा दिइएको पदार्थ ग्रहण गर्दछन् ।

अध्याय षोडश

शिवको यक्षेश्वर अवतार, देवताहरूको अभिमान नाश

(४८) यक्षेश्वर अवतार

नन्दीश्वर- यक्षेश्वरावतारं च श्रृणु शम्भोर्मुनीश्वरः ।
गर्विणं गर्वहन्तारं सतां भक्तिविवर्द्धनम् ॥ १ ॥

हे सनत्कुमार ! यक्षेश्वर अवतार समुद्र मन्थनको समयमा भएको हो । शिव विषपान गरेर नीलकण्ठ भएका थिए । समुद्रबाट निस्केको अमूल्य रत्न, देवता र दानवहरूको बिचमा बाँडियो । अन्तमा अमृत निस्कियो । अमृत प्राप्त गर्न दुवै पक्ष लालायित भए । फलस्वरूप युद्ध भयो । चन्द्रमा राहुको भयले शिवको शरणमा गए । शिवले उनलाई आफ्नो शिरमा धारण गरे ।

दध्रे शिरसि चन्द्रं स विभुः शरणमागतम् । १३ ।

राहु पनि विष्णुको सुदर्शन चक्रले शिरच्छेद गरेपछि डरायो, अनि शिवको शरणमा गयो । स्तुति गायो, शरणमा पर्‍यो । त्यसपछि भोलेनाथले उसको काटिएको शिरलाई आफ्नो मुण्डमालामा सामेल गराए ।

पुरा छिन्नानि वै केतुः संज्ञानि निदधे गले । १५ ।

त्यसपछि देवताहरूले अमृतपान गरे । उनीहरू अमृतपान गरेपछि अजरअमर भए । दैत्यमाथि आक्रमण गरे र विजयी भए । त्यसपछि शिवमायाले मोहित भएर आफ्नो बल एवं पराक्रमप्रति घमन्ड गर्न थाले । अनि त्यही घमन्डलाई नाश गर्न शिव यक्ष बनेर प्रकट भए ।

ततः स शङ्करो देवः सर्वाधीशोऽथ गर्वहा ।
यक्षो भूत्वा जगामाशु यत्र देवाः स्थिता मुने ॥ १८ ॥

यक्षले सोधे, 'हे अमरगण हो ! तिमीहरू किन यति प्रसन्न छौ ?' देवताहरूले भने, 'हामीले दैत्यलाई पराजित गरेर अमृतपान गर्‍यौं । हामी अमर भयौं, उनीहरू भागे । हामी एकसे एक बलवान् पराक्रमी, महारथी भयौं । अब त्रिलोकमा हामीलाई कसैले परास्त गर्न सक्तैन, त्यसैले हामी प्रसन्न भएका हौं ।

यक्षेश्वर- हे देवगण ! तिमीहरू घमन्डमा आएर शिवलाई बिर्सियौ । उनकै कृपाले तिमीहरू समुद्रमन्थन गर्न सफल भएका हौ । उनले सबैको घमन्ड नाश गर्छन् । यदि तिमीहरूमा बल-पराक्रम पर्याप्त छ भने मैले राखेको यो तृणलाई आफ्नो अस्त्रले काटेर देखाओ ।

मत्स्थापितं तृणमिदं छिन्त स्वास्त्रैश्च तैः सुराः । २६ ।

त्यसपछि त्यो तृणलाई नाश गर्न घमन्डी देवताहरू वायु-अग्नि-वरुण-सूर्य क्रमशः गए र आ-आफ्नो बल प्रयोग गरे तर कसैले त्यो तृणलाई एक इन्च पनि हल्लाउन या जलाउन सकेनन् । सबैको गर्व चूर भयो । अनि आकाशवाणी भयो-

यक्षोऽयं शङ्करो देवः सर्वगर्वापहारकः । ३० ।

आकाशवाणी सुनेपछि देवताहरूले यक्षेश्वरको प्रार्थना गरे । शिव प्रसन्न भएर दर्शन दिए ।

उपसंहार- यो आख्यान सुन्नाले वा सुनाउनाले घमन्डको नाश हुन्छ । सज्जनले शान्ति प्राप्त गर्छ ।

इदमाख्यानममलं सर्वगर्वापहारकम् ।
सतां सुशान्तिदं नित्यं भुक्तिमुक्तिप्रदं नृणाम् ॥ ४१ ॥

अध्याय सप्तदश, अष्टादश

शिवका दश महाकाल र एकादश रुद्र अवतार वर्णन (१०+११= २१ अवतार वर्णन)

नन्दीश्वर- हे सनत्कुमार ! अब शङ्करको उपासनाकाण्ड अन्तर्गत वर्णन गरिएका महाकालादि दश अवतारबारे सुन ।

तत्राद्यो हि महाकालो भुक्तिमुक्तिप्रदः सताम् ।
शक्तिस्तत्र महाकाली भक्तेप्सितफलप्रदा ॥ १७-२ ।

(१) **महाकाल-महाकाली-** शिवको महाकाल पहिलो अवतार हो । उनकी शक्ति महाकाली हुन् । भक्तलाई भुक्ति र मुक्ति प्रदान गर्ने यो अवतार हो ।

(२) **तार-तारा-** यो शिवको दोस्रो अवतार हो । यिनको पनि काम भुक्तिमुक्ति प्रदान गर्ने नै हो । यसै गरी बाँकी अन्य अवतार पनि भक्तलाई संरक्षण प्रदान गर्दै भुक्तिमुक्ति प्रदायक नै मानिन्छन् जो यसप्रकार छन्-

(३) भुवनेश- बाला
(४) श्रीविद्येश- श्रीविद्या
(५) भैरव- भैरवी
(६) छिन्नमस्तक- छिन्नमस्ता

(७) धूमवान्- धूमावती
(८) बगलामुख- बगलामुखी
(९) मातङ्ग- मातङ्गी
(१०) कमल- कमला ॥

दशमः कमलः शम्भुर्भुक्तिमुक्तिफलप्रदः ।
कमला गिरिजा तत्र स्वभक्तपरिपालिनी ॥ १७-११ ॥

तन्त्रशास्त्रमा शिवका यी दश अवतारको वर्णन गरिएको छ । साथमा यिनका शक्तिहरूको पनि वर्णन गरिएको छ । यिनीहरूको उपासना गर्नाले सम्पूर्ण मनोरथ पूर्ण हुन्छ । त्यसमा पनि शत्रुदमन-शत्रुमारण आदि कार्यमा यो उपासना अत्यन्त फलदायी मानिन्छ ।

उपसंहार- यो शिवको दश अवतार वर्णन शिवपर्वमा सुन्दा-सुनाउँदा शिव सान्निध्य प्राप्त हुन्छ । त्यति मात्र होइन, चारै वर्णलाई लाभदायक मानिएको छ ।

ब्राह्मणो ब्रह्मवर्चस्वी क्षत्रियो विजयी भवेत् ।
धनाधिपो हि वैश्यः स्याच्छूद्रः सुखमवाप्नुयात् ॥ १७-१९ ॥

शिवका एकादश रूद्र अवतार वर्णन

एकादशावतारान्वै शृण्वतो शाङ्करान्वरान् ।
यान् श्रुत्वा नहि बाध्येत बाधाऽसत्यादिसम्भवा ॥ १८-१ ॥

यो शिवको एकादश अवतारको कथा सुन्नाले असत्य भाषणदेखि उत्पन्न पाप र पीडा विनाश हुन्छ ।

सृष्टिको प्रारम्भको समय थियो । एकपल्ट दैत्यद्वारा देवताहरू पराजित भए । पराजित देवताहरू आफ्ना पिता कश्यपको शरणमा गए । आफ्नो दुःख निवेदन गरे । कश्यप पनि दुःखी भएर सान्त्वना दिँदै, दुःख निवारण गर्न काशीमा गए । गङ्गास्नान र काशीदर्शन पश्चात् शिवलिङ्गको स्थापना गरी कठोर तप प्रारम्भ गरे ।

शिवलिङ्गं सुसंस्थाप्य चकार विपुलं तपः । १८-८ ।

यसरी लामो समयसम्म कश्यपले तपस्या गरेपछि शिव प्रसन्न भए । वरदान दिन तपस्थली पुगेर भने-

वरं ब्रूहीति चोवाच सुप्रसन्नो महेश्वरः । १८-११ ।

साक्षात् शिवलाई सामुन्ने देखेर कश्यप कृतकृत्य भए, दीन बनेर स्तुति गरे, र अन्तमा भन्न थाले-

कश्यप- हे प्रभो ! यी सबै देवता तपाईंका भक्त हुन् । दैत्यद्वारा पराजित भएर दुःखी छन् । तपाईं यिनीहरूको रक्षा गर्नुहोस् । तपाईं मेरो तपस्याको बलले प्रकट हुनुभएको हो, त्यसैले तपाईं मेरो पुत्र भएर जन्म लिनुहोस् र दैत्यहरूको संहार गर्नुहोस् ।

भूत्वा मम सुतो नाथ देवाः यक्षाः पराजिताः ।
दैत्यैर्महाबलैः शम्भो सुरानन्दप्रदो भव ॥ १८-२० ॥

शिव- वरदान दिँदै 'तथास्तु' भने र अन्तर्ध्यान भए । त्यसपछि कश्यप प्रसन्न भएर आफ्नो स्थानमा फर्किए । देवताहरूले यो समाचार सुनाए ।

यता शिवले आफ्नो वचन सत्य गर्न कश्यप पत्नी सुरभीको गर्भबाट एकादश रूप धारण गरी प्रकट भए ।

ततः स शङ्करः शर्वः सत्यं कर्तुं स्वकं वचः ।
सुराभ्यां कश्यपाज्जज्ञे एकादशस्वरूपवान् ॥ १८-२४ ॥

त्यति बेला शिवमय वातावरण भयो । महर्षि कश्यपका साथ सबै देवताहरू प्रसन्न भए । शिवका एघार नाम-

कपाली पिङ्गलो भीमो विरूपाक्षो विलोहितः ।
शास्ताजपादहिर्बुध्न्यश्शम्भुश्चण्डो भवस्तथा ॥ १८-२६ ॥

१. कपाली २. पिङ्गल ३. भीम ४. विरूपाक्ष ५. विलोहित ६. शास्ता ७. अजपाद ८. अहिर्बुध्न्य ९. शम्भु १०. चण्ड ११. भव ।

यिनीहरूले कश्यपको आज्ञानुसार दैत्यहरूको वध गरी इन्द्रादि देवताहरूको स्थान फिर्ता दिलाए । आज पनि यी एकादशरुद्र देवताहरूको रक्षा गर्न स्वर्गको ईशान दिशामा रहेका छन् ।

अद्यापि ते महारुद्राः सर्वे शिवस्वरूपकाः ।
देवानां रक्षणार्थाय विराजन्ते सदा दिवि ॥ १८-३० ॥
ऐशान्यां पुरि ते वास चक्रिरे भक्तवत्सलाः ।

उपसंहार- यो कथानक निर्मल छ । सुन्दा-सुनाउँदा भुक्तिमुक्ति, धन-यश-आयु-कीर्ति बढाउँछ ।

इदमाख्यानममलं सर्वपापप्रणाशकम् ।
धन्यं यशस्यमायुष्यं सर्वकामप्रदायकम् ॥ १८-३४ ॥

यहाँसम्म आइपुग्दा शिवका ७१ अवतारको वर्णन भयो ।

अध्याय एकोनविंश, विंश

शिवका दुर्वासा र हनुमान् अवतार वर्णन

(७०) दुर्वासा अवतार

नन्दीश्वर- हे सनत्कुमार !

> **अथान्यचरितं शम्भोः श्रृणु प्रीत्या महामुने ।**
> **यथा बभूव दुर्वासाः शङ्करो धर्महेतवे ॥ १९-१ ॥**

धर्मरक्षाका लागि शिवको यो दुर्वासा अवतार भएको हो । यसै क्रममा दुर्वासाले अनेकलाई परीक्षा पनि गरे । विशेष गरी ब्रह्मतेजको शिक्षा यो अवतारले प्रस्तुत गरेको छ । ब्रह्माका पुत्र 'अत्रि' थिए, यिनकी पत्नी 'अनसूया' थिइन् । यिनकै गर्भबाट ब्रह्मा-विष्णु-महेश तीनै जना क्रमशः चन्द्रमा, दत्त र दुर्वासाका रूपमा अवतीर्ण भएका हुन् ।

अत्रि अनसूया तपस्या- अत्रिले आफ्नी भार्यासहित, ब्रह्माको निर्देशनअनुसार पुत्रप्राप्तिका लागि 'त्र्यक्षकुल' पर्वतमा 'निर्विन्ध्या' नदीको तटमा, प्राणायाम विधिले प्राणवायुलाई रोकेर, एक सय वर्षपर्यन्त कठोर तप गरे । तपस्याको लक्ष्य निश्चय यही थियो- 'जुन ईश्वर अविकारी महाप्रभु छन्, उनले मलाई उत्तम पुत्र प्रदान गरून् ।'

> **य एक ईश्वरः कश्चिदविकारी महाप्रभुः ।**
> **स मे पुत्रवरं दद्यादिति निश्चितमानसः ॥ १९-५ ॥**

अत्रिले एक सय वर्ष तपस्या पूरा गर्नासाथ उनको शरीरबाट एकाएक अग्निज्वाला प्रकट भयो । ज्वालाले त्रिलोकलाई दग्ध गर्न थाल्यो । देवता ब्रह्माको शरणमा गए । ब्रह्माले उनीहरूलाई लिएर विष्णुको शरणमा गए । विष्णुले पनि उनीहरू सबैलाई लिएर शिवको शरणमा गए । त्यसपछि तीनै देवहरूले आपसमा मन्त्रणा गरी तीनै जना अत्रिको तपस्थलीमा पुगे ।

अत्रिलाई वरदान दिन ब्रह्माविष्णुमहेश तपस्थलीमा

> **तदा ब्रह्मादयो देवास्त्रयस्ते वरदर्षभाः ।**
> **जग्मुस्तदाश्रमं शीघ्रं वरं दातुं तदर्षये ॥ १९-१४ ।**

अत्रिले तीनै देवलाई प्रणाम, पूजार्चना एवं स्तुति गरे र सोधे-

अत्रि- हे प्रभो ! मैले त एउटा मात्र ईश्वरको ध्यान गरेको थिएँ, तर तपाईहरू तीनै जना किन आउनुभयो ?

> **एक एव मया ध्यात ईश्वरः पुत्रहेतवे । १९-१८ ।**

मलाई यसको उत्तर दिनुहोस् र इच्छित वर प्रदान गर्नुहोस् ।

त्रिदेव- हे मुनिवर ! जस्तो तिमीले सङ्कल्प गरेका छौ त्यस्तै नै हुनेछ । हामी तीनै जना समान वर दिनेवाला हौं । तिमीले जुन एकको ध्यान गरेका थियौ, त्यो एक हामी तीनै हौं ।

वयं त्रयो भवेशानां समानां वरदर्षभाः । १९-२१ ।

'हामी तीनै जनाको अंशबाट उत्पन्न तिम्रा तीन पुत्र हुनेछन्, जसले तीनै लोकमा प्रसिद्धि प्रदान गर्दै मातापिताको सुयशलाई बढाउनेछन् ।' यति भनेर त्रिदेव अन्तर्ध्यान भए ।

त्यसपछि उचित समय आएपछि ब्रह्माको अंशभूत चन्द्रमाले अनसूयाको गर्भबाट जन्म लिए, तर देवताहरूले उनलाई समुद्रमा स्थापित गरे र समुद्रमन्थन गर्दा उनी प्रकट भएका थिए ।

आविर्वभूवोदधितः क्षिप्तो देवै स एव हि । १९-२५ ।

त्यसैगरी विष्णुको अंशबाट दत्तले जन्म लिए । यिनले सन्न्यास धर्मको पद्धतिलाई उत्तम ढङ्गले लोकमा प्रचार गरे ।

त्यसपछि शिवको अंशबाट मुनि शार्दूल दुर्वासाले जन्म लिए । यिनले ब्रह्मतेजलाई बढाउँदै, धर्मप्रर्वतक बनी धर्मरक्षालाई विशेष प्रोत्साहन प्रदान गरे । यस क्रममा दुर्वासाले अनेक महापुरूषहरूको परीक्षा पनि लिए ।

चक्रे धर्म परीक्षां च बहूनां स दयापरः । १९-२८ ।

दुर्वासाद्वारा महापुरूषहरूको धर्मपरीक्षा

(१) अम्बरीष- **सूर्यवंशे समुत्पन्नो योऽम्बरीषो नृपोऽभवत् ।**
तत्परीक्षामकार्षीत्स तां श्रृणु त्वं मुनीश्वर ॥ १९-२९ ॥

सूर्यवंशमा उत्पन्न चक्रवर्ती राजा अम्बरीष एकादशी व्रत गर्दथे । एकपल्ट धर्मपरीक्षार्थ दुर्वासा व्रतको पारायणकाल द्वाद्वशीमा पुगे र राजाले उनलाई भोजन गर्न निमन्त्रणा दिए । दुर्वासाले निमन्त्रणा स्वीकार गरे र स्नानार्थ शिष्यसहित गए । यता द्वादशी निस्कन लाग्यो तर मुनि फर्किएनन् । पुरोहितले राजालाई जल पिएर पारायण गर्न सल्लाह दिए । राजाले जल पिएर पारायण विधि पूर्ण गरे अनि भोजनका लागि दुर्वासा मुनिको प्रतीक्षा गर्न थाले ।

त्यसै बेला दुर्वासा पनि आइपुगे । राजाको कुकृत्य देखेर क्रोधित हुँदै आँखा राता राता पारेर हेर्न थाले ।

मां निमन्त्र्य नृपाभोज्य जलं पीतं त्वयाधमः ।
दर्शयामि फलं तस्य दुष्टदण्डधरो ह्यहम् ॥ १९-३८ ॥

यता राजा अम्बरीषले पनि विष्णुको शरण लिए । उनको ध्यान गरे । विष्णुले पनि भक्तरक्षार्थ शिवले दिएको सुदर्शन चक्रलाई अम्बरीषको रक्षा गर्न पठाए । सुदर्शन चक्रको ज्वालाले

दुर्वासा मुनिलाई जलाउन थाल्यो । यसै बेला आकाशवाणी भयो-

आकाशवाणी- दुर्वासाऽयं शिवः साक्षात्स चक्रं हरयेऽर्पितम् ।
शान्तं कुरु प्रज्वलितमद्य दुर्वाससे नृपः ॥ १९-४३ ॥

हे राजन् ! यो सुदर्शन चक्र शिवले विष्णुलाई दिएका थिए र दुर्वासा साक्षात् शिवका अवतार हुन् । त्यसैले यो चक्रलाई शान्त गर । अन्यथा त्रिलोकमा प्रलय हुनेछ ।

आकाशवाणी सुनेर राजा डराए र मुनिलाई सादर स्तुति गरे । चक्रलाई पनि शान्त हुन अनुरोध गरे ।

यद्यस्ति दत्तमिष्टं च स्वधर्मो वा स्वनुष्ठितः ।
कुलं नो विप्रदैवं चेद्धरेरस्त्रं प्रशाम्यतु ॥ १९-४६ ॥

यसरी राजा अम्बरीषद्वारा धर्म परीक्षार्थ आएका मुनि दुर्वासाको प्रार्थना गरेपछि शान्त एवं प्रसन्न भए, अनि भोजन पनि गरे र आशीर्वाद दिएर बिदा भए ।

(२) दुर्वासाद्वारा रामको परीक्षा

पुनर्दाशरथेश्चक्रे परीक्षां नियमेन वै ।
मुनिरूपेण कालेन यः कृतो नियमो मुने ॥ १९-५२ ॥

कालले मुनिको वेश धारण गरी श्रीरामसँग वार्ता गर्दा सर्त राखेको थियो, 'हामीबिच वार्तालाप हुँदा कोही पनि भित्र नआओस् । आएमा उसलाई निर्वासन गरिनेछ ।' दुर्वासाले त्यही कालको अवधिभित्र नै परीक्षार्थ आफ्नो हठले लक्ष्मणलाई भित्र पठाए । श्रीरामले आफ्नो प्रतीज्ञानुसार लक्ष्मणलाई त्यागिदिए । अन्त्यमा रामको दृढता देखेर प्रसन्न भई वर एवं आशीर्वाद दिए ।

(३) दुर्वासाद्वारा श्रीकृष्णको परीक्षा

द्वापरमा श्रीकृष्णको अवतार भयो । श्रीकृष्ण ब्राह्मणहरूको सेवा गर्दथे । स्वादिष्ट भोजन गराउँथे एवं मानसम्मान गर्दथे । श्रीकृष्णको ब्राह्मणभक्तिको प्रसिद्धि लोकमा व्यापक भयो, अनि दुर्वासा श्रीकृष्णको परीक्षा लिन गए । उनले आफू रथमा बसी रूक्मिणी र श्रीकृष्णलाई रथ तान्न लगाए । रूक्मिणी र कृष्णले घोडा समान बनी रथ ताने ।

रूक्मिणी सहितं कृष्णं मग्नं कृत्वा रथे स्वयम् ।
संयोज्य संस्थितो वाहं सुप्रसन्नमुवाच तम् ॥ १९-६१ ॥

त्यसपछि दुर्वासा मुनि श्रीकृष्णको दृढताबाट प्रसन्न भए । रथबाट उत्रे र वज्रसमान दृढ शरीर हुने आशीर्वाद दिए ।

(४) द्रौपदीलाई आशीर्वाद- एकपल्ट दुर्वासा देवगङ्गामा स्नान गरिरहेका थिए । जलप्रवाहको

वेगमा डुबुल्की लगाउँदा सहसा नाङ्गै हुन पुगे । लज्जित भए । द्रौपदीले यस्तो देखेर तुरुन्त आफ्नो साडीको फेर च्यातेर नदीमा बगाइदिइन् । जलको वेगले वस्त्रखण्ड दुर्वासा नुहाउँदै गरेको स्थानमा आयो । उनले त्यही वस्त्रले गुह्यस्थानलाई ढाके र नदी किनारमा आए । दुर्वासाले द्रौपदीको यस कार्यप्रति कृतज्ञ भएर उनलाई वस्त्रवृद्धिको आशीर्वाद दिए । पाण्डवसभामा द्रौपदीको चीर हरणका बेला यो वरदान फलीभूत भयो ।

द्रौपद्यै च वरं प्रादात्तदञ्चल विवर्द्धनम् ।
पाण्डवान्सुखिनश्चक्रे द्रौपदी तद्वरात्पुनः ॥ १९-६६ ॥

(५) हंश-डिम्भको विनाश- महाभारतको सभापर्वमा यसको आख्यान गरिएको छ । यी दुवै दुष्ट प्रकृतिका राजा थिए । यिनीहरूले दुर्वासा लगायत मुनिजनहरूलाई अपमान गरेका थिए । त्यसैले विष्णुको आज्ञानुसार दुर्वासाले यिनीहरूलाई संहार गरेका थिए ।

उपसंहार- महर्षि दुर्वासाले भूलोकमा विशेष गरी सन्न्यासविधि तथा ब्रह्मतेजको स्थापना गरेका थिए । उनले अनेक प्राणीहरूलाई दण्ड र उद्धार गरे । धेरैलाई मुक्ति प्रदान गरे । यो चरित्र सुन्दा-सुनाउँदा इह र परलोक दुवै कल्याणदायक हुन्छ । त्यति मात्र होइन,

इत्थं चक्रे स दुर्वासा विचित्रं चरितं बहु ।
धन्यं यशस्यमायुष्यं श्रृण्वतः सर्वकामदम् ॥ १९-७० ॥

(७१) हनुमान् अवतार

अतः परं शृणु प्रीत्या हनुमच्चरितं मुने ।
यथा चकाराशु हरो लीलास्तद्रुपतो वराः ॥ २०-१ ॥

हे मुनिवर ! हनुमान्जीको चरित्र सुन्नुहोस् । शिवले हनुमान्जी बनेर रामकार्यको सहायता गरी भूलोकमा रामभक्तिको प्रचार गरेका थिए । एकपल्ट विष्णुको मोहिनीरूप देखेर शिव कामबाणले आहत भए अनि रामकार्य सिद्धिका लागि वीर्यपात गरे । त्यसपछि शिवद्वारा प्रेरित सप्तर्षिले त्यो अमोघ शिववीर्यलाई दुनामा राखे । समय आएपछि अञ्जनी माताको कर्णद्वारा उसको गर्भमा स्थापित गरे ।

तद्वीर्यं स्थापयामासुः पत्रे सप्तर्षयश्च ते ।
कर्णद्वारा तथाञ्जन्यां रामकार्यार्थमाहितम् ॥ २०-५ ॥

अञ्जनीको सम्बन्धमा- शिवपुराणमा यिनलाई गौतमपुत्री भनिएको छ, तर ब्रह्माण्ड पुराण अनुसार कुञ्जर नामको वानरकी पुत्री र केशरी नामको वानरकी पत्नी भनिएको छ । अस्तु- समय आएपछि अञ्जनी माताको गर्भबाट वानर रूपमा महाबली एवं पराक्रमी शिवका अवतार हनुमान्जी प्रकट भए ।

बाल्यकाल- कपिश्रेष्ठ हनुमान् बाल्यकालदेखि नै महाबली थिए । एक दिन प्रातःकाल सानो

फल सम्झेर उदाउँदै गरेको सूर्यबिम्बलाई निलेका थिए । पछि देवताहरूले प्रार्थना गरेपछि छोडिदिएका थिए ।

रविबिम्बं बभक्षासु ज्ञात्वा लघुफलं प्रगे ।
देवप्रार्थनया तं सोऽत्यजज्ज्ञात्वा महाबलम् ॥ २०-८ ॥

हनुमान्लाई देवताहरू र ऋषिहरूले अनेक वर दिएका थिए, जसको फलस्वरूप उनीमा अलौकिक शक्ति, अणिमादि गुण र अतुलनीय बल व्याप्त थियो ।

विद्याध्ययन- माता अञ्जनीको आज्ञानुसार हनुमान्जीले सूर्यसमीप गएर विनाप्रयत्नले नै सम्पूर्ण विद्याको अल्पकालमा नै अध्ययन गरे । त्यसपछि सूर्यकै आज्ञाले सूर्यांशबाट उत्पन्न सुग्रीवकहाँ गएर मित्रता गरे ।

सूर्यात्पपाठ स कपिर्गत्वा नित्यं तदन्तिकम् ।
सूर्याज्ञया तदंशस्य सुग्रीवस्यान्तिकं ययौ ॥ २०-११ ॥

सुग्रीवका ज्येष्ठ भ्राता बालीले उनकी पत्नी राखेर घरबाट निकालेका थिए, त्यसैले हनुमान्सँग यिनी ऋष्यमूक पर्वतमा बस्न थालेपछि हनुमान् सुग्रीवको मुख्यमन्त्री भएका थिए ।

सीतान्वेषण- सीता अपहरणपश्चात् दुःखी भएका रामलक्ष्मण सीतान्वेषण गर्दै गर्दा ऋष्यमूक पर्वतमा हुनुमानसँग भेट भयो । हनुमान्ले सुग्रीवसँग रामको मित्रता गराए । पछि रामकृपाले सुग्रीवले बालीमाथि विजय हासिल गरे र वानरराज पदमा नियुक्त भए । सुग्रीव रामप्रति कृतकृत्य भएर सीतावियोगी रामको सहायतार्थ वानरसेना एकत्रित गरी चारै दिशामा सबै वानरलाई सीतान्वेषणका लागि पठाए ।

स सीतान्वेषणश्चक्रे बहुभिर्वानरैः सुधीः । २०-१७ ।

यसै क्रममा हनुमान्लाई दक्षिण दिशाको जिम्मा दिई अङ्गद-जाम्बवन्त आदिका साथमा पठाइएको थियो ।

समुद्रोल्लङ्घन- सीता रावणको राजधानी लङ्कामा छिन् भन्ने जानकारी पाएपछि हनुमान्जीले एक सय योजन चौडाइ भएको समुद्रलाई शीघ्र नाघेर पारि गए ।

ज्ञात्वा लङ्कागतां सीतां गतस्तत्र कपीश्वरः ।
द्रुतमुल्लङ्घ्य सिन्धुं तमनिस्तीर्य परैः स वै ॥ २०-१८ ।

लङ्का पुगेर हनुमान्ले सीताजीलाई भेटे । रामले दिएको औंठी प्रदान गरे । सीतालाई सान्त्वना दिएर शोक दूर गरेपश्चात् रावणको अशोक बाटिका उजाडिदिए । रावणपुत्र अक्षयकुमारसहित अनेक राक्षसहरूको वध गरे । रावणद्वारा हनुमान्को पुच्छरमा वस्त्र, तेल,

घिउ लपेटी जलाउँदा, हनुमान्‌ले विभीषणको घरबाहेक सबै लङ्का जलाएर समुद्रमा गएर आफ्नो पुच्छर निभाए ।

दग्ध्वा लङ्का वञ्चयित्वा विभीषणगृहं ततः ।
अपतत् वारिधौ वीरस्ततः स कपिकुञ्जरः ॥ २०-२५ ॥

त्यसपछि सीताले दिएको चूडामणिचिन्ह लिएर श्रीरामको समीप फिर्ता आए र उनको शोक दूर गरे ।

रावण वधमा सहायता- सीताले पठाएको शिरमणि पाएर रामले वानर सेनाको सहायताले समुद्रमा पुल बनाएर, समुद्र तटमा शिवलिङ्गको स्थापना गरी पूजा गरे । समुद्रपारि गए । लङ्का नगरलाई घेराबन्दी गरे । राक्षसँग युद्ध गरे । शक्ति प्रहारले घायल लक्ष्मणका लागि हिमालयमा गएर हनुमान्‌ले पर्वतसहित सञ्जीवनी ल्याएर बचाए । अन्तमा रावणवध गरी देवतालाई खुसी तुल्याए ।

रावणं परिवाराढ्यं नाशयामास विश्रमः ।
सुखी चकार देवान्स महाबलगृहः कपि ॥ २०-३३ ॥

त्यसै गरी हनुमान्‌ले अहिरावणलाई वध गरी रामलक्ष्मणलाई पाताल लोकबाट सुरक्षित फिर्ता ल्याएका थिए ।

अहिरावण सम्बन्धमा- अहिरावण रावणको पुत्र थियो । यो पातालमा बस्तथ्यो । यसले रामलक्ष्मणलाई पातालमा लगेर बन्धक बनाएको थियो । हनुमान्‌ले उसको वध गरी रामलक्ष्मणको उद्धार गरेका थिए ।

अहिरावणसंज्ञं स हत्वा रामं सलक्ष्मणम् ।
तत्स्थानादानयामास स्वस्थानम् परिपाल्य च ॥ २०-३४ ॥

उपसंहार- यसरी कपिश्रेष्ठ हनुमान्‌जीले रामकार्यलाई शीघ्र सम्पादन गर्दै असुरको मानमर्दन, भूलोकमा रामभक्तिको स्थापना गर्नुका साथै स्वयं उत्तम भएर सीतारामलाई खुसी तुल्याए ।

हनुमान्स महावीरो रामकार्यकरः सदा ।
रामदूताभिधो लोके दैत्यघ्नो भक्तवत्सलः ॥ २०-३८ ॥

हनुमान् चरित्र सुन्दा-सुनाउँदा धन-यश-आयु लगायत सबै कामना पूर्ण भई इह-परलोक दुवैतिर कल्याण हुनेछ ।

अध्याय एकविंश, द्वाविंश, त्रयोविंश

शिवको महेश तथा वृषभ अवतार वर्णन

(७२) महेशावतार

नन्दीश्वर- हे सनत्कुमार ! अब शिवको महेश अवतारको विषयमा वर्णन गर्दछु । सुन-

एकदा मुनिशार्दूल गिरिजाशङ्करावुभौ ।
भैरवं द्वारपालं च कृत्वाभ्यन्तरमागतौ ॥ २१-२ ॥

एकपल्ट शिवपार्वतीले भैरवलाई ढोकामा चौकीदार नियुक्त गरी विहार गर्न थाले । लामो समयसम्म विहार चल्यो, दुवै प्रसन्न भए । त्यसपछि शिवले पार्वतीलाई ढोकामा जान इसारा गरे । माता पार्वतीले त्यसै गरिन् । भैरवले माता पार्वतीलाई काम भावले हेऱ्यो । गिरिजा कुपित भइन् र भैरवलाई मनुष्ययोनिको श्राप दिइन् ।

नारी दृष्ट्या पश्यसि त्वं यतो मां पुरुषाधम ।
अतो भव धरायां हि मानुषस्त्वं च भैरव ॥ २१-८ ॥

पार्वतीले श्राप दिएपछि हाहाकार भयो । भैरव दुःखी भए । शिव आएर उनलाई सम्झाए । आश्वासन दिए, र शिवेच्छाले उनी पृथ्वीमा 'वेताल' नामले उत्पन्न भए ।

मनुष्ययोन्यां वैतालसंज्ञकः शङ्करेच्छया । २१-११ ।

त्यसपछि लीला विशारद शिव र पार्वती भैरवको स्नेहले 'महेश-शारदा' नामले पृथ्वीमा अवतरित भएर लीला गरे ।

महेशाह्वः शिवश्चासीच्छारदा गिरिजा मुने ।
सुलीलां चक्रतुः प्रीत्या नानालीला विशारदौ ॥ २१-१३ ॥

यो चरित्र सुन्दा वा सुनाउँदा धन-धान्य-सुयश-आयुवृद्धि एवं कामना पूर्ण हुन्छ ।

(७३) वृषभ अवतार

श्रुणु ब्रह्मसुत प्राज्ञ वृषेशाख्यं मुनीश्वर ।
शिवावतारं सल्लीलं हरिगर्वहरं वरम् ॥ २२-१ ॥

यो शिवको वृषभावतार विष्णुको घमन्ड नाश गर्न भएको थियो ।

एकपल्ट देव एवं दैत्यले मृत्युको भय तथा वृद्धावस्था दुवैलाई जित्न अमृत प्राप्त गर्ने इच्छाले क्षीरसागरलाई मन्थन गर्ने सन्धि गरे । सन्धिको सहमति अनुसार 'समुद्रमन्थन' भयो । मन्दराचल पर्वतलाई मदानी र वासुकी नागको नेती बनाइयो । यो सल्लाह

आकाशवाणीले दिएको थियो ।

मन्दरं चैव मन्थानं रज्जुं कुरुत वासुकिम् ।
मिथः सर्वे मिलित्वा तु मन्थनं कुरुतादरात् ॥ २२-७ ॥

मन्दराचललाई समुद्रसम्म पुऱ्याउन सुर-असुर असमर्थ भए । त्यसपछि शिवको प्रार्थना गरे । उनले शक्ति प्रदान गरे र समुद्रमा पुऱ्याउन सफल भए । त्यसपछि समुद्रमन्थन प्रारम्भ भयो ।

समुद्रबाट कालकूट विष, धन्वन्तरी, चन्द्रमा, लक्ष्मी, कल्पवृक्ष, उच्चैश्रवा घोडा, ऐरावत हात्ती, मदिरा, शार्ङ्गधनुष, शङ्ख, कामधेनु, कौस्तुभमणि र अमृत प्राप्त भयो । अमृत निस्कँदा केही अमृतका छिटा बाहिर झरे, जसबाट अनेक अलौकिक सुन्दरी पैदा भए ।

पीयूषजन्मकाले तु बिन्दवो ये बहिर्गताः ।
तेभ्यः कान्ताः समुद्भूता बह्व्यो ह्यद्भुतदर्शनाः ॥ २२-२० ॥

यी सुन्दरी करोडौंको सङ्ख्यामा थिए । झट्ट हेर्दा शरदऋतुको पूर्णचन्द्रझैँ सर्वरत्नाभूषण भूषित, दिव्याङ्गना थिए, जसलाई देखेर जो पनि मोहित हुन्थे ।

समुद्रबाट निस्केका वस्तुहरूको भागबन्डा भयो जसमा लक्ष्मी, शङ्ख, कौस्तुभमणि र खड्ग विष्णुले प्राप्त गरे । शिवले कालकूट विष पान गरे । उच्चैश्रवा घोडा सूर्यले लिए । पारिजात वृक्ष र ऐरावत हात्ती इन्द्रले लिए । चन्द्रमा शिवले लिए । मदिरा दैत्यले लिए । कामधेनु गौ मुनिहरूले लिए । सुन्दर स्त्रीहरू मोहिनी रूप धारण गरी स्थिर रहे ।

अमृतका लागि देवदानवयुद्ध, विष्णुद्वारा मोहनी अवतार धारण

विष्णुको मोहनी रूपले मोहित भएर दैत्यहरूले हरण गरेको अमृत कुम्भ मोहनीलाई नै सुम्पिए र उनकै हातबाट अमृत पिउन वचनबद्ध भए ।

गत्वा निकटमेतस्या ऊचिरे दैत्यपुङ्गवाः ।
पाययस्व सुधामेतां माभूद्भेदोऽत्र पङ्क्तिषु ॥ २२-३४ ।

यता छली मोहनी विष्णुले देवतालाई त अमृत पान गराए तर दैत्यलाई पिलाएनन् । त्यति बेला नै दैत्यले अमृत विन्दुबाट प्रकट भएका सुन्दरी स्त्रीहरूलाई देखे र उनीहरूलाई लिएर आफ्नो स्थान पाताल गए । साथमा प्रतिज्ञा गरे, 'जबसम्म देवताहरूलाई पराजित गर्दैनौं, तबसम्म यी स्त्रीहरूलाई स्पर्शसमेत गर्नेछैनौं ।' यसो भन्दै स्त्रीहरूलाई सुरक्षित स्थानमा राखेर युद्धका लागि सिंहनाद गर्दै देवता समीप आए ।

न स्पृशामः स्त्रियश्चेमा यदि देवैर्विनिर्जिताः ।
सुरक्षितानि सर्वाणि कृत्वा युद्धाय निर्ययुः ॥ २२-३९ ॥

त्यसपछि देवदानवबिच महासङ्ग्राम भयो । देवासुरसङ्ग्राम त्रिलोकमै प्रसिद्ध छ । अमृत पिएका र विष्णुद्वारा रक्षित भएकाले अन्त्यमा देवता विजयी भए । दैत्यहरूको संहार भयो । कयौं त मरे, कयौं घायल भए त कयौं भागेर पाताल पुगे ।

विष्णुले दैत्यको पिछा गर्नु, सुन्दरीलाई देखेर मोहित हुनु

त्यसपछि युद्धभूमिबाट भागेका दैत्यहरूलाई वध गर्न विष्णुले पिछा गरे । दैत्यहरू त भयभीत थिए । उनीहरू पातालमा लुके तर त्यहाँ सुरक्षित राखिएका सुन्दरी स्त्रीहरूलाई देखेर विष्णु मोहित भए । त्यसपछि तिनीहरूका साथ रमण गर्न थाले ।

सम्मोहितः कामबाणैः लेभे तत्रैव निर्वृतिम् ।
ताभिश्च वरनारीभिः क्रीडमानो बभूव ह ॥ २२-४६ ॥

विष्णुले ती स्त्रीहरूसँग रमण गर्नासाथ उनको अमोघ वीर्यबाट असङ्ख्य विष्णुपुत्रहरू उत्पन्न भए जसले स्वर्ग, पृथ्वी, पाताल तीनै लोकमा उत्पात मच्चाउन थाले ।

ततो वै हरिपुत्रास्ते महाबल पराक्रमाः ।
महोपद्रवमाचेरुः स्वर्गे भुवि च दुःखदम् ॥ २२-४८ ॥

विष्णुपुत्रहरूको उपद्रवले देवता भयभीत भएर ब्रह्माको शरणमा गए । ब्रह्माले उनीहरूलाई लिएर शिवको शरणमा पुऱ्याए र सम्पूर्ण वृत्तान्त निवेदन गरे, अनि अन्त्यमा भने, 'पातालवासी विकारयुक्त विष्णुका यी पुत्रहरूदेखि समस्त लोकलाई रक्षा गर्नुहोस् । त्यसपछि शिवले देवताहरूको प्रार्थनालाई स्वीकार गर्दै लोकरक्षणार्थ वृषभ रूप धारण गरे ।

ततः स भगवान् शम्भुः कृपासिन्धुर्महेश्वरः ।
तद्रुपद्रवमाज्ञाय वृषरूपी बभूव ह ॥ २२-५५ ॥

वृषभरूप शिव र विष्णुबिच युद्ध, विष्णुको मानमर्दन

त्यसपछि वृषभ रूप शिव पातालमा प्रवेश गरे । जहाँ विष्णु र उनका अनेक पुत्र थिए । वृषभले पहिले पुत्रहरूका साथ सङ्ग्राम गरे । आफ्ना सिङ-खुर नै शस्त्र थिए, सबैलाई चिर्दै मार्न थाले । पछि विष्णुसँग पनि यसैगरी युद्ध भयो । वृषभको आघातले विष्णु मूर्च्छित भए । केही बेरपछि विष्णुलाई होस आयो । सामुन्ने साक्षात् शिव नै वृषभ रूपमा देखे । त्यसपछि प्रार्थना गरे । आफूले गरेको अपराधप्रति क्षमा याचना गरे ।

विष्णु- **कृतं युद्धं त्वयेशेन स्वनाथेन मया प्रभो ।**
कृपां कृत्वा मयि स्वामिन्सोऽपराधो हि सह्यताम् ॥ २३-१६ ॥

वृषभ- हे विष्णु ! तिमी कामोन्मत्त भएर स्त्रीहरूसँग रमण गरेकाले तिम्रो बुद्धि भ्रष्ट भएको हो । त्यसैले तुरुन्त यी स्त्रीहरूबाट टाढा होऊ र आफ्नो लोकरक्षार्थ पालनपोषणको काम गरेर बस ।

त्यसपछि विष्णुले आफ्नो चक्रलाई त्यही रक्षार्थ आज्ञा दिए । उता शिवले अर्को त्यो चक्रभन्दा पनि उत्कृष्ट प्रलयकालाग्निकै समान दिव्य चक्र दिए । त्यसपछि विष्णुले देवताहरूलाई भने, 'यी स्त्रीहरूसँग ज-जसले उपभोग गर्न चाहन्छौ, उपभोग गर । विष्णुले यस्तो वचन बोल्नासाथ शिवले रोक्दै भने, 'मेरो अंशबाट उत्पन्न मुनि या दैत्यका अतिरिक्त अरू कोही यहाँ प्रवेश गरे भने त्यति नै बेला भस्म हुनेछन् ।'

वर्जयित्वा मुनिं शान्तं दानवान् वा मदंशजम् ।
इदं यः प्रविशेत्स्थानं तस्य स्यान्निधनं क्षणात् ॥ २३-३३ ॥

वृषभको वचन सुनेर देवता र विष्णुले वृषभेश्वरलाई प्रणाम गरे र आ-आफ्नो स्थान फर्किए । वृषभेश्वर पनि स्वस्थान फर्किए ।

उपसंहार

स्त्रीलम्पट विष्णुलाई दण्ड दिएको यो शिवको वृषभावतारको आख्यान सुन्दा-सुनाउँदा इह-परत्र लोकमा कल्याण हुनेछ, साथै शत्रुबाधा नाश, स्वर्गपद, यश, आयु, भुक्ति, मुक्तिसमेत प्राप्त हुन्छ ।

पवित्रमिदमाख्यानं शत्रुबाधाहरं परम् ।
स्वर्ग्यं यशस्यमायुष्यं भुक्तिमुक्तिप्रदं सताम् ॥ २३-३८ ॥

यहाँसम्ममा शिवका ७३ अवतार पूर्ण भए ।

अध्याय चतुर्विंश, पञ्चविंश

शिव दधीचि मुनिपुत्र पिप्पलाद भएर जन्मनु, दधीचिको अस्थिले वृत्रासुरको वध, दधीचि पत्नी सुवर्चाद्वारा देवताहरुलाई पशु हुने श्राप, पिप्पलादको जन्म, विवाह एवं शनि पीडा निवारण वर्णन

(७४) पिप्पलाद अवतार वर्णन

नन्दीश्वर- **पिप्पलादाख्यमपरमवतारं महेशितुः ।**
शृणु प्राज्ञ महाप्रीत्या भक्तिवर्धनमुत्तमम् ॥ २४-१ ॥

हे सनत्कुमार ! अब म शिवको अवतार वर्णन क्रममा पिप्पलादको वर्णन गर्दछु । यो चरित्र भक्तिवर्द्धक छ ।

एक समय त्वष्ट्रापुत्र वृत्रासुरले त्रिलोकमै विजय प्राप्त गरी देवताहरूलाई पराजित गरे ।

पराजित देवताहरूले आफ्ना शस्त्रास्त्र दधीचि मुनिको आश्रममा फ्याँकेर ब्रह्माको शरणमा गए ।

स्वानि स्वानि वरास्त्राणि दधीचस्याश्रमेऽखिलाः ।
निःक्षिप्य सहसा सद्योऽभवन् देवाः पराजिताः ॥ २४-१२ ॥

शरणार्थी देवताहरूको समस्या सुनेर ब्रह्माले महापराक्रमी वृत्रासुरको वधार्थ, धर्मरक्षा गर्दै यसरी उपाय बताए ।

ब्रह्मा- हे देवताहरू हो ! तपस्याको प्रभावले वृत्रासुरले शक्ति प्राप्त गरी अहिले अवध्य भएको छ । त्यसैले तिमीहरू दधीचिकहाँ गएर उनको अस्थि माग । त्यो अस्थिको अस्त्र बनाएर प्रहार गर्‍यौ भने वृत्रासुरको अवश्य वध हुनेछ । दधीचि शिवभक्त, तपस्वी र जितेन्द्रिय छन् । शिवको आराधना गरेर उनले कठोर हड्‌डीको वर पाएका हुन् । याचना गर्दा लोक कल्याण हेतु अवश्य दिनेछन् ।

तस्यास्थीन्येव याचध्वं स दास्यति न संशयः ।
निर्माय तैर्दण्डवज्रं वृत्रं जहि न संशयः ॥ २४-१८ ॥

त्यसपछि देवराज इन्द्रले वृहस्पतिलाई समेत साथ लिई देवताहरूसँग दधीचि मुनिको आश्रममा आए । प्रणाम अभिवादन भयो । दधीचिले आफ्नी पत्नी सुवर्चालाई भित्र जान भने, अनि देवताहरूले आफ्ना कुरा राख्दै भने, 'हामी तपाईंको शरीरको अस्थि माग्न आएका हौं ।' सबै कुरा बुझेपछि दधीचिले पनि शिवध्यान गरेर आफ्नो शरीर छोडिदिए ।

स्वास्थीनि देहि नो विप्र महावज्रमयानि हि ।
ध्यात्वा शिवं स्वनाथं हि विससर्ज कलेवरम् ॥ २४-२४ ॥

दधीचि मुनिको अस्थिबाट ब्रह्मशिरशर अस्त्र बनाउनु र वृत्रवध

दधीचि मुनिले स्थूल शरीर त्यागेर शूक्ष्म शरीरको आश्रय लिई ब्रह्मलोक गए । उनीमाथि पुष्पको वर्षा भयो । इन्द्रले दधीचिको स्थूल शरीरको मांस भक्षण गर्न 'सुरभि' गाईलाई आदेश दिए र विश्वकर्मालाई अस्त्र बनाउन भने ।

अथ गां सुरभिं शक्र आहयाशु ह्यलेहयत् ।
अस्त्रनिर्मितये त्वाष्ट्रं निर्दिदेश तदस्थिभिः ॥ २४-२७ ॥

सुरभि गौ सम्बन्धमा- 'सुरभि' का अनेक अर्थ छन् । यसको एउटा अर्थ 'कामधेनु' हो, जो अस्वाभाविक प्रतीत हुन्छ । दोस्रो अर्थ 'मातृका' हो, जुन सान्दर्भिक लाग्छ, किनकि मातृकाहरूद्वारा रक्तपान, मांसभक्षण वर्णन सुप्रसिद्ध नै छ, तर मांस गाई जातिको आहारा कदापि होइन ।

विश्वकर्माले मेरूदण्डको हड्डीबाट अमोघ वज्र बनाए, जसको नाम 'ब्रह्मशिरशर' राखियो । अन्य हड्डीहरूबाट पनि अस्त्र निर्माण गरियो । इन्द्रले त्यो अस्त्रको सहाराले वृत्रासुरलाई वध गर्‍यो । स्वर्गमा आनन्दोत्सव भयो । सर्वत्र जयजयकार भयो । यसरी महर्षि दधीचिको देहत्याग र वृत्रासुरको वधको प्रसङ्ग उल्लेख भयो ।

दधीचि पत्नी सुवर्चाद्वारा देवतालाई श्राप

यता सुवर्चा घरभित्रको काम सम्पन्न गरी बाहिर आइन् । स्थिति भयावह थियो । देवताहरूद्वारा गरिएको कुकृत्यले शोकमा परिन् र कुपित भएर श्राप दिँदै भनिन्, 'तिमीहरू सबै पशु बन ।'

अहो सुरा दुष्टतराश्च सर्वे
स्वकार्यदक्षा ह्य बुधाश्च लुब्धाः ।
तस्माच्च सर्वे पशवो भवन्तु
सेन्द्राश्च मेऽद्यप्रभृतीत्युवाच ॥ २४-३८ ॥

तिमीहरू पापी हौ, दुष्ट हौ । आफ्नो कार्य सिद्ध गर्नमा निपुण, मूर्ख तथा लोभी छौ । श्राप दिएपछि सुवर्चाले पतिको साथ सती हुने सोचिन् र सुन्दर चिता तयार गरिन् । यही बेला शिवप्रेरणाले आकाशवाणी भयो ।

आकाशवाणी- हे प्राज्ञे ! यस्तो दुःसाहस नगर । तिम्रो गर्भमा मुनिको तेज विद्यमान छ । तिमी गर्भवती छौ । उसलाई जन्म दिएर मात्र जे गर्न मन लाग्छ त्यही गर । अहिले होइन ।

साहसं न कुरु प्राज्ञे शृणु मे परमं वचः ।
मुनितेजस्त्वदुदरे तदुत्पादय यत्नतः ॥ २४-४२ ॥

ब्रह्माको आज्ञा छ कि गर्भवती स्त्रीले चिता प्रवेश नगर्नु ।

आकाशवाणी सुनेर सुवर्चा चकित भइन्, तर सती जाने उत्कृष्ट अभिलाषा थियो, त्यसैले पत्थरले पेटमा हिर्काइन् । पेट विदीर्ण गरेर तेजस्वी बालक प्रकट गराइन् ।

उपविश्याश्मना भूयः सोदरं विददार ह । २४-४५ ।

बालक तेजस्वी साक्षात् रूद्रको अवतार थियो । दधीचिको तेजबाट प्रकट भएको थियो । प्रकट हुनासाथ चारै दिशाहरू प्रकाशित भए । सुवर्चा प्रसन्न भइन् । रूद्रावतार बालकलाई प्रणाम गरिन् अनि स्तुति गर्दै भनिन्-

सुवर्चा- **हे तात ! परमेशान ! चिरं तिष्ठास्य सन्निधौ ।**
अश्वत्थस्य महाभाग ! सर्वेषां सुखदो भवे ॥ २४-५१ ॥

हे तात ! तिमी यही अश्वत्थ (पीपल) वृक्षको मुनि बसेर चिरकाल पर्यन्त सबैलाई सुखी गराऊ । मलाई भने पतिलोक जान आज्ञा देऊ । पतिसँग रहेर म तिम्रो ध्यान गर्नेछु । यति भनेर सुवर्चाले समाधिद्वारा पतिको सान्निध्य प्राप्त गर्न शरीर छोडिन् । दधीचि-सुवर्चा दुवैले शिवलोक प्राप्त गरे र शिवसमीप रहेर शिवको सेवा गर्न थाले ।

ब्रह्माद्वारा मुनिकुमारको नामकरण, पिप्पलाद नाम राख्नु

त्यसपछि देवता-ऋषि-मुनि-ब्रह्मा-विष्णु सबै रूद्रावतार दर्शनार्थ एकत्रित भए । सबैले मुनिकुमारको स्तुति गरे । देवताहरूले उत्सव मनाए, नगरा बज्न थाले । अप्सराहरू नाच्न थाले । गन्धर्व र किन्नरहरू गाउन थाले । आकाशबाट पुष्पवृष्टि हुन थाल्यो ।

उत्सव पश्चात् मुनिकुमारको विधिवत् जातकर्म आदि भयो, अनि ब्रह्माले नामकरण गर्दै 'पिप्पलाद' नाम राखे ।

पिप्पलादेति तन्नाम चक्रे ब्रह्मा प्रसन्नधीः । २४-६१ ।

त्यसपछि सबैले मुनिकुमार पिप्पलादलाई आशीर्वाद दिए र स्वधाम फर्किए । पिप्पलादले भने त्यही पिपल वृक्षमुनि बसेर चिरकाल पर्यन्त तपस्या गरे ।

अथ रुद्र पिप्पलादोऽश्वत्थमूले महाप्रभुः ।
ततांप सुचिरं कालं लोकानां हितकाम्यया ॥ २४-६३ ॥

राजा अनरण्य पुत्री पद्मासँग पिप्पलादको विवाह

एकपल्ट पुष्पभद्रा नदीसमीप पद्मालाई देखेर पिप्पलादलाई विवाह गर्ने इच्छा जागृत भयो ।

एकदा पुष्पभद्रायां स्नातुं गच्छन्मुनीश्वरः ।
ददर्श पद्मां युवतीं शिवांशां सुमनोहराम् ॥ २५-२ ॥

लामो समयदेखि तपस्यारत पिप्पलाद झट्ट हेर्दा वृद्ध देखिन्थे । यसै रूपमा पद्मालाई प्राप्त गर्ने इच्छाले कन्याका पिता राजा अनरण्यकहाँ गएर कन्याको हात मागे । वृद्ध मुनिले आफ्नी यौवना पुत्रीको हात मागेपछि राजा किंकर्तव्यविमूढ भए, उत्तर दिन सकेनन् । कन्या दिऊँ भने वृद्ध मुनिलाई कसरी दिऊँ, न दिऊँ भने श्राप देलान् । त्यति बेला नै फेरि पिप्पलाद मुनिले भने-

पिप्पलाद- **मुनिः प्रोवाच नृपतिं कन्यां मे देहि भक्तितः ।**
अन्यथा भस्मसात्सर्वे करिष्येऽहं त्वया सह ॥ २५-६ ॥

हे राजन् ! कन्या मलाई देऊ, अन्यथा सबैलाई भस्म गरिदिनेछु । मुनिको यस्तो कठोर वचन सुनेर राजाका परिवारजन व्याकुल भए । भयभीत राजाले अन्ततोगत्वा वृद्धमुनिलाई

आफ्नी कन्या अलङ्कृत गरी प्रदान गरे । पिप्पलाद खुसी भए, आशीर्वाद दिए र आश्रम फर्किए ।

पद्मां विवाह्य स मुनिः शिवांशाम्भूपते सुताम् ।
पिप्पलादो गृहीत्वा तां मुदितः स्वाश्रमं ययौ ॥ २५-९ ॥

आश्रम आएपछि पद्माले लक्ष्मीझैँ मुनिको सेवा गर्न थालिन् । उता मुनि पनि योगबलले जवान भए र रमण गर्न थाले । यिनीबाट आनन्दवर्धक दश पुत्र उत्पन्न भए ।

दशपुत्रा महात्मनो बभूव सुतपस्विनः । २५-१३ ।

शनिपीडा निवारण

पिप्पलादको समयकालमा जनमानसमा शनि ग्रहले अत्यधिक पीडा दिइरहेको थियो । धर्मरक्षक पिप्पलादले पीडित सबैलाई सान्त्वना दिएर आफ्नो तपस्याको बलले शनिलाई वशमा राख्दै जनतालाई भने, 'जन्मदेखि सोह्र वर्षसम्मको उमेरका शिवभक्तलाई शनिको पीडा हुनेछैन । यदि मेरो आज्ञालाई शनिले उल्लङ्घन गरेमा भस्म गर्नेछु ।

अथानादृत्य मद्वाक्यं कुर्यात्पीडा शनिः क्वचित् ।
षोडशाब्दवधिः नृणां जन्मतो न भवेच्च सा ॥ २५-१७ ॥
तेषां नृणां तदा स स्याद्भस्मसान्न ङि संशयः ।

ग्रहमा श्रेष्ठ शनिदेव क्रूरस्थानमा रहँदा पनि पिप्पलाद मुनिको भयले कहिल्यै पीडा पुऱ्याउँदैन । विश्वामित्र, कौशिक, पिप्पलाद यी तीनै मुनिहरूको स्मरण गर्नाले शनिग्रहजनित पीडा शमन हुनेछ ।

गाधिश्च कौशिकश्चैव पिप्पलादो महामुनिः ।
शनैश्चरकृतां पीडां नाशयन्ति स्मृतास्त्रयः ॥ २५-२० ॥

उपसंहार

यो चरित्र सुन्दा-सुनाउँदा सबै कामनापूर्ण हुन्छन् र शनिसहित क्रूर ग्रहजनित पीडा नाश भई शिवभक्ति बढ्नेछ ।

इदमाख्यानमनघं स्वर्ग्यं कुग्रहदोषहृत् ।
सर्वकामप्रदं तात शिवभक्ति विवर्द्धनम् ॥ २५-२४ ॥

अध्याय षड्विंश, सप्तविंश

शिवको वैश्यनाथ र द्विजेश्वर अवतार वर्णन

(७५) वैश्यनाथ अवतार

नन्दीश्वर- श्रुणु तात प्रवक्ष्यामि शिवस्य परमात्मनः ।
अवतारं परानन्दं वैश्यनाथाह्वयं मुने ॥

हे सनत्कुमार ! महानन्दा वेश्यालाई उद्धार गर्न शिवले यो वैश्यनाथ अवतार लिएका थिए । महानन्दा शिवभक्त वेश्या थिई । प्रतिदिन शिवपूजा, शिवनाम जप, रुद्राक्ष एवं भस्मधारण गर्दथी । वेश्यासँग एउटा कुखुरो र एउटा वानर पनि थियो । रुद्राक्ष धारण गरेर नचाउँथी । यसरी नै सबैलाई मनोरञ्जन प्रदान गर्दै आफ्नो कार्य पूरा गर्दथी ।

एकदा च गृहे तस्या वैश्यो भूत्वा शिवः स्वयम् ।
परीक्षितुं च तद्भावमाजगाम शुभो व्रती । २६-१३ ॥

शिव वैश्य बनेर परीक्षा लिन महानन्दा वेश्याको घर आए । उनले त्रिपुण्ड्र, रुद्राक्ष, जटाजूट एवं भस्मधारण गरेका थिए । त्यसैगरी हातमा उत्तम बाजुवन्द कङ्कण, उत्तम रत्नधारण गरेका साक्षात् शिववेशी रूपमा देखिन्थे । महानन्दाले अतिथिको सत्कार गरिन् र हातमा लगाएको रत्नमय कङ्कण देखेर अत्यन्त आकर्षित भइन् र याचना गर्दै भनिन्-

महानन्दा- महारत्नमयश्चायं कङ्कणस्त्वत्करे स्थितः ।
मनो हरति मे सद्यो दिव्यस्त्रीभूषणोचितः ॥ २६-१८ ॥

हे अतिथि देव ! यो कङ्कणभूषण हामीजस्ता वेश्यालाई शोभा दिन्छ, त्यसैले यो मलाई दिनुहोस् ।

वैश्यनाथ- त्वमेवाधत्स्व सुप्रीत्या मौल्यमस्य ददासि किम् ? । २६-२० ।

ठिक छ ! तर यसको मूल्य के दिन्छौ ?

महानन्दा- हाम्रो त धर्म नै वेश्यावृत्ति हो, त्यसैले तीन दिन तीन रात्रिपर्यन्त तपाईंकी पत्नी बनेर पत्नीकै धर्माचरण गरी व्यतीत गर्नेछु । यो सत्य हो । यसमा कुनै संशय मान्नुपर्दैन ।

दिनत्रयमहोरात्रं पत्नीं तव भवाम्यहम् ।
सह धर्मं चरामीति सत्यं सत्यं न संशयः ॥ २६-२५ ॥

वैश्यनाथ- त्यसो भए ठिक छ । म तिमीलाई कङ्कण दिन्छु र यसको साक्षी सूर्य र चन्द्रमा

छन् र एउटा मेरो पनि सर्त छ, 'मसँग रत्नमय शिवलिङ्ग छ, यसलाई तिमीले सुरक्षित राख्नू ।'

इदं रत्नमयं लिङ्गं शैव मत्प्राणवल्लभम् ।
रक्षणीय त्वया कान्ते गोपनीयं प्रयत्नतः ॥ २६-२८ ॥

यति भनेर वैश्यनाथले कङ्कण र रत्नमय लिङ्ग दिए । वेश्याले त्यो लिङ्ग आफ्नो नाट्यशालामा राखिन् र वैश्यनाथसँग रात्रि व्यतीत गर्न थालिन् ।

आधा रात भयो । एकाएक नाट्य घरमा आगो लाग्यो । महानन्दा दौडिँदै वानर र कुखुरालाई आगोको लपेटले बचाइन्, तर रत्नमय लिङ्ग अग्निज्वालाको लपेटमा आएर खण्डित भयो । यो देखेर वैश्यनाथ दुःखी भए । मर्नका लागि तयार भए । चिता बनाउन भने ।

चितां कारय मे भद्रे स्वभृत्यैस्त्वं वरैर्लघु । २६-३९ ।

मेरो प्राणप्रिय लिङ्ग खण्डित भएकाले अब म जीवित रहनुको कुनै अर्थ रहेन । मलाई ब्रह्मा-विष्णु-इन्द्र या अरू कोही आएर रोके भने पनि म रोकिन्नँ भन्दै जलिरहेको अग्निमा प्रवेश गरे ।

ततः स वैश्यः शिव एक एव प्रदक्षिणीकृत्य समिद्धमग्निम् ।
विवेश पश्यत्सु नरेषु धीरः सकौतुकि सङ्गतिभावमिच्छुः ॥ २६-४२ ॥

वैश्यनाथले वेश्याको परीक्षा लिन यस्तो कार्य गरे । अब महानन्दा विस्मयमा परिन् । किंकतर्व्यविमूढ भइन् । तीन दिनकी सहधर्मिणी बन्ने सर्त राखेकी थिइन्, पहिलो रात्रिमा नै यस्तो दुर्घटना भयो । वचन दिएर पूरा गरिएन भने नरकवासी हुनुपर्छ । सत्यले नै इह-परलोक टिकेको छ ।

सत्याश्रयः परो धर्मः सत्येन परमा गतिः ।
सत्येन स्वर्गमोक्षौ च सत्ये सर्वं प्रतिष्ठितम् ॥ २६-४८ ॥

यसरी विलाप गर्दै महानन्दा बन्धुजनद्वारा रोक्दा पनि रोकिइनन् र चितामा प्रवेश हुन तत्पर भइन् । आफूसँग भएको उत्तम धन ब्राह्मणलाई दान गरिन् । त्यसपछि शिवको ध्यान गरी अग्निलाई तीनपल्ट परिक्रमा गरिन् र अग्निमा प्रवेश गर्ने लाग्दा जल्दै गरेको अग्निबाट साक्षात् शिव प्रकट भए र महानन्दालाई अग्नि प्रवेश हुनबाट रोके ।

शिव- हे महानन्दा ! तिम्रो परीक्षा लिन म आएको थिएँ । आज तिमीले आफ्नो सत्यता, धर्म, धैर्यता देखाएर परीक्षामा पास भयौ । म स्वयं वैश्य वेशमा आएको थिएँ । मेरै मायाले नाट्यमण्डप जलाएको थिएँ ।

सत्यं धर्मं च धैर्यं च भक्तिं च मयि निश्चलाम् ।
परीक्षितुं त्वत्सकाशं वैश्यो भूत्वाहमागतः ॥ २६-५४ ॥

अब जे मागनु छ माग । म तिम्रो भक्तिबाट प्रसन्न भएको छु ।

महानन्दा- हे प्रभो ! तपाईंको चरणरजका अतिरिक्त मलाई केही चाहिँदैन । मेरा जति सेवक-बन्धुजन छन् ती सबैको उद्धार गर्नुहोस् ।

ये मे भृत्याश्च दास्यश्च ये चान्ये मम बान्धवाः ।
पुनर्जन्म भयं घोरं विमोचन नमोऽस्तुते ॥ २६-६० ॥

महानन्दाको कुरा सुनेर शिवजीले तस्थास्तु भन्दै ती सबैलाई साथ लिएर परम पदतर्फ प्रस्थान गरे ।

उपसंहार

इदं चरित्रं परमं पवित्रं सतां च सर्वप्रदमासु दिव्यम् ।
शिवावतारस्य विशाम्पतेर्महा नन्दा महासौख्यकरं विचित्रम् ॥ २६-६४ ॥

यो आख्यान सुन्दा-सुनाउँदा कहिल्यै पनि आफ्नो धर्मबाट विचलित भइँदैन र इह-परत्र कल्याण हुनेछ ।

(७६) द्विजेश्वर अवतार, ब्राह्मण अवतार

नन्दीश्वर- **श्रृणु तात प्रवक्ष्यामि शिवस्य परमात्मतः ।**
द्विजेश्वरावतारं च सशिवं सुखदं सताम् ॥ २७-१ ॥

हे सनत्कुमार ! भद्रायु राजा र कीर्तिमालिनी रानीको परीक्षा गर्न शिव-शिवाले ब्राह्मण-ब्राह्मणीको वेशमा यो अवतार धारण गरेका थिए । एकवार भद्रायु राजा आफ्नी पत्नी कीर्तिमालिनीका साथ वसन्तऋतुको आगमन भएको बेलामा विहार गर्ने अभिप्रायले वनमा गए । शरणागतहरूको रक्षा गर्दै राजा विहार गर्न थाले । यसरी लामो समयसम्म राजाले विहार गरे ।

त्यही बेला शिव-शिवा ब्राह्मण-ब्राह्मणी वेशमा मायामय व्याघ्रको रूप धारण गरी परीक्षा लिन आए ।

शिवा शिवश्च भूत्वोभौ तद्वने द्विजदम्पती ।
व्याघ्रं मायामयं कृत्वाविर्भूतौ निजलीलया ॥ २७-९ ।

बाघलाई देखेर ब्राह्मण-ब्राह्मणी रुँदै कराउन थाले । राजाले यो देखे, र समीप गए । राजालाई देखेर द्विजदम्पतीले बाँच्न आशा राखी प्रार्थना गरे ।

द्विजदम्पती- **पाहि पाहि महाराज नावुभौ धर्मवित्तम ।**
एष आयाति शार्दूलो जग्धुमावां महाप्रभो ॥ २७-१३ ।
यावन्न खादति प्राप्य तावन्नौ रक्ष धर्मवित् ।

हे राजन् ! हामीलाई यो बाघबाट बचाउनुहोस् । हाम्रो रक्षा गर्नुहोस् । राजा नै प्रजाहरूको

रक्षक हुन्छन् ।

द्विजदम्पतीको यस्तो दीन वचन सुनेर राजाले सान्त्वना दिँदै धनुषबाण सन्धान गरे । बाघलाई लक्ष्य गरी छोड्नै आँटेका थिए, बाघले ब्राह्मणीलाई झम्टियो र घिसार्दै घनघोर जङ्गलभित्र लग्यो । राजाले धनुष त छोडे तर त्यति बेलासम्म ढिलो भइसकेको थियो । यता लोकलीलाको अनुसरण गर्दै ब्राह्मण देव बारम्बार रून कराउन थाले । राजालाई धिक्कार्दै भन्न थाले-

ब्राह्मण- **राजन् क्वते महास्त्राणि क ते त्राणं महद्धनुः ।**
क ते द्वादशसाहस्रमहानागयुतं बलम् ॥ २७-२२ ॥

हे राजन् ! तिम्रो शस्त्रबल, तलवार, धनुष कहाँ छन् ? जुन गुण तिमीमा हुनुपर्ने हो, त्यो सबै व्यर्थ भयो । तिमी वनवासी प्राणीहरूबाट रक्षा गर्न सक्दैनौ । क्षत्रियको धर्म-दुःख, आपत्विपत्बाट प्रजालाई रक्षा गर्नु हो । यो कुलोचित धर्मलाई तिमीले बचाउन सकेनौ । त्यसैले जिउँदो हुनुको के अर्थ ?

क्षत्रस्यायं परो धर्मो क्षताच्च परिरक्षणम् ।
तस्मिन्कुलोचिते धर्मे नष्टे त्वज्जीवितेन किम् । २७-२५ ।

जुन राजाले दुःखीजनको रक्षा गर्न सक्तैन, उसले मर्नु नै उचित हुन्छ । दानहीन धनीजन गृहस्थी हुनुभन्दा भिखारी हुनु ठिक हो । विद्वान् भएर अनाथ तथा दीनको रक्षा गर्न सक्तैन भने विषपान या अग्निमा प्रवेश गर्नु उचित हुन्छ ।

आर्तानां शरणाप्तानां त्राणं कुर्वन्तिं पार्थिवाः ।
आर्तत्राणविहीनानां जीवितान्मरणं वरम् ॥ २७-२६ ॥

ब्राह्मण वचनले राजा दुःखी भए । आज मेरो क्षत्रिय राजधर्म कीर्ति-यश नष्ट भयो । अब निश्चय नै मेरो आयु, राज्य, सम्पत्ति सबै क्षय हुनेछ । आज म आफ्नो प्राण दिएर भए पनि यो ब्राह्मणको शोक हटाउनेछु भनी मनमनै सोचेर भन्न थाले-

भद्रायु राजा- हे ब्राह्मण । म जस्तो शक्तिहीन क्षत्रियमाथि कृपा गरी शोक छोड्नुहोस् । म तपाईलाई मनवाञ्छित पदार्थ दिनेछु । यो राज्य, रानी र म तपाईको आधीन छौं ।

इदं राज्यमियं राज्ञी ममेदं च कलेवरम् ।
त्वदधीनमिदं सर्वं किं तेऽभिलषितं वरम् ॥ २७-३५ ॥

ब्राह्मण- हे राजन ! अन्धालाई दर्पणले के लाभ दिन्छ ? भिखारीलाई घरले के लाभ हुन्छ ? मूर्खलाई पुस्तकले के लाभ दिन्छ ? स्त्रीरहित पुरुषलाई धनले के लाभ दिन्छ ? त्यसैले यदि दिने नै इच्छा भए तिम्री पत्नी रानी दिएर मलाई स्त्रीवियोगजन्य सन्तापबाट मुक्त गर ।

इमां तवाग्रमहिषीं कामये दीयतामिति । २७-३७ ।

राजा भद्रायु- हे ब्राह्मण देव ! म आफ्नो राज्य-धन-हात्ती-घोडा, केसम्म भनूँ, मेरो शरीर नै पनि दान गर्न सक्छु तर स्त्री दान गर्न सक्तिनँ । त्यसै पनि परस्त्रीको उपभोग गर्नाले जुन पाप लाग्छ, सयकडौं प्रायश्चित्तले पनि त्यो पाप पखाल्न सक्दैन ।

परदारोपभोगेन यत्पापं समुपार्जितम् ।
न तत्क्षालयितुं शक्यं प्रायश्चित्तशतैरपि ॥ २७-३९ ॥

ब्राह्मण- हे राजन् ! ब्रह्महत्या- मदिरापान जस्ता घोर पाप त म आफ्नो तपस्याले भस्म गर्न सक्छु भने परस्त्रीगमन त कुन ठूलो पाप हो र ? भयभीतलाई रक्षा गरेनौ भने नरकमा जानेछौ ।

तस्मात्प्रयच्छ भार्यां स्वामिमां कामो न मेऽपरः ।
अरक्षणाद्भयार्तानां गन्तासि निरयं ध्रुवम् ॥ २७-४१ ॥

राजा डराए । पत्नी दिएर अग्निमा प्रवेश गर्ने निर्णयमा पुगे, अनि पत्नीलाई सङ्कल्प गरी दान दिए । त्यसपछि स्नान गरे । देवता-ब्राह्मण-शिवलाई ध्यान गरी प्रणाम गरे र अग्निको परिक्रमा गरे । तत्पश्चात् अग्निमा प्रवेश गर्नै लाग्दा द्विजेश्वरवेशी शिव प्रकट भएर रोके ।

तमथाग्निं पतिष्यन्तं स्वपदासक्तचेतसम् ।
प्रत्यषेधत विश्वेशः प्रादुर्भूतो द्विजेश्वरः ॥ २७-४६ ॥

शिवको साक्षात् विग्रह देखेर राजा कृतकृत्य भए । आँखा सजल भए । प्रणाम गरे । आकाशबाट पुष्पवृष्टि भयो । अप्सरा नाच्न थाले । गन्धर्व गाउन थाले । देवता दुन्दुभि बजाउन थाले । देवता आदि एकत्रित भएपछि अन्तमा शिवले भने-

द्विजेश्वर- हे द्विजेश्वर ! तपाईं वर दिन चाहनुहुन्छ भने मेरा पिता वज्रबाहु, म पद्माकर वैश्य स्त्रीसहित सदा तपाईंको चरणोपासक बनिरहौं ।

कीर्तिमालिनी- हे द्विजेश्वर ! मेरा पनि मातापिता चन्द्राग र सीमन्तनीले तपाईंको चरणमा निवास गर्ने मौका मिलोस् ।

द्विजेश्वर- 'तथास्तु !' भन्दै अन्तर्ध्यान भए । देवता पनि बिदा भए । त्यसपछि राजा भद्रायुले दश हजार वर्षपर्यन्त राज्यभोग गरे । अन्तमा आफ्ना पुत्रलाई राज्यभार सुम्पिएर शिवलोकवासी भए ।

उपसंहार

इदं चरित्रं परमं पवित्रं शिवावतारस्य पवित्रकीर्तेः ।
द्विजेश संज्ञस्य महाद्भुतं हि श्रृण्वन्पठन् शम्भुपदं प्रयाति ॥ २७-७० ॥

यो कथानक सुन्दा-सुनाउँदा शिवपद प्राप्ति हुन्छ ।

अध्याय अष्टाविंशति

शिवको यतिनाथ र हंश अवतार वर्णन

(७७) यतिनाथ अवतार

नन्दीश्वर- शृणु प्राज्ञ प्रवक्ष्यामि शिवस्य परमात्मनः ।
अवतारं परानन्दं यतिनाथाह्वयं मुने ॥ १ ॥

हे सनत्कुमार ! यो शिवको यतिनाथ अवतार 'आहुक' भिल्लको परीक्षार्थ भएको थियो भने वरदान दिंदा तिनै यतिनाथले 'हंश' अवतार लिएका थिए जबकि आहुक र उनकी पत्नी 'नल-दमयन्ती' का रूपमा पैदा भएका थिए ।

आहुक भिल्ल पत्नीसहित अर्बुदाचल (अरूणाचल) मा बस्तथ्यो । पत्नी पतिव्रता थिई र दुवै जना शिवभक्त थिए । उनीहरू सदाशिवको नित्य पूजा-व्रत गर्दथे । यसैबाट प्रसन्न भएर एक दिन शिव यतिनाथ (भिक्षुक) रूप धारण गरी उनीहरूकहाँ पुगेका थिए ।

सदाझैँ आहुक भिल्ल आहारार्थ टाढा गएको थियो । त्यसै दिन सन्ध्यासमयमा यतिनाथ भिल्लको निवासस्थानमा पुगे । संयोगवश आहुक पनि आइपुगे । यतिनाथले त्यो रात्रि वासस्थानका लागि याचना गरे ।

यतिनाथ- अद्य स्थलं निवासार्थं देहि मे प्रातरेव हि ।
यास्यामि सर्वथा भिल्ल स्वस्ति स्यात्तव सर्वदा ॥ ८ ॥

यता भिल्लको घरमा पर्याप्त ठाउँ थिएन । उनलाई कहाँ विश्राम गराउनु ? यतिकैमा पत्नीले भनिन्-

भिल्लस्त्री- अतिस्वल्पं स्थलं मे हि स्यान्निवासः कथं तव । ९ ।

हे स्वामी ! गृहस्थ धर्मलाई विचार गरी यतिनाथलाई बस्ने व्यवस्था गर्नुहोस् । अतिथिलाई निराश गराउँदा धर्मको नाश हुन्छ । तपाईं र यतिनाथ भित्र सुत्नुहोस् । म आयुध लिएर बाहिर बस्नेछु ।

पत्नीको कुरा सुनेर भिल्ल धर्मसङ्कटमा परे । यतिलाई बाहिर सुताउँदा अतिथिसेवा भएन । स्त्रीलाई बाहिर सुताउनु पनि भएन । अन्ततोगत्वा यति र पत्नीलाई भित्र आरामको व्यवस्था गरी भिल्ल घरको बाहिर सुत्यो ।

यद्भावि तद्भवेदेव मया स्थेयं गृहाद्बहिः । १५ ।

रात बढ्दै गयो । हिंस्रक जन्तुले भिल्ललाई दुःख दिन थाले । उसले पनि सङ्घर्ष

गरिरह्यो । अन्त्यमा प्रारब्ध बलीयसी भनेझैं भिल्ललाई हिंस्रक जन्तुले मारेर खाए ।

प्रारब्धात्प्रेरितैर्हिंस्रैर्बलादासीच्च भक्षितः । १८ ।

प्रातःकाल उठेर हेर्दा त भिल्लको शरीरलाई हिंस्रक जन्तुले चिथोरेर खाएका थिए जसका कारण उनीहरू दुःखी भए, तर भिल्लस्त्रीले धैर्यलाई सम्हाल्दै भनिन्-

भिल्लस्त्री- हे यतिनाथ ! तपाई किन दुःखी हुनुभएको ? यिनको जीवन त परोपकार गर्दागर्दै समाप्त भएको हो । यो त सबैभन्दा उत्तम प्रकारको मृत्यु हो ।

किमर्थं क्रियते दुःखं भद्रं जातं यतेऽधुना ।
धन्योऽयं कृतकृत्यश्च यज्जातो मृत्युरीदृशः ॥ २१ ॥

त्यसैले म पनि यिनकै साथ सती हुनेछु । यो स्त्रीको सनातन धर्म हो । हाम्रा लागि चिता बनाउनुहोस् । त्यसपछि चिता तयार गरियो । भिल्लस्त्रीले चिताको परिक्रमा गरिन्, शिवको ध्यान गरिन् र चितामा प्रवेश गर्नै लाग्दा शिव प्रकट भएर उनलाई रोके ।

एतस्मिन्नन्तरे साक्षात्पुरः प्रादुरभुच्छिवः ।
धन्ये धन्य इति प्रीत्या प्रशंसंतां हरोऽब्रवीत् ॥ २४ ॥

शिव प्रकट हुनासाथ भिल्ल पनि पूर्ववत् स्वरूपका भए । शिवले वरदान माग्न भने तर यी दुवै साक्षात् शिवको दर्शन गरी अवाक् भए । कृतकृत्य भए । सजल नेत्र भए । प्रणाम बारम्बार गरे तर केही मागेनन् । त्यसपछि शिवले वर दिंदै भने-

शिव- **अयं यतिश्च मद्रूपो हंसरूपो भविष्यति ।**
परजन्मनि वां प्रीत्या संयोगं कारयिष्यति ॥ २८ ॥

मेरो यो यति रूप अर्को जन्ममा हंस भएर तिमीहरू दुवैलाई संयोग गराउनेछ । 'भिल्ल' तिमी निषध नगरमा वीरसेनको पुत्र 'नल' नामक महान् प्रतापी राजा हुनेछौ र भिल्लस्त्री तिमी विदर्भ नगरका राजा भीमकी कन्या 'दमयन्ती' नामले प्रसिद्ध हुनेछ्यौ । तिमीहरू दुवैले चिरकाल पर्यन्त राजसुख भोग गरी अन्तमा दुर्लभ मोक्ष प्राप्त गर्नेछौ ।

भिल्लश्च वीरसेनस्य नैषधे नगरे वरे ।
महान् पुत्रो नलो नाम भविष्यन्ति न संशयः ॥ २९ ॥
त्वं सुता भीमराजस्य वैदर्भे नगरेऽनघे
दमयन्ती च विख्याता भविष्यसि गुणान्विता ॥ ३० ॥

(७८) हंस अवतार

शिवको वरदान अनुसार यतिनाथ नै अर्को जन्ममा 'हंस' भएर जन्म लिए । 'नल-दमयन्ती'

को संयोग गराए । हंसले सुन्दर एवं प्राणप्रिय मीठो वाणीले दुवैलाई आनन्द प्रदान गरे ।

उपसंहार

शिवका यी दुवै अवतार पवित्र, पापनाशक र भक्तिवर्द्धक हुनाका साथै सबै कामनाको पूर्ति गर्दै स्वर्ग, सुयश, दीर्घायु एवं शिवसायुज्य प्रदान गर्दछन् ।

इदमाख्यानमनघं सर्वकामफलप्रदम् ।
स्वर्ग्यं यशस्यमायुष्यं भक्तिवर्द्धनमुत्तमम् ॥ ४० ॥

अध्याय एकोनत्रिंशः

शिवको कृष्णदर्शन (कालो) वर्णको अवतार वर्णन

(७९) कृष्णदर्शन अवतार

नन्दीश्वर- सनत्कुमार शम्भोस्त्ववतारं परमं श्रृणु ।
नभगज्ञानदं कृष्णदर्शनाह्वयमुत्तमम् ॥ १ ॥

हे सनत्कुमार ! शिवको कृष्णदर्शन अवतार वैवस्वत मनुपुत्र नभगलाई ज्ञान दिनका लागि भएको हो । नभगका पुत्र नाभाग भए र उनका पनि पुत्र अम्बरीष भए जो विष्णुभक्त थिए र दुर्वासा मुनि उनीमाथि प्रसन्न भएका थिए ।

नभग जब विद्याध्ययन गर्न गुरुकुल गए, त्यही बेला 'इच्छ्वाकु' आदि भाइहरूले नभगको लागि पैतृक सम्पत्ति न छुट्याइकन आफू आफूमा मात्रै बाँडफाँट गरे । जब उनी अध्ययन सकेर आए, अनि उनलाई पिता श्राद्धदेव (वैवस्वत मनु) कहाँ जान भने । नभग पनि पितासमीप गए र आफ्नो हिस्साको याचना गर्दा मनुले भने-

वैवस्वत मनु- हे पुत्र नभग ! तिमी ठगियौ । तिमी विद्वान् छौ । आफ्नो विद्वताको बलले जीवन यापन गर्न सक्छौ । त्यसैले चिन्ता नगर । आजदेखि अङ्गिरस गोत्रका विद्वान् ब्राह्मण यज्ञकर्म गर्दै छन् । उनीहरू प्रति छैटौं दिनको मन्त्र बिर्सिंदै गएका छन्, तिमी त्यहीँ जाऊ र विश्वदेवको दुईवटा सूक्त सुनाउनू, जसले गर्दा यज्ञ पूर्ण हुनेछ र खुसी भएर उनीहरूले तिमीलाई यज्ञशेष धन दिनेछन् र तिम्रो पनि कल्याण हुनेछ ।

त्यसपछि पिताजीको आज्ञालाई शिरोधार्य गर्दै नभग त्यो यज्ञमा गए । छैटौं दिनमा स्पष्ट मन्त्रको उच्चारण गरे । उनीहरू प्रसन्न भए । यज्ञ समाप्त भएपछि यज्ञशेष धन नभगलाई दिएर स्वर्गतिर गए ।

समाप्ते कर्मणि ततो विप्रा अङ्गिरसाश्च ते ।
तस्मै दत्त्वा ययुः स्वर्गं स्वं स्वं सत्रावशेषितम् ॥ २३ ॥

यज्ञको अवशिष्ट धन पाएर नभग खुसी भए । धन एकत्रित गर्न थाल्दा शिव कृष्णदर्शन रूपमा प्रकट भएर भने, 'यो धन त मेरो हो, तिमीलाई कसले पठायो ?

कृष्णदर्शन शिव- **कस्त्वं गृह्णासि पुरुष ममेदं वास्तुकं वसु ।**
प्रेषितः केन तत्सर्वं सत्यं वद ममाग्रतः ॥ २७ ॥

नभग- हे कृष्णदर्शन ! मेरो नाम नभग हो । मेरा पिता वैवस्वत मनुको आज्ञाले यो कार्य गरेको हुँ । ब्राह्मणहरूले खुसी भएर मलाई यज्ञशेष दिएर गएका हुन्, त्यसैले ग्रहण गर्दै छु ।

कृष्णदर्शन शिव- हे नभग ! हामी दुवैको विवादमा तिम्रा पिता प्रमाण भए त्यसैले गएर उनलाई सोध अनि निर्णय गरौंला ।

त्यसपछि नभग पिता वैवश्वत मनुसमीप आए । सम्पूर्ण घटना सुनाए । मनुले ध्यानदृष्टिले हेरे । स्वयं शिव नै कृष्णदर्शन वेशमा परीक्षार्थ आएका भन्ने पत्ता लगाए र पुत्रलाई भने-

मनु- **हे तात श्रृणुमद्वाक्यं स देव पुरुषः शिवः ।**
तस्यैव सकलं वस्तु यज्ञप्राप्तं विशेषतः ॥ ३४ ।

हे पुत्र नभग ! उनी साक्षात् शिव हुन् । सबै वस्तुको अधिकार शिवकै हुन्छ । त्यसमा पनि यज्ञबाट बचेको भाग रूद्रको नै मानिन्छ । त्यसैले शीघ्र जाऊ । क्षमायाचना गर । स्तुति गर र खुसी बनाऊ । पिताजीको कुरा सुनेर नभगले त्यसै गरे । शिव प्रसन्न भए । वरदान दिंदै यज्ञीय वस्तु पनि सबै प्रदान गरे ।

कृष्णदर्शन शिव- **महाज्ञानी भव त्वं हि सविप्रो नभग द्रुतम् ।**
गृहाण वस्त्विदं सर्वं मद्दत्तं कृपयाधुना ॥ ५२ ॥

त्यति मात्र होइन, इहलोकमा सुखानन्द भोगेर अन्त्यमा सद्गति प्राप्त गर्नेछौ भन्दै कृष्णदर्शन शिव अन्तर्ध्यान भए ।

उपसंहार

य एतच्चरितं प्रातः सायं च स्मरते सुधीः ।
कविर्भवति मन्त्रज्ञो गतिमन्ते लभेत्परम् ॥ ५९ ॥

यो अवतार भुक्तिमुक्तिप्रदायक, सर्वमनोरथप्रदायक छ । नित्य पढ्नाले विद्वान्, मन्त्रज्ञ भएर अन्तमा परमगति प्राप्त हुन्छ ।

अध्याय त्रिंश

शिवको अवधूत अवतार, इन्द्रको मानमर्दन, वृहस्पतिको 'जीव' नामकरण

(८०) अवधूत अवतार

इन्द्रको गर्वनाश गर्न शिवले यो अवतार लिएका थिए । वृहस्पतिको प्रार्थनाले अवधूत शिवले आफ्नो क्रोधाग्नि समुद्रमा फ्याँकेका थिए । त्यहींबाट जलन्धरको उत्पत्ति भएको थियो । जलन्धरको विषयमा द्वितीय रूद्रसंहिता अन्तर्गत युद्धखण्डमा विस्तृत व्याख्या गरिएको छ । यहाँ केवल अवधूत अवतार चरित्रको परिचय दिइएको छ ।

नन्दीश्वर- श्रृणु त्वं ब्रह्मपुत्राद्यावतारं परमेशितुः ।
अवधूतेश्वराह्वं वै शक्रगर्वापहारकम् ॥ १ ॥

हे सनत्कुमार ! एकपल्ट देवताहरूका साथमा गुरु वृहस्पति र इन्द्र शिवको दर्शन गर्न कैलास गए । शिवलाई थाहा हुनासाथ यिनीहरूको मानसिक भावको परीक्षा गर्न अवधूत दिगम्बर वेशमा मार्गलाई रोकेर बसे । मार्ग अवरूद्ध थियो । इन्द्रले अवधूतधारी शिवलाई चिनेनन् र अहङ्कारयुक्त भएर उनलाई सोध्दै भने-

इन्द्र- कस्त्वं दिगम्बराकारावधूतः कुत आगतः ।
किन्नाम तव विख्यातं तत्त्वतो वद मेऽचिरम् ॥ ८ ॥

हे अवधूत ! हामी शिवको दर्शन गर्न आएका हौं । उनी यहीं छन् कि बाहिर गएका छन् ? तिमी को हौ ? किन बाटो छेकेर बसेका छौ ? किन प्रश्नको उत्तर दिंदैनौ ? यसरी इन्द्रले बारम्बार प्रश्न गर्दा पनि अवधूत चूप नै रहे ।

इत्थं पुनः पुनः पृष्ट शक्रेण स दिगम्बरः ।
नोवाच किञ्चिद्भगवान् शक्रदर्पजिघांसया ॥ १३ ॥

इन्द्रलाई क्रोध आयो । तीन लोकका स्वामी आफूलाई उत्तर नदिएपछि घमन्ड र अभिमानले इन्द्र चुर-चुर भए र अवधूतलाई वध गर्न आफ्नो अमोघ वज्र उठाए । यता दिगम्बरले त्यो शक्तिशाली वज्रलाई स्तम्भित गरिदिए ।

वज्रहस्तं च तं दृष्ट्वा शक्रं शीघ्रं सदाशिवः ।
चकार स्तम्भनं तस्य वज्रपातस्य शङ्करः ॥ १७ ॥

त्यति मात्र होइन, दिगम्बरका आँखा क्रोधले राता भए । प्रज्वलित अग्निझैं कोपायमान भए । यस्तो भयावह स्थिति देखेपछि वृहस्पतिलाई थाहा भयो- यी त साक्षात् शिव हुन् ।

तुरुन्त दिगम्बरको शरणापन्न भएर स्तुति गर्न थाले ।

वृहस्पति- हे भोलेनाथ ! तपाईं शरणागतवत्सल हुनुहुन्छ । तपाईं शान्त हुनुहोस् । विष्णु, ब्रह्मादि पनि तपाईंको मायाद्वारा मोहित हुन्छन् । उनीहरू पनि तपाईंलाई राम्ररी जान्न सक्तैनन् । तपाईं प्रसन्न हुनुहोस् । इन्द्रलाई रक्षा गर्नुहोस् । आफ्नो क्रोधको अग्नि शान्त गर्नुहोस् । हामीले तपाईंको अपमान गर्‍यौं । हामीलाई क्षमा गर्नुहोस् ।

तुष्टो भव महादेव पाहीन्द्रं शरणागतम् ।
वह्निरेष समायाति भालनेत्र समुद्भवः ॥ २७ ॥

तपाईंको यो क्रोधाग्निलाई अन्यत्र स्थापना गरी इन्द्रलाई रक्षा गर्नुहोस् । आफ्नो 'भक्तवत्सल' नामलाई सार्थक तुल्याउनुहोस् ।

वृहस्पतिको प्रार्थनाले अवधूतधारी शिव प्रसन्न भए । इन्द्रलाई जीवनदानको प्रार्थना गरेकाले शिवले वृहस्पतिको नाम 'जीव' राखे ।

इन्द्रस्य जीवधानेन जीवेति त्वं प्रथां व्रज । ३४ ।

त्यसपछि शिवले आफ्नो क्रोधाग्निलाई लवण समुद्रमा फालिदिए, जसबाट एउटा बालक उत्पन्न भयो र पछि गएर त्यो जलन्धर नामले प्रसिद्ध भयो । यो जलन्धर समुद्रपुत्र भएर दैत्यको स्वामी, महापराक्रमी भयो र शिवले नै वध गर्नुपरेको थियो ।

क्षिप्तं च लवणाम्भोधौ सद्यो बालो बभूव ह ।
स जलन्धर नामाऽभूत् सिन्धुपुत्रोऽसुरेश्वरः ॥ ३७ ॥

उपसंहार

शिवको यो अवतार सज्जनलाई सुख र दुष्टलाई दण्ड दिने, तथा सबै खाले कामनापूर्ति गरी भुक्तिमुक्ति दिनेवाला हो ।

इदमाख्यानमनघं यशस्यं स्वर्ग्यमेव च ।
भुक्तिमुक्तिप्रदं दिव्यं सर्वकामफलप्रदम् ॥ ४३ ॥

अध्याय एकत्रिंश

शिवको भिक्षुवर्यावतार कथा, राजकुमार र द्विजकुमारमाथि कृपा

(८१) भिक्षुवर्यावतार

शिवको यो अवतार एक विधवा अनाथ ब्राह्मणी, उनको पुत्र र सत्यरथ राजाको नवजात पुत्रलाई अनुग्रह गर्न भएको हो यसमा यी सबैको पूर्वजन्म र यस जन्मको समेत जानकारी दिइएको छ ।

नन्दीश्वर- अथ वक्ष्ये मुनिश्रेष्ठ शम्भोः शृण्ववतारकम् ।
स्वभक्तदयया विप्र नारीसन्देहभञ्जकम् ॥ १ ॥

हे सनत्कुमार ! सत्यरथ विदर्भ देशको राजा थियो । यो सत्यवादी, धर्मात्मा र शिवभक्त थियो । एकपल्ट शाल्व राजाका सैनिकले यिनको राज्यमा आक्रमण गरे । घनघोर युद्ध भयो । अन्ततोगत्वा सत्यरथ मारिए । यिनकी पत्नी गर्भवती थिइन् । आफ्नो ज्यान बचाउन राती, शिवस्मरण गर्दै पूर्वदिशातर्फ भाग्दै गइन् । उज्यालो हुँदा एउटा सरोवरको समीप पुगिन् । शरीर रातभरि हिँडेर थाकेको थियो । चोरैतर्फबाट भय व्याप्त थियो । विश्राम गर्दै खिन्न भएकी थिइन्, त्यति नै बेला एकाएक प्रसववेदना सुरु भयो र त्यहीँ दिव्य बालकलाई जन्म दिइन् ।

तत्र दैववशाद्राज्ञी मुहूर्ते सद्गुणान्विते ।
असूत तनयं दिव्यं सर्वलक्षणलक्षितम् ॥ ११ ॥

नवजात शिशुलाई त्यहीँ छोडेर तिर्खा मेटाउन सरोवरसम्म घिस्रिँदै मुस्किलले पुगिन् र पानी पिउन थालिन् । केही हल्का महसुस गरिन् । फर्किन लाग्दा पछाडिबाट गोहीले आक्रमण गर्‍यो र उनलाई निल्यो । यता बालक मातापिताविहीन निर्जन स्थानमा रून कराउन थाल्यो ।

अन्तर्यामी शिवले, एक विधवा भिखारिनी ब्राह्मणीलाई प्रेरित गरे । उनको पनि एक वर्षको बालक थियो । प्रेरित विधवा शिशुसमीप पुगिन् । सालनाल पनि नकाटेको शिशुलाई देखेर दया लाग्यो तर कसको सन्तान हो ? कुलगोत्र नजानीकन छुने सहस आएन । त्यति नै बेला शिव श्रेष्ठ साधु भिक्षु बनेर प्रकट भए र ब्राह्मणीलाई त्यो बालकको पालनपोषण गर्नु भने-

भिक्षु शिव- सन्देहं कुरु नो चित्ते विप्रभामिनि मा खिद ।
रक्षैनं बालकं प्रीत्या सुपवित्रं स्वपुत्रकम् ॥ २७ ॥

हे ब्राह्मणी ! यो बालक तेजस्वी छ । यसलाई पुत्र मानेर भरणपोषण गर । तिम्रो कल्याण हुनेछ ।

ब्राह्मणी- हे भिक्षु ! तपाईं को हो ? यो कसको बालक हो ? यसका मातापिता कहाँ छन् ? किन यो अनाथ भयो ? सबै थोक बताइदिनु भएमा तपाईंले भने अनुसार म यसको पालनपोषण गर्नेछु मेरो सन्देहलाई पहिले समाधान गर्नुहोस् ।

कोऽयं कस्य सुतश्चायं कस्त्वमत्र समागतः । ३१ ।

भिक्षुवर्य- हे ब्राह्मणी ! यो बालकको पिता विदर्भ देशको राजा सत्यरथ थियो जसलाई शाल्बले हत्या गर्‍यो । मातालाई भर्खरै गोहीले निल्यो । त्यसैले यो अनाथ भएको हो ।

भिक्षुद्वारा पूर्वजन्मको वृत्तान्त वर्णन

सत्यरथ राजा पहिलो जन्ममा पाड्य देशको राजा थियो । शिवभक्त थियो । त्रयोदशी व्रत निराहार गर्दथ्यो । एकपल्ट प्रदोषको समयमा शिवपूजा गरिरहेको थियो, त्यसै बेला महाबली मन्त्रीले सामन्त राजाहरूलाई पक्रेर ल्याए । यो देखेर शिवपूजा समापन नगरी पूजालाई बिचैमा छोडेर सामन्त राजाहरूको शिर काटिदियो र रात्रिमा भोजन पनि गऱ्यो । यही कारणले यो जन्ममा सुखभोगका समयमा मर्नु पऱ्यो ।

असमाप्येशपूजां तामशुचिर्नष्टधीर्नृपः ।
रात्रौ चकार सुप्रीत्या भोजनं नष्टमङ्गलः ॥ ५४ ॥

यस बालककी माताले पहिलो जन्ममा आफ्नी सौतालाई छल गरेर मारेकी थिइन्, त्यसैले यो जन्ममा असमयमा नै गोहीले निल्न पुग्यो ।

अस्य माता पूर्वभवे सपत्नी छद्मनाऽहरत् । ५७ ।

अब तिम्रो पनि वृत्तान्त भन्छु, सुन- यो तिम्रो पुत्र पहिलो जन्ममा पनि तिम्रै पुत्र थियो । उत्तम र श्रेष्ठ विद्वान् ब्राह्मण थियो । ऊ दान लिन्थ्यो तर यसले कहिल्यै यज्ञ या सत्कर्म गरेन । दान लिई सकेपछि सत्कर्म गर्नुपर्छ । त्यसैले तिमी दरित्र भयौ-

अतो दरिद्रमापन्नः पुत्रस्ते द्विजभामिनी । ६० ।

अब यी सबै दोषलाई निवारण गर्न तिमीले शिवशरणमा जानुपर्दछ । यस बालकको उपनयन संस्कार भएपछि शिवले कल्याण गर्नेछन् । यति भनेपछि भिक्षुवर्यले आफ्नो स्वरूप देखाए । भिक्षुवर्य नै साक्षात् शिवको रूपमा देखेपछि अनाथ ब्राह्मणी सनाथ एवं कृतकृत्य भइन् । स्तुति गरिन् । बारम्बार प्रणाम गरिन् । त्यसपछि शिव अन्तर्ध्यान भए ।

यता नवजात बालकको नाम 'धर्मगुप्त' राखियो । उसलाई ब्राह्मणीले आफ्नो 'एकाचक्र' नगरीमा लगिन् । आफ्नो पुत्र उसको भाइ भयो । समय आएपछि उपनयन संस्कार भयो । शाण्डिल्य मुनिले दीक्षा दिए । प्रतिदिन गुरुआज्ञा पालन गर्दै प्रदोषकालमा शिवपूजन गर्न थाल्यो । पछि एक गन्धर्वकन्यासँग बालकको विवाह भयो र विदर्भ देशको राजा भएर लामो समय प्रजा पालन गरी अन्तमा शिवधाम प्राप्त गऱ्यो ।

उपसंहार

यो भिक्षुवर्य अवतार सत्यरथ राजपुत्र 'धर्मपुत्र' लाई सुख दिनका लागि भएको थियो । यो पवित्र आख्यान सुन्दा-सुनाउँदा सबै प्रकारको सुखशान्तिसहित अन्तमा शिवपुर प्राप्ति हुन्छ ।

अध्याय द्वात्रिंश

शिवको सुरेश्वर अवतार, उपमन्युलाई उत्तम वर प्रदान

(८२) सुरेश्वर अवतार

शिवको यो अवतार उपमन्यु मुनिको परीक्षार्थ भएको थियो । सुरेश्वरले आफ्नो रूप देखाएर उपमन्युलाई आफ्नो पुत्र स्वीकार गरी अनेक वर दिएर सन्तुष्ट गरेका थिए ।

नन्दीश्वर- श्रृणु तात प्रवक्ष्यामि शिवस्य परमात्मनः ।
सुरेश्वरावतारस्ते धौम्यग्रज हितावहम् ॥ १ ॥

उपमन्यु व्याघ्रपाद मुनिको पुत्र तथा धौम्यका अग्रज थिए । यिनी बाल्यकालमा मामाको घरमा रहेका थिए । उपमन्यु जब सानै उमेरका थिए, दुध पिउने इच्छा मातासँग गरे । माताले पनि 'उञ्छवृत्ति' द्वारा आएको गहुँलाई पिसेर कृत्रिम दुध बनाइन् र पिउन दिइन्, तर उनी 'यो दुध होइन' भन्दै रून थाले ।

उपमन्यु माता- हे पुत्र ! हामी वनवासीले दुध कहाँबाट पाउनु ? शिवको कृपाविना दुध पाउन सम्भव पनि छैन । पूर्वजन्ममा ज-जसले शिवलाई लक्ष्य गरी आराधना गरेका थिए, उनीहरूलाई नै यस जन्ममा फल मिल्दछ ।

पूर्वजन्मनि यत्कृत्यं शिवमुद्दिश्य हे सुत ।
तदेव लभते नूनं नात्र कार्या विचारणा ॥ १० ॥

माताको वचनले उपमन्यु शिवप्राप्तिका लागि तपस्यार्थ उद्यत भए । यदि महादेव छन् भने ढिलो या चाँडो उनलाई प्रसन्न गरेरै छोड्नेछु भन्दै उपमन्यु हिमालय पर्वतमा गए । शिवलिङ्ग स्थापना गरे । वायु आहार, एकाग्रचित्त र पञ्चाक्षर मन्त्र (ॐ नमः शिवाय) ले पूजार्चना गरी पार्वतीसहित शिवको ध्यान गरी घोर तपस्यारम्भ गरे ।

ध्यात्वा शिवं च तं साम्बं जपन्पञ्चाक्षरं मनुम् ।
समभ्यर्च्य चिरं कालं चचार परमं तपः ॥ १७ ॥

त्यसपछि शिवले उपमन्युको परीक्षा गर्न स्वयं सुरेश्वर (इन्द्र) को रूप धारण गरे । पार्वतीले शचिको रूप धारण गरिन् र वृषभले ऐरावतको रूप तथा अन्य गणहरूले देवताको रूप धारण गरी उपमन्युको तपस्थलीमा गएर भने-

सुरेश्वर- तुष्टोऽस्मि ते वरं ब्रूहि तपसाऽनेन सुव्रत । २३ ।

तिम्रो तपस्याबाट प्रसन्न भई वर दिन आएको हुँ । वर माग ।

उपमन्यु- यदि वरदान दिन आउनुभएको हो भने मलाई शिवचरणको भक्ति दिनुहोस् ।

सुरेश्वर- हे ब्रह्मर्षि ! तिमीले देवताहरूको स्वामी म इन्द्रलाई चिनेनौ ? तिमी मेरो भक्त बन । म सबै थोक तिमीलाई प्रदान गर्नेछु । निर्गुण शिवलाई छोडिदेऊ । उनी त देवजातिबाट अलग भएर पिशाच भइसकेका छन् ।

रूद्रेण निर्गुणेनालं किं ते कार्यं भविष्यति ।
देवजातिबहिर्भूतो यः पिशाचत्वमागतः ॥ २७ ॥

शिवनिन्दा सुनेपछि उपमन्युले आफ्नो जपतपको धर्ममा विघ्न सम्झेर फेरि भन्न थाले ।

उपमन्यु- हे इन्द्र ! शिवको अतिरिक्त कसैसँग वर माग्दिनँ । शिव सबै देवताभन्दा माथि भएकाले उनी निर्गुण भएका हुन् । सायद पूर्वजन्ममा मैले अक्षम्य पाप गरेको थिएँ होला । त्यसैले तपस्यारत अवस्थामा शिवनिन्दा सुन्नुपऱ्यो । शिवनिन्दा सुनेर तत्काल शरीर त्यागिदिनाले शिवलोक प्राप्त हुन्छ र अब शरीर त्यागेर नै म कार्य पूरा गर्नेछु ।

श्रुत्वा निन्दां भवस्याथ तत्क्षणादेव सन्त्यजेत् ।
स्वदेहं तन्निहत्याशु शिवलोकं स गच्छति ॥ ३७ ॥

यद्यपि मेरो दुध पिउने इच्छा थियो, तर तिमीलाई शिवको अस्त्रले मारेर मात्रै म आफ्नो शरीर छोड्छु भन्दै यज्ञकुण्डबाट भस्म लिएर अघोर अस्त्रले अभिमन्त्रित गरी इन्द्रतिर प्रहार गरे र शिवचरणको ध्यान गरी अग्निलाई स्मरण गर्दै शरीर भस्म गर्न तत्पर भए ।

यता अघोर अस्त्रलाई नन्दीले पक्रिए । सुरेश्वर शिवको रूपमा प्रकट भए । अनेक क्षीरकुण्ड, भक्ष्य-भोज्य देखाएर भने-

शिव- हे पुत्र उपमन्यु ! यो सबै मैले तिम्रो दृढ भक्तिको परीक्षाका लागि गरेको थिएँ । तिमी परीक्षामा उत्तीर्ण भयौ ।

दृढभक्तोऽसि विप्रर्षे मया जिज्ञासितोऽधुना । ५० ।

आजदेखि तिमीलाई पुत्र रूपमा स्वीकार गरैं । तिम्री माता पार्वती भइन् । तिमी सधैं कुमार रहनेछौ । तिमीलाई अमरत्व र स्थायी गणपति पद पनि दिन्छु । आजदेखि दुःखरहित अजर-अमर होऊ । यशस्वी, तेजस्वी, दिव्यज्ञानी, तथा महाप्रभु बन । तिमीलाई पाशुपतव्रत ज्ञान, व्रतयोग र वक्तृत्वशक्ति पनि प्रदान गर्दछु ।

अमरत्वं तथा दत्तं गाणपत्यं च शाश्वतम् । ५४ ।

साक्षात् शिवको वाणीले उपमन्यु कृतकृत्य भए । स्तुति गाए, प्रणाम गरे । आफ्नो दोषका लागि क्षमा याचना गरे, अनि चिरस्थायी भक्ति र नित्य सान्निध्यको याचना गरे । शिवले उनको कुल, गोत्र, बन्धुबान्धवलाई अक्षयपद प्रदान गरे र उनको आश्रममा सदा रहने वचन

दिएर त्यहीँ अन्तर्ध्यान भए ।

उपमन्यु प्रसन्न भएर घर फर्किए अनि सम्पूर्ण वृत्तान्त स्वजनलाई सुनाए ।

उपसंहार

इदमाख्यानमनघं सर्वकामफलप्रदम् ।
स्वर्ग्यं यशस्यमायुष्यं भुक्तिमुक्तिप्रदं सताम् ॥ ७७ ॥

यो चरित्र पढ्दा, सुन्दा, सुनाउँदा भुक्तिमुक्ति र शिवसायुज्य प्राप्ति हुन्छ ।

अध्याय त्रयस्त्रिंश, चतुस्त्रिंश, पञ्चत्रिंश

शिवको जटिल ब्रह्मचारी, सुनर्तक नट, साधुवेश ब्राह्मण अवतार

नन्दीश्वर- हे सनत्कुमार ! यी तीनवटै शिवका अवतार पार्वतीसँग विवाह हुनुभन्दा पहिले हिमालय र पार्वतीको परीक्षा लिन भएका थिए । यिनीहरूको कथा पनि पार्वतीको विवाह प्रसङ्गमा वर्णन भइसकेको छ, अर्थात् रूद्रसंहिताको पार्वती खण्डभित्र उल्लेख गरिएको छ । पुनरूक्ति र ग्रन्थ विस्तार भयले यहाँ सङ्क्षेपमा वर्णन गरिएको छ ।

(८३) जटिल ब्रह्मचारी अवतार

दक्षकन्या सतीले जब हिमालय-मेनकापुत्री पार्वती भएर जन्म लिइन् तब नारदजीसँग दीक्षा लिएर तपस्या गर्न गइन् । शिव नै पति रूपमा प्राप्त होउन् भन्ने अभिलाषा राखी तपस्या गर्न थालिन् । शिवले परीक्षार्थ पहिले सप्तर्षिलाई पठाए अनि स्वयं जटिल तपस्वी ब्रह्मचारी वेशमा पार्वतीको तपस्थली गएर परीक्षा लिन थाले ।

ब्रह्मचारी शिवले त्यति बेला शिवलाई छोडेर अन्य सुकुमारलाई वरण गर्ने सल्लाह दिँदै शिवको निन्दा गरे । शिवनिन्दा सुनेर पार्वती क्रोधित भइन् । ब्राह्मण अवध्य भएकाले तपस्यामा विघ्न उपस्थित भयो भनी त्यो तपक्षेत्र छोडेर अन्यत्र जान तयार हुँदा शिवले आफ्नो रूप देखाएर वरदान माग्न आग्रह गरे । पार्वती प्रसन्न भइन् र शिवलाई पतिका रूपमा पाऊँ भनी वर मागिन् ।

यदि प्रसन्नो देवेश ! करोषि च कृपां मयि ।
पतिर्मे भव देवेश ! इत्युक्तः शिवया शिव ॥ ३३-६२ ॥

पछि शिवले पार्वतीको वरदान पूरा गरी उनीसँग विवाह गरे ।

(८४) सुनर्तक नट अवतार

तपस्थलीमा शिवले पार्वतीलाई स्विकारे । त्यसपछि पार्वतीले मातापितासँग गएर पाणिग्रहणको याचना गरी गृहस्थाश्रमलाई धन्य गर्ने प्रार्थना गरिन्, अनि शिवले उक्त अवतार धारण गरी हिमालयको घर गए । त्यस बेला मेना घरमा थिइन् । हिमालय गङ्गास्नान गर्न गएका थिए । सुनर्तक नट शिवको बायाँ हातमा शृङ्गी र दायाँ हातमा डमरु थियो । पिठमा रातो रङ्को गुदडी र वेश पनि नटको थियो । उनले त्यहाँ नाचगान गरे । यो नाचगान हेर्न-सुन्न पूरै नगरवासी एकत्रित भएका थिए ।

शिवको नटावतार नृत्यले सबै मोहित भए । आनन्दपूर्वक नृत्य हेरे । अन्त्यमा मेनाले सुवर्ण पात्रमा दानका अमूल्य रत्न र वस्तुहरू सजाएर नटलाई दिन आइन्, तर नटले भिक्षामा आफ्नी पुत्री पार्वतीलाई मागे ।

तानि न स्वीचकारासौ भिक्षां काङ्क्षे शिवां च ताम् । ३४-२४ ।

यसबाट मेना क्रोधित भइन् । नटलाई भगाउने आज्ञा दिइन् । त्यति नै बेला हिमालय पनि आए । सम्पूर्ण वृत्तान्त सुनेर उनी पनि कुपित भए । नटलाई बाहिर लैजाने आज्ञा दिए ।

उनलाई कसले बाहिर भगाउन सक्तथ्यो ? उनी स्वयं जान तयार भए । जाँदाजाँदै उनले ब्रह्मा-विष्णु-सूर्य-शिव-आदिको रूप देखाएका थिए ।

शैलो ददर्श तं तत्र विष्णु रूप धरं द्रुतम् ।
ततो ब्रह्मस्वरूपं च सूर्य रूपं ततः क्षणात् ॥ ३४-३० ॥

यसरी हिमालय-मेना शिवको नट रूपबाट ठगिएपछि उनीहरूलाई अपूर्व शिवभक्ति भयो र आफ्नी सुपुत्री पार्वतीको विवाह शिवसँग धुमधामले गरिदिए ।

(८५) साधुवेशी ब्राह्मण अवतार

यो अवतार देवताहरूले शिवलाई अनुरोध गरेर भएको थियो । शिवले साधु वेशमा हिमालयको घरमा गएर शिवनिन्दा गरेका थिए ।

शिवले त्यस समयमा दण्ड-क्षत्र, दिव्य साधुवेश, वस्त्र, उज्ज्वलतिलक, स्फटिक माला, गलामा शालिग्राम धारण गरेर गएका थिए । आफ्नो परिचय दिने क्रममा उनले भनेका थिए, 'म मेरा गुरूको बलले त्रिकालज्ञ, भविष्यज्ञाता र सर्वत्र गतिमान् छु ।' अन्तिममा भने-

हे हिमालय ! आफ्नी लक्ष्मीसदृश कन्या घरबारविहीन, सधैं एक्लै बस्ने, विकृत रूपाकृति, गुणरहित, अविनाशी, श्मसानवासी, विषालु सर्पले बेरिएका, दिगम्बर, भस्मधारी, आश्रमरहित, अज्ञात व्यक्तिलाई पाणिग्रहण गर्दछौ अरे । तिमीले यस्तो निर्णय गर्नु उचित लागेन, किनकि तिमी नारायणकुलमा उत्पन्न भएका, दानमानले सम्मानित छौ । सुयोग्य कन्या सुयोग्य वरलाई दिनु उचित हुन्छ भनेर भड्काए । त्यसपछि साधुवेशी ब्राह्मणको कुरा सुनेर

हिमालय दम्पतीको मन विपरीत भयो । विवाह नगर्ने स्थितिमा पुगेपछि नारदजी र स्वयं पुत्री पार्वतीको दृढ प्रतिज्ञाले शिवसँग विवाह भयो ।

अध्याय षट्त्रिंश

शिवको अश्वत्थामा अवतार वर्णन

(८६) अश्वत्थामा अवतार

द्रोणाचार्यको तपस्याबाट प्रसन्न भएर शिवले उनलाई वरदान दिँदा उनकै पुत्र बनी जन्मेका थिए । यही सन्दर्भमा अश्वत्थामा अवतार भएको थियो । यिनले अनेक लीला गरे । द्रोणाचार्यको मृत्यु सुन्नासाथ पाण्डवरहित पृथ्वीको सङ्कल्प गरे र पाण्डवको एकमात्र वंश रक्षक उत्तराको गर्भमा ब्रह्मास्त्र छोडेका थिए ।

नन्दीश्वर- हे सनत्कुमार ! अब अश्वत्थामाको अवतार सुन । वृहस्पतिको अंशबाट भरद्वाज मुनि भए । उनका अयोनिज पुत्र द्रोणाचार्य हुन् । यिनले कौरव तथा पाण्डवलाई धनुर्वेद आदि शस्त्रास्त्र सम्बन्धी शिक्षा प्रदान गरेका थिए । यिनी समस्त शास्त्रका ज्ञाता, महातेजस्वी र कौरव कुलका आचार्य थिए ।

द्रोणाचार्यले कौरवहरूलाई सहायता गर्नका लागि पराक्रमी पुत्रप्राप्तिको इच्छा राखी शिवलाई लक्ष्य गरी लामो समयसम्म कठोर तपस्या गरे । त्यसपछि शिव प्रसन्न भए र वर माग्न भने ।

द्रोणाचार्य- **स्वांशजं तनयं देहि सर्वाजेयं महाबलम् । १० ।**

हे प्रभो ! अजेय तथा महाबली तपाईंको अंशज पुत्र दिनुहोस् ।

शिवले तथास्तु ! भनी वरदान दिए । समय आएपछि द्रोणाचार्यकी पत्नीबाट शिव अंश रूपले जन्मिए र भूलोकमा 'अश्वत्थामा' नामले प्रसिद्ध भए ।

अथावसरमासाद्य रुद्रः सर्वान्तकः प्रभुः ।
स्वांशेन तनयो जज्ञे द्रोणस्य च महाबलः ॥ १३ ॥

अश्वत्थामा महाबली थिए । उनलाई प्राप्त गरेपछि कौरव देवताद्वारा पनि अजेय भएका थिए । पछि श्रीकृष्णका उपदेशले अर्जुनले शिवको कठोर तप गरी शिवसँग अस्त्र प्राप्त गरेर अश्वत्थामामाथि विजय प्राप्त गर्न सफल भएका थिए ।

पिता द्रोणाचार्यको वधपश्चात् अश्वत्थामाले पाण्डवरहित पृथ्वी बनाउन पहिले पाण्डवपुत्रहरूको संहार गरे । पुत्रशोकले तड्पिएका पाण्डवले यिनलाई आक्रमण गर्दा यिनले प्रतिरक्षार्थ

'ब्रह्मशिर' नामक अस्त्र छोडे, जसले गर्दा दशै दिशामा तेज फैलियो, अनि श्रीकृष्णको सहायताले शिवको ध्यान गरी अर्जुनले 'शैवास्त्र' ले शमन गरेका थिए ।

यद्यप्यस्त्रं ब्रह्मशिरस्त्वमोघं चाप्रतिक्रियम् ।
शैवास्त्रतेजसा सद्यः समशाम्यन्महामुने ॥ ३० ॥

त्यसपछि अश्वत्थामाले अभिमन्युपत्नी उत्तराको गर्भमा ब्रह्मास्त्र छोडे । त्यसबेला श्रीकृष्णले शिवको ध्यान गरी सुदर्शन चक्रले गर्भको रक्षा गरे । यो अस्त्र पाण्डवरहित पृथ्वी बनाउन चलाइएको थियो ।

अथ द्रौणिरिदं विश्वं कृत्स्नं कर्तुमपाण्डवम् ।
उत्तरागर्भगं बालं नाशितुं मन आदधे ॥ ३३ ॥

यसरी उनले धराधाममा अनेक लीला गरे । अजर-अमर भएकाले आज पनि गङ्गाजीको तटमा अश्वत्थामा विराजित छन् ।

त्रैलोक्यसुखदोऽद्यापि वर्तते जाह्नवीतटे ।

उपसंहार

यो शिवको अवतार पठन वा श्रवण मात्रले सबैखाले सिद्धि, भुक्ति र मुक्ति प्राप्त भई अन्त्यमा शिवपुरको अधिकारी बनाउँछ ।

अध्याय सप्तत्रिंश, अष्टत्रिंश, एकोनचत्वारिंशत्, चत्वारिंशत्, एकचत्वारिंशत्

शिवको किरात अवतार वर्णन

(८७) किरात अवतार

शिवको यो अवतार अर्जुनको दृढ भक्तिलाई परीक्षा गर्न र पाशुपतास्त्रसहित सङ्ग्राम विजय हुन, आशीर्वाद दिनलाई भएको थियो । यसै प्रसङ्गमा 'मूक' दैत्य जसलाई दुर्योधनले अर्जुनको वध गर्न पठाएको थियो, त्यसैको वध गर्ने क्रममा किरातवेशी शिव प्रकट भएका थिए । यी पाँच अध्यायमा यही सन्दर्भ समेटिएको छ ।

नन्दीश्वर- **श्रृणुप्राज्ञ किराताख्यमवतारं पिनाकिनः ।**
मूकं च हतवान्प्रीतो योऽर्जुनाय वरं ददौ ॥ ३७-१ ॥

हे सनकादि सनत्कुमार ! द्यूतक्रीडामा हारेपछि पाण्डवहरू द्रोपदीसहित द्वैतवनमा वनवास जीवन यापन गर्न सर्त अनुसार गए । सूर्यदेवले दिएको 'अक्षयपात्र' को सहारा लिई समय

व्यतीत गर्न थाले । यसै समयमा दुर्योधनले द्रौपदीले भोजन गरेपछि पुगेर भोजनको याचना गर्नु भनी दुर्वासालाई दशहजार शिष्यसहित पठाएका थिए, किनभने द्रौपदीले पनि भोजन गरेपछि त्यो 'अक्षयपात्र' बाट अर्को दिन नहुन्जेलसम्म भोजन गराउन सकिँदैनथ्यो र क्रोधमा आएर दुर्वासाले श्राप दिनेछन् भन्ने नीच भावनाले दुर्योधनले पठाएको थियो, तर श्रीकृष्णको कृपाले अक्षयपात्रको कुनामा रहेको पात खाएर शिष्यसहित दुर्वासालाई सन्तुष्ट गराएका थिए ।

त्यसपछि श्रीकृष्णले पाण्डवलाई शिवको आराधना गर्न उपदेश दिए र भने, 'म आफैँले उपमन्युसँग दीक्षा लिएर ६ महिनासम्म वटुक पर्वतमा शिवको आराधना गरी उत्तम शक्ति प्राप्त गरी अनेक शत्रुहरूलाई समय-समयमा परास्त गर्दै द्वारिकामा रहँदै आएको छु । त्यसैले तिमीहरू पनि यो वनवास कालमा शिवको आराधना गरी शक्ति सञ्चय गर ।'

यूयं सेवत तं शम्भुमपि सर्वसुखावहम् । ३७-१६ ।

व्यासद्वारा अर्जुनलाई शक्रविद्या र पार्थिव पूजनको उपदेश

श्रीकृष्ण द्वारिका फर्किएपछि व्यासजी पाण्डवहरूसँग भेट्न आए । व्यासजीको दर्शन गर्नासाथ दुःखी पाण्डवले आनन्दको अनुभव गरे किनभने महापुरूषहरूको स्वभाव कल्पवृक्षको झैँ हुन्छ ।

महतां च स्वभावोऽयं कल्पवृक्षसमो मतः । ३७-३० ।

त्यसपछि पाण्डवद्वारा शिवाराधना कसरी गर्ने भनेर सोधेपछि व्यासजीले यस कार्यका लागि अर्जुन योग्य हुनेछन् भन्दै उनलाई शक्रविद्याको जप गर्न आज्ञा दिँदै भने, 'यो जप गरेपछि स्वयं इन्द्रले नै तिमीलाई शिवाराधना सम्बन्धी उपदेश दिनेछन् । त्यसपछि पार्थिवलिङ्गको पूजाविधि बताएर 'इन्द्रकील' पर्वतमा गएर तपस्या गर्न सल्लाह दिए ।

व्यास- **इतो गच्छाधुना पार्थ इन्द्रकीले सुशोभने ।**
जाह्नव्याश्च समीपे वै स्थित्वा सम्यक् तपः कुरु ॥ ३७-६५ ।

अर्जुनले इन्द्रकील पर्वतमा गएर तपस्या प्रारम्भ गर्नु

पाण्डवहरू भविष्यदेखि चिन्तित थिए, त्यसैले अर्जुनलाई तपस्या गर्न पठाए । यद्यपि उनीहरू भने वियोग हुन चाहदैनथे । यसै बिचमा व्यासजीले वियोगी महापुरूषहरूका चरित्र सुनाए, जसमा निषधराज हरिश्चन्द्र र श्रीरामका चरित्र थिए । अन्तमा सान्त्वना दिँदै भने, 'प्रतिदिनको कार्यले आयु क्षीण हुँदै जान्छ र अन्तमा मृत्यु हुन्छ, जो सबैभन्दा दुःखदायी हो । त्योभन्दा पनि दुःखदायी नरकयात्रा हो, त्यसैले सत्यस्वरूप शिवको चिन्तन, मनन गर्नाले नरकादि जानु पर्दैन ।

तस्मादिदमसत्यं च त्वं तु सत्यं समाचर ।

येनैव तुष्यते शम्भुस्तथा कार्यं नरेण च ॥ ३८-२६ ॥

उता दृढव्रती अर्जुन पनि इन्द्रकील पर्वतमा गएर तपस्या गर्न थाले । पार्थिवलिङ्ग निर्माण गरी पूजार्चना एवं ध्यान गर्न थाले । यसै बिचमा इन्द्रका गुप्तचरले तपस्यारतको विषयमा सूचना दिए, अनि इन्द्र वृद्धब्राह्मणको रूपमा परीक्षा गर्न गए ।

स वृद्धब्राह्मणो भूत्वा ब्रह्मचारी शचीपतिः ।
जगाम तत्र विप्रेन्द्र परीक्षार्थं हि तस्य वै ॥ ३८-३९ ॥

इन्द्रले पहिले परीक्षा लिए अनि आफ्नो स्वरूप देखाएर वरदानका लागि प्रेरित गरे । त्यसपछि अर्जुनले भने, 'शत्रुहरूद्वारा पीडित मलाई विजयी हुने वरदान दिनुहोस् ।'

इन्द्र- बलिष्ठाः शत्रवस्ते च दुर्योधनपुरः सराः ।
द्रोणो भीष्मश्च कर्णश्च सर्वे ते दुर्जया ध्रुवम् ॥ ३८-५३ ॥

हे अर्जुन ! अश्वत्थामा स्वयं शिवको अंशबाट उत्पन्न भएका हुन् । द्रोणाचार्य, भीष्मपितामह, कर्ण यी सबै एकसेएक बलशाली छन् । यी सबैलाई जित्न म त सक्दिनँ भने तिमीहरू कसरी विजयी हुनेछौ ? त्यसैले अब तिमी शिवको आराधना गर । उनले नै रक्षा गर्नेछन् । पार्थिवपूजन सहित पञ्चाक्षर मन्त्र साधना गर । यसबाट अचल सिद्धि मिल्नेछ । यति भनेर इन्द्र बिदा भए ।

धैर्यं धार्यं साधकेन सर्वथा रक्षकः शिवः ।
सम्पत्तिश्च फलं तुभ्यं दास्यते नात्र संशयः ॥ ३८-६३ ॥

अर्जुनको कठोर तपारम्भ, दुर्योधन प्रेषित 'मूक' दैत्यको आगमन

त्यसपछि अर्जुनले शिवलाई प्रसन्न गर्न कठोर तप आरम्भ गरे । मनलाई नियन्त्रण गरेर ध्यानयोगमा बसी एक पाउको भरमा उभिएर सूर्यतिर दृष्टि केन्द्रित गरी पञ्चाक्षर मन्त्रको जपारम्भ गरे ।

एकपादतलेनैव तिष्ठन्मुनिवरो यथा ।
सूर्ये दृष्टिं निबध्यैकां मन्त्रमार्वतयन् स्थितः ॥ ३९-२ ॥

अर्जुनको तपस्याजन्य तेजले देवताहरू दग्ध हुन थाले । त्यसैले कैलास गएर शिवसँग वरदान दिनका लागि प्रार्थाना गरे । शिवले देवताहरूलाई सान्त्वना दिएर भने, 'तिमीहरूको कार्य शीघ्र पूरा हुनेछ । केही समय प्रतीक्षा गर र अहिले तिमीहरू आफ्नो धाम जाओ ।

यता 'मूक' दैत्यलाई दुर्योधनले अर्जुनको वध गर्नका लागि पठाएको थियो । 'मूक' दैत्यले जङ्गली बँदेलको रूप धारण गरी अर्जुनको तपस्थलीमा पुग्यो । ऊ पर्वत शिखर तथा अनगिन्ती वृक्षलाई लछारपछार गर्दै अनेक शब्दहरूको गर्जना गर्दै त्यहाँ पुगेको थियो, जसलाई देखेर अर्जुन चिन्तित भए र शिवको ध्यान गर्न थाले ।

अर्जुनोऽपि च तं दृष्ट्वा मूकनामासुरं तदा ।
स्मृत्वा शिवपदाम्भोजं विचारे तत्परोऽभवत् ॥ ३९-१३ ॥

बँदेल रूपमा आएको मूकलाई देखेर अर्जुन विचार गर्न थाले

अर्जुन सोच्दै गए, 'यो हिंसा गर्न उद्यत को हो ? कहाँबाट आएको हो ? पक्कै पनि मलाई मार्न आएको हो, किनकि यसलाई देख्नासाथ मेरो मन दूषित, कलुषित हुन पुग्यो । पक्कै पनि यो मेरो शत्रु हुनुपर्छ । आज मसँग बदला लिन आएको हुनुपर्छ । त्यसै पनि मित्र मिलनले सुखद अनुभूति र शत्रु मिलनले दुःखद अनुभूति गराउँछ ।

यस्मिन्दृष्टे प्रसीदेत्स्त्वं मनः स हितकृद् ध्रुवम् ।
यस्मिन्दृष्टे तदेव स्यादाकुलं शत्रुरेव सः ॥ ३९-१७ ॥

त्यसै गरी आचारले कुलको ज्ञान, शरीरले भोजन, वाणीले शास्त्र ज्ञान र नेत्रले प्रेम या वैरभाव बताउँछ । आकार, गति, चेष्टा, भाषण, आँखा, मुख आदिको विकृतिले मनको भाव जानिन्छ । नेत्र मिलन पनि चार प्रकारको हुन्छ जस्तो मित्रको संयोगमा नेत्र उज्ज्वल हुन्छ । पुत्र दर्शनमा सरस, कामिनी संयोगमा वक्र (तेर्सो) र शत्रु संयोगमा नेत्र रातो हुन्छ ।

उज्ज्वलं मित्रसंयोगे सरसं पुत्र दर्शने ।
वक्रं च कामिनीयोगे आरक्तं शत्रुदर्शने ॥ ३९-२१ ॥

यो बँदेललाई देखेर मेरा सबै इन्द्रियहरू कलुषित हुँदै गए त्यसैले निःसन्देह यो शत्रु नै हुनुपर्छ । जसले दुःख दिन्छ त्यसलाई मार्नु नै उचित हुन्छ भन्दै अर्जुनले बाणको सन्धान गरी तयार भए ।

शिव किरात वेशमा प्रकट, अर्जुन र किराँतले बँदेलको वध गर्नु

एतस्मिन्नन्तरे तत्र रक्षार्थं ह्यर्जुनस्य वै ।
तद्भक्तेश्च परीक्षार्थं शङ्करो भक्तवत्सलः ॥ ३९-२५ ॥

शिव मील (किरात) को भयङ्कर रूप धारण गरी आफ्ना गणका साथ बँदेलरूपी दैत्यलाई वध गर्न र अर्जुनको परीक्षा पनि लिन त्यहाँ प्रकट भए । कम्मरमा कछाड बाँधेका, बाणको तरकश पीठमा झुन्ड्याएका, शरीरमा सेता धर्का (रेखा) ले युक्त भएका किरातवेशी शिव अनेक शब्द उच्चारण गर्दै सेनासहित त्यहाँ पुगेका थिए ।

यता कोलाहलयुक्त शब्दले अर्जुन डराए, शिवको शरणमा गए । शिव अवश्य भक्तको कल्याण गर्नेछन् । भक्तका कष्टलाई हटाउनेछन् । उनी दयालु छन् । कहिलेकाहीं भने भक्तको परीक्षा लिन दुःख पनि दिन्छन् तर अन्तमा त्यो सबै परिणाममा सुखद नै हुन्छ ।

कदाचिच्च परीक्षार्थं दुःखं यच्छति वै शिव । ३९-४० ।

यसै बेला बँदेल अर्जुनको समीप आयो । यता किरात पनि पछि लाग्दै आएका थिए । बँदेलले त्यहाँ आएपछि पर्वताकार शरीर धारण गऱ्यो । दुवैले आ-आफ्नो बाण सन्धान गरे । अर्जुनको बाण मुखबाट पसेर पुच्छरतिर गयो भने किरातको बाण पुच्छरबाट पसेर मुखबाट निस्केर विलय भएको थियो । बँदेलको भने यस आहतले मृत्यु हुन गयो ।

शिव बाणस्तु पुच्छे वै अर्जुनस्य मुखे तथा।
सूकरस्तत्क्षणं दैत्यो मृतो भूमौ पपात ह ॥ ३९-४६ ॥

देवताहरूले पुष्पवृष्टि गरे । अर्जुनले भने शिवकृपाले गर्दा बँदेललाई वध गर्न सफल भएको माने ।

अर्जुन र शिवदूतबिच वार्तालाप

त्यसपछि अर्जुन आफ्नो बाण लिन गए । उता शिवले पनि बाण लिन दूतलाई पठाए र दुवै एकपल्ट पुगे । अर्जुनले प्रहार गरेको बाण बँदेललाई भेदन गरी भुइँमा खसेको थियो भने शिवले प्रहार गरेको बाण भुइँमा विलय भएको थियो । एउटै मात्र बाण भएकाले दुवै तर्फबाट आ-आफ्नो बाण दाबी गर्दै बहस हुन थाल्यो । जसमा अर्जुनले पहिले भने, 'यो बाण मेरो हो ।'

अर्जुन- **अज्ञात्वा किं च वदसि मुर्खोऽसि त्वं वनेचरः।**
बाणश्च मोचितो मेऽद्य त्वदीयश्च कथं पुनः ॥ ४०-६ ॥

हे वनेचर ! यो बाण मैले छोडेको हुँ, तिम्रो कसरी भयो ? यो बाणको रेखाङ्कित पुच्छरमा मेरो नाम लेखेको छ । तिम्रो लुट्ने प्रवृत्ति छुटेको छैन ।

शिवदूत- अरे तपस्वी ! सुन, तिमी तपस्या गर्दै छैनौ । ठग्नका लागि तिमीले यो तपस्वी वेश धारण गरेका हौ ।

तापस श्रूयतां रे त्वं न तपः क्रियते त्वया
वेषतश्च तपस्वी त्वं न यथार्थं छलायते ॥ ४०-९ ॥

म सेनापति हुँ । एक्लो छु भन्ने नसम्झ । हाम्रा स्वामी धेरै जङ्गली भिल्लहरूका साथमा यहाँ उपस्थित छन् । उनी कृपा या दण्ड दुवै दिन समर्थ छन् । यो उनले नै छोडेको बाण हो, जुन तैंले अहिले लिएको छस् । मैले त सुनेको थिएँ- तपस्या गर्नाले अधर्मको नाश हुन्छ । तपस्वी सत्य बोल्छन्, तर तिमीले त असत्य बोलेर तपस्याजनित फल नष्ट गऱ्यौ । यदि तिमीलाई यो बाण चाहिएको हो भने मेरा स्वामीसँग माग । उनले धेरै बाण दिनेछन् ।

प्रयोजनं चेद् बाणेन स्वामी च याच्यतां मम।
ईदृशांश्च बहून्बाणांस्तदा दातुं क्षमः स्वयम् ॥ ४०-१७ ॥

अर्जुन- हे वनेचर ! तँ त जातिले नै चोर होस्, तर म राजा हुँ । हामी माग्दैनौं बरु दिन्छौं । हामी सदैव दानी कहलिएका छौं । यदि तेरा स्वामीलाई बाणको जरूरत छ भने

मकहाँ पठाइदे । म दिनेछु । युद्ध त आफ्नो बराबरीको साथ हुन्छ । म कहाँको सिंह हुँ, तँ कहाँको स्याल होस् !

शिव दूत- हे छली तपस्वी ! तिमी मूर्ख हौ । किन मर्न चाहन्छौ ?

अज्ञोऽसि त्वं ऋषिर्नासि मरणं त्वीहसे कथम् ।
देहि बाण सुखं तिष्ठ त्वन्यथा क्लेशभाग्भवेत् ॥ ४०-३० ॥

बाण दिएर सुखसँग बस । अन्यथा दुःख पाउनेछौ ।

अर्जुन- हे वनेचर ! पहिले जा, तेरो स्वामीलाई बताइदे कि म बाण दिन्नँ । जब उनी आउनेछन्, अनि यसको फल देखाउनेछु ।

किरातवेशी शिव र तपस्वी अर्जुनको युद्ध

त्यसपछि शिवदूत फर्किएर सम्पूर्ण वृत्तान्त सुनाए अनि भक्तको दृढ परीक्षा लिन किरातवेशी शिव गणसहित आए र अर्जुनलाई भन्न थाले-

किरात- हे तपस्वी ! तिमी मेरो सेनालाई हेरेर बाण फिर्ता गर । सानो कार्यका लागि किन मृत्यु बोलाउँछौ ? तिम्रा भाइ, स्त्री एवं बान्धव दुःखी हुनेछन् । तिम्रो हातबाट पृथ्वीको राज्य पनि जानेछ ।

भ्रातरस्तव दुःखार्ताः कलत्रं च ततः परम् ।
पृथिवी हस्ततस्तेऽद्य यास्यतीति मतिर्मम ॥ ४०-४१ ॥

अर्जुन- अरे भिल्लहरूका स्वामी ! यदि मैले यो बाण फिर्ता गरेँ भने निःसन्देह कुल कलङ्कित हुनेछु । मेरा भाइ दुःखी हुनेछन् र मेरो विद्या पनि व्यर्थ हुनेछ । त्यसैले आऊ, युद्ध गरौं । स्यालदेखि सिंह डराएको मैले कहिल्यै सुनेको छैन ।

सिंहश्चैव शृगालाद्वा भीतो नैव मया श्रुतः ॥ ४०-४७ ।

त्यसपछि दुवैतिरबाट युद्धारम्भ भयो । अर्जुनले शिवको ध्यान गरे र शिवसँगै युद्ध गर्न थाले । केही समयसम्म त अर्जुनले आफ्नो शक्ति देखाए तर एकपछि अर्को शिवको कठोर प्रहारले मरणासन्न भए । त्यसपछि अस्त्र-कवच सबै छिनियो । अर्जुनको शरीर मात्र रह्यो, अनि मल्लयुद्ध गर्न थाले । उड्दै छलाङ लगाउँदै युद्ध गर्न थाले ।

उड्डीयोड्डीय तौ युद्धं चक्रतुर्देवपार्थिवौ ।
देवाश्च विस्मयं प्रापू रणं दृष्ट्वा तदाद्भुतम् ॥ ४१-११ ॥

अन्ततोगत्वा शिवले आफ्नो रूप देखाए, जसको चिन्तन, मनन र ध्यान गरी अर्जुनले युद्ध गरेका थिए उनैको साक्षात्कार भएपछि अर्जुन आनन्दित र लज्जाशील हुन पुगे । क्षमायाचना गर्दै स्तुति वन्दना गर्न थाले ।

अर्जुन- देव देव महादेव करुणाकर शङ्करः ।
ममापराधं सर्वेश क्षन्तव्यश्च त्वया पुनः ॥ ४१-२१ ॥

हे प्रभो ! तपाईंले आफ्नो रूप बदलेर मलाई किन ठग्नुभयो ? तपाईंसँग युद्ध गरेर मैले अपराध गरेँ । मलाई क्षमा दिनुहोस् भन्दै सजल नेत्रयुक्त शिर शिवको चरणमा राखे ।

किरातवेशी शिवद्वारा अर्जुनलाई पाशुपतास्त्रसहित वरदान

किरात- हे अर्जुन ! मैले तिम्रो परीक्षा लिन यो रूप धारण गरेको थिएँ, अब तिमी दुःखी नहोऊ । व्याकुलता छोडिदेऊ । जे इच्छा छ, वर माग । म तिमीसँग प्रसन्न छु ।

प्रसन्नोऽस्मि वरं वृणु । २८ ।

अर्जुन- त्यसपछि अर्जुनले वेदवर्णितसोह्र मन्त्रले सर्वप्रथम शिवको स्तुति गरे । स्तुतिको मूल भाव यसप्रकार थियो- चराचर स्वामी, सबैका नियन्ता, साकार-निराकार स्वरूप, अनेकानेक आभूषणान्वित, तपाईंको म मन्दबुद्धिले के स्तुति गर्न सक्छु र ? तपाईं जस्तो हुनुहुन्छ, त्यसै स्वरूपलाई नमस्कार गर्दछु ।

मन्दबुद्धिरहं नाथ वर्णयामि कथं पुनः ।
योऽसि सोऽसि नमस्तेऽस्तु कृपां कर्तुमिहार्हसि ॥ ४१-४६ ॥

मेरो स्थिति सबै तपाईंलाई थाहा नै छ । म के भनूँ या मागूँ ? शत्रुमाथि विजय र इह-परलोकमा सिद्धि होस्, आगे प्रभुको इच्छा ।

शत्रूणां सङ्कटं यच्चं तद्गतं दर्शनात्तव ।
ऐहिकीं च परां सिद्धिं प्राप्नुयां वै तथा कुरु ॥ ४१-५२ ॥

त्यसपछि शिवले आफ्नो अमोघ सर्वान्तजयी पाशुपत अस्त्र प्रदान गर्दै भने-

अस्त्रं पाशुपतं स्वीयं दुर्जयं सर्वदाखिलैः । ४१-५५ ।

हे अर्जुन ! यो अस्त्रले तिमी अजेय हुनेछौ । कुनै शत्रुले तिमीलाई परास्त गर्ने छैनन् । साथमा श्रीकृष्ण जो मेरो आत्मा र भक्त हुन्, उनी तिमीले गर्ने युद्धकार्यका लागि सहायक हुनेछन् । मेरो प्रभावले निष्कण्टक राज्य भोग गर्नेछौ ।

मत्प्रभावात् भारत त्वं राज्यं निष्कण्टकं कुरु । ४१-५८ ।

त्यसपछि अर्जुन आफ्ना भाइहरू समीप आए । शिवकृपाको सम्पूर्ण वृत्तान्त सुनाए । सबै आनन्दित भए । समय आएपछि पाण्डवले कौरवसँगको युद्धमा विजय प्राप्त गरी अखण्ड राज्यभोग गरे ।

उपसंहार

यो अवतार सबै कामना र भुक्तिमुक्ति प्रदायक छ ।

इत्युक्तस्ते किराताह्वोऽवतारः शङ्करस्य वै ।
तं श्रुत्वा श्रावयन्वापि सर्वान्कामानवाप्नुयात् ॥ ४१-६७ ॥

(शिवपुराण अनुसार यहाँसम्ममा ८८ अवतारको वर्णन भनिएको छ तर गणना गर्दा एउटा अवतार कम निस्किन्छ । विज्ञ पाठकले आफ्नो विवेक प्रयोग गर्नुहोला । शतरुद्रीय संहिताको अर्थ सय रुद्रावतार हुनुपर्ने हो ।)

यसपछि एक अध्यायमा द्वादश ज्योतिर्लिङ्गको सङ्क्षिप्त परिचय दिइएको छ, जुन योग गर्दा कुल उनान्सय अवतार हुन जान्छ । द्वादश ज्योतिर्लिङ्गको सविस्तार वर्णन भने अगाडि आउने कोटिरुद्र संहितामा गरिएको छ ।

अध्याय द्विचत्वारिंशत्

शिवका द्वादश ज्योतिर्लिङ्ग अवतारको वर्णन

नन्दीश्वर- हे सनत्कुमार ! अब शिवका द्वादश ज्योतिर्लिङ्गको प्रकटसम्बन्धी सङ्क्षिप्त वर्णन सुन ।

सौराष्ट्रे सोमनाथश्च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालं ओङ्कारममलेश्वरम् ॥ ३ ॥
केदारो हिमत्पृष्ठे डाकिन्यां भीमशङ्करः ।
वाराणास्यां तु विश्वेशं त्र्यम्बकं गौतमी तटे ॥ २ ॥
वैद्यनाथश्चिता भूमौ नागेशो दारुका बने ।
सेतुबन्धे तु रामेशो घुश्मेशश्च शिवालये ॥ ४ ॥

अर्थात् (८९) केदारनाथ (९०) भीमशङ्कर (९१) विश्वेश्वर (९२) त्र्यम्बकेश्वर (९३) सोमनाथ (९४) मल्लिकार्जुन (९५) महाकालेश्वर (९६) ॐकारेश्वर (९७) वैद्यनाथ (९८) नागेश्वर (९९) रामेश्वर (१००) घुश्मेश्वर

ज्योतिर्लिङ्ग रहस्य तथा भौगोलिक परिचय

(१) सोमनाथ- शिवको यस अवतारले चन्द्रमाको दुःखलाई नाश गरेको थियो । यसको पूजा सबैभन्दा पहिले चन्द्रमाले गरेका थिए । त्यहीं सबै पापलाई प्रक्षालन गर्ने 'चन्द्रकुण्ड' पनि छ, जसमा स्नान गर्नाले सबै खाले रोग खास गरी त्वचा सम्बन्धी, कुष्ठरोग, क्षयरोग आदि शमन हुन्छ ।

भौगोलिक परिचय- यो काठियावाड प्रदेशान्तर्गत श्री-प्रभास क्षेत्रमा अवस्थित छ, जसलाई सौराष्ट्र क्षेत्र पनि भनिन्छ ।

(२) मल्लिकार्जुन- यो अवतार पुत्रप्राप्तिको इच्छा राखी स्तुति गरिएको परिणाम स्वरूप भएको थियो । यसै सिलसिलामा शिव हिमालयबाट यहाँ आएका थिए । यसको पूजार्चनाले सुख र अन्तमा मुक्ति प्राप्त हुन्छ ।

भौगोलिक परिचय- यो शिवलिङ्ग मद्रास प्रान्तको कृष्णा नदीको तटमा कृष्णा जिल्लाको श्री शैलपर्वत अथवा श्री पर्वतमा अवस्थित छ । यसलाई दक्षिणको कैलास पनि भनिन्छ ।

(३) महाकालेश्वर- वेद-ब्राह्मणद्वेषी 'दूषण' राक्षसलाई वध गर्न शिवले यो अवतार लिएका थिए र हुङ्कारको आहटले नै वध गरेका थिए । यसको पूजार्चनाले कामनापूर्ति र मुक्ति प्राप्त हुन्छ ।

भौगोलिक परिचय- यो मालवा प्रदेशान्तर्गत शिप्रा नदीको तटमा उज्जयिनी नगरमा अवस्थित छ, जसलाई अवन्तिकापुरी पनि भनिन्छ ।

(४) ॐकारेश्वर- विन्ध्यगिरिको कामनालाई पूर्ण गर्न विधिपूर्वक स्थापित पार्थिवलिङ्गबाट ॐकारेश्वर महादेव प्रकट भएका थिए । देवताहरू यही पार्थिवलिङ्गमा समाहित भएका थिए । यसको पूजार्चना गर्नाले मनोकामना पूर्ण हुन्छ र मुक्ति मिल्छ ।

भौगोलिक परिचय- यो पनि मालवा प्रान्तको नर्मदा नदीको तटमा छ । यहाँ नर्मदा नदी दुई धारमा विभाजित हुँदा बिचमा एउटा टापु बन्यो, जसलाई मान्धाता पर्वत या शिवपुरी पनि भनिन्छ । यहाँ अमलेश्वर र ओङ्कारेश्वर नामक दुईवटा लिङ्ग छन्, तर दुवैलाई एउटै ज्योतिर्लिङ्गको दुई स्वरूप मानिन्छ ।

(५) केदारनाथ- विष्णुका नरनारायण अवतारद्वारा सेवित केदारनाथ शिवकेदार नामको हिमालयको टुप्पामा अवस्थित छन् र केदारखण्डका स्वामी मानिन्छन् ।

भौगोलिक परिचय- उत्तराखण्डका केदारनाथ बद्रीनाथ दुईवटै प्रधान तीर्थ हुन् । केदार पर्वतको पूर्वमा अलकानन्द नदीको तटमा बद्रीनाथ छन् भने पश्चिममा मन्दाकिनीको उद्‌गम स्थानमा केदारनाथ अवस्थित छन् । केदारेश्वरको दर्शन नगरी बदरीनाथको दर्शन गर्दा यात्रा निष्फल मानिन्छ ।

(६) भीमशङ्कर- शिवको यो अवतार 'भीमासुर' राक्षसलाई वध गर्न भएको थियो । यसले शिवभक्तलाई दुःख दिन्थ्यो । यसलाई वध गरेर शिवले कामरूप देशको सुदक्षिण राजाको रक्षा गरेका थिए ।

भौगोलिक परिचय- पुनादेखि उत्तरपट्टि भीमा नदीको तटमा यो शिवालय छ । यो नदीको उद्‌गमस्थल सह्य पर्वत हो जहाँ प्राचीन ज्योतिर्लिङ्ग छ र डाकिनी नामले प्रसिद्ध छ । यसबाट अनुमान लगाउन सकिन्छ कि यहाँ डाकिनी र भूतको बस्ती थियो ।

शिवपुराणकै एक कथा अनुसार यो लिङ्ग आसामको कामरूप जिल्ला अन्तर्गत गुहाटीको नजिकै ब्रह्मपुर पहाडमा अवस्थित छ । केही विज्ञहरू नैनीताल जिल्लाको उज्जनक

स्थानमा अवस्थित शिव मन्दिरलाई 'भीमशङ्कर' मान्दछन् ।

(७) विश्वेश्वर- **विश्वेश्वरावतारस्तु काश्यां जातो हि सप्तमः ।**
सर्वब्रह्माण्डरूपश्च भुक्तिमुक्तिप्रदो मुने ॥ ३० ॥

यो ज्योतिर्लिङ्ग सम्पूर्ण ब्रह्माण्डको स्वरूप हो । काशी, विश्वेश्वर तथा भैरवलाई पूजा गर्नाले दुष्कर्मबाट मुक्त भएर मोक्ष प्राप्त हुन्छ । काशीमा अनेक तीर्थ छन्- विश्वेश्वर, विन्दुमाधव, दुण्डीराज, गणेश, दण्डपाणि, कालभैरव गुहा (उत्तरवाहिनी), गङ्गा, अन्नपूर्णा तथा मर्णिकर्णिका ।

विश्वेश्वं माधवं दण्डीं दण्डपाणिं च भैरवम् ।
वन्दे काशी गुहां गङ्गा भवानी मणिकर्णिकाम् ॥ (पुराणान्तर)

भौगोलिक परिचय- यो वाराणसीमा अवस्थित छ । सर्वत्र प्रसिद्ध छ ।

(८) त्र्यम्बकेश्वर- **त्र्यम्बकारण्योऽवतारो यः सोऽष्टमो गौतमी तटे ।**
प्रार्थितो गौतमेनाविर्बभूव शशिमौलिनः ॥ ३४ ॥

यो अवतार गौतम मुनिको प्रार्थनाले गौतमी नदीको तटमा आविर्भूत भएको हो । यसको पूजार्चनाले भुक्तिमुक्ति प्राप्त हुन्छ ।

भौगोलिक परिचय- यो मुम्बई प्रान्तको नासिक जिल्लामा छ । यहाँ नासिक पञ्चवटी छ, जहाँ लक्ष्मणले रावणकी बहिनी शूर्पणखाको नाक काटेका थिए । यसै स्थानबाट सीताहरण भएको थियो ।

(९) वैद्यनाथ- **वैद्यनाथावतारो हि नवमस्तत्र कीर्तितः ।**
आर्विभूतो रावणार्थ बहुलीलाकरः प्रभुः ॥ ३८ ॥

रावणले शिवलाई बोकेर लङ्का लैजाँदै थियो । शिव केही निहुँ पारेर ज्योतिर्लिङ्ग रूप लिई चिताभूमिमा स्थिर भए, र वैद्यनाथ नामले प्रसिद्ध भए ।

भौगोलिक परिचय- यो सन्थाल परगनमा जसीडीह स्थानमा अवस्थित छ । यसलाई चिताभूमि भनिन्छ । कतै 'पराल्यां वैद्यनाथं च' भन्ने उक्तिलाई आधार मानी दक्षिण हैदरावाद नगरको नजिक परली नामको गाउँमा अवस्थित शिवलाई नै श्री वैद्यनाथ भनेर मानिएको छ ।

(१०) नागेश्वर- **नागेश्वरावतारस्तु दशमः परिकीर्तितः । ४२ ।**

यो अवतार 'दारुक' राक्षसको वध गरी वैश्यको रक्षा गर्न भएको हो । यसको पूजार्चनाले भुक्तिमुक्ति प्राप्त हुन्छ ।

भौगोलिक परिचय- यो वडौदाको नजिक छ, जसलाई दारुक वन भनिन्छ र गौतमीद्वार क्षेत्रमा रहेको छ । कोही भने दक्षिण हैदरावाद अन्तर्गत औंढा ग्रामस्थित शिवलिङ्गलाई र कोही भने अल्मोडामा रहेको यागेश (जागेश्वर) शिवलिङ्गलाई नागेश्वरको रूपमा

मान्दछन् ।

(११) रामेश्वर- **रामेश्वरावतारस्तु शिवस्यैकादश स्मृतः ।**
रामचन्द्रप्रियकरो रामसंस्थापितो मुने ॥ ४६ ॥

यो अवतार रामचन्द्रद्वारा स्थापित, रावणमाथि विजय प्राप्त गर्न भएको हो । यो ज्योतिर्लिङ्गले सेतुबन्ध कार्यमा सहायता प्रदान गरेको थियो र रामलाई विजयी बनाएको थियो । यसको पूजार्चनाले भुक्तिमुक्ति प्राप्त हुन्छ ।

भौगोलिक परिचय- यसलाई सेतुबन्ध तीर्थ पनि भनिन्छ । यो मद्रास प्रान्तको रामनाथम् या रामनद जिल्लामा पर्दछ । यो समुद्रतटमा अवस्थित छ ।

(१२) घुश्मेश्वर- **घुश्मेश्वरावतारस्तु द्वादशः शङ्करस्य हि ।**
नानालीला करो घुश्मानन्ददो भक्तवत्सलः ॥ ५२ ॥

यस अवतारमा सुदेध्य दैत्यको वध गरी घुश्माको रक्षा गरिएको थियो ।

भौगोलिक परिचय- यो हैदरावाद प्रान्तको बेरूल गाउँको समीप रहेको छ । यहाँ एउटा तलाउ पनि छ जहाँ सुमेधा ऋषिकी पत्नी घुश्मा प्रतिदिन पार्थिवलिङ्ग पूजा गरी विसर्जन गर्थिन् ।

उपसंहार

यी द्वादश ज्योतिर्लिङ्गको नित्य पाठ गर्नाले र महिमा श्रवण गर्नाले इह-परलोक कल्याण र भुक्तिमुक्ति प्राप्त हुन्छ ।

यसका साथ 'शतरूद्रीय संहिता' पनि पूर्ण हुन्छ । यहाँ शिवका एक सय अवतारको सङ्क्षेपमा वर्णन भयो । यसको पाठ, सुन्दा-सुनाउँदा वक्ताश्रोता दुवैको कल्याण हुन्छ ।

शतरुद्राभिधा चेयं वर्णिता संहिता मया ।
शतावतारसत्कीर्तिः सर्वकामफलप्रदा ॥ ५९ ॥

‼ समाप्तोऽयं तृतीय शतरुद्रसंहिता ‼

कायेनवाचा... करचरणकृतं वा... ॐ नमः शिवाय...

!! ॐ !!

अथ चतुर्थ कोटिरुद्र संहिता

कथासार

यस कोटिरुद्र संहितामा कुल त्रिचालिस अध्याय र दुई हजार एक सय अठासी श्लोक रहेका छन् । भारत वर्षमा रहेका प्रायः सबै शिवलिङ्‌गको परिचय यसमा दिइएको छ । त्यसैले यहाँ अनगिन्ती शिवलिङ्‌गको सङ्ख्या आएको हुनाले यस संहिताको नाम कोटिरुद्र हुन गएको हो । नाम अनुसार नै यस संहितामा असङ्ख्य शिवलिङ्‌गको उत्पत्तिको कारण र परिचयलाई विशद र सङ्क्षेप दुवै कोणबाट विषयको प्रकृति हेरी वर्णन गरिएको छ ।

यस संहिताको संवाद भने सूत र शौनकबिच रहेको छ । शौनकादि ऋषिहरूले जिज्ञासा राख्ने र त्यसको समाधान सूतजीले दिने परम्परागत शैली अनुसार नै संवाद अगाडि बढेको छ । मुख्य रूपमा द्वादश ज्योतिर्लिङ्‌गको महिमालाई विशद ढङ्‌गले वर्णन गरिएको यस संहितामा कथारम्भका क्रममा भने भारत वर्षका चारै दिशाहरूमा अवस्थित प्रमुख शिवलिङ्‌गहरूको वर्णन गरेपछि चतुर्दश अध्यायदेखि त्रयस्त्रिंश अध्याय पर्यन्तमा द्वादश ज्योतिर्लिङ्‌गहरूको महिमा वर्णन गरिएको छ ।

त्यसै गरी शिवको आराधना गरी विष्णुले सुदर्शन चक्र प्राप्त गरेपछि शिवलाई सन्तुष्ट तुल्याउन सहस्र नामावलीले स्तुति गरेका छन् जो यस संहिताको अर्को महत्त्वपूर्ण अंश पनि हो । यसरी नै यस संहितामा शिवलाई सन्तुष्ट तुल्याउने विशेष व्रतहरूको वर्णनका क्रममा शिवरात्रि व्रतको विशद चर्चा गरिएको छ । सगुण-निर्गुण र शिवतत्त्व विषयलाई पनि यस संहितामा स्पष्ट पारिएको छ ।

आरम्भमा द्वादश ज्योतिर्लिङ्‌गको परिचय र ती लिङ्‌गहरूका उपलिङ्‌गहरूको वर्णन, काशी नगरीस्थित प्रमुख शिवलिङ्‌गको परिचय, अत्रिको तपोवनमा शिव र गङ्‌गाको नित्य वास, अत्रीश्वर महिमा, नन्दीकेश्वर महिमा, गङ्‌गा तथा नर्मदा नदीहरूका समीपमा रहेका अनेक प्रसिद्ध शिवलिङ्‌गहरूको परिचय, पशुपतिनाथको महिमा, पार्वतीद्वारा ज्योतिर्मय शिवलिङ्‌गलाई आफ्नो योनिमा धारण गरेर शिवशिवाको अभिन्न सम्बन्धको रोचक वर्णन पश्चात् द्वादश ज्योतिर्लिङ्‌गहरूको उत्पत्ति र महिमाको विस्तृत वर्णन गरिएको छ ।

अन्त्यमा भक्ति-मुक्ति ज्ञान एवम् सगुण-निर्गुणको विषयमा वर्णन गरी 'सर्व लिङ्‌गमयं जगत्' को भावनालाई परिपुष्ट गर्दै यस संहितालाई विराम दिइएको छ । शिव नै चराचरका आश्रयदाता भएकाले उनको उपासना मनुष्य मात्रले गरी कल्याणको भागी हुनुपर्दछ ।

अध्याय प्रथम

द्वादश ज्योतिर्लिङ्ग र यिनीहरूका उपलिङ्गको वर्णन

॥ मङ्गलाचरण ॥

योधत्ते निजमाययैव भुवनाकारं विकारोज्झितो,
यस्याहुः करूणाकटाक्ष विभवौ स्वर्गापवर्गाभिधौ ।
प्रत्यग्बोधसुखाद्वयं हृदि सदा पश्यन्ति यं योगिनः
तस्मै शैलसुताञ्चितार्द्धवपुषे शश्वन्नमस्तेजसे ॥ १ ॥

जो निर्विकार हुँदाहुँदै पनि आफ्नो मायाले विराट विश्वको आकार धारण गर्दछन् । स्वर्ग र अपवर्ग जसको कृपा कटाक्षकै वैभव मानिन्छ । एवं योगीजन जसलाई सदा आफ्नो हृदयाकाशमा अद्वितीय आत्मज्ञानानन्द स्वरूपमा देख्तछन्, उनै तेजोमय भगवान् शङ्कर जसको आधा शरीर शैलराजकुमारी पार्वतीले सुशोभित छ, निरन्तर मेरो नमस्कार छ ।

यस कोटिरुद्रसंहितामा सूत- शौनकको संवाद छ ।

शौनकादि ऋषि- हे सूतजी ! तपाईंले शिव अवतारको कथा सुनाउनुभयो । अब शिवलिङ्गको महिमा वर्णन गर्नुहोस् । हामी तपाईंको अमृतवाणीले तृप्त भएका छैनौं । यो भूमण्डलमा जति शुभलिङ्ग र तीर्थ छन्, ती सबैको वर्णन गर्नुहोस् ।

पृथिव्यां यानि लिङ्गानि तीर्थेतीर्थे शुभानि हि ।
तानि तानि च दिव्यानि लिङ्गानि परमेशितुः ॥ ६ ॥

सूतजी- हे ऋषिवर ! तपाईंले सर्वलोकहितको प्रश्न गर्नुभयो । म मेरो बुद्धि र मति अनुसार उत्तर दिनेछु । सबै तीर्थ लिङ्गमय हुन्, सबै थोक लिङ्गमा नै प्रतिष्ठित छ । जे देखिन्छ या स्मरण गरिन्छ, त्यो सबै भगवान् शिवको रूप हो । कुनै पनि तत्त्व पदार्थ शिवबाट भिन्न छैन ।

सर्वा लिङ्गमयी भूमिः सर्वं लिङ्गमयं जगत् । ९ ।
यत्किञ्चित् दृश्यते दृश्यं वर्ण्यते स्मर्यते च यत् ।
तत्सर्वं शिवरूपं हि नान्यदस्तीति किञ्चन ॥ ११ ॥

शिवले अनुग्रह गरी देव, असुर र मनुष्यसहित त्रिलोकलाई नै लिङ्ग रूपले व्याप्त गरेका छन् । सबैलाई कृपा गर्न उनी तीर्थ या अन्य स्थलमा अनेक लिङ्ग धारण गर्दछन् । जहाँ भक्तले प्रार्थना गरे, उनी त्यहीं अवतरित भएका छन् । भूमण्डलमा जति लिङ्ग छन्, ती सबैको गणना सम्भव छैन, तथापि प्रमुख शिवलिङ्गहरूको परिचय दिनेछु ।

प्रधानेषु च यानीह मुख्यानि प्रवदाम्यहम् । १९ ।

ज्योतिर्लिंग तथा उपलिङ्गहरूको परिचय

यो भूमण्डलमा द्वादश ज्योतिर्लिङ्ग प्रसिद्ध छन् । तिनका नाम सुन्दा पनि सबै पाप टाढा हुन्छन् । प्रतिदिन पाठ गर्नाले माताको गर्भमा आउनु पर्दैन । यिनका नाम सोमनाथ, मल्लिकार्जुन, महाकाल, अमलेश्वर, ॐकारेश्वर, केदारेश्वर, भीमशङ्कर, विश्वनाथ, त्र्यम्बकेश्वर, वैद्यनाथ, नागेश्वर, रामेश्वर र घुश्मेश्वर । यिनीहरूको पूजार्चना गर्नाले मोक्ष प्राप्ति हुन्छ तथा यी ज्योतिर्लिङ्गमा चढाएको नैवेद्य ग्रहण गर्नाले सबै पाप नष्ट हुन्छन् ।

ग्राह्यमेषां च नैवेद्यं भोजनीयं प्रयत्नतः ।
तत्कर्तुः सर्वपापानि भस्मसाद्यान्ति वै क्षणात् ॥ २८ ॥

यी ज्योतिर्लिङ्गबाट केही उपलिङ्ग निस्केका छन् । तिनको परिचय यसप्रकार छ-

सोमनाथ- 'अन्तकेश्वर' उपलिङ्ग, जो महानदी र समुद्रको सङ्गममा अवस्थित छन् ।

मल्लिकार्जुन- यसबाट 'रुद्रकेश्वर' प्रकट भए जो भृगुकक्षमा अवस्थित छन् ।

महाकाल- यसबाट 'दुग्धेश्वर' या 'दुग्धनाथ' प्रकट भए जुन नर्मदा नदीको तटमा अवस्थित छन् ।

ॐकारेश्वर- यसबाट 'कर्दमेश्वर' प्रकट भए, जुन विन्दुसरोवरको तटमा अवस्थित छन् ।

केदारेश्वर- यसबाट 'भूतेश्वर' उपलिङ्ग प्रकट भए, जुन यमुना नदीको किनारमा अवस्थित छन् ।

भीमशङ्कर- यसबाट 'भीमेश्वर' प्रकट भए, जुन सह्य पर्वतमा अवस्थित छन् ।

नागेश्वर- यसबाट 'भूतेश्वर' प्रकट भए, जुन मल्लिका सरस्वतीको किनारमा छन् ।

रामेश्वर- यसबाट 'गुप्तेश्वर' प्रकट भए ।

घुश्मेश्वर- यसबाट व्याघ्रेश्वर उपलिङ्ग प्रकट भए ।

वैद्यनाथ, विश्वेश्वर र त्र्यम्बकेश्वर यी तीन ज्योतिर्लिङ्गहरूका उपलिङ्गको वर्णन गरिएको छैन । यी उपलिङ्गहरूको महिमा पनि ज्योतिलिङ्गकै समान मानिएको छ ।

अध्याय द्वितीय

काशीसहित भारतको पूर्व दिशामा रहेका प्रमुख शिवलिङ्गहरूको वर्णन

सूतजी- गङ्गातीरे सुप्रसिद्धा काशी खलु विमुक्तिदा ।
सा हि लिङ्गमयी ज्ञेया शिववासस्थली स्मृता ॥ १ ॥

काशी शिवको निवास भूमि हो, त्यसैले यसलाई लिङ्गमयी भनिएको छ । यस क्षेत्रका प्रमुख विश्वेश्वर हुन् भने अन्य प्रसिद्ध शिवलिङ्गहरू हुन्- कृत्तिवासेश्वर, तिल-भाण्डेश्वर, दशाश्वमेध पर्दछन् ।

त्यसैगरी गङ्गासागरको सङ्गममा सङ्गमेश्वर छन् । कौशिकी (कोशी) नदीको किनारमा भूतेश्वर, नारीश्वर, नागेश्वर नामले प्रसिद्ध शिवलिङ्ग छन् । गण्डकी नदीको किनारमा वटुकेश्वर, फल्गु नदीको तटमा पूरेश्वर नामले प्रसिद्ध शिवलिङ्ग विराजमान छन् ।

दधीचिको रणभूमिमा शृङ्गेश्वर, वैद्यनाथेश्वर, सिद्धेश्वर, जप्येश्वर नामका प्रसिद्ध शिवालय विराजित छन् । यसै गरी गङ्गा नदीको किनारमा गोपेश्वर, रङ्गेश्वर, वामेश्वर, कामेश्वर, विमलेश्वर, व्यासेश्वर, सुकेश्वर, भाण्डेश्वर, हुङ्कारेश्वर, सुस्वनेश्वर आदि प्रसिद्ध शिवलिङ्गहरू विराजित छन्, जसको दर्शन र पूजन गर्नाले महापापीहरू पनि मुक्त हुन्छन् ।

त्यसैगरी तप्त नदीको किनारमा कुमारेश्वर, सिद्धेश्वर, सेनेश्वर, नामका प्रसिद्ध शिवलिङ्ग विराजित छन् भने पूर्ण नदीको किनारमा रामेश्वर, कुम्भेश्वर, नन्दीश्वर, पूजेश्वर, पूर्णकेश्वर विराजित छन् । त्यसरी नै प्रयाग तीर्थमा ब्रह्मेश्वर, सोमेश्वर, भारद्वाजेश्वर नामले प्रसिद्ध शिवलिङ्ग विराजित छन् । त्यसैगरी अयोध्यामा नागेश्वर, पुरुषोत्तमपुरीमा, भुवनेश्वर सिन्धुनदीको तटमा, कपालेश्वर वत्रेश नामले शिव विराजित छन् । शिवले जुन स्थानमा अन्धकासुरलाई मरणासन्न अवस्थामा पुऱ्याएका थिए, त्यस ठाउँमा विल्वेश्वर र अन्धकेश्वर शिवलिङ्ग विराजित छन् । यसरी नै अर्वुद पर्वतमालामा, कोटीश्वर, अचलेश, योगीश्वर, सप्तेश्वर, भद्रेश्वर, चण्डीश्वर, अनन्तेश्वर, धौत, पापेश्वर, सूर्येश्वर, नाकेश्वर, विमलेश्वर, कण्टकेश्वर, धूर्तकेश, कामेश्वर, शुक्रेश्वर, गङ्गेश, सिद्धेश्वर आदि भुक्तिमुक्ति प्रदायक प्रसिद्ध शिवलिङ्ग विराजित छन् ।

पूर्वस्यां दिशि जानानि शिवलिङ्गानि यानि च ।
सामान्यान्यापि चान्यानि तानीह कथितानि ते ॥ ३० ॥

यसपछि भारत भूमण्डलको दक्षिण दिशामा रहेका प्रसिद्ध शिवलिङ्गहरूको परिचय गराउँछु ।

अध्याय तृतीय, चतुर्थ

अत्रीश्वरको उत्पत्ति प्रसङ्गमा शिव र गङ्गाजी अत्रिमुनिको तपोवनमा नित्य निवास वर्णन

सूतजी- चित्रकूट पर्वतको ब्रह्मपुरीमा ब्रह्माद्वारा स्थापित प्रसिद्ध 'मत्तगजेन्द्र' शिवलिङ्ग विराजित छ । यसैको पूर्वमा 'कोटीश' शिव विराजित छन् । गोदावरीको पश्चिम भागमा प्रसिद्ध 'पशुपति' शिवलिङ्ग विराजमान छन्, दक्षिणतिर भने स्वयं शिव 'अत्रीश्वर' लिङ्गको रूपमा विराजमान छन् । यी अत्रीश्वर तथा अनसूया लोकहितार्थ विराजित भएका थिए, जसले अनावृष्टि कालमा पीडित भक्तलाई बचाएका थिए ।

प्रादुर्भूतः स्वयं देवो अनावृष्ट्यामजीवयत् । ३-४ ।

यसको कथा यस्तो छ- चित्रकूटको नजिकै अत्रि, अनसूया तपस्या गर्दथे । एकपल्ट सय वर्षपर्यन्त अनावृष्टि भयो । सबैतिर सुखा भयो । अनगिन्ती जीव तथा वनस्पतिहरू सखाप भए । सर्वत्र हाहाकार भयो । यस्तो भयावह परिस्थिति उपस्थित भएपछि अत्रि मुनिले प्राकृतिक विपत्तिलाई शमन गर्न शिवको ध्यान गरी समाधिस्थ भए । उनका शिष्यहरूले पनि त्यसपछि आश्रम छोडिदिए । मुनिपत्नी अनसूया एक्लै भइन् ।

त्यसपछि अनसूयाले पार्थिवलिङ्गको मानसिक सेवा र पतिको सेवा दुवै गर्न थालिन् । यो प्रक्रिया कयौं वर्षसम्म चलिरह्यो । त्यसपछि देवगण, ऋषिगण र गङ्गादि नदीहरू दर्शन दिन त्यहाँ आए । तपस्याको अपूर्व दिव्य स्वरूप देखेर सबै आश्चर्यान्वित भए । अत्रि मुनिको तपस्याभन्दा पनि अनसूयाको सेवा श्रेष्ठ थियो । सबैले आशीर्वाद दिएर फर्किए तर गङ्गाले भने अनसूयालाई उपकार नगरी नफर्किने निधो गरिन् ।

गतास्ते च तदा तत्र गङ्गाञ्च गिरीशं विना ।
कृत्वोपकारमेतस्त्यागमिष्यामीत्युवाच सा ॥ ३-३५ ॥

यता अनसूयाले प्रतिज्ञा गरेकी थिइन् कि वर्षा भएन भने 'जल पनि ग्रहण गर्दिनँ । यसरी चौवन्न (५४) वर्ष व्यतीत भयो । उता अत्रिमुनि पनि ध्यानबाट जागृत भए र जलको याचना गरे ।

जागृतश्च जलं देहि प्रत्युवाच प्रियामिति । ४-१ ।

त्यसपछि अनसूयाले हातमा कमण्डलु लिएर जल अन्वेषण गर्न जङ्गलमा गइन् । यता गङ्गा पनि पछि लागिन् । जल कताबाट ल्याउनु ? सर्वत्र सुकेको बन्जर थियो । जल कतै छँदै थिएन त कसरी प्राप्त होस् ? अनि गङ्गाजी दिव्य स्त्रीको रूप धारण गरी अनसूयाको अगाडि उपस्थित भइन् र वर माग्न प्रेरित गरिन् ।

त्यसपछि अनसूयाले परिचय सोधिन् । गङ्गाले आफ्नो परिचय दिंदै भनिन्, 'म गङ्गा हुँ । तिम्रो पतिसेवा र शिवसेवादेखि म प्रभावित र प्रसन्न भएँ, वर माग ।'

अनसूया- **उवाचेति जलं देहि चेत्प्रसन्ना ममाधुना । ४-११ ।**

अहिले मलाई जलको आवश्यकता छ । यदि दिन सक्छौ भने जल देऊ ।

गङ्गा- हे पतिव्रते, अनसूया ! यदि जलको इच्छा छ भने सञ्चित हुनलाई पोखरी चाहिन्छ । त्यसैले कुवा बनाऊ । त्यसपछि तुरुन्त कुवा बन्यो र गङ्गा त्यसैमा प्रवेश गरिन् र गङ्गाले प्रवेश गर्नासाथ कुवा जलले परिपूर्ण भयो ।

अनसूया- धन्य गङ्गा माता ! भन्दै प्रसन्न भइन् । आफूले गरेको तपस्याको फल सम्झिन्, र भनिन्, 'मेरा स्वामी नआउन्जेल यहीं बस्नुहोस् ।

स्थातव्यं च त्वया तावन्मत्स्वामी यावदाव्रजेत् । ४-१५ ।

त्यसपछि अनसूयाले जल लिएर पतिसमीप पुगिन् । जल ग्रहण गर्दा अत्रिमुनिले सधैं पिउने जलभन्दा पृथक् महसुस गरे र सोधे, 'जल कहाँबाट ल्यायौ ?' अनि अनसूयाले सबै वृत्तान्त बताइन् । मुनि प्रसन्न भएर कुवा हेर्न आए । कुवामा जल भरिएको थियो ।

तत्र गत्वा ऋषिश्रेष्ठो गर्तं च जलपूरितम् ।
आकण्ठं सुन्दरं दृष्ट्वा धन्येयमिति चाब्रवीत् ॥ ४-३४ ॥

यता गङ्गाले बिदा लिएर फर्किन लागिन् । अनसूयाले गङ्गालाई नजान र यसै स्थलमा स्थायी रूपले निवास गर्न याचना गरिन् ।

गङ्गा- हे अनसूया ! यदि मैले यहीं बस्नुपर्छ भने एक वर्षसम्मको तिमीले गरेको सेवाको पुण्य मलाई दिनुपर्नेछ, किनकि तिमी पतिव्रता नारी हौ र यस्ता नारी गौरीतुल्य हुन्छन् ।

शङ्करार्चनसम्भूतं फलं वर्षस्य यच्छसि ।
स्वामिनश्च तदा स्थास्ये देवानामुपकारतः ॥ ४-४३ ॥

गङ्गाको वचनरूपी याचना सुनेर अनसूयाले एक वर्षको पुण्य प्रदान गरिन् । त्यति नै बेला शिव पार्थिवलिङ्गबाट प्रकट भए । मुनिदम्पतीले शिवलाई स्तुतिसहित प्रणाम गरे र शिवले वर माग्न प्रेरित गरेपछि अत्रि-अनसूयाले यही तपोवनमा स्थिर रूपले निवास गर्न अनुरोध गरे । शिवले 'तथास्तु' भन्दै त्यहीं 'अत्रीश्वर' नामले विराजित भए भने गङ्गा पनि 'मन्दाकिनी' नामले विराजमान भइन् ।

तद्दिनं हि समारम्य तत्राक्षय्यजलं सदा ।
हस्तमात्रे हि तद्गर्ते गङ्गा मन्दाकिनीमभूत् ॥ ४-५७ ।

त्यसपछि ऋषिहरूले त्यहाँ यज्ञ गरे । आकाशमा बादल व्याप्त भयो । बादलको व्यापकताले वर्षा भयो । चारैतिर आनन्द भयो । जीव एवं वनस्पतिले पुनर्जीवन प्राप्त गरे । अत्रि-अनसूयाको यश कीर्ति सर्वत्र फैलियो । यो कथा भुक्तिमुक्ति तथा शिवसायुज्य प्रदायक छ ।

अध्याय पञ्चम, षष्ठ, सप्तम

नन्दिकेश्वर माहात्म्य, बालविधवा ब्राह्मणी ऋषिकालाई मूढ असूरले आक्रमण गर्दा शिव प्रकट भई रक्षा, तथा प्रतिवर्ष वैशाख शुक्ल सप्तमीको दिन गङ्गाजी नर्मदासँग भेट गर्न आउनु

सूतजी- हे मुनीश्वरहरू हो ! दक्षिण दिशामा भएका अन्य प्रमुख शिवलिङ्गहरूको वर्णन सुन । कालञ्जर पर्वतमा 'कालञ्जर' शिवलिङ्ग विराजित छन् । त्यहीं नीलकण्ठ तीर्थ पनि छ । यसै गरी रेवा नदीको किनारमा असङ्ख्य शिवलिङ्ग छन्, जसमध्ये केही प्रमुख

अर्तीश्वर, सिंहेश्वर, शर्मेश्वर, कुमारेश्वर र पुण्डरीकेश्वर छन् जो भुक्तिमुक्ति प्रदायक एवं कल्याणदायक छन् ।

नर्मदा नदीको किनारमा पनि असङ्ख्य शिवलिङ्ग विराजित छन् । यहाँका प्रत्येक शिला नै शिवलिङ्ग स्वरूप मानिन्छन् । केही प्रसिद्ध शिवलिङ्गमा तीक्ष्णेश, धुन्धेश्वर, शूलेश्वर, कुम्भेश्वर, कुबेरेश्वर, सोमेश्वर, नीलकण्ठ, मङ्गलेश, मङ्गलायन तथा महाकपीश्वर छन् । कपीश्वर शिवलिङ्ग त स्वयं हनुमान्ले स्थापना गरेका हुन् ।

महाकपीश्वरो देवः स्थापितो हि हनूमता । ५-१० ।

नन्दिकेश्वर माहात्म्य वर्णन

ततश्च नन्दिको देवो हत्याकोटि निवारकः ।
सर्वकामार्थदश्चैव मोक्षदो हि प्रकीर्तितः ॥ ५-११ ॥

यो नन्दिकेश्वर लिङ्ग नर्मदाको किनारमा अवस्थित छ, जो करौडौं पापहरूलाई नाश गरी सबै कामनालाई पूर्ण गर्ने मानिन्छ । ऋषिकालाई कृपा गर्न शिवले नन्दिकेश रूपमा यस क्षेत्रमा निवास गरेका हुन् । ब्राह्मणी ऋषिका पूर्वकर्मको कारण बाल्यावस्थामा नै विधवा भएकी थिइन् ।

ब्राह्मणी ऋषिका नाम्नी कस्यचिच्च द्विजन्मनः ।
पूर्वकर्म प्रभावेण बालवैधव्यमागता ॥ ७-५ ॥

ऋषिका शिवभक्त थिइन् । पार्थिव शिवलिङ्गको नित्य भक्तिले पूजार्चना गरी समय व्यतीत गर्दथिन् । ब्रह्मचर्यमा रहेर शिवाराधना गर्दथिन् ।

तस्मिन्नवसरे दुष्टो मूढनामासुरो बली ।
ययौ तत्र महामायी कामबाणेन ताडितः ॥ ७-७ ॥

त्यति बेला मूढ नामको दुष्ट महाबली असुरले दिव्य लावण्ययुक्त, तपस्याको प्रभावले प्रज्वलित ऋषिकालाई देखेर कामबाणले पीडित भएर सहवासको याचना गर्‍यो । ऋषिका यो सुनेर अत्यन्त दुःखी भइन् । भयविह्वल हुँदै शिवनाम जप्तै शिवशरणमा ध्यानस्थ भइन् । यसरी ऋषिकाले प्रत्युत्तर नदिई उपेक्षा गरेपछि मायावी दैत्यले विकराल रूप देखाएर डरत्रास पैदा गर्‍यो र ऋषिकालाई आक्रमण गर्‍यो । भक्तरक्षार्थ भक्तवत्सल शिव त्यही बेला पार्थिवलिङ्गबाट प्रकट भए र कामविह्वल मूढ दैत्यलाई त्यहीं भस्म गरिदिए ।

अथ तं मूढनामानं दैत्येन्द्रं कामविह्वलम् ।
चकार भस्मसात्सद्यः शङ्करो भक्तवत्सलः ॥ ७-१६ ॥

ऋषिका यो देखेर चकित भइन् । किंकर्तव्यविमूढ भइन् र शिवको अपार करूणाका साथ स्तुति गरिन् । शिव प्रसन्न हुँदै वर माग्न प्रेरित गरे, अनि ऋषिकाले भनिन्-

ऋषिका- स्वपादयोः परां भक्तिं देहि मे ह्यनपायिनीम् ।
अयमेव वरो नाथ किमन्यदधिकं यतः ॥ ७-२२ ॥

हे प्रभो ! हे नाथ ! तपाईं आफ्नो अनपायिनी भक्तिका साथमा यही क्षेत्रमा निवास गरी सबैको कल्याण गर्नुहोस् ।

शिव- तथास्तु ! भन्दै त्यही पार्थिव लिङ्गमा समावेश भए । त्यस समयमा सबै देवता-तीर्थ-गङ्गादि नदी उपस्थित थिए । त्यही बेला गङ्गाजीले ऋषिकासँग याचना गरिन् ।

गङ्गा- ममार्थे चैव वैशाखे मासि देयं त्वया वचः । ७-२९ ।

गङ्गाको याचना सुनेर ऋषिका प्रसन्न भइन्, र भनिन्, 'वैशाख महिनाको सप्तमीका दिनमा तपाईं सहित सबै तीर्थ यो नर्मदा नदीको पनि नन्दिकेश्वर समीप आएर सबैलाई कल्याण प्रदान गर्नुहोला । त्यसै बेलादेखि गङ्गा प्रतिवर्ष यस क्षेत्रमा आउन थालेकी हुन् ।

गङ्गापि प्रतिवर्षं तद्दिने याति शुभेच्छया । ७-३४ ।

यो नन्दिकेश्वर माहात्म्य सुन्ने-सुनाउने दुवैको कल्याण हुन्छ ।

अध्याय अष्टम, नवम, दशम

गोकर्ण क्षेत्रस्थित महाबल शिवलिङ्ग माहात्म्य वर्णन

(भारत वर्षको पश्चिम दिशाका प्रमुख शिवलिङ्गको वर्णन)

सूतजी- द्विजा शृणुत सद्भक्त्या शिवलिङ्गानि तानि च ।
पश्चिमायां दिशायां वै यानि ख्यातानि भूतले ॥ ८-१ ॥

हे ऋषिहरू हो ! भारतको पश्चिम दिशामा रहेका प्रमुख शिवलिङ्गहरूको वर्णन गर्दछु, सुन । कपिला नगरमा 'कालरामेश्वर' दिव्यलिङ्ग विराजित छ भने पश्चिम समुद्रको किनारमा 'महासिद्धेश्वर' शिवलिङ्ग प्रतिष्ठित छन् । यसै गरी यहाँ गोकर्ण तीर्थक्षेत्र छ जहाँ करोडौं शिवलिङ्ग छन् र यहाँको तीर्थजल प्रत्यक्ष शिवरूप मानिन्छ । अर्को रोचक प्रसङ्ग के छ भने यहाँका शिवलिङ्ग सत्ययुगमा सेता, त्रेतामा राता, द्वापरमा पहेँला र कलियुगमा काला वर्णका हुनेछन् ।

कृते युगे स हि श्वेतस्त्रेतायां सोऽतिलोहितः ।
द्वापरे पीतवर्णश्च कलौ श्यामो भविष्यति ॥ ८-८ ॥

गोकर्ण क्षेत्रमा नै ब्रह्मादि देवताहरूलाई कल्याण गर्ने 'महाबल' शिवलिङ्‌ग नामले शिव निवास गर्दछन् । रावणले पनि यहाँ 'गणनायक' नामको शिवलिङ्‌ग स्थापना गरेको छ । यो क्षेत्रको चारै दिशामा सबै देवी-देवताहरू विराजित छन्, जो यो पावन क्षेत्रको रक्षा गर्दै महाबलको उपासना गर्दछन् ।

गोकर्णे शिवलिङ्गे तु मोक्षद्वारमुदाहतम् । ८-२४ ।

जसले माघकृष्ण चतुर्दशीको दिनमा यस लिङ्‌गको पूजार्चना गर्दछन्, उनीहरूले मुक्ति पाउँछन् । यसै गरी शिवप्रिय नक्षत्र आर्द्रा, तिथि अष्टमी, चतुर्दशी तथा वार- सोमवार पूजार्चना गर्नाले भुक्तिमुक्ति एवं सबैको मनोरथ पूर्ण हुन्छ ।

'महाबल' द्वारा एक चाण्डाली स्त्रीको उद्धार

चाण्डाली सा पूर्वभवेऽभवद् ब्राह्मणकन्यका ।
सौमिनी नाम चन्द्रास्या सर्वलक्षणसंयुता ॥ ९-३ ॥

पूर्वजन्ममा यो चाण्डाली 'सौमिनी' नामकी ब्राह्मणपुत्री थिइन् । यौवनावस्थामा प्राप्त भएपछि ब्राह्मणकुमारसँग विवाह भयो । केही समयपछि ब्राह्मणकुमारको मृत्यु भयो । त्यसपछि घरमै बसेर विधवा जीवन यापन गर्न थालिन् । पूर्ण यौवनावस्था भएपछि सौमिनी कामवासनाले पीडित भएर व्यभिचारिणी भइन् ।

ततः सा मन्मथाविष्टहृदया विधवापि च ।
युवावस्थाविशेषेण बभूव व्यभिचारिणी ॥ ९-८ ॥

सौमिनीको अपवित्र कार्य थाहा भएपछि स्वजनहरूले घरबाट निकालिदिए । संयोगवश एउटा शूद्रले उनलाई सहारा दियो र आफ्नो घरमा लग्यो । मांसमदिरा आदिको सेवन गर्दै उनीहरू रमण गर्न थाले । यसै बिचमा यिनीबाट एक कन्याको जन्म भयो ।

एक दिन शूद्र कतै गएको थियो । घरमा भोजन गर्ने केही बचेको थिएन । भोकले असह्य भएपछि उनले एउटा गाईका बाछाको वध गरेर खाइन् । केही समयको अन्तरालपछि सौमिनीको मृत्यु भयो र यमलोक पुगिन् । यमराजले पूर्वजन्मको कुकृत्यलाई हेरेर यिनलाई चाण्डाल योनिमा पठाए ।

यमोऽपि धर्ममालोक्य तस्याः कर्म च पौर्विकम् ।
निवर्त्य निरयावासाच्चक्रे चाण्डालजातिकाम् ॥ ९-१८ ॥

त्यसपछि सौमिनीको जन्मान्धताका साथ चाण्डाल योनिमा जन्म भयो । केही वर्षपछि जन्मान्ध चाण्डालीका मातापिताको देहावसान भयो । अन्धी चाण्डाली बेसहारा भइन् । जुठो

खाएर भोक शान्त गर्दथिन् ।

एक दिन चाण्डालीले शिवतिथि (शिवरात्रि) को दिन भक्तहरू गोकर्ण तीर्थ जाँदै गरेको आवाज सुनिन् । उनी पनि भोजन- वस्त्रको लालसा राखी बिस्तारै अघि बढिन् । गोकर्ण तीर्थमा पुगेर, हात फैलाएर दीन बनेर प्रार्थना गर्न थालिन् । संयोगवश एक महात्माले चाण्डालीको हातमा बिल्वपत्रको मञ्जरी राखिदिए । त्यो क्षुधा तृप्तिको वस्तु नभएकाले चाण्डालीले जोड दिएर फ्याँकिन् र त्यो तिरस्कृत मञ्जरी 'महाबल' को माथि झर्‍यो । उता रात्रिभर केही खानेकुरा प्राप्त भएन । भोकले सुत्न सकिनन् । रातभरि नै जाग्राम बसिन् । संयोगवश त्यो दिन शिवरात्रि पर्व थियो । शिव प्रसन्न भए र चाण्डालीको उद्धार गरे ।

सैवं शिवचतुर्दश्यां रात्रौ पान्थजनान् मुहुः ।
याचमानापि यत्किञ्चिन्न लभे दैवयोगतः ॥ ९-२९ ॥

अज्ञानतावश ती चाण्डालीले बिल्वमञ्जरी 'महाबल' लाई चढाइन् । रात्रि जागरण गरिन् । प्रातःकाल फर्किन् । थाकेकी थिइन्, केही पर पुगेपछि उनी मूर्च्छित भएर लडिन् र मृत्यु प्राप्त गरिन् । उनीमाथि शिवकृपा भयो । शिवगणले उनलाई विमानमा राखेर शिवलोक पुर्‍याए । आज पनि उनी दिव्यरूपले त्यहीँ बसेकी छिन् ।

अथ सा शम्भुकृपया जगाम परमं पदम् ।
आरूह्य सुविमानं च नीतं शिवगणैर्द्रुतम् ॥ ९-३३ ॥

'महाबल' को अर्को माहात्म्य, मित्रसह राजाको उद्धार

श्रीमदिक्ष्वाकुवंशे हि राजा परमधार्मिकः ।
आसीन्मित्रसहो नाम श्रेष्ठ सर्वधनुष्मताम् ॥ १०-१ ॥

परमधार्मिक 'मित्रसह' नामका राजा इक्ष्वाकु वंशमा थिए । मदयन्ती यिनकी पत्नी थिइन् । एकपल्ट सिकार खेल्न यिनी वनमा गए । त्यहाँ साधुद्वेषी 'कमठ' नामको दैत्यको यिनले वध गरे । त्यसपछि कमठको भाइले राजासँग विद्वेषको भावना राखी राजाकहाँ आएर सेवा गर्न थाल्यो । राजाले अज्ञानतावश उसलाई भोजनालयमा नियुक्त गरे । केही समयको अन्तरालमा राजाका पिताको श्राद्धतिथि आयो । राजाले गुरु वशिष्ठ र उनका शिष्यसहितलाई श्राद्ध भोजनका लागि निमन्त्रणा दिए । सबै भोजन गर्न बसेका थिए । त्यो भान्से राक्षसले उपयुक्त समय सोचेर तरकारीमा मनुष्यको मांस पस्कियो । अपवित्र भोजन देख्नासाथ गुरूले तुरुन्त राजालाई राक्षस योनिमा जन्मिने श्राप दिए ।

धिक् त्वां नरामिषं राजंस्त्वयैतच्छद्मकारिणा ।
खलेनोपहृतं मह्यं ततो रक्षो भविष्यसि ॥ १०-१० ॥

राजा अन्जानमा नै श्रापित भए । उता वशिष्ठले यो त राजाको दोष थिएन, राक्षसको थियो

भन्ने थाहा पाएर राजालाई केवल द्वादश वर्षपर्यन्त्र मात्र राक्षस योनिमा रहने श्राप दिए, तर राजा यसमा पनि सन्तुष्ट भएनन् । त्यसैले हातमा जल लिएर गुरूलाई नै प्रतिश्राप दिन तयार भए । पत्नी मदयन्तीले रोकिन्, अनि हातमा लिएको जल अन्यत्र त्याग गर्दा भस्म हुने भएकाले आफ्नै चरणमा छोडे, जसको फलस्वरूप राजाको चरण जलेर कालो भयो र यिनको नाम 'कल्मषपाद' रहन गयो ।

तत्याज पादयोरम्भ, पादौ कल्मषतां गतौ । १०-१४ ।

त्यसपछि 'मित्रसह' राजा राक्षस योनिलाई अङ्गीकार गरी जङ्गलहरूमा भ्रमण गर्न थाले । साक्षात् द्वितीय यमराजझैँ विकराल रूप थियो । यस क्रममा राजाले धेरैलाई संहार गरे । एकपल्ट नवयौवना मुनि-दम्पतीलाई सहवास गर्दै गरेको देखे । तुरून्त मुनिलाई समातेर भक्षण गर्न उद्यत भए । मुनिपत्नीले दीन बनेर प्रार्थना गरिन्, तर राक्षसले आफ्नो धर्मानुसार मुनिको मांस कोपर्दै खायो । पतिव्रता पत्नीले मुनिको अस्थिलाई एकत्र गरी चिता बनाइन् र सती हुनुभन्दा पूर्व श्राप दिंदै भनिन्-

अद्यप्रभृति नारीषु यदा त्वं सङ्गतो भवेः ।
तदा मृतिस्तवेत्युक्त्वा विवेश जलनं सती ॥ १०-२४ ॥

अर्थात् आजदेखि, जब स्त्री सहवास गर्नेछस्, त्यही बेला तेरो मृत्यु हुनेछ । केही समय पश्चात् राजाको द्वादश वर्ष समाप्त भयो । राजा श्रापमुक्त भएर राजधानी फर्किए अनि पूर्ववत् राज्य गर्न थाले । एक दिन ऋतु कालबाट शुद्ध भएकी पत्नीलाई देखेर कामबाणले आहत भई सहवास गर्न राजा उद्यत भए । पत्नीले सहवास गर्न रोकिन्, किनकि उनी विधवा हुने थिइन् । श्राप याद गराइन् । त्यसपछि राजा निःसन्तान हुने भएकाले राज्यभार छोडेर वानप्रस्थ जीवन बिताउन जङ्गलतिर प्रस्थान गरे ।

त्यति मात्र होइन, राजालाई ब्रह्महत्याले पनि पछ्यायो । यसबाट मुक्ति पाउन राजाले जप-तप-यज्ञ आदि अनेक उपाय गरे, तर पनि अदृश्य विकराल ब्रह्महत्याले छोडेन । त्यसपछि राजा यता-उता भट्किँदै मिथिला नगरी पुगे । त्यहाँ गौतम मुनिसँग सम्पर्क भयो । राजाले आफ्नो दुःख बताए । गौतम मुनिले गोकर्ण तीर्थमा रहेका 'महाबल' को उपासना गर्न सल्लाह दिए ।

महापातकसंहारि गोकर्णारख्यं शिवालयम् ।
महाबलाभिधानेन शिवः सन्निहितः स्वयम् ॥ १०-४१ ॥

'महाबल' चारै युगमा रहेका ब्रह्महत्यादि पापलाई नाश गर्ने हुन् भन्ने सुनेर राजा गोकर्ण तीर्थमा आएर महाबलको सेवार्चना गर्न थाले । केही समय पश्चात् राजाका सबै पाप नष्ट भए र अन्त्यमा यिनले शिवपद प्राप्त गरे ।

उपसंहार **य इमां श्रृणुयान्नित्यं महाबलकथां प्रियाम् ।**

त्रिसप्तकुलजैः सार्द्धं शिवलोके व्रजत्यसौ ॥ १०-५० ॥

यो 'महाबल' शिवलिङ्गको माहात्म्य सुन्दा-सुनाउँदा- एक्काइस पिँढीको उद्धार हुन्छ ।

अध्याय एकादश

चन्द्रभाल पशुपतिनाथ आदि शिवलिङ्ग परिचय एवं माहात्म्य वर्णन

सूतजी- हे ऋषिहरू हो ! अब भारत वर्षको उत्तर दिशामा रहेका प्रसिद्ध एवं प्रमुख शिवलिङ्गहरूको परिचय सुन ।

गोकर्ण क्षेत्रको लम्बाइ र चौडाइ महावनमा एउटा 'चन्द्रमाल' शिवलिङ्ग छ, जुन सर्वसिद्धिदायक शिवलिङ्गलाई भक्तिपूर्वक रावणले ल्याएको थियो । यसको माहात्म्य ज्योतिर्लिङ्ग 'वैद्यनाथ' कै समान रहेको छ । स्वयं व्यासले पनि यसको महिमा वर्णन गर्न सत्तैनन् ।

चन्द्रभाल महादेव लिङ्गस्य महिमा महान् । ५ ।

मिश्र नामक ऋषिवर तीर्थमा 'दाधीच' शिवलिङ्ग छ, जुन स्वयं दधीचि महर्षिले स्थापना गरेका हुन् । यसको पूजन गर्नाले सबै मनोरथ पूर्ण हुन्छन् । यसरी नै नैमिषारण्य तीर्थमा ऋषिहरूद्वारा स्थापना गरिएको ऋषीश्वर नामको शिवलिङ्ग छ, जसको दर्शन र पूजनले सबै पाप नष्ट हुन्छन् ।

अगाडि हत्याहरण तीर्थमा 'पापनाशक' लिङ्ग छ, यसमा पूजार्चना गर्नाले करोडौं हत्याजनित पाप नष्ट हुन्छन् । देवप्रयाग तीर्थमा 'ललितेश्वर' नामको शिवलिङ्ग छ । यसको पूजार्चनाले भुक्तिमुक्ति मिल्छ ।

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥ १८ ॥

नेपालमा रहेको पशुपतिनाथ 'केदारेश्वर' ज्योतिर्लिङ्गको शिर हो । यसको महिमा केदार ज्योति लिङ्गको वर्णन क्रममा भनिनेछ । यसको ठूलो महिमा छ र दर्शन पूजनले इह-परलोक दुवैको कल्याण हुन्छ । नेपालमा अर्को पनि प्रसिद्ध 'मुक्तिनाथ' शिवलिङ्ग छ, जसको पूजार्चनाले भुक्तिमुक्ति प्राप्त हुन्छ ।

तदारान्मुक्तिनाथाख्यं शिवलिङ्गं महाद्भुतम् ।
दर्शनादर्चनात्तस्य भुक्तिर्मुक्तिश्च लभ्यते ॥ २० ॥

यसरी भारत भूमिको चारै दिशामा रहेका प्रमुख शिवलिङ्गको सङ्क्षेप वर्णन भयो । अब अगाडि शिवशिवा दुवै कसरी शिवलिङ्गमा समायोजन हुन पुगे ? यसको चर्चा गरिन्छ । त्यसपछि द्वादश ज्योतिर्लिङ्गको विस्तारर्पूक वर्णन हुनेछ ।

अध्याय द्वादश-त्रयोदश

ऋषिहरूले श्राप दिएको ज्योतिर्लिङ्गलाई पार्वतीद्वारा धारण एवं वटुकोत्पत्ति वर्णन

(शिवलिङ्गमा शिव-शिवाको अभिन्न सम्बन्ध)

ऋषिहरूले सोधे- पार्वतीलाई बाणरूपा भनिन्छ । यसको कारण बताउनुहोस् । कसरी उनी बाणरूपा भइन् ?

बाणरूपा श्रुता लोके पार्वती शिववल्लभा ।
एतत्किं कारणं सूत कथय त्वं यथाश्रुतम् ॥ १२-३ ॥

सूतजी- हे ऋषिहरू हो ! प्राचीन कालमा दारुक वनमा जुन घटना घट्यो, त्यो वर्णन गर्नासाथ प्रश्नको समाधान हुनेछ । त्यसैले दारुक वनको घटना भन्दछु । सुन-

दारुक वनमा त्रिकाल शिवपूजा र शिवध्यान गर्दै ऋषिहरू बस्तथे । एक दिन ऋषिहरू समिधा लिन जङ्गलमा गएका थिए, त्यही समय पारेर परीक्षा गर्न शिव दिगम्बर वेशमा हातमा लिङ्ग लिएर प्रकट भए ।

एतस्मिन्नन्तरे साक्षाच्छङ्करो नीललोहितः ।
विरूपं च समास्थाय परीक्षार्थं समागतः ॥ १२-९ ॥

शिवको यो रूप देखेर ऋषिपत्नीहरू व्याकुल एवं चकित भए । शिवमायाले मोहित हुन पुगे र उनीसँग आलिङ्गन गर्न थाले । त्यति बेला नै ऋषिहरू पनि समिधा लिएर आइपुगे । पत्नीहरूको कुकृत्य देखेर ऋषिहरू क्रोधित भए । दिगम्बरले केही बोलेनन् । पत्नीहरूले उत्तर दिएनन् । त्यसपछि कुपित भएर ऋषिहरूले लिङ्ग पतन हुने श्राप दिए ।

त्वया विरुद्धं क्रियते वेदमार्गविलोपि यत् ।
ततस्त्वदीयं तल्लिङ्ग पततां पृथिवीतले ॥ १२-१७ ॥

ऋषिहरूको श्रापले लिङ्ग पतन भयो, तर स्थिर भएन । लिङ्ग जता जान्थ्यो त्यतै जलाउँदै गयो । त्यो लिङ्ग स्वर्ग, पाताल भूमि सर्वत्र गयो, तर कतै कहीँ अडिएन, स्थिर हुन सकेन । त्यसपछि देवता-ऋषि सबै आश्चर्यान्वित भए अनि डराएर ब्रह्माको शरणमा गए ।

ब्रह्मा- हे ऋषिहरू हो ! तिमीहरूले राम्रो काम गरेनौ । उनी साक्षात् दिगम्बरधारी शिव

थिए । अब त्यो लिङ्ग जबसम्म स्थिर हुँदैन तबसम्म शान्ति हुनेछैन । शिवको लिङ्ग पार्वतीभन्दा अरू कसैले धारण गर्न सक्तैन । त्यसैले पार्वतीलाई छिटोभन्दा छिटो खुसी पार्न आराधना गर । पार्वती प्रसन्न भएपछि आफ्नो योनिमा शिवको लिङ्ग स्थापित गर्नेछिन् । उनी योनिरूपा हुन् ।

आराध्य गिरिजां देवीं प्रार्थयन्तु सुराः शिवम् ।
योनिरूपा भवेच्चेद् वै तदा तत्स्थिरतां व्रजेत् ॥ १२-३२ ॥

त्यसपछि ब्रह्माले देवता-ऋषिहरूलाई विधि बताए जो यसप्रकार छ- एउटा कलशमा आठ दुबाको पात, जौ र गङ्गाजल राखेर वेदमन्त्रले अभिमन्त्रित गरी शतरुद्रीय मन्त्रले त्यो लिङ्गको अभिषेक गर्नुपर्छ । त्यसपछि योनिरूपा गिरिजा तथा बाणलाई स्थापित गरी त्यसैमाथि त्यो लिङ्गलाई स्थापना गरी मार्जन गर्नुपर्छ, अनि चन्दन, फूल-धूप-दीप-नैवेद्य-प्रणाम-स्तोत्रपाठ, गीत, वाद्य, स्वस्तिवाचन र जयजयकार गर्नुपर्छ ।

देवताहरूले त्यसै गरी पूजार्चना गरे । शिवशिवा प्रसन्न भए । पतन भएको शिवलिङ्ग शान्त हुन गयो र त्यो लिङ्ग 'हाटकेश' नामले प्रसिद्ध भयो, जसको महिमा अनन्त छ ।

हाटकेशमिति ख्यातं तच्छिवाशिवमित्यपि ।
पूजनात्तस्य लोकानां सुखं भवति सर्वथा ॥ १२-५३ ॥

त्यसै बेलादेखि नै शिवलिङ्ग स्थापना गरेको स्थानमा योनि आकारको स्वरूप निर्माण गरिन्छ जो पार्वतीको स्वरूपको रूपमा उपासना गरिन्छ । शिव र पार्वतीको अभिन्न सम्बन्धको निर्माण र स्थापना निरन्तर चल्दै आएको छ । शिवलिङ्गमा अभिषेक पूजार्चना गर्दा पार्वतीको उपसना पनि भइरहेको हुन्छ ।

'अन्धकेश' लिङ्गको महिमा- प्राचीन कालमा अन्धकासुर दैत्यले समुद्रभित्र रहेर देवताहरूलाई सताएर त्रिलोकलाई आफ्नो वशमा राखेको थियो । प्रजालाई कष्ट दिएर समुद्रभित्र गएर लुक्दथ्यो । त्यसपछि देवताहरू आजित भएर शिवको शरणमा गए । शिवले उसलाई त्रिशूलले छेडेर भुन्ड्याए । त्यसपछि अन्धकासुरको केही चलेन, अनि शिवको स्तुति गायो । शरणापन्न भयो । भोले प्रसन्न भए । वर माग्न भने अनि अन्धकासुरले वर माग्दै भन्यो-

अन्धकासुर- **यदि प्रसन्नो देवेश स्वभक्ति देहि मे शुभाम् ।**
कृपां कृत्वा विशेषण संस्थितो भव चेह वै ॥ १३-१४ ॥

त्यसपछि शिवले अन्धकलाई अपनाए र त्यसै स्थानमा स्थिर भए जो 'अन्धकेश' नामले प्रसिद्ध भए । यस लिङ्गमा ६ महिनापर्यन्त निरन्तर पूजार्चना गर्नाले समस्त कामना निःसन्देह पूर्ण हुन्छ ।

वटुकोत्पत्ति वर्णन

शिवभक्त 'दधीच' ब्राह्मणका सुदर्शन आदि चार पुत्र थिए । तर यिनकी पत्नी दुष्ट कुलोत्पन्ना थिई । दधीच नित्य शिवको सेवा गर्दथ्यो । एक दिन उसले शिवसेवा गर्ने जिम्मा पुत्रलाई सुम्पियो र केही कामविशेषले बाहिर (परदेश) गयो । यसै बिचमा शिवरात्रिको महान् पर्व आयो । पुत्र सुदर्शन एवं सबैले व्रत बसेर शिवको पूजा गरे । दिनको पूजा पूर्ण भयो । रात्रिको पूजा प्रारम्भ गर्नुभन्दा पहिले सुदर्शनले गल्ती गर्‍यो । पूजापूर्व स्त्रीसँग सहवास गर्‍यो । त्यसपछि स्नान नगरीकन पूजा गर्न शिवस्थानमा गयो । यस्तो दुष्कर्म देखेर शिव कुपित भए र जड हुने श्राप दिए ।

शिव- **शिवरात्र्यां त्वया दुष्ट सेवनं च स्त्रियाः कृतम् ।**
अस्नातेन मदीया च कृता पूजाविवेकिना ॥ १३-२९ ॥
ज्ञात्वा चैवं कृतं यस्मात्तस्मात्त्वं जडतां व्रज ।
ममास्पृश्यो भव त्वं च दूरतो दर्शनं कुरु ॥ १३-३० ॥

केही समयपछि पिता दधीच पनि घर आए । सम्पूर्ण वृत्तान्त थाहा पाएर दुःखी भए । म मरेँ, मेरो कुल नष्ट भयो भन्दै पुत्रलाई हकारे । त्यसपछि सबै पापबाट मुक्त हुन भक्तिपूर्वक गिरिजाको पूजापाठ, चण्डीपाठ, व्रत, जपतप जे जे जान्दथे ती सबै गरे । बारम्बार देवीसँग क्षमायाचना गरे ।

त्यसपछि चण्डीदेवी प्रसन्न भइन्, 'सुदर्शन' ले गरेको दुष्कर्मका लागि क्षमा प्रदान गरिन् र उसलाई आफ्नो पुत्रका रूपमा स्वीकार गरिन् । सुदर्शनलाई घिउले स्नान गराइन् । नूतन यज्ञोपवीत धारण गराइन् । शिवगायत्री मन्त्रको जप गराइन् र वरदान दिँदै भनिन्-

चण्डीदेवी- आजदेखि तिमी 'वटुक' बन । हामी (शिव-शिवा) माथि चढाएको पदार्थ तिमीले ग्रहण गर्नू । तिमीलाई कुनै दोष लाग्नेछैन ।

मदर्पितं च यत्किञ्चिद्धनधान्यादिकं तथा ।
तत्सर्वं च त्वया ग्राह्यं न दोषाय भविष्यति ॥ १३-४७ ॥

मैले तिम्रो सबै दोष क्षमा गरिदिएँ । तिम्रो पूजा नगरी मेरो पूजा गरे भने त्यो सबै व्यर्थ हुनेछ । तिमीले सधैं स्नान गरेर गोलो तिलक लगाउनू र सबैभन्दा पहिले मेरो सेवा गर्नू अनि कुलाचार गर्नू । यसबाट तिम्रो कल्याण हुनेछ । प्रजापत्यादि व्रतहरू तिम्रो पूजाविना निष्फल हुनेछन् ।

यति आशीर्वाद दिएर 'दधीच' का चारै पुत्रलाई वटुकको रूपमा अभिषिक्त गरी चारै दिशामा पठाइन्, जो ती ती क्षेत्रका अधिपति भए । त्यही समयदेखि यिनीहरू शिव-शिवाको पूजामा प्रसिद्ध मानिएका हुन् ।

तस्माच्च वटुकाः श्रेष्ठा पुराविद्भिः प्रकीर्तिताः । १३-७४ ।

अध्याय चतुर्दश

प्रथम सोमनाथ ज्योतिर्लिङ्ग उत्पत्ति र महिमा वर्णन

(यहाँदेखि ३३ अध्यायपर्यन्त कुल २० अध्यायमा द्वादश ज्योतिर्लिङ्ग सम्बन्धी वर्णन गरिएको छ । प्रत्येक लिङ्गको उत्पत्तिको कारण, उपासना र महिमाको वर्णन गरिएको छ ।)

शौनकादि ऋषिहरूले द्वादश ज्योतिर्लिङ्गको उत्पत्ति तथा माहात्म्य सम्बन्धी जिज्ञासा राखेपछि सूतजी क्रमशः भन्न थाले-

सूतजी- सोमनाथश्च तेषां वै प्रथमः परिकीर्तितः ।
तन्माहात्म्यं श्रुणु मुने प्रथमं सावधानतः ॥ ४ ॥

त्यसो त ज्योतिर्लिङ्गको महिमा सय वर्षसम्म वर्णन गर्दा पनि अपूर्ण नै रहन्छ, तर पनि सङ्क्षेपमा जस्तो गुरुमुखबाट सुनेको थिएँ त्यस्तै वर्णन गर्दछु । ध्यान दिएर श्रवण एवं मनन गर ।

दक्ष प्रजापतिका साठी कन्यामध्ये सताइस कन्याको विवाह चन्द्रमा (सोम) का साथमा भयो । यी सत्ताइस नक्षत्रका नाम हुन् । नक्षत्रको आधारमा नै चन्द्रमाको गति हुन्छ । चन्द्रमाले जति रोहिणी कन्यासँग झुकाव या प्रेम गरे, बाँकी अश्विनी आदि पत्नीहरूसँग गरेनन् । पतिको यस्तो पक्षपाती व्यवहारले दुःखी भएर समाधानको उपायको अपेक्षा राख्दै अश्विनी आदि कन्याले पिता दक्षसँग आएर वेदना व्यक्त गरे । त्यसपछि समस्याको समाधान गर्न दक्षले जामाता चन्द्रमालाई सम्झाउँदै भने, 'पत्नीहरूबिच मतभेद गर्नाले नरकको बास हुन्छ । सबैको बराबरी हक हुन्छ र समान व्यवहार गर्नु उचित हुन्छ, आदि – ।'

वर्तनं विषमत्वेन नरकं प्रदमीरितम् । १२ ।

चन्द्रमाले आफ्नो ससुराको कुरा सुनेनन् । रोहिणीबाहेक अरू पत्नीहरूलाई हेर्न पनि छाडे । त्यसपछि दक्षले आफ्नो जामातालाई क्षय हुने श्राप दिए ।

दक्ष- श्रूयतां चन्द्र यत्पूर्वं प्रार्थितो बहुधा मया ।
न मानितं त्वया यस्मात्तस्मात्त्वं च क्षयी भव ॥ १८ ॥

दक्षको श्रापले चन्द्रमा तत्काल क्षययुक्त हुन पुग्यो । त्यसपछि सर्वत्र हाहाकार भयो । देवता डराएर ब्रह्माको शरणमा गए । सम्पूर्ण वृत्तान्त सुनाए अनि ब्रह्माले उपाय बताउँदै भने-

बह्मा- हे देवताहरू हो ! यो अनर्थ स्वयं चन्द्रमाकै कुकृत्यको कारण भएको हो । यसले पहिले पनि वृहस्पतिकी पत्नी तारालई हरण गरेको थियो । उसलाई गर्भधान गराएर बुध जन्मेको थियो । यस्ता अनेक कुकर्म यसले गरेको छ । त्यसैले जे भयो राम्रो भयो । दुष्टले

सजाय पाउनै पर्छ ।

अब एउटा उपाय छ- यदि प्रभास क्षेत्रमा देवताहरूको साथमा गएर चन्द्रमाले मृत्युञ्जय पूजा विधिद्वारा शिवको उपासना गरे भने शिव प्रसन्न भएर क्षयरोगरहित गरिदिनेछन् ।

प्रभासके शुभे क्षेत्रे व्रजेच्चन्द्रः सदैवतैः ।
शिवमाराधयेत्तत्र मृत्युञ्जय विधानतः ॥ ३३ ॥

त्यसपछि देवता-ऋषिहरूले ब्रह्माको उपायलाई आज्ञा मानेर चन्द्रमालाई साथ लिएर प्रभास क्षेत्रमा गए । पार्थिव लिङ्ग स्थापना गरी महामृत्युञ्जयको पूजार्चना, जपतप लगातार ६ महिनासम्म गरे । दश करोड मन्त्रजप पूर्ण हुनासाथ शिव प्रकट भए अनि चन्द्रमालाई वर माग्न भनेपछि चन्द्रमाले भने, 'यदि तपाईं प्रसन्न हुनुहुन्छ भने मेरो अपराधलाई क्षमा गरी यो क्षयरोगबाट मलाई मुक्त गरिदिनुहोस् ।'

क्षन्तव्यो मेऽपराधश्च कल्याणं कुरु सर्वदा ।
प्रसन्नो मे शरीरस्य क्षयं वारय शङ्करः ॥ ४४ ॥

शिव- तथास्तु ! आजदेखि तिमी एक पक्षमा क्षय हुनेछौ र अर्को पक्षमा वृद्धि हुँदै जानेछौ । यही तिम्रो प्रायश्चित्त पनि हो ।

पक्षे च क्षीयतां चन्द्र कला ते च दिने दिने ।
पुनश्च वर्धतां पक्षे सा कला च निरन्तरम् ॥ ४५ ॥

त्यसपछि देवताहरूले शिवलाई प्रभास क्षेत्रमा स्थायी रूपमा बस्न अनुरोध गरे । शिवले उनीहरूको वचनलाई स्वीकार गर्दै त्यही पार्थिवलिङ्गमा समाहित भए ।

निराकारश्च साकारः पुनश्चैवाभवत्प्रभुः । ४९ ।

चन्द्रमाको यशका लागि शिव त्यो क्षेत्रमा 'चन्द्रेश्वर' नामले प्रसिद्ध भए, जो आज सोमनाथ नामले विख्यात छ ।

चन्द्रस्य यशसे तत्र नाम्ना चन्द्रस्य शङ्करः ।
सोमेश्वरश्च नाम्नाऽसीद्विख्यातो भुवनत्रये ॥ ५० ॥

सोमनाथ शिवलिङ्गसँगै एउटा चन्द्रकुण्ड छ । यसमा निरन्तर ६ महिना स्नान गर्नाले असाध्य रोग पनि नष्ट हुन्छ । प्रभास तीर्थको परिक्रमा गर्नाले पृथ्वी परिक्रमाको फल मिल्छ । सोमनाथको पूजार्चनाले क्षय-कुष्ठ रोगहरूको नाश भई अन्तमा मुक्ति प्राप्त हुन्छ । जो सोमेश्वर शिवको माहात्म्य सुन्छ या सुनाउँदछ, दुवैको कल्याण हुन्छ ।

यः शृणोति तदुत्पत्तिं श्रावयेद्वा परान्नरः ।
सर्वान्कामानवाप्नोति सर्वपापैः प्रमुच्यते ॥ ६२ ॥

अध्याय चतुर्दश

प्रथम सोमनाथ ज्योतिर्लिङ्ग उत्पत्ति र महिमा वर्णन

(यहाँदेखि ३३ अध्यायपर्यन्त कुल २० अध्यायमा द्वादश ज्योतिर्लिङ्ग सम्बन्धी वर्णन गरिएको छ । प्रत्येक लिङ्गको उत्पत्तिको कारण, उपासना र महिमाको वर्णन गरिएको छ ।)

शौनकादि ऋषिहरूले द्वादश ज्योतिर्लिङ्गको उत्पत्ति तथा माहात्म्य सम्बन्धी जिज्ञासा राखेपछि सूतजी क्रमशः भन्न थाले-

सूतजी- सोमनाथश्च तेषां वै प्रथमः परिकीर्तितः ।
तन्माहात्म्यं श्रुणु मुने प्रथमं सावधानतः ॥ ४ ॥

त्यसो त ज्योतिर्लिङ्गको महिमा सय वर्षसम्म वर्णन गर्दा पनि अपूर्ण नै रहन्छ, तर पनि सङ्क्षेपमा जस्तो गुरुमुखबाट सुनेको थिएँ त्यस्तै वर्णन गर्दछु । ध्यान दिएर श्रवण एवं मनन गर ।

दक्ष प्रजापतिका साठी कन्यामध्ये सताइस कन्याको विवाह चन्द्रमा (सोम) का साथमा भयो । यी सत्ताइस नक्षत्रका नाम हुन् । नक्षत्रको आधारमा नै चन्द्रमाको गति हुन्छ । चन्द्रमाले जति रोहिणी कन्यासँग झुकाव या प्रेम गरे, बाँकी अश्विनी आदि पत्नीहरूसँग गरेनन् । पतिको यस्तो पक्षपाती व्यवहारले दुःखी भएर समाधानको उपायको अपेक्षा राख्दै अश्विनी आदि कन्याले पिता दक्षसँग आएर वेदना व्यक्त गरे । त्यसपछि समस्याको समाधान गर्न दक्षले जामाता चन्द्रमालाई सम्झाउँदै भने, 'पत्नीहरूबिच मतभेद गर्नाले नरकको बास हुन्छ । सबैको बराबरी हक हुन्छ र समान व्यवहार गर्नु उचित हुन्छ, आदि – ।'

वर्तनं विषमत्वेन नरकं प्रदमीरितम् । १२ ।

चन्द्रमाले आफ्नो ससुराको कुरा सुनेनन् । रोहिणीबाहेक अरू पत्नीहरूलाई हेर्न पनि छाडे । त्यसपछि दक्षले आफ्नो जामातालाई क्षय हुने श्राप दिए ।

दक्ष- श्रूयतां चन्द्र यत्पूर्वं प्रार्थितो बहुधा मया ।
न मानितं त्वया यस्मात्तस्मात्त्वं च क्षयी भव ॥ १८ ॥

दक्षको श्रापले चन्द्रमा तत्काल क्षययुक्त हुन पुग्यो । त्यसपछि सर्वत्र हाहाकार भयो । देवता डराएर ब्रह्माको शरणमा गए । सम्पूर्ण वृत्तान्त सुनाए अनि ब्रह्माले उपाय बताउँदै भने-

ब्रह्मा- हे देवताहरू हो ! यो अनर्थ स्वयं चन्द्रमाकै कुकृत्यको कारण भएको हो । यसले पहिले पनि वृहस्पतिकी पत्नी तारालई हरण गरेको थियो । उसलाई गर्भधान गराएर बुध जन्मेको थियो । यस्ता अनेक कुकर्म यसले गरेको छ । त्यसैले जे भयो राम्रो भयो । दुष्टले

सजाय पाउनै पर्छ ।

अब एउटा उपाय छ- यदि प्रभास क्षेत्रमा देवताहरूको साथमा गएर चन्द्रमाले मृत्युञ्जय पूजा विधिद्वारा शिवको उपासना गरे भने शिव प्रसन्न भएर क्षयरोगरहित गरिदिनेछन् ।

प्रभासके शुभे क्षेत्रे व्रजेच्चन्द्रः सदैवतैः ।
शिवमाराधयेत्तत्र मृत्युञ्जय विधानतः ॥ ३३ ॥

त्यसपछि देवता-ऋषिहरूले ब्रह्माको उपायलाई आज्ञा मानेर चन्द्रमालाई साथ लिएर प्रभास क्षेत्रमा गए । पार्थिव लिङ्ग स्थापना गरी महामृत्युञ्जयको पूजार्चना, जपतप लगातार ६ महिनासम्म गरे । दश करोड मन्त्रजप पूर्ण हुनासाथ शिव प्रकट भए अनि चन्द्रमालाई वर माग्न भनेपछि चन्द्रमाले भने, 'यदि तपाईं प्रसन्न हुनुहुन्छ भने मेरो अपराधलाई क्षमा गरी यो क्षयरोगबाट मलाई मुक्त गरिदिनुहोस् ।'

क्षन्तव्यो मेऽपराधश्च कल्याणं कुरु सर्वदा ।
प्रसन्नो मे शरीरस्य क्षयं वारय शङ्करः ॥ ४४ ॥

शिव- तथास्तु ! आजदेखि तिमी एक पक्षमा क्षय हुनेछौ र अर्को पक्षमा वृद्धि हुँदै जानेछौ । यही तिम्रो प्रायश्चित्त पनि हो ।

पक्षे च क्षीयतां चन्द्र कला ते च दिने दिने ।
पुनश्च वर्धतां पक्षे सा कला च निरन्तरम् ॥ ४५ ॥

त्यसपछि देवताहरूले शिवलाई प्रभास क्षेत्रमा स्थायी रूपमा बस्न अनुरोध गरे । शिवले उनीहरूको वचनलाई स्वीकार गर्दै त्यही पार्थिवलिङ्गमा समाहित भए ।

निराकारश्च साकारः पुनश्चैवाभवत्प्रभुः । ४९ ।

चन्द्रमाको यशका लागि शिव त्यो क्षेत्रमा 'चन्द्रेश्वर' नामले प्रसिद्ध भए, जो आज सोमनाथ नामले विख्यात छ ।

चन्द्रस्य यशसे तत्र नाम्ना चन्द्रस्य शङ्करः ।
सोमेश्वरश्च नाम्नाऽसीद्विख्यातो भुवनत्रये ॥ ५० ॥

सोमनाथ शिवलिङ्गसँगै एउटा चन्द्रकुण्ड छ । यसमा निरन्तर ६ महिना स्नान गर्नाले असाध्य रोग पनि नष्ट हुन्छ । प्रभास तीर्थको परिक्रमा गर्नाले पृथ्वी परिक्रमाको फल मिल्छ । सोमनाथको पूजार्चनाले क्षय-कुष्ठ रोगहरूको नाश भई अन्तमा मुक्ति प्राप्त हुन्छ । जो सोमेश्वर शिवको माहात्म्य सुन्छ या सुनाउँदछ, दुवैको कल्याण हुन्छ ।

यः शृणोति तदुत्पत्तिं श्रावयेद्वा परान्नरः ।
सर्वान्कामानवाप्नोति सर्वपापैः प्रमुच्यते ॥ ६२ ॥

अध्याय पञ्चदश

द्वितीय ज्योतिर्लिङ्ग मल्लिकार्जुन उत्पत्ति महिमा वर्णन

सूतजी- अतः परं प्रवक्ष्यामि मल्लिकार्जुन सम्भवम् ।
यं श्रुत्वा भक्तिमान्धीमात्सर्वपापैः प्रमुच्यते ॥ १ ॥

यद्यपि यसको कथा कुमार खण्डमा वर्णन भइसकेको छ, तथापि यहाँ सङ्क्षेपमा वर्णन गरिन्छ ।

शिव-शिवाले आफ्ना दुवै पुत्र गणेश र कुमारलाई पृथ्वीको परिक्रमा गर्ने आज्ञा दिए । कुमार आफ्नो मयूर वाहनमा बसेर पृथ्वी परिक्रमा गर्न तुरुन्त निस्किए । उता गणेशले शिव-शिवालाई नै परिक्रमा गरेर प्रार्थना गरे । यसरी गणेशले आफ्नो बुद्धि-विवेक प्रयोग गरी विजयी भए ।

उता कुमारले पनि पृथ्वी परिक्रमा सकेर कैलास आए । नारदजीसँग भेट भयो । उनले सबै वृत्तान्त सुनाए । कुमार कुपित भए र क्रौञ्च पर्वतमा गए । यता पार्वती पुत्रेच्छाबाट व्याकुल भइन् । शिवले पार्वतीको इच्छालाई ध्यान दिई कुमारलाई बोलाउन देव, ऋषि र आफ्नै गण पठाए, तर कुमार आएनन् ।

तदा च गिरिजा देवी विरहं पुत्रसम्भवम् ।
शम्भुश्च परमं दुःखं प्राप तस्मिन्ननागते ॥ १३ ॥

त्यसपछि शिव-शिवा नै पुत्र लिन क्रौञ्च पर्वतमा गए । कुमारलाई थाहा हुनासाथ आफ्नो स्थानबाट तीन योजन पर गए । पुत्रको यस्तो कार्यले शिव दम्पती दुःखी भए र ज्योतिरूप धारण गरी त्यहीं स्थिर भए जो मल्लिकार्जुन नामले प्रसिद्ध हुन पुग्यो ।

तौ च तत्र समासीनौ ज्योतिरूपं समाश्रितौ । १६ ।

आज पनि आफ्नो पुत्रलाई हेर्न शिव अमावश्याको दिन र शिवा पौर्णमासीको पर्वमा त्यहाँ जाने गर्छन् ।

अमावश्या दिने शम्भु स्वयं गच्छति तत्र हि ।
पौर्णमासीदिने तत्र पार्वती गच्छति ध्रुवम् ॥ १८ ॥

यस ज्योतिर्लिङ्गको दर्शन-पूजार्चना गर्नाले जन्मबन्धनबाट मुक्त भई धन-धान्य-यश-कीर्ति प्राप्त हुन्छ ।

अध्याय षोडश, सप्तदश

तृतीय ज्योतिर्लिङ्ग महाकालको उत्पत्ति माहात्म्य वर्णन

सूतजी- अवन्ती नगरी रम्या मुक्तिदा सर्वदेहिनाम् । १६-५ ।

शिवभक्त ब्राह्मण र उज्जयिनी नगरको रक्षार्थ, दूषण राक्षसलाई वध गर्न र र चन्द्रसेन राजाको रक्षा गर्न 'महाकाल' बनेर शिव उज्जयिनीमा प्रकट भए र ज्योतिर्लिङ्गको रूपमा विराजित भए ।

उज्जयिनी नगरमा एक शिवभक्त, वेदपाठी, नित्य पार्थिव पूजन गर्ने, ब्राह्मण बस्तथ्यो । यिनका चार पुत्र देवप्रिय, प्रियमेधा, सुकृत र सुव्रत थिए । यिनीहरू पनि शिवभक्त थिए ।

त्यति बेला ब्रह्माबाट वर प्राप्त गरी दूषण दैत्य रत्नमाल पर्वतमा बस्तथ्यो । उसले त्रिलोकलाई नै वशमा राखेको थियो । त्यति बेला उसलाई थाहा भयो कि उज्जयिनी क्षेत्रमा वेदपाठी ब्राह्मणको प्रतापले धर्म-कर्म-पूजा-पाठ-स्तोत्र-ध्यान-अर्चना नित्य हुन्छ । त्यसपछि ब्राह्मणलाई वध गर्ने उद्देश्यले दूषण आफ्ना सेनासहित त्यहाँ गयो । चारैतिरबाट घेराबन्दी गऱ्यो । उसको मनमा थियो कि पृथ्वीलाई वैदिक धर्मरहित बनाउँछु ।

यावन्तो वेदधर्माश्च तावन्तो दूरतः कृताः ।
तीर्थे तीर्थे तथा क्षेत्रे धर्मो नीतश्च दूरतः ॥ १६-१७ ॥

नगरवासी प्रजा त्राहि त्राहि हुँदै ब्राह्मणको शरणमा आए । ब्राह्मण पनि यो सङ्कटलाई शिवले मात्र बचाउनेछन् भन्ने दृढ इच्छाशक्तिसाथ पार्थिव लिङ्गको पूजार्चना एवं ध्यानमा तत्पर भए । यही बेला दूषण दैत्य त्यहाँ आयो । ब्राह्मणलाई वध गर्न झम्टियो । भक्तमाथिको सङ्कटलाई शिवले सहन सकेनन् र पार्थिवलिङ्गको नजिक रहेको खाल्टोबाट एकाएक महान् शब्द गर्दै विकराल रूपले शिव प्रकट भए, जो महाकालको नामले प्रसिद्ध भयो ।

अथ यावत्स दुष्टात्मा हन्तुमैच्छद् द्विजांश्च तान् ।
तावच्च पार्थिवस्थाने गर्त आसीत्सशब्दकः ॥ १६-३६ ॥
गर्तात्ततः समुत्पन्नः शिवो विकटरूपधृक् ।
महाकाल इति ख्यातो दुष्टहन्ता सतां गति ॥ १६-३७ ॥

विकराल शिवले त्यही बेला हुङ्कार शब्दले त्यो दुष्ट दूषणसहित उसका सेनाहरूलाई भस्म गरे । पछि ब्राह्मणको प्रार्थनालाई स्वीकार गर्दै महाकालको नामले त्यही खाल्डोमा स्थिर भए । ब्राह्मणलाई शिवसायुज्य प्रदान गरे । उज्जयिनी नगरको रक्षा गर्न थाले ।

महाकालको दर्शन-स्पर्शन-पूजन ध्यान गर्नाले मनोकामना पूर्ण हुन्छ ।

यं यं काममपेक्ष्यैव तल्लिङ्गं भजते तु यः ।
तं तं काममवाप्नोति लभेन्मोक्षं परत्र च ॥ १६-५१ ॥

महाकालद्वारा राजा चन्द्रसेनको रक्षा

चन्द्रसेन उज्जयिनीका राजा थिए । महाकालका उपासक थिए । उनीसँग मणिभद्र मन्त्रीले उपहारमा दिएको एउटा कौस्तुभमणि समान दसै दिशा प्रकाशित गर्ने सुन्दर मणि थियो । यो त्यस्तो मणि थियो जसको स्पर्शले काँस, पित्तल, सिसा, फलाम, पत्थरलाई सुवर्ण बनाइदिन्थ्यो । उक्त मणि राजाले घाँटीमा धारण गरी राजसभामा बस्दा साक्षात् सूर्यनारायणभैँ प्रकाशित हुन्थे ।

छरछिमेकी राजाहरूलाई पनि थाहा भयो कि राजा चन्द्रसेनसँग अद्‌भुत चिन्तामणि छ । उनीहरू लोभिए र मणि प्राप्त गर्न एकजुट भए । एकसाथ सैन्यबलसहित राजा चन्द्रसेनको उज्जयिनी नगरमाथि धावा बोल्दै चारै दिशाबाट घेराबन्दी गरे ।

छिमेकी राजाहरूले आफ्नो नगरलाई घेराबन्दी गरेको राजा चन्द्रसेनले थाहा पाए । राजा किंकतर्व्यविमूढ भए अनि शिवको शारणापन्न भए । महाकाललाई पूजार्चना गरी स्तुति गर्न थाले ।

तमेव शरणं राजा महाकालेश्वरं ययौ ।
निर्विकल्पो निराहारः स नृपो दृढनिश्चयः ॥ १७-१५ ॥

त्यसपछि शिवले भक्तरक्षार्थ एउटा माया रचे । एक ग्वालिन विधवा स्त्री आफ्नो पाँच वर्षको बालक लिएर महाकालको दर्शन गर्न आइन् । दर्शन गरेर घर गइन् । साथै एउटा पत्थर लिएर घरमा पुगिन् । त्यसैलाई महाकाल स्वरूप मानेर धूपदीप, फलफूल, नैवेद्यसहित पूजार्चना गरिन् । यो सबै पूजाविधि पाँच वर्षको बालकले ध्यानपूर्वक हेऱ्यो र तन्मय भई समाधिमा बस्यो । यता ग्वालिनले भोजन तयार गरिन् । बालकलाई भोजनका लागि बोलाइन् । बालक गएन । आफैँ आएर बालकको हात पक्रेर लान लाग्दा पनि बालक समाधिमा नै रह्यो । यो देखेर ग्वालिनले महाकाल मानेर पूजा गरिएको पत्थरलाई उठाएर फ्याँकिन् । चढाएको नैवेद्य फलफूल पनि यत्रतत्र फ्याँकिन्, अनि बालक रोयो । हा देव ! हा महादेव ! भन्दै मूर्च्छित भयो ।

क्षणभरमा बालकलाई होस आयो । समीपमा महाकालको सुन्दर मन्दिर बनेको देख्यो । मन्दिरमा सुवर्णस्तम्भ, वन्दनवार, वेदी, मणिजटित स्तम्भ र आफ्नी माता देवाङ्गनाहरूद्वारा सेवित देख्यो । माता र बालकले आलिङ्‍गन गरे । यसलाई शिवकृपा ठाने । महाकाल शिवलाई बारम्बार प्रणाम गरे ।

चन्द्रसेन राजाले यो कुरो थाहा पाए । एक विधवा ग्वालिन र पाँच वर्षको उसको बालकलाई हेर्न राजा तुरुन्त आए । राजाले बालकलाई आलिङ्‍गन र ग्वालिनलाई प्रणाम गरे । एकाएक यो घटना पूरै नगरमा व्याप्त भयो । र ती छिमेकी राजाका सैनिक जो आक्रमण गर्न

घेराबन्दीमा तैनाथ थिए, उनीहरूले पनि थाहा पाए । त्यसपछि ती सैनिकले आ-आफ्ना स्वामी (राजा) लाई यो घटनाको विवरण सुनाए । अन्तमा पाँच वर्षको बालकमा त यत्रो शक्ति छ भने चन्द्रसेन राजा त स्वयं महाकालकै उपासक हुन् । उनी महाकालद्वारा रक्षित छन् । उनीसँग युद्ध गर्नु भनेको शिवद्वारा हामी सबै भस्म हुनु हो भन्ने निष्कर्षमा पुगे ।

नूनमस्य विरोधेन शिवः क्रोधं करिष्यति ।
तत्क्रोधाद्धि वयं सर्वे भविष्यामो विनष्टकाः ॥ १७-५३ ॥

त्यसपछि छिमेकी राजाले चन्द्रसेनसँग मिलाप गर्ने सहमति गरे । ती राजाहरूले शस्त्रास्त्रलाई त्याग गरेर चन्द्रसेनसँग मित्रता गरे । महाकालको पूजार्चना गरी धन्य एवं कृतकृत्य भए ।

हनुमान् प्रकट र भविष्यवाणी

छिमेकी राजाहरू चन्द्रसेनसँग बिदा लिई फर्किन लागेका थिए, त्यही बेला हनुमान् प्रकट भए ।

प्रादुर्बभूव तेजस्वी हनुमान् वानरेश्वरः । १७-६२ ।

हनुमान्ले सबैलाई सम्बोधन गर्दै भने, 'सबैका रक्षक शिव हुन् । उनको निरन्तर उपासना जीवनको लक्ष्य हुनुपर्दछ । यो ग्वालिन पुत्र जसको कृपाले हामी यहाँ एकत्र भएका छौं, जसको उमेर पाँच वर्षको मात्र छ, यसको नाम आजबाट 'श्रीकर' हुनेछ । यसले गोपजातिको यशकीर्ति बढाउनेछ । यसको आठौं वंश पिँढीमा यही बालक 'नन्द' गोप भएर जन्मिनेछ र यसको घरमा श्रीकृष्ण स्वयं अवतार लिनेछन् ।

अस्य वंशोऽष्टमो भावी नन्दो नाम महायशाः ।
प्राप्स्यते तस्य पुत्रत्वं कृष्णो नारायणः स्वयम् ॥ १७-६८ ॥

त्यसपछि अञ्जनी पुत्र श्री हनुमान्ले सबैमाथि कृपादृष्टि प्रदान गरे । शिव पूजार्चनाको विधि वर्णन गरे र त्यहीँ अन्तर्ध्यान भए । जीवनपर्यन्त चन्द्रसेन तथा गोप श्रीकरले महाकालको निरन्तर उपासना-आराधना गरे र अन्त्यमा शिवसायुज्जयता प्राप्त गरे ।

यो महाकाल ज्योतिर्लिङ्गको वर्णन जसले सुन्छ या सुनाउँछ दुवैको कल्याण हुन्छ । यो कथानक सज्जनरक्षक र दुर्जननाशक छ ।

अध्याय अष्टादश

चतुर्थ ज्योतिर्लिङ्ग ॐकारेश्वर उत्पत्ति, महिमा वर्णन

सूतजी **ॐकारे परमेशाख्यं लिङ्गमासीद्यथा द्विजाः ।**
तथा वक्ष्यामि वः प्रीत्या श्रूयतां परमर्षयः ॥ ३ ॥

एक समय नारद भ्रमण गर्दै विन्ध्यगिरि पुगे, र जोड दिएर श्वास भरे । नारदले यसो गरेपछि विन्ध्यलाई लाग्यो कि मभित्र केही कमी छ, जसका कारण उनले गम्भीर श्वास लिए । यता विन्ध्यलाई घमन्ड पनि थियो कि म पर्वतराज हुँ । मसँग सबै थोक छ । त्यसैले सोधे-

विन्ध्य- **किं न्यूनं च त्वया दृष्टं मयि निःश्वासकारणम् । ८ ।**

नारदजी- तिमीसँग सबै थोक छ, तर तिमीभन्दा सुमेरु पर्वत अग्लो छ । उसको भाग देवतामा पर्छ, तिम्रो पर्दैन ।

विद्यते त्वयि सर्वं हि मेरुरुच्चतरः पुनः ।
देवेष्वपि विभागोऽस्य न तवास्ति कदाचन ॥ ९ ॥

नारदजी विन्ध्यको हृदयमा आगो लगाइदिएर निक्लिए । विन्ध्य दुःखी भयो । उसले आफ्नो जीवनलाई धिक्कार्‍यो । त्यसपछि शिवको शरणमा गयो । आराधना गर्ने निर्णय गर्‍यो । ॐकारेश्वर लिङ्गको समीप गयो । पार्थिवलिङ्गको स्थापना गर्‍यो र निरन्तर पूजार्चना, ध्यान, जप ६ महिनासम्म गर्‍यो ।

आराध्य च तदा शम्भुं षण्मासं स निरन्तरम् । १३ ।

शिव प्रसन्न भए । प्रकट भएर विन्ध्यलाई वरदान माग्न भने । विन्ध्यले पहिले त शिवको पूजार्चना, स्तुतिवन्दना गर्‍यो, अनि यहीँ निवास गर्न अनुरोध गर्‍यो ।

त्यसपछि विन्ध्यको अनुरोधलाई स्वीकार गर्दै शिव दुई रूपमा स्थापित भए । ती दुई रूप थिए-ॐकार (प्रणव) र पार्थिव लिङ्ग (अमलेश्वर) । विन्ध्यले जुन पार्थिव लिङ्गको उपासना गरेको थियो त्यो नै 'अमलेश्वर' नामले जानिन्छ भने ॐकार स्वरूप शिव प्रणव रूपमा प्रकट भए । यी दुवै लिङ्ग चतुर्थ ज्योतिर्लिङ्गको रूपमा आज पनि विद्यमान र प्रख्यात छन् ।

ॐकारं चैव यल्लिङ्गमेकं तच्च द्विधा गतम् ।
प्रणवे चैव ॐकारनामासीत्स सदाशिवः ॥ २२ ।
पार्थिवे चैव यज्जातं तदासीत्परमेश्वरः ।
भक्ताभीष्टप्रदौ चोभौ भुक्तिमुक्तिप्रदौ द्विजाः ॥ २३ ॥

त्यसपछि यी दुवै ज्योतिर्लिङ्गलाई देवता तथा ऋषिहरूले पूजार्चना गरेर अनेक वर प्राप्त गरे, अनि मनुष्यले पूजा गर्न थाले । जसले ॐकार स्वरूप यस शिवको पूजार्चना, दर्शन गर्दछन् उनीहरू सबै मनोरथ पूर्ण गर्दै जन्मजन्मान्तरको चक्रबाट मुक्त हुन्छन् ।

अध्याय एकोनविंश

पञ्चम ज्योतिर्लिङ्ग केदारेश्वर उत्पत्ति महिमा वर्णन

सूतजी- नरनारायणाख्यौ याववतारौ हरेर्द्विजाः ।
तेपाते भारते खण्डे बदर्याश्रम एव हि ॥ १ ॥

विष्णुका नरनारायण अवतार आज पनि भारतवर्षको बदरीकाश्रममा तपस्यारत छन् । यिनै नरनारायणको पार्थिवलिङ्गको स्थापना, पूजार्चना, ध्यान र तपस्यालाई मूर्तरूप दिन शिव केदारेश्वर रूपमा प्रकट भई त्यसै क्षेत्रमा ज्योतिर्लिङ्गको रूपमा विराजमान भएका हुन् । त्यही बेलादेखि केदारेश्वरको पूजार्चना देव-ऋषि-मनु-मानव हुँदै आएको हो ।

एकपल्ट पाण्डवलाई देखेर केदारेश्वर शिवले भैंसीको रूप धारण गरे, र भागे ।

यो वै हि पाण्डवान्दृष्ट्वा माहिषं रूपमास्थितः । १३ ।

पाण्डवले भैंसीलाई पछ्याए, तर भैंसीरूपी शिव शिरोभाग अधोमुख गरी भागि नै रहे । अन्तमा पाण्डवले भैंसीको पुच्छर समाते, र बारम्बार आफ्नो स्वरूपमा प्रकट हुन प्रार्थना र अनुरोध गरे, तर त्यही रूपमा स्थापित भएर शिवले दर्शन दिए । उता भैंसीको शिरोभाग नेपालमा पशुपतिको रूपमा प्रकट भए, जसका पाँचवटा मुखमण्डल छन् ।

तद्रूपेण स्थितस्तत्र भक्तवत्सल नामभाक् ।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः ॥ १५ ॥

त्यसैले केदारेश्वर लिङ्ग भैंसीको शरीर भाग हो भने पशुपतिनाथ मुखमण्डलयुक्त शिरोभाग हो ।

केदारेश्वरको दर्शन गरेपछि पशुपतिनाथको पनि दर्शन गर्नुपर्छ, नत्र फलप्राप्ति अपूर्ण हुन्छ । दुवैको दर्शनले मनोरथ पूर्ण हुन्छ ।

केदारेश्वर बदरीकाश्रम खण्डका स्वामी हुन् । यिनको पूजार्चनाले मनोवाञ्छित फल प्राप्त भई सबै खाले दुःखबाट निवृत्ति प्राप्त हुन्छ र पुनः गर्भवास हुनुपर्दैन । सुन्ने र सुनाउने दुवैको कल्याण हुन्छ ।

सर्वकामप्रदः शम्भुः केदाराख्यो न संशयः ।
श्रुत्वा पापं हरेत्सर्वं नात्र कार्या विचारणा ॥ २५ ॥

अध्याय विंश, एकविंश

षष्ठम ज्योतिर्लिङ्ग भीमशङ्कर उत्पत्ति माहात्म्य वर्णन

सूतजी- अत परं प्रवक्ष्यामि माहात्म्यं भैमशङ्करम् ।
यस्य श्रवणमात्रेण सर्वाभीष्टं लभेन्नरः ॥ २०-१ ॥

भगवान् शङ्करको यो अवतार कामरूप देशको सुदक्षिण राजा एवं प्रजाको रक्षार्थ एवं 'भीम' नामको राक्षसलाई वध गरी शान्ति स्थापनार्थ भएको हो ।

पूर्वकालमा एक महापराक्रमी 'भीम' नामको राक्षस कुम्भकर्णको वीर्य र कर्कटीको गर्भबाट जन्मेको थियो र आफ्नी माताको साथ सैह्य पर्वतमा रहन्थ्यो । एकपल्ट मातालाई सोध्यो, 'मेरा पिता कहाँ छन् ? को हुन् ? तपाईं किन एक्लै बस्नुभएको हो ? त्यसपछि कर्कटीले सबै वृत्तान्त यसरी बताउन थालिन्-

कर्कटी- पिता ते कुम्भकर्णश्च रावणानुज एव च ।
रामेण मारितः सोऽयं भ्राता सह महाबलः ॥ २०-१० ॥

हे पुत्र भीम ! रावणको भाइ कुम्भकर्ण तिम्रा पिता हुन् जसलाई श्रीरामले रावणसहित वध गरे । मेरा पिता कर्कट र माता पुष्कसी थिए । मेरो विवाह विराधसँग भएको थियो जसलाई रामले पहिले नै वध गरे ।

पति विराधको मृत्युपश्चात् म मातापिताका साथ बस्न थालेँ । एक दिन अगस्त्य मुनिका शिष्य सुतीक्ष्णले मेरा मातापिताको पनि वध गरे, किनकि उनीहरू आहारार्थ उनलाई वध गर्न पुगेका थिए । त्यसपछि म एक्लै दुःखी भएर बस्दै थिएँ । त्यही बेला महान् बलपराक्रमले सम्पन्न राक्षस कुम्भकर्ण म भए ठाउँमा आयो र बलात्कारपूर्वक मसँग समागम गर्‍यो र मलाई छोडेर लङ्का गयो, उसैको वीर्यबाट तिम्रो जन्म भयो, त्यसैले कुम्भकर्ण तिम्रा पिता भएका हुन् ।

एतस्मिन् समये ह्यत्र राक्षसो रावणानुजः ।
आगत्य कृतवान् सङ्गं मां विहाय गतो हि सः ॥ २०-१७ ॥

अब तिम्रै सहारा लिई कालक्षय गरिरहेकी छु ।

माता कर्कटीको मुखबाट सारा वृत्तान्त सुनेपछि राक्षस भीम क्रोधले व्याकुल भयो, र अतुलित बलसम्पन्न भएर मात्र यी सबैको बदला लिन्छु भन्ने सोच्यो । मातासँग आज्ञा लियो र ब्रह्मालाई लक्ष्य गरी कठोर तपस्यारम्भ गर्‍यो । एक हजार वर्ष तपस्या गरेपछि ब्रह्मा तपस्थलीमा प्रकट भएर वरदान माग्न भने ।

भीम- अतुलं च बलं मेऽद्य देहि त्वं कमलासन । २०-३० ।

ब्रह्माले भीमलाई बलशाली हुने वर प्रदान गरे । वर पाएपछि भीमले सबैभन्दा पहिले देवताहरूलाई वशमा गऱ्यो । त्यसपछि रसातललाई जित्यो, अनि पृथ्वीलाई जित्ने क्रममा कामरूप देशको राजा सुदक्षिणलाई जित्यो र कारागारमा कैद गऱ्यो । यद्यपि यी राजा शिवभक्त थिए, तर ब्रह्माको वरले वशमा गर्न सफल भयो ।

त्यसपछि राजा सुदक्षिणले कारागारभित्रै पार्थिवलिङ्ग स्थापना गरी मानसिक गङ्गास्नान र पूजार्चना, ध्यान, प्रणाम, स्तोत्र, मुद्रा, आसन, भजन गरी 'ॐ नमः शिवाय' को जप गर्न थाले । यसै गरी राजाकी पत्नी दक्षिणाले पनि घरमै पार्थिवलिङ्गको पूजार्चना निरन्तर गर्न थालिन् ।

उता 'भीम' राक्षसको उपद्रव बढ्दै गयो, उसले साधुसन्तको अवज्ञा, यज्ञ-यागादिमा रोक र बन्देज गर्दै ऋषिहरूलाई आश्रमबाट निस्कन आदेश दियो । त्रिलोकमा एकक्षत्र राज्य गर्दै गयो ।

यसै बिचमा ऋषिहरू ब्रह्मादि देवताहरूलाई लिएर शिवशरणमा गए । शिवले सम्पूर्ण वृत्तान्त सुनेर भने, 'शीघ्र नै भीमको विनाश हुनेछ । तिमीहरू कामरूप देशमा जाओ र भक्त सुदक्षिणका साथ मेरो भक्ति गर ।

यता भीमका गुप्तचरले आएर भने, 'तपाईंको वध गर्न राजा सुदक्षिणले कारागारभित्र अनौठो विधि निरन्तर गर्दै आएका छन् ।' यति सूचना प्राप्त हुनासाथ राक्षस भीम नाङ्गो तरवार लिएर पुग्यो र सोध्यो-

भीम- रे रे पार्थिव दुष्टात्मन् क्रियते किं त्वयाधुना ।
सत्यं वद न हन्यां त्वामन्यथा हन्मि निश्चितम् ॥ ७ ॥

साँचो बतायौ भने छोडिदिन्छु, नत्र मार्नेछु ।

राजा भयभीत त थिए तर शिवप्रति अटुट श्रद्धा एवं विश्वास पनि जागृत भएको थियो, त्यसैले राजा सुदक्षिणले सबै साँचो कुरा बताए, 'यो सबै पार्थिव शिवलिङ्गको पूजा हो, जो सबैका रक्षक र चराचरका स्वामी हुन् ।'

सुदक्षिण- भजामि शङ्करं देवं स्वभक्त परिपालकम् ।
चराचराणां सर्वेषामीश्वरं निर्विकारकम् ॥ २१-१६ ॥

राक्षस भीमले म चराचरको स्वामी हुँदाहुँदै यो अर्को कहाँबाट आयो ? यस्तो सोचेर आफ्ना पितामातामाथि भएका सबै घटनाहरूलाई स्मरण गऱ्यो, अनि तलवारले पार्थिव लिङ्गलाई नै टुक्र्याउन झम्टियो । त्यसै बेला त्यही पार्थिवलिङ्गबाट भयङ्कर भीमाकार रूपमा शिव प्रकट भए ।

तावच्च पार्थिवात्तस्मादाविरासीत् स्वयं हरः ॥ २१-३२ ॥

परस्पर युद्ध भयो, अन्त्यमा भीमेश्वर शिवले 'हुङ्कार' गरी तुरुन्त सेनासहित भीम राक्षसलाई भस्म गरे अनि त्रिलोकमा शान्ति छायो । त्यसपछि देव-ऋषि-राजा सुदक्षिणले प्रार्थना गरेर यहीँ रहन अनुरोध गरे । शिवले पनि भक्तको भावनालाई सम्मान गर्दै त्यहीँ ज्योतिर्लिङ्गको रूपमा स्थायी निवास गर्न थाले । भीम राक्षसलाई वध गर्न शिव भीमाकार रूपमा प्रकट भएकाले यिनको नाम भीमशङ्कर भयो ।

भीमशङ्करनामा त्वं भविता सर्वसाधकः ॥ २१-५३ ।

यस ज्योतिर्लिङ्गको दर्शन पूजार्चना गर्नाले कठोर आपत्तिबाट बच्नुका साथै सर्वत्र विजयी र मनोरथ पूर्ण हुन्छ ।

अध्याय द्वाविंश, त्रयोविंश

सप्तम ज्योतिर्लिङ्ग विश्वेश्वर उत्पत्ति माहात्म्य, पञ्चकोशी वाराणसीको महत्त्व वर्णन

सूतजी- अतः परं प्रवक्ष्यामि श्रूयतामृषिसत्तमाः ।
विश्वेश्वरस्य माहात्म्यं महापातकनाशनम् ॥ २२-१ ।

यो ब्रह्माण्डमा जे जे वस्तु देखिन्छन् ती सबै निर्विकार-चैतन्य-सनातन र आनन्द स्वरूप छन् । जब परमात्मामा निर्गुणबाट सगुण रूप धारण गर्ने इच्छा हुन्छ, तब शिव र शक्ति रूपमा प्रकट हुन्छन् । फेरि त्यही प्रकृतिपुरुष भेदले द्विधा रूपमा विभाजित हुन्छन् ।

स एव हि द्विधा जातः पुंस्त्रीरूपप्रभेदतः ।
यः पुमान्स शिवः ख्यातः स्त्री शक्तिः स हि कथ्यते ॥ २२-४ ॥

जब प्रकृतिपुरुषले हामी कहाँबाट प्रकट भयौं ? हाम्रा मातापिता को हुन् ? भनेर संशय गर्दै थिए, त्यही बेला आकाशवाणी भयो र तप गर्न आज्ञा भयो ।

प्रकृति पुरुषले- तपस्याका लागि कुनै स्थान नै छैन । हामी कहाँ बसेर तपस्या गरौं ? भनेपछि-

निर्गुण शिवले तेजको सारभूत पाँच कोश वर्गाकारको शुभ एवं सुन्दर नगरको निर्माण गरे, जो निर्गुण शिवको आफ्नै स्वरूप थियो । त्यो नगर त्यो पुरुष (श्री विष्णु) को समीप पठाए । विष्णु त्यस नगरमा बसेर तपस्या गर्न थाले । उनको ध्येय थियो- सृष्टिको

विस्तार । विष्णुले यसरी तपस्या गर्दा श्वेतविन्दुयुक्त पसिनाको थोपा शरीरबाट निस्कियो ।

श्रमेण जलधाराश्च विविधाश्चाभवंस्तदा ॥ २२-१२ ।

श्रमजल व्यापक हुँदै गयो । विष्णुलाई आश्चर्य हुँदै गयो । उनले आफ्नो शिर हल्लाए जसको कारण कानको मणि झर्‍यो । जहाँ त्यो मणि झरेको थियो, त्यो ठाउँ मणिकर्णिका नामले प्रसिद्ध भयो ।

ततश्च पतितः कर्णान्मणिश्च पुरतः प्रभोः ।
तद्बभूव महत्तीर्थं नामतो मणिकर्णिका ॥ २२-१४ ॥

यता विष्णुको श्रमजलले पाँच कोश नगरी डुबाउन र बगाउन थाल्यो, अनि शिवले उक्त नगरीलाई आफ्नो त्रिशूलको माथि राखे । त्यसपछि प्रकृतिका साथमा त्यही जलमा विष्णुले शयन गरे । विष्णुको नाभिबाट कमल उत्पन्न भयो । त्यही कमलमा ब्रह्मा प्रकट भए । शिवाज्ञा पाएर ब्रह्माले सृष्टि विस्तार गरे जो चौध भुवन र पचास करोड योजन विस्तारित छ ।

चतुर्दशमिता लोका ब्रह्माण्डे यत्र निर्मिताः ।
योजनानां च पञ्चाशत् कोटिसङ्ख्या प्रमाणतः ॥ २२-१७ ॥

त्यसपछि शिवले ब्रह्माण्डभित्र कर्मबन्धनयुक्त प्राणीले मलाई कसरी प्राप्त गर्नेछन् भन्ने सोचेर यो पञ्चकोशको नगरलाई अलग गरिदिए र यसलाई काशी-मुक्ति क्षेत्र, अविमुक्त क्षेत्र आदि नामले चिन्न थालियो । यो शिवको अत्यन्त प्रिय नगरी भयो । यहीँ शिवको ज्योतिर्लिङ्ग अविमुक्तेश्वर (विश्वनाथ) स्थापना भयो ।

अविमुक्तं स्वयं लिङ्गं स्थापितं परमात्मना ।
न कदापि त्वया त्याज्यमिदं क्षेत्रं ममांशक ॥ २२-२१ ॥

त्यसपछि शिवले आफ्नो त्रिशूलबाट काशीलाई उतारेर मर्त्यलोकमा स्थापित गरिदिए । ब्रह्माण्डको प्रलय हुँदा पनि यस क्षेत्रको नाश हुँदैन । शिवले प्रलय कालको समयमा काशीक्षेत्रलाई आफ्नो त्रिशूलमा धारण गरी स्थिर राख्छन् र ब्रह्माको सृष्टि विस्तार हुँदा फेरि यसलाई त्यसैगरी पूर्ववत् स्थापित गर्दछन् ।

ब्रह्मणश्च दिने सा हि न विनश्यति निश्चितम् । २२-२३ ।

कर्मबन्धनलाई आकर्षण गर्नाले यस क्षेत्रको नाम काशी भएको हो ।

कर्मणां कर्षणाच्चैव काशीति परिपठ्यते । २२-२४ ।

यस क्षेत्रमा अविमुक्तेश्वर (विश्वनाथ) सदा स्थिर रहेर विश्वको कल्याण एवं पापहरूको प्रक्षालन गरी मुक्ति प्रदान गर्दै रहनेछन् ।

काशी यस्तो दिव्य क्षेत्र हो जहाँ मृत्यु हुँदा सायुज्यमुक्ति हुन्छ । जसको अन्यत्र सद्‌गति हुँदैन तिनले काशीमा सद्‌गति प्राप्त गर्छन् ।

येषां क्वापि गतिर्नास्ति तेषां वाराणसी पुरी । २२-२७ ।

यो पाँच कोशको क्षेत्र करोडौं ब्रह्महत्यादि पापलाई नाश गर्ने क्षेत्र हो । ब्रह्मादि देवता पनि यस क्षेत्रको विशेष प्रशंसा गर्दछन् । अमरत्व प्राप्त देवता पनि यस क्षेत्रमा मरणको इच्छा गर्दछन् । शिव-शिवाको नित्य वास यस क्षेत्रमा हुन्छ । यो शिवको राजधानी हो ।

काशीको माहात्म्यबारे स्वयं शिवपार्वती भन्छन्, 'यो वाराणसी क्षेत्र गुप्तक्षेत्र हो । सबै प्राणीको मोक्ष स्थल हो । यहाँ अनेक लिङ्‌ग स्थापित छन्, जहाँ नित्य मुमुक्षुजन उपासना गर्दछन् । यहाँ मृत्यु हुनु नै मोक्ष हुनु हो ।'

सर्वे वर्णाः आश्रमाश्च बालयौवनवार्धकाः ।
अस्यां पुर्यां मृताश्चेत्स्युर्मुक्ता एव न संशयः ॥ २३-१४ ॥

पवित्र-अपवित्र कन्या, विवाहिता-अविवाहिता, विधवा-वन्ध्या, रजोदोषयुक्त, प्रसवकालमा मृत्यु भएकी, संस्कारहीन लगायत सबै खाले स्त्रीले यस पञ्चकोश क्षेत्रमा मृत्यु हुँदा मोक्ष प्राप्त गर्छन् ।

स्वदेज-अण्डज-उद्‌भिज-जरायुज सबै प्राणीले यस क्षेत्रमा मोक्ष प्राप्त गर्छन् । ज्ञान-कर्म, भक्ति-दान, संस्कार-ध्यान, जप-पूजा-अर्चना, कुल-गोत्र केहीको आवश्यकता पर्दैन । यस क्षेत्रमा मृत्यु हुनु नै मोक्ष हो । मनुष्य चाहे भोजन गर्दै गरेको या सुतेको समयमा, या खेल खेल्दै गर्दा यस क्षेत्रमा मृत्यु भएमा मुक्ति प्राप्त हुन्छ । विषयाशक्त, धर्मविमुख या कर्मबन्धनयुक्त अभिमानी, पाखण्डी, घमन्डी, व्यभिचारी सबैले यस क्षेत्रमा मृत्युपश्चात् मोक्ष प्राप्त गर्छन् ।

विषयासक्तचित्तोऽपि त्यक्तधर्मरुचिर्नरः ।
इह क्षेत्रे मृतो यो वै संसारं न पुनर्विशेत् ॥ २३-३० ॥

कर्म तीन प्रकारका हुन्छन्- (१) **पूर्वसञ्चित-** पूर्व जन्ममा गरेको कर्म (२) **प्रारब्ध-** शरीरले फल रूपमा भोगिरहेको (३) **क्रियमाण-** यो जन्ममा गरिरहेको शुभाशुभ कर्म । यी तीनै प्रकारको कर्मबन्धनयुक्त मानिसले यस क्षेत्रमा मृत्यु हुँदा मोक्ष प्राप्त गर्छन् ।

काशीमा आएर गङ्‌गास्नान गर्नासाथ सबै पाप नष्ट हुन्छन् । पूर्वजन्ममा काशीको दर्शन गरेकाले मात्र यो जन्ममा काशीमा मृत्यु पाउँछन् । जहाँ भए पनि काशी शब्दको उच्चारण गरी मृत्यु भएमा जन्म लिनुपर्दैन । जसले आफ्नो धनले एउटा मात्र ब्रह्मणलाई काशीवास गराउँछ, उसले काशीवास प्राप्त गरी मुक्ति पाउँछ ।

एकोऽपि ब्राह्मणो येन काश्यां संवासितः प्रिये ।
काशीवासमवाप्यैव ततो मुक्तिं स विन्दति ॥ २३-५२ ॥

वारण र असी दुई नदीको सङ्गम क्षेत्रमा वाराणसी, पाँच कोशमा फैलिएको पञ्चकोशी काशी नगरी, विश्वेश्वरको अविमुक्त क्षेत्र एक पल, एक क्षण पनि दर्शन-सेवन गर्ने सौभाग्य प्राप्त गर्नु नै यो जीवनको सर्वोपरि उपलब्धि मान्नुपर्दछ । काशी विश्वनाथले जगत्‌लाई सबै प्रकारले रक्षा गरून् ।

अध्याय चतुर्विंश, पञ्चविंश, षड्विंश, सप्तविंश

अष्टम ज्योतिर्लिङ्ग- त्र्यम्बकेश्वर उत्पत्ति माहात्म्य वर्णन

(अष्टम ज्योतिर्लिङ्ग त्र्यम्बकेश्वर उत्पत्ति माहात्म्य, गौतम ऋषिको उपकार, गौहत्याको आरोप र प्रायश्चित्त गर्दा शिव प्रकट, त्र्यम्बक नामले स्थायी निवास, गङ्गा गौमती नामले प्रकट)

सूतजी- अतः परं प्रवक्ष्यामि माहात्म्यं त्र्यम्बकस्य च ।
यच्छुत्वा सर्व पापेभ्यो मुच्यते मानवः क्षणात् ॥ २४-१ ॥

प्राचीन कालमा गौतम ऋषि जो महान् तपस्वी थिए । यिनकी पत्नी 'अहिल्या' थिइन् । दक्षिण भारतको ब्रह्मगिरि पर्वतमा यिनले दश हजार वर्षपर्यन्त तपस्या गरे । यसै बिचमा भयानक अनावृष्टि एक सय वर्षपर्यन्त भयो । भूमि सर्वत्र सुक्खा बन्जर हुन पुग्यो । कयौं जल-थल-नभका प्राणीको अकालमा नै मृत्यु भयो । यो विषय-परिस्थितिलाई मध्यनजर गर्दै गौतम ऋषिले वरूणदेवलाई लक्ष्य गरी ६ महिना प्राणायाम विधिले तप गरे ।

गौतमोऽपि स्वयं तत्र वरूणार्थि तपः शुभम् ।
चकार चैव षण्मासं प्राणायामपरायणः ॥ २४-८ ॥

वरूणदेव प्रसन्न भए । तपस्यास्थलमा प्रकट भएर वर माग्न भने । गौतम मुनिले जलवृष्टिको याचना गरे । वरूणले भने, 'अर्को वर माग । देवताहरूको आज्ञा उल्लङ्घन गरेर म कसरी वर्षा गराऊँ ?'

गौतम- तपाईं जलको स्वामी हुनुहुन्छ । यदि वर दिन नै आउनुभएको हो भने दिनुहोस् । अहिले यसैको आवश्यकता छ ।

वरूण- हे महर्षि ! त्यसो हो भने एउटा खाल्डो खन । म त्यसलाई अक्षय दिव्य जलले भरिदिन्छु र यो तिम्रो नामले तीर्थरूप जल हुनेछ । साथै, यस क्षेत्रमा गरिएको दान, जप,

काशी यस्तो दिव्य क्षेत्र हो जहाँ मृत्यु हुँदा सायुज्यमुक्ति हुन्छ । जसको अन्यत्र सद्गति हुँदैन तिनले काशीमा सद्गति प्राप्त गर्छन् ।

येषां क्वापि गतिर्नास्ति तेषां वाराणसी पुरी । २२-२७ ।

यो पाँच कोशको क्षेत्र करोडौं ब्रह्महत्यादि पापलाई नाश गर्ने क्षेत्र हो । ब्रह्मादि देवता पनि यस क्षेत्रको विशेष प्रशंसा गर्दछन् । अमरत्व प्राप्त देवता पनि यस क्षेत्रमा मरणको इच्छा गर्दछन् । शिव-शिवाको नित्य वास यस क्षेत्रमा हुन्छ । यो शिवको राजधानी हो ।

काशीको माहात्म्यबारे स्वयं शिवपार्वती भन्छन्, 'यो वाराणसी क्षेत्र गुप्तक्षेत्र हो । सबै प्राणीको मोक्ष स्थल हो । यहाँ अनेक लिङ्ग स्थापित छन्, जहाँ नित्य मुमुक्षुजन उपासना गर्दछन् । यहाँ मृत्यु हुनु नै मोक्ष हुनु हो ।'

सर्वे वर्णाः आश्रमाश्च बालयौवनवार्धकाः ।
अस्यां पुर्यां मृताश्चेत्स्युर्मुक्ता एव न संशयः ॥ २३-१४ ॥

पवित्र-अपवित्र कन्या, विवाहिता-अविवाहिता, विधवा-वन्ध्या, रजोदोषयुक्त, प्रसवकालमा मृत्यु भएकी, संस्कारहीन लगायत सबै खाले स्त्रीले यस पञ्चकोश क्षेत्रमा मृत्यु हुँदा मोक्ष प्राप्त गर्छन् ।

स्वदेज-अण्डज-उद्भिज-जरायुज सबै प्राणीले यस क्षेत्रमा मोक्ष प्राप्त गर्छन् । ज्ञान-कर्म, भक्ति-दान, संस्कार-ध्यान, जप-पूजा-अर्चना, कुल-गोत्र केहीको आवश्यकता पर्दैन । यस क्षेत्रमा मृत्यु हुनु नै मोक्ष हो । मनुष्य चाहे भोजन गर्दै गरेको या सुतेको समयमा, या खेल खेल्दै गर्दा यस क्षेत्रमा मृत्यु भएमा मुक्ति प्राप्त हुन्छ । विषयाशक्त, धर्मविमुख या कर्मबन्धनयुक्त अभिमानी, पाखण्डी, घमन्डी, व्यभिचारी सबैले यस क्षेत्रमा मृत्युपश्चात् मोक्ष प्राप्त गर्छन् ।

विषयासक्तचित्तोऽपि त्यक्तधर्मरुचिर्नरः ।
इह क्षेत्रे मृतो यो वै संसारं न पुनर्विशेत् ॥ २३-३० ॥

कर्म तीन प्रकारका हुन्छन्- (१) **पूर्वसञ्चित-** पूर्व जन्ममा गरेको कर्म (२) **प्रारब्ध-** शरीरले फल रूपमा भोगिरहेको (३) **क्रियमाण-** यो जन्ममा गरिरहेको शुभाशुभ कर्म । यी तीनै प्रकारको कर्मबन्धनयुक्त मानिसले यस क्षेत्रमा मृत्यु हुँदा मोक्ष प्राप्त गर्छन् ।

काशीमा आएर गङ्गास्नान गर्नासाथ सबै पाप नष्ट हुन्छन् । पूर्वजन्ममा काशीको दर्शन गरेकाले मात्र यो जन्ममा काशीमा मृत्यु पाउँछन् । जहाँ भए पनि काशी शब्दको उच्चारण गरी मृत्यु भएमा जन्म लिनुपर्दैन । जसले आफ्नो धनले एउटा मात्र ब्रह्मणलाई काशीवास गराउँछ, उसले काशीवास प्राप्त गरी मुक्ति पाउँछ ।

एकोऽपि ब्राह्मणो येन काश्यां संवासितः प्रिये ।
काशीवासमवाप्यैव ततो मुक्तिं स विन्दति ॥ २३-५२ ॥

वारण र असी दुई नदीको सङ्गम क्षेत्रमा वाराणसी, पाँच कोशमा फैलिएको पञ्चकोशी काशी नगरी, विश्वेश्वरको अविमुक्त क्षेत्र एक पल, एक क्षण पनि दर्शन-सेवन गर्ने सौभाग्य प्राप्त गर्नु नै यो जीवनको सर्वोपरि उपलब्धि मान्नुपर्दछ । काशी विश्वनाथले जगत्लाई सबै प्रकारले रक्षा गरून् ।

अध्याय चतुर्विंश, पञ्चविंश, षड्विंश, सप्तविंश

अष्टम ज्योतिर्लिङ्ग- त्र्यम्बकेश्वर उत्पत्ति माहात्म्य वर्णन

(अष्टम ज्योतिर्लिङ्ग त्र्यम्बकेश्वर उत्पत्ति माहात्म्य, गौतम ऋषिको उपकार, गौहत्याको आरोप र प्रायश्चित्त गर्दा शिव प्रकट, त्र्यम्बक नामले स्थायी निवास, गङ्गा गौमती नामले प्रकट)

सूतजी- अतः परं प्रवक्ष्यामि माहात्म्यं त्र्यम्बकस्य च ।
यच्छुत्वा सर्व पापेभ्यो मुच्यते मानवः क्षणात् ॥ २४-१ ॥

प्राचीन कालमा गौतम ऋषि जो महान् तपस्वी थिए । यिनकी पत्नी 'अहिल्या' थिइन् । दक्षिण भारतको ब्रह्मगिरि पर्वतमा यिनले दश हजार वर्षपर्यन्त तपस्या गरे । यसै बिचमा भयानक अनावृष्टि एक सय वर्षपर्यन्त भयो । भूमि सर्वत्र सुक्खा बन्जर हुन पुग्यो । कयौं जल-थल-नभका प्राणीको अकालमा नै मृत्यु भयो । यो विषय-परिस्थितिलाई मध्यनजर गर्दै गौतम ऋषिले वरूणदेवलाई लक्ष्य गरी ६ महिना प्राणायाम विधिले तप गरे ।

गौतमोऽपि स्वयं तत्र वरूणार्थि तपः शुभम् ।
चकार चैव षण्मासं प्राणायामपरायणः ॥ २४-८ ॥

वरूणदेव प्रसन्न भए । तपस्यास्थलमा प्रकट भएर वर माग्न भने । गौतम मुनिले जलवृष्टिको याचना गरे । वरूणले भने, 'अर्को वर माग । देवताहरूको आज्ञा उल्लङ्घन गरेर म कसरी वर्षा गराऊँ ?'

गौतम- तपाईं जलको स्वामी हुनुहुन्छ । यदि वर दिन नै आउनुभएको हो भने दिनुहोस् । अहिले यसैको आवश्यकता छ ।

वरूण- हे महर्षि ! त्यसो हो भने एउटा खाल्डो खन । म त्यसलाई अक्षय दिव्य जलले भरिदिन्छु र यो तिम्रो नामले तीर्थरूप जल हुनेछ । साथै, यस क्षेत्रमा गरिएको दान, जप,

तप, देव, पितृपूजन पनि अक्षय हुनेछ ।

अक्षयं च जलं तेऽस्तु तीर्थभूतं महामुने ।
तव नाम्ना च विख्यातं क्षितावेतद्भविष्यति ॥ २४-१८ ॥

गौतमले त्यसै गरे । वरुणदेवले अक्षय जल भरिदिए र बिदा भई वरुणदेव स्वर्गलोक फर्किए । महर्षि गौतम पनि खुसी भए । अकाल र अनावृष्टिको समयमा त्यही जलको सहाराले ऋषि, मुनि, मनुष्य, प्राणी, शिष्य सबैको संरक्षण र सम्वर्द्धन गर्दै उपकार गरे । गौतम मुनिको प्रशंसा-प्रताप सर्वत्र फैलियो । सबै त्यस क्षेत्रमा आएर बस्न थाले । सबै आनन्दित भए । गौतम मुनि पनि नित्य-नैमित्तिक कर्म निरन्तर रूपले गर्न थाले ।

ततश्च गौतमस्तत्र जलं प्राप्य सुदुर्लभम् ।
नित्य नैमित्तिकं कर्म चकार विधिवत्तदा ॥ २४-२७ ॥

नित्य हवनका लागि हवनीय पदार्थ निवार, जौ आदि रोपियो । पुष्प-फल आदि पनि रोपियो । गौतम मुनिको आश्रम यी सबै प्रकारको सुविधाले अत्यन्त पवित्र-स्निग्ध, प्राकृतिक वनस्पतिले भरिभराउ भयो । जस कसैलाई यस क्षेत्रमा एकपल्ट प्रवेश गरेपछि निस्कन मन लाग्दैनथ्यो । दिनानुदिन गौतमको प्रताप टाढाटाढासम्म फैलिँदै गयो ।

कुटिल ब्राह्मणहरूले गौतम मुनिलाई गौहत्याको षडयन्त्रमा फसाउनु

एकपल्ट केही ब्राह्मणपत्नीहरू जल ग्रहण गर्न त्यो जलक्षेत्रमा गए । उता गौतम मुनिका शिष्य पनि त्यही समयमा पुगे । दुवै तर्फबाट प्रथम जल लिने सम्बन्धमा विवाद भयो । अन्तमा ब्राह्मणपत्नीहरूले नै जल पहिले लिए तर उनीहरूले घरमा आएर ब्राह्मणलाई ठिक उल्टो बताएर उक्साए । ब्राह्मण त्यसै पनि गौतम मुनिको प्रताप र प्रशंसाले आफूहरूको अस्तित्व नै नभएको भैँ भएर तड्पिएका थिए । आज अनुकुल समय उपस्थित भयो बदला लिनको लागि भन्ने ठानेर, ब्राह्मणहरूले गणेशको आराधना गर्न थाले ।

विघ्नार्थं गौतमस्यैव नानापूजोपहारकैः ।
गणेशं पूजयामासुः सङ्क्रुद्धास्तां कुबुद्धयः ॥ २५-९ ॥

गणेश प्रसन्न भए । वरदान दिन प्रकट भएर वर माग्न भने ।

ब्राह्मण- हे गणेश ! तपाईं विघ्नकर्ता पनि हुनुहुन्छ । गौतम ऋषि र आश्रामवासी माथि विघ्न उपस्थित गराइदिनुपर्‍यो । गौतम ऋषिलाई धिक्कार्दै आश्रमबाट निकाल्नुपर्‍यो ।

गणेश- हे ब्राह्मणहरू हो ! तिमीहरूले जुन वर माग्यौ त्यो उचित छैन । अर्को कुनै वर माग । विना अपराध यस्तो कार्य गर्नाले हानि हुनेछ । जसले अकाल एवं अनावृष्टिको समयमा सबैको उपकार गरे, उनलाई दुःख दिनु उचित हुँदैन ।

यदा च दीयते दुःख तदा नाशो भवेदिह । २५-१५ ।

शुभ फललाई त्यागेर तिमीहरू अहित गर्न खोज्दै छौ ।

ब्राह्मण- हे गणेश ! तपाई गर्न सक्नुहुन्छ भने यही नै वर दिनुहोस्, अन्यथा हामीलाई अर्को वरको आवश्यकता छैन ।

गणेश- **असाधुः साधुतां चैव साधुश्चासाधुतां तथा ।**
कदाचिदपि नाप्नोति ब्रह्मोक्तमिति निश्चितम् ॥ २५-१९ ॥

हे ब्राह्मणहरू हो ! दुर्जन सज्जन र सज्जन दुर्जन हुन सक्तैनन् । यो ब्रह्माले भनेका छन् । जब भोजन प्राप्त थिएन, तब गौतमले उपकार गरेका थिए । अलिकति विचार गर । स्त्रीहरूको बहकाउमा लागेर मैले भनेको मानेको छैनौ । यसमा पनि गौतमलाई नै फाइदा हुनेछ । उनकै यश बढ्नेछ । तिमीहरूको पतन हुनेछ भनेर गणेशले सम्झाए र अन्तमा केही नलागेपछि तथास्तु ! भन्दै अन्तर्ध्यान भए ।

गणेशद्वारा दुर्बल गाईको रूप धारण, गौतमलाई गौहत्याको पाप

यता गौतमको नित्यकर्म चालु नै थियो । उनी कुटिल ब्राह्मणहरूको कपट कार्यबाट अनभिज्ञ थिए । केही समय यसरी नै बित्यो । गणेशले एक दुर्बल गाईको रूप धारण गरी गौतम मुनिको लहलहयुक्त खेतमा गएर निवार-धान-जौ चर्न थाले ।

गणेशस्तत्र गौर्भूत्वा जगाम किल दुर्बला ।
ब्रीहीन्सम्भक्षयामास यवांश्च मुनिसत्तमाः ॥ २५-२९ ॥

यस्तो देखेर गौतम मुनि गाईलाई हटाउन खेतमा गए । घाँसले हटाउन लागे । स्पर्श हुनासाथ गाई पृथ्वीमा लड्यो र मृत्यु भयो ।

तृणस्तम्बेन सा स्पृष्टा पपात पृथिवीतले
मृता च तत्क्षणादेव तद्दषः पश्यतास्तदा ॥ २५-३२ ॥

ब्राह्मणहरूले तुरुन्त गौतम मुनिमाथि गौहत्याको आरोप लगाउँदै गाली-गालौज सुरु गरे । गौतम अहिल्या आश्चर्यान्वित भए । ब्राह्मणले भने-

ब्राह्मण- **मुखं न दर्शनीयं ते गम्यतां गम्यातामिति ।**
दृष्ट्वा गोघ्नमुखं सद्यः सचैलं स्नानमाचरेत् ॥ २५-३८ ॥

गौहत्याराको अनुहार देख्नासाथ सचैल स्नान गर्नुपर्छ । अब, जबसम्म तिमी यो आश्रममा रहन्छौ तबसम्म कुनै देवता-पितृले हामीले दिएको पदार्थ ग्रहण गर्ने छैनन् । यहाँबाट निस्केर अन्यत्र निवास गर । यसैमा तिम्रो र हाम्रो कल्याण हुनेछ ।

यसरी ब्राह्मणहरूको भर्त्सना-तिरस्कारले गौतम ज्यादै दुःखी भए र एक कोश टाढा गएर बस्न थाले । पन्ध्र दिन बितेपछि गौतमले प्रायश्चित्त गर्ने दृढ सङ्कल्प गरे । र, पुनः तिनै ब्राह्मणहरूसँग आएर उपाय सोधे, 'प्रायश्चित्त के हुन सक्छ ? म गर्न तयार छु ।'

गौतम- यथा मदीयं पापं च गच्छत्विति निवेदताम् । २५-४६ ।

गौतमद्वारा गौहत्याको प्रायश्चित्त गर्नु

गौतम मुनिले प्रायश्चित्तको उपाय तिनै कपटी ब्राह्मणलाई सोधेपछि-

ब्राह्मण- पहिले त ब्राह्मणहरूले बोल्नै चाहेनन्, केही भनेनन् । तर पुनः पुनः भक्तिपूर्वक गौतमले सोधेपछि-

हे गौहत्यारा अधम ! पहिले प्रायश्चित्त गर्ने प्रतिज्ञा गर । देह शुद्धि गर, पात्र शुद्धि गर । अनि यीमध्ये कुनै एक उपाय गर अनि मात्र शुद्ध हुनेछौ । उपाय यस्ता छन्-

(१) तीनपल्ट पृथ्वीको परिक्रमा गरी एक महिना उपवास गर ।
(२) अथवा यो ब्रह्मगिरिको एक सयपल्ट परिक्रमा गर ।
(३) अथवा यस क्षेत्रमा गङ्गा ल्याऊ । गङ्गास्नान गर । करोड पार्थिव लिङ्ग बनाएर शिवको पूजाराधना गर र यो ब्रह्मगिरिलाई एघारपल्ट परिक्रमा गर । यीमध्ये कुनै एक गर, तर आफूले गरेको पापलाई प्रकट गर्दै गर ।

गौतमले तेस्रो उपाय गर्ने निधो गरे । पत्नीसहित पार्थिवलिङ्गको स्थापना पूजाराधना गर्दै ब्रह्मगिरिको परिक्रमा प्रारम्भ गरे । गौतम मुनिका शिष्यले पनि यस कार्यमा भाग लिए । ऋषिको तपले शिव प्रसन्न भए अनि गणसहति प्रकट भए ।

एवं कृते तु ऋषिणां सस्त्रीकेन द्विजाः शिवः ।
आविबर्भूव स शिवः प्रसन्नः सगणस्तदा ॥ २६-१ ॥

शिव तथा गङ्गाको आगमन, गौतमलाई वरदान

शिवले गौतमसँग वरदान माग्न भने, 'गौतमले आफू पापरहित हुनलाई प्रायश्चित्त गरेको हुनाले त्यही मागे ।

निष्पापं कुरु मां देवाब्रवीदिति स गौतमः । २६-४ ।

शिव- हे मुने ! तिमी पापी नै छैनौ । यी ब्राह्मणहरूले तिम्रो यश, कीर्तिलाई सहन नसकेर, छलकपटको सहारा लिई फसाएका थिए । तिम्रो दर्शन गर्ने स्वयं निष्पापी हुन्छन् । तिमी धर्मात्मा र पवित्र थियौ र छौ ।

त्वदीयदर्शनाल्लोका निष्पापाश्च भवन्ति हि ।
किं पुनस्त्वं सपापोऽसि मद्भक्तिनिरतः सदा ॥ २६-७ ॥

गौतम- हे प्रभो ! यी ब्राह्मणहरूले त मेरो उपकार गरे, जसको फलस्वरूप तपाईंको दर्शन भयो । उनीहरूले दुराचार गरेर नै मलाई महान् उपकार गरे ।

शिव- हे मुने ! तिमी धन्य छौ । ऋषिहरूमा श्रेष्ठ छौ । इच्छित वर माग ।

गौतम- मैले गरेको पाप लोकमा प्रसिद्ध भएको छ । प्रायश्चित्त गरेर नै मेरो शुद्धि हुनेछ । त्यसैले मलाई गङ्गा लिएर आउनुहोस् र दिनुहोस्, यही कार्यबाट लोकोपकार हुनेछ ।

यदि प्रसन्नो देवेश गङ्गा च दीयतां मम ।
कुरु लोकोपकारं हि नमस्तेऽस्तु नमोऽस्तुते ॥ २६-१९ ॥

त्यसपछि शिवले लोकोपकारको इच्छा राखी, स्वर्ग तथा पृथ्वीको सार स्वरूप जल, विवाहको समयमा ब्रह्माले दिएको जल, यी सबैलाई एकत्र गरी गौतम मुनिलाई प्रदान गरे । मुनिलाई प्रदान गर्दा-गर्दै त्यो जलले स्त्रीको रूप धारण गर्‍यो ।

गङ्गाजलं तदा तत्र स्त्रीरूपमभवत्परम् । २६-२३ ।

शिवले गङ्गादेवीलाई कलियुगको अट्ठाइसौं वैवस्वत मनुपर्यन्त गौतम मुनिसँगै रही लोकोपकार गर्न आज्ञा दिए । त्यसपछि गङ्गा-गौतमादि ऋषि, देवताहरूले शिवलाई परिवारसहित त्यस क्षेत्रमा बस्न प्रार्थना एवं अनुरोध गरेपछि शिवले पनि स्वीकार गरी गौतमद्वारा पूजित पार्थिवलिङ्गमा समाहित भए । यता देवता र तीर्थहरूले पनि गुरु सिंह राशिमा रहँदा एक वर्षसम्म रहने वचन दिए, जो प्रत्येक एघार वर्षमा आउने गर्दछ ।

सिंह राशौ यदा स्याद्वै गुरुः सर्वसुहृत्तमः ।
तदा वयं च सर्वे त्वागमिष्यामो न संशयः ॥ २६-४३ ॥

उनै गङ्गा गौतमी नामले र शिव त्र्यम्बकेश्वर नामले यस क्षेत्रमा ज्योतिर्लिङ्ग भएर स्थापित हुन पुगे । त्यसै गरी सिंह राशिमा वृहस्पति हुँदा देवता र तीर्थ यो क्षेत्रमा आउन थाले र सबैको पवित्र एवं कल्याण गर्न थाले, जो आज पनि यथावत् छ । हरेक द्वादश वर्षमा यस क्षेत्रमा लाग्ने कुम्भ भेला पनि गुरु सिंह राशिमा रहेका बेला नै लाग्ने गर्दछ ।

गङ्गा स्त्री कसरी 'गौतमी गङ्गा' भएर बग्न थालिन् ?

ऋषिहरूले स्त्री गङ्गा कहाँ र कसरी जलरूपमा परिणत भएर बग्न थालिन् ? भनेर प्रश्न सोधेपछि सूतजी भन्न थाले ।

सूतजी- गौतम ऋषिले गङ्गालाई जलरूपमा प्रकट भई कल्याण गर्नु भनेर प्रार्थना गरेपछि गङ्गा ब्रह्मगिरिको शिखरमा अवस्थित 'गुलर' वृक्षको शाखाबाट जलरूपमा प्रकट भइन् । गौतम ऋषि र उनका शिष्यले सर्वप्रथम स्नान गरे । पछि त्यो स्थानको नाम 'गङ्गाद्वार' राखियो ।

गङ्गाद्वारं च तन्नाम प्रसिद्धमभवत्तदा । २६-६ ।

त्यसपछि गौतमसँग वैर भाव भएका कुटिल ब्राह्मणहरू गङ्गास्नान गर्न आए तर यिनीहरूलाई देख्नासाथ गङ्गा अदृश्य भइन् । गौतमले पुनः प्रार्थना गरे अनि आकाशवाणी भयो ।

आकाश मण्डलबाट गङ्गा- यी ब्राह्मणहरू अत्यन्त दुष्ट, कृतघ्न, स्वामीद्रोही छन् । धूर्त र पाखण्डी छन् । यस्ता कुटिललाई कहिल्यै हेर्नु हुँदैन । त्यसैले म अदृश्य भएकी हुँ ।

गौतम- हे गङ्गे ! भगवान् शिवको वाणी नै छ- अपकार गर्नेलाई उपकार गर्नुपर्छ । त्यसैबाट उनीहरू पवित्र हुन्छन् । अतः तपाईंले यिनीहरूलाई दर्शन दिएर कल्याण गर्नुहोस् ।

अपकारिषु यो लोक उपकारं करोति वै । २७-१३ ।

आकाश गङ्गा- त्यसो हो भने यी सबै कृतघ्न ब्राह्मणले सर्वप्रथम प्रायश्चित्त गर्नुपर्दछ । त्यति मात्र होइन, आजदेखि यी सबै तिम्रो आज्ञाको अधीन रहनुपर्दछ र यो 'ब्रह्मगिरि' पर्वतको एक सयपटक परिक्रमा गरेपछि मात्र दर्शन दिनेछु ।

शतमेकोत्तरं चात्र कार्यं प्रक्रमणं गिरेः । २७-१६ ।

त्यसपछि कृतघ्न ब्राह्मणहरूले प्रायश्चित्त गरे, अनि गङ्गा पुनः प्रकट भइन् । गङ्गाद्वारको तल्लो भागलाई कुशावर्त भनिन्छ ।

कुशावर्तं नाम चक्रे गङ्गाद्वारादधोगतम् । २७-१९ ।

गौतम मुनिद्वारा कृतघ्न ब्राह्मणलाई श्राप

कृतघ्न ब्राह्मणलाई गौतम मुनिले श्राप दिएको भन्ने सुनेका थियौं तर यहाँ त त्यस्तो वर्णन गर्नुभएन त भनेर शौनकादि मुनिहरूले सोधेपछि-

सूतजी- हे ऋषि हो ! तिमीहरूले सुनेको कथा पनि सत्य हो । कल्पभेद अनुसार त्यो कथा पनि सत्य हो । त्यसलाई पनि सुन-

जब अकालपीडित अवस्थामा गौतमले सबैको भरणपोषण गरे । यो सबैलाई ठिक लागेन र कृत्रिम गाई खेतमा छोडे । गौतमको घाँसको त्यान्द्राको प्रहारले गाई लड्यो र मर्‍यो । पछि गौतमलाई थाहा भयो कि यो सबै केही विद्वेष राख्ने ब्राह्मणहरूले अपयश गराउन रचेको षड्यन्त्र थियो, अनि क्रोधमा आएर यसरी श्राप दिए-

गौतम मुनिद्वारा श्राप

अद्यप्रभृति दुर्मार्गे तत्र श्रद्धा भवेत्तु वः ।
मोक्षमार्गविहीने हि सदा श्रुतिबहिर्मुखे ॥ २७-३७ ॥

हे मूर्ख ब्राह्मणहरू हो ! आजदेखि तिमीहरू-शिव-वेद-मुक्ति-सत्कर्म विमुख होओ । कुमार्गी बन । म निरपराध शिवभक्तमाथि जुन हर्कत तिमीहरूले गर्‍यौ त्यसको फल तिमीहरूले

अवश्य भोग्नुपर्दछ । आजदेखि शिवभक्ति, शिवपूजा, शिवपर्वदेखि विमुख मात्र होइन अरूचि उत्पन्न होस् । तिमीहरूका सन्तान पनि यस्तै आचरण गर्ने होउन् । तिमीहरूले पुत्रहरूका साथ नरक जानु परोस् ।

नरकयातना भोगेपछि चाण्डाल योनिमा दरिद्रतायुक्त भएर शठ एवं निन्दक बनेर रहनू । कलियुगमा ब्राह्मण कुलमा जन्म त लिनेछौ तर पूर्वोक्त आचरणसहित धूर्तता, पाखण्ड र छलकपटको सहारा लिई जीवन यापन गर्नेछौ र पुनः नरकगामी हुनेछौ ।

त्यसपछि ती कृतघ्न ब्राह्मण-शिवभक्तबाट वहिष्कृत भई काँची (कराँची) मा निवास गर्न थाले ।

काञ्च्यां चक्रुर्निर्वासं हि शैवधर्मबहिष्कृताः । २७-४५ ।

यसरी गौतमी- त्र्यम्बकेश्वर माहात्म्य वर्णन भयो । यसको सेवनले सबैको कल्याण हुन्छ ।

अध्याय अष्टाविंश

नवम ज्योतिर्लिङ्ग वैद्यनाथ उत्पत्ति तथा माहात्म्य वर्णन

सूतजी- **अतः परं प्रवक्ष्यामि वैद्यनाथेश्वरस्य हि ।**
ज्योतिर्लिङ्गस्य माहात्म्यं श्रूयतां पापहारकम् ॥ १ ॥

यो ज्योतिर्लिङ्ग रावणले शिवको तपस्याको फलस्वरूप प्राप्त गरेको हो । यसको वर्णन यस्तो छ-

रावणो राक्षसश्रेष्ठो मानी मानपरायणः ।
आरराध हरं भक्त्या कैलासे पर्वतोत्तमे ॥ २ ॥

शिवलाई प्रसन्न गर्न रावणले कैलासमा गएर कठोर तप गर्‍यो, ग्रीष्ममा पञ्चाग्नि तापेर, वर्षामा भुइँमा, शीतकालमा जलमा बसेर नित्य हवन गर्दै कठोर तपस्या गर्‍यो । यो क्रम निरन्तर चलिरह्यो । कयौं वर्ष व्यतीत भए तर शिव प्रसन्न भएनन् । त्यसपछि आफ्ना दशवटा शिरसहित शरीरकै आहुति दिने दृढ निश्चय गर्‍यो र एक एक शिर काट्दै हवन गर्न थाल्यो । जब दसौं शिरको पालो आयो र शिरच्छेद गर्न नै आँटेको थियो, शिव प्रकट भएर रोके ।

त्यसपछि शिवले सर्वप्रथम वैद्यले झैँ रावणका काटिएका शिरहरू एक एक गरी जोडिदिए अनि वर माग्न भने । यसरी शिवद्वारा रावणका शिर वैद्यझैँ जोडिदिएकाले 'वैद्यनाथ' नाम रह्यो ।

अमोघया सुदृष्ट्या वै वैद्यवद्योजितानि मे ।
शिरांसि सन्धयित्वा तु दृष्टानि परमात्मना ॥ ५५ ॥

रावणले पहिले शिवको पूजार्चना, स्तुति गऱ्यो, अनि अतुलित बल, पराक्रम, त्रिलोक विजय हुने वर मागेर, तपाईं पनि मसँगै लङ्का हिँड्नुहोस् र त्यहीँ रहनुहोस् भनी अनुरोध गऱ्यो ।

यसरी रावणले वर मागेपछि शिव धर्मसङ्कटमा परे । अतुलित बल पराक्रमको वरदान त दिए, तर साथमा जान चाहिँ मानेनन् । भने, 'यो मेरो लिङ्ग लिएर जाऊ, यसैमा मेरो सार सन्निहित छ । यसमा म नित्य रहन्छु, तर एउटा सर्त पनि छ- यदि यो लिङ्गलाई एकचोटि जमिनमा राख्यौ भने फेरि उठाउन सक्ने छैनौ ।

भूमौ लिङ्ग यदा त्वं च स्थापयिष्यसि यत्र वै ।
स्थास्यत्यत्र न सन्देहो यथेच्छसि तथा कुरु ॥ १५ ॥

यसरी शिवद्वारा वर एवं लिङ्ग प्राप्त गरेपछि रावण लङ्काका लागि प्रस्थान गऱ्यो । मार्गमा शिवमायाले गर्दा उसलाई लघुशङ्काको तीव्र इच्छा भयो ।

आसीन्मूत्रोत्सर्गकामो मार्गे हि शिवमायया । १७ ।

त्यसपछि रावणले यताउता हेऱ्यो । कसैलाई हातमा राख्न दिएर लघुशङ्का गर्ने विचार गऱ्यो । यही बेला एउटा गोप (गोठालो) लाई देख्यो र शिवलिङ्ग पत्रायो, तर शिवलिङ्गको भार गोपले सहन गर्न सकेन र भुइँमा राख्यो । एकपल्ट राखेपछि उठाउन सम्भव थिएन र त्यही लिङ्ग वैद्यनाथ ज्योतिर्लिङ्गको नामले प्रसिद्ध भयो ।

पुराणान्तर- गणेश नै गोपको रूप धारण गरी उपस्थित भए, र उनकै हातद्वारा शिवलिङ्गको स्थापना भयो ।

नारजीद्वारा रावणलाई कैलास पर्वत उखेल्न उक्साउनु

रावणले शिवसँग वर प्राप्त गरेपछि त्रिलोक विजय गऱ्यो । सबैसँग कर लिएर लङ्कामा बसेर राज्य गर्न थाल्यो । देवताहरू चिन्तित भए र नारदजीलाई अनुरोध गर्दै भने, 'रावणको घमन्डलाई चुर गरी पतन गराउने उपाय गर्नुपऱ्यो ।'

देवताहरूको कार्य सम्पादन गर्न नारदजी लङ्का गए । स्वागत सत्कार रावणले गऱ्यो । तपस्या र वरदानको विषयमा पनि सविस्तार वर्णन गऱ्यो । नारदजी सुन्दै गए र अन्तमा भने-

नारदजी- हे रावण ! तिमीले जति कुरा गऱ्यौ, सबै ठिकै होलान् तर एकपल्ट परीक्षा गऱ्यौ भने झन् तिम्रो बल पराक्रमको सिद्धि हुन्छ । त्यसैले जाऊ, कैलास पर्वतलाई उखेल, हल्लाउ र त्यहीँ राख । यति गऱ्यौ भने साँच्चिकै त्रिलोकमा अतुलनीय बलशाली मानिनेछौ ।

कैलासोद्धरणे यत्नः कर्तव्यश्च त्वया पुनः ।
यदि चैवोद्धृतश्चायं कैलासो हि भविष्यति ॥ ६४ ॥
तदैव सफलं सर्वं भविष्यति न संशयः ॥ ६५ ॥

नारदको सल्लाह रावणलाई उचित लाग्यो । रावण तुरुन्त कैलास गयो । कैलास पर्वतलाई उखेल्यो र हल्लाउन थाल्यो । शिवगण र शिव-शिवा आश्चर्यान्वित भए । पार्वतीले थाहा पाइन् र व्यङ्ग्य गर्दै भनिन्-

पार्वती- तपाईंले शान्त भक्तलाई अतुलनीय बलशाली हुने वरदान दिनुभएको थियो । अब त्यसको फल पनि भोग्नुहोस् ।

त्यसपछि शिव क्रोधित भएर बलको घमन्डी रावणलाई श्राप दिए ।

शिव- रे रे रावण दुर्भक्तः मा गर्व वह दुर्मते ।
शीघ्रं च तव हस्तानां दर्पघ्नश्च भवेदिह ॥ ७२ ॥

हे रावण ! तेरो बल र घमन्डलाई नाश गर्ने वीर धीर पुरुष शीघ्र नै जगत्मा अवतीर्ण हुनेछ र तेरो भुजालाई ठिक पार्नेछ ।

त्यसपछि नारदजी देवतासमीप आए । सबै वृत्तान्त सुनाए । देवता प्रसन्न भएर प्रतीक्षा गर्न थाले । पछि विष्णुले रामको अवतार र शिवपार्वतीले हनुमान्को अवतार लिई रावणको संहार गरी त्रिलोकमा शान्ति स्थापना गरे ।

शिवको यो वैद्यनाथ ज्योतिर्लिङ्ग अवतार भुक्तिमुक्ति प्रदायक छ । यसको दर्शन-पूजार्चना गर्दा एवं यस कथानकलाई सुन्दा-सुनाउँदा शिव सायुज्य प्राप्ति हुन्छ ।

अध्याय एकोनत्रिंशः त्रिंशः

दशम ज्योतिर्लिङ्ग नागेश्वर उत्पत्ति महिमा वर्णन

सूतजी- अथातः सम्प्रवक्ष्यामि नागेशाख्यं परात्मनः ॥
ज्योतिरूपं यथा जातं परमं लिङ्गमुत्तमम् ॥ २९-१ ॥

पार्वतीको वरदानले मदोन्मत्त भएकी एक 'दारूका' नामकी राक्षसी र उनका पति 'दारूक' थिए । यी दम्पती पराक्रमी र बलशाली थिए । यिनीहरू पश्चिम समुद्र तटको सोह्र योजन वर्गाकार (चौसठी माइल) वनमा बस्तथे । यो वन पनि पार्वतीले नै दिएकी थिइन् । यी राक्षस दम्पतीकै नामबाट यो वन प्रसिद्ध भयो जसलाई 'दारूकावन' भनिन्छ । यही वनमा आफ्ना रक्षसगणको अधिपति भएर यी बस्तथे र अन्य प्रजालाई सताउँथे, दुःख दिन्थे ।

यो वन सबै सामग्रीले भरिभराउ, समृद्धशाली थियो । जे जे आवश्यकता हुन्थ्यो, त्यो सबै यस वनमा उपलब्ध थियो ।

यता दारूक दम्पतीको व्यवहार र आचरणबाट प्रजा दिनानुदिन दुःखी हुँदै गए र एक दिन शिवभक्त ओर्व ऋषिलाई वेदना सुनाए, ओर्व ऋषि कुपित भएर श्राप दिँदै भने-

ओर्व- **पृथिव्यां यदि रक्षांसि हिंस्युर्वै प्राणिनस्तदा ।**
स्वयं प्राणैर्वियुज्जेयू राक्षसा बलवत्तराः ॥ २९-१३ ॥

अर्थात् यिनी पृथ्वीमा हिंसा या यज्ञ विध्वंश गर्नासाथ समाप्त हुनेछन् ।

ओर्व मुनिले श्राप दिएको सुनेर देवता प्रसन्न भए र दारूकसँग युद्ध गर्न पुगे । यो देखेर दारूक आत्तियो, किंकतर्व्यविमूढ भयो ।

किं कर्तव्यं क्व गन्तव्यं सङ्कटः समुपागतः । २९-१९ ।

सङ्कटापन्न अवस्था सिर्जना भएपछि 'दारूका' राक्षसीले पार्वतीले दिएको शक्तिलाई सदुपयोग गर्दै सोह्र योजनको दारूक वनलाई उखेलेर समुद्रको बिचमा स्थापना गरी गणहरूका साथ बस्न थाले ।

समुद्रस्य च मध्ये सा संस्थिता निर्भया तदा । २९-३१ ।

समुद्रको बिचमा बस्दा त यिनीहरू निर्भय त भए, तर आफ्नो प्रवृत्ति भने बिर्सिएनन् । जो समुद्रमा नौका लिएर आउँथे, उनीहरूलाई समात्दै कारागारमा कैदी बनाउँथे । एकपल्ट धेरै नौका एकै साथ आउँदै गरेको देखेर राक्षसी दारूका समुद्रमा प्रवेश गरी र जलमार्ग अवरूद्ध गरी । यसकारण सबै नौका एकत्र हुन पुगे, र पूर्ववत् ती सबैलाई कारागारमा कैदी बनाए । कैदी भएपछि सबै दुःखी भए । विलाप गर्न थाले, रून कराउन थाले ।

बद्धास्ते निगडैर्लोकाः संस्थिता बन्धनालये ।
अतीव दुःखमाजग्मुर्भर्त्सितास्ते मुहुर्मुहुः ॥ २९-४१ ॥

ती कैदीमध्ये 'सुप्रिय' नामको वैश्य सबैको स्वामी, सच्चरित्रवान् र शिवभक्त थियो । विना शिवपूजार्चना खाना खाँदैनथ्यो । सधैं भस्म-रूद्राक्ष धारण गर्दथ्यो । उसले कारागारभित्रै सबैलाई पार्थिवलिङ्गको मानसोपचारले पूजन-अर्चना-ध्यान गर्ने विधि सिकायो र सबैलाई 'ॐ नमः शिवाय' पञ्चाक्षर मन्त्र जप गर्न लगायो ।

नमः शिवाय मन्त्रेण ध्यायन्तः शङ्करं स्थिताः । २९-४९ ।

यसरी यी कैदीहरूले ६ महिना बिताए । यसै बिचमा राक्षस 'दारूक' लाई थाहा भयो, कारागारभित्र 'सुप्रिय' वैश्यसहित सबै कैदी केही अप्रिय विधि गर्दै छन् । त्यसपछि तुरून्त शस्त्रास्त्रले सुसज्जित भयो । आफ्ना सहचरलाई पनि साथमा लिएर कारागारमा गयो र धम्क्याउन थाल्यो ।

दारूकः- किं ध्यायसि हि वैश्य त्वं सत्यं वद ममाग्रतः ।
एवं सति न मृत्युस्ते मम वाक्यं च नान्यथा ॥ ३०-४ ॥

सबै बन्दीजन भयभीत भए । सुप्रियले शिवशरण लिए । ध्यानका साथ स्तुति गाए, तर उनले राक्षसलाई केही उत्तर दिएनन् । उत्तर नआएपछि दारूक कुपित भयो र अस्त्र उठाएर प्रहार गर्नै लाग्दा एकाएक शिवपरिवार प्रकट भए । चारैतिर स्तम्भ एवं पर्खाल खडा भयो । मध्यमा ज्योतिर्लिङ्गसहित शिवपरिवार प्रकट भए ।

मध्ये ज्योतिः स्वरूपं च शिवरूपं तदद्भुतम् ।
परिवारसमायुक्तं दृष्ट्वा चापूजयत्स वै ॥ ३०-११ ॥

'सुप्रिय' वैश्यसहित सबै बन्दीजनले शिवलाई वन्दना एवं पूजार्चना गरे, शिवले वैश्यलाई पाशुपतास्त्र प्रदान गरे । यही अस्त्रद्वारा राक्षस दम्पती एवं गणलाई संहार गरे । त्यसपछि 'दारूका वन' लाई आशीर्वाद दिँदै भने-

शिव- अस्मिन्वने सदा वर्णधर्मा वै सम्भवन्तु च ।
ब्राह्मणक्षत्रियविशां शूद्राणां हि तथैव च ॥ ३०-१५ ॥

यो वनमा वर्णाश्रमी, शिवधर्मोपदेशक र प्रर्वतक मात्र रहने छन् । त्यसपछि वैश्यसहित देवता र ऋषिमुनिहरूले स्तुति एवं प्रार्थना गरेपछि शिव-शिवा त्यो वन विवरमा नित्य निवास गरी सबैको मनोरथ पूर्ण गर्न थाले, जो नागेश्वर-नागेश्वरी नामले प्रसिद्ध ज्योतिर्लिङ्ग हुन पुगे ।

ज्योतिर्लिङ्ग स्वरूपो हि नाम्ना नागेश्वरः शिवः ।
नागेश्वरी शिवा देवी बभूव च सतां प्रियौ ॥ ३०-३२ ॥

यो ज्योतिर्लिङ्गको दर्शन, पूजार्चना, माहात्म्य श्रवण, पठन गर्नाले इह-परलोक दुवै क्षेत्रको कल्याण हुन्छ ।

अध्याय एकत्रिंश

एकादश ज्योतिर्लिङ्ग 'रामेश्वर' उत्पत्ति महिमा वर्णन

सूतजी- अतः परं प्रवक्ष्यामि लिङ्गं रामेश्वराभिदम् ।
उत्पन्नं च यथा पूर्वमृषय श्रृणुतादरात् ॥ १ ॥

भारतवर्षको दक्षिण समुद्र तटमा स्थित रामेश्वर ज्योतिर्लिङ्ग श्री विष्णुका अवतार श्रीरामले स्थापना गरेका हुन् । आफ्नी पत्नी सीताको अन्वेषण गर्ने क्रममा वनवासी श्रीराम-लक्ष्मण किष्किन्धा पर्वतमा पुगे । सुग्रीव, हनुमान्, जाम्बवन्त, अङ्गद आदि वानर भालुहरूसँग मित्रता गरे । पछि हनुमान्ले सीता रावणको राजधानी लङ्कामा छिन् भन्ने सूचना

श्रीरामलाई दिएर पुष्टि गरे । त्यसपछि लङ्कामाथि आक्रमण गर्ने तयारी भयो । यसै सिलसिलामा वानर सेनाको साथ लिएर दक्षिण समुद्रतटमा पुगे ।

विशाल समुद्रलाई पार गर्नु सजिलो थिएन, साथमा 'अठार पद्म' वानर सेना थिए । यसै बिचमा श्रीरामले समुद्रको किनारमा शिवभक्त रावणलाई वध गर्ने शक्ति प्राप्त होस् भनी पार्थिवलिङ्ग स्थापना गरी षोडशोपचारले पूजार्चना, स्तोत्र, जप एवं प्रार्थना गरे-

श्रीराम- पाहि मां शरणापन्नं त्वद्भक्तं दीनमानसम् ।
साहाय्यं ते विना नाथ मम कार्यं हि दुर्लभम् ॥ २४ ॥

हे प्रभो ! तपाईंको भक्त दुर्जय छ । तपाईंको कृपाविना उसलाई वध सम्भव छैन । त्यसैले तपाईंको शरणापन्न छु, रक्षा गर्नुहोस् ।

अप्यहं तव दासोऽस्मि त्वदधीनश्च सर्वथा । २९ ।

यसरी श्रीरामले गरेको महादेवको पूजार्चना, स्तुतिवन्दनाले प्रसन्न भई शिव वर प्रदान गर्न ज्योतिरूपमा परिवारसहित प्रकट भए ।

साङ्गः सपरिवारश्च ज्योतिरूपो महेश्वरः ।
यथोक्तरूपममलं कृत्वाविरभवद् द्रुतम् ॥ ३३ ॥

शिवले वर माग्न भनेपछि रामले रावणमाथि विजय प्राप्तिको आशीर्वाद दिनुहोस् र लोककल्याणार्थ परिवारसहित यहीँ रहनुहोस् भनी याचना गरेपछि शिवले दुवै स्वीकार गर्दै तथास्तु भने । रामद्वारा स्थापित लिङ्ग भएकाले 'रामेश्वर' ज्योतिर्लिङ्गको नामले भूलोकमा प्रसिद्ध भयो । यसको दर्शन पूजार्चनाले भुक्तिमुक्ति मिल्छ । सङ्कटावस्थालाई पार लगाउने यो शिवलिङ्ग हो ।

त्यसपछि शिवको अहैतुक कृपाले सेतुबन्ध लगायत रावण संहार गरी सीतासहित अयोध्या फर्किएर राज्यभार सञ्चालन गर्न थाले ।

रामेश्वराभिधं दिव्यं श्रव्यतां पापहारकम् । ४५ ।

अध्याय द्वात्रिंश, त्रयस्त्रिंश

द्वादश ज्योतिर्लिङ्ग घुश्मेश्वर उत्पत्ति महिमा वर्णन, घुश्माको शिवभक्तिले मृतपुत्र जीवित हुनु

सूतजी- अतः परं च घुश्मेशं ज्योतिर्लिङ्गमुदाहृतम् ।
तस्यैव च सुमाहात्म्यं श्रूयतामृषिसत्तमाः ॥ ३२-१ ॥

दक्षिण भारतवर्षमा एउटा श्रेष्ठ 'देवगिरि' पर्वत छ । यसैको निकटमा भरद्वाज कुलमा उत्पन्न

सुधर्मा नामका ब्रह्मवेत्ता ब्राह्मण बस्तथे । कतै यिनको नाम 'सुमेधा' पनि भनिएको छ । यिनकी 'सुदेहा' नामक पत्नी थिइन् । यी दम्पती शिवभक्ति-परायण, देवता-अतिथिका पूजक र अग्निहोत्री थिए । सुधर्मा त्रिकाल-सन्ध्या गर्दथे । वेदशास्त्रका मर्मज्ञ थिए । शिष्यलाई वेद पढाउँथे । यी दुवै शिवभक्तहरूका साथ अत्यन्त प्रेमभाव राख्दथे । यी सबै थोक हुँदाहुँदै पनि यिनका सन्तान थिएनन् । ऋतुकाल व्यर्थ जान्थ्यो त्यसैले पत्नी सुदेहा दुःखी थिइन् ।

आयुर्बहु व्यतीताय तस्य धर्मं प्रकुर्वतः ।
पुत्रश्च नामवत्तस्य ऋतुः स्यादफलः स्त्रियाः ॥ ३२-८ ॥

सुधर्मालाई पत्नीको मनोभाव थाहा थियो, त्यसैले सम्झाउँदै भन्थे, 'आत्मा नै अमर हो, त्यसैले हामीलाई पवित्र गराउँछ । बाँकी परिवारजन स्वार्थका लागि मात्र हुन्, सङ्कटमा आत्माले नै उद्धार गर्दछ ।'

का माता कः पिता पुत्रः को बन्धुश्च प्रियश्च कः ।
सर्वं स्वार्थपरं देवि त्रिलोक्यां नात्र संशयः ॥ ३२-१२ ॥

यसरी आत्मापरक वेदान्त दर्शनले उपदेश दिएर सम्झाउँथे । पछि सुधर्माले सन्तानोत्पत्तिका लागि प्रायः सबै उपाय गरे, तर दैवेच्छा नै अनुकूल नभएपछि के लाग्छ ? त्यसमाथि सुदेहा निःसन्तान भएकीले छरछिमेकीले अर्कै नजरले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा व्यवहार गर्दथे । जसका कारण उनी दिनानुदिन दुःखी हुँदै गइन् र एक दिन पति सुधर्मालाई अर्को विवाह गरी सन्तान उत्पन्न गर्न अनुरोध गरिन् ।

सुधर्मा र घुश्माको विवाह, एक लाख पार्थिव पूजन र पुत्रलाभ

पत्नीको अनुरोध र परिस्थिति दुवैलाई विचार गर्दै सुधर्मा अन्ततोगत्वा दोस्रो विवाह गर्ने निर्णयमा पुगे । संयोगवश घुश्माका मातापिता सुधर्माका साथ छोरीको विवाह गरिदिन तयार भए । केही समयपश्चात् विवाह भयो । घुश्मा पनि पति एवं सुदेहा सौताको सेवा गर्दै नित्य एक सय एक पार्थिवलिङ्गको पूजा गरी नजिकैको पोखरीमा विसर्जन गर्थिन् । घरमा शान्त वातावरण थियो । सुधर्मा पनि दुवै पत्नीलाई समान व्यवहार गर्दथे । भेदभाव गर्दैनथे । यसरी स्नेहपूर्ण वातावरणमा गृहस्थी जीवन व्यतीत हुँदै गयो । यता घुश्माको पार्थिवलिङ्ग पूजनको क्रम एक लाख पुग्नासाथ शिव प्रसन्न भए । घुश्मा गर्भवती भइन् । समय आएपछि सुधर्माको परिवारमा सर्वगुणसम्पन्न पुत्रको जन्म भयो, सबै प्रसन्न भए ।

लक्ष सङ्ख्याऽभवत्पूर्णा सर्वकामफलप्रदा ।
कृपया शङ्करस्यैव तस्याः पुत्रोप्यजायत ॥ ३२-४८ ॥

पुत्रलाभ भएपछि सुधर्मा, सुदेहा, घुश्मा प्रसन्न भए । घुश्मालाई सबैले बधाई दिए । मान र इज्जत दिए, प्रशंसा गरे ।

सुदेहाद्वारा घुश्मापुत्रको वध र मृत शरीर पोखरीमा फ्याँक्नु

जब घुश्मालाई सबैले विशेष सम्मान र प्रशंसा गरे, त्यसपछि सुदेहा सौतेली ईर्ष्याले जल्न थालिन् । उनलाई भित्रभित्रै असहज हुँदै गयो । यता बाल्यपन पार गरी यौवनावस्थामा प्राप्त भएपछि कुमारको सुकुमारी कन्यासँग विवाह भयो । घरमा पुत्रवधू आइन्, घुश्मालाई बधाई एवं प्रशंसाको क्रमले निरन्तरता नै पाइरहेको थियो । उता यी सबै घटनाक्रमबाट सुदेहा सधैं उदास रहन्थिन् । भित्रभित्रै भुसको आगोझैँ ईर्ष्या र दाहले तड्पिरहेकी थिइन् । क्रमशः विवेकशून्य हुँदै बुद्धि भ्रष्ट हुँदै गयो ।

अन्ततोगत्वा, एक दिन कठोर एवं भयानक निर्णय लिइन् । रात्रिको समयमा सुदेहाले धारिलो चक्कु लिएर सुतिरहेको अवस्थामा पुत्रको वध गरिन् । शरीरलाई टुक्रा-टुक्रा पारिन्, र रातमै त्यही तलाउमा फ्याँकिदिइन्, जुन तलाउमा घुश्मा नित्य पार्थिवलिङ्ग विसर्जन गर्दथिन् ।

चिच्छिदे निशि चाङ्गेषु गृहीत्वा छुरिकां च सा ।
सर्वाङ्ग खण्डयामास रात्रौ घुश्मा सुतस्य सा ॥ ३३-१६ ॥

प्रातःकाल भयो । घुश्मा-सुधर्मा नित्यकर्म गर्न थाले । सुदेहा पनि अनभिज्ञताको अभिनय गर्दै दाहरूपी अग्निलाई शान्त गरी निश्चिन्त हुँदै आफ्नो कार्य गर्न थालिन् ।

उता पुत्रवधूले आफ्नो स्वामीको पलङ रगतले लतपत भएको देखेर आर्तिंदै चिच्याइन् र पतिको वध भएको थाहा पाएर शोकले मूर्च्छित भइन् ।

हा हतास्मि कृतं केन दुष्टं कर्म शुचिव्रते ।
इत्युच्चार्य रुरोदाति विविधं तत्प्रिया च सा ॥ ३३-२२ ॥

सुदेहा पनि बाहिर दुःखी तर मनमनै हर्षित थिइन् । घुश्माले पुत्रको मृत्यु सुनेर पनि नित्य पूजा छोडिनन् । सुधर्माले पनि त्यसै गरे, नित्यपूजा छोडेनन् । पूजा समाप्त भयो । सबै घटना हेरेर पनि किञ्चित् विचलित भएनन् । उनीहरूको भनाइ थियो, 'जसले सन्तान दिएका थिए, उनैले नै यसको रक्षा गर्नेछन् । उनी दयालु, भक्तप्रिय र कालको पनि काल हुन् । सत्पुरुषका आश्रयदाता हुन् । उनै शम्भुले हाम्रो रक्षा गर्नेछन् । उनी माला उन्नेले झैँ योग र वियोग गर्न समर्थवान् छन् । अब चिन्ता गरेर नै के फाइदा हुन्छ र ?'

पुत्रसहित शिव प्रकट र वरप्रदान

यस्तो विचार गरी घुश्मा पार्थिवलिङ्गलाई विसर्जन गर्न नित्यझैँ तलाउमा गइन् । मनमा निरन्तर 'पञ्चाक्षर मन्त्र' उच्चारण गरिरहिन् । पार्थिवलिङ्गलाई विसर्जन गरिन् । फर्किंदा तलाउको किनारामा आफ्नो पुत्र उभिएको थियो । उसलाई देखेर घुश्मालाई न त हर्ष नै भयो न विषाद नै । अनि शिव ज्योतिर्लिङ्गको रूपमा त्यहीँ प्रकट भए । शिवलाई देखेर घुश्माले प्रणाम-स्तुति वन्दना गरिन्, अनि शिवले भने-

शिव- हे घुश्मा ! म तिमीबाट प्रसन्न छु । वर माग । तिम्री दुष्टा सौताले यसको वध गरेकी थिइन्, त्यसैले उनलाई म त्रिशूलले वध गर्नेछु ।

घुश्मा- हे नाथ ! सुदेहा मेरी बहिनी हुन् । तपाईंले उनको रक्षा गर्नुपर्छ ।

शिव- हे सुमुखी ! सुदेहाले अपकार गरेकी छिन् । उनलाई किन उपकार गर्दछौ ? यिनी दुष्टा र वधयोग्य छिन् ।

घुश्मा- हे नाथ ! तपाईंको दर्शन मात्रले पातकी पनि पवित्र हुन्छ । अपकारी पनि पवित्र हुन्छ । सबै पाप भाग्छन् ।

अपकारेषु यश्चैव ह्युपकारं करोति च ।
तस्य दर्शनमात्रेण पापं दूरतरं व्रजेत् ॥ ३९ ॥

जसले कुकर्म गर्छन्, गरिरहुन् । मैले पनि किन कुकर्म गर्नु ?

शिव- हे घुश्मे ! तिम्रो दृढभक्ति र श्रद्धाले म भनै प्रसन्न हुन पुगेँ । अरू केही वर माग्नु छ भने माग ।

घुश्मा- प्रभो ! यदि तपाईं वर दिन चाहनुहुन्छ भने लोकोपकारार्थ यहीं सधैं निवास गर्नुहोस् । मेरो नामले तपाईंको प्रसिद्धि बढोस् ।

शिव- तथास्तु ! आजदेखि म घुश्मेश्वर ज्योतिर्लिङ्गको रूपमा यहाँ निवास गर्नेछु । यो तलाउ शिवलिङ्गालय हुनेछ, जो शिवालयको नामले प्रसिद्ध हुनेछ । यो तलाउको दर्शन गर्नाले मात्र पनि सम्पूर्ण अभीष्ट कामना पूर्ण हुनेछ ।

यसका साथै तिम्रो वंशमा उत्पन्न हुने एक सय एक पिँढीपर्यन्त श्रेष्ठपुत्र उत्पन्न हुनेछन्, जो उत्तम धन-स्त्री, पूर्ण आयु, चतुर विद्वान् भएर मोक्षको अधिकारी हुनेछन् भन्दै शिव पार्थिव लिङ्गमा विलय भए ।

सुदेहाले घुश्मासँग क्षमा मागिन् र पश्चात्ताप गरिन् । यो घुश्मेश्वरको दर्शन-पूजन-अर्चना गर्नाले सङ्कटबाट मुक्ति एवं इह-परलोकमा कल्याण हुन्छ ।

(यसका साथै द्वादश ज्योतिर्लिङ्गको उत्पत्ति महिमा सम्बन्धी वर्णन यहीं समाप्त हुन्छ)

अध्याय चतुस्त्रिंशत् पञ्चत्रिंशत् षट्त्रिंशत्

शिवाराधनाले विष्णुलाई सुदर्शन चक्रको प्राप्ति तथा विष्णुद्वारा शिवसहस्रनामावलीले शिवको स्तुति

ऋषिहरूले सोधे- हे सूतजी ! विष्णुले हरीश्वर लिङ्गको उपासना गरी सुदर्शन चक्र प्राप्त गरेका थिए भन्ने सुनेका थियौं, त्यसको विषयमा वर्णन गर्नुहोस् ।

हरीश्वरस्य लिङ्गस्य महिमानं वद प्रभो ।
चक्रं सुदर्शनं प्राप्तं विष्णुनेति श्रुतं पुरा ॥ ३४-३ ॥

सूतजी- हे ऋषिगण ! एकपल्ट दैत्यहरूले देवताहरूलाई धेरै सताए । दैत्य बलवान् भएर धर्मलोप गराउन थाले । त्यसपछि देवगण विष्णुको शरणमा गए । सबै वृत्तान्त सुनेपछि देवतालाई सान्त्वना दिएर शिवाराधना गर्न कैलाससमीप गए । पार्थिवलिङ्ग स्थापना गरी पूजार्चना, नित्य हवन गर्दै लामो समयसम्म तप गरे । शिव प्रसन्न भएनन् । त्यसपछि कमलपुष्पको आसनमाथि अविचल भएर एकाग्रचित्तले झन् कठोर तपस्या गरे र पनि शिव खुसी भएनन्, दर्शन दिएनन् ।

त्यसपछि विष्णुले शिवसहस्रनामले अर्चना गर्ने निधो गरे । मानसरोवरबाट एक हजार कमलपुष्प ल्याए र एक हजार नामले शिवको अर्चना आरम्भ गरे । यता शिवले विष्णुको परीक्षा गर्न एउटा कमलपुष्प चोरे । विष्णुले शिवका एक-एक नाम लिँदै एक-एक कमलपुष्प अर्पण गर्दै नौ सय उनान्सय कमलपुष्प अर्पण गरे । एउटा कमलपुष्प कम भयो । त्यसपछि विष्णु एउटा कमलपुष्पको खोजीमा निस्के । सम्पूर्ण पृथ्वी भ्रमण गरे तर कमलपुष्प भेटिएन । अन्त्यमा प्रतिज्ञा पूरा गर्न आफ्नै नेत्रलाई कमल सदृश मानेर चढाउने (अर्पण गर्ने) निर्णयमा पुगे र त्यसै गर्न लाग्दा शिव प्रकट भए र त्यसो गर्न दिएनन्, रोके ।

बभ्राम सकलां पृथ्वीं तत्प्रीत्यै सुदृढव्रतः ।
तदप्राप्य विशुद्धात्मा नेत्रमेकमुदाहरत् ॥ ३४-२२ ।

विष्णुको यही महान् कार्यबाट शिव प्रकट भएका थिए । दुवैमा परस्पर नमस्कार एवं वन्दना भयो । शिवले वर माग्न प्रेरित गरे, अनि विष्णुले दैत्यवधार्थ शक्तिशाली अस्त्रको याचना गरे । शिव पनि प्रसन्न हुँदै आफ्नो तेजस्वी सुदर्शन चक्र प्रदान गरे ।

ददौ तस्मै स्वकं चक्रं तेजोराशिं सुदर्शनम् । ३४-३० ।

अमोघ एवं शक्तिशाली सुदर्शन चक्र प्राप्त गरेपछि विष्णु पनि प्रसन्न भए । यही सुदर्शन चक्रको सहाराले विष्णुले सबै उपद्रवी दैत्यहरूको संहार गरेर त्रिलोकमा शान्ति स्थापना गरे । त्यसपछि त्यो सुदर्शन चक्र विष्णुसँगै सुरक्षित भएर रहन थाल्यो । विष्णुले अर्चना गरेको पार्थिवलिङ्ग हरीश्वर नामले प्रसिद्ध भयो ।

विष्णुद्वारा शिवसहस्रनाम स्तोत्र पाठ

ऋषिहरूले शिवसहस्रनाम सुन्ने इच्छा व्यक्त गरेपछि सूतजीले विष्णुले उच्चारण गरेको सम्पूर्ण शिवको एक हजार नाम बताउन थाले ।

सूतजी- यो सहस्रनाम सबै खाले कामनाहरूको पूर्ति गर्न सक्षम छ । जस्तोसुकै सङ्कट होस्, यसको पाठ गर्नाले सङ्कटमुक्त भइन्छ । नित्य या अनित्य यसको पाठ गर्नाले सबैको हित हुन्छ । खासगरी राजभय, चौरभय, रोगभय, विद्याप्राप्तिको अवसरमा पाठ गर्नाले तत्तत् कार्य सफल हुन्छ । नित्य पाठ या श्रवण गर्नाले इह-पर दुवै लोकको कल्याण हुन्छ ।

यसमा कुल एक सय बत्तीस श्लोक रहेका छन्, जसको प्रारम्भका तीन र अन्तिमका दुई श्लोक उल्लेख गरिएको छ । यी पाँच श्लोक 'पञ्चतत्त्व', 'पञ्चाक्षर मन्त्र' स्वरूप सम्झिनुहोला ।

विष्णुरुवाच- शिवो हरो मृडो रुद्रः पुष्करः पुष्पलोचनः ।
अर्थिगम्य सदाचारः सर्व शम्भुर्महेश्वरः ॥ ३५-१ ॥
चन्द्रापीडश्चन्द्रमौलीर्विश्वं विश्वम्भरेश्वरः ।
वेदान्तसारः सन्दोहः कपाली नीललोहितः ॥ ३५-२ ॥
ध्यानधारोऽपरिच्छेद्यो गौरीभर्ता गणेश्वरः ।
अष्टमूर्तिर्विश्वमूर्तिस्त्रिवर्गस्वर्गसाधनः ॥ ३५-३३ ॥
प्रशान्तबुद्धिरक्षुण्णः सङ्ग्रही नित्यसुन्दरः ।
वैयाघ्रधुर्यो धात्रीशः शाकल्य शर्वरीपतिः ॥ ३५-१३१ ॥
परमार्थगुरुर्दत्तः सूरिराश्रितवत्सलः ।
सोमो रसज्ञो रसदः सर्वसत्त्वावलम्बनः ॥ ३५-१३२ ॥

अध्याय सप्तत्रिंशत्, अष्टत्रिंशत्, एकोनचत्वारिंशत्, चत्वारिंशत्

शिवलाई सन्तुष्ट गर्ने व्रतको वर्णन, शिवरात्रि व्रतको विधि र माहात्म्य

शौनकादि ऋषिहरूद्वारा कुन कुन देवता-ऋषि र राजाहरूले शिवाराधना गरे भन्ने प्रश्न गरेपछि सूतजीले ब्रह्मा-नारदको बिचमा भएको यसै सम्बन्धी कथानकलाई वर्णन गरे ।

शिवलाई पूजा गर्ने प्रमुख देवता-ऋषि र मनुष्यको वर्णन

ब्रह्मा- रमया सहितो विष्णुः शिवपूजां चकार ह ।
कृपया परमेशस्य सर्वात्कामानवाप हि ॥ ३७-६ ॥

हे पुत्र नारद ! विष्णु, म, सनकादि वशिष्ठादि सप्तर्षिगण, तिमीसहित मेरा सबै पुत्रले शिवको पूजा गरी मनोवाञ्छित फल प्राप्त गरेका छन् । यसै गरी, अरुन्धती, लोपमुद्रा, अहिल्या यिनीहरू सधैं शिवाराधना पूजन गर्दछन् । त्यसै गरी दुर्वासा, विश्वामित्र, शक्ति, दधीचि, गौतम, कणाद, भार्गव, वृहस्पति, वैशम्पायन, पराशर, व्यास, उपमन्यु, जैमिनी, गर्ग, याज्ञवल्क्य, शुकदेव, शौनक, इत्यादि लोकपाल, अष्टवसु, साध्यगण, गन्धर्व, किन्नर यी सबै शिव उपासक हुन् ।

देवमाता अदिति, हिरण्यकशिपु आफ्नो भाइ तथा पुत्रहरूका साथ शिवपूजन गर्दथे । बलि र उनका पिता विरोचन, बाणासुर, वृषपर्वा, दनु, दानव यी सबै शिवपूजक थिए ।

यसै गरी शेषनाग, वासुकी, तक्षक, महानाग, गरूडादि पक्षी, स्वयम्भू आदि मुनि, प्रियव्रत, उत्तानपाद तथा यिनीहरूका वंशमा उत्पन्न सबै राजाहरूले शिवको पूजार्चना गरेका थिए । ध्रुव, ऋषभ, भरत, नव योगेश्वर, वैवश्वत मनुका पुत्र तार्क्ष्य, इच्छ्वाकु ककुत्स्थ, मान्धाता, सागर, मुचुकुन्द, हरिश्चन्द्र, कल्मषपाद, खट्वाङ्ग, दिलिप, रघु, अज, दशरथ, श्रीराम, भरत, शत्रुघ्न, लक्ष्मण यी सबैले शिवाराधना गरेका थिए ।

महर्षि पुत्र सुद्युम्न, महाराज पुरूरवा, नहुष, ययाति, यदुवंशमा उत्पन्न श्रीकृष्णले त स्वयं बदरीनाथ पर्वतमा गएर सात महिनासम्म पार्थिव पूजा गरेपछि वंश विस्तार भएको थियो । जसमा प्रद्युम्न, साम्ब आदि शिवपूजक थिए । त्यसरी नै जरासन्ध, राजा निमि, जनक, राजा नल, रानी दमयन्ती, यी सबै शिवपूजक थिए र आफ्नो वंशको परवर्तीलाई पनि शिवपूजक बनाएका थिए ।

उल्लिखित सबैले शिव उपासना गरी अनेक दिव्य वर एवं शक्ति प्राप्त गरी आफ्नो जीवन सफल बनाएका थिए ।

शिवलाई सन्तुष्ट तुल्याउने व्रतहरू

ऋषि- केन व्रतेन सन्तुष्टः शिवो यच्छति सत्सुखम् ।
कुशलः शिवकृत्ये त्वं तस्मात्पृच्छामहे वयम् ॥ ३८-३ ॥

सूतजी- हे मुनीश्वर ! यो प्रश्न एकपल्ट ब्रह्मा-विष्णु र स्वयं माता पार्वतीले शिवलाई सोधेका थिए र उनले जे उत्तर दिए, त्यही वर्णन सुन ।

शिव- भूरि व्रतानि मे सन्ति भुक्तिमुक्तिप्रदानि च ।
मुख्यानि तत्र ज्ञेयानि दश सङ्ख्यानि तानि वै ॥ ३८-९ ॥

त्यसो त मेरो उपासना हेतु धेरै व्रत छन्, जसले भोग र मोक्ष प्रदान गर्छन् । तिनीहरू मध्ये मुख्य दशवटा व्रत छन्, जो जाबालश्रुतिमा उल्लेख गरिएको छ र यसलाई विद्वान्हरूले 'दशशैवव्रत' संज्ञा दिएका छन् । जो यसप्रकार छन्-

दुवै पक्षको अष्टमी, त्यसमा पनि कृष्णपक्षको विशेष, शुक्ल पक्षको एकादशी, दुवै पक्षको त्रयोदशी, दुवै पक्षका सोमवार, उत्तम तिथि र वार मेरो व्रतका लागि श्रेष्ठ छन् । त्यसमा पनि सोमवारयुक्त अष्टमी र चतुर्दशी विशेष फल दिन्छन् ।

शिवार्चनं रुद्रजप उपवासः शिवालये । ३८-१८ ।

शिवरात्रि व्रतको विधि र माहात्म्य

यो व्रत सबैभन्दा शक्तिशाली व्रत हो । समस्त कामना पूर्ण गर्ने, धर्मार्थकाममोक्ष फल प्रदान गर्ने व्रत हो यो । सबै वर्णाश्रम, स्त्री, बालक, दासदासी तथा सबै देहधारीहरूका लागि श्रेष्ठ व्रत हो ।

माघस्य असिते पक्षे विशिष्टाः साति कीर्तिताः ।
निशीथव्यापिनी ग्राह्या हत्याकोटिविनाशिनी ॥ ३८-२४ ॥

महिनाको प्रारम्भ शुक्ल र कृष्णपक्ष दुवैबाट हुने गरेको छ । कतै कृष्णपक्षबाट र कतै शुक्लपक्षबाट प्रारम्भ हुन्छ । सामान्यतया उत्तरभारत क्षेत्रमा शिवरात्रि पर्व फाल्गुन कृष्णपक्ष चतुर्दशीको दिन मनाउने चलन छ । यो दिन गरेको उपवास, शिवार्चन, जपतपले करोडौं हत्या गरेको पाप पनि नष्ट हुन्छ ।

व्रत विधि- शिवरात्रिको दिन बिहान उठेर स्नान शौचबाट निवृत्त भएर पार्थिवलिङ्ग स्थापना गर्नुपर्छ या प्रसिद्ध शिवालयमा गएर प्रणाम गरी यसरी सङ्कल्प गर्नुपर्छ, 'मेरो व्रत विघ्नरहित रूपले पूर्ण होस् ।' त्यसपछि दिनभर उपवासमा बसी, रात्रिको चारै प्रहर जागरण बसेर प्रथम प्रहरभन्दा द्विगुणा दोस्रो प्रहर, तीन गुना तेस्रो प्रहर, चौगुना चौथो प्रहरको पूजार्चनाको सामग्री तयार राखी प्रत्येक प्रहरमा आवाहनदेखि विसर्जनपर्यन्त गर्नुपर्दछ । यी चार प्रहरमा अलग अलग पार्थिवलिङ्ग या एकैसाथ चारवटा पार्थिवलिङ्गको आवाहन गर्नुपर्दछ । अथवा स्थापित लिङ्गमा पूजा गरिँदै छ भने आवाहन र विसर्जन गर्नुपर्दैन । प्रत्येक प्रहरको पूजार्चनापछि जप, तप, गीत, नृत्य, पुष्पाञ्जली क्षमायाचना स्तोत्र पाठ गरी ब्राह्मणलाई यथाशक्ति दान-दक्षिणा, भोजन गराउनु पर्दछ ।

प्रथम प्रहर- **प्रथमे चैव यामे च स्थापितं पार्थिवं हरे ।**
पूजयेत् परया भक्त्या सूपचारैरनेकशः ॥ ३८-४७ ॥

सर्वप्रथम उपलब्ध गङ्गाजल, तीर्थजल, पञ्चामृत, दुध, फलरस आदिले अभिषेक गर्नुपर्दछ । अभिषेक गर्दा शतरुद्रीय मन्त्र, पञ्चाक्षर मन्त्र या गुरुमन्त्र उच्चारण गर्दै गर्नुपर्दछ । विना मन्त्रले कहिल्यै शिवार्चन गर्नुहुँदैन । त्यसपछि चन्दन, अक्षता, श्यामतिल, वस्त्र, यत्रोपवीत, कमलपुष्प कनेर, विल्वपत्र आदिले एक सय आठ नामले अर्चना गर्नुपर्दछ । त्यसपछि शिवका आठ नाम (भव, शर्व, रुद्र, पशुपति, उग्र, महान्, भीम, ईशान) ले पूजन गर्नुपर्छ । त्यसपछि धूप, दीप, नैवेद्य, पक्वान्न, श्रीफल या विल्वपत्र अर्पण गरी नमस्कार, ध्यान, गुरुमन्त्रजप या पञ्चाक्षर मन्त्र जप गर्नुपर्दछ । त्यसपछि धेनुमुद्रा देखाएर तर्पण गर्नुपर्दछ । अनि पाँच जना ब्राह्मणलाई भोजन गराउनु या सङ्कल्प गर्नुपर्छ । त्यसपछि पार्थिवलिङ्ग भए पहिलो प्रहरमा विसर्जन गर्नुपर्छ ।

ततः पूजाफलं तस्मै निवेद्य च विसर्जयेत् । ३८-४९ ।

द्वितीय प्रहर- **पुनर्द्वितीये यामे च सङ्कल्पं सुसमाचरेत् । ३८-५० ।**

पूजार्चना पूर्ववत् हुनेछ । श्यामतिलको स्थानमा यव (जौ) अर्पण गर्नुपर्छ । पक्वान्न नैवेद्यमा खिर चढाउनु पर्दछ । सबैको मात्रा द्विगुणा हुनुपर्दछ ।

तृतीय प्रहर- **यामे प्राप्ते तृतीये च पूर्ववत्पूजनं चरेत् । ३८-६५ ।**

तृतीय प्रहरमा पनि पूजार्चना पूर्ववत् हुनेछ । जौको स्थानमा गहुँ या मदारको फूल, नैवेद्यमा मालपुवा र साग चढाउनु पर्दछ । दाडिमको फलले अर्घ्य दिनुपर्दछ र सबै सामग्री तीन गुणा हुनुपर्छ ।

चतुर्थ प्रहर- **यामे चतुर्थे सम्प्राप्ते कुर्यात्तस्य विर्सजनम् । ३८-६९ ।**

यो प्रहरमा पनि पूजार्चना पूर्ववत् हुनेछ । यसमा सप्तधान्य या उडद, या कंगनी या मुङ चढाउनु पर्दछ । शङ्खपुष्प या विल्वपत्रले अर्चना गर्नुपर्दछ, उडदको पक्वान्न या मधुर पदार्थको पक्वान्न चढाउनु पर्दछ । अरूणोदयपर्यन्त जपतप गरिरहनु पर्दछ ।

सूर्योदय भएपछि पुनः शिवको पूजार्चना गर्नुपर्दछ अनि दान दक्षिणा, साधु-ब्राह्मण भोजन अनि पुष्पाञ्जली गरी क्षमा माग्नुपर्दछ । यथा-

अज्ञानाद्यदि वा ज्ञानाज्जपपूजादिकं मया ।
कृपानिधित्वाज्ज्ञात्वैव भूतनाथ प्रसीद मे ॥ ३८-७९ ॥

मेरो कुलमा सधैं तपाईंको भजन होस्, यदि मैले जन्म लिनुपर्‍यो भने तपाईं कुलदेव भएको वंशमा मेरो जन्म होस् भनेर विसर्जन गर्नुपर्छ । भुक्तिमुक्ति फलाकाङ्क्षीले प्रत्येक महिना यो व्रत लिनु राम्रो हुन्छ ।

शिवरात्र व्रतको उद्यापन विधि

चतुर्दशाव्दं कर्तव्यं शिवरात्रिव्रतं शुभम् ।
एकभक्तं त्रयोदश्यां चतुर्दश्यामुपोषणम् ॥ ३९-३ ॥

यो शिवरात्रि व्रत चौध (१४) वर्षसम्म गर्नुपर्छ, त्रयोदशीको दिन एक समय भोजन गरी चतुर्दशीको दिन उपवास राखी, यसै दिनमा उद्यापन गर्नुपर्छ । प्रातः नित्यकर्म पूरा गरी शिवालयमा गई विधिपूर्वक पूजार्चना गरेर 'गौरी तिलक' लगाउनुपर्दछ । त्यसपछि लिङ्गतोभद्रमण्डल या सर्वतोभद्रमण्डल बनाउनुपर्दछ । स्वर्णमय शुभकलश र स्वर्णमय शिवमूर्तिलाई मध्यमा स्थापना गरेर पूजा गर्नुपर्छ ।

रात्रिको चारै प्रहर पूजा गरेपछि प्रातःकालमा यथाविधि हवन गर्नुपर्दछ । अनि बाछोसहित गाईको (सवत्स गौदान) दान आचार्यलाई गर्नुपर्छ, दान-दक्षिणा-भोजन यथाशक्ति गर्नुपर्छ ।

त्यसपछि शिवस्तुति प्रणाम गरी विसर्जन गर्नुपर्छ । यसरी व्रत र उद्यापन गर्नाले सबै कामना पूर्ण हुन्छन् ।

शिवरात्रि व्रत, एउटा व्याधा (निषादको) कथा

ऋषिहरूले शिवरात्रि व्रत सबैभन्दा पहिले कसले गरेको थियो ? कसरी गरेको थियो ? भनेर सोधेपछि एउटा निषादको इतिहास सूतजीले भने-

सूतजी- **श्रूयतामृषयः सर्वे कथयामि पुरातनम् ।**
इतिहासं निषादस्य सर्वपापप्रणाशनम् ॥ ४०-३ ॥

अर्बुदाचलको वनमा एउटा भिल्ल परिवारसहित बस्तथ्यो । निषाद कुलमा उत्पन्न यो व्याधा स्वभाव र जातिगत दोषले नित्य जीवहिंसा, चोरी-डकैती गरेर परिवारको भरणपोषण गर्दथ्यो । गुरु-गोविन्दप्रति श्रद्धा या विश्वास त यसको कुलपरम्परामा नै थिएन । सधैं क्रूर कर्म मात्र गरेको देखेको थियो । त्यसैले यही कर्म नै श्रेष्ठ हो भन्ने मानेर नित्य सिकारादि कार्य गर्दथ्यो ।

यस्तैमा शिवरात्रिको पर्व आयो । यसको महत्त्व उसलाई थाहा हुन सम्भव नै भएन । मातापिता-स्त्री परिवारले आफूहरू भोकै रहेकाले भोजनको व्यवस्थाका लागि अनुरोध गरे ।

प्रार्थितश्च क्षुधाविष्टैर्भक्ष्यं देहि वनेचर । ४०-८ ।

त्यसपछि सिकार गर्न धनुषबाण लिएर भिल्ल जङ्गलतर्फ प्रस्थान गर्‍यो । सिकारको खोजी गर्दै दिनभरि जङ्गलमा भट्कियो तर सिकार भेटिएन । 'सूर्यास्त भयो, आज मेरो परिवारले के खान्छन् ? पत्नी गर्भवती छे । अहिलेसम्म केही सिकार भेटिएन । उनीहरू सबै मेरो प्रतीक्षा गरेर बसेका छन्- आदि सोच्यो ।'

त्यसपछि निषाद जलाशयमा गयो । तिर्खा मेट्यो र आफूसँग भएको जलपात्रमा पनि पानी भर्‍यो र नजिकै रहेको विल्वपत्रको रूखमा चढ्यो । कुनै न कुनै प्राणी पानी पिउन अवश्य आउलान् भन्ने सोचेर प्रतीक्षा गर्न थाल्यो । दिनभरि केही खाएको थिएन । रात्रिको प्रथम प्रहर प्रारम्भ भयो ।

तद्रात्रौ प्रथमे यामे मृगी त्वेका समागता ।
तृषार्ता चकिता सा च प्रोत्फालं कुर्वती तदा ॥ ४०-१७ ॥

मृगीलाई देखेपछि निषाद अत्यन्त खुसी भयो । धनुषबाण सन्धान गर्‍यो । संयोगवश जलपात्रबाट पानी अलिकति पोखियो र विल्वपत्र पनि झर्‍यो । तल शिवलिङ्ग विराजित थियो । अनजानमा नै पहिलो प्रहरको पूजा भयो ।

यता पानी झरेको आवाज सुनेर मृगी भाग्न थाली । सम्मुखमा भिल्ल थियो । भिल्ललाई

देखेर मृगी अवाक् भई अब मृत्यु निश्चित भयो भन्ने लाग्यो र व्याधालाई सोधी-

मृगी- **किं कर्तुमिच्छसि व्याध ! सत्यं वद समाग्रतः ? । ४०-२२ ।**

व्याध- हे मृगी ! तेरो वध गरी मेरो परिवारको जठराग्नि तृप्त गर्दछु । उनीहरू मेरो प्रतीक्षामा छन् ।

मृगी- हे व्याध ! ठिक छ ! यो त मेरो अहोभाग्य हो । मेरो शरीर कसैको प्राण बचाउन मदत पुग्छ भने योभन्दा ठुलो पुण्य नै के हुन्छ र ? तर एउटा सर्त छ- 'म पहिले घर जान्छु र मेरा साना साना बच्चा र स्वामी, बहिनीलाई जिम्मा लगाएर आउँछु । त्यति बेलासम्म प्रतीक्षा गर्नु पर्नेछ । यो मेरो सत्य प्रतिज्ञा हो । सत्य नै धर्म हो ।'

स्थिता सत्येन धरणी सत्येनैव च वारिधिः ।
सत्येन जलधाराश्च सत्ये सर्वं प्रतिष्ठितम् ॥ ४०-२९ ॥

त्यति मात्र होइन, म शपथ गर्छु, कि यदि म फर्किनँ भने त्रिकाल सन्ध्याबन्धन नगर्ने ब्राह्मण, वेदविक्रेता, पति विपरीत हिँड्ने स्त्री, कृतघ्न, छली, विश्वासघाती, हरिविमुख, गुरुद्रोही, धर्म उल्लङ्घन गर्ने, वेद धर्म विरोधी, श्राद्धका दिनमा ब्राह्मण भोजन नगराउने, विष्णुभक्त भएर शिवनिन्दा गर्ने, सन्ध्या समयमा मैथुन गर्ने, शिवरात्रिमा भोजन गर्ने, झुटो साक्षी बक्ने, धरोहरको अपहरण गर्ने, श्रद्धाहीन ब्राह्मण, शिवपर्वको दिन विल्वपत्र तोड्ने, अभक्षाभक्षण गर्ने, अगम्यागमन गर्ने, भस्मधारणविहीन भई शिवपूजा गर्ने आदिले जे जे पाप भोग्नुपर्छ, त्यो सबै भोग्न तयार छु ।

मृगीले यसरी शपथ गरेपछि व्याधाले जान दियो । प्रथम प्रहर उपवास र अनजानमै शिवपूजन गरी बितायो । यसै बिचमा मृगीकी बहिनी उसलाई खोज्दै त्यहाँ आई, दोस्रो प्रहर सुरु भइसकेको थियो ।

तदीया भगिनी या वै मृगी च परिभाविता ।
तस्या मार्गं विचिन्वन्ती ह्याजगाम जलार्थिनी ॥ ४०-३७ ॥

यता अर्की मृगीलाई देखेर व्याधाले पूर्ववत् धनुष सन्धान गर्‍यो । पूर्ववत् जल र विल्वपत्र झर्‍यो । यसपल्ट पनि आवाज सुनेर मृगी भाग्न थाली । सम्मुखमा व्याधा थियो । त्यसपछि पूर्ववत् नै वार्तालाप र शपथ भयो । व्याधाले विश्वास गरेर जाने अनुमति दियो । यसरी द्रोसो प्रहर पनि शिवार्चन, उपवास र जागरणका साथ गरी बित्यो ।

तावद् द्वितीयो यामो वै तस्य निद्रां विना गतः । ४०-४९ ।

त्यसपछि तृतीय प्रहर प्रारम्भ भयो । व्याधा व्याकुल हुँदै गयो । यसै बिचमा मृग जल पिउन आयो । व्याधाले हर्षपूर्वक धनुष खिचेर सन्धान गर्‍यो । यसपल्ट पनि जलपात्रबाट जल र विल्वपत्र झर्‍यो । तेस्रो प्रहरको पूजार्चना भयो । मृगलाई थाहा हुनासाथ भाग्न खोज्यो । सम्मुख व्याधालाई देख्यो । व्याधासँग मृगको पूर्ववत् वार्तालाप भयो । शपथ लियो ।

परिवारसँग भेटेर आउने वचन दियो । प्रतीक्षा गर्न अनुरोध गऱ्यो ।

मृग- **परन्तु बालकान् स्वांश्च समर्प्य जननीं शिशून् ।**
आश्वास्याप्यथ तान् सर्वानागमिष्याम्यहं पुनः ॥ ४०-५८ ॥

यता व्याधा पापरहित, निर्मल हुँदै गएको थियो । मनमा सोच्न थाल्यो, 'जो यहाँ आए, सबैले वचन दिएर गए । रात्रि यत्रो बित्यो । अब घर जाँदा के लिएर जानु ? यस्तो अँध्यारो छ, कसरी जानु ?' सबैले सम्पूर्ण पापको शपथ लिएका छन् । निश्चय नै आउनेछन् भन्ने सोचेर मृगलाई जाने अनुमति दियो । यसरी व्याधाले तृतीय प्रहर पनि शिवार्चन उपवास र जागरण गरी व्यतीत गऱ्यो ।

उता मृगी, मृगीकी बहिनी र मृग घरमा एकत्रित भएका थिए । सबैले आफूमाथि घटेको घटना र शपथ खाएको बताए । तीनै जना सर्वप्रथम व्याधासमीप जान चाहन्थे । यस कुरामा विवाद भयो । तीनै जनाले आ-आफ्नो तर्क दिंदै पहिले आफू जाने तर्क पेस गरे । सहमति हुन सकेन । अन्त्यमा बालबच्चाहरू छिमेकीलाई सुम्पिएर सबै जान तयार भए । बच्चाहरू पनि बाआमासँगै सिकारीकहाँ जान तयार भए र सपरिवार व्याधासमीप गए ।

व्याधा सपरिवार मृगलाई देखेर हर्षित भयो । रात्रिको चतुर्थ प्रहर प्रारम्भ भइसकेको थियो । पूर्ववत् धनुषबाण खिच्यो । पुनः जल र विल्वपत्र झऱ्यो, शिव प्रसन्न भए ।

तान् दृष्ट्वा हर्षितो व्याधो बाणं धनुषि सन्दधे ।
पुनश्च जलपत्राणि पतितानि शिवोपरि ॥ ४०-७७ ॥
तेन जाता चतुर्थस्य पूजा यामस्य वै शुभा ।
तस्य पापं तदा सर्वं भस्मसादभवत् क्षणात् ॥ ४०-७८ ॥

यता मृगपरिवारले भने, 'हे व्याध ! हामीले फर्केर आउने शपथ गरेका थियौं । अब हामीलाई वध गरी हाम्रो जीवन सार्थक बनाऊ । तर अनजानमै शिवको चारै प्रहरको पूजार्चनाले शिवकृपा भई व्याधामा निर्मल ज्ञान प्राप्त भइसकेको थियो । ऊ पश्चात्ताप गर्न थाल्यो । म मनुष्य भएर जन्मेदेखि हिंसामा प्रवृत्त भएँ । यिनीहरू मृगयोनिमा जन्मेर पनि कत्रो पुण्यको भाग्यशाली भए भन्ने विचार गरी अन्त्यमा फर्केर जान अनुमति दियो ।

गम्यतां च मृगश्रेष्ठाः धन्याः स्थ इति चाब्रवीत् । ४०-८५ ।

यसै बिचमा शिव पनि प्रकट भए । व्याधालाई भने, 'तिमीले गरेको व्रत र पूजाबाट म प्रसन्न छु । वर माग ।'

शिव- **वरं ब्रूहि प्रसन्नोऽस्मि व्रतेनानेन भिल्लकः । ४०-८७ ।**

शिवलाई देखेर व्याधा आश्चर्यान्वित भयो । प्रणाम गऱ्यो अनि शिवले वरदान दिंदै भने, 'हे व्याध ! तिमी इच्छित सुखभोग गरी शृङ्गवेरपुरको राजधानीमा निवास गर । तिम्रो घरमा श्रीराम आउनेछन् । तिम्रो अविनाशी वंशवृद्धि हुनेछ । देवताले तिम्रो प्रशंसा गर्नेछन् । तिमी

'गुह' नामले प्रसिद्धि पाउनेछौ । रामसँग मित्रता हुनेछ । अन्तमा तिम्रो दुर्लभ मुक्ति हुनेछ ।

राजधानीं समाश्रित्य शृङ्गवेरपुरे पराम् ।
गृहे रामस्तव व्याध समायास्यति निश्चितम् ॥ ४०-९० ॥

त्यसपछि मृग परिवार शिवकृपाले दिव्य देह धारण गरी स्वर्गीय विमानमा बसेर बिदा भए । शिव पनि एउटा स्वरूपले त्यही अर्बुदाचल पर्वतमा व्याधेश्वर नामले स्थायी निवास गर्न थाले ।

व्याधेश्वरः शिवो जातः पर्वते ह्यर्बुदाचले ।
दर्शनात्पूजनात्सद्यो भुक्तिमुक्तिप्रदायकः ॥ ४०-९५ ॥

यसरी अनजानमा व्याधाले शिवरात्रिको व्रत गर्दा त रामसेवक भई शिवसायुज्य प्राप्त गऱ्यो । यदि बुझेर नियमले गर्दा किन फल मिल्दैन ? त्यसैले यो 'व्रतराज' व्रत हो ।

व्रतराजेति विख्यातं किमन्यच्छ्रोतुमिच्छसि । ४०-१०२ ।

अध्याय एकचत्वारिंश, द्विचत्वारिंश, त्रिचत्वारिंश

मुक्ति निरूपण, सगुण-निर्गुण देव र ज्ञान निरूपण तथा कोटिरुद्रसंहिता माहात्म्य एवं उपसंहार

ऋषिहरूले मुक्ति के हो ? यो प्राप्त भएपछि जीवको अवस्था के हुन्छ ? आदि प्रश्न गरेपछि सूतजी भन्न थाले-

मुक्ति र भक्तिको स्वरूप

सूतजी- सारूप्या चैव सालोक्या सन्निध्या च तथा परा ।
सायुज्या च चतुर्थी सा व्रतेनानेन या भवेत् ॥ ४१-३ ॥

मुक्ति चार प्रकारका छन्- सारूप्या, सालोक्या, सन्निधि र सायुज्या । यी चारै मुक्ति शिव उपसना, शिवरात्रि आदि व्रतबाट प्राप्त हुन्छ । मुक्ति दिने शिव मात्र हुन् । ब्रह्मादि देवताहरूले केवल धर्म-अर्थ-काम दिन्छन्, मुक्ति दिन सक्तैनन् । ब्रह्मादि देवता त्रिगुण (सत्त्व-रज-तम) का स्वामी हुन् तर शिव त्रिगुणभन्दा पर (माथि) छन् । शिव त निर्विकारी, परब्रह्म, तुर्यावस्था र प्रकृतिभन्दा माथि छन् । उनी ज्ञानगम्य, अव्यय, साक्षी, ज्ञानरूप, स्वयं अद्वैत, कैवल्य दिने, त्रिवर्ग (धर्म-अर्थ-काम) प्रदायक हुन् । कैवल्य मुक्ति पाँचौं मुक्ति हो, जुन मनुष्यका लागि सर्वथा दुर्लभ छ ।

कैवल्याख्या पञ्चमी च दुर्लभा सर्वथा नृणाम् । ४१-७ ।

जहाँबाट सबै थोक उत्पन्न हुन्छ, जसले यस संसारलाई पालन गर्छ, जसमा यो समस्त ब्रह्माण्ड विलय हुन्छ र जसको कारण यो सबै व्याप्त छ, त्यो नै शिवस्वरूप हो । त्यसैलाई वेदले साकार-निराकार भनेको छ । यस स्वरूपलाई अज्ञानीहरू जान्दैनन् । शिव सत्यसम्पन्न, अनन्तज्ञानयुक्त छन्, त्यसैले उनलाई सच्चिदानन्द भनिन्छ । शिव निर्गुण, निरुपाधि, अव्यय, शुद्ध एवं निरञ्जन छन्, उनी न रातो न पहेँलो, न सेतो, न निलो, न सानो, न लामो, न स्थूल, न सूक्ष्म नै छन् । त्यसैले शिवलाई परब्रह्म भनिएको छ ।

न रक्तो नैव पीतश्च न श्वेतो नील एव च ।
न ह्रस्वो न च दीर्घश्च न स्थूलः सूक्ष्म एव च ॥ ४१-१३ ॥
यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।
तदेव परमं प्रोक्तं ब्रह्मैव शिव संज्ञकम् ॥ ४१-१४ ॥

जहाँबाट मन, वाणी र विचार फर्किन्छ, त्यही शिवसंज्ञक परब्रह्म हो । जसरी आकाश व्यापक छ, त्यसरी नै शिव सर्वत्र व्यापक छन् ।

संसारमा ज्ञानी हुन कठिन छ तर भजन गर्न सरल छ । विनाज्ञानले शिवतत्त्व जान्न सकिँदैन । भजनको प्रबलताले ज्ञानको उदय हुन्छ । भक्ति नै ज्ञानकी माता हुन् त्यसैले शिवको भजन गर । भक्ति पनि सगुण-निर्गुण, नैष्ठिकी-अनैष्ठिकी, विहित-अविहित, श्रवण आदि भेदले अनेक प्रकारका छन् । भक्ति र ज्ञान यी दुवै अभिन्न छन्, यिनीहरूको विरोध गरेमा केही पनि हासिल गर्न सकिँदैन ।

भक्तिज्ञाने न भिन्ने हि शम्भुना वर्णिते द्विजाः ।
तस्माद्भेदो न कर्तव्यः तत्कर्तुः सर्वदा सुखम् ॥ ४१-२४ ॥

त्यसैले शिवको भक्ति नै सबै कार्य पूर्ण गराउने आधार हो ।

सगुण निर्गुण देवता निरूपण

ऋषिहरूद्वारा शिव-विष्णु-रुद्र-ब्रह्मामध्ये को निर्गुण र को सगुण हुन् ? भनेर सोधेपछि-

सूतजी- **यच्चादौ हि समुत्पन्नं निर्गुणात्परमात्मनः ।**
तदेव शिवसंज्ञं हि वेदवेदान्तिनो विदुः ॥ ४२-२ ॥

हे महर्षिगण ! वेद र वेदान्तका विद्वान्हरू यस्तो मान्दछन् कि निर्गुण परमात्माबाट सर्वप्रथम जुन सगुण रूप प्रकट भयो । त्यसको नाम शिव हो । शिवबाटै पुरुषसहित प्रकृति उत्पन्न भइन् । यी दुवैले मूलस्थानमा रहेको जलमा तपस्या गरे । त्यो स्थान पञ्चकोशी काशी नामले प्रसिद्ध छ, जो शिवको अत्यन्त प्रिय स्थान हो ।

यो जल सम्पूर्ण विश्वमा व्याप्त थियो । त्यो जलमा आश्रय लिई योगमायाले युक्त भई श्रीहरिले शयन गरे । अर्थात् नार (जल) मा अयन (शयन) गर्नाले उनको नाम 'नारायण' भयो र उनको शक्ति नारायणी भइन् ।

नारायणेति विख्यातो माया नारायणी मता ।
तन्नाभिकमले यो वै जातः स च पितामहः ॥ ४२-५ ॥

ब्रह्माले तपस्या गरी जसलाई साक्षात्कार गरे, उनलाई विष्णु भनिन्छ । ब्रह्मा र विष्णुमा विवाद हुँदा त्यसलाई शान्त गर्न निर्गुण शिव जुन रूपमा प्रकट भए त्यसलाई महादेव भनिन्छ । उनले भने, 'म 'शम्भु' ब्रह्माको ललाटबाट प्रकट हुनेछु ।' यस कथन अनुसार ब्रह्माको ललाटबाट जो प्रकट भए उनको नाम रुद्र भयो । यसरी रूपरहित परमात्मा सबैको चिन्तनको विषय बन्नका लागि साकार रूपमा प्रकट भए । उनी साक्षात् भक्तवत्सल शिव हुन् ।

त्रिगुणरहित शिव र गुणयुक्त रुद्रमा केही भेद छैन । जस्तो सुवर्ण र उसबाट बनिएको आभूषणमा केही फरक हुँदैन । 'शिव' र 'रुद्र' दुवैको रूप र कर्म समान छन् । दुवैले भक्तलाई उत्तम गति प्रदान गर्दछन् । दुवै सेवनीय र लीलाविहारी हुन् । शिव नै रुद्र रूपमा ब्रह्मा, विष्णु एवं समस्त भक्तहरूको सहायतार्थ प्रकट भएका हुन् । अन्य जुन जुन देवता जुन जुन रूपबाट प्रकट भएका हुन्, उनीहरूको विलय पनि उसै गरी हुन्छ भने रुद्र त्यसरी लय हुँदैनन् । उनी शिवमा मात्र लय हुन्छन् ।

अन्ये च ये समुत्पन्ना यथानुक्रमतो लयम् ।
यान्ति नैव तथा रुद्रः शिवे रुद्रो विलीयते ॥ ४२-१३ ॥

सबै रुद्रको भजन गर्छन तर रुद्र कसैको भजन गर्दैनन् । जसले जुन देवताको भजन गर्छन्, उनीहरू त्यसैमा विलय हुन्छन् र दीर्घकालमा गएर शिवमा लय हुने अवसर पाउँछन्, तर जो रुद्रको भजन गर्छन्, उनीहरू तत्काल शिव हुन्छन् ।

रुद्रभक्तास्तु ये केचित्तत्क्षणं शिवतां गताः ।
अन्यापेक्षा न वै तेषां श्रुतिरेषा सनातनी ॥ ४२-१७ ॥

अज्ञान अनेक प्रकारको हुन्छ तर विज्ञानको स्वरूप एक हुन्छ । विज्ञान अनेक प्रकारको हुँदैन । ब्रह्मादेखि तृणपर्यन्त जे जति देखिएको छ, त्यो सबै शिव रूप हो । सृष्टि पूर्व, सृष्टि मध्य र सृष्टि अन्त्य तथा जब सबै थोक शून्यतामा परिणत हुन्छ, यो समयमा केवल शिवको सत्ता मात्र रहन्छ । त्यसैले शिवलाई 'चतुर्गुणी' भनिन्छ ।

सृष्टेः पूर्वं शिव प्रोक्तः सृष्टेर्मध्ये शिवस्तथा ।
सृष्टेरन्ते शिवः प्रोक्तः सर्वशून्ये सदाशिवः ॥ ४२-२० ॥
तस्माच्चतुर्गुणः प्रोक्ताः शिव एव मुनीश्वराः ।

शिवले नै विष्णुलाई सम्पूर्ण सनातन वेद, वर्ण, मात्रा तथा ध्यान एवं पूजनविधि दिएका हुन् । त्यसैले शिव सम्पूर्ण विद्याका ईश्वर हुन् । उनी वेदका 'प्रवर्तक' र 'वेदपति' मानिन्छन् । तिनै शिव सबैका कर्ता, भर्ता, हर्ता, साक्षी तथा निर्गुण हुन् । अरूका लागि कालको निश्चित समयावधि तोकिएको छ, तर शिव कालातीत छन् किनकि उनी साक्षात् 'महाकाल' हुन् र

'महाकाली' उनमा आश्रित हुन्छिन् ।

अन्येषां कालमानं च कालस्य कलना न हि ।
महाकालः स्वयं साक्षान्महाकालीसमाश्रितः ॥ ४२-२५ ॥

शिव कसैबाट जन्मेका होइनन्, न कसैबाट पालित या आश्रित छन् । न त यिनको संहार नै हुन्छ । यी त यी सबैका कारक हेतु हुन् । उनी त एकबाटै अनेकता र अनेकताबाट एकतामा प्राप्त हुन्छन् । जस्तो कि एक बीजबाट वृक्ष फल आदिमा परिणत हुँदै पुनः बीज भावमै प्राप्त हुन्छ, त्यसै गरी शिव बीज हुन् र बीज भावमै रहन्छन् ।

यी सबै वेदान्तका कुरा ज्ञानवान् पुरूषले मात्र जान्दछ । अरू अज्ञानीले जान्न कठिन छ । जो मैले सङ्क्षेपमा वर्णन गरेँ । अब अगाडि के सुन्ने इच्छा छ ? भनी सूतजीले प्रतिप्रश्न गरे ।

शिवतत्त्वज्ञान र महिमा वर्णन

ऋषिहरूले शिवज्ञानको लक्षण विषयमा सोधेपछि सूतजी भन्नुहुन्छ, 'हे ऋषिहरू हो ! जस्तो मैले परमगुप्त तथा मुक्तिस्वरूप शिवज्ञान सुनेको छु, त्यो बताउँछु । शौनक, नारद, कार्तिकेय, व्यास, कपिल मुनि आदिले एक स्वरले भनेका छन्, 'यो समस्त ब्रह्माण्ड शिवमय हो ।'

आब्रह्मतृणपर्यन्तं यत्किञ्चिद् दृश्यते जगत् ।
तत्सर्वं शिव एवास्ति स देवः शिव उच्यते ॥ ४३-४ ॥

जब शिवको इच्छा हुन्छ, अनि संसारको रचना हुन्छ । उनी सबैलाई जान्दछन् तर उनलाई कोही जान्न सक्तैनन् । उनी संसारलाई रचना गरी संसारमै प्रविष्ट हुन्छन् तर पनि यसबाट पर हुन्छन् । जसरी सूर्य या चन्द्रको प्रतिविम्ब जलपात्रमा पर्दा सूर्य जलभित्र हुँदैन तर पनि प्रतीत हुन्छ, त्यही रूपमा शिव पनि छन् । अविद्याले गर्दा द्वैत तत्त्वमा फसिन्छ, तर हुन् एकै । जुन विद्वान् वेदान्त मार्गको आश्रय लिएर शिवको साक्षात्कारका लागि साधना गर्दछ, उसले अवश्य फल प्राप्त गर्दछ । जसरी व्यापक अग्नितत्त्व प्रत्येक काठमा हुन्छ तर जुन काठलाई मन्थन गरिन्छ, त्यही काठबाट असंदिग्ध रूपले अग्नि प्रकट हुन्छ । त्यसैगरी शिवको भक्ति गर्नेले मात्र शिवको साक्षात्कार गर्न सक्छ । सर्वत्र शिव छन् तर भ्रमको कारण भेद देखिन्छ ।

सर्वं व्याप्त शिवः साक्षात् व्यापकः सर्वजन्तुषु ।
सर्वं शिवः शिवः सर्वो नास्ति भेदश्च कश्चन ॥ ४३-२० ॥

शिवतत्त्वज्ञान प्राप्त गर्ने अठोट या निश्चय अन्तर्मनले गरेपछि सबैभन्दा पहिले गुरु स्थापना गर्नुपर्छ । सुयोग्य गुरूले मात्र शिवतत्त्व ज्ञानको साक्षात्कार गराउन सक्छन् । शिवबुद्धिले गुरूलाई पूजन र स्मरण गरी गुरु नै शिव हुन् भन्ने भावनाको वृद्धि हुन थालेपछि शनैः शनैः

शरीरका पाप-ताप-सन्ताप मेटिँदै जान्छन् । अज्ञानता नष्ट हुँदै जान्छ । अहङ्कार-अभिमान, द्वैतबुद्धि, भेदबुद्धि क्रमशः हट्दै जान्छन् र ज्ञानवान्को मार्गमा आरूढ हुन पुग्छ । त्यसपछि बुद्धि निर्मल भई, जीवनमुक्त भई मोडिन पुग्छ । त्यो अवस्थामा हर्ष-शोक, सुख-दुःख आदि समान हुन्छन् र यसैलाई ज्ञानवान् भनिन्छ ।

शुभं लब्धा न हृष्येत कुप्येल्लब्ध्वाशुभं न हि ।
द्वन्द्वेषु समता यस्य ज्ञानवान्मुच्यते हि सः ॥ ४३-३१ ॥

भक्तिले साधन विषयक प्रेम जागृत हुन्छ । प्रेम जागृत भएपछि श्रवण भक्तिको विकास हुन्छ । श्रवणले सत्सङ्गप्रति मोह जागृत गराउँछ । सत्सङ्गले ज्ञानी गुरूको उपलब्धि गराउँछ । गुरूकृपाजन्य ज्ञानले निश्चय नै साधकलाई मुक्ति दिलाउँछ ।

सम्पन्ने च तथा ज्ञाने मुक्तो भवति निश्चितम् ।
इति चेज्ज्ञानवान्यो वै शम्भुमेव सदा भजेत् ॥ ४३-३५ ॥

मुमुक्षु साधकका लागि भगवान् शङ्करभन्दा अर्को श्रेष्ठ देव छैनन् । शिव शरणापन्न भएपछि साधक संसार बन्धनबाट मुक्त हुन्छ ।

नास्तिक, श्रद्धाहीन, शठ, शिवभक्तिविहीनलाई यो मोक्षतत्त्वको उपदेश कदापि नगर्नू । यसको एकपल्टको पाठले पाप भस्म हुन्छ र अभक्तले भक्ति प्राप्त गर्छ । दोस्रोपल्टको पाठले उत्तम भक्ति र तेस्रोपल्टको पाठ या श्रवण गर्नाले मोक्षप्राप्ति हुन्छ । उत्तम फल यस लोकमा र सबै खाले बन्धनबाट मुक्त हुनका लागि यस पुराणलाई पाँचपल्ट आवृत्ति या श्रवण गर्नुपर्छ ।

आवृत्तयः पञ्चकार्याः समुद्दिश्य फलं परम् । ४३-५० ।

कोटिरूद्रसंहिताको उपसंहार

यो शिवज्ञान भगवान् शङ्करको अति प्रिय वस्तु मध्येको एक हो । यसले भोग र मोक्ष प्रदान गरी शिवभक्ति बढाउँछ । यसरी शिवपुराण संहिताको चतुर्थ आनन्ददायिनी तथा परम् पुण्यदायिनी कोटिरूद्र संहिता नामले प्रसिद्धि पाएको छ । जसले यो संहितालाई भक्तिभावपूर्वक श्रवण-मनन-चिन्तन या श्रवण गर्छ गराउँछ, उसले समस्त भोगलाई भोगेर परम गति प्राप्त गर्दछ ।

इयं हि संहिता पुण्या कोटिरूद्रख्यया परा ।
चतुर्थांश पुराणस्य कथिता मे मुदावहा ॥ ४३-५८ ॥
एतां यः शृणुयाद्भक्त्या श्रावयेद्वा समाहितः ।
स भुक्त्वेहाखिलान्भोगानन्ते परगतिं लभेत् ॥ ४३-५९ ॥

‼ समाप्तोऽयं चतुर्थ कोटिरूद्र संहिता ‼

॥ कायेनवाचा —— करचरणकृतं वा —— ॐ नमः शिवाय ॥

पञ्चम उमासंहिता

कथासार

शिवपुराणको पाँचौं उमा संहितामा कुल एकाउन्न (५१) अध्याय, दुई हजार ६ सय चौरानब्बे (२,६९४) श्लोक तथा सनत्कुमार, व्यास संवाद प्रमुख रहेको छ । यस संहितामा अनेक प्रसङ्गहरूको चर्चा गरिएको छ । नाम अनुसारको कथानकचाहिँ संहिताको उत्तरार्द्धमा उल्लेख गरिएको छ । यसमा मुख्य रूपले खगोल, भूगोल, नरक वर्णन, दान महिमा, मनु आदि वंश वर्णन, श्राद्ध सम्बन्धी विशेष वर्णन, तथा देवीद्वारा मधुकैटभ, महिषासुर, शुम्भ, निशुम्भ आदिको वध र सुरथ राजा र समाधि, वैश्य वरप्रदान आदि प्रसङ्गहरूको चर्चा गरिएको छ ।

संहिताको आरम्भमा पुत्रार्थी श्रीकृष्णले उपमन्यु ऋषिसँग शिवदीक्षा लिई तपस्या र शिवपार्वतीद्वारा अनेक वर प्रदान गरेको कथाबाट प्रारम्भ गरी शिवमाया वर्णन, अनेक किसिमका पाप र तिनको नरक भोगमा यमलोकको यात्रा वर्णन, मूल अट्ठाइस नरक रहेको र प्रत्येकको पाँच नायकको योगले एक सय चालिस नरकको सङ्केत गरिएको छ । त्यसैगरी यममार्गमा सहायक हुने दशदान आदिको वर्णन, अन्नदान, जलदान, जलाशय निर्माण, वृक्षारोपण आदिको महत्ताको साथै वेद एवं पुराण स्वाध्याय या श्रवणले नरकादिको वास नहुने वर्णन गरिएको छ ।

त्यसपछि सङ्क्षेपमा ब्रह्माण्डभित्रको खगोल, भूगोलको वर्णन क्रममा सप्तद्वीप, ग्रहस्थिति, सप्तर्षिगण, ध्रुवलोक एवम् अतलादि सप्तपाताललोकको वर्णन गरिएको छ । यसै क्रममा सनातन शिवलोकको स्थिति र महिमालाई विशेष महत्त्वका साथ चर्चा गरिएको छ ।

यसै गरी देहोत्पत्ति वर्णनक्रममा बाल्य, युवा वार्धक्य, देहशुचि, स्त्रीस्वभाव वर्णन तथा मृत्यु सन्निकट आएपछि देखिने लक्षण, कालमाथि विजय प्राप्त गर्ने उपाय, नवधा शब्दब्रह्मको अनुसन्धान, नाडीको गति अनुसार मृत्युको समयावधि वर्णन गर्दै, योगीजन मृत्युलाई पनि जित्छन् भन्ने भावलाई उजागर गरिएको छ ।

त्यसै गरी अमरत्व प्राप्त गर्न यौगिक प्राणायामादिको अवलम्बन गरी जित्न सकिन्छ भन्ने भावलाई पनि प्रस्तुत गरिएको छ । अगाडि आदि सृष्टि, स्वयम्भू मनु आदिको सृष्टि विस्तार, कश्यप मुनिका स्त्रीहरूद्वारा चराचर सन्तानहरूको उत्पत्ति एवम् विस्तार, मरुत्तहरूको उत्पत्ति आदिको वर्णनसहित चौध मन्वन्तरको वर्णन गर्दै सम्प्रति वैवस्वत मन्वन्तरको विशेष व्याख्यासहित वर्णन गरिएको छ । यसै क्रममा इक्ष्वाकुको वंश वर्णनमा सत्यव्रत, त्रिशङ्कु, सगर आदिको चरित्र वर्णन गरिएको छ ।

यसैगरी श्राद्धकल्प, पितृश्राद्ध वर्णन क्रममा पितृहरूको उत्पत्ति, सप्तव्याधागति वर्णन, श्राद्धमाहात्म्य वर्णन, व्यासजीको जन्म, काशीमा व्यासेश्वर लिङ्ग स्थापना, अठाह्र पुराणहरूको परिचय, व्यास चरित्र आदिको वर्णन गरिएको छ ।

त्यसैगरी भगवती उमाबाट कालिका देवीको प्रकट, मधुकैटभ, महिषासुर, शुम्भ-निशुम्भ जस्ता दैत्यहरूमाथि विजय गरी त्रिलोकमा शान्ति स्थापना गरेको वर्णन छ । यसै क्रममा देवताहरूको तेजपुञ्जबाट महालक्ष्मीको प्रकट, महासरस्वतीको प्रकट आदिको चर्चा पनि गरिएको छ । देवताहरूको गर्वनाश पनि उमाले एक तृण राखी परीक्षा गर्न उमा प्रकट भएको उल्लेख पनि गरिएको छ । अन्त्यतिर देवीको दुर्गा, शताक्षी, शकम्भरी, भ्रामरी आदिको प्रकटको परिचय एवम् देवीको क्रियायोग रूपमा मन्दिर निर्माण, पूजार्चनाको महत्त्व, व्रतको महत्त्वसहित उपसंहार गरिएको छ ।

अथ पञ्चम उमासंहिता

अध्याय प्रथम, द्वितीय, तृतीय

पुत्रार्थी श्रीकृष्णद्वारा उपमन्यु ऋषिलाई गुरुस्थापना, शिवदीक्षा ग्रहण, तपस्या र शिवपार्वतीद्वारा अनेक वर प्राप्त

मङ्गलाचरण प्रथम श्लोक

यो धत्ते भुवनानि सत्त्वगुणवान्स्रष्टा रजः संश्रयः
संहर्ता तमसान्वितो गुणवतीं मायामतीत्यं स्थितः ।
सत्यानन्दमनन्तबोधममलं ब्रह्मादिसंज्ञास्पदं
नित्यं सत्त्वसमन्वयादधिगतं पूर्णं शिवं धीमहि ॥ १ ॥

अर्थात्, जो परमात्मा सत्त्वगुणको आश्रय लिएर सातै लोकलाई धारण तथा पोषण गर्दछन्, जो रजोगणले सृष्टि र तमोगुणको सहारा लिएर विनाश गर्दछन्, जो गुणमयीभन्दा टाढा छन्, उनै सच्चिदानन्द स्वरूप, अनन्त ज्ञानसम्पन्न, निर्मल ब्रह्मा, विष्णु, महेश नामका नित्य सत्त्वगुणको प्राप्ति भएपछि सुलभ हुने अखण्ड शिवस्वरूपको हामी ध्यान गर्दछौं ।

शौनकादि ऋषिहरूले सूतजीलाई प्रणाम अभिवादन गरी उमा संहिताको सुन्दर उपाख्यान सुनाउन अनुरोध गरेपछि सूतजीले व्यास-सनत्कुमारबिच भएको संवादलाई सुनाउन प्रारम्भ

गरे ।

यस संहितामा व्यास, सनत्कुमार संवाद रहेको छ ।

सनत्कुमार- हे व्यासजी ! महर्षि उपमन्युले जे उपदेश श्रीकृष्णलाई दिएका थिए, त्यसै प्रसङ्गबाट म उमा संहिताको कथारम्भ गर्दछु, ध्यानपूर्वक श्रवण गर्नुहोस् ।

श्रीमतीहरूले पुत्रको इच्छा गरेपछि श्रीकृष्ण पहिले शिवाराधना गर्न कैलास गए । उपमन्यु ऋषिलाई तपस्यारत अवस्थामा भेटे र उनीसँगै प्रणाम अभिवादन गर्दै भने-

श्रीकृष्ण- हे मुनिवर ! म पुत्रार्थीको अभिलाषा बोकी शिवको तपस्या गर्न आएको हुँ, अब मलाई शिव माहात्म्यसहित शिवको तपस्या गर्न योग्य बनाउनुहोस् ।

ब्रूहि शङ्करमाहात्म्यं सदानन्दकरं मुने ।
यच्छ्रुत्वा भक्तितः कुर्यां तप ऐश्वर्यमुत्तमम् ॥ १-१० ॥

उपमन्यु- हे कृष्ण ! मैले शिवको तपस्या गर्दा जे अनुभव गरेँ त्यो बताउँछु, जुन भक्तिवाहिनी छ । तपस्या गर्दा मैले शिवलाई शस्त्र एवम् परिवारसहित विष्णु आदि देवताहरूसँग देखेँ । त्यति बेला शिव दुई हजार किरणयुक्त, सबै शस्त्रास्त्र धारण गरेका, अनेक नेत्र, हजार चरणयुक्त, विराटमय स्वरूपमा देखेँ । साथमा सबै परिकर गणसहित सम्पूर्ण ब्रह्माण्डको नै दर्शन गरेँ ।

विराट्मय शिवलाई मैले प्रणाम स्तुति वन्दना गरेँ, अनि शिवले वरदान माग्न भने । त्यसपछि मैले भनेँ, 'तपाईंप्रति मेरो भक्ति अविचल रहोस्, मलाई तीनै कालको ज्ञान होस् । मेरो वंशमा उत्पन्न सबैलाई दुध तथा पर्याप्त भोजन गर्ने सामग्री अटुट रूपमा उपलब्ध होस् ।

प्रयच्छ भक्तिं विपुलां त्वयि चाव्यभिचारिणीम् ।
सान्वयस्यापि नित्यं मे भूरि क्षीरौदनं भवेत् ॥ १-४७ ॥

शिव- हे मुनिवर ! तिमी जरामरणबाट मुक्त भयौ । सबै इच्छा पनि भोग गर्नेछौ । यशस्वी भएर ऋषिहरूमा पूज्य हुनेछौ । तिम्रो मनोमय गति हुनेछ । तिम्रो वंश अक्षय र क्षीरले भरिपूर्ण हुनेछ । मलाई जतिबेला स्मरण गर्नेछौ, म उपस्थित हुनेछु-----, आदि वर दिएर अन्तर्ध्यान भए ।

हे कृष्ण ! शिवकृपाले मेरो सम्पूर्ण कार्य सुसम्पन्न भयो । ब्रह्मा, विष्णु पनि शिवकै कृपाले सृष्टि एवम् पालन गर्दछन् । त्यसैले तिमी पनि पुत्रप्राप्तिका लागि शिवाराधना गर ।

अतस्त्वं पुत्रलाभाय समाराधय शङ्करम् ।
शीघ्रं प्रसन्नो भविता शिवस्ते भक्तवत्सलः ॥ १-७१ ॥

उपमन्युद्वारा शिवभक्तहरूको वर्णन

श्रीकृष्णले त्यसपछि शिवको आराधना गरी सफल मनोरथ प्राप्त गरेका महापुरुषहरूको विषयमा जिज्ञासा राखेपछि उपमन्यु उत्तर दिन थाले ।

उपमन्यु- हे कृष्ण ! शिवाराधना गरी सफल भएका महान् व्यक्तिहरू असङ्ख्य छन् । केही सङ्क्षेपमा भन्दछु, सुन- शिवराधना गरी हिरण्यकशिपुले देवताहरूको ऐश्वर्य प्राप्त गऱ्यो । उसको पुत्र नन्दनले पनि दश हजार वर्ष तपस्या गरी इन्द्रलाई पदच्युत गऱ्यो । याज्ञवल्क्यले उत्तम ज्ञान पाए । वेदव्यास त्रिकालज्ञ भए ।

यसै गरी देवराज इन्द्रद्वारा तिरस्कृत बालखिल्य ऋषि शिवकृपाले अपराजेय गरुडलाई प्राप्त गरे । अत्रि-अनसूयाले निराहार शिव तपस्या गरी दत्तात्रेय, चन्द्रमा र दुर्वासा ऋषिलाई पुत्र रूपमा प्राप्त गरे । चित्रकूटमा गङ्गा ल्याउन सफल भए । शिवकृपाका कारण विकर्णले महान् सिद्धि पायो । राजा चित्रसेनले अभय पाए । श्रीकरले उत्तम गति, राजपुत्र चित्राङ्गद यमुनामा डुबेर पाताल लोकमा तक्षक नाग भएको ठाउँमा पुग्दा पनि उनकी पत्नी सीमान्तिनीले सोमवारको व्रतको प्रभावले जीवित उद्धार गर्न सफल भइन् ।

दुराचारिणी चञ्चुका (चञ्चुला) ले गोकर्ण तीर्थमा शिवकथा सुनेर सद्गति प्राप्त गरिन् । उनका पति विन्दुगले पनि शिवलोक प्राप्त गरे । पिङ्गला वेश्या, मदर नामको नीच ब्राह्मण, महानन्द नामकी वेश्या, यी सबैले शिवभक्ति गरी परमगति प्राप्त गरे । यसै गरी विमर्षण राजा, दुर्जन राजा, शवर भिल्ल, सौमिनी चाण्डाली, महाकाल व्याध, यी सबैले शिवाराधना गरी परमगति प्राप्त गरे ।

कौशिकश्च समाराध्य शङ्करं लोकशङ्करम् ।
ब्राह्मणोऽभूत्क्षत्रियश्च द्वितीय इव पद्मभूः ॥ २-३८ ॥

त्यसै गरी शिवकै आराधना गरी क्षत्रीय कुलोत्पन्न विश्वामित्र ब्रह्माकै समान ब्राह्मण भए । पितामह ब्रह्मा शिवकृपाले नै सृष्टिकर्ता भए । मार्कण्डेय चिरञ्जीवी भए । देवराज इन्द्र सबै देवताहरूका स्वामी भए, बाणासुर, हरि, दधीचि, राम, कणाद, भार्गव, गुरु, गौतम, शाकल्य, सावर्णि यी सबैले शिवाराधना गरी इह, परलोक दुवैको कल्याण गरे ।

उपमन्युद्वारा श्रीकृष्णलाई शिवमन्त्र दीक्षा दिनु

यसरी उपमन्युले आठ दिनसम्म श्रीकृष्णलाई शिवमहिमा सम्बन्धी अनेक कथा श्रवण गराए । आज नवौं दिन थियो । मुनिले विधिपूर्वक श्रीकृष्णलाई अथर्वशीर्षस्थ महामन्त्रको दीक्षा दिए ।

नवमे तु दिने प्राप्ते मुनिना स च दीक्षितः ।

मन्त्रमध्यापितं शार्वमथर्वशिरसं महत् ॥ ३-१० ॥
जपो नमः शिवायेति मन्त्रराजमिमं हरे ।
सर्वकामप्रदं दिव्यं भुक्तिमुक्ति प्रदायकम् ॥ ३-८ ॥

मन्त्रराज मन्त्र थियो- नमः शिवाय ।

उपमन्यु- हे कृष्ण ! अबको सोह्रौं महिनामा तिम्रो तपस्याबाट प्रसन्न भई पार्वतीसहित शिव प्रकट हुनेछन् र सबै मनोवाञ्छित फल प्राप्त गरी आत्मतुल्य बलवान् पुत्र पाउनेछौ ।

आत्मतुल्यबलं पुत्रं लभिष्यसि महेश्वरात् । ३-७ ।

त्यसपछि श्रीकृष्ण जटाधारी, भस्मधारी भए । मनलाई एकाग्र गरी एउटा चरणाङ्गुष्ठको सहाराले उभिएर हातलाई आकाशतर्फ उठाएर कठोर तपस्यारम्भ गर्न थाले । सोह्रौं महिना पुगेपछि-

सम्प्राप्ते षोडशे मासि सन्तुष्टः परमेश्वरः ।
पार्वत्या सहितः शम्भुर्ददौ कृष्णाय दर्शनम् ॥ ३-१२ ॥

शिवपार्वतीद्वारा श्रीकृष्णलाई वरदान

साक्षात् शिवपरिकरको दर्शन गरी कृष्ण कृतकृत्य भए । प्रणाम, स्तुति, अभिवादन, सहस्रनामस्तुति गरे । देवताहरूले पुष्पवृष्टि गरे । गन्धर्व आदि गाउन थाले । सबैले साधुवाद दिए, अनि शिवले भने-

शिव- **कृष्ण जानामि भक्तं त्वां मयि नित्यं दृढव्रतम् ।**
वृणीष्व त्वं वरान् मत्तः पुण्यांस्त्रैलोक्य दुर्लभान् ॥ ३-२० ॥

हे कृष्ण ! जे वरको इच्छा राखेको छौ माग । दुर्लभ वर पनि दिन तयार छु ।

कृष्ण- हे स्वामी ! तपाईं प्रसन्न हुनुहुन्छ भने मलाई आठवटा वर दिनुहोस् ।

तव धर्मे मतिर्नित्यं यशश्चाप्रचलं महत् ।
त्वत्सामीप्यं स्थिरा भक्तिस्त्वयि नित्यं ममास्त्विति ॥ ३-२३ ॥
इत्यष्टौ सुवरान्देहि देवदेव नमोऽस्तुते ।

(१) मेरो बुद्धि तपाईंको भक्तिमा सदा समर्पित होस् ।
(२) मलाई सुस्थिर यशको प्राप्ति होस् ।
(३) मलाई नित्य तपाईंको सामीप्य मिलोस् ।
(४) तपाईंप्रति मेरो स्थिर भक्ति सधैं बनिरहोस् ।
(५) मेरा प्रमुख पत्नीहरूबाट दश-दश पुत्रलाभ होस् ।

(६) मेरा सबै पुत्र बलवान् होउन् र शत्रुलाई पराजित गर्न सकून् ।
(७) शत्रुद्वारा म कहिल्यै पनि अपमानित हुनु नपरोस् ।
(८) म योगी पुरुषहरूको पनि अत्यन्त प्रिय पात्र बन्न सकूँ ।

शिव- तथास्तु ! यी सबै वर तिमीलाई प्राप्त हुनेछन् । साथै तिम्रो एउटा पुत्र साम्ब नामको हुनेछ, जो मेरो अंश हुनेछ । उसैको नाम जोडेर म साम्बसदाशिव हुनेछु । प्रलयकालमा संवर्तकादित्य मुनिहरूद्वारा अभिशप्त हुनेछ । अब जाऊ, तिम्रो कल्याण होस् ।

पार्वतीद्वारा श्रीकृष्णलाई वरदान

शिवले वर दिएपछि पार्वतीले पनि वर माग्न भनिन् । त्यसपछि श्रीकृष्णले वर माग्दै भने, 'ब्राह्मणप्रति मेरो कहिल्यै पनि द्वेष नहोस् । म सधैं ब्राह्मणपूजक बन्न सकूँ । मेरा मातापिता मसँग सधैं प्रसन्न रहून् । मेरो जन्म सधैं योग्य कुलमा होस् । म इन्द्रादि देवता, साधु, अतिथिहरूका लागि एक सय यज्ञद्वारा तृप्त गर्न सकूँ । बन्धुबान्धवहरूका साथ मेरो पूर्ण प्रेम रहोस् । म हजारौं स्त्रीहरूको प्यारो बन्न सकूँ । उनीहरूमा मेरो अटल प्रेम रहोस् । उनीहरूका मातापिता संसारमा सत्यवादी होउन् । मलाई यस्तै यस्तै वर दिनुहोस् ।

देवि भार्यासहस्राणां भवेयं प्राणवल्लभः ।
आसां च पितरो लोके भवेयुः सत्यवादिनः ॥ ३-३९ ॥

पार्वतीले तथास्तु भन्दै श्रीकृष्णले मागेका सबै वर प्रदान गरिन् । त्यसपछि शिवशिवा परिकरसहित अन्तर्ध्यान भए । कृष्ण पनि कृतकृत्य भए, अनि गुरुस्थान उपमन्युको आश्रममा आए । सबै वृत्तान्त सुनाए । उपमन्युले पनि श्रीकृष्णलाई आशीर्वाद दिए । त्यसपछि श्रीकृष्ण द्वारिका फर्किए ।

सनत्कुमार- हे मुनिवर ! दशरथपुत्र श्रीरामले पनि शिवको कठिन तपस्या गरी उत्तम धनुषबाण प्राप्त गरे । उत्तम ज्ञान पाए । रावणवध गर्न सफल भए । परशुरामले पनि शिवाराधना गरी एक्काइसपटक क्षत्रियहरूको विनाश गरे । उनले आयुध (परशु) शिवबाटै प्राप्त गरेका थिए । यसै गरी असितका भाइ देवल चाक्षुष मनुपुत्र मरुस्थलमा मृग भएका थिए । शिवाराधना गरी मृगमुख नामको गण भएका थिए । गार्ग्य ऋषि, पराशर मुनि, माण्डव्य मुनिलाई जीवनदान, ब्राह्मणपुत्र गालव यी सबै शिवकृपाद्वारा इच्छित वर प्राप्त गरी कल्याणका भागी बनेका थिए ।

अध्याय चतुर्थ

शिवमायाद्वारा मोहित भएका महापुरूषहरूको वर्णन

व्यासजी- महिम्ना येन शम्भोस्तु ये ये लोके विमोहिताः ।
मायया ज्ञानमाहृत्य नानालीलाविहारिणः ॥ ६ ॥

हे मुनिवर ! शिवमायाद्वारा मोहित भई ज्ञान अपहरण भएकाको विषयमा बताउनुहोस् ।

सनत्कुमार- हे व्यासजी ! शिव सर्वेश्वर, सर्वात्मा, सर्वदर्शन हुन् । उनकै महिमाले सम्पूर्ण संसार व्याप्त छ । शिवको अर्को मूर्ति ब्रह्मा, विष्णु ईश्वर रूप हो । उनी सबै प्राणीहरूका आत्मा रूप हुन् । उनी लिङ्गरूप तथा सत्त्व, रज, तम रूप हुन् । देवताहरूका आठ योनि र मनुष्य नवौं योनि हो । पशुपक्षीहरूका पाँच योनि हुन्छन् र यी सबै मिलाउँदा चौध योनि हुन्छन् ।

देवानां योनयश्चाष्टौ मानुषी नवमी च या ।
तिरश्चां योनयः पञ्च भवत्येवं चतुर्दशः ॥ १० ॥

यो चराचर सबै शिवमय हो । भूत, वर्तमान, भविष्यका सबै प्राणी शिवबाटै उत्पन्न भई अन्तमा शिवमै विलय हुन्छन् ।

शिवमायाबाट मोहित भएर ठुला ठुला देवता, मुनि कामको सिकार हुन पुगे । विष्णुले काममोहित भएर परस्त्रीका साथ सहवास गरे । देवताहरूका राजा इन्द्र गौतम-पत्नीमाथि आशक्त भई दुष्ट कर्म गरे अनि मुनिले पत्थर हुने श्राप दिए ।

अग्नि, वायु पनि कामवश भई कामदेवमाथि विजय प्राप्त गरे । सूर्यदेव काममोहित भएर घोडीको पछि घोडा हुन पुगे । चन्द्रमा पनि मोहित भई गुरूपत्नीमाथि गमन गरे ।

मित्रवरूण मुनि युगल पनि शिवमायाद्वारा मोहित भएर तरूनी उर्वशीलाई देखेर कामातुर भए । उनीहरूको वीर्य पतन भयो । यसलाई मित्रले घडामा राखे । पछि यसलाई वशिष्ठ वरूणले जलमा फ्याँके, जसबाट अगस्त्य उत्पन्न भए ।

ततः कुम्भात्समुत्पन्नो वशिष्ठो मित्रसम्भवः ।
अगस्त्यो वरूणाज्जातो वडवाग्निसमद्युतिः ॥ २५ ॥

ब्रह्मापुत्र दक्ष पनि शिवमायाले मोहित भएर भाइहरूका साथमा बहिनीहरूसँग रमण गर्न तत्पर भए । ब्रह्मा स्वयं पनि आफ्नी पुत्री तथा पराई पुत्रीहरूसँग भोगेच्छा गर्न तत्पर भए । महायोगी च्यवन ऋषि सुकन्या राजकुमारीसँग कामासक्त भए । कश्यप कामातुर भएर धन्वा राजकन्यासँग समागमका लागि याचना गरे । गरूड मोहित भएर शाण्डिली कन्या प्राप्त

गर्न तत्पर भए । विभाण्डक मुनि पनि स्त्रीलाई देखेर कामुक हुन पुगे । ऋष्यशृङ्गको पुत्र मोहित भएर मृगबाट पैदा भए । गौतम मुनि शारदूतीसँग मोहित हुन पुगे । उनको वीर्य द्रोणी (दुना) मा राखियो । पछि यसैबाट द्रोणाचार्य उत्पन्न भए ।

गौतमश्च मुनि शम्भोर्माया मोहित मानसः ।
दृष्ट्वा शारद्वती नग्नां रराम क्षुभितस्तया ॥ ३२ ॥
रेतः स्कन्नं दधार स्वं द्रोण्यां चैव स तापसः ॥
तस्माच्च कलशाज्जातो द्रोणः शस्त्रभृतां वरः ॥ ३३ ॥

शिवमायाले मोहित पराशर मुनिले मत्स्योदरीसँग विहार गरे । विश्वामित्रले मेनकाका साथ रमण गरे । मोहित नै भएर रावणले सीतालाई अपहरण गऱ्यो । वृहस्पति पनि भाइकी स्त्री (बुहारी) सँग मोहित भई रमण गरे, जसबाट भरद्वाज उत्पन्न भए ।

बृहस्पतिर्मुनिवरो मोहितः शिवमायया ।
भातृपत्न्या वशी रेमे भरद्वाजस्ततोऽभवत् ॥ ३८ ॥

यसरी शिवमायाको प्रभाव अनन्त छ । सहस्र मुखवाला शेषनागले सहस्र वर्षसम्म वर्णन गर्दै गए भने पनि पूर्ण हुनेछैन । यस्तो शिवमायाको रूपलाई यहीं प्रणाम गर्दै अब अगाडि के सुन्ने इच्छा छ ?

अध्याय पञ्चम, षष्ठम

पाप, नरकयात्रा र दानको महिमा विशेष वर्णन

(अध्याय पाँचदेखि षोडश अध्यायपर्यन्त पापका प्रकार, पापका लक्षण, यमलोक यात्रा वर्णन, असङ्ख्य नरक कुण्डमध्ये प्रमुख अट्ठाइस नरक कुण्डको परिचय, नरकयातना, कुकुर, काक, गोग्रास आदिको महत्ता, यमलोकमा सुविधा प्रदान गर्ने अनेक दानमहिमा, पुराण श्रवण, शिवश्रवणको महिमा आदिको वर्णन गरिएको छ ।)

महापातक आदि नरकमा पुऱ्याउने पापहरूको सङ्क्षिप्त परिचय

व्यासजी- **ये पापनिरता जीवा महानरकहेतवः ।**
भगवंस्तान् समाचक्ष्व ब्रह्मपुत्र नमोऽस्तुते ॥ ५-१ ॥

हे ब्रह्मापुत्र ! अब, पापी नरकगामी जीवको वर्णन गर्नुहोस् ।

सनत्कुमार- हे व्यासजी ! जो पापी छन्, जसले नरकयातना भोग्नुपर्दछ, तिनका बारेमा क्रमैसँग सुन । यसलाई सुनेपछि पापकर्म गर्नबाट बचिन्छ ।

पापका भेद (कायिक, वाचिक, मानसिक)

(१) **कायिक पाप-** खानु नहुने वस्तु खानु, हिंसा गर्नु, अनुचित कार्यप्रति आग्रह, अर्काको धन लिनु, यी चार प्रकारका पाप शरीरबाट हुने भएकाले कायिक पाप अन्तर्गत पर्दछन् ।

(२) **वाचिक पाप-** असङ्गत, असत्य, अप्रिय भाषण गर्नु, कुरा लाउनु यी चार प्रकारका वाणीद्वारा गरिने पाप भएकाले वाचिक पाप हुन् ।

(३) **मानसिक पाप-** अर्काको धन तथा स्त्री लिने इच्छा, मनले अरूलाई अशुभ सोच्नु, नीच कार्यप्रति झुकाव हुनु, यी चार प्रकारका पाप मनले गरिने भएकाले मानसिक पापको कोटिभित्र पर्दछन् ।

यसरी मन, वाणी, शरीरले गरिने सूक्ष्म पाप सङ्ख्या कुल बाह्र हुन जान्छन् । यसैबाट अन्य पापले स्थूल रूप लिई पापका अनेक रूप हुँदै जान्छन् ।

महापातक लक्षण

जसले शिवसँग द्वेष निन्दा गर्छन्, जसले तपस्वी, गुरुजन, मातापिताहरूको निन्दा गर्छन्, तथा ब्रह्महत्या, मदिरापान, सुवर्णस्तेय, गुरुपत्नीगमन गर्छन् र जसले यिनीहरूसँग सम्पर्क राख्छन् ती सबै महापातकी मानिन्छन् ।

शिवनिन्दा गुरोर्निन्दा शिवज्ञानस्य दूषणम् ।
गुरुन् पितृनथोन्मत्तास्ते यान्ति निरयार्णवम् ॥ ५-९ ॥

ब्रह्महत्या पापीको लक्षण

जसले क्रोध, लोभ, भय, द्वेष राखेर ब्राह्मणको वध गर्न मर्मभेदी दोषको वर्णन गर्दछ त्यो ब्रह्महत्यारा हो । जसले ब्राह्मणलाई दिएको चिज पुनः फिर्ता माग्दछ, निर्दोषलाई दोषारोपण गर्दछ, सार्वजनिक स्थल या सभामा ब्राह्मणलाई आफ्नो विद्याभिमानद्वारा हतप्रभ (निस्तेज) या अपमान गर्दछ, यी सबै ब्रह्महत्यारा हुन् ।

यश्च विद्याभिमानेन निस्तेजयति सुद्विजम् ।
उदासीनं सभामध्ये ब्रह्महा स प्रकीर्तितः ॥ ५-२६ ॥

जसले सत्यलाई खण्डन गरी असत्य सावित गर्दछ, गुरु तथा ब्राह्मणको कार्यमा विघ्न उपस्थित गराउँछ, साँढेले गर्भाधान गरेको गौमाताको दुध सेवन गर्छ, देवभूमि, ब्राह्मणभूमि, गौचरनको भूमि अधिग्रहण गर्छ, ती सबै ब्रह्महत्यारा मानिन्छन् । यसै गरी जसले कुनै व्रत, नियम, अनुष्ठान या यज्ञको दीक्षा लिएर बिचमा नै छोड्छ, जो पञ्चमहायज्ञ गर्दैन, जसले मातापितालाई त्याग गर्छ, झुटो बयान दिन्छ, ब्राह्मणलाई झुटा आश्वासन दिन्छ, शिवभक्तलाई अभक्ष्याभक्षण गराउँछ, ती सबै ब्रह्महत्यारा हुन् ।

वने निरपराधानां प्राणीनां चापघातनम् ।
द्विजार्थं प्रक्षिपेत्साधुर्न धर्मार्थं नियोजयेत् ॥ ५-३४ ॥

जसले जङ्गलका निरपराध प्राणीको वध गर्छ, साधु भएर ब्राह्मणको धन ग्रहण गर्छ, गौचरनमा, मार्गमा, वनमा, गाउँमा आगो लगाउँछ, ती सबै ब्रह्महत्यारा हुन् । त्यसै गरी विवाहयोग्य कन्यालाई कन्यादान नगर्ने, पुत्रवधू, मित्रवधू, बहिनी, कुमारी, सवर्णा, तथा मद्यपान गर्ने स्त्रीसँग सहवास गर्ने, यी सबै गुरुभार्यागमन समान हुन् र यी सबै ब्रह्महत्यारा मानिन्छन् ।

उपपातकीको लक्षण

द्विजद्रव्यापहरणमपि दायव्यतिक्रमः ।
अतिमानोऽतिकोपश्च दम्भिकत्वं कृतघ्नता ॥ ६-१ ॥

ब्राह्मणको धन अपहरण, पैतृक सम्पत्तिको बाँडफाँटमा अनियमितता, अति अभिमान, अति क्रोध, पाखण्ड प्रदर्शन, कृतघ्नता, विषय व्यसनमा अत्यन्त आसक्तता, लोभ, सत्पुरुषसँग द्वेष, परस्त्रीगमन, श्रेष्ठ कुलस्त्रीलाई कलङ्कित गर्ने काम, यज्ञ, बगैंचा, सरोवर तथा स्त्रीपुरुषको विक्रय, तीर्थयात्रा, उपवास, व्रत तथा उपनयन आदि कर्ममा सौदाबाजी, स्त्री धनबाट जीविकोपार्जन, स्त्रीप्रति वशीभूत हुनु, स्त्रीको रक्षाप्रति निरपेक्ष रहनु, छलपूर्वक परस्त्रीसँग सहवास, यी सबै कर्म उपपातक मानिएका छन् ।

त्यसै गरी ब्रह्मचर्य व्रतलाई त्याग्नु, अर्काको आचरण अपनाउनु, असत् शास्त्रहरूको अध्ययन गर्नु, कुतर्कको सहारा लिनु, देवनिन्दा, अग्निनिन्दा, गुरुनिन्दा, साधुनिन्दा, ब्राह्मणनिन्दा गर्नु, पितृयज्ञ, देवयज्ञलाई त्याग्नु, आफ्नो कर्मलाई परित्याग गर्नु, असत् स्वभावलाई अपनाउनु, नास्तिक हुनु, पापमा संलग्न हुनु, सधैं असत्य बोल्नु, यी सबै उपपातक मानिएका छन् । त्यसै गरी पर्वकालमा, दिनमा, जलमा, विकृत योनिमा, पशु योनिमा, रजस्वला कालमा मैथुन गर्ने, भेद गराउने, भोजनमा पङ्क्तिभेद गर्ने, तलाउ, कूपलाई विनाश गर्ने, यी सबै उपपातकी हुन् ।

पर्वकाले दिवा वाप्सु वियोनौ पशुयोनिषु ।
रजस्वलायां योनौ च मैथुनं यः समाचरेत् ॥ ६-१४ ॥

गौहत्याजन्य पापको लक्षण

जसले गाई, ब्राह्मणकन्या, स्वामी, मित्र तथा तपस्वी महात्माहरूको कार्य नष्ट गर्दछन्, जसले ब्राह्मणलाई दुःख दिन्छन्, उनीहरूको वध गर्न शस्त्र उठाउँछन्, जो ब्राह्मण भएर शूद्रको सेवा गर्छन्, जो कामासक्त भएर मद्यपान गर्छन्, जो पापपरायण, क्रूर, हिंसाप्रेमी छन्, जसले गौशाला, अग्नि, जल, सडक, वृक्षको छायामा, पर्वतमा, बगैंचामा, देवमन्दिरको

छेउछाउमा, मलमूत्रको विसर्जन गर्छन्, यी सबै कार्य गौहत्यासमान पाप मानिएका छन् । बाँस, इँटा, ढुङ्गा, काठ, काँटी आदिद्वारा सडक अवरोध गर्नु, अर्काको जमिनको सीमा मिच्नु, छलद्वारा शासन गर्नु, छलकै आश्रय लिएर पाकेको अन्न, वस्त्रहरूको सेवन गर्नु सबै गौहत्यासमान पापको कोटिमा पर्दछन् ।

कूटशासनकर्तारः कूटकर्मक्रियारताः ।
कूटपक्वान्नवस्त्राणां कूटसंव्यवहारिणः ॥ ६-२५ ॥

ठगेर ल्याएको पक्वान्न, वस्त्रलाई छल गरी उपयोग गर्नु, स्त्री, पुत्र, मित्र, बालक, वृद्ध, दुर्बल, भयातुर, भृत्य, अतिथि, तथा बन्धुजनलाई भोकै राखेर स्वयम् भोजन गर्नु, सन्न्यासी बनेर घर बसाउनु, शिवप्रतिमालाई भेदन गर्नु, गाईलाई क्रूरतापूर्वक हिर्काउनु, पशुलाई भारी बोकाउनु, साँढेको अण्डकोष छेदन/भेदन गर्नु, यी सबै गौहत्याजन्य पाप मानिएका छन् । अन्नको इच्छा राखेर आएका अतिथि, अनाथ, स्वाधीन, दीन, बालक, वृद्ध, दुर्बल, रोगीमाथि कृपा नगर्ने सबै नै नरकगामी हुन्छन् । बन्धुबान्धव श्मशान-भूमिसम्म मात्र जान्छन् तर पापपुण्य त आफूसँगै जान्छ ।

गृहेष्वर्था निवर्न्तन्ते श्मशानादपि बान्धवाः ।
सुकृतं दुष्कृतं चैव गच्छन्तमनुगच्छति ॥ ६-३७ ॥

विविध पापहरूको लक्षण

ब्राह्मण भएर बाखा, भैंसी, नुन आदिको व्यापार गर्दछ, शूद्रको मति या शूद्रकै समान वृत्ति गर्दछ, ऊ नरक जान्छ । कपटयुक्त भएर नोकरी गर्ने, मनमौजी ढङ्गले कार्य गर्ने, यी सबै नरकवासी हुन्छन् ।

अचौरं चौरवत्पश्येच्चौरं वाचौररूपिणम् ।
अविचार्य नृपस्तमाद् घातायन्नरकं व्रजेत् ॥ ६-४५ ॥

जुन राजाको राज्यमा घुसखोर प्रजा, लुटेरा र अन्यायी व्यक्तिलाई दण्ड दिइँदैन, प्रजाबाट अन्यायपूर्ण धन ग्रहण गरी दान दिइन्छ, सज्जनलाई दण्ड र दुर्जनलाई न्याय दिइन्छ, त्यस्तो राजा नरकगामी हुन्छ । जो सर्स्युंको दानासमान नै किन नहोस्, चोरी गर्छ भने उसले नरक जानुपर्दछ । देवता, मनुष्य, पशुपक्षी जसले अधर्म गर्छ उसलाई धर्मराजले न्याय दिन्छन् । त्यसैले पापको प्रायश्चित्त गर्नुपर्दछ । कर्म नभोगीकन उसको पापको नाश करोडौं जन्ममा पनि हुँदैन ।

यः करोति स्वयं कर्म कारयेच्चानुमोदयेत् ।
कायेन मनसा वाचा तस्य पापगतिः फलम् ॥ ६-५८ ॥

अध्याय सप्तम

पापी र पुण्यात्माहरूको यमलोक यात्रावर्णन

सनत्कुमार- अथ पापैर्नरा यान्ति यमलोकं चतुर्विधैः ।
सन्त्रासजननं घोरं विवशाः सर्वदेहिनः ॥ १ ॥

हे व्यासजी ! चार किसिमका पापबाट विवश मनुष्य कहालीलाग्दो घोर नरकमा जान्छन् । वशिष्ठ तथा चित्रगुप्त आदिले मनुष्यका शुभ, अशुभ कर्म एवम् फलको विचार गर्दछन् । कुनै पनि प्राणी सबैभन्दा पहिले यमलोक जान्छन्, अनि कर्मानुसार यमलोकबाट अन्यत्र लोकको यात्रा गर्दछन् । गरेका कर्महरूको फल अवश्य भोग्नै पर्दछ । जसले शुभकर्म गरेको छ, त्यस्ता सौम्यचित्त, दयालु महापुरुष सौम्य मार्गद्वारा यमपुरीको पूर्वपट्टिको द्वारबाट जान्छन् भने, जो पापी छन् ती सबै अत्यन्त कठिन, कहालीलाग्दो दक्षिण दिशाको यममार्गबाट जान्छन् । यो यमपुरी मर्त्यलोकबाट छयासी हजार योजनको दूरीमा अवस्थित छ ।

पापीहरूको यमलोक यात्रावर्णन

षडशीतिसहस्राणि योजनानामतीत्य तत् । ७ ।

पुण्यात्माहरूलाई यो नगर नजिकै लाग्छ भने, पापीहरूलाई ज्यादै टाढा लाग्छ । यो मार्ग कतै तिखा काँडायुक्त, कतै धारिला काँडाहरूले व्याप्त, कतै धारिलो छुरायुक्त ढुङ्गा, कतै दुर्गन्धित फोहोर, कतै सिंह, कतै बाघ, कतै ठुला प्रजातिका मच्छड, कतै जुका, कतै अजिंगर, कतै विषालु सर्प, कतै उन्मत्त हात्ती, कतै तिखा दाँतधारी सुँगुर, कतै तिखा सिङ भएका भैंसी, कतै हिंस्रक जन्तुले व्याप्त हुन्छ । त्यति मात्र होइन, रौद्र तथा भयानक, राक्षस तथा डाकिनीले घेरेर पापीहरूलाई यस्तो मार्गबाट लैजान्छन् । कतै आँधीबेरी, कतै तुफान, कतै ढुङ्गाको वर्षा, कतै मेघ गर्जन, कतै बिजुली, उल्कापातको वर्षा, कतै अँगारको वर्षा, कतै तेज शस्त्रहरूको वर्षा, कतै क्षारयुक्त जलवर्षा, कतै अत्यन्त चिसो, कतै रूखो तातो वायु, निराश्रित मार्गबाट यमदूतले पापीलाई साङ्लाले बाँधेर लैजान्छन् ।

निरालम्बेन दुर्गेण निर्जलेन समन्ततः ।
नीयन्ते देहिनः सर्वे ये मूढाः पापकर्मिणः ॥ २६ ॥

पापीजन प्रेतत्व रूपले एक्लै, असहाय, मित्र-बन्धुरहित, आफुले गरेका नराम्रा कर्महरूको याद गर्दै बारम्बार रुँदै, वस्त्ररहित, भोकै, भयभीत हुँदै, यमदूतहरूको कष्टदायी यातना एवं कटुवचन सुन्दै यममार्ग हिंड्न बाध्य हुन्छन् । मार्गमा यातना दिने क्रममा, कसैको टाउकामा अङ्कुशले हिर्काउँदै, कसैलाई काँडाले, कसैलाई बलिरहेको आगाको लप्काले, कसैलाई हात

पछाडिपट्टि बाँधेर, कसैलाई जिब्रोमा अङ्कुशले घोचेर, कसैलाई नाकमा छेडेर, डोरीले बाँधेर, कसैलाई कपालमा, कसैलाई ओठमा, कसैलाई हातमा, कसैलाई पाउमा, कसैलाई लिङ्गमा, कसैलाई अण्डकोशमा छेडेर डोरीले बाँधेर घिसार्दै लैजान्छन् । जो पापी छन्, उनीहरूले यस्ता कठिन यातना सहँदै यमपुरीको यात्रा गर्दछन् ।

धर्मात्माहरूको यमलोक यात्रा वर्णन

जसले दान गरेको छ, उनीहरू अन्नजल आदि प्राप्त गरी सुखपूर्वक यमलोक जान्छन् । उनीहरूको स्वागत तथा पाद्य आदिले पूजार्चना गरिन्छ ।

गृहीतदानपाथेयाः सुखं यान्ति यमालयम् ।
स्वागतासन दानेन पाद्यार्घ्येण प्रियेण च ॥ ४२ ॥

यमराज ती पुण्यात्माहरूको स्वयं पूजा गर्छन् । त्यसपछि दिव्य भोगका लागि उत्कृष्ट विमानमा बसालेर स्वर्गादि लोकमा पठाउँछन् । त्यहाँ गएर पुण्यकर्म भोगेर धराधाममा उच्चकोटिको परिवारमा जन्मिन्छन् ।

जो पापी छन्, तिनीहरूलाई भने यमराज, चित्रगुप्त एवं यमदूत ज्यादै कष्ट एवम् प्रताडना दिन्छन् । उनीहरूले गरेका सबै पाप कर्मलाई याद गराउँदै धिक्कार्छन् । त्यसपछि उनीहरूको पापको प्रकृति हेरी त्यस्तै किसिमको नरक यातना भोग्न भिन्न-भिन्न नरककुण्डमा पठाउँछन् ।

अध्याय अष्टम

अट्ठाइस्स प्रमुख नरक कुण्ड तथा अन्य नरक कुण्डको वर्णन

सनत्कुमार- हे व्यासजी ! जसले क्रूरकर्म गरेका छन्, उनीहरूले यमराजलाई भयानक रूपमा देख्छन् । उनीहरूको दृष्टिमा यमराज विरकाल नेत्र र मुखाकृति भएका, टेढा आँखीभौं भएका, केश माथि उठेको, अठाह्र भुजा, कुपित मुखाकृति, हातमा शस्त्रास्त्र लिएका, भैंसीमा आरूढ, लालवस्त्र एवं रक्तमाला धारण गरेका, पर्वतकार शरीर, प्रज्वलित अग्निसमान नेत्र भएका, प्रलयकालको मेघझैँ भयङ्कर प्रतीत हुन्छन् । यमराजसँग मृत्युदेवता, कालदेवता उभिन्छन् । तिनीहरू पनि साक्षात् द्वितीय यमराजझैँ देखिन्छन् । यसका साथै मारी, उग्र महामारी, भयङ्कर कालरात्रि, अनेक प्रकारका रोगादि पनि शस्त्रास्त्र लिएर उभिएका हुन्छन् ।

वज्रतुण्डधरा रौद्राः क्षुरतूणधनुर्द्धराः ।
नानायुधधराः सर्वे महावीरा भयङ्कराः ॥ ७-५६ ॥

त्यसपछि यमदूत पापीहरूलाई अत्यन्त तताएको पत्थरमाथि वेगले पछार्छन्, मानौं वज्रद्वारा ठुला-ठुला वृक्षलाई धाराशायी गरेको हो । त्यति बेला शरीरबाट जर्जर भएको देहधारी जीवको कानबाट रगत बग्न थाल्छ । सुधबुध नष्ट भई निश्चेष्ट हुन्छ, अनि मात्र नरक कुण्डमा फ्याँकिन्छ ।

नरककुण्ड पृथ्वीदेखि सातौं लोकभन्दा तल, अत्यन्त घोर एवम् अन्धकारमय क्षेत्रभित्र अवस्थित छ । प्रमुख नरकका नाम यस्ता छन्-

घोराख्या प्रथमा कोटिः सुघोरा तदधः स्थिता ।
अतिघोरा महाघोरा घोररूपा च पञ्चमी ॥ १८ ॥

(१) घोरा (२) सुघोरा (३) अतिघोरा (४) महाघोरा (५) घोररूपा (६) तलातला (७) भयानका (८) कालरात्रि (९) भयोत्कटा (१०) चण्डा (११) महाचण्डा (१२) चण्डकोलाहला (१३) प्रचण्डा (१४) पद्मा (१५) पद्मावती (१६) भीता (१७) भीमा (१८) कराला (१९) विकराला (२०) नरकोटिवज्रा (२१) त्रिकोणा (२२) पञ्चकोणा (२३) सुदीर्घा (२४) अखिलार्दिता (२५) सभा (२६) भीमबला (२७) भीमा (२८) दीप्तप्राया ।

यी अट्ठाइस नरकहरूका पनि पाँच-पाँचवटा नायक छन्, जो सहायक कुण्ड हुन् । सबैको योग गर्दा एक सय चालिसवटा नरक कुण्ड हुन आउँछन् । जसका केही नाम यस्ता छन्-

रौरवः प्रथमस्तेषां रुदन्ते यत्र देहिनः ।
महारौरवपीडाभिर्महान्तोऽपि रुदन्ति च ॥ २५ ॥

रौरव, महारौरव, शीत, उष्ठा, सुघोर, सुमहातीक्ष्ण, सञ्जीवन, महातम, विलोम, विलोप, कण्टक, तीव्रवेग, कराल, विकराल, प्रकम्पन, महावक्र, काल, कालसूत्र, प्रगर्जन, सूचीमुख, सुनेति, रवादक, सुप्रपीडन, कुम्भीपाक, सुपाक, ऋकच, अतिदारुण, अङ्गार, राशिभवन, मेरु, असृक्प्रहित, तीक्ष्णतुण्ड, शकुनि, महासंवर्तक, ऋतु, तप्तजन्तु, पङ्कलेय, प्रतिमास, त्रपुद्भव, उच्छ्वास, सुनिरुच्छ्वास, सुदीर्घ, कूटशाल्मलि, दुरिष्ट, सुमहावाट ।

त्यसै गरी प्रवाद, सुप्रतापन, मेघ, वृष, शाल्म, सिंहमुख, व्याघ्रमुख, गजमुख, कुकुरमुख, शूकरमुख, अजमुख, महिषमुख, धूकमुख, कोकमुख, वृक्मुख, भ्राह, कुम्भीनस, नक्र, सर्प, कूर्म, काक, गृध, उलूक, हलौक, शार्दूल, क्रथ, कर्कट, मण्डूक, पूतिमुख, रक्ताक्ष, पूतिमृत्तिक, कणधुम्र, अग्नि, कृमि, गान्धिवपु, अग्नीध्र, अप्रतिष्ठ, रुधिराम, श्वभोजन, कटाह, सुतप्त, लोहशयन, एकपाद, प्रपूरण, घोर, असितालवन, अस्थिभङ्ग, विलातस, महाचूर्ण, तप्तलोहमय, विष्ठाकूप, अश्रुकूप, क्षारकूप, तालपत्रवन, असिपत्रवन, तम, शकट, लाङ्ल, हलाहल, विरूप, एकपाद, त्रिपाद, अचीवर ।

लालाभक्षान्त्रभक्षौ च सर्वभक्षः सुदारुणः ।
कण्टकः सुविशालश्च विकटः कटपूतनः ॥ ३५ ॥

तथा कष्टदायिनी वैतरणी नदी । यी सबै सहायक नरक कुण्डका पनि उपकुण्डहरू असङ्ख्य छन् । सबैलाई मिलाउँदा चार हजार महानरक मण्डल बताइएको छ ।

चत्वारिंशत् शतं प्रोक्तं महानरकमण्डलम् । ४४ ।

अध्याय नवम, दशम

पापको प्रकृति अनुसार नरक यातना वर्णन

सनत्कुमार- हे व्यासजी ! यी सबै भयानक पीडादायक नरकहरूमा पापी जीवलाई अत्यन्त भीषण नरक यातना भोग्नुपर्दछ । जो मिथ्या आगम (पाखण्डीहरूको शास्त्र) मा प्रवृत्त हुन्छन्, उसले द्विजिह्व नामको नरकमा जानुपर्दछ, जहाँ तीक्ष्ण हलोद्वारा उसलाई पीडा दिइन्छ । जो मातापिता, गुरुलाई हकार्छ, उनीहरूलाई आदर दिँदैन, उसको मुखमा किराहरू भएको विष्ठा ठोसेर, पिटाइ गर्दछन् ।

निर्भत्सर्यति यः क्रूरो मातरं पितरं गुरुम् ।
विष्ठाभिः कृमिमिश्राभिर्मूखमापूर्य हन्यते ॥ १०-२ ॥

जसले शिव मन्दिर, बगैंचा, कुवा, तलाउ, तथा ब्राह्मणको घर भत्काइदिन्छन्, यस्ता क्षेत्रमा मलमूत्र विसर्जन गर्दछन् या रमण गर्दछन्, उनीहरूलाई भयङ्कर कोल्हू (तेल पेल्ने) जस्ता मेसिनमा पेलेर तातो तेलमा पकाइन्छ र प्रलयकाल पर्यन्त नरकवास भोग्नुपर्दछ । जो परपुरुष या परस्त्रीगामी छन्, उनीहरूलाई लौहनिर्मित अत्यन्त तप्त नरनारीसँग प्रगाढ आलिङ्गन गराइन्छ ।

गाढमालिङ्ग्य ते नारीं सुतप्तां लोहनिर्मिताम् । १०-६ ।

जसले सत्पुरुषको निन्दा सुन्छ, उनीहरूको कानमा तावा आदिबाट बनेका तताइएका किलाले घोपिन्छ । जो मातापितालाई आँखीभौं तेर्सो गरी हेर्छन् या हात उठाउँछन्, उनीहरूको मुखमा तताएको किलाले भित्रैसम्म ठोसिदिन्छन् । कन्या या परस्त्रीप्रति कुदृष्टिले हेर्नेलाई तताएको सुइराले आँखामा घोपिन्छ ।

देवाग्निगुरुविप्रेभ्योश्चानिवेद्य प्रभुञ्जते ।
लोहकीलशतैस्तप्तैस्तज्जिह्वास्यं च पूर्यते ॥ १०-१८ ॥

धर्मोपदेशक, कथावाचकहरूको निन्दा गर्नेलाई, धर्मशास्त्रको खिल्ली उडाउनेलाई, शरीरको जोड्नीहरूमा तताएको किलो राखी ठोकिन्छ र घाउमा नुन छरिन्छ । आफूसँग धन भएर

पनि दान नगर्ने, भोजनको समयमा घरमा आएका अतिथिलाई भोजन नगराउनेले कल्पान्त नरकवास बस्नुपर्दछ ।

धने सत्यापि ये दानं न प्रयच्छन्ति तृष्णया । १०-३१ ।

कुकुर, काग, गौग्रास, देव आदिको महत्त्व

(१) कुकुर बलिः जसले कुकुर, गाईको भाग ननिकाली स्वयम् भोजन गर्दछ, उनीहरूलाई मुखमा तताएको किला ठोकिन्छ । कुकुर बलि दिँदा यसो भन्नुपर्छ- यमराजको मार्गलाई अनुसरण गर्ने 'श्याम र शबल' दुईवटा कुकुरलाई यो भोजन दिँदै छु, स्वीकार गर ।

(२) काग बलिः कागलाई पनि भोजन अर्पण गर्नुपर्दछ ।

ऐन्द्रवारुणवायव्या याम्या नैऋत्यकास्तथा ।
वायसाः पुण्यकर्माणस्ते प्रगृह्णन्तु मे बलिम् ॥ १०-३६ ॥

पश्चिम, वायव्य, दक्षिण र नैऋत्य दिशामा भएका जो पुण्यकर्मा काग छन्, उनीहरू मैले दिएको भोजन (बलि) ग्रहण गरून् ।

(३) देव बलिः एउटा चकोर मण्डप बनाएर ईशान कोणमा धन्वन्तरी, पूर्वमा इन्द्र, दक्षिणमा यम, पश्चिममा दक्ष र उमा, दक्षिणमै पितृ, पूर्वमा सूर्य, द्वारमा धाता-विधाता, कुकुर एवम् पक्षीका लागि भुइँमै बलि दिनुपर्दछ ।

(४) गौग्रासः **स्वाहाकारः स्वधाकारो वषट्कारस्तृतीयकः ।**
हन्तकारस्तथैवान्यो धेन्वाः स्तनचतुष्टयम् ॥ १०-४२ ॥

यी धर्ममयी धेनुका चार स्तन छन्- स्वाहाकार स्तनको पान देवताले, स्वधाकार स्तनको पान पितरले, वषट्कार स्तनको पान भूतेश्वर देवताले तथा हन्तकार स्तनको पान मनुष्यले गर्दछन् । त्यसैले पकाएको भोजनबाट गौग्रास अर्पण गर्नुपर्दछ ।

(५) अतिथि सेवाः त्यसपछि अतिथिहरूको सेवा गर्नुपर्दछ । अतिथि नभए प्रतीक्षा गर्ने, त्यो पनि नभए कुनै भोका भटिए, त्यसैलाई अतिथि मानेर भोजन गराउनुपर्दछ । अतिथि निराश भएर गए भने आफ्नो पुण्य लैजान्छन् र उनीहरूको पाप छोडिदिन्छन् ।

अतिथिर्यस्य भग्नाशो गृहात्प्रतिनिवर्तते ।
स तस्मै दुष्कृतं दत्वा पुण्यमादाय गच्छति ॥ १०-४८ ॥

जसले पाप धेरै र पुण्य कम गरेको हुन्छ, त्यस्ताको पुण्य फल मिल्दैन, त्यसैले विवेकी मनुष्यले प्रतिक्षण पाप कर्मबाट बच्नुपर्दछ ।

अध्याय एकादश

यम मार्गमा सुविधा प्रदान गर्ने विविध दानहरूको महिमा वर्णन

व्यासजी- **यम मार्गे सुखं यैश्च तान्धर्मान् वद मे प्रभो । १ ।**

कस्तो दान गर्नाले जीव सुखपूर्वक यममार्गको यात्रा गर्न पाउँछ ?

सनत्कुमार- यममार्गमा सुख दिने आठ किसिमका दान छन्, जसलाई अष्टदान भनिन्छ ।

अन्न पानाश्च गोवस्त्र शय्याछत्रासनानि च ।
प्रेतलोके प्रशस्तानि दानात्यष्टौ विशेषतः ॥ ५० ॥

अर्थात् अन्न, जल, घोडा, गौ, वस्त्र, शय्या, छत्र, आसन, यी उत्तम दान हुन् ।

जुत्ताखराउः दान गर्नेले घोडामा सवारी गर्न पाउँछ ।

छत्र (छाता): दाना गर्नेले यममार्गको घाममा ओढेर जान पाउँछ ।

शिविका (रथ): दान गर्नेले रथमा सुखपूर्वक यात्रा गर्न पाउँछ ।

शय्या र आसनः दान गर्नेले यममार्गमा विश्राम गर्दै जान पाउँछ ।

छत्रदानेन गच्छन्ति यथा छत्रेण देहिनः ।
शिविकायाः प्रदानेन स रथेन सुखं व्रजेत् ॥ ५ ॥

बगैंचा, वृक्षरोपण, फूलबारीः यस्तो योगदान गर्नेले यममार्गमा विनाकष्ट जान पाउँछन् । पुष्पवाटिका लगाउनेले पुष्पक विमानमा आरूढ भएर यात्रा गर्न पाउँछन् ।

देवालय, अनाथालय, आश्रमः यस्तो निर्माण गर्नेले, घरभित्रै आनन्द लिँदै यमलोक पुग्दछन् ।

दियो दानः गर्नेले सबै दिशा प्रकाशित गर्दै जान पाउँछन् ।

गृहदानः गर्नेले रोग शोकरहित, सुख भोग्दै जान पाउँछन् ।

गौदानः गर्नेले सबै इच्छाएका वस्तुहरूको उपभोग गर्दै आनन्दपूर्वक यात्रा गर्न पाउँछन् ।

वाद्यवादनः दान गर्नेले सुखपूर्वक आफ्नै घर गएझैँ यात्रा गर्न पाउँछन् ।

जलदानः वापी, तलाउ, प्याउ, लगाउनेले जलमार्गमा आनन्दपूर्वक यात्रा गर्दै जान पाउँछन् ।

सुवर्ण, रत्नदानः हेमरत्नप्रदानेन याति दुर्गाणि निस्तरन् । १५ ।

सुवर्ण या अन्य रत्नहरूको दान गर्नेले कठिन स्थानलाई नाघ्दै जान पाउँछन् ।

उपर्युक्त दान गर्नाले यममार्गको यात्रा त सानन्द हुन्छ नै साथसाथै स्वर्गमा पुगेर अनेक

किसिमका भोग भोग्न पाउँछन् । त्यसैले प्रत्येक मनुष्यले यथाशक्ति दान गर्दै जानुपर्छ ।

इत्येवमादिभिर्दानैः सुखं यान्ति यमालयम् ।
स्वर्गे तु विविधान् भोगान् प्राप्नुवन्ति सदा नराः ॥ १६ ॥

अन्नदानको महत्त्व

सबै दानहरूमा श्रेष्ठ अन्नदान हो । यसले तत्क्षण तृप्ति, मन प्रसन्न, बल र बुद्धि बढाउँछ । अन्न बराबर अर्को दान छैन । प्राणीको उत्पत्ति र विकास अन्नले नै गर्छ । यसको अभावमा मृत्यु हुन्छ ।

नान्नदानसमं दानं विद्यते मुनिसत्तमाः ।
अन्नाद्भवन्ति भूतानि तदभावे म्रियन्ति च ॥ १८ ॥
अन्नमेव प्रशंसन्ति सर्वमन्ने प्रतिष्ठितम् ।
अन्नेन सदृशं दानं न भूतं न भविष्यति ॥ ४७ ॥
अन्नेन धार्यते सर्वं विश्वं जगदिदं मुने ।
अन्नमूर्जस्करं लोके प्राणा ह्यन्ने प्रतिष्ठिताः ॥ ३० ॥

त्यसैले अन्नलाई तिरस्कार गर्नुहुँदैन, फ्याँक्नु हुँदैन । देवता, पितृ, ब्राह्मण, अतिथि, थकित, भोकाएको, अपरिचित पथिक आदिलाई अन्न प्रदान गर्ने व्यक्ति महान् पुण्यशाली हुन्छ । भोका व्यक्तिलाई गोत्र, शाखा, स्वाध्याय, देश सोध्नु हुँदैन । भोजन, जलदानको समयमा पात्रता हेर्नु हुँदैन । अन्न साक्षात् ब्रह्मा, विष्णु, महेश हुन् । यसको समान दान न थियो न हुने नै छ ।

अन्न प्रजापतिः साक्षादन्नं विष्णुः स्वयं हरः ।
तस्नादन्नसमं दानं न भूतं न भविष्यति ॥ ४८ ॥

अन्नदाता स्वर्गमा गएर अनेक सुखभोग गर्न पाउँछ । उसको आँगनमा नै सबै फल दिने वृक्ष हुन्छन् । सुवर्णमय वावडी, सुन्दर कुवा, सेतो महल, सुनौलो शय्या प्राप्त हुन्छ । अन्नदानले इह, परलोक दुवैतिर कल्याण हुन्छ, त्यसैले मनुष्यले यथाशक्ति अन्नदान गर्नुपर्दछ ।

तस्मादन्नं विशेषण दातव्यं मानवैर्ध्रुवम् । ४७ ।

अध्याय द्वादश

जलदान, जलाशय निर्माण, वृक्षारोपण, सत्यभाषण र तपस्याको महिमा

सनत्कुमार- पानीय दानं परमं दानानामुत्तमं सदा ।
सर्वेषां जीवपुञ्जानां तर्पणं जीवनं स्मृतम् ॥ १ ॥

(१) **जलदानः** हे व्यासजी ! जलदान सबैभन्दा श्रेष्ठ हो । किनभने जलले सबै जीव समुदायलाई तृप्त गराउँछ । त्यसैले कोसिस गरेर भए पनि अरूले पानी पिउन सकुन् भनी प्रबन्ध गर्नुपर्दछ । जलाशय निर्माण गर्ने व्यक्ति इह, परलोक दुवैतिर कल्याणको भागी हुन्छ । त्यसैले मनुष्यले कुवा, सानो पोखरी वा तलाउ बनाउनुपर्छ । जुन जलाशयको पानी गौ, ब्राह्मण, साधु सन्न्यासी आदि सेवन गर्छन्, त्यो जलाशय बनाउने वंशको नै उद्धार हुन्छ । जलाशय सबैको आश्रयदाता हो ।

देवाः मनुष्याः गन्धर्वाः पितरो नागराक्षसाः ।
स्थावराणि च भूतानि संश्रयन्ति जलाशयम् ॥ ११ ॥

(२) **वृक्षारोषणः** वृक्षारोपणको महिमा पनि अनन्त पुण्यदायक छ । जसले निर्जन एवम् दुर्गम स्थानमा वृक्ष लगाउँछ, उसले आफ्ना पूर्वज र आउने पिंढीलाई तार्छ । वृक्षारोपण गर्ने वंश र यज्ञ गर्ने ब्राह्मण कहिल्यै स्वर्गबाट झर्दैनन् ।

पुष्पिताः फलवन्तश्च तर्पयन्तीह मानवान् ।
इहलोके परे चैव पुत्रास्ते धर्मतः स्मृता ॥ २१ ॥

वृक्षको फूलले देवता, फलले पितृगण, छायाले अतिथिको पूजा हुन्छ । वृक्षको सहारा, किन्नर, सर्प, राक्षस, देवता, गन्धर्व, मनुष्य तथा ऋषिगण सबैले लिन्छन् । त्यसैले वृक्षारोपण गर्ने प्रयत्न सधैं गर्नुपर्छ ।

(३) **सत्यभाषणः** सत्य बोल्नाले पनि इह, परलोक दुवैतिर सुखको भागी हुन्छ । किनभने सत्य नै परब्रह्म, परम तप, श्रेष्ठ यज्ञ, उत्कृष्ट शास्त्रज्ञान हो । सुतेको पुरूषमा सत्य नै जाग्छ । सत्य नै परमपद हो, सत्यमै पृथ्वी टिकेको छ, र सत्यमै सबै थोक प्रतिष्ठित छ । सत्यमा नै तप, यज्ञ, पुण्य, देवता, ऋषि, पितृ, जल र विद्या अवलम्बित छ ।

तपो यज्ञश्च पुण्यं च देवर्षिपितृपूजने ।
आपो विद्या च ते सर्वे सर्वं सत्ये प्रतिष्ठितम् ॥ २५ ॥

सबैको आधार सत्य हो । ॐकार पनि सत्य रूप हो । सत्यमै वायु, सूर्य, अग्नि, स्वर्ग टिकेको छ ।

सत्येन वायुरभ्येति सत्येन तपते रविः ।
सत्येनाग्निर्निर्दहति स्वर्गः सत्येन तिष्ठति ॥ २६ ॥

सबै वेदको रक्षा र तीर्थको स्नान सत्यले नै हुन्छ । एकातिर सहस्र अश्वमेध र लाखौं यज्ञ र अर्कोतिर सत्य राखेर जोख्दा सत्यको नै पल्ला भारी हुन्छ । देवता, पितृ, मनुष्य, नाग, राक्षस, चराचर प्राणी, समस्त लोक सत्यबाटै प्रसन्न हुन्छन्, त्यसैले सत्यलाई परमधर्म, परमपद, परब्रह्म परमात्मा भनिएकाले सधैं सत्य बोल्नुपर्दछ ।

आत्मार्थे वा परार्थे वा पुत्रार्थे वापि मानवाः ।
अनृतं ये न भाषन्ते ते नराः स्वर्गगामिनः ॥ ३५ ॥

सत्यरूपी तीर्थ अगाध, विशाल, सिद्ध एवम् पवित्र जलाशय हो, यसमा योगयुक्त भएर मनले निरन्तर स्नान गर्नुपर्दछ ।

(४) **तपको महिमाः** तपलाई सर्वश्रेष्ठ मानिएको छ । तपस्याबाट सबै फल मिल्छ । जो नित्य तप गर्छन्, उनीहरू देवताहरूसँग सानन्द रहन्छन् । तपस्याबाट महान् ज्ञान, विज्ञान, सौभाग्य, सुन्दर रूप र मोक्ष प्राप्ति हुन्छ ।

तपसा प्राप्यते स्वर्गस्तपसा प्राप्यते यशः ।
तपसा प्राप्यते कामस्तपः सर्वार्थसाधनम् ॥ ४० ॥

तपस्याविना ब्रह्मलोक जान सकिँदैन । तपस्याबाटै इह, परलोक कल्याण हुन्छ । परस्त्रीगामी, मदिराप्रेमी, ब्रह्महत्यारा, गुरुपत्नीगामी जस्ता महापापी पनि तपस्याबाट तर्छन् । अठासी हजार ऊर्ध्वरेता मुनि आफ्नो तपोबलले आज पनि स्वर्गमा देवताहरूका साथ आनन्दसँग बसेका छन् ।

तपसा लभ्यते राज्यं स च शक्रः सुरेश्वरः । ४८ ।

ज्ञान, विज्ञान, आरोग्य, सुरूप, सौभाग्य तपस्याबाटै प्राप्त हुन्छ । तपस्याकै बलले ब्रह्मा, सृष्टि, विष्णु पालन, तथा शिव संहार एवम् शेषजी पृथ्वीलाई धारण गर्छन् । तपस्याकै बलले क्षत्रिय गाधिपुत्र विश्वामित्र ब्राह्मण भए ।

विश्वामित्रो गाधिसुतस्तपसैव महामुने ।
क्षत्रियोऽथाभवद्विप्रः प्रसिद्धं त्रिभवे त्विदम् ॥ ५३ ॥

त्यसैले मनुष्यले तपस्याको साधना गरिरहनु पर्दछ ।

अध्याय त्रयोदश

वेद, पुराण श्रवण तथा स्वाध्यायको महिमा

सनत्कुमार- तपस्तपति योऽरण्ये वन्यमूलफलाशनः ।
योऽधीते ऋचमेकां हि फलं स्यात्तत्समं मुने ॥ १ ॥

हे व्यासजी ! वनमा कन्दमूल खाएर तपस्या गर्नु र वेदको एउटा ऋचा स्वाध्याय गर्नु दुवै समान मानिन्छन् । श्रेष्ठ द्विज वेदाध्ययनद्वारा जुन पुण्य पाउँछ, त्योभन्दा द्विगुणा वेद पढाउनेले प्राप्त गर्छ । जसरी सूर्यचन्द्र नहुँदा सर्वत्र अन्धकार हुन्छ, त्यसरी नै पुराणको ज्ञानविना आलोक हुँदैन । पुराणवक्ताले पतन हुनबाट जोगाउने भएकाले वन्दनीय र पूजनीय हुन्छन् ।

सर्वेषां चैव पात्राणां मध्ये श्रेष्ठः पुराणवित् ।
पतनात् त्रायते यस्मात् तस्मात् पात्रमुदाहृतम् ॥ ५ ॥

पुराणवक्तालाई जसले आदरसहित धनधान्य, सुवर्ण, गौ, पृथ्वी, रथ, उत्तम हात्ती, घोडा, उर्वरभूमि, गृह आदिको दान गर्दछ, उसले पूर्वापर दश वंशको उद्धार गर्दछ ।

स तारयति वै वंश्यान्दश पूर्वान् दशापरान् । ११ ।

विद्वान् कथावाचक शिव, विष्णु, सूर्य, भगवती या मठमन्दिरमा पुराण या धर्मशास्त्रहरूको वाचन गर्दछ, उसले राजसूय तथा अश्वमेध यज्ञजन्य पुण्यार्जन गरी सत्यलोकलाई भेदन गरी ब्रह्मलोकमा गएर सयकडौं कल्पसम्म निवास गरी राजा भएर भूलोकमा जन्म लिन्छ । देवालय या शिवालय समीप पुराणहरूको पाठ र शिवमन्त्रको जप गर्नाले इह, परलोकमा सर्वश्रेष्ठ वन्दनीय, पूजनीय हुन्छ र देवताहरूका लागि योभन्दा ठुलो प्रिय अरू हुँदैन ।

अश्वमेधसहस्रस्य यत्फलं समुदाहृतम् ।
तत्फलं समवाप्नोति देवाग्रे यो जपं चरेत् ॥ १७ ॥

शिवकथा सुन्नाले राजसूय यज्ञ, सय अग्निष्टोम यज्ञ, सबै तीर्थस्थानको फल, करोडौं गौदानको फल प्राप्त हुन्छ । यहाँसम्म कि क्षणभर मात्रै पनि शिवकथा सुन्नाले दुर्गति हुँदैन ।

कथां शैवी मुहूर्तं वा तदर्द्धं वा क्षणं च वा ।
ये शृण्वन्ति नरा भक्त्या न तेषां दुर्गतिर्भवेत् ॥ २९ ॥

जो मुक्तिको फलाकाङ्क्षी छ उसका लागि पुराण श्रवणभन्दा ठूलो अर्को श्रेष्ठ धर्म नै छैन ।

यो साक्षात् कल्पवृक्ष हो । अमृत पिउँदा पिउने मात्र अजरअमर हुन्छ भने कथा सुन्नाले सम्पूर्ण कुल नै अजरअमर हुन्छ ।

एकोऽजरामरः स्याद्वै पिबेन्नेवामृतं पुमान् ।
शम्भोकथामृता पानात् कुलमेवाजरामरम् ॥ ३४ ॥

पुराणको ज्ञानले फेरि संसारको बन्धनमा आउनु पर्दैन । यसैबाट धर्मार्थकाममोक्षको फल प्राप्त हुन्छ । कुनै पनि पुराण भक्तियुक्त भएर पढ्नाले मुक्ति हुन्छ ।

षट्त्रिंशश्च पुराणानां मध्येऽप्येकं शृणोति यः ।
पठेद्वा भक्तियुक्तस्तु स मुक्तो नात्र संशयः ॥ ४१ ॥

शास्त्रज्ञान भनेको सूर्य हो, त्यसैले शास्त्रज्ञ, पुराणज्ञ, धर्मशास्त्रज्ञ बन्नका लागि नित्य सद्ग्रन्थको अध्ययन गर्नुपर्दछ । यसैले इहलोक परलोक सुध्रिन्छ ।

अध्याय चतुर्दश

विविध प्रकारको दान महिमा

सनत्कुमार- हे व्यासजी ! दान ठुलो होस् या सानो, सत्पात्रलाई दिनुपर्दछ । पात्रताविनाको दान निष्फल हुन्छ । सुवर्ण, गौ र पृथ्वीदान सर्वोत्कृष्ट दान मानिएको छ ।

सुवर्णदानं गोदानं पृथिवीदानमेव च ।
एतानि श्रेष्ठ दानानि कृत्वा पापैः प्रमुच्यते ॥ ३ ॥

(१) **दशदानः** सुवर्ण, तिल, हात्ती, कन्या, दासी, घर, रथ, मणि, कपिला गाई, यी दश महादान हुन् । अग्नि सर्वदेवमय हुन् । सुवर्ण पनि अग्नि रूप हो, त्यसैले सुवर्ण दानले सम्पूर्ण देवता प्रसन्न हुन्छन् । भूमिदानले सबै कामना पूर्ण हुन्छ । कार्तिक महिनाको पूर्णिमाको दिन गौदान र दीप दान गर्नाले यममार्गको भय हुँदैन । कपिला गाईको बाछोसहित चाँदीको खुर, सुनको सिङ, काँसको दोहनीसहित दान गर्नाले इह, परलोक दुवैतिर कल्याण हुन्छ ।

(२) **तुलादानः** तुलादान पनि उत्तम दान हो । यसले पाप नाश गरी महापुण्य र भव बन्धनबाट मुक्ति प्रदान गर्छ । मन, वाणी, शरीरबाट हुने सबै पाप तुलादानको पुण्यले पवित्र भई मुक्ति प्रदान गर्छ ।

तुलापुरुषदानं हि दानानां दानमुत्तमम् । २५ ।

बाल्य, यौवन, जरावस्थाजन्य सबै पाप तुलादानले भस्म गरिदिन्छ । एकातर्फ धन, अन्नादि राख्नु र अर्को तराजुमा दाता बसेर, 'मैले गरेको यो दानले सबै खाले कर्म पुण्यमय होउन्' भन्दै सुपात्रलाई तुलादान गर्नुपर्दछ ।

पात्रे प्रयुक्तं द्रविणं मयाऽद्य प्रमाण पूर्णं निहितं तुलायाम् ।
तेनैव सार्द्धं तु ममावशेषं कृताकृतं यत्सुकृतं समेतु ॥ ३० ॥

तुलादानको पुण्यले चौध इन्द्रको भोगपर्यन्त स्वर्गमा वास हुन्छ ।

(३) **ब्रह्माण्डदानः** संसारबाट मुक्ति चाहनेले, दानहरूमा उत्तम दान ब्रह्माण्डको दान गर्नुपर्दछ । सम्पूर्ण ब्रह्माण्डकै भावना राखेर दान गर्नाले सातै लोकको स्वामी हुन पुग्दछ ।

ब्रह्माण्डे सकले दत्ते यत्फलं लभते नरः ।
तदेकभावादाप्नोति सप्तलोकाधिपो भवेत् ॥ १५-४ ॥

ब्रह्माण्ड दान गर्नाले सूर्य, चन्द्रको अस्तित्व पर्यन्त स्वर्गमा सानन्द रही अन्त्यमा विष्णु पदको प्राप्ति हुन्छ ।

अध्याय पञ्चदश, षोडश

ब्रह्माण्ड, नरक वर्णन तथा शिवस्मरणले पापको प्रायश्चित्त

सनत्कुमार- हे व्यासजी ! ब्रह्माले चौध भुवनको ब्रह्माण्ड निर्माण गरेका छन्, जसमा पृथ्वीभन्दा तलतिर सप्तलोक छन् भने पृथ्वीसहित माथितिर सप्तलोक अवस्थित छन् । सबैभन्दा तल पाताललोक छ । ब्रह्माण्डको आधारमा शेष अवस्थित छन्, जसलाई विष्णु भनिएको छ ।

तस्याधारः स्थितो नागः स च विष्णुः प्रकीर्तितः । १५-११ ।

यी शेष नागलाई अनन्त भनिन्छ । देव, ऋषि, सिद्धगण यिनको उपासना गर्छन् । शेष नागका हजार फणा मणिद्वारा व्याप्त एवम् चारै दिशाहरूमा प्रकाशित रहन्छन् । यिनको गुणानुवाद कसैले पनि गर्न सक्दैन । पृथ्वीभन्दा तल रहेका सप्तलोक एकअर्काका बिच दश हजार योजनको दूरीमा र त्यति नै वर्गाकारका छन् ।

अतलं वितलं चैव सुतलं च रसातलम् ।
तलं तलातलं चाग्र्यं पातालं सप्तमं मतम् ॥ १५-२२ ॥

यिनै लोकहरूमा नै नरक पनि अवस्थित छ, जहाँ पापी आफूले गरेका कर्मलाई भोग्दछन्, जसले जस्तो कर्म गरेको हुन्छ, त्यही अनुरूपको पाप भोग्नुपर्दछ । पापको प्रायश्चित्त शिवस्मरणले हुन्छ ।

प्रायश्चित्तं तु यस्यैकं पापं पुंसः प्रजायते ।
कृते पापेऽनुतापोऽपि शिवसंस्मरणं परम् ॥ १६-३० ॥

प्रातः, मध्याह्न, सायं तीनै समयमा शिवस्मरण, शिवनाम जपले सबै पापहरूको प्रायश्चित्त भई स्वर्गादि या मोक्षको भागी बन्न सक्छ । नरक यातना भोग्नुपर्दैन । पापकर्मले नरक र पुण्यकर्मले स्वर्ग प्राप्ति हुन्छ, तर पापी नरक यातना भोगी संसारमा आउँछ भने पुण्यात्मा पनि स्वर्गमा पुण्यक्षय भएपछि संसारमा नै आउँछ । ज्ञानी पुरुष मात्र यो जान्दछन्, त्यसैले ज्ञानीलाई परब्रह्म भनिएको छ । सम्पूर्ण संसारको रचना पनि यसैमा सन्निहित छ ।

ज्ञानमेव परं ब्रह्म ज्ञानं तत्त्वाय कल्पते ।
ज्ञानात्मकमिदं विश्वं सकलं सचराचरम् ॥ १६-३८ ॥

अध्याय सप्तदश, अष्टादश, एकोनविंश, विंश

खगोल तथा भूगोल वर्णन

सनत्कुमार- हे व्यासजी ! यो भूमण्डलको विषयमा सङ्क्षेपमा भन्दछु ।

जम्बूः प्लक्षः शाल्मलिश्च कुशः क्रौञ्चश्च शाककः ।
पुष्करः सप्तमः सर्वे समुद्रैः सप्तभिर्वृताः ॥ १७-२ ॥

यी सप्तद्वीप क्रमशः लवण, इक्षुरस, घिउ, दही तथा दुधको समुद्रले घेरिएका छन् । जम्बूद्वीप यी सबै द्वीपको बिचमा अवस्थित छ । यी सबैको क्रमशः वर्णन यस्तो छ-

भूगोल वर्णन

(१) **जम्बूद्वीपः** यो द्वीप भूमण्डलको कोशस्थान (केन्द्रीय) स्थानमा छ र यस द्वीपमा नौ-नौ हजार योजनमा फैलिएका नौ वर्ष छन् । यिनीहरूको सीमा विभाजन आठ पर्वत शृङ्खलाले गरेको छ । यी नौ वर्षका नाम इलावृत्त, रम्यक, कुरु, हरि, किंपुरुष, केतुमाल, भद्राश्व, हिरण्यमय र भारतवर्ष हुन् । यसको केन्द्रमा इलावृत्त वर्ष छ र यसै द्वीपको मध्यमा सुमेरु पर्वत अवस्थित छ ।

इलावृत्तको उत्तरमा नील, श्वेत, शृङ्गवान्, तीन पर्वत क्रमशः रम्यक, हिरण्य र कुरु वर्षलाई विभाजन गर्दछन् । दक्षिणमा निषद, हेमकूट, हिमालय तीन पर्वतमाला छन् जसले क्रमशः हरिर्ष, किंपुरुष तथा भारतवर्षको सीमा विभाजन गर्दछ ।

इलावृत्तको पश्चिम भागमा, गन्धमादन र माल्यवान् दुई पर्वत छन्, जसले भद्राश्व र केतुमाल वर्षको सीमा विभाजन गर्दछन् । यी क्षेत्रहरू असङ्ख्य नदी, ताल, वृक्ष, उपवन, आम्र, जामून, कदम्ब, वट आदि वृक्षहरूले भरिपूर्ण छन् जसले यी पर्वत तथा देशहरूको शोभा बढाउँछन् ।

यी सबै वर्ष एकसेएक सुन्दर छन्, जहाँ बस्ने प्राणी दीर्घायु, निरोगी, तथा सबै सम्पदाहरूले पूर्ण रहन्छन् । यी सबै धर्मात्माहरूका लागि हो ।

धर्मिणामालया ह्येते भौमाः स्वर्गाः प्रकीर्तिताः ।
न तेषु पापकर्तारो यान्ति पश्यन्ति कुत्रचित् ॥ १७-४० ॥

भारत वर्षको महत्ताको प्रतिपादनः

वक्ष्येऽहं भारतं वर्षं हिमाद्रिश्चैव दक्षिणे ।
उत्तरे तु समुद्रस्य भारती यत्र संसृति ॥ १८-१ ॥

सबै वर्षहरूमा भारतवर्ष सर्वोपरि श्रेष्ठ एवम् उत्तम हो । यो कर्मभूमि हो भने अन्य सबै भोगभूमि हुन् । मनुष्यको हजारौं जन्मको पुण्य सञ्चय भएपछि मात्र भारतभूमिमा जन्म लिन्छ । यस भूमिमा पुण्यात्माहरू नित्य जप, तप, होम, व्रत गरी उपासना गर्दछन् । यो भूमि स्वर्ग तथा मोक्षको मार्ग देखाउने भूमि हो ।

अत्रापि भारतं श्रेष्ठमतोऽन्या भोगभूमयः ।
तपस्तपन्ति यतयः परलोकार्थमादरात् ॥ १८-१७ ॥

यो भारतभूमिमा देवताहरू पनि अवतरित हुन लालायित हुन्छन् । यहाँ गरिएको शुभकर्मले स्वर्ग मोक्षको प्राप्ति हुन्छ । यस भूमिमा गङ्गादि अनेक पवित्र नदी, हिमालयादि अनेक तपस्थलीयुक्त पर्वत छन्, जसको नाम उच्चारण गर्दा नै सबै पाप भस्म हुन्छन् भने झन् यस्तो ठाउँमा बस्न पाउँदा के होला ? त्यति मात्र होइन, सबै भगवान्का अवतार पनि यसै भूमिमा भएका छन्, त्यसैले यस भूमिलाई श्रेष्ठ भनिएको हो । यहाँ नर-नारायण भारतवासीहरूका साथमा नित्य भगवान्को उपासना गर्दछन् ।

(२) **प्लक्षद्वीप**

प्लक्षस्तन्नामसंज्ञो वै प्लक्षद्वीपो द्विजोत्तम ।
इज्यते तत्र भगवाञ्छङ्करो लोकशङ्करः ॥ १८-३१ ॥

यो जम्बूद्वीपको बाहिर घेरिएको प्लक्ष (पाकड) वृक्षको नामले नामकरण गरिएको हो । यहाँ शिवाराधना हुन्छ र विष्णु, ब्रह्माको पनि वैदिक मन्त्रले पूजा गरिन्छ ।

(३) शाल्मलिद्वीप

शाल्मलेन तु वृक्षेण द्वीपः शाल्मलिसंज्ञकः ।
द्विगुणेन समुद्रेण सततं संवृतः स्थितः ॥ १८-३४ ॥

यो प्लक्षद्वीपभन्दा बाहिर सुरोद नामको समुद्रले घेरिएको छ । शाल्मलि (सिमल वृक्ष) को नामले नामकरण गरिएको यस द्वीपमा सात वर्ष छन् । चारै वर्णका मानिस रहेको यस द्वीपमा यज्ञद्वारा भगवान् शिवको उपासना गरिन्छ ।

(४) कुशद्वीप

द्विगुणेन कुशद्वीप समन्ताद् बाह्यतः स्थितः ।
वसन्ति तत्र दैतेया मनुजै सह दानवाः ॥ १८-३९ ॥

प्लक्षद्वीपभन्दा द्विगुणा ठुलो यस द्वीपमा मनुष्यहरूका साथमा दैत्य, दानव पनि निवास गर्दछन् । त्यसै गरी, देवता, गन्धर्व, यक्ष, किंपुरुष आदि पनि यहाँ निवास गर्दछन् । यहाँ चारै वर्णका मानिसहरू रहन्छन् । यो द्वीप सात वर्ष र सात पर्वतले सुशोभित छ ।

(५) क्रौञ्चद्वीप

क्रौञ्चद्वीपो महाभाग श्रूयतां चापरो महान् ।
द्विगुणेन समुद्रेण दधिमण्डेन चावृतः ॥ १८-४५ ॥

यस क्रौञ्चद्वीपलाई दधि समुद्रले घेरेको छ । यो कुशद्वीपभन्दा द्विगुणा ठूलो छ र यसलाई क्रौञ्च पर्वतको नामले नामकरण गरिएको छ । योगारूढ भगवान् शिवको पूजा गर्ने चारै वर्णका मानिस यहाँ बस्तछन् । यसमा पनि सात नदी, सात पर्वत रहेका छ्न ।

(६) शाकद्वीप

दधिमण्डोदकश्चापि शाकद्वीपेन संवृतः ।
द्विगुणेनाद्रयः सप्त तेषां नामानि मे शृणु ॥ १८-५१ ॥

क्रौञ्चद्वीपभन्दा द्विगुणा, मोहीको समुद्रले घेरिएको, शाक नामको वृक्षको नामबाट नामकरण गरिएको यस द्वीपमा सात वर्ष, सात पर्वत र चार वर्णका मानिस रहन्छन् । यहाँ सूर्यको उपासना गरिन्छ ।

(७) पुष्कर द्वीप

शाकद्वीपभन्दा द्विगुणा ठुलो, स्वादुदक (शुद्धोदक) समुद्रद्वारा घेरिएको, सुर्वणमय

(पुष्कर) कमल, जो ब्रह्माको आसन हो, यसैबाट नामकरण भएको हो । यहाँ निरोगी, शोकरहित, रागद्वेषरहित मानिसहरू निवास गर्दछन् ।

दशवर्षसहस्राणि तत्र जीवन्ति मानवाः ।
निरामया वीतशोका रागद्वेषविवर्जिताः ॥ १८-६२ ॥

यहाँ बस्ने अद्वैत ब्रह्मको उपासना गर्दछन् । यसरी यी सातवटा द्वीप सात समुद्रले घेरिएका छन् । सङ्ख्यामा द्वीप र समुद्र समान छन् तर एकभन्दा अर्को द्विगुणा ठुला छन् ।

यसभन्दा अगाडि लोकालोक पर्वत छ, जुन प्रकाशित, अप्रकाशित दुई प्रकारको मानिन्छ । यसको भूमि स्वर्णमय छ । यसमा केवल देवताहरू मात्र जान सक्छन् । सूर्यदेखि ध्रुव लोकसम्मका सबै ग्रह यस पर्वतको अधीनमा छन् । समस्त भूगोल पचास करोड योजनमा फैलिएको छ, जसमा लोकालोक पर्वत मात्र चतुर्थांश अर्थात् साढे बाह्र करोड योजनमा फैलिएको छ । यस पर्वतमाथि चारै दिशामा स्वयम्भू ब्रह्माले ऋषभ, पुष्पचूड, वामन र अपराजित नामका चार दिग्गज नियुक्त गरेका छन् । यस पर्वतभन्दा अगाडि योगेश्वरहरूले मात्र प्रवेश पाउँछन् ।

सूर्यमण्डल र ब्रह्माण्ड पच्चिस करोड योजनको दूरीमा अवस्थित छन् । सूर्य र पृथ्वीको बिचको ब्रह्माण्ड नै सूर्य रहने स्थान हो । भूलोक पचास करोड र द्युलोक पनि पचास करोडमा फैलिएको छ । दुवैको योगले एक सय करोड हुन्छ र यो सबैलाई ब्रह्माण्ड भनिन्छ ।

जब सूर्य उत्तरायणमा जान्छन् अनि दिन लामो र रात छोटो हुँदै जान्छन् । त्यसै गरी सूर्य दक्षिणायनमा प्रवेश गरेपछि रात लामो र दिन छोटो हुँदै जान्छन् । सूर्यको तेस्रो स्थानलाई विषुवत् भनिन्छ, जसमा दिन र रात दुवै समान हुन्छन् ।

खगोल वर्णन

सूर्यादि ग्रहहरूको स्थिति वर्णन

भूगोलको क्षेत्रफलले खगोलको क्षेत्रफल पनि जानिन्छ । जसरी मटरको दानाको आधा भाग खगोल हो भने अर्को आधा भूगोल हो । दुवै पचास पचास योजनमा विस्तारित भएका छन् ।

(१) **सूर्यः** खगोल र भूगोलका बिचको भागलाई अन्तरिक्ष भनिन्छ । यसैको बिचमा ग्रहाधिपति सूर्य हिँड्छन् । सूर्य सुमेरु पर्वतको उत्तरतिरबाट हिँड्दा आरोहण र दक्षिणतिरबाट हिँड्दा अवरोहण एवम् मध्यभागबाट हिँड्दा विषुवत् हुन पुग्छन्, जसका कारण दिनरातमा थपघट र समान हुन्छ । सूर्यको वेदमय रथ एक मुहूर्तमा चौतिस लाख आठ सय योजनको गतिले

हिँड्छ । यस रथको पाङ्ग्रो एउटा सुमेरु शिखरमा र अर्को मानसोत्तर शिखरमा रहन्छन् र कोल्हुको पहियाँझैँ घुम्छन् (परिक्रमा गर्छन्) ।

सूर्यको रथमा छत्तिस लाख योजन लामो बस्ने स्थान, नौ लाख योजन चौडा र जुवा पनि छत्तिस लाख योजन लामो छ । यस रथमा छन्दरूपी घोडा सातवटा छन् । साठी हजार बालखिल्य ऋषि सूर्यदेवतिर सम्मुख भई स्तुति गर्दै हिँड्छन् ।

सूर्यदेव इन्द्रको पुरी देवधानीमा रहँदा बिहान, यमको संयमनी पुरीमा पुग्दा दिउँसो र वरुणको निम्लोचनी पुरीमा पुग्दा सायङ्काल तथा चन्द्रमाको विभावरी पुरीमा पुग्दा मध्यरात हुन्छ । सबै देवता सूर्यलाई सम्मान गर्दछन् ।

(२) चन्द्रमाः खे उर्ध्वं शशी तस्थौ लक्षयोजन सङ्खया ।

यो ग्रह सूर्य मण्डलदेखि एक लाख तथा पृथ्वी मण्डलदेखि दुई लाख योजनको दूरीमा अवस्थित छ । सूर्यको एक वर्षको हिडाइ चन्द्रमाले एकै महिनामा पूरा गर्छ । यो ग्रहले सोह्र कलाद्वारा आफ्नो मनोमय, अन्नमय, अमृतमय धाराले सबै देवता, ऋषि, मनुष्य, भूत, पशु, पक्षी, सरीसृप, वृक्षादिलाई निरन्तर पोषण गर्दछ । यो ग्रह शुभकारक मानिन्छ ।

(३) **नक्षत्रमण्डल** चन्द्रमाभन्दा तीन लाख र पृथ्वीभन्दा पाँच लाख योजनको दूरीमा अभिजित सहित अट्ठाईस नक्षत्रहरू रहन्छन् । यी सबैले सुमेरु पर्वतको दक्षिण दिशाबाट परिक्रमा गर्दछन् ।

(४) शुक्र ततः शुक्रो द्विलक्षेण योजनानामथोपरि ।

नक्षत्र मण्डलभन्दा दुई लाख र पृथ्वीभन्दा सात लाख योजनको दूरीमा शुक्र ग्रह रहन्छ । यो ग्रह वृष्टिकारक र अनुकूल ग्रह मानिन्छ ।

(५) बुधः शुक्राद्बुध समाख्यातो योजनानां द्विलक्षतः ।

शुक्रभन्दा दुई लाख र पृथ्वीभन्दा नौ लाख योजनको दूरीमा बुध ग्रह रहन्छ । यो ग्रहको गति र फल शुक्रकै झैँ मानिन्छ ।

(६) **मङ्गल** बुधभन्दा दुई लाख र पृथ्वीभन्दा एघार लाख योजनको दूरीमा मङ्गल ग्रह रहन्छ । यस ग्रहको नाम मङ्गल भए पनि काम भने मध्यम खालको मानिन्छ तर दशम स्थानमा भयो भने राम्रो मानिन्छ ।

(७) वृहस्पति ततो द्विलक्षमानेन योजनानां च गीष्पतिः ।

यो ग्रह मङ्गलभन्दा २ लाख तथा पृथ्वीभन्दा १३ लाख योजनको दूरीमा अवस्थित छ ।

यसले प्रतिवर्ष वाह्र राशिको भोग गर्दछ । यस ग्रहलाई शुभकारक मानिन्छ ।

(८) शनि **ततः शनैश्चरो घोरो लक्षद्वय परोमितः ।**

यो ग्रह वृहस्पतिभन्दा दुई लाख र पृथ्वीभन्दा पन्ध्र लाख योजनको दूरीमा रहन्छ । यो ३० महिनासम्म एउटै राशिमा रहन्छ त्यसैले जुन राशिमा रहन्छ त्यस राशिलाई शनिको अढैया भनिन्छ । सूर्य यस ग्रहका पिता हुन् भने यस ग्रहलाई अशान्ति र भयङ्कर घोर ग्रहको रूपमा मानिन्छ ।

(९) **सप्तर्षिगण** शनिभन्दा ११ लाख एवम् पृथ्वीभन्दा २६ लाख योजनको दूरीमा सप्तर्षिगण अवस्थित छन् । यिनीहरू विश्वमङ्गलको कामना गर्दै भगवान्को आराधना गर्दै तपस्या गर्दछन् ।

(१०) **ध्रुवलोक** यो लोक सप्तर्षिभन्दा १३ लाख तथा पृथ्वीभन्दा ३९ लाख योजनको दूरीमा अवस्थित छ । ध्रुवलोकलाई विष्णुपद पनि भनिन्छ । यस लोकमा उत्तानपादपुत्र ध्रुव रहन्छन् । अग्नि, इन्द्र, प्रजापति, कश्यप, धर्म र सप्तर्षिले यस लोकलाई परिक्रमा गर्दछन् ।

विष्णुपुराण अनुसार अण्डगोलोकको आकार,

- सूर्यमण्डलदेखि ध्रुवलोक ३८ लाख योजन टाढा छ ।
- ध्रुवलोकदेखि महलोक १ करोड योजन टाढा छ ।
- महलोकदेखि जनलोक २ करोड योजन टाढा छ ।
- जनलोकदेखि तपलोक ८ करोड योजन टाढा छ ।
- तपलोकदेखि सत्यलोक १२ करोड योजन टाढा छ ।
- सत्यलोकदेखि वैकुण्ठ धाम १ करोड ६२ लाख योजन टाढा छ ।

यसभन्दा पर अण्डगोलोक अवस्थित छ । यसरी माथिको अण्डकटाह जम्मा २५ करोड योजनमा फैलिएको छ । त्यसैगरी तलतिरको अण्डकटाह पनि २५ करोड योजनमा फैलिएको छ । सूर्यदेखि पृथ्वी एक लाख योजन टाढा छ भने पृथ्वीदेखि सातैवटा पाताल १०-१० हजार योजनको दूरीमा अवस्थित छन् । शेष त्यसपछि ३० हजार योजनको दूरीमा छन् । शेषभन्दा मुनि २४ करोड ९८ लाख योजन गहिरो गर्भोद छ । यसरी सबै अण्डकटाहको योग ५० करोडमा फैलिएको छ । (साभारः विष्णुपुराण)

अतल आदि सप्तलोक वर्णन

राहुमण्डल– यो सूर्यमण्डलदेखि १० हजार योजन तल छ । भगवत्कृपाले गर्दा यसले देवत्व र ग्रहत्व प्राप्त गऱ्यो । यो मण्डल १३ हजार योजन विस्तारमा फैलिएको छ । यसले

सूर्य र चन्द्रमाको बिचमा प्रवेश गरी अमृतपान गरेको थियो । भगवान्ले सुदर्शन चक्रले शिरच्छेद गरे । त्यसैको ब्रदला लिन सूर्य चन्द्रमामाथि पर्वमा (औंसी-पूर्णिमा) आक्रमण गर्दछ, जसलाई ग्रहण भनिन्छ ।

विद्याधर- राहुमण्डलदेखि १० हजार योजनमुनि विद्याधर, सिद्ध, चारणहरू रहन्छन् । यसभन्दा मुनि अन्तरिक्ष छ, जहाँ यक्ष, राक्षस, भूत, प्रेत, पिशाच आदि भ्रमण गर्दछन् । अन्तरिक्षभन्दा मुनि १०० योजन तल पृथ्वी अवस्थित छ ।

(१) **अतल**- **प्रथमे विवरे विप्र अतलाख्ये मनोरमे ।**

यो लोक पृथ्वीभन्दा १० हजार योजन मुनि र १० हजार योजनकै विस्तारमा फैलिएको छ । यसमा मयदानव पुत्र बल रहन्छ र यसले १६ प्रकारको माया रच्न जान्दछ । यी लोकमा स्वर्गमा भन्दा पनि ज्यादा विषयसुख, भोग, सन्तान सुख, आनन्द, अतुल सम्पत्ति विद्यमान छन् । यी सातै लोकहरूको दूरी र फैलावट, विस्तार दुवै १० हजार योजन रहेको छ ।

(२) **वितल**- अतलभन्दा मुनि १० हजार योजन टाढा रहेको वितल लोकमा हाटकेश्वर महादेव आफ्ना पार्षद भूतगणसहित बस्दछन् ।

(३) **सुतल**- वितलभन्दा मुनि १० हजार योजन टाढा रहेको यस लोकमा विरोचन पुत्र बलि रहन्छन् । वामन अवतारमा यसले सर्वस्व अर्पण गरेकाले यो लोक यसलाई प्राप्त भयो । भगवान् यसको ढोकामा पहरा दिन बस्छन् ।

(४) **तलातल**- यो सुतलभन्दा १० हजार योजन मुनि रहेको छ । यहाँ दानवराज मय आफ्ना सेवकसहित बस्छन् । मयदानव मायावीहरूका राजा हुन् । यो दैत्य त्रिपुर नगरको स्वामी थियो । शिवले त्यस नगरलाई त्रिलोकरक्षार्थ भस्म गरेपछि उसलाई यो लोक प्राप्त भएको हो ।

(५) **महातल**- यो पनि तलातलदेखि मुनि १० हजार योजनमा फैलिएको छ भने यहाँ सर्पाधिपति कद्रु आफ्ना गणहरूसहित निवास गर्दछन् ।

(६) **रसातल**- यो महातलदेखि मुनि १० हजार योजनमा फैलिएको छ । यहाँ पणि नामका दैत्य/दानवहरू रहन्छन् । यिनीहरू जन्मिँदै देवद्रोही, बलशाली, साहसी र पराक्रमी हुन्छन् ।

(७) **पाताल**- रसातलदेखि १० हजार योजन मुनि, यति नै विस्तारमा यो लोक अवस्थित छ । यसलाई नागलोक पनि भनिन्छ । यहाँ वासुकी नाग प्रधान छन् भने अरू नागहरूमा शङ्ख, कुलिक, महाशङ्ख, श्वेत, धनञ्जय, धृतराष्ट्र, शङ्खचूड, कम्बल, अश्वतर, देवदत्त आदि रहन्छन् । यिनीहरूका ५, १०, ७, ९, १००, १०००, फणा छन् र फणाकै मणिले यस लोकलाई चम्काउँछन् ।

यी सबै माथि र तल गरी ब्रह्माण्ड बनेको हो । यी सबैको समष्टि स्वरूप नै ब्रह्माण्ड हो ।

व्यासजी- **सन्ति लोका हि ब्रह्माण्डादुपरिष्टान्न वा मुने । १९-३२ ।**

हे मुने ! यो ब्रह्माण्डभन्दा बाहिर कुनै लोक छ वा छैन ।

सनत्कुमार- हे व्यासजी ! यो ब्रह्माण्डभन्दा माथि पनि अन्य लोक छन् । ब्रह्माण्डभन्दा माथि वैकुण्ठ लोक छ । त्यसमाथि कौमारलोक छ, जहाँ शिवपुत्र, कार्तिकेय निवास गर्छन् । त्यसमाथि दिव्य उमालोक छ, जहाँ तीनै देवताहरूकी जननी शिवा विराजमान छिन् । ती शिवा पराप्रकृति, निर्गुण, निर्विकार रहन्छिन् । त्यसमाथि सनातन शिवलोक अवस्थित छ ।

तस्योपरिष्टाद्विज्ञेय शिवलोक सनातनः । १९-३८ ।

शिवलोककै समीपमा गोलोक छ जहाँ सुशीला नामकी शिवप्रिया गौमाता रहिन्छन्, शिवाज्ञाले श्रीकृष्ण गौमाताको पालन पोषण गर्दछन् ।

सनातन शिवलोकको महिमा

व्यासजी- **यद्‌गत्वा न निवर्तन्ते शिवभक्तियुता नराः । २०-१ ।**

अब मलाई सनातन शिवलोकको विषयमा बताउनुहोस्, जहाँ गएपछि मनुष्य संसारको चक्रमा आउँदैन । शिवलोकमा कस्ता व्यक्ति जान्छन् ? के पुण्य गर्दा शिवलोक प्राप्त हुन्छ ।

सनत्कुमार- शुद्धकर्म, तपस्या, नित्य शिवपूजा गर्ने व्यक्ति सदैव सर्वत्र वन्दनीय हुन्छन् । शिवकृपाले मात्र तपस्या गर्ने रुचि जाग्छ । विना तपस्याले शिवलोक प्राप्ति हुँदैन । तपस्याबाटै देवता, ऋषि, मुनि आनन्दित हुन्छन् । कठिनभन्दा कठिन कार्य पनि तपस्याद्वारा नै सम्भव हुन्छ । ज-जसले दुर्लभ फल प्राप्त गरे, ती सबैले तपस्याबाटै प्राप्त गरेका हुन् । भावना अनुसार तपस्याको फल प्राप्त हुन्छ ।

येन येन हि भावेन स्थित्वा यत्क्रियते तपः ।
तत सम्प्राप्यतेऽसौ तैरिह लोके न संशयः ॥ २०-८ ॥

तपस्या पनि तीन प्रकारको हुन्छ, सात्त्विकी, राजसी, तामसी । सात्त्विकी तप, देवता, सन्न्यासी र ब्रह्मचारीले गर्दछन् । राजसी तप दैत्य तथा मनुष्यले गर्दछन् । तामसी तप, राक्षस एवं क्रूर कर्म गर्नेले गर्छन् । शरीरलाई कष्ट दिएर गरिने तप तामसी तप हो । कुनै इच्छालाई लक्ष्य गरी गरेको तप राजसी तप हो भने फलेच्छारहित केवल भगवत्प्रीत्यर्थ गरिने तप सात्त्विक तपस्या हो ।

उत्तमं सात्त्विकं विद्या धर्मबुद्धिश्च निश्चला । २०-१५ ।

बुद्धिमानीले मोक्षजन्य तथा शिवलोक प्राप्तिका लागि, नित्य, स्नान, पूजा, जप, होम, शुद्ध, शौच, अहिंसा, व्रत, उपवास, मौन, इन्द्रियनिग्रह, धी, विद्या, सत्य, क्रोधरहित, दान, क्षमा,

दम, दया, तथा, पोखरी, कुवा, तलाउ, प्रासाद निर्माण, कृच्छ, चान्द्रायण यज्ञ, तीर्थयात्रा, आश्रम निर्माण, धर्मशाला निर्माण आदि कार्यमा नित्य संलग्न हुँदै सहायता गर्नुपर्दछ ।

चर, अचर अनेक योनिहरू भोगेर लामो समयपछि मात्र मनुष्य योनि प्राप्त हुन्छ । यस योनिमा आएपछि नरक जाने खालको कार्य गर्नुहुँदैन । शरीर हुँदै नै शुभकर्म गर्नुपर्दछ । भारत भूमिमा जन्म लिएर पनि आत्मालाई धोका दिने कार्य गरियो भने त्योभन्दा ठूलो अधर्म के नै होला र ?

देशेऽस्मिन्भारते वर्षे प्राप्य मानुष्यमध्रुवम् ।
न कुर्यादात्मनः श्रेयस्तेनात्मा खलु वञ्चितः ॥ २०-३७ ॥
यावत्स्वास्थ्यं शरीरस्य तावत् धर्मं समाचरेत् ।
अस्वस्थश्चोदितोऽप्यन्यैर्न किञ्चित्कर्तुमुत्सहेत् ॥ २०-३९ ॥

यो शरीर अस्वस्थ एवम् नाशवान् छ । आयु प्रतिदिन, प्रतिक्षण क्षय हुँदै गइरहेको छ । कहिले मृत्यु हुने हो ? थाहा छैन । मृत्युपश्चात् साथमा जाने पुण्य मात्र हो । बाँकी सबैथोक यहीँ रहनेछ । पुण्य मात्रै ठाउँ ठाउँमा सहायक हुनेछ । शिवको शरणले शिव या हर नामले नरक जानुपर्दैन ।

उक्तं शिवेति यैर्नाम तथा हर हरेति च ।
न तेषां नरकाद्भीतिर्यमद्धि मुनिसत्तम ॥ २०-५० ॥

पुण्य समूहको एकमात्र घर शिव यी दुई अक्षर हुन् । संसार रूपी महारोगलाई शान्त गराउने केवल शिव नाम हो । यसैको सहाराले इह र परलोक दुवैको कल्याण हुनेछ ।

अध्याय एकविंश

युद्ध माहात्म्य, सङ्ग्रामको फल

व्यासजी- **सङ्ग्रामस्येह माहात्म्यं त्वयोक्तं मुनिसत्तम । १९ ।**

अब मलाई सङ्ग्रामको फल, क्षत्रियत्वले पाउने गति, युद्धजन्य माहात्म्य वर्णन गर्नुहोस् ।

सनत्कुमार- हे व्यासजी । अग्निष्टोम यज्ञजन्य फलभन्दा पनि श्रेष्ठ फल युद्धभूमिमा वीरगति प्राप्त हुँदा मिल्छ । जो दान, दक्षिणा दिएर युद्धको वाहनमा आरूढ हुन्छ, उसलाई धर्म, अर्थ, काम, तथा दक्षिणासहित गरेको यज्ञको फल मिल्छ । उसले विजय प्राप्त गरी चारवटा अश्वमेध यज्ञको फल प्राप्त गरी अन्त्यमा विष्णुलोक प्राप्त गर्छ ।

यस्तु शास्त्रमनुत्सृज्य म्रियते वाहिनीमुखे ।
सम्मुखो वर्तते शूरः स स्वर्गान्न निवर्तते ॥ २५ ॥

वीरासन, वीरशय्या, वीरस्थानको स्थिति इह, परलोक दुवैमा स्थिर रहन्छ । युद्धक्षेत्रमा जोसुकै आततायी होस्, चाहे ब्राह्मण नै किन नहोस्, वध गर्नुपर्दछ, उसलाई ब्रह्महत्या लाग्दैन ।

व्याधितं दुर्बलं बालं स्त्रीनाथं कृपणं ध्रुवम् ।
धनुर्भग्नं छिन्नगुणं हत्वा वै ब्रह्महा भवेत् ॥ ३७ ॥

त्यसैले क्षत्रियले आफ्नो धर्म निर्वाह गर्दै सङ्ग्राममा वीरगति प्राप्त गर्‍यो भने पुनरागमन हुँदैन । त्यस्ता व्यक्ति सिधै वैकुण्ठवासी हुन्छन् । त्यसैले बुद्धिमान् क्षत्रियले सधैं युद्धमा प्रवृत्त हुनुपर्दछ ।

अध्याय द्वाविंश, त्रयोदश, चतुर्विंश

देहोत्पत्ति, बाल्यावस्था, देहशुचि, स्त्रीस्वभाव वर्णन

(पञ्चचूडा अप्सराले गरेको स्त्रीवर्णन)

व्यासजीले जीवको जन्मविधान तथा गर्भस्थ शिशुको अवस्था आदि विषयमा सोधेपछि-

सनत्कुमार- हे व्यासजी ! अब म सङ्क्षेपमा सम्पूर्ण शास्त्रको सार भन्नेछु । यो सुनिसकेपछि हृदयमा वैराग्यको भावना उत्पन्न हुनेछ । पकाएको अन्न खाएपछि, त्यो दुई भागमा परिणत हुन्छ, (१) ठोस (२) तरल । ठोस तत्त्व १२ मलद्वारा शरीरबाट बाहिरिन्छ । ती १२ मल हुन्-

कर्णाक्षिनासिका जिह्वा दन्ताः शिश्नो गुदं नखाः ।
मलाश्रयः कफः स्वेदो विण्मूत्रं द्वादशस्मृताः ॥ २२-७ ॥

शरीरमा रहेको तरल तत्त्व प्राणवायुको सहाराले नाडीद्वारा सम्पूर्ण शरीरमा फैलिँदै दुई स्वरूपमा परिणत हुन्छ, (१) रक्त (२) मज्जा । रक्तबाट, लोम, मांस, केश, अस्थि, नख पैदा हुन्छ भने मज्जाबाट शुद्ध शुक्रको उत्पत्ति हुन्छ र त्यही शुक्र तत्त्व नै प्रसवको कारण हुन पुग्छ । यसरी अन्नबाट शुक्र हुन्छ र ऋतुकालमा स्त्रीसँगको सहवासले शुक्र गर्भाशयमा स्थिर भएर दिव्य देहको उत्पत्ति हुन्छ ।

शुक्रोऽन्नाजायते शुक्राद्दिव्यदेहस्य सम्भवः ।
ऋतुकाले यदा शुक्रं निर्दोषं योनिसंस्थितम् ॥ २२-१४ ॥

स्त्रीको गर्भाशयमा स्थित रक्तमा संयोग भई जीवको आधान हुन्छ । फेरि त्यो ७ दिनमा कलिल १२ दिनमा बुदबुद, २० दिनमा मांसपेशीको रूप, २ महिनामा क्रमैसँग गर्दन, शिर, काँध, पीठ, पेट, हात, चरण, पसलि, कम्मर निर्माण हुन्छ । ३ महिना पुगेपछि, रोमाङ्कर र सन्धि स्थानको विकास हुन्छ । ४ महिनामा औंलाहरू, ५ महिनामा मुख, नाक, कान निर्माण हुन्छन् । ६ महिनामा गुप्त दन्तपङ्क्ति, नङ र कानका छिद्र बन्छन् । ७ महिनामा गुदा, लिङ्ग, योनि, नाभि र शरीरका सन्धि (जोड्नीहरू) उत्पन्न हुन्छन् । यसरी सबै अङ्गप्रत्यङ्गहरू पूर्ण भएर माताको गर्भमा जरायुले बेरिएर, माताको आहारा अनुसार षड्रसयुक्त भई नाभि नालले बाँधिएर प्रतिदिन बढ्दै जान्छ ।

मातुराहारचौर्येण षड्विधेन रसेन तु ।
नाभिनालनिबद्धेन वर्द्धते स दिने दिने ॥ २२-२४ ॥

यसरी शरीर पूर्ण निर्माण भएपछि जीवमा स्मरणशक्ति आउँछ । र पूर्वजन्ममा भए गरेका सबै सुख, दुःख, निद्रा, स्वप्न आदि र जन्ममरणका अनेक योनि देख्दछ । त्यसपछि जठराग्निले पकाउँदै लगेको त्यो जीव प्रसवको प्रतीक्षामा रहन्छ । धर्मात्मा जीव भए ७ महिनामै जन्म लिन्छ ।

केवलं धर्मबुद्धीनां सप्तमासैर्भवः सदा । २२-३५ ।

गर्भवासलाई नरकवास भनिएको छ । यो अत्यन्त कष्टकरी हुन्छ र पापी भए त सहज ढङ्गले पनि जन्मिँदैन ।

शरीर वर्णन

यो शरीर कस्तो छ ? अस्थिरूपी तुलास्तम्भमा स्नायुले बाँधिएको, रक्त, मांसरूपी माटोले लिपिएको, मलमूत्रको पात्र हो शरीर । यो रोगको घर हो । केश, रोम, नख र मुखरूपी महाद्वारले युक्त तथा आठवटा झ्यालले सुशोभित छ । यसै गरी दुईवटा ओठ ढोका, जिब्रो, अर्गला, भोग, तृष्णाले अचेतन भई राग, द्वेषको वशमा रहँदै, सबै अङ्ग जरायुजले बेरिएको छ । त्यसै गरी ३६५ पेन्शिया, ३ करोड रोम, ३२ दाँत, २० नख, एक पावा पित्त, ४१२ किलो कफ, २ किलो बोसो, २ किलो पिङ्गलवर्णा (पहेँलो), ५१२ तोला मेदा (छाला), १० पल महारक्त, १२ पल मज्जा, आधा कुड्व वीर्य, एक हजार पल मांस, एक सय पल रक्त, ४-४ अञ्जली मलमूत्र आदिले यो शरीर बनेको छ । यसरी नित्य, विशुद्ध आत्माको अपवित्र एवम् अस्थिर शरीर रूपी घर कर्मबन्धनले निर्माण भएको छ ।

देहशुद्धिका लागि भावशुद्धिको अनिवार्यता

यो शरीर अपवित्र एवम् अशुद्ध छ । मलमूत्र, कफ र पित्तले भरिएको छ । यो अनित्य शरीरले जे गर्छ, त्यो सबै अशुद्ध हुन्छ । तर यही दुर्गन्धयुक्त शरीरले भावशुद्धि गरेमा पवित्र मानिन्छ ।

भावशुद्धिः परं शौचं प्रमाणे सर्वकर्मषु ।
अन्यथालिङ्ग्यते कान्ता भावेन दुहितान्यथा ॥ २३-२४ ॥

जसरी जुन भावनाले पत्नीलाई आलिङ्गन गरिन्छ, त्यही भावनाले पुत्री या अन्यलाई आलिङ्गन गरिँदैन । भावहीन भएकाले नै गङ्गादि तीर्थमा बस्ने माछाहरू र देवालयमा बस्ने पक्षीहरू देवदर्शनको फल पाउन सक्तैनन् ।

गङ्गादि तीर्थेषु वसन्ति मत्स्या, देवालये पक्षिगणाश्च नित्यम् ।
भावोज्झितास्ते न फलं लभन्ते तीर्थावगाहाच्च तथैव दानात् ॥ २३-२३ ॥

भावनाले नै बन्धन र मोक्ष हुन्छ । यो मेरो हो या यो मेरो होइन, यही सुख-दुःखको कारण हो ।

ममेति परमं दुःखं न ममेति परं सुखम् । २३-३५ ।

मोह, ममता रूपी बन्धन यस्तो मजबुत हुन्छ कि कुनै कारणले पनि छुट्दैन, जस्तो कामी पुरूषलाई रातमा निद्रा लाग्दैन र दिनमा धनार्जनको चिन्ताले सुख चैन हुँदैन । स्त्री सहवासको सुख भनेको लुतो जस्तो हो । मलमूत्र त्याग गर्दा जुन सुख मिल्छ त्यही सुख स्त्री सहवासले मिल्छ ।

विण्मूत्रस्य समुत्सर्गात्सुखं भवति यादृशम् ।
तादृशं स्त्रीषु विज्ञेयं मूढैः कल्पितमन्यथा ॥ २३-५८ ॥

यौवनमा स्त्री, पुरूषमा जुन प्रेम हुन्छ त्यो वृद्धावस्थामा प्राप्त भएपछि स्वतः शिथिल हुन पुग्छ । वृद्धावस्थामा त आफ्नै बान्धवहरूबाट तिरस्कृत हुनुपर्दछ । त्यसैले समयमै शिवशरण ग्रहण गर्दै धर्मार्थकाममोक्ष उपार्जन गर्नुपर्दछ ।

धर्ममर्थं च कामं वा मोक्ष वातिजरातुरः ।
अशक्तः साधितुं तस्माद्युवा धर्मं समाचरेत् ॥ २३-६५ ॥

स्त्री स्वभावलाई पञ्चचूडा अप्सराले पनि निन्दा गरेकी छिन् ।

पञ्चचूडा, नारद संवाद वर्णन

एकपल्ट देवर्षि नारदजीले व्यभिचारिणी अप्सरा पञ्चचूडासँग स्त्रीहरूको स्वभाव विषयमा उत्सुकतापूर्वक जिज्ञासा राखेका थिए ।

पञ्चचूडा- **कुलीनां नाथवन्त्यश्च रूपवन्त्यश्च योषितः ।**
मर्यादासु न तिष्ठन्ति स दोष स्त्रीषु नारदः ॥ २४-१५ ॥

हे नारद ! स्त्रीहरू पापका जड हुन् । स्त्रीहरू परिचित, धनी, रूपवान्, इच्छित पुरूष तथा साधुहरूको समीप गएर प्रतीक्षा गर्दैनन् । हामी स्त्रीहरूको यही अधर्म हो । हामी लज्जालाई

छोडेर पापी पुरुषको पनि सेवन गर्दछौं । पुरुषले स्त्रीको समीप गएर अलि-अलि सेवा गर्नासाथ स्त्री उसलाई मन पराउन थाल्छिन् । स्त्रीहरू कुरूप, सुरूप, टेढा, अन्धा, मूर्ख, पुङ्का पुरुषप्रति पनि आसक्त हुन्छन् ।

नाग्निस्तुष्यति काष्ठानां, नापागानां महोदधिः ।
नान्तकः सर्वभूतानां न पुंसां वामलोचनाः ॥ २४-२९ ॥

अर्थात् दाउरा पाएपछि अग्नि, नदीलाई प्राप्त गरी समुद्र, सबै प्राणीहरूलाई प्राप्त गरेर पनि यमराज सन्तुष्ट नभएझैँ स्त्रीहरू पुरुषलाई प्राप्त गरी सन्तुष्ट हुँदैनन् । किनभने पुरुषहरूलाई देख्नासाथ स्त्रीहरूको गुप्ताङ्ग रसिलो हुन पुग्छ ।

इदमन्यच्च देवर्षे रहस्यं सर्वयोषिताम् ।
दृष्ट्वैव पुरुषं सद्यो योनिः प्रक्लिद्यते स्त्रियाः ॥ २४-३० ॥

स्त्रीहरू रतिजन्य सुखबाटै आनन्द लिन्छन् र प्रसन्न रहन्छन् । धन, अलङ्कार, वस्त्र आदिबाट सन्तुष्ट हुँदैनन् । एकतर्फ काल, मृत्यु, पाताल, वडवानल, छुराको धार, विष, आगो राख्नु र अर्कातर्फ केवल स्त्री राख्नु दुवै समान हुन्छन् । ब्रह्माले सृष्टिदेखि ने दोषयुक्त बनाएका हुन् ।

यतश्च भूतानि महान्ति पञ्च यतश्च लोको विहितो विधात्रा ।
यतः पुमांसः प्रमदाश्च निर्मिताः सदैव दोष प्रमदासु नारदः ॥ २४-३५ ॥

पञ्चचूडा अप्सराले स्त्री विषयमा यसरी वर्णन गरेपछि नारदजी विरक्त हुन पुगे । यो प्रसङ्ग सुनेपपछि मनुष्य पनि वैरग्यको प्राप्ति गर्न पुग्छन् ।

अध्याय पञ्चविंश, षड्विंश

मृत्यु निकट आउँदाका लक्षणहरू, काललाई परास्त गर्ने सूत्र, नवधा शब्दब्रह्म र तुङ्कारको अनुसन्धान

व्यासजीले सन्निकट मृत्युको ज्ञान कसरी प्राप्त गर्ने भन्ने विषयमा सोधेपछि सनत्कुमारले शिवपार्वती बिचको संवाद सुनाउन थाले ।

पार्वती- **अद्यापि संशयस्त्वेकः कालचक्रं प्रति प्रभोः ।**
मृत्युचिह्नं यथा देव किं प्रमाणं यथायुषः ॥ २५-४ ॥

हे प्रभो ! कालचक्र, मृत्युचिह्न र आयु सम्बन्धी विषयको वर्णन गरी मेरो सन्देह

हटाइदिनुहोस् ।

शिव- हे भामिनी ! सर्वश्रेष्ठ शास्त्रसम्मत मत भन्दछु, जुन श्रवण गरेपछि कालचक्र सम्बन्धी ज्ञान हुनेछ । सुन,

६ महिनाभित्रमा मृत्यु हुने लक्षण

अकस्मात्पाण्डुरं देहमूर्ध्वरागं समन्ततः ।
तदा मृत्युं विजानीयात्षण्मासाभ्यन्तरे प्रिये ॥ २५-९ ॥

अर्थात् अकस्मात् शरीर सेतो या पहेँलो भई माथिबाट केही रातो देखिन थाल्यो भने ६ महिनाभित्रमा मृत्यु हुनेछ । मुख, कान, नेत्र र जिह्वा स्तम्भन भयो भने पनि ६ महिनाभित्रमा मृत्यु हुनेछ । त्यसै गरी भयानक ध्वनि सुनिएन भने, सूर्य, चन्द्र, अग्निको प्रकाश देखिएन भने, या अँध्यारो मात्र देखियो भने, मुख र घाँटी निरन्तर सुक्यो भने, जिब्रो बाक्लो भयो भने, दाँतमा फोहोर जम्मा भयो भने, आफ्नो छायाँ दर्पण, घिउ, तेल, जल आदिमा देख्न छेडियो भने, आकाशका ग्रह, नक्षत्र, तारा देख्न सकिएन भने पनि ६ महिनाभित्रमा मृत्यु हुनेछ ।

त्यसै गरी रातमा इन्द्रधनुष, मध्याह्नमा उल्कापात देखिएमा, गिद्ध र कागले घेरिएमा ६ महिनाभित्रमा मृत्यु हुनेछ ।

एक महिना आयु लक्षण

वामहस्तो यदा देवि सप्ताहं स्पन्दते प्रिये ।
जीवितं तु तदा तस्या मासमेकं न संशयः ॥ २५-१३ ॥

अर्थात् देब्रे हात एक हप्तासम्म फुरिरहनु, शरीर एकाएक सुन्निनु, तालु निरन्तर सुक्नु, आफ्नो छायाँ देख्न नसक्नु, यी सबै लक्षणले एक महिनाको आयु दर्शाउँछन् । त्यसै गरी शिरमा गिद्ध, काग, परेवा बस्यो भने, अकस्मात् हरियो झिँगाले घेऱ्यो भने, सूर्यचन्द्रको किरण देखिएन भने या देखे पनि रातो देखियो भने, पन्ध्र दिनदेखि एक महिनाभित्रमा मृत्यु हुनेछ ।

नाडीको गति अनुसार मृत्युको समय निर्णय

इडा आदि नाडी प्राणवायुलाई लिएर शरीरको तीन भागमा विचरण गर्छन्, जसलाई वाम, दक्षिण र मध्य गतिले जानिन्छ । यिनीहरूको सञ्चारण शरीरमा जस्तो हुन्छ, त्यसै अनुसार आयु मापन हुन्छ ।

(१) **वामाचार नाडीः** यदि २० दिनसम्म बायाँ (देब्रे) तिर नाडी निरन्तर चल्यो भने ६

महिनासम्म बाँच्छ । २५ दिन चल्यो भने ३ महिना, २६ दिनसम्म चल्यो भने २ महिना, २७ दिन चल्यो भने एक महिना, १० दिन मात्र चल्यो भने एक वर्ष पर्यन्तको आयु हुनेछ ।

सप्तविंश दिनमितं वहते त्वत्यविश्रमा ।
मासमेकं समाख्यातं जीवितं वामगोचरे ॥ २५-४८ ॥

यसै गरी ६ दिनसम्म प्राणवायु चढ्यो भने २ वर्ष ८ महिना ८ दिनपर्यन्त जीवित रहनेछ । १७ दिन चढ्यो भने १ वर्ष ७ महिना ६ दिनसम्मको आयु हुनेछ । यसै गरी ८ दिनसम्म चढ्यो भने २ वर्ष ४ महिना २४ दिनपर्यन्त, ९ दिनसम्म चढ्यो भने ५ महिना १२ दिन पर्यन्त, ११ दिनसम्म चढ्यो भने १ वर्ष ९ महिना ८ दिनपर्यन्त, १२ दिनसम्म चढ्यो भने १ वर्ष ७ महिना ६ दिनपर्यन्त, १३ दिनसम्म चढ्यो भने १ वर्ष ४ महिना २४ दिनपर्यन्त, १४ दिनसम्म चढ्यो भने १ वर्ष ६ महिना २४ दिनपर्यन्त, १५ दिनसम्म चढ्यो भने १ महिना २४ दिनपर्यन्त, १६ दिनसम्म चढ्यो भने १० महिना २४ दिनपर्यन्त, १७ दिनसम्म चढ्यो भने ९ महिना १८ दिनपर्यन्त, १८ दिनसम्म चढ्यो भने ८ महिना १२ दिनपर्यन्त, २३-२४ दिनसम्म चढ्यो भने ८ महिना ६ दिनपर्यन्त जीवित रहनेछ ।

प्राणवाहो यदा देवि त्रयोविंशद्दिनावधिः ।
चत्वारः कथिता मासाः षड्दिनानि तथोत्तरे ॥ २५-६६ ॥

(२) **दक्षिणाचार नाडीः** प्राणवायु दक्षिण भागबाट विचरण गर्दा निम्नानुसार आयु रहन्छ ।

२८ दिनसम्म चल्यो भने १५ दिनमा मृत्यु हुनेछ । १० दिनसम्म चल्यो भने १० दिनमा मृत्यु हुनेछ । ३० दिनसम्म चल्यो भने ५ दिनमा मृत्यु हुनेछ । ३१ दिनसम्म चल्यो भने ३ दिनमा मृत्यु हुनेछ । ३२ दिनसम्म चल्यो भने २ दिनमा मृत्यु हुनेछ ।

एकत्रिंशद्यदा देवि वहते च निरन्तरम् ।
दिन त्रयं तदा तस्य जीवितं हि न संशयः ॥ २५-७१ ॥

(३) **मध्यस्थ नाडीको गतिः** प्राणवायु मध्यस्थ भएमा या केवल मुखमा एकैतिर मात्र प्रवाहित भएमा २ घण्टासम्म बाँच्न सक्छ ।

एक भाग गतो वायुः प्रवाहो मुखमण्डले ।
धावमान प्रवाहेण दिनमेकं स जीवति ॥ २५-७३ ॥

योगीजनद्वारा कालमाथि विजय

त्यसपछि पार्वतीले कालमाथि कसरी विजय प्राप्त गर्न सकिन्छ भनेर सोधिन् ।

कालस्य वञ्चनं ब्रूहि यथा तत्त्वेन योगिनः । २६-१ ।

शिव- हे देवी ! काललाई कसैले पनि जित्न सक्तैन, किनभने यो पाञ्चभौतिक तत्त्वले बनेको

देह त्यसैमा नै विलय हुन जान्छ ।

पञ्चभूतात्मको देहः सदा युक्तस्तु तद्गुणैः ।
उत्पाद्यते वरारोहे तद्विलीनो हि पार्थिवः ॥ २६-१४ ॥

यो पञ्चमहाभूत क्रमशः महत्तत्त्वमा प्राप्त भइरहन्छ । त्यसमा पृथ्वी पाँच गुना, जल चार गुना, तेज तीन गुना, वायु द्विगुना र शब्द एक गुना हुन्छ । जब यी शब्द, स्पर्श, रूप, रस, गन्ध पाँचै गुणले आफ्नो धर्म छोड्छन्, अनि प्राणीले मृत्यु पाउँछ । जब यिनले आफ्नो धर्म ग्रहण गर्छन् तब जीव प्रकट हुन्छ । त्यसैले कालमाथि विजय प्राप्त गर्न, यी गुणहरूको विचार गर्नु जरुरी हुन्छ ।

पार्वती- **कथं जेजीप्यते कालो योगिभिर्योगवित्प्रभो ।**
ध्यानेन चाथ मन्त्रेण तत्सर्वं कथयस्व मे ॥ २६-२१ ॥

हे प्रभो ! योगीजनले कुन मन्त्र या कस्तो ध्यान गरी काललाई जित्न सक्छन् ? बताउनुहोस् ।

शिव- हे देवी ! योगीले एकान्तमा बसेर नवधा शब्दब्रह्मको निरन्तर अभ्यास गर्नुपर्दछ । आसन सुखद होस्, वातावरण शान्त होस्, शरीर स्फूर्तियुक्त होस्, निद्रा र आलस्यरहित होस् । त्यसपछि नवधा अनाहत शब्दब्रह्मको अभ्यास गर्नुपर्दछ । यसैबाट योगीले कालमाथि विजय प्राप्त गर्न सक्छन् । यी नवधा शब्दब्रह्मका नाम- घोष, कास्यशब्द, शृङ्ग, घण्टा, वीणा, बाँसुरी, दुन्दुभि, शङ्ख र मेघगर्जन हुन् । दुवै कानलाई तर्जनी औंलाले ढाकेर एक मुहूर्तसम्म राख्ने, अनि जठराग्निबाट प्रेरित अनाहत शब्द क्रमशः आउन थाल्छ र सुनिन थाल्छ ।

नवधा शब्दब्रह्मको परिचय

(१) घोषनाद- **प्रथमं नदते घोष आत्मशुद्धि करं परम् ।**
सर्वव्याधि हरं नादं वश्याकर्षणमुत्तमम् ॥ २६-४४ ॥

यो पहिलो नाद हो । यसले आत्माको शुद्धि एवं सबै रोगको नाश गर्छ । यो आकर्षणकारक उत्तम नाद हो ।

(२) कास्य नाद- यो दोस्रो नाद हो, यसले स्वेच्छा गतिलाई रोकेर विष तथा भूतग्रहहरूको नियन्त्रण गर्दछ ।

(३) शृङ्गनाद- यो तृतीय अवस्थाको नाद हो । साधकले यस अवस्थामा पुगेपछि शत्रुहरूको उच्चाटन या मारणमा प्रयोग गर्नुपर्दछ । अर्थात् यस कोटिमा पुगेपछि साधक शत्रुरहित हुन पुग्छ ।

(४) घण्टा नाद- **घण्टा नादं चतुर्थं तु वदते परमेश्वरः ।**

आकर्षं सर्वदैवानां किं पुनः मानुषा भुवि ॥ २६-४७ ॥

यस कोटिमा पुगेपछि साधकले देवताहरूलाई पनि आकर्षण गर्दछ ।

(५) **वीणानाद-** यस अवस्थामा पुगेपछि साधकलाई दूरदृष्टि प्राप्त हुन्छ । टाढाको पदार्थ देख्न सक्छ ।

(६) **वंशीनाद-** वंशी नादमा पुगेपछि साधक सबै तत्त्वहरूबाट भलीभाँती परिचित हुन पुग्छ ।

(७) **दुन्दुभि नाद-** यस अवस्थामा पुगेपछि साधक जन्म, मृत्यु, जरा आदिबाट मुक्त हुन पुग्छ ।

(८) **शङ्खनाद-** यहाँ पुगेपछि इच्छानुसार रूप धारण गर्न सक्छ ।

(९) **मेघनाद-** यस अवस्थामा पुगेपछि साधक सबै प्रकारका विपत्तिहरूबाट मुक्त हुन पुग्छ ।

तुङ्कारको अनुसन्धान

जसले नित्य केवल तुङ्कार रूपी शब्दब्रह्मको ध्यान गर्दछ, उसका सबै कार्य सिद्ध हुन्छन् । यो ध्यान गर्ने साधक सर्वज्ञ, सर्वदर्शी, स्वेच्छाचारी, विकाररहित भई साक्षात् शिव बन्न पुग्छ ।

सर्वज्ञ सर्वदर्शी च कामरूपी व्रजत्यसौ ।
न विकारैः प्रयुज्येत शिव एव न संशयः ॥ २६-५३ ॥

अध्याय सप्तविंश

अमरत्व प्राप्तिका चार यौगिक साधना

पार्वती- वायोस्तु पदमाप्नोति योगाकाशसमुद्भवम् ।
तन्मे सर्वं समाचक्ष्व प्रसन्नस्त्वं यदि प्रभो ॥ १ ॥

योगीले योगाकाशबाट प्राप्त वायुको पदलाई कसरी धारण गर्छ ?

शिव- योगी जब काललाई जितेर वायुस्वरूप हुन्छ अनि प्राणायाम आदि यौगिक साधनाहरू गरी काललाई जितेर स्वच्छन्द हुन पुग्छ । अब यिनीहरूको क्रिया क्रमशः बताउँछु । सुन-

(१) **प्राणायाम-** प्राणायाम सर्वोत्कृष्ट साधना हो । ज्ञान, विज्ञान, उत्साह, यसैबाट प्राप्त हुन्छ । प्राणायामद्वारा प्राणवायुलाई माथि चढाएर एकान्तमा बसेर व्याहृतिसहित तीनपटक गायत्री जप गर्नुपर्दछ । एकपल्ट ध्यानस्थ भएपछि साधक फेरि फर्किंदैन, अगाडि बढि नै रहन्छ ।

अद्यापि न निवर्तन्ते योगध्यान परायणाः । १० ।

प्राणायाम गर्ने साधक जरा, मृत्युलाई जितेर स्वेच्छाचारी हुन पुग्छ । ऊ सिद्धपुरूषभैँ समान रूप, कान्ति, बुद्धि, पराक्रम, शूरता प्राप्त गरी वायुभैँ प्रशंसनीय सुख पाउँछ ।

(२) **भ्रूमध्यमा अग्निको ध्यान**

यो अर्को यौगिक प्रक्रिया हो । साधकले कोलाहलरहित, एकान्त, सुखद स्थान एवम् आसनमा रही ध्यान गर्दा, सूर्यचन्द्रको जहाँ मिलित प्रकाश हुन्छ, दुइटै आँखीभौंको बिचमा, अन्धकारमय अवस्थामा पनि निःसन्देह प्रकाश देख्छ । त्यसपछि आँखालाई औंलाले रगडी तारालाई हेर्नुपर्छ र केही क्षणपर्यन्त ध्यान गर्नुपर्छ । यसो गरेपछि त्यहाँ सेतो, रातो, पहेँलो, कालो एवम् इन्द्रधनुषभैँ ईश्वरको कान्ति, आभा देख्न पुग्छ ।

ततस्तु तमसि ध्यायन्पश्यति ज्योतिरैश्वरम् ।
श्वेतं रक्तं तथा पीतं कृष्णमिन्द्रधनुष्प्रभम् ॥ १९ ॥

त्यसपछि दुइटै आँखीभौंको बिचमा बालसूर्यको भैँ तेज जानेर स्वेच्छाचारी योगी स्वतन्त्र भएर क्रीडा गर्दछ । त्यसपछि आवेशलाई शान्त गर्न, अर्को शरीरमा प्रवेश गर्न, अणिमादि गुणहरूको प्राप्ति, मनबाटै सबै थोक देख्न सक्ने, दूर श्रवण, दृश्यादृश्य हुने, अनेक रूप धारण गर्ने तथा आकाश गमनादि सिद्धि प्राप्त हुन्छ । त्यो महान् सूर्यभैँ प्रकाशनमा अन्धकारदेखि पर परमात्मालाई म जान्दछु । त्यसलाई जानेपछि मृत्युदेखि छुट्छ र यही मोक्ष हो ।

वेदाहमेतं पुरूषं महान्तमादित्यवर्णं तमसः परस्तात् ।
तमेवविदित्वाति मृत्युमेति नान्यः पन्था विद्यते अयनाय ॥ २५ ॥

(३) **मुखबाट वायुपान-** यो तृतीय अवस्था हो । साधकले स्थिर मन, सुखद आसन, ढाडको हड्डी सीधा गरी, हात जोडेर, चराको चुच्चोभैँ मुखाकृति बनाएर, बिस्तारै-बिस्तारै प्राणवायु पिउँदै जाँदा केही क्षणमा माथि तालुमा रहेको जीवन प्रदान गर्ने जलविन्दु भर्दछ र त्यो शीतल जललाई वायुको सहाराले पान गर्नुपर्दछ । यसो गर्ने साधक मृत्युलाई जितेर दिव्य देहधारी तथा महातेजस्वी हुन्छ ।

पिवन्ननुदिनं योगी न मृत्यु वशगो भवेत् ।
दिव्यकायो महातेजाः क्षुत्पिपासाविवर्जितः ॥ ३१ ॥

त्यतिमात्र होइन, साधक बलमा हात्तीभैँ, तीव्र गतिमा घोडाभैँ, दृष्टिमा गरूडभैँ, टाढैबाट श्रवण गर्ने शक्ति, गन्धर्व तथा विद्याधरभैँ रूपवान् एवम् वृहस्पतिभैँ मेधावी हुन पुग्छ ।

(४) जिह्वाले घाँटीको स्पर्श- यो चौथो प्रक्रिया हो, साधकले आफ्नो जिब्रोलाई तालुतिर मोड्नुपर्दछ । यस अभ्यासले जिब्रो कण्ठस्थित भुन्डिएको कौवा छुन थाल्छ । जब स्पर्श हुन्छ जिब्रोलाई शीतल अमृतको प्राप्ति हुन्छ । त्यसपछि संसारतारक, पापनाशक, कालबाट बच्ने साररूपी अमृतले शरीर पवित्र भएपछि, साधक भोक र प्यासबाट मुक्त हुन्छ ।

रेफाग्रं लम्बकाग्रं करतलघटनं शुभ्रपद्मस्य बिन्दो
स्तेनाकृष्टा सुधेयं पतति परपदे देवतानन्दकारी ।
सारं संसारतारं कृत कलुषतरं कालतारं सतारं
येनेदं प्लाविताङ्गं स भवति न मृतः क्षुत्पिपासाविहीनः ॥ ३७ ॥

हे देवी ! यी चार प्रकारका यौगिक क्रियाले युक्त भएको साधक पृथ्वी त के सम्पूर्ण संसारको सुख प्राप्त गरी सबै दुःखबाट मुक्त हुन पुग्छ ।

अध्याय अष्टाविंश

छाया पुरुषको वर्णन

देवी पार्वतीले छायापुरुष सम्बन्धी सविस्तार वर्णन गर्न अनुरोध गरेपछि-

शिव- **शृणुदेवि प्रवक्ष्यामि छायापुरुष लक्षणम् ।**
यज्ज्ञात्वा पुरुषः सम्यक् सर्वपापैः प्रमुच्यते ॥ ३ ॥

देवी ! छायापुरुषको लक्षण सुन, जुन जानेपछि साधक सबै पापबाट मुक्त हुन्छ । सूर्य या चन्द्रमालाई पछाडि गरेर, सेतो वस्त्र र माला धारण गर्ने, अनि गन्ध, धूप आदिले सुगन्धित पार्ने र नवाक्षर मन्त्र, 'ॐ नमो भगवते रूद्राय' को स्मरण गर्दै आफ्नो छायालाई हेर्ने, त्यसपछि आकाशतिर मन लगाएर जगत्को कारणरूप शिवलाई स्मरण गरेपछि साधकका सबै पाप भस्म भई क्रमशः शुद्ध हुन पुग्छ । यस स्थितिमा आफ्नो छायाको शिर आफैँले देखिएन भने ६ महिनाभित्रमा मृत्यु हुनेछ । यदि श्वेतवर्ण देखियो भने धर्मको वृद्धि, कृष्णवर्ण देखियो भने पापको वृद्धि, रक्तवर्ण देखियो भने बन्धनको कारक र पहेँलो वर्ण देखिएमा शत्रुबाधा भनी जान्नुपर्छ ।

शुक्ले धर्मं विजानीयात्कृष्णे पापं विनिर्दिशेत् ।
रक्ते बन्धे विजानीयात्पीते विद्विषमादिशेत् ॥ ९ ॥

त्यसै गरी नासिका छायामा देखिएन भने बन्धुनाश, मुख नदेखिएमा भोकमरीको सङ्केत,

कटिहीन देखिएमा स्त्रीहीन या स्त्रीनाश, जङ्घारहित देखिएमा धनको नाश र चरणरहित देखिएमा विदेशगमन हुन्छ । यसै गरी छायापुरुषको चिन्तन गर्दै नवाक्षर मन्त्रको एक वर्षपर्यन्त जप गऱ्यो भने अणिमादि सिद्धि प्राप्त हुन्छ । अभ्यासबाटै योगको वृद्धि र सिद्धि, ज्ञान र मोक्ष मिल्छ ।

अभ्यासः सततं कार्यो धीमता मोक्षकारणम् । २३ ।

अध्याय एकोनत्रिंश, त्रिंश, एकत्रिंश

आदि सृष्टि वर्णन, स्वयम्भू मनुको सृष्टि

(२९-३३ सृष्टिसम्बन्धी वर्णन)

शौनकजीले सृष्टि विषयमा सोधेपछि सर्वप्रथम आदिसृष्टि सम्बन्धी विषयदेखि नै सूतजीले वर्णन गर्न थाल्नुभयो ।

सूतजी- प्रधानं पुरुषो यत्तन्नित्यं सदसदात्मकम् ।
प्रधानपुरुषो भूत्वा निर्ममे लोकभावनः ॥ २९-४ ॥

जो नित्य सदसत् रूप तथा सम्पूर्ण ब्रह्माण्डको उत्पत्ति गर्ने प्रधान पुरुष हुन्, उनले नै सृष्टिको निर्माण गरेका हुन् । उनलाई ब्रह्मा, स्वयम्भू, हिरण्यगर्भ आदि नामले पुकारिन्छ । जब जब सृष्टि हुन्छ, त्यति बेला ब्रह्माले सृष्टि, विष्णुले पालन र महेशले विनाश गर्दछन् ।

ब्रह्मा सृष्टि हरिः पाता संहर्ता च महेश्वरः ।
तस्य सर्गस्य नान्योऽस्ति काले काले तथा गते ॥ २९-९ ॥

जब ब्रह्माले 'एकोऽहम् बहुस्यामः' हुने विचार गरे, तब सर्वप्रथम नार (जल) को सृष्टि गरे । त्यही जलमा वीर्य (बीज) आधान गरे । जल नै नरको पुत्र हुन्, त्यसैमा त्यो बीज वृद्धि भएपछि नारायण भयो । त्यो खण्डाकार बीजलाई ब्रह्माले दुई भाग गरे । बिचको भाग केही खोलिराखे जो आकाश हुन पुग्यो भने माथिको भागले सात लोक र तलतिर (आकाशमुनिको भाग) सात लोकको निर्माण भयो ।

नारायणको नाम कसरी रहन गयो ?

आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः ।
अयनं तस्य ता पूर्वं तेन नारायणः स्मृतः ॥ २९-११ ॥

त्यसपछि ब्रह्माले क्रमशः मन, वाणी, काम, क्रोध, रतिलाई उत्पन्न गरे, अनि सप्तर्षि (मरीच, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, वशिष्ठ) उत्पन्न गरे । यसै गरी सनत्कुमार

ऋषिगण, क्रोधबाट एकादश रुद्र उत्पन्न गरे । त्यसपछि बिजुली, वज्र, मेघ, अग्नि, इन्द्रधनुषहरू उत्पन्न गरे ।

यसै गरी ब्रह्माले सृष्टि विस्तार गर्ने क्रममा मुखबाट देवता, वक्षस्थलबाट पितृ, जङ्घाबाट असुरगण उत्पन्न गरे । यज्ञ सम्पादन गर्न ऋक्, यजु, सामवेद उत्पन्न गरे । यति गरिसकेपछि पनि सृष्टि विस्तार चित्तबुझ्दो भएन अनि मैथुन सृष्टिको विस्तार गर्ने विचार गरी आफ्नो शरीरलाई दुई भागमा विभाजन गरेर अर्धनारीश्वर बने ।

सृज्यमानाः प्रजाश्चैव नावर्धन्त यदा तदा ।
द्विधा कृत्वात्मनो देहं स्त्री चैव पुरुषोऽभवत् ॥ २९-२४ ॥

पुरुष मनु र स्त्री शतरूपा नामले विख्यात भए । यिनीहरूबाटै सम्पूर्ण चराचरमा मैथुन सृष्टिको विकास भयो । यसैलाई आदि सर्ग भनेर नामकरण गरियो ।

स्वयम्भू मनुको सृष्टि विस्तार

स्वयम्भू शतरूपाबाट दुई पुत्र प्रियव्रत र उत्तानपाद एवम् तीन पुत्री आकूति, देवहुति र प्रसूति जन्मिए । यिनीहरूकै वंश अगाडि गएर सम्पूर्ण सृष्टि विस्तारका आदिम सभ्यताका मेरुदण्ड हुन पुगे ।

कर्दमबाट काम्या कन्या पैदा भइन् । काम्याबाट तीन पुत्र, सम्राट, साक्षी, अविटप्रभु उत्पन्न भए । उत्तानपादका अनेक सन्तान भए जसमा एक तेजस्वी ध्रुव भए । यिनले तीन दिव्य सहस्र वर्षपर्यन्त अविनाशी स्थान प्राप्तिका लागि तपस्या गरे । ब्रह्मा प्रसन्न भएर उनलाई सप्तर्षिगण भन्दा अगाडि आफ्नै समान अचल स्थान प्रदान गरे ।

ध्रुवो वर्ष सहस्राणि त्रीणि दिव्यानि कानने ।
तपस्तेपे स बालस्तु प्रार्थयन्स्थानमव्ययम् ॥ ३०-९ ॥

ध्रुवका पुष्टि र धान्य नामका दुई सन्तान भए । यिनीहरूकै वंशमा अगाडि चाक्षुष नामका पुत्र भए जो मन्वन्तराधिप भए । यिनका पुत्र वरुण भए । यिनकै वंशमा पछि अङ्ग नामका राजा भए । यिनकी पत्नी सुनीथाबाट वेन नामको दुराचारी राजा भयो, जसलाई ऋषिहरूले हुङ्कार गरी संहार गरे । त्यसपछि सुनीथाले ऋषिहरूसँग सन्तान प्राप्तिको याचना गरेपछि वेनको शरीर मन्थन गरे, जसबाट पृथु र अर्चि उत्पन्न भए जो साक्षात् विष्णुलक्ष्मीका अवतार थिए ।

वेनस्य पाणौ मथिते सम्बभूव ततः पृथुः । ३०-१९ ।

पृथुले आफ्नो समयमा गाईरूपी पृथ्वीलाई दोहन गरे, जसमा देवता, ऋषि, दैत्य, राक्षस, मनुष्य आदिले आफ्नो-आफ्नो अभीष्ट पात्रमा इच्छित वस्तु दोहन गरे । पृथुका विजिताश्व र हर्यक्ष नामक दुई पुत्र भए । पछि यिनकै वंशमा प्राचीनवर्हिष नामका पुत्र भए, यिनका

समुद्रकन्या स्त्रीबाट दश पुत्र भए जो प्राचेतस नामले प्रख्यात भए, यी सबै धनुर्वेदी र तपस्वी भए ।

सर्वे प्राचेतसा नाम्ना धनुर्वेदस्य पारगाः ।
अपृथग्धर्माचरणास्तेऽतप्यन्त महत्तपः ॥ ३०-२८ ॥

प्राचेतसले १० हजार वर्षसम्म समुद्रभित्र रही रूद्रगीतको जप गर्दै तपस्या गरे । तपस्या सकेर बाहिर निंस्कँदा आफ्नो मुखको श्वासले अग्नि र वायु उत्पन्न गरी वृक्षहरूलाई जलाउँदै नाश गर्न थाले । यस्तो देखेर चन्द्रमाले उनीहरूलाई रोके ।

चन्द्रमा- कोयं यच्छत राजानः सर्वे प्राचीनवर्हिर्षः ।
अनुभूतानुकन्येयं वृक्षाणां वरवर्णिनी ॥ ३०-३४ ॥

वनस्पतिका राजा चन्द्रमाको कुरा सुनेर प्राचेतसले माने र वृक्षहरूकी कन्या वार्क्षीसँग विवाह गरे । यिनैबाट दक्षको जन्म भयो । पछि दक्षलाई प्रजापति पदमा नियुक्त गरियो । दक्षले सृष्टि विस्तार गर्ने क्रममा चर, अचर दुई र चार खुट्टे जीवहरूको सृष्टि गरे । त्यसपछि दक्षले वीरणी नामकी कन्यासँग विवाह गरी हर्यश्व संज्ञक १० हजार र शबलाश्व संज्ञक एक हजार पुत्र उत्पन्न गरे तर नारदजीको उपदेशले यी सबै सन्यासी भए । दक्ष कुपित भई नारदजीलाई श्राप दिए ।

तच्छ्रुत्वा शापमात्रुद्धो मुनये दुःसहं ददौ ।
कुत्रचिन्न लभस्वेति संस्थितिं कलहप्रिय ॥ ३०-४५ ॥

त्यसपछि ब्रह्माले दक्षलाई सम्झाए र पुनः प्रजा सृष्टि विस्तार गर्न आज्ञा दिए । यसपटक दक्षले गुणवती ६० कन्या उत्पन्न गरे । यिनीहरूमध्ये १० जनाको विवाह धर्मराजसँग, १३ जनाको कश्यपसँग, २७ कन्याको चन्द्रमासँग, ४ कन्याको अरिष्टनेमिसँग, बाँकी २-२ पुत्रीको ब्रह्मपुत्र अङ्गिरा र कृशाश्वसँग भयो । यिनीहरूबाटै देव, असुर, गन्धर्व, सर्प, दैत्य, यक्ष, राक्षस, नाग आदिको सृष्टि विस्तार भयो ।

धर्मराजका पत्नीको नाम र सन्तान

अरुन्धती वसुर्यामिर्लम्बा भानुर्मरुत्वती ।
सङ्कल्पा च मुहूर्ता च सन्ध्या विश्वा च वै मुने ॥ ३१-१९ ॥

विश्वाबाट विश्वेदेव, सन्ध्याबाट साध्य गण, मरूत्वतीबाट मरूत्वान्, वसुबाट अष्टवसु, भानुबाट द्वादश आदित्य, मुहूर्ताबाट मुहुत्तेज, लम्बाबाट घोष, यामिबाट नागविथी, अरून्धतीबाट पृथ्वी, विषम, सङ्कल्पाबाट सङ्कल्प आदि पुत्र उत्पन्न भए । यिनीहरूकै कुलमा काल, वर्चा, हुतहव्यवह, पुरोजव, कुमार, देवल, विश्वकर्मा, एकादशरूद्र आदि सन्तानहरूको विस्तार हुन पुग्यो ।

अध्याय द्वात्रिंश

कश्यप ऋषिका पत्नी एवम् सन्तानहरूको वर्णन

सूतजी भन्नुहुन्छ- हे शौनकादि ऋषिहरू ! कश्यप मुनिका पत्नीहरू अदिति, दिति, सुरसा, अरिष्टेला, दनु, सुरभि, विनिता, इला, ताम्रा, क्रोधवशा, कद्रु, मुनि । अदितिबाट द्वादशादित्य उत्पन्न भए ।

यसै गरी चन्द्रमाका २७ पत्नीहरू नै नक्षत्रका नामले प्रसिद्ध भए । अरिष्टनेमिबाट १६ पुत्र उत्पन्न भए । कृशाश्वबाट देवप्रहरण पुत्र जन्मिए । अर्चिष नामकी स्त्रीबाट धुम्रकेश नामको पुत्र भयो । उनका स्वधा र सती दुईवटी पत्नी थिए । स्वधाबाट पित तथा सतीबाट वेद र अङ्गिरा उत्पन्न भए ।

कश्यपपत्नी दितिबाट हिरण्याक्ष र हिरण्यकशिपु नामक दुई शक्तिशाली पुत्र उत्पन्न भए । हिरण्कशिपुबाट अनुह्लाद, संह्लाद, प्रह्लाद आदि पुत्र भए जसमध्ये प्रह्लाद महान् विष्णुभक्त भए । प्रह्लादबाट विरोचन र बलि दुई पुत्र भए । बलिका एक सय पुत्रमध्ये ज्येष्ठ शिवभक्त बाणासुर भयो, जसले शिवगणमा गणपति पद प्राप्त गरेको थियो ।

बलिरासीन्महाशैवः शिवभक्तिपरायणः ।
दानशील उदारश्च पुण्यकीर्तितपाः स्मृतः ॥ २१ ॥

हिरण्याक्षबाट पाँच महाबली पुत्र कुकुर, शकुनि, भूत, सन्तापन, महानाद र कालनाभ भए । यसै गरी कश्यपपत्नी दनुबाट एक सय पुत्र भए जसमा अयोमुख, शंवर, कपोल, वाम, वैश्वानर, पुलोमा, विद्रावण, महाशिर, स्वर्भानु, वृषपर्वा, विप्रचित्ति, प्रमुख भए । पछि गएर यिनीहरूको वंशमा अनेक सन्तान उत्पन्न भए जसमा प्रभा, शची, हयशिरा, शर्मिष्ठा, पुलोमा, पुलोमिका, वृषपर्वा र वैश्वानर कन्या भए जसको मरीचसँग विवाह भयो ।

विप्रचित्तिकी पत्नी सिंहिकाको गर्भबाट सैंहिकेय नामक तेह्र पुत्र भए । संह्लादको कुलमा निवात, कवच नामक दैत्य भए । त्यही कुलमा तपस्या गरी मरुतहरूको जन्म भयो । ताम्राबाट सत्त्वगुण सम्पन्न षण्मुख आदि पुत्र भए । त्यसै गरी काकीबाट काग, श्येनीबाट चील, उलूकीबाट उल्लु, भासबाट गिद्ध, मुर्गा, शकुन्त आदि, गृधीबाट गदा, शुकबाट सुगा, सुग्रिवीबाट शुभ पक्षीहरू उत्पन्न भए ।

विनीताबाट अरुण र गरूडा पक्षीराज भए । सुरसाबाट अनेक फणवाला आकाशचारी पुत्र भए, जसमा शेष, वासुकी, तक्षक, ऐरावत, महापद्म, कम्वल, अश्वतर प्रमुख भए । ऐलबाट

पनि अनेक फणावाला सर्पहरूको जन्म भयो, जसमा पद्म, कर्कोटक, धनञ्जय, महानील, महाकर्ण, धृतराष्ट्र, बलाहक, कुहर, पुष्पदन्त, दुर्मुख, सुमुख, बहुश, खररोमा, पाणि आदि थिए । क्रोधवशाबाट दाडवाले, अण्डज एवम् जलजन्तुहरूको जन्म भयो । वराहीबाट पशु सन्तानहरूको जन्म भयो । सुरभिबाट खरायो र भैंसीको जन्म भयो । इलाबाट वृक्ष, लता, वल्ली, तृण आदि उत्पन्न भए । खसाबाट यक्ष, राक्षस, मुनि तथा अप्सरा उत्पन्न भए । यी सबै कश्यपका वंश मानिन्छन् । यिनीहरूका पुत्र, पौत्र हजारौंको सङ्ख्यामा छन्, जसबाट नै सम्पूर्ण विश्व व्याप्त हुन पुग्यो । यो सबै स्वारोचिष मन्वन्तरको सृष्टि थियो ।

अध्याय त्रयस्त्रिंश

मरुतोत्पत्ति तथा भूतसर्ग वर्णन र उनीहरूको विस्तार

सूतजी- हे ऋषिहरू हो ! अब वैवस्वत मन्वन्तरमा वरुण यज्ञको विस्तार भएपछि ब्रह्माले गरेको सृष्टि विस्तार बताउँछु । ब्रह्माले सबैभन्दा पहिले सात मानसपुत्रहरू उत्पन्न गरे । पछि दितिपुत्र दैत्यहरूलाई देवताहरूले नाश गरेपछि दितिले पति कथ्यपसँग देवतालाई परास्त गर्ने शक्तिशाली पुत्र याचना गरिन् । महातपस्वी कश्यपले दितिलाई इच्छित वर प्रदान गरे र एक सय वर्षसम्म ब्रह्मचर्य आदि नियमहरूलाई पालन गर्ने उपदेश पनि दिए । यता दितिले गर्भाधान गरिन् । नियमहरूको पालन पनि हुन थाल्यो । इन्द्रलाई यो असह्य भयो र व्रत नियमलाई विघ्न गर्ने इच्छाले दितिको सेवा गर्न थाल्यो । उन्नान्सय वर्ष पुगेपछि एक दिन दितिले हातपाउ नधोइकन सुतिन् । उचित अवसर पारेर इन्द्र सूक्ष्म रूपले दितिको गर्भमा प्रवेश गरे र गर्भस्थ शिशुलाई ७ टुक्रा पारे ।

एतस्मिन्नन्तरे शुक्रस्तस्या कुक्षिं प्रविश्य सः ।
वज्रपाणिस्तु तं गर्भं सप्तधा हि न्यकृन्तत: ॥ ३३-११ ॥

त्यसपछि तिनीहरू रुन थाले । फेरि प्रत्येकका अरू ७-७ टुक्रा गरे । रुनलाई रोक्दै भने, 'मा रोद ।' मरुत नामले ४९ मरुद्गण प्रसिद्ध भए । इन्द्रले उनीहरूलाई आफ्नो भाइ स्विकारेपछि आकाशचारी महाबली उन्नान्चास मरुत इन्द्रका सहायक भए । प्रजापतिले मरुतलाई सम्पूर्ण जगत्मण्डल नै राज्यको रूपमा प्रदान गरे ।

यता ब्रह्माले वेन पुत्र पृथुलाई पृथ्वीको राजा बनाउँदा अरूलाई पनि अन्य क्षेत्रहरूको राजा बनाए ।

द्विजानां विरुधां चैव नक्षत्रग्रहयोस्तथा ।
यज्ञानां तपसां चैव सोमं राज्येऽभ्यषेचयत् ॥ ३३-२० ॥

अर्थात् ब्राह्मण, नक्षत्र, ग्रह, यज्ञ, तप, वृक्षको राजा सोमलाई बनाए

कसलाई केको राजा बनाए ?

जलका राजा वरूण, राजाहरूका राजा वैश्रवण, आदित्यहरूका राजा विष्णु, वसुहरूका राजा अग्नि, प्रजापतिका राजा दक्ष, मरूत्तहरूका राजा इन्द्र, दैत्य र दानवहरूका राजा प्रह्लाद, पितरहरूका राजा वैवस्वत र यमलाई बनाए । त्यसै गरी मातृका, व्रत, मन्त्र, गाई, यक्ष, राक्षस, भूत, पिशाच तथा पार्थिवका राजा शूलपाणि शिवलाई नियुक्त गरे । यसै गरी पर्वतका राजा हिमालय, नदीका राजा समुद्र, मृगका राजा सिंह, गाईका राजा साँढे, वनस्पतिका र वृक्षहरूका राजा वरगद ।

वनस्पतीनां वृक्षाणां वटं राज्येऽभ्यषेचयत् । ३३-२६ ।

पूर्व दिशाका राजा प्रजापतिपुत्र वैराज, दक्षिणदिशाका राजा कर्दमपुत्र सुधन्वा, पश्चिम दिशाका राजा रजसपुत्र अच्युत तथा महात्मा केतुमान् र उत्तर दिशाका राजा दुर्धष र हिरण्यरोमालाई नियुक्त गरे । यो सबै वैनपुत्र पृथुको राज्य विस्तारको वर्णन भयो । यो प्राचीन स्थान महान् ऋद्धियुक्त भनिएको छ ।

अध्याय चतुस्त्रिंशत्

चौध मन्वन्तरहरूको वर्णन

शौनकादि ऋषिहरूले मन्वन्तर विषयमा सोधेपछि

सूतजी- **स्वयम्भुवो मनुश्चैव ततः स्वारोचिषस्तथाः ।**
उत्तमस्तामसश्चैव रैवतश्चाक्षुषस्तथा ॥ २ ॥

हे शौनकजी ! प्रत्येक मन्वन्तरमा जम्मा १४ मनु हुन्छन्, जसको नाम स्वयम्भू, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुस, वैवस्वत, सावर्णि, रौच्य, ब्रह्सावर्णि, धर्मसावर्णि, रूद्रसावर्णि, देवसावर्णि, इन्द्रसावर्णि । यी मनुहरू हजारौं युगपर्यन्त कल्पको निर्माण गर्दछन् । यीमध्ये ६ वटा मन्वन्तरको समय सकिएको छ भने अहिले सातौं मनुको समय चलिरहेको छ । बाँकी सात मन्वन्तर यसपछि हुनेछन् । अब, ती यशस्वी मन्वन्तरका प्रर्वतक, मुनिहरूका देवता, ऋषि र पुत्रहरूका बारेमा भन्दछु ।

(१) **स्वयम्भू मन्वन्तर-** स्वयम्भू मनु पहिलो हुन् । यस मन्वन्तरमा सप्तर्षि मनु, मरीच, अत्रि, अङ्गिरा, पुलह, ऋतु, पुलस्त्य र वशिष्ठ भए । मनुबाट दश पुत्र पैदा भए जो

आग्नीध्र, अग्निबाहु, मेधा, मेधातिथि, वसु, ज्योतिष्मान्, धृतिमान्, हव्य, सवन र शुभ्र । यस मन्वन्तरमा इन्द्रको नाम यज्ञ थियो । यज्ञ र दक्षिणाबाट उत्पन्न याम आदि बाह्र देवता यस मन्वन्तरमा थिए ।

(२) **स्वारोचिष मन्वन्तर-** यस मन्वन्तरमा सप्तर्षि ऊर्जस्तम्भ, परस्तम्भ, ऋषभ, वसुमान्, ज्योतिष्मान्, द्युतिमान् र रोचिष्मान् थिए । यस मन्वन्तरमा इन्द्रको नाम रोचन थियो । देवता तुषित थिए । मनुबाट हरिहन, सुकृति, ज्योति, अयोमूर्ति, अय, स्मय, प्रथित, मनस्यु, नभ र सूर्य गरी दश पुत्र भए । यी सबै शक्तिशाली एवम् पराक्रमी थिए ।

स्वारोचिषस्य पुत्रास्ते मनोर्दश महात्मनः ।
कीर्तिताः मुनिशार्दूलः महावीर्या पराक्रमाः ॥ १७ ॥

(३) **उत्तम मन्वन्तर-** यस मन्वन्तरमा वशिष्ठका सात पुत्र वाशिष्ठ नामले प्रसिद्ध सप्तर्षि थिए । सत्यजित नामका इन्द्र थिए । सत्यवेद, श्रुत आदि देवता थिए । यस मन्वन्तरमा पनि मनुबाट दश पुत्र भए जो द्वष, ऊर्जित, ऊर्ज, मधु, माधव, शुचि, शुक्रवह, नभस, नभ, र ऋषभ थिए । यी सबै शक्तिशाली र पराक्रमी थिए ।

(४) **तामस मन्वन्तर-** यस मन्वन्तरमा, गार्ग्य, पृथु, वाग्मी, जय, धाता, कपीनक, कपिवान् र सप्तर्षि भए । सत्य देवता थिए । त्रिशिख नामका इन्द्र भए । यस मन्वन्तरमा पनि मनुबाट दश पुत्र भए जसका नाम द्यूतिपोत, सौतपस्य, तप, शूल, तापन, तपोरति, अकल्माष, धन्वी, खड्गी र महानृषि थियो । यी सबै पराक्रमी थिए ।

(५) **रैवत मन्वन्तर-** यस मन्वन्तरमा देववाहु, जय, देवशिर, हिरण्यरोमा, पर्जन्य, ऊर्ध्वबाहु, सोमप सप्तर्षि थिए । देवता, भूत, रज, तप थिए, इन्द्र पदमा विभु थिए । यी तामस मनुका भाइ थिए ।

(६) **चाक्षुष मन्वन्तर-** यस मन्वन्तरमा रुचि प्रजापतिका पुत्र रौच्य मनु थिए । यिनकी पत्नीको नाम भूति थियो । यिनबाट भौत्य नामका पुत्र भए ।

(७) **वैवस्वत मन्वन्तर-** यिनी वर्तमान मन्वन्तरका अधिपति हुन् । यिनका इक्ष्वाकु आदि दश पुत्र भए । यस समयमा कश्यप, अत्रि, भरद्वाज, वशिष्ठ, विश्वामित्र, गौतम, जमदग्नि, सप्तर्षि छन् । आठौं मनु सावर्णि, नवौं रोच्यक्षावर्णि, दशौं ब्रह्मसावर्णि, एघारौं धर्मसावर्णि, बाह्रौं रूद्रसावर्णि, तेह्रौं देवसावर्णि र चौधौं इन्द्रसावर्णि हुनेछन् । एक मन्वन्तरमा ७१ चार युगको समय हुन्छ । मनुष्यको वर्ष हिसाबले चार युगको जोड गर्दा ४ लाख बत्तीस हजार हुन्छ । यसलाई ७१ ले गुणा गर्दा एक मन्वन्तरको काल हुन्छ । दुई हजार मन्वन्तरको एक कल्प हुन्छ । प्रत्येक मन्वन्तरमा सप्तर्षि, मनु, इन्द्र, देवता, मनुपुत्र यी पाँच मिलेर प्रजाको वृद्धि, पालन एवम् रक्षा गर्दछन् ।

अध्याय पञ्चत्रिंश

वैवस्वत मन्वन्तर वर्णन

सूतजी- विवस्वान् कश्यपाज्जज्ञे दाक्षायण्यां महाऋषेः ।
तस्य भार्याऽभवत्संज्ञा त्वाष्ट्री देवी सुरेणुका ॥ १ ॥

महर्षि कश्यपकी पत्नी दाक्षायणीबाट विवस्वान् (सूर्य) को जन्म भयो । संज्ञा, त्वाष्ट्री र रेणुका यी तिनवटी पत्नी सूर्यका थिए । सूर्यपत्नी संज्ञाबाट श्राद्धदेव मनु, र यम-यमुना जुम्ल्याहा गरी जम्मा तीन सन्तान भए । यता संज्ञाले आफ्नो पतिको तेज सहन गर्न सकिनन् र योगबलको सहारा लिई छाया उत्पन्न गरिन् र उनलाई पतिसँग छोडेर आफू भने पिताको घर गइन् तर पिताजीले उनलाई पति (सूर्य) सँगै फिर्ता जान भनेपछि लज्जित भएर घोडीको रूप धारण गरी उत्तर कुरुदेशमा गएर बस्न थालिन् ।

अगच्छद् वडवा भूत्वाच्छाद्य रूपं ततः स्वकम् ।
कुरूस्तदोत्तरान् प्राप्य तृणान्येव चचार ह ॥

यता छायाले पतिको सेवा गर्न थालिन् । सूर्यले पनि छायालाई संज्ञा नै सम्झेर व्यवहार गरिरहे । यिनीहरूबाट सावर्णि मनुको जन्म भयो । छायाले स्वाभाविक रूपमा आफ्नो छोराप्रति ज्यादा स्नेह गर्न थालेको देखेर यमलाई क्रोध आयो र गालीगलौज गर्दै लात्ती प्रहार गर्न चरण उठाए । यो देखेर छायाले तुरुन्त पाउ झर्ने श्राप दिइन् ।

चरणः पतततामेष तवेति भृशरोषितः । १७ ।

त्यसपछि यमले पितालाई सबै वृत्तान्त बताए र माताको स्नेह सबै सन्तानमा बराबरी हुनुपर्ने माग गरे । मेरो चरण पनि नझरोस् भने । पिताले सबै कुरा सुनेपछि भने, 'माताको श्राप मिथ्या हुँदैन, यसमा पनि विशेष कारण होला, त्यसैले आफूलाई आश्वस्त राख, तिम्रो रक्षा हुनेछ ।'

यता पुत्र यमलाई सान्त्वना दिएर पत्नी छायालाई यस्तो व्यवहार किन गर्‍यौ ? भनेर सोध्दा छायाले सबै वृत्तान्त सत्य बताइन् । त्यसपछि सूर्य आफ्नी पत्नीको खोजी गर्न ब्रह्मासामु गएर सोधे । ब्रह्माले उत्तर दिँदै भने, 'तिम्रो तेजलाई सहन गर्न नसकेर अहिले उनी घोडी बनेर उत्तर कुरु जङ्गलमा छिन् । म तिम्रो रूप सुन्दर बनाइदिन्छु र घोडाको रूपमा जानू भने ।' ब्रह्माले सुन्दर रूप बनाइदिएपछि सूर्य पनि घोडाको रूपमा संज्ञालाई खोज्दै कुरु जङ्गलमा गए । दुवै जनाको भेट त भयो, तर परपुरुष सम्झेर संज्ञा तुरुन्त भागिन् । यता सूर्य कामातुर भएर वीर्य स्खलित भयो । त्यसपछि संज्ञाले आफ्नो पति भन्ने चिनिन् र स्खलित वीर्यलाई आफ्नो नासिकामा धारण गरिन् जसबाट अश्विनीकुमारको जन्म भयो ।

मुखतो नासिकायां तु शुक्रं तद्व्यदधान्मुने ।
देवौ ततः प्रजायेतामश्विनौ भिषजां वरौ ॥ ३४ ॥

त्यसपछि संज्ञालाई लिएर सूर्य आफ्नो घर आए । अश्विनीकुमार देवताहरूका वैध पदमा नियुक्त भए । यमलाई पनि दिक्पाल पदमा नियुक्त गरियो, जसले धर्मराज पदवी प्राप्त गरी पितरहरूको स्वामित्व प्रदान गरियो । उता यमुना पवित्र नदी बनेर सबैलाई पवित्र गराउन थालिन् ।

अभवत्सा सरिच्छ्रेष्ठा यमुना लोकपावनी । ४२ ।

जसले यो आख्यान सुन्छ-सुनाउँछ, उसले आपत्तिबाट मुक्त भई सुयश प्राप्त गर्छ ।

अध्याय षट्त्रिंश

मनुवंश वर्णन

सूतजी- हे शौनकादि ऋषिहरू हो !

वैवस्वत मनुका दश पुत्र भए । यद्यपि शिवपुराणमा नौ पुत्र मात्र उल्लेख गरिएको छ । त्यसैगरी कविको ठाउँमा प्रियव्रत पुत्र भनिएको छ । पृषधको नाम उल्लेख छैन । नौ पुत्रको नाम हो- इक्ष्वाकु, दिष्ट, धृष्ट, नृग, शर्याति, नरिष्यन्त, करूष, नाभाग, प्रियव्रत ।

इक्ष्वाकुः शिबिनाभागौ धृष्टः शर्यातिरेव च ।
नरिष्यन्तोऽथ नाभागः करुषश्च प्रियव्रतः ॥ २ ॥

मनुले पुनः पुत्रप्राप्तिको इच्छा राखेर पुत्रेष्टि यज्ञ गर्दा मनुपत्नीको सल्लाह अनुसार होताहरूले पुत्री प्राप्तिको यज्ञ सुसम्पन्न गरे, जसको फलस्वरूप ईला नामकी कन्या जन्मिन् । यिनै ईला र बुधको सहवासले पुरूरवाको जन्म भयो जो उर्वशीका पति भए । पुरूरवा जन्मेपछि शिवकृपाले ईलाले पुरुषत्व प्राप्त गरिन्, जसको नाम सुद्युम्न भयो । सुद्युम्नबाट तीन सन्तान, उत्कल, गय, विनिताश्व भए, जो उत्कल (उडीसा) विनिताश्वका सन्तान पश्चिमी ब्राह्मण र गय पूर्व दिशाका ब्राह्मण भए । पछि मनुले ईक्ष्वाकु आदि १० पुत्रहरूलाई पृथ्वीको राज्यभार सुम्पेर सूर्यमा विलीन भए । इक्ष्वाकुले मध्य देशको राज्य उपभोग गरे । नरिष्यन्तबाट शकको जन्म भयो । नभगबाट उत्पन्न बाल्हेयले बाल्हेय क्षेत्र उपभोग गरे । शर्यातिबाट मिथुन भए जो आनर्त नामबाट प्रसिद्ध भए । शर्यातिकी पुत्री सुकन्याले च्यवन ऋषिसँग विवाह गरिन् । आनर्तका बान्धव रैम्य, रेवत नामले विख्यात भए जसको कुशस्थलीपुरी आनर्त देशमा रहेको छ र यो सप्तपुरीमध्ये श्रेष्ठ मानिन्छ ।

आनर्तका एक सय पुत्रमध्ये ज्येष्ठ ककुद्मी भए । यिनकै सुपुत्री रेवती भइन् । यिनलाई

सुयोग्य वर को होला ? भन्ने जिज्ञासा राखेर ब्रह्मालाई सोध्न गए । पछि यदुवंशमा उत्पन्न श्रीकृष्णका भ्राता बलदेवसँग विवाह गरिदिएका थिए । यी सबै शर्यातिका वंश मानिए । त्यसैगरी दिष्ट र नाभाग मनुपुत्र ब्राह्मणोचित धर्ममा लागे । धृष्ट पुत्रबाट धार्ष्ट करूषबाट कारूष यी क्षत्रिय हुन पुगे । मनुपुत्र नृग महादानी भए ।

नृगो यो मनुपुत्रस्तु महादाता विशेषतः ।
नाना वसूनां सुप्रीत्या विप्रेभ्यश्च गवां तथा ॥ ५० ॥

नृगले गोदान गरेको गाई ब्राह्मणको घरबाट फिर्ता आएको थियो । नृगलाई थाहा भएन । त्यो गाईलाई पुनः दान गर्नाले छेपारो योनिमा जानुपर्‍यो, जसलाई कृष्णले उद्धार गरेका थिए । पृषधलाई गुरूले गौरक्षका लागि नियुक्त गरेका थिए । यिनले रात्रिमा सिंह गर्जन सुनेर खड्गले बाघलाई मार्न झम्टे तर अँध्यारामा गाईको बाछो काटिन पुग्यो । बिहान मात्र थाहा भयो । गुरूले उनलाई गौवधको दोष लगाउँदै शूद्र योनिको श्राप दिए ।

अकामतो विचार्येति शूद्रो भव न क्षत्रियः । ५८ ।

त्यसपछि पृषध वनमा गएर तपस्या गरी परम गति प्राप्त गरे । मनुपुत्र कवि शिवको कृपाले विद्वान् भए जसले लोकमा सुखभोग गरी अन्तमा दुर्लभ मुक्ति प्राप्त गरे ।

अध्याय सप्तत्रिंश

इक्ष्वाकु वंशवर्णन

सूतजी- **पूर्वतस्तु मनोर्जज्ञे इक्ष्वाकुर्घ्राणतः सुतः ।**
तस्य पुत्रशतं त्वासीदिक्ष्वाकोर्भूरिदक्षिणाम् ॥ १ ॥

मनुको नासिकाबाट इक्ष्वाकु पैदा भए । यिनका दानशील एक सय पुत्र उत्पन्न भए । त्यसपछि यो आर्यावर्तमा अनेक राजा भए । उनीहरूमध्ये सबैभन्दा ज्येष्ठश्रेष्ठ विकुक्षी अयोध्याका राजा भए । यिनले श्राद्धका लागि ल्याएको खरायोमध्ये एउटा खरायोलाई क्षुधातृप्तिका लागि भक्षण गरे र यिनी शशाद हुन पुगे । यसको फलस्वरूप केही समय वनमा रहे । पछि वशिष्ठ मुनिको कृपाले इक्ष्वाकु हुँदै नै विकुक्षी राजा भए । त्यसपछि यिनीहरूको वंशमा कुबलाश्व राजा भए । यिनले पिता एवम् उत्तंक मुनिको आज्ञाले समुद्रमुनि लुकेर बसेको धन्धु नामको राक्षसलाई वध गर्न सफल भएकाले यिनको अर्को नाम धन्धुमार भयो । पछि गएर प्रतापी युवनाश्व राजा भए । युवनाश्वका पुत्र मान्धाता भए, जो त्रिलोकमा प्रसिद्ध थिए । मान्धाताका पुरूकुत्स र मुचुकुन्द दुई पुत्र भए । पुरूकुत्सबाट त्र्यारूणि भए जो कवि

एवम् विद्वान् थिए । यिनका पुत्र सत्यव्रत भए जो अत्यन्त पराक्रमी थिए ।

पुरुकुत्ससुतस्त्वासीद्विद्वांस्त्रय्यारुणि कविः
तस्य सत्यव्रतो नाम कुमारोऽभून्महाबली ॥ ४७ ॥

सत्यव्रत असत् मार्गमा प्रवृत्त उपद्रवी थियो । महात्मालाई दुःख दिने गर्थो । यसले परस्त्रीलाई अपहरण गरी राखेको थियो । पुत्रको दुष्कर्मबाट राजा त्र्यारुपणि दुःखी भए ।

जहार कन्यां कामाच्च कस्यचित्पुरवासिनः । ४९ ।

राजाले पुत्रलाई सन्मार्गमा ल्याउन अनेक उपाय गरे तर सफल हुन सकेनन् । अन्तमा चाण्डाल हुने श्राप दिएर घरबाटै निकालिदिए । त्यसपछि राजा विरक्त भए र वनमा गई शिवको आराधना गर्न थाले ।

यता त्यसै समयमा १२ वर्षसम्म अनावृष्टि भयो । यही समयमा सत्यव्रतले विश्वामित्र पत्नी र पुत्रहरूको रक्षा गरे । विश्वामित्र तपस्या गर्न समुद्रतटमा गएका थिए । अनावृष्टिले अकाल निम्त्यायो । पृथ्वी अन्नादिबाट वञ्चित भइन् । विश्वामित्रपत्नीले सन्तानलाई भरणपोषण गर्न असमर्थ भइन् र माहिलो पुत्रलाई घाँटीमा डोरीले बाँधेर विक्रय गर्न निस्किन् । यो दृश्य शूद्र सत्यव्रतले देख्यो र भरणपोषणको रक्षा गर्ने वचन दियो र पुत्र विक्रय गर्न रोकेर घर पठायो । त्यसपछि चाण्डाल सत्यव्रतले विश्वामित्रको परिवारको रक्षा गर्न थाल्यो । प्रतिदिन भोजनको व्यवस्था गर्न थाल्यो । घाँटीमा डोरीले बाँधेको पुत्र पछि गएर महान् ऋषि गालव हुन पुगे ।

तदारभ्य स पुत्रस्तु विश्वामित्रस्य वै मुनेः ।
अभवद्गालवो नाम गलबन्धात्महातपाः ॥ ५९ ॥

अध्याय अष्टत्रिंश

सत्यव्रत, त्रिशङ्कु तथा सगर आदिको जन्म चरित्र

सूतजी- **सत्यव्रतस्तु तद्भक्त्या कृपया च प्रतिज्ञया ।**
विश्वामित्रकलत्रं च पोषयामास वै सदा ॥ १ ॥

चाण्डाल सत्यव्रतले विश्वामित्र ऋषिका परिवारलाई भक्तिपूर्वक रक्षा गर्न थाले । प्रतिदिन जङ्गलमा गएर हरिण, बँदेल, अर्ना आदि जङ्गली पशुहरूको वध गरी आफू पनि खान्थे र विश्वामित्रको आश्रममा पनि छोड्थे ।

यता मुनि वशिष्ठ राज्यका सहयोगी, याजक, उपाध्याय आदिसँग मिलेर राज्यको रक्षा

गर्न थाले, किनकि राजा थिएनन् र स्वयम् राजपुरोहित थिए । वशिष्ठले चाहेका भए सत्यव्रतलाई श्रापमुक्त गरी राज्याभिषेक गर्न सक्तथे । पिता त्र्यारुणिले श्राप दिँदा क्षमा गर्न सक्तथे, तर त्यसो गरेनन्, त्यसैले सत्यव्रत गुरु वशिष्ठप्रति क्रोधित छँदै नै थिए । यसै बिचमा अर्को सङ्कट आइलाग्यो त्यो के भने सत्यव्रतले सिकार गर्दा केही भेटेनन् । भोकप्यासले सताएको थियो । संयोगवश सम्पूर्ण इच्छाहरू पूर्ण गर्ने गाईलाई देख्यो । त्यो वशिष्ठकै गाई थियो । वशिष्ठसँगको क्रोध र आफ्नो चाण्डाल धर्मको वशमा परी गोवध गरेर खाए र विश्वामित्रको पुत्रलाई पनि भक्षण गराए ।

दाशधर्मगतो राजा तां जघान स वै मुने ।
स तं मांसं स्वयं चैव विश्वामित्रस्य चात्मजम् ॥ ११ ॥

यस्तो घृणित एवम् निन्दनीय कार्यले वशिष्ठ अत्यन्त क्रोधित भए । तीनवटा निन्दनीय कार्य (१. पितालाई दुःख, २. गुरूको गाईको वध गर्नु, ३. अप्रोक्षित (जल मार्जन नगरिएको) मांस भक्षण गरेको हुनाले उनले सत्यव्रतलाई त्रिशङ्कु हुने श्राप दिए ।

त्रिशंकु इति होवाच त्रिशंकु इति स स्मृतः । १५ ॥

त्यसपछि सत्यव्रत गुरुको श्रापलाई शिरोधार्य गर्दै त्रिशंकु भएर वनमै विचरण गर्न थाले । अनावृष्टका साथ १२ वर्ष पूर्ण भयो । विश्वामित्रले पनि तपस्या पूर्ण गरी घर फर्किए । राजपुत्र सत्यव्रतको सहयोगले आफ्नो परिवार जीवित रहेको थाहा भयो, जसले गर्दा उनी अत्यन्त प्रसन्न भए । त्यसपछि विश्वामित्रले त्रिशङ्कु सत्यव्रतका लागि यज्ञ गराए । पिताको राज्य दिलाए, विवाह गराए, सत्यव्रतबाट हरिश्चन्द्र जन्मिए । पछि आफ्नो योगबल र तपोबलले सशरीर स्वर्ग पठाए ।

मिषतां देवतानां च वशिष्ठस्य च कौशिकः ।
सशरीरं तदा तं तु दिवमारोहयत्प्रभुः ॥ १८ ॥

हरिश्चन्द्रपछि उनका पुत्र रोहित राजा भए । रोहितका पुत्र वृक र उनका पुत्र बाहु राजा हुँदा हैहयवंशी तालजङ्घले राज्यच्युत गरे । उनी ओर्व मुनिको शरणापन्न भए । भार्गवद्वारा रक्षित भएर गरसहित सगर नामको पुत्र पैदा भए ।

सगरं ससुतं बाहुर्जज्ञे सह गरेण वै । २३ ।

सगर प्रकट वर्णन

राजा बाहु व्यसनी थिए । हैहयवंशी तालजन्घलाई यो राम्ररी थाहा थियो, त्यसैले उसले उचित अवसर पारेर यवन, पारद, कम्बोज, पाल्हव एवम् बाहूदक गणहरूको साथ लिएर बाहुमाथि आक्रमण गर्‍यो । बाहुले हारे अनि रानीहरूलाई लिएर वनमा गए । केही समयपछि

राजाले प्राण त्यागे । यता बाहुकी पत्नी यादवी गर्भिणी थिइन् । उनलाई सौतेनीले ईर्ष्यावश पहिले नै विष पिलाएकी थिइन् । यता राजा बाहुसँगै सती हुन तयार भइन् तर भार्गव ऋषिले गर्भस्थ शिशु हुँदा सती जानु हुँदैन भन्दै उनलाई रोके ।

सा तु भर्तुश्चितां कृत्वा ज्वलनं चावरोहत ।
ओर्वस्तां भार्गवो राजन्कारुण्यात्समवारयत् ॥ ३४ ॥

त्यसपछि रानी शिवको ध्यान एवम् स्मरण गर्दै ओर्वमुनिको आश्रममै बस्न थालिन् । समय आएपछि शुभमुहूर्तमा विषसहित बालकको जन्म भयो र मुनिले जातकर्म एवम् नामकरण गराउँदा बालकको नाम सगर राखियो । पछि ओर्व मुनिले नै वेद तथा शस्त्रास्त्र सम्बन्धी ज्ञान सगरलाई सिकाए । त्यसपछि सगरले हैहयवंशी राजाहरूको संहार गरी राजा भए । उनान्सय अश्वमेध यज्ञ गरे । जब सयौं अश्वमेघ यज्ञको समय आयो तब राजाले विधिवत् अश्वलाई पूजार्चना गरी छोडे । यता इन्द्र पहिलेदेखि नै सन्त्रस्त थिए । १०० यज्ञको अश्व छोडेपछि अश्वलाई चोरेर कपिलमुनिको आश्रममा लगेर राखे । अश्व हराएपछि राजाले आफ्ना साठी हजार पुत्रलाई अश्वको खोजी गर्न नियुक्त गरे । पिताको आज्ञा पाउनासाथ पुत्रहरू चारै दिशा अश्वको खोजीमा निस्किए । अन्त्यमा कपिलमुनिको आश्रममा अश्व प्राप्त भयो । क्रोधमा आएर अपशब्द उच्चारण गर्दै मुनिलाई गालीगलौज गर्न थाले । कोलाहल सुनेर कपिलमुनिको समाधि टुट्यो र उनले आँखा खोले । आँखा खोल्नासाथै उनको आँखाबाट अग्निज्वाला निस्कियो र सगरका साठी हजार पुत्रमध्ये चार पुत्रबाहेक सबै त्यहीँ भस्म हुन पुगे ।

तस्य चक्षुः समुत्थेन वह्निना प्रतिबुध्यतः ।,
दग्धा षष्टि सहस्राणि चत्वारस्त्ववशेषिताः ॥ ५३ ॥

सगरका जीवित ४ पुत्र थिए । हर्षकेतु, सुकेतु धर्मरथ र शूर पञ्चजन । त्यसपछि सगर राजाले १०० अश्वमेध यज्ञ सुसम्पन्न गरे । भगवान् श्रीहरि प्रकट भएर पाँचवटा वर प्रदान गरे- वंशवृद्धि, बुद्धि, कीर्ति, धन, एवम् सुमुख पुत्र ।

प्रादाच्च तस्मै भगवान् हरिः पञ्च वरान्स्वयम् ।
वंशं मेधां च कीर्तिश्च सुमुखं तनयं धनम् ॥ ५५ ॥

यस्तो महनीय कार्यले राजा सगरले सागरत्व (गाम्भीर्य) प्राप्त गरे । त्रिलोकमा उनको यश एवम् कीर्ति फैलियो ।

अध्याय एकोनचत्वारिंशत्

राजा सगरका दुई पत्नीबाट उत्पन्न पुत्रहरूको वंश वर्णन

सूतजी- राजा सगरका दुई पत्नी थिए, ओर्व मुनिको कृपा एवम् आशीर्वादले एक रानीबाट साठी हजार पुत्र र अर्की रानीबाट वंशवृद्धि गर्ने एक पुत्र अंशुमान् उत्पन्न भए । साठी हजार पुत्र घृतकुण्डबाट उत्पन्न गरी धाय माताले पालनपोषण गरेकी थिइन् । राजा सगरको शेषपछि अंशुमान् राजा भए । उनीबाट दिलीप र दिलीपबाट भगीरथ राजा भए, जसले गङ्गाजीलाई यस धराधाममा अवतरण गर्न सफल भए ।

दिलीपतनयस्तस्य पुत्रो यस्य भगीरथः ।
यस्तु गङ्गां सरिच्छ्रेष्ठामवातारयत प्रभुः ॥ ७ ॥

समुद्रले गङ्गालाई पुत्री रूपमा स्वीकार गरे । राजा भगीरथपछि नाभाग, अम्बरीष, मित्रसह (कल्माषपाद) हुँदै खट्वाङ्ग, दीर्घबाहु, रघु, अज, दशरथ एवम् राम राजा भए जो विष्णु भगवान्का अंश मानिन्छन् ।

रामो दशरथाज्जज्ञे धर्मात्मा यो महायशाः ।
स विष्ण्वंशो महाशैव पौलस्त्यो येन घातितः ॥ १७ ॥

रामले पौलस्त्यपुत्र रावणको वध गरे । रामपछि कुश अतिथि, निषद, नल, नभ, देवानिक, सहस्वान हुँदै इक्ष्वाकु वंशका अन्तिम राजा सुमित्र हुनेछन् । त्यसपछि कलियुग समाप्त भई सत्ययुगको प्रारम्भ हुनेछ ।

सुमित्रं प्राप्य राजानं स तद्वंश शुभः कलौ ।
संस्थां प्राप्स्यति तद्ब्राह्मे वर्धिष्यति पुनः कृते ॥ ४३ ।

जसले आदित्य विवस्वान् श्राद्धदेव मनु एवम् सूर्य वंशको वर्णन पढ्ने या सुन्नेछ उसले पुत्र पौत्रादि आदिको सुखभोग गरी अन्त्यमा सायुज्य मुक्ति प्राप्त गर्नेछ ।

अध्याय चत्वारिंशत्, एकचत्वारिंशत्, द्विचत्वारिंशत्

श्राद्धकल्प, पितृश्राद्ध, सप्तव्याध गति तथा श्राद्ध माहात्म्य वर्णन

(यी ३ अध्यायमा श्राद्धको महत्त्व वर्णन गरिएको छ ।)

(यो प्रसङ्ग सूतले शौनकलाई, सनत्कुमारले मार्कण्डेय मुनिलाई तथा भीष्मले युधिष्ठरलाई सुनाएका छन् ।)

भीष्म- हे युधिष्ठिर ! श्राद्ध गर्नाले पितृहरू खुसी भई सबै खाले आशीर्वाद प्रदान गर्छन् । श्राद्ध गर्नाले धर्मको वृद्धि, सन्तानहरूको वृद्धि, पुष्टि, धन एवम् आरोग्यता प्राप्त हुन्छ ।

पितरो धर्मकामस्य प्रजाकामस्य च प्रजाम् ।
पुष्टिकामस्य पुष्टिं च प्रयच्छन्ति युधिष्ठिर ॥ ४०-१४ ॥

त्यति मात्र होइन, मैले स्वयम् अफ्ना पिताश्री शन्तनुलाई पिण्ड दिंदा उनले स्वयम् मेरो हातबाट पिण्ड ग्रहण गरे ।

श्राद्धकाले मम पितुर्मया पिण्डः समुद्यत ।
मत्पिता मम हस्तेन भित्वा भूमिमयाचत ॥ ४०-२० ॥

मलाई इच्छामृत्यु रूपी वरदान प्रदान गरे, जो त्रिलोकमै सुदुर्लभ थियो । त्यसैले श्राद्ध अवश्य गर्नुपर्दछ ।

पितृहरूको उत्पत्ति

सनत्कुमारजी- हे मार्कण्डेयजी ! ब्रह्माले सर्वप्रथम देवताहरूको सृष्टि गरे र उनीहरूलाई आफ्नो पूजा गर्न आज्ञा दिए । यता फलेच्छा राख्ने देवताहरूले आफ्नै आत्माको पूजारम्भ गरे । ब्रह्मालाई क्रोध आयो र चेतना नष्ट हुने श्राप दिए ।

ते शप्ताः ब्रह्मणाः मूढाः नष्टसंज्ञा भविष्यथ । ४०-४५ ।

श्रापित देवता किंकर्तव्यविमूढ भए र ब्रह्मालाई नै प्रायश्चित्त गर्ने उपाय सोद्धा ब्रह्माले भने, 'तिमीहरू सबै ब्रह्मवादी छैनौ, त्यसैले सबै इच्छा पूरा गर्नका लागि देवता र पितृहरूको पूजार्चना गर्नुपर्दछ, अनि मात्र मनोरथ पूर्ण हुनेछ । मैले तिमीहरूझैँ पितृहरूको पनि सृष्टि गरेको छु जो तिमीहरूका पनि वन्दनीय छन् । त्यति मात्र होइन, श्राद्धकर्म भलीभाँती गर्नाले सबै थोक प्राप्त हुन्छ । श्राद्धले सन्तानवृद्धि, वंश परम्पराको अखण्डता तथा चन्द्रादि लोकको प्राप्ति हुनेछ । श्राद्धमा नाम, गोत्र उच्चारण गरी तीन पिण्ड प्रदान गर्नाले सबै मनोरथ प्राप्त हुन्छ ।

श्राद्धे ये च प्रदास्यन्ति त्रीन्पिण्डान्नामगोत्रतः ।
भावयिष्यन्ति सततं श्राद्धदानेन तर्पिताः ॥ ४०-५७ ॥

यसरी देवता र पितृहरू आपसमा धर्मले पुत्र भए र भूलोकमा एकअर्काका पितृ मानिए ।

एवं ते पितरो देवा धर्मतः पुत्रतां गताः ।
अन्योऽन्यं पितरो वै ते प्रथिताः क्षितिमण्डले ॥ ४०-६० ॥

पितृसर्ग वर्णन

स्वर्गमा सात पितृगण छन् । यिनीहरूमा चार मूर्तिमान् छन् भने तीन अमूर्तिमान् आकाररहित

छन् । यिनीहरूलाई पहिले देवताहरूले पूजार्चना गर्छन् पछि ब्राह्मणहरूले गर्छन् । उनीहरू योगबलले पहिले चन्द्रमालाई तृप्त गर्छन्, त्यसैले चाँदीको पात्रमा अथवा चाँदीयुक्त पात्रमा श्राद्धदान गर्नुपर्दछ । श्राद्धमा अग्नि, सोम र यमलाई आह्वान गरी पुरोहितलाई दिएको स्वधाले पितृहरूलाई तृप्त गर्दछ । प्रसन्न भएका पितृहरूले पुष्टि, वंशवृद्धि, स्वर्ग, स्वास्थ्यलाभ प्रदान गर्दछन् । पितृकार्य देवकार्यभन्दा श्रेष्ठ हुन्छ ।

देवकार्यादपि मुने पितृकार्यं विशिष्यते । ४१-७ ।

त्यसैले एकै दिनमा दुईवटै कार्य गर्नुपर्‍यो भने पहिले पितृकार्य र पछि देवकार्य गर्नुपर्दछ । योगभन्दा पनि शक्तिशाली पितृ हुन्छन्, त्यसैले पितृभक्ति गर्नुपर्दछ ।

सप्तव्याधागति वर्णन

मार्कण्डेयजी- हे भीष्मजी ! अब कल्याणकारक सप्तव्याधाहरूको गति श्रवण गर्नुहोस् । ब्राह्मण भरद्वाजका सात पुत्रहरू, वाग्दुष्ट, क्रोधन, हिंस्र, पिशुन, कवि, स्वसृष तथा पितृवर्ती, योगधर्मलाई प्राप्त गरेर पनि पछि दुराचारी भई भ्रष्ट भएका थिए । यिनीहरू विश्वामित्रपुत्र गर्ग मुनिका शिष्य थिए । पिता भरद्वाजको देहान्तपछि यिनीहरू परदेशमा गएर उतै बस्न थाले ।

एकपल्ट गुरु गर्गको आज्ञानुसार दुधालु कपिला गाई बाछोसहित ल्याउने क्रममा यिनीहरूले अन्याय गरेका थिए । कवि र स्वसृषले गाई मागे तर दिएनन् र उल्टै झगडा गरी गोवध गरे । यता प्रतिदिन श्राद्ध गर्ने पितृवर्तीले यो अनर्थ भयो, त्यसैले पितृहरूलाई लक्ष्य गरी सावधानीपूर्वक श्राद्ध गरौं, जसका पुण्यले गाई धर्ममा प्राप्त हुनेछिन् र हामी पापकर्मबाट पनि बच्नेछौं भने ।

यथाशक्यं प्रकर्तव्यं पितृनुद्दिश्य साध्यताम् ।
पितृनभ्यर्च्य धर्मेण नाधर्मो नो भविष्यति ॥ ४१-१७ ॥

त्यसपछि उनीहरूले गाईलाई स्नान गरी पितरलाई समर्पण गरेर आफ्नो कार्य सिद्ध गरे । उता गुरु गर्गसामु आएर भने, 'वनमा सिंहले गाईलाई मार्‍यो । हामीले बाछो बचाएर ल्यायौं ।

शार्दूलेन हता धेनुर्वत्सो वै गृह्यतामिति । ४१-२० ।

नराम्रो कार्य गरेकाले सातै पुत्रहरूलाई गौहत्याको पाप लाग्यो । एकातिर गौहत्या र अर्कातिर गुरुसमक्ष असत्य बोलेर छल गरे । यही पापले गर्दा ती सातै पुत्रले आयु क्षीण भई मृत्यु प्राप्त गरे ।

सप्तव्याधाको दोस्रो जन्म- अर्को जन्ममा उनीहरूले दशार्ण देशमा व्याधाको घरमा जन्म लिए, त्यसैले उनीहरू यो जन्ममा सप्तव्याधा नामले चिनिए । पूर्वजन्मको गुरुकृपाले गर्दा

यस जन्ममा व्याधाको घरमा जन्मिएर पनि धर्माचरण गर्दै कालञ्जर पर्वतमा बस्न थाले ।

जाता व्याधा दशार्णेषु सप्त धर्मविचक्षणाः ।
ते सर्वे शुभकर्माणः सद्धर्माणो वनेचराः ॥ ४१-२९ ॥

तपस्वीहरूको संरक्षण, सम्वर्द्धन प्राप्त गरी धर्माचरण गर्दै समय व्यतीत गर्दै अन्त्यमा मृत्यु वरण गरे ।

सप्तव्याधाको तेस्रो जन्म- तृतीय जन्ममा उनीहरू मृगयोनिमा जन्मिए र त्यही कालञ्जर पर्वतमा नै पूर्वजन्मको धर्माचरणले शान्त, धर्मज्ञ, तपस्वी जीवन व्यतीत गर्न थाले । मनुष्येतर योनिमा जन्मेर पनि धर्माचरण गर्दै अन्त्यमा मृत्यु वरण गरे ।

सप्तव्याधाको चौथो जन्म- चौथो जन्ममा उनीहरू शरद्वीप क्षेत्रमा चखेवा पक्षी योनिमा जन्मिए । पूर्ववत् ज्ञानी, तपस्वी, निरहङ्कार, धार्मिक, सङ्गरहित, शान्तमय भएर मानसरोवर आदि क्षेत्रमा जलजीव भएर जीवन व्यतीत गर्दै अन्त्यमा मृत्यु वरण गर्न पुगे ।

सप्तव्याधाको पाँचौं जन्म- पाँचौं जन्ममा यिनीहरू कुरुक्षेत्रमा ब्राह्मण कुलमा वेद-वेदाङ्ग पारङ्गत, धर्मनिष्ठ, सदाचारी भएर जन्मे । यसै जन्ममा यिनीहरूले परम् शिवभक्त भई पूर्वकृत सम्पूर्ण पापहरूको प्रायश्चित्त गरे । यस सन्दर्भमा यी श्लोक विशेष महत्त्वका साथ गाइन्छन् ।

सप्तव्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ ।
चक्रवाकाः शरद्वीपे हंसा सरसि मानसे ॥ ४२-२२ ॥
तेऽभिजाताः कुरुक्षेत्रे ब्राह्मणा वेदपारगाः ।

अध्याय त्रिचत्वारिंशत्

व्यासपूजन विधि वर्णन

शौनकजी प्रश्न गर्नुहुन्छ- हे सूतजी मुनि ! आचार्य पूजन विधि एवम् शिवपुराण श्रवण गरिसकेपछि के गर्नुपर्दछ ? कृपया भन्नुहोस् ।

ग्रन्थस्य श्रवणान्ते हि किं कर्तव्यं तदप्यहो । १ ।

सूतजी- भक्तिले कथा श्रवण गर्नु नै व्यासजीको पहिलो पूजन हो । आचार्य व्यासजीलाई उच्च मानसम्मान दिएर यथायोग्य सेवा गर्नुपर्दछ । सुवर्ण, आभूषण, दक्षिणा, वस्त्र, बाछोसहित गौदान, शक्ति भए भूमिदान, गृहदान, हात्ती-घोडा आदि दान गर्नुपर्दछ ।

ग्रामो गजो ह्ययश्चापि यथाशक्त्यपराणि च ।
मुने सर्वाणि देयानि वाचकाय महात्मने ॥ ६ ॥

विधिपूर्वक कथाश्रवण एवम् शक्ति अनुसार दानमानले व्यासजीको सम्मान गर्नुपर्दछ । यसो गर्नाले सम्पूर्ण इच्छापूर्ति हुन्छ र इह एवम् परलोक दुवै सुध्रिन्छ, कल्याण हुन्छ ।

अध्याय चतुश्चत्वारिंशत्

व्यासजीको जन्म, काशीमा व्यासेश्वर लिङ्गस्थापना, अठाह्र पुराणको परिचय

शौनकादि ऋषि- व्यासोत्पत्तिं महाबुद्धे ब्रूहि सूत दयानिधे ।
कृपया परया स्वामिन् कृतार्थान्नः कुरु प्रभो ॥ १ ॥

हे दयानिधि सूतजी ! कृपया व्यासजीको जन्म आदि प्रसङ्ग श्रवण गराउनुहोस् ।

सूतजी- हे शौनकादि ऋषि हो ! व्यासजीको सङ्क्षिप्त परिचय श्रवण गराउँदछु, सुन- एकपल्ट योगी पराशर तीर्थाटनका लागि जाँदै थिए । रमणीय यमुना नदीको तटमा पुगे । त्यति बेला निषाध (धीवर) भोजन गर्दै थिए । मुनिले नदी पार गराइदिन अनुरोध गरे ।

निषादमाह धर्मात्मा कुर्वन्तं भोजनं तदा ।
नयस्व यमुनापारं जलयानेन मामरम् ॥ ५ ॥

धीवर आफू व्यस्त भएकाले पुत्री मत्स्यगन्धालाई आदेश दिँदै भने- हे पुत्री ! यिनलाई नाउमा बसाएर नदी पार गराइदेऊ । यिनी दृश्यन्तीको गर्भबाट जन्मेका, महान् तपस्वी, चारै वेदका पारङ्गत, धर्म-समुद्र पार गर्ने पराशर योगी हुन् । पिताको आज्ञालाई शिरोधार्य गर्दै धीवरकन्याले पराशरलाई नाउमा बसाएर यमुना पार गराउन थालिन् ।

यता शिवमायाले मोहित भएर पराशर मुनिले कामातुर हुँदै धीवर कन्याको दाहिने हात पक्रिन पुगे । यिनी दिव्य अप्सराहरूबाट पनि मोहित भएका थिएनन् तर आज दुर्गन्धयुक्त मत्स्यगन्धाबाट मोहित हुन पुगे । यो देखेर मत्स्यगन्धाले भनिन्-

मत्स्यगन्धा- 'तपाईं यो निन्दित कर्म किन गर्दै हुनुहुन्छ ? तपाईं त वशिष्ठको कुलमा जन्मिनुभएको हो । म धीवर निषाद कुलमा जन्मिएकी कन्या हुँ । त्यसै पनि मनुष्य जन्म लिन पाउनु नै महान् हो । त्यसमा पनि ब्राह्मण, त्यो पनि तपस्वी हुनु झनै दुर्लभ हो ।'

दुर्लभं मानुषं जन्म ब्राह्मणत्वं विशेषतः ।
तत्रापि तापसत्वं च दुर्लभं मुनिसत्तम ॥ १३ ॥

त्यति मात्र कहाँ हो र ? विद्या, शरीर, वाणी, कुल र शीलले सुसम्पन्न तपाईं कामको वशमा हुनु कत्रो आश्चर्य ? यति भनेपछि श्राप देलान् भन्ने डरले भनिन्, 'जबसम्म पारि पुऱ्याउँदिनँ त्यति बेलासम्म धैर्य गर्नुहोस् ।'

तावद्धैर्यं कुरु स्वामिन्यावत्त्वां पारयामि न । १६ ।

नाउ नदीपारि पुग्यो । मुनि पराशरले पूर्ववत् धीवर कन्याको हात समाते । त्यसपछि मत्स्यगन्धाले फेरि भनिन्, 'म निषाधकन्या हुँ । दुर्गन्धयुक्त, काली छु । हामीबिचको सम्बन्ध काँच र सुवर्णझैँ उचित छैन । यस्तो कर्म त समान जाति र आकृतिसँग मात्र सुखद हुन्छ ।

धीवर कन्याले यति भन्नासाथ पराशर मुनिले तुरुन्तै आफ्नो योगबलद्वारा मत्स्यगन्धालाई सुरम्य सुरसुन्दरीका रूपमा परिणत गरे र योजनगन्धा बनाइदिए । त्यसपछि मुनिले फेरि हात समाते अनि धीवर कन्याले भनिन्, 'मैथुन रात्रिमा गर्नु उचित हुन्छ । अहिले दिन छ, दिउँसो सहवास गर्दा महान् दोष हुन्छ । रात नहुन्जेल प्रतीक्षा गर्नुहोस् । मनुष्यहरूले देख्छन् । मेरा पिता नदीको पारि उभिएर हेरिरहनु भएको छ, उहाँले देख्नुहुन्छ ।

रात्रौ व्यवायः कर्तव्यो न दिवेति श्रुतिर्जगौ ।
दिवासङ्गे महान् दोषो निन्दा चापि दुरासदा ॥ २३ ॥

त्यसपछि पराशर मुनिले आफ्नो योगबलले सर्वत्र कुहिरो फैलाए, जसले गर्दा प्रकृतिमण्डल अन्धकार जस्तै हुन गयो । त्यसपछि त धीवरकन्या डराइन्, अनि फेरि भनिन्-

मत्स्यगन्धा- हे तपस्वी योगी ! तपाईं अमोघ वीर्यले सुसम्पन्न हुनुहुन्छ । तपाईं त सम्भोग गरेर जानुहुन्छ । म गर्भवती हुनेछु । कन्याव्रत नष्ट भएपछि मेरो के गति हुन्छ ? मेरै कुकर्मप्रति सधैं घृणित नजरले हेर्ने आमाबुबालाई मैले के उत्तर दिनु ? त्यसैले मेरो सर्त पूरा गरेर मात्र स्विकार्नुहोस् ।

सर्त- मेरो कन्या धर्म नष्ट नहोस् । मबाट जन्मेको सन्तान तपस्वीझैँ अद्‌भुत शक्तिसम्पन्न होस् । यो सुगन्ध मेरो शरीरमा सधैं रहिरहोस् । मेरो जवानी नष्ट नहोस् । मेरा मातापिता र सम्पूर्ण भूलोकवासी यस कर्मप्रति अनभिज्ञ रहुन्, थाहा नपाउन् ।

कन्या धर्मो न मे हन्याद्यदि स्वीकृत मां तदा ।
पुत्रश्च त्वत्समो नाथ भवेदद्‌भुत शक्तिमान् ॥ ३१ ॥

पराशरले सर्तलाई मन्जुरी दिँदै भने- हे प्रिया ! तिमीले राखेका सबै इच्छाहरू पूर्ण हुनेछन् सर्त पूरा हुनेछन् । तिमीबाट जन्मिने पुत्र महान् यशस्वी विष्णुको अंश हुनेछ । सम्पूर्ण वेदको व्याख्याता, पुराणहरूको रचयिता, तीनै लोकमा यशकीर्ति फैलाउने हुनेछ । त्यति मात्र होइन मेरो वचनलाई तिमीले स्वीकार गरेर सत्य स्थापित गर्नाले तिम्रो नाम सत्यवती हुनेछ । यसरी आशीर्वाद दिएपछि योगी पराशरले सहवास गरे अनि यमुनामा स्नान गरेर गन्तव्यतिर लागे ।

इत्युक्त्वा तां सुरम्याङ्गीं भुक्त्वा योग विशारदः ।
वव्राज शीघ्रं यमुनाजले स्नात्वा महामुने ॥ ३७ ॥

यता धीवरकन्याले सूर्यसमान तेजस्वी पराशर ऋषिको गर्भ धारण गरिन् र सूर्यजा द्वीपमा गएर मुनिले भनेझैँ सुन्दर, ओजस्वी, यशस्वी पुत्रलाई जन्म दिइन् । पुत्ररत्न प्राप्त गरेर धीवरकन्या अत्यन्त प्रसन्न भइन्, तर मनमा भने खेद पनि भयो किनकि त्यति बेलै नवजात पुत्रले भन्यो-

धीवरकन्या-पुत्र (व्यास) ले भने- हे माता ! अब तपाईं स्वेच्छाले जानुहोस् । म पनि आफ्नो गन्तव्यतिर प्रस्थान गर्नेछु, तर जाँदाजाँदै आशीर्वाद दिन्छु । तपाईंले जुन बेला मलाई स्मरण गर्नुहुनेछ, त्यस बेला अवश्य तपाईंको सेवामा म उपस्थित हुनेछु । यथा-

मातर्यदा भवेत्कार्यं तव किञ्चिद् हृदीप्सितम् ।
संस्मृतश्चागमिष्यामि त्वदिच्छापूर्तिहेतवे ॥ ४१ ॥

यति भनेर आमालाई प्रणाम गरे । तीर्थमा तप गर्न बिदा भए । धीवर कन्या वात्सल्यभावले विभोर भइन् । आफ्नो भाग्यलाई स्मरण गर्दै, वासस्थानमा फर्किन् । बालकको जन्म द्वीपमा भएकाले द्वैपायन र पछि वेद शाखाहरूको विभाजन गरेर वेदव्यास नामले विख्यात भए ।

वेदव्यासद्वारा तीर्थाटन

त्यसपछि व्यास तीर्थाटन गर्न थाल्नुभयो । यस क्रममा सबैभन्दा पहिले धर्म, अर्थ, काम, मोक्षदायक तीर्थराज प्रयाग पुग्नुभो, अनि क्रमशः नैमिषारण्य, कुरुक्षेत्र, गङ्गाद्वार, अवन्तिका, अयोध्या, मथुरा, द्वारिका, अमरावती, सरस्वती, सिन्धुगङ्गा, गङ्गासागर, काञ्ची, त्र्यम्बक, गोदावरीतट, कालञ्जर, प्रभास, बदरीकाश्रम, महालय, ओङ्कारक्षेत्र, पुरुषोत्तमक्षेत्र, गोकर्ण, भृगुकच्छ, पुष्कर, श्रीपर्वत, धारातीर्थ आदि क्षेत्रहरूको दर्शन पूजार्चना गरेर अन्तिममा काशी पुगे, जहाँ माता अन्नपूर्णा, काशी विश्वनाथ विवेश्वरको दर्शन गरेर कृतार्थ भए ।

प्राप्य वाराणसीतीर्थं दृष्ट्वाथ मणिकर्णिकाम् ।
कोटिजन्मार्जितं पापं तत्याज स मुनीश्वरः ॥ ५२ ॥

त्यसपछि व्यासले वाराणसीमा रहेका प्रमुख तीर्थ, कुण्ड, सानो पोखरी, तलाउ, आदिमा स्नान गर्नुभयो । कालभैरव आदिको दर्शन र पूजार्चना गरेर यथाविधि पिण्डदान गर्नुभयो । त्यसपछि व्यासेश्वर लिङ्गको स्थापना गर्नुभयो जसको दर्शन पूजन गर्नाले मनुष्य सम्पूर्ण विद्याहरू प्राप्त गरी वृहस्पतिझैँ हुन पुग्छ । यथा-

स्थापयामास पुण्यात्मा लिङ्गं व्यासेश्वराभिधम् ।
यद्दर्शनाद्भवेद्विप्रा नरो विद्याशु वाक्यतिः ॥ ५७ ॥

त्यसपछि व्यासजी आफूले स्थापना गरेको व्यासेश्वर लिङ्गको त नित्य पूजार्चना गर्दथे नै, साथसाथै सोच्न थाले कि कोटि लिङ्गहरूको बिचमा कसको उपासना गरूँ ?

तत्क्षण नै उनलाई ध्यान भयो कि मध्यमेश्वर लिङ्गको आराधना गर्नु उचित हुन्छ ।

मध्यमेश्वर लिङ्गको महिमा

सिद्धहरूले पूजा गरिएको धर्म, अर्थ, काम, मोक्ष प्रदान गर्ने यो मध्यमेश्वर लिङ्गलाई दर्शन र स्पर्श एवम् पूजन गर्नाले स्वर्गको द्वार खुल्ला हुन्छ । यो लिङ्ग अविमुक्त महाक्षेत्रमा अवस्थित छ । यसको दर्शन गर्न प्रत्येक वर्षमा देवताहरू पनि आउँछन् । यथा-

न मध्यमेश्वरादन्याल्लिङ्गं काश्यां हि विद्यते ।
यद्दर्शनार्थं आयान्ति देवाः पर्वणि पर्वणि ॥ ७८ ॥

तुम्बुरु गन्धर्व र देवर्षि नारदले यसैको आराधना गरी गान विद्यामा पारङ्गत भएका हुन् । यसैको आराधना, उपासना गरी विष्णु मोक्षदाता भएका हुन् । ब्रह्माले सृष्टि गर्ने शक्ति र रुद्रले संहार गर्ने क्षमता यसैको उपासनाले प्राप्त गरेका हुन् । त्यति मात्र होइन कुबेर धनाध्यक्ष, वामदेव, खट्वाङ्ग राजा यिनकै कृपाले सफल भएका हुन् । चन्द्रभामा अप्सरा यसैमा विलीन भएकी हुन् । श्रीकर गोपका पुत्रले यसैको उपासना गरेर गणपति पद प्राप्त गरेका हुन् । वृहस्पति र शुक्राचार्य यिनकै कृपाले सम्पूर्ण विद्यामा पारङ्गत भएका हुन् । त्यसैले म पनि यिनकै उपासना गरी पुराण रचनाको शक्ति पाऊँ । यथा-

अहमप्यत्र सम्पूज्य मध्यमेश्वरमीश्वरम् ।
पुराणकर्तृताशक्तिं प्राप्स्यामि तरसा ध्रुवम् ॥ ८७ ॥

यही दृढ निश्चय गरी व्यासजीले गङ्गामा स्नान गरेर तपस्या आरम्भ गरे । कहिले सुकेका पात, फल, शाक, वायु, जल ग्रहण गरेर त कहिले निराहार रहँदै तपस्यालाई निरन्तरता दिँदै तीनै काल मध्यमेश्वर लिङ्गको उपासना गर्न थाले । लामो समय बितेपछि एक दिन बालक शिवका साथमा उमाले दर्शन दिनुभयो । व्यासजी कृतकृत्य हुनुभयो । भावविभोर भएर आठ श्लोकले स्तुति गाउनुभयो, जो अभिलाषाष्टक स्तोत्रका नामले विख्यात भयो । यस स्तोत्रलाई शिवले सबै खाले मनोरथ प्रदान गर्ने स्तोत्रको रूपमा वरदान दिनुभयो ।

व्यासजीद्वारा अभिलाषाष्टक स्तोत्रको प्रार्थना

यसमा जम्मा आठ श्लोक रहेका छन् र शिवसँग अभिलाषा राखी प्रार्थना गरिएकाले यसको नाम अभिलाषाष्टक भएको हो । यी श्लोकहरूमा व्यासजीले शिव नै सबै प्रकारले समन्वित हुनुहुन्छ । यसमा शिवप्रति अगम्य, अगोचर, सबैका स्वामी, परब्रह्म, मायापाशबाट मुक्त गराउने, मायातीत (बाल, युवा, वृद्ध स्वरूप) आदि भावहरू व्यक्त गरिएका छन् । केही श्लोक-

देवदेव महाभाग शरणागत वत्सलः ।
वाङ्मनः कर्मदुष्प्राप योगिनामप्यगोचर ॥ ९९ ॥

महिमानं न ते वेदा विदामासुरूमापते ।
त्वमेव जगतः कर्ता धर्ता हर्ता तथैव च ॥ १०० ॥
न ते जन्म न वा शीलं न देशो न कुलं च ते ।
इत्थम्भूतोऽपीश्वरस्त्वं त्रैलोक्याः काममावहे ॥ १०३ ।

यसरी स्तुति गरेर व्यासजीले दण्डवत् गर्न लागेका मात्र थिए, शिवले वर माग्न आग्रह गर्नुभयो । जे इच्छा छ, वर माग भनेपछि व्यासजीले पुराण रचना गर्ने शक्ति माग्नुभयो । शिवले तथास्तु भन्दै यो पुण्यप्रद अभिलाषाष्टक स्तोत्र शिवमन्दिरमा जसले तीनै कालमा नित्य पाठ गर्नेछ ऊ एक वर्षमा सम्पूर्ण विद्यामा पारङ्गत हुनेछ । यी स्तोत्रको पाठ गर्नाले विद्या, बुद्धि, सम्पत्ति, धर्म र मोक्ष प्राप्त गर्नेछ भनी आशीर्वाद दिनुभयो । यथा-

स्त्रिया वा पुरुषेणापि नियमाल्लिङ्गसन्निधौ ।
वर्षं जप्तमिदं स्तोत्रं बुद्धिं विद्यां च वर्द्धयेत् ॥ ११७ ॥

यसरी पुराण रचना गर्ने शक्ति व्यासजीलाई प्रदान गरेर बालशिव त्यही लिङ्गमा समाहित हुनुभयो । यता शिवको वरदान प्राप्त गरेपछि व्यासजीले अठाह्र पुराणसहित अनेक ग्रन्थहरूको रचना गर्नुभयो ।

अठाह्र पुराणहरूको सङ्क्षिप्त परिचय

१. **ब्रह्माण्ड पुराण-** यसका वक्ता स्वयम् चतुर्मुख ब्रह्मा हुन् । व्यासजीले पुराण रचना गर्दा यो पुराण नै पहिले लेखेका थिए । त्यसैले यो पहिलो पुराण हो ।

२. **पद्मपुराण-** यो द्वितीय पुराण हो र यसमा पद्मकल्पको माहात्म्य वर्णन गरिएको छ ।

३. **विष्णु पुराण-** यो तृतीय पुराण हो । यसमा पराशर मुनिले भगवान् विष्णुको माहात्म्य वर्णन गरेका छन् ।

४. **शिव पुराण-** यो चतुर्थ पुराण हो र यसमा शिवको विशेष वर्णन गरिएको छ ।

५. **देवी भागवत-** यो पाँचौं पुराण हो र यसमा जगदम्बा भगवती दुर्गाको विषयमा वर्णन गरिएको छ ।

६. **नारद पुराण-** यो छैटौं पुराण हो र यसका वक्ता तुण्डी मार्कण्डेय हुन् । यसै गरी अन्य पुराणहरूमा ७. मार्कण्डेय, ८. अग्नि ९. भविष्य १०. ब्रह्मवैवर्त ११. लिङ्ग, १२. वराह १३. स्कन्ध १४. वामन १५. कूर्म १६. मत्स्य १७. गरुड १८. ब्रह्म पुराण रहेका छन् ।

अठाह्र पुराणहरूको रचना गरेपछि व्यासजीले महाभारतको रचना गर्नुभयो । यही कारणले गर्दा व्यासजीको उत्पत्ति आश्चर्यमय रहेको छ । त्यसै पनि ठुला मान्छेको गुण ग्रहण गर्नुपर्छ । उनीहरूको चरित्र हेर्नु उपयुक्त हुँदैन । यो आख्यान सुन्ने या सुनाउने दुवै पापमुक्त भई ऋषिलोकको प्राप्ति हुन्छ ।

अध्याय पञ्चचत्वारिंशत्

भगवती उमा कालीको रूपमा अवतरणको प्रसङ्ग, समाधि र सुरथसमक्ष मेधा ऋषिले मधुकैटभ वध श्रवण गराउनु

(देवी चरित्र वर्णन प्रारम्भ (४५-५१ अध्यायपर्यन्त) । यहाँबाट उमा संहिताको पूर्णाहुतिसम्म देवी चरित्रको वर्णन गरिएको छ, जो दुर्गासप्तशतीकै कथा हो)

शौनकादि ऋषिहरूले भगवती जगदम्बा उमाको मनोहर चरित्र श्रवण गर्ने इच्छा व्यक्त गरेपछि सूतजीले भन्न थाल्नुभयो ।

सूतजी भन्नुहुन्छ- हे ऋषिहरू हो ! तपाईंहरू धन्य हुनुहुन्छ किनकि भगवतीको कथा सुन्न इच्छुक-उत्सुक हुनुहुन्छ । देवी चरित्रको कथा श्रवण गर्नाले सुन्ने र सुनाउने दुवैका कुल र सन्तान धन्य हुन्छन् ।

ते धन्या कृतकृत्याः स्युर्धन्या तेषां प्रसूः कुलम् ।
येषां चित्तं भवेल्लीनं श्रीदेव्यां परसंविदि ॥ ८ ॥

जगदम्बाको स्मरण गर्नाले मात्र नै पुरुषार्थ चतुष्टयको फल अनायास प्राप्त हुन्छ, त्यसैले देवी चरित्र कति महत्त्व र विशिष्ट रहेछ । यस्तो कथा किन नसुन्ने ?

पहिले यही प्रश्न महात्मा सुरथले मेधा ऋषिलाई सोधेका थिए, त्यही प्रसङ्ग सुनाउँछु ।

स्वारोचिषेन्तरे पूर्वं विरथो नाम पार्थिवः ।
सुरथस्तस्य पुत्रोऽभून्महाबलपराक्रमः ॥ १४ ॥

स्वारोचिष मन्वन्तरमा विरथ राजाका सुयोग्य सुरथनामका पुत्र थिए । यी अत्यन्त महाबली, पराक्रमी, दानी, सत्यवादी, कुशल, सफल, देवीभक्त, दयासिन्धु, प्रजापालक थिए । यिनी कोला नामको सहरलाई राजधानी बनाएर राज्य गर्दथे । उनको राज्यमा प्रजाहरू सुख र शान्ति प्राप्त गर्दै सानन्द जीवनयापन गरिरहेका थिए ।

एक दिन उनको राजधानी कोलालाई अचानक शत्रुहरूले घेराबन्दी गरे । शत्रुहरू पूर्वतयारीका साथ आएका थिए । लामो समयसम्म युद्ध भयो तर अन्तमा राजाले हार बेहोर्नु पऱ्यो । राज्यबाट उनलाई निकालियो । त्यसपछि राजा सुरथले सिकार खेल्ने बहाना गरेर घनघोर जङ्गलमा प्रवेश गरे । जङ्गलमा शान्त वातावरणयुक्त सुमेधा मुनिको आश्रममा

पुगे । मुनिले पनि राजाको उचित सत्कार गरे र राजा सुरथ मुनिकै आश्रममा बस्न थाले ।

उवास तत्र नृपतिर्महाकारुणिको बुधः ।
सत्कृतो मुनिनाथेन सुवचो भोजनासनैः ॥ २५ ॥

एक दिन राजा सुरथ अत्यन्त मोहग्रस्त र चिन्तित हुँदै विचार गरिरहेका थिए । त्यति नै बेला अर्को त्यस्तै चिन्तित वैश्यसँग भेट भयो । दुवैमा आपसमा परिचय भयो । एक राज्यच्युत थिए भने अर्का आफ्नै परिवारजनले धन खोसेर घरबाट निकालिएका थिए । दुवै मोहग्रस्त थिए । दुवैले मुनिसमक्ष गएर आ-आफ्ना व्यथा सुनाए ।

राजाले भने, 'हे मुनिवर ! शत्रुले राज्य लिए, तर मेरो मोह अझै किन जीवित रहेको हो ? अब राज्य मैले प्राप्त नगर्ने भएपछि मोह पनि जानुपर्थ्यो ।'

उता वैश्यले पनि भने, 'हे मुनिवर ! मेरो पनि मोह नष्ट किन नभएको ? आफन्तले नै मैले कमाएको धन हडपे । उनीहरूले मलाई ठगे । अब पुनः प्राप्त गर्ने आशा पनि छैन तर मोह चाहिँ किन नमेटिएको ? दुवैका मनोभाव सुनेपछि मुनिले भने-

मुनि- **महामाया जगद्धात्री शक्तिरूपा सनातनी ।**
सा मोहयति सर्वेषां समाकृष्य मनांसि वै ॥ ४७ ॥

भगवती महामायाले नै सबैलाई मोहमा राख्नुहुन्छ । त्यहाँको मायालाई ब्रह्मादिहरूले त थाहा पाउँदैनन् भने साधारण मनुष्यले कसरी पार पाउनु ? ती परमेश्वरी भगवती सत्त्व, रज, तम तीनै गुणको आश्रय लिएर सम्पूर्ण विश्वको सृष्टि, पालन र संहार गर्दछिन् र जसलाई उनले कृपा गर्छिन्, उनीहरू मात्र मोहबाट मुक्त हुन सक्छन् ।

राजाले सोधे-

का सा देवी महामाया या च मोहयतेऽखिलान् ।
कथं जाता च सा देवी कृपया वद मे मुने ॥ ५१ ॥

हे मुनिवर ! ती देवी को हुन् ? उनको प्रादुर्भाव कसरी भयो ? कृपया सबै सुनाउनुहोस् ।

सुमेधा ऋषि- हे राजन ! जब यो सम्पूर्ण जगत् एकार्णव जलमा निमग्न थियो र योगेश्वर भगवान् विष्णु शेषशय्याको आश्रय लिएर योगनिद्रामा शयन गरिरहेका थिए, एक दिन भगवान् विष्णुको कानको मयलबाट दुईवटा असुर उत्पन्न भए, जो भूतलमा मधुकैटभ नामले चिनिन्छन् ।

तदा द्वावसुरौ जातौ विष्णोः कर्णमलेन वै ।
मधुकैटभनामानौ विख्यातौ पृथिवीतले ॥ ५३ ॥

यी दुवै असुर विशालकाय र प्रलयकालको सूर्यझैँ तेजस्वी थिए । उनीहरूका मुखमण्डल,

विकराल र विशाल थिए, मानौं सम्पूर्ण जगतलाई निल्लान् भैँ देखिन्थे । उनीहरूले विष्णु भगवान्को नाभिकमलबाट उत्पन्न भएका ब्रह्मालाई देखेर 'तिमी को हौ ?' भन्दै वध गर्न उद्यत भए र झम्टिए पनि । यस्तो विषम परिस्थिति समुपस्थित भएपछि ब्रह्मा डराएर विष्णुतिर हेरे । उनी जलमा सुतिरहेका थिए । त्यसपछि ब्रह्मा आफू बच्नका लागि तीनै सनातनी चेतना स्वरूपिणी भगवती महामायाको स्तुति गर्न थाले ।

ब्रह्माद्वारा नौ श्लोकले भगवतीको स्तवन

यहाँ ब्रह्माले ९ (नौ) श्लोकद्वारा नवदुर्गा भगवतीको भाव विभोर भएर स्तवन गरेका छन् जसमा महामाया योगनिद्रा स्वरूपिणी देवीको शारणापन्न र दयार्द्ध भएर प्रार्थना गरेका छन् ।

रक्ष रक्ष महामाये शरणागतवत्सले ।
एताभ्यां घोररूपाभ्यां दैत्याभ्यां जगदम्बिके ॥ ५७ ॥

तपाईं नै संसारको सृष्टि, पालन र संहार गर्नुहुन्छ । तपाईं नै स्वाहा, स्वधा, लज्जा, बुद्धि, तुष्टि, पुष्टि, शान्ति, क्षान्ति, शक्ति, क्षुधा, दया, स्मृति, भ्रान्ति स्वरूपमा रहनुहुन्छ । तपाईंले यी अजेय असुरलाई मोहित गरेर नारायणलाई जगाउनुहोस् ।

सा त्वमेतौ दुराधर्षावसुरौ मोहयाम्बिके ।
प्रबोधय जगद्योने नारायणमजं विभुम् ॥ ६५ ॥

यसरी ब्रह्माको स्तुतिबाट प्रसन्न भएर जगदम्बिका भगवती फाल्गुन शुक्ल द्वादशीको दिन, सुतेका विष्णुको आँखा र मुखबाट महाकालीका रूपमा प्रकट भइन्, जसको स्वरूप तीनै लोकलाई मोहित गराउने खालको थियो । उता त्यसपछि विष्णु निद्राबाट जागे । उनले आफ्नै अगाडि मधुकैटभलाई देखे । त्यसपछि शिवमायाले मोहित भएर आपसमा युद्धारम्भ भयो जुन युद्ध पाँच हजार वर्षपर्यन्त बाहुबलले लडिरहे ।

ताभ्यां प्रववृते युद्धं विष्णोरतुलतेजसः ।
पञ्चवर्षसहस्राणि बाहुयुद्धमभूत्तदा ॥ ७१ ॥

अन्त्यमा महामायाको प्रभावले दुवै दानव मोहित भए र विष्णुलाई इच्छित वर माग्न अनुरोध गरे । विष्णुले पनि के खोज्छस् काना, आँखो भनेझैँ 'म तिमीहरूलाई वध गर्न सकूँ' भन्ने वर तुरुन्त मागिहाले । यथा-

मम वध्यावुभौ नान्यं युवाभ्यां प्रार्थये वरम् । ७३ ।

त्यसपछि मधुकैटभले पनि त्यसो हो भने जलरहित निर्जन स्थानमा हाम्रो वध होस् भन्ने इच्छा प्रकट गरे । विष्णुले तुरुन्त आफ्नो तिघ्रालाई विस्तार गरे, जसले गर्दा सम्पूर्ण

जलस्थान निर्जन स्वरूप भयो र त्यही तिघ्रामाथि नै शिर राखेर दुवै असुरको शिरच्छेद गरे । यसरी मधुकैटभको संहार विष्णुले गरे जो उनकै कानका मयलबाट उत्पन्न भएका थिए ।

सुमेधा ऋषि भन्छन्- यो महाकालीको चरित्र सङ्क्षेपमा वर्णन भयो । यसलाई सुन्ने र सुनाउने दुवैमाथि भगवतीको कृपा हुन्छ र भुक्तिमुक्ति प्राप्त हुन्छ ।

अध्याय षट्चत्वारिंशत्

सम्पूर्ण देवताहरूको तेजपुञ्जबाट महालक्ष्मी देवी प्रकट र उनीद्वारा महिषासुरको संहार

सुमेधा- हे राजन !

आसीद्रम्भासुरो नाम दैत्यवंशशिरोमणिः ।
तस्माज्जातो महातेजा महिषो नाम दानवः ॥ १ ।

महिषासुर रम्भासुरको तेजस्वी पुत्र थियो । उसले कठोर तपस्या गरेर सम्पूर्ण शक्ति प्राप्त गरेको थियो । त्यही शक्तिको प्रयोग गरी देवताहरूलाई जितेर स्वर्गको इन्द्रासनमा बसेर त्रिलोकमै राज्य गर्न थाल्यो । यता पराजित देवता ब्रह्माको शरणमा गए । ब्रह्मा उनीहरूलाई लिएर विष्णुको शरणमा गए । त्यसपछि विष्णु पनि उनीहरूलाई लिएर शिव शरणमा गए । त्यसपछि सबै मिलेर महिषासुरलाई कसरी वध गर्न सकिन्छ ? भन्ने विषयमा परामर्श गर्न थाले किनकि उसले स्त्रीको हातबाट मात्र वध हुने वर प्राप्त गरेको थियो । त्यति बेलै शिवको मुखमण्डल क्रोधित भयो । उता विष्णु पनि कुपित भए र सबै देवताहरू पनि कुपित हुन पुगे अनि देवताहरूको शरीरबाट तेजपुञ्ज एकाएक प्रादुर्भाव भयो जसले दसै दिशालाई प्रकाशित गर्न थाल्यो । देवताहरू देवीको ध्यान गर्न थाले । उता त्यही तेजपुञ्ज एकाकार भएर महालक्ष्मीको रूपमा प्रकट भयो ।

सर्वदेवशरीरोत्थं तेजस्तदतिभीषणम् ।
सङ्घीभूयाभवन्नारी साक्षान्महिषमर्दिनी ॥ १३ ॥

हे राजन ! कुन देवताको तेजले के अङ्ग बन्यो, त्यो पनि सुन । शिवको तेजले मुखमण्डल, यमको तेजबाट केश, विष्णुको तेजबाट भुजा (हात), चन्द्रमाको तेजबाट दुवै स्तन, इन्द्रको तेजबाट मध्यभाग, वरुणको तेजले दुवै चरण, कुबेरको तेजबाट नासिका, अग्निको तेजबाट तीन नेत्र र अन्यान्य देवताहरूको तेजबाट शरीरका अन्यान्य अङ्ग निर्माणमा सहयोग भयो र साक्षात् भगवती महालक्ष्मीको दिव्य स्वरूप प्रकट भयो । देवताहरू देवीको यो अपूर्व

शोभायुक्त शरीर देखेर अत्यन्त प्रसन्न भए । हर्षातिरेक हुँदै भावपूर्ण स्तुति गरे । त्यसपछि देवीको दिव्य शरीर निरायुध देखेर देवताहरूले आफूसँग भएका शस्त्रास्त्र प्रदान गरे ।

ततः शूलं महेशानो महेशान्यै समर्पयेत् ।
चक्रं च कृष्णो भगवान् शङ्खं पाशं च पाशमृत् ॥ २१ ॥

हे राजन ! त्यसबेला शिवले शूल, विष्णुले शङ्खचक्र, वरुणले पाश, अग्निले शक्ति, वायुले धनुष र बाणपूर्ण कवच, इन्द्रले वज्र र घण्टा, यमराजले कालदण्ड, प्रजापतिले अक्षमाला, ब्रह्माले कमण्डलु, सूर्यले असङ्ख्य किरण, कालले ढाल र तलवार, क्षीर समुद्रले हार वस्त्र र नाना आभूषण, विश्वकर्माले परशु, समुद्रले अस्त्र, कवचमाला र कमलपुष्प, हिमालयले सिंह र रत्न, सर्पराज शेषले मणिजटित नागहार प्रदान गरे । यसरी आयुध प्राप्त गरेपछि महालक्ष्मीले अट्टहास गर्दै तीनै लोकलाई कम्पायमान गराउँदै हाँस्न थालिन् ।

तस्या भीषण नादेन पूरिता च नभःस्थली ।
प्रतिशब्दो महानासीच्चुक्षुभे भुवनत्रयम् ॥ ३१ ॥

देवताहरूले महालक्ष्मीको भव्य स्तुति र जयजयकार गरे । भगवती महालक्ष्मीको गर्जनाले तीनै लोक कम्पायमान भयो । यता महिषासुर देवीको गर्जना सुनेर चकित भयो । क्रुद्ध भयो र देवीको गर्जनातिर दौडियो । साथमा उसका सहायक, चिक्षुर र चामर, उदग्र, कराल, उद्धत, वाष्कल, ताम्र, उग्रास्य, उग्रवीर्य, विडाल, अन्धक, दुर्धर, दुर्मुख, त्रिनेत्र, महाहनु आदि महाबली पराक्रमी, युद्धकुशल योद्धा पनि महिषासुरलाई साथ दिन दौडिए र सबै देवीसमीप पुगे । उनीहरूले देवीको अङ्गकान्तिको प्रकाशले सम्पूर्ण लोक प्रकाशित भएको प्रत्यक्ष देखे, अनुभव गरे ।

तत्पश्चात् क्षणभर वाक्युद्ध भयो र हेर्दाहेर्दै वाक्युद्ध नै बाहुयुद्धमा परिणत भयो । दुवै तर्फबाट शस्त्रास्त्रको प्रहार र प्रक्षेपण हुन थाल्यो । दुवैले विजयाकाङ्क्षी हुँदै युद्ध गरिरहे । बिस्तारै देवीले महिषासुरका महाबलवान् सैनिकहरूलाई धाराशायी बनाउँदै लगिन् । यो देखेर महिषासुरले दानवी मायावी शक्तिको विस्तार गर्‍यो । कहिले पत्थर, कहिले वनसहित पर्वत, कहिले वृक्ष, कहिले सर्प, कहिले वर्षा गर्न थाल्यो । देवीले यी सबै मायवी शक्तिलाई परास्त्र गरिन् ।

त्यसपछि महिषासुरले आफ्नै रूप परिवर्तन गर्न थाल्यो । कहिले हात्ती बनेर, कहिले सिंह, कहिले पुरूष बनेर युद्ध गर्दै गयो । अन्तमा पुनः महिष रूपमा आयो र देवीले उसलाई समातिन् र चरणले कुल्चेर तरवारले शिरच्छेदन गरिन्, जसको फलस्वरूप उसको मृत्यु भयो ।

ततस्तच्चरणाक्रान्तः स स्वकीयमुखात्ततः ।
महासिना शिरो भित्वा न्यपाति धरणीतले ॥ ५९ ॥

महिषासुरको मृत्यु देखेर बाँकी सेना अधोमुख गर्दै रणक्षेत्रबाट भाग्न थाले । उता इन्द्रादि देवता प्रसन्न भएर देवीको जयजयकार गर्न थाले । गन्धर्व गाउन थाले । अप्सरा नाच्न थाले । त्यसपछि त्रिलोकमा पूर्ववत् कार्यसञ्चालन हुन थाल्यो ।

एवं ते कथितो राजन्महालक्ष्म्याः समुद्भवः । ६३ ।

अध्याय सप्तचत्वारिंशत्, अष्टचत्वारिंशत्

महासरस्वती प्रकट, शुम्भनिशुम्भसहित उनका सेनाहरूको संहार वर्णन

सुमेधा ऋषि-

आसीत्छुम्भासुरो दैत्यो निशुम्भश्च प्रतापवान् ।
त्रैलोक्यमोजसाक्रान्तं भ्रातृभ्यां सचराचरम् ॥ ४७-१ ॥

हे राजन ! पूर्वकालमा शुम्भ र निशुम्भ नामका दुई प्रतापी दैत्य थिए । यी दुवै नातामा दाजुभाइ पर्थे । यी दुवैले चराचर प्राणीसहित समस्त त्रिलोकमाथि बलपूर्वक आक्रमण गरे । यिनीहरूको अत्याचारले पीडित भएर देवताहरूले हिमालय पर्वतको शरण लिए, अनि सम्पूर्ण अभीष्ट प्रदान गर्ने सर्वभूत जननी देवी उमाको आठ श्लोकले दिव्य स्तवन गरे ।

देवताहरूले स्तवन गरे

जय दुर्गे महेशानि जयात्मीयजनप्रिये ।
त्रैलोक्य त्राणकारिण्यै शिवायै ते नमो नमः ॥ ४७-३ ॥

देवताहरूले यी आठ श्लोकमा अष्टधा प्रकृति स्वरूप भगवतीको स्तुति गरेका हुन् । यी श्लोकहरूमा तपाई नै साकार, निराकार, सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति र विनाश गर्ने, वेदान्तद्वारा मात्र जान्न योग्य, परात्मा, अनन्तकोटि ब्रह्माण्डनायकी हुनुहुन्छ । तपाई नै कालिका, छिन्नमस्ता, श्रीविद्या, भैरवाकृति, बगलामुखी, धूमावती, त्रिपुरसुन्दरी, मातङ्गी, अजिता, विजया, जया, मङ्गला, विलासिनी, दोग्ध्री, घोराकृति, अपराजिता, नित्याकारा आदि गुणले सुसम्पन्न हुनुहुन्छ भन्ने भाव व्यक्त गरिएको थियो ।

नमो वेदान्तवेद्यायै नमस्ते परमात्मने ।
अनन्तकोटि ब्रह्माण्ड नायिकायै नमो नमः ॥ ४७-१० ॥

देवताहरूले यसरी स्तुति गरेपछि देवी प्रसन्न भइन् । एकाएक पार्वतीको शरीर कोशबाट एक कन्या प्रकट भइन् र तिनै कौशिकी नामले प्रसिद्ध भइन् जो शुम्भनिशुम्भ दैत्यहरूको

संहारकारिणी सरस्वती नामले विख्यात भइन् ।

शरीरकोशाद्यतस्या निर्गता तेन कौशिकी ।
नाम्ना सा गीयते साक्षात् शुम्भासुर निवर्हिणी ॥ ४७-१४ ॥

देवीले देवताहरूलाई सान्त्वना दिँदै भनिन्

हे देवताहरू हो ! तिमीहरू सबै निर्भय होओ । म तिमीहरूको कार्य सिद्ध गरिदिन्छु । तिमीहरूले शीघ्र नै शान्ति प्राप्त गर्नेछौ । मलाई कसैको सहायताको आवश्यकता छैन । म स्वतन्त्र हुँ । समयको प्रतीक्षा मात्र गर । यति भनेर देवी तत्काल, तत्क्षण त्यहीँ अन्तर्ध्यान भइन् । देवताहरू पनि निर्भय भए, प्रसन्न भए ।

यता एक दिन शुम्भ, निशुम्भका सेवक चण्डमुण्डले देवीलाई देखे । देवीको अत्यन्त तेजस्वी रूप लावण्य कान्तिमय स्वरूपलाई देखेर उनीहरू बेहोस भए र पृथ्वीमा केही क्षणका लागि लडे । यो घटना दैत्यराजलाई सविस्तार सुनाए । अपूर्व कान्तियुक्त सुन्दर स्त्रीको विषयमा सुन्नासाथ शुम्भ कामातुर हुँदै गयो । देवीलाई प्राप्त गर्न लालायित हुँदै गयो र अन्तमा सुग्रीव दूतलाई बोलाएर उसले भन्यो-

गच्छ दूत तुषाराद्रौ तत्रास्ते कापि सुन्दरी ।
सा नीतव्या प्रयत्नेन कथयित्वा वचो मम ॥ ४७-३३ ॥

देवी सुग्रीव संवाद

त्र्यैलोक्याधिपति शुम्भको समाचार लिएर सुग्रीव हिमाचल पर्वततर्फ लाग्यो । शीघ्र नै पुगेर विलम्ब नगरी महेश्वरीलाई भन्यो ।

सुग्रीव दूत- हे परमसुन्दरी ! मेरो नाम सुग्रीव हो । म अहिले शुम्भनिशुम्भको दूत बनेर आएको हुँ । यी दुवै दैत्यराज आफ्नो बल विक्रमद्वारा तीनै लोकमा विख्यात छन् । उनीहरूले जे सन्देश पठाएका छन् त्यो बताउँछु । 'मैले समराङ्गणमा इन्द्रादि देवताहरूलाई पराजित गरेर उनीहरूका समस्त रत्न हरण गरेको छु । यज्ञमा देवताहरूद्वारा दिइएको यज्ञभाग म स्वयम् ग्रहण गर्दछु । सबै रत्नहरूमा श्रेष्ठ स्त्रीरत्न मैले तिमीलाई मानेको छु । त्यसैले म अथवा मेरो भाइलाई पति वरण गरी सम्पूर्ण सुख र आनन्दको भोग गर ।'

स्त्रीरत्नं त्वामहं मन्ये सर्वरत्नोपरिस्थितम् ।
सा त्वं ममानुजं मां वा भजतात् कामजै रसैः ॥ ४७-३८ ॥

यसरी दूतले समाचार सुनाएपछि देवी भन्न थालिन् ।

देवी- हे दूत ! तिमीले सत्य बोल्यौ, तिम्रो भनाइमा कतै पनि असत्यता छैन । तर मैले पहिले नै एउटा प्रतिज्ञा गरेकी छु, त्यो के भने जसले मेरो घमन्डलाई चूर गर्छ, जसले

मलाई युद्धमा जित्छ, उसैलाई मात्र म पति रूपमा वरण गर्न सक्छु । अरूलाई पति बनाउन सक्दिनँ ।

यो मे दर्पं विधुनुते यो मां जयति सङ्गरे ।
उत्सहे तमहं कर्तुं पतिं नान्यमिति ध्रुवम् ॥ ४७-४१ ॥

त्यसैले तिम्रो स्वामी शुम्भलाई यो मेरो प्रतिज्ञा सुनाइदेऊ । त्यसपछि यस विषयमा जस्तो कार्य गर्न मन लाग्छ त्यस्तै गर्नू । देवीको यस्तो वचन सुनेपछि, सुग्रीव दूत शुम्भलाई समाचार दिन फर्कियो र सम्पूर्ण वृत्तान्त वर्णन गर्‍यो ।

धूम्राक्षवध : हे राजन् ! दूतको कुरा सुनेर शुम्भ कुपित भयो । अनि बलवान् सेनापति धूम्राक्षलाई बोलायो र आज्ञा दिँदै भन्यो, 'हे धूम्राक्ष ! शीघ्र हिमालयमा गएर ती सुन्दरीलाई लिएर आऊ । यदि सम्झाउँदा मानिनन् भने युद्ध पनि गर्नू तर वधचाहिँ नगर्नू ।'

त्यसपछि दैत्यराज शुम्भको आज्ञालाई शिरोधार्य गर्दै धूम्राक्ष साठी हजार सेनासहित देवीसमीप पुग्यो । उसले साम, दाम, भेद आदि नीतिद्वारा देवीलाई मनाउने कोसिस गर्‍यो । त्रलोकविजयी दैत्यराजकी पत्नी बनेर सम्पूर्ण सुखभोग गर्न आग्रह गर्‍यो ।

यता देवीले धूम्राक्षलाई पनि त्यही कुरा दोहर्‍याउँदै भनिन्, 'युद्धमा मलाई विजय गर्‍यौ भने अवश्य जानेछु, पति बनाउनेछु अन्यथा कोशिस नगर ।' देवीको हठयुक्त वचन सुनेर धूम्राक्ष क्रोधित भयो र देवीसँग युद्ध गर्न अगाडि बढ्यो । माहेश्वरीले सेनापति धूम्राक्षलाई एकै हुङ्कारले नै कल्याण गरिदिइन् ।

इत्युक्तास्तामन्वधावद्दानवो धूम्रलोचनः ।
हुङ्कारोच्चारणेनैव तं ददाह महेश्वरी ॥ ४७-५० ॥

धूम्राक्षलाई वध गर्नाले देवीको एउटा नाम धूमावती रह्यो, जसको उपासना गर्नाले शत्रुहरूको विनाश हुन्छ ।

चण्डमुण्ड र रक्तबीज संहार

धूम्राक्षको वधले दैत्यराज शुम्भ अत्यन्त कुपित हुन पुग्यो । त्यसपछि आफ्नो महारथी चण्ड, मुण्ड र रक्तबीजलाई देवीको वध गर्न आज्ञा दियो । उनीहरू पनि आज्ञा पाउनासाथ तुरुन्त सेनाहरूलाई लिएर हिमालयतिर लागे जहाँ अम्बिका देवी थिइन् । यी दैत्यहरूले पनि देवीसँग पूर्ववत् प्रस्ताव दोहोर्‍याउँदै भने, 'तपाईंको रूपलावण्यबारे सुनेर हाम्रा स्वामी अत्यन्त मोहित भएका छन्, त्यसैले हामीसँग हिँड्नुहोस् र सानन्द दैत्यराजसँग जीवन बिताउनुहोस् ।'

देवीले प्रत्युत्तरमा भनिन्

म सदाशिवकी सूक्ष्म प्रकृति हुँ । उनी अद्वितीय परब्रह्म हुन् । जसको रहस्यलाई वेदले पनि जान्दैन । देवताहरू र अन्यले त कहाँबाट जानून् ? उनलाई छोडेर म कसरी अर्को कसैलाई पति वरण गरूँ ? कामातुर सिंहिनी कहिल्यै पनि स्याललाई वरण गर्दिनँ । त्यसै गरी हात्तिनी गधालाई, बघिनी खरायोलाई पति मान्छन् र ?

सिंही कामातुरा नैव जम्बुकं वृणुते क्वचित् ।
करेणु गर्दभं नैव द्वीपिनी शशकं न वा ॥ ४७-६० ॥

तिमीहरू मृत्युरूपी सर्पले बाँधिएका छौ, त्यसैले असत्य बोलिरहेका छौ । यदि शक्ति र हिम्मत छ भने मसँग युद्ध गर, अन्यथा पातालतिर जाओ ।

यस्तो दर्पयुक्त वाणी सुनेर दैत्यहरूले भने, 'हामीले त कोमलाङ्गी स्त्री सम्झेर वध गर्ने इच्छा गरेका थिएनौं तर तिम्रो मनमा युद्ध गर्ने नै इच्छा भए स्थिर भएर हामीसँग युद्ध गर्न तयार होऊ ।' त्यसपछि दुवैतिरबाट घनघोर युद्धारम्भ भयो । शस्त्रास्त्र प्रहार हुन थाले । देवीले क्षणभरमै चण्डमुण्ड र महान् असुर रक्तबीजको वध गरिन् ।

एवं तै समरं कृत्वा लीलया परमेश्वरी ।
जघान चण्डमुण्डाभ्यां रक्तबीजं महासुरम् ॥ ४७-६५ ॥

असुराधिपति दैत्य आफ्ना बलवान् पराक्रमी महान् योद्धा रणभूमिमा देवीका हातबाट वीरगति प्राप्त भए भन्ने सुनेपछि क्रोधले व्याकुल भयो र कालकेय वंशमा उत्पन्न असुर 'मौर्य' र ' दौहृद' नामक दैत्यलाई युद्ध गर्न पठायो । यता शुम्भ-निशुम्भ पनि युद्धभूमितिर शस्त्रास्त्रले सुसज्जित भएर निस्किए । दैत्यराज युद्धका लागि प्रस्थान गर्नासाथ मृदङ्ग, ढोल, भेरी, डिण्डिम, झाँझ, नगरा आदि बाजा बज्न थाले जसले वीरहरूमा उत्साह थपिदियो ।

शत्रुहरूका तर्फबाट आएका योद्धाहरूलाई देखेर देवीले पनि धनुषको टङ्कार र घण्ट बजाइन् । सिंह पनि आफ्नो जगर हल्लाउँदै गर्जन गर्न थाल्यो । यसरी दुवै पक्ष युद्धका लागि तयार भयो ।

निशुम्भ चण्डिकादेवी संवाद

यता देवीको अपूर्व दिव्यकान्तिमय, तेजोमय शरीरको शोभा देखेर निशुम्भ मोहित हुन पुग्यो र भन्न थाल्यो, 'तिमी जस्तो मनोहर दिव्यकान्तियुक्त सुन्दरीले युद्धजस्तो विकराल कार्य गर्नु अशोभनीय हो । तिमी किन युद्ध गर्न चाहन्छ्यौ ?'

भवादृशीनां रमणीय विग्रहे दुनोतिकीर्णं खलु मालतीदलम् ।
कथं करालाहवमातनोष्यसे महेशि तेनैव मनोज्ञवर्ष्मणा ॥ ४८-१५ ॥

देवीले तुरून्त उत्तर दिँदै भनिन्

हे मूर्ख दैत्य ! व्यर्थ बकवास किन गर्छस् ? हिम्मत भए युद्ध गर्, नभए आफ्नो सुरक्षित पाताललोक जा ।

देवीको गर्वयुक्त वाणी सुनेर दैत्य कुपित भयो र बाणहरूको वर्षा त्यसरी गर्न थाल्यो जसरी वर्षा ऋतुमा बादलले मुसलधारे वर्षा गराउँछ । त्यसपछि सबै खाले शस्त्रास्त्रको प्रयोग दुवैतिरबाट लामो समयसम्म भइरह्यो । अन्ततोगत्वा देवीले निशुम्भ र उसको ठुलो दाजु शुम्भ दुवैको संहार गरिन् । रहलपहल सैनिक दैत्यहरू ज्यान बचाउँदै पातालतिर भागे ।

त्यसपछि यता नदीहरू स्वच्छ हुन पुगे । सुखद वायु प्रवाहित हुन थाल्यो । दिशा, विदिशा निर्मल भए, देवता र ऋषिहरूले यज्ञारम्भ गर्न थाले । इन्द्रादि देवताहरू प्रसन्न भएर देवीको जयजयकार गर्न थाले । आकाशबाट पुष्पवृष्टि भयो । स्वर्गादिमा नगरा बज्न थाले ।

हे राजन ! यो उमाचरित्र जसले सुन्छ या सुनाउँछ, दुवै पवित्र भई इह र परलोक दुवैको कल्याण गर्छन् र देवीको सान्निध्य प्राप्त गर्छन् । शुम्भासुरलाई विनाश गर्न पार्वतीको अंशबाट सरस्वती देवी प्रकट भएको यो चरित्र सङ्क्षेपमा वर्णन भयो ।

एवं देवी समुत्पन्ना शुम्भासुर निबर्हिणी ।
प्रोक्ता सरस्वती साक्षादुमांशाविर्भवा नृप ॥ ४८-५० ॥

अध्याय एकोनपञ्चाशत्

देवताहरूको गर्व नाश गर्न उमादेवी प्रकट

मुनिहरूले उमादेवी प्रकट भएको विषयमा सोधेपछि सूतजी उत्तर दिन थाल्नुभयो ।

सूतजी- उमा देवी कसरी प्रकट भइन् ? उनको विषयमा यो उत्तम चरित्र सुनाउँछु ।

एकपल्ट देवता र दानवको बिचमा महान् युद्ध भयो । यस युद्धमा महामायाको कृपाले देवता विजयी भए । त्यसपछि आफूले आफैँलाई गौरवान्वित ठान्दै आत्मप्रशंसा गर्न थाले ।

ततोऽवलिप्ता अमराः स्वप्रशंसां वितेनिरे ।
वयं धन्या वयं धन्याः किं करिष्यन्ति नोऽसुराः ॥ ५ ॥

यसरी देवताहरू घमन्डमा आएर आत्मप्रशंसा गर्दै प्रफुल्लित र मग्न थिए । त्यही समयमा महामायाले एउटा तेजपुञ्ज उनीहरूको समीपमा प्रकट गरिन् । त्यो तेजपुञ्जलाई देखेर

देवताहरू चकित भए । देवराज इन्द्रले सबैलाई सान्त्वना दिँदै भने, 'हे देवगणहरू हो ! यो के चिज हो ? यसलाई हामीले परीक्षा गर्नुपर्दछ ।' त्यसपछि परीक्षार्थ वायुदेवलाई सबैभन्दा पहिले पठाइयो ।

वायुदेवद्वारा परीक्षा : वायुदेव तेजपुञ्ज समीप गएर आफ्नो परिचय दिँदै भन्यो, 'म वायु हुँ, जगत्प्राण हुँ । चराचर संसार मेरै आधारमा टिकेको छ । म नै यसलाई सञ्चालन गर्दछु ।'

वायुको कुरा सुनेर महातेजाले भनिन्- हे वायुदेव ! यदि तिमी सञ्चालन गर्न समर्थ छौ भने यो तृणलाई आफ्नो शक्तिद्वारा चलाएर देखाऊ ।

धृतमेतत्तृणं वायो चालयस्व निजेच्छया । १४ ।

त्यसपछि वायुदेवले आफ्नो सम्पूर्ण प्रयत्नद्वारा त्यो तृणलाई हल्लाउन/चलाउन खोज्यो, तर तृण टसमस भएन । वायुदेव लज्जित भए । शिर निहुर्‍याएर इन्द्रको समीप आए अनि सबै वृत्तान्त सुनाए । त्यसपछि इन्द्रले अग्निदेव, वरुणदेव आदिलाई एकपछि अर्को गर्दै पठाए तर यिनीहरू पनि असफल (पराजित) हुँदै फर्किए । कसैले तेजपुञ्जको रहस्य नै पत्ता लगाउन सकेनन् । सबै निराश भएर फर्किए । स्थिति झन् जटिल हुँदै गएपछि इन्द्र स्वयम् परीक्षा गर्न गए । तर अफसोस ! इन्द्रलाई आएको देखेपछि त्यो दुःसह तेज तत्क्षण नै अन्तर्ध्यान भयो । देवराज चकित हुन पुगे ।

मघवन्तमथायान्तं दृष्ट्वा तेजोऽतिदुःसहम् ।
बभूवान्तर्हितः सद्यो विस्मितोऽभूच्च वासवः ॥ १९ ॥

देवराज फर्किएनन् । उनलाई लाज भयो । अन्त्यमा त्यही तेजपुञ्जको शरणापन्न हुँदै ध्यानस्थ भई समय बिताउन थाले । त्यसपछि दयाकी मूर्ति महामाया सम्पूर्ण देवताहरूको घमन्डलाई हटाउन दशै दिशालाई प्रकाशित गर्दै चैत्रशुक्ल नवमीको मध्याह्न कालमा सबैको समीप प्रकट भइन् ।

चैत्रशुक्लनवम्यां तु मध्याह्नस्थे दिवाकरे ।
प्रादुरासीदुमा देवी सच्चिदानन्दरूपिणी ॥ २२ ॥

चतुर्भुजाधारी सर्वाङ्ग सुन्दरी देवीले हातमा उत्तम पाश, अङ्कुश, अभय धारण गरेकी थिइन् । नवयौवनले पूर्ण, रातो वस्त्र, रातै माला धारण गरेकी, रक्तचन्दन धारण गरेकी देवीको करोडौं कामदेवलाई पनि माथ गर्ने सुन्दर रूप थियो भने करोडौं चन्द्रमाकै समान कान्तियुक्त थिइन् । वेदद्वारा सेवित सबैको मनको कुरा जान्ने सबै प्राणीहरूकी साक्षिणी ती महामायाले देवताहरूलाई सम्बोधन गर्दै भनिन्-

उमादेवीले भनिन्

हे देवताहरू हो ! मसमक्ष ब्रह्मा, विष्णु, महेश त गर्व गर्न सक्तैनन् भने अरू देवताहरूको के नै पो शक्ति छ र ? म परम्ज्योति, परब्रह्म, प्रणवद्वन्द्वरूपिणी हुँ । म नै सबै थोक हुँ । म साकार-निराकार हुँ ।

निराकारोऽपि साकारा सर्वतत्त्वस्वरूपिणी ।
अहमेवास्मि सकुलं मदन्यो नास्ति कश्चन ॥ २८ ॥

हे देवगण ! म नै कार्यकारण रूपले विचरण गर्छु । म कहिले स्त्री, कहिले पुरुष, कहिले दुवै रूप धारण गर्छु । म नै सबै आकार धारण गर्न समर्थ छु । म ब्रह्म रूपले सृष्टि, विष्णु रूपले रक्षा र रूद्र रूपले संहार गर्ने गर्छु । म नै सम्पूर्ण विश्वलाई मोहित गर्ने गर्छु । कालिका, कमला, सरस्वती आदि सबै मेरै शक्तिहरू हुन् र मबाटै यी सबै उत्पन्न भएका हुन् । मेरै प्रभावले तिमीहरूले दैत्यलाई जित्न सकेका हौ । जसरी बाजिगर कठपुतलीलाई नचाउँछ त्यसरी नै म सबै प्राणीहरूलाई नचाउने गर्छु ।

मद्भयाद्वाति पवनः सर्वे दहति हव्यभुक् ।
लोकपाला प्रकुर्वन्ति स्वस्व कर्माण्यनारतम् ॥ ३५ ॥

म नै कहिले देवतालाई कहिले दैत्यलाई विजयी बनाइदिन्छु । म आफ्नो लीला स्वतन्त्र ढङ्गले गर्छु । मलाई कसैले हस्तक्षेप गर्दैन । अविनाशी, परमधाम, मायातीत, परात्पर यी सबै मेरा नै रूप हुन् । त्यसैगरी सगुण, निर्गुण भेदले मेरा दुई रूप छन् । यस्तो मेरो स्वरूप सम्झेर हे देवताहरू हो ! भक्तिद्वारा मेरो भजन, चिन्तन, मनन गर्ने गर ।

यसरी भगवती उमाले भनेपछि देवताहरूले शिर झुकाएर प्रणाम गरे । स्तुति गरे, क्षमा याचना गरे । अबदेखि हामीलाई कहिल्यै पनि घमन्ड नआओस् भनेर वर मागे । त्यसपछि देवताहरूले पहिलेझैँ उमाको आराधना गर्न थाले ।

ततः प्रभृति ते देवा हित्वा गर्वं समाहिताः ।
उमामाराधयामासु यथापूर्वं यथाविधिः ॥ ४२ ॥

यो उमाको उत्पत्तिको वर्णन सुन्नाले परम पदको प्राप्ति हुन्छ ।

अध्याय पञ्चाशत्

दुर्गमासुर वध

(देवीद्वारा दुर्गमासुरको वध तथा उनका दुर्गा, शताक्षि, शाकम्भरी, भ्रामरी आदि नाम हुनुको कारण)

दुर्गा देवीको चरित्रका विषयमा ऋषिहरूले सोधेपछि सूतजी भन्न थाल्नुभयो-

दुर्गमः प्रथितो नाम्ना रुरुपुत्रो महाबलः ।
ब्रह्मणो वरदानेन चतस्रोऽलभतः श्रुतीः ॥ ३ ॥

हे ऋषिहरू हो ! महाबली रूरूको सुप्रसिद्ध दुर्गम नामक पुत्र थियो । उसले ब्रह्माद्वारा चारै वेद वरदानको रूपमा पाएको थियो । देवताले उसलाई परास्त गर्न नसक्ने खालको बल पनि वरदानबाटै प्राप्त गरेको थियो । त्यसपछि त उसले तीनै लोकमा उत्पात मच्चाउन थाल्यो । वेद नभएपछि धार्मिक कार्यहरू पनि नष्ट हुन थाले । देवता र ब्राह्मणहरू दुराचारी हुन थाले । न दान, न तप, न यज्ञ नै भयो, जसको कारण एक सय वर्षपर्यन्त अनावृष्टि हुन पुग्यो ।

न दानं न तपोत्युग्रं न यागो हवनं न हि ।
अनावृष्टिस्ततो जाता पृथिव्यां शतवार्षिकी ॥ ६ ॥

तीनै लोकमा हाहाकार भयो । सबै भोकप्यासले आक्रान्त भए । भोकमरीको बिगबिगी हुन गयो । तलाउ, कुवा, नदी, समुद्र, वृक्ष, लता सबै सुक्तै गए । प्रजा र समस्त प्राणी नै किंकर्तव्यविमूढ भए । यस्तो विकराल, विकट परिस्थिति देखेर देवताहरू प्रजारक्षार्थ सहायता माग्न योगमायाको शरणमा गई स्तवन गर्दै भने, 'हे विश्वम्भरा ! योगमाया ! तपाईले प्रत्येक सङ्कटावस्थामा हामीलाई सहायता गर्दै आउनुभएको छ । आज फेरि पनि तपाईंको जरूरत हामीलाई पऱ्यो । सहायता गर्नुहोस् । हामी तपाईंका सन्तान, बालक हौं । तपाई नै सबैकी माता हुनुहुन्छ । हामीबाट अपराध भयो भने पनि तपाईं नै क्षमा गर्न सक्नुहुन्छ ।

अपराधो भवत्येव बालकानां पदे पदे ।
सहते को जनो लोके केवलं मातरं विना ॥ १३ ॥

तपाईंले धेरैचोटि अवतार लिएर देवब्राह्मणको रक्षा गर्नुभयो । प्रजा र प्राणीको रक्षा गर्नुभयो । हे योगमाया ! आफ्नो कृपाले अहिलेको सङ्कटबाट पनि रक्षा गरी हाम्रो उद्धार गर्नुहोस् । त्रिलोकमा शान्ति स्थापना गर्नुहोस् । भयभीतलाई आश्रय दिनुहोस् ।

यसरी दीन बनेर देवताहरूले दयामयी, करूणामयी योगमायाको स्तुति गरेपछि भगवतीले

अनन्ताक्षमय आफ्नो रूप देखाइन् । धनुष, बाण, कमल र अनेक कन्दमूल, फलहरू चारै हातमा धारण गरेकी प्रसन्न मुखकमलयुक्त देवी नौ दिन नौ रात अनवरत रोइरहिन् ।

रुरोद नव घस्राणि नवरात्रिः समाकुला ।
मोचयामास दृष्टिभ्यो वारिधारा सहस्रशः ॥ १७ ॥

नौ दिन पर्यन्तको अश्रुप्रवाहले अगाध जलले भरिएका नदीहरू निस्किए । समुद्रहरू तयार भए । पृथिवी शस्यशालिनी भइन्, हराभरा भइन् । साग, मूल, फल, सर्वत्र प्रकट भए जसले गर्दा समस्त प्राणी मनुष्य, पशुपक्षी सबै तृप्त हुन थाले । सर्वत्र आनन्द छायो । पूर्ववत् जीवन प्रारम्भ भयो । सबैले देवीको पुनः पुनः जयजयकार गरे ।

त्यसपछि देवीले सोधिन्, 'हे देवताहरू हो ! अरू पनि कार्य गर्नु छ ? के सहायता गरूँ ?'

देवताहरूले भने, 'हे महामाया ! हे सङ्कटनिवारिणी ! अब तपाईंले दुर्गमासुरबाट वेद दिलाइदिनुहोस् ।' देवीले देवताहरूलाई आश्वासन दिँदै भनिन्, 'शीघ्र नै त्यो कार्य पनि हुनेछ । तिमीहरू निर्भय बनेर आ-आफ्ना स्थानमा जाओ र आ-आफ्ना कार्य सम्पादन गर ।' यति भनेर उनले देवताहरूलाई बिदा गरिन् ।

त्यसपछि देवीले त्यो दुर्गम दैत्यको समीप पुगेर युद्धको गर्जना गरिन् । दैत्य पनि के कम ? तुरुन्त नै युद्धका लागि तयार भयो । दुवै पक्ष विजयाकाङ्क्षी हुँदै युद्धरूपी अग्निमा होमिए । भीषण युद्धारम्भ भयो । हेर्दाहेर्दै महासङ्ग्राममा परिणत भयो । दुर्गम दैत्य स्वयम् नै अतुलनीय बलशाली थियो, उसका सेना पनि कम थिएनन् । यिनीहरूको संहार गर्न देवीलाई निकै कठिन हुँदै गयो । त्यसपछि त देवीले आफ्नै शरीरबाट दश प्रकारका विद्या आयुध सहित प्रकट गरिन् जसका नाम नै अत्यन्त प्रसिद्ध छन् । जस्तै-

काली तारा छिन्नमस्ता श्रीर्विद्या भुवनेश्वरी ।
भैरवी बगला धूम्रा श्रीमत्त्रिपुरसुन्दरी ॥ २८ ॥
माताङ्गी च महाविद्या निर्गता दश सायुधा ॥ २९ ॥

यी दश देवी शक्तिबाट पनि असङ्ख्य दिव्य मातृकाहरू प्रकट भए । तिनै मातृका गणसँग दुर्गम र उसका सैनिकहरू युद्ध गर्न थाले । युद्ध फेरि भीषण रूपमा परिणत भयो । झन् झन् एकपछि अर्को महासङ्ग्राम भइ नै रह्यो ।

अन्ततोगत्वा देवीले दुर्गमका सबै अक्षौहिणी सेना, महारथी महाबलीहरूको संहार गरिन् र अन्तमा महापराक्रमी दुर्गमलाई त्रिशूलले वध गरिन् जसका कारण दैत्य दुर्गम उखेलिएको वृक्षझैँ पृथ्वीमा लड्यो ।

जघान सा तदा दैत्यं दुर्गमं शूलधारया ।
पपात धरणीपृष्ठे खातमूलद्रुमो यथा ॥ ३२ ॥

यसरी भगवती महामाया देवीले दुर्गमलाई वध गरी चारै वेद देवताहरूलाई प्रदान गरिन् । देवताहरू अति प्रसन्न भए र देवीलाई भने, 'हे योगमाया भगवती ! तपाईंले अनन्ताक्षिमय रूप धारण गरेर पृथिवी शस्यशालिनी बनाउनुभयो । त्यसैले तपाईंको एउटा नाम आजदेखि शताक्षि भनेर मुनिजनले पुकार्नेछन् । तपाईंले शरीरबाट साग उत्पन गर्नुभयो । त्यसैले तपाईंको अर्को नाम शाकम्भरी प्रसिद्ध हुनेछ । त्यसै गरी महाबली दुर्गम दैत्यलाई वध गरेर त्रिलोकमा शान्ति स्थापना गर्नुभयो, त्यसैले तपाईंको दुर्गा नाम प्रसिद्ध हुनेछ ।

दुर्गमाख्यो महादैत्यो हतो यस्मात्ततः शिवे ।
दुर्गां भगवतीं भद्रां व्याहरिष्यन्ति मानवाः ॥ ३६ ॥

अन्तमा देवीले भनिन् 'हे देवगण ! जुन बेला तिमीहरूमाथि सङ्कट आइपर्छ, मलाई पुकार्नू । म ती सबै सङ्कटलाई निवारण गर्नेछु । अब तिमीहरू आफ्नो कार्य निर्भय भएर सम्पादन गर । मेरो चिन्तन-मनन सधैं गरिरहनू ।

अध्याय एकपञ्चाशत्

देवीको क्रियायोग मन्दिर निर्माण, पूजन महत्त्व, तिथि र पर्वहरूमा गरिने व्रतको फल एवम् उमासंहिताको उपसंहार

व्यासले देवीको उपासना सम्बन्धी क्रियायोग, व्रत, पूजन, मन्दिर निर्माण, प्रिय वस्तुहरूको विषयमा जिज्ञासा राखेपछि सनत्कुमार उत्तर दिंदै भन्न थाल्नुभयो ।

ज्ञानयोगः क्रियायोगो भक्तियोगस्तथैव च ।
त्रयो मार्गाः समाख्याताः श्रीमातुर्भुक्तिमुक्तिदा ॥ ७ ॥

हे व्यासजी ! देवी रहस्य श्रवण गर । म तिमीलाई सुनाउँछु । ज्ञान, क्रिया (कर्म) भक्ति यी तीन मार्ग छन् । जसलाई सर्वप्रथम राम्ररी बुझ अनि उपासना गर्न सजिलो हुन्छ ।

ज्ञानयोग- चित्त (चैतन्य शक्ति) आत्मासँग संयोग हुनु नै ज्ञानयोग हो । त्यसैले ज्ञानी सदैव आत्मतत्त्वलाई साक्षात्कार गर्दै सदा आनन्दमा रहन्छ । यो क्रिया सबैभन्दा कठिन पनि हुन्छ, सबैभन्दा सरल पनि हुन्छ । नजानुन्जेलसम्म कठिन र जानेपछि सरल हुन्छ ।

क्रिया/कर्मयोग- चैतन्यशक्ति/चेतना/चित्तशक्ति आत्मतत्त्वलाई छोडेर बाह्यतत्त्व (दृश्य जगत्/भौतिक पद/पदार्थमय जगत्) सँग संयोग हुनु नै क्रियायोग/कर्मयोग हो । यसमा सम्पूर्ण इन्द्रियहरूले काम गरिरहेका हुन्छन् । इन्द्रिय सक्रिय भएर काम गरिरहन्छन् । यसरी गरिएका कामहरू यदि ईश्वरमा अर्पण गरियो भने मुक्तकर्म हुन्छ भने संसारमा अर्पण गरियो भने बन्धकर्म हुन्छ । मुक्तकर्मले वैराग्य र बन्धकर्मले बन्धन गराउँछ ।

भक्तियोग- यसमा देवीकै साथ आत्मालाई एकाकारको भावना राखेर गरिन्छ या जुन देवदेवीका साथ आफ्नो आत्मालाई एकाकार गरिन्छ त्यो नै भक्तियोग हो । यसमा सम्पूर्ण तत्त्व नै ईश्वर तत्त्व हो भनेर व्यवहार गरिन्छ । 'सीयाराममय सब जग जानी' यो भावनाले हरेकमा भगवान् देख्नु नै भक्ति हो । आश्वचाण्डाल गोखरवत् सबैमा भगवत् स्वरूप देख्नु नै भक्ति हो भने तदनुसार व्यवहार गर्नु नै भक्तियोग हो । कर्म गर्दै गएपछि भक्तिको प्रार्दुभाव हुन्छ । भक्तिको अभिवृद्धि भएपछि ज्ञान प्राप्त हुन्छ, अनि त्यही ज्ञानको अभिवृद्धि भएपछि नै मुक्ति हुन्छ । यथा-

कर्मणा जायते भक्तिर्भक्त्या ज्ञानं प्रजायते ।
ज्ञानात्प्रजायते मुक्तिरिति शास्त्रेषु निश्चयः ॥ १० ॥

मोक्षको प्रधान कारण नै योग हो । योग भनेको जोड्नु हो । दुई अलगलाई एक गराउनु हो । विनायोग न त भोग नै हुन्छ न त मोक्ष नै हुन्छ । योगमा पनि सबैभन्दा उत्तम क्रियायोग हो । प्रकृतिलाई माया र सनातन ब्रह्मलाई मायावी सम्भेर यी दुवै अभिन्न हुन् भने ज्ञान प्राप्त हुनासाथ भवबन्धनबाट मुक्त भइन्छ ।

देवी मन्दिर बनाउँदा पाइने फल

जसले देवीमन्दिर निर्माणका लागि या देवीका लागि इँटा, पत्थर, काठ, माटो, बालुवा आदि प्रदान गर्छ या स्वयम् निर्माण गर्छ उसले प्रतिदिनकै योगजन्य फल प्राप्त गर्छ । त्यति मात्र होइन उसले आफ्ना पूर्वापर हजार हजार पिँढीलाई उद्धार गर्छ र करोडौं जन्मका पापलाई भस्म गर्छ ।

सहस्रकुलमागामि व्यतीतं च सहस्रकम् ।
स तारयति धर्मात्मा श्रीमातुर्धाम कारयन् ॥ १४ ॥

नदीहरूमा गङ्गा, क्षमाशीलमा पृथ्वी, गम्भीरतामा समुद्र, ग्रहमा सूर्य श्रेष्ठ भएझैँ सबै देवहरूमा पराम्बा देवी श्रेष्ठ हुन् । कुनै तीर्थ या कुनै पुण्य क्षेत्रमा देवीको मन्दिर निर्माण गर्नाले कुनै बन्धन रहँदैन, अर्थात् बन्धनमुक्त हुन्छ र मन्दिरमा लगाएका इँटाहरूको सङ्ख्यापर्यन्त हजार गुणाले अर्थात् एक इँटा लगाउँदा एक हजार वर्षपर्यन्तको हिसाबले मणिद्वीप निवासी हुन्छ । देवीको मूर्ति प्रतिष्ठा गर्नाले त कल्पको प्रारम्भदेखि कल्पान्तपर्यन्त सबैको उद्धार हुन्छ । पञ्चदेव (ब्रह्मा, विष्णु, महेश, गणेश, गौरी) को मन्दिर बनाउनेले त कति हो कति पुण्य आर्जन गर्छ । त्यसको पुण्य गन्नै सकिँदैन । त्यसमा पनि शुभ ऋतु, ग्रह, तथा वारमा जसले देवीको स्थापना गर्छ, उसको पुण्य अनन्त हुन्छ र साथसाथै सन्ततिहरूको अभिवृद्धि अनवरत हुन्छ र नित्य देवीको धाम निवासी हुन्छ ।

ये व्रजन्तः स्वपन्तश्च तिष्ठन्तो वाप्यहर्निशम् ।
उमेति द्व्यक्षरं नाम ब्रुवते ते शिवागणाः ॥ ३६ ॥

अर्थात् जो हिँड्दा, सुन्दा, उभिँदा रातदिन 'उमा' यी दुई अक्षर उच्चारण गर्ने सबै साक्षात् शिवा (देवी) का गण हुन् । जसले देवीको नित्य पूजार्चना गर्छ, नित्य गाईको गोबर या माटोले मन्दिर लिप्छ या पोत्छ या झाडु लगाउँछ, तिनीहरू सबैले उमाको दिव्यलोक प्राप्त गर्छन् । त्यसै गरी देवदेवीको मूर्ति निर्माण गर्ने पनि आफ्नो कुलसहित दश हजार वर्षपर्यन्त मणिद्वीपमा निवास गर्न पाउँछन् । जो स्थापित देवप्रतिमालाई विशेष पर्व या तिथिहरूमा घृत, मधु, दुग्ध आदिले र अष्टादश सुगन्धित द्रव्यले देवीसूक्त या श्रीसूक्त या बीज मन्त्रोच्चारणपूर्वक अभिषेक गर्छ । जसले देवीयज्ञ गर्छ, कमल पुष्पार्चन गर्छ, जो पाकेका फल र पक्वान्न नैवेद्यको भोग अर्पण गर्छ, उसले आफ्नो कुलसहित सबैलाई तार्छ । त्यसैगरी देवीलाई चढाएको नैवेद्य ग्रहण गर्नाले सम्पूर्ण पापहरू भस्म हुन्छन् ।

विभिन्न तिथिहरूमा गरिने व्रतको फल

शुक्लपक्षको तृतीया तिथि देवीको अत्यन्त प्रिय तिथि हो । अष्टमी, पञ्चमी, नवमी, चतुर्दशी पनि देवीका अत्यन्त प्रिय तिथिभित्र पर्दछन् । त्यसै गरी चारवटै नवरात्र (आश्विन, माघ, चैत्र, असार) व्रतको विषयमा त स्वयम् ब्रह्मा, शिव र कार्तिकेयले समेत वर्णन गर्न सक्तैनन् जसका चार पाँच र छ मुख छन् ।

नवरात्रव्रतस्यास्य प्रभावं वक्तुमीश्वरः ।
चतुरास्यो न पञ्चास्यो न षडास्यो न कोऽपरः ॥ ७४ ॥

नवरात्रकै व्रत गरेर राजा सुरथले पुनः राज्य पाए । समाधि वैश्य भवबन्धनमुक्त भयो । श्रीरामले रावणलाई जित्न सफल भए । ध्रुवसिन्धिपुत्र सुदर्शनले आफ्नो राज्य पाए । त्यसैले नवरात्र व्रत अवश्य गर्नुपर्छ । व्रतको समयमा देवीको राजोपचार, षोडशोपचारले पूजार्चना गर्नुपर्दछ । स्तोत्रमन्त्र पाठ गर्नुपर्दछ । यदि सामर्थ्य भए देवीको दोलोत्सव, झुलनोत्सव, रथोत्सव आदि गर्नुपर्दछ । यसरी व्रत र उत्सव गर्नाले देवी प्रसन्न हुँदै सबै खाले मनोरथ पूर्ण गर्छिन् । सकाम वा निष्काम भावनाले गरेका सम्पूर्ण व्रत, उत्सव आदिको फल भगवतीले अवश्य प्रदान गर्दछिन् । त्यसैले तनमनधनले यी कार्यहरू गरिरहनुपर्दछ ।

उमा संहिताको उपसंहार

संहितेयं महापुण्या शिवभक्तिविवर्द्धिनी ।
नानाख्यानसमायुक्ता भुक्तिमुक्तिप्रदा शिवा ॥ ८४ ॥

यो संहिता कल्याणमयी, पुण्यप्रदायिनी पुण्यमयी, शिवभक्तिलाई अभिवृद्धि गराउने संहिता हो । यसको सेवन गर्नाले या पढाउनाले या पढ्नाले अथवा श्रवण गर्नाले या गराउनाले भोग पनि मोक्ष पनि प्राप्त हुन्छ । जसका घरमा यो संहिता छ त्यो घर साक्षात् देवीको

मन्दिर हो र यसको नित्य पूजन गर्नाले नै सबै कामनाहरू पूर्ण हुन्छन् । यस्ता घरका छेउछाउमा भूत, प्रेत, डाकिनी, शाकिनी, पिशाच आदि दुष्टको भय हुँदैन । त्यति मात्र होइन पुत्र, पौत्र र अविच्छिन्न वंशको अभिवृद्धि हुन्छ । त्यसैले यसको अवश्य सेवन गर्नू ।

तस्मादियं महापुण्या रम्योमासंहिता सदा ।
श्रोतव्या पठितव्या च शिवभक्तिमभीप्सुभिः ॥ ८८ ॥

समाप्तोऽयं उमासंहिता पञ्चम संहिता

हामी पनि हात जोडेर वन्दना गरौं ।

करचरणकृतं – कायेनवाचा – न जानामि योगं – ॐ नमः शिवाय



षष्ठम कैलास संहिता

कथासारः

षष्ठम कैलास संहितामा जम्मा तेइस अध्याय छन् र यसमा मूलतः शिवपार्वती, स्कन्ध, वामदेव एवम् सूत-शौनकबिच संवाद रहेको छ ।

शिवतत्त्व र शिवदर्शनले भरिएको यो संहिता शिवरहस्यलाई प्रतिपादित गर्ने वेदान्तकै स्वरूप हो । प्रणवको मूल मर्मदेखि सन्न्यासी बन्न के कस्ता विधि अपनाउनुपर्छ ? के कस्ता नियम पालना गर्नुपर्छ र उनीहरूको अन्त्येष्टि एवम् ऊर्ध्वदैहिक कर्म के कसरी गर्नुपर्छ ? आदि विषयवस्तु यस संहितामा रहेका छन् ।

आरम्भमा पार्वतीले प्रणव विद्या प्राप्त गर्न शिवसँग विधिवत् दीक्षा लिएको र शिवले पार्वतीलाई प्रणवबारे विविध कोणबाट सम्झाउँदै शिवरहस्य सम्बन्धी अनेक प्रसङ्गहरू वर्णन गर्नुभएको छ । त्यसै गरी शिवपूजा-स्थान, पूजामण्डल निर्माण प्रक्रिया, विविध सामग्रीहरूद्वारा शिवपूजनविधि एवम् पञ्चावरण पूजनक्रमको सविस्तार वर्णन गर्दै शिवका प्रमुख आठ नामको महत्त्व आदि विषयलाई पनि वर्णन गरिएको छ । यसै क्रममा शिवलाई ध्यानद्वारा कसरी पूजा गर्नुपर्दछ भन्ने विषयलाई पनि महत्त्वका साथ वर्णन गरिएको छ ।

त्यसपछि शिवपुत्र कार्तिकेय र मुनिवर वामदेव ऋषिबिचको संवादमा सन्न्यास धर्ममा प्रवेश गर्दा अपनाउनुपर्ने विधि र नियमहरूको विशद वर्णन गर्ने क्रममा नान्दी श्राद्धलाई विशेष सविधि वर्णन गर्दै कौपिन, दण्डग्रहण, भस्मधारण आदिको विधि र प्रयोगसहित वर्णन गरिएको छ । यसै क्रममा सन्न्यास ग्रहण गरेपछि घर र परिवार एवम् बन्धुबान्धवप्रतिको मोह त्याग गर्दै भिक्षाटन वृत्तिले जीविकोपार्जन एवम् नित्य शिव ध्यान अर्चना गर्दै जीवनयापन गर्ने प्रक्रियाहरूको वर्णन गरिएको छ । त्यसै गरी गुरु (आचार्य) ले सन्न्यासीलाई दीक्षित गराउने क्रममा शिवद्वारा नै सम्पूर्ण ब्रह्माण्डको सृष्टि, स्थिति र लय हुने, प्रणवबाटै सम्पूर्ण जगत् प्रकट भएको र यसलाई निरन्तर साधना गर्नुपर्ने, शिव नै अद्वैत स्वरूपमा विराजित भएका, सगुण निर्गुण दुवै रूपमा आफ्नो इच्छाले रहेका विषयहरू वर्णित छन् । शिव नै जीव र जगत्मा ओतप्रोत भएर व्यापकता लिनुहुन्छ र प्रलयमा सबैलाई समेट्नु पनि हुन्छ, त्यसैले शिव नै व्यष्टि र समष्टि रूपमा रहनुहुन्छ भन्ने विषयको प्रतिपादन समुचित ढङ्गले गरिएको छ ।

त्यसपछि सन्न्यासी (यति) ले योगपट्ट धारण गर्दा अपनाउनुपर्ने विधि र नियम आदिको वर्णन गर्दै महावाक्यलाई निरन्तर आत्मसात् गर्दै जीवन यापन गर्नुपर्ने र यसै विधिलाई नित्य

अनुगमन गर्नाले जीवले शिवत्व प्राप्त गर्दछ भन्ने विषयको वर्णन गरिएको छ ।

अन्त्यमा, यतिको मरण भएपछि देवजयन गर्नुपर्ने, उनीहरूको दशाह, एकादशाह र द्वादशाह विधि (कर्म) पुत्र या शिष्यले विधिपूर्वक गर्नुपर्ने आदि विधि र प्रक्रियाहरूलाई साङ्गोपाङ्ग वर्णन गर्दै, यस कैलास संहिताको उपसंहार गरिएको छ ।

यसरी शिवतत्त्व, शिवरहस्य, शिवज्ञान सम्बन्धी विषयलाई नै प्रमुख विषय बनाएर प्रस्तुत गरिएकाले यो संहिता अत्यन्त गहन, पठनीय चिन्तनीय मात्र नभई सम्पूर्ण वेदान्तसार पनि यसमा समेटिएको छ । के कस्ता नियम पालना गर्नालै कैलास वास प्राप्त हुन्छ भन्ने मर्म सम्झाएकाले यसको नामकरण कैलास संहिता रहेको हो ।

षष्ठम कैलाससंहिता

अध्याय प्रथम, द्वितीय, तृतीय

मङ्गलाचरण, व्यासशौनकसंवाद, पार्वतीद्वारा शिवसँग दीक्षा ग्रहण र प्रणव (ॐकार) सम्बन्धी व्याख्या

मङ्गलाचरण श्लोक

नमः शिवाय साम्बाय सगणाय ससूनवे ।
प्रधान पुरुषेशाय सर्गस्थित्यन्त हेतवे ॥ १ ॥

अर्थात् पार्वतीपुत्र तथा गणसहित प्रधान पुरुष जो सृष्टि, स्थिति, विनाशका मूल कारण हुनुहुन्छ त्यस्ता शिवलाई नमस्कार गर्दछु ।

शौनक ऋषि प्रश्न गर्नुहुन्छ-

कैलास संहितां ब्रूहि शिवतत्त्वविवर्द्धिनीम् । १-२ ।

हे व्यासजी ! तपाईंले अनेक कथानकसहित मनोहारी शैलीमा उमासंहिताको वर्णन गर्नुभयो । अब हामीलाई शिवतत्त्वलाई बढाउने, शिवज्ञानलाई बढाउने कैलाससंहिता श्रवण गराउनुहोस् । हामी सुन्न चाहन्छौं ।

नैमिषारण्यमा दीर्घ सत्रको दीक्षा लिएर बसेका स्वारोचिष मन्वन्तरको समयका ऋषिहरूको वन्दना गर्दै व्यासले शैवतत्त्व जिज्ञासु ती सबै महामुनिहरूलाई सर्वप्रथम धन्यवाद दिए । ती ऋषिहरू ॐकार तत्त्वलाई अर्थ प्रकाशित गर्ने उद्देश्यले दीर्घकालिक यज्ञानुष्ठान गरिरहेका

थिए । त्यसपछि व्यासले वेदान्तसारको सर्वस्व स्वरूप प्रणव परमेश्वर, पार्वतीसहित शिवको ध्यान गर्दै शिवतत्त्वले भरिएको वेदान्तको व्याख्या गरिएको कैलास संहिताको कथालाई ऋषिहरूका समक्ष यसरी वर्णन गर्न थाले ।

व्यासले भने, 'हे ऋषिहरू ! तपाईंहरू सबै भाग्यमानी हुनुहुन्छ । तपाईंहरूले उत्तम प्रश्न गर्नुभयो । प्रणवको अर्थ अत्यन्त गुह्य छ । शिवकृपा नभई यसबारे जान्न सकिँदैन ।'

जायते न हि सन्देहो नेतरेषामिति श्रुतिः ।
शिवभक्ति विहीनानामिति तत्त्वार्थनिश्चयः ॥ २-३ ॥

एकपल्ट जगदम्बा पार्वतीले पनि यही प्रश्न देवाधिदेव महादेवसँग गरेकी थिइन् र महादेवले जुन उपदेश पार्वतीलाई दिनुभयो, त्यही प्रसङ्ग म तपाईंहरू समक्ष प्रस्तुत गर्छु । सुन्नुहोस् ।

प्रणवतत्त्व सम्बन्धी शिवपार्वती संवाद

पार्वती- हे देवाधिदेव ! तपाईं मलाई सबैभन्दा पहिले मन्त्रदीक्षा दिएर सनाथ गर्नुहोस् । त्यसपछि मलाई ॐकार प्रणवको अर्थ के हो ? यसको उत्पत्ति कसरी, कहाँबाट भयो ? किन भयो ? यसका मात्रा के के हुन् अर्थात् कुन कुन अक्षरले ॐकार बनेको हो ? ती अक्षरहरूले केको प्रतिनिधित्व गर्छन् ? किन ॐकारलाई वेदको आदि भनिएको हो ? यसका अधिकारी को हुन् ? यसको विषय सम्बन्ध र प्रयोजन के हो ? यसको उपासक र उपासना स्थान कस्तो छ ? प्रणवको फल के हो ? अनुष्ठान कसरी सुसम्पन्न गर्नुपर्छ ? यसको पूजामण्डल, ऋषि, देवता, छन्द, न्यास र पूजाविधि के कस्तो हुन्छ ? यी र यस्ता प्रणव सम्बन्धी सबै विषयलाई सविस्तार वर्णन गरी मभित्रको सन्देहलाई निवारण गरिदिनुहोस् । यसरी पार्वतीले प्रणवसम्बन्धी प्रश्नैप्रश्न सोधेपछि शिवले क्रमशः उत्तर दिन थाल्नुभयो ।

महादेव- हे देवी ! तिमीले प्रणव सम्बन्धी प्रश्न गरेर यसको मूल रहस्यलाई जान्ने कोसिस गर्‍यौ । तिमी धन्य छौ । तिमीले राखेका जिज्ञासाको म क्रमशः उत्तर दिनेछु । यति भनेर शिवले सर्वप्रथम पार्वतीलाई दीक्षाविधि सुसम्पन्न गर्नुभयो र प्रणवको उपदेश दिनुभयो । त्यसपछि विशुद्ध चित्तमा स्थित गराएर उपदेश आरम्भ गर्नुभयो ।

हे देवी ! प्रणवलाई सुन्दा मात्रै पनि जीव साक्षात् शिव हुन्छ । यसको ज्ञान नै मेरो ज्ञान हो । यो नै सबै विद्याहरूको मूल (बीज) हो । यो नै वटवृक्षको बीजझैँ अति सूक्ष्म र महत्त्वपूर्ण स्वरूप हो । यो प्रणव नै वेदहरूको सार हो । म तीनै गुणभन्दा पर ॐ प्रणवमा रहन्छु ।

शिवो वा प्रणवो ह्येष प्रणवो वा शिवः स्मृतः ।
वाच्यवाचकयोर्भेदो नात्यन्तं विद्यते यतः ॥ ३-७ ॥
तस्मादेकाक्षरं देवं मां च ब्रह्मर्षयो विदुः ।

यसै कारणले ब्रह्मर्षिहरूले मलाई एकाक्षर (प्रणव ॐ) देव भनेर उपासना गर्छन् । त्यसैले प्रणव सबैमा निहित व्यापक स्वरूप (व्यष्टि) तथा सबैको सृजनको मूल कारण र सूक्ष्म स्वरूप (समष्टि) पनि हो । अर्थात् ॐ बाटै सबै प्रकट भएका र अन्तमा ॐ मै समेटिन्छन् । त्यसैले ॐ नै सर्वोपरि/सर्वव्यापक रूपमा स्थित छ ।

ॐकारको व्याख्या

१. प्रणवोद्धार- ॐकारभित्र पाँच वर्ण (अक्षर) रहेका छन् । 'अ' बाट निवृत्ति कला, 'उ' बाट इन्धनकला, 'म' बाट कालकला, 'नाद' बाट दण्डकला र 'विन्दु' बाट ईश्वरकला बुझिन्छ । यिनीहरूको उद्धार गर्न सक्षम भएकाले नै यसलाई प्रणवोद्धार भनिएको हो ।

२. प्रणवको अर्थः

ब्रह्मादि स्थावरान्तानां सर्वेषां प्राणीनां खलु ।
प्राणः प्रणव एवायं तस्मात्प्रणव ईरितः ॥ ३-१४ ॥

अर्थात् ब्रह्मादेखि स्थावरपर्यन्त सबै प्राणीहरूको प्राणतत्त्व भएकाले यसलाई 'प्रणव' भनिएको हो । अ, उ, म, र विन्दु मिलेर 'ॐ' अक्षर बन्छ ।

३. प्रणवबाट उत्पन्न- अकारबाट रजोयुक्त ब्रह्मा, उकारबाट सत्त्वगुणयुक्त विष्णु, मकारबाट तमोगुणयुक्त शिव (रूद्र), विन्दुबाट साक्षात् महादेव, नादबाट सदाशिवको उत्पत्ति भएको हो । जसमा ब्रह्माले सृष्टि, विष्णुले पालन, रूद्रले संहार, महादेवले तिरोभाव, र सदाशिवले अनुग्रहको कार्य सम्पादन गर्ने गर्छन् ।

४. प्रणवको प्रपञ्चात्मकता- अकारादि पाँच वर्णबाट क्रमशः सद्योजातदेखि ईशानपर्यन्त जुन पाँच ब्रह्म उत्पन्न भएका हुन्, तिनैलाई नै प्रपञ्चात्मक प्रणव भनिएको हो । ती यसप्रकार छन्-

(१) सद्योजातबाट उत्पन्न अकार रूपमा शिवका आठ कला रहेका छन् ।
(२) वामदेवबाट उत्पन्न उकार रूपमा तेह्र कला रहेका छन् ।
(३) अघोरबाट उत्पन्न मकार रूपमा आठ कला रहेका छन् ।
(४) तत्पुरूषबाट उत्पन्न विन्दु रूपमा चार कला रहेका छन् ।
(५) ईशानबाट उत्पन्न नाद रूपमा पाँच कला रहेका छन् ।

५. प्रणवको मण्डल

मन्त्र, यन्त्र, देवता, प्रपञ्च, गुरू, शिष्य, यी ६ अर्थले प्रणवको यन्त्ररूप धारण गर्दछ र यसलाई नै प्रणवको मण्डल भनिएको हो ।

यन्त्र तु देवतारूपं देवता विश्वरूपिणी ।
विश्वरूपो गुरु प्रोक्तः शिष्यो गुरुवपुः स्मृतः ॥ ३-३२ ॥

यन्त्र नै देवता रूप हो, देवता विश्वरूप हो, गुरु विश्वरूप हुन् र शिष्य गुरुको शरीर हो । यो सबै ॐकारकै रूप हो, र सबै ब्रह्मरूप हुन् ।

६. प्रणवको स्थान

मूलाधार, मणिपुर, हृदय, विशुद्ध आज्ञा शक्ति र शान्ति प्रणवका स्थान हुन् । शान्तिभन्दा अगाडि जे छ त्यसलाई परात्पर भनिन्छ । यसको अधिकारीचाहिँ केवल पूर्ण र दृढ वैराग्य प्राप्त गरेपछि मात्र भइन्छ । जब उपर्युक्त स्थानको एकपछि अर्कोमाथि विजयी हुँदै अन्तिममा पुगिन्छ तब जीवात्मा र प्रणवको म (परब्रह्म) सँग ऐक्य हुन्छ ।

७. प्रणवको सम्बन्ध

जीव र ब्रह्मको एकता गराउने तत्त्व नै प्रणव हो । यही नै यसको सम्बन्ध हो । यो प्राप्त गर्नका लागि आचारसम्पन्न तपस्वी, जितेन्द्रिय, पवित्र, वेदविद्, शान्त, इह, परलोकबाट विरक्त देव, ब्राह्मण र शिवको उपासक, शास्त्रज्ञाता, आचार्यसमीप गएर उनीहरूको शिष्य बनी दीक्षा ग्रहण गर्नुपर्दछ । यस्ता व्यक्तिलाई गुरु भनिन्छ र यस्तो गुरु मसमान हुन्छ ।

यो गुरुः स शिव प्रोक्तो यः शिवः स गुरु स्मृतः । ३-४२ ।

८. प्रणवको दीक्षा

सर्वलक्षण सम्पन्न गुरुका समीपमा अधिकारी शिष्य बनेर जानुपर्दछ र दीक्षार्थ निवेदन गर्नुपर्दछ । गुरुबाट आज्ञा प्राप्त गरेपछि बाह्र दिनसम्म केवल दुध पिएर व्रत गर्नुपर्दछ । त्यसपछि समुद्रतट वा पवित्र नदीतट या पर्वत या शिवालयमध्ये कुनै एक क्षेत्रमा शुक्लपक्षको पञ्चमी या एकादशीको दिनमा क्षौरकर्म गरेर स्नान गरेर सबैभन्दा पहिले नान्दीश्राद्ध गुरुद्धारा गर्नुपर्दछ । त्यसपछि गृह्यसूत्र अनुसार अग्न्याधान गरेर पुरुषसूक्त या गायत्री मन्त्रले हवन गर्नुपर्दछ । त्यसपछि विरज अग्निको भस्म लिएर त्रिपुण्ड्र धारण गर्नुपर्दछ । यी सबै कार्य शिष्यलाई गुरुले नै गराउनुहुन्छ । त्यसपछि शिष्यको शिरमा हात राखेर ऋषि आदि सहित प्रणवको अर्थ दाहिने कानमा भन्नुपर्दछ । यसरी तीनचोटि अर्थसहित प्रणव मन्त्र सुनाउनुपर्दछ ।

हस्तं निधाय शिरसि शिष्यस्य प्रीतिमानसः ।
ऋष्यादि सहितं तस्य दक्षकर्णे समुच्चरेत् ॥ ३-६२ ॥

त्यसपछि गुरुलाई प्रणाम, गुरुदक्षिणा, निवेदन गरेर प्रणवको नित्य चिन्तन गर्नुपर्दछ । यसो गर्नाले शिष्यले शिवसायुज्य प्राप्त गर्दछ ।

अध्याय चतुर्थ, पञ्चम, षष्ठ

सन्न्यासाचार, सन्न्यासमण्डल, सन्न्यासपद्धति वर्णन

शिव भन्नुहुन्छ- हे महादेवी !

अत परं प्रवक्ष्यामि सन्न्यासान्हिककर्म च । ४-१ ।

सन्न्यास धर्मलाई नित्य कसरी प्रतिपादन गर्नुपर्दछ भन्ने विषयमा यी अध्यायहरूमा शिवले महादेवी पार्वतीलाई सविस्तार भन्नुभएको छ । यति (सन्न्यासी) ले ब्रह्ममुहूर्तमा उठेर सबैभन्दा पहिले आफ्नो शिरमा सहस्रदलयुक्त श्वेतकमलमा विराजित गुरुको ध्यान गर्नुपर्दछ र हात जोड्दै प्रार्थना गर्नुपर्दछ । प्रातः कालदेखि भोलिको प्रातः कालपर्यन्त 'जे गर्दछु त्यो सबै तपाईंको पूजा हुनेछ' भन्दै समर्पण गर्नुपर्दछ र गुरुको आज्ञा लिएर जितेन्द्रिय भई मूलाधारदेखि ब्रह्मरन्ध्रपर्यन्त करोडौं बिजुलीसमान छ चक्रहरूको ध्यान गर्नुपर्दछ ।

मूलादिब्रह्मरन्ध्रान्तं षट्चक्रं परिचिन्तयेत् । ४-७ ।

यसरी ध्यान गरेपछि बाहिर गएर भूमिमा तृण बिछ्याएर कपडाले शिर र नासिका ढाकेर शौच गर्नुपर्दछ । त्यसपछि उत्तर दिशातर्फ फर्केर दन्तमन्जन गर्नुपर्दछ तर एकादशी र अमावश्या तिथिमा भने दन्तमन्जन गर्नुहुँदैन । त्यसपछि अरुणोदयको समयमा माटो लगाएर स्नान गर्नुपर्दछ र सन्ध्योपासना पनि गर्नुपर्दछ । त्यसपछि जलाशयबाट बाहिर आएर धौत वस्त्र एवं कौपिन धारण गरी शुद्ध आसनमा बसेर भस्म धारण गरी अग्निरिति भस्म——, त्र्यायुषं जमदग्ने——, त्र्यम्बकं यजामहे—— आदि मन्त्रोच्चारण गर्दै शिर, ललाट, छाती, काँध, बाहु, नाभि, सन्धिस्थल, पिठ आदिमा भस्म लगाउनुपर्छ । त्यसपछि आचमन, प्राणायाम गरेर सूर्यमण्डलको मध्यमा अवस्थित सम्पूर्ण तेजोमय, अष्टभुजायुक्त, चार मुखयुक्त, अर्धनारीश्वर शिवको ध्यान गरी, तीनपल्ट अर्घ्य, पञ्चाक्षर मन्त्रको एक सय आठपल्ट (एक माला) जप, बाह्रपल्ट तर्पण, अनि आचमन, प्राणायाम गरी हात, चरण धोएर, दाहिने चरणले पूजास्थानमा प्रवेश गर्नुपर्दछ । पूजास्थान (मण्डप) मा प्रवेश गरेपछि वेदी मण्डलको निर्माण गर्नुपर्दछ ।

मण्डपान्तः सुधीस्तत्र मण्डलं रचयेत्क्रमात् । ४-३४ ।

सन्न्यासमण्डल निर्माण र पूजाविधि

सबैभन्दा पहिले भूमिलाई चिल्लो पारेर लिप्नुपर्दछ र एक हात वर्गाकारको चौकरको मण्डप निर्माण गर्नुपर्दछ । यसको आठै दिशामा गृह्यसूत्र, बृहज्जावालोपनिषद् या कालाग्निरुद्रोपनिषद्

आदि ग्रन्थहरूमा लेखिएको विधि अनुसार ईशानादि दिशामा क्रमशः पहेँलो, रातो, कालो, सेतो आदि रङ्गद्वारा सन्न्यासमण्डलको निर्माण गरेर यति (सन्न्यासी) स्वयम् ब्रह्ममा स्थित भएर सूर्यनारायणको यथाविधि पूजा गर्नुपर्दछ ।

एवं मण्डलमालिख्य नियतात्मा यतिः स्वतः ।
सौरपूजां प्रकुर्वीत स हि तद्वस्तुतत्परः ॥ ५-३६ ॥

सौरमन्त्रको देवता ऋषि, गायत्री छन्द, सूर्य महेश्वर देवता हुन् भने धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, यी पूर्वादि दिशामा र अधर्म, अज्ञान, अवैराग्य, अनैश्वर्य यी आग्नेयादि दिशामा रहन्छन् र यिनीहरूको विधिवत् पूजा गर्नुपर्दछ । यो पहिलो आवरणको पूजा हो ।

द्वितीय आवरणमा पनि तिनै पूर्वादि दिशाकै क्रमले नवग्रह या बाह्र सूर्यहरूको पूजा गर्नुपर्दछ । तृतीय आवरणमा भने बाह्र राशिहरूको पूजा गर्नुपर्दछ ।

त्यसपछि शिवशिवाको अनुपम छविलाई हृदयाकाशमा विराजित गरेर, उनीहरूको पूजा गर्दै गणेश, गुरु आदिको स्मरण पूजन गरी शुद्धचित्त भएर शिवको ध्यान गरेर सन्न्यास लिनुपर्दछ । त्यसपछि प्रणवका साथमा हृदयादि न्यास गर्नुपर्दछ ।

अध्याय सप्तम, अष्टम, नवम, दशम

शिव ध्यानपूजा, शिव आवरणपूजा, प्रणवार्थ पद्धति वर्णन

शिव ध्यानपूजा वर्णन

शिवले भन्नुभयो- हे महादेवी !

स्ववामे चतुरस्रं तु मण्डलं परिकल्पयेत् ।
ओमित्यभ्यर्च्य तस्मिंस्तु शङ्खमस्त्रोपशोभितम् ॥ ७-१ ॥

आफू बसेको देब्रेतिर मण्डल निर्माण गरी ॐको पूजार्चना गर्नू र शङ्खजलले प्रोक्षण गर्नू । अगाडि षट्कोण मण्डलको रचना गरेर त्यसैको बिचमा प्रणवको पूजा गर्नू । त्यसैको छेउमा अर्घ्यपात्र स्थापना तथा पूजार्चना गर्नू, अनि सर्वत्र अस्त्रमन्त्रले पूजास्थान संरक्ष्य गरेर विशेष पूजा प्रारम्भ गर्नुपर्छ ।

यी सबै प्रक्रियाहरू ध्यानस्थ भएर मनबाटै गर्दै जाने हो । शिवले पार्वतीलाई यही भन्नुभएको छ । त्यसपछि सुन्दर कमलमण्डलको ध्यान गर्ने र त्यसको ईशान कोणमा गुरुलाई बसाउने

र विशेष पूजा गर्ने । त्यसै गरी त्यो कमलदलको नैऋत्य कोणमा गणपतिलाई, वायव्य कोणमा कार्तिकेयलाई, आग्नेय कोणमा नन्दीश्वरलाई, उत्तर दिशामा नन्दीपत्नी सुयशालाई र कमलदलको आधारस्थलमा अनन्तको विधिपूर्वक पूजा गर्नुपर्दछ । त्यसपछि ध्यानमै रहेर कमलदलको मध्यमा शिवा र शिवको षोडशोपचारका क्रमले मनैमन पूजा गर्नुपर्दछ । यस क्रममा बायाँतिर देवी शिवा र दायाँतर्फ महादेव शिवलाई स्थापना गरेर पूजा गर्नुपर्दछ । यसरी मनबाटै पूजार्चना गर्दै जाँदा यी मन्त्रहरूका उच्चारण गर्दै जानू- भवे भवे नाति भवे...., वामदेवाय नमः...., ज्येष्ठाय नमः .., श्रेष्ठाय नमः .., रूद्राय नमः .., बल प्रमथाय नमः.... । क्रमशः पाद्य, आचमन, सेतो कपडा, यज्ञोपवीत, धूप, दीप अर्पण गर्नुपर्दछ । यसरी शिवको ध्यानस्थ भएर पूजा गर्नाले सबै प्रकारका मनोवाञ्छित फल प्राप्त हुन्छन् ।

शिवको आवरण पूजा वर्णन

अत्रास्ति च महादेवि खल्वावरणपञ्चकम् ।
पञ्चावरणपूजां तु प्रारभेत यथाक्रमम् ॥ ८-१ ॥

शिवले पार्वतीलाई आवरण पूजाको प्रक्रिया बताइरहनुभएको छ । यी पूजा गर्ने विस्तृत प्रक्रियाहरू पूजापद्धति आदि ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ । यहाँ केवल सङ्केत मात्र गरिएको हो भनेर बुझ्नुपर्दछ ।

आवरण पूजा भन्नाले वेदीमा निर्माण गरिएको मण्डल जुन गृह्यसूत्र आदि ग्रन्थहरूमा वर्णित छन् । ती मण्डलमा स्थापना गरिएका देवीदेवताहरूको विधिवत् गरिने पूजा हो, जसको यहाँ सङ्क्षेपमा वर्णन गरिन्छ ।

ध्यान पूजाझैँ कमलदल मण्डल निर्माण गरी त्यही दलको वरिपरि स्थापना गरिएका देवीदेवताहरूको पूर्व दिशादेखि ईशान कोणसम्म पहिलो, दोस्रो आवरण हुँदै पाँचौं आवरणसम्म गरिने पूजाको प्रक्रिया यसरी वर्णन गरिएको छ-

१. **प्रथम आवरण-** कमलदलको मध्यमा शिवशिवालाई स्थापित गरेर आठै दिशामा गणेश र कार्तिकेयको पूजार्चना पहिलो आवरणमा गर्नुपर्दछ ।

२. **द्वितीय आवरण-** यसमा पनि कमलदलकै पूर्वमा अनन्त, दक्षिणमा सूक्ष्म, पश्चिममा शिवोत्तम, उत्तरमा एक नेत्र, ईशानमा एक रूद्र, आग्नेयमा त्रिमूर्ति, नैऋत्यमा श्रीकण्ठ, वायव्यमा शिखण्डीको पूजार्चना गरिन्छ ।

३. **तृतीय आवरण-** यस आवरणमा पनि कमलदलकै पूर्वमा वृषभ, दक्षिणमा नन्दी, उत्तरमा महाकाल, पश्चिममा भृङ्गीशको पूजा गर्नुपर्दछ । त्यसैगरी पूर्वादि क्रमले भव, शर्व, ईशान, रूद्र, पशुपति, उग्र, भीम, महादेव आदि शिवका अष्टमूर्तिको पनि पूजा गर्नुपर्दछ ।

४. **चतुर्थ आवरण-** यस आवरणमा पनि पूर्वादि क्रमले महेश्वर, विश्वेश, परमेश, सर्वेशको पूजा गरेर फेरि शिव, हर, मृड, भवको पूजार्चना गर्नुपर्दछ । त्यसपछि पुनः वासुदेव, अनिरूद्ध, सङ्कर्षण, प्रद्युम्न तथा ब्रह्मा, हिरण्यगर्भ, विराटपुरूष, पुष्करदेव र कालको पनि पूजा गर्नुपर्दछ । त्यसै गरी लोकपालहरू इन्द्र, अग्नि, पितृ, निर्ऋति, वरूण, मरूत्, कुबेर र ईशानको पनि पूजा गर्नुपर्दछ । यी सबैमा ॐ र चतुर्थी विभक्ति र नमः । भन्दै पूजा गर्नुपर्दछ । जस्तै- ॐ इन्द्राय नमः ॥

५. **पञ्चम आवरण-** यसमा पनि शिवका आयुधहरूको पूर्वादि क्रमले पूजा हुन्छ । जस्तो ईशानमा त्रिशूल, पूर्वमा वज्र, आग्नेयमा परेश, दक्षिणमा बाण, नैऋत्यमा खड्ग, पश्चिममा पाश, वायव्यमा अङ्कुश, उत्तरमा पिनाक ।

यसरी आवरण पूजा सुसम्पन्न भएपछि मध्यमा स्थापित शिवशिवाको विधिवत् पूजार्चना गरेर धूप, दीप, नैवेद्य, निराजन यथाशक्ति पञ्चाक्षर मन्त्र जप, पुष्पाञ्जली, प्रदक्षिणा आदि सम्पन्न गर्नाले शिवको पञ्चावरण पूजा सुसम्पन्न हुन्छ ।

शिवका प्रसिद्ध आठ नाम र कार्य

शिवो महेश्वरश्चैव रुद्रो विष्णुः पितामहः ।
संसारवैद्यः सर्वज्ञः परमात्मेति मुख्यतः ॥ ९-१ ॥

शिव, महेश्वर, रूद्र, विष्णु, पितामह, संसारवैद्य, सर्वज्ञ र परमात्मा यी आठ शिवका मुख्य नाम हुन् । यिनीहरूमा पनि शिव, महेश्वर, रूद्र, विष्णु, पितामह यी पाँच नामलाई शान्त्यातीत पद प्रदान गर्ने भनिएको छ जसले नित्य, मुक्त र शिवतत्त्व सम्बन्धी ज्ञान प्रदान गर्छ ।

संसारवैद्य- स्थूल कारणभूत संसारको मोहजनित वासनामा आशक्त जनलाई भोग र मोक्ष दुवै प्रदान गर्ने भएकाले संसारवैध संज्ञा दिइएको हो ।

सर्वज्ञ- ज्ञानेन्द्रिय र कर्मेन्द्रियद्वारा मायाले ढाकिएकाले सर्वसाधारणले जान्न सक्तैनन् तर विद्वान् भने यो विश्वप्रपञ्च मायालाई पार लगाउन सक्षम भएकाले सर्वज्ञ संज्ञा दिइएको हो ।

परमात्मा- त्यही सर्वज्ञ सर्वात्मा सबैमा अवस्थित रहेर पनि आफूभन्दा पर रहने हुनाले परमात्मा भनिएको हो ।

यसरी शिवतत्त्व सम्बन्धी गूढ रहस्यलाई हृदयङ्गम गर्दै प्रणवसहित शिवपूजार्चना, ध्यान, योग, साधना, उपासना गर्दै अन्त्यमा शिवोऽहम् अर्थात् 'म नै शिव हुँ' भन्ने अनुभव गर्नुपर्दछ । यो स्थिति प्राप्त नहुन्जेल प्रतिदिन पूजार्चना र त्यसपछि पक्ष, मास, पर्व या चार्तुमास आदिमा गर्दै जानुपर्दछ ।

यो रहस्यमय गुप्तविधि महादेवले महादेवीलाई बताउनुभएको हो, त्यसैले यसको प्रचार जिज्ञासु शिवभक्तमा मात्र गर्नु उचित हुन्छ ।

यसप्रकारको कथा श्रवणछि शिवाले शिवको स्तवन र वन्दना गरेको सन्दर्भ व्यासजीले शौनकादि ऋषिहरूलाई सुनाउनुभयो ।

अब यसपछिको प्रसङ्ग स्कन्ध र वामदेव मुनि बिचको संवाद रहेको छ । जहाँ शिवतत्त्व सम्बन्धी वामदेवजीको जिज्ञासा र स्कन्ध कार्तिकेयको उत्तर रहेको छ जुन वेदान्तसारस्वरूप छ ।

अध्याय एकादश

वामदेवद्वारा स्वामी कार्तिकेयको स्तुति, प्रणवसम्बन्धी जिज्ञासा वर्णन

ऋषिहरूद्वारा सूतजीलाई प्रणवको अर्थसहित समस्त शिवतत्त्व शिवदर्शन सम्बन्धी प्रश्न गरेपछि सूतजीले वामदेव-स्कन्धबिचको संवादलाई श्रवण गराउन थाल्नुभयो ।

एकपटक अहङ्कारशून्य, साक्षात् द्वितीय शिवस्वरूप वामदेवजीले साक्षात् शिवपुत्र स्कन्ध कुमारसँग उनको स्तुति वन्दनापूर्वक उपर्युक्त प्रश्न गरेका थिए । वामदेवजीले स्कन्धको यहाँ कुल बाह्र श्लोकले स्तवन गरेका छन् । उक्त स्तवनमा तपाईं नै प्रणवको अर्थ गम्भीर ढङ्गले जान्नुहुन्छ भनिएको छ । यथा-

ॐ नमः प्रणवार्थाय प्रणवार्थविधायिने ।
प्रणवाक्षरबीजाय प्रणवाय नमो नमः ॥ २२ ॥

हे स्कन्धजी ! तपाईं गङ्गाजीको सुपुत्र हुनुहुन्छ । कृतिकाहरूको कुमार, भगवती उमाको पुत्र र सरकण्डको वनमा शयन गर्ने हुनुहुन्छ । षडक्षर मन्त्र तपाईंको शरीर हो, तपाईं नै ६ मार्गभन्दा पर र ६ अर्थको विधान/प्रतिपादन गर्नुहुन्छ । तपाईं नै देवताहरूको सेनाध्यक्ष हुनुहुन्छ । तपाईं नै वाच्य र वाचकभन्दा पर, चारभुजाधारी, अणु र महान्भन्दा पनि महान्, कार्य र कारणको ज्ञाता र भूत र भविष्यको साक्षात्कार स्वरूप हुनुहुन्छ । त्यसै गरी ब्रह्मादि देवता तथा ऋषिमुनि, किन्नर गणहरूले गाउने गाथा विशेषद्वारा तपाईंको कीर्तिधामको चिन्तन/मनन गरिन्छ । यस्ता तपाईं स्कन्धकुमारलाई बारम्बार नमस्कार गर्दछु । केही श्लोक-

नमो गुहाय भूतानां गुहासु निहिताय च ।
गुह्याय गुह्यरूपाय गुह्यागमविदे नमः ॥ २४ ॥

षडक्षरशरीराय षड्विधार्थ विधायिने ।
षडध्वातीतरूपाय षण्मुखाय नमो नमः ॥ २९ ।
अणोरणीयसे तुभ्यं महतोऽपि महीयसे ।
नमः परावरज्ञाय परमात्मस्वरूपिणे ॥ २५ ॥

यसरी वामदेवजीले स्तुति गरेपछि स्कन्धजी अत्यन्त प्रसन्न हुनुभयो र के सेवा गरूँ ? भनेर सोधेपछि वामदेवजीले प्रणवको अर्थसहित शिवतत्त्व जान्ने इच्छा व्यक्त गर्नुभयो । त्यसपछि स्कन्धजीले तिनै प्रश्नहरूको उत्तर क्रमशः दिन थाल्नुभयो ।

अध्याय द्वादश, त्रयोदश

प्रणवको अर्थ, वर्णाश्रम धर्मवर्णन, ज्ञानमयी पूजावर्णन, सन्न्यास ग्रहणपूर्व गरिने नान्दीश्राद्ध र ब्रह्मयज्ञ वर्णन

स्कन्धजी- हे वामदेव मुनिवर !

साधु साधु महाभाग वामदेव मुनीश्वर ।
त्वमतीव शिवे भक्तः शिवज्ञानवतां वरः ॥ १२-१ ॥

प्रणवको साक्षात् अर्थ नै शिव हो । यही कुरा श्रुतिस्मृति, शास्त्र, वेदान्त, पुराण आदि ग्रन्थहरूले पुष्टि गरेका छन् । शिव भनेको नै चराचर नियन्ता परमात्मा हुन् जसको स्वरूपको यसरी वर्णन गरिएको छ ।

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।
आनन्दं यस्य वै विद्वान्न बिभेति कुतश्चनः ॥ १२-७ ॥

अर्थात् जहाँ पुगेर मनसहित वाणी निवृत्त हुन्छ, फर्किन्छ र जसको आनन्द प्राप्त गरेपछि ज्ञानी विद्वान् कतैबाट पनि भय हुँदैन । त्यसैगरी जहाँबाट ब्रह्मा, विष्णु, इन्द्रादि चराचरको सृष्टि हुन्छ । जो कतैबाट कहिल्यै उत्पन्न हुँदैन । जहाँ सूर्य, चन्द्रमा र बिजुलीको प्रकाश पनि पुग्दैन र जसको प्रकाशले नै सारा ब्रह्माण्ड प्रकाशित हुन्छ । जो सबै प्रकारका ऐश्वर्यले सम्पन्न र स्वयम् सर्वेश्वर छन् । जसलाई मोक्षार्थीहरू आकाशको मध्यमा स्थित सर्वव्यापी, प्रकाशात्मा, चैतन्य र भासरूप शिव भन्दछन् । जुन पुरुषको मनोहर पराशक्ति भावले जान्दछन् र उनी पनि स्वेच्छाले सगुण, निर्गुण रूपमा रहन्छिन् जसको नाम शिवा हो । उनका तीन रूप छन्- सूक्ष्म, स्थूल र स्थूलातीत । उनी नै सम्पूर्ण देवताका पनि देवता

आदिदेव सनातन हुन् । जो ज्ञानी/ध्यानी छन् उनीहरूले परमात्मा भनेर सम्बोधन गर्छन् । तिनै देवाधिदेवका मूर्ति नै सदाशिव हुन् । सदाशिव नै पञ्चमन्त्र शरीर र कल्पाञ्चक विग्रह धारण गर्छन् । उनी सदा सर्वदा प्रसन्न, शीतल कान्तियुक्त, पञ्चमुख, दशभुजा र तीन नेत्र धारण गर्छन् । त्यसैगरी शब्दादि शक्तिभन्दा वेगशाली, हृदयकमलमा विराजित र मनोन्मयी नामको आफ्नो शक्तिले सुशोभित रहन्छन् । मुमुक्षुजनले उपर्युक्त स्वरूपको निरन्तर ध्यान गर्नुपर्दछ ।

वर्णाश्रम धर्मवर्णन

हे मुनिवर !

चातुर्वर्ण्यं हि लोकेऽस्मिन् प्रसिद्धं मानुषं मुने । १२-२१ ।

यस लोकमा मनुष्यका चार वर्ण प्रसिद्ध छन् । जसलाई वेद र स्मृति आदि ग्रन्थहरूले व्याख्या गरेका छन् । ती चार वर्ण ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र हुन् । यीमध्ये प्रथम तीन वर्णलाई वेदको अधिकार छ भने शूद्रलाई केवल यी तीनै वर्णको सेवा गर्ने अधिकार दिइएको छ । आफ्नो वर्ण अनुसार, आश्रम अनुसार, आ–आफ्नो कर्म वेद र स्मृतिले वर्णन गरे अनुसार गर्नुपर्दछ ।

श्रुतिस्मृत्युदितं कर्म कुर्वन्सिद्धिमवाप्स्यति ।
इत्युक्तं परमेशेन वेदमार्ग प्रदर्शिना ॥ १२-२४ ॥

ब्रह्मचर्यको पालना गर्नाले ऋषिमुनि सन्तुष्ट हुन्छन् भने यज्ञद्वारा देवता अनि सन्तानहरूले दिएको श्राद्ध र तर्पणबाट पितृगण सन्तुष्ट हुन्छन् । यसरी तीनै ऋण (देव, ऋषि, पितृ) बाट मुक्त भएपछि मात्र वानप्रस्थी जीवनमा प्रवेश गर्नु उचित हुन्छ ।

वानप्रस्थ जीवन यापन गर्दा शीतोष्ण, सुखदुःख आदिलाई सहन गर्दै जितेन्द्रिय र तपस्वी जीवन हुनुपर्दछ । यस क्रममा आहारको इच्छामाथि विजय प्राप्त गर्दै यम, नियमादि योगको अभ्यास गर्दै जानुपर्छ । बुद्धि, दृढ र अविचल भएपछि मात्र ज्ञानमयी पूजार्चना प्रारम्भ गर्नुपर्दछ ।

ज्ञानमयी पूजार्चना

एवं क्रमेण शुद्धात्मा सर्वकर्माणि विन्यसेत् ।
सन्न्यस्य सर्वकर्माणि ज्ञानपूजापरो भवेत् ॥ १२-२९ ॥

हे मुनिवर ! सन्न्यासी बन्नुपूर्व यो ज्ञानमयी पूजा गर्नुपर्छ । प्रवृत्ति कर्मले आत्मशुद्धि गराउने हो । शुद्ध आत्मा भएपछि मात्र सन्न्यास धर्म ग्रहण गर्ने हो । ज्ञानमयी पूजा भनेको नै अब म ज्ञानी भएँ, अब संसारभन्दा माथि ईश्वरतत्त्वसँग मात्र एकाकार गरी जीवनयापन गर्नेछु

भन्ने दृढता प्राप्त गर्नु हो । ज्ञानमयी पूजा पश्चात् कौपिन र दण्ड मात्र धारण गर्नुपर्छ । सम्पूर्ण आशक्ति र वासनालाई सधैंका लागि त्याग गर्नुपर्छ । सन्न्यासी भएपछि घरपरिवार सबै त्याग्नुपर्छ । ज्ञानमयी पूजा भनेको प्रवृत्ति मार्गको अन्तिम पूजा हो ।

ज्ञानयमी पूजा कमसेकम तीन दिनमा पूर्ण हुन्छ । यसमा पहिलो दिन नान्दी श्राद्धमा देवऋषि, पितृश्राद्ध तर्पण, पिण्डदान गर्नुपर्छ । दोस्रो दिनमा पुण्याहवाचनपूर्वक हवनादिको कार्य गर्नुपर्छ भने तेस्रो दिनमा प्रकृतिपुरुषसहित छब्बिस तत्त्वलाई आत्मतत्त्वसँग लय गराएर घरबाट सन्न्यासी भई निस्किनुपर्छ । यही तीन दिन लगाएर गरिने पूजालाई नै ज्ञानमयी पूजा भनिएको हो । यसपश्चात् साधक स्वयम् शिवमय हुन्छ । भेदबाट अभेद हुन पुग्छ । द्वैतबाट अद्वैत हुन्छ । जीवबाट शिव हुन्छ ।

ज्ञानमयी पूजाले शिवसँग एकता हुन्छ र यसैबाट नै जीवनमुक्त हुन्छ । यो पूजा जितेन्द्रियहरूका लागि निर्विकार बनाउने उत्तम उपाय हो । यसको प्रक्रिया सविस्तार क्रमशः वर्णन गरिन्छ ।

सन्न्यासी हुनुभन्दा पहिले गर्नुपर्ने पूर्वाङ्ग विधि

यति (सन्न्यासी) हुन चाहने साधकले सबैभन्दा पहिले सम्पूर्ण शास्त्रहरूको ज्ञाता, तत्त्वार्थज्ञाता, वेदान्त ज्ञानको पारङ्गत र बुद्धिमान्, श्रेष्ठ आचार्यको शरणमा जानुपर्दछ । यस्ता आचार्यलाई नै गुरु बनाउनुपर्छ, किनकि गुरु नै शिव हुन् ।

यो गुरुः स शिवः प्रोक्तो यः शिवः स गुरुः स्मृतः ।
इति निश्चित्य मनसा स्वविचारं निवेदयेत् ॥ १२-३४ ॥

त्यसपछि गुरुको आज्ञा लिएर बाह्र दिनसम्म केवल दुध मात्र पिएर रहनुपर्छ, अनि शुक्लपक्षको चतुर्थी या दशमीको दिन प्रातःकाल विधिवत् स्नान गरेर शुद्धचित्त भई नित्यकर्म सुसम्पन्न गरेपछि गुरुले विधिपूर्वक साधकलाई नान्दी श्राद्ध गराउनुपर्छ ।

नान्दी श्राद्ध : प्रथम दिन

गुरुमाहूय विधिना नान्दी श्राद्धं समारभेत् । १२-३६ ।

नान्दी श्राद्धमा सत्यवसु संज्ञाको विश्वेदेव, देवश्राद्धमा ब्रह्मा, विष्णु, महेश तीन देवता, ऋषिश्राद्धमा, देवऋषि, मनुष्यका सन्तान भनिएको छ । त्यसैगरी देवश्राद्धमा वसु, रुद्र र आदित्य स्वरूप मानिएको छ । मनुष्यश्राद्धमा भने सनक, सनन्दन, सनातन र सनत्कुमार नान्दीमुख देवता हुन् ।

यसरी प्रथम नान्दीमुख देवता ब्रह्मा, विष्णु र महेश हुन् ।

द्वितीय नान्दीमुख ऋषिश्राद्धमा ब्रहमर्षि, देवर्षि र राजर्षि पर्दछन् ।

तृतीय दिव्य नान्दीमुख श्राद्धमा वसु, रुद्र र आदित्य पर्दछन् ।

चौथो मनुष्य नान्दीमुख श्राद्धमा सनक, सनन्दन, सनातन, सनत्कुमार पर्दछन् ।

पाँचौं भूत नान्दीमुख श्राद्धमा पञ्चमहाभूत, एकादश इन्द्रिय, स्वेदज, अण्डज, जरायुज र उद्‌भिज गरी चार प्राणी समुदाय पर्दछन् ।

यसैगरी छैटौं नान्दीमुख पितृश्राद्धमा पिता, पितामह, प्रपिता र सातौं मातृ नान्दीमुख श्राद्धमा माता, पितामही, प्रपितामही पर्छन् ।

पितृश्राद्धे पिता तस्य पिता तस्य पिता त्रयः ।
मातृश्राद्धे मातृपितामह्यौ च प्रपितामही ॥ १२-४० ॥

त्यसै गरी आठौं आत्मश्राद्धमा आत्मा, पिता, पितामह र प्रपितामह पर्छन् । नवौं मातामह श्राद्धमा मातामह, प्रमातामह, वृद्धप्रमातामह यी तीनै सपत्नीक नान्दी श्राद्धभित्र पर्दछन् ।

प्रतिश्राद्धं ब्राह्मणानां युग्मं कृत्वोपकल्पितान् । १२-४३ ।

अर्थात् प्रत्येक श्राद्धमा युग्म ब्राह्मण आवश्यक पर्दछन् । उनीहरूलाई आचमन गराएर, चरण धोएर भोजन गराउनुपर्दछ । त्यसपछि श्राद्धकार्यको रक्षा होस् भनी यसरी प्रार्थना गर्नुपर्दछ ।

समस्तसम्पत्समवाप्ति हेतवः समुत्थितापत्कुलधूमकेतवः ।
अपारसंसार समुद्रसेतवः पुनन्तु मां ब्राह्मणपादरेणवः । १२-४४ ॥

यति गरेपछि सङ्कल्प यसरी गर्नुपर्दछ- 'मेरो सन्न्यासको अङ्गभूत विश्वदेव पूजन, देवादि अष्टविधि श्राद्ध र अन्तमा मातामह श्राद्ध यी सम्पूर्ण कार्य तपाईंहरूको (ब्राह्मण) आज्ञा लिएर पार्वण विधिले सम्पन्न गर्नेछु ।' त्यसपछि एउटा श्राद्धका लागि दुईवटा ब्राह्मण वरण गर्नुपर्छ । ब्राह्मण वरण गर्दा दक्षिण दिशाबाट आरम्भ गरी उत्तर दिशामा कुशको आसनमा स्थापना गर्दै यी मन्त्र उच्चारण गर्नुपर्दछ-

विश्वेदेवार्थं भवन्तौ वृणे ।
भवद्‌भ्यां नान्दी श्राद्धे क्षणः प्रसादनीयः । १२-५१ ॥

प्रत्येक श्राद्धमा ब्राह्मण वरणको विधि एकै हुन्छ । केवल जुन श्राद्धका लागि हो, त्यसको नाम मात्र पृथक् लिनुपर्दछ । त्यसपछि ती सबैलाई कुशको टुक्रा, पुष्प, अक्षता र पाद निवेदन गर्नुपर्दछ । त्यसका लागि यसरी मन्त्र उच्चारण गर्नुपर्दछ-

ॐ सत्यवसुसंज्ञका, विश्वेदेवाः नान्दीमुखाः भुर्भुव स्वः इदं वः पाद्यं पादावनेजनं पादप्रक्षालनं वृद्धिः।

ॐ ब्रह्मविष्णुमहेश्वराः नान्दीमुखाः भूर्भुवः स्वः इदं वः पाद्यं पादावनेजनं पादप्रक्षालनं वृद्धिः ।

ॐ देवर्षिब्रह्मर्षिक्षत्रर्षयो नान्दीमुखाः भूर्भुवः स्वः इदं वः पाद्यं पादावनेजनं पादप्रक्षालनं वृद्धिः ।

यसै गरी बाँकी नान्दीमुख श्राद्धका लागि वाक्य बनाउँदै अर्पण गर्दै जानुपर्दछ । त्यसपछि यो मन्त्र उच्चारण गर्दै आसन दिनुपर्छ-

पृथ्वी ते पात्रं धौरपिधानं ब्राह्मणस्य मुखेऽमृतेऽमृतं जुहोमि स्वाहा ॥ १२-६२ ॥

यो प्रक्रिया सबै श्राद्धमा पृथक् पृथक् गर्नुपर्दछ जो विश्वेदेवसहित अष्टविध नान्दीमुख र मातामह, पितामह सबै मिलाउँदा जम्मा दश मण्डल हुन्छन् । अन्तमा यो मन्त्रले प्रार्थना गर्नुपर्दछ ।

यत्पादपद्मस्मरणाद्यस्य नाम जपादपि ।
न्यूनं कर्मं भवेत्पूर्णं तं वन्दे साम्बमीश्वरम् ॥

यति गरेपछि पिण्डदान गर्नुपर्दछ, जुन कुल ५४ (चवन्न) वटा हुन्छन् किनकि प्रत्येक नान्दी श्राद्धका लागि दुई-दुईवटा पिण्ड प्रदान गर्नुपर्दछ । नौ स्थान नान्दी श्राद्ध हुन्छन्, यिनीहरूलाई तीन गुणा गर्दा सत्ताइस हुन्छन् र प्रत्येकलाई दुईवटा पिण्ड दिँदा चवन्नवटा हुन्छन् । नौ स्थान नान्दी श्राद्ध, विश्वेदेव, देवता, ऋषि, दिव्यपितृ, मनुष्य, भूत, पिता, माता, आत्मा र मातामह हुन् । जसको मन्त्र यसरी उच्चारण गर्नुपर्दछ-

ब्रह्मणे नान्दीमुखाय स्वाहा ।
विष्णवे नान्दीमुखाय स्वाहा ॥

त्यसपछि शिवको ध्यान गर्दै पूर्वोक्त 'यत्पाद परमस्मरणाद्' उच्चारण गरी ब्राह्मणपूजन, क्षमाप्रार्थना र पितृविसर्जन गर्नुपर्दछ । यसै गरी पिण्डलाई पनि उत्सर्ग गरी पिण्ड गाईलाई खुवाउनु या जलमा प्रवाहित गर्नुपर्छ । त्यसपछि स्वच्छ भएर स्वजनहरूकै साथमा भोजन गर्नुपर्दछ । यसरी प्रथम दिनको कार्य सुसम्पन्न गर्नुपर्दछ ।

द्वितीय दिनमा गर्नुपर्ने कार्य

प्रथम दिनमा नान्दी श्राद्ध गर्नुपर्छ । दोस्रो दिनमा प्रातः ब्रह्मविद्या चिन्तन, मध्याह्नमा पूजार्चना, सायङ्कालमा हवन र रात्रि पूरै गायत्री जप गरेर सुसम्पन्न गर्नुपर्छ । जसको विधि यसरी वर्णन गरिएको छ-

अन्येद्युः प्रातरुत्थाय कृतनित्यक्रियः सुधीः ।
उपोष्य क्षौरकर्मादि कक्षोपस्थविवर्जितम् ॥

सबैभन्दा पहिले क्षौरकर्म र नित्यकर्म सुसम्पन्न गर्नुपर्दछ । त्यसपछि भस्मधारण कौपिन, धौतवस्त्र धारण गरेर उत्तमस्थान जस्तो समुद्र, नदी, तडाग, पर्वत, शिवालय, वन या गौशाला आदिमा आसन लगाएर शिवनामको स्मरण गर्दै ब्रह्मविद्याको चिन्तन गर्नुपर्दछ । जसका आदि मन्त्रहरू यस्ता छन् ।

ॐ नमो ब्रह्मणे - । ॐ अग्निमिले पुरोहितम् - । अथ महाव्रतम् । ॐ अग्निर्वै देवानाम् - । एतस्य समाम्नायम् - । ॐ इषेत्वोर्जेत्वा वायवस्थ - । ॐ अग्न आयाहि वीतये - । ॐ शन्नो देवीरभीष्टय - । इत्यादि मन्त्रहरूको चिन्तन गरेपछि य म त र ज भ न स ल ग । पञ्चसंवत्सरमयम् - । समाम्नाय समाम्नात - । अथ शिक्षां प्रवक्ष्यामि । वृद्धिरादैच - । अथातो धर्म जिज्ञासा - । अथातो ब्रह्म जिज्ञासा - आदि वेद, पुराण यथासम्भव पाठ र स्वाध्याय गर्नुपर्दछ । त्यसपछि पुनः यी मन्त्र उच्चारण गर्नुपर्दछ-

ॐ ब्रहमणे नमः । ॐ सूर्याय नमः । ॐ सोमाय नमः । ॐ प्रजापतये नमः । ॐ आत्मने नमः । ॐ अन्तरात्मने नमः । ॐ ज्ञानात्मने नमः । ॐ परमात्मने नमः ।

यसरी स्वाध्याय एवम् ब्रह्मचिन्तन गरेपछि तीन मुठी सातु लिएर प्रणव उच्चारण गर्दै तीनपल्ट ग्रहण गर्नुपर्दछ र प्रणवकै जप गर्दै दुध, दही, घिउ या जल ग्रहण गरी आचमन र प्राणायाम गरेर प्रातःकालको कार्य सुसम्पन्न गर्नुपर्दछ ।

अथ मध्याह्नसमये स्नात्वा नियतमानसः ।
गन्धपुष्पाक्षतादीनि पूजाद्रव्याण्युपाहरेत् ॥ १३-१ ॥

स्नानादि गरेर मध्याह्न समयमा गणेशादिको गन्ध-पुष्पाक्षता आदिले विधिवत् पूर्जाचन गर्नुपर्दछ । त्यसपछि गृह्यसूत्र अनुसार औपासनाग्निमा आज्यले सविधि हवन गरेर अपराह्न पर्यन्त गायत्री जप गर्नुपर्दछ ।

सायङ्कालमा भने स्नानादि सन्ध्या आदिबाट निवृत्त भएपछि रुद्रसूक्त या सद्योजात आदि पाँच मन्त्रले हवन गर्नुपर्दछ । अनि गुरुसँग आज्ञा लिएर, भैरवतन्त्रलाई सम्झेर, यज्ञकुण्डको उत्तर दिशामा मौन भएर वस्त्र, मृगचर्म या कुशको आसनमा बसेर रातभरि ब्रह्ममुहूर्त पर्यन्त स्थिर चित्तले गायत्रीको जप गर्नुपर्दछ ।

स्थित्वासने जपेन्मौनी चैलाजिनकुशोत्तरे ।
आब्राह्मं च मुहूर्तं तु गायत्रीं दृढमानसः ॥ १३-१२ ॥

तृतीय दिन प्रारम्भ

स्नानादि नित्यकर्म, भस्मधारण आदि प्रातःकालीन नित्यकर्म समापन गरेपछि हवनका लागि आवश्यक पर्ने चरुपाक तयार गर्नुपर्छ । पुण्याहवाचनपूर्वक त्यही औपासाग्नि हवनवेदीमै हवनारम्भ गर्नुपर्दछ । जसमा महेशादि चतुर्व्युह, तन्त्रोक्त अनुसारका देवताहरू सबैलाई क्रमशः आहुति दिनुपर्छ । त्यसपछि आफ्नो देहशुद्धिका लागि प्रकृति आदि छब्बिस तत्त्वलाई लक्षित गर्दै होम गर्नुपर्छ किनकि यिनै तत्त्वबाट शरीरको निर्माण भएको हुन्छ तसर्थ यिनीहरूको 'विरजा होम' गर्नुपर्छ ।

अतः परं प्रजुहूयात् विरजाहोममात्मनः ।
षड्विंशत्तत्त्वरूपेऽस्मिन् देहेलीनस्य शुद्धये ॥ १३-२१ ॥

त्यसपछि 'मेरो शरीरमा रहेको तत्त्व शुद्धि होस्' यस्तो स्मरण गर्दै आत्मशुद्धिका लागि अरूणकेतुक मन्त्रद्वारा हवन गर्नुपर्छ । यो अरूणकेतुक मन्त्र, तैत्तिरीय आरण्यकको भद्रपाठकमा दिइएको छ । यसपछि पृथ्वी तत्त्वदेखि शिवतत्त्वपर्यन्त जति पनि तत्त्वहरू छन् ती सबैलाई आफ्नो कारण प्रकृतिमा लय गरेर शुद्ध गर्नुपर्छ ।

पृथिव्यादिशिवान्तं यत्तत्वजातं मुनीश्वर ।
स्वकारणलयद्वारा शुद्धिरस्य विधीयताम् ॥ १३-३४ ॥

यति गरेपछि जीव शिवमा ऐक्य हुन पुग्छ । यसपछि अग्निलाई आफैँमा आरोपित गरेर घरबाट सन्न्यासी भएर सधैंका लागि निस्किनुपर्छ । घरको मोह, धन परिवारको मोह छोडेर केवल प्रभु परमात्मा शिवको मोहमा आफूलाई समाहित गर्दै तीर्थाटन आदिको सेवन गर्नुपर्छ ।

अथाग्निमात्मन्यारोप्य ब्राह्मणः प्रव्रजेत् गृहात् । १३-४७ ।

सर्वसन्न्यास सावित्री प्रवेश

यति (साधक/सन्न्यासी) ले सन्न्यासी भएपछि सावित्रीमा प्रवेश गर्नुपर्छ र यसैको नित्य आश्रयमा रहेर बाँकी जीवन यापन गर्नुपर्छ । जसको विधि यसप्रकार छ-

सावित्रीप्रथमं पादं सावित्रीमित्युदीर्य च ।
प्रवेशयामि शब्दान्ते भूरोमिति च संवदेत् ॥ १३-४८ ॥

अर्थात् गायत्रीको प्रथम पाद उच्चारण गरेर सावित्रीं प्रवेशयामि भनेर भूरोम उच्चारण गर्नुपर्छ । त्यसैगरी द्वितीय पादमा भुवरोम् तृतीय पादमा सुवरोम्, फेरि तीनै पद एकैपल्ट उच्चारण गर्दै ॐ भुर्भुवः स्वरोम् भन्नुपर्छ । भगवती सावित्री पाँच मुख, दश भुजा र पन्ध्र नेत्रयुक्त साक्षात् शिवको अर्धाङ्गमा रहन्छिन् ।

इयं भगवती साक्षाच्छङ्करार्द्ध शरीरिणी । १३-५२ ।

यिनी त्रिपदा, आदिदेवी, अज र ब्राह्मणतत्त्व प्रदान गर्दछिन् । त्यसपछि गायत्रीका शिववाचक प्रणवमा लय गर्नुपर्छ र दारैषणा वित्तैषणा, लोकैषणाबाट क्रमशः माथि हुँदै जानुपर्छ ।

त्यसपछि सृष्टि, स्थिति लयलाई क्रमशः यसरी छोड्नुपर्छ-

ॐ भूः सन्न्यस्तं मया । ॐ भुवः सन्न्यस्तं मया । ॐ स्वः सन्न्यस्तं मया । यी वाक्यहरू उच्चारण गर्दै, शिवको अनवरत ध्यान गर्दै 'अभयं सर्वभूतेभ्यो मत्तः स्वाहा' यस स्वरूपमा स्थिर हुनुपर्छ । त्यसपछि शिखाको केश उखेलेर, यज्ञोपवीत उतारेर हातमा जल लिएर 'ॐ

भुर्भुवः स्वः सन्न्यस्त मया' भन्दै जलमा विसर्जन/त्याग गर्नुपर्छ ।

शिखां यज्ञोपवीतं च यत्रोत्पाट्य च पाणिना ।
गृहीत्वा प्रणवं भूश्च समुद्रं गच्छ संवदेत् ॥ १३-७२ ॥

सन्न्यास दण्ड कौपीन धारण

त्यसपछि जलाशयको किनारमा गएर वस्त्र र कटिसूत्र पनि भूमिमा त्याग्नुपर्छ र अगाडि सात पाउ हिँड्नुपर्छ । त्यति बेलासम्ममा आचार्यले उनलाई रोक्नुपर्छ, अनि लोकव्यवहारका लागि भन्दै कौपीन र दण्ड स्विकार्न लगाउनुपर्छ ।

लोकस्य व्यवहारार्थं कौपीनं दण्डमेव च ।
भगवान्स्वीकुरुष्वेति दद्यात्स्वेनैव पाणिना ॥ १३-७६ ॥

त्यसपछि आचार्यले शिष्यलाई 'इन्द्रस्य वज्रोऽसि' भन्ने मन्त्र उच्चारण गरेर दण्डलाई ग्रहण गर्न लगाउनुपर्छ । त्यति मात्र होइन यस मन्त्रले दण्डलाई प्रार्थना गराउनुपर्छ-

'ॐ सखा मा गोपायौजः सखा योऽसीन्द्रस्य वज्रोऽसि वार्त्रघ्नः शर्म मे भव यत्पापं तन्निवारय ॥'

त्यसपछि प्रणव या गायत्री मन्त्र उच्चारण गर्दै भिक्षापात्र कमण्डलु ग्रहण गर्न लगाउनुपर्छ ।

सन्न्यासी भस्मधारण प्रणव उपदेश

दण्ड, कौपीन, गेरुवस्त्र, कमण्डलु आदि स्विकार्न लगाएपछि आचार्यले विराजाग्निजनित भस्मलाई लिएर शिष्यको अङ्गमा लगाइदिनुपर्छ या लगाउन दिनुपर्छ । यस क्रममा यी मन्त्र उच्चारण गर्नुपर्छ- 'ॐ अग्निरिति भस्म, वायुरिति भस्म, जलमिति भस्म, स्थलमिति भस्म, व्योमिति भस्म, सर्व हवा इदं भस्म, मन एतानि चक्षुषि । ॐ त्र्यायुषम् यमदग्ने - । ॐ त्र्यम्बकम् यजामहे – ।' यसरी र यिनै मन्त्र उच्चारण गर्दै भस्म र त्रिपुण्ड्र धारण गराउनुपर्छ । त्यसपछि शिष्यको शिरमा हात राखेर दाहिने कानमा ऋषि छन्द र देवतासहित प्रणवको उपदेश दिनुपर्छ ।

हस्तं निधाय शिरसि शिष्यस्य स गुरुर्वदेत् ।
त्रिवारं प्रणवं दक्षकर्णे ऋष्यादि संयुताम् । १३-८७ ॥

यसरी प्रणवको अर्थबोध र वेदान्त आदिले वर्णन गरिएका सगुण, निर्गुण स्वरूप शिवलाई नित्य चिन्तन/मनन गर्दै शिवपूजन नित्य गर्नुपर्छ । त्यति मात्र होइन गुरुको आश्रयमा रहेर सन्न्यास व्रतको आचरण गर्दै जीवनपर्यन्त निरन्तर गरिरहनुपर्छ ।

अध्याय चर्तुदश

शिवस्वरूप प्रणव अर्थ विवेचन

वामदेवले सोध्नुभयो-

षड्विधार्थपरिज्ञानमिष्टदं किमुदाहृतम् ।
के तत्र षड्विधा अर्थाः परिज्ञानं च किं प्रभो ॥ २ ॥

हे प्रभो स्कन्धदेव ! अब मलाई ६ प्रकारको अर्थको ज्ञान, इष्टफल, प्रतिपाद्य को हुन् ? आदि विषयमा प्रकाश पारिदिनुहोस् ।

स्कन्धजी- हे मुनिवर ! ६ प्रकारको अर्थको ज्ञान नै प्रणवको ज्ञान हो । यसको परिज्ञानले अभीष्ट फल प्राप्ति हुन्छ जसको सविस्तार वर्णन यस्तो छ ।

प्रथमो मन्त्ररूपः स्याद् द्वितीयो मन्त्रभावितः ।
देवतार्थस्तृतीयोऽर्थः प्रपञ्चार्थस्ततः परम् ॥ १० ॥

अर्थात् १. मन्त्ररूप २. यन्त्ररूप ३. देवरूप ४. प्रपञ्चरूप ५. गुरूरूप र ६. शिष्यको आत्मरूप । यी ६ प्रकारका प्रणवका रूप भनिएको छ, जसको क्रमशः विवेचना यस्तो छ-

१. **मन्त्ररूप-** प्रणवभित्र पाँच अक्षर छन् भनी वेदले भनेको छ । ती हुन्- 'अ' 'उ' 'म' ' विन्दु' र नाद । नाद सबै अक्षरहरूको समष्टि रूप हो भने बाँकी चार अक्षर व्यष्टि रूपले शिवतत्त्व बोधक प्रणवमा स्थित रहन्छन् ।

२. **यन्त्ररूप-** यन्त्ररूप शिवलिङ्गमा स्थित हुन्छ । सबैभन्दा तल पीठ (अर्धा) लेख्नू, त्यसमाथि अकार, त्यसमाथि उकार, त्यसमाथि मकार फेरि अनुस्वार अनि सबैभन्दा माथि अर्धचन्द्राकार नाद अङ्कित गरेर त्यसलाई प्रणवले वेष्टित गर्नुपर्छ ।

तन्मस्तकस्थं बिन्दुं च तदूर्ध्वं नादमालिखेत् ।
यन्त्रे सम्पूर्णतां याते सर्वकामः प्रसिध्यति ॥ १७ ॥

३. **देवता रूप-** सद्योजातं प्रपद्यामि— देखि सदाशिवोम् पर्यन्त जो पाँच मन्त्र छन्, वेदले यी सबैको वाचक प्रणव भनेको छ । यिनीहरूलाई ब्रह्मरूपी पाँच सूक्ष्म देवता भनी वर्णन गरिएको छ ।

४. **प्रपञ्चार्थ रूप-** यसलाई अनुग्रहमय चक्र पनि भनिन्छ । यही प्रपञ्चार्थको कारण पनि हो । यो सूक्ष्म, निर्विकार, अनामय र परब्रह्मस्वरूप मानिन्छ । अनुग्रह पनि दुई प्रकारको

छ- तिरोभाव अनुग्रह र कार्यकारण अनुग्रह ।

यो सम्पूर्ण जगत् पञ्चब्रह्ममय प्रपञ्चबाटै व्याप्त छ जसको वर्णन यसरी गरिएको छ-

१. **ईशान-** पुरूष, श्रोत्र, वाणी, शब्द र आकाश ईशान रूपले व्याप्त रहेको छ ।
२. **तत्पुरूष-** प्रकृति, त्वचा, पाणि, स्पर्श र वायु तत्पुरूष रूपले व्याप्त रहेको छ ।
३. **अघोर-** अहङ्कार नेत्र, चरण, रूप र अग्नि अघोर रूपले व्याप्त रहेको छ ।
४. **वामेदव-** बुद्धि, रसना, पायु, रस र जल वामदेव रूपले व्याप्त रहेको छ ।
५. **सद्योजात-** मन, नासिका, उपस्थ, गन्ध र पृथ्वी सद्योजात रूपले व्याप्त रहेको छ ।

त्यसैले यो चराचर जगत् पञ्चब्रह्म स्वरूप हो । शिवका उपासक यिनीहरूकै अनुसरण गरेर शिवसायुज्य प्राप्त गर्छन् । उनीहरू मुक्त जीव भएर कहिल्यै संसारमा आउँदैनन् । यसलाई श्रुतिले नै प्रतिपादित गरेको छ ।

ते ब्रह्मलोक इति च श्रुतिराह सनातनी ।
ऐश्वर्यं तु शिवस्यापि समष्टिरिदमेव हि ॥ ३५ ॥

त्यसैले प्रणवलाई शिवरूपी परम मन्त्रराज मानेर नित्य उपासना गर्नुपर्दछ ।

प्रणवं परमं मन्त्राधिराजं शिवरूपिणम् । ४६ ।

अध्याय पञ्चदश

सृष्टि, स्थिति र संहारको कारक उपासना मूर्ति वर्णन

स्कन्धजी भन्नुहुन्छ- हे वामदेव ! अब म सृष्टिको उत्तम स्वरूपबारे क्रमशः वर्णन गर्दछु, जुन सदाशिव र महेश आदि चार विग्रहबाट हुने गर्दछ ।

सदाशिवः समष्टिः स्यादाकाशाधिपतिः प्रभुः ।
अस्यैव व्यष्टितापन्नं महेशादि चतुष्टयम् ॥ २ ॥

अर्थात् अन्तरिक्षका स्वामी सदाशिव प्रभु समष्टि रूप हुन् भने महेश, रूद्र, ब्रह्मा, विष्णु यी चारै जना त्यही सदाशिवको व्यष्टि रूप हुन् । सदाशिवकै हजारौं अंशबाट महेशको उत्पत्ति भएको हो । अब क्रमशः उपर्युक्त चार स्वरूपको विस्तृत वर्णन गरिन्छ ।

१. महेश्वर

महेश्वर सम्पूर्ण क्रियाहरूका स्वामी हुन् । यिनका बायाँ भागमा माया शक्ति विराजित

छिन् । ईश्वरादि चार यिनकै विस्तृत रूप हो, जो ईश, विश्वेश्वर, परमेश, सर्वेश्वर नामले जानिन्छन् । यी तिरोभाव चक्र पनि हुन् । जबसम्म शरीरमा पुण्य र पाप रहन्छ, तबसम्म नै यी रहन्छन् । कर्महरूको समानता भएपछि जीव एक अनुग्रहमय विभु स्वरूपमा स्थापित हुन पुग्छ । यिनी साक्षात् परब्रह्ममय, निर्विकल्प, निरामय, शक्तिमय तथा कलामय स्वरूपमा रहन्छन् । यो सर्वश्रेष्ठ पद महेश्वरद्वारा अधिष्ठित रहन्छ ।

महेश्वराधिष्ठितं च पदमेतदनुत्तमम् । ९ ।

२. रूद्र

महेश्वरसहस्रांशाद् रूद्रमूर्तिरजायत ।
अघोरवदनाकारस्तेजस्तत्त्वाधिपश्च सः ॥ ११ ॥

अर्थात् महेश्वरको हजारौं अंशबाटै रूद्रमूर्ति उत्पत्ति भएको हो । उनी अघोरवन्दना स्वरूप अनि तेजतत्त्वका स्वामी मानिन्छन् । त्यसैगरी उनको बायाँ भागमा गौरीशक्ति विराजित रहन्छिन् । यिनी सर्वसंहारक मानिन्छन् । यिनकै व्यष्टि रूप शिव, हर, मृड र भव चार हुन् । संहार चक्रको पनि तीन भेद मानिएको छ, जो नित्य, नैमित्तिक र लय हुन् । रूद्रदेव यी तीनवटै संहारको कारक मानिन्छन् ।

३. विष्णु

रूद्रमूर्तेः सहस्रांशाद्विणोश्चैवाभवज्जनिः ।
स वामदेवचक्रात्मा वारितत्त्वैकनायकः ॥ २१ ॥

अर्थात् रूद्रमूर्तिका हजारौं अंशबाटै विष्णु प्रकट भएका हुन् । उनी वामदेव तत्त्वको आत्मा र जलतत्त्वको नायक मानिन्छन् । यिनको वामाङ्गमा रमा विराजित रहन्छिन् । यिनी सबैको रक्षा गर्ने गर्छन्, यिनका चारभुजा, कमल नेत्र, श्यामवर्ण, शङ्खचक्रगदापद्म धारण गर्छन् । यिनका वासुदेव, अनिरूद्र, सङ्कर्षण र प्रद्युम्न चार रूप छन् । जीवहरूलाई कर्मभोगपर्यन्त पालन गर्नु यिनको मुख्य कार्य हो भने यिनी विष्णुभक्त वैष्णवहरूलाई मुक्ति प्रदान गर्छन् ।

४. ब्रह्मा

विष्णोरेव सहस्रांशात्सम्बभूव पितामहः ।
सद्योजातमुखात्मा यः पृथिवीतत्त्वनायकः ॥ ३० ॥

अर्थात् विष्णुका हजारौं अंशबाट पितामह ब्रह्माको उत्पत्ति भएको हो जो सद्योजात आदिका आत्मा र पृथ्वीतत्त्वका नायक मानिन्छन् । यिनको बायाँ भागमा सरस्वती रहन्छिन् र यिनी संसारका सृष्टिकर्ता हुन् । यिनी रजोगुणयुक्त भएकाले रक्तवर्ण र चार मुखले युक्त रहन्छन् । यिनका व्यष्टि रूप, हिरण्यगर्भ, विराट, पुरूष र काल चार मानिन्छन् ।

जल अग्निद्वारा व्याप्त, अग्नि वायुद्वारा व्याप्त, वायु आकाशद्वारा, आकाश महत्तत्त्वद्वारा व्याप्त छ । यसैलाई ब्रह्माण्ड भनिन्छ । शिवले नै यस ब्रह्माण्डमा अनुग्रह, तिरोभाव, संहार र स्थिति रूपले लीला गर्नुहुन्छ । त्यसैले शिव नै एकमात्र शक्तिमान् हुनुहुन्छ ।

शिव एवेदमखिलं शक्तिमानिति निश्चितम् । ५१ ।

अध्याय षोडश

शिवबाटै जीव र जगत्को अभिन्नता प्रतिपादन

स्कन्धजी- हे वामदेव मुनिवर !

स्त्रीपुंरूपमयं विश्वं प्रत्यक्षेणैव दृश्यते । २२ ।

यो विश्व स्त्रीपुरूषमय रूपले अनुबन्धित छ । यो शरीर ६ कोश (धातु) ले निर्माण भएको हुन्छ जसमा तीन धातु, मज्जा, स्नायु र अस्थि पिताद्वारा निर्मित हुन्छ भने तीन धातु, त्वचा, मांस र रूधिर माताद्वारा निर्मित हुन्छ र यही स्वरूप परमात्मामा पनि हुन्छ । शिव र शक्तिको संयोग नै परमात्माको स्वरूप हो । यसैबाट पराशक्ति उत्पन्न हुन्छ, चित् शक्ति उत्पन्न हुन्छ । त्यसैगरी आनन्दशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति उत्पन्न हुन्छन् ।

एवं शिवत्वं शक्तित्वं परमात्मनि दर्शितम् ।
शिवशक्त्योस्तु संयोगादानन्दः सततोदितः ॥ ३३ ॥

उपर्युक्त शक्तिहरूबाटै नाद र विन्दु प्रकट भएका हुन् । क्रियाशक्तिबाट अकार, ज्ञानशक्तिबाट उकार र इच्छाशक्तिबाट मकार प्रकट भएका हुन् । यसै गरी शिवबाट ईशान, ईशानबाट तत्पुरूष, तत्पुरूषबाट अघोर, अघोरबाट सद्योजात उत्पन्न हुन्छन् । फेरि तत्पुरूषबाट शान्तिकला, अघोरबाट विद्याकला, वामदेवबाट प्रतिष्ठाकला र सद्योजातबाट निवृत्तिकला उत्पन्न भएका हुन् ।

ईशानाच्छान्त्यतीताख्या कला जाताऽथ पूरूषात् ।
उत्पद्यते शान्तिकला विद्याघोरसमुद्भवा ॥ ५९ ॥

यो सृष्टि शब्द, स्पर्श, रूप, रस, गन्धले युक्त पञ्चमहाभूतहरूको नै प्रपञ्च हो । विराट् रूप यी सबैका सङ्क्षेप हुन्, जसलाई ब्रह्माण्ड भनिन्छ ।

भूतपञ्चकरूपोऽयं प्रपञ्चः परिकीर्त्यते ।
विराट् सर्वसमष्ट्यात्मा ब्रह्माण्डमिति च स्फुटम् ॥ ६७ ॥

पृथ्वीतत्त्वदेखि लिएर शिवतत्त्वसम्म या तत्त्वसमूह प्रलय कालमा जीवरूप विराट्मा विलय हुन्छ । सृष्टिको आरम्भ हुँदा फेरि त्यही शक्तिबाट प्रकट भएर स्थूल प्रपञ्च सृष्टि रूपले प्रलय कालसम्म स्थिर रहन्छ ।

अयमेव हि संसारी मायया मोहितः पशुः ।
शिवज्ञानविहीनो हि नानाकर्मविमूढधीः ॥ ७५ ॥

अर्थात् यो जीव सांसारिक शिवमायाबाट मोहित भएर मूर्खताका कारण अनेक अशुभ कर्म गरिरहन्छ । यो संसार शिवबाट भिन्न छैन । यदि यो जान्न सकियो भने मोह पनि हुँदैन र पाश (माया) बाट पनि मुक्त भइन्छ । जसरी जादुगर आफ्नो जादुबाट मोहित हुँदैन, त्यसरी नै ऐश्वर्य ज्ञानयुक्त शिष्य पनि शिवज्ञान प्राप्त गरी शिवरूप नै हुन पुग्छ ।

यथैन्द्रजालिकस्यापि योगिनो न भवेद् भ्रमः । ७७ ।

अध्याय सप्तदश

शिव अद्वैतज्ञान, अद्वैतस्वरूप वर्णन

स्कन्धजी- हे वामदेव मुनिवर !

अद्वैतशैववादोऽयं द्वैतं न सहते क्वचित् ।
द्वैतं च नश्वरं ब्रह्माद्वैतं परमनश्वरम् ॥ ३ ॥

अर्थात् यो शैव सिद्धान्त अद्वैत मतलाई मान्दछ, स्विकार्दछ । त्यसैले यो कुनै प्रकारको द्वैत सिद्धान्तलाई स्विकार्दैन किनकि द्वैत भनेको नश्वर, विनाशी हो र अद्वैत भनेको अविनाशी हो । शिवतत्त्व नै सर्वज्ञ, सर्वकर्ता, सर्वेश्वर, गुणातीत र ब्रह्मादि देवताहरूका सर्जक एवम् सच्चिदानन्द विग्रह हुन् ।

सर्वज्ञः सर्वकर्ता च शिव सर्वेश्वरोऽगुणः ।
त्रिदेवजनको ब्रह्मा सच्चिदानन्दविग्रहः ॥ ४ ॥

शिव नै आफ्नो इच्छाशक्ति र मायाशक्तिद्वारा सङ्कुचित रूप धारण गरेर पुरुष भएका हुन्, साकार रूपमा प्रकट भएका हुन् । उनी पाँच कलाद्वारा भोक्ताको रूपमा रहन्छन्, त्यसैले प्रकृतिस्थ पुरुष प्रकृतिजन्य गुणहरूको भोग गर्छन् । यसरी दुवै स्थानमा रहँदा पनि पुरुष कुनै प्रकारको विरोध गर्दैनन् । उनी आफ्नो रूप ज्ञान आदिलाई सङ्कुचित गर्दा पनि समष्टिमान् नै रहन्छन् ।

इति स्थानद्वयान्तःस्थः पुरुषो न विरोधकः ।
सङ्कुचन्निजरूपाणां ज्ञानादीनां समष्टिमान् ॥ ७ ॥

शिवलाई सत्त्वादि गुणद्वारा मात्र सिद्ध गर्न सकिन्छ । यिनै सात्त्विक आदि भेदद्वारा प्रकृतिमा गुण उत्पन्न हुन्छन् । गुणद्वारा नै वस्तुनिश्चयकारिणी बुद्धि उत्पन्न हुन्छन् । त्यसैबाट महत्तत्त्व, अहङ्कारतत्त्व, बुद्धितत्त्व र इन्द्रियतत्त्व उत्पन्न भएका हुन् । मनको स्वभाव सङ्कल्प-विकल्प गर्ने हुन्छ ।

जातानि मनसो रूपं स्यात्सङ्कल्पविकल्पकम् । १० ।

ज्ञानेन्द्रिय भन्नाले कान, त्वचा, आँखा, जिह्वा र नासिका हुन् । यिनीहरूका गुण भने क्रमशः शब्द, स्पर्श, रूप, रस, गन्ध हुन् । अर्थात् कानको काम भनेको शब्द श्रवण गर्नु हो आदि ।

वैकारिक अहङ्कारबाट कर्मेन्द्रिय प्रकट भएका हुन् । कर्मेन्द्रियहरू मुख, हात, चरण, गुदा र लिङ्ग हुन् भने यिनीहरूको कार्य क्रमशः बोल्नु, लिनु/दिनु, हिँड्नु, मलत्याग गर्नु र आनन्द लिनु हो । जस्तो कि मुखको काम भनेको बोल्नु हो ।

यसै गरी भूतादि अहङ्कारबाट तन्मात्रा उत्पन्न भएका हुन् । आकाश, वायु, अग्नि, जल र भूमि तन्मात्रा हुन् भने यिनीहरूको कार्य क्रमशः अवकाश दिनु, बहनु, पचाउनु, वेगवान् हुनु र धारण गर्नु हो । अर्थात् आकाशको काम अवकाश दिनु हो ।

अवकाशप्रदानं च वाहकत्वं च पावनम् ।
संरम्भो धारणं तेषां व्यापाराः परिकीर्तिताः ॥ १७ ॥

स्थूल प्रपञ्चरूप पञ्चमहाभूत शिवकै शरीरबाट उत्पन्न भएका हुन् । शिवतत्त्वदेखि पृथ्वी तत्त्वसम्मको उदय/प्रकट तन्मात्राद्वारा नै हुन्छ । यो स्थूलसूक्ष्म संसारको सृष्टि शिवबाटै भएको हो । यस अन्तर्गत नक्षत्रसहित सूर्यचन्द्र आदि ग्रहगण, ब्रह्मा-विष्णु-महेशादि देवता, भूतगण, इन्द्रादि दिक्पालगण, देवता, पितर, असुर, राक्षस, मनुष्य, जङ्गम, पशु, पक्षी, कीट, सर्प, तरु, गुल्म, लता, औषधि, पर्वत, नदी, समुद्र पर्दछन् । यी सबै शिवमय हुन्, किनकि यिनीहरूको उत्पत्ति शिवबाटै भएको हो ।

यत्किञ्चित् वस्तु जातं तत्सर्वमत्र प्रतिष्ठितम् । ३२ ।

यो स्त्रीपुरुषरूप संसार शिवशक्ति स्वरूप हो । शिवज्ञानीहरू यही भावना राखेर उपासना गर्छन् ।

स्त्रीपुंरूपमिदं विश्वं शिवशक्त्यात्मकं बुधैः । ३३ ।

यो चराचर सम्पूर्ण ब्रह्माण्डलाई नै ब्रह्ममय या रूद्रमय स्वरूपले नित्य उपासना गर्नुपर्दछ ।

सर्वं ब्रह्मोत्युपासीत सर्वं वै रुद्र इत्यपि ।
श्रुतिराह मुने तस्मात्प्रपञ्चात्मा सदाशिवः ॥ ३४ ॥

अद्वैत भावनाले नै जीव 'सदाशिवोऽहम्' हुन पुग्छ जसलाई ज्ञानी पुरूष निरन्तर चिन्तन गरिरहन्छन् । सम्पूर्ण चराचरको आत्मा नै सदाशिव स्वरूप हो । शिवभन्दा भिन्न केही छैन । यही वेदान्तसार हो । यसैलाई निरन्तर चिन्तन गर्नाले जीव शिवमय हुन पुग्छ ।

अध्याय अष्टादश

सन्न्यासीहरूको शिष्यकरण विधि, योगपट्ट धारणविधि वर्णन

वामदेवले आत्मज्ञानी साधुहरूमा गुरुभाव कसरी हुन्छ ? यिनीहरूको क्षौर कर्म र स्नान विधि कसरी सुसम्पन्न गर्नुपर्छ ? साथै मोक्ष आदिको सिद्धि कसरी हुन्छ ? आदि प्रश्न गरेपछि स्कन्धजी भन्न थाल्नुभयो-

योगपट्टं प्रवक्ष्यामि गुरूरुत्वं येन जायते ।
तव स्नेहाद्वामदेव महद्गोप्यं विमुक्तिदम् ॥ ११ ॥

हे मुनिवर ! अब तिमीलाई म योगपट्टका बारेमा भन्छु, जुन विधि सुन्नाले गुरूत्वको प्राप्ति हुन्छ । यो विधि गुप्त र मुक्तिप्रद छ । सबैभन्दा पहिले शुभप्रद महिना, वैशाख, श्रावण, आश्विन, कार्तिक, मार्गशीर्ष या माघ महिनाको शुक्लपक्षको पञ्चमी या पूर्णिमाको दिन, प्रातःकालको नित्यकर्म पश्चात्, गुरूको आज्ञानुसार पर्यङ्कशौच (सन्न्यास पद्धतिमा यसको वर्णन पाइन्छ) गरेर भिजेको वस्त्रले अङ्गलाई पुछेर, दुना डोरा बाँधेर, वस्त्र धारण गर्नुपर्छ । त्यसपछि आचमन गरेर सद्योजात आदि मन्त्रले भस्मधारण गरेर सुशोभित मण्डपमा गुरूले दिएको मृगचर्म या कुशको आसनमा बस्नुपर्छ । त्यसपछि मूलतः कलशको विधिवत् पूजार्चना गर्नुपर्छ किनकि यही कलशको जलले गुरूले शिष्यलाई अभिषेक गरेर अन्य विधि गर्नुपर्ने हुन्छ । त्यसैले कलशको पूजा वर्णन गरिन्छ ।

त्यसपछि गुरूले सिकाए अनुसार शिष्यले गर्दै जानुपर्छ । सबैभन्दा पहिले मण्डपमा शङ्खजलले अस्त्रमन्त्र उच्चारण गर्दै सर्वत्र पवित्रीकरण गर्नुपर्छ, अनि अर्घ्यपात्रको पूजा गरी त्यसरी नै पवित्र गर्नुपर्छ, अनि मात्र मण्डपमा शुद्धकलश स्थापना गर्नुपर्छ । त्यसपछि स्थापित कलशमा सुगन्धित जल, तीर्थोदकले पूर्ण गर्नुपर्छ, अनि पञ्चपल्लव (पिपल, प्लक्ष, गुलर, वरगद र आँप) ले सुशोभित गर्नुपर्छ । त्यसपछि सप्तमृत्तिका (हात्ती, घोडा, रथ,

वावी, नदीसङ्गम, गौशाला, राजद्वारको माटो) कलशभित्र राख्नुपर्छ । त्यसपछि पञ्चरत्न (नीलम, माणिक्य, सुवर्ण, मुगा, गोमेद) राख्नुपर्छ । त्यसपछि वस्त्र, दुबो, नरिवल र फूलले सुशोभित गर्नुपर्छ । यी सबैलाई मन्त्रपूर्वक राख्नुपर्छ । त्यसपछि गुरूले त्यही कलशमै आधारशक्तिबाट आरम्भ गरेर पूजा विधान अनुसार पञ्चावरण देवताहरूको आवाहनपूर्वक पूजार्चना गर्नुपर्छ ।

आधारशक्तिमारभ्यः यजनोक्तविधानतः ।
पञ्चावरण मार्गेण देवमावाह्य पूजयेत् ॥ ३० ॥

त्यसपछि खिरको नैवेद्य अर्पण गरेर ताम्बूल आदि चढाउनुपर्छ । फेरि शिवका अष्टनामले पूजा गरेर अभिमन्त्रित गर्नुपर्छ र एक सय आठ प्रणवले ईशानादि पञ्चब्रह्मको मन्त्रले कलशको पूजा गरेर कुशले ढाकिदिनुपर्छ अनि धूपदीप प्रदान गर्नुपर्छ । त्यसपछि गुरूले शिष्यलाई ईशान कोणमा सुन्दर चौकीमा बसाएर अभिमन्त्रित कलशको जलले शङ्खका माध्यमद्वारा स्वस्तिवाचनपूर्वक अभिषेक गर्नुपर्छ ।

ततः कुम्भं समुत्थाप्य स्वस्तिवाचनपूर्वकम् ।
अभिषिञ्चेद् गुरुः शिष्यं प्रादक्षिण्येन मस्तके ॥ ३६ ॥

त्यसपछि कौपीन दुपट्टा धारण गराएर, भस्म लगाएर पुनः शिष्यलाई मण्डपमा प्रवेश गराउनुपर्छ । पूर्वाभिमुख भएर शिष्य बसेपछि गुरूले भन्नुपर्छ, 'अमलात्मा भवेतितम् ।' अर्थात् निर्मल आत्मा होऊ । म परिपूर्ण शिव हुँ । आदि भन्न लगाएर गुरूले शिष्यको शिरमा हात राखेर दाहिने कानमा 'हंसः... । सोऽहं... ।' यी मन्त्रको स्पष्ट उपदेश दिनुपर्छ । त्यसपछि महावाक्यको तात्पर्यसहित वर्णन गर्नुपर्छ ।

अध्याय एकोनविंश, विंश

महावाक्यहरूको अर्थ, योगपट्ट क्षौर स्नान वर्णन

स्कन्धजी भन्नुहुन्छ- हे वामदेव मुनिवर ! म तपाईंलाई केही महावाक्यहरू र तिनका अर्थबारे भन्छु, सुन्नुहोस् ।

अथ महावाक्यानि

(१) प्रज्ञानं ब्रह्म : ब्रह्म उत्कृष्ट ज्ञानस्वरूप अथवा चैतन्यस्वरूप हुन् ।
(२) अहं ब्रहमास्मि : त्यो ब्रह्म म नै हुँ ।

(३) तत्त्वमसि : त्यो ब्रह्म तिमी हौ ।

(४) अयमात्मा ब्रह्म : यो आत्मा ब्रह्म हो ।

(५) ईशावास्यमिदं सर्वम् : यो सम्पूर्ण संसारमा ईश्वर नै सर्वत्र व्याप्त छन् ।

(६) प्राणोऽस्मि : म नै प्राण हुँ ।

(७) प्रज्ञानात्मा : आत्मा नै ज्ञानस्वरूप छन् या हुन् ।

(८) यदिह तदमुत्र तदन्विह : यी परब्रह्म यहाँ छन् । उनी त्यहाँ (परलोकमा) पनि छन् र जो परलोकमा छन्, ती यहाँ पनि छन् ।

(९) अन्यदेव तद्विदितादथो अविदितादधि : उनी विदित र अविदितभन्दा पर छन् ।

(१०) एष तं आत्मान्तर्याभ्यमृतः त्यही तिम्रो आत्मा नै अन्तर्यामी अमृत हो ।

(११) स यश्चायं पुरूषो यश्चासावदित्ये स एकः : त्यो एक नै पुरूषमा र आदित्यमा रहन्छ । त्यो एक हो अनेक होइन ।

(१२) अहमस्मि परं ब्रह्म परात्परम् : परब्रह्म पनि म नै हुँ ।

(१३) वेदशास्त्र गुरूणां तु स्वयमानन्दलक्षणम् : वेदशास्त्र, गुरु र स्वयम् आनन्द लक्षण पनि म नै हुँ ।

(१४) सर्वभूतस्थितं ब्रह्म तदेवाहं न संशय : सबै प्राणीहरूमा रहेको ब्रह्म पनि न मै हुँ ।

(१५) तत्त्वस्य प्राणोऽहमस्मि पृथिव्याः प्राणोऽहमस्मि : तत्त्वको प्राण र पृथ्वीको प्राण पनि म नै हुँ ।

(१६) अपां च प्राणोऽहमस्मि । तेजश्च प्राणोऽहमस्मि । वायोश्च प्राणोऽहमस्मि । आकाशस्य प्राणोऽहमस्मि । त्रिगुणस्य प्राणोऽहमस्मि : जलको, तेजको, वायुको, आकाशको र त्रिगुणको प्राण पनि म नै हुँ ।

(१७) सर्वोऽहं सर्वात्मको संसारी यद्भूतं यच्च भव्यं यद्वर्तमानं सर्वात्मकत्वाद् द्वितीयोऽहम् : म नै सबै थोक हुँ, सर्वात्मक हुँ । यो संसारको भूत, वर्तमान र भविष्य पनि म नै हुँ, सर्वात्मक भएकाले म अद्वितीय हुँ ।

(१८) सर्वं खल्विदं ब्रह्म : निश्चय नै यो सबैथोक ब्रह्मरूप हो ।

(१९) सर्वोऽहम् विमुक्तोऽहम् : म नै सर्वस्वरूप हुँ मुक्त हुँ ।

(२०) योऽसौ सोऽहंऽहं सः सोऽहमस्ति : जो यो छ, त्यो म हुँ । जो म छु त्यो ऊ हो । यस्तो भावना राखेर सर्वत्र ध्यान, चिन्तन, मनन गर्ने आत्मकल्याण गर्नुपर्दछ । त्यसपछि गुरूले शिष्यलाई शिक्षा दिँदै भन्नुपर्छ- 'रागद्वेष आदि दोषरहित भएर शिवध्यान, पूजन, अर्चना, पाठ नित्य गर्नुपर्छ । विनाशिवार्चन कहिल्यै भोजन नगर्नू । गुरूमा भक्ति र श्रद्धा अटल राख्नुपर्छ ।' आदि .. ।

अनर्भ्यर्च्य शिवं जातु मा भुङ्क्ष्वाप्राणसङ्क्षयम् ।
गुरूभक्तिं समास्थाय सुखी भव सुखी भव ॥ १९-५४ ॥

यतिको क्षौरकर्म र स्नानविधि वर्णन

हे वामदेव मुनिवर ! योगपट्ट (सन्न्यास) विधिवत् धारण गरेपछि यतिले विधिवत् क्षौरकर्म गर्नुपर्छ । त्यसपछि जलाशयमा गएर माटो शरीरमा लगाउँदै विधिवत् स्नान गर्नुपर्छ । गुरूले भने बमोजिम नियमहरू पालन गर्दै भिक्षाटन वृत्तिबाट जीविकोपार्जन गर्नुपर्छ । पहिले गुरूलाई अर्पण गरेर मात्र भिक्षा ग्रहण गर्नुपर्छ ।

यतिले गर्नुपर्ने चार कर्म

शौच स्नानं तथा भिक्षां नित्यमेकान्तसेवनम् ।
भिक्षोश्चत्वारि कर्माणि पञ्चमं नैव विद्यते ॥ २०-३२ ॥

अर्थात् शौच, स्नान, भिक्षा र एकान्तवास । यतिले यी चारवटा कर्म मात्र गर्नुपर्छ ।

अलाबुं वेणुपात्रं च दारवं मृण्मयं तथा ।
भिक्षो चत्वारि पात्राणि पञ्चमं नैव विद्यते ॥ २०-३३ ॥

अर्थात् बाँसको तुम्बा, डालो या त्यस्तै काठको पात्र र माटाको पात्र । यिनै पात्रबाट गुजारा गर्नुपर्छ । यतिले यी ६ काम गर्नुहुँदैन-

ताम्बूलं तैजसं पात्रं रेतस्सेकं सिताम्बरम् ।
दिवास्वापो हि नक्तान्नं यतीनां षड्विवर्जिताः ॥ २०-३४ ॥

अर्थात् पान खानु, धातुनिर्मित पात्र प्रयोग गर्नु, वीर्यस्खलन या स्त्री सहवास गर्नु, श्वेत वस्त्र धारण गर्नु, दिउँसो सुत्नु र रात्रिमा भोजन गर्नु । यदि यतिले विपरीत कार्य गरेमा राक्षस सदृश हुनेछ, त्यसैले यस्तो कार्य कदापि गर्नुहुँदैन । नित्य शिव चिन्तन, ध्यान, मनन गर्दै शुद्ध हृदय बनाइराख्नुपर्छ ।

अध्याय एकविंश, द्वाविंश, त्रयोविंश

यतिको अन्त्येष्टि कर्म, दशाह, एकादशाह, द्वादशाह विधि र कैलास संहिताको उपसंहार

मुनिवर वामदेवजीले यतिको त दाहकर्म नगरेर माटामा गाड्नुपर्छ अरे नि भनेर सोधेपछि, स्कन्धजी भन्नुहुन्छ-

समाधिस्थो यतिः कश्चिच्शिछव भावेन देहमुक् ।
अस्ति चेत् स महाधीरः परिपूर्णः शिवो भवेत् ॥ २१-८ ॥

अर्थात् यदि यतिले समाधिस्थ अवस्थामा देह त्याग गऱ्यो भने ऊ परिपूर्ण शिव नै हुन्छ, तर जो अधीर पुरुष देह त्याग गर्छ, त्यसको वर्णन गर्दछु । सुन-

यदि शारीरिक दुर्बलताका कारण धैर्य धारण गर्न असमर्थ भएमा शिवको ध्यान गर्दै शरीरलाई छोडिदिनुपर्छ । यस्तो अवस्थामा सदाशिवको कृपाले नन्दीद्वारा प्रेरित यतिलाई लिन प्रसिद्ध पाँच अतिवाहिक देवता आउँछन् ।

सदाशिवानुग्रहतो नन्दिना प्रेरिता मुने ।
आतिवाहिकरूपिण्यो देवताः पञ्च विश्रुताः ॥ २१-१३ ॥

अतिवाहिक भन्नाले स्थूल शरीरलाई छोडेर वायुमय शरीर धारण गर्नु भन्ने बुझिन्छ । यी अतिवाहिक पनि दिनाभिमानिनी, निशाभिमानिनी, शुक्लपक्षाभिमानिनी, कृष्णपक्षाभिमानिनी, उत्तरायणाभिमानिनी र दक्षिणायनाभिमानिनी आदि नामले प्रसिद्ध छन् ।

कर्मको अनुष्ठानमा लागेका या प्रवृत्ति मार्गमा लागेका जीवहरू चाहिँ पुण्यको प्रतापले स्वर्गादि लोकमा जान्छन् र यथोक्त भोग/ऐश्वर्यलाई उपभोग गरी पुण्यक्षय भएपछि पुनः पूर्ववत् मनुष्यलोकमा जन्म ग्रहण गर्छन् ।

भुक्त्वा भोगान्यथोक्तांश्च ते तत्पुण्यक्षये पुनः ।
मानुषं लोकमासाद्य भजते जन्म पूर्ववत् ॥ २१-१८ ॥

सन्न्यासीले भने सबै कर्मलाई त्याग गरेर भगवान् शिवको आश्रय लिएका हुन्छन् । त्यसैले उनीहरूको शरीरलाई जलाइँदैन । उनीहरूको दुर्गति पनि हुँदैन । उनीहरूलाई देवयजन गरिन्छ ।

देवयजन- सन्न्यासीको शरीरलाई पुर्न माटो खनेर बनाइने खाल्डोलाई देवयजन भनिन्छ । देवयजनमा राखेर विधिवत् पूजार्चना गरेर सन्न्यासीको मृत शरीरलाई पुरिन्छ ।

सन्न्यासीको शव संस्कार विधि

सन्न्यासीको पुत्र या शिष्यले मरणोपरान्त शवलाई यथोचित उत्तम संस्कार गर्नुपर्छ । सबैभन्दा पहिले शवलाई शङ्खजलले रुद्राष्टाध्यायी (नमक-चमक) पाठ गर्दै अभिषेक, पूजन, अर्चना, नूतन कौपीनसहित वस्त्रधारण, भस्मलेपन, त्रिपुण्ड्रधारण, पुष्प, पुष्पमाला एवम् रुद्राक्ष (छाती, कण्ठ, शिर, हातको कलाई र कानमा) धारण गराएर धूपदीप गर्नुपर्छ र सुन्दर रमणीय रथमा राखेर गाउँको परिक्रमा गर्दै, पूर्व या उत्तर दिशामा, गाउँबाहिर लैजानुपर्दछ ।

यसरी गाउँबाहिर पवित्र वृक्षको नजिक सन्न्यासीको दण्डझैँ लम्बाइ, चौडाइ र गहिराइ

भएको देवयजन तयार गर्नुपर्छ । त्यसपछि प्रणव र व्याहुति मन्त्रले देवयजनलाई प्रोक्षण गर्नुपर्छ, अनि समीपत्र, विल्वपत्र, सुन्दर पुष्प, उत्तराग्र कुश, मृगचर्म या वस्त्र ओछ्याएर, शवलाई पूर्वाभिमुख योगासनमा बसाउनुपर्छ । त्यसपछि चन्दन, पुष्प आदिले पूजार्चना गर्नुपर्छ । अनि 'विष्णो हव्यमिदं रक्षस्व....' मन्त्र उच्चारण गर्दै दाहिने हातमा दण्ड राख्नुपर्छ । 'प्रजापतेन त्वदेवता न्यन्यो' मन्त्रले देब्रे हातमा जलसहित कमण्डलु राख्नुपर्छ । 'ब्रह्म यज्ञा नं प्रथमं..', 'मानोमहान्तमुत मानो..', इत्यादि चार मन्त्र या नमक मन्त्र उच्चारण गर्दै, नरिवलले शवको सबैतिर स्पर्श गरेर त्यही नरिवलले नै मस्तकलाई भेदन गर्नु (फुटाउनु) पर्छ र देवयजनलाई माटाले पुरिदिनुपर्छ ।

मानोमहान्त इत्यादि चतुर्भिर्मस्तकं ततः ।
नारिकेलेन निर्भिद्यादवटं पूरयेत्ततः ॥ २१-५९ ॥

त्यसपछि त्यही देवजयनमाथि एक हात उचाइ र दुई हात लम्बाइ चौडाइ आकारको माटाले नै पीठ बनाउनुपर्छ । त्यसैको मध्यमा (बिच भागमा) माटाको उमामहेश्वरको मूर्ति बनाएर स्थापित गर्नुपर्छ र धूप, दीप, नवेद्य दिएर महानारायणोपनिषद्को जप, बाह्रपटक प्रणवको जप, पाँचपटक परिक्रमा र प्रणाम गर्नुपर्छ । त्यसपछि सन्न्यासीको तृप्तिका लागि नारायणबलि, तर्पण, धूप, दीप नैवेद्य, पायसको बलि र 'ॐ ब्रह्मणे नमः' मन्त्र उच्चारण गर्दै ब्राह्मीभूत सन्न्यासीलाई शङ्खले आठपटक अर्घ्यजल दिनुपर्छ । यो प्रक्रिया दश दिनसम्म गर्नुपर्छ ।

दिग्विदिक्क्रमतो दद्यात् ब्रह्मार्घ्यं प्रणवेन च ।
एवं दशाहपर्यन्तं विधिस्ते समुदाहृतः ॥ २१-६५ ॥

सन्न्यासीको एकादशाह द्वादशाह विधि

एकादशेऽन्हि सम्प्राप्ते यो विधिः समुदाहृतः ।
तं वक्ष्ये मुनिशार्दूल यतीनां स्नेहतस्तव ॥ २२-१ ॥

एकादशाह विधिका लागि माटाका पाँचवटा मण्डल उत्तराभिमुख बनाएर कुशोदकले प्रोक्षण गर्नुपर्छ । यिनै पाँच मण्डलमा अतिवाहिक देवताहरूकी देवेश्वरी देवीहरूको साथमा आवाहनदेखि धूप, दीप, नैवेद्य अर्पण गरी नमस्कार एवम् यसप्रकार क्षमायाचना र प्रार्थना गर्नुपर्छ । 'हे श्रीमाताहरू हो ! तपाईंहरू प्रसन्न भएर शिवपदको अभिलाषा/इच्छा राख्ने यो यतिलाई सदासर्वदा शिवको चरणारविन्दमा स्थापित गर्न स्वीकृति प्रदान गर्नुहोस् ।' त्यसपछि पञ्चदेवीलाई विसर्जन गरी प्रसाद कन्या या गौलाई दिनुपर्छ अथवा जलमा प्रवाहित गर्नुपर्छ ।

सर्वानुग्रहकर्त्रैव स्वीकृताः पञ्चमूर्तयः । २३-१५ ।

त्यसपछि यहीँ नै पार्वण श्राद्ध गरिदिनुपर्छ, किनकि यतिका लागि एकोद्दिष्ट श्राद्धको विधान छैन । श्राद्धकर्ताले चार शिवभक्त ब्राह्मण वरण गर्नुपर्दछ । जो प्रथम विश्वदेव, द्वितीय आत्मा, तृतीय अन्तरात्मा र चौथो परमात्मा स्वरूप हुन् । श्राद्धविधिले यिनीहरूको पूजार्चना गरी, तीनवटा वेदी (आत्मा, अन्तरात्मा, परमात्मा) बनाएर पिण्डदान गर्नुपर्छ ।

'आत्मने इमं पिण्डं ददामि । परमात्मने इमं पिण्डं ददामि । अन्तरात्मने इमं पिण्डं ददामि ।'

यसरी पिण्डदान गरेपछि त्यहीँ नारायणबलि गर्नुपर्छ, अनि विष्णुको महापूजा गर्नुपर्छ । त्यसपछि वेदपाठी बाह्र जना ब्राह्मणलाई पूजन, भोजन, छाता, जुत्ता, वस्त्र, दक्षिणा आदिद्वारा सम्मान गर्नुपर्छ र अन्तमा 'ॐ भूः स्वाहा ॥ ॐ भुवः स्वाहा ॥ ॐ स्वः स्वाहा ॥' उच्चारण गर्दै पृथ्वीमा खिरको बलि दिनुपर्छ । यसरी एकदशाह विधि सुसम्पन्न गर्नुपर्छ ।

द्वादशाहे समुत्थाय प्रातः स्नात्वा कृताह्निकः ।
शिवभक्तान्यतीन्वाऽपि ब्राह्मणान् वा शिवप्रियान् ॥ २३-१ ॥

बाह्रौं दिनमा शिवभक्त साधुहरूलाई बोलाएर मध्याह्न कालमा पूजार्चना, नानाविध षड्रसयुक्त व्यञ्जनले भोजन गराएर अनेक वस्तु दिएर सम्मान गर्नुपर्छ ।

महेश्वर आदि शिवका आठ नाम गुरु, परमगुरु, परमेष्ठिगुरु र परात्परगुरु यी चारसहित कुल बाह्र जनाका लागि श्राद्धकर्ताले सङ्कल्पपूर्वक क्रमशः आसन, आवाहन, पाद्य, अर्घ्य, आचमन, वस्त्र, गन्ध, अक्षता, फूल, धूप, दीप, प्रणाम नमस्कार गरेर केराको पातमा शुद्ध अन्न, खिर, पुवा, दाल लगायत अनेक प्रकारका व्यञ्जन, नरिवल, सक्खर, केरा आदि राखेर ॐ विष्णोः हव्यं रक्षस्व । भन्दै जलले प्रोक्षण गरेर अन्नलाई स्पर्श गर्नुपर्छ । फेरि शिवस्वरूप ब्राह्मणहरू प्रसन्न हुनुहोस् भन्दै प्रार्थना गर्नुपर्छ । त्यसपछि गणानान्त्वा—, रुद्रसूक्त—, चमकाध्याय—, आदिको पाठ गर्नुपर्छ । त्यसपछि पात, दक्षिणा, खराउ, आसन, जलपात्र, पङ्खा, पिरा, सानो चौकी, बाँसको दण्ड, आदि ब्राह्मणलाई दिएर प्रदक्षिणा, नमस्कार आदि गर्दै आशीर्वाद लिनुपर्छ । त्यसपछि सदाशिव स्वरूप ब्राह्मणहरूलाई बिदा गर्नुपर्छ ।

सदाशिवादयः प्रीता गच्छन्तु च यथासुखम् । २३-२२ ।

त्यसपछि घरमा आएका ब्राह्मण, बन्धुवर्ग, अतिथि, दीन, अनाथ आदि सबैलाई भोजन गराउँदै आफूले पनि भोजन गर्नुपर्दछ । यसरी प्रतिवर्ष शिष्य या पुत्रले सन्न्यासीलाई पूजार्चन गर्नाले दुवैको कल्याण हुन्छ । इहलोकमा सुखानन्द भोग्दै अन्त्यमा शिवलोकको प्राप्ति हुन्छ ।

इह भुक्त्वा महाभोगान् शिवलोकमवाप्नुयात् । २३-२४ ।

कैलास संहिताको उपसंहार

सूतजी-

एवं कृतानुग्रहमात्मशिष्यं श्रीवामदेवं मुनिवर्यमुक्त्वा ।
प्रसन्नधीर्ज्ञानिवरो महात्मा कृत्वा परानुग्रहमाशु देवः ॥ २३-२५ ॥

स्कन्धजीले आफ्ना शिष्य वामदेवसँग फेरि भन्नुभयो, 'यो संहिता तपाईंले सनत्कुमारलाई, सनत्कुमारले व्यासलाई र व्यासले शुकदेवलाई वर्णन गर्नुभयो । पछि गएर चारचार शिष्यमा प्रचार हुन पुग्यो । जस्तै-

१. वामदेवका- **अगस्त्यश्च पुलस्त्यश्च पुलहः क्रतुरेव च ।**

२. व्यासका- **वैशम्पायन एव स्यात्पैलो जैमिनिरेवच ।**
सुमन्तुश्चेति चत्वारो व्यासशिष्या महौजसः ॥ २३-३० ॥

३. सनत्कुमार- यिनका सनक, सनन्दन, सनातन र सनत्सुजात चार शिष्यमा प्रचार भयो ।

४. शुकदेव- यिनका गुरु, परमगुरु, परात्परगुरु र परमेष्ठि गुरुमा प्रचार हुन पुग्यो । त्यसपछि त शिष्य, प्रशिष्य हुँदै यो संहिताले व्यापक रूप लिँदै गयो ।

यस मार्गमा लाग्ने जति सबै शिवोऽहमस्मि भन्दै शिवरूप हुन्छन् ।

तस्मादनेनैव पथा गतः शिवं शिवोऽहमस्मीति शिवो भवेद्यतिः । २३-३६ ।

त्यसपछि स्कन्धजी बिदा भएर कैलासतिर लाग्नुभयो ।

कैलासशिखरं प्राप कुमारः शिखरावृतम् । २३-३८ ।

कालान्तरमा वामदेवजी पनि शिष्यगणसहित कैलासमा जानुभयो । शिवशिवाको चरणस्पर्श, दर्शन, नमन गर्दै स्कन्धको स्तुति गर्दै त्यहीँ बस्न थाल्नुभयो ।

पूर्वानुग्रहमासाद्य तत्रैव न्यवसत्सुखम् । २३-४३ ।

सूतजी पनि नैमिषारण्यवासी मुनिहरूलाई मुक्तिप्रद तारक मन्त्रजप र विश्वेश्वरको चरणभक्ति सुख प्राप्त होस् र पुनः तपाईंहरूसँग मेरो मिलन होस् भन्दै, गुरुचरणको सेवाका लागि बदरीकाश्रम जान अनुमति माग्दै यस कुमार संहितालाई पूर्ण गर्नुहुन्छ ।

अहं गुरुपदाम्भोज सेवायै बादराश्रमम् ।
गमिष्ये भवतां भूयः सत्सम्भाषणमस्तु मे ॥ २३-४६ ॥

सप्तम वायवीय संहिता

पूर्वभाग

यस संहितामा पूर्वखण्ड ३५ अध्याय र उत्तरखण्ड ४१ अध्याय छन् । कुल ७६ अध्याय र करिब चार हजार मन्त्र यसमा वर्णित छन् ।

कथासार

वायुदेवद्वारा शिवको महिमा विशद रूपले वर्णन गरिएकाले यसको नाम वायवीय संहिता रहन गएको हो । यस संहितामा पूर्व र उत्तर गरी दुई खण्ड रहेका छन् । पूर्वखण्डमा शिवको उपासना सम्बन्धी विषयलाई जोड दिइएको छ भने उत्तर भागमा शिवतत्त्वलाई मूलतः स्पष्ट गर्न खोजिएको छ । जसरी वायुदेव सर्वत्र व्यापक छन् । त्यसै गरी शिवभक्ति सम्पूर्ण ब्रह्माण्डमै व्यापक विराजित छन् । यस संहिताले यसै भावलाई उजागर गर्न खोजेको छ । पुराणमा मूलतः पाँच लक्षण हुनु आवश्यक छ- सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र ईशानुकथा । वायवीय संहिता एक किसिमले सूक्ष्म पुराणकै आकारमा प्रस्तुत छ किनकि यहाँ यी प्रसङ्गहरूको कतै स्थूल त कतै सूक्ष्म ढङ्गले वर्णन गरिएको छ । आरम्भमा वेद तथा चौध विद्याहरूको परिचय र प्रकटको वर्णन क्रममा पुराणको विशेष प्रकारले वर्णन गरिएको छ । जसमा अठाह्र पुराणको परिचय दिएर शिव महापुरणको संहिता र श्लोकसङ्ख्या समेत वर्णन गरिएको छ । त्यसपछि ऋषिहरूले ब्रह्मासमक्ष परमपुरुषका विषयमा अनिर्णित भएको भनी प्रश्न गरेपछि ब्रह्माले रुद्र र उनको महत्ताको प्रतिपादन गर्दै नैमिषारण्यमा दिव्य हजार वर्ष पर्यन्त ज्ञानयज्ञ प्रारम्भ गर्नु भनी ऋषिहरूलाई सल्लाह दिएको वर्णन गरिएको छ ।

त्यसपछि ब्रह्माको आज्ञालाई शिरोधार्य गर्दै नैमिषारण्य क्षेत्रमा ऋषिहरूले यज्ञारम्भ गर्नु, ब्रह्माकै प्रेरणाले वायुदेव पनि त्यहाँ जानु र ऋषिहरूलाई ज्ञानयज्ञद्वारा सबैभन्दा पहिले पशु, पाश र पतिको तात्त्विक अर्थ सम्झाउनु र त्यसपछि महेश्वरको महत्ता, कालमहिमा, त्रिदेवको आयुवर्णन, युग प्रमाण, ब्रह्माण्डको स्थिति वर्णन, ब्रह्माले गरेको सृष्टि विस्तार वर्णन, त्रिदेवसहित अर्धनारीश्वर प्रकट भएको विशेष वर्णन गरिएको छ ।

त्यसपछि शिवशिवास्वरूप अर्धनारीश्वरबाट आशीर्वाद प्राप्त गरी ब्रह्माबाट पनि मनु र शतरूपा प्रकट भई मैथुन सृष्टिको विस्तार गर्नु, यसै क्रममा दक्षको घरमा सतीले जन्म लिनु, शिवसँग विवाह र आफ्नै पिताको यज्ञकुण्डमा देहत्याग गर्नु, वीरभद्रादि शिवगणले यज्ञ विध्वंश गर्नु र अन्त्यमा शिवशरणापन्न भई यज्ञ पूर्ण हुनु जस्ता प्रसङ्गको सङ्क्षेपमा वर्णन गरिएको छ । त्यसपछि वायुदेवले जगज्जननी पार्वती प्रकट भएदेखि शिवसँग विवाहपश्चात् शुम्भ-निशुम्भ आदि दैत्यहरूको वध, व्याघ्रलाई सोमनन्दी पद प्रदान, काली

देवीको त्वचा त्याग गरी गौरी रूपमा प्रकट आदि प्रसङ्गलाई अत्यन्त सुन्दर ढङ्गले वर्णन गरिएको छ, जसमा देवीतत्त्व सम्बन्धी ज्ञान प्रस्तुत गरिएको छ ।

त्यसपछि वायुदेवले शिव र शक्तिझैँ, वाणी र अर्थझैँ, अग्नि र सोमझैँ अभिन्न भई सम्पूर्ण सृष्टि, स्थिति लयलाई सन्तुलन गर्नुहुन्छ भन्दै शिवतत्त्वको साकार, निराकार वर्णन गर्दै परमधर्मको प्रतिपादन, शैवागम अनुसार पाशुपात ज्ञान र साधनाको वर्णन, अनि उपमन्युद्वारा शिवाराधना गरी शिवद्वारा अमरत्वसहित सबै वर प्रदान गरिएको दिव्य प्रसङ्ग वर्णन गरी पूर्वभाग वायवीय संहिता पूर्ण गरिएको छ ।

वायवीय संहिता पूर्वभाग

अध्याय प्रथम

विद्यावतार वर्णन, वेदादि चौध विद्या र पुराणहरूको परिचय तथा शिवमहापुराणको श्लोकसङ्ख्या

मङ्गलाचरण

व्यासजी- नमः शिवाय सोमाय सगणाय ससूनवे ।
प्रधान पुरुषेशाय सर्गस्थित्यन्तहेतवे ॥ १ ॥

वायवीय संहिताको मङ्गलाचरण गर्दै व्यासजी भन्नुहुन्छ, 'पार्वतीपुत्र र गणसहित प्रधान पुरुष जो सृष्टि, स्थिति र लयको कारक हुनुहुन्छ, ती शिवको चरणमा नमस्कार छ । त्यसैगरी जसको प्रताप र शक्तिको तुलना कहीँ कतै गर्न सकिँदैन, जसको ऐश्वर्य सर्वव्यापक छ र स्वामित्व र विभुत्व जसको स्वभाव मानिएको छ । ती विश्वस्रष्टा, सनातन, अजन्मा, अविनाशी महादेव, मङ्गलमय, परमात्मा शिवको शरण लिन्छु ।

तमजं विश्वकर्माणं शाश्वतं शिवमव्ययम् ।
महादेवं महात्मानं व्रजामि शरणं शिवम् ॥ ३ ॥

एकपल्ट नैमिषारण्यवासी ऋषिहरूले श्रवणीय वेदान्तसार, उत्तम कथाले पूर्ण, पुराण विषयका सम्बन्धमा सूतजीलाई प्रश्न गरेपछि शिव परिवारको र व्यासजीको वन्दना गर्दै श्वेतकल्पमा वायुदेवले शिवमहापुरणको जुन प्रवचन गर्नुभएको थियो, त्यही प्रसङ्ग श्रवण गराउन थाल्नुभयो ।

चतुर्दश विद्या वर्णन

अङ्गानि वेदाश्चत्वारो मीमांसा न्यायविस्तरः ।

पुराणं धर्मशास्त्रं च विद्याश्चैताश्चतुर्दश ॥ २५ ॥

चारवेद- ऋक्, यजु, साम, अथर्व । छ अङ्ग- शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष । मीमांसा, न्याय, पुराण र धर्मशास्त्र यी कुल चौध विद्याको स्थान बताइएको छ । यसमा आर्युवेद, धनुर्वेद, गन्धर्ववेद र अर्थशास्त्र मिलाउँदा अठाह्र विद्याहरूको स्थान हुन पुग्छ । यी अठाह्र विद्याहरूको आदिकर्ता साक्षात् भगवान् शिव नै हुनुहुन्छ, यही वेदले बताएको छ ।

अष्टादशानां विद्यानामेतासां भिन्नवर्त्मनाम् ।
आदिकर्ता कविः साक्षाच्छूलपाणिरिति श्रुतिः ॥ २७ ॥

पुराण ग्रन्थहरूको आविर्भाव

उपर्युक्त अठाह्र विद्या सर्वप्रथम शिवले ब्रह्मालाई प्रदान गर्नुभयो । रक्षा गर्ने विष्णुलाई पनि शक्ति प्रदान गर्नुभयो । ब्रह्माले पछि प्रजाहरूको सृष्टि गर्दै सबै शास्त्रहरूमा प्रमुख पुराणहरूको रचना गर्नुभयो ।

प्रथमं सर्वशास्त्राणां पुराणं ब्रह्मणा स्मृतम् ।
अनन्तरं तु वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः ॥ ३१ ॥

यस कुरालाई मत्स्यपुराणले यसरी स्विकारेको छ ।

पुराण एकमेवासीत् तदा कल्पान्तरेऽनघ ।
त्रिवर्ग साधनं पुण्यं कल्पकोटि प्रविस्तरम् ॥

समय अनुकुल भएपछि ब्रह्माको मुखबाट चार वेद प्रकट भए, सबै शास्त्र प्रकट भए । भूलोकमा प्रजाहरूले यी पुराणहरूको विस्तार गर्न असमर्थ हुँदा भगवान् विष्णु नै विश्वेश्वर शिवको आज्ञाले प्रत्येक द्वापर युगको अन्तमा, शास्त्रहरूलाई विस्तार गर्नका लागि व्यास रूपमा अवतरण भई पुराण र उपपुराणहरूको रचना गर्नुहुन्छ । तिनै व्यास अहिले कृष्णद्वैपायन नामले अरणीमा अग्नि प्रकट भएझैँ सत्यवतीको गर्भबाट उत्पन्न भएका छन् । वेदहरूको व्याख्या गरेकाले नै उनको नाम वेदव्यास भएको हो ।

व्यस्तवेदतया लोके वेदव्यास इति श्रुतः । ३७ ।

पुराणहरू जम्मा अठाह्रवटा छन् । सबै पुराणहरूको श्लोकसङ्ख्या चार लाख रहेको छ र पुराणहरूले वेदकै व्याख्या गरेका छन् । देवलोकमा भने पुराणहरूको श्लोकसङ्ख्या सय करोड रहेको छ ।

पुराणानां च सङ्क्षिप्तं चतुर्लक्षप्रमाणतः ।
अद्यापि देवलोके तच्छतकोटि प्रविस्तरम् ॥ ३८ ॥

अन्य शास्त्रहरूको ज्ञान प्राप्त गरेर पनि पुराणहरूको विषयमा अज्ञानी छ भने त्यस्तो ज्ञानीलाई विद्वान् मानिएको छैन । इतिहास (महाभारत) र पुराणहरूद्वारा वेदको मूल रहस्यलाई समृद्ध बनाउनुपर्छ ।

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् । ४० ।

पुराणको लक्षण र नामावली

पुराण हुनका लागि कम्तीमा पाँच लक्षण हुनु अनिवार्य छ ।

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् ॥ ४१ ॥

अर्थात्-

(१) सर्ग : सृष्टि सम्बन्धी विषय वर्णन ।
(२) प्रतिसर्ग : प्रलय सम्बन्धी वर्णन ।
(३) वंश : सूर्य, चन्द्र राजकुलहरूको वंश सम्बन्धी वर्णन ।
(४) मन्वन्तर : चौध मनुहरूको काल र परिचय वर्णन ।
(५) वंशानुचरित : राजवंशमा, उत्पन्न राजाहरूको महत्त्वपूर्ण चरित्र वर्णन ।

यी पाँच लक्षणले युक्त भएका ग्रन्थहरू नै पुराण मानिएका छन् ।

ठुला र साना दुवै खालका पुराणहरू रहेका छन् जसको सङ्ख्या अठाह्र रहेको छ । जस्तै-

(१) ब्रह्म (२) पद्म (३) विष्णु (४) शिव (५) भागवत (६) भविष्य (७) नारदीय (८) मार्कण्डेय (९) अग्नि (१०) ब्रह्मवैवर्त (११) लिङ्ग (१२) वराह (१३) स्कन्ध (१४) वामन (१५) कूर्म (१६) मत्स्य (१७) गरूड (१८) ब्रह्माण्ड । इतिहासको विषयमा भने यसरी वर्णन गरिएको छ-

धर्मार्थकाममोक्षाणामुपदेश समन्वितम् ।
पूर्ववृत्तं कथावृत्तमितिहासं प्रचक्षते ॥

शिवमहापुराणको परिचय

अठाह्र पुराणहरूमा शिवमहापुराणको चतुर्थ स्थान रहेको छ । यो महापुराणले सबै कामनाहरूलाई पूर्ण गराउँछ । यस शिवमहापुराणमा पहिले बाह्र संहिता र एक लाख श्लोक रहेका थिए जसअन्तर्गत (१) विद्येश्वर (२) रूद्र (३) विनायक (४) उमा (५) मातृ (६) रूद्रैकादश (७) कैलास (८) शतरूद्र (९) कोटिरूद्र (१०) सहस्रकोटि रूद्र (११) वायवीय र (१२) धर्मसंहिता थिए । वेदव्यासले यस महापुराणलाई सङ्क्षेप गर्दै सात संहिता र चौबिस हजार श्लोकमा व्याख्या गर्नुभएको छ, जुन अहिले प्राप्त छ ।

व्यासेन तत्तु सङ्क्षिप्तं चतुर्विंशत्सहस्रकम् ।

शैवं तत्र पुराणं वै चतुर्थं सप्तसंहिताम् ॥ ५८ ॥

संहिता नाम		श्लोकसङ्ख्या
(१) विद्येश्वर संहिता	-	दुई हजार
(२) रूद्र संहिता	-	दश हजार पाँच सय
(३) शतरूद्र संहिता	-	दुई हजार एक सय असी
(४) कोटिरूद्र संहिता	-	दुई हजार दुई सय चालिस
(५) उमा संहिता	-	एक हजार आठ सय चालिस
(६) कैलास संहिता	-	एक हजार दुई सय चालिस
(७) वायवीय संहिता	-	चार हजार ।

वायवीय संहिताका पूर्व र उत्तर गरी दुई भाग रहेका छन् जसको विस्तृत वर्णन क्रमशः अगाडि गरिनेछ । यो उत्तम शिवमहापुराण शैवधर्मानुयायीहरू बिच विशेष, शैवधर्म पालन गर्ने शिष्यहरूलाई प्रदान गर्नु उचित हुन्छ ।

प्रदेयं शिवभक्ताय शिवधर्मानुसारिणे । ६७ ।

सूतजी अन्तमा भन्नुहुन्छ- 'जसको कृपाले यी पुराणहरूको ज्ञान मलाई प्राप्त भयो, उनै व्यास भगवान्लाई नमस्कार गर्दछु ।'

पुराणसंहिता यस्य प्रसादान्मयि वर्तते ।
नमो भगवते तस्मै व्यासायामिततेजसे ॥ ६८ ॥

अध्याय द्वितीय, तृतीय

ब्रह्माद्वारा शिवमहिमा वर्णन र ऋषिहरुलाई नैमिषारण्यमा पठाउनु

सूतजी- हे ऋषिहरू हो !

पुरा कालेन महता कल्पेऽतीते पुनः पुनः ।
अस्मिन्नुपस्थिते कल्पे प्रवृत्ते सृष्टिकर्मणि ॥ २-१ ॥

पहिले अनेक कल्प व्यतीत भएपछि श्वेतवराह कल्प (जो अहिले चलिरहेको छ) आयो, र सृष्टि सम्बन्धी कार्य प्रारम्भ हुन थाल्यो । त्यति बेला षट्कुलीन (६ कुलमा उत्पन्न) मुनिहरू बिच आपसमा परब्रह्मको विषयमा विवाद भयो ।

इदं परमिदं नेति विवादः सुमहानभूत् । ३ ।

मुनिहरू निर्णयमा पुग्न सकेनन् । त्यसपछि सुमेरु पर्वतको शिखरमा विराजित अविनाशी ब्रह्मालाई सोध्न सबै ऋषिमुनि गए । देवदानवहरू ब्रह्माको स्तुति गरिरहेका थिए । ब्रह्माको भवन अत्यन्त सुन्दर र भव्य थियो ।

तत्र ब्रह्मवनं नाम नानामृगसमाकुलम् ।
दशयोजन विस्तीर्णं शतयोजनमायतम् ॥ २-७ ॥

जहाँ सिद्ध चारण संवाद गरिरहेका थिए । यक्ष, गन्धर्व विराजमान थिए । सुन्दर मणिहरूले सुशोभित निकुञ्ज, कन्दरा, गुफा, झरनाहरू थिए । मृग र पक्षीहरूले सुशोभित, सरोवरहरू स्वच्छ, वन, उपवन, वाटिका, तडाग आदिले ब्रह्मभवन अत्यन्त दिव्य देखिन्थ्यो । त्यति मात्र होइन, फूलहरूमा भ्रमरहरू झुम्मिरहेका थिए । पक्षीहरूको कलरव ध्वनिले धर्ती र आकाश गुन्जिरहेको थियो । यस्तो एउटा अति अलौकिक दिव्य प्रासादमा आफ्ना सभासद्हरूका साथमा ब्रह्मा विराजमान थिए । सरस्वती देवीले चमर हल्लाउँदै सेवा गरिरहेकी थिइन् । ब्रह्माको दिव्य झाँकीलाई दर्शन गरेर भावविभोर हुन पुगेका मुनिहरूले अभिवादनपूर्वक पाँच श्लोकले दिव्य स्तुति गरे ।

नमस्त्रिमूर्तये तुभ्यं सर्गस्थित्यन्तहेतवे ।
पुरुषाय पुराणाय ब्रह्मणे परमात्मने ॥ २-१८ ॥

हे प्रभो ! तपाईं नै सृष्टि, पालन, संहार गर्नुहुन्छ । त्यसैले तपाईं त्रिमूर्ति स्वरूप हुनुहुन्छ । तपाईंले नै तेइस विकारहरू उत्पन्न गर्नुहुन्छ र पनि विकाररहित हुनुहुन्छ । तपाईं नै सम्पूर्ण चराचर लोकहरूको सृष्टि गर्नुहुन्छ । तपाईं नै सम्पूर्ण प्राणीहरूको आत्मा देहको संयोग, वियोग गराउनुहुन्छ । तपाईंद्वारा नै ब्रह्माण्डको सृष्टि हुन्छ । तपाईंलाई कोटिकोटि प्रणाम गर्दछौं । मायाको कारण तपाईंलाई हामीले कसरी स्तवन गर्नुपर्ने हो त्यो जान्दैनौं ।

त्वयैव निखिलं सृष्टं संहृतं पालितं जगत् ।
तथापि मायया नाथ न विद्मस्त्वां पितामह ॥ २-२२ ॥

मुनिहरूको दिव्यस्तुतिले ब्रह्मा अति प्रसन्न हुनुभयो र सोध्नुभयो, 'के कति कारणले आउनुभयो ? के समस्या पऱ्यो ? मैले के गर्नुपऱ्यो ?'

त्यसपछि मुनिहरूले आगमनको कारण बताउँदै भने, 'यो ब्रह्माण्डको सबैभन्दा श्रेष्ठ परम पुरुष को हुन् ? जो श्रेष्ठ विशुद्ध, परिपूर्ण, शाश्वत र परमेश्वर हुनुहुन्छ । हामी यही विषयमा अनिर्णित भएर तपाईं समक्ष आएका हौं ।

त्यसपछि ब्रह्मा ध्यानमग्न हुनुभयो र उत्तर दिँदै 'रुद्र' भन्नुभयो ।

उत्थाय सुचिरं ध्यात्वा रुद्र इत्युच्चरन् गिरम् ।

आनन्दक्लिन्नसर्वाङ्ग कृताञ्जलिरभाषत ॥ २-३१ ॥

ब्रह्माद्वारा शिवमहिमा वर्णन

हे महर्षिहरू ! जहाँ मनसहित वाणी पुगेर विनालक्ष्य (केही नगरी) फर्किन्छ । जुन आनन्द प्राप्त गरी विद्वान् कोही र केहीसँग डराउँदैनन्, निर्भय प्राप्त गर्छन् ती रुद्र नै सर्वोपरि परम पुरुष हुन् । उनीबाटै समस्त चराचर उत्पन्न भएको हो, पञ्चमहाभूत प्रकट भएको हो । यथा-

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।
आनन्दं यस्य वै विद्वान्न बिभेति कुतश्चन ॥ ३-१ ॥

जसले सबैभन्दा पहिले मलाई उत्पन्न गराउनुभयो र उहाँकै कृपाले मैले प्रजापति पद प्राप्त गर्न सफल भएँ । जो निष्क्रियलाई पनि सक्रिय बनाउनुहन्छ, जो एक्लै बीजरूप कर्म गर्नुहुन्छ, जो सधैं भक्तहरूको हृदयाकाशमा निवास गर्नुहुन्छ, जो कालातीत हुनुहुन्छ, जो न दिन न रातमा सीमित रहनुहुन्छ, अर्थात् समान रूपमा रहनुहुन्छ ।

न यस्य दिवसो रात्रिर्न समानो न चाधिकः । ३-११ ॥

जसमा ज्ञानशक्ति र क्रियाशक्ति सधैं रहन्छ, जो यो सम्पूर्ण चराचर जगत् छ, त्यही अक्षर परमात्मा हुन् । अक्षर र आत्मा दुवै स्वयम् महेश्वर हुन् । जसको कृपाले सूर्य, चन्द्र, नारायण प्रकाशित हुन्छन्, उनी एक मात्र देव, देवाधिदेव महादेव महेश्वर हुन् ।

यस्मिन्न भासते विद्युन्न सूर्यो न च चन्द्रमाः ।
यस्य भासा विभातीदमित्येषा शाश्वती श्रुतिः ॥ ३-१४ ॥
एको देवो महादेवो विज्ञेयस्तु महेश्वरः
न तस्य परमं किञ्चित्पदं समधिगम्यते ॥ ३-१५ ॥

शिव नै आदि र अन्तहीन हुन् । यिनी स्वतन्त्र र परिपूर्ण छन् । सम्पूर्ण चराचर शिवकै अधीनमा रहन्छ । शिव नै ऐश्यर्वपूर्ण, प्रकृतिभन्दा अलग, स्वयम् मुक्त र अरूलाई पनि मुक्ति दिलाउने, कालका प्रेरक, उदारता, वीरता, गम्भीरता र मधुरताका समुद्र नै हुन् । शिव सबै प्राणीहरूमा अतुलनीय र राजाहरूका पनि राजा, महाराजा हुन् । यिनीबाटै संसारको सृष्टि हुन्छ र विलय पनि यिनैमा गएर हुन्छ । व्रत, दान, तप, नियम यी सबै शिवप्राप्तिका लागि हुन् । यिनको कृपा भएन भने भक्ति पनि प्राप्त हुँदैन, जसरी बीजबाट अङ्कुर र अङ्कुरबाट बीज उत्पन्न हुन्छ । रहस्यपूर्ण कुराचाहिँ के छ भने, शिवको भक्ति गरेर कर्मबन्धनबाट मुक्त भई मोक्ष प्राप्त गर्नुपर्दछ । यदि गुरु धारण गरेको छैन भने गुरुधारण गरेर गरेको भक्ति सय गुणा श्रेष्ठ हुन्छ । यसरी गरेको भक्तिले शीघ्र नै शिवज्ञान प्राप्त हुन्छ । ज्ञानबाटै भावशुद्धि हुन्छ र त्यसैबाट ध्यानसिद्धि हुन्छ र मनुष्य योगी बन्न पुग्छ ।

पुरुषभित्र जे जस्तो योग्यता हुन्छ, सोही अनुसार ढिलोचाँडो भगवान्को अनुग्रह हुने गर्छ । त्यसैले त कसैले गर्भमै, कसैले वृद्धावस्थामा, कसैले पशुपक्षी योनिमा गएर मुक्ति पाउँछन् ।

गर्भस्थो मुच्यते कश्चिज्जायमानस्तथापरः ।
बालो वा तरुणो वाथ वृद्धो वा मुच्यते परः ॥ ३-४२ ॥

त्यसै गरी कोही नारकीय अवस्थाबाट मुक्त हुन्छन् । कोही आफ्नो पदको क्षय भएपछि, कोही आफ्नो कर्मभूमिमै, कोही त्यही मार्गमै रोकिँदै मुक्ति पाउँछन् । त्यसैले कुनै एक प्रकारले मात्र मनुष्यको मुक्ति हुन्छ भन्ने छैन । अतः निरन्तर शिवभक्ति गरिरहनुपर्छ । उनकै सहारामा आफूलाई जोडिरहनुपर्छ ।

तस्मान्नैकप्रकारेण नराणां मुक्तिरिष्यते ।
सर्वक्रियाः प्रकुर्वाणास्तमेव मनसा गताः ॥ ३-४५ ॥

ब्रह्माद्वारा ऋषिहरूलाई नैमिषारण्य पठाउनु र वायुदेव आएर ज्ञान प्रदान गर्नेछन् भन्नु

त्यसपछि ब्रह्माले ऋषिहरूलाई सम्झाउँदै भन्नुभयो, 'हे ऋषिहरू हो ! अब तपाईंहरू एक हजार वर्षमा सकिने यज्ञको सङ्कल्प लिएर अनुष्ठान प्रारम्भ गर्नुहोस् ! त्यस ज्ञानमयी यज्ञान्तमा साक्षात् वायुदेव आउनेछन् र तपाईंहरूलाई कल्याण मार्गको उपदेश दिनेछन् । त्यसपछि तपाईंहरू वाराणसी जानू जुन मोक्ष नगरी हो, शिवको नगरी हो, जहाँ शिव साक्षात् विराजमान हुनुहुन्छ ।'

दीर्घसत्रसमारब्धं दिव्यवर्षसहस्रकम् ।
सत्रान्ते मन्त्रयोगेन वायुस्तत्र गमिष्यति ॥ ३-४८ ॥

यो मैले निर्माण गरेको मनोमय चक्र हो । यसलाई म छोड्दै छु र जहाँ यो नेमि (चक्र) भासिनेछ, त्यही क्षेत्रलाई नै आफ्नो ज्ञानमयी यज्ञको तपस्थली सम्झिनू र कार्य आरम्भ गर्नू ।

एतन्मनोमयं चक्रं मया सृष्टं विसृज्यते ।
यत्रास्य शीर्यते नेमिः स देशस्तपसः शुभः ॥ ३-५३ ॥

यसरी सूर्यको समान प्रभामय त्यो मनोमय चक्र महादेवलाई प्रणाम गर्दै ब्रह्माले छोडिदिनु भयो । मुनिहरूले पनि ब्रह्मालाई सादर वन्दना गरे र चक्रकै अनुगमन गर्दै ब्रह्मलोकबाट निस्किए । त्यो चक्र एउटा जङ्गलको शिलामा आएर ठोक्किएर भासियो, जुन चक्रतीर्थको नामले प्रसिद्ध हुन पुग्यो र यो क्षेत्र नैमिषारण्य नामले प्रसिद्ध भयो, जुन मुनिहरूको तपस्थली हुन पुग्यो ।

तद्वनं तेन विख्यातं नैमिषं मुनिपूजितम् ।
अनेकयक्षगन्धर्वविद्याधरसमाकुलम् ॥ ३-५७ ॥

अध्याय चतुर्थ, पञ्चम

नैमिषारण्यमा मुनिहरूद्वारा दीर्घसत्रारम्भ, समाप्तिको समयमा वायुदेवको आगमन र पशुपाशपतिको तात्त्विक विवेचन

सूतजी- ब्रह्माको आज्ञालाई शिरोधार्य गर्दै मुनिजनहरू नैमिषारण्य क्षेत्रमा एकत्रित भएर शिवको उपासना गर्दै यज्ञारम्भ गरे ।

तस्मिन् देशे महाभागा मुनयः शंसितव्रताः ।
अर्चयन्तौ महादेवं सत्रमारेभिरे तदा ॥ ४-१ ॥

यज्ञ गरेको लामो समय व्यतीत भएपछि ब्रह्माको आज्ञाले/प्रेरणाले वायुदेव मुनिहरूको कल्याणार्थ आइपुगे । वायुदेव स्वयम् ब्रह्माकै शिष्य थिए । जितेन्द्रिय एवम् सबैलाई सर्वत्र प्रत्यक्ष रूपले देख्न सक्तथे । उनको आज्ञामा सधैं उनन्चास प्रकारका वायु (मरूद्‌गण) रहन्थे । मुनिहरूलाई पनि ब्रह्माले भनेका कुराहरू स्मरण भयो । त्यसपछि आकाशपुत्र वायुदेवलाई मुनिहरूले स्वागत सत्कार गरे, अनि सुवर्णरचित आसन प्रदान गरेर कुशलक्षेम, अभिनन्दन गर्दै जिज्ञासाहरू राख्न थाले ।

मुनिहरू- **अद्य नः कुशलं सर्वमद्य साधु भवेत्तपः ।**
अस्मच्छ्रेयोऽभिवृद्ध्यर्थं भवानत्रागतो यतः ॥ ४-१५ ॥

हे वायुदेव ! आज हाम्रो तपस्या सफल भयो । तपाईको दर्शन पाएर हामी धन्य भयौं । अब हामीलाई रूद्रको विषयमा बताउनुहोस्, जसलाई भक्तहरूले मात्र प्राप्त गर्न सक्छन् । जसको कृपाले मात्र भुक्ति र मुक्ति सम्भव हुन्छ । त्यसैले शिवतत्त्वको विषयमा श्रवण गराउनुहोस् ।

वायुदेव- हे महर्षिहरू हो ! तपाईहरू र म दुवै भाग्यशाली हुने भयौं किनकि चराचर नियन्ता महादेवको विषयमा चर्चा हुने भयो । मैले शिवतत्त्व सम्बन्धी ज्ञान उन्नाइसौं श्वेतलोहित कल्पमा गुरु ब्रह्माको कृपाले तपोबलबाट प्राप्त गरेको थिएँ । अब म त्यो पशु, पाश र पतिको विषयमा वर्णन गर्दछु ।

पशुपाशप्रतिज्ञानं यल्लब्धं तु मया पुरा ।
तत्र निष्ठा परा कार्या पुरुषेण सुखार्थिना ॥ ५-१० ॥

वायुदेवद्वारा पशुपाशपतिको तात्त्विक विवेचन

यहाँबाट वायुदेवले शिव महिमाको विशद वर्णन गर्नुभएको छ, जसलाई वायवीय संहिता नामकरण गरिएको छ । सर्वप्रथम पशु, पाश र पतिको विवेचनालाई वायुदेव यसरी वर्णन

गर्नुहुन्छ-।

अज्ञानप्रभवं दुःखं ज्ञानेनैव निवर्तते ।
ज्ञानं वस्तुपरिच्छेदो वस्तु च त्रिविधं स्मृतम् ॥ ५-११ ॥

अर्थात् अज्ञानताबाट उत्पन्न दुःख ज्ञान प्राप्त हुनासाथै समाप्त हुन्छ । ज्ञानले वस्तुहरूमा भेद गर्छ, जुन दुई किसिमको छ- (१) अजड (जीव) (२) जड (प्रकृति) र यी दुवैको नियन्ता तेस्रो (३) पति (ईश्वर) हुन् । यसैलाई पशु (जीव) पाश (प्रकृति) पति (ईश्वर) पनि भनिन्छ ।

अक्षरं पशुरित्युक्तः क्षरं पाश उदाहृतः ।
क्षराक्षरपरं यत्तत् पतिरित्यभिधीयते ॥ ५-१४ ॥

अर्थात् अक्षर नै पशु, क्षर नै पाश र क्षराक्षर नै ईश्वर हुन् । प्रकृतिलाई क्षर र पुरुषलाई अक्षर भनिन्छ । यी दुवैलाई नियन्त्रण/प्रेरित गर्नेलाई नै पशुपति, परमेश्वर भनिएको छ । मायाको अर्को नाम प्रकृति हो । पुरुष मायाद्वारा घेरिएर रहन्छ । मूल र कर्मले यी दुवैको सम्बन्ध रहेको हुन्छ र यी दुवैलाई नियन्त्रण या प्रेरणा दिने तत्त्व नै शिव ईश्वर हुन् । माया नै महेश्वरको शक्ति हो । चेतन जीवलाई आच्छादित गर्ने अज्ञानमय पाशलाई नै मल भनिएको छ र यसैबाट मुक्ति या शुद्ध भएपछि जीव स्वतः शिव हुन्छ । त्यही विशुद्ध तत्त्व नै शिवतत्त्व हो ।

माया माहेश्वरी शक्तिश्चिद्रूपो माययावृतः ।
मलश्चिच्छादको नैजो विशुद्धिः शिवता स्वतः ॥ ५-२० ॥

मुनिहरूले सोधे- 'सर्वव्यापी चेतनलाई मायाले किन आवृत गर्दछिन् ? किन आवरण प्राप्त हुन्छ ? कुन उपायले त्यसको निवारण हुन सक्छ ? कृपया बताउनुहोस् ।'

वायुदेव- जसलाई मायाले घेर्दछ, उसले बारबार जन्म लिनुपर्दछ । व्यापक तत्त्वलाई पनि आंशिक आवरण रहन्छ । किनकि कला आदि पनि व्यापक हुन्छन् । भोगका लागि गरेको कर्मले नै उसलाई आवरणमा राख्दछ । मलको नाश भएपछि मात्र आवरण हट्दछ । कला, राग, विद्या, काल र नियतिलाई नै कलादि भनिन्छ । कर्म अनादि समयदेखि व्यापक हुँदै आएका हुन्छन् जो पुण्य र पापले व्यापक भएका हुन्छन् ।

पुण्य पापात्मकं कर्म सुखदुःखफलं तु यत् ।
अनादिमलभोगान्तमज्ञानात्मसमाश्रयम् ॥ ५-२६ ॥

कर्म अनादि छ । कर्मफल भोगेपछि मात्र अन्त हुन्छ । यद्यपि जड कर्मको चेतन आत्मासँग सम्बन्ध हुँदैन, तर पनि अज्ञानवश जीवले आफैँमा आरोपित गरेको हुन्छ । भोगले कर्मलाई

नाश गर्छ । प्रकृतिलाई भोग्य मानिएको छ भने भोग गर्ने साधन भनेको शरीर हो । बाह्य इन्द्रियहरू र अन्तःकरण यसका द्वार हुन् । महेश्वरको कृपाले मात्र मलको नाश भई पुरूष निर्मल भएर शिवसमान हुन्छ ।

क्षीणे चात्ममले तस्मिन् पुमान् शिवसमो भवेत् । ५-२८ ।

मुनिहरूले सोधे- कलादि पञ्चतत्त्वानां किं कर्म पृथगुच्यते । ५-२९ ।

अर्थात् कला आदि पाँच तत्त्वहरूका कार्य के के हुन् ?

वायुदेव- **दिक्क्रियाव्यञ्जिके विद्या काले रागः प्रर्वतकः ।**
कालोऽवच्छेदकस्तत्र नियतिस्तु नियामिका ॥ ५-३१ ॥

अर्थात् पुरूषभित्र ज्ञान उत्पन्न गर्ने शक्तिलाई नै विद्या भनिन्छ । त्यही क्रियालाई प्रकट गर्ने शक्ति नै कला हो भने कालशक्तिले नै रागशक्तिलाई समृद्ध तुल्याउँछ । यी सबै शक्तिहरूलाई नियामक गर्नु नै नियति हो । अव्यक्त तत्त्व जो कारण तत्त्व पनि हो, यो त्रिगुणमय हुन्छ । यसैबाट जड जगत्‌को उत्पत्ति भएर उसैमा लय हुन्छ । तत्त्वचिन्तक पुरूष त्यो अव्यक्तलाई नै प्रधान र प्रकृति भन्दछन् ।

प्रधानं प्रकृतिश्चेति यदाहुः तत्त्वचिन्तकाः । ५-३२ ।

यी तीन गुण अर्थात् सत्त्व, रज, तम प्रकृतिका गुण हुन् र तिलमा तेलझैँ सूक्ष्म रूपले रहन्छन् ।

सत्त्वं रजस्तम इति गुणाः प्रकृति सम्भवाः ।
प्रकृतौ सूक्ष्मरूपेण तिले तैलमिव स्थिताः ॥ ५-३४ ॥

सुखको कारण सत्त्व, दुःखको कारण रज र जड या मोहको कारण तम भनिएको छ । सात्त्विक वृत्तिले ऊर्ध्वगति, राजसी वृत्तिले मध्यम गति र तामसी वृत्तिले अधोगतितिर लैजान्छ । जम्मा चौबिस तत्त्व हुन्छन् जस अन्तर्गत पञ्च तन्मात्रा, पञ्च महाभूत, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय र मन, वुद्धि, चित्त, अहङ्कार हुन्छन् । कारण अवस्थामा यिनीहरू अव्यक्त हुन्छन् भने कार्य अवस्थामा व्यक्त हुन्छन् । जस्तो कि कारण अवस्थामा माटो भनिन्छ भने कार्यावस्थामा घट हुन्छ । घट माटोबाट अलग/पृथक् हुँदैन । त्यसैगरी शरीर आदि व्यक्त पदार्थ पनि अव्यक्तबाट अभिन्न नै रहन्छन् । त्यसैले एक मात्र अव्यक्त नै कारण, करण र उसको आधाभरूत शरीर र भोग्य वस्तु हुन् ।

तस्मादव्यक्तमेवैकं कारणं करणानि च ।
शरीरं च तदाधारं तद्भोग्यं चापि नेतरत् ॥ ५-४१ ॥

मुनिहरूले सोधे- आत्मा के हो ? कहाँ रहन्छ ? शरीर, बुद्धि या इन्द्रियसँग यसको सम्बन्ध

छ कि छैन ? यसको वास्तविक स्वरूप या स्थिति के हो ?

आत्मशब्दाभिधेयस्य वस्तुतोऽपि कुतः स्थितिः । ५-४२ ।

वायुदेव- हे महर्षिहरू हो ! आत्मा सर्वव्यापी चेतनतत्त्व हो । त्यसैले बुद्धि, इन्द्रिय वा शरीरभन्दा अलग्गै रहन्छ । वेद-वेदान्तहरूले आत्मालाई चैतन्य, सर्वव्यापक, अन्तर्यामी, सम्पूर्ण तत्त्वहरूको ज्ञेय, पूर्वानुभूत विषयहरूको स्मरणकर्ता भनेका छन् । आत्मा न स्त्री, न पुरुष, न नपुंसक, न माथि, न तल, न अगलबगलमा नै रहन्छ । न यसको कुनै निश्चित स्थान नै छ । यो त सर्वत्र व्याप्त रहन्छ ।

न च स्त्री न पुमानेष नैव चापि नपुंसकः ।
नैवोर्ध्वं नापि तिर्यक् च नाधस्तान्न कुतश्चन ॥ ५-४८ ॥

आत्मा सम्पूर्ण चल शरीरमा अविचल, निराकर र अविनाशी रूपले रहन्छ । ज्ञानीजन निरन्तर चिन्तन गरेर आत्मतत्त्वको साक्षात्कार गर्छन् । शरीर त सधैं अशुद्ध, पराधीन, दुःखमय र अस्थिर रहन्छ । शरीर नै सबै विपत्तिहरूको मूल कारण हो । कर्मानुसार सुख, दुःख र मूढावस्था शरीरले भोगिरहन्छ । जसरी पानीले सिञ्चित गरेको खेतमा अङ्कुर उत्पन्न हुन्छ, त्यसैगरी अज्ञानले आप्लावित भएको कर्मले नयाँ शरीरलाई जन्म दिन्छ ।

विपदां बीजभूतेन पुरुषस्तेन संयुतः ।
सुखी दुःखी च मूढश्च भवति स्वेन कर्मणा ॥ ५-५२ ॥

यो शरीर त दुःखको आलय हो र मृत्युसँग सम्बन्ध राख्छ । भूतकालमा कति शरीर नष्ट भए, भविष्यमा कति आउने हुन्, सबै आउँछन्, जीर्ण-शीर्ण भएपछि छोडिदिन्छन् । कुनै पनि जीवात्मा, कुनै पनि शरीरमा अनन्त कालसम्म रहँदैन । यहाँ प्राप्त सबै आफन्त, सन्तान, पतिपत्नी सबै एउटा पथिकको मार्गमा अर्को पथिकसँग भेट भए जस्तो मात्रै हुन् ।

नैवास्य भविता कश्चिन्नासौ भवति कस्यचित् ।
पथि सङ्गम एवायं दारैः पुत्रैश्च बन्धुभिः ॥ ५-५८ ॥

त्यसैले ब्रह्मादेखि लिएर स्थावर प्राणीहरूसम्म सबै जीवलाई पशु भनिन्छ । यो जीव पाशमा बाँधिएर सुखदुःख भोग्छ, त्यसैले पशु भनिएको हो । यही नै ईश्वरको लीला साधन हो । सम्पूर्ण जगत्लाई ईश्वरले नै कठपुतलीझैँ नचाउनुहुन्छ ।

अध्याय षष्ठम

शिवतत्त्वज्ञान, महेश्वरको महत्ता, सर्वश्रेष्ठको प्रतिपादन

हे वायुदेव ! तपाईंले पशु र पाश बताउनुभयो । अब यी दुवैका पतिको विषयमा पनि विलक्षण गम्भीर प्रसङ्ग भए सुनाउनुहोस् भनेर जिज्ञासा राखेपछि-

वायुदेव- हे महर्षिहरू हो !

अस्ति कश्चिदपर्यन्तरमणीयगुणाश्रयः ।
पतिर्विश्वस्य निर्माता पशुपाशविमोचनः ॥ ३ ॥

यो विश्व ब्रह्माण्डलाई निर्माण गर्ने कुनै पति छन्, जो अनन्त, दिव्य, रमणीय गुणहरूले सम्पन्न छन् र उनैले नै पशुहरूको पाशबाट मुक्त गराउँछन् । उनीविना संसारको सृष्टि नै सम्भव छैन । किनकि पशु अज्ञानी र पाश अचेतन हुन्छन् । प्रधान परमाणु आदि जति पनि जड तत्त्व छन्, ती सबैका कर्ताधर्ता उनै पति हुन् । त्यसैले पशु, पाश र पतिको वास्तविक मर्म जानियो भने जीवन-मुक्त भइन्छ । पतिले नै जगत्को भरणपोषण गर्छन् र भवबन्धनबाट मुक्त गराउँछन् ।

नातः परं विजानद्भिर्वेदितव्यं हि किञ्चन । १० ।

जसरी तिलमा तेल, दहीमा घिउ, स्रोतमा जल र अरणीमा आगो रहेको हुन्छ, त्यसरी नै ज्ञानी महात्माहरू आफ्नो आत्मामा सत्यस्वरूप परमात्मा पतिलाई दर्शन/अनुभव/साक्षात्कार गर्छन् । तिनै पति रुद्र सृष्टि पूर्व, सृष्टि मध्य र सृष्टि अन्तमा पनि रहन्छन् । उनी एक छन् । एक नै रहन्छन् ।

एक एव सदा रुद्रो न द्वितीयोऽस्ति कश्चन ।
संसृज्य विश्वभुवनं गोप्ता ते सञ्चुकोच यः ॥ १४ ॥

ती रुद्रका सबैतिर नेत्र, मुख, भुजा, चरण छन् । श्रुतिले स्पष्ट भनेको छ, रुद्रदेव सबैभन्दा श्रेष्ठ र महान् ऋषि हुन् । त्यतिमात्र होइन, सूर्यझैँ अज्ञान रूपी अन्धकारलाई हटाउने र सबैभन्दा पृथक् भएर विराजित छन् ।

वेदाहमेतं पुरुषं महान्तममृतं ध्रुवम् ।
आदित्यवर्णं तमसः परस्तात्संस्थितं प्रभुम् ॥ १८ ॥

यिनीभन्दा सूक्ष्म र महान् पनि केही छैन, 'अणोरणीयान् महतो महीयान् ।' यिनीबाटै जगत्

परिपूर्ण छ । यी सबैका स्वामी, शासक, शरणदाता र सुहृद् हुन् । यी नेत्रविना पनि देखिरहन्छन्, कानविना नै सुनिरहन्छन् । त्यसैले यिनलाई अणुभन्दा पनि अणु र महान्भन्दा पनि महान् भनिएको हो । प्राणीको शरीररूपी वृक्षमा दुईवटा पक्षी बस्छन् । त्यसमा एउटाले कर्मफल भोग्छ भने अर्कोले हेरिहरन्छ ।

द्वौ सुपर्णौ च सयुजौ समानं वृक्षमास्थितौ ।
एकोऽत्ति पिप्पलं स्वादु परोऽनश्नन् प्रपश्यति ॥ ३० ॥

जीवात्मा यही वृक्षको आसक्तिमा फसेको हुन्छ र मोहित भएर सुखदुःख सबैलाई भोगिरहन्छ, तर जब ऊ पतिस्वरूप परमेश्वरको साक्षात्कार गर्छ, अनि शोकरहित शान्त अवस्थालाई प्राप्त गरी सुखी हुन्छ ।

मायावान् महेश्वर मायाबाट पृथक् भएर यो संसारको सृष्टि गर्छन् । माया स्वयम् प्रकृति हो भने मायावान् महेश्वर हुन् । उनकै अवयवले नै यो संसार व्याप्त छ । जसरी सूर्यले एक्लै नै तलमाथि, वरपर, दिशाविदिशा, धर्तीआकाश सर्वत्र प्रकाशित गर्दै आफू पनि देदीप्यमान रहन्छन्, त्यसैगरी पति परमेश्वर पनि एक्लै समस्त कारणरूप पृथ्वी आदि तत्त्वलाई नियमन/सञ्चालन गरिरहन्छन् । उनका न कोही स्वामी छन्, न कुनै निश्चित चिह्न नै छ । न उनीमाथि कसैको शासन छ, तर उनी नै सबै कारणहरूको पनि कारण र अधीश्वरका रूपमा विराजित छन् । उनका न कोही जन्मदाता छन्, न जन्म नै हुन्छ, न त जन्मेको माया मलादिको नै हेतु रहन्छ । उनी त एक्लै नै सम्पूर्ण विश्वमा, समस्त प्राणीमा, समस्त जडमा गुह्य रूपले व्याप्त रहन्छन् ।

स एकः सर्वभूतेषु गूढो व्याप्तश्च विश्वतः ।
सर्वभूतान्तरात्मा च धर्माध्यक्षः स कथ्यते ॥ ६३ ॥

तिनै परमेश्वरले सर्वप्रथम ब्रह्मालाई उत्पन्न गराउनुभयो र वेदको ज्ञान दिनुभयो । आफ्नो स्वरूप विषयहरूसहित बुद्धिलाई प्रसन्न गराउने, तिनै परमेश्वर शिवतत्त्वलाई ज्ञान गरी भवबन्धनबाट मुक्त हुनु यो जीवनको सार हो र गर्नुपर्छ ।

भगवान् शिव प्रकृति र पुरुषभन्दा पर रहन्छन् । उनले नै सृष्टिकालमा सम्पूर्ण जगत्लाई रचना गर्छन् र संहारकालमा पुनः आत्मसात् गर्छन् ।

अतश्च सङ्क्षेपमिदं श्रृणुध्वं शिवः परस्तात् प्रकृतेश्च पुंसः ।
ससर्ग काले च करोति सर्वं संहारकाले पुनराददाति ॥ ७६ ॥

अध्याय सप्तम

कालमहिमा वर्णन

ऋषिहरूले सोधे- हे वायुदेव ! अब हामीलाई कालको विषयमा वर्णन गर्नुहोस् । यो काल कसको वशमा रहन्छ र कसको वशमा रहँदैन ? सबै कुरा समयमा नै उत्पन्न, विकास र विनाश हुन्छन् । यो कालको भूमिका के रहन्छ ?

वायुदेव- हे महर्षिहरू हो !

कलाकाष्ठनिमेषादि कलाकलितविग्रहम् ।
कालात्मेति समाख्यातं तेजो माहेश्वरं परम् ॥ ६ ॥

अर्थात् कला (आठ सेकेन्ड), काष्ठा (कलाको तिसौं भाग), निमेष (क्षण), यी कालका अङ्ग हुन् । यो कालात्मालाई नै महेश्वरको तेज भनिएको छ । सम्पूर्ण जगत् कालको वशमा रहन्छ, काल शिवको वशमा रहन्छ तर शिव कालको वशमा रहँदैनन् ।

शिवस्य तु वशे कालो न कालस्य वशे शिवः । ९ ।

शिवको अप्रतिहत तेज कालमा प्रविष्ट भएकाले नै कालको मर्यादालाई कसैले अतिक्रमण गर्न सक्तैनन् । त्यसैले कालले गरेको कर्मलाई कसैले टाल्न/मेटाउन सक्तैन । सम्पूर्ण इन्द्रियलाई काबुमा राखेर संसारलाई विजय गर्दा पनि कालमाथि विजय प्राप्त गर्न सकिँदैन । लक्ष्मी, रूप, शील, बल तथा कुल आदिद्वारा प्राणी एक थोक सोच्दछ भने कालले बलपूर्वक अर्थोक नै गरिदिन्छ । एउटै कालमा एउटा सुखी भइरहेको हुन्छ भने अर्को दुःखी ।

यदैव दुःखितः कश्चित्तदैव सुखितः परः । १७ ।

त्यसैले कालको स्वभाव विचित्र हुन्छ र जान्न सकिँदैन ।

आज युवा देखिएको व्यक्ति भोलि वृद्ध हुन्छ । आज बलवान् देखिएको व्यक्ति भोलि दुर्बल हुन्छ । आज धनवान् देखिएको व्यक्ति भोलि निर्धन हुन्छ । त्यसैले यो काल विचित्र, दुर्जेय एवं दुर्ज्ञेय छ ।

यो युवा स भवेद् वृद्धो यो बलीयान्स दुर्बलः ।
यः श्रीमान्सोऽपि निःश्रीकः कालश्चित्रगतिर्द्विजाः ॥ १८ ॥

काल नआउन्जेल न त कोही जन्मिन्छ न त मृत्यु नै हुन्छ । विनासमय न कोही सुखी न कोही दुःखी नै हुन्छ । समय आएपछि नै चिसो हावा चल्छ । समयमै बादलबाट पानी

पर्छ । गर्मी पनि समय आएपछि शान्त हुन्छ । यो सबै कालले नै गराउँछ ।

कालश्च सर्वस्य भवस्य हेतुः कालेन सस्यानि भवन्ति नित्यम् ।
कालेन सस्यानि लयं प्रयान्ति कालेन सञ्जीवति जीवलोकः ॥ २४ ॥

सबैको उत्पत्तिको कारण नै काल हो र काल नै शिव हुन् । जसले कालात्मतत्त्वलाई जान्दछ, उसले नै निर्गुण परमात्माको दर्शन पनि गर्दछ ।

अध्याय अष्टम

तीन देवताहरूको आयु वर्णन

ऋषिहरूको जिज्ञासा- के कस्ता प्रमाणले आयु सङ्ख्यालाई परिकल्पना गरिन्छ ? आयु प्रमाण कसरी निर्धारण गरिन्छ ? देवतादेखि मनुष्यसम्मको आयु विभाजन कसरी गरिएको छ ?

वायुदेव- हे महर्षिहरू हो ! कालको परमावधि श्रवण गराउँछु । आयुको प्रथम नाम निमेष हो । एक पलक (परेला झिम्क्याउँदा) मा जति समय लाग्छ त्यही नै निमेष हो । कालको गणना यसप्रकार गरिन्छ-

१५ निमेष= १ काष्ठा, ३० काष्ठा= १ कला, ३० कला= १ मुहूर्त, ३० मुहूर्त= १ दिनरात, ३० दिनरात= २ पक्ष/एक महिना, ६ महिना= १ अयन, २ अयन= १ संवत्सर । त्यसैगरी-

एक संवत्सर= देवताहरूको एक दिन, उत्तरायण- दिन, दक्षिणायन- रात । मनुष्यको ३० वर्ष= देवताहरूको एक महिना । मनुष्यको ३६० वर्ष= देवताहरूको एक वर्ष । देवताहरूको एक वर्षलाई दिव्य वर्ष भनिन्छ ।

त्रीणि वर्षशतान्येव षष्टिवर्षयुतान्यपि ।
दिव्यः संवत्सरो ज्ञेयो मानुषेण प्रकीर्तितः ॥ १० ॥

देवताहरूको वर्ष प्रमाण अनुसार युगको आयु

युग-	वर्ष	सन्ध्या	सन्ध्यांश	पूर्णयुग
सत्ययुग	४,००० +	४०० +	४०० =	४,८०० वर्ष
त्रेतायुग	३,००० +	३०० +	३०० =	३,६०० वर्ष
द्वापर	२,००० +	२०० +	२०० =	२,४०० वर्ष
कलि	१,००० +	१०० +	१०० =	१,२०० वर्ष

चत्वारि तु सहस्राणि वर्षाणां तत्कृतं युगम् ।
तस्य तावच्छती सन्ध्या सन्ध्यांशश्च तथाविधः ॥ १३ ॥

मनुष्यको वर्षले युग प्रमाण (लाख हजारमा)

सत्य युग १७,२८,००० । त्रेतायुग १२,९६,००० ।
द्वापर युग ८,६४,००० । कलियुग ४,३२,००० ।

यी चारै युगहरूको योग गर्दा ४३,२०,००० लाख वर्ष हुन्छ र यो नै एक मन्वन्तर पनि हो । २,००० मन्वन्तर व्यतीत भएपछि एउटा कल्प पनि पूर्ण हुन्छ । एक कल्प नै ब्रह्माको एक दिन अनि त्यति नै रात्रि हुन्छ जुन मनुष्यको प्रमाणले,

अरब करोड

४, ३२, ००, ००, ००० दिन
+ ४, ३२, ००, ००, ००० रात्रि
८, ६४, ००, ००, ००० वर्ष= ब्रह्माको एक अहोरात्र आठ अरब चौसट्ठी करोड ।

एक हजार चतुर्युगको एक कल्प हुन्छ । एकहत्तर चतुर्युगको एक मन्वन्तर हुन्छ । एक कल्पमा १४ मनुले भोग गर्छन् । चारै युगको योग बराबर १२ हजार दिव्य वर्ष हुन्छ । एक हजार कल्प बराबर ब्रह्माको एक वर्ष हुन्छ । ब्रह्माको एक दिन- एक कल्पको हुन्छ । यही प्रमाण अनुसार आठ हजार वर्ष बराबर ब्रह्माको एक युग हुन्छ । ब्रह्माको एक हजार युगको एक सवन हुन्छ । तीन हजार सवनमा ब्रह्माको पूर्णायु हुन्छ । ब्रह्माको एक दिनमा १४ इन्द्रले भोग गर्छन् ।

तस्य वै दिवसे यान्ति चतुर्दश पुरन्दराः ॥ २२ ॥

ब्रह्माको एक महिनामा चार सय बीस इन्द्र बदलिन्छन् । ब्रह्माको एक वर्षमा पाँच हजार चालिस इन्द्र बदलिन्छन् । ब्रह्माको पूर्णायुमा पाँच लाख चालिस हजार इन्द्रले भोग गर्छन् ।

अब्दे पञ्च सहस्राणि चत्वारिंशद्युतानि च ।
चत्वारिंशत्सहस्राणि पञ्च लक्षाणि चायुषि ॥ २३ ॥

ब्रह्माको पूर्णायु बराबर विष्णुको एक दिन हुन्छ । विष्णुको पूर्णायु बराबर रूद्रको एक दिन हुन्छ । सदाशिवको पूर्णायुमा पाँच लाख चार हजार रूद्रले भोग गर्छन् । साक्षात् शिवबाटै कालात्माको प्रवर्तन हुन्छ ।

ब्रह्मा विष्णोर्दिने चैको विष्णू रुद्र दिने तथा
ईश्वरस्य दिने रूद्रः सदाख्यस्य तथेश्वरः ॥ २४ ॥

सदाशिवको दिनमा सृष्टि हुन्छ र रात्रिमा प्रलय हुन्छ । रात्रि समाप्त भएपछि पुनः सृष्टि हुन्छ । तर शिवको जीवनमा न त दिन नै हुन्छ न त रात्रि नै हुन्छ । प्रजा, प्रजापति, प्रजापतिहरूका विग्रह, सुर, असुर, इन्द्रियहरू इन्द्रियका विषयहरू, पञ्चमहाभूत, तन्मात्राहरू, भूतादिबुद्धि, मन, चित्त, अहङ्कार र यिनीहरूका देवता, यी सबै परमात्मा शिवको दिनमा रहन्छन् र दिन समाप्त भएसँगै समाप्त हुन्छन् । सबैका कारणभूत, कालका प्रर्वतक, जसको आज्ञाले सम्पूर्ण ब्रह्माण्ड सञ्चालन हुन्छ, त्यस्ता परमेश्वर शङ्करलाई वन्दना/नमस्कार छ ।

यो विश्वात्मा कर्म काल स्वभावाद्यर्थेशक्तिर्यस्य नोल्लङ्घनीया ।
यस्यैवाज्ञाधीनमेतत्समस्तं नमस्तस्मै महते शङ्कराय: ॥ ३२ ॥

अध्याय नवम

सृष्टि, पालन, संहार, कर्तृत्व वर्णन

मुनिहरूको जिज्ञासा- यो संसार सर्वप्रथम कसरी प्रकट भयो ? विस्तार कसरी भयो ?

वायुदेव- हे महर्षिहरू हो !

शक्ति प्रथम सम्भूता शान्त्यातीतपदोत्तरा: ।
ततो माया ततोऽव्यक्तं शिवाच्छक्तिमत: प्रभो: ॥ ३ ॥

अर्थात् सर्वप्रथम एउटा शक्ति उत्पन्न भयो, जसलाई शान्त्यातीत भनिन्छ । त्यसपछि शिवबाट माया उत्पन्न भयो र मायाबाट अव्यक्त प्रकृति उत्पन्न भयो । यी क्रमशः शक्तिबाट शान्त्यातीत पद, यसैबाट विद्यापद, विद्यापदबाट प्रतिष्ठापद, प्रतिष्ठाबाट निवृत्तिपद, यही नै ईश्वरप्रेरित सृष्टिको क्रम हो । अनुलोम क्रमबाट सृष्टिको आरम्भ हुन्छ भने प्रतिलोम क्रमबाट संहार हुन्छ ।

आनुलोम्यात्तथैतेषां प्रातिलोम्येन संहृतिः । ६ ।

यिनै पाँच कलाहरूद्वारा नै यो संसार व्याप्त छ । यसमा जुन अव्यक्त कारण हो, त्यो आत्मामा रहन्छ । यसले संहारकर्ताको अपेक्षा राख्दछ, किनकि कार्य सावयव हुन्छ । त्यसैले जो समर्थ, स्वतन्त्र, सर्वशक्तिमान्, सबै थोक जान्ने छ, त्यो नै अनादि, अनन्त र महान् ऐश्वर्यले संयुक्त छ, त्यही नै रचयिता महेश्वर हुन् ।

स एव जगतः कर्ता महादेवो महेश्वरः ।
पाता हर्ता च सर्वस्य ततः पृथगनन्वयः ॥ १२ ॥

सृष्टिको प्रारम्भदेखि प्रलयपर्यन्त ब्रह्माको एक सय वर्ष व्यतीत हुन्छ । ब्रह्माको पचास वर्ष अर्थात् पहिलो भागलाई परार्द्ध भनिन्छ र यी दुवै परार्द्ध व्यतीत भएपछि प्रलय हुन्छ । त्यति बेला अव्यक्त आत्मामा स्थित हुन पुग्छ । सत्त्व, रज, तम तीनै गुण एकत्र हुन्छन् र यी सबै तमोमय अज्ञात दशामा एक परमेश्वर माहेश्वरी रात्रिमा स्थित हुन पुग्छन् ।

अप्रज्ञाते जगत्यस्मिनेक एव महेश्वरः ।
उपास्य रजनीं कृत्स्नां परां माहेश्वरीं ततः ॥ २१ ॥

रात्रि व्यतीत भएपछि, प्रधान पुरुष महेश्वर, आफ्नो मायामा प्रवेश गरेर चलायमान हुन्छन्, अनि परमेष्ठि प्रजा विस्तारक ब्रह्मालाई आज्ञा दिन्छन् । ब्रह्माले पनि त्यही अव्यक्तबाट सृष्टि विस्तारको कार्य प्रारम्भ गर्छन् । यस्ता मायालाई सञ्चालन गर्ने, अध्वपति परमात्मालाई जसले जान्दछ त्यो तीनै लोकमा श्रेष्ठ मानिन्छ । यस्ता परमात्मालाई नमस्कार छ ।

विश्वोत्तरोत्तर विचित्र मनोरथस्य
यस्यैकशक्तिशकले सकलः समाप्तः ।
आत्मानमध्वपतिमध्वविदो वदन्ति,
तस्मै नमः सकललोकविलक्षणाय ॥ २४ ॥

अध्याय दशम

ब्रह्माण्ड स्थिति वर्णन

वायुदेव- हे महर्षिहरू हो !

पुरुषाधिष्ठितात्पूर्वमव्यक्तादीश्वराज्ञया ।
बुद्ध्यादयो विशेषान्ता विकाराश्चाभवन् क्रमात् ॥ १ ॥

अर्थात् सर्वप्रथम ईश्वरको आज्ञाले अव्यक्त बुद्धिदेखि विशेषसम्म सबै विकार उत्पन्न भए । त्यसपछि यिनै विकारहरूबाट रुद्र, विष्णु, ब्रह्मा यी तीन देवता प्रकट भए । त्यसपछि यिनीहरूका शक्तिहरू जो अव्याहत गतिले सुसम्पन्न रहन्छन्, उत्पन्न भए । त्यसपछि अणिमा आदि उत्पन्न भए ।

यी त्रिदेव नै उत्पत्ति, पालन र संहारको कार्य सम्हाल्ने हुन् र यिनीहरू तीन गुणले सन्निहित हुन्छन्, तर महादेवचाहिँ चतुर्व्युह रूपमा रहन्छन् ।

देवो गुणत्रयातीतश्चतुर्व्यूहो महेश्वरः ।
सकलः सकलाधारः शक्तेरुत्पत्तिकारणम् ॥ ९ ॥

महादेव सर्वात्मा, सर्वाधार शक्तिको उत्पत्तिका कारण हुन् । त्यसैले महेश्वर, पुरुष, प्रकृति, सदाशिव, भव, विष्णु, ब्रह्मा यी सबै शिवरूप हुन् । प्रधानभन्दा पहिले बुद्धि, ख्याति, मति पैदा भए । महत्तत्त्वको विक्षोभ भएर तीन अहङ्कार प्रकट भए ।

प्रधानात्प्रथमं जज्ञे बुद्धिः ख्यातिर्मतिर्महान् ।
महत्तत्त्वस्य सङ्क्षोभादहङ्कारस्त्रिधाऽभवत् ॥ १३ ॥

त्यसपछि अहङ्कारबाट पञ्च महाभूत र तन्मात्राहरू उत्पन्न भए । अहङ्कार जब विकारी हुन पुग्यो, अनि सत्त्वगुणबाट सात्त्विकी, रजोगुणबाट राजसी र तमोगुणबाट तामसी अहङ्कार पैदा भए । त्यसपछि विकारवान् सर्ग पनि यिनीहरूकै साथमा उत्पन्न भए जो बुद्धि, मनसहित दश इन्द्रियहरू (ज्ञानेन्द्रिय + कर्मेन्द्रिय) हुन् । यिनीहरू आफ्नो गुणकर्म अनुसार उभयात्मक हुन पुगे । तामसी अहङ्कारबाट भूतादि तन्मात्रा उत्पन्न भए । भूतादि अहङ्कारबाट शब्दतन्मात्रा उत्पन्न भए र त्यसैबाट आकाश पनि उत्पन्न भयो ।

आकाशात्स्पर्श उत्पन्नः स्पर्शाद्वायुसमुद्भवः ।
वायो रूपं ततस्तेजस्तेजसो रससम्भवः ॥ १८ ।

अर्थात् आकाशबाट स्पर्श, स्पर्शबाट वायु, वायुबाट रूप, रूपबाट तेज, तेजबाट रस, रसबाट जल, जलबाट गन्ध, गन्धबाट पृथ्वी र यिनै पञ्चमहाभूतबाट सम्पूर्ण चराचर जगत्को उत्पत्ति भयो । यसरी ब्रह्माको कार्य र कारण पूर्ण भएपछि, त्यही अण्डमा ब्रह्मसंज्ञक क्षेत्रज्ञ बढ्न थाल्यो, त्यसैलाई नै पहिलो शरीरधारी पुरुष भनियो, जो आदिकर्ता ब्रह्माको नामले प्रसिद्ध भयो । त्यही आदि पुरुष ब्रह्माले नै आफ्नो बुद्धि प्रयोग गरी आत्मालाई तीन गुणमा विभाजन गरी उत्पत्ति, पालन र संहारको कार्य गर्दछन् ।

त्रिधा विभज्य चात्मानं त्रैलोक्ये सम्प्रवर्त्तते ।
सृजते ग्रसते चैव वीक्षते च त्रिभिः स्वयम् ॥ २५ ॥

सृष्टिको कार्य ब्रह्मा, संहारको कार्य रुद्र र पालनको कार्य विष्णुले गर्दछन् । यिनीहरूको रूपलाई स्वयम्भूको रूप मानिन्छ । यी सत्त्व, रज, तमको प्रतिनिधित्व गर्दै आ-आफ्नो कार्य गर्दछन् । यी ब्रह्माका तीन स्वरूप छन् र चार भागमा बाँडिएकाले चतुर्व्युह भनिन्छ । सबैभन्दा पहिले भएकाले आदिदेव, अजन्मा भएकाले अज, प्रजाहरूको रक्षा गर्नाले प्रजापति आदि नामले पुकारिन्छन् ।

आदित्वाददिदेवोऽसावजात्त्वादज स्मृतः ।
पाति यस्मात्प्रजाः सर्वाः प्रजापतिरिति स्मृतः ॥ ३० ॥

सुवर्णमय मेरू पर्वत नै यी महात्माको गर्भाशय हो । समुद्र नै गर्भको जल हो । पर्वत जरायु हो, त्यही अण्डमा सबै लोक निवास गर्छन् । यसैमा सूर्य, चन्द्र, नक्षत्र, ग्रह, वायु सबै रहन्छन् । यो अण्डको दश गुणा ज्यादा बाहिर जल फैलिएको छ भने जलभन्दा दश गुणा तेज, तेजभन्दा दश गुणा वायु र वायुभन्दा दश गुणा आकाशले व्याप्त छ ।

आपो दशगुणेनैव तेजसा बहिरावृताः ।
तेजो दशगुणेनैव वायुना बहिरावृतम् ॥ ३३ ॥

त्यसैगरी आकाशलाई पञ्चभूतले ढाकेको छ भने, पञ्चभूतलाई महत्तत्त्वले, र महत्तत्त्वलाई पनि प्रकृतिले ढोकेको छ । यसरी यो ब्रह्माण्ड प्रकृतिका सात आवरणले घेरिएको छ । यो अण्ड पनि मिलाउँदा आठ हुन्छन् जो परस्पर रहन्छन् र यी अष्टधा प्रकृतिद्वारा नै उत्पत्ति, स्थिति र संहार गर्छन् ।

एतदावृत्य चान्योन्यमष्टौ प्रकृतयः स्थिताः ।
सृष्टिपालनविध्वंशकर्मकर्त्र्यो द्विजोत्तमाः ॥ ३६ ॥

यो महान् अण्ड नै ब्रह्माको उत्पत्तिको कारण हो । यसलाई ब्रह्माको क्षेत्र भनिन्छ, त्यसैले ब्रह्मालाई क्षेत्रज्ञ भनिन्छ । यो मायायुक्त प्रथम प्रधान सृष्टिको वर्णन भयो । अन्तकालमा ईश्वरको लीलाले आत्यन्तिक प्रलय हुन्छ, जसमा ब्रह्मासहित प्रधान प्रकृति विलय हुन्छन् र महेश्वरको इच्छाशक्तिले फेरि सृष्टि विस्तारको क्रममा प्रकट हुन्छन् ।

तत्सर्वमप्राकृतवैभवस्य सङ्कल्पमात्रेण महेश्वरस्य । ४८ ।

अध्याय एकादश, द्वादश

ब्रह्माद्वारा सृष्टि विस्तार वर्णन

मन्वन्तराणि सर्वाणि कल्पभेदांश्च सर्वशः ।
तेष्वैवान्तरसर्गं च प्रतिसर्गं च नो वद ॥ ११-१ ॥

मुनिहरू सोध्नुहुन्छ- हे वायुदेव ! कृपया हामीलाई सबै मन्वन्तर, कल्पभेद, अवान्तर सर्ग र प्रतिसर्ग आदि विषयको वर्णन गर्नुहोस् ।

वायुदेव- हे महर्षिहरू हो ! ब्रह्माको आयु द्वीपरार्द्ध समाप्त भएपछि संहार हुन्छ । ब्रह्माको प्रत्येक दिनमा चौध मनु बदलिन्छन् ।

दिवसे दिवसे तस्य ब्रह्मणः पूर्वजन्मनः ।
चतुर्दश महाभागा मनूनां परिवृत्तयः ॥ ११-३ ॥

अनादि, अनन्त र अज्ञेय भएकाले मन्वन्तर र कल्पहरूको वर्णन गर्न असम्भव नै छ । अहिले चलिरहेको कल्पचाहिँ वराहकल्प हो । यसमा पनि चौध मनु छन् र अहिले वैवस्वत मनुको समय चलिरहेको छ । सबै मन्वन्तरहरूको उत्पत्ति र संहार समान रूपले नै हुन्छ ।

मन्वन्तरेषु सर्वेषु सर्गसंहारवृत्तयः ।
प्रायः समा भवन्तीति तर्क कार्यो विजानता ॥ ११-९ ॥

प्रलय भएपछि सर्वत्र जल थियो । त्यही जलमा नारायण योगद्वारा शयन गर्ने भएकाले नारायण भनिएको हो ।

आपो नारा इति प्रोक्ता आपो वै नर सूनवः ।
अयनं तस्य ता यस्मात्तेन नारायणः स्मृतः ॥ ११-१५ ॥

सर्वत्र जल देखेर ब्रह्माले पृथ्वी कता गइन् ? भनेर शिवलाई स्मरण गरे र जलभित्र नै पृथ्वी डुबेको थाहा भयो, अनि वराहरूप धारण गरी जलमा प्रविष्ट गरेर पृथ्वीलाई उद्धार गरी जलमाथि स्थिर गरे ।

ततः स सलिले मग्नां पृथिवीं पृथिवीधरः ।
उद्धृत्यालिङ्ग्य द्रष्टाभ्यामुन्ममज्ज रसातलात् ॥ ११-३१ ॥

यसरी यथास्थानमा स्थापित भएपछि पुनः सृष्टिको कार्य अगाडि बढ्न थाल्यो ।

॥ वैकृत सृष्टि ॥

ब्रह्माद्वारा सबैभन्दा पहिले पाँच प्रकारको सृष्टि

(१) प्रथम स्थावरात्मक अविद्यायुक्त सृष्टि- ब्रह्मा सृष्टिविस्तार गर्न विचार गरिरहेका थिए । ध्यान गर्दागर्दै तमोमय मोह प्राप्त भयो अनि त्यसैबाट मोह, महामोह, तामिस्र, अन्धतामिस्र र अविद्या यी पाँच स्वरूपको विस्तार भयो ।

तमोमोहो महामोहस्तामिस्रश्चान्धसंज्ञितः ।
अविद्या पञ्चमी चैषा प्रादुर्भूता महात्मनः ॥ १२-२ ॥

यी पाँच सृष्टि स्थावरात्मक अविद्यायुक्त थिए, पर्वत र वृक्ष अन्धकारमय अज्ञानी रहे, त्यसैले यिनीहरूद्वारा सृष्टिको अनुकूल विस्तार हुन सकेन ।

(२) द्वितीय तिर्यक् सृष्टि- द्वितीय अवस्थामा ब्रह्माले तिर्यक् (पशुपक्षीहरू जो तेर्सो भएर

उत्पन्न हुन्छन्) सृष्टि गरे । यिनीहरूभित्र ज्ञान भए पनि बाहिरचाहिँ अज्ञानी नै रहे जसको कारण सृष्टि विस्तारमा खास लाभ हुन सकेन ।

अन्तःप्रकाशाश्तिर्यञ्च आवृताश्च बहिः पुनः । १२-७ ।

(३) तृतीय देवसर्ग सृष्टि- यो ब्रह्माको तेस्रो सृष्टि थियो । यिनीहरू ऊर्ध्वगामी, सत्त्वगुणी र ज्ञानवान् थिए । यिनीहरू प्रकाशवान् र बाहिरभित्र दुवैतिरबाट ज्ञान सुसम्पन्न थिए ।

ते सुखप्रीतिबहुला बहिरन्तश्च नावृताः ।
प्रकाशा बहिरन्तश्च स्वभावादेव संज्ञिताः ॥ १२-९ ॥

(४) चतुर्थ मानव सर्गको सृष्टि- चौथो अवस्थामा ब्रह्माले अर्वाक्स्रोतस् (पृथ्वी निवासी) मानवहरूको सृष्टि गरे । यो सृष्टि अनेक भयानक दुःखले भरिएको थियो । यस सृष्टिका प्राणीहरू बाहिरभित्र दुवै क्षेत्रबाट ज्ञानी तर रजोगुण र तमोगुणले भरिएका थिए ।

ततोऽभिध्यायतोऽव्यक्तादर्वाक्स्रोतस्तु साधकः ।
मनुष्यनामा सञ्जातः सर्गो दुःखसमुत्कटः ॥ १२-१० ॥

(५) पञ्चम अनुग्रह सृष्टि- यस सृष्टिमा ब्रह्माले अनुग्रहलाई प्राथमिकता दिए । यसमा सिद्धि, शान्ति, विपर्यय, तुष्टि, भक्ति, तप, मन्त्रसिद्धि परमेश्वरको कृपा आदि थिए । यिनीहरूले माथिका चारै प्रकारका सृष्टिलाई सहायता प्रदान गरे ।

पञ्चमोऽनुग्रहः सर्गश्चतुर्धा संव्यवस्थितः । १२-११ ।

उपर्युक्त पाँच प्रकारको सृष्टिलाई 'वैकृत' सृष्टि भनियो ।

॥ प्राकृत सृष्टि ॥

(१) **ब्राह्म सृष्टि-** यो ब्रह्माको पहिलो सृष्टि हो । गीतामा यसैलाई महत्तत्त्व नामले जानिन्छ भनिएको छ ।

(२) **भूत सृष्टि-** यो द्वितीय सृष्टि हो । यसमा पञ्चतन्मात्रा पर्दछन् जो पृथ्वी, अप, तेज, वायु र आकाश हुन् ।

(३) **वैकारिक सृष्टि-** यो तृतीय सृष्टि हो । यसमा एकादश इन्द्रिय (पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय र मन) पर्दछन् ।

तन्मात्राणां द्वितीयस्तु भूतसर्गः स उच्यते ।
वैकारिकस्तृतीयस्तु सर्ग ऐन्द्रियकः स्मृतः ॥ १२-१४ ॥

(४) अहङ्कार सृष्टि- यो चतुर्थ सृष्टि हो ।

यसरी पाँच वैकारिक र चार प्राकृत सृष्टि गरी जम्मा ९ प्रकारको सृष्टि भयो तर पनि सृष्टिको विस्तार हुन सकेन । अनि-

॥ उभयात्मक सृष्टि ॥

सृष्टिको विस्तारका लागि ब्रह्माले मानव सृष्टि गर्नुभयो, जो कुमार सृष्टि या उभयात्मक सृष्टि हुन पुग्यो । यसमा सनक, सनन्द, सनातन, ऋभु र सनत्कुमार पर्दछन् । यस सृष्टिलाई नै उभयात्मक सृष्टि भनिन्छ ।

अग्रे ससर्ज वै ब्रह्मा मानसानात्मनः समान् ।
सनन्दं सनकं चैव विद्वांसञ्च सनातनम् ॥ १२-१९ ॥

यी सबै योगी, वितरागी, निराभिमानी थिए । सधैं पाँच वर्षका र नित्य ईश्वरीय चिन्तनमा प्रवृत्त रहे, तपस्या गर्न लागे । फलतः सृष्टिको विस्तार यिनीहरूबाट पनि भएन ।

ब्रह्माले शरीर छोडिदिनु, नीललोहित प्रकट र रुद्रदेवको सृष्टि

यसरी ब्रह्माले प्राकृत + वैकृत + उभयात्मक गरी कुल दश प्रकारको सृष्टि गरे तर सृष्टिले व्यापकता लिन सकेन । अनि सुदीर्घ कालपर्यन्त तपस्या गरे । तपस्याबाट पनि केही लाभ भएन । अत्यन्त दुःखी भए, क्रोध आयो र आँखाबाट अश्रुप्रवाह भयो, र त्यही आँसुबाट भूतप्रेत पैदा भए । यी सबै उग्र स्वभाव र विचित्र प्रकृतिका थिए, त्यसैले ब्रह्माले यिनीहरूलाई सृष्टि विस्तार गर्नबाट रोके । सृष्टि विस्तार गर्न नसकेकोमा आफैँलाई धिक्कारे ।

ततस्तेभ्योऽश्रुबिन्दुभ्यो भूताः प्रेतास्तदाभवन् ।
सर्वांस्तानश्रुजान्दृष्ट्वा ब्रह्मात्मानमनिन्दतः ॥ १२-२४ ॥

यसरी विभिन्न उपाय गर्दा पनि भनेजस्तो सोचजस्तो सृष्टि नभएपछि ब्रह्मा पहिलेदेखि नै दुःखी त छँदै थिए, क्रोध र मोह दुवैले आक्रान्त हुन पुगे र मूर्च्छित भए, र आफ्नो शरीर छोडिदिए ।

मूर्च्छितस्तु जहौ प्राणान्क्रोधाविष्टः प्रजापतिः । १२-२५ ।

यता ब्रह्माले प्राण छोडे, उता ब्रह्माको मुखबाट नीललोहित शिव प्रकट भए । एकादश रूप धारण गरे ।

ततः प्राणेश्वरो रुद्रो भगवान्नीललोहितः ।
प्रसादमतुलं कर्तुं प्रादुरासीत्प्रभोर्मुखात् ॥ १२-२६ ॥

दशधा चैकधा चक्रे स्वात्मानं प्रभुरीश्वरः ।

यसरी शिवले एघार रूद्र प्रकट गरेर भने, 'हे पुत्रहरू हो । मैले तिमीहरूलाई लोक कल्याणार्थ उत्पन्न गरेको हुँ, त्यसैले आलस्यलाई छोडेर लोककल्याण गर । प्रजाहरूको वृद्धि गर । यस्तो सुन्नासाथ ती सबै रून र भाग्न थाले, त्यसैले यिनीहरूलाई रूद्र संज्ञा दिइयो ।

रोदनाद्रावणाच्चैव ते रुद्रा नामतः स्मृताः । १२-३० ।

ब्रह्मा पुनः जीवित, शिवस्तुति र मानस सृष्टि विस्तार

तत्पश्चात् नीललोहित शिवले कृपा गरी ब्रह्मालाई प्राणदान दिनुभयो । ब्रह्मा जीवित भए ।

ततो मृतस्य देवस्य ब्रह्मणः परमेष्ठिनः ।
घृणी ददौ पुनः प्राणान् ब्रह्मपुत्रो महेश्वरः ॥ १२-३१ ॥

प्राणदान दिएपछि शिवले ब्रह्मालाई सम्झाउँदै भने, 'निडर बन । आफ्नो कार्य डटेर गर । कमजोर नबन ।'

यता ब्रह्मा प्रत्यक्ष शिवको दर्शन गरेर कृतकृत्य भए र शिवका आठ नामले स्तुति गर्न थाले ।

नमस्ते भगवन् रुद्र भास्करामित तेजसे ।
नमो भवाय देवाय रसायाम्बुयमात्मने ॥ १२-४१ ॥

हे प्रभो ! तपाईं नै भव, रूद्र, ईश, वशु, पशुपति, भीम, उग्र, सोम, महादेव हुनुहुन्छ, तपाईंलाई नमस्कार छ । हे महेश्वर ! हे कामनाशक ! मलाई सृष्टि विस्तार गर्ने शक्ति प्रदान गर्नुहोस् !

शिव- तथास्तु ! भन्दै शक्ति प्रदान गरी अन्तर्ध्यान हुनुभयो । ब्रह्मा पनि शिवाज्ञा प्राप्त गरी धन्य भए र सृष्टि विस्तार गर्न थाले ।

ब्रह्माद्वारा मानस सृष्टि- त्यसपछि ब्रह्माले द्वादश पुत्रहरू मनबाट पैदा गरे, जो सबै ऋषि थिए ।

मरीचिभृग्वङ्गिरसः पुलस्त्यं पुलहं क्रतुम् ।
दक्षमत्रिं वशिष्ठं च सोऽसृजन्मनसैव च ॥ १२-४९ ॥

यी ऋषिहरू यसप्रकार थिए- मरीचि, भृगु, अङ्गीरस, पुलस्त्य, पुलह, क्रतु, दक्ष, अत्रि, वशिष्ठ, नारद, धर्म, सङ्कल्प । यद्यपि धर्म, नारद र सङ्कल्प पछि पैदा गरेका थिए तर यिनीहरू शिवकृपाद्वारा ब्रह्माले मनबाट सृष्टि गरेका आदि/प्रथम पुत्र नै मानिन्छन् ।

ब्रह्माको शरीरबाट बृहत्तर सृष्टि विस्तार

मानस सृष्टिपश्चात् ब्रह्मा झनै उत्सुक भए । त्यसपछि शरीरका अवयवबाट चराचरलाई व्यापक गराउन बृहत्तर सृष्टि विस्तार गर्न थाले । जसअन्तर्गत देवता, असुर, पितर, मनुष्य, राक्षस, औषधि, वेद, छन्द आदि सबै उत्पन्न गर्दै गए । यस क्रममा ब्रह्माको मुखबाट देवता, बगलबाट पितर, जङ्घाबाट असुर, लिङ्गबाट मनुष्य, गुदाबाट राक्षस, यक्ष, भूत, गन्धर्व, कक्ष र छातीबाट सम्पूर्ण पक्षी, मुखबाट बाखो, मांसपेशीबाट सबै सर्पहरू, चरणबाट हात्ती, घोडा, शरभ (आठ चरणवाला पशु), गवय, मृग, उँट, खच्चर, न्युकु (बाह्र सिङवाला पशु) र अन्य सबै पशु रोमकूपबाट, सबै औषधि, फल, मूल प्रकट भए

औषध्यः फलमूलानि रोमभ्यस्तस्य जज्ञिरे । १२-५८ ।

त्यसैगरी ब्रह्माका चारै मुखबाट चार वेद, वेदाङ्ग, छन्द, गायत्री, यज्ञ आदि सबै उत्पन्न भए । त्यति मात्र होइन ब्रह्माको शरीरबाट ठुलासाना प्राणी, यक्ष, पिशाच, गन्धर्व, अप्सरा, नर, किन्नर, राक्षस, पशु, मृग, उरग, स्थावर, जङ्गम, हिंस्रक, अहिंसक, मृदु र क्रूर स्वभावयुक्त प्राणी र धर्म अधर्म, सत्य असत्य, यी सबै ब्रह्माकै अङ्गबाट प्रकट भए ।

हिंस्राहिंस्रे मृदु क्रूरे धर्माधर्मावृतानृते । १२-६५ ।

यो अत्यन्त सुन्दर प्राकृतिक छटाहरूले भरिपूर्ण भएको ब्रह्माको लोकसर्ग हो । यो ब्रह्म वनमा ब्रह्मा विचरण गर्छन् । उनी अव्यक्त बीजबाट उत्पन्न र स्थित छन् । यो बुद्धिरूपी स्कन्ध, इन्द्रियरूपी कोटर महाभूतरूपी पात, धर्म अधर्मरूपी फूल, सुखदुःखरूपी फलहरूले व्याप्त भएर रहेको सनातन ब्रह्मवृक्ष हो, जो सम्पूर्ण चराचर प्राणीहरूको उपजीवी हो ।

यस ब्रह्मको स्वर्ग शीर, आकाश नाभि, सूर्यचन्द्र दुवै नेत्र, दिशा विदिशा कान र पृथ्वी चरण हुन् । यो अचिन्त्य आत्मा सबै प्राणीहरूको निर्माता पनि हो । यस ब्रह्मको मुखबाट ब्राह्मण, छातीबाट क्षत्रिय, उरूबाट वैश्य र चरणबाट शूद्र उत्पन्न भएका हुन् जो चार वर्ण मानिन्छन् ।

वक्त्रात्तस्य ब्राह्मणाः सम्प्रसूताः तद्वक्षसः क्षत्रियाः पूर्वभागात् ।
वैश्या उरूभ्यां तस्य पद्भ्यां च शूद्राः सर्वे वर्णा गात्रतः सम्प्रसूताः ॥ १२-७७ ॥

अध्याय त्रयोदश, चतुर्दश

ब्रह्मा, विष्णु र रुद्रको उत्पत्ति वर्णन

ऋषिहरूले ब्रह्मा, विणु, रूद्रको उत्पत्ति विषयमा जिज्ञासा राखेपछि,

वायुदेव- हे महर्षिहरू हो !

त्रयस्ते कारणात्मानो जाताः साक्षान्महेश्वरात् ।
चराचरस्य विश्वस्य सर्गस्थित्यन्तहेतवः ॥ १३-१३ ॥

यद्यपि यी तीनै (ब्रह्मा, विष्णु, महेश) शिवबाटै प्रकट हुन्छन् र एकअर्काको कार्यलाई सहयोग प्रदान गर्छन्, तथापि कल्पभेदले कहिले ब्रह्माबाट रूद्र र विष्णु, कहिले विष्णुबाट ब्रह्मा र रूद्र त कहिले रूद्रबाट ब्रह्मा र विष्णु प्रकट हुन्छन्, तर यी तीनै जना कारणात्मक स्वरूपमा भने हरेक कल्पमा सृष्टि, स्थिति र संहारको कार्य नै सम्हाल्दै, एकअर्कालाई सहायता प्रदान गर्छन्, एकअर्काका पूरक हुन्छन् ।

त्यतिमात्र होइन कहिलेकाहीँ त एकअर्कामा म नै ठुलो, म नै सर्वश्रेष्ठ भन्न पनि पछि पर्दैनन् । एक कल्पमा त ब्रह्माले विवाद बढ्दै गएपछि विष्णुलाई सर्लक्कै निलेका थिए, तर विष्णु ब्रह्माको भूमध्यबाट सूक्ष्म रूपले बाहिरिएका थिए ।

तस्मिन्नवसरे विष्णुर्ग्रस्तस्तेन महात्मना ।
सृष्टश्च ब्रह्मणा सद्यो भ्रुवोर्मध्यादयत्नतः ॥ १३-४३ ॥

यस लीलालाई निराकार शिवले साकार रूप धारण गरी प्रत्यक्ष अवलोकन गरेका थिए र अन्त्यमा त्यहीँ अन्तर्ध्यान पनि भएका थिए ।

प्रत्येक कल्पमा ब्रह्मा जब सृष्टि विस्तार गर्न सक्तैनन् या असमर्थ या किंकर्तव्यविमूढ हुन पुग्छन्, तब उनलाई अनुग्रह गर्नका लागि कालात्मक रूद्र पुत्र भएर प्रकट हुन्छन् र सृष्टि विस्तारका लागि सहायता प्रदान गर्छन् ।

कल्पे कल्पे प्रजाः सृष्ट्वा ब्रह्मा ब्रह्माण्डसम्भवः ।
अवृद्धिहेतोर्भूतानां मुमोह भृशदुःखितः ॥ १४-२ ॥
तस्य दुःख प्रशान्त्यर्थं प्रजानां च विवृद्धये ।
पुत्रोभूत्वाऽनुगृह्णाति ब्रह्माणं ब्रह्मणोऽनुजः ॥ १४-३ ॥

यसरी महेश्वरको कृपाले ब्रह्मा सृष्टि विस्तार गर्न सक्षम हुन्छन् भने विष्णु पनि उनकै कृपाले पालनको कार्य सम्हाल्न समर्थ हुन्छन् । त्यसैले यी तीनै देव, उनै देवाधिदेव महादेवकै कृपापात्र हुन् जो प्रत्येक कल्पमा सृष्टि, पालन र संहारको कार्य गर्दै आउँछन् ।

अध्याय पञ्चदश, षोडश

ब्रह्माद्वारा अर्धनारीश्वर शिवको दिव्य स्तुति

वायुदेव- हे महर्षिहरु हो !

यदा पुनः प्रजाः सृष्टा न व्यवर्द्धन्त वेधसः ।
तथा मैथुनजां सृष्टिं ब्रह्मा कर्तुममन्यत ॥ १५-१ ॥

ब्रह्माले यत्रो सृष्टि गर्दा पनि सोचेजस्तो विस्तार नभएपछि मैथुन सृष्टिको विस्तार गर्ने सोच बनाए तर शिवको कृपा नभई यो सम्भव थिएन । त्यसैले ब्रह्माले शिवलाई सन्तुष्ट गराउन कठोर तपस्या प्रारम्भ गरे । सुदीर्घ कालपर्यन्त तपस्या गरेपछि, अन्ततोगत्वा शिव प्रसन्न हुनुभयो र अर्धनारीश्वर रूपमा प्रकट हुनुभयो ।

ततः केनचिदंशेन मूर्तिमाविश्य कामपि ।
अर्धनारीश्वरो भूत्वा ययौ देव स्वयं हरः ॥ १५-९ ॥

ब्रह्मा कृतकृत्य भए । तपस्याजनित फल प्राप्त हुने भयो भन्ने ठाने र शिवको यो दिव्य झाँकीलाई बारम्बार प्रणाम गर्दै, भावविभोर हुँदै सोह्र श्लोकले स्तुति गरे । यस स्तुतिमा शिवशिवाको अजरत्व, ध्रुव, अचल, निर्गुण, शान्त, अनन्तमहिमायुक्त, शरण्य, शाश्वत भावले भरिएका, वेदमा वर्णित गूढतम रहस्यहरूको सूक्ष्म अर्थलाई व्यक्त गरिएको छ । जो यसप्रकार छ ।

ब्रह्मा- जय देव महादेव जयेश्वर महेश्वरः
जय सर्वगुणश्रेष्ठ जय सर्वसुराधिपः ॥ १५-१६ ॥
जय विश्व जगन्मातर्जय विश्वजगन्मयि ।
जय विश्वजगद्धात्रि जय विश्वजगत्सखि ॥ २५-१९ ॥
जय त्रिपुरकालाग्ने जय त्रिपुर भैरवि ।
जय त्रिगुणनिर्मुक्ते जय त्रिगुणमर्दिनि ॥ १५-२९ ॥
अन्तमा क्व देव ते परं धाम क्व च तुच्छं हि नो वचः ।
तथापि भगवन् भक्त्या प्रलपन्तं क्षमस्व माम् ॥ १५-३१ ॥

ब्रह्माले स्तवन गरेका यी स्तोत्रलाई जसले जुन भावना/इच्छा राखेर पाठ गर्छ, उसले सबै मनोकामना पूर्ण गर्छ । यो अत्यन्त पुण्यप्रद स्तोत्र हो ।

ब्रह्माको स्तवनले शिव प्रसन्न भएर भन्न थाले, 'हे विधे ! तिमीले प्रजावृद्धिका लागि

तपस्या गऱ्यौ । अब म तिम्रो सबै कामना पूर्ण गर्छु ।' यति भनी शिवले आफ्नै शरीरबाट परमशक्ति उत्पन्न गरे ।

ससर्ज वपुषो भागाद्देवीं देववरो हरः ।
यामाहुर्ब्रह्मविद्वांसो देवीं दिव्यगुणान्विताम् ॥ १६-६ ॥

समस्त लोककी स्वामिनी, परमेशानी, सर्वज्ञ, सर्वग, सूक्ष्म एवम् सत् असत्देखि पर रहने, परम कान्तिमयी महादेवीको दर्शन गरेर ब्रह्मा पुनः भावविभोर र कृतकृत्य भए अनि स्तुति गर्न थाले ।

ब्रह्मा-

देवि देवेन सृष्टोऽहमादौ सर्व जगन्मयि ।
प्रजासर्गे नियुक्तश्च सृजामि सकलं जगत् ॥ १६-१५ ॥

हे देवी ! मलाई महादेवले सृष्टिको प्रारम्भमा उत्पन्न गरी प्रजा विस्तारको कार्य सुम्पिनुभएको थियो । त्यसपछि मैले पनि सृष्टि विस्तार गर्न थालैँ । यसै क्रममा मैले मनबाट देवताहरूलाई उत्पन्न गरैँ । अन्य पनि सृष्टि गरैँ तर सोचेजस्तो सृष्टि विस्तार हुन सकेन, त्यसैले मैथुन सृष्टिको विस्तार गर्ने सोच बनाएर तपस्यारम्भ गरैँ । फलस्वरूप तपाईको दर्शन प्राप्त गरी धन्य भएँ । मैले आजसम्म कुनै स्त्रीको सृष्टि गरेको थिइनँ, त्यो सामर्थ्य पनि मसँग छैन त्यसैले यस कार्यका लागि मलाई सहायता प्रदान गर्नुहोस् ।

न निर्गतं पुरा त्वत्तो नारीणां कुलमव्ययम् ।
तेन नारीकुलं स्रष्टुं शक्तिर्मम न विद्यते ॥ १६-१८ ॥

ब्रह्माको स्तवनले देवी प्रसन्न भइन् र आफ्नो भ्रूमध्यबाट आफूसमान शक्तिशाली एक शक्ति उत्पन्न गरिन् र भनिन्, 'ब्रह्माको इच्छा पूर्ण गर ।' यति भनी स्वयम् दक्षपुत्रीको रूपमा जन्म ग्रहण गर्ने आश्वासन दिइन् अनि शिवकै शरीरमा समाविष्ट भइन् ।

देवीको भ्रूमध्यबाट उत्पन्न शक्ति नै ब्रह्माकी ब्राह्मणी शक्ति भइन् । कालान्तरमा देवी स्वयम् दक्षपुत्री सती भएर प्रकट भइन् । ब्राह्मणी शक्ति प्राप्त भएपछि नै मैथुन सृष्टिको पनि विस्तार भयो, जो आज पनि निरन्तर चलिरहेको छ ।

तदाप्रभृति लोकेऽस्मिन् स्त्रियां भोगः प्रतिष्ठितः । १६-२५ ।

अध्याय सप्तदश

मैथुन सृष्टिको विस्तार, मनु शतरूपा वंश वर्णन

वायुदेव- हे महर्षिहरू हो !

अर्धनारीश्वर शिवशिवाबाट ब्रह्माले मैथुन सृष्टि विस्तार गर्ने शक्ति/आशीर्वाद/वर प्राप्त गरेपछि ब्रह्मा स्वयंले आफ्नो आधा शरीरबाट नारी र आधा शरीरबाट पुरुष प्रकट गरे जसको नाम स्वयम्भू मनु र शतरूपा नामले विख्यात भयो ।

स्वयमप्यर्द्धतो नारी चार्द्धेन पुरुषोऽभवत् ।
यार्द्धेन नारी सा तस्माच्छतरूपा व्यजायत ॥ २ ॥

यिनीहरूबाट पाँच सन्तान भए, जसमा दुई पुत्र (प्रियव्रत र उत्तानपद) तीन पुत्री (आकूति, देवहुति र प्रसूति) उत्पन्न भए । स्वयम्भू मनु नै आदि पुरुषका रूपमा चिनिन्छन्/मानिन्छन् । **यहाँ मनुबाट दुई छोरी जन्मिएको उल्लेख छ, देवहुतिको उल्लेख भने यहाँ गरिएको छैन । यथा-**

कन्ये द्वे च महाभागे याभ्यां जातास्त्विमाः प्रजाः ।
आकूतिरेका विज्ञेया प्रसूतिरपरा स्मृता ॥ ६ ॥

आकूतिको विवाह रुचिप्रजापतिसँग भयो भने प्रसूतिको विवाह दक्षप्रजापतिसँग भयो । यिनीहरूका सन्तानले नै चराचर व्यापक हुन पुग्यो, जसको वर्णन यस्तो छ-

आकूतिबाट यज्ञ र दक्षिणा उत्पन्न भए । प्रसूतिबाट चौबिस लोकमाता जन्मिए । यीमध्ये तेह्र कन्याहरूको विवाह धर्मसँग भयो । यी धर्म तिनै हुन् जसलाई ब्रह्माले सबैभन्दा पहिले उत्पन्न गरेका थिए र यिनका सत्ययुगमा चार चरण थिए । यिनलाई वृषभ पनि भनिन्थ्यो । वेदमा यिनलाई त्रिशृङ्ग भनिएको छ । चार चरण भनेका गुण, द्रव्य, क्रिया र जाति हुन् । धर्मलाई नै प्रजापालन गर्ने जिम्मा दिइयो ।

धर्मका साथमा विवाह भएका दक्षका तेह्र कन्याको नाम श्रद्धा, लक्ष्मी, धृति, पुष्टि, तुष्टि, मेधा, क्रिया, बुद्धि, लज्जा, वपु, शान्ति, सिद्धि र कृति हुन् । यिनीहरूबाट असङ्ख्य सन्तान उत्पन्न भए । बाँकी एघाह्र कन्याहरूको विवाह क्रमशः ख्यातिको भृगुसँग, सतीको शिवसँग, अर्थसम्भूतिको मरीचिसँग, स्मृतिको अङ्गिरासँग, प्रीतिको पुलहसँग, क्षमाको क्रतुसँग, सन्नतिको पुलस्त्यसँग, अनसूयाको अत्रिसँग, ऊर्जाको वशिष्ठसँग, स्वाहाको पावकसँग,

स्वधाको पितरसँग भयो ।

धर्मसँग विवाह भएका तेह्र पत्नीहरूबाट क्रमशः यी पुत्रहरू जन्मिए- श्रद्धाबाट काम, लक्ष्मीबाट दर्प, धृतिबाट निलय, पुष्टिबाट सन्तोष, तुष्टिबाट लाभ, मेधाबाट श्रुत, क्रियाबाट दण्ड, बुद्धिबाट बोध, लज्जाबाट अप्रमाद, वपुबाट विलय, शान्तिबाट व्यवसाय, सिद्धिबाट क्षेम/सुख, र कृतिबाट यश पुत्र जन्मिए । त्यसैगरी अधर्मकी पत्नी हिंसाबाट अनृत पुत्र र निकृति पुत्री जन्मिए । अन्य एघार कन्याहरूका सन्तानहरूको वर्णन क्रमशः यसप्रकार छ-

भृगोः ख्यात्यां समुत्पन्ना लक्ष्मीर्नारायणप्रिया ।
देवौ धातृविधातारौ मन्वन्तरविधारिणौ ॥ २० ॥

भृगुपत्नी ख्यातिबाट नारायणकी पत्नी लक्ष्मीले जन्म लिइन् र यिनीबाट धाता र विधाता दुई पुत्र भए । यिनीहरूको आयु मन्वन्तर पर्यन्तको रहेको छ ।

मरीचिपत्नी सम्भूतिबाट पौर्णमास पुत्र र चार कन्या जन्मिए । त्यसैगरी अङ्गिरा पत्नी स्मृतिबाट आग्नीध्र र शरम यी दुई पुत्र तथा चार कन्या जन्मिए । पुलहकी पत्नी क्षमबाट कर्दम, आसुरि र सहिष्णु तीन पुत्र जन्मिए । पुलस्त्यकी पत्नी प्रीतिबाट दन्तोग्नि नामको पुत्र जन्मियो । शिवपत्नी सतीबाट कुनै सन्तान जन्मिएनन् किनकि यिनले पतिको निन्दा सुनेर यज्ञमै शरीर अर्पण गरिन् र हिमालयपुत्रीको रूपमा जन्म लिइन् । तपस्या गरेर पुनः शिवपत्नी भइन् । ऋतुकी पत्नी सन्नतिले साठी हजार बालखिल्य ऊर्ध्वरेता पुत्रहरूलाई जन्म दिइन् । यी सबै सूर्यको वरिपरि र अरुण सारथिको अगाडि अगाडि हिंड्छन् ।

ऋतोः ऋतुसमान्भार्या सन्नतिः सुषुवे सुतान् ।
षष्टिस्तानि सहस्राणि बालखिल्य इति स्मृताः ॥ २८ ॥

अत्रिकी पत्नी अनसूयाले सत्यनेत्र, हव्य, आपोमूर्ति, शनैश्चर र सोम गरी पाँच पुत्र र एक कन्यालाई जन्मिन् । वशिष्ठकी पत्नी ऊर्जाबाट रज, गात्र, ऊर्ध्वबाहु, सवन, अनय, सुतपा र शुक्र गरी सात पुत्र जन्मिए जो सप्तर्षि नामले प्रसिद्ध भए ।

अग्निकी पत्नी स्वाहावाट पावक, पवमान र शुचि तीन पुत्र जन्मिए । पितरकी पत्नी स्वधाबाट ६ ऋतुहरू उत्पन्न भए । यिनीहरू ऋतुकालका अभिमानी मानिन्छन् । पितर पनि यज्ञ गर्ने गृहस्थीका अग्निष्वाता हुन् भने यज्ञ नगर्नेका बर्हिषत् नामले जानिन्छन् । अग्निष्वाताबाट मेना पुत्री भइन् भने बर्हिषत्बाट धरणीले जन्म लिएकी हुन् ।

अग्निष्वात्तसुता मेना धरणी बर्हिषत्सुता । ४९ ।

मेनाले हिमालयसँग विवाह गरिन् र पार्वती पुत्रीसहित मैनाक आदि एक सय पुत्रलाई जन्म दिइन् । शिवको अङ्गस्पर्शले यिनीहरू भनै पवित्र भए ।

धरणीले मेरूसँग विवाह गरिन् र मन्दर नामको दिव्य औषधिले भरिएको पुत्रसहित अनेक शिखरलाई जन्म दिइन् र बेला, नियति र आयाति तीन कन्यालाई पनि जन्म दिइन् ।

आयाति र नियति यी दुई कन्याले भृगुपुत्र धाता र विधातासँग विवाह गरे भने बेलाले चाहिँ समुद्रसँग विवाह गरिन् जसबाट सुर्वणी कन्या जन्मिइन् । सुर्वणीले प्राचीनवर्हिषसँग विवाह गरेर प्रचेता नामका दश पुत्रलाई जन्म दिइन् ।

सवर्णा नाम सामुद्री पत्नीं प्राचीनबर्हिषः ।
सामुद्री सुषुवे पुत्रान्दश प्राचीनबर्हिषः ॥ ५५ ॥

यसरी देवगणहरूले युक्त दिव्य वंशहरूको सङ्क्षेपमा वर्णन भयो । त्यसै गरी यस भूलोकमा राजाहरूको वंश पनि दुई भागमा विभक्त छ, जसलाई सूर्यवंश र चन्द्रवंश भनिन्छ । इक्ष्वाकु, अम्बरीष, ययाति, नहुष आदि पुण्यश्लोक भनेर जानिने महान् विभूतिहरू यिनीहरूकै वंशमा उत्पन्न भएका हुन् जसको वर्णन भइसकेको छ ।

अध्याय अष्टादश, एकोनविंश, विंश, एकविंश, द्वाविंश, त्रयोविंश

दक्षको घरमा सतीको जन्म, यज्ञाग्निमा देहत्याग, दधीचिद्वारा दक्षलाई श्राप, वीरभद्रको उत्पत्ति, यज्ञ विध्वंश, देवताहरूको अङ्गभङ्ग एवम् पलायन, शिवस्तुति र दक्षयज्ञको पूर्णाहुति वर्णन

(यो प्रसङ्ग द्वितीय रूद्रसंहिताको सतीखण्डमा विस्तृत वर्णन गरिएको छ)

ऋषिहरूको प्रश्न- दक्षप्रजापतिकी पुत्री सतीदेवी आफ्नो शरीर त्यागेर हिमालयकी पत्नी मेनाबाट कसरी उत्पन्न भइन् ? किन दक्षले शिवनिन्दा गरेका थिए ? कसरी यस्तो कारुणिक घटना घट्यो ?

वायुदेव- हे महर्षिहरू हो !

पुरा सुरासुराः सर्वे सिद्धाश्च परमर्षयः ।
कदाचिद् द्रष्टुमीशानं हिमवच्छिखरं ययुः ॥ १८-५ ॥

प्राचीन कालमा एकपल्ट शिवको दर्शन गर्न हिमालयमा देवता, दानव, सिद्ध, महर्षि गएका थिए । यसै सिलसिलामा भर्खरै ब्रह्माद्वारा प्रजापतिपदमा नियुक्त गरिएको दक्ष पनि गएको थियो । शिवशिवालाई दर्शन गरेर सबै आनन्दित भए, तर दक्ष भने त्यति प्रसन्न भएनन् किनकि उनले विशिष्ट सत्कारको अपेक्षा राखेका थिए । त्यसैले आफ्नी पुत्री र ज्वाइँ सती-शिवप्रति वैर भावनाको बीजारोपण हुन गयो । म त ससुरो हुँ, मलाई अरूभन्दा अलग तरिकाले सम्मान दिनुपर्थ्यो भन्ने भावनाबाट दक्ष प्रेरित हुन पुग्यो ।

केही समयपश्चात् दक्षले हरिद्वारको कनखल क्षेत्रमा विशाल यज्ञको आयोजना गऱ्यो । त्यस यज्ञमा उसले शिवशिवाबाहेक सबैलाई निमन्त्रणा पठाएको थियो । सतीले यो कुरा नारदबाट थाहा पाइन् । मातापिता र गुरुको घरमा निमन्त्रणाविना पनि जान हुन्छ भन्दै पति शिवलाई अनुरोध गरिन् तर शिव मानेनन् । अनि त शिवको आज्ञा लिएर सती यज्ञस्थलमा पुगिन् । यज्ञमा रुद्रभाग सतीले देखिनन् । उनको मन खिन्न भयो । उनी मूर्च्छित भइन् । क्रोधाग्नियुक्त वाणीले पितालाई भनिन्-

सतीले भनिन्- हे पिता ! हे सभासद्हरू हो !

ब्रह्मादयः पिशाचान्ता यस्याज्ञावशवर्तिनः ।
स देवः साम्प्रतं तात विधिना नार्चितः किल ॥ १८-४० ॥

हे तात ! ब्रह्मादेखि पिशाचपर्यन्त जसको आज्ञाको वशमा रहन्छन्, त्यस्ता देवलाई तपाईंले पूजा गर्नुभएन ? सत्कार गर्नुपर्नेलाई अपमान गरेर तपाईंले अत्यन्त घृणित कार्य गर्नुभयो ।

असत्कृतामवज्ञाय कृतवानसि गर्हितम् । १८-४१ ।

दक्ष- शिव मेरो प्रतिकूल हो । स्तब्ध आत्मा र तामसी हो । तँ उसैको सेवा गर्छेस् । त्यसैले तिमीहरू दुवै मेरा प्रतिकूल हौ । अरू सबै मेरा कन्याहरू, उनीहरूका पतिहरू सबै अनुकूल छन्, आदरणीय र पूजनीय छन् । जो आदरणीय छन्, उनीहरू नै सम्मानयोग्य हुन्छन् । त्यसैले तिमीहरूको अपमान भएको हो ।

सती- हे तात ! तपाईंले साक्षात् महेश्वर महादेव, तपाईंका ज्वाइँ, मेरा स्वामीलाई अकारण नै दोष लगाउनुभयो । वेदले पनि विद्याचोर, गुरुद्रोही, वेद र ईश्वरको निन्दा गर्नेलाई पापी भनेको छ, यस्तालाई दण्ड दिनुपर्छ ।

विद्याचौरो गुरुद्रोही वेदेश्वरविदूषकः ।
त एते बहुपाप्मान सर्वे दण्ड्या इति श्रुतिः ॥ १८-४७ ॥

यसरी सतीले श्राप दिएर यज्ञमै योगाग्निद्वारा आफ्नो शरीर त्याग गरिन् र हिमालयपुत्रीको

रूपमा जन्म लिइन् । यता सतीले देह त्याग गर्नुपूर्व महर्षि दधीचिले दक्षलाई सम्झाए तर दक्षले मानेनन् । कुपित भएर दधीचिले सर्वनाशको श्राप दिँदै यज्ञमण्डप त्यागेर आफ्नो आश्रम फर्किए । अन्य शिवभक्त ऋषिहरू पनि यज्ञमण्डपबाट फर्किएर आफ्नो गन्तव्यतिर प्रस्थान गरे । दक्षको यो हठ 'विनाशकाले विपरीत बुद्धि—' भनेझैँ भयो ।

उता नारदले कैलास पुगेर सती देहत्यागको सम्पूर्ण वृत्तान्त शिवलाई भने । शिव यो सुन्नासाथ कुपित भए । क्रोधित हुँदै जटाबाट एउटा जटा निकालेर शिलामाथि पछारे । त्यसैबाट वीरभद्रको उत्पत्ति भयो । शिवले वीरभद्रलाई दक्षयज्ञ विध्वंश गर्ने आज्ञा दिए ।

शिवाज्ञालाई शिरोधार्य गर्दै वीरभद्र पनि गणसहित यज्ञस्थलमा पुगे । क्षणभरमै यज्ञ विध्वंश गरे । कयौं देवता र ऋषिहरूको अङ्गभङ्ग भयो । दक्षको शिर चुँडालेर यज्ञकुण्डमा होमियो । बचेका अन्य पनि यज्ञमण्डप छोडेर भागे ।

यज्ञ अपूर्ण रह्यो । यजमानको शिरच्छेदन भयो । देवता सन्त्रस्त भए । त्यसपछि ब्रह्मादि देवता शिवलाई मनाउन कैलास गए । शिव शरणापन्न भए । दिव्यस्तुतिले प्रार्थना गरे । अन्त्यमा शिवलाई प्रसन्न गराए । शिवले यज्ञपूर्ण हुने वचन र आशीर्वाद दिए ।

त्यसपछि देवताहरूको अनुरोधलाई स्विकार्दै शिव पनि दक्षयज्ञस्थल पुग्नुभयो । दक्षको धडमा अजको टाउको जोडियो । अङ्गभङ्ग भएका ऋषि र देवताहरूको पनि उपचार गरियो र शिवको पूजार्चन गर्दै यज्ञ समापन भयो । गणसहित शिव अन्तर्ध्यान भए ।

देवताहरू यज्ञभाग लिएर आफ्नो स्थानतर्फ लागे । सतीले पनि पर्वतपुत्री पार्वती भएर दोस्रो जन्म लिइन् अनि तपस्या गरेर शिवलाई नै प्राप्त गरिन् । त्यसपछि शिवशिवा कैलासमा नित्य विहार गर्न थाले । कहिले अन्तर्ध्यान पनि हुन्थे ।

अध्याय चतुर्विंश, पञ्चविंश

शुम्भ-निशुम्भ वध

शिवशिवा मन्दराचल पर्वतमा रहनु, शुम्भ-निशुम्भ वधका लागि देवीद्वारा श्यामवर्ण त्वचाको त्याग, बाघमाथि कृपा र देवीद्वारा शुम्भ-निशुम्भको वध

ऋषिहरूले सोधे- हे वायुदेव !

अन्तर्ध्यानगतो देव्या सह सानुचरो हरः ।
क्व यातः कुत्र वा वासः किं कृत्वा विरराम ह । २४-१ ।

शिवशिवा त्यसपछि कहाँ बस्न थाले ? के के लीला गरे ? कृपया सबै प्रसङ्गहरू सुनाउनुहोस् ।

वायुदेव- हे महर्षिहरू हो !

कैलास र हिमालयको अतिरिक्त शिवशिवालाई अत्यन्त मन पर्ने पर्वत मन्दारचल पनि हो । यस पर्वतमा बस्दा पनि धेरै लीला गरेका छन् । यो पर्वत विचित्र कन्दरा, सुन्दर झरना, मनमोहक वनौषधि र अपूर्व शोभासम्पन्न भएकाले शिवशिवा यसै पर्वतमा रहन थाले । यस पर्वतले पनि ठूलो तपस्या गरेको थियो । शिवशिवाको कृपाले झनै अपूर्व शोभा र अवर्णनीय सुन्दरता प्राप्त गरेको थियो । जसको वर्णन करोडौं वर्ष गरेर पनि सकिँदैन ।

तथा गतेषु कालेषु प्रवृद्धासु प्रजासु च ।
दैत्यौ शुम्भनिशुम्भाख्यौ भ्रातरौ सम्बभूवतुः ॥ २४-२४ ॥

केही कालखण्ड व्यतीत भएपछि र प्रजा विस्तारको क्रम पनि वृद्धि भएपछि शुम्भ निशुम्भ नाम गरेका दुई भाइ पैदा भए । यिनीहरू दाजुभाइ थिए । तपस्याद्वारा ब्रह्मालाई प्रसन्न गरेका थिए । ब्रह्माले वर दिँदै भनेका थिए, 'कुनै पनि पुरुषले तिमीहरूलाई वध गर्न सक्नेछैन ।' उनीहरूले वर माग्दै भनेका थिए, 'पार्वतीदेवीको अंशबाट उत्पन्न, अयोनिजा कन्या, पुरुष रतिबाट वञ्चित कुमारी कन्या, त्यो पनि अत्यन्त शक्तिसम्पन्ना होउन् र तिनै कन्याप्रति जब हामी कामवासनायुक्त हुन्छौं र उनलाई प्राप्त गर्न उद्यत हुन्छौं तब उनकै हातबाट मात्र हाम्रो वध होस् ।'

अयोनिजा तु या कन्या अम्बिकांशसमुद्भवा ।
तया तु नौ वधः सङ्ख्ये तस्यां कामाभिभूतयोः ॥ २४-२६ ॥

यसरी शुम्भ निशुम्भले वर मागेका थिए र ब्रह्माले तथास्तु भन्दै वर प्रदान गरेका थिए ।

वर प्राप्त गरेपछि यी दुवै भाइले त्रिलोकमै उत्पात मच्चाउन थाले । इन्द्रादिलाई पराजित गरेर सर्वत्र आफ्नो प्रभुत्व जमाउन थाले । हुँदा हुँदा अनीतिपूर्वक वेदको स्वाध्याय र वषट्कार (यज्ञ) आदि पनि बन्द गराए । देवताहरू यज्ञभागबाट वञ्चित हुन पुगे । त्यसपछि ब्रह्माको शरणापन्न भए । देवताहरूलाई आश्वासन दिँदै ब्रह्माले भने, 'धैर्य गर ! समय आएपछि सबै ठिक हुनेछ ।' अनि ब्रह्मा तुरुन्तै शिवको शरणमा पुगे । यी दुवै दैत्यको वधका लागि प्रार्थना गरे । उपाय बताउँदै ब्रह्माले भने, 'हे प्रभो ! तपाईंले एकान्त पारेर देवीको निन्दा गर्नुहोस् । जसरी भए पनि क्रोध उत्पन्न गराउनुहोस् । त्यहाँबाट निस्किएको शक्तिले मात्र यी दैत्यको वध हुनेछ । यसका लागि विलम्ब नगर्नुहोस् ।'

विनिन्द्यापि रहस्यम्बां क्रोधयित्वा यथा तथा ।
तद्वर्णकोशजां शक्तिमकामां कन्यकात्मिकाम् ॥ २४-२९ ॥

ब्रह्माले दिएको उपाय शिवलाई ठिक लाग्यो । उनी देवताहरूको सहायता गर्न तत्पर भए । एक दिन एकान्त पारेर शिवले पार्वतीलाई क्रोध उत्पन्न गराउने उद्देश्यले भने, 'तिमी काली हौ ।'

कालीत्याह रहस्याम्बां निन्दयन्निव सस्मितः । २४-३१ ।

शिवको मुखबाट अप्रिय शब्द सुनेर पार्वती रूष्ट भइन् । त्यसपछि तपस्या गरेर यो कालो छालालाई त्याग्ने निर्णय गरिन् । शिवले त्यसो नगर्न भने तर पार्वतीले आफ्नो दृढ सङ्कल्पलाई छोडिनन् । त्यसपछि फेरि शिवले सम्झाउँदै भन्न थाले ।

शिव- तिमीले तपस्या गर्न आवश्यक छैन । तिमी त जगत्की माता हौ । म जगत्को पिता हुँ । तिमी आफ्नै इच्छाले नै अर्को वर्णमा परिणत हुन सक्छ्यौ । मैले त परिहास मात्र गरेको हुँ ।

अजानती च क्रीडोक्तिं प्रिये किं कुपितासि मे ।
माता त्वमस्य जगतः पिताहमधिपस्तथा ॥ २४-४१ ॥

ब्रह्मालाई त मैले नै वर दिएर ब्रह्मपदमा नियुक्त गरेको हुँ । उनलाई प्रसन्न गर्न तपस्या गरिरहनु पर्दैन ।

यसरी शिवले सम्झाउँदा पनि पार्वती मानिनन् । म यो कालो छालालाई तपस्या गरेर त्याग्नेछु र गोरी बन्नेछु भन्ने दृढ सङ्कल्प लिएर पतिलाई प्रदक्षिणा गरिन् । वियोगजन्य सन्तापलाई रोक्दै तपस्वी भेष धारण गरी हिमगिरिमा गइन् ।

ततः प्रदक्षणीकृत्य पतिमम्बा पतिव्रता ।
नियम्य च वियोगार्ति जगाम हिमवद्गिरिम् ॥ २५-१ ॥

पार्वतीले पहिले पनि यसै क्षेत्रमा तपस्या गरेकी थिइन् । पार्थिव शिवलिङ्ग स्थापना गरिन् र वनौषधि फलफूल आदिले पूजार्चना गर्दै कठोर तपस्या प्रारम्भ गरिन् । ब्रह्मा आउनेछन् भन्ने विश्वासले पार्थिव लिङ्गमै नित्य अर्चना गर्थिन् । यसरी तपस्या गर्दै पार्वतीले लामो समय व्यतीत गरिन् ।

तथा तपश्चरन्ती तां काले बहुतिथे गते ।
दृष्टः कश्चिन्महाव्याघ्रो दुष्ट भावमुपागमत् ॥ २५-८ ॥

एक दिन दुष्ट भावना लिएर एउटा बाघ त्यहाँ आयो । हेर्दै त्यो बाघ डरलाग्दो थियो । भोकाएको थियो । पार्वतीलाई झम्टिने नियतले आएको थियो । तर पार्वतीको समीप पुग्नै लाग्दा उसको शरीर जडवत् भयो । देवीको कृपा हुनासाथ बाघको भोक मेटिँदै गयो साथसाथै जन्मसिद्ध दुष्टता पनि नष्ट भयो र निरन्तर तृप्ति भइरह्यो । जसको फलस्वरूप

त्यो बाघले तपस्थलीको रक्षा गर्दै सेवा दिन थाल्यो । पार्वती ढुक्क भइन् र तपस्यालाई तीव्र बनाउँदै लगिन् ।

तपश्च ववृधे देव्यास्तीव्रं तीव्रतरात्मकम् । २५-१८ ।

यता देवताहरू शुम्भ-निशुम्भको प्रताडना र दुराग्रहले दुःखित भएर ब्रह्माको शरणमा गए । देवताहरूको आर्तनाद सुनेर ब्रह्मा तुरुन्त पार्वतीको तपस्थलीमा गए । देवगणसहित ब्रह्माको दर्शन गरेर पार्वती पनि कृतकृत्य भइन् । स्वागत गरिन् । अन्तमा ब्रह्माले अनजान जस्तै भएर तपस्याको कारण सोधे ।

तीव्रेण तपसानेन देव्या किमिह साध्यते ।
तपः फलानां सर्वेषां त्वदधीना हि सिद्धयः ॥ २५-२६ ॥

ब्रह्मा- हे माता ! तपाईं यो कठोर तप गरेर के सिद्धि गर्न चाहनुहुन्छ ? जबकि सबै तपस्याजन्य फलको सिद्धि तपाईंकै अधिकारमा रहन्छन् । संसारका स्वामी नै तपाईंका पति हुनुहुन्छ । संसार नै तपाईंहरूको क्रीडाभूमि हो । तपस्या गरेर के फल लिन चाहनुहुन्छ ?

देवी- हे ब्रह्मा ! हे देवगण ! मेरो तपस्या गर्नुको कारण के हो भने, मेरो शरीरमा जुन कालोपन छ, यसलाई सात्त्विक विधिले त्यागेर म गौरवर्णा बन्न चाहन्छु ।

किमत्र बहुना देहे यश्चायं मम कालिमा ।
त्यक्त्वा सत्त्वविधानेन गौरी भवितुमुत्सहे ॥ २५-३३ ॥

ब्रह्मा- हे माता ! तपाईंले त्यति सानो प्रयोजनका लागि यत्रो कठोर तपस्या गर्नुभएको ? यसका लागि त तपाईंको इच्छा मात्रैले भइहाल्थ्यो नि, हैन र ? खैर, तपाईंहरूको लीला नै लोककल्याणार्थ हुन्छ ।

हे माता ! हामी पनि सानो अभिलाषा लिएर तपाईंसमक्ष आएका हौं । शुम्भ-निशुम्भको अत्याचार बढेको छ । मैले नै उनीहरूलाई तपाईंको हातबाट वध हुने वरदान दिएको छु । कृपा गरी यो कार्यका लागि सहयोग गर्नुहोस् ।

निशुम्भशुम्भनामानौ दैत्यौ दत्तवरौ मया । २५-३६ ।

ब्रह्माले यसरी प्रार्थना गरेपछि गिरिजानन्दिनी देवी पार्वतीले तुरुन्त आफ्नो कालो छालाको आवरणलाई उतारिन् र हेर्दाहेर्दै गौरवर्णाकी भइन् । त्वचाकोशलाई त्यागेको हुनाले शक्ति कौशिकी नामले विख्यात भइन् । यिनै कौशिकी कालो बादलसमान कृष्णवर्णा कन्या भइन् । यिनी मायामयी शक्ति नै योगनिद्रा र वैष्णवी नामले जानिन्छिन् । यिनले आठ भुजा, शङ्ख, चक्र, त्रिशूल आदि धारण गरेकी थिइन् । यिनका तीन रूप सौम्य, घोर र मिश्र छन् ।

तीन नेत्रयुक्त, कपालमा अर्धचन्द्रयुक्त मुकुट धारण गरेकी थिइन् । पुरुषस्पर्श र रतिजन्य योगबाट वञ्चित र अत्यन्त सुन्दरी रूपलावण्यवती थिइन् ।

सा तु मायात्मिका शक्तिर्योगनिद्रा च वैष्णवी
शङ्खचक्रत्रिशूलादिसायुधाष्टमहाभुजा ॥ २५-४० ॥
सौम्या घोरा च मिश्रा च त्रिनेत्रा चन्द्रशेखरा ।

त्यसपछि ब्रह्माले कौशिकी देवीलाई वाहनको रूपमा सिंह र वासस्थानको लागि विन्ध्यगिरि प्रदान गरे र नाना उपचारले पूजार्चना पनि गरे ।

कालान्तरमा यिनै कौशिकी देवीले शुम्भ-निशुम्भ आदि दैत्यलाई संहार गरी, त्रिलोकमा शान्ति स्थापना गरिन् । देवताहरूले पनि आफ्नो भाग पाएर प्रसन्न भए ।

निहतौ च तया तत्र समरे दैत्यपुङ्गवौ ।
तद्बाणैः कामबाणैश्च छिन्नभिन्नाङ्गमानसौ ॥ २५-४७ ॥

अध्याय षड्विंश, सप्तविंश

गौरी देवीले बाघलाई साथमै लैजानु, तपोवन र मातापितालाई प्रणाम गरेर महादेवसँग जानु, बाघलाई गणाध्यक्ष पदमा नियुक्त गरेर अन्तःपुरको द्वारपालमा सोमनन्दी नामले प्रतिष्ठित गर्नु ।

वायुदेव- हे महर्षिहरू हो !

उत्पाद्य कौशिकीं गौरी ब्रह्मणे प्रतिपाद्य ताम् ।
तस्य प्रत्युपकाराय पितामहमथाब्रवीत् ॥ २६-१ ॥

गौरीले कौशिकीलाई उत्पन्न गरेर ब्रह्माको कार्यमा सहायक बनिन्, अर्थात् शुम्भ-निशुम्भको संहार गरेर त्रिलोकमा शान्ति स्थापना गरिन् । त्यसपछि गौरी पार्वतीले ब्रह्मासँग बाघ पनि साथमै लैजाने अनुमति लिइन् । तपोवनस्थित स्थावर र जङ्गम, जस जसले तपस्याका लागि साथ र सहयोग प्रदान गरेका थिए, यथोचित प्रणाम अभिवादन गर्दै बिदा लिइन् । आफ्ना पिता हिमवान् र माता मैनालाई भेटिन् । स्वागत अभिवादन भयो । कुशल क्षेम भयो र बिदा लिएर चिरकालदेखि वियोगरत आफ्ना पति महेश्वरसँग भेट्न आतुर हुँदै मन्दराचल पर्वतमा आइन् ।

प्रययौ मन्दरं गौरी यत्र भर्ता महेश्वरः ।
सर्वेषां जगतां धाता कर्ता पाता विनाशकृत् ॥ २६-२९ ॥

द्वारपालहरूले देवीलाई भव्य स्वागत गरे । श्रेष्ठ पार्षदहरूले देवीलाई वन्दना गरे । देवीले पनि महादेवसहित सबैलाई प्रणाम गरिन् । लामो समयपश्चात् शिवशिवाको मिलन हुँदा दुवै हर्षातिरेक भए, हृदयालम्भन गरे । पार्वतीको तपस्याजन्य थकान उत्रिँदै गयो । वियोगजन्य सन्ताप पनि टाढिँदै गयो, अनि महादेवले प्रेमपूर्ण शब्दले देवीलाई भन्न थाले ।

महादेव- सर्वाङ्गसुन्दरी प्रिये !

सा दशा च व्यतीता किं तव सर्वाङ्गसुन्दरि ।
यस्यामनुनयोपायः कोऽपि कोपान्न लभ्यते ॥ २७-९ ॥

तिम्रो क्रोध उत्रियो ? मनोदशा ठिक भयो ? मैले सम्झाउँदा पनि व्यर्थ भएको थियो । यदि साधारण मनुष्यझैँ हामीले पनि आपसमा विभेद/वैमनस्य राख्यौं भने त यो चराचर नै नाश हुनेछ । म अग्निलाई धारण गर्छु र तिमी सोमलाई । हामीबाटै यो संसार अग्नीषोमात्मकको रूपमा अवस्थित छ ।

अहमग्निशिरोनिष्ठस्त्वं सोम शिरसि स्थिता ।
अग्नीषोमात्मकं विश्वमावाभ्यां समधिष्ठितम् ॥ २७-१३ ॥

यो जगत् अर्थ र वाणीमय छ । तिमी वाणी हौ र म अर्थ । यी दुवै कसरी अलग हुन सक्छन् ? हामी दुवै विद्यात्मा र वेद्यात्मा हौं । म आफ्नै मात्र प्रयत्नले जगत्को सृष्टि र संहार गर्दिनँ । यसका लागि तिम्रो आज्ञा चाहिन्छ, किनकि तिमी आज्ञा स्वरूपा हौ । आज्ञाको सार नै ऐश्वर्य हो । हामी दुवैको वियोग हुनै सक्तैन । देवकार्यका लागि मैले यति बेला लीलापूर्वक व्यङ्ग्य वचन भनेको थिएँ, जुन तिमीलाई पनि थाहा नै थियो ।

देवानां कार्यमुद्दिश्य लीलोक्तिं कृतवाहनम् । २७-२० ।

देवी- हे भगवान् !

किं देवेन न सा दृष्टा या सृष्टा कौशिकी मया ।
तादृशी कन्यका लोके न भूता न भविष्यति ॥ २७-२५ ॥

तपाईले जे भन्नुभयो, त्यो सबै ठिक र यथार्थ पनि हो । मैले जुन कौशिकीलाई सृष्टि गरेँ, तपाईले देख्नुभयो ? त्यस्ती कन्या न यो लोकमा नै थिई, न भविष्यमा हुने नै छे । देवी फेरि भन्न थालिन्, कन्याले समराङ्गणमा दुर्जय शुम्भ-निशुम्भको वध गरिन् र अहिले विन्ध्याचलमा निवास गर्छिन् । ती देवीलाई जुन भावना राखेर उपासना गरिन्छ, ती सबै मनोवाञ्छित फल देवीले प्रदान गरिदिन्छिन् ।

प्रत्यक्षफलदानं च लोकाय भजते सदा । २७-२७ ।

त्यसपछि देवीले बाघलाई अगाडि राख्दै भनिन्, 'हे देव ! यो बाघ मैले तपाईंका लागि ल्याएकी हुँ । यसले मेरो धेरै नै सेवा गरेको छ । तपस्या गर्दा अनवरत रूपमा तपोवनको यसले रक्षा गरेको छ । दुष्ट जन्तुहरूबाट मेरो रक्षा गरेको छ । मेरो अनन्य भक्त भएको छ । यसले आफ्नो देश छोडेर आएको छ । यसलाई अन्तःपुरको द्वारमा अन्य रक्षकझैँ राखिएमा म ज्यादै खुसी हुने थिएँ । विश्वास पनि राखेकी छु ।

नित्यमन्तःपुरद्वारि नियोगान्नन्दिनः स्वयम् । २७-३२ ।

त्यसपछि देवीको आशयलाई महादेवले अनुमोदन गर्दै त्यो बाघलाई सोमनन्दी गणाध्यक्ष पदमा नियुक्त गरी अन्तःपुरको रक्षक बनाए । यस बाघले उमासहित महादेव र नन्दीलाई प्रसन्न गराएकाले यसको नाम सोमनन्दी राखिएको हो ।

यस्मात्सोमो महादेवो नन्दी चानेन नन्दितः ।
सोमनन्दीति विख्यातस्तस्मादेष समाख्यया ॥ २७-३५ ॥

यसरी कौशिकी देवीको प्रकट र बाघलाई सोमनन्दी पदवी प्रदान गरेर शशाङ्कभूषण शिवले देवकार्य सुसम्पन्न गरे । देवीको इच्छा पनि पूर्ति गरे ।

अध्याय अष्टाविंश, एकोनत्रिंश

सम्पूर्ण जगत् कसरी अग्नि र सोम तथा वाणी र अर्थरूप छन् ? यसको विवेचन र प्रतिपादन

ऋषिहरूको जिज्ञासा- सम्पूर्ण विश्व अग्निसोमात्मक र वागर्थात्मक हो र ऐश्वर्यको एकमात्र सार आज्ञा हो, त्यो आज्ञा पनि पार्वतीद्वारा हुन्छ भन्ने प्रसङ्ग सुनाउनुभएको थियो । कृपया यस विषयमा राम्ररी बताइदिनुहोस्-

वायुदेव- हे महर्षिहरू हो !

अग्निरित्युच्यते रौद्री घोरा या तैजसी तनुः ।
सोमः शाक्तोऽमृतमयः शक्तेः शान्तिकरी तनुः ॥ २८-३ ॥

अर्थात् घोर तेजस्वी रुद्र शरीरलाई अग्नि र अमृतमय सोम शरीरलाई शक्ति भनिन्छ । शक्ति सदैव शान्तिकारक हुन्छिन् । अमृत नै प्रतिष्ठा नामको कला हो । सम्पूर्ण सूक्ष्म भूतहरूमा यी

दुवै रस र तेज विद्यमान हुन्छन् । तेजको वृत्ति दुई प्रकारको हुन्छ- सूर्यरूप र अग्निरूप । त्यसै गरी रसवृत्ति पनि दुई प्रकारको हुन्छ- सोमरूप र जलरूप । तेज विद्युत् आदिको रूपमा र रस मधुर आदिको रूपमा उपलब्ध हुन्छ । तेज र रसका भेदहरूले नै यो चराचर जगतलाई धारण गरेको छ ।

विद्युदादिमयं तेजो मधुरादिमयो रसः ।
तेजोरसविभेदस्तु धृतमेतच्चराचरम् ॥ २८-६ ॥

अग्नि शिवस्वरूप हो जुन सधैं माथितिर जान्छ भने सोम पार्वतीस्वरूप हो जुन सधैं तलतिर झर्छ । जस्तो वृक्ष स्वयम् शिव हो भने यसको फूल, फल, पात आदि पार्वती हुन् जुन सधैं तलतिर झर्छन् । यो जगत् पनि यी दुवै तत्त्वहरूले ओतप्रोत छ, त्यसैले जगत्लाई अग्नीषोमात्मक भनिएको हो ।

अग्नीषोमपदं हित्वा न स भूयोऽभिजायते ।
प्लावयेत् योगमार्गेण सोऽमृतत्वाय कल्पते ॥ २८-१८ ॥

अग्निबाट अमृतको उत्पत्ति हुन्छ र अमृतले नै अग्निलाई बढाउँछ, सम्पन्न गराउँछ । जस्तो दहीलाई मन्थन गर्दा घिउ निस्किन्छ र त्यही घिउ अग्निमा स्थापित गर्दा अग्नि बढ्छ । मन्थन शिव हुन् भने घिउ पार्वती हुन् । त्यसैले यो चराचर जगत्लाई अग्नीषोमात्मक भनिएको हो ।

वागर्थात्मक प्रतिपादन

कुनै पनि अर्थ, शब्दविना हुँदैन । शब्दले नै अर्थ दिन्छ, अर्थ दिनका लागि शब्दको आवश्यकता पर्छ । विना शब्दको अर्थ हुँदैन, अर्थ शब्दले नै प्रदान गर्छ । त्यसैले समयानुसार सबै शब्द सम्पूर्ण अर्थको बोधक हुन्छ । प्रकृतिको यो परिणाम शब्द भावना र अर्थ भावनाको भेदले दुई प्रकारको हुन्छ । जसलाई शिवशिवाको प्राकृत मूर्ति भनिन्छ ।

प्रकृतेः परिणामोऽयं द्विधा शब्दार्थभावना ।
तामाहुः प्राकृतीं मूर्तिं शिवयोः परमात्मनोः ॥ २९-३ ॥

शब्दमय स्वरूप तीन किसिमका छन्- मन्त्र, पद र वर्ण । यिनीहरूका पनि स्थूल, सूक्ष्म र परा तीन भेद छन् । स्थूलः जसलाई हामी सुन्न सक्छौं । सूक्ष्मः जसलाई मनन या चिन्तन गरिन्छ । पराः चिन्तन र मननभन्दा पनि पर रहने भएकाले परा भनिएको हो ।

यसै गरी अर्थ पनि तीन किसिमका छन्- १. भुवनध्वा २. तत्त्वाध्वा ३. कलाध्वा । यसैमा उपर्युक्त शब्दमय स्वरूप मश्रध्वा, पदाध्वा र वर्णाध्वा मिलाउँदा जम्मा ६ प्रकारका हुन्छन् । यी शब्द र अर्थ स्वरूपलाई परम्परामा संयोग गर्दा व्याप्त र व्यापक भाव हुन्छन् । यो

संसार पनि यही व्याप्त र व्यापकले नै ओतप्रोत रहेको छ ।

मन्त्राः सर्वे पदैर्व्याप्ता वाक्यभावात्पदानि च ।
वर्णैर्वर्णसमूहं हि पदमाहुर्विपश्चितः ॥ २९-१३ ॥

अर्थात् मन्त्र भनेको नै पद र वाक्यले मात्र पूर्ण हुन्छ । विद्वान्हरू वर्ण समूहलाई नै पद भन्दछन् । वर्णद्वारा नै संसार व्याप्त छ । संसार अर्थात् भुवन पनि तत्त्वसमूहद्वारा बाहिर र भित्र दुवैतिरबाट व्यापक छ । कला, निवृत्ति, प्रतिष्ठा, शान्ति, विशुद्ध यी पाँच कलादेखि पर पराशक्ति र शिवशक्ति विद्यमान छन् । यसरी पराशक्तिदेखि पृथ्वीसम्मको प्रकट शिवतत्त्वबाटै भएको हो । जसरी माटोबाट विभिन्न घडा बन्छन्, त्यसैगरी एकबाट नै अनेक भएर व्यापकता लिएका हुन् । कलादेखि पराशक्तिसम्मलाई षड्ध्व भनिन्छ । षड्ध्व प्राप्त गरेपछि शिव सायुज्य प्राप्ति हुन्छ ।

शक्त्यादि च पृथिव्यन्तं शिवतत्त्वसमुद्भवम् ।
व्याप्तमेकेन तेनैव मृदा कुम्भादिकं यथा ॥ २९-२० ॥

शिव कर्ता हुन् भने शक्ति कारण स्वरूपा हुन् । एक शिव नै दुई रूपमा स्थित भएका हुन्, जसरी सूर्य र त्यसको किरण एक अर्कामा भिन्न पनि देखिन्छन् र अभिन्न पनि छन् । त्यसरी नै शिव पर हेतु हुन् भने उनकै आज्ञा परमेश्वरी हुन् । उनीबाट नै शिवकी अविनाशिनी मूलप्रकृति माया, महामाया, त्रिगुणात्मिका प्रवृत्ति (सत्त्व, रज, तम) प्रकट भएर ६ वटा मार्गलाई प्रकट गर्छिन् । यसैलाई वाणी र अर्थमय षड्ध्व भनिएको हो । यसैले नै सम्पूर्ण जगत् व्याप्त छ ।

त्रिविधा कार्यभेदेन सा प्रसूते षडध्वनः ।
स वागर्थमयश्चाध्वा षड्विधो निखिलं जगत् ॥ २९-३६ ॥

अध्याय त्रिंश, एकत्रिंश

शिवतत्त्व विषयक प्रश्न र समाधान

ऋषिहरूले सोधे, 'हे पवनदेव ! अब हामीलाई शिवतत्त्व विषयमा सुनाउनुहोस् । शिव कसरी साकार निराकार हुन्छन् ? यदि शिव शान्त भएर सबैलाई अनुग्रह गर्छन् भने समर्थ भएर सबैलाई एकैपल्ट किन मुक्त गर्दैनन् ? यदि प्रारब्ध कर्म हुन्छन् त्यसैले सबै एकैपल्ट मुक्त हुन सक्तैनन् भन्ने हो भने कर्म गराउने पनि त ईश्वर नै हुन् । यी र यस्ता विरोधाभासयुक्त प्रसङ्गबारे स्पष्ट पारिदिनुहोस् ।

वायुदेव- हे महर्षिहरू हो ! तपाईंहरूले उचित सन्देह राख्नुभयो । जिज्ञासाले बुद्धि निर्मल बन्दछ । सज्जनहरूको मोहलाई हटाउनु श्रेयष्कर हुन्छ, शिवकृपा भयो भने मात्र यस्तो कार्य सम्भव हुन्छ ।

शिवस्य परिपूर्णस्य परानुग्रहमन्तरा ।
न किञ्चिदपि कर्तव्यमिति साधु विनिश्चितम् ॥ ३१-३ ॥

पशुपाश स्वरूप संसार दयाको पात्र हो । शिवाज्ञा अरूको कृपा गर्नका लागि हो । आज्ञा प्रदान गर्ने पति सधैं सबैमाथि अनुग्रह नै गर्छन् । यस्तो सत्यतथ्य कुरालाई स्वीकार गर्ने शिव कसरी परतत्त्व हुन सक्छन् ?

शिवाज्ञा सबैले मान्छन् । सगुणको उपासना गर्नाले नै निर्गुणलाई प्राप्त गर्न सकिन्छ । त्यही मूर्ति आत्मा नै शिवको मूर्ति हो । जसरी दाउराभित्र रहेको अग्नि नदेखिए पनि रहन्छ त्यसरी नै शिव मूर्ति र लिङ्गमा रहन्छन् । जसरी अग्नि ल्याऊ भन्दा जलिरहेको काष्ठलाई नै लगिन्छ केवल अग्निको ज्वाला लागिँदैन, त्यसरी नै मूर्तिरूप शिव पूज्य छन् । त्यसैले पूजा आदिमा मूर्तिरूप शिवको कल्पना गरिन्छ । त्यसैलाई नै साक्षात् शिव मानिन्छ र मान्नुपर्छ ।

आत्माको प्रयोग भोग र मोक्षका लागि नै हो । तत्त्व, अतत्त्व रूपमा र मूर्ति एवम् लिङ्गमा शिवको नै सम्बन्ध रहन्छ । भोग कर्मको विचार अनुसार हुन्छ र यसले सुखदुःख प्रदान गर्छ ।

आत्मनामेव भोगाय मोक्षाय च विशेषतः ।
तत्त्वातत्त्वस्वरूपेषु मूर्त्यात्मसु शिवान्वयः ॥ ३१-२० ॥

शिवमा कर्म नै हुँदैन भने भोग कसरी हुन्छ ? शिव त सबैलाई अनुग्रह मात्र गर्नुहुन्छ । निग्रह गर्नेहरूमा जुन दोष हुन्छ, त्यो शिवमा हुँदैन । शिवमा त अनुग्रह र निग्रह दुइटै विद्यमान हुन्छन्, त्यसैले त साधुलाई अनुग्रह र दुष्टहरूलाई निग्रह गर्नुहुन्छ । निग्रह जहाँ हुन्छ, त्यहाँ विद्वेष नै हुन्छ । यदि यो नहुँदो हो भने निग्रह पनि श्रेष्ठ हुन्थ्यो । यदि पिता या गुरुले पुत्र या शिष्यलाई दण्ड या निग्रह गरेर उसलाई अधिक शिक्षित एवम् सबल बनाउने प्रयत्न गर्छ भने त्यो विद्वेष नभएर अनुग्रह नै मानिन्छ ।

सर्वोऽपि निग्रहो लोके न च विद्वेषपूर्वकः ।
न हि द्वेष्टि पिता पुत्रं यो निगृह्याति शिक्षयेत् ॥ ३१-३४ ॥

शिव त समस्त पशुहरूलाई बन्धनमुक्त गराउन समर्थ हुनुहुन्छ, तर बन्धनमै राखेर किन दुःख दिनुहुन्छ ? किनकि संसार दुःखरूप हो- यो निश्चित सिद्धान्त हो । यहाँ जति पनि पशु जन्मिन्छन्, सबैले दुःख भोग्नै पर्छ । दुःख भोग्नु नपर्नेले त जन्म नै लिँदैनन् । जो स्वभावतः दुःखमय छ, त्यसलाई दुःखरहित कसरी बनाउने ? जस्तोकि वैद्यसँग भएको औषधिले रोगलाई निरोग त्यति बेलासम्म बनाउँदैन जबसम्म रोगपीडितले औषधिको सेवन

गर्दैन । रोगीले औषधि सेवन गरेपछि मात्र निरोगी हुन्छ । ठिक त्यसैगरी शिव सन्मुख भएपछि मात्र जीवले शान्ति पाउँछ ।

तावालाई आगोमा राखियो भने कालो हुन्छ, यसमा आगाको दोष हुँदैन । अपवित्र पदार्थको संसर्गले आगो अपवित्र हुँदैन । आगाको काम नै जलाउनु हो । बरु उल्टै अपवित्र वस्तु आगामा राखियो भने पवित्र हुन्छ । ठिक त्यसै गरी शिव संसर्गद्वारा शुद्ध हुने तत्त्व भनेको आत्मा हो । जस्तो कि फलामलाई आगामा राखियो भने आगोचाहिँ बल्ने हो, दाह हुने हो, फलाम होइन ।

शिवसंसर्गतस्त्वेष शोध्यात्मैव हि शुद्धयति ।
अयस्याग्नौ समाविष्टे दाहोऽग्नेरेव नायसः ॥ ३१-४६ ॥

मूर्तिको आत्मामा शिवको नै ऐश्वर्य हुन्छ । जस्तो कि काठले आगो जलाउँदैन, आगाले चाहिँ काठ जलाउँछ । त्यसैले त काठ अँगार या खरानी हुन्छ, आगो त हुँदैन । कर्म र मायाको बन्धन जीवात्माका साथमा हुन्छ, शिवका साथमा हुँदैन । जीव मलयुक्त हुन्छ, ईश्वर मलरहित हुन्छन् । मल अचेतन मायाको स्वरूप हो । शिव सान्निध्य नपाउन्जेल जीव चेतन हुन सक्तैन । त्यसैले ईश्वर पनि जड मायाको सान्निध्य पाएर नै उसलाई उपकार तथा सचेत बनाउँछन् ।

न शिवेन विना किञ्चित्प्रवृत्तमिह विद्यते ।
तत्प्रेरितमिदं सर्वं तथापि न स मुह्यति ॥ ३१-९१ ॥

शिवविना यो संसारमा केही छैन । यो सबै शिवको नै प्रेरणा हो । शिवको आज्ञाशक्ति सर्वत्र व्याप्त छ र पनि उनमा केही दोष हुँदैन । जोसँग पहिले केही थिएन र पनि यसले सबैलाई वशमा राख्दछ । त्यही नै ईश्वर हो । उसैको आज्ञा चल्छ र पनि ऊ दूषित हुँदैन । त्यति नै बेला आकाशवाणी भयो, 'यो सत्य हो ।' त्यसपछि सबै प्रसन्न भए ।

अध्याय द्वात्रिंश, त्रयस्त्रिंश

परमधर्म प्रतिपादन, पाशुपत ज्ञान र साधनहरूको वर्णन

ऋषिहरूले भने- अब, हामीलाई उत्तम अनुष्ठान बताउनुहोस्, सिकाउनुहोस्, जसले गर्दा हामी प्रत्यक्षज्ञान प्राप्त गर्न सकौं र मुक्ति मिलोस् ।

वायुदेव- हे महर्षिहरू हो !

शैवो हि परमो धर्मः श्रेष्ठानुष्ठानशब्दितः ।

यत्रापरोक्षो लक्ष्येत साक्षान्मोक्षप्रदः शिवः ॥ ३२-२ ॥

शिवको अनुष्ठान, उपासना नै परमधर्म हो । उनीबाट नै प्रत्यक्ष मोक्ष प्राप्त हुन्छ । यसको उपासना पाँच प्रकारले हुन्छ- क्रिया, तप, जप, ध्यान र आत्मा । यी पाँच तरिकाले गरिएको कर्म नै श्रेष्ठ हुन्छ । यो ज्ञान परोक्ष हो र प्रत्यक्ष ज्ञान नै मोक्षदायक हुन्छ ।

धर्मको सम्बन्धमा वेद नै उत्तम प्रमाण हो । परम् र अपरम् यी दुवै धर्म वेदविहित हुन् । जुन धर्मको अधिकार पशु आदिलाई छैन, त्यो नै परम धर्म हो । जुन धर्ममा सबैको अधिकार हुन्छ, त्यो साधारण धर्म हो । यो अपरधर्म परधर्मकै साधन हो । धर्मशास्त्र आदिले यसको साङ्गोपाङ्ग वर्णन गरेको छ ।

शैव धर्म परम धर्म हो । श्रुतिस्मृति भेदले यो पनि दुई प्रकारको छ- वेदविहित श्रौत हो भने वेदविहीन स्मार्त हो ।

शैवागमो हि द्विविधः श्रौतोऽश्रौतश्च संस्कृतः ।
श्रुतिसारमयः श्रौतः स्वतन्त्र इतरो मतः ॥ ३२-११ ॥

वेदको विस्तार सय करोडमा वर्णन गरिएको छ । यही वेदले नै पाशुपत व्रतलाई परमज्ञान भनेको छ जसलाई हरेक युगमा शिव योगाचार्यको रूपमा अवतरण भई शिष्यहरूलाई उपदेश दिनुहुन्छ । तिनीहरूलाई सङ्क्षेपमा रूद्र, दधीचि, अगस्त्य आदि नामले जानिन्छ । यिनीहरू नै पाशुपत-व्रतसंहिताका प्रवर्तक हुन् । ब्रह्माले यसको व्याख्या गरेका हुन् भने शिवले यसको कल्पना गरेका हुन् ।

नामाष्टकमयो योगः शिवेन परिकल्पितः ।
तेन योगेन सहसा शैवी प्रज्ञा प्रजायते ॥ ३२-१९ ॥

यस अष्टाङ्गयोगको कल्पना शिवले गरेका हुन् । यो योग गर्नाले शैवीबुद्धि तुरून्त प्रकट हुन्छ । यो अष्टाङ्गयोगको नाम शिव, महेश्वर, रूद्र, विष्णु, पितामह, संसारवैद्य, सर्वज्ञ र परमात्मा हुन् । यीमध्ये प्रथम पाँच नामलाई शान्त्यातीत या नित्य पद प्रदान गर्ने मानिन्छ भने बाँकीका तीन नामचाहिँ अनित्य हुन् ।

गुरूको सान्निध्यमा रहेर यी आठ नामको साङ्गोपाङ्ग अर्थ र प्रयोग गर्न सिक्नुपर्छ, अनि शिव आदि पाँच नामले निवृत्ति आदि कलाग्रन्थिहरू क्रमशः भेदन गरेर, नियमानुसार यिनीहरूको उद्धात र निरूद्धात दुवै प्रक्रियाले शोधन गर्नुपर्छ । यस क्रममा हृदय, कण्ठ, तालु, भ्रूमध्य, ब्रह्मरन्ध्र, आदि युक्त आठै पुरीलाई भेदन गरी मध्यनाडी सुषुम्नाद्वारा द्वादश दलयुक्त हृदयकमलमा विराजित चन्द्रमामाथि शिवको ओजमा आफ्नो आत्मालाई

लगेर, फेरि त्यसलाई उतारेर लय गरेर शक्तिको अमृतवर्षाले सिञ्चन गर्नुपर्छ । त्यसपछि त्यो अमृतात्मकृतिलाई हृदयमा उतारेर द्वादशदल भएको हृदयकमलको चन्द्रमामाथि सेतो कमलमा भक्तवत्सल शिवलाई विराजमान भएको हेर्नुपर्छ । देख्नुपर्छ ।

भगवान् शिव कस्तो हुनुहुन्छ भने, अर्धनारीश्वर, निर्मल, मधुराकृति, शुद्धस्फटिक मणिझैँ शीतलकान्ति र प्रसन्नवदनले युक्त हुनुहुन्छ । यस्ता शिवलाई सावधान चित्तले मनैदेखि ध्यान गरी, नामाष्टक रूपी, भावपुष्पले शिवार्चन गरी प्राणायाम, जप, हवन, पूर्णाहुतिपश्चात् अञ्जलीमा जल लिएर भूमिमा छोड्दै आत्मनिवेदन गर्नुपर्छ । यसरी अष्टाङ्गयोगको प्रक्रिया गर्नाले पाशुपत ज्ञानमा साधक प्रतिष्ठित हुन पुग्छ र यही साधनाको निरन्तरताले मुक्त हुन्छ ।

एवं कृत्वाचिरादेव ज्ञानं पाशुपतं शुभम् ।
योगं च परमं लब्ध्वा मुच्यते नात्र संशयः ॥ ३२-५५ ॥

पाशुपत व्रतको विधि

ऋषिहरूले सोधे- 'पाशुपत व्रतको विधि के हो ? के यही व्रत ब्रह्मादि देवताहरूले गरेर उनीहरू पनि पाशुपत भएका हुन् ?'

वायुदेव- हे महर्षिहरू हो !

व्रतं पाशुपतं श्रौतमथर्वशिरसि श्रुतम् ।
कालश्चैत्री पौर्णमासी देशः शिवपरिग्रहः ॥ ३२-२ ॥

यो पाशुपत व्रतको विस्तृत विधि अथर्वशिरस् उपनिषद्मा वर्णन गरिएको छ । यसको साधना प्रारम्भ गर्ने उपयुक्त समय चैत्रमासको पूर्णिमा हो भने उपयुक्त क्षेत्र शिवालय या वन या बगैंचा आदि हो, जहाँ बसेर शान्तिपूर्वक यो व्रत धारण गर्न सकियोस् ।

पहिलो र दोस्रो दिनको विधि

त्रयोदशीको दिन स्नान, सन्ध्या, नित्य पूजार्चना सकेर आचार्यलाई प्रणाम गरी आज्ञा लिनुपर्छ । त्यसपछि सेतो कपडा, सेतो जनै, सेतो चन्दन र माला धारण गरी कुशासनमा, कुश हातमा लिएर पूर्वाभिमुख या उत्तराभिमुख बसेर आचमन र प्राणायाम गर्नुपर्छ । त्यसपछि शिवशिवालाई ध्यान गरेर, 'म दीक्षित भएर यो व्रत गर्दै छु' भन्ने सङ्कल्प गर्नुपर्दछ ।

ध्यात्वा देवं च देवीं च तद्विज्ञापनवर्त्मना ।
व्रतमेतत्करोमीति भवेत्सङ्कल्प्य दीक्षितः ॥ ३३-६ ॥

सङ्कल्प गर्दा जबसम्म मृत्यु हुँदैन या द्वादश वर्ष, या छ वर्ष, या तीन वर्ष, या एक वर्ष, ६ महिना, तीन महिना या एक महिना, द्वादश दिन, ६ दिन, तीन दिन या एकै दिनको

सङ्कल्प गर्नुपर्छ ।

त्यसपछि 'विरजा होम' गर्नुपर्छ । यो विराज हवन 'नमः शिवाय' मन्त्रले गर्नुपर्छ । साधक/व्रतीका शरीरभित्र रहेका पञ्चमहाभूत, पञ्चतन्मात्रा, पञ्चकर्मेन्द्रिय, त्वचादि सप्तधातु, प्राणादि पञ्चवायु, मन, बुद्धि, चित्त, अहङ्कार, गुण, प्रकृति, पुरुष, राग, विद्या, कला, नियति, काल, माया, शुद्धि, विद्या, महेश्वर, सदाशिव, शक्ति शिवतत्त्व, यी सबैलाई हवनद्वारा शुद्ध गर्नुपर्छ । अर्थात् मन्त्रद्वारा हवन गरेर निष्पाप हुनुपर्छ ।

मन्त्रैस्तु विरजैर्हुत्वा होतासौ विरजो भवेत् । ३३-१६ ।

यदि भस्म पनि निर्माण गर्नुपर्ने भएमा गाईको गोबर अभिमन्त्रित, प्रोक्षण आदि गरेर हवनमा नै पकाएर तयार गर्नुपर्छ । अन्त्यमा हविष्यान्न ग्रहण गरेर त्रयोदशीको दिनको कार्य समापन गर्नुपर्छ । चतुर्दशीको दिन पनि त्रयोदशीकै दिनमा गरे अनुसारको सबै कार्य गर्नुपर्छ ।

प्रभाते तु चतुर्दश्यां कृत्वा सर्वं पुरोदितम् ।
दिने तस्मिन् निराहारः कालं शेषं समापयेत् ॥ ३३-१८ ॥

पूर्णिमा/तेस्रो दिनको विधि

यस दिन पनि नित्यकर्म गरेपछि, हवनको पूर्णाहुति गर्नुपर्छ, अनि भस्म लिनुपर्छ । त्यसपछि जटाधारी भए मुण्डन गर्नुपर्दैन नत्रभने मुण्डन गरेर स्नान गर्नुपर्छ र गेरु वस्त्र या चर्म या चीर वस्त्र या वल्कलमध्ये कुनै एक वस्त्र धारण गर्नुपर्छ । साथमा दण्ड र मेखला धारण गर्नुपर्छ ।

अपि काषायवसन चर्म चीराम्बरोऽथ वा ।
एकाम्बरो वल्कली वा भवेद्दण्डी च मेखली ॥ ३३-२१ ॥

त्यसपछि वीरजाग्निको भस्म लिएर 'अग्निरिति... भस्म, वायुरिति भस्म....', 'त्र्यायुषं जमदग्ने....', 'त्र्यम्बकं यजामहे..... या 'ॐ नमः शिवाय' आदि मन्त्र उच्चारण गर्दै भस्म र त्रिपुण्ड्र तिलक धारण गर्नुपर्छ । यसरी शिवभावलाई प्राप्त गरेर शिवयोगको आचरण गर्नुपर्छ । यो विधि प्रतिदिन तीनवटै सन्ध्याकालमा नियमित गर्नुपर्छ । यसरी नित्य गर्दै जाँदा साधकका सबै पशुत्व भाव मेटिँदै जान्छन् र क्रमशः भुक्तिमुक्ति प्राप्त हुँदै जान्छ । यसै प्रक्रिया/विधिलाई नै पाशुपत व्रत भनिन्छ ।

कुर्यात् त्रिसन्ध्यमप्येवमेतत्पाशुपतं व्रतम् ।
भुक्तिमुक्तिप्रदं चैतत्पशुत्वं विनिवर्तयेत् ॥ ३३-२६ ॥

पाशुपत व्रत धारण गरेपछि गर्नुपर्ने अन्य कार्यहरू

१. नित्य शिवार्चन

पाशुपत व्रत धारण गरेपछि साधकले नित्य शिवलिङ्गको पूजार्चना गर्नुपर्छ । शिवलिङ्ग नभए पहिले शिवलिङ्गको स्थापना गर्नुपर्छ । शिवलिङ्ग पनि सुवर्णमय, रत्नमय, पाषाणमय या मृत्तिकामयमध्ये कुनै एकलाई विधिवत् पञ्चगव्य, पञ्चामृतसहित षोडशोपचारले पूजार्चना नित्य गर्नुपर्छ । त्यसपछि विल्वपत्र, नीलकमल आदि पत्रपुष्पले सहस्रनामावली या अष्टोत्तरशतनामावलीले अर्चना गर्नुपर्छ । यसरी महापूजा गरेर धूप, दीप, नैवेद्य अर्पण गर्नुपर्छ ।

समभ्यर्च्य यथालाभं महापूजाविधानतः ।
धूपं दीपं तथा चापि नैवेद्यं च समादिशेत् ॥ ३३-३५ ॥

२. आवरण पूजा

पाशुपत व्रत धारण गरेपछि नित्य या पर्व पर्वहरूमा आवरण पूजा पनि गर्नुपर्छ । यो शिवको साङ्गोपाङ्ग पूजापद्धति हो । यसमा प्रथम आवरणदेखि पञ्चम आवरण पर्यन्तको पूजा हुन्छ, जसमा शिवको सपरिवारको पूर्जाचन हुन्छ ।

प्रथमावरणे पूज्यौ क्रमाद्धेरम्बषण्मुखौ ।
ब्रह्माङ्गानि ततश्चैव प्रथमावरणेऽर्चिते ॥ ३३-४६ ॥

प्रथम आवरणमा गणेश, कार्तिकेय र ब्रह्मादिको अङ्गपूजा विधिवत् हुन्छ । द्वितीय आवरणमा चक्रवर्ती विघ्नेशहरूको पूजार्चना हुन्छ । तृतीय आवरणमा भने भव, शर्व, पशुपति आदि शिवका आठ मूर्तिहरूको पूजार्चना हुन्छ । चतुर्थ आवरणमा भने एकादश शिवहरूसहित सबै गणेश्वरहरूको पूजार्चना हुन्छ । पञ्चम आवरणमा भने शिवका अनुचर हरूसहित दशदिक्पाल, गणसहित क्षेत्रपाल, ब्रह्माका सबै मानसपुत्रहरू, ग्रह, देव, देवी, सबै आकाशचारी सबै पातालवासी, मुनिगण, योगी, यज्ञ, पतङ्ग, सबै मातृकाहरू तथा चराचर विश्वको पूजार्चन-आभूषण आदि अर्पण गरेर निराजन गर्नुपर्छ ।

नीराजनान्ते विस्तीर्य पूजाशेषं समापयेत् । ३३-५५ ॥

त्यसपछि आफ्नो शक्ति अनुसार शय्यादान, आभूषणादिहरूको दान शिवभक्त ब्राह्मण, दीनदुःखी, अनाथ, असहाय आदिलाई दिनुपर्छ । यस व्रतमा फलाहार या एक समय रात्रिमा भोजन गर्नुपर्छ । साथसाथै जमिन, भस्म या तृण (पराल) आदिमा सुत्नुपर्छ । ब्रह्मचर्यमा रहनुपर्छ ।

भस्मशायी तृणेशायी चीराजिनधृतोऽथ वा ।
ब्रह्मचर्यव्रतो नित्यं व्रतमेतत्समाचरेत् ॥ ३३-६४ ॥

३. व्रत उपवास- पाशुपत व्रत धारण गरेपछि, शरीर स्वस्थ/समर्थ भएमा आइतबार, आर्द्रा नक्षत्र, अष्टमी (दुवै), दुवै चतुर्दशी, पूर्णिमा र अमावश्या आदि दिनहरूमा व्रत गर्नुपर्छ । त्यसै गरी क्षमा, दान, दया, सत्य, सन्तुष्ट, शान्त, जप, ध्यान एवम् अहिंसक आदि भावलाई निरन्तर आत्मसात् गर्नुपर्छ । शक्तिप्रमाण अनुसार गोदान, वृषोत्सर्ग पनि गर्नुपर्छ । सधैं कल्याण गर्ने मात्र सोच्नु र गर्नुपर्छ । कसैलाई पनि कष्ट दिनुहुँदैन । सकेसम्म परोपकार गर्नुपर्छ ।

४. भिन्न धातुनिर्मित शिवलिङ्गहरूको महिनैपिच्छे पूजार्चना

पाशुपत व्रत धारण गरेपछि, सामर्थ्य भएमा प्रत्येक महिनामा अलग अलग धातुबाट बनेका शिवलिङ्गको पूजार्चना गर्नुपर्छ ।

वैशाखे वज्रलिङ्गं तु ज्येष्ठे मारकतं शुभम् ।
आषाढे मौक्तिकं विद्याच्छ्रावणे नीलनिर्मितम् ॥ ३३-७३ ॥

वैशाखमा वज्रलिङ्ग या हीरानिर्मित शिवलिङ्गको पूजा गर्नुपर्छ । यसैगरी जेठमा मरकत, आषाढमा मोती, श्रावणमा नीलम, भदौमा पद्मराग, आश्विनमा गोमेद, कार्तिकमा मुगा, मार्गशीर्षमा वैदुर्य, पुसमा पुखराज, माघमा सूर्यकान्तमणि, फाल्गुनमा चन्द्रकान्तमणि र चैत्रमा पनि चन्द्रकान्तमणि । यदि अलग अलग मणिका शिवलिङ्ग नभएमा सुवर्णनिर्मित शिवलिङ्गको निर्माण गरेर पूजार्चना गर्नुपर्छ ।

पाशुपत व्रतको समाप्ति

यदि व्रतको समापन गर्नुपरेमा पूर्ववत् पूजार्चना हवन गरेर, शिवशिवाको आज्ञा लिएर, 'हे भगवान् ! तपाईंको आज्ञा लिएर पाशुपत व्रत छोड्दै छु, समापन गर्दैछु' भनेर छोड्नुपर्छ ।

समुत्सृजामि भगवन् व्रतमेतत्त्वदाज्ञया ।
इत्युक्त्वा लिङ्गमूलस्थान्दर्भानुत्तरतस्त्यजेत् ॥ ३३-८२ ॥

यसरी छोड्दा वस्त्र पनि त्याग्नुपर्छ । जसले देहान्तपर्यन्त व्रत राख्छ, त्यसलाई नैष्ठिक भनिन्छ । यदि साधकले ब्रह्मचर्यमै रहेर व्रत धारण गरेको भए, त्यस्तालाई नैष्ठिकोत्तम भनिन्छ । भस्म धारण गर्नाले भूत, प्रेत, पिशाच आदि त टाढा हुन्छन् नै साथसाथै सबै पाप पनि भक्षण हुने भएकाले भस्म नाम रहेको हो ।

भासनात् भासितं प्रोक्तं भस्म कल्मषभक्षणात् । ३३-९५ ।

धौम्य ऋषिका ज्येष्ठ भ्राता उपमन्युले तपस्या गर्दा सबै विपत्तिहरूलाई भस्म धारण गरेर नै हटाएका थिए । त्यसैले भस्मलाई सङ्ग्रह गरेर नै पाशुपत व्रत गर्नुपर्दछ ।

अध्याय चतुस्त्रिंशत्, पञ्चत्रिंशत्

उपमन्युकी आमाले दुधका लागि शिवाराधना गर्न प्रेरित गर्नु, उपमन्युद्धारा तपस्या र वरदान दिन इन्द्रको रूप धारण गरेर शिव पुग्नु र वरदान दिनु

ऋषिहरूको प्रश्न- धौम्यका ज्येष्ठ भ्राता उपमन्युले कसरी किन शिवको तपस्या गरे ? भस्म कसरी प्राप्त भयो ?

वायुदेव- हे महर्षिहरू हो !

न एष शिशुकः कश्चित्प्राकृत कृतवांस्तपः ।
मुनिवर्यस्य तनयो व्याघ्रपादस्य धीमतः ॥ ३४-४ ॥

उपमन्यु साधारण बालक थिएनन् । यी त विद्वान् व्याघ्रपाद ऋषिका सुपुत्र थिए । यी पूर्वजन्ममा पनि सिद्ध थिए । कुनै कारणले गर्दा पदच्युत हुन पुगे र ऋषिपुत्र भएर जन्मिए । दुध प्राप्तिको प्रबल इच्छा राखी शिवाराधना गरे, जसको फलस्वरूप भोलेनाथले क्षीर समुद्र सहित गणेशत्व, कुमारत्वसमेत प्रदान गर्दै अतुलनीय ज्ञानभक्ति प्रदान गरे । त्यसैले उपमन्युले बाल्यावस्थामा नै ज्ञान प्राप्त गर्न सफल भए ।

कौमारं हि परं साक्षात् ज्ञानं शक्तिमयं विदुः । ३४-८ ।

एकपल्ट उपमन्युले मावलमा मामाका पुत्रहरूले पर्याप्त दुध पिएको देखे तर उनलाई भने थोरै मात्र दुध दिइयो । यही कारणले उपमन्युले आमासँग पर्याप्त दुधका लागि याचना गरे ।

कदाचित्क्षीरमत्यल्पं पीतवान्मातुलाश्रमे ।
ईर्ष्यया मातुलसुतं सन्तृप्तक्षीरमुत्तमम् ॥ ३४-११ ॥
मातर्मातर्महाभागे मम देहि तपस्विनि ।
गव्यं क्षीरमतिस्वादु नाल्पमुष्णं पिवाम्यहम् ॥ ३४-१३ ॥

उपमन्युको याचनाले आमा अत्यन्त दुःखी भइन् । उपमन्यु बाल्यस्वभावको अनुसरण गर्दै दुधका लागि रून थाले, तड्पिन थाले, हठ गर्न थाले । त्यसपछि त तपस्विनी आमाले उञ्छवृत्तिद्वारा ल्याएको गहुँलाई पिसेर पानीमा मिसाइन् अनि पिउन दिइन् । बनावटी दुध पिउनासाथ उपमन्युले यो दुध होइन, मलाई असली दुध दिनुहोस् । यो त बनावटी दुध

हो । यसमा दुधको स्वाद छैन भने ।

पीत्वा च कृत्रिमं क्षीरं मात्रा दत्तं स बालकः ।
नैतत्क्षीरमिति प्राह मातरं चातिविह्वलः ॥ ३४-२० ॥

माता- हे पुत्र उपमन्यु ! हामी वनवासी हौं । हामीलाई दुध कहाँबाट, कसले दिन्छ ? दुध त शिवको कृपा र आशीर्वादले मात्र पाइन्छ । हामीले कहिल्यै कुनै कामना राखेर शिवलाई प्रार्थना गरेका नै छैनौं । त्यसै पनि पूर्वजन्ममा शिव या विष्णुप्राप्तिको उद्देश्य राखेर दान गरेको थियो भने मात्र यस जन्ममा पाइन्छ ।

पूर्वजन्मनि यद्दत्तं शिवमुद्दिश्य वै सुतः ।
तदेव लभ्यते नान्यद् विष्णुमुद्दिश्य वा प्रभुम् ॥ ३४-३२ ॥

दरिद्रताकै कारणले पिठोमा पानी मिसाएर बनावटी दुध दिएकी हुँ । धनादिको इच्छा राखेर हामीले कहिल्यै शिवपूजन गरेनौं । त्यसैले हामी दरिद्र भयौं र तिमीलाई दुध दिन सकेनौं ।

उपमन्यु- शोकयुक्त माताको सत्यवाणी सुनेर, बालक पनि भित्रैदेखि दुःखी भए र भने- 'हे माते ! यदि पार्वतीसहित शिव छन् भने ढिलो या चाँडो म क्षीर समुद्रलाई प्राप्त गर्नेछु ।'

श्रृणु मातर्वचो मेऽद्य महादेवोऽस्ति चेत् क्वचित् ।
चिराद्वा ह्यचिराद्वापि क्षीरोदं साधयाम्यहम् ॥ ३४-३५ ॥

उपमन्युद्वारा तपस्या प्रारम्भ

पुत्रले तपस्यार्थ दृढ निश्चय गरेपछि माताले 'नमः शिवाय' पञ्चाक्षर मन्त्रको माहात्म्यसहित दीक्षा प्रदान गरिन् भने पिता व्याघ्रपादले 'वीरजाग्नि भस्म' प्रदान गर्दै भने, 'यो भस्म धारण गरेर तपस्या या अन्य कुनै कार्य गर्दा सम्पूर्ण विपत्तिहरूसँग लड्ने र विजय प्राप्त हुने शक्ति मिल्छ ।' यति भन्दै उनले आशीर्वाद पनि प्रदान गरे । यो पञ्चाक्षर मन्त्रबाटै सात करोड मन्त्र निस्केका छन् र अन्त्यमा यसमै विलय हुन्छन् ।

सप्तकोटिमहामन्त्राः सर्वे स प्रणवाः परे ।
तस्मिन्नेव विलीयन्ते पुनस्तस्माद्विनिर्गताः ॥ ३४-४२ ॥

मातापिताको आज्ञा र आशीर्वादलाई शिरोधार्य गर्दै उपमन्यु तपस्यार्थ हिमालय पर्वततिर प्रस्थान गरे । त्यहाँ पुगेर निराहार तपस्या आरम्भ गरे । आठवटा ईँटाहरू जोडेर मन्दिर बनाए र त्यसभित्र माटाको शिवलिङ्ग स्थापना, सगण, सवाहन, सपरिकर साम्बसदाशिवको नित्य पूजार्चना गर्दै तपस्या गर्न थाले ।

अष्टेष्टकाभिः प्रासादं कृत्वा लिङ्गं च मृण्मयम् ।
तत्रावाह्य महादेवं साम्बं सगणमव्ययम् ॥ ३४-५३ ॥

यसरी लामो समयसम्म उपमन्युले तपस्या गरे । तपस्या गर्दा मरीचि मुनिले श्राप दिएका मुनिहरूले राक्षस, पिशाचको रूपमा आएर कयौँपटक विघ्न गर्न खोजे तर पञ्चाक्षर मन्त्र ध्वनि र भस्म धारणले ती सबै पैशाची भाव छोडेर सेवा गर्न थाले । त्यसपछि त उपमन्युको तपस्यामा तीव्र तीव्रतर हुँदै गयो । फलस्वरूप तपस्याको प्रभावले चराचर संसार प्रकाशित हुँदै गयो ।

तपसा तस्य विप्रस्य उपमन्योर्महात्मनः ।
चराचरं च मुनयः प्रदीपितमभूज्जगत् ॥ ३४-५९ ॥

इन्द्रको रूपमा शिव तपस्थलीमा पुग्नु र वरदान दिनु

त्यसपछि देवताहरू विष्णुकहाँ गए र उपमन्युले गरेको तपस्या वर्णन गर्दै भने, 'संसार अकारण नै प्रकाशित भइरहेको छ, त्यसैले यसको समाधान गर्नुपर्‍यो ।' देवताहरूको प्रार्थना सुनेर विष्णुले देवताहरूलाई आश्वासन दिँदै शिवकहाँ लिएर गए । कुशलक्षेम पश्चात् विष्णुले भने, 'हे प्रभो ! उपमन्युको तपस्यालाई रोक्नुपर्‍यो । सर्वत्र त्राहि त्राहि छ । सबै डराइरहेका छन् । तपस्याबाट निस्केको तेजले सर्वत्र अकारण नै प्रकाशित भइरहेको छ । आदि- । दुधका लागि संसारै दग्ध हुनु हुँदैन ।

क्षीरार्थमदहत्सर्वं तपसा तन्निवारय । ३५-४ ।

शिव- सबैको मनसाय र समस्या सुनेपछि शिवले आश्वासन दिनुभयो र भन्नुभयो, 'ढुक्क भएर आ-आफ्नो धाम जानुहोस् । म शीघ्र नै यस समस्याबाट मुक्त गराउनेछु ।' त्यसपछि शिवले स्वयम् इन्द्रको रूप धारण गरेर तपस्थलीमा जाने निर्णय गर्नुभयो । शिवशिवाले इन्द्र, इन्द्राणीको रूप धारण गर्नुभयो । सेतो हात्तीमा सवार हुनुभयो । त्यसपछि देव, दानव, सिद्ध, महोरग आदिलाई लिएर उपमन्युको तपस्थलीमा पुग्नुभयो ।

अथ जगाम मुनेस्तु तपोवनं गजवरेण सितेन सदाशिवः ।
सह सुरासुरसिद्धमहोरगै अमरराजतनुं स्वयमास्थितः ॥ ३५-८ ॥

उपमन्युले स्वागत गरे । प्रणाम अभिवादन गरे । इन्द्ररूप शिवले वर माग्न भने । उपमन्युले भने, 'मलाई शिवभक्ति दिनुहोस् ।'

इन्द्ररूप शिवले शिवको निन्दा गरे । उपमन्युलाई इन्द्रको पूजार्चना गर्नु भन्दै भने, 'म तीनै लोकको स्वामी हुँ । म तिमीलाई सबै थोक दिन सक्छु । निर्गुण शिवलाई छोडिदेऊ । शिव त्यसै पनि देवगणहरूदेखि बहिष्कृत (बाहिर) र पिशाच भएका छन् ।

रुद्रेण निर्गुणेनापि किं ते कार्यं भविष्यति ।
देवपङ्क्तिबहिर्भूतो यः पिशाचत्वमागतः ॥ ३५-१९ ॥

शिवनिन्दा सुनेपछि उपमन्यु क्रोधित भए । 'यो तपस्यामा विघ्न गर्न आएको कुनै सुराधम रहेछ । तिमीले बुझेका नै रहेनछौ । शिव त सबै देवगणभन्दा माथि छन् । उनीद्वारा नै यो संसार सञ्चालित छ । त्यसै पनि शिवनिन्दा सुनेर शरीर तुरुन्तै छोडिदिएमा ऊ सिधा शिवलोक जान्छ । त्यसैले म आफ्नो दुध प्राप्त गर्ने इच्छा छोडेर सबैभन्दा पहिले शिवास्त्रले तँलाई वध गर्छु अनि मात्र शरीर छोड्छु ।'

आस्तां तावन्ममेच्छेयं क्षीरं प्रति सुराधमः ।
निहत्य त्वां शिवास्त्रेण त्यजाम्येतत् कलेवरम् ॥ ३५-२८ ॥

बालक उपमन्यु इन्द्ररूप शिवलाई मार्न तत्पर भए । भस्म लिएर भयानक अघोरास्त्रद्वारा अभिमन्त्रित गरे । इन्द्रलाई लक्ष्य गर्दै सन्धान छोडे । त्यसपछि स्वयम् शिवको ध्यान गर्दै आफ्नो पनि शरीर जलाउन आग्नेयी शस्त्र धारण गरे । स्थिति भयावह भयो । शिवले तुरुन्तै नन्दीलाई आज्ञा दिएर अघोरास्त्रलाई स्तम्भन गर्न लगाए । बालक उपमन्युलाई पनि आग्नेयी अस्त्रले रोके र आफ्नो चन्द्रशेखर रूपमा प्रकट भए ।

स्वं रूपमेव भगवानास्थाय परमेश्वरः ।
दर्शयामास विप्राय बालेन्दुकृतशेखरम् ॥ ३५-३४ ॥

त्यसपछि त शिवले क्षीर, अमृत, दही, घिउ आदि हजारौं समुद्र, फल, भक्ष्य, भोज्य आदिको पनि हजारौं समुद्र र मालपुवाको पहाड नै बालक उपमन्युलाई देखाउनुभयो ।

त्यस बेला आकाशमा नगराहरू बज्न थाले । फूलहरूको वर्षा हुन थाल्यो । ब्रह्मा, विष्णु आदि देवताहरूले दशै दिशाहरू ढाकिए । उपमन्युले साँढेमाथि देवीसँग शिव, गणेश्वर र दिव्यास्त्रहरूले सुसज्जित भएर विराजमान भएका शिवको दर्शन गरे । उनी कृत्यकृत्य भए । भक्तिपूर्वक दण्डवत् प्रणाम गरे । शिवले पनि मुस्कुराउँदै बालकको शिर चुम्दै/सुँघ्दै वर दिन थाल्नुभयो ।

उपमन्युलाई वर प्रदान

शिव- **उपमन्यो महाभाग तवाम्बैषा हि पार्वती ।**
मया पुत्रीकृतो ह्यद्य दत्तः क्षीरोदकार्णवः ॥ ३५-४२ ॥

हे उपमन्यु ! यी पार्वती आजदेखि तिम्री माता हुन् भने तिमीलाई म आफ्नो पुत्र मान्नेछु । यो क्षीर सागर मैले तिमीलाई दिँदै छु । तिमी आफन्त, बन्धुवर्गहरूका साथमा यथायोग्य भक्ष्य-भोज्य ग्रहण गर । दुध, दही, मधु, घिउ, भात, फलयुक्त यी सबैलाई भरपूर ग्रहण गर । त्यति मात्र होइन, तिमीले अमरत्व प्राप्त गर्‍यौ र मैले गणपति पद पनि तिमीलाई दिएँ । अरू पनि तिम्रा केही इच्छा भए माग ।

यसरी उपमन्युले सबै थोक प्राप्त गरे । दिव्य ज्ञान, अव्यभिचारिणी भक्ति, अजरामरत्व, यश, तेज, अक्षय कुल गोत्र, शाश्वत भक्ति, आदि सबै शिवशिवाको कृपाले प्राप्त गरे ।

अजरश्चामरश्चैव भव त्वं दुःखवर्जितः ।
यशस्वी तेजसा युक्तो दिव्यज्ञानसमन्वितः ॥ ३५-६१ ॥

यी सबै वर प्रदान गरेर शिव अन्तर्ध्यान भए । वर प्राप्त गरी उपमन्यु पनि घर फर्किए । मातापितालाई सबै वृत्तान्त सुनाए । सबै जना खुसी र कृतकृत्य भए ।

जगाम जननी स्थानं सुखं प्रापाधिकं च सः । ३५-६५ ।

॥ समाप्तोऽयं वायवीय संहितायाः पूर्वभागः ॥

॥ हामी पनि हात जोडेर वन्दना गरौं ॥

करचरणकृतं _ ॥ कायेनवाचा _ ॥ नजानामि योगं _ ॥

॥ ॐ नमः शिवाय ॥

सप्तम वायवीय संहिता

उत्तर भाग

यस संहिताको उत्तर भागमा जम्मा एकचालिस अध्याय छन्

कथासार

शिवमहापुराणको सातौं वायवीय संहिताको पूर्व भागमा पैंतिस अध्याय थिए भने उत्तर भागमा जम्मा एकचालिस अध्याय रहेका छन् । वायुदेवद्वारा नैमिषारण्य निवासी ऋषिहरूलाई शिवतत्त्व सम्बन्धी ज्ञान दिएको वर्णन गरिएकाले यसको नाम वायवीय संहिता रहन गएको हो । पूर्व भागमा वायुदेव स्वयंले ज्ञान दिएका थिए भने, उत्तर भागमा भने उपमन्यु मुनि र श्रीकृष्णबिच भएको संवाद वायुदेवले ऋषिहरूलाई बताइरहेका छन् । यसरी हेर्दा प्रत्यक्ष रूपमा श्रीकृष्ण-उपमन्यु संवाद छ भने परोक्ष रूपमा वायुदेव-ऋषिहरूबिचको संवाद यस उत्तर भागमा रहेको छ ।

मङ्गलाचरणबाट कथानक प्रारम्भ भएको यस उत्तर भागको आरम्भमा उपमन्युले श्रीकृष्णलाई साम्बसदाशिवको व्रत उपदेश दिएर श्रीकृष्णले साम्ब नामको पुत्र प्राप्त गरेको रोचक प्रसङ्गको वर्णन गरिएको छ । त्यसपछि वायुदेवद्वारा पाशुपत ज्ञानको श्रेष्ठता भन्दै मुनिहरूलाई उपदेश दिएको वर्णन गरिएको छ ।

त्यसपछि भगवान् श्रीकृष्णले शिवशिवाद्वारा यो संसार कसरी व्याप्त हुन्छ ? भनेर प्रश्न सोधेपछि उपमन्युले शिवशिवाको विभूतिहरूको वर्णन, शक्ति र पराशक्तिको वर्णन, शिवको यथार्थ स्वरूपको वर्णन जसमा शुद्ध, बुद्ध, मुक्त, सर्वमय, सर्वव्यापक, सर्वातीत, स्वरूपहरूको वर्णनसहित प्रणव स्वरूपको प्रतिपादन गरिएको छ । यसै क्रममा शिवकृपाद्वारा मात्र प्राणीहरूको भुक्तिमुक्ति सम्भव छ, अन्यथा कष्ट उठाउनुपर्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

शिवज्ञान वेदान्तको आधीनमा छ । वेदको व्याख्या गर्ने प्रत्येक युगमा व्यास र योगावतार शिवकृपाबाटै हुन्छ र सबै वेदवेदाङ्गहरूको व्याख्या गरिन्छ भन्ने शाश्वत प्रसङ्गलाई स्पष्ट वर्णन गरिएको छ । यसैगरी शिवभक्तिलाई उच्च महत्त्व दिंदै शिवधर्मका चार पाउको वर्णन, ज्ञानयोग र धर्मको निरूपण, शिवपूजन र भजनको महिमा, वर्णाश्रम धर्म, नारी धर्म, पञ्चाक्षर मन्त्रको महिमालाई विशेष रूपले साङ्गोपाङ्ग वर्णन गरिएको छ ।

त्यसपछि शिवदीक्षा विधान, गुरु महिमा, शिष्य संस्कार, षडध्व लक्षण र दीक्षा प्रकार आदिको बृहत्तर ढङ्गले व्याख्या गर्दै शैवागमद्वारा निर्देशन गरिएका पूजार्चनाको अनुगमन गर्नाले महापापसमेत प्रक्षालित हुने कुरालाई स्पष्ट पारिएको छ ।

यसै गरी नित्य, नैमित्तिक र काम्य कर्महरूको साङ्गोपाङ्ग चित्रण गर्दै, शिवको पञ्चावरण पूजार्चनाले इह परलोकककको कल्याण हुने हुनाले यसको अनुसरण गर्न प्रेरणासमेत प्रदान गरिएको प्रसङ्ग वर्णन गरिएको छ । यसै क्रममा पञ्चावरण पूजार्चनामा उल्लिखित सबै देवीदेवताहरूको स्तुतिपाठ प्रस्तुत गरेर शिव माहात्म्यलाई श्रेष्ठ प्रतिपादन गरिएको छ ।

त्यसपछि लिङ्ग पूजार्चनाको विशेष महत्त्व रहेकाले यसलाई नित्य गर्नुपर्ने, साधकले त शिव पूजार्चनाविना अन्नग्रहण गर्नु समेत नहुने कुरा उल्लेख गरिएको छ । यसै क्रममा ब्रह्मा, विष्णुको मोह हुँदा, ज्योतिर्लिङ्गको रूपमा शिव प्रकट भई मोहभङ्ग गरेको रोचक प्रसङ्ग वर्णित छ ।

यसै गरी अष्टाङ्ग योगको वर्णन, योगमा के कस्ता अप्ठ्यारा र विघ्न आउँछन् ? त्यसलाई निवारण गर्ने उपाय वर्णन गर्दै, शिवयोग ध्यान गर्दा अपनाउनुपर्ने विषयलाई पनि स्पष्ट पारिएको छ । शिवक्षेत्रको वास र मृत्युले शिवधामको प्राप्ति हुने वर्णन गर्दै वायुदेवको बिदाइ, काशीमा दिव्यतेजको दर्शन, ब्रह्माद्वारा ऋषिहरूलाई सिद्धि प्राप्ति भएको जानकारी सहित श्रीकृष्ण र उपमन्युको उपाक्रमलाई पूर्ण गर्दै शिवमहापुराणको महिमा र ग्रन्थको उपसंहार गरिएको छ ।

अध्याय प्रथम

उपमन्युद्वारा श्रीकृष्णलाई साम्बशिवव्रतको उपदेश तथा साम्ब नामको पुत्रप्राप्ति

मङ्गलाचरण-

नमः समस्तसंसारचक्रभ्रमणहेतवे ।
गौरीकुचतटद्वन्द्वकुङ्कुमाङ्कितवक्षसे ॥ १ ॥

अर्थात् जसको वक्षस्थलमा पार्वतीको स्तनयुग्ममा लगाएको कुङ्कुम चिन्हित छ, त्यस्ता अखिल संसार चक्रलाई चलाउने शिवलाई नमस्कार छ ।

ऋषिहरू- हे वायुदेव ! वसुदेवपुत्र श्रीकृष्णले कसरी उपमन्युलाई गुरु धारण गरे ? कसरी पाशुपत व्रतको ज्ञान प्राप्त गरे ? यही व्रतको कृपाले साम्बपुत्र प्राप्त भएको भन्ने सुनेका

थियौं, यो कसरी भयो ? यी विषयहरू सविस्तार वर्णन गर्नुहोस् ।

वायुदेव उत्तर दिन थाल्नुभयो- हे महर्षिहरूको हो !

यद्यपि सनातन वासुदेव श्रीकृष्ण आफ्नो इच्छाले भूलोकमा अवतरित भए । मनुष्य देहलाई पवित्र गराए । आफ्नो वंशविस्तार गर्ने उद्देश्यले तपस्या गर्न गए । त्यहीँ उपमन्युसँग श्रीकृष्णको भेट भयो ।

पुत्रार्थं हि तपस्तप्तुं गतस्तस्य महामुनेः ।
आश्रमं मुनिभिर्दृष्टं दृष्टवांस्तत्र वै मुनिम् ॥ १३ ॥

उपमन्यु साक्षात् द्वितीय शिवझैँ देखिएका थिए । तेजस्वी, भस्माङ्गी, त्रिपुण्ड्रधारी, रूद्राक्षधारी, जटाजूटयुक्त, मुनिगणहरूबिच सुशोभित, शान्त देखिएका थिए । यस्ता तपस्वी उपमन्युलाई दर्शन गरी श्रीकृष्ण कृतकृत्य भए, प्रणाम गरे, तीनपटक प्रदक्षिणा गरे, प्रेमपूर्वक स्तुति गरे । मुनिको दर्शनले श्रीकृष्ण शुद्ध भए । त्यसपछि 'अग्निरिति भस्म..' आदि मन्त्रले भस्मदलन गरे र बाह्र महिना (एक वर्ष) को पाशुपत व्रत गराएर, उनलाई उत्तम ज्ञान प्रदान गरे । त्यसपछि श्रीकृष्णले पुत्रप्राप्तिको इच्छा राख्दै तपस्या गर्न थाले ।

अथ पाशुपतं साक्षाद् व्रतं द्वादशमासिकम् ।
कारयित्वा मुनिस्तस्मै प्रददौ ज्ञानमुत्तमम् ॥ १९ ॥

तपस्या गरेको एक वर्ष पूरा भयो । शिवशिवाको दर्शन भयो ।

तपसा तेन वर्षान्ते दृष्टोऽसौ परमेश्वरः ।
श्रिया परमया युक्तः साम्बश्च सगणः शिवः ॥ २२ ॥

शिवशिवा प्रसन्न मुद्रामा थिए । उनीहरूले आफ्नो पुत्र वरको रूपमा प्रदान गरे । अम्बासहित शिवले पुत्र दिएको हुनाले त्यसको नाम साम्ब रहेको हो, जो जाम्बवतीको गर्भबाट समय आएपछि प्रकट भएको हो । रूद्रको अंश भएको हुनाले यही साम्बपुत्र नै यदुवंशको संहारको कारक हुन पुग्यो । यो सबै महापराक्रमी श्रीकृष्णले प्राप्त गरेको ज्ञान र शिवबाट पुत्रप्राप्तिको वरदान वर्णन भयो । अगाडि के सुन्ने इच्छा छ ?

अध्याय द्वितीय, तृतीय

पाशुपत ज्ञानको श्रेष्ठताको उपदेश

ऋषिहरूले पुनः प्रश्न गरे- पाशुपत ज्ञान के हो ? यसको इतिहास के हो ? श्रीकृष्णले उपमन्युसँग कसरी यो ज्ञान प्राप्त गरे ?

वायुदेव- हे महर्षिहरू हो !

पाशुपत ज्ञान सर्वप्रथम महेशले पार्वतीलाई प्रदान गरेका थिए । त्यही प्रसङ्ग श्रीकृष्णले उपमन्युसँग सोधेका थिए जुन वार्तालापलाई उनीहरूकै संवादबाट म सुनाउँछु, सुन्नुहोस् ।

उपमन्यु- हे श्रीकृष्ण !

ब्रह्माद्या स्थावरान्ताश्च देवदेवस्य शूलिनः ।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ॥ २-११ ॥

ब्रह्मादेखि स्थावरपर्यन्त सबै शिवकै अधीनमा छन् र यी सबैलाई पशु भनिन्छ । यिनीहरू शिवकै मल र माया आदि पाशले बाँधिएका छन्, त्यसैले शिवलाई पशुहरूका पति भनिन्छ । मायाका कर्म र गुण चौबिसवटा छन्, यसैलाई विषय भनिन्छ । ती चौबिस तत्त्वहरू हुन्- पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, पञ्चतन्मात्रा, पञ्चमहाभूत, मन, बुद्धि, अहङ्कार र प्रकृति । यसमा पुरुष (शिव) समेत मिलाउँदा पच्चिस तत्त्व हुन्छन् । यी तत्त्वहरू ब्रह्मादेखि तृणपर्यन्त व्याप्त रहेका छन् । संसार यसैले बनेको छ ।

शासनाद्देवदेवस्य शिवस्य शिवदायिनः ।
ब्रह्मादिनां तृणान्तानां देहिनां देहसङ्गतिम् ॥ २-१८ ॥

शिवको आज्ञालाई शिरोधार्य गर्दै अग्नि, वायु, आकाश, जल, पृथ्वी, तेज सबै आआफ्नो कार्य गर्छन् । शिवसहित देवताहरू तीनै लोकको रक्षा, असुरहरूको संहार गर्दै त्रिलोकमा धर्म र शान्ति स्थापना गर्छन् । उनकै आज्ञाले ब्रह्मा सृष्टि, विष्णु पालन र हर हरण (संहार) गर्दछन् । शिव नै यी तीन रूपमा विभाजित भएर नित्य यस्तो कार्य गर्छन् । उनी नै कालहरूका काल महाकाल मानिन्छन् । कालकै आज्ञाबाट संसार चल्दछ ।

कालः करोति सकलं कालः संहरति प्रजाः ।
कालः पालयते विश्वं कालकालस्य शासनात् ॥ २-३५ ॥

शिवकै आज्ञाले सूर्य र चन्द्रमा आआफ्ना किरणद्वारा औषधि, वनस्पति, चर, अचरहरूको पोषण गर्दछन् । त्यति मात्र होइन आदित्य, वसु, रुद्र, अश्विनीकुमार, मरुत्, खेचर, ऋषि, सिद्ध, सर्प, मनुष्य, मृग, पशु, पक्षी, कीट, स्थावर, नदी, समुद्र, वन, पर्वत, सरोवर, वेद, वेदाङ्ग, शास्त्र, मन्त्र समूह, तथा यज्ञ, कालाग्निदेखि शिवपर्यन्त अधिपतिहरू सहित भुवन, असङ्ख्य ब्रह्माण्ड, तथा तिनीहरूका आवरण, सम्पूर्ण भूत, भविष्य, वर्तमान दिशा, विदिशा, कलाभेद, कला आदि जे जे सुनिएको या देखिएको छ, यी सबै शिवकै आज्ञाको बल र शक्तिले टिकेका छन् । अर्थात् सम्पूर्ण चराचर शिवकै आज्ञाले स्थिर भएर कार्य गर्दछन् ।

यच्च किञ्चिज्जगत्यस्मिन् दृश्यते श्रूयतेऽपि वा ।
तत्सर्वं शङ्करस्याज्ञा बलेन समधिष्ठितम् ॥ २-४३ ॥

एकपल्ट देवताहरू दानवलाई परास्त गरी अभिमानयुक्त भएर उन्मत्त भएका थिए । त्यति बेला नै शिवले यक्षको रूपमा प्रकट भई देवताहरूको अगाडि एउटा तृण राखेर यसलाई हटाओ भन्नुभएको थियो । त्यसपछि वायुदेवले उडाउने प्रयत्न गरे, अग्निले जलाउन खोजे, कसैको उपायले काम गरेन । त्यति भएपछि यक्षस्वरूप शिव अन्तर्ध्यान हुनुभयो र देवीले आकाशवाणीबाटै भनिन्, 'हे देवताहरू हो ! तिमीहरू आफैँले आफैँलाई पराक्रमी, बलशाली, शूरवीर सम्झिन्थ्यौ, तर त्यो होइन, तिमीहरूभन्दा पर, सबैका नियन्ता कोही अर्कै छन्, जसको कृपा, आशीर्वादको बलले तिमीहरूले विजय प्राप्त गरेका हौ भन्दै आकाशवाणी बन्द भएको थियो ।

येनेदं भ्रम्यते चक्रं संसाराख्यं चराचरम् ।
तेनादौ क्रियते विश्वं तेन संह्रियते पुनः ॥ २-५८ ॥

शिवका पाँच प्रमुख ब्रह्ममूर्ति मानिन्छन् । ती हुन्- ईशान, पुरुष, अघोर, वामदेव, सद्योजात । यिनीहरूको अतिरिक्त ब्रह्मा, विष्णु, रुद्र, महेशान र सदाशिव पनि शिवकै मूर्ति हुन् । यिनीहरूबाटै चराचर व्याप्त छ । यिनीहरूको व्यापकता यसरी वर्णन गरिएको छ ।

ईशान- श्रोत्र, वाणी, शब्द, विभु र आकाश यी ईशान स्वरूप हुन् ।
तत्पुरूष- त्वचा, हात, स्पर्श, र वायु यी तत्पुरुष स्वरूप हुन् ।
अघोर- नेत्र, चरण र अग्नि यी अघोर स्वरुप हुन् ।
वामदेव- जिह्वा, गुदा, रस र जल, यी वामदेव स्वरूप हुन् ।
सद्योजात- प्राण, गन्ध, लिङ्ग, र पृथ्वी, यी सद्योजात स्वरूप हुन् ।

त्यसैगरी शिवका अष्टमूर्तिद्वारा नै यो संसार व्याप्त छ । यी आठमूर्ति, शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, ईशान, र महादेव हुन् । जसरी वृक्षको मूलमा सिञ्चन गर्नाले सम्पूर्ण हाँगाहरू पुष्ट हुन्छन्, त्यसरी नै शिवको सेवा उपासना गर्नाले सम्पूर्णता प्राप्त हुन्छ ।

वृक्षस्य मूलसेकेन शाखाः पुष्यन्ति वै यथा ।
शिवस्य पूजया तद्वत्पुष्यत्यस्य वपुर्जगत् ॥ ३-२९ ॥

जसरी पुत्र, पौत्र आदि प्रसन्न भए भने पिता पनि प्रसन्न हुन्छन् त्यसैगरी सबै प्रसन्न हुँदा शिव पनि प्रसन्न हुन्छन् । त्यसैले कुनै पनि देहधारीलाई दण्ड दिनु भनेको अष्टमूर्तिलाई नै दण्ड दिए समान हुन्छ । त्यसैले कुनै पनि हालतमा शिवको आराधना गरिरहनुपर्छ ।

सर्वोपकारकरणं शिवस्याराधनं विदुः ।
भजस्व सर्वभावेन रुद्रं परमकारणम् ॥ ३-३३ ॥

अध्याय चतुर्थ

शिवशिवाको विभूतिहरूको वर्णन

श्रीकृष्ण- शिवशिवा रूपले नै यो संसार कसरी व्याप्त छ ? यिनीहरूका विभूतिहरू के कसरी रहेका छन् ?

उपमन्यु- हे श्रीकृष्ण !

शक्ति साक्षात् महादेवी महादेवश्च शक्तिमान् ।
तयोर्विभूतिलेशो वै सर्वमेतच्चराचरम् ॥ ४ ॥

यस संसारमा कोही जड र कोही चेतन रूपले भरिएको छ । यी दुवैलाई शुद्ध-अशुद्ध या पर-अपर भनिन्छ । जो चेतनतत्त्व जड मण्डलसँग मिलेर संसारमा विचरण गरिरहेकोलाई अशुद्ध र अपर भनिन्छ भने जो चेतनतत्त्व जड बन्धनबाट मुक्त छ, त्यो नै पर र शुद्ध भनेर व्याख्या गरिएको छ । पर र अपरको स्वामित्व शिवशिवाको साथ रहेको छ । शिवशिवाकै वशमा यो संसार रहेको छ । तर संसारको वशमा शिवशिवा रहँदैनन् । जस्तो शिव छन्, त्यस्तै शिवादेवी छिन् र जस्तो शिवादेवी छिन्, त्यस्तै शिव छन् । जसरी चन्द्रमा र चाँदनीमा कुनै अन्तर छैन, किनकि चाँदनीविना चन्द्रमा सुशोभित हुँदैनन्, जसरी सूर्यदेव प्रभाव (प्रकाश) विना रहँदैनन्, प्रकाश नहुनु भनेको सूर्यदेव पनि नहुनु हो । ठिक त्यसै गरी शक्ति र शक्तिमान्ले सधैं एकअर्काको अपेक्षा राख्छन्, किनकि यी दुवै एक अर्काका पूरक हुन् ।

एवं परस्परापेक्षा शक्तिः शक्तिमतो स्थिताः ।
न शिवेन विना शक्तिर्न शक्त्यां च विना शिवः ॥ १२ ॥

ज्ञानी पुरुष शक्तिलाई परमात्मा शिवकी सृष्टिधर्मिणी, समधर्मिणी भन्दछन् । त्यही शक्ति नै शिवेच्छाद्वारा अनेक प्रकारले विश्वको रचना गर्छिन् । त्यो शक्तिलाई कतै मूलप्रकृति, कतै माया र कतै त्रिगुणा भनेर तीन प्रकारले वर्णन गरिएको छ । शक्तिरूपिणी शिवाले नै यस जगत्को विस्तार गरेको हो । व्यवहार रूपले, भेदले यिनका अनेक रूप मानिन्छन् ।

एकधा च द्विधा चैव तथा शतसहस्रधा ।
शक्तयः खलु भिद्यन्ते बहुधा व्यवहारतः ॥ १७ ॥

कल्पको सुरुवात हुँदा तिलमा तेल भएझैँ प्रकट हुन्छ । त्यसपछि शक्तिमान्बाट शक्तिमा क्रियामयी शक्ति प्रकट हुन्छ । उनी विक्षुब्ध हुनासाथ नादब्रह्म प्रकट हुन्छ । त्यसपछि नादबाट विन्दु प्रकट हुन्छ । विन्दुबाट सदाशिव, सदाशिवबाट महेश्वर, महेश्वरबाट शुद्ध

विद्या प्रकट हुन्छिन् जुन वाणीकी ईश्वर हुन् । त्यसपछि वाणी वर्णहरूको रूपमा विस्तार हुन्छ । त्यसपछि अनन्तको समावेश हुन्छ, जसले माया प्रकट हुन्छ । त्यही मायाले अगाडि गएर काल, नियति, कला र विद्याको सृष्टि गर्छिन् । कलाबाट राग र पुरूष उत्पन्न भए । मायाबाटै त्रिगुणात्मक अव्यक्त प्रकृति प्रकट भए । त्यसपछि त्रिगुणात्मक अव्यक्तबाटै सत्त्व, रज, तम तीन गुण उत्पन्न भए । गुणहरूमा क्षोभ भएपछि गुणेश नामक तीन मूर्तिहरू प्रकट भए र साथसाथै महदादि तत्त्वहरू पनि क्रमशः प्रकट भए ।

शरीरान्तर भेदले शक्तिका अनेकानेक भेद भए, जो स्थूल र सूक्ष्म रूपले सर्वत्र व्यापक हुन पुगे ।

रुद्रस्य रौद्री सा शक्तिर्विष्णोर्वै वैष्णवी मता ।
ब्रह्माणी ब्रह्मणः प्रोक्ता चेन्द्रस्यैन्द्रीति कथ्यते ॥ २७ ॥

सम्पूर्ण स्थावर जङ्गमरूप जगत् शक्तिमय छ । यो शक्ति परमात्मा शिवको कला हो । पराशक्ति नै शक्तिमान् ईश्वरको इच्छानुसार चराचर जगत्‌को सृष्टि गर्छिन्- यस्तो विद्वान्‌हरू मान्दछन् ।

ज्ञान, क्रिया र इच्छा, यी तीन शक्तिहरूद्वारा शक्तिमान् ईश्वर सधैं सम्पूर्ण विश्वलाई व्याप्त गरिरहन्छन् । इच्छाशक्तिद्वारा कार्यको नियमन, ज्ञानशक्तिद्वारा कार्य, करण, कारण र प्रयोजनको ठिक ठिक निश्चय गर्दछन् भने क्रियाशक्तिद्वारा सङ्कल्परूपिणी भएर उनकै इच्छा र निश्चय अनुसार कार्यरूप सम्पूर्ण जगत्‌लाई क्षणभरमै कल्पना गर्दछिन् । त्यसैले यी तीन शक्तिहरूले नै जगत् सञ्चालन/उत्थान गर्दछन् ।

यथा शक्ति त्रयोत्थानं शक्ति प्रसवधर्मिणी ।
शक्त्या परमया नुन्ना प्रसूते सकलं जगत् ॥ ३५ ॥

शक्तिको संयोग प्राप्त भएपछि मात्र शिव शक्तिमान् हुन्छन् । शक्ति र शक्तिमान्‌द्वारा यो जगत् प्रकट हुने भएकाले जगत्‌लाई शाक्त र शैव भनिन्छ । जसरी स्त्रीपुरूषविना सन्तान उत्पादन हुँदैन, त्यसरी नै भव र भवानीविना यो चराचर जगत्‌को पनि उत्पत्ति हुँदैन । शिवलाई पुरूष महेश्वर, सदाशिव, विश्वेश्वर भनिन्छ भने शिवालाई प्रकृति, माया, मनोन्मयी, रूद्राणि, पराशक्ति आदि नामले पुकारिन्छ ।

शक्तिमान् र पराशक्ति

यो संसार स्त्रीपुरूषको संयोगले बनेको हुनाले यसलाई स्त्रीपुंसात्मक भनिन्छ, यसमा शक्तिमान् पुरूष हुन्, उनलाई शिव भनिन्छ भने पराशक्ति स्त्री हुन् र उनलाई शिवा भनिन्छ । शक्तिविना पुरूष क्रियाहीन अर्थात् शव हुन्छ ।

स्त्रीपुंसप्रभवं विश्वं स्त्रीपुंसात्मकमेव च ।
स्त्रीपुंसयोर्विभूतिश्च स्त्रीपुंसाभ्यामधिष्ठितम् ॥ ३७ ॥

शक्तिमान्	पराशक्ति	शक्तिमान्	पराशक्ति
विष्णु -	लक्ष्मी	ब्रह्मा -	ब्रह्माणी
भाष्कर -	प्रभा	महेन्द्र -	शची
अग्नि -	स्वाहा	यम -	यमप्रिया
निर्ऋति -	नैर्ऋति	वरूण -	वारूणी
वायु -	वायुप्रिया	यक्ष -	ऋद्धि
चन्द्र -	रोहिणी	ईशान -	ऐशानी
अनन्त -	अनन्ता	कालाग्नि -	कालान्तक
स्वयम्भू -	शतरूपा	दक्ष -	प्रसूति
रूचि -	आकूति	भृगु -	ख्याति
मरीचि -	सम्भूति	अङ्गिरा -	स्मृति
पुलस्त्य -	प्रीति	क्रतु -	सन्नति
अत्रि -	अनसूया	कश्यप -	अदिति
वशिष्ठ -	अरुन्धती	राम -	सीता

यसरी नै संसारका सबै पुरूष शक्तिमान् हुन् भने सबै स्त्रीहरू पराशक्ति हुन् ।

शङ्करः पुरूषाः सर्वे स्त्रियः सर्वा महेश्वरी ।
सर्वे स्त्रीपुरूषास्तस्मात्तयोरेव विभूतयः ॥ ५४ ॥

त्यसैगरी शिव विषयी हुन् भने शिवा विषय, शिव श्रोता हुन् भने शिवा श्राव्य, देख्न योग्य शिवा हुन् भने द्रष्टा शिव हुन् । प्रिय पार्वती हुन भने प्रीति नीलकण्ठ । क्षेत्रता पार्वती हुन् भने क्षेत्रज्ञ शिव, शिव दिन हुन् भने पार्वती रात्रि, आकाश शिव हुन् भने पृथ्वी शिवा हुन् । शिव समुद्र हुन् भने वेला पार्वती हुन् । वृक्ष शिव हुन् भने लता पार्वती हुन् । शिव शब्द हुन् भने अर्थ पार्वती हुन् ।

यस्य यस्य पदार्थस्य या या शक्तिरुदाहृता ॥
सा सा विश्वेश्वरी देवी स स सर्वो महेश्वरः ॥ ६७ ॥

यी जुन विभूतिहरू वर्णन गरिए, यी सबै प्राकृत र अपरा हुन् । अप्राकृत या परा विभूति अलग्गै छन् जसलाई गुप्त भनिएको छ । यसलाई रहस्यवेत्ताहरूले मात्र जान्दछन् । जहाँ पुगेर इन्द्रियसहित मन, वाणी, फर्किन्छ, त्यही नै परमेश्वरको अप्राकृत, परा विभूति हो, त्यही नै परमधाम, परमगति हो ।

यतो वाचो निवर्तन्ते मनसा चेन्द्रियैः सह ।
अप्राकृती परा चैषा विभूतिः पारमेश्वरी ॥ ७६ ॥

अध्याय पञ्चम

शिवको यथार्थ स्वरूपको वर्णन

उपमन्यु- हे श्रीकृष्ण !

विग्रहं देवदेवस्य विश्वमेतच्चराचरम् ।
तदेव न विजानन्ति पशवः पाशगौरवात् ॥ १ ॥

यो सम्पूर्ण चराचर जगत् शिवको विग्रह हो । जीवात्मा पाशबन्धनमा बाँधिएकाले थाहा पाइरहेको हुँदैन । शिव एक छन्, तर महर्षिहरू अनेक रूपले उपासना गर्छन् । अपरब्रह्मरूप नै परब्रह्मस्वरूप हो । शिवको निर्विकल परम तत्त्वलाई नजान्दा, तिनै एकलाई नै अनेक रूपमा वर्णन गर्छन्, जस्तो कोही महादेव, कोही अनादि निधन, कोही पञ्चमहाभूत, कोही इन्द्रिय, कोही अन्तःकरण चतुष्टय, कोही अपरब्रह्म, कोही परब्रह्म, कोही ब्रह्म भन्दछन् । त्यसैगरी तिनै शिवलाई कोही विद्या-अविद्या, कोही चेतन-अचेतन, कोही क्षर-अक्षर, कोही समष्टि-व्यष्टि, कोही व्यक्त-अव्यक्त आदिद्वारा जान्ने कोसिस गर्छन् । वस्तुतः यी सबै शिवकै स्वरूप हुन् ।

क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ।
उभे ते परमेशस्य रूपे तस्य वशं यतः ॥ ११ ॥

त्यसैगरी शिवलाई सगुण-निर्गुण, घोर-साम्य, रागवान्-वीतराग, सक्रिय-निष्क्रिय, ध्रुव-अध्रुव, दृष्य-अदृश्य, वाच्य-अवाच्य, शब्दात्मक-शब्दातीत, चिन्तामय-चिन्तारहित, ज्ञानात्मक-ज्ञानस्वरूप, ज्ञेय-अज्ञेय आदिका रूपमा चिन्तन मनन गर्छन् । वस्तुतः यी सबै शिवकै स्वरूप हुन् ।

अदृश्यमपरे प्राहुर्दृश्यमित्यपरे विदुः ।
वाच्यमित्यपरे प्राहुरवाच्यमिति चापरे ॥ ३० ॥

जीवात्मा संसारको वशमा परेर पाशबद्ध हुन्छ र चक्रनेमिझैँ सांसारिक दुःखहरूका साथ परिभ्रमण गर्दछ । यदि ईश्वरतिर फर्कियो भने पाशहरूबाट छुटकारा पाउँछ र मुक्त हुन्छ । त्यसका लागि सर्वकारण, सर्वव्यापक, निरञ्जन, अनादि, अगोचर परमपति शिवको आराधना गर्नुपर्दछ । यसो गर्नाले नै सबै बन्धनहरूबाट छुट्टिन्छ र ईश्वरको सायुज्य प्राप्त हुन्छ ।

यावत्पशुर्नैव पश्यत्यनीशं कविं पुराणं भुवनस्येशितारम् ।
तावद्दुःखे वर्तते बद्धपाशः संसारेस्मिञ्चक्रनेमिक्रमेण ॥ ३६ ॥

अध्याय षष्ठम

शिवको शुद्ध, बुद्ध, मुक्त, सर्वमय, सर्वव्यापक, सर्वातीत एवम् प्रणवस्वरूपको प्रतिपादन

उपमन्यु- हे यदुनन्दन !

न शिवस्याणवो बन्धः कार्यो मायेय एव वा ।
प्राकृतो वाथ बोद्धा वा ह्यहङ्कारात्मकस्तथा ॥ १ ॥

अर्थात् शिव मायातीत हुन् । मायाको लेश पनि शिवमा हुँदैन । उनी न त प्रकृति, माया, बुद्धि र अहङ्कारकै वशमा हुन्छन् । त्यसै गरी शिवलाई मन, चित्त, इन्द्रिय, तन्मात्रा र पञ्चमहाभूतहरूको बन्धन रहँदैन । उनी न त काल, कला, नियति, अविद्या, राग, द्वेषहरूको नै बन्धनमा रहन्छन् । शिवलाई कुशल, अकुशल कर्म या यिनीहरूको परिणाम सुख, दुःख या यिनीहरूको फलप्रति नै कुनै आग्रह-दुराग्रह रहन्छ । शिवको न कुनै वासना, न कर्महरूको संस्कार न, त तीनै काल (भूत, वर्तमान, भविष्य) भोग, न तिनीहरूको संस्कारसँग नै सम्बन्ध रहन्छ ।

न तस्य कारणं कर्ता नादिरन्तस्तथान्तरम् ।
न कर्म कारणं वापि नाकार्यं कार्यमेव च ॥ ६ ॥

शिवका न कोही बन्धु छन्, न कोही शत्रु छन्, न कसैले यिनलाई नियन्त्रण नै गर्छ, न कोही प्रेरक नै छन्, न कोही पति, न गुरु, न रक्षक नै छन् । त्यसै गरी न यिनका बराबरी गर्ने नै कोही छन्, न कोही यिनीभन्दा माथि नै छन् । न यिनको जन्म नै हुन्छ, न मरण नै हुन्छ, न कुनै इच्छित, न कुनै अनिच्छित, न विधि, न निषेध, न मुक्ति, न बन्धन नै छ । उनी त सम्पूर्ण चराचर ब्रह्माण्डका कल्याणमय स्वरुप हुन् ।

न विधिर्न निषेधश्च न मुक्तिर्न च बन्धनम् ।
कल्याणं सकलं चास्ति परमात्मा शिवो यतः ॥ ८ ॥

शिव त आफ्नै शक्तिद्वारा सबैमा अधिष्ठित छन् । उनी कहिल्यै विश्राम लिँदैनन्, च्युत/पतन हुँदैनन् । आफ्नै भावमा स्थित हुनाले नै उनलाई स्थाणु भनिन्छ । यो स्थावर, जङ्गम जगत् शिवद्वारा नै अधिष्ठित छ, त्यसैले शिवलाई सर्वरूप, सर्वव्यापक, सर्वातीत भनिएको हो । परमात्मा शिवलाई प्रणव भनिन्छ । यसैमा वाच्य-वाचकको एकता छ ।

प्रणवो वाचकस्तस्य शिवस्य परमात्मनः ।
शिवरूद्रादिशब्दानां प्रणवो हि परः स्मृतः ॥ २३ ॥

प्रणवमा चार मात्रा छन्, 'अ, उ, म र नाद' यी क्रमशः ऋक्, यजु, साम र अथर्ववेद हुन् । त्यसै पनि अबाट ब्रह्मा, उबाट विष्णु, मबाट महेश र नादबाट शिव भएका हुन् । यसभन्दा अलग पर-अपर र सूक्ष्म-बृहत् कोही छैनन् । शिव वृक्षझैँ अचल छन् र सबैलाई पूर्णता प्रदान गरेका छन् ।

अध्याय सप्तम

शक्तिको सर्वव्यापकता, शिव सेवा, भक्ति गर्नाले भुक्ति-मुक्ति प्राप्त हुने

उपमन्यु- हे यदुनन्दन श्रीकृष्ण !

शक्तिः स्वाभाविकी तस्य विद्या विश्वविलक्षणा ।
एकानेकस्य रूपेण भाति भानोरिव प्रभा ॥ १ ॥

अर्थात् विश्व विलक्षण विद्या परमात्माको स्वाभाविक शक्ति हो । सूर्यको किरणझैँ एक भएर अनेकमा प्रकाशित हुन्छ । परमात्माका इच्छाशक्ति, ज्ञानशक्ति, क्रियाशक्ति आदि अनेक शक्तिहरू छन् । यी सबै शक्तिहरू मायाबाट प्रकट भएका हुन्, जसरी आगोबाट झिल्को प्रकट हुन्छ । त्यो शक्ति सर्वत्र व्याप्त छ, सूक्ष्म भएर पनि व्यापक छ, प्रबोध र आनन्दरूप छ । शिव यिनै शक्तिहरूका शक्तिमान् हुन् ।

शक्ति तत्त्व नै विद्या, प्रज्ञा, श्रुति, स्मृति, धृति, स्थिति, निष्ठा, ज्ञान, इच्छा, कर्म, आज्ञा आदि रूपले सर्वत्र स्थित रहेको छ । शक्तिका पनि पर र अपर दुई विद्या विद्यमान छन् । माया, प्रकृति, जीव, विकास, विकृति, सत्, असत् जे जे देखिनछ या अनुभव, अनुभूति हुन्छ ती सबै शक्तिद्वारा नै व्याप्त छन् ।

सा देवी मायया सर्वं ब्रह्माण्डं सचराचरम् ।
मोहयत्यप्रयत्नेन मोचयत्यपि लीलया ॥ ९ ॥

शक्ति र शक्तिमान्‌द्वारा नै चराचर ब्रह्माण्ड व्याप्त छ । यी दुवै ध्यानयोग्य, पूजनयोग्य, सेवनयोग्य छन् । शक्तिमान् र शक्ति आपसमा कहिल्यै वियोग हुँदैनन् । यिनीहरूको आराधना, सेवा, भक्ति गर्नाले परम सुख, शान्ति मिल्छ । यी प्रसन्न भए भने तत्काल मुक्ति प्राप्त हुन्छ । चाहे देव होस् या दानव, या पशु, पक्षी, शुक्, कृमि, या गर्भस्थ या बालक,

युवा, वृद्ध, या मृत्यु सम्मुख नै किन नपुगेको होस्, या स्वर्ग वा नरकमै किन नहोस्, या पतित, धर्मात्मा, दुष्ट, पण्डित या मूर्ख नै किन नहोस्, शक्ति र शक्तिमान्को कृपा हुनासाथ तत्काल मुक्त हुन्छन् । जसले श्रुतिस्मृतिद्वारा विहित धर्माचरण गर्छ, त्यस्ता व्यक्तिमा वा अनेक जन्मदेखि सिद्ध भएका ज्ञानी, पुण्यात्मा, विरक्तहरूमाथि शिव अत्यन्त प्रसन्न हुन्छन्, तिनीहरूको अनुसरण गर्नाले, तिनीहरूभैँ आचरण र व्यवहार गर्नाले शिवको कृपा हुन्छ, त्यसैले शिवभक्ति या भक्तहरूको सेवा, आराधना अहर्निश गरिरहनुपर्छ । भक्ति गर्नाले मुक्ति हुन्छ, अनि मुक्तिले नै निर्वाण प्राप्त हुन्छ ।

परया च तया भक्त्या प्रसादो लभ्यते परः ।
प्रसादात् सर्वपाशेभ्यो मुक्तिर्मुक्तस्य निर्वृतिः ॥ ३२ ॥

शिवलाई पाँच किसिमले उपासना गर्न सकिन्छ । शिवको चिन्तन गर्नु मानसिक सेवा हो । जप गर्नु वाणीको सेवा हो । पूजार्चना या प्रणाम अभिवादन गर्नु शारीरिक सेवा हो । यसै गरी लिङ्गार्चन गर्नु कर्मसेवा हो । चान्द्रायण आदि व्रत गर्नु तप सेवा हो । जप पनि स्मरण चिन्तन र मनन गरी तीन प्रकारको हुन्छ । यसरी मन, वाणी र शरीरद्वारा गरिने यी सबै उपासना/सेवा शिवलाई प्रसन्न गराउने साधन हुन् ।

यो सम्पूर्ण ज्ञान स्वयं शिवले पार्वतीलाई दिनुभएको हो, जुन शिव आराधना गर्ने भक्तहरूका लागि आधार पनि हो ।

श्रीकण्ठेन शिवेनोक्तं शिवायै च शिवागमः ।
शिवाश्रितानां कारूण्याच्छ्रेयसामेकसाधनम् ॥ ३९ ॥

अध्याय अष्टम, नवम

सूर्यदेवलाई अर्घ्य दिँदा शिव प्रसन्न हुने, तथा व्यास र योगावतारको वर्णन

श्रीकृष्णद्वारा शिवले प्रदान गरेको वेदसार शिवज्ञान र त्यसको पूजाविधि सम्बन्धी विषयमा जिज्ञासा राखेपछि-

उपमन्यु- हे श्रीकृष्ण !

शैवं सङ्क्षिप्य वेदोक्तं शिवेन परिभाषितम् ।
स्तुति निन्दादिरहितं सद्यः प्रत्ययकारकम् ॥ ८-६ ॥

अर्थात् शैवशास्त्र स्तुतिनिन्दारहित एवम् शीघ्र नै विश्वास गर्न सकिने शास्त्र हो । गुरुको

कृपाले शिवतत्त्वसम्बन्धी ज्ञान सरल र सहजै प्राप्त गर्न सकिन्छ । शिव त सर्वव्यापक, सर्वभूतमय, चराचरको कण कणमा व्याप्त छन् । सूर्यदेव शिव र चन्द्रमा पार्वती स्वरूप हुन् । सूर्य साक्षात् शिवरूप हुन् । सूर्यलाई पूजार्चना गरेर अर्घ्यजल अर्पण गर्नाले सबै खाले पाप नष्ट हुन्छन् र शिवसायुज्य प्राप्ति हुन्छ ।

तस्मादभ्यर्च्ययेनित्यं शिवमादित्यरूपिणम् ।
धर्मकामार्थमुक्त्यर्थं मनसा कर्मणा गिरा ॥ ८-३७ ॥

शिवशास्त्र, शिवज्ञान, शिवतत्त्वलाई व्यापक गर्न प्रत्येक युगमा शिव स्वयम् अवतार लिने गर्छन्, जसलाई व्यासावतार भनिन्छ ।

अट्ठाइस व्यासहरूको नाम

ऋभु, सत्य, भार्गव, अङ्गिरा, सविता, मृत्यु, इन्द्र, बुद्धिमान्, वशिष्ठ, सारस्वत, त्रिधामा, मुनिवर, त्रिवर्त, शततेजा, नारायण, आरुणि, कृतञ्जय, भरद्वाज, गौतम, वाचश्रवा, सूक्ष्मायणि, शुचि, तृणविन्दु, कृष्णशक्ति, शक्तेय, उत्तर, जातूकर्ण्य र कृष्णद्वैपायन ।

जातूकर्ण्यो हरिः साक्षात् कृष्णद्वैपायनो मुनिः ।
व्यासावतारान् शृण्वन्तु कल्पयोगेश्वरान् क्रमात् ॥ ८-४८ ॥

द्वापरको अन्त्यमा व्यासको अवतार हुन्छ । स्वयम् शिव नै व्यासको रूपमा अवतरण भई वेदको व्याख्या र शैव धर्मको विस्तार गर्नुहुन्छ । प्रत्येक व्यासावतार हुँदा अन्य तेजस्वी प्रमुख चार शिष्य हुन्छन् र यिनीहरूका पनि शिष्य प्रशिष्य हुँदै हज्जारौं हुन पुग्छन् । अहिले कृष्णद्वैपायन व्यास अवतरित भएका छन् र उनका चार शिष्य, पैल, वैशम्पायन, जैमिनी, सुमन्तु हुन् ।

एक सय बाह्र योगाचार्यहरूको नाम

प्रत्येक युगमा शिव नै योगाचार्यका रूपमा अवतरण गर्नुहुन्छ । यी कुल एक सय बाह्र छन् । अट्ठाइस योगाचार्यहरूका चार चार शिष्यसमेत जोड्नाले एक सय बाह्र हुन्छन् । यी सबै पाशुपत व्रतद्वारा सिद्ध हुन्छन् । यिनीहरूको नामावली यसप्रकार छ ।

श्वेत सुतारो मदनः सुहोत्रः कङ्क एव च ।
लौगाक्षिश्च माहामायो जैगीषव्यस्तथैव च ॥ ९-८ ॥

अर्थात् श्वेत, सुतार, मदन, सुहोत्र, कङ्क, लौगाक्षि, महामायी, जैगिषव्य, दधिवाह, ऋषभ, मुनि, उग्र, अत्रि, सुपालक, गौतम, वेदशिरा, गोकर्ण, गुहावासी, शिखण्डी, जटामाली, अट्टहास, दारुक, लाङ्गली, महाकाल, शूलि, दण्डी, मुण्डीश, सहिष्णु, नकुलीश्वर, श्वेतशिख, श्वेताश्व, श्वेतलोहित, दुन्दुभि, शतरूप, ऋचीक, केतुमान, विकोश, विपाश, पापनाशन, सुमुख, दुर्मुख, दुर्गम, दुरतिक्रम ।

यसै गरी अन्य योगाचार्यहरूमा सनत्कुमार, सनक, सनातन, सुधामा, विरजा, शङ्खज, अण्डज, सारस्वत, मेघ, मेघवाह, कपिल, आसुरी पञ्चशिख, वाष्कल, पराशर, गर्ग, भार्गव, अङ्गिरा, बलबन्धु, निरामित्र, केतु, शृङ्ग, तपोधन, लम्बोदर, लम्ब, लम्बात्मा, लम्बकेश, सर्वज्ञ, समबुद्धि, साधयसिद्धि, सुधामा, कश्यप, वशिष्ठ, विरज, अत्रि, उग्र, गुरुश्रेष्ठ, श्रवण, श्रविष्टक, कुणि, कुणिवाहु, कुरीर, कुनेत्रक, कश्यप, उशना, च्यवन, वृहस्पति, केतुमान, गौतम, भल्लवी, मधुपिङ्ग, श्वेतकेतु, उशिज,वृहदश्व, देवल, कवि, शालिहोत्र, सुवेश, युवनाश्व, शरदवसु, अक्षपाद, कणाद, उलूक, वतस, कुलिक, गर्ग, मित्रक र रूष्य ।

यी सबै योगाचार्यहरू भस्मधारी, शास्त्रज्ञानमा पारङ्गत, पाशुपत व्रतधारी हुन् । त्यति मात्र होइन, यिनीहरू सबै धैर्यवान्, सर्वभूतहितेरत, सरल, मृदु, क्रोधरहित, जितेन्द्रिय रुद्राक्षधारी, त्रिपुण्ड्रधारी जटाधारी वेशमा रहँदै सबैको निरन्तर कल्याण गर्दछन् ।

सर्वे पाशुपताः सिद्धाः भस्मोद्धूलितविग्रहाः ।
सर्वशास्त्रार्थतत्त्वज्ञा वेदवेदाङ्गपारगाः ॥ ९-२२ ॥

जसले यी योगाचार्यहरूको नामोच्चारण गर्दै शिवार्चन, शिवाराधन गर्छन्, ती सबैले सुखशान्ति भोग गर्दै शिवसायुज्य प्राप्त गर्छन् ।

स याति शिवसायुज्यं नात्र कार्या विचारणा । ९-२९ ।

अध्याय दशम

शिवभक्ति वर्णन, शिवधर्म निरुपण, ज्ञानयोग र पूजार्चना महिमा

केन वश्यो महादेवो मर्त्यानां मन्दचेतसाम् । १४ ।

अर्थात् अज्ञानी, मन्दमति मर्त्यलोक निवासीले शिवलाई कसरी प्राप्त गर्नु ? शिवकृपा कसरी प्राप्त गर्न सक्छन् ?

उपमन्यु- हे यदुनन्दन । यही प्रश्न एकपल्ट देवीले महादेवलाई सोधेकी थिइन् र उनले जस्तो उत्तर दिएका थिए, त्यो भन्दछु, सुन-

यदि साधकको मनमा श्रद्धा र भक्तिभाव छैन भने, पूजार्चना, तपस्या, जप, आसन, ज्ञान या अन्य साधनाद्वारा पनि म वशीभूत हुन्नँ । श्रद्धाभक्तिले मात्र म प्रसन्न र वशीभूत हुन्छु । पहिलो खुड्किलो नै श्रद्धा हो, श्रद्धा नै स्वधर्मको हेतु हो । यसैले नै मर्त्यलोकमा वर्णाश्रमीहरूको रक्षा गर्छ । अनन्य भावले श्रद्धावनत भएर उपासना या शरणापन्न भएमा

मात्र साधकले धर्मार्थकाममोक्ष प्राप्त गर्छ । वर्णाश्रमीहरूलाई मात्र उपासनाको अधिकार हुन्छ र उनीहरूले मात्र मलमाया आदि पाशहरूबाट मुक्ति पाउँछन् । त्यस्ता साधकहरू नै पुनरावृत्तिरहित धाममा पुगेर परमानन्दमा निमग्न हुन्छन् । जसले मोक्षमार्गलाई छोडेर, अन्य कुनै वस्तुका लागि श्रम/समय व्यय गर्छ भने त्यही त्यसको सबैभन्दा ठूलो त्रुटि हो, मोह हो, अन्धता हो, गल्ती हो ।

सा हानिस्तन्महच्छिद्रं स मोहः सान्धमूकता ।
यदन्यत्र श्रमं कुर्यान्मोक्षमार्गबहिष्कृतः ॥ २९ ॥

सनातन धर्मका चार चरण

शिव भन्नुहुन्छ, हे देवी ! मेरो जुन सनातन धर्म छ, त्यो ज्ञान, क्रिया, चर्या र योग गरी चार चरणयुक्त छ । अब यसको क्रमशः व्याख्या गर्छु, सुन-

१. **ज्ञान-** पशु-पाश-पतिको यथार्थबोध हुनु नै ज्ञान हो ।

२. **क्रिया-** गुरूको सान्निध्यमा रहेर, विधिपूर्वक षडध्व शोधनको कार्य गर्नु नै क्रिया हो ।

३. **चर्या-** वर्णाश्रम प्रयुक्त पूजनार्चन आदि धर्माचरण गर्नु नै चर्या हो ।

४. **योग-** स्थिरासनमा, सुस्थिर भएर चित्तलाई अन्तःकरणका अन्य वृत्तिहरूसँग निरोध गर्नु नै योग हो । चित्त निर्मल हुनु नै अनेक अश्वमेध यज्ञहरूभन्दा पनि श्रेष्ठ हो, मुक्तिप्रद हो । यम नियमद्वारा जसले इन्द्रियलाई जितेको छ, यस्ता विरक्त पुरुषहरूले पूर्वजन्मका सबै पापहरूलाई नाश गर्छन् । वैराग्यले नै ज्ञान प्राप्त हुन्छ र ज्ञानद्वारा नै योगमा प्रवृत्ति हुन्छ ।

वैराग्याज्जायते ज्ञानं ज्ञानाद्योगः प्रवर्तते ।
योगज्ञः पतितो वापि मुच्यते नात्र संशयः ॥ ३६ ॥

मनुष्यले सधैं दया, अहिंसा, ज्ञान आदिको सङ्ग्रह गर्नुपर्छ । ब्राह्मणले सधैं, सत्यभाषण, चोरी नगर्ने, आस्तिक बुद्धि, श्रद्धा, इन्द्रिय निग्रह, अध्ययन अध्यापन, यजन याजन, ध्यान, ईश्वरभाव, ज्ञानशीलता आदिको नित्य प्रयत्न गर्नुपर्दछ । योगीले पुण्य, अपुण्य आदि कर्मबाट अलग रहनुपर्छ । यी मुक्तिका लागि बाधक हुन् ।

पुण्यः पुण्यात्मकं कर्मः मुक्तेस्तत्प्रतिबन्धकम् ।
तस्मान्नियोगतो योगी पुण्यापुण्यं विवर्जयेत् ॥ ४१ ॥

कर्मयज्ञद्वारा बाहिरको पूजा गर्नुपर्छ, तर कर्मफललाई भने त्याग गर्नुपर्छ । कर्मआशा त्याग गरेपछि ज्ञानयोगको सहारा लिई ध्यानयोगमा आरूढ हुनुपर्छ । ईश्वरको पूजा बाह्य र आभ्यन्तर दुवै तरिकाले हुन्छ । यसैलाई मन, वाणी र शरीरको भेदले अरू तीन किसिमले

गर्न सकिन्छ ।

बाहिरी पूजार्चना गर्दा अरूले हेर्छन्, जान्दछन्, देख्छन् भने भित्री हृदयाकाशको ध्यान पूजार्चना आफैँमा मात्र सीमित हुने भएकाले सय गुणा श्रेष्ठ हुन्छ ।

बाह्यादाभ्यन्तरं श्रेष्ठ भवेच्छतगुणाधिकम् । ५६ ।

अन्तःकरणको शुद्धिलाई नै शुद्धि भनिन्छ । शुद्ध भावनाले गरेको पूजार्चना, जप, तप, भजन, सेवा सर्वोत्तम हुन्छ, अशुद्ध भावनाले गरेको कार्य सबै ठगी ढौँगी हुन्छ र सर्वत्र बाधक हुन्छ । फलप्राप्तिको आशाले गरिएको कर्म पनि तुच्छ हुन्छ, किनकि अप्राप्ति भयो भने तुरुन्तै छोडिन्छ ।

फलोद्देशेन देवेशि लघुर्ममः समाश्रयः ।
फलार्थी तदभावे मां परित्यक्तुं क्षमो यतः ॥ ६१ ॥

भक्तका आठ लक्षण

भक्तका आठ लक्षण छन्, (१) ईश्वर प्रेम (२) प्रभु पूजा (३) अङ्गहरूको चेष्टा (४) प्रभुप्रीति (५) कथाश्रवण (६) वाणी नेत्र र अङ्गहरूको क्रिया (७) प्रभु स्मरण (८) प्रभु आश्रय । यी धर्मका लक्षण पनि हुन् । यी चिन्ह भएमा श्रेष्ठ र उत्तम भक्त भइन्छ ।

एवमष्टविधं चिह्नं यस्मिन् म्लेच्छेऽपि वर्तते ।
स विप्रेन्द्रो मुनिः श्रीमान् स यतिः स च पण्डितः ॥ ७० ॥

यस्ता भक्तले अर्पण गरेको पत्र, पुष्प, फल, तोय म स्वीकार गर्दछु ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥ ७२ ॥

अध्याय एकादश

वर्णाश्रम र नारीधर्म वर्णन

शिवशिवा बिचको संवाद उपमन्यु श्री कृष्णजीलाई सुनाइरहेका छन् ।

ईश्वर भन्नुहुन्छ- देवेशि !

अथ वक्ष्यामि देवेशि भक्तानामधिकारिणाम् ।
विदुषां द्विजमुख्यानां वर्णधर्म समासतः ॥ १ ॥

अब म उत्तम अधिकारी भक्तहरूको स्वरूप वर्णन गर्दछु र वर्ण अनुसार उनीहरूले गर्नुपर्ने धर्मको वर्णन गर्दछु । वर्ण भन्नाले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र पर्दछन् । वर्ण अनुसार गर्नुपर्ने कर्तव्य नै वर्णाश्रम धर्म हो ।

ब्राह्मणहरूले पालन गर्नुपर्ने नियम

उल्लिखित नियमहरू ब्राह्मणका लागि विशेष अर्थात् गर्नु नै पर्ने हुन् भने अन्य वर्णका लागि सामान्य धर्मको रूपमा पालन गर्नुपर्छ ।

ब्राह्मणले गर्नुपर्ने नियमहरूमा त्रिकाल सन्ध्या, स्नान, अग्निहोत्र, लिङ्गार्चन, ईश्वरभाव, दान, दया, सत्य, सन्तोष, आस्तिक भाव, अहिंसा, लज्जा, श्रद्धा, स्वाध्याय, योग, वेदपाठ, वेद शिक्षा, वेद पढाउनु, धर्मशास्त्रहरूको व्याख्या, ब्रह्मचर्य, कथाश्रवण, कथावाचन, तप, क्षमा, शौच, शिखाधारण, यज्ञोपवीत धारण, पगडी धारण, दुपट्टा धारण, भस्म धारण, रूद्राक्ष धारण, निषिद्धको निषेध, पर्व दिन र चतुर्दशी तिथिको दिन विशेष पूजार्चना, ब्रह्मकूर्च विधिले प्रतिमहिना पञ्चगव्यको सेवन र यसैले लिङ्गार्चन, क्रियान्न, श्राद्धान्न, बासी अन्न, यावक (कुल्थी, कोदो आदि) आदिलाई त्याग्नु, मद्यपान, मद्यगन्ध मांस आदिको त्याग, चण्डेश्वरमा चढाएको प्रसाद त्याग आदि ।

यीमध्ये पनि दश नियमलाई विशेष ध्यान राख्नुपर्दछ जो यसप्रकार छन् ।

क्षमा शान्तिश्च सन्तोष सत्यमस्तेयमेव च ।
ब्रह्मचर्य मम ज्ञान वैराग्यं भस्मसेवनम् ॥ ९ ॥
सर्वसङ्ग निवृत्तिश्च दशैतानि विशेषतः ।

चण्डेश्वर शिवलिङ्ग- यो शिवलिङ्ग श्मशान भूमिमा स्थापित हुन्छ, यसमा चढाएको प्रसाद केवल चण्ड अर्थात् चाण्डाल योनि प्राप्त गरेकाले ग्रहण गर्छन्, त्यसैले यसमा अर्पण गरिएको प्रसादलाई निषिद्ध भनिएको हो ।

ब्रह्मकूर्च विधि- यो एक किसिमको प्रायश्चित्त हो । यस व्रतमा पहिले तीन दिन उपवास गरिन्छ र विशेष ऋचाहरूले अभिमन्त्रित काली गाईको मूत्र, सेतो गाईको गोबर, ताँवा रङको गाईको दुध, रातो गाईको दही, कपिला गाईको घिउ र कुशोदक, यसरी निर्माण गरिएको पञ्चगव्यले हवन गरेर बचेको पञ्चगव्य ग्रहण गर्नुपर्छ । यस्तो प्रायश्चित्त गर्नाले छाला र हड्डीभित्र रहेको पाप समेतलाई खरानी बनाइदिन्छ ।

यत्त्वगस्थिगतं पापं देहे तिष्ठति देहिनाम् ।
ब्रह्मकूर्च दहेत्सर्वं यथा अग्निरिवेन्धनम् ॥

योगी र वानप्रस्थीहरूले पालन गर्नुपर्ने नियम

दिनमा मात्र भिक्षा माग्नुपर्छ । घर र परिवारको मोहबाट अलग हुनुपर्छ । नित्य ईश्वर

चिन्तन, सतत मनन र ध्यान गर्नुपर्छ । आफ्ना लागि केही सङ्ग्रह, परिग्रह गर्नुहुँदैन ।

ब्रह्मचारीका लागि विशेष

रात परेपछि भोजन गर्नुहुँदैन । स्त्रीहरूबाट अलग रहनुपर्छ । गुरुसेवा, नित्य अध्ययन, ईश्वर चिन्तन, सन्ध्यावन्दन आदि नित्य गर्नुपर्छ ।

क्षत्रियहरूका लागि विशेष- अध्ययन, यज्ञ गर्नु, प्रतिग्रहबाट टाढा रहनु, सबै वर्णाश्रमीहरूको रक्षा गर्नु, युद्धमा शत्रुमाथि आक्रमण गर्नु, दुष्ट मनुष्यलाई दण्ड दिनु, ईश्वरप्रति विश्वास राख्नु, ऋतुकालमा स्त्रीसंसर्ग नगर्नु, सेनाहरूको रक्षा गर्नु, गुप्तचरहरूसँगबाट लोक समाचार लिनु, अस्त्र धारण गर्नु, भस्म धारण गर्नु आदि ।

वैश्यहरूका लागि विशेष- कृषि, गोरक्षा, व्यापार गर्नु ।

शूद्रहरूका लागि विशेष- तीनै वर्ण (ब्राह्मण, क्षत्रिय र वैश्य) को सेवा गर्नु, वाग बगैंचा लगाउनु र रेखदेख गर्नु, ईश्वरको पुण्यमय क्षेत्रहरूको आश्रय लिनु ।

नारीधर्म निरूपण

स्त्रीहरूका लागि पतिको सेवा नै सबैभन्दा ठुलो धर्म हो । पतिले आज्ञा दिएनन् भने मेरो पूजा पनि नगर्नू ।

या नारी भर्तृशुश्रूषां विहाय व्रततत्परा ।
सा नारी नरकं याति नात्र कार्या विचारणा ॥ २० ॥

विधवा स्त्रीका लागि- विधवाका लागि भने व्रत, तप, दान, पतिव्रता धर्ममा रहनु अर्थात् ब्रह्मचर्यमा रहनु, भुइँमा सुत्नु, जल या भस्म स्नान गर्नु, शान्ति मौन, क्षमाशील रहनु र अष्टमी चतुर्दशी पौर्णमासी र एकादशी तिथिहरूमा विशेष उपवास गर्दै मेरो पूजा गर्नू ।

भक्त लक्षण

ईश्वरमा भक्तिको रङ्ग चढेपछि शुभ सङ्केत, शुभ फल देखिन थाल्छन् । जस्तैः कम्पन, पसिना आउनु, अश्रुपात, घाँटी अवरुद्ध हुनु, आनन्दको प्राप्ति बारम्बार हुनु आदि लक्षण अनायास देखिन्छन् ।

कम्पस्वेदोऽश्रुपातश्च कण्ठे च स्वरविक्रिया । ३६ ।

भक्तलाई सधैं सम्मान गर्नुपर्छ । अपमान गर्नाले आयु, शील, लक्ष्मी र कुलको नै नाश हुन्छ र नरक यातना भोग्नुपर्छ ।

आयुः श्रियं कुलं शीलं हित्वा निरयमावहेत् । ४० ।

ज्ञान, ज्ञेय, अनुष्ठेय, अधिकार, साध्य र साधन, यी ६ वटा अर्थहरूको सङ्ग्रह स्वरूप साधनलाई भलीभाँती जानेर व्यवहार गर्नुपर्छ । यसका लागि पहिले बाहिरी पूजार्चना,

यज्ञानुष्ठान, कर्म गर्नुपर्छ, अनि मात्र अन्तःकरणको पूजनारम्भ गर्नुपर्छ । जब यी दुवैबाट माथि उठिन्छ, अनि केवल मेरो (ईश्वरको) मात्र चिन्तन गरिरहनुपर्छ र 'ॐ नमः शिवाय'को मन्त्रजप गरिरहनुपर्छ । यस मन्त्रले नै सबै सिद्धि र इह-परलोकको कल्याण गर्छ ।

इहोन्नमः शिवायेति मन्त्रेणानेन सिद्धयः ।
स तस्मादधिगन्तव्यः परावरविभूतये ॥ ५६ ॥

अध्याय द्वादश, त्रयोदश

पञ्चाक्षर मन्त्रको माहात्म्य, प्रत्येक अक्षरका ऋषि, छन्द, देवता आदिको वर्णन

श्रीकृष्णद्वारा पञ्चाक्षर मन्त्रको व्यस्त र समस्त माहात्म्य, ऋषि छन्द देवता आदिको विषयमा सोधेपछि,

उपमन्यु- हे यदुकुलनन्दन !

पञ्चाक्षरस्य माहात्म्यं वर्षकोटिशतैरपि ।
अशक्यं विस्तराद्वक्तुं तस्मात् सङ्क्षेपतः श्रृणु ॥ १२-२ ॥

यो षडाक्षर मन्त्र सबै कामनाहरूको पूर्ण फल प्रदान गर्ने महामन्त्र हो । समस्त मन्त्रहरूको सार हो, अर्थगाम्भीर्यले भरिएको मन्त्र हो । सबै सिद्धि प्रदान गर्ने मन्त्र हो । मनलाई दिव्य र निर्मल बनाउने मन्त्र हो । सम्पूर्ण सिद्धि र कामना पूर्ति गराउने मन्त्र हो । जसरी वरको बीजमा महान् वृक्ष लुकेको हुन्छ, त्यसरी नै यो मन्त्र सूक्ष्म भएर सबै अर्थले परिपूर्ण छ भन्ने सम्झिनुपर्छ ।

ओमित्येकाक्षरे मन्त्रे स्थितः सर्वगतः शिवः ॥ २२-८ ॥

ॐ यो एकाक्षर मन्त्रमा त्रिगुणातीत सर्वज्ञ, सर्वकर्ता द्युतिमान्, सर्वव्यापी, प्रभु शिव प्रतिष्ठित हुनुहुन्छ । ईशानादि सूक्ष्म एकाक्षर रूप ब्रह्म हुन्, यी सबै क्रमशः नमः शिवाय मन्त्रमा स्थित छन् । शिव भने यसमा वाच्य, वाचक रूपमा विराजित छन् । यही प्रक्रिया अनादि कालदेखि नित्य चल्दै आएको छ । यो मन्त्र विधिवाक्य हो, अर्थवाद होइन । यो जान्नु नै शिवज्ञान प्राप्त गर्नु हो, यही नै परम पद पनि हो । यो षडक्षर मन्त्रबाटै सात करोड मन्त्र, महामन्त्र, उपमन्त्र प्रकट भएका हुन् ।

साङ्गानि वेदशास्त्राणि संस्थितानि षडक्षरे ।
न तेन सदृशस्तस्मान्मन्त्रोऽप्यस्त्यपरः क्वचित् ॥ १२-३१ ॥
सप्तकोटिमहामन्त्रैरूपमन्त्रैरनेकधा ।
मन्त्रः षडक्षरो भिन्नः सूत्रं वृत्यात्मना यथा ॥ १२-३२ ॥

अर्थात् षडक्षर मन्त्रमा नै ६ अङ्गसहित सम्पूर्ण वेद र शास्त्र विद्यमान छन् । षडक्षर मन्त्र भने वृत्ति र सूत्रझैँ अलग छ । जति शिवज्ञान र जुन जुन विद्यास्थान छ, ती सबै षडक्षर मन्त्ररूपी सूत्रकै सङ्क्षिप्त भाष्य हुन् । जसले ॐ नमः शिवाय दृढतापूर्वक जप गर्छ या हृदयमा स्थापित गर्छ या गरेको छ, उसले समस्त शास्त्राध्ययन र शुभ कृत्यहरूको अनुष्ठान पूरा गर्‍यो भन्ने सम्झनुपर्छ ।

किं तस्य बहुभिर्मन्त्रैः शास्त्रैर्वा बहुविस्तरैः ।
यस्योन्नमः शिवायेति मन्त्रोऽयं हृदि संस्थितः ॥ १२-३४ ॥
अन्त्यजो वाधमो वापि मुर्खो वा पण्डितोऽपि वा ।
पञ्चाक्षर जपे निष्ठो मुच्यते पापपञ्जरात् ॥ १२-३७ ॥

घोर कलिकालग्रस्त पापी मनुष्य पनि यो षडक्षरी मन्त्र जपले मुक्त हुन्छन् । यो मन्त्रले शिवपूजार्चना गर्नाले सबै थोक प्राप्त हुन्छ । ब्रह्माले सृष्टिको आदिमा एक एक मुखबाट पञ्चाक्षरको एक एक अक्षरलाई जप गरेर सृष्टि विस्तार गर्ने सामर्थ्य प्राप्त गरेका थिए । त्यसपछि उनले नै मानसपुत्र, मुनिहरू र अन्यलाई पनि यही मन्त्रको उपदेश प्रदान गरे, जसको जप गर्नाले सबैले सिद्धि प्राप्त गरे । जब प्रलय हुन्छ, त्यस बेला सम्पूर्ण स्थावर-जङ्गम यही पञ्चाक्षरमै समाहित/विलय हुन्छन् ।

प्रलये समनुप्राप्ते नष्टे स्थावरजङ्गमे ।
तदा वेदाश्च शास्त्राणि सर्वे पञ्चाक्षरे स्थिताः ॥ १३-२२ ॥

पञ्चाक्षर मन्त्रका ऋषि, छन्द, देवता आदिको वर्णन

पञ्चाक्षर मन्त्र उच्चारण गरेर पूजार्चना ध्यान, जप, साधना गर्नाले नरकवास हुँदैन, सिधै शिवसमीप पुग्छन् । पाशले बाँधिएको या पाशबाट मुक्त भएको हाँस पञ्चाक्षर मन्त्रको आश्रय लियो भने निःसन्देह मुक्ति पाउँछ ।

बद्धो वाप्यथ मुक्तो वा पाशात्पञ्चाक्षरेण यः ।
पूजयेन्मां स मुच्येत नात्र कार्या विचारणा ॥ १३-१४ ॥

पञ्चाक्षर मन्त्र साक्षात् शिवस्वरूप हो । वाच्य शिव हुन् भने वाचक पञ्चाक्षर मन्त्र हो, त्यसैले वाच्यवाचक स्वरूप यो मन्त्रले साक्षात् शिवलाई स्पष्ट पार्छ । अगाडि नमः र पछाडि शिवाय भन्नुपर्छ ।

ध्यान विधि- नमः शिवायलाई एक देवीको रूपमा ध्यान गर्नुपर्छ, जो यसरी गरिन्छ । देवीको अङ्गकान्ति तपाएको सुवर्ण समान छन् । पीन पयोधर माथि उठेका छन् । जो चार भुजा र तीन नेत्रयुक्त छिन् । शिरमा बालचन्द्रमाको मुकुट सुशोभित छ । चारवटा हातमा क्रमशः पद्म, उत्पल, वरद र अभयको मुद्रा धारण गरेकी छिन् । मुखाकृति सौम्य छ, समस्त शुभलक्षण, शुभ आभूषणयुक्त र श्वेतकमलासनमा विराजित छिन् ।

चतुर्भुजा त्रिनयना बालेन्दुकृतशेखरा ।
सर्वलक्षणसम्पन्ना सर्वाभरणभूषिता ॥ १३-४१ ॥

यी देवीका अङ्गमा पाँचवटा वर्ण छन्, जुन सूर्य किरणझैँ प्रकाशित छन् । ती वर्ण पीत, कृष्ण, धूम्र, स्वर्णिम र रक्त हुन् । यी वर्णलाई अलग अलग प्रयोग गर्दा भने विन्दु र नादले विभूषित गर्नुपर्छ । विन्दुको आकृति अर्द्धचन्द्रझैँ र नादको आकृति दीपशिखाझैँ छन् । यस मन्त्रका सबै अक्षर बीजरूप छन् । यस मन्त्रमा वामदेव ऋषि, पङ्क्ति छन्द, शिव देवता, 'मं' बीज, 'यं' शक्ति 'वां' कीलक रहेका छन् ।

वामदेवो नाम ऋषिः पङ्क्तिछन्द उदाहृतम् ।
देवता शिव एवाहं मन्त्रस्यास्य वरानने ॥ १३-४६ ॥

मन्त्र महार्णवमा भने- ॐ बीजं, नमः शक्ति र शिवाय कीलकं उल्लेख छ ।

यसै गरी नमः शिवाय वर्णका ऋषिहरूमा क्रमशः गौतम, अत्रि, विश्वामित्र, अङ्गिरा र भारद्वाज हुन् । छन्दहरूमा क्रमशः गायत्री, अनुष्टुप्, त्रिष्टुप्, बृहति र विराट् हुन् । देवताहरूमा क्रमशः इन्द्र, रूद्र, विष्णु, ब्रह्मा, स्कन्ध हुन् । पञ्चमुख शिवका यी क्रमशः अक्षर स्थान पनि हुन् । यसको मूल विद्या, शिव, शैव, सूत्र र पञ्चाक्षर हुन् ।

नकारः शिर उच्येत मकारस्तु शिखोच्यते ।
शिकारः कवचं तद्वद्वकारो नेत्रमुच्यते ॥ १३-५२ ॥

अर्थात् अङ्गन्यास गर्दा 'ॐ' ले हृदय, 'न' ले शिर, 'म' ले शिखा, 'शि' ले कवच, 'वा' ले नेत्रत्रय, 'य' ले आश्रय फट् गर्नुपर्छ । यो हृदयन्यास भयो भने, करन्यास गर्दा 'ॐ' ले अङ्गुष्ठ, 'न' ले तर्जनी, 'म' ले मध्यमा, 'शि' ले अनामिका, 'वा' ले कनिष्ठिका, 'य' ले करतलकरपृष्ठ गर्नुपर्छ ।

त्यसैगरी ॐ वामदेवर्षये नमः शिरसि, पङ्क्तिछन्दसे नमः मुखे, शिवदेवतायै नमः हृदये, मं बीजाय नमः गुह्ये, शक्त्यै नमः पादयोः, वां कीलकाय नमः नाभौ, यं विनियोग नमः सर्वाङ्गे । यसरी पञ्चाक्षर मन्त्रकै प्रत्येक वर्णले हृदय, कर, अङ्गन्यास आदि गर्नुपर्छ ।

जप र पूजा तीन प्रकारले हुन्छ, मानसिक, वाचिक, र शारीरिक । जोसँग जस्तो सिप,

समझ, समय, बुद्धि, शक्ति, सम्पत्ति, उत्साह र योग्यता या प्रीति छ त्यही अनुसार शास्त्र विधिले जहिले, जहाँ, जुन तरिकाले सम्भव हुन्छ, शिवार्चन गर्नाले अवश्य मोक्षप्राप्ति हुन्छ ।

जो शिवलाई मान्छन् र शिवप्राप्ति गर्न इच्छुक छन् तथा नियम एवम् आचार अनुरूप गर्न चाहन्छन् भने त्यस्ता मुमुक्षुहरूले सबैभन्दा पहिले मन्त्रको दीक्षा लिएर गर्नुपर्छ, नत्र सफल हुँदैन ।

यं विना निष्फलं जाप्यं येन वा सफलं भवेत् । १३-६० ।

अध्याय चतुर्दश

गुरुबाट दीक्षित कसरी हुने ? जप, माला, स्थान, दिशा आदिको सविस्तार वर्णन

दीक्षाविधि सम्बन्धी शिवशिवाबिचको संवाद उपमन्युले श्रीकृष्णलाई सुनाइरहेका छन् ।

आज्ञाहीनं क्रियाहीनं श्रद्धाहीनं वरानने ।
आज्ञार्थं दक्षिणाहीनं सदा जप्तं च निष्फलम् ॥ १ ॥

अर्थात् आज्ञाहीन, क्रियाहीन, श्रद्धाहीन, दक्षिणाहीन तथा विधिहीन जप सधैं निष्फल हुन्छ । शिष्य साधकले सबैभन्दा पहिले तत्त्ववेत्ता आचार्य, जपशील, सद्‌गुणसम्पन्न, ध्यानयोग परायण गुरुको सेवामा उपस्थित भएर, तनमनधन, वाणी आदिले यथायोग्य सेवा गर्नुपर्छ । यदि सामर्थ्य भए, हात्ती, घोडा, रथ, रत्न, क्षेत्र, गृह आदि अर्पण गरेर सन्तुष्ट गराउनुपर्छ ।

गुरुले पनि शिष्यलाई कमसेकम एक संवत्सरसम्म परीक्षा, परख गरेर उपयुक्त लागेमा मात्र शुभ तिथि, नक्षत्र, योग हेरेर शिष्यको अनुग्रह अनुसार विधिसम्मत ज्ञान दिनुपर्छ । प्राप्त ज्ञानरूपी मन्त्रलाई शिष्यले पनि प्रतिदिन नियमपूर्वक जप साधना गर्दै जानुपर्छ । मन्त्रमा जति अक्षर छन्, त्यति नै लाखको चारगुणा जप गरेपछि पौरश्चरणिक/पुरश्चरण हुन्छ, जुन सबै प्रकारले सिद्धिदायक हुन्छ ।

यः पुरश्चरणं कृत्वा नित्यं जापी भवेत्पुनः ।
तस्य नास्ति समो लोके स सिद्धः सिद्धिदो भवेत् ॥ १९ ॥

जप कहाँ र कसरी गर्ने ?

शुद्ध देश, शुद्ध स्थानमा सुन्दर आसनमा, पूर्व या उत्तर फर्केर शिवशिवा एवम् गुरुको स्मरण गरी जप प्रारम्भ गर्नुपर्छ । जप तीन किसिमको हुन्छ- (१) मानसिक (२) उपांशु

(३) वाचिक । स्वर पदलाई वाणीले उच्चारणपूर्वक गरिने जपलाई वाचिक जप भनिन्छ जो निम्नकोटिको हो । त्यसैगरी केवल जिब्रो मात्र चलाएर र अरूले नसुन्ने गरी गरिने जप उपांशु हो र यसलाई मध्यम मानिन्छ । केवल मनले गरिने जप मानसिक जप हो र यो नै सबैभन्दा उत्तम जप गर्ने तरिका पनि हो । वाचिकले एक गुणा, उपांशुले सय गुणा र मानस जपले हजार गुणा फल दिन्छ ।

आदि र अन्त्यमा प्राणायाम गरी गरिने जप अगर्भ हुन्छ भने प्राणायामपूर्वक गरिने जप सगर्भ हुन्छ जुन उत्तम पनि हो ।

अगर्भो वा सगर्भो वा सगर्भस्तत्र शस्यते । ३२ ।

कति दानाको माला ? केको मालाले जप गर्ने ?

औंलाले जप गर्दा एक गुणा, रेखाले जप गर्दा आठ गुणा, जियापोताको बीजबाट बनेको मालाले जप गर्दा दस गुणा, शङ्खको मालाले जप गर्दा सय गुणा, मुगाको मालाले जप गर्दा हजार गुणा, स्फटिक मणिको मालाले जप गर्दा दस हजार गुणा, मोतीको मालाले जप गर्दा लाख गुणा, पद्माक्षले जप गर्दा दस लाख गुणा, सुवर्णको मालाले जप गर्दा कोटि गुणा तथा कुशको गाँठ या रूद्राक्षको मालाले जप गर्दा अनन्त गुणा फल प्राप्ति हुन्छ ।

कुशग्रन्थ्या च रुद्राक्षैरनन्तगुणितं भवेत् । ३६ ।

तिस दानाको मालाले जप गर्नाले धनप्राप्ति हुन्छ, सत्ताइस दानाको मालाले पुष्टि, पच्चिस दानाको मालाले मुक्ति, पन्ध्र दानाको मालाले अभिचारकर्म, एक सय आठ दानाको मालाले जप गर्नाले सबै खाले फलप्राप्ति हुन्छ र यो उत्तमोत्तम पनि हो । त्यसै गरी सय दानाको माला उत्तम, पचास दानाको माला मध्यम, चवन्न दानाको माला श्रेष्ठ र मनोहारिणी हुन्छ । जप गर्दा बुढी औंलाले गरेको जपले मोक्ष दिन्छ, तर्जनीले जप गर्दा शत्रुनाश, मध्यमाले जप गर्दा धनप्राप्ति र अनामिकाले जप गर्दा शान्ति प्राप्त हुन्छ । जप गर्दा जप माला कसैलाई देखाउनुहुँदैन । औंलाहरूका साथमा बुढी औंलाले जप गर्नुपर्छ नत्र निष्फल हुन्छ ।

अङ्गुष्ठेन जपेज्जप्यमन्यैरङ्गुलिभिः सह ।
अङ्गुष्ठेन विना जप्यं कृतं तदफलं यतः ॥ ४२ ॥

कहाँ जप गर्दा कस्तो फल पाइन्छ ?

जप गर्दा यिनीहरूको अगाडि गर्नु श्रेष्ठ हुन्छ । जो यसप्रकार छन्- सूर्य, अग्नि, गुरु, चन्द्रमा, दियो, जलाशय, ब्राह्मण गाई र घर । यिनका अगाडि गरेको जपले एक गुणा, गौशालामा गरेको जपले सय गुणा, पवित्र वन या उद्यानमा गरेको जपले सहस्र गुणा, पवित्र पर्वतमा गरेको जपले दस हजार गुणा, नदीको तटमा गरेको जपले लाख गुणा, देवालयमा

गरेको जपले कोटि गुणा र शिवालय समीप गरेको जपले अनन्त गुणा फल प्राप्त हुन्छ । पूर्वाभिमुखको जपले वशीकरण, दक्षिणाभिमुखको जपले अभिचार, पश्चिमाभिमुखको जपले धन र उत्तराभिमुखको जपले शान्ति प्रदान गर्छ । उपर्युक्त क्षेत्रमा सम्मुख भई गरेको जपले फल दिन्छ भने पीठ फर्काएर गरेको जप निष्फल हुन्छ ।

जप गर्दा ध्यान दिनुपर्ने कुरा

कसरी जप गर्दा फल पाइँदैन ?

टाउकामा पगरी, शरीरमा कुर्ता या नाङ्गै या केश खुल्ला राखेर या गलामा कपडा लपेटेर या अशुद्ध हात, शरीर लिएर या विलाप गर्दै जप गर्नुहुँदैन । यदि गरियो भने निष्फल हुन जान्छ । त्यसैगरी क्रोधी घमन्डी भएर, हाच्छिउँ गर्दै, थुक्दै, हाइ काड्दै जप गर्नुहुँदैन । कुकुर र निच पुरूषलाई पनि जप गर्दा हेर्नुहुँदैन ।

क्रोधं मदं क्षुतं त्रीणि निष्ठीवनविजृम्भणे ।
दर्शनं च श्वनीचानां वर्जयेज्जपकर्मणि ॥ ४९ ॥

यदि यस्तो भएमा आचमन गर्नुपर्छ या शिवशिवाको नाम लिनुपर्छ या प्राणायाम गर्नुपर्छ ।

त्यसै गरी विनाआशन या सुतेर या हिँड्दै या उभिएर पनि जप गर्नुहुँदैन । गल्लीमा, अँध्यारामा, सडकमा, दुवै चरण फैलाएर, सवारी या खाटमा बसेर या चिन्ताग्रस्त हुँदा पनि जप गर्नुहुँदैन । सदा सर्वदा सदाचारमा रहेर जप गर्नुपर्छ । किनभने,

आचारः परमो धर्म आचारः परमं धनम् ।
आचारः परमा विद्या आचारः परमा गतिः ॥ ५५ ॥
आचारहीनः पुरुषो लोके भवति निन्दितः ।
परत्र च सुखी न स्यात्तस्मादाचारवान्भवेत् ॥ ५६ ॥

वेदविहित कर्म, वर्णाश्रम अनुकूल धर्मको पालना गर्नु नै आचारवान् या सदाचारी हुनु हो । यसको मूल जड नै आस्तिकता हो । सत्कर्म गर्नाले सुख र दुष्कर्म गर्नाले दुःख हुन्छ । यस्तो विश्वास आउनु नै आस्तिकता हो ।

आचारभ्रष्ट, पतित या अन्त्यजहरूलाई उद्धार गर्ने कलियुगमा केवल पञ्चाक्षर मन्त्र नै हो । योभन्दा अर्को कुनै उपाय नै छैन । यो सरल र सहज पनि छ, त्यसैले सदासर्वदा यसको आश्रय लिनुपर्छ । यो मन्त्र सबै अवस्थामा जप गर्न सकिन्छ ।

यो पञ्चाक्षर मन्त्र कहिल्यै पनि सुप्त हुँदैन, सधैं जागृत हुन्छ । यसलाई जप गर्न तिथि, वार, नक्षत्र, योग आदि जुराउनुपर्दैन । यो मन्त्र कसैको शत्रु पनि होइन । यो मन्त्र सधैं

सुसिद्ध, सिद्ध या साध्य जुन रूपले प्राप्त भएको हो, फलदायी नै हुन्छ । सिद्ध गुरुबाट लिएको भए सुसिद्ध, असिद्ध गुरुबाट लिएको भए सिद्ध र परम्पराबाट प्राप्त भएको भए साध्य स्वरूप हुन्छ ।

सिद्धेन गुरुणादिष्टः सुसिद्ध इति कथ्यते ।
असिद्धेनापि वा दत्तः सिद्धसाध्यस्तु केवलः ॥ ६९ ॥

जो शिव, गुरु र मन्त्रप्रति श्रद्धा राख्छ, उसले गुरुद्धारा साधित भएको होस् या नहोस्, केही फरक पर्दैन, अर्थात् फलदायी नै हुन्छ । अरू मन्त्रहरूलाई सिद्ध गर्नाले यो मन्त्रले सिद्धि पाउँदैन, तर यस मन्त्रलाई सिद्ध गर्नाले सबै मन्त्रहरूले सिद्धि पाउँछन्, हुन्छन् । अरू मन्त्रमा दोष हुन्छ तर यस मन्त्रमा दोष हुँदैन । त्यसैले पञ्चाक्षर मन्त्रको सधैं आश्रय लिनुपर्छ ।

आश्रयेत् परमां विद्यां साक्षात्पञ्चाक्षरी बुधः । ७१ ।

अध्याय पञ्चदश

त्रिविध दीक्षा निरुपण, गुरु माहात्म्य, शिष्य परीक्षा

श्रीकृष्णले शिव संस्कार (दीक्षा) विधिको विषयमा सोधेपछि उपमन्युले शिवद्वारा वर्णन गरिएको दीक्षाविधान वर्णन गर्न थाले ।

उपमन्युजी- हे कृष्ण !

दीयते येन विज्ञानं क्षीयते पाशबन्धनम् ।
तस्मात्संस्कार एवायं दीक्षेत्यपि च कथ्यते ॥ ५ ॥

अर्थात् जसलाई ज्ञान दिइन्छ, त्यसका पाशबन्धन क्षीण हुन्छन् । यही नै संस्कार हो, यही नै दीक्षा हो । शिवले शैवागममा शाम्भवी, शास्त्री र मान्त्री गरी तीन किसिमको दीक्षा वर्णन गरेका छन् ।

(१) शाम्भवी दीक्षा- गुरुको प्रकाशले, स्पर्शले या सम्भाषणले प्राणीको पाप नाश हुन्छ र यसैलाई शाम्भवी दीक्षा भनिन्छ । यो पनि तीव्र र तीव्रतरा गरी दुई किसिमको हुन्छ । जहाँ पाप शीघ्र निवृत्ति हुन्छ, त्यो तीव्रतरा हो भने जहाँ बिस्तारै पाप नाश हुन्छ त्यो तीव्र प्रकारको शाम्भवी दीक्षा हो ।

(२) **शास्त्री/शात्ती दीक्षा-** गुरूले योगमायाद्वारा शिष्यको शरीरमा प्रवेश गरी ज्ञानदृष्टिले जो ज्ञानवती दीक्षा दिन्छन्, त्यसैलाई शास्त्री या शात्ती दीक्षा भनिन्छ ।

(३) **मान्त्री दीक्षा-** गुरूले कुण्डलिनी शक्तिलाई जागृत गराई शिष्यको क्रियाशक्तिलाई क्रमशः सक्षम बनाएर दिइने दीक्षालाई मान्त्री या क्रियावती दीक्षा भनिन्छ ।

मान्त्री क्रियावती दीक्षा कुण्डमण्डलपूर्विका । ११ ।

गुरूले आफूसँग भएको ज्ञान र शक्तिले शिष्यलाई सबै किसिमको आनन्दको अनुभूति दिलाउनुपर्छ । जब गुरूले पराशक्तिको बोध गराउँछन्, तब उनको शरीरमा कम्प, रोमाञ्च, आदि विकार उत्पन्न हुन्छन् । यस्तो लक्षण देखेर गुरु शिष्यबिच आफैँ एकअर्काको परीक्षा पनि हुन्छ ।

गुरू महिमा

गुरु नै शिव हुन् र शिव नै गुरु हुन् । विद्या प्रदान गर्नलाई शिव नै गुरु बनेर अवतरण भएका हुन् । त्यसैले शिवतत्त्व विद्या र गुरूको पूजन समान फलदायी हुन्छ ।

यथा शिवस्तथा विद्या यथा विद्या तथा गुरुः ।
शिवविद्या गुरुणां च पूजया सदृशं फलम् ॥ २१ ।
यो गुरुः स शिवः प्रोक्तो यः शिवः स गुरुः स्मृतः ।
सर्वदेवात्मकश्चासौ सर्वमन्त्रमयो गुरुः ॥ २० ॥

शिव सर्वदेवात्मक हुन् भने गुरु सर्वमन्त्रमय हुन् । आफ्नो कल्याण चाहनेले गुरूको आज्ञालाई मनबाट पनि उल्लङ्घन गर्नुहुँदैन । गुरूकै समान आसनमा या गुरूको घरमा, गुरूको आज्ञाविना बस्नुहुँदैन । किनकि गुरु साक्षात् देवता हुन् भने उनको घर देवमन्दिर हो ।

गुरुर्देवो यतः साक्षात्तद्गृहं देवमन्दिरम् । २५ ।

गुरूको समीप बस्नाले मनुष्य निष्पाप हुन्छ, जसरी आगाको नजिक राखेको घिउ पग्लिन्छ, जसरी आगाले सुकेको काँचो दाउरा या जे वस्तु आगामा हालिन्छ, सबैलाई जलाएर खरानी बनाइदिन्छ, त्यसरी नै गुरु प्रसन्न हुँदा, उनको समीप रहँदा, ज्ञात अज्ञात सबै पाप ताप सन्ताप भस्म हुन्छन् ।

यथा प्रज्वलितो वन्हिः शुष्कमार्द्रं च निर्दहेत् ।
तथाऽयमपि सन्तुष्टो गुरुः पापं क्षणाद्दहेत् ॥ २८ ॥

मन, वाणी, कर्मले गुरूलाई कहिल्यै क्रोधित गराउनुहुँदैन । गुरु क्रोधित भएमा आयु, श्री, ज्ञान र सत्कर्म नाश हुन्छन् । यम, नियम भङ्ग हुन्छन् । यज्ञ निष्फल हुन्छ र अन्तमा रौरव नरक जानुपर्छ ।

मनसा कर्मणा वाचा गुरुमुद्दिश्य यत्नतः ।
श्रेयोऽर्थी चेन्नरो धीमान्न मिथ्याचारमाचरेत् ॥ ३२ ॥

तत्त्ववेत्ता गुरूले मात्र मुक्ति दिलाउन सक्छन् । ज्ञानतत्त्वले नै परमानन्दको प्राप्ति गराउँछ । जसले तत्त्वबोध प्राप्त गरेको छ, उसले नै आनन्दको दर्शन गराउन सक्छ ।

ज्ञानविनाका गुरूले तार्न वा पार लगाउन सक्तैनन्, मुक्ति दिलाउन सक्तैनन् । जसले शिवतत्त्वबोध गरेको छ, ऊ स्वयम् मुक्त हो र उसले मात्र मुक्ति दिलाउन सक्छ ।

तत्त्वविच्छिवसंसक्तो मुक्तिदो न तु चापरः । ३६ ।

तत्त्वविना ज्ञान असम्भव छ र ज्ञानविना आत्मज्ञान असम्भव छ । विनाज्ञानलाई नै पशु भनिएको हो, त्यसैले तत्त्वज्ञानी नै मात्र मुक्त हुन्छ । तत्त्वहीन त व्यर्थ नै हुन्छ ।

बुद्धिमानी शिष्यले तत्त्ववेत्ता गुरूको चरण-शरण वरण गर्नुपर्छ । विनयसम्पन्न सदाचारी चतुर शिष्यले तत्त्ववेत्ता गुरूलाई चिन्नुपर्छ । मुमुक्षु शिष्यले ज्ञान प्राप्त नहुन्जेल गुरूको आश्रयमा रहेर सेवा गर्नुपर्छ । ज्ञान प्राप्त भएपछि तत्त्वप्राप्तिपर्यन्त स्थिर भक्ति राख्नुपर्छ । त्यस्ता गुरूलाई कहिल्यै छोड्नुहुँदैन, उपेक्षा गर्नुहुँदैन । यदि त्योभन्दा पनि श्रेष्ठ गुरु भेटियो भने पनि पहिलेको गुरूको तिरस्कार गर्नुहुँदैन, उनको परिवारको अनादर गर्नुहुँदैन, निरन्तर तन, मन, धनले सेवा गरिरहनुपर्छ ।

स एव जनको माता भर्ता बन्धुर्धनं सुखम् ।
सखा मित्रं च यत्तस्मात्सर्वं तस्मै निवेदयेत् ॥ ५३ ॥

जब गुरूरूपी शिवलाई भक्तले आत्मसमर्पण गर्छ, तब ऊ पनि शैव हुन पुग्छ । फेरि उसको पुनर्जन्म हुँदैन ।

गुरूले पनि आफ्नो शरणमा आएको ब्राह्मण जातिको शिष्य भए एक वर्ष, क्षत्रिय भए दुई वर्ष र वैश्य भए तीन वर्षसम्म परीक्षा गर्नुपर्छ । परीक्षा गर्दा भोजन पान, उच्च र निच आदेश दिँदै उत्तम, मध्यम, अधम कार्य गराउँदै जानुपर्छ । कहिलेकाहीँ प्रताडित पनि गरेर परख गर्नुपर्छ । यी र यस्ता खाले गतिविधि गर्दा पनि जुन शिष्य विचलित हुँदैन, संयमित भएर रहन्छ, त्यो नै शिष्य उत्तम र शुद्ध हो भनेर पहिचान गर्नुपर्छ ।

जुन शिष्य अहिंस्रक, दयावान्, सदा शिवभक्तिमा तत्पर, स्वाभिमानी, बुद्धिमान्, स्पर्धारहित, मृदुभाषी, सरल, मुदु, स्वच्छ, विनम्र, स्थिरचित्त, शौचाचारयुक्त, मन, वाणी र कर्मले सच्चरित्रवान् हुन्छ, त्यस्तो शिष्यलाई नै नियमानुसार गुरूले शोधन, बोधन गर्नुपर्छ । शिष्यको रूपमा अङ्गीकार गर्नुपर्छ ।

शोध्या बोध्या यथान्यायमिति शास्त्रेषु निश्चयः । ६१ ।

यदि स्त्री शिष्य बन्न चाहन्छिन् भने उनले पतिको आज्ञा लिनुपर्छ । पति छैनन् भने सन्तानसँग आज्ञा लिनुपर्छ । अविवाहित भए मातापितासँग आज्ञा लिनुपर्छ । अशुद्ध, पतित या वर्णसङ्कर भए केवल चरणोदक प्रदान गरेर शुद्ध गराउनुपर्छ । यदि ब्राह्मण जातिमा वर्णसङ्कर भए उनको शुद्धि माताको कुल अनुसार गर्नुपर्छ । ज्यादा के भनौं ? जो कोही शिवको आश्रयमा आउँछन् या आउन चाहन्छन्, उनीहरूको संस्कार गुरुले गर्नुपर्छ । गुरुको अधीनमा हुनुपर्छ ।

अध्याय षोडश, सप्तदश, अष्टादश, एकोनविंश, विंशश्च

शिव दीक्षा, शिष्य संस्कार, षडध्व विचार, साधक संस्कार, मन्त्र माहात्म्य आचार्यद्वारा शिष्यलाई अभिषेक गर्ने विधि वर्णन

यी अध्यायहरूमा शिवमन्त्र दीक्षाको विशद वर्णन गरिएको छ । गुरु र शिष्यको स्वरूप, अधिकार प्राप्त गुरु र शिष्यले मात्र दीक्षा दिनु र लिनु र यसका लागि देश, काल, समय, पूजाविधिको सविस्तार वर्णन गरिएको छ ।

श्रीकृष्णद्वारा यिनै विषयमा प्रश्न गरेपछि उपमन्युले क्रमशः उत्तर दिंदै गएका छन् ।

उपमन्युजी- हे श्रीकृष्ण !

पुण्येऽहनि शुचौ देशे, बहुदोषविवर्जिते ।
देशिकः प्रथमं कुर्यात्संस्कारं समयाह्वयम् ॥ १६-१ ॥

अर्थात्, सर्वप्रथम शुभ मुहूर्तमा पवित्र क्षेत्र, समुद्रतट, नदीको किनार, गौशाला, पर्वत, देवमन्दिर, घर या मनोहर स्थानमा जहाँ कुनै किसिमको दोष नहोस्, त्यहाँ बसेर गुरुले समयाह्वय संस्कार गर्नुपर्छ । यसका लागि भूमिलाई शोधन गरेर वास्तुशास्त्र अनुसार सुन्दर मण्डप बनाउनुपर्छ । मध्य भागमा वेदी बनाएर, अष्टदिशामा आठ कुण्ड निर्माण गर्नुपर्छ । मण्डप अत्यन्त सुन्दर, चारैतिर ध्वजापताकाले सुशोभित, चदुँवा, तोरण, सुगन्धित द्रव्य आदिले सुवासित होस् ।

यसरी निर्माण गरेपछि मध्यवेदीमा पद्मदल निर्माण गरेर शिवशिवालाई विधिवत् स्थापना गर्नुपर्छ । यी सबै कर्म शिवशास्त्रविधि अनुसार गर्नुपर्छ । मण्डपको मध्यमा स्थापित प्रधान

हवनकुण्डमा गुरूले विधिपूर्वक पूजन, अर्चना, हवन गर्नुपर्छ भने आठै दिशामा स्थापित कुण्डहरूमा आचार्य ब्राह्मणहरूले पूजन र हवन गर्नुपर्छ ।

त्यसपछि पश्चिमद्वारबाट संस्कारयुक्त शिष्यलाई भित्र प्रवेश गराउनुपर्छ । शिष्यलाई उत्तराभिमुख र गुरूले पूर्वाभिमुख भएर प्रौक्षण, पुष्पले ताडन गरेर शुद्ध गर्नुपर्छ । त्यसपछि शिष्यको शिरमा गुरूले वरदहस्त राखेर आफ्नो शक्ति प्रवेश/प्रदान गर्दै नाडीको सन्धान गर्नुपर्छ । त्यसपछि वैश्यत्वबाट क्षत्रियत्व हुँदै ब्राहमणत्वमा प्रतिष्ठापन गराउनुपर्छ । त्यसपछि गुरूले परिष्कृत शिष्यलाई वर्धनी (प्रधान पूर्ण कलशको जलले अभिषेक गरी, शुद्ध श्वेतवस्त्र धारण, भस्मधारण, रूद्राक्षधारण) गराएर कानमा बिस्तारै शिवमन्त्रको दीक्षा दिनुपर्छ ।

दीक्षित शिष्यले शिवार्चन नगरी, जप नगरी अन्न भोजन गर्नुहुँदैन । गुरूलाई साक्षात् शिवरूप मानेर, गुरूदत्त रूद्राक्ष, भस्म आदिको संरक्षण गर्ने गुरु, आचार्य, ब्राह्मणहरूको यथोचित, यथाशक्य सेवार्चन गर्दै जीवन यापन गर्नुपर्छ । यो नै समयाह्वय विधि हो, जसको विधिवत् धारण र निरन्तर साधनाले शिवपुरको प्राप्ति हुन्छ ।

इति सङ्क्षेपतः प्रोक्तः संस्कारः समयाह्वयः ।
साक्षाच्छिवपुरप्राप्तौ नृणां परमसाधनम् ॥ १६-७८ ॥

षडध्व शुद्धि संस्कार विधि

अतः परं समावेक्ष्य गुरुः शिष्यस्य योग्यताम् ।
षडध्वशुद्धिं कुर्वीत सर्वबन्धविमुक्तये ॥ १७-१ ॥

अर्थात्, गुरूले शिष्यको योग्यतालाई निरीक्षण गरेर सम्पूर्ण बन्धनबाट मुक्त गराउन षडध्वशुद्धि गर्नुपर्छ । कला, तत्त्व, भुवन, वर्ण, पद र मन्त्र, यी ६ तत्त्वहरूलाई नै षडध्व भनिएको छ । यिनीहरूको शोधन नै षडध्व शोधन हो ।

कला तत्त्वं च भुवनं वर्णं पदमतः परम् ।
मन्त्रश्चेति समासेन षडध्वा परिपठ्यते ॥ १७-२ ॥

(१) **कला-** निवृत्ति, प्रतिष्ठा, विद्या, शान्ति, शान्त्यातीत, यी पाँच स्वरूपमा कलाको मार्ग वर्णन गरिएको छ । यी तत्त्वहरूलाई प्राप्त गर्न साधकले सदैव प्रयत्न गर्नुपर्छ ।

(२) **तत्त्व-** शिवतत्त्वदेखि पृथ्वीतत्त्वसम्मको पारावारलाई नै तत्त्वमार्ग भनी वर्णन गरिएको छ । यो शुद्ध र अशुद्ध भेदले छब्बिस प्रकारको हुन्छ जो कर्मेन्द्रिय, ज्ञानेन्द्रिय, पञ्चमहाभूत, पञ्चतन्मात्रा, मन, बुद्धि, चित्त, अहङ्कार, प्रकृति र शिव यी कुल छब्बिस हुन् ।

(३) **भुवन-** आधारदेखि उन्मन लोक पर्यन्तको स्वरूपलाई भुवनध्वा भनिएको छ । यो पनि

भेद उपभेदले साठी प्रकारको हुन्छ ।

(४) **वर्ण-** स्वर तथा व्यञ्जन वर्णहरूलाई भलीभाँती जान्नु नै वर्णध्वा हो । यी कुल पचासवटा छन् ।

(५) **पद-** पदका भेद असङ्ख्य छन् । पदहरूको संयोगले नै वाक्य निर्माण हुन्छ ।

(६) **मन्त्र-** सबै मन्त्र, उपमन्त्र, परमविद्याद्वारा यो मन्त्रध्वा व्याप्त छ । पृथ्वीतलमा कुल सात करोड मन्त्रको उल्लेख गरिएको छ ।

यी उपर्युक्त षडध्वमा कला व्यापक हो भने बाँकी व्याप्त हुन् । जसले यी अध्व शोधनको विधि जान्न सक्यो, उसले नै षडध्व शोधन गर्न सक्छ । त्यसैले साधकले निरन्तर साधना गर्नुपर्छ ।

षडध्व शोधन विधि

यसको वर्णन कैलास संहितामा गरिसकिएको भए तापनि यहाँ पनि सङ्क्षेपमा वर्णन गरिँदै छ । यो सम्पूर्ण विधि तीन या पाँच दिनमा सम्पन्न हुन्छ । सर्वप्रथम गुरुशिष्यले स्नान र नित्यकर्म गरेर पूर्ववत् मण्डपमा प्रवेश गर्नुपर्छ । त्यसपछि ईशानादि पञ्चकलश (ईशान, तत्पुरुष, अघोर, वामदेव, सद्योजात) लाई बीजमन्त्रले पूजार्चना र होम गरी बाह्याभ्यन्तर शुद्धि गर्नुपर्छ । त्यसपछि ब्राह्मण कन्याले कातेको सेतो धागोलाई त्रिगुण गरेर शिष्यको टुप्पीमा बाँध्नु र चरणपर्यन्त झुन्डिन दिनुपर्छ । त्यसपछि शान्त्यातीत आदि पाँच कला जो आकाशादि तत्त्वरूप हुन्, तिनीहरूको नामोच्चारण गर्दै धागोमा जोड्दै जानुपर्छ । यथा-

व्योमरूपिणीं शान्त्यातीतकलां योजयामि, वायुरूपिणीं शान्तिकलां योजयामि, तेजोरूपिणी विद्याकलां योजयामि, जलरूपिणीं प्रतिष्ठाकलां योजयामि, पृथ्वीरूपिणीं निवृत्तिकलां योजयामि ।

त्यसपछि 'शान्त्यातीत कलायै नमः ।' भन्दै पूजा र होम गर्नुपर्छ । पाँचै कलाको पूजार्चना होम गरेर बचेको होमाविष्ट चरु गुरुले शिष्यलाई दिनुपर्छ र शिष्यले पनि प्रसादको रूपमा ग्रहण गर्नुपर्छ । त्यसपछि पञ्चगव्य प्राशन गरी पूर्वाभिमुख गरेर राति त्यही मण्डपमा विश्राम गर्नुपर्छ । विश्राम गर्नुपूर्व, भस्म, तिल र सर्स्युंले तीन रेखा बनाएर चारैतिरबाट घेर्नुपर्छ अनि फट् मन्त्रले अभिमन्त्रित गरेर सुत्नुपर्छ ।

द्वितीय दिन प्रातःकाल रात्रिको स्वप्नसम्बन्धी सबै घटना गुरुलाई निवेदन गर्नुपर्छ । यदि दुःस्वप्न देखिएको भए सय या पचास आहुति मूल मन्त्रले दोष निवारणका लागि होम गर्नुपर्छ । त्यसपछि नित्यकर्म सङ्क्षेपमा गरी द्वितीय दिनको कार्यारम्भ गर्नुपर्छ ।

अथ पूजां विना सर्वं कृत्वा पूर्वदिने यथा ।
नेत्र बन्धन पर्यन्तं दर्शयेत् मण्डलं गुरुः ॥ १८-२ ॥

प्रथम दिनका सबै कृत्यहरू गरेपछि नेत्रबन्धनको कार्य गरी गुरुद्वारा शिष्यलाई मण्डलमा प्रवेश र दर्शन गराउनुपर्छ । त्यसपछि सूत्रमय शिखादेखि आधारपर्यन्त शान्त्यातीत कलादेखि निवृत्तिकलासम्म वागेश्वरीको पूजार्चना र होम गर्नुपर्छ । मण्डलमा स्थापित देवहरूको पनि पूजार्चना र होम गर्नुपर्छ । त्यसपछि गुरूले शिष्यलाई सबै योनिहरूमा एकै साथ प्रवेश हुन सकून् भन्दै प्रार्थना र शास्त्रोक्त मुद्रा एवम् मूल मन्त्रले सबै योनिहरूमा जोड्नु (मिलाउनु) पर्छ । यी कुल चौध योनि छन्, जसमा देवताहरूको आठ, पशुपक्षीहरूको पाँच, र मनुष्यको एक यी सबै योनिमा बुद्धिपूर्वक शिष्यलाई प्रवेश गराई, उसको आत्मामा वागेश्वरीलाई प्रवेश गराउनुपर्छ ।

त्यसपछि गर्भप्राप्ति होस् भनी गुरुशिष्यले देवताको पूजार्चना र होम गर्नुपर्छ । प्राप्त हुनु नै कर्मको अनुवृत्ति हो । जाति, आयु, भोग, संस्कार आदिको सिद्धि र निष्कृतिका लागि प्रार्थना, पूजार्चना र होम गर्नुपर्छ । यसरी गुरूले विधि सम्पन्न गरेपछि शिष्यको शरीर शुद्ध गरी तीनैवटा पाशलाई भेदन गर्नुपर्छ । त्यसपछि शिष्यलाई चैतन्य गराई ब्रह्माको पूजार्चना गरी शिवको आज्ञालाई यसरी सुनाउनुपर्छ ।

पितामह त्वया नास्य यातुः शैवं परं पदम् ।
प्रतिबन्धो विधातव्यः शैवाज्ञैषा गरीयसी ॥ १८-१९ ॥

अर्थात्, हे पितामह ! तपाईंको कृपाले यस शिष्यले शिवको परम पद प्राप्त गर्न सकोस्, यही शिवको महती आज्ञा पनि हो । यसरी नै विष्णुलाई पनि पूजार्चना गरी शिवाज्ञा सुनाएर शिष्यको आत्मामा शिवप्रतिष्ठानको भावना गर्नुपर्छ र त्यही आत्मामा व्याप्ति, व्यापक र वागेश्वरीको भावनालाई जागृत गराउनुपर्छ । शिष्यलाई पूर्णतः शुद्धि एवम् शिवतत्त्वको सर्वव्यापकताको बोधन गराएपछि, धागोसहित शिखालाई छेदन गरी गोबरमा राखी शिवाग्निमा हवन गर्नुपर्छ । त्यसपछि गुरूले शिष्यको छातीमा दुवै हात राखेर पूर्ण चैतन्य गराएर शिवशिवालाई पूजार्चना गरी गुरूले यसरी प्रार्थना गर्नुपर्छ-

भगवंस्त्वत्प्रसादेन शुद्धिरस्य षडध्वनः ।
कृता तस्मात्परं धामं गमयैनं तवाव्ययम् ॥ १८-४५ ॥

अर्थात्, हे भगवान् ! तपाईंको कृपाले यो शिष्यको षडध्व मार्गको शुद्धि गरिदिएँ । अब तपाईंले यसलाई आफ्नो अविनाशी धाममा प्रवेश गराउनुहोला ।

पञ्चमहाभूत एवम् षडध्वको लय

त्यसपछि गुरूले शिष्यलाई पञ्चमहाभूतलाई शोधन गर्दै लयभाव गराउनुपर्छ । यस क्रममा स्थिरतत्त्व (पृथ्वी) लाई अस्थिरतत्त्व (वायु) मा अस्थिरलाई शीतत्व (जल) मा, शीतलाई ऊष्ण (तेज/अग्नि) मा र ऊष्णतत्त्वलाई व्यापकता, एकरूपता (आकाश) मा विलय गराई, यी पञ्चमहाभूतहरूका ग्रन्थि विच्छेद गरी परं शिवमा स्थापित गराउनुपर्छ ।

त्यसपछि गुरूले शिष्यको मुखलाई शोधन गरी शरीरलाई मन्त्रशक्तिले जलाएर अमृतकणद्वारा शिष्यको आत्मालाई खिचेर शुद्ध गरी शरीरलाई अध्वमय गराउनुपर्छ । यस क्रममा सर्वप्रथम शान्त्यातीत कलाले शिष्यको शिरमा, शान्तिकलाले शिष्यको मुखमा, विद्याकलाले घाँटीदेखि नाभिपर्यन्त भागमा, प्रतिष्ठाकलाले नाभिदेखि अधो भागमा शोधन गरी हृदयमा शिवको तेजोमय स्वरूपलाई आधान गर्दै अणिमादिको स्वरूपलाई स्थापित गराउनुपर्छ, जसले गर्दा शिष्यले सर्वज्ञता, तृप्ति, अनादि, अनन्तबोध, शक्ति सम्पन्नता, स्वतन्त्रता, अनन्तशक्ति आदि प्राप्त गर्न सकोस् ।

सर्वज्ञतां तथा तृप्तिं बोधं चाद्यन्तवर्जितम् ।
अलुप्तशक्तिं स्वातन्त्र्यमनन्तां शक्तिमेव च ॥ १८-५५ ॥

त्यसपछि मण्डपस्थ कलशजलद्वारा शिष्यलाई अभिषेक गरी, पञ्चाक्षर मन्त्रको सम्पुटित गर्नुपर्छ । अन्त्यमा गुरूले शिवलाई प्रार्थना गर्नुपर्छ कि यो सबै कार्य तपाईंको कृपाले सफल होस् ।

पुनः सम्पूज्य देवेशं यन्मया समनुष्ठितम् ।
सुकृतं कुरु तत्सर्वमिति विज्ञापयेच्छिवम् ॥ १८-६० ॥

त्यसपछि शिष्यसहित गुरूले पृथ्वीमा महादेवलाई दण्डवत् प्रणाम गरी, मण्डपमा स्थापित देवदेवीलाई पूजार्चना अग्निको पूर्णाहुति गरेर, विसर्जन गर्नुपर्छ । त्यसपछि सबै ऋत्विज, ब्राह्मण, सभामा उपस्थित सुहृत्, साधु, सभ्य गणहरूलाई दान, मान र सम्मानले सन्तुष्ट गराउनुपर्छ ।

साधक संस्कार मन्त्र माहात्म्य

अतः परं प्रवक्ष्यामि साधकं नाम नामतः ।
संस्कारमन्त्रमाहात्म्यं कथने सूचितं मया ॥ १९-१ ॥

हे श्रीकृष्ण ! अब नाम मन्त्र, शिवसाधक मन्त्र तथा संस्कार मन्त्रको माहात्म्य वर्णन गर्दछु । पहिलेभैँ मण्डलमा स्थापित कलश एवम् शिवशिवाको विशेष सविधि पूजार्चना एवम् होम गर्नुपर्छ । तर्पण एवम् मार्जन तथा सन्दीपन कर्म गर्नुपर्छ । त्यसपछि गुरूले शिष्यलाई

कलशको जलले अभिषेक गर्नुपर्छ । त्यसपछि विधिपूर्वक उत्तम शिवमन्त्रको दीक्षा दिनुपर्छ र पुष्पयुक्त जलले शिष्यको हातमा शैवी विद्यालाई समर्पित गर्दै प्रार्थना यसरी गर्नुपर्छ ।

तवैहिकामुष्मिकयौः सर्वसिद्धिफलप्रदः ।
भवत्येव महामन्त्रः प्रसादात्परमेष्ठिनः ॥ १९-६ ॥

अर्थात्, शिवको कृपाले यो महामन्त्र तिम्रो लागि इह र परलोकमा सबै सिद्धि प्रदान गर्नेछ । त्यसपछि गुरूले शिवसाधना र शिवयोगको उपदेश दिनुपर्छ । यसरी मन्त्र र उपदेश प्राप्त गरेपछि शिष्यले पनि विनियोगपूर्वक मन्त्र साधना गर्नुपर्छ, यसैलाई पुरश्चरण भनिन्छ । मुमुक्षुले त अधिक मन्त्रसाधना गर्नुपर्छ ।

शुभेऽहनि शुभे देशे काले वा दोषवर्जिते ॥ १९-११ ॥

शुभ दिन मुहूर्त, योग, शुभस्थानमा सुखासनमा बसेर, शिवमय भएर जप गर्नुपर्छ । जति ज्यादा जप हुन्छ, त्यति नै सिद्धि प्राप्त हुन्छ । जप गर्दा फलाहार, अल्पाहार गर्नुपर्छ । गरिष्ठ भोजनले साधनामा सुस्तता निम्त्याउँछ । प्रतिदिन तर्पण र होम पनि गर्नुपर्छ । नित्य, नैमित्तिक साधन र विनियोग गर्दा जल, मन्त्र र भस्मस्नान गर्नुपर्छ । त्यति मात्र होइन, शिखा, बन्धन, हातमा पवित्र धारण, त्रिपुण्ड्र एवम् रुद्राक्षधारण गरेर पञ्चाक्षर मन्त्रको जप गर्नुपर्छ ।

शिष्यबाट आचार्य पदवी बनाउने विधि

अथैवं संस्कृतं शिष्यं कृतपाशुपतव्रतम् ।
आचार्यत्वेऽभिषिञ्चेत तद्योगत्वेन चान्यथा ॥ २०-१ ॥

शिष्यले पाशुपत व्रत सुसम्पन्न गरेपछि मात्र आचार्यत्व ग्रहण गर्ने योग्यता प्राप्त हुन्छ । विना पाशुपत व्रत सुसंस्कृत विना आचार्य पदवी लिनु पनि हुँदैन, दिनु पनि हुँदैन । आचार्य पदवी प्रदान गर्दा, सबैभन्दा पहिले पूर्ववत् मण्डप स्थापना, पञ्चकलश स्थापना, पूजार्चना, होम, तर्पण, मार्जन, तथा निवृत्ति कलादेखि शान्त्यातीत कलापर्यन्त शोधन गराएपछि गुरूले भगवान् शिवसँग यसरी प्रार्थना गर्नुपर्छ-

भगवंस्त्वत्प्रसादेन देशिकोऽयं मया कृतः ।
अनुगृह्य त्वया देव दिव्याज्ञास्मै प्रदीयताम् ॥ २०-१२ ॥

अर्थात्, हे भगवान् ! तपाईंको कृपाले यो योग्य शिष्यलाई मैले आचार्य बनाइदिएँ । अब तपाईंले अनुग्रह गरी यसलाई दिव्य आज्ञा प्रदान गर्नुहोस् । यसरी गुरूले शिवाज्ञा प्राप्त गरी विद्या एवम् ज्ञान शिष्यलाई प्रदान गर्नुपर्छ । त्यसपछि शिष्यलाई राजोचित चिन्ह प्रदान गर्नुपर्छ किनभने आचार्य पदवी प्राप्त गरेपछि राज्य प्राप्त गर्ने अधिकार हुन्छ ।

आचार्य पदवीं प्राप्तो राज्यं चापि यतोऽर्हति । २०-१८ ।

यसरी आचार्यत्व पदवी प्राप्त गरेपछि, शौच, क्षमा, दया, अस्पृहा, अनसूया आदि गुणहरूलाई यत्नपूर्वक आफूभित्र सदासर्वदा सङ्ग्रह गर्नुपर्छ । आचार्यमा शिवतत्त्व, विद्यातत्त्व र आत्मतत्त्व यी तीन तत्त्वको भलीभाँती जानकारी हुनुपर्छ । आचार्य स्वयम् शिवरूप हुन् र त्यही स्वरूपलाई अहर्निश धारण गर्नुपर्छ । त्यसपछि मण्डपमा स्थापित आवाहित देवताहरूको विसर्जन अग्निलाई पूर्णाहुति तथा उपस्थित सम्पूर्ण ब्राह्मण, ऋत्विज, सभ्य सुहृद्‌हरूलाई दान, मान, सम्मान गर्नुपर्छ ।

अध्याय एकविंश, द्वाविंश, त्रयोविंश

नित्य नैमित्तिक कर्म, न्यास विधि तथा मानसिक पूजार्चना

श्रीकृष्णद्वारा शिवशास्त्रमा वर्णित नित्य, नैमित्तिक, न्यास, मानसिक पूजार्चना आदि विषयमा सोधेपछि,

उपमन्युजी- हे यदुनन्दन !

प्रातरुत्थाय शयनाद्ध्यात्वा देवं सहाम्बया । २१-२ ।

अर्थात्, प्रातःकाल उठेर सबैभन्दा पहिले शिवपार्वतीको ध्यान गरी आफूले गर्नुपर्ने कार्य पनि विचार गरी, अरुणोदय हुनासाथ घरबाट निस्किनुपर्छ ।

अबाधे विजने देशे कुर्यादावश्यकं ततः ।
कृत्वा शौचं विधानेन दन्तधावनमाचरेत् ॥ २१-३ ॥

अर्थात्, बाधारहित क्षेत्र, एकान्त स्थानमा पुगेर मलमूत्रको त्याग गरी दतिउन गर्नुपर्छ । प्रतिपदा, षष्ठी, अष्टमी, नवमी, एकादशी, चतुर्दशी, पौर्णमासी र सङ्क्रान्तिको दिनमा दतिउन गर्नुहुँदैन, केवल बाह्रपटक कुल्ला गर्नुपर्छ । मलमूत्र विसर्जन गरेपछि माटाले शिश्न, गुदद्वार तथा हात धुनुपर्छ । त्यसपछि जलाशय, नदी, घर या जहाँ सुविधा हुन्छ, स्नान गरी शुद्ध धौतवस्त्र धारण गर्नुपर्छ ।

कपिलास्थान- जो स्नान गर्न असमर्थ छन्, उनीहरूले शुद्धवस्त्रलाई भिजाएर शिरदेखि चरणपर्यन्त पुछ्नुपर्छ, यसैलाई कपिलास्नान भनिन्छ । त्यसैगरी शिवलाई चिन्तन गर्दै भस्म मिलाएर गरिएको स्नानलाई आत्मीय स्नानको संज्ञा दिइएको छ । स्नान गरेपछि आदित्य रूपी सूर्यलाई अर्घ्य दिनुपर्छ । त्यसपछि करन्यास, अङ्गन्यास गरी त्रिपुण्ड्रसहित सर्वाङ्गमा

भस्म धारण गर्नुपर्छ, अनि रूद्राक्ष, शिर, कण्ठ, कान र हातमा धारण गर्नुपर्छ । रूद्राक्ष पनि पहँलो ब्राह्मणले, रातो क्षत्रियले, कालो रङ्गको वैश्यले धारण गर्नुपर्छ । यदि त्यस्तो छैन भने जस्तो छ त्यस्तै तर दूषित नभएको धारण गर्नुपर्छ । अपवित्र समयमा भने रूद्राक्ष धारण गर्नुहुँदैन ।

त्यसपछि पूर्व या उत्तर फर्केर पूजा स्थानमा बसी, शिवशिवालाई ध्यान गरेर, श्वेत आदि देखि नकुलीश पर्यन्त शिष्यहरूसहित गुरूहरूलाई प्रणाम गरी, शिवका आठ नामहरूको जप गर्नुपर्छ । यी आठ नाम, शिव, महेश्वर, रूद्र, विष्णु, पितामह, संसारवैद्य, सर्वज्ञ र परमात्मा हुन् ।

स्नान, ध्यान र जपपश्चात् शिवालय या घरमा नै स्थापित शिवलाई षोडशोपचार या पञ्चोपचार सामग्रीले विशेष अभिषेक पूजा अर्चना गर्नुपर्छ । यस क्रममा पाञ्चायन देवता या शिव या दुवैको यथायोग्य सेवा पूजार्चना गर्नुपर्छ ।

न्यासविधि वर्णन

न्यासस्तु त्रिविधः प्रोक्तः स्थित्युत्पत्तिलयक्रमात् ।
स्थितिर्न्यासो गृहस्थानामुत्पत्तिर्ब्रह्मचारिणाम् ॥ २२-१ ॥
यतीनां संहृतिन्यासो वनस्थानां तथैव च । २२-२ ।

अर्थात्, गृहस्थी र विधवाका लागि स्थिति न्यास, ब्रह्मचारीका लागि उत्पत्ति न्यास तथा सन्न्यासी एवम् वानप्रस्थीहरूका लागि संहृति (लय) न्यास गरी जम्मा तीन प्रकारको न्यास हुन्छ । अङ्गुष्ठदेखि कनिष्ठिकासम्म स्थिति न्यास, दाहिने अङ्गुष्ठबाट देब्रे अङ्गुष्ठसम्म उत्पत्ति न्यास हुन्छ भने ठिक यसको विपरीत न्यास संहृति न्यास हुन्छ ।

शिवको पूजार्चना गर्नुभन्दा पहिले अस्त्रन्यास, करन्यास, देहन्यास, अङ्गन्यास, वर्णन्यास तथा आग्नेय आदि दिशाहरूको दिग्बन्धन गर्नुपर्छ । यसो गर्नाले शरीर र आत्माको शोधन हुन्छ र शरीर शैवमयी हुन्छ । बुद्धिलाई स्थिर गरेर न्यास गर्नुपर्छ । त्यसपछि मातृकान्यास, ब्रह्मन्यास, प्रणवन्यास, सोऽहन्यास, पञ्चाक्षरात्मक न्यास गर्नुपर्छ । यी सबै न्यास गर्नाले शिवत्व प्राप्ति हुन्छ । पशुत्व भावलाई त्यागेर शिवत्व प्राप्त गर्नु जरूरी हुन्छ ।

नाशिवः शिवमभ्यस्येन्नाशिवः शिवमर्चयेत् ।
नाशिवस्तु शिवं ध्यायेन्नाशिव प्राप्नुयात् शिवम् ॥ २२-४२ ॥
तस्मात् शैवीं तनुं कृत्वा त्यक्त्वा च पशुभावनाम् ।
शिवोऽहमिति सञ्चिन्त्य शैवं कर्म समाचरेत् ॥ २२-४३ ॥

यज्ञको प्रकार र श्रेष्ठता

यज्ञ पनि पाँच प्रकारका छन्, कर्मयज्ञ, तपयज्ञ, ध्यानयज्ञ, जपयज्ञ र ज्ञानयज्ञ । यी यज्ञहरू

पनि क्रमशः पहिलोभन्दा दोस्रो श्रेष्ठ मानिन्छ, अर्थात् सबैभन्दा श्रेष्ठ यज्ञ ज्ञानयज्ञ हो । ज्ञानबाट ध्यान र ध्यानबाट ज्ञान प्राप्त हुन्छ ।

ज्ञानं लब्ध्वाचिरादेव शिवसायुज्यमाप्नुयात् ।
तस्मात्पञ्चसु यज्ञेषु ध्यानज्ञानपरो भवेत् ॥ २२-५० ॥

ध्यान गर्नाले शरीर सूक्ष्म एवम् ऐश्वर्यसम्पन्न हुन्छ । ध्यानी भक्त माटो या पत्थरले बनेका देवमूर्तिहरूमा अधिक श्रद्धा राख्दैनन्, किनकि उनीहरूले शिवको यथार्थतालाई बुझिसकेका हुन्छन् । हृदयमा बसेका शिवलाई छोडेर कसले बाहिर पूजन गर्छ ?

आत्मस्थं यः शिवं त्यक्त्वा बहिरभ्यर्चयेन्नरः । २२-५६ ।

त्यसै पनि अन्तरात्मामा नित्य शिवलाई धारण गरेपछि बाहिरी पूजन गरे पनि हुन्छ, नगरे पनि फरक पर्दैन ।

अन्तर्यागरतः पूजां बहिः कुर्वीत वा न वा । २२-६१ ।

मानसिक पूजा विधि

शिवशास्त्रे शिवेनैव शिवायै कथितस्य तु । २३-१ ।

यो पूजा विधि शिवले शिवालाई वर्णन गर्नुभएको हो । अग्निहोत्र पर्यन्त अन्तर्यागको अनुष्ठान हुन्छ, अर्थात् अभ्यन्तर अङ्ग हुन्छ, त्यसपछि मात्र बहिर्याग गर्ने विधान छ । बहिर्याग गर्दा पनि हुन्छ नगर्दा पनि फरक पर्दैन ।

विधाय वा न वा पश्चाद् बहिर्यागं समाचरेत् । २३-२ ।

अन्तर्याग या अभ्यन्तर पूजा नै मानसिक पूजा हो । यसमा सबै सामग्री मनले नै कल्पना गरिन्छ र पूजार्चना गरिन्छ । सबैभन्दा पहिले मनले पूजाद्रव्य कल्पित गर्नुपर्छ । ती द्रव्यलाई प्रोक्षण आदि गरेर शुद्ध गर्नुपर्छ । त्यसपछि गणेश, नन्दीश्वर, सुयशालाई चिन्तन गरेर पूजार्चना गर्नुपर्छ ।

त्यसपछि शिवशिवालाई विशुद्ध सिंहासन या पद्मासनमा विराजमान गरेर विधिवत् पूजार्चना गरी सम्पूर्ण अङ्ग कान्ति, अङ्ग आभूषण, अङ्ग आयुध आदिलाई सविस्तार मनले नै कल्पना गर्दै जानुपर्छ ।

एवं देवं च देवीं च ध्यात्वासनवरे शुभे ।
सर्वोपचारवद् भक्त्या भावपुष्पैः समर्चयेत् ॥ २३-१६ ॥

त्यसपछि समिधा र घिउ आदिले नाभिमा हवनको भावना गर्नुपर्छ । भ्रूमध्यमा शुद्ध

दीपशिखाभैँ शोभायमान ज्योर्तिमय शिवलाई ध्यान गर्नुपर्छ । ध्यानयोगद्वारा नै पूजार्चनादेखि होमपर्यन्त गर्नुपर्छ । यो प्रक्रिया सर्वत्र एकनाशको हुन्छ । यसरी मानसिक पूजार्चना, होम सुसम्पन्न गरेपछि शिवलिङ्गमा, वेदीमा या अग्निमा पूजन गर्नुपर्छ ।

अथ चिन्तामयं सर्वं समाप्याराधनक्रमम् ।
लिङ्गे च पूजयेदेवं स्थण्डिले वानलेऽपि वा ॥ २३-२३ ॥

अध्याय चतुर्विंश, पञ्चविंश

शास्त्रोक्त शिवपूजन विधि

उपमन्यु- हे यदुनन्दन !

प्रोक्षयेन्मूलमन्त्रेण पूजास्थानं विशुद्धये ।
गन्धचन्दनतोयेन पुष्पं तत्र विनिक्षिपेत् ॥ २४-१ ॥

अर्थात्, पूजार्चना पूर्व पूजास्थानलाई प्रोक्षण गरी फूल बिछ्याउनुपर्छ । त्यसपछि अस्त्र मन्त्र (फट) उच्चारण गरी विघ्नलाई हटाउनुपर्छ, कवच मन्त्र (हुम्) ले पूजास्थानलाई सबैतिरबाट अवगुण्ठित गर्नुपर्छ । यसै गरी सम्पूर्ण दिशाहरूमा दिग्बन्धन न्यास गरी पूजा भूमिको कल्पना गर्दै कुश बिछ्याउनुपर्छ । पात्र र द्रव्यलाई पनि शुद्ध गर्नुपर्छ ।

यति गरिसकेपछि प्रोक्षणी, अर्घ्य, पाद्य र आचमन पात्रमा पवित्र सुगन्धित द्रव्यसहित तीर्थादिको शुद्ध जल राख्नुपर्छ, जसमा रत्न, चाँदी, सुवर्ण, गन्ध, पुष्प, अक्षत, फल, पञ्चपल्लव, कुश आदि राख्नुपर्छ । स्नान र आचमन गर्ने जलमा अवश्य नै सुगन्धित द्रव्य राख्नुपर्छ । पाद्य जलमा खस चन्दन अवश्य राख्नुपर्छ । अर्घ्यपात्रमा कुश, अक्षता, जौ, धान, तिल, घिउ, सर्स्युं, फूल र भस्म राख्नुपर्छ । प्रोक्षणी पात्रमा कुश, फूल, जौ, धान, केवडा, तमाल र भस्म राख्नुपर्छ । यसरी जल एवम् द्रव्य राख्दा मन्त्र, न्यास, कवच, अस्त्र एवम् धेनुमुद्रा प्रदर्शन गर्नुपर्छ ।

सर्वत्र मन्त्रं विन्यस्य वर्मणावेष्ट्य बाह्यतः ।
पश्चादस्त्रेण संरक्ष्य धेनुमुद्रां प्रदर्शयेत् ॥ २४-१२ ॥

यदि उपर्युक्त अलग अलग पात्रहरूको अभाव भएमा केवल प्रोक्षणी पात्रद्वारा नै कर्म गर्नुपर्छ । त्यसपछि द्वारको दक्षिण दिशामा विनायकको पूजा सर्वप्रथम गर्नुपर्छ । यसैगरी दोस्रो नम्बरमा अन्तःपुरका स्वामी शिवका वाहन नन्दीश्वरको पूजार्चना गर्नुपर्छ । तृतीय चरणमा भने उत्तर द्वारको समीप मरूत्की छोरी, नन्दीश्वरकी पत्नी सुयशालाई पूजन

गर्नुपर्छ जो सदैव माता पार्वतीको चरणसेवामा रहन्छिन् । चौथो चरणमा ईशान कोणमा चण्डदेवलाई आराधना गरी पूजार्चना गर्नुपर्छ । पाँचौं चरणमा पाँच फणाले युक्त भएका अनन्तलाई पूजार्चना गर्नुपर्छ, जो सम्पूर्ण पृथ्वीलाई आफ्नो शिरमा धारण गरेर रहन्छन् ।

यसरी आधार स्वरूप अनन्तलाई पूजार्चना गरेर, त्यसैमाथि भद्रासनको परिकल्पना गरी, क्रमशः आग्नेय, नैऋत्य, वायव्य र ईशान कोणमा रहने क्रमशः सेतो, रातो, पहेँलो र श्याम वर्णका, सिंहको भैँ चार चरण स्वरूप, धर्म, ज्ञान, वैराग्य एवम् ऐश्वर्यको पूजार्चना गर्नुपर्छ । त्यसै गरी चार दिशामा क्रमशः अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्यलाई पूजार्चना गर्नुपर्छ ।

यस भद्रासनमाथि शिवलिङ्ग, शिवमूर्ति या शिवशिवाको विग्रह स्थापना गरी विधिवत् पूजार्चना गर्नुपर्छ । यो भद्रासनमा आठ कमलदल छन्, जो अणिमादि आठ गुणा हुन्, यसको माथि निर्मल श्वेत पद्ममय आसन छ ।

अस्योर्ध्वच्छादनं पद्ममासनं विमलं सितम् ।
अष्ट पत्राणि तस्याहुरणिमादि गुणाष्टकम् ॥ २४-२६ ॥

यसै गरी यस कमलदलमा वादमेव आदि रुद्र अफ्ना वामा आदि शक्तिहरूका साथ त्यस कमलका केशर हुन् । मनोन्मयी आदि अन्तशक्ति नै बीज हुन् । वैराग्य कर्णिका हो, शिवरूप नाल नै ज्ञान हो, शिवधर्म कन्द हो, कर्णिकाको माथि चन्द्र, सूर्य, र वन्हि तीनवटा मण्डल विराजित छन् । यी मण्डलमाथि आत्म, विद्या, शिवतत्त्व रूप त्रिविध आसन रहेका छन् । यसै आसनमाथि सुन्दर, दिव्य, भव्य बिछ्याउनाले आच्छादित सुखद दिव्य आसनको कल्पना गरी त्यसैमा शिव विग्रह स्थापना गरी, आवाहन, स्थापन, सन्निरोधन, निरीक्षण (सम्मुखीकरण) एवम् नमस्कार गर्दै, सबैका लागि अलग अलग मुद्राहरू प्रदर्शन गर्नुपर्छ ।

यहाँ शिवशिवाको पृथक्, पृथक् पूजार्चना गर्ने भए पहिले शिवलाई, पश्चात् शिवालाई या अर्धनारी स्वरूपलाई पूजार्चना गर्नुपर्छ ।

प्रथमं देवमुद्दिश्य कृत्वा स्नानादिकाः क्रियाः ।
देव्यै पश्चात्प्रकुर्वीत देवदेवस्य शासनात् ॥ २४-५० ।
अर्द्धनारीश्वरे पूज्ये पौर्वापर्यं न विद्यते ।
तत्र तत्रोपचाराणां लिङ्गे वान्यत्र वा क्वचित् ॥ २४-५१ ॥

अभिषेक गर्दा माङ्गलिक जय शब्दहरूको उच्चारण गर्नुपर्छ । अभिषेक कलश (शङ्ख), वर्धनी, कुश, पुष्प, या हातले गर्नुपर्छ । यथा-

कलशेनाथ शङ्खेन वर्द्धन्या पाणिना तथा ।
सकुशेन सपुष्पेण स्नापयेन्मन्त्रपूर्वकम् ॥ २४-४६ ॥

पञ्चगव्य, पञ्चामृत, फलरस, पुष्परस, तिल, सर्स्युं, सातु, जौ, मासको दालको चूर्ण आदि

पदार्थले अभिषेक गर्नुपर्छ । त्यसैगरी अमला र बेसारले लेप लगाउनुपर्छ । अभिषेक गर्दा पवमान, रूद्रसूक्त, नीलरूद्रसूक्त, त्वरितमन्त्र, लिङ्गसूक्त, अथर्वशीर्ष, ऋग्वेद, सामवेद, पञ्चब्रह्ममन्त्र र ॐकारको ध्वनि उच्चारण गर्दै गर्नुपर्छ । त्यसै गरी सुगन्धित जल, कुश, फूल मिश्रित जल, सुवर्ण तथा रत्नयुक्त जल, मन्त्रपूत जलले पनि श्रद्धापूर्वक अभिषेक गर्नुपर्छ ।

कृत्वाऽभिषेकं लिङ्गस्य शुचिना च सुगन्धिना ।
सम्मृज्य वाससा दद्यादम्बरं चोपवीतकम् ॥ २४-५२ ॥

अर्थात् अभिषेक गरेपछि शुद्ध वस्त्रले पुछेर, वस्त्र, यज्ञोपवीत, पाद्य, अर्घ्य, गन्ध, पुष्प, भूषण, धूप, दीप, नैवेद्य, मुखशुद्धि, मुखवास, ताम्बूल, शुभ्रमुकुट, अनेक प्रकारको माला, अञ्जन, चामर, छत्र, ताडको पङ्खा, दर्पण आदि अर्पण गर्नुपर्छ ।

त्यसपछि सुवर्ण, चाँदी, ताम्र या माटाको शुभ पात्रमा त्रिशूल, शङ्ख, कमल, नन्द्यावर्त, करीष, श्रीवत्स, स्वस्तिक, आदर्श, वज्र, अग्नि स्वरूप आठ दीपक चारैतिर र बिचमा पनि एउटा दीपक राखेर, वामादि नौ शक्तिहरूको ध्यान गरेर आरती (निराजन) गर्नुपर्छ । त्यसपछि प्रदक्षिणा, प्रणाम, स्तुति, नाचगान आदि गर्नुपर्छ । अन्तिममा भने अर्घ्य, पुष्पाञ्जली दिएर धेनुमुद्रा प्रदर्शन गरी शिवशिवालाई हृदयमा ध्यान गरी क्षमाप्रार्थनासहित विसर्जन गर्नुपर्छ ।

प्राण रहुन्जेलसम्म शिवको पूजन नगरी भोजन गर्नुहुँदैन, भावद्वारा नै पुण्य प्राप्त हुन्छ ।

तावतैव परोधर्मः भावेन सुकृतो भवेत् ।
असम्पूज्य न भुञ्जीत शिवमाप्राणसञ्चरात् ॥ २४-६९ ॥

यदि भूलेर/बिर्सिएर भोजन गरियो भने, प्रयत्नपूर्वक उल्टी गर्ने, अनि स्नान गर्ने, त्यसपछि ब्रह्मचर्यमा रहेर दश हजार शिवको महामन्त्रलाई जप गर्ने, दुई गुणा पूजार्चना गर्ने र सुवर्ण आदि दान गरेर प्रायश्चित्त गर्नुपर्छ । अर्थात् शिवार्चन नगरी भोजन गर्नुहुँदैन । शरीर स्वस्थ रहुन्जेल यसलाई निरन्तरता दिनुपर्छ । शरीर अस्वस्थ भएमा भावले मानसिक पूजार्चना गर्नुपर्छ ।

शिवपूजाविधि केही छुटेका थप प्रसङ्ग

उपमन्यु- **अनुक्तं चात्र पूजयाः क्रमलोपभयादिव ।**
यत्तदन्यत्प्रवक्ष्यामि समासन्न तु विस्तरात् ॥ २५-१ ॥

अहिलेसम्म वर्णन नगरिएका, छुटेका केही प्रसङ्गहरू जो शिवको पूजाको क्रममा गर्नुपर्ने हुन्छ, तिनीरूका बारेमा पनि सङ्क्षेपमा उपमन्युले कृष्णजीलाई बताउँदै हुनुहुन्छ । ती छुटेका प्रसङ्गहरू यस्ता छन्, जुन क्रमलोप नहोस् भनी वर्णन गरिन्छ ।

आवरणपूजा- कुर्यादावरणाभ्यर्चा प्राप्ते नीराजनेऽथवा । २५-२ ।

यो पूजा होमपूर्व या दीपदान या निराजनपश्चात् गर्नुपर्छ । यसमा ईशानदेखि सद्योजातसम्म तथा आठै दिशा एवम् हृदय, शिर, शिखा, कवच, नेत्र, अस्त्र आदि अङ्गहरूको पूजा गरिन्छ जस्तो कि पूर्वमा इन्द्र, दक्षिणमा यम, पश्चिममा वरूण, उत्तरमा कुबेर, ईशानमा ईश, आग्नेयमा अग्नि, नैऋत्यमा, निऋति, वायव्यमा वायुदेव एवम् नैऋत्यमा विष्णु र ईशानमा ब्रह्मालाई पूजार्चना गर्नुपर्छ । त्यसैगरी कमलदलको बाहिर वज्र आदिदेखि अब्जपर्यन्त आयुधहरूको पूजार्चना गर्नुपर्छ । दशै दिशालाई गर्भावरण या मन्त्रसङ्घात पनि भनिन्छ ।

गर्भावरणमाख्यातं मन्त्रसङ्घातमेव वा । २५-५ ।

योग, ध्यान, जप, होम, बाह्य र आभ्यन्तर गरी ६ प्रकारको विधि शिवार्चन प्रयोग गरिन्छ । त्यसैगरी पाद्य, अर्घ्य, आचमन, शुद्धजल आदि निर्माण गर्दा अनेक सुगन्धित शुद्ध वस्तु मिसाएर बनाउनु र चढाउनुपर्छ । अनेक पक्वान्न, मिष्ठान्न, अनेक ऋतुफल अनेक पुष्प, धूप, दीप, चँवर, दण्ड, दर्पण, शङ्ख, घण्ट, क्षत्र आदि पनि अर्पण गर्नुपर्छ ।

यतः पापार्णवात्त्रातुं भक्तिर्नौरिव निर्मिता । २५-६२ ।

अर्थात्, पापरूपी महासागरबाट पार गर्न भगवान् शिवको पूजार्चना, भक्ति, ध्यान नै नौकाको समान हो । त्यसैले न्यायोपार्जित धनलाई आफ्नो शक्ति र सामर्थ्य अनुसार, भक्तिपूर्वक पूजार्चना गर्नाले अनन्त गुणा फलप्राप्ति हुन्छ । अन्त्यज, अधम, पतित, मूर्ख आदि यदि शिवशरणापन्न भएमा देव, असुरद्वारा पनि पूजनीय एवम् वन्दनीय हुन्छन् ।

तस्मात् सर्वप्रयत्नेन भक्त्यैव शिवमर्चयेत् ।
अभक्तानां क्वचिदपि फलं नास्ति यतस्ततः ॥ २५-६४ ॥

अध्याय षड्विंश, सप्तविंश

पञ्चाक्षर मन्त्रको महिमा, अग्निसंस्कार विधि, भस्म ग्रहण एवम् यज्ञान्तकर्म

उपमन्युजी- हे श्रीकृष्ण !

ब्रह्मघ्नो वा सुरापो वा स्तेयी वा गुरुतल्पगः ।
मातृहा पितृहा वापि वीरहा भ्रूणहापि वा ॥ २६-१ ॥

अर्थात् ब्राह्मणवध, मद्यपान, चोरी, गुरुपत्नीगमन, माता, पिता, वीर या भ्रूणहत्या आदि गर्ने

व्यक्तिले पनि लगातार बाह्र वर्षपर्यन्त पञ्चाक्षर मन्त्रले शिव पूजार्चना गऱ्यो भने मुक्त हुन्छ । शिवार्चन र पञ्चाक्षर मन्त्र जपले जस्तोसुकै पतित पनि मुक्त हुन्छ । भक्त नै मुक्त हुन्छ, अर्को मुक्त हुँदैन । चाहे ऊ जितेन्द्रिय होस् या मिक्षाहारी नै होस् । बद्ध होस् या मुक्त होस् । पञ्चाक्षर मन्त्रले पूजार्चना जप गर्नाले मुक्त भई शिवसायुज्य प्राप्त गर्छ ।

दुर्लभ मनुष्य चोला प्राप्त गरेर शिवार्चन गर्नाले नै जन्म सफल हुन्छ । शिवस्मरण सतत गर्नाले दुःखको भागी हुनुपर्दैन । त्यति मात्र होइन, सौभाग्य, मनोहर रूप, सत्त्व, त्याग, दयालुता, शूरता आदि गुण शिवार्चन र जपले नै प्राप्त हुन्छ । त्यसैले,

यावन्नायाति मरणं यावन्नाक्रमते जरा ।
यावन्नेन्द्रियवैकल्यं तावत्पूजय शङ्करम् ॥ २६-२२ ॥

प्रतिदिन शिवार्चन भक्तिभावले गर्नुपर्छ । धूप, दीप, नैवेद्य अर्पण गर्नुपर्छ । उत्तराभिमुख भएर वलिदान गर्नुपर्छ । जुन अन्न आदि शिवलाई अर्पण गरिन्छ, त्यसको शेष अंश शिवका गण चण्डलाई अर्पण गर्नुपर्छ ।

जसले स्वर्गीय आनन्द र वैभव, यश, धन, विद्या, कीर्ति आदिको इच्छा राख्छन्, तिनीहरूले नित्य शिवार्चन पञ्चाक्षर जप गर्नुपर्छ । जप गर्नाले सम्पूर्ण मलीनता नाश हुन्छ र शक्ति प्राप्त हुन्छ । त्यसैले सबै प्रयत्न लगाएर जप गर्नुपर्छ, यही उपायले नै इह र परलोकको कल्याण गर्छ ।

अग्नि संस्कार विधि

अथाग्निकार्यं वक्ष्यामि कुण्डे वा स्थण्डिलेऽपि वा ।
वेद्यां वा ह्यायसे पात्रे मृन्मये वा नवे शुभे ॥ २७-१ ॥

अब म अग्निकार्य (हवनविधि) को स्वरूप वर्णन गर्दछु । सुन्दर वेदी निर्माण गरेर या स्थण्डिलमा, या कुण्डमा, या नूतन शुभलौहमा, या माटाको पात्रमा, विधिपूर्वक अग्निस्थापन गरी अग्निको संस्कार गरेर महादेवजीको आराधना गरी होम गर्नुपर्छ । वेदी निर्माण गर्दा दुई या एक हात गोलो या चौकर र त्यति नै प्रमाणको गहिरो हुनुपर्छ । हात्तीको ओठ या पीपलको पातझैँ हवन वेदीको योनि निर्माण गरी तीन, दुई या एक मेखला बनाई, गोबरपानीले पोतेर तयार गर्नुपर्छ ।

वेदी तयार भएपछि अग्निबीज (रं) उच्चारण गरी अग्निलाई आसनमाथि स्थापित गरी, योनि मार्ग या आफ्नो सम्मुख राख्नुपर्छ । त्यसपछि यज्ञाचार्यले योनिमार्गको सम्मुख भएर अग्निलाई नाभिरन्ध्रबाट चिन्नगारीझैँ वेदी कुण्डमा स्थापना गर्नुपर्छ ।

योनिमार्गेण वा तद्वदात्मनः सम्मुखेन वा । २७-१५ ।

यसरी स्थापित अग्निलाई राम्ररी प्रज्वलित र आज्य संस्कार हुँदासम्म अग्निलाई बिम्बाकारको

रूपमा स्मरण गर्नुपर्छ । त्यसपछि मन्त्रज्ञ आचार्यले सूत्रोक्त मूल मन्त्रले दायाँतिर शिवमूर्तिलाई पूजार्चना एवम् न्यास गरी, घिउमा धेनुमुद्रा देखाएर, स्रुक् र स्रुवालाई प्रोक्षण गरेर राख्नुपर्छ । स्रुक्, स्रुवा धातु या देवदारु या ब्रह्मवृक्षको हुनुपर्छ तर काँस, फलाम, सिसाको हुनुहुँदैन ।

स्रुक्स्रुवौ तैजसौ ग्राह्यौ न कांस्यायससैसकौ । २७-१९ ।

अग्नि संस्कारको सिद्धिका लागि सात बीजाक्षर मन्त्रले होम गर्नुपर्छ । यी बीज मन्त्र अग्निका सात जिह्वा हुन् ।

मन्त्र- भ्रुं, स्तुं, ब्रुं, श्रुं, पुं, ड्रं, द्रुं ।

यी सात जिह्वाका नाम र स्थान यसरी वर्णित छन् । मध्यको जिह्वा त्रिशिखा हो भने ईशानको हिरण्या, पूर्वको कनका, आग्नेयको रक्त, नैऋत्यको कृष्णा, पश्चिमको सुप्रभा, वायव्यको मरूत् हुन् । ॐ भ्रुं त्रिशिखायै स्वाहा ! ॐ स्तुं हिरण्यायै स्वाहा ! ॐ ब्रुं कनकायै स्वाहा ! यसरी होम गर्नुपर्छ ।

त्यसपछि ॐ 'रं' वह्नये स्वाहा । भनेर तीन आहुति पुनः दिनुपर्छ । यति गरेपछि अग्नि स्वयम् शिवाग्नि हुन पुग्छ । समिधा पनि सुन्दर, सुमनोहर हुनुपर्छ । पलास या यज्ञीय वृक्षको बाह्र औंला लामो, सिधा, सुकेको, छालसहितको, व्रणरहित र समान आकारको हुनुपर्छ ।

ताः पालाश्यः परा वापि यज्ञिया द्वादशाङ्गुलाः
अवक्रा न स्वयं शुष्काः सत्वचो निर्व्रणाः समाः ॥ २७-२९ ॥

द्वादश औंलाको समिधा नभए दश औंला या प्रादेश या कमसेकम दुर्वाङ्कुर जतिको लामो हुनुपर्छ । यसै गरी हवनीय सामग्रीमा लावा सर्स्युं जौ, तिल, घिउ, सुखामेवा, सुवासित वनस्पति आदि मिश्रण गरिएको हुनुपर्छ । त्यतिमात्र होइन सम्भव भए, भक्ष्य, लेह्य, चोष्य पदार्थको पनि आहुति दिनुपर्छ । स्रुवाले घिउको आहुति तथा हातको देवतीर्थ या ऋषितीर्थद्वारा हवन गर्नुपर्छ ।

अग्नि प्रज्वलित भएपछि यी मन्त्रले प्रार्थना गर्नुपर्छ-

त्रिपादं सप्तहस्तं च चतुःशृङ्गं द्विशीर्षकम् ।
मधुपिङ्गं त्रिनयनं सकपर्देन्दुशेरखम् ॥ २७-४४ ॥
रक्तं रक्ताम्बरालेपं माल्यं भूषणभूषितम् ।

सर्वलक्षणसम्पन्नं सोपवीतं त्रिमेखलम् ॥ २७-४५ ॥
शक्तिमन्तं स्रुक्स्रुवौ च दधानं दक्षिणे करे ।
तोमरं तालवृन्तं च घृतपात्रं तथोत्तरैः ॥ २७-४६ ॥

अग्निको गर्भाधान, सीमन्तोन्नयन, पुंसवन आदि गरेपछि उपर्युक्त मन्त्रले ध्यान गर्नुपर्छ । जसमा अग्निबालकको स्वरूपको वर्णन गरिएको छ, जो तीन चरण, सात हात, चार सिङ, दुई शिर, मधुभैँ पीत वर्ण, त्रिनेत्र जटाजूटसहित चन्द्रमा शिरमा, लालवस्त्र, आलेपन, माला र भूषणले विभूषित, मेखला र यज्ञोपवीत धारण, स्रुक्, स्रुवा दाहिने हातमा, तोमर, तालवृक्षको पातको पङ्खा एवम् घृतपात्र अर्को हातमा लिएका सर्वाङ्गसुन्दर अग्निदेवलाई प्रणाम गर्दछु ।

त्यसपछि अग्निको जातकर्म, नालछेदन, मुण्डन, कर्णवेध, उपनयन आदि संस्कार गर्नुपर्छ । त्यसपछि विधिवत् उद्देश्य अनुरूपको सम्पूर्ण होम गर्नुपर्छ । अन्त्यमा स्वीष्टकृत आधाराज्य होम र पूर्णहुति गर्नुपर्छ । यज्ञको फल शिवशिवाको नित्य कृपा होस् भनी अर्पण गर्नुपर्छ ।

भस्म ग्रहण र यज्ञान्त कर्म

शिवाग्नेर्भस्म सङ्ग्राह्यमग्निहोत्रोद्भवं तु वा । २७-५४ ।

हवन गरेपछि विधिवत् भस्मग्रहण गर्नुपर्छ । भस्मलाई शुद्ध धातु पात्र या काठ, या मृत्तिका पात्र, या शिला आदिमा राखेर तयार गर्नुपर्छ । अपवित्र पात्र या अयोग्यद्वारा भस्मलाई तयारी गर्नुहुँदैन । त्यसैगरी भस्मलाई चरणस्पर्श या नाघ्नुहुँदैन । यदि भयो भने त्यो भस्म अशुद्ध हुन्छ । साथै हवनको उत्तरपूजा अर्थात् देव विसर्जनपूर्व नै भस्मग्रहण गरिसक्नुपर्छ । अन्यथा त्यो भस्म चण्डभस्म हुन जान्छ ।

अग्निकार्य सुसम्पन्न भएपछि बलिकार्य गर्नुपर्छ । त्यसपछि विद्यासनमा गुरुलाई राखेर पूजार्चना गर्नुपर्छ, त्यसपछि पूज्यहरूलाई पूजन गर्नुपर्छ, भोकाहरूलाई भोजन गराउनुपर्छ, उपस्थित सबैलाई दान, मान, सम्मान, भोजन, उपहार अर्पण गरेर स्वयम् पनि भोजन गर्नुपर्छ । भोजनपश्चात् आचमन गरेर, शिवको ध्यान गर्दै, शिवकथा सुन्दै, मूलमन्त्रको जप गर्दै समय व्यतीत गर्नुपर्छ ।

अध्याय अष्टाविंश

नित्य, नैमित्तिक विधि वर्णन

उपमन्यु- हे यदुनन्दन !

अतः परं प्रवक्ष्यामि शिवाश्रमनिषेविणाम् ।
शिवशास्त्रोक्तमार्गेण नैमित्तिकविधिक्रमम् ॥ १ ॥

शिवशास्त्रमा वर्णित शैवमार्गीहरूले गर्नुपर्ने नित्य, नैमित्तिक कर्महरूको क्रमशः वर्णन गर्दछु । शिवलाई दुवै पक्षको अष्टमी, चतुर्दशी, पर्वदिन, ग्रहण आदिमा विशेष पूजार्चना गर्नुपर्छ । यसै गरी प्रत्येक महिनामा यथोचित ब्रह्मकूर्च (पञ्चगव्य) ले शिवलाई अभिषेक गर्नुपर्छ र बचेको पञ्चगव्यलाई प्रसादको रूपमा पिउनुपर्छ, जसले ब्रह्महत्यादि महान् दोषलाई नाश गरिदिन्छ ।

ब्रह्महत्यादिदोषाणामतीव महतामपि ।
निष्कृतिर्ब्रह्मकूर्चस्य पानान्नान्या विशिष्यते ॥ ५ ॥

महिना अनुसार के गर्ने ? प्रत्येक महिनाको पूर्णिमामा शिवको विशेष पूजार्चना गर्नुपर्छ । जस्तो- पुष्य नक्षत्रयुक्त पौष महिनामा शिवको निराजन, मघा नक्षत्रको माघ महिनामा घिउ र कम्बलको दान गर्ने, उत्तर फाल्गुनीयुक्त फाल्गुन महिनामा महोत्सव गर्ने, चित्रायुक्त चैत्रमा दोलोत्सव, विशाखायुक्त वैशाखमा फूलले शिव मन्दिर बनाउने/सजाउने, ज्येष्ठा या मूल नक्षत्रयुक्त ज्येष्ठमा शीतल जलयुक्त घडा दान गर्ने, उत्तराषाढायुक्त आषाढमा पवित्र वृक्षारोपण गर्ने, श्रवणयुक्त श्रावणमा मण्डलको स्थापना गर्ने, भाद्रपयुक्त भाद्रपदमा जलक्रीडा, अश्विनीयुक्त आश्विनमा खीर या नयाँ चामलको भात चढाउने, कृतिका नक्षत्रयुक्त कार्तिकमा हजार दीप दान (दीप प्रज्वलित) गर्ने, आर्द्रा नक्षत्रयुक्त, मृगशिरा नक्षत्रयुक्त मार्गशीर्षमा शिवलाई घिउले स्नान गर्ने । यदि सामग्री चढाउन सकिएन भने केवल उत्सव गर्दा पनि हुन्छ । नक्षत्रकै नामले महिनाहरूका नाम रहेका हुन्छन् । अर्को कुरा नक्षत्रकै दिन पूर्णिमा पनि पर्छ अर्थात्, विशाखा नक्षत्रकै दिन वैशाखी पूर्णिमा पर्छ । ज्येष्ठा नक्षत्रको दिन ज्येष्ठपूर्णिमा, कृतिका नक्षत्रको दिन कार्तिकी पूर्णिमा आदि ____ ।

समय विपरित हुँदा, मन दुःखी हुँदा, दुराचार गरिएमा, दुःस्वप्न हुँदा, दुष्टहरूको दर्शन हुँदा, उत्पात दर्शन हुँदा, अशुभ हुँदा, प्रबल रोगले आक्रान्त हुँदा, महामारी, उल्कापात

हुँदा, अवश्य शिवको अभिषेक, पूजार्चना, ध्यान, होम आदि गर्नु सर्वत्र कल्याणदायी हुन्छ ।

दौर्मनस्य दुराचारे दुःस्वप्ने दुष्टदर्शने ।
स्नानपूजाजपध्यानहोमदानादिकाः क्रियाः ॥ १४ ॥

जसले नित्य, नैमित्तिक कर्म गर्छ, त्यसले मुक्ति पाउँछ । त्यो पनि एकै जन्ममा, बारम्बार जन्म लिनुपर्दैन ।

तस्यैक जन्मना मुक्तिं प्रयच्छति महेश्वरः । १७ ।

मुक्ति भएन भने उत्तम गति प्राप्त गरी अनन्त कालपर्यन्त दिव्यलोकमा निवास गर्न पाउँछन् र जन्म लिनुपर्दा पनि अति सम्पन्न श्रीमान्‌का घरमा जन्म लिन पुग्छन् । त्यसपछि पूर्वसंस्कारको कारण शिवभक्त भएर पुण्यकर्म गरी मुक्त हुन्छन् । त्यसैले कुनै पनि हालतमा शिव शरणापन्न भई यसै जीवनमा आफ्नो कल्याण गर्नुपर्छ ।

तस्माच्छिवाश्रितो भूत्वा येनकेनापि हेतुना । ३१ ।

अध्याय एकोनत्रिंश, त्रिंशश्च

काम्यकर्म सम्बन्धी : पञ्चावरण पूजाविधि वर्णन

श्रीकृष्णले काम्यकर्म सम्बन्धी जिज्ञासा राखेपछि,

उपमन्यु- **अथ वक्ष्यामि काम्यं हि चेहामुत्र फलप्रदम् । २९-७ ।**

कर्म पाँच प्रकारका छन्- लौकिक कर्म, तपोमय कर्म, ध्यानमय कर्म, क्रियामय कर्म र सर्वमय कर्म । शिवको आज्ञा नै शक्ति हो, र शक्तिमानहरूका लागि नै यी कर्महरू सफल हुन्छन् । यी कर्महरूलाई बाह्य र आभ्यन्तर दुवै कोणबाट गर्नुपर्छ । शैवाश्रयी ज्ञानयज्ञरत कर्मयज्ञ गर्नाले मनुष्य साक्षात् महेश्वर हुन पुग्छ ।

माहेश्वराः समाख्याताः कर्मयज्ञरता भुवि । २१-१० ।

आवरण पूजार्चना सर्वप्रथम समतल भूमि चयन गरी, त्यसलाई लिपेर पूर्वदिशामा एक या दुई हातको मण्डल निर्माण गरी, अष्टदल कर्णिकायुक्त सुन्दर कमल बनाउनुपर्छ । यसलाई रत्न, सुवर्ण आदिको चूर्णहरूले सजाउनुपर्छ । यसरी पाँच आवरणयुक्त दिव्य मण्डल अष्टदल कमल पत्रमा निर्माण गरी कमल दलहरूमा सिद्धि (अष्टसिद्धि), र केशरहरूमा

शक्तिहरूको कल्पना गर्नुपर्छ ।

पञ्चावरण संयुक्तं बहुशोभासमन्वितम् ।
दलेषु सिद्धयः कल्प्याः केशरेषु सशक्तिकाः ॥ २९-१५ ॥

त्यसपछि पूर्वादि दलमा वामदेव आदि आठ रूद्रलाई स्थापना कमलकर्णिकामा वैराग्य र बीजमा नौ शक्तिहरूको कल्पना गर्नुपर्छ । त्यसै गरी कमल दलको कन्दमा शिवात्मक धर्म, नालमा शिवाश्रित ज्ञान, कर्णिकाको माथि अग्नि, सूर्य र चन्द्रमा मण्डल बनाउनुपर्छ । त्यसपछि शिव विद्यात्मक तीन तत्त्व र सबै कल्पित आसनमाथि सुन्दर, सुखद रङ्गीबिरङ्गी फूल बिछ्याएर पञ्चावरणले युक्त अष्टदलयुक्त कमलमा पार्वतीसहित महादेवको पूजार्चना गर्नुपर्छ, जसको विधि यसप्रकारको छ ।

दिव्यायुधवरैर्युक्तं दिव्यगन्धानुलेपनम् ।
पञ्चवक्त्रं दशभुजं चन्द्रखण्डशिखामणिम् ॥ २९-२२ ॥

महादेवको पूर्वतिरको मुख सौम्य बालसूर्यझैँ कान्तियुक्त, पश्चिममुख पूर्णचन्द्रझैँ मन्दहास्ययुक्त, उत्तरमुख मुगाझैँ नीलकेशयुक्त, दक्षिणमुख श्याममेघझैँ, भृकुटि कुटिल घोर दृश्ययुक्त, पाँचौं मुख स्फटिक मणिझैँ चन्द्ररेखा उज्ज्वल रहेका छन् । यसै गरी महादेव सौम्य विग्रह निवृत्ति कलाले जानु, प्रतिष्ठा कलाले कण्ठ एवम् नाभि, विद्याकलाले ललाट, त्योभन्दा माथि शान्तकला, त्यसभन्दा पनि माथि शान्त्यातीत कलाले युक्त अत्यन्त मनोहारिणी रूपमा विराजित छन् । त्यसैगरी पञ्चाह्वव्यापी साक्षात् कला पञ्चक स्वरूप, ईशान मुकुट, अघोर हृदय, वामदेव गुह्य, सद्योजात चरणयुक्त भई अठतिस कलामय मूर्तिको रूपमा विराजित छन् । त्यसैगरी महादेव ॐकारमय एवम् हंशशक्तियुक्त, साक्षात् तत्त्वत्रय रूप विद्यामूर्तिका रूपमा विराजित छन् । यस्ता शिवलाई मूल विद्याद्वारा यथाविधि पाद्य, अर्घ्य, आचमन आदिद्वारा षोडशोपचारले पूजार्चना गर्दै जानुपर्छ र विसर्जनपूर्व पञ्चावरणको पूजार्चना गर्नुपर्छ ।

पञ्चावरण पूजाविधि

तत्रादौ शिवयोः पार्श्वे दक्षिणे वामतः क्रमात् ।
गन्धाद्यैरर्चयेत् पूर्वं देवै हेरम्बषण्मुखौ ॥ ३०-१ ॥

प्रथमावरण- यस प्रथम आवरणमा सबैभन्दा पहिले शिवशिवाको दाहिने र देब्रेतिर श्रीगणेश र कार्तिकेयको पूजार्चना गर्नुपर्छ । त्यसपछि चारै दिशाहरूमा शक्तिसहित ईशानादि पञ्चब्रह्मलाई सद्योजातपर्यन्त पूजार्चना गर्नुपर्छ । त्यसैगरी आग्नेय आदि कोणहरूमा आठ शक्तिहरूसहित महादेव आदि आठ रूद्रहरूको पूजार्चना गर्नुपर्छ ।

द्वितीय आवरण- अनन्तं पूर्वदिक्पत्रे तच्छक्तिं तस्य वामतः ।
सूक्ष्मं दक्षिणदिक्पत्रे सह शक्त्या समर्चयेत् ॥ ३०-६ ॥

अर्थात् अष्टदल पद्मपत्रको पूर्व दिशामा शक्तिसहित अनन्तको, दक्षिणमा सूक्ष्म, पश्चिममा शिव, उत्तरमा एक नेत्र, ईशानमा रूद्र, आग्नेयमा त्रिमूर्तिको, नैऋत्यमा श्रीकृष्णको, वायव्यमा शिखण्डीशको पूजार्चना गर्नुपर्छ । ध्यान रहोस् कि यिनीहरूको वामाङ्गमा यिनीहरूका शक्तिहरूको पनि पूजार्चना गर्नुपर्छ ।

तृतीयावरण- तृतीयावरणे पूज्याः शक्तिभिश्चाष्टमूर्तयः । ३०-१० ।

तृतीय आवरणमा अष्टदल कमलको पूर्वादिक्रमले आठै दिशामा अष्टमूर्ति शिवको विधिवत् पूजार्चना गर्नुपर्छ । शिवका आठ स्वरूप, भव, शर्व, ईशान, रूद्र, पशुपति, उग्र, भीम, महादेव हुन् । त्यही क्रमले अन्य आठ शिव महादेव, शिव, रूद्र, शङ्कर, नीललोहित, ईशान, विजय, भीम, देवदेव, भवोद्भव र कपर्दीशको पूजार्चना गर्नुपर्छ । त्यसपछि यसै आवरणमा वृषेन्द्र, नन्दी, महाकाल, मातृकाहरू, गणेश, कार्तिकेय, ज्येष्ठा, गौरी, चण्ड, शास्ता, नन्दीश, मुनीन्द्र, वृषभ, पिङ्गल, भृङ्गीश्वर, वीरभद्र, सरस्वती, लक्ष्मी, दुर्गा, शिव अनुचर, समूह, भूतगण र शिवाका सखीहरू यी सबैको पूजार्चना गर्नुपर्छ ।

चतुर्थावरण- चतुर्थावरणं ध्यात्वा बहितस्य समर्चयेत् ।
भानुः पूर्वदले पूज्यो दक्षिणे चतुराननः ॥ ३०-२४ ॥

अर्थात् पूर्वदलमा सूर्य, दक्षिणमा ब्रह्मा, पश्चिममा रूद्र, उत्तरमा विष्णुको पूजार्चन गर्नुपर्छ । त्यसपछि यी चारै देवताहरूको आवरण उनीहरूको ६ अङ्ग तथा शक्तिहरूका साथ पूजार्चना गर्नुपर्छ । यसका साथै दीप्ता, सुषमा, जया, भद्रा, विभूति, विमला, अमोघा, विद्युता आदिलाई पूर्वादिक्रमले पूजार्चना गर्नुपर्छ । यसै गरी आदित्य, भाष्कर, भानु, रवि, अर्क, ब्रह्मा, रूद्र, विष्णु, विवस्वान, बोधिनी, आप्यायनी, उषा, प्रभा, प्रज्ञा, सन्ध्या तथा चन्द्रमा मङ्गल, बुध, वृहस्पति, शुक्र, शनि, राहु केतुको पूजार्चना गर्नुपर्छ ।

त्यसैगरी द्वादशादित्य, द्वादश राशि, ऋषि, देवता, गन्धर्व, पन्नग, अप्सरागण, यक्ष, यातुधान, हयमुख, सप्तछन्दोमय र बालखिल्यहरूको पूजार्चना गर्नुपर्छ । यसै आवरणमा हिरण्यगर्भ, विराज, काल, पुरूष, सनत्कुमार, सनक, सनन्दन, सनातन तथा दक्ष, रूचि, भृगु, मरीच, अङ्गिरा, पुलह, ऋतु, अत्रि, कश्यप, वशिष्ठ, यिनीहरूका धर्मपत्नीहरू प्रसूति, आकृति, ख्याति, सम्भूति, धृति, स्मृति, क्षमा, सन्नति, अनसूया, अरून्धतीको पनि पूजार्चना गर्नुपर्छ । त्यसैगरी चारै वेद, इतिहास, पुराण, धर्मशास्त्र, वेदाङ्ग आदिको पनि पूजार्चना गर्नुपर्छ ।

यसै गरी वासुदेव, अनिरूद्ध, प्रद्युम्न, सङ्कर्षण, तथा मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, राम,

कृष्ण, अश्वमुख, नारायणास्त्र, पाञ्चजन्यशङ्ख, शार्ङ्गधनुष, परमहरि, महाविष्णु, सदाविष्णु, तथा प्रभा, सरस्वती, गणाम्बिका लक्ष्मी, लोकपाल, इन्द्र, यम, अग्नि, निऋति, वरूण, वायु, सोम, कुबेर, ईशान र महेश्वर तथा यिनीहरूका आयुध, त्रिशूल, वज्र, परशु, बाण, खड्ग, पाश, अङ्कुश पिनाक र रौद्रस्वरूप क्षेत्रपालको पूजार्चना गर्नुपर्छ ।

पञ्चमावरण- **सर्वावरणदेवानां बहिर्वा पञ्चमेऽथवा ।**
पञ्चमे मातृभिः सार्द्धं महोक्षं पुरतो यजेत् ॥ ३०-६९ ॥

अर्थात्, यस आवरणमा मातृकाहरूका साथ महोक्षको पूजार्चना गर्नुपर्दछ । त्यसपछि चारैतिरबाट देवयोनिहरूको, आकाशमा विचरण गर्ने ऋषिहरूको, सिद्ध, दैत्य, यक्ष, राक्षस, अनन्त आदि नाग समूह, डाकिनी, भूत, प्रेत, पिशाच, वेताल, भैरव, नदीहरू, समुद्रहरू, पर्वत, वन, सरोवर, पशु, पक्षी, वृक्ष, कीट, क्षुद्रयोनि, मनुष्य, मृग आदिको पूजार्चना गर्नुपर्छ ।

यसै गरी ब्रह्माण्डभित्रका अनेकानेक भुवन, करोडौं ब्रह्माण्ड/ब्रह्माण्डदेखि बाहिर रहेका असङ्ख्य अधिपति सहितका भुवनहरू सबैको यसै आवरणमा पूजार्चना गर्नुपर्छ ।

त्यसै गरी जति पनि चित, अचित शब्दवाच्य छन्, ती सबै शिवशिवाद्वारा नै प्रकट भएका हुन् भन्ने विचार गरी पूजार्चना गर्नुपर्छ ।

यसरी पञ्चावरण पूजार्चना गरेपछि शिवशिवाका लागि सुन्दर व्यञ्जन, शुद्ध महाचरु, या आफ्नो शक्ति अनुसार तयार गरेको भोजन, जल, पान आदि अर्पण गरी निराजन गर्नुपर्छ । त्यसपछि शेष पूजार्चनालाई पूर्ण गर्नुपर्छ ।

पञ्चावरण काम्यकर्म फलश्रुति

काम्यकर्ममा कन्जुसी गर्नुहुँदैन । तन, मन, धनले गर्नुपर्छ । आवरण पूजार्चनाले सबै प्रकारका सिद्धि प्राप्त हुन्छन् । जस्तो कामना राखेर पूजा गरिन्छ, त्यही अनुरूप फल प्राप्त हुन्छ । जस्तो कि शत्रुजय, मृत्युञ्जय, महारोग, भय, दुर्भिक्ष, महाविपत्ति आदि उपस्थित हुँदा अवश्य आवरण पूजार्चना गर्नुपर्छ । शिवाश्रित भक्तहरूका लागि योभन्दा ठूलो पूजार्चना अर्को छैन ।

पूजार्चनापछि स्तुतिवन्दना, पञ्चाक्षर जप, गुरु एवम् ब्राह्मणहरूको पूजार्चना, दान, मान, सम्मान गर्नुपर्छ । त्यसपछि जसरी आवाहन गरिएको थियो, त्यसरी नै ईश्वरार्पण गर्दै विसर्जन गर्नुपर्छ ।

बहुना किं प्रलापेन महाव्यापन्निवारकम् ।
तस्मादितः परं नास्ति परित्राणमिहात्मनः ॥ ३०-९९ ।

अध्याय एकत्रिंश

पञ्चावरणमा वर्णित सम्पूर्ण देवदेवीहरूको स्तुति र अभीष्टपूर्ति एवम् मङ्गलकामना

(यस अध्यायमा कुल १८९ श्लोक छन् । यसमा पूर्ववर्णित पञ्चावरणमा उल्लेख गरिएका सम्पूर्ण देवताहरूको स्तुति गरिएको छ । यसको पाठ गर्नाले पञ्चावरण पूजाको फल पूर्ण रूपले प्राप्त हुन्छ । सम्पूर्ण शिवपुराणका सबैभन्दा धेरै श्लोक यस अध्यायमा वर्णन गरिएका छन् ।)

उपमन्यु- स्तोत्रं वक्ष्यामि ते कृष्ण पञ्चावरणमार्गतः ।
योगेश्वरमिदं पुण्यं कर्म येन समाप्यते ॥ १ ॥

शिवको योगेश्वर रूपको विशद वर्णन गरिएको यस अध्यायलाई नै योगेश्वरस्तोत्र संज्ञा दिइएको छ । यसलाई पुण्य दिन, पर्वकाल या नित्य पाठ गर्नाले सम्पूर्ण कर्मफलप्राप्ति हुन्छ । द्वितीय श्लोकदेखि अट्ठाइस श्लोकसम्म शिवशिवा, गणेश, कार्तिकेय शिव परिवारको स्तवन गरिएको छ भने, त्यसभन्दा अगाडि पञ्चावरणमा उल्लिखित सबैको क्रमशः वर्णन गरिएको छ । शिवपरिवारको स्तवन गरिएका केही श्लोक हामी पनि स्तवन गरौं-

जय जय जगदेकनाथ शम्भो
प्रकृतिमनोहर नित्यचित्स्वभाव ।
अतिगतकलुषप्रपञ्चवाचा
मपि मनसां पदवीमतीतत्त्वम् ॥ २ ॥

अर्थात्, हे जगत्का एकमात्र रक्षक शिव ! नित्य चिन्मय स्वभाव प्रकृति मनोहर शम्भो ! तपाईंको तत्त्व कलुषराशिविहीन निर्मलवाणी र मनको गतिभन्दा पनि पर छ । तपाईंको जय होस्, जय होस् ।

नमः परमदेवाय, नमः परम हेतवे ।
नमः शिवाय शान्ताय नमः शिवतराय ते ॥ १० ॥
जयाम्बिके जगन्मातर्जय सर्वजगन्मयि ।
जयानेक विधानस्थे जय विश्वेश्वर प्रिये ॥ १४ ॥

यसै गरी पञ्चावरण देवताका प्रार्थना स्तोत्रहरू-

प्रथमावरणे पूर्वं शक्त्या सह समर्चितम् ।

पवित्रं परमं ब्रह्म प्रार्थितं मे प्रयच्छतु ॥ २९ ।
द्वितीयं शिव बीजेषु कलास्वष्ट कलान्वितम् ।
निवृत्ति पद निष्ठं च पृथिव्यां समवस्थितम् ॥
तृतीयं शिवबीजेषु कलाभिश्चाष्टभिर्युतम् ।
शक्तिभिः सहिताः सर्वे तृतीयावरणे स्थिताः ॥ ३४ ॥
सत्कृत्य शिवयोराज्ञां दिशन्तु फलमीप्सितम् । ५२ ।
चतुर्थावरणे शम्भोः पूजितश्च सहानुगैः ।
शिवप्रियः शिवासक्तः शिवपादार्चने रतः ॥ ११२ ॥

यसै गरी पञ्चावरणमा गरिने देवीदेवताहरूले सम्पूर्ण चराचरको कल्याण गरून् भन्दै प्रार्थना गरिएका केही स्तोत्रहरू यसप्रकार छन्-

गन्धर्वाद्याः पिशाचान्ताश्चतस्रो देवयोनयः ।
सिद्धाः विद्याधराद्याश्च येऽपि चान्ये नभश्चराः ॥ १५६ ॥
असुराः राक्षसाश्चैव पातालतलवासिनः ।
अनन्ताद्याश्च नागेन्द्रा वैनतेयादयोद्विजाः ॥ १५७ ।
कूष्माण्डाः प्रेतवेतालाः ग्रहा भूतगणाः परे ।
डाकिन्यश्चापि योगिन्यः शाकिन्यश्चापि तादृशाः ॥ १५८ ॥
क्षेत्रारामगृहादीनि तीर्थान्यायतनानि च ।
द्वीपाः समुद्रा नद्यश्च नद्याश्चान्ये सरांसि च ॥ १५९ ॥
गिरयश्च सुमेर्वाद्या काननानि समन्ततः ।
पशवः पक्षिणो वृक्षाः कृमिकीटादयो मृगाः ॥ १६० ॥

यसका अतिरिक्त आवरणसहित ब्रह्माण्ड, बाह्र महिना, दश दिग्गज, वर्ण, पद, मन्त्र, तत्त्व, यिनीहरूका अधिपति साथसाथै यस जगत्मा जे देखिन्छ, सुनिन्छ या अनुमान गरिन्छ, ती सबै शिवशिवाको आज्ञाले मेरा सम्पूर्ण मनोरथलाई पूर्ण गरून् ।

फलश्रुति

एतत्पुण्यतमं स्तोत्रं शिवयोर्हृदयङ्गमम् ।
सर्वाभीष्टप्रदं साक्षाद्भुक्तिमुक्त्यैकसाधनम् ॥ १८१ ॥
य इदं कीर्तयेन्नित्यं श्रृणुयाद्वा समाहितः ।
स विधूयासु पापानि शिवसायुज्यमाप्नुयात् ॥ १८२ ॥

यसको पाठ गर्नाले गौहत्यारा, कृतघ्न, वीरघाती, गर्भहत्यारा, शरणागतलाई वध गर्ने, विश्वासघाती, दुराचारी, पापी, मातृपितृघाती, भ्रातृघाती, बन्धुघाती आदि सबै जघन्य पापी पनि

मुक्त हुन्छन् । त्यसैले सङ्कटावस्थामा, दुःस्वप्न हुँदा, अनर्थसूचक भएमा किंकर्तव्यविमूढ अवस्थामा या आयु, आरोग्य, ऐश्वर्य या मनोवाञ्छित फल प्राप्त गर्नका लागि यसको पाठ सर्वोपरि श्रेष्ठ हुन्छ ।

शिवशिवाको पूजनान्तर पाठ गर्नाले अनन्त गुणा फल प्राप्त हुन्छ भने पूजा नगरी सिधै पाठ मात्र गर्नाले पनि सबै प्रकारका लाभ, ऐश्वर्य र मनोवाञ्छित फल प्राप्त हुन्छ ।

अध्याय द्वात्रिंश

काम्यकर्म, विविध पूजा, शान्ति, हवनीय पदार्थहरूको विवेचन

उपमन्यु श्रीकृष्णलाई बताइरहेका छन् ।

उपमन्यु- **अथ वक्ष्यामि शैवानामिहैव फलदं नृणाम् ।**
पूजाहोमजपध्यानतपोदानमयं महत् ॥ २ ॥

अर्थात्, हे यदुनन्दन ! अब म शैवमार्गी भक्तहरूलाई लक्ष्य गरी यस लोकमा फल प्रदान गर्ने होम, जप, ध्यान, तप र दानादि कर्मको विषयमा वर्णन गर्दछु ।

यसका लागि सबैभन्दा पहिले साधकले मन्त्रको सिद्धि गर्नुपर्छ । यसो गरिएन भने इष्टसिद्धिकारक कर्मले फल दिँदैन । कर्म प्रारम्भ गर्नुभन्दा पहले शकुन आदि शुभ सङ्केत आदिको परीक्षण गरेर थाल्नुपर्छ । यदि कतै अशुभसङ्केत जस्तो देखिएमा त्यसलाई समाधान गरेर मात्र थाल्नुपर्छ ।

परीक्ष्य शकुनाद्यैस्तदादौ निष्कृतिमाचरेत् । ५ ।

अविश्वासपूर्वक गरिएको कर्म छ भने त्यसले फल दिँदैन । साधकले श्रद्धापूर्वक, विश्वासका साथ, मन्त्रसिद्धिद्वारा गरिएको कर्मले मात्र फल प्राप्त गर्न सक्छ । कर्म गर्नुभन्दा पूर्व सदाचारमा रहनुपर्छ, ब्रह्मचर्यमा रहनुपर्छ । रातमा हविष्य दुध या फलको सेवन गर्नुपर्छ । निषिद्ध कर्मलाई मनमा आउन दिनुहुँदैन, अनि मात्र कार्यारम्भ गर्नुपर्छ ।

इत्थमाचारवान्भूत्वा स्वानुकूले शुभेऽहनि ।
पूर्वोक्तलक्षणे देशे पुष्पदामाद्यलङ्कृते ॥ १२ ॥

आचारवान् भएर शुभ क्षेत्रमा, शुभ दिनमा, सुन्दर मण्डपको बिचमा भद्रासनमा बसेर शिवशिवालाई विधिवत् पूजार्चना गर्नुपर्छ । यसै क्रममा ईशान कलशदेखि लिएर सद्योजात

पर्यन्त आठै दिशामा आठ कलशहरूको विधिवत् पूजार्चना गर्नुपर्छ । ईशानादि पाँच ब्रह्मको, छवटै अङ्गको र पञ्चावरणको पूजार्चना गरी शिवमन्त्रको एक लाख जप गर्नुपर्छ ।

जपश्च मूलमन्त्रस्य लक्षः परमसङ्ख्यया । ४० ।

(पूजार्चना र जप विधिहरू पूर्ववर्णित भएकाले यहाँ सङ्केत मात्र उल्लेख गरियो ।)

होम गर्दा ध्यान दिनुपर्ने कुराहरू

होम कमसेकम दशांश हुनुपर्छ । शान्ति या पौष्टिक कर्ममा शिवको सौम्य रूपलाई चिन्तन गर्नुपर्छ भने मारण या उच्चाटन कर्म गर्दा शिवको घोर रूपको चिन्तन गर्नुपर्छ ।

घोररूपश्शिवश्चिन्त्यौ मारणोच्चाटनादिषु । ४१ ।
शिवलिङ्गे शिवाग्नौ च अन्यासु प्रतिमासु च ।
चिन्त्य सौम्यतनुः शम्भुः कार्ये शान्तिकपौष्टिके ॥ ४२ ॥

मारणादि कार्यमा फलामको स्रुक्, स्रुवा बनाउनुपर्छ भने शान्ति आदि कर्ममा सुवर्णको बनाउनुपर्छ ।

(१) मृत्युमाथि विजय पाउनका लागि- मह, घिउ, दुधमा मिसाएर दुबो र घृतयुक्त चरूको हवन गर्नुपर्छ ।

(२) रोग निवारणका लागि तिलले हवन गर्नुपर्छ ।

(३) समृद्धिका लागि घिउ, दुध, या कमल पुष्पद्वारा हवन गर्नुपर्छ ।

(४) वशीकरणका लागि घिउ, ज्योतिपुष्प, या विल्वपत्रले हवन गर्नुपर्छ ।

(५) आकर्षणका लागि घिउ, करवीर पुष्पले हवन गर्नुपर्छ ।

(६) उच्चाटन, स्तम्भन मारण आदिका लागि तेल, मह, सर्स्युं, रायो, वरको बीज या तेलले हवन गर्नुपर्छ ।

(७) सिद्धि प्राप्तिका लागि चामलमा दुध, दही, घिउ, मह मिलाएर हवन गर्नुपर्छ ।

(८) लक्ष्मी प्राप्तिका लागि विल्वपत्रले हवन गर्नुपर्छ । लक्ष्मी मात्र नभएर वशीकरण विद्या र शत्रुमाथि विजय प्राप्त हुन्छ ।

(९) शान्ति कार्यका लागि पलाँस र खयरको समिधा उत्तम हुन्छ भने क्रूर कर्मका लागि कनेर र आँकको समिधाले हवन गर्नु श्रेयष्कर हुन्छ ।

अभिचार सम्बन्धी विशेष ध्यान दिनुपर्ने कुरा

अतीव दुरवस्थायां प्रतीकारान्तरं न चेत् ।
आततायिनमुद्दिश्य प्रकुर्यादाभिचारिकम् ॥ ५८ ॥

अर्थात्, जब अर्को कुनै उपाय रहँदैन, तब मात्र अभिचार प्रयोग गर्नुपर्छ । त्यो पनि शिवभक्त, आस्तिक, परम धर्मात्मा, माननीय, राष्ट्रप्रमुख आदि विरुद्ध अभिचार कुनै हालतमा पनि गर्नुहुँदैन । यदि गरियो भने स्वयम् पतित भइन्छ । यदि अनजानमा गरियो भने तुरुन्त, प्रायश्चित्त गर्नुपर्छ ।

पश्चात्तापेन संयुक्तः प्रायश्चित्तं समाचरेत् । ६३ ।

शिवलाई अर्पण गरेको वस्तु के गर्ने ?

शिवलाई अर्पण गरेको वस्तु गुरु या शिवभक्तलाई दिनुपर्छ, स्वयम् ग्रहण गर्नुहुँदैन । लोभवश ग्रहण गरियो भने अभीष्ट फल प्राप्त हुँदैन ।

स्वयं गृह्णति यो लोभात्पूजाङ्गद्रव्यमुत्तमम् ।
काङ्क्षितं न लभेन्मूढो नात्र कार्या विचारणा ॥ ७१ ॥

काम्यकर्मको फलसिद्धि हुँदा कस्तो हुन्छ ?

शत्रुबाधा हट्छ । रोगमुक्ति हुन्छ । कृपण राजा हुन्छ । दरिद्र कुबेर हुन्छ । कुरूप कामदेव जस्तो र वृद्ध जवान जस्तो हुन्छ । शत्रु, मित्र सबै सेवक हुन्छन् ।

कामायते विरूपोऽपि वृद्धोऽपि तरुणायते ।
शत्रुर्मित्रायते सद्यो विरोधी किङ्करायते ॥ ७६ ॥

त्यतिमात्र होइन, विष अमृत र अमृत विष हुन्छ । समुद्र स्थल र स्थल समुद्र हुन्छ । पर्वत गड्डा र गड्डा पर्वत हुन्छ । अग्नि सरोवर र सरोवर अग्नि हुन्छ । लक्ष्मी स्थिर हुन्छ, वाणी स्वच्छन्द हुन्छ । कीर्ति फैलिन पुग्छ । बुद्धि स्वच्छन्दगामिनी हुन्छ । वज्र सूची हुन्छ । शक्ति आँधीबेरी जस्तो र बल मदोन्मत्त हात्तीको जस्तो हुन्छ । शत्रुहरूका मित्र, उनीहरूकै शत्रु हुन्छन् । शत्रु जीवित हुँदा पनि मरेतुल्य नै हुन पुग्छ । अणिमा आदि सिद्धि स्वयम् फल दिन थाल्छन् । अर्थात्, सबै कार्य सिद्ध हुन्छन् र कुनै पनि कार्य दुर्लभ/कठोर हुँदैनन् ।

अनागतादिकं सर्वं करस्थामलकायते ।
यादृच्छिकफलायन्ते सिद्धयोऽप्यणिमादयः ॥ ८५ ॥

अध्याय त्रयस्त्रिंश

पारलौकिक फल दिने पञ्चगन्धमय शिवपूजन

उपमन्यु- अतः परं प्रवक्ष्यामि केवलामुष्मिकं विधिम् ।
नैतेन सदृशं किञ्चित्कर्मास्ति भुवनत्रये ॥ १ ॥

अर्थात्, परलोकमा श्रेष्ठता प्रदान गर्ने, तीनै लोकको श्रेष्ठ व्रत, अब म वर्णन गर्दछु । प्रतिदिन पञ्चगन्धमय शिव पूजार्चन गर्नाले शिवसायुज्य प्राप्त हुन्छ । योभन्दा श्रेष्ठ कर्म तीनै लोकमा छैन ।

पञ्चगन्धमय शिवार्चनको विधि यसप्रकार छ-

सितचन्दनतोयेन लिङ्गं स्नाप्य शिवं शिवाम् ।
श्वेतैर्विकसितैः पद्मैः सम्पूज्य प्रणिपत्य च ॥ ८ ॥

शिवलिङ्गलाई सेतो चन्दन घोलेर स्नान गराउनुपर्छ अनि आफ्नो शक्ति अनुसार रमणीय पद्मासन निर्माण गरी, त्यसको बिच भागमा स्थापना गर्नुपर्छ । त्यसपछि सुगन्धित द्रव्ययुक्त सामग्रीले पूजार्चना गर्नुपर्छ । यस क्रममा दक्षिणतिर विल्वपत्रले पूजा गर्नुपर्छ भने दाहिनेतिर अगरू, बायाँतिर मेनसिल, उत्तरतिर चन्दन र पूर्वमा हरितालले पूजार्चना गर्नुपर्छ । साथसाथै रङ्गीबिरङ्गी फूल पनि अर्पण गर्नुपर्छ ।

यसरी पूजार्चना गरेपछि, गुग्गुल धूप, वस्त्र, खिरको भोग, घिउको दियो/आरती प्रदान गरी प्रदक्षिणा, प्रणाम, स्तुति, नाना उपहार आदि अर्पण गरेर क्षमायाचना गर्दै प्रार्थना गर्नुपर्छ ।

प्रणम्य भक्त्या देवेशं स्तुत्वा चान्ते क्षमापयेत् । १५ ।

यसरी जसले प्रतिदिन पूजार्चना गर्छ, उसले सम्पूर्ण पापलाई प्रक्षालन गरी मुक्त भई शिवलोकको प्राप्ति गर्छ ।

एवं योऽर्चयते नित्यं पञ्चगन्धमयं शुभम् ।
सर्वपाप विनिर्मुक्तः शिवलोक महीयते ॥ १६ ॥

यो महाव्रत परम गुप्त व्रतहरूमा श्रेष्ठ व्रत हो । शिवभक्तलाई मात्र उपदेश दिनू । यही व्रत गरेर ब्रह्माले ब्रह्मत्व, विष्णुले विष्णुत्व, रुद्रले रुद्रत्व, इन्द्रादि लोकपाल, सूर्यादि नवग्रह, विश्वामित्र, वशिष्ठादि महर्षिगण, अगस्त्य, दधीचि, पातालवासी दैत्य, नागराज, सिद्ध, यक्ष, गन्धर्व, राक्षस, भूत, पिशाच आदि तथा नन्दी, महाकाल, भृङ्गीश, गणेश्वर आदिले आआफ्ना पद र स्वरूपहरू प्राप्त गरेका छन् ।

अध्याय चतुस्त्रिंशत्, पञ्चत्रिंशत्, षट्त्रिंशत्

लिङ्गको कारणरूप, ब्रह्माविष्णु-मोह, लिङ्ग प्रतिष्ठा स्वम् पूजाविधि

उपमन्यु- हे यदुनन्दन !

सर्वो लिङ्गमयो लोकः सर्वं लिङ्गे प्रतिष्ठितम् ।
तस्मात्प्रतिष्ठिते लिङ्गे भवेत्सर्वं प्रतिष्ठितम् ॥ ३४-२ ॥

अर्थात्, यो सम्पूर्ण लोक नै लिङ्गमय हो । सम्पूर्ण चराचर लिङ्गमै प्रतिष्ठित छन् । त्यसैले लिङ्गको प्रतिष्ठा हुनु नै सबैको प्रतिष्ठा हुनु हो । लिङ्गमै सबै समाहित हुने भएकाले लिङ्गको प्रतिष्ठा गर्ने प्रयास गर्नुपर्छ । यही नै इह-परलोक दुवैतिर कल्याण प्रदान गर्ने उत्तम मार्ग हो ।

अव्यक्तं लिङ्गमाख्यातं त्रिगुणप्रभवाप्ययम् ।
अनाद्यनन्तं विश्वस्य यदुपादानकारणम् ॥ ३४-७ ॥

अव्यक्तलाई नै लिङ्ग भनिन्छ, अर्थात् लिङ्ग अव्यक्त स्वरूप हुन्छ । यो त्रिगुणले युक्त, अनादि र अनन्त छ र संसारको उपादान कारण पनि लिङ्ग नै हो । त्यति मात्र नभएर मायाको आकाशात्मिका मूल प्रकृति पनि हो ।

तदेव मूलः प्रकृतिः माया च गगनात्मिका । ३४-८ ।

यो चराचर संसार पनि त्यसैबाट उत्पन्न भएको हो । यो शुद्ध, अशुद्ध, शुद्धाशुद्ध गरी तीन प्रकारको हुन्छ । त्यसैबाट शिव, महेश, रूद्र, विष्णु, पञ्चमहाभूत, इन्द्रियहरू उत्पन्न भएर शिवको आज्ञानुसार कार्य गर्छन् र अन्त्यमा पुनः लीन हुन पुग्छन् । त्यसैले शिव लिङ्गी हुन् र लिङ्गलाई आज्ञा दिन्छन् । शिवशिवाको शरीर नै लिङ्ग हो । उनैबाट यो चराचर अधिष्ठित छ । लिङ्गवेदी महादेवी हुन् भने लिङ्ग साक्षात् महेश्वर हुन् ।

लिङ्गवेदी महादेवी लिङ्गं साक्षान्महेश्वरः । ३४-१३ ।

त्यसैले शिवलिङ्गको पूजार्चना गर्नाले शिवशिवाको पूजार्चना हुन्छ । लिङ्ग विदेह, अव्यक्त, निराकार हुन्छ त्यसैले लिङ्गलाई विशुद्ध स्वरूप मानिन्छ । शिव परम शक्ति हुन् भने शिवा पराशक्ति हुन् । यी दुवैको संयोग शिवलिङ्ग र वेदीमा हुन्छ । जब शक्तिले आज्ञा दिन्छिन्, अनि मात्र चराचरको सृष्टि हुन्छ ।

शक्तिराज्ञां यदा दत्ते प्रसूते तच्चराचरम् । ३४-१६ ।

ब्रह्माविष्णु-मोह

प्रलय कालको समय थियो । विष्णु शेषशय्यामा सुतेका थिए । त्यसै बेला ब्रह्मा पुगे र विवाद गर्न थाले । विवाद बढ्दै गयो । दुवैले आफू ठुलो हुँ भन्ने तर्क दिए । उनीहरूले एकले अर्कालाई कमजोर साबित गर्न पुत्र सम्बोधन गरे,

विष्णु- कुतस्त्वमागतो वत्स कस्मात्त्वं व्याकुलो वद । ३४-२२ ।

ब्रह्मा- वत्सेति मां कुतो ब्रूषे गुरुः शिष्यमिवात्मनः ।
मां न जानासि किं नाथं प्रपञ्चो यस्य मे कृतिः ॥ ३४-२४ ॥

यसरी विवाद धेरै बेरसम्म भइरह्यो । अन्तमा विवाद नै युद्धमा परिणत भयो । एकले अर्कालाई समाप्त गर्न उद्यत भए । रक्षक नै भक्षक हुन पुगे । समस्त चराचर नै कम्पायमान भयो । देवता ऋषि सबै किंकर्तव्यविमूढ हुन पुगे ।

अभवच्च महायुद्धं भैरवं रोमहर्षणम् । ३४-३१ ।

भयावह स्थितिलाई शान्त पार्न दुवै जनाको मध्यमा निराकार ज्योतिर्मय शिवलिङ्ग प्रकट भए । मायाको विस्तार गरे । शिवलिङ्गको टुप्पो पत्ता लगाउने नै ठुलो हुनेछ भन्ने सहमति भयो । ब्रह्मा तुरुन्त हंसारूढ भएर आकाशमार्गबाट माथितिर लागे भने विष्णु पनि वराह रूप धारण गरी रसातलतिर प्रस्थान गरे । लामो समय बित्यो । दुवैले अन्तिम विन्दु पत्ता लगाउन सकेनन् । त्यसपछि पूर्ववत् ठाउँमा फर्किए र सोच्न थाले । शिवको मायाले दुवै मोहित हुन पुगे ।

मायया मोहितौ शम्भोः कृत्याकृत्यं न जग्मतुः ।
प्रणिपत्य किमात्मेदमित्यचिन्तयतां तदा ॥ ३४-४२ ॥

यसरी सोचिरहेका थिए, त्यति नै बेला ज्योतिर्मय शिवलिङ्गबाट शब्दलक्षण एक नाद ॐ प्रकट भयो जसलाई ब्रह्माको प्रतिपादक ब्रह्म भनिन्छ ।

अथाविरभवत्तत्र सनादं शब्दलक्षणम् ।
ओमित्येकाक्षरं ब्रह्म ब्रह्मणः प्रतिपादकम् ॥ ३५-१ ॥

त्यही ॐ को 'अ' बाट ऋग्वेद, 'उ' बाट यजुर्वेद, 'म' बाट सामवेद र नादबाट अथर्ववेद प्रकट भए । त्यसैगरी समस्त शास्त्र, कला, निसृत भएर समस्त चराचर व्याप्त भएको हो । यो समस्त या व्यस्त संसारले ॐकारको अर्थलाई नै व्यापक गराउँछ । ॐभित्रै समाहित छ । यो एक अक्षर ॐ सम्पूर्ण ब्रह्मको वाचक हो । त्यसैले शिवले ॐकारबाटै यो संसारको निर्माण गर्छन् ।

समस्तं व्यस्तमपि च प्रणवार्थं प्रचक्षते ।
तेनोमिति जगत्कृत्स्नं कुरुते प्रथमं शिव ॥ ३५-४२ ॥

शिव नै ॐ हुन् र ॐ नै शिव हुन् । वाच्य र वाचकमा कुनै भेद छैन । त्यही वाच्यलाई प्राप्त नगरी इन्द्रियहरू फर्किन्छन् ।

अप्राप्य तन्निवर्तन्ते वाच्यस्त्वेकाक्षरेण सः । ३५-४५ ।

त्यही ॐ कारको 'अ' ब्रह्मावाचक, 'उ' विष्णुवाचक, 'म्' शिववाचक हुन् । त्यसै गरी महेशको दक्षिण अङ्गबाट ब्रह्मा, बायाँ अङ्गबाट विष्णु, हृदयबाट नीलरुद्र उत्पन्न भएका हुन् । यी तीन नै संसारका कारण हुन् भने यी तीनैका परम कारण शिव हुन् । यही नजानेर रजोगुणको कारणले तिमीहरूले वैर गऱ्यौ, युद्ध गऱ्यौ । पुनः स्मरण होस् भनेर नै यो ज्योतिमय लिङ्ग उत्पन्न भएको हो ।

अर्थमेतमविज्ञाय रजसा बद्धवैरयोः ।
युवयोः प्रतिबोधाय मध्ये लिङ्गमुपस्थितम् ॥ ३५-५१ ॥

ज्योतिर्मय लिङ्गको स्वरूप थाहा भएपछि ब्रह्मा र विष्णुको मोह हट्यो । दुवै पूर्ववत् शुद्ध भए । शिवसँग क्षमायाचनासहित स्तुति गरे र अन्तमा हामीले अगाडि के गर्नु ? आज्ञा दिनुहोस् भने । त्यसपछि शिवले ब्रह्माविष्णुलाई ज्ञानसंहिताको उपदेश एवम् पञ्चाक्षर मन्त्रराज पनि प्रदान गरे ।

मन्त्रराजं ददौ ताभ्यां ज्ञानसंहितया सह ।
तौ लब्ध्वा महतीं दिव्यामाज्ञां माहेश्वरीं पराम् ॥ ३५-७९ ॥

त्यति मात्र होइन, सृष्टि र पालनको कार्य नियमित रूपले गर्नसमेत निर्देशन दिएर ज्योतिर्मय लिङ्ग अन्तर्ध्यान भए । यता विष्णु र ब्रह्मा पनि आआफ्नो मोह र लज्जालाई त्याग गरी आपसमा मिले एवम् सृष्टि, स्थितिको कार्यभार सम्हाल्न थाले । यसरी ज्योतिर्मय लिङ्गको प्रकट र तीरोधान भएपछि इन्द्रादि देव, असुर, ऋषि, मनु, मानव, आदिले लिङ्ग प्रतिष्ठा गर्दै आएका हुन् र विधिवत् पूजार्चना गर्दै आएका हुन् ।

ततः प्रभृति शक्राद्याः सर्व एव सुरासुराः ।
लिङ्गप्रतिष्ठां कुर्वन्ति लिङ्गे तं पूजयन्ति च ॥ ३५-८५ ॥

लिङ्गप्रतिष्ठा एवम् पूजाविधि

श्रीकृष्णद्वारा शिवलिङ्गको प्रतिष्ठाविधि सोधेपछि,

उपमन्यु- हे यदुनन्दन !

अनात्मप्रतिकूले तु दिवसे शुक्लपक्षके ।
शिवशास्त्रोक्तमार्गेणः कुर्याल्लिङ्गं प्रमाणवत् ॥ ३६-२ ॥

अर्थात्, शुक्लपक्षका दिनहरूमा आफूलाई सहज र अनुकूल दिनमा शिव शास्त्रोक्त विधि प्रमाण अनुसार शिवलिङ्गको निर्माण गर्नुपर्छ । यसका लागि सबैभन्दा पहिले भूमिलाई परीक्षा गरी शुभस्थानलाई लिनुपर्छ र दश उपचार गर्नुपर्छ । यस क्रममा सर्वप्रथम गणेशलाई पूजार्चना गरी, शिवलिङ्गलाई सुवर्णको सिक्का र कुङ्कुम आदि घोलेर शिल्पशास्त्र अनुसार उचित आलेखन गर्नुपर्छ ।

त्यसपछि अष्टमृत्तिकायुक्त जल र पञ्चगव्यले लिङ्गलाई विधिवत् स्नान गर्नुपर्छ, अनि वेदीसहित लिङ्गलाई पूजा गर्न दिव्य जलाशयमा लगेर पिण्डिकासहित जलाधि वास गराउनुपर्छ । त्यसपछि धान्यादि वास, पुष्पादि वास, क्रमशः पाँच, तीन, या एक दिन गर्नुपर्छ ।

त्यसपछि प्रतिष्ठाविधि अनुसार होम, कुम्भ अभिषेक, प्रधान होम, शतरूद्रसंहिता पाठ, महामन्त्र जप आदि गर्नुपर्छ । त्यसपछि शिवलिङ्ग स्थापना गर्ने वेदीको खाल्डाको आधार स्थलमा पूजार्चना/शुद्धीकरण गर्नुपर्छ । यसक्रममा आधार स्थलमा ब्रह्मशिलाको स्थापना गर्नुपर्छ । खाल्डालाई अष्टमृत्तिकाको जल, पञ्चगव्य आदिले प्रोक्षण गर्नुपर्छ । त्यसपछि ब्रह्मशिलाको न्यास, धातु, बीज, गन्ध, औषधि आदिले पूजार्चना गरी ब्रह्मशिलालाई विधिपूर्वक मन्त्रोचारणपूर्वक स्थापना गर्नुपर्छ ।

त्यति गरेपछि शुभघडी, शुभमुहूर्तमा विधिवत् शिवलिङ्गको स्थापना गर्नुपर्छ । न्यास सबै सुसम्पन्न गर्नुपर्छ अनि विधिवत् पूजार्चना गरी अर्घ्य दिनुपर्छ । यदि सम्भव भए वटवृक्षको दुधले सर्वप्रथम अभिषेक गर्नुपर्छ । त्यसपछि महापूजा औषधियुक्त दश कलशले अभिषेक न्यास आदि विधि गर्नुपर्छ ।

महापूजामथारभ्य सम्पूज्य कलशान्दश ।
शिवमन्त्रमनुस्मृत्य शिवकुम्भजलान्तरे ॥ ३६-३७ ॥

त्यसपछि आचार्य एवम् गुरूले उत्तराभिमुख भई विनम्र भावले हात जोडेर शिवशिवालाई आवाहन गर्नुपर्छ। वृषभारूढ या विमानारूढ आभूषणले विभूषित शिवशिवालाई आकाशमार्गबाट आउँदै गरेको स्मरण गरी मङ्गलघोष, जयध्वनि, स्तुति, नृत्य, नमस्कार आदि गरेर पञ्चोपचारले पूजन गरी समापन गर्नुपर्छ । यही विधिले नै मूर्तिको पनि प्रतिष्ठा हुन्छ, अर्थात्, लिङ्ग र मूर्तिको प्रतिष्ठाविधि एकै तरिकाले हुन्छ ।

स्वयम्भू लिङ्ग वा ऋषिद्वारा स्थापित मूर्ति या लिङ्गलाई भने प्रतिष्ठा गर्नुपर्दैन, केवल

प्रोक्षण मात्र गर्दा हुन्छ । खण्डित, क्षतविक्षत या विशीर्ण लिङ्ग मूर्ति भएमा जलमा प्रवाहित गर्नुपर्छ । जोड्दा हुने भए जोडेर प्रतिष्ठा गर्नुपर्छ ।

सन्धानयोग्यं सन्धाय प्रतिष्ठाविधिमाचरेत् । ३६-६२ ।

प्रतिष्ठित लिङ्गलाई नित्य पूजार्चना गर्नुपर्छ । एक दिन छुट्यो भने अर्को दिन द्विगुणा गर्नुपर्छ । दुई रात्रि छुट्यो भने महापूजा र सम्प्रोक्षण गर्नुपर्छ । एक महिनाभन्दा ज्यादा छुट्यो भने त पुनः प्रतिष्ठा गरेर मात्र पूजार्चना गर्नुपर्छ ।

स्थापित लिङ्ग प्राप्त नभएमा जल, अग्नि, सूर्य, आकाशमा शिव सम्झेर पूजार्चना गर्नुपर्छ ।

अलब्धे स्थापिते लिङ्गे शिवस्थाने जलेऽथ वा ।
वन्हौ रवौ तथा व्योम्नि भगवन्तं शिवं यजेत् ॥ ३६-७० ॥

अध्याय सप्तत्रिंशत्

योग तथा अष्टाङ्गयोगको विवेचना एवम् यम, नियम आदिको निरुपण

श्रीकृष्णद्वारा योग सम्बन्धी साधिकार अङ्ग, सविधि र सप्रयोजन आदि विषयमा जिज्ञासा राखेपछि उपमन्यु भन्नुहुन्छ-

उपमन्यु- हे यदुनन्दन ! मानसिक वृत्तिलाई निरोध गरी निश्चल भावले शिवमा मन लगाउने वृत्ति नै योग हो । यो पाँच प्रकारको हुन्छ-

मन्त्रयोगः स्पर्शयोगो भावयोगस्तथापरः ।
अभावयोगः सर्वेभ्यो महायोगः परो मतः ॥ ७ ॥

(१) मन्त्रयोग- मन्त्रलाई अभ्यास गरेर वाच्यार्थ ज्ञान गरी, मनमा स्थिर गराउनु नै मन्त्रयोग हो ।

(२) स्पर्शयोग- मनको त्यही वृत्ति जब प्राणायामतिर अग्रसर हुन्छ, त्यस अवस्थामा त्यो स्पर्शयोग हुन्छ ।

(३) भावयोग- जब स्पर्शरहित मन्त्र हुन्छ, त्यो नै भावयोग हो ।

(४) अभावयोग- जब सम्पूर्ण विश्वको रूप अवयवहरू तिरोभाव (विलय) हुन पुग्छन्, त्यो अवस्था नै अभावयोग हो ।

(५) महायोग- जब एकमात्र उपाधिशून्य शिव स्वरूपको चिन्तन मात्र हुन पुग्छ । मनको

अनात्मप्रतिकूले तु दिवसे शुक्लपक्षके ।
शिवशास्त्रोक्तमार्गेणः कुर्याल्लिङ्गं प्रमाणवत् ॥ ३६-२ ॥

अर्थात्, शुक्लपक्षका दिनहरूमा आफूलाई सहज र अनुकूल दिनमा शिव शास्त्रोक्त विधि प्रमाण अनुसार शिवलिङ्गको निर्माण गर्नुपर्छ । यसका लागि सबैभन्दा पहिले भूमिलाई परीक्षा गरी शुभस्थानलाई लिनुपर्छ र दश उपचार गर्नुपर्छ । यस क्रममा सर्वप्रथम गणेशलाई पूजार्चना गरी, शिवलिङ्गलाई सुवर्णको सिक्का र कुङ्कुम आदि घोलेर शिल्पशास्त्र अनुसार उचित आलेखन गर्नुपर्छ ।

त्यसपछि अष्टमृत्तिकायुक्त जल र पञ्चगव्यले लिङ्गलाई विधिवत् स्नान गर्नुपर्छ, अनि वेदीसहित लिङ्गलाई पूजा गर्न दिव्य जलाशयमा लगेर पिण्डिकासहित जलाधि वास गराउनुपर्छ । त्यसपछि धान्यादि वास, पुष्पादि वास, क्रमशः पाँच, तीन, या एक दिन गर्नुपर्छ ।

त्यसपछि प्रतिष्ठाविधि अनुसार होम, कुम्भ अभिषेक, प्रधान होम, शतरूद्रसंहिता पाठ, महामन्त्र जप आदि गर्नुपर्छ । त्यसपछि शिवलिङ्ग स्थापना गर्ने वेदीको खाल्डाको आधार स्थलमा पूजार्चना/शुद्धीकरण गर्नुपर्छ । यसक्रममा आधार स्थलमा ब्रह्मशिलाको स्थापना गर्नुपर्छ । खाल्डालाई अष्टमृत्तिकाको जल, पञ्चगव्य आदिले प्रोक्षण गर्नुपर्छ । त्यसपछि ब्रह्मशिलाको न्यास, धातु, बीज, गन्ध, औषधि आदिले पूजार्चना गरी ब्रह्मशिलालाई विधिपूर्वक मन्त्रोचारणपूर्वक स्थापना गर्नुपर्छ ।

त्यति गरेपछि शुभघडी, शुभमुहूर्तमा विधिवत् शिवलिङ्गको स्थापना गर्नुपर्छ । न्यास सबै सुसम्पन्न गर्नुपर्छ अनि विधिवत् पूजार्चना गरी अर्घ्य दिनुपर्छ । यदि सम्भव भए वटवृक्षको दुधले सर्वप्रथम अभिषेक गर्नुपर्छ । त्यसपछि महापूजा औषधियुक्त दश कलशले अभिषेक न्यास आदि विधि गर्नुपर्छ ।

महापूजामथारम्य सम्पूज्य कलशान्दश ।
शिवमन्त्रमनुस्मृत्य शिवकुम्भजलान्तरे ॥ ३६-३७ ॥

त्यसपछि आचार्य एवम् गुरूले उत्तराभिमुख भई विनम्र भावले हात जोडेर शिवशिवालाई आवाहन गर्नुपर्छ। वृषभारूढ या विमानारूढ आभूषणले विभूषित शिवशिवालाई आकाशमार्गबाट आउँदै गरेको स्मरण गरी मङ्गलघोष, जयध्वनि, स्तुति, नृत्य, नमस्कार आदि गरेर पञ्चोपचारले पूजन गरी समापन गर्नुपर्छ । यही विधिले नै मूर्तिको पनि प्रतिष्ठा हुन्छ, अर्थात्, लिङ्ग र मूर्तिको प्रतिष्ठाविधि एकै तरिकाले हुन्छ ।

स्वयम्भू लिङ्ग वा ऋषिद्वारा स्थापित मूर्ति या लिङ्गलाई भने प्रतिष्ठा गर्नुपर्दैन, केवल

प्रोक्षण मात्र गर्दा हुन्छ । खण्डित, क्षतविक्षत या विशीर्ण लिङ्ग मूर्ति भएमा जलमा प्रवाहित गर्नुपर्छ । जोड्दा हुने भए जोडेर प्रतिष्ठा गर्नुपर्छ ।

सन्धानयोग्यं सन्धाय प्रतिष्ठाविधिमाचरेत् । ३६-६२ ।

प्रतिष्ठित लिङ्गलाई नित्य पूजार्चना गर्नुपर्छ । एक दिन छुट्यो भने अर्को दिन द्विगुणा गर्नुपर्छ । दुई रात्रि छुट्यो भने महापूजा र सम्प्रोक्षण गर्नुपर्छ । एक महिनाभन्दा ज्यादा छुट्यो भने त पुनः प्रतिष्ठा गरेर मात्र पूजार्चना गर्नुपर्छ ।

स्थापित लिङ्ग प्राप्त नभएमा जल, अग्नि, सूर्य, आकाशमा शिव सम्झेर पूजार्चना गर्नुपर्छ ।

अलब्धे स्थापिते लिङ्गे शिवस्थाने जलेऽथ वा ।
वन्हौ रवौ तथा व्योम्नि भगवन्तं शिवं यजेत् ॥ ३६-७० ॥

अध्याय सप्तत्रिंशत्

योग तथा अष्टाङ्गयोगको विवेचना एवम् यम, नियम आदिको निरुपण

श्रीकृष्णद्वारा योग सम्बन्धी साधिकार अङ्ग, सविधि र सप्रयोजन आदि विषयमा जिज्ञासा राखेपछि उपमन्यु भन्नुहुन्छ-

उपमन्यु- हे यदुनन्दन ! मानसिक वृत्तिलाई निरोध गरी निश्चल भावले शिवमा मन लगाउने वृत्ति नै योग हो । यो पाँच प्रकारको हुन्छ-

मन्त्रयोगः स्पर्शयोगो भावयोगस्तथापरः ।
अभावयोगः सर्वेभ्यो महायोगः परो मतः ॥ ७ ॥

(१) मन्त्रयोग- मन्त्रलाई अभ्यास गरेर वाच्यार्थ ज्ञान गरी, मनमा स्थिर गराउनु नै मन्त्रयोग हो ।

(२) स्पर्शयोग- मनको त्यही वृत्ति जब प्राणायामतिर अग्रसर हुन्छ, त्यस अवस्थामा त्यो स्पर्शयोग हुन्छ ।

(३) भावयोग- जब स्पर्शरहित मन्त्र हुन्छ, त्यो नै भावयोग हो ।

(४) अभावयोग- जब सम्पूर्ण विश्वको रूप अवयवहरू तिरोभाव (विलय) हुन पुग्छन्, त्यो अवस्था नै अभावयोग हो ।

(५) महायोग- जब एकमात्र उपाधिशून्य शिव स्वरूपको चिन्तन मात्र हुन पुग्छ । मनको

वृत्ति नै जब शिवमय हुन पुग्छ, त्यो स्वरूप नै महायोग हो ।

जसले लौकिक र पारलौकिक दुवैतिरको विषय वासनालाई हटाएर मनलाई निर्मल र विरक्त बनाउन सफल भएको छ, उसले मात्र योगमा प्रवेश गर्न सक्छ, अन्यथा योग हुन सक्तैन ।

योगका प्रकार

अष्टाङ्गो वा षडङ्गो वा सर्वयोग समासतः । १४ ।

विद्वान्हरूले कतै अष्टाङ्ग त कतै षडङ्ग, अर्थात् ६ या आठ प्रकारको बताएका छन् । जसका नाम यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि हुन् । यसबाट यम र नियमलाई निकालियो भने ६ वटा रहन्छन् । शिवशास्त्रहरूमा भने यी दुवै प्रकारका योगको चर्चा गरिएको छ ।

१. **यम-** यो पाँच प्रकारको छ- अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह । अस्तेय भन्नाले चोरी नगर्नु हो । यो पनि दुई किसिमको हुन्छ- मानसिक र शारीरिक । यी दुवै किसिमका चोरीलाई त्याग्नु नै अस्तेय हो । ब्रह्मचर्य भन्नाले गुरुसेवा, वेदाध्ययनको समयमा गर्नुपर्ने नियमको पालना, जीवनका चार आश्रममध्ये पहिलो आश्रमका नियमको पालनाका साथै वीर्यको रक्षा गर्नु । अपरिग्रह भन्नाले दान नलिनु हो तर भोजनका लागि भने भिक्षाटन गर्नुपर्छ । यसलाई दान भनिएको छैन, बाँकी अन्य कामका लागि दान नलिनू ।

२. **नियम-** यो पनि पाँच प्रकारको छ-

शौचं तुष्टिस्तपश्चैव जपः प्रणिधिरेव च । १९ ।

अर्थात् शौच, सन्तोष, तप, जप (स्वाध्याय) र प्रणिधान । प्रणिधि भन्नाले गुरुसेवा हो ।

३. **आसन-** यो आठ प्रकारको छ- स्वस्तिकासन, पद्मासन, अर्धचन्द्रासन, वीरासन, योगासन, प्रसाधितासन, पर्यङ्कासन र आफ्नो रुचि अनुसारको आसन ।

४. **प्राणायाम-** यो तीन प्रकारको छ- पूरक, कुम्भक, रेचक । त्यसै गरी प्राणायाम अगर्भ र सगर्भ गरी दुई किसिमले गरिन्छ ।

(क) **अगर्भ प्राणायाम-** जप र ध्यानविना गरिने प्राणायम अगर्भ हो, जुन सामान्य प्राणायाम हो ।

(ख) **सगर्भ प्राणायाम-** यसलाई जप र ध्यानको साथमा गरिन्छ, त्यसैले अगर्भभन्दा यो सय गुणा उत्तम पनि हो । योगीजन प्रायः सगर्भ प्राणायाम नै गर्छन् ।

प्राणलाई विजय गर्नु भनेको नै शरीरभित्रको वायुमाथि विजय प्राप्त गर्नु पनि हो । प्राणवायु दश किसिमका छन्- प्राण, अपान, व्यान, उदान, समान, नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय ।

प्राणवायुले प्रयाण, अपानवायुले भोजन आदिलाई तल लैजान्छ । व्यानवायु सम्पूर्ण अङ्गमा सञ्चारित हुन्छ । त्यसै गरी उदानवायुले मर्मस्थानलाई उद्वेलित/उत्तेजित गराउँछ । समानवायुले शरीरको सबै अङ्गमा समान रूपले व्याप्त गराउँछ । नागवायुले मुखबाट उल्टी गराउँछ । कूर्मवायुले आँखा खोल्ने (आँखा झिम्क्याउने) कार्य गर्छ । कृकल वायु हाच्छिउँ गर्दा प्रयोग हुन्छ । देवदत्त वायु हाइ काड्दा प्रयोग हुन्छ भने धनञ्जय वायु शरीरमा सर्वत्र व्याप्त हुन्छ ।

प्राणायामले शरीरमा स्फूर्ति, हल्कापन, हृदयमा उत्साह, स्वरमा मिठास, सबै खाले रोग निवारण, बल, तेज, एवम् सुन्दरता वृद्धि, धृति, मेधा, यौवनत्व, स्थिरचित्त र प्रसन्नता आदि वृद्धि गर्न सहायता प्रदान गर्छ । नियमित प्राणायाम गरियो भने शरीरका सबै खाले क्लेशबाट मुक्ति मिल्छ । चित्तशुद्धि र शान्ति प्राप्त हुन्छ ।

प्राणायामस्य तस्यैते कलां नार्हन्ति षोडशीम् । ४५ ।

५. **प्रत्याहार-** इन्द्रियहरूले इच्छाएका आसक्तिपनलाई हटाएर आफूभित्र निगृहीत गर्नु नै प्रत्याहार हो । मनले नै इन्द्रियहरूलाई राम्रो र नराम्रो कर्मतिर प्रेरित गरिरहन्छ, जसको फलस्वरूप स्वर्ग या नरकमा पुऱ्याउँछ ।

६. **धारणा-** चित्तलाई कुनै एक स्थान विशेषमा स्थिर गर्नु, कुनै ध्येय विशेषमा स्थिर गर्नु नै धारणा हो । कुनै एक स्थानमा लक्षित गरी स्थिर रहनु नै धारणा हो । लक्ष्यबाट नहट्नु नै सिद्धि प्राप्त हुनु हो ।

(७) ध्यान- अव्याक्षिप्तेन मनसा ध्यानं नाम तदुच्यते । ५२ ।

विक्षेपरहित चित्तले एउटै मात्र लक्ष्यलाई प्राप्त गर्न दृढ सङ्कल्पित भएर चिन्तन गर्नु नै ध्यान हो । ध्येयाकार वृत्तिमा निरन्तरता दिनुपर्छ, अवच्छिन्न हुनुपर्छ । योगीले चार तत्त्वलाई एकाकार गरेर ध्यान गर्नुपर्छ ।

ध्याता ध्यानं तथा ध्येयं यच्च ध्यानप्रयोजनम् ।
एतच्चतुष्टयं ज्ञात्वा योगं युञ्जीत योगवित् ॥ ५७ ॥

ध्याता हुनका लागि ज्ञान र वैराग्ययुक्त, श्रद्धालु, क्षमाशील, ममतारहित र सधैं उत्साहले पूर्ण हुनुपर्छ अर्थात् यी गुण भएमा मात्र ध्यान गर्न सकिन्छ । त्यसै पनि ध्यान गर्दा थाकियो भने जप गर्नुपर्छ, जप गर्दा थाकियो भने ध्यान गर्नुपर्छ । यसो गर्नाले तुरुन्त सिद्धि प्राप्त हुन्छ ।

जपाच्छ्रान्त पुनर्ध्यायेद्ध्यानाच्छ्रान्तः पुनर्जपेत् ।
जपध्यानाभियुक्तस्य क्षिप्रं योगः प्रसिध्यति ॥ ५९ ॥

८. **समाधि-** योगको अन्तिम बिन्दु नै समाधि हो । यसमा ध्याता निश्चल महासागरझैँ हुन पुग्छ, यही अवस्था नै समाधि हो । यस अवस्थामा पुगेपछि निभेको आगोझैँ शान्त हुन्छ । त्यति मात्र होइन, श्रवण, घ्राण, वाक्, स्पर्श, दृश्य आदि सबै मेटिन्छन् । वायुरहित स्थानमा राखिएको बत्तीझैँ हल्लिँदैन ।

न शृणोति न चाघ्राति न जल्पति न पश्यति ।
न च स्पर्शं विजानाति न सङ्कल्पयते मनः ॥ ६४ ॥

योगले सबै विघ्न र उद्वेगलाई नाश गरी साम्य बनाउँछ ।

अध्याय अष्टत्रिंशत्

योगमार्गका विघ्नहरू, पृथ्वीदेखि बुद्धिपर्यन्त ऐश्वर्य गुणहरूको वर्णन तथा शिवशिवाको ध्यान महिमा

उपमन्यु- हे यदुनन्दन !

आलस्यं व्याधयस्तीव्राः प्रमादः स्थानसंशयः ।
अनवस्थितचित्तत्वमश्रद्धा भ्रान्ति दर्शनम् ॥ १ ॥

उपर्युक्त दश अवस्था योगमार्गका लागि विघ्नकारक हुन् । यी गुणमध्ये एक या त्योभन्दा ज्यादा गुण योगीमा प्रवेश गरे भने योग गर्न सक्तैनन् । यी दश गुण, आलस्य, तीक्ष्ण व्याधिहरू, प्रमाद, स्थान संशय, अनवस्थित चित्त, अश्रद्धा, भ्रान्ति दर्शन, दुःख दौर्मनस्य र विषयलोलुपता ।

१. **आलस्य-** शरीर र चित्तमा आलस्यको भाव जागृत हुनु नै आलस्यता हो ।

२. **व्याधि-** वात, पित्त र कफ यी धातुमध्ये कुनै एकको विषमताले उत्पन्न गराउने दोष नै व्याधि हो ।

३. **प्रमाद-** असावधानीको कारणले योगजन्य कार्य हुन नपाउनु नै प्रमाद हो ।

४. **स्थान संशय-** यो या त्यो भन्दै उभयद्वन्द्व सिर्जना भई चित्त स्थिर नहुनु नै स्थान संशय हो ।

५. **अनवस्थित चित्तता-** मन र चित्त स्थिर नहुनु नै अनवस्थित चित्तता हो ।

६. **अश्रद्धा-** श्रद्धाभाव नहुनु, अनुराग शून्य हुनु अश्रद्धा हो । मनको वृत्ति त्यस्तो भएमा अश्रद्धा हुन्छ ।

७. **भ्रान्ति-** विपरीत भावनायुक्त बुद्धि हुनु नै भ्रान्ति हो ।

८. **दुःख-** कष्ट हुनु नै दुःख हो । यो तीन किसिमले हुन्छ- आध्यात्मिक आधिभौतिक र आधिदैविक ।

९. **दौर्मनस्य-** इच्छामाथि आघात भई मनमा जुन क्षोभ उत्पन्न हुन्छ, त्यही नै दौर्मनस्य हो ।

१०. **विषयलोलुपता-** विचित्र विषयहरूमा सुखको भ्रम उत्पन्न हुनु नै विषयलोलुपता हो ।

योग परायण योगीले उपर्युक्त विघ्नलाई शान्त गराएपछि दिव्य उपसर्ग प्राप्त गर्छन्, जुन सिद्धिका सूचक मानिन्छन् र ती ६ किसिमका छन् ।

योगसिद्धिका ६ सूचकहरू

प्रतिभा श्रवणं वार्ता दर्शनास्वादवेदना ।
उपसर्गाः षडित्येते व्यये योगस्य सिद्धयः ॥ १० ॥

अर्थात्, योगसिद्धिका यी ६ सूचक हुन् । प्रतिभा, श्रवण, वार्ता, दर्शन, आस्वाद र वेदना ।

१. **प्रतिभा-** सूक्ष्म पदार्थको ठिक ढङ्गले प्रतिभास (ज्ञान) हुनु नै प्रतिभा हो ।

२. **श्रवण-** सुन्न नखोज्दा पनि या प्रयत्न नगर्दा पनि सम्पूर्ण शब्द सुनिनु नै श्रवण हो ।

३. **वार्ता-** सम्पूर्ण देहधारीहरूको कुरालाई सम्झिन सक्नु नै या ज्ञान लिन सक्नु नै वार्ता हो ।

४. **दर्शन-** दिव्य पदार्थलाई कुनै किसिमको प्रयत्नविना देख्न सक्नु नै दर्शन हो ।

५. **आस्वाद-** दिव्य रसहरूको स्वाद प्राप्त हुनु नै आस्वाद हो ।

६. **वेदना-** अन्तःकरणद्वारा दिव्य स्पर्शको अनुभव हुनु एवम् ब्रह्मलोकसम्मका गन्धादि दिव्य भोगहरूको अनुभव हुनु नै वेदना हो ।

योगीले आफ्नो योगमार्गमा सिद्धि प्राप्त गरेपछि, चौसट्ठी किसिमका सिद्धि प्राप्त गर्छन् । जसमा अणिमादिदेखि लिएर पृथ्वी, अप, तेज, वायु, आकाश आदि क्षेत्रमा सिद्धि हुन्छ । जस्तो कि जलमा निवास गर्नु, भूमिबाट निस्किनु, भूमिमा जहाँ इच्छा गर्‍यो त्यहीँ पानी देखिनु, धैलाविना नै जलसङ्ग्रह गर्नु आदि ।

जले निवसनं चैव भूम्यामेवं विनिर्गमः ।
यत्रेच्छति जगत्यस्मिंस्तत्रैव जलदर्शनम् ॥ २० ॥

त्यतिमात्र होइन, नीरसलाई सरस बनाउनु, समुद्रलाई विनाकष्ट नै पिउन सक्नु, शरीरबाट

अग्नि प्रकट गर्नु, अग्निलाई पानीमा हातले स्थापित गर्नु, सृष्टिलाई भस्म गरेर फेरि स्थापित गर्नु, मुखमै अन्नादिलाई पकाइदिनु, अरूको हृदयमा प्रवेश गर्न सक्नु (परकाय प्रवेशनम्), प्रयत्नविना नै सजिलै पर्वत आदि भारी पदार्थहरूलाई धारण गर्नु सक्नु, इच्छानुसार आकाशमा विचरण गर्नु सक्नु, आकाशलाई आफ्नो शरीरमा समेट्न सक्नु, आकाशलाई पिण्ड बनाइदिनु शरीरलाई लुप्त गर्न सक्नु, गुप्त पदार्थलाई देख्न सक्नु, वशमा राख्न सक्नु, एउटै स्थानबाट सम्पूर्ण ब्रह्माण्डलाई देख्न सक्नु आदि गुण प्राप्त गर्छन् ।

छेदनं ताडनं चैव बन्धनं मोचनं तथा ।
ग्रहणं सर्वभूतानां संसारवशवर्तिनाम् ॥ ३५ ॥

अर्थात्, संसारमा बस्ने प्राणीहरूमाथि छेदन, ताडन, बन्धन, मोचन आदिद्वारा विजय प्राप्त गर्नु, त्यति मात्र होइन योग सिद्धि भएपछि काल, मृत्युमाथि विजय गर्नु, सङ्कल्प मात्रले सृष्टि, पालन र संहार गर्नु, सबै प्राणीहरूको मनलाई आफूले अधिकारमा लिनु, सबैदेखि पृथक् रेहर संसारको संरचना गर्नु, यी सबै सिद्धि प्राप्त योगीका लक्षणभित्र पर्दछन् ।

जसको मन संसार या संसारका पदार्थ प्राप्त गर्न नै सदा लागिरहन्छ, या यस्ता तुच्छ अशुभ गुणमै रमाउँछ, उसले सार्वकामिक अविनाशी परमैश्वर्य स्वरूप सिद्धि प्राप्त गर्न सक्तैन । देव, असुर, मनुष्य आदिले भोग गर्ने वस्तु/पदार्थ तृणझैँ त्याग गर्नाले नै मात्र सिद्धि प्राप्त हुन्छ ।

तस्माद्गुणांश्च भोगांश्च देवासुरमहीभृताम् ।
तृणवद्यस्त्यजेत्तस्य योगसिद्धिः परा भवेत् ॥ ४४ ॥

संसार प्राप्तिको नै अभिलाषा, इच्छा अनुग्रह भएमा त मुनि, सन्न्यासीझैँ विचरण गर्दै इच्छित भोगहरूलाई भोग गर्दै अन्तिममा मोक्ष प्राप्त गर्नु उचित हुन्छ, सिद्धि भने त्यसरी प्राप्त हुँदैन ।

यथा कामं गुणान्भोगान्भुक्त्वा मुक्तिं प्रयास्यति । ४५ ।

योग गर्ने स्थान कस्तो हुनुपर्छ ?

शुभकाले शुभदेशे शिवक्षेत्रादिके पुनः ।
विजने जन्तुरहिते निःशब्दे बाधवर्जिते ॥ ४६ ॥

अर्थात्, शुभकाल, शुभदेश, भगवान् शिवको क्षेत्र, एकान्त, जीवजन्तु (खास गरी हिंस्रक) रहित, कोलाहलरहित एवम् बाधाअड्चनरहित स्थान योग गर्नका लागि उचित हुन्छ । यस्तो स्थानलाई लिपी-पोती, समथर बनाएर, धूपले सुगन्धित सुवासित बनाएर, फूल आदि बिछ्याउनुपर्छ । कुश, पुष्प, समिधा, जल, फल, फूल र मूल आदिको पनि सुविधा भएको

ठाउँमा योगाभ्यास गर्नु उचित हुन्छ ।

कस्तो ठाउँमा योगाभ्यास गर्नुहुँदैन ?

अग्निको नजिक, जलको नजिक, सुकेका पातमाथि, योगाभ्यास गर्नुहुँदैन । त्यसै गरी डाँस, मच्छड, सर्प, श्वपद, दुष्टमृग, दुर्जन आदिबाट भयरहित हुनुपर्छ । त्यसैगरी श्मसान, चैत्य, वल्मीक, पुरानो घर, चौबाटो, नदी र नदको छेउमा, समुद्र तट, गल्ली/गल्छीको छेउ, पुरानो बगैंचा, अशुभ या निन्दित ठाउँमा योगाभ्यास गर्नुहुँदैन ।

श्मशाने चैत्य वल्मीके जीर्णागारे चतुष्पथे ।
नदीनदसमुद्राणां तीरे रथ्यान्तरेऽपि वा ॥ ५० ॥

योगाभ्यासपूर्व योगीले के के कुरामा ध्यान दिनुपर्छ ?

योगाभ्यास सुरु गर्नुभन्दा पहिले संयमित हुनुपर्छ ।

युक्ताहारविहारश्च युक्तचेष्टश्च कर्मषु ।
आसनं मृदुलं रम्यं विपुलं सुसमं शुचि ॥ ५३ ॥

जसको आहार-विहार उचित र परिमित हुन्छ, जो कर्ममा समुचित चेष्टा राख्न सक्छ, जो उचित समयमा सुत्ने गर्छ समयमा उठ्ने गर्छ, त्यस्तो व्यक्तिले मात्र योगाभ्यास गर्न सक्छ । आसन मुलायम, सुन्दर, विस्तृत र पवित्र हुनुपर्छ ।

आसनं मृदुलं रम्यं विपुलं सुसमं शुचि । ५४ ।

सर्वप्रथम आफ्ना गुरु र आचार्य परम्परालाई वन्दना गर्नुपर्छ । त्यसपछि गर्दन, शिर र छातीलाई सिधा राख्नुपर्छ । ओठ र नेत्र पूरै बन्द गर्नुहुँदैन । शिरलाई उचो राखी स्थिर गर्नुपर्छ । दाँतले दाँतलाई स्पर्श गर्नुहुँदैन । जिब्रोलाई अविचल (स्थिर) राख्नुपर्छ । गोलीगाँठालाई दुवै जङ्घामाथि राख्नुपर्छ, अर्थात् पद्मासनमा बस्नुपर्छ । दुवै भुजालाई जङ्घामाथि राख्नुपर्छ । त्यसपछि पिठलाई उच्चा गर्दै छातीलाई अगाडि पार्दै सुस्थिर भई नासिकाको अग्रभागमा दृष्टिलाई स्थिर गर्नुपर्छ । अन्य दिशामा दृष्टि केन्द्रित गर्नुहुँदैन ।

सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् । ५९ ।

त्यसपछि आफ्नो मानस मन्दिरको हृदयकमलको आसनमाथि पार्वतीसहित भगवान् शिवलाई चिन्तन गरी विराजमान गराई ध्यानस्थ हुनुपर्छ । त्यसपछि यज्ञद्वारा शिवशिवालाई पूजार्चना गरी प्राणको सञ्चारलाई पनि रोकेर पाषाणझैँ निश्चल हुनुपर्छ ।

मूले घ्राणेऽथवा नाभौ कण्ठे वा तालुरन्ध्रयोः ।
भ्रूमध्ये द्वारदेशे वा ललाटे मूर्ध्नि वा स्मरेत् ॥ ६१ ॥

अर्थात् मूलाधार नाभि, कण्ठ, तालु, भ्रूमध्य, ललाट एवम् मस्तक यी सात ठाउँमा सावरण या निरावरण पद्धतिमध्ये एकलाई ग्रहण गरी, क्रमशः द्विदल, चतुर्दल, षड्दल, दशदल, द्वादशदल, षोडशदल कमलमा विराजित शिवको चिन्तन स्मरण गर्नुपर्छ ।

द्विदलमा ह र क्ष अक्षर पर्छन्, चारदलमा व, स, ष, श पर्छन् भने षड्दलमा ब, भ, म, य र ल पर्छन् । त्यसैगरी दशदलमा ड, ढ, ण, त, थ, द, ध न, प, फ पर्छन् भने द्वादशदलमा क, ख, ग, घ, ङ, च, छ, ज, झ ञ, ट, ठ पर्छन् । षोडशदलमा भने स्वरमात्रा अ देखि अः सम्मका अक्षर पर्छन् । यिनै स्वरव्यञ्जन वर्णहरूको परिकल्पना मूलाधारदेखि भूमध्यपर्यन्त चित्रण गरिएको छ । अर्थात् कमलपत्र नै स्वरव्यञ्जन वर्णका हुन् भन्ने साधकले कल्पना गर्नुपर्छ ।

शिवशास्त्रमा शिवका घोर, शान्त र मिश्र गरी तीन अवस्था बताइएको छ । घोर रूपको चिन्तन गर्नाले रोग र पाप आदिको विनाश हुन्छ । मिश्र रूपको चिन्तन गर्नाले सिद्धि प्राप्त हुन्छ भने शान्त स्वरूपको चिन्तनले शान्ति, शुद्धबुद्धि र मुक्ति प्राप्त हुन्छ । त्यसैले ध्यान गर्ने योगीले जस्तो इच्छा गरी ध्यान गर्छ, त्यही स्वरूपको स्थूल मूर्तिको चिन्तन गर्नुपर्छ ।

सौम्ये मुक्तिर्विशेषण शान्तिः प्रज्ञा प्रसिध्यति । ७७ ।

अध्याय एकोनचत्वारिंशत्

ध्यानको महिमा, शिवयोगीको महत्त्व, शिवक्षेत्रमा मृत्यु भएमा तत्काल मोक्ष

(उपमन्युको अन्तिम उपदेश)

उपमन्यु- हे यदुनन्दन !

शिवको ध्यान गर्नाले सबै सिद्धिहरू प्राप्त हुन्छन् । स्थूल रूपमा मन स्थिर भएपछि मात्र सूक्ष्म रूपको ध्यान गर्नुपर्छ ।

स्थूले तु निश्चलं चेतो भवेत्सूक्ष्मे तु तत्स्थिरम् । २ ।

पहिले सविषय र पछि विषयरहित ध्यान गर्नुपर्छ । ध्याता, ध्यान, ध्येय र प्रयोजन यी तत्त्वहरूलाई राम्ररी निर्णय गरेर मात्र ध्यानारम्भ गर्नुपर्छ । मनमा कुनै किसिमको हलचल नहुनु नै ध्यान हो । यसलाई बुद्धिले साथ दिन्छ, अर्थात् ध्यानको सहारा नै बुद्धि हो ।

ध्यानबाटै ज्ञान प्राप्त हुन्छ । योगीले मात्र ध्यान गर्न सक्छ । ध्यान र ज्ञानले भवसागरबाट पार लाउँछ । ज्ञान भनेको एकाग्रचित्त, प्रसन्न मन र समस्त उपाधिरहित स्वरूप हो ।

सम्पूर्ण पाप क्षय भएपछि मात्र ज्ञान ध्यानमा बुद्धि लाग्छ । जसरी आगोले सुकेको या काँचो दुवै खाले पदार्थलाई खरानी गराउँछ, त्यसरी नै ध्यानरूपी आगोले शुभाशुभ कर्मलाई क्षणभरमै जलाइदिन्छ । सानो दियोले ठुलो अन्धकारलाई हटाएझैँ, सानो योगाभ्यासको ध्यानले ठुल्ठुला पापलाई भस्म गरिदिन्छ । त्यसैले ध्यानसदृश कुनै तीर्थ, जप, तप यज्ञ नभएकाले सधैं सतत परमेश्वरको ध्यान गर्नुपर्छ ।

नास्ति ध्यानसमं तीर्थं नास्ति ध्यानसमं तपः ।
नास्ति ध्यानसमो यज्ञस्तस्माद्ध्यानं समाचरेत् ॥ २८ ॥

योगीहरूको सूक्ष्म शरीर साक्षात् शिवमय हुन्छ । जसरी राजालाई अन्तरङ्ग सेवक अधिक प्रिय हुन्छ, त्यसैगरी अन्तःकरणयुक्त ध्यानमा तत्पर भक्त नै शिवका प्रिय हुन्छन् । अर्थात् ध्यान अन्तर्मुखी हुनुपर्छ ।

यदि योगी योगमा प्रवृत्त भएका बखत नै मृत्यु भयो भने रुद्रलोकको प्राप्ति हुन्छ र त्यहाँको सुख भोगेर फेरि योगीहरूको कुलमा जन्म लिन्छ र ज्ञानयोग प्राप्त गरी भवबन्धनबाट मुक्त हुन पुग्छ । प्रयत्न मात्र गर्दा त यस्तो फल पाइन्छ भने यदि गर्न नै सकियो भने त कल्याण नै हुन्छ ।

शिवयोगीलाई भिक्षा दिंदा वेदज्ञ ब्राह्मणलाई पूजन गरेझैँ पुण्य हुन्छ भने अन्नदान गर्दा त अग्निहोत्रादिजन्य यज्ञफल प्राप्त हुन्छ ।

यज्ञाग्निहोत्रदानेषु तीर्थहोमेषु यत्फलम् ।
योगिनामन्नदानेन तत्समस्तं फलं लभेत् ॥ ३७ ॥

शिवयोगीलाई निन्दा गर्नाले कल्पान्तसम्म नरकमा यातना भोग्नुपर्छ । निन्दा सुन्नु पनि पाप हो । शिवयोगीलाई सेवा गर्नाले अनन्त सुख प्राप्त हुन्छ र अन्तमा दिव्यगति प्राप्त हुन्छ । सुखशान्तिको इच्छा राख्ने व्यक्तिले यथाशक्य शिवयोगीलाई अन्न, पान, शय्या, निवास आदि प्रदान गरेर सेवा गर्नुपर्छ । जुन देशमा शिवयोगी निवास गर्छन्, त्यो देश पवित्र हुन्छ ।

शिवशास्त्र विधिले जसले प्राण त्याग गर्छ या जसले शिवक्षेत्रको आश्रय लिई प्राण त्याग गर्छ, दुवैको मुक्ति हुन्छ ।

रोगाद्यैर्वाथ विवशः शिवक्षेत्रं समाश्रितः ।
म्रियते यदि सोऽप्येवं मुच्यते नात्र संशयः ॥ ५१ ॥

शिवभक्त भई शिवका लागि प्राणाहुति दिनाले या शिवनिन्दकलाई परास्त गर्दा प्राण न्यौछावर गर्नाले आफ्नो मात्र नभई सम्पूर्ण कुलकै उद्धार गरी मुक्त हुन्छ ।

जो विधिवत् षडध्वशुद्धि गरी आफ्नो शरीर त्याग्छ, उसको क्रियाकर्म गर्नुपर्दैन । आफ्ना कुटुम्बलाई जुठो पनि लाग्दैन, आशौच बार्नुपर्दैन । उसको शरीरलाई पृथ्वीमा, अग्निमा या पवित्र जलमा विसर्जन गरिदिनुपर्छ ।

खनेद्वा भुवि तद्देहं दहेद्वा शुचिनाग्निना ।
नैवाशौचं प्रपद्येत तत्पुत्रादि विशेषतः ॥ ५८ ॥

क्रियाकर्म गर्ने इच्छा भएमा शिवभक्तलाई भोजन/भण्डारा गराउनुपर्छ । धनसम्पत्ति पनि यदि उपभोग गर्ने छैनन् भने शिवक्षेत्रमा शिवकार्यका लागि समर्पित गर्नुपर्छ ।

(यसै उपदेशका साथ श्रीकृष्ण उपमन्यु संवाद पनि पूर्ण भयो ।)

अध्याय चत्वारिंशत्

वायुदेव अन्तर्ध्यान, सरस्वतीमा अवभृथ स्नान, काशीमा दिव्यतेजको दर्शन, ब्रह्माद्वारा सिद्धि प्राप्त भएको सूचना

सूत- हे ऋषिहरू हो !

इति सविजितमन्योर्यादवेनोपमन्यो
रधिगतमभिधाय ज्ञानयोगं मुनिभ्यः ।
प्रणतिमुपगतेभ्यस्तेभ्य उद्भावितात्मा,
सपदि वियति वायुः सायमन्तर्हितोऽभूत् ॥ १ ॥

अर्थात्, यसरी क्रोधलाई जितेका उपमन्युद्वारा यदुकुलनन्दन श्रीकृष्णले ज्ञानयोग प्राप्त गरेका थिए । त्यही ज्ञानयोग आत्मदर्शी वायुदेवले नैमिषारण्य निवासी मुनिहरूलाई उपदेश दिएर उनी सायङ्कालको समयमा आकाशमा अन्तर्ध्यान भए ।

त्यसपछि प्रातःकाल नैमिषारण्यवासी समस्त तपस्वी मुनिहरू ज्ञानसत्रको अन्तर्गत, या ज्ञानयज्ञलाई पूर्णता प्रदान गर्न, अवभृथ स्नान गर्न उद्यत भए । त्यही समयमा ब्रह्माको आज्ञाले साक्षात् सरस्वती देवी स्वादिष्ट जलयुक्त, स्वच्छ सुन्दर नदीको रूपमा प्रवाहित हुन पुगिन् । यस्तो दिव्य स्वरूप देखेर सबै मुनिहरू प्रसन्नचित्त भई अवगाहन (अवभृथ स्नान, यज्ञान्त स्नान) गर्न थाले । देवताहरूलाई तर्पण गरे र अन्तमा अविमुक्त क्षेत्र (वाराणसी) प्रस्थान गरे ।

स्मरन्तः पूर्ववृत्तान्तं ययुर्वाराणसीं प्रति ।
ततो वाराणसीं प्राप्य मुदिताः सर्व एव ते ॥ ५ ॥

वाराणसीमा पुगेर मुनिहरूले उत्तरवाहिनी भागिरथीमा स्नान तर्पण गरे । अविमुक्तेश्वर लिङ्गको दर्शन र विधिवत् पूजार्चना गरे । त्यसपछि त्यहाँबाट अगाडि जान लाग्दा उनीहरूले आकाशमा एक तेजपुञ्जको दर्शन गरे, जो करोडौं सूर्यझैँ तेजोमय थियो ।

सूर्यकोटिप्रतीकाशं तेजोदिव्यं महाद्भुतम् ।
आत्मप्रभावितानेन व्याप्तं सर्व दिगन्तरम् ॥ ९ ॥

सम्पूर्ण दिशामा फैलिएको त्यो महाश्चर्य तेजमण्डलमा एकाएक सिद्ध पाशुपतव्रती, शरीरमा भस्म धारण गरेका सैकडौं मुनिहरू विलीन भए र केही क्षणपछि त्यो तेज पनि अन्तर्ध्यान भयो ।

त्यसपछि मुनिहरू ब्रह्मासँग भेट गर्न त्यहाँबाट अगाडि बढे । ब्रह्मालाई भेटेर मुनिहरूले वायुदेवको उपाख्यान, अवभृथ स्नान एवम् वाराणसीमा दर्शन गरेको तेजपुञ्जको विषयमा सविस्तार वर्णन गरे । ब्रह्मा पनि यी सारा वृत्तान्त सुनेर अत्यन्त प्रसन्नचित्त हुन पुगे र अन्तमा भने-

हे मुनिगण ! तिमीहरू शीघ्र नै शिवशिवाको कृपापात्र हुनेछौ र मुक्ति प्राप्त गर्नेछौ । अहिले भने सुमेरु पर्वतको दक्षिण कुमार शिखरमा जाओ भन्दै त्यसतर्फ जान प्रेरित गरे ।

इति सत्वरमादिश्य प्रेषिता विश्वयोगिना ।
कुमार शिखरं मेरोर्दक्षिणं मुनयो ययुः ॥ ४९ ॥

अध्याय एकचत्वारिंशत्

मुनिहरूले सनत्कुमारसँग भेट गर्नु, नन्दीद्वारा पाशच्छेदन गर्नु र ज्ञानोपदेश दिनु तथा शिवमहापुराणको महिमा र ग्रन्थको उपसंहार

सूत- तत्र स्कन्दसरोनाम सरः सागरसन्निभम् ।
अमृतस्वादुशिशिरस्वच्छागाधलघूदकम् ॥ १ ॥

ब्रह्माको आज्ञालाई शिरोधार्य गर्दै नैमिषारण्य निवासी षट्कुलीन ऋषिहरू सुमेरु शिखरको दक्षिण दिशामा अवस्थित कुमार शिखरमा पुगे । त्यहाँ समुद्रझैँ अगाध जलपूर्ण स्कन्ध

सरोवर थियो जो स्वच्छ, लघु, शीतल, एवम् अमृततुल्य जलले पूर्ण थियो, जसको चारैतिर स्फटिक शिला, सबै ऋतुहरूमा फूल्ने फूल, कमलपुष्पद्वारा शोभित थियो । त्यो सरोवरमा जटाजूटधारी, त्रिपुण्ड्रधारी, वैराग्यसम्पन्न, स्नानार्थ आउँदै-जाँदै थिए । कतिपय मुनिकुमार भने सरोवरको तटमा देव, ऋषि, पितरलाई तर्पण गरिरहेका थिए ।

त्यस सरोवरमा प्यास मेटाउन गजराजहरूका बथान, मृग-मृगी, घोडा-घोडी, साँढे, चखेवा-चखेवी आदि निरन्तर आउँदै-जाँदै देखिन्थे । भँवराहरूको गुनगुन, कोइलीहरूको कलरवले व्याप्त त्यस सरोवरले सबैको मनलाई आकर्षित गर्दथ्यो । त्यहाँ पुगेपछि कोही पनि यताउता जान चाहँदैनथे । त्यस सरोवरको उत्तरी तटमा कल्पवृक्षको मुनि, हीरानिर्मित वेदीमाथि, सुकमोल मृगचर्ममाथि अचल समाधिमा बसेका ध्यानस्थ बाल सनत्कुमारसँग भेट भयो ।

सनत्कुमारमासीनं शश्वद्बालवपुर्धरम् ।
तत्कालमात्रो परतं समाधे अचलात्मनः ॥ १९ ॥

नैमिषारण्यवासी मुनि एवम् सनत्कुमार योगीराजको बिचमा स्वागत, अभिवादन, प्रणाम, परस्पर कुशलक्षेम भयो । मुनिहरूले आगमनको कारण पनि बताए । त्यति नै बेला आकाशमा दुन्दुभि बज्न थाले ।

यावत्पृष्टवते तस्मै प्रोचुः स्वागतकारणम् ।
तुमुलः शुश्रुवे तावद्दिवि दुन्दुभिनिः स्वनः ॥ २१ ॥

त्यति मात्र होइन, असङ्ख्य गणहरूले चारैतिरबाट घेरिएका, सूर्यसमान तेजस्वी विमान देखियो । चारैतिरबाट रुद्रकन्याहरूले घेरिएका मृदङ्ग, मुरज, वेणु, वीणा, आदि वाद्य बजिरहेका थिए ।

मुनि, सिद्ध, गन्धर्व, यक्ष, चारण, किन्नरद्वारा सेवित, ध्वजापताकायुक्त त्यस विमानमा साक्षात् द्वितीय विश्वेश्वर शिलादपुत्र नन्दी आफ्ना गणहरूका साथमा सर्वाङ्ग सुन्दर त्रिनेत्रधारी, त्रिपुण्ड्र लगाएका चारभुजाले युक्त, चन्द्ररेखाद्वारा विभूषित, कण्ठमा नागको आभूषण, शिरमा चन्द्रमाले शोभित नन्दीलाई देखेर सबैले प्रणाम अभिवादन गरे ।

शिलादतनयं साक्षाच्छ्रीमच्छूलवरायुधम् ।
प्रणम्य दण्डवद्देवं स्तुत्वा व्याज्ञापयन्मुनीन् ॥ ३० ॥

त्यसपछि योगीराज सनत्कुमारले नैमिषारण्यवासी षट्कुलीय मुनिहरूको परिचय नन्दीलाई गराए, साथसाथै ब्रह्माको आज्ञाले यहाँ आएका हुन् भन्ने समाचार पनि बताइदिए ।

नन्दीश्वरले मुनिहरूलाई दृष्टि दिनासाथ भवबन्धन रूपी पाशलाई छेदन (नष्ट) गरिदिए र शैवधर्म तथा ज्ञानयोग उपदेश पनि प्रदान गरे ।

श्रुत्वा वाक्यं ब्रह्मपुत्रस्य नन्दी
छित्वा पाशान् दृष्टिपातेन सद्यः ।
शैवं धर्मं चेश्वरं ज्ञानयोगं
दत्वा भूयो देवपार्श्वं जगाम ॥ ३६ ॥

त्यसपछि नन्दी बिदा भई शिवसमीप जाँदा भए ।

शिवमहापुराण महिमा एवम् उपसंहार

यस शिवमहापुराणको अमर गाथा सर्वप्रथम सनत्कुमारले वेदव्यासलाई प्रदान गरेका हुन् । व्यासजीले सूतजीलाई र सूतजीले नैमिषरण्यवासी षट्कुलीय ऋषिहरूलाई प्रदान गरेका हुन् । यही भाव सूतजी भन्नुहुन्छ-

सनत्कुमारेण च तत्समस्तं
व्यासाय साक्षाद्गुरवे ममोक्तम् ।
व्यासेन चोक्तं महितेन मह्यं,
मया च तद्वः कथितं समासात् ॥ ३७ ॥

यस महापुराणको उपदेश वेदविहीन, अभक्त, नास्तिक, गुरुपरम्परारहित व्यक्तिहरूलाई भुलेर पनि नगर्नू । यदि मूर्खतावश प्रदान गरेमा नरकगामी हुनेछ ।

नाभक्तशिष्याय च नास्तिकेभ्यो दत्तं हि मोहान्निरयं ददाति । ३८ ।

हे ऋषिगण ! मैले सेवाभाव तथा उचित विधिले यो ज्ञान प्रदान गरैं, जसले यसलाई यथाविधि ग्रहण गरे, पढे, सुने, उनीहरूलाई विश्वेश्वर भोलेनाथले आरम्भमा सांसारिक तथा धार्मिक सुख र अन्तमा धर्मार्थकाममोक्ष चतुवर्ग फल अवश्य प्रदान गर्नुहुनेछ ।

तेभ्यः सुखं धर्मसुखं त्रिवर्गं निर्वाणमन्ते नियतं ददाति । ३९ ।

आज हामीले पुराण सुन्ने र सुनाउने सम्बन्धद्वारा एकअर्काको उपकार गर्‍यौं । त्यसैले, अब म सफल मनोरथपूर्ण हुनेछु । तपाईंहरूको सदासर्वदा कल्याण होस् । यसरी आशीर्वाद प्रदान गरी सूतजी पनि ऋषिहरूसँग बिदा भएर, आफ्नो गन्तव्यतिर प्रस्थान गर्दा भए ।

सूते कृताशिषि गते मुनयः सुवृत्ता ।
यागे च पर्यवसिते महति प्रयागे ॥ ४१ ॥

त्यसपछि सबै मुनिगण पनि पाशुपत व्रत धारण गरी ज्ञान समाधि प्राप्त गरी मुक्त हुँदा भए ।

व्यासजीद्वारा अन्तिम उपदेश, शिवमहापुराणको महिमा

व्यास-

एतच्छिवपुराणं हि समाप्तं हितमादरात् ।
पठितव्यं प्रयत्नेन श्रोतव्यं च तथैव हि ॥ ४३ ॥

अर्थात्, यो शिवमहापुराण समापन भयो । यसले सबैको हित एवम् कल्याण गर्छ । यसलाई आदरपूर्वक, प्रयत्नपूर्वक पाठ एवम् श्रवण गर्नु श्रेयष्कर हुन्छ ।

नास्तिकाय न वक्तव्यमश्रद्धाय शठाय च ।
अभक्ताय महेशस्य तथाऽधर्मध्वजाय च ॥ ४४ ॥

यस शिवपुराणको उपदेश नास्तिक, धूर्त, अश्रद्धावान्, पाखण्डी तथा शिवभक्तविहीनलाई दिनुहुँदैन ।

एतच्छ्रुत्वा ह्येकवारं भवेत् पापं हि भस्मसात् ।
अभक्तो भक्तिमाप्नोति भक्तो भक्तिसमृद्धिभाक् ॥ ४५ ॥

यो शिवमहापुराण एकपल्ट श्रवण गर्नाले सम्पूर्ण पाप भस्म हुन्छन् । अभक्त भए शिवको भक्ति प्राप्त गर्छ । शिवभक्त भए दृढ भक्ति प्राप्त हुन्छ । दोस्रोपल्ट श्रवण गर्नाले सद्‌भक्ति प्राप्त हुन्छ भने तेस्रोपल्ट श्रवण गरेमा मुक्ति प्राप्त हुन्छ । त्यसैले यसलाई बारम्बार श्रवण गर्नुपर्छ । सर्वोत्तम फलप्राप्तिको इच्छा भए यस महापुराणको पाँच आवृत्ति गर्नुपर्छ ।

पञ्चावृत्तिः प्रकर्तव्या पुराणस्यास्य सद्धिया । ४७ ।

प्राचीन कालमा यस महापुराणलाई सातपल्ट पाठ/श्रवण गरेर ब्राह्मण, राजा, वैश्यले शिवदर्शन पाएका थिए । आज पनि यस महापुराणलाई भक्तिभावले जसले श्रवण गर्दछ उसले यस लोकमा सबै खाले सुखानन्दको भोग गरी अन्तमा मुक्तिलाभ प्राप्त गर्न सक्छ ।

एतच्छिवपुराणं हि शिवस्यातिप्रियं परम् ।
भुक्तिमुक्तिप्रदं ब्रह्मसम्मितं भक्तिवर्द्धनम् ॥ ५० ॥

यो शिवमहापुराण भगवान् शिवको अत्यन्त प्रिय हो । यो पुराण सुखभोग तथा मुक्ति दिने उपायमध्ये उत्तम पनि हो । साथै परब्रह्मसमान तथा शिवभक्ति बढाउने ग्रन्थ हो ।

अन्तिम श्लोक

एतच्छिवपुराणस्य वक्तुः श्रोतुश्च सर्वदा ।
सगणः ससुतः साम्ब शं करोतु स शङ्करः ॥ ५१ ॥

यस शिवमहापुरणको कथावाचन र श्रवण गर्ने दुवैलाई गणेश, कार्तिकेय, माता पार्वतीसहित भगवान् शिवले सदासर्वदा कल्याण गरून् ।

॥ अस्तु ॥

समाप्तोऽयं सप्तम्यां वायवीय संहिता उत्तरभागः

समाप्तोऽयं शिवमहापुराणः

॥ ऋद्धिसिद्धि प्रदातु श्रीगणेशः ॥
॥ विघ्न एवम् शत्रो हरोतु श्री कार्तिकेयः ॥
॥ शक्ति भक्ति प्रदातु माता पार्वती ॥
॥ कल्याण एवम् मुक्ति प्रदातु श्रीशिव ॥
॥ राष्ट्रदेव पशुपतिनाथले हामी सबैको कल्याण गरून् ॥



विविध स्तोत्रहरू

॥ श्रीपशुपत्यष्टकम् ॥

ध्यानम्

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ।
पद्मासीनं समन्तात्स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्वबीजं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

स्तोत्रम्

पशुपतीन्दुपतिं धरणीपतिं भुजगलोकपतिं च सतीपतिम् ।
प्रणतभक्तजनार्तिहरं परं भजत रे मनुजा गिरिजापतिम् ॥ १॥
न जनको जननी न च सोदरो न तनयो न च भूरिबलं कुलम् ।
अवति कोऽपि न कालवशं गतं भजत रे मनुजा गिरिजापतिम् ॥ २॥
मुरजडिण्डिमवाद्यविलक्षणं मधुरपञ्चमनादविशारदम् ।
प्रमथभूतगणैरपि सेवितं भजत रे मनुजा गिरिजापतिम् ॥ ३॥
शरणदं सुखदं शरणान्वितं शिव शिवेति शिवेति नतं नृणाम् ।
अभयदं करुणावरुणालयं भजत रे मनुजा गिरिजापतिम् ॥ ४॥
नरशिरोरचितं मणिकुण्डलं भुजगहारमुदं वृषभध्वजम् ।
चितिरजोधवलीकृतविग्रहं भजत रे मनुजा गिरिजापतिम् ॥ ५॥
मखविनाशकरं शशिशेखरं सततमध्वरभाजिफलप्रदम् ।
प्रलयदग्धसुरासुरमानवं भजत रे मनुजा गिरिजापतिम् ॥ ६॥
मदमपास्य चिरं हृदि संस्थितं मरणजन्मजराभयपीडितम् ।
जगदुदीक्ष्य समीपभयाकुलं भजत रे मनुजा गिरिजापतिम् ॥ ७॥
हरिविरञ्चिसुराधिपपूजितं यमजनेशधनेशनमस्कृतम् ।
त्रिनयनं भुवनत्रितयाधिपं भजत रे मनुजा गिरिजापतिम् ॥ ८॥
पशुपतेरिदमष्टकमद्भुतं विरचितं पृथिवीपतिसूरिणा ।
पठति संशृणुते मनुजः सदा शिवपुरीं वसते लभते मुदम् ॥ ९॥

इति श्रीपृथिवीपतिसूरिविरचितं श्रीपशुपत्यष्टकं सम्पूर्णम् ।

॥ श्री शिव रूद्राष्टकम् ॥

नमामीशमीशान निर्वाण रूपं, विभुं व्यापकं ब्रह्म वेदः स्वरूपम् ।
निजं निर्गुणं निर्विकल्पं निरीहं, चिदाकाशमाकाशवासं भजेऽहम् ।।

निराकारमोङ्कार मूलं तुरीयं, गिराज्ञान गोतीतमीशं गिरीशम् ।
करालं महाकाल कालं कृपालुं, गुणागार संसार पारं नतोऽहम् ।।

तुषाराद्रि सङ्काश गौरं गभीरं, मनोभूत कोटि प्रभा श्री शरीरम् ।
स्फुरन्मौलि कल्लोलिनी चारु गंगा, लसद्भाल बालेन्दु कण्ठे भुजंगा।।

चलत्कुण्डलं शुभ्र नेत्रं विशालं, प्रसन्नाननं नीलकण्ठं दयालम् ।
मृगाधीश चर्माम्बरं मुण्डमालं, प्रिय शंकरं सर्वनाथं भजामि ।।

प्रचण्डं प्रकष्टं प्रगल्भं परेशं, अखण्डं अजं भानु कोटि प्रकाशम् ।
त्रयशूल निर्मूलनं शूल पाणिं, भजेऽहं भवानीपतिं भाव गम्यम् ।।

कलातीत कल्याण कल्पान्तकारी, सदा सच्चिनान्द दाता पुरारी ।
चिदानन्द सन्दोह मोहापहारी, प्रसीद प्रसीद प्रभो मन्मथारी ।।

न यावद् उमानाथ पादारविन्दं, भजन्तीह लोके परे वा नराणाम् ।
न तावद् सुखं शान्ति सन्ताप नाशं, प्रसीद प्रभो सर्व भूताधि वासं ।।

न जानामि योगं जपं नैव पूजा, न तोऽहम् सदा सर्वदा शम्भु तुभ्यम् ।
जरा जन्म दुःखौघ तातप्यमानं, प्रभो पाहि आपन्नामामीश शम्भो ।।

रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये
ये पठन्ति नरा भक्त्या तेषां शम्भो प्रसीदति।।

।। इति श्रीगोस्वामितुलसीदासकृतं श्रीरुद्राष्टकं सम्पूर्णम् ।।

॥ श्रीशिवताण्डवस्तोत्रम् ॥

॥ अथ रावणकृतशिवताण्डवस्तोत्रम् ॥

जटाटवीगलज्जलप्रवाहपावितस्थले
गलेऽवलम्ब्य लम्बितां भुजङ्गतुङ्गमालिकाम् ।
डमड्डमड्डमड्डमन्निनादवड्डमर्वयं
चकार चण्डताण्डवं तनोतु नः शिवः शिवम् ॥ १॥
जटाकटाहसम्भ्रमभ्रमन्निलिम्पनिर्झरी-
-विलोलवीचिवल्लरीविराजमानमूर्धनि ।
धगद्धगद्धगज्ज्वलल्ललाटपट्टपावके
किशोरचन्द्रशेखरे रतिः प्रतिक्षणं मम ॥ २॥
धराधरेन्द्रनन्दिनीविलासबन्धुबन्धुर
स्फुरद्दिगन्तसन्ततिप्रमोदमानमानसे ।
कृपाकटाक्षधोरणीनिरुद्धदुर्धरापदि
क्वचिद्दिगम्बरे(क्वचिच्चिदम्बरे) मनो विनोदमेतु वस्तुनि ॥ ३॥
जटाभुजङ्गपिङ्गलस्फुरत्फणामणिप्रभा
कदम्बकुङ्कुमद्रवप्रलिप्तदिग्वधूमुखे ।
मदान्धसिन्धुरस्फुरत्त्वगुत्तरीयमेदुरे
मनो विनोदमद्भुतं बिभर्तु भूतभर्तरि ॥ ४॥
सहस्रलोचनप्रभृत्यशेषलेखशेखर
प्रसूनधूलिधोरणी विधूसराङ्घ्रिपीठभूः ।
भुजङ्गराजमालया निबद्धजाटजूटक
श्रियै चिराय जायतां चकोरबन्धुशेखरः ॥ ५॥
ललाटचत्वरज्वलद्धनञ्जयस्फुलिङ्गभा-
-निपीतपञ्चसायकं नमन्निलिम्पनायकम् ।
सुधामयूखलेखया विराजमानशेखरं
महाकपालिसम्पदेशिरोजटालमस्तु नः ॥ ६॥
करालभालपट्टिकाधगद्धगद्धगज्ज्वल-
द्धनञ्जयाहुतीकृतप्रचण्डपञ्चसायके ।
धराधरेन्द्रनन्दिनीकुचाग्रचित्रपत्रक-
-प्रकल्पनैकशिल्पिनि त्रिलोचने रतिर्मम ॥ ७॥
नवीनमेघमण्डली निरुद्धदुर्धरस्फुरत्
कुहूनिशीथिनीतमः प्रबन्धबद्धकन्धरः ।
निलिम्पनिर्झरीधरस्तनोतु कृत्तिसिन्धुरः
कलानिधानबन्धुरः श्रियं जगद्धुरन्धरः ॥ ८॥
प्रफुल्लनीलपङ्कजप्रपञ्चकालिमप्रभा-

-वलम्बिकण्ठकन्दलीरुचिप्रबद्धकन्धरम् ।
स्मरच्छिदं पुरच्छिदं भवच्छिदं मखच्छिदं
गजच्छिदान्धकच्छिदं तमन्तकच्छिदं भजे ।। ९।।
अखर्व (अगर्व)सर्वमङ्गलाकलाकदम्बमञ्जरी
रसप्रवाहमाधुरी विजृम्भणामधुव्रतम् ।
स्मरान्तकं पुरान्तकं भवान्तकं मखान्तकं
गजान्तकान्धकान्तकं तमन्तकान्तकं भजे ।। १०।।
जयत्वदभ्रविभ्रमभ्रमद्भुजङ्गमश्वस-
-द्विनिर्गमत्क्रमस्फुरत्करालभालहव्यवाट् ।
धिमिद्धिमिद्धिमिध्वनन्मृदङ्गतुङ्गमङ्गल
ध्वनिक्रमप्रवर्तित प्रचण्डताण्डवः शिवः ।। ११।।
दृषद्विचित्रतल्पयोर्भुजङ्गमौक्तिकस्रजो-
-गरिष्ठरत्नलोष्ठयोः सुहृद्विपक्षपक्षयोः ।
तृणारविन्दचक्षुषोः प्रजामहीमहेन्द्रयोः
समं प्रवर्तयन्मनः कदा सदाशिवं भजे ।। १२।।
कदा निलिम्पनिर्झरीनिकुञ्जकोटरे वसन्
विमुक्तदुर्मतिः सदा शिरः स्थमञ्जलिं वहन् ।
विमुक्तलोललोचनो ललामभाललग्नकः
शिवेति मन्त्रमुच्चरन् कदा सुखी भवाम्यहम् ।। १३।।
निलिम्पनाथनागरीकदम्बमौलमल्लिका-
निगुम्फनिर्भरक्षरन्मधूष्णिकामनोहरः ।
तनोतु नो मनोमुदं विनोदिनीमहर्निशं
परश्रियः परं पदंतदङ्गजत्विषां चयः ।। १४।।
प्रचण्डवाडवानलप्रभाशुभप्रचारणी
महाष्टसिद्धिकामिनीजनावहूतजल्पना ।
विमुक्तवामलोचनाविवाहकालिकध्वनिः
शिवेति मन्त्रभूषणा जगज्जयाय जायताम् ।। १५।।
इदम् हि नित्यमेवमुक्तमुत्तमोत्तमं स्तवं
पठन्स्मरन्ब्रुवन्नरो विशुद्धिमेतिसन्ततम् ।
हरे गुरौ सुभक्तिमाशु याति नान्यथा गतिं
विमोहनं हि देहिनां सुशङ्करस्य चिन्तनम् ।। १६।।
पूजावसानसमये दशवक्त्रगीतं
यः शम्भुपूजनपरं पठति प्रदोषे ।
तस्य स्थिरां रथगजेन्द्रतुरङ्गयुक्तां
लक्ष्मीं सदैव सुमुखिं प्रददाति शम्भुः ।। १७।।

।। इति श्रीरावणविरचितं शिवताण्डवस्तोत्रं सम्पूर्णम् ।।

॥ सार्थ श्रीशिवमानसपूजा ॥

रत्नैः कल्पितमासनं हिमजलैः स्नानं च दिव्याम्बरं
नानारत्नविभूषितं मृगमदामोदाङ्कितं चन्दनम् ।
जातीचम्पकबिल्वपत्ररचितं पुष्पं च धूपं तथा
दीपं देव दयानिधे पशुपते हृत्कल्पितं गृह्यताम् ॥ १॥

सौवर्णे नवरत्नखण्डरचिते पात्रे घृतं पायसं
भक्ष्यं पञ्चविधं पयोदधियुतं रम्भाफलं पानकम् ।
शाकानामयुतं जलं रुचिकरं कर्पूरखण्डोज्ज्वलं
ताम्बूलं मनसा मया विरचितं भक्त्या प्रभो स्वीकुरू ॥ २॥

छत्रं चामरयोर्युगं व्यजनकं चादर्शकं निर्मलं
वीणाभेरिमृदङ्गकाहलकला गीतं च नृत्यं तथा ।
साष्टाङ्गं प्रणतिः स्तुतिर्बहुविधा ह्येतत्समस्तं मया
सङ्कल्पेन समर्पितं तव विभो पूजां गृहाण प्रभो ॥ ३॥

आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ।
सञ्चारः पदयोः प्रदक्षिणविधिः स्तोत्राणि सर्वा गिरो
यद्यत्कर्म करोमि तत्तदखिलं शम्भो तवाराधनम् ॥ ४॥

करचरणकृतं वाक्कायजं कर्मजं वा ।
श्रवणनयनजं वा मानसं वापराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व ।
जय जय करुणाब्धे श्रीमहादेवशम्भो ॥ ५॥

॥ इति श्रीमच्छङ्कराचार्यविरचिता शिवमानसपूजा समाप्ता ॥

द्वादशज्योतिर्लिङ्गस्मरणम्

सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम् ।
उज्जयिन्यां महाकालमोङ्कारममलेश्वरम् ॥१॥
परल्यां वैद्यनाथं च डाकिन्यां भीमशङ्करम् ।
सेतुबन्धे तु रामेशं नागेशं दारुकावने ॥२॥
वाराणस्यां तु विश्वेशं त्र्यम्बकं गौतमीतटे ।
हिमालये तु केदारं घुसृणेशं शिवालये ॥३॥
एतानि ज्योतिर्लिङ्गानि सायं-प्रातः पठेन्नरः ।
सप्तजन्मकृतं पापं स्मरणेन विनश्यति ॥ ४॥

॥ द्वादशज्योतिर्लिङ्गस्तोत्रम् ॥

सौराष्ट्रदेशे विशदेऽतिरम्ये ज्योतिर्मयं चन्द्रकलावतंसम् ।
भक्तिप्रदानाय कृपावतीर्णं तं सोमनाथं शरणं प्रपद्ये ॥१॥
श्रीशैलशृङ्गे विबुधातिसङ्गे तुलाद्रितुङ्गेऽपि मुदा वसन्तम् ।
तमर्जुनं मल्लिकपूर्वमेकं नमामि संसारसमुद्रसेतुम् ॥२॥
अवन्तिकायां विहितावतारं मुक्तिप्रदानाय च सज्जनानाम् ।
अकालमृत्योः परिरक्षणार्थं वन्दे महाकालमहासुरेशम् ॥३॥
कावेरिकानर्मदयोः पवित्रे समागमे सज्जनतारणाय ।
सदैव मान्धातृवरे वसन्तमोङ्कारमीशं शिवमेकमीडे ॥४॥
पूर्वोत्तरे प्रज्वलिकानिधाने सदा वसन्तं गिरिजासमेतम्
सुराऽसुराराधितपादपद्म श्रीवैद्यनाथं तमहं नमामि ॥५॥
याम्ये सदङ्गे नगरेऽधिरम्ये विभूषिताङ्ग विविधैश्च भोगैः ।
सद्भक्तिमुक्तिप्रदमीशमेकं श्रीनागनाथं शरणं प्रपद्ये ॥६॥
महाद्रिपार्श्वे च तटे रमन्तं सम्पूज्यमानं सततं मुनीन्द्रैः ।
सुराऽसुरैर्यक्षमहोरगाद्यैः केदारमीशं शिवमेकमीडे ॥७॥
सह्याद्रिशीर्षे विमले वसन्तं गोदावरीतीरपवित्रदेशे ।
यद्दर्शनात् पातकमाशु नाशं प्रयाति तं त्र्यंम्बकमीशमीडे ॥८॥

सुताम्रपर्णीजलराशियोगे निबध्य सेतुं विशिखैरसङ्ख्यैः ।
श्रीरामचन्द्रेण समर्पितं तं रामेश्वराख्यं नियतं नमामि ।।९।।
यं डाकिनी-शाकिनिका-समाजे निषेव्यमाणं पिशिताशनैश्च ।
सदैव भीमादिपदप्रसिद्धं तं शङ्करं भक्तहितं नमामि ।।१०।।
सानन्दमानन्दवने वसन्तमानन्दकन्दं हतपापवृन्दम् ।
वाराणसीनाथमनाथनाथं श्रीविश्वनाथं शरणं प्रपद्ये ।।११।।
इलापुरे रम्यविशालकेऽस्मिन् समुल्लसन्तं च जगद्वरेण्यम् ।
वन्दे महोदारतरस्वभावं घृष्णेश्वराख्यं शरणं प्रपद्ये ।।१२।।
ज्योतिर्मयद्वादशलिङ्गकानां शिवात्मनां प्रोक्तमिदं क्रमेण ।
स्तोत्रं पठित्वा मनुजोऽतिभक्त्या फलं तदालोक्य निजं भजेच्च ।१३।।

।। इति द्वादशज्योतिर्लिङ्गस्तोत्रम् सम्पूर्णम् ।।

॥ शिवपञ्चाक्षर स्तोत्रम् ॥

नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय ।
नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ।।
मन्दाकिनीसलिलचन्दनचर्चिताय नन्दीश्वरप्रमथनाथमहेश्वराय ।
मन्दारपुष्पबहुपुष्पसुपूजिताय तस्मै मकाराय नमः शिवाय ।।
शिवाय गौरीवदनाब्जबृन्दा सूर्याय दक्षाध्वरनाशकाय ।
श्रीनीलकण्ठाय वृषध्वजाय तस्मै शिकाराय नमः शिवाय ।।
वशिष्ठकुम्भोद्भवगौतमार्यमुनीन्द्र देवार्चित शेखराय ।
चन्द्रार्कवैश्वानरलोचनाय तस्मै वकाराय नमः शिवाय ।।
यज्ञस्वरूपाय जटाधराय पिनाकहस्ताय सनातनाय ।
दिव्याय देवाय दिगम्बराय तस्मै यकाराय नमः शिवाय ।।
पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसंनिधौ ।
शिवलोकमावाप्नोति शिवेन सह मोदते ।।

पुष्पदन्तविरचितं श्रीशिवमहिम्नस्तोत्रम्

॥ ॐ नमः शिवाय ॥

॥ अथ श्री शिवमहिम्नस्तोत्रम् ॥

महिम्नः पारं ते परमविदुषो यद्यसदृशी
स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिरः ।
अथावाच्यः सर्वः स्वमतिपरिणामावधि गृणन्
ममाप्येष स्तोत्रे हर निरपवादः परिकरः ॥ १॥

अतीतः पन्थानं तव च महिमा वाङ्मनसयोः
अतद्व्यावृत्त्या यं चकितमभिधत्ते श्रुतिरपि ।
स कस्य स्तोतव्यः कतिविधगुणः कस्य विषयः
पदे त्वर्वाचीने पतति न मनः कस्य न वचः ॥ २॥

मधुस्फीता वाचः परमममृतं निर्मितवतः
तव ब्रह्मन् किं वागपि सुरगुरोर्विस्मयपदम् ।
मम त्वेतां वाणीं गुणकथनपुण्येन भवतः
पुनामीत्यर्थेऽस्मिन् पुरमथन बुद्धिर्व्यवसिता ॥ ३॥

तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत्
त्रयीवस्तु व्यस्तं तिसृषु गुणभिन्नासु तनुषु ।
अभव्यानामस्मिन्वरद रमणीयामरमणीं
विहन्तुं व्याक्रोशीं विदधत इहैके जडधियः ॥ ४॥

किमीहः किङ्कायः स खलु किमुपायस्त्रिभुवनं
किमाधारो धाता सृजति किमुपादान इति च ।
अतर्क्यैश्वर्ये त्वय्यनवसर दुःस्थो हतधियः
कुतर्कोऽयं कांश्चिन्मुखरयति मोहाय जगताम् (जगतः) ॥ ५॥

अजन्मानो लोकाः किमवयववन्तोऽपि जगतां
अधिष्ठातारं किं भवविधिरनादृत्य भवति ।
अनीशो वा कुर्याद्भुवनजनने कः परिकरो
यतो मन्दास्त्वां प्रत्यमरवर संशेरत इमे ॥ ६॥

त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ।
रूचीनां वैचित्र्यादृजुकुटिल नानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥ ७॥

महोक्षः खट्वाङ्गं परशुरजिनं भस्म फणिनः
कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम् ।
सुरास्तां तामृद्धिं दधति तु भवद्भूप्रणिहितां
न हि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ॥८॥

ध्रुवं कश्चिद् ब्रूते सकलमपरस्त्वं ध्रुवमिति
(ध्रुवं कश्चित्सर्व सकलमपरस्त्व ध्रुवमिदं)
परो ध्रौव्या ध्रौव्ये जगति गदति व्यस्तविषये ।
समस्तेऽप्येतस्मिन्पुरमथन तैर्विस्मित इव
स्तुवन्जिह्वेमि त्वां न खलु ननु धृष्टा मुखरता ॥९॥

तवैश्वर्यं यत्नाद्यदुपरि विरिञ्चिर्हरिरधः (विरिञ्चो हरिरधः)
परिच्छेत्तुं यातावनिलमनल स्कन्धवपुषः ।
ततो भक्तिश्रद्धाभरगुरुगृणद्भ्यां गिरिश यत्
स्वयं तस्थे ताभ्यां त्वयि (तव) किमनुवृत्तिर्न फलति ॥१०॥

अयत्नादापाद्य (अयत्नादासाद्य) त्रिभुवनमवैरव्यतिकरं
दशास्यो यद्बाहूनभृत रणकण्डूपरवशान् ।
शिरःपद्मश्रेणीरचितचरणाम्भोरुहबलेः
स्थिरायास्त्वद्भक्तेस्त्रिपुरहर विस्फूर्जितमिदम् ॥ ११॥

अमुष्य त्वत्सेवासमधिगतसारं भुजवनं
बलात्कैलासेऽपि त्वदधिवसतौ विक्रमयतः ।
अलभ्या पातालेऽप्यलसचलिताङ्गुष्ठशिरसि
प्रतिष्ठा त्वय्यासीद्ध्रुवमुपचितो मुह्यति खलः ॥ १२॥

यदद्धिं (यदृद्धिं) सुत्राम्णो वरद परमोच्चैरपि सती
अधश्चक्रे बाणः परिजनविधेयस्त्रिभुवनः (परिजनविधेयत्रिभुवनः) ।
न तच्चित्रं तस्मिन्वरिवसितरि त्वच्चरणयोः

न कस्याप्युन्नत्यै भवति शिरसस्त्वय्यवनतिः (शिरसित्वय्यवनतिः) ॥ १३॥

अकाण्डब्रह्माण्डक्षयचकितदेवासुरकृपा
विधेयस्याऽऽसीद्यस्त्रिनयन विषं संहृतवतः ।
स कल्माषः कण्ठे तव न कुरुते न श्रियमहो
विकारोऽपि श्लाघ्यो भुवनभयभङ्गव्यसनिनः ॥ १४॥

असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे
निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ।
स पश्यन्नीश त्वामितरसुरसाधारणमभूत्
स्मरः स्मर्तव्यात्मा न हि वशिषु पथ्यः परिभवः ॥ १५॥

मही पादाघाताद्व्रजति सहसा संशयपदं
पदं विष्णोर्भ्राम्यद्भुजपरिघरुग्ण ग्रहगणम् ।
मुहुर्द्यौर्दौस्थ्यं यात्यनिभृत जटाताडित तटा
जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥ १६॥

वियद्व्यापी तारागणगुणितफेनोद्गमरुचिः
प्रवाहो वारां यः पृषतलघुदृष्टः शिरसि ते ।
जगद्द्वीपाकारं जलधिवलयं ते कृतमिति
अनेनैवोन्नेयं धृतमहिम दिव्यं तव वपुः ॥ १७॥

रथः क्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो
रथाङ्गे चन्द्रार्कौ रथचरणपाणिः शर इति ।
दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बर विधिः
विधेयैः क्रीडन्त्यो न खलु परतन्त्राः प्रभुधियः ॥ १८॥

हरिस्ते साहस्रं कमलबलिमाधाय पदयोः
यदेकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम् ।
गतो भक्त्युद्रेकः परिणतिमसौ चक्र वपुषा (चक्रवपुषः)
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम् ॥ १९॥

क्रतौ सुप्ते जाग्रत्त्वमसि फलयोगे क्रतुमतां
क्व कर्मप्रध्वस्तं फलति पुरुषाराधनमृते ।
अतस्त्वां सम्प्रेक्ष्य क्रतुषु फलदान प्रतिभुवं

श्रुतौ श्रद्धां बद्धा (बद्ध्वा) दृढपरिकरः कर्मसु जनः ॥ २०॥

क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृतां
ऋषीणामार्त्विज्यं शरणद सदस्याः सुरगणाः ।
क्रतुभ्रेषस्त्वत्तः (क्रतुभ्रंशस्त्वत्तः) क्रतुफलविधान व्यसनिनः
ध्रुवं कर्तुं श्रद्धा विधुरमभिचाराय हि मखाः ॥ २१॥

सतांवर्त्मत्यक्त्वा श्रुतिसमधिगम्यं सहभुवं
घृणामप्युन्मूल्य स्वजनविषयस्नेह गुणिताम् ।
द्विजः कृन्तन्पादे पितरमपराद्धं त्वयि विभो
मनुष्यत्वं सद्यस्त्रिदश परिणामेन विजहौ ॥ २२॥

प्रजानाथं नाथ प्रसभमभिकं स्वां दुहितरं
गतं रोहिद्भूतां रिरमयिषुमृष्यस्य वपुषा ।
धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममुं
त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ॥ २३/२२॥

स्वलावण्याशंसा धृतधनुषमह्नाय तृणवत्
पुरः प्लुष्टं दृष्ट्वा पुरमथन पुष्पायुधमपि ।
यदिस्त्रैणं देवी यमनिरतदेहार्ध घटनात्
अवैति त्वामद्धा बत वरद मुग्धा युवतयः ॥ २४/२३॥

श्मशानेष्वाक्रीडा स्मरहर पिशाचाः सहचराः
चिताभस्मालेपः स्रगपि नृकरोटीपरिकरः ।
अमङ्गल्यं शीलं तव भवतु नामैवमखिलं
तथापि स्मर्ताणां वरद परमं मङ्गलमसि ॥ २५/२४॥

मनः प्रत्यक्चित्ते सविधमविधायात्तमरुतः
प्रहृष्यद्रोमाणः प्रमदसलिलोत्सङ्गतिदृशः ।
यदालोक्याह्लादं ह्रद इव निमज्ज्यामृतमये
दधत्यन्तस्तत्त्वं किमपि यमिनस्तत्किल भवान् ॥ २६/२५॥

त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवहः
त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च ।

परिच्छिन्नामेवं त्वयि परिणता बिभ्रति गिरं
न विद्मस्तत्तत्त्वं वयमिह तु यत्त्वं न भवसि ॥ २७/२६॥

त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरान्
अकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत्तीर्ण विकृति ।
तुरीयं ते धाम ध्वनिभिरवरून्धानमणुभिः
समस्तं(स्त) व्यस्तं त्वां शरणद गृणात्योमिति पदम् ॥ २८/२७॥

भवः शर्वो रुद्रः पशुपतिरथोग्रः स च महांस् (सहमहान्)
तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ।
अमुष्मिन्प्रत्येकं प्रविचरति देव श्रुतिरपि
प्रियायास्मैधाम्ने प्रणिहितनमस्योऽस्मि भवते ॥ २९/२८॥

नमो नेदिष्ठाय प्रिय वरदविष्ठाय च नमः
(नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमः)
नमः क्षोदिष्ठाय स्मरहर महिष्ठाय च नमः ।
नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमः
नमः सर्वस्मै ते तदिदमतिसर्वाय च नमः ॥ ३०/२९॥

बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः
जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः ।
प्रबलतमसे तत्संहारे हराय नमो नमः
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ॥ ३१/३०॥

कृशपरिणतिचेतः क्लेशवश्यं क्वचेदं
क्व च तव गुणसीमोल्लङ्घिनी शश्वदृद्धिः ।
इति चकितममन्दीकृत्य मां भक्तिराधात्
वरद चरणयोस्ते वाक्यपुष्पोपहारम् ॥ ३२/३१॥

वपुः प्रादुर्भावादनुतमितदं जन्मनि पुरा
पुरारे नक्वापि क्षणमपि भवन्तं प्रणतवान् ।
नमन्मुक्तः सम्प्रत्यहमलनुरग्रेऽप्यनतिमा
नितीश क्षन्तव्यं तदिदमपराधद्वयमपि ॥ ३३॥

असितगिरिसमं स्यात्कज्जलं सिन्धुपात्रे
सुरतरुवरशाखा लेखनी पत्रमुर्वी ।
यदि लिखति गृहीत्वा शारदा सर्वकालं
तदपि तव गुणानामीश पारं न याति ॥ ३४/३२॥

असुरसुरमुनीन्द्रैरर्चितस्येन्दुमौलेः
ग्रथितगुणमहिम्नो निर्गुणस्येश्वरस्य ।
सकलगुण(गण)वरिष्ठः पुष्पदन्ताभिधानः
रुचिरमलघुवृत्तं(त्तैः) स्तोत्रमेतच्चकार ॥ ३५/३३॥

अहरहरनवद्यं धूर्जटेः स्तोत्रमेतत्
पठति परमभक्त्या शुद्धचित्तः पुमान्यः ।
स भवति शिवलोके रुद्रतुल्यस्तथात्र
प्रचुरतरधनायुः पुत्रवान्कीर्तिमांश्च ॥ ३६/३४॥

महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः ।
अघोरान्नापरो मन्त्रो नास्ति तत्त्वं गुरोः परम् ॥ ३७/३५॥

फलम् -
दीक्षा दानं तपस्तीर्थं ज्ञानं (स्नानं) यागादिकाः क्रियाः ।
महिम्नःस्तवपाठस्य कलां नार्हन्ति षोडशीम् ॥ ३६॥

कुसुमदशननामा सर्वगन्धर्वराजः
शशिधरवरमौलेर्देवदेवस्य दासः ।
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्
स्तवनमिदमकार्षीद्दिव्यदिव्यं महिम्नः ॥ ३७॥

सुरवरमुनिपूज्यं स्वर्गमोक्षैकहेतुं
पठति यदि मनुष्यः प्राञ्जलिर्नान्यचेताः ।
व्रजति शिवसमीपं किन्नरैः स्तूयमानः
स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ॥ ३८॥

आसमाप्तमिदं स्तोत्रं पुण्यं गन्धर्वभाषितम् ।
अनौपम्यं मनोहारि शिवमीश्वरवर्णनम् ॥ ३९॥

इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।
अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः ॥ ४०॥

तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।
यादृशोऽसि महादेव तादृशाय नमो नमः ॥ ४१॥
एककालं द्विकालं वा त्रिकालं यः पठेन्नरः ।
सर्वपापविनिर्मुक्तः शिवलोके महीयते ॥ ४२॥

श्री पुष्पदन्तमुखपङ्कजनिर्गतेन स्तोत्रेण किल्बिषहरेण हरप्रियेण ।
कण्ठस्थितेन पठितेन समाहितेन सुप्रीणितो भवति भूतपतिर्महेशः ॥ ४३॥

॥ इति श्रीपुष्पदन्तविरचितं शिवमहिम्नस्तोत्रं सम्पूर्णम् ॥

श्रीशिवापराधक्षमापणस्तोत्रम् अथवा शिवापराधभञ्जनस्तोत्रम्

आदौ कर्मप्रसङ्गात्कलयति कलुषं मातृकुक्षौ स्थितं मां
विण्मूत्रामेध्यमध्ये क्वथयति नितरां जाठरो जातवेदाः ।
यद्यद्वै तत्र दुःखं व्यथयति नितरां शक्यते केन वक्तुं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ १॥

बाल्ये दुःखातिरेको मललुलितवपुः स्तन्यपाने पिपासा
नो शक्तश्चेन्द्रियेभ्यो भवगुणजनिताः जन्तवो मां तुदन्ति ।

नानारोगादिदुःखाद्रुदनपरवशः शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ २॥

प्रौढोऽहं यौवनस्थो विषयविषधरैः पञ्चभिर्मर्मसन्धौ
दष्टो नष्टो विवेकः सुतधनयुवतिस्वादुसौख्ये निषण्णः ।
शैवीचिन्ताविहीनं मम हृदयमहो मानगर्वाधिरूढं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ३॥

वार्धक्ये चेन्द्रियाणां विगतगतिमतिश्चाधिदैवादितापैः
पापै रोगैर्वियोगैस्त्वनवसितवपुः प्रौढहीनं च दीनम् ।
मिथ्यामोहाभिलाषैर्भ्रमति मम मनो धूर्जटेर्ध्यानशून्यं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ४॥

स्नात्वा प्रत्यूषकाले स्नपनविधिविधौ नाहृतं गाङ्गतोयं
पूजार्थ वा कदाचिद्बहुतरगहनात्खण्डबिल्वीदलानि ।
नानीता पद्ममाला सरसि विकसिता गन्धधूपैः त्वदर्थं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ५॥

दुग्धैर्मध्वाज्ययुक्तैर्दधिसितसहितैः स्नापितं नैव लिङ्गं
नो लिप्तं चन्दनाद्यैः कनकविरचितैः पूजितं न प्रसूनैः ।
धूपैः कर्पूरदीपैर्विविधरसयुतैर्नैव भक्ष्योपहारैः
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ६॥

नो शक्यं स्मार्तकर्म प्रतिपदगहनप्रत्यवायाकुलाख्यं
श्रौते वार्ता कथं मे द्विजकुलविहिते ब्रह्ममार्गानुसारे ।
ज्ञातो धर्मो विचारैः श्रवणमननयोः किं निदिध्यासितव्यं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ७॥

ध्यात्वा चित्ते शिवाख्यं प्रचुरतरधनं नैव दत्तं द्विजेभ्यो
हव्यं ते लक्षसङ्ख्यैर्हुतवहवदने नार्पितं बीजमन्त्रैः ।
नो तप्तं गाङ्गातीरे व्रतजपनियमैः रुद्रजाप्यैर्न वेदैः
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ८॥

नग्नो निःसङ्गशुद्धस्त्रिगुणविरहितो ध्वस्तमोहान्धकारो
नासाग्रे न्यस्तदृष्टिर्विदितभवगुणो नैव दृष्टः कदाचित् ।
उन्मन्याऽवस्थया त्वां विगतकलिमलं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ९॥

स्थित्वा स्थाने सरोजे प्रणवमयमरूत्कुम्भके (कुण्डले) सूक्ष्ममार्गे
शान्ते स्वान्ते प्रलीने प्रकटितविभवे ज्योतिरूपेऽपराख्ये ।
लिङ्गज्ञे ब्रह्मवाक्ये सकलतनुगतं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ १०॥

हृद्यं वेदान्तवेद्यं हृदयसरसिजे दीप्तमुद्यत्प्रकाशं
सत्यं शान्तस्वरूपं सकलमुनिमनःपद्मषण्डैकवेद्यम् ।
जाग्रत्स्वप्ने सुषुप्तौ त्रिगुणविरहितं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥ ११॥

चन्द्रोद्भासितशेखरे स्मरहरे गङ्गाधरे शङ्करे
सर्पैर्भूषितकण्ठकर्णविवरे नेत्रोत्थवैश्वानरे । युगले
दन्तित्वक्कृतसुन्दराम्बरधरे त्रैलोक्यसारे हरे
मोक्षार्थं कुरु चित्तवृत्तिमचलामन्यैस्तु किं कर्मभिः ॥ १२॥

किं वाऽनेन धनेन वाजिकरिभिः प्राप्तेन राज्येन किं
किं वा पुत्रकलत्रमित्रपशुभिर्देहेन गेहेन किम् ।
ज्ञात्वैतत्क्षणभङ्गुरं सपदि रे त्याज्यं मनो दूरतः
स्वात्मार्थं गुरुवाक्यतो भज मन श्रीपार्वतीवल्लभम् ॥ १३॥

पौरोहित्यं रजनिचरितं ग्रामणीत्वं नियोगो
माठापत्यं ह्यनृतवचनं साक्षिवादः परान्नम् ।
ब्रह्मद्वेषः खलजनरतिः प्राणिनां निर्दयत्वं
मा भूदेवं मम पशुपते जन्मजन्मान्तरेषु ॥ १४॥

आयुर्नश्यति पश्यतां प्रतिदिनं याति क्षयं यौवनं
प्रत्यायान्ति गताः पुनर्न दिवसाः कालो जगद्भक्षकः ।

लक्ष्मीस्तोयतरङ्गभङ्गचपला विद्युच्चलं जीवितं
तस्मात्त्वां शरणागतं शरणद त्वं रक्ष रक्षाधुना ॥ १५॥ तस्मान्मां

वन्दे देवमुमापतिं सुरगुरुं वन्दे जगत्कारणं
वन्दे पन्नगभूषणं मृगधरं वन्दे पशूनां पतिम् ।
वन्दे सूर्यशशाङ्कवह्निनयनं वन्दे मुकुन्दप्रियं
वन्दे भक्तजनाश्रयं च वरदं वन्दे शिवं शङ्करम् ॥१६॥

गात्रं भस्मसितं सितं च हसितं हस्ते कपालं सितं स्मितं च
खट्वाङ्गं च सितं सितश्च वृषभः कर्णे सिते कुण्डले ।
गङ्गा फेनसिता जटा पशुपतेश्चन्द्रः सितो मूर्धनि
सोऽयं सर्वसितो ददातु विभवं पापक्षयं सर्वदा ॥ १७॥

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
शिव शिव करुणाब्धे श्रीमहादेव शम्भो ॥ १८॥

॥ इति श्रीमदशङ्कराचार्यकृत शिवापराधक्षमापणस्तोत्रं सम्पूर्णम् ॥

श्रीशिवसहस्रनामस्तोत्रं वायुपुराणे अध्याय ३०

दक्ष उवाच

ॐ नमस्ते देवदेवेश देवारिबलसूदन ।
देवेन्द्र ह्यमरश्रेष्ठ देवदानवपूजित ॥ १८०॥
सहस्राक्ष विरूपाक्ष त्र्यक्ष यक्षाधिपप्रिय ।
सर्वतः पाणिपादस्त्वं सर्वतोऽक्षिशिरोमुखः ।
सर्वतः श्रुतिमान् लोके सर्वानावृत्य तिष्ठसि ॥ १८१॥

शङ्कुकर्ण महाकर्ण कुम्भकर्णार्णवालय ।
गजेन्द्रकर्ण गोकर्ण पाणिकर्ण नमोऽस्तु ते ॥ १८२॥
शतोदर शतावर्त्त शतजिह्व शतानन ।
गायन्ति त्वां गायत्रिणो ह्यर्च्चयन्ति तथार्च्चिनः ॥ १८३॥
देवदानवगोप्ता च ब्रह्मा च त्वं शतक्रतुः ।
मूर्तीशस्त्वं महामूर्ते समुद्राम्बु धराय च ॥ १८४॥
सर्वा ह्यस्मिन् देवतास्ते गावो गोष्ठ इवासते ।
शरीरन्ते प्रपश्यामि सोममग्निं जलेश्वरम् ॥ १८५॥
आदित्यमथ विष्णुञ्च ब्रह्माणं सबृहस्पतिम् ।
क्रिया कार्य्यं कारणञ्च कर्त्ता करणमेव च ॥ १८६॥
असच्च सदसच्चैव तथैव प्रभवाव्ययम् ।
नमो भवाय शर्वाय रूद्राय वरदाय च ॥ १८७॥
पशूनां पतये चैव नमस्त्वन्धकघातिने ।
त्रिजटाय त्रिशीर्षाय त्रिशूलवरधारिणे ॥ १८८॥
त्र्यम्बकाय त्रिनेत्राय त्रिपुरघ्नाय वै नमः ।
नमश्चण्डाय मुण्डाय प्रचण्डाय धराय च ॥ १८९॥
दण्डि मासक्तकर्णाय दण्डिमुण्डाय वै नमः ।
नमोऽर्द्धदण्डकेशाय निष्काय विकृताय च ॥ १९०॥
विलोहिताय धूम्राय नीलग्रीवाय ते नमः ।
नमस्त्वप्रतिरूपाय शिवाय च नमोऽस्तु ते ॥ १९१॥
सूर्य्याय सूर्य्यपतये सूर्य्यध्वजपताकिने ।
नमः प्रमथनाथाय वृषस्कन्धाय धन्विने ॥ १९२॥
नमो हिरण्यगर्भाय हिरण्यकवचाय च ।
हिरण्यकृतचूडाय हिरण्यपतये नमः ॥ १९३॥
सत्रघाताय दण्डाय वर्णपानपुटाय च ।
नमः स्तुताय स्तुत्याय स्तूयमानाय वै नमः ॥ १९४॥
सर्वायाभक्ष्यभक्ष्याय सर्वभूतान्तरात्मने ।
नमो होत्राय मन्त्राय शुक्लध्वजपताकिने ॥ १९५॥
नमो नमाय नम्याय नमः किलिकिलाय च ।
नमस्ते शयमानाय शयितायोत्थिताय च ॥ १९६॥

स्थिताय चलमानाय मुद्राय कुटिलाय च ।
नमो नर्त्तनशीलाय मुखवादित्रकारिणे ॥ १९७॥
नाट्योपहारलुब्धाय गीतवाद्यरताय च ।
नमो ज्येष्ठाय श्रेष्ठाय बलप्रमथनाय च ॥ १९८॥
कलनाय च कल्पाय क्षयायोपक्षयाय च ।
भीमदुन्दुभिहासाय भीमसेनप्रियाय च ॥ १९९॥
उग्राय च नमो नित्यं नमस्ते दशबाहवे ।
नमः कपालहस्ताय चिताभस्मप्रियाय च ॥ २००॥
विभीषणाय भीष्माय भीष्मव्रतधराय च ।
नमो विकृतवक्षाय खड्गजिह्वाग्रदंष्ट्रिणे ॥ २०१॥
पक्वाममांसलुब्धाय तुम्बवीणाप्रियाय च ।
नमो वृषाय वृष्याय वृष्णये वृषणाय च ॥ २०२॥
कटङ्कटाय चण्डाय नमः सावयवाय च ।
नमस्ते वरकृष्णाय वराय वरदाय च ॥ २०३॥
वरगन्धमाल्यवस्त्राय वरातिवरये नमः ।
नमो वर्षाय वाताय छायायै आतपाय च ॥ २०४॥
नमो रक्तविरक्ताय शोभनायाक्षमालिने ।
सम्भिन्नाय विभिन्नाय विविक्तविकटाय च ॥ २०५॥
अघोररूपरूपाय घोरघोरतराय च ।
नमः शिवाय शान्ताय नमः शान्ततराय च ॥ २०६॥
एकपाद्बहुनेत्राय एकशीर्षन्नमोऽस्तु ते ।
नमो वृद्धाय लुब्धाय संविभागप्रियाय च ॥ २०७॥
पञ्चमालार्चिताङ्गाय नमः पाशुपताय च ।
नमश्चण्डाय घण्टाय घण्टया जग्धरन्ध्रिणे ॥ २०८॥
सहस्रशतघण्टाय घण्टामालाप्रियाय च ।
प्राणदण्डाय त्यागाय नमो हिलिहिलाय च ॥ २०९॥
हूंहूङ्काराय पाराय हूंहूङ्कारप्रियाय च ।
नमश्च शम्भवे नित्यं गिरि वृक्षकलाय च ॥ २१०॥
गर्भमांसशृगालाय तारकाय तराय च ।
नमो यज्ञाधिपतये द्रुतायोपद्रुताय च ॥ २११॥

यज्ञवाहाय दानाय तप्याय तपनाय च ।
नमस्तटाय भव्याय तडितां पतये नमः ॥ २१२॥
अन्नदायान्नपतये नमोऽस्त्वन्नभवाय च ।
नमः सहस्रशीर्ष्णे च सहस्रचरणाय च ॥ २१३॥
सहस्रोद्यतशूलाय सहस्रनयनाय च ।
नमोऽस्तु बालरूपाय बालरूपधराय च ॥ २१४॥
बालानाञ्चैव गोप्त्रे च बालक्रीडनकाय च ।
नमः शुद्धाय बुद्धाय क्षोभणायाक्षताय च ॥ २१५॥
तरङ्गाङ्कितकेशाय मुक्तकेशाय वै नमः ।
नमः षट्कर्मनिष्ठाय त्रिकर्मनिरताय च ॥ २१६॥
वर्णाश्रमाणां विधिवत् पृथक्कर्मप्रवर्तिने ।
नमो घोषाय घोष्याय नमः कलकलाय च ॥ २१७॥
श्वेतपिङ्गलनेत्राय कृष्णरक्तक्षणाय च ।
धर्मार्थ काममोक्षाय क्रथाय कथनाय च ॥ २१८॥
साङ्ख्याय साङ्ख्यमुख्याय योगाधिपतये नमः ।
नमो रथ्यविरथ्याय चतुष्पथरताय च ॥ २१९॥
कृष्णा जिनोत्तरीयाय व्यालयज्ञोपवीतिने ।
ईशानवज्रसंहाय हरिकेश नमोऽस्तु ते ।
अविवेकैकनाथाय व्यक्ताव्यक्त नमोऽस्तु ते ॥ २२०॥
काम कामद कामध्न धृष्टोदृप्तनिषूदन ।
सर्व सर्वद सर्वज्ञ सन्ध्याराग नमोऽस्तु ते ॥ २२१॥
महाबाल महाबाहो महासत्त्व महाद्युते ।
महामेघवरप्रेक्ष महाकाल नमोऽस्तु ते ॥ २२२॥
स्थूलजीर्णाङ्गजटिने वल्कलाजिनधारिणे ।
दीप्तसूर्याग्निजटिने वल्कलाजिनवाससे ।
सहस्रसूर्यप्रतिम तपोनित्य नमोऽस्तु ते ॥ २२३॥
उन्मादनशतावर्त्त गङ्गातोयार्द्धमूर्द्धज ।
चन्द्रावर्त्त युगावर्त्त मेघावर्त्त नमोऽस्तु ते ॥ २२४॥
त्वमन्नमन्नकर्त्ता च अन्नदश्च त्वमेव हि ।
अन्नस्रष्टा च पक्ता च पक्वभुक्तपचे नमः ॥ २२५॥

जरायुजोऽण्डजश्चैव स्वेदजोद्भिज्ज एव च ।
त्वमेव देवदेवशो भूतग्रामश्चतुर्विधः ॥ २२६ ।
चराचरस्य ब्रह्मा त्वं प्रतिहर्त्ता त्वमेव च ।
त्वमेव ब्रह्मविदुषामपि ब्रह्मविदां वरः ॥ २२७॥
सत्त्वस्य परमा योनिरब्वायुज्योतिषां निधिः ।
ऋक्सामानि तथोङ्कारमाहुस्त्वां ब्रह्मवादिनः ॥ २२८॥
हविर्हावी हवो हावी हुवां वाचाहुतिः सदा ।
गायन्ति त्वां सुरश्रेष्ठ सामगा ब्रह्मवादिनः ॥ २२९॥
यजुर्मयो ऋङ्मयश्च सामाथर्वमयस्तथा ।
पठ्यसे ब्रह्मविद्भिस्त्वं कल्पोपनिषदां गणैः ॥ २३०॥
ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्रा वर्णावराश्च ये ।
त्वामेव मेघसङ्घाश्च विश्वस्त नितगर्ज्जितम् ॥ २३१॥
संवत्सरस्त्वमृतवो मासा मासार्द्धमेव च ।
कला काष्ठा निमेषाश्च नक्षत्राणि युगा ग्रहाः ॥ २३२॥
वृषाणां ककुदं त्वं हि गिरीणां शिखराणि च ।
सिंहो मृगाणां पततां ताक्ष्योऽनन्तश्च भोगिनाम् ॥ २३३॥
क्षीरोदो ह्युदधीनाञ्च यन्त्राणां धनुरेव च ।
वज्रम्प्रहरणानाञ्च व्रतानां सत्यमेव च ॥ २३४॥
इच्छा द्वेषश्च रागश्च मोहः क्षामो दमः शमः ।
व्यवसायो धृतिर्लोभः कामक्रोधौ जयाजयौ ॥ २३५॥
त्वं गदी त्वं शरी चापि खट्वाङ्गी झर्झरी तथा ।
छेत्ता भेत्ता प्रहर्त्ता च त्वं नेताप्यन्तको मतः ॥ २३६॥
दशलक्षणसंयुक्तो धर्मोऽर्थः काम एव च ।
इन्द्रः समुद्राः सरितः पल्वलानि सरांसि च ॥ २३७॥
लतावल्ली तृणौषध्यः पशवो मृगपक्षिणः ।
द्रव्यकर्मगुणारम्भः कालपुष्पफलप्रदः ॥ २३८॥
आदिश्चान्तश्च मध्यश्च गायत्र्योङ्कार एव च ।
हरितो लोहितः कृष्णो नीलः पीतस्तथारुणः ॥ २३९॥
कद्रुश्च कपिलश्चैव कपोतो मेचकस्तथा ।
सुवर्णरेता विख्यातः सुवर्णश्चाप्यतो मतः ॥ २४०॥

सुवर्णनामा च तथा सुवर्णप्रिय एव च ।
त्वमिन्द्रोऽथ यमश्चैव वरुणो धनदोऽनलः ॥ २४१॥
उत्फुल्लश्चित्रभानुश्च स्वर्भानुर्भानुरेव च ।
होत्रं होता च होमस्त्वं हुतञ्च प्रहुतं प्रभुः ॥ २४२॥
सुपर्णञ्च तथा ब्रह्म यजुषां शतरुद्रियम् ।
पवित्राणां पवित्रं च मङ्गलानाञ्च मङ्गलम् ॥ २४३॥
गिरिः स्तोकस्तथा वृक्षो जीवः पुद्गल एव च ।
सत्त्वं त्वञ्च रजस्त्वञ्च तमश्च प्रजनं तथा ॥ २४४॥
प्राणोऽपानः समानश्च उदानो व्यान एव च ।
उन्मेषश्चैव मेषश्च तथा जृम्भितमेव च ॥ २४५॥
लोहिताङ्गो गदी दंष्ट्री महावक्त्रो महोदरः ।
शुचिरोमा हरिच्छ्मश्रुरूर्द्ध्वकेशस्त्रिलोचनः ॥ २४६॥
गीतवादित्रनृत्याङ्गो गीतवादनकप्रियः ।
मत्स्यो जली जलो जल्यो जवः कालः कली कलः ॥ २४७॥
विकालश्च सुकालश्च दुष्कालः कलनाशनः ।
मृत्युश्चैव क्षयोऽन्तश्च क्षमापायकरो हरः ॥ २४८॥
संवर्त्तकोऽन्तकश्चैव संवर्त्तकबलाहकौ ।
घटो घटीको घण्टीको चूडालोलबलो बलम् ॥ २४९॥
ब्रह्मकालोऽग्निवक्त्रश्च दण्डी मुण्डी च दण्डधृक् ।
चतुर्युगश्चतुर्वेदश्चतुर्होत्रश्चतुष्पथः ॥ २५०॥
चतुरा श्रमवेत्ता च चातुर्वर्ण्यकरश्च ह ।
क्षराक्षरप्रियो धूर्त्तोऽगण्योऽगण्यगणाधिपः ॥ २५१॥
रुद्राक्षमाल्याम्बरधरो गिरिको गिरिकप्रियः ।
शिल्पीशः शिल्पिनां श्रेष्ठः सर्वशिल्पप्रवर्त्तकः ॥ २५२॥
भगनेत्रान्तकश्चन्द्रः पूष्णो दन्तविनाशनः ।
गूढावर्त्तश्च गूढश्च गूढप्रतिनिषेविता ॥ २५३॥
तरणस्तारकश्चैव सर्वभूतसुतारणः ।
धाता विधाता सत्वानां निधाता धारणो धरः ॥ २५४॥
तपो ब्रह्म च सत्यञ्च ब्रह्मचर्यमथार्जवम् ।
भूतात्मा भूतकृद्भूतो भूतभव्यभवोद्भवः ॥ २५५॥

भूर्भुवःस्वरितश्चैव तथोत्पत्तिर्महेश्वरः ।
ईशानो वीक्षणः शान्तो दुर्दान्तो दन्तनाशनः ॥ २५६॥
ब्रह्मावर्त्त सुरावर्त्त कामावर्त्त नमोऽस्तु ते ।
कामबिम्बनिहर्त्ता च कर्णिकाररजःप्रियः ॥ २५७॥
मुखचन्द्रो भीममुखः सुमुखो दुर्मुखो मुखः ।
चतुर्मुखो बहुमुखो रणे ह्यभिमुखः सदा ॥ २५८॥
हिरण्यगर्भः शकुनिर्महोदधिः परो विराट् ।
अधर्महा महादण्डो दण्डधारी रणप्रियः ॥ २५९॥
गोतमो गोप्रतारश्च गोवृषेश्वरवाहनः ।
धर्मकृद्धर्मस्रष्टा च धर्मो धर्मविदुत्तमः ॥ २६०॥
त्रैलोक्यगोप्ता गोविन्दो मानदो मान एव च ।
तिष्ठन् स्थिरश्च स्थाणुश्च निष्कम्पः कम्प एव च ॥ २६१॥
दुर्वारणो दुर्विषदो दुःसहो दुरतिक्रमः ।
दुर्द्धरो दुष्प्रकम्पश्च दुर्विदो दुर्ज्जयो जयः ॥ २६२॥
शशः शशाङ्कः शमनः शीतोष्णं दुर्जराऽथ तृट् ।
आधयो व्याधयश्चैव व्याधिहा व्याधिगश्च ह ॥ २६३॥
सह्यो यज्ञो मृगा व्याधा व्याधीनामाकरोऽकरः ।
शिखण्डी पुण्डरीकाक्षः पुण्डरीकावलोकनः ॥ २६४॥
दण्डधरः सदण्डश्च दण्डमुण्डविभूषितः ।
विषपोऽमृतपश्चैव सुरापः क्षीरसोमपः ॥ २६५॥
मधुपश्चाज्यपश्चैव सर्वपश्च महाबलः ।
वृषाश्ववाह्यो वृषभस्तथा वृषभलोचनः ॥ २६६॥
वृषभश्चैव विख्यातो लोकानां लोकसत्कृतः ।
चन्द्रादित्यौ चक्षुषी ते हृदयञ्च पितामहः ।
अग्निरापस्तथा देवो धर्मकर्मप्रसाधितः ॥ २६७॥
न ब्रह्मा न च गोविन्दः पुराणऋषयो न च ।
माहात्म्यं वेदितुं शक्ता याथातथ्येन ते शिव ॥ २६८॥
या मूर्त्तयः सुसूक्ष्मास्ते न मह्यं यान्ति दर्शनम् ।
ताभिर्मां सततं रक्ष पिता पुत्रमिवौरसम् ॥ २६९॥

रक्ष मां रक्षणीयोऽहं तवानघ नमोऽस्तु ते ॥
भक्तानुकम्पी भगवान् भक्तश्चाहं सदा त्वयि ॥ २७०॥
यः सहस्राण्यनेकानि पुंसामाहृत्य दुर्द्दशः ।
तिष्ठत्येकः समुद्रान्ते स मे गोप्तास्तु नित्यशः ॥ २७१॥
यं विनिद्रा जितश्वासाः सत्त्वस्थाः समदर्शिनः ।
ज्योतिः पश्यन्ति युञ्जानास्तस्मै योगात्मने नमः ॥ २७२॥
सम्भक्ष्य सर्व भूतानि युगान्ते समुपस्थिते ।
यः शेते जलमध्यस्थस्तं प्रपद्येऽप्सुशायिनम् ॥ २७३॥
प्रविश्य वदने राहोर्यः सोमं ग्रसते निशि ।
ग्रसत्यर्कञ्च स्वर्भानुर्भूत्वा सोमाग्निरेव च ॥ २७४॥
येऽङ्गुष्ठमात्राः पुरुषा देहस्थाः सर्वदेहिनाम् ।
रक्षन्तु ते हि मां नित्यं नित्यमाप्याययन्तु माम् ॥ २७५॥
ये चाप्युत्पतिता गर्भादधोभागगताश्च ये ।
तेषां स्वाहाः स्वधाश्चैव आप्नुवन्तु स्वदन्तु च ॥ २७६॥
ये न रोदन्ति देहस्थाः प्राणिनो रोदयन्ति च ।
हर्षयन्ति च हृष्यन्ति नमस्तेभ्योऽस्तु नित्यशः ॥ २७७॥
ये समुद्रे नदीदुर्गे पर्वतेषु गुहासु च ।
वृक्षमूलेषु गोष्ठेषु कान्तारगहनेषु न ॥ २७८॥
चतुष्पथेषु रथ्यासु चत्वरेषु सभासु च ।
चन्द्रार्कयोर्मध्यगता ये च चन्द्रार्करश्मिषु ॥ २७९॥
रसातलगता ये च ये च तस्मात्परङ्गताः ।
नमस्तेभ्यो नमस्तेभ्यो नमस्तेभ्यश्च नित्यशः ।
सूक्ष्माः स्थूलाः कृशा ह्रस्वा नमस्तेभ्यस्तु नित्यशः ॥ २८०॥
सर्वस्त्वं सर्वगो देव सर्वभूतपतिर्भवान् ।
सर्वभूतान्तरात्मा च तेन त्वं न निमन्त्रितः ॥ २८१॥
त्वमेव चेज्यसे यस्माद्यज्ञैर्विविधदक्षिणैः ।
त्वमेव कर्त्ता सर्वस्य तेन त्वं न निमन्त्रितः ॥ २८२॥
अथवा मायया देव मोहितः सूक्ष्मया त्वया ।
एतस्मात् कारणाद्वापि तेन त्वं न निमन्त्रितः ॥ २८३॥
प्रसीद मम देवेश त्वमेव शरणं मम ।
त्वं गतिस्त्वं प्रतिष्ठा च न चान्यास्ति न मे गतिः ॥ २८४॥

स्तुत्वैवं स महादेवं विरराम प्रजापतिः ।
भगवानपि सुप्रीतः पुनर्दक्षमभाषत ॥ २८५॥
परितुष्टोऽस्मि ते दक्ष स्तवेनानेन सुव्रत ।
बहुनात्र किमुक्तेन मत्समीपं गमिष्यसि ॥ २८६॥
अथैनमब्रवीद्वाक्यं त्रैलोक्याधिपतिर्भवः ।
कृत्वाश्वासकरं वाक्यं वाक्यज्ञो वाक्यमाहतम् ॥ २८७॥
दक्ष दक्ष न कर्त्तव्यो मन्युर्विघ्नमिमं प्रति ।
अहं यज्ञहा न त्वन्यो दृश्यते तत्पुरा त्वया ॥ २८८॥
भूयश्च तं वरमिमं मत्तो गृह्णीष्व सुव्रत ।
प्रसन्नवदनो भूत्वा त्वमेकाग्रमनाः शृणु ॥ २८९॥
अश्वमेधसहस्रस्य वाजपेयशतस्य च ।
प्रजापते मत्प्रसादात् फलभागी भविष्यसि ॥ २९०॥
वेदान् षडङ्गानुद्धृत्य साङ्ख्यान्योगांश्च कृत्स्नशः ।
तपश्च विपुलं तप्त्वा दुश्चरं देवदानवैः ॥ २९१॥
अर्थैर्दशार्द्धसंयुक्तैर्गूढमप्राज्ञनिर्म्मितम् ।
वर्णाश्रमकृतैर्धर्मैर्विपरीतं क्वचित्समम् ॥ २९२॥
श्रुत्यर्थैरध्यवसितं पशुपाशविमोक्षणम् ।
सर्वेषामाश्रमाणान्तु मया पाशुपतं व्रतम् ।
उत्पादितं शुभं दक्ष सर्वपापविमोक्षणम् ॥ २९३॥
अस्य चीर्णस्य यत्सम्यक् फलं भवति पुष्कलम् ।
तदस्तु ते महाभाग मानसस्त्यज्यतां ज्वरः ॥ २९४॥
एवमुक्त्वा महादेवः सपत्नीकः सहानुगः ।
अदर्शनमनुप्राप्तो दक्षस्यामितविक्रमः ॥ २९५॥
अवाप्य च तदा भागं यथोक्तं ब्रह्मणा भवः ।
ज्वरञ्च सर्वधर्मज्ञो बहुधा व्यभजत्तदा ।
शान्त्यर्थं सर्वभूतानां शृणुध्वं तत्र वै द्विजाः ॥ २९६॥
शीर्षाभितापो नागानां पर्वतानां शिलारूजः ।
अपान्तु नालिकां विद्यान्निर्मोकम्भुजगेष्वपि ॥ २९७॥
स्वौरकः सौरभेयाणामूषरः पृथिवीतले ।
इभा नामपि धर्मज्ञ दृष्टिप्रत्यवरोधनम् ॥ २९८॥

रन्ध्रोद्भूतं तथाश्वानां शिखोद्भेदश्च बर्हिणाम् ।
नेत्ररोगः कोकिलानां ज्वरः प्रोक्तो महात्मभिः ॥ २९९॥
अजानां पित्तभेदश्च सर्वेषामिति नः श्रुतम् ।
शुकानामपि सर्वेषां हिमिका प्रोच्यते ज्वरः ।
शार्दुलेष्वपि वै विप्राः श्रमो ज्वर इहोच्यते ॥ ३००॥
मानुषेषु तु सर्वज्ञ ज्वरो नामैष कीर्तितः ।
मरणे जन्मनि तथा मध्ये च विशते सदा ॥ ३०१॥
एतन्माहेश्वरं तेजो ज्वरो नाम सुदारुणः ।
नमस्यश्चैव मान्यश्च सर्वप्राणिभिरीश्वरः ॥ ३०२॥
इमां ज्वरोत्पत्तिमदीनमानसः
पठेत्सदा यः सुसमाहितो नरः ।
विमुक्तरोगः स नरो मुदा युतो
लभेत कामान् स यथामनीषितान् ॥ ३०३॥
दक्षप्रोक्तं स्तवञ्चापि कीर्त्तयेद्यः शृणोति वा ।
नाशुभं प्राप्नुयात् किञ्चिद्दीर्घञ्चायुरवाप्नुयात् ॥ ३०४॥
यथा सर्वेषु देवेषु वरिष्ठो योगवान् हरः ।
तथा स्तवो वरिष्ठोऽयं स्तवानां ब्रह्मनिर्मितः ॥ ३०५॥
यशोराज्यसुखैश्वर्यवित्तायुर्धनकाङ्क्षिभिः ।
स्तोतव्यो भक्तिमास्थाय विद्याकामैश्च यत्नतः ॥ ३०६॥
व्याधितो दुःखितो दीनश्चौरत्रस्तो भयार्दितः ।
राजकार्यनियुक्तो वा मुच्यते महतो भयात् ॥ ३०७॥
अनेन चैव देहेन गणानां स गणाधिपः ।
इह लोके सुखं प्राप्य गण एवोपपद्यते ॥ ३०८॥
न च यक्षाः पिशाचा वा न नागा न विनायकाः ।
कुर्युर्विघ्नं गृहे तस्य यत्र संस्तूयते भवः ॥ ३०९॥
शृणुयाद्वा इदं नारी सुभक्त्या ब्रह्मचारिणी ।
पितृभिर्भर्तृपक्षाभ्यां पूज्या भवति देववत् ॥ ३१०॥
शृणुयाद्वा इदं सर्वं कीर्त्तयेद्वाप्यभीक्ष्णशः ।
तस्य सर्वाणि कार्याणि सिद्धिं गच्छन्त्यविघ्नतः ॥ ३११॥

मनसा चिन्तितं यच्च यच्च वाचाप्युदाहृतम् ।
सर्वं सम्पद्यते तस्य स्तवनस्यानुकीर्त्तनात् ॥ ३१२॥
देवस्य सगुहस्याथ देव्या नन्दीश्वरस्य तु ।
बलिं विभवतः कृत्वा दमेन नियमेन च ॥ ३१३॥
ततः स युक्तो गृह्णीयान्नामान्याशु यथाक्रमम् ।
ईप्सितान् लभतेऽत्यर्थं कामान् भोगांश्च मानवः ।
मृतश्च स्वर्गमाप्नोति स्त्रीसहस्रपरिवृतः ॥ ३१४॥
सर्व कर्मसु युक्तो वा युक्तो वा सर्वपातकैः ।
पठन् दक्षकृतं स्तोत्रं सर्वपापैः प्रमुच्यते ।
मृतश्च गणसालोक्यं पूज्यमानः सुरासुरैः ॥ ३१५॥
वृषेव विधियुक्तेन विमानेन विराजते ।
आभूतसम्प्लवस्थायी रूद्रस्यानुचरो भवेत् ॥ ३१६॥
इत्याह भगवान् व्यासः पराशरसुतः प्रभुः ।
नैतद्वेदयते कश्चिन्नेदं श्राव्यन्तु कस्यचित् ॥ ३१७॥
श्रुत्वैतत्परमं गुह्यं येऽपि स्युः पापकारिणः ।
वैश्याः स्त्रियश्च शूद्राश्च रूद्रलोकमवाप्नुयुः ॥ ३१८॥
श्रावयेद्यस्तु विप्रेभ्यः सदा पर्वसु पर्वसु ।
रूद्रलोकमवाप्नोति द्विजो वै नात्र संशयः ॥ ३१९॥

इति श्रीवायुमहापुराणे वायुप्रोक्ते दक्षशापवर्णनं नाम त्रिंशोऽध्यायः ॥ ३०॥

वायुपुराण / अध्याय ३०/१८०-३१९॥

|| श्रीः ||

॥ अथ वेदसारशिवस्तोत्रम् ॥

पशूनां पतिं पापनाशं परेशं गजेन्द्रस्य कृत्तिं वसानं वरेण्यम् ।
जटाजूटमध्ये स्फुरद्गाङ्गवारिं महादेवमेकं स्मरामि स्मरारिम् ॥ १॥
महेशं सुरेशं सुरारातिनाशं विभुं विश्वनाथं विभूत्यङ्गभूषम् ।
विरूपाक्षमिन्द्वर्कवह्निनत्रिनेत्रं सदानन्दमीडे प्रभुं पञ्चवक्त्रम् ॥ २॥
गिरीशं गणेशं गले नीलवर्णं गवेन्द्राधिरूढं गुणातीतरूपम् ।
भवं भास्वरं भस्मना भूषिताङ्गं भवानीकलत्रं भजे पञ्चवक्त्रम् ॥ ३॥
शिवाकान्त शंभो शशाङ्कार्धमौले महेशान शूलिञ्जटाजूटधारिन् ।
त्वमेको जगद्व्यापको विश्वरूपः प्रसीद प्रसीद प्रभो पूर्णरूप ॥ ४॥
परात्मानमेकं जगद्बीजमाद्यं निरीहं निराकारमोंकारवेद्यम् ।
यतो जायते पाल्यते येन विश्वं तमीशं भजे लीयते यत्र विश्वम् ॥ ५॥
न भूमिर्न चापो न वह्निर्न वायुर्न चाकाशमास्ते न तन्द्रा न निद्रा ।
न चोष्णं न शीतं न देशो न वेषो न यस्यास्ति मूर्तिस्त्रिमूर्तिं तमीडे ॥ ६॥
अजं शाश्वतं कारणं कारणानां शिवं केवलं भासकं भासकानाम् ।
तुरीयं तमःपारमाद्यन्तहीनं प्रपद्ये परं पावनं द्वैतहीनम् ॥ ७॥
नमस्ते नमस्ते विभो विश्वमूर्ते नमस्ते नमस्ते चिदानन्दमूर्ते ।
नमस्ते नमस्ते तपोयोगगम्य नमस्ते नमस्ते श्रुतिज्ञानगम्य ॥ ८॥
प्रभो शूलपाणे विभो विश्वनाथ महादेव शंभो महेश त्रिनेत्र ।
शिवाकान्त शान्त स्मरारे पुरारे त्वदन्यो वरेण्यो न मान्यो न गण्यः ॥ ९॥
शंभो महेश करुणामय शूलपाणे गौरीपते पशुपते पशुपाशनाशिन् ।
काशीपते करुणया जगदेतदेक-स्त्वंहंसि पासि विदधासि महेश्वरोऽसि ॥ १०॥
त्वत्तो जगद्भवति देव भव स्मरारे त्वय्येव तिष्ठति जगन्मृड विश्वनाथ ।
त्वय्येव गच्छति लयं जगदेतदीश लिङ्गात्मके हर चराचरविश्वरूपिन् ॥ ११॥

इति श्रीमत्परमहंसपरिव्राजकाचार्यस्य श्रीगोविन्दभगवत्पूज्यपादशिष्यस्य श्रीमच्छंकरभगवतः कृतौ वेदसारशिवस्तोत्रं सम्पूर्णम् ।

—समाप्त—

श्री दीनेश्वर शिव मन्दिर

मुद्रण :
सनातन प्रेस
बानेश्वर , काठमाडौं

मूल्य रू. १९९९/-
($25)

श्री दीनेश्वर शिव मन्दिर

मुद्रण :
सनातन प्रेस
बानेश्वर , काठमाडौं

मूल्य रू. १९९९/- ($25)

9 789937 188470